गोरखनाथ दर्शन

अर्जुन ज्ञवाली

गोरखनाथ दर्शन

अर्जुन ज्ञवाली

ब्रदर्स बुक्स प्रकाशन प्रा.लि.
बागबजार, काठमाडौं
फोनः ०१-५३२८६२५

गोरखनाथ दर्शन

लेखक	:	अर्जुन ज्ञवाली
सम्पादक	:	शम्भुहरि बास्तोला
संस्करण	:	२०७८ कार्तिक
प्रकाशक	:	ब्रदर्स बुक्स प्रकाशन प्रा.लि., बागबजार, काठमाडौं फोन नं. ०१-५३२८६२५
सर्वाधिकार	:	लेखकमा सुरक्षित
मूल्य	:	रु. ६७५/-
आवरण/लेआउट	:	दिपेन्द्र तिमल्सिना # ९८४९३४१०९३
मुद्रक	:	बागबजार छापाखाना बागबजार, काठमाडौं

गोरखनाथ दर्शनको सान्दर्भिकता

अर्जुन ज्ञवाली नेपाली समाजको राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक र दार्शनिक क्षेत्रको सशक्त र चर्चित हस्ताक्षर हो भन्दा फरक पर्दैन । स्पष्टवादिता, निर्भिकता, गहिरो विश्लेषणात्मकता उहाँको परिचय हो । यिनै विशेषताले उहाँका कृतिहरु पाठकका लागि निकै प्रिय बन्दै आएका छन् । यसै कडीमा उहाँको खोजपूर्ण अर्को कृतिको पाण्डुलिपि मेरो हात लागेको छ "गोरखनाथ दर्शन" ।

शङ्करावतार सिद्ध गोरखनाथ हरेक स्वाभिमानी नेपालीका निम्ति त्यस्तो प्रेरक र पावन नाम हो जसको श्रवणले नै शरीर रोमाञ्चित हुञ्छ अनि समग्र मन-मस्तिष्कमा राष्ट्रियताको भाव छचल्किन्छ । हामी इतिहासतिर मोडिन्छौँ, चेतनाको ऊर्जा फैलन्छ आङभरि, अनि एकैचोटी चार पाइला उचाल्छौँ नेपालको गरिमा फैलाउन । तर गोरखनाथ को हो र के हो यथार्थमा ? धेरैले बुझ्न पाएका छैनन् । "गोरखनाथ दर्शन" ले यी सबै पहिचान दिञ्छ र मानिसले बुझ्न सक्छ गोरखनाथको महत्ता र गरिमालाई ।

म भञ्छु नेपालको दोस्रो नाउँ हो गोरखनाथ । गोरखनाथ विनाको नेपाल कल्पना गर्न सकिन्न । एकीकृत नेपालको आशा, भरोसा र आशिर्वाद हो- 'गोरखनाथ' । त्यसैले अभिन्नता छ गोरखनाथको नेपालसँग । श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको उत्साह, त्यस बेलाका विभिन्न तप्काका जनताको सहभागिता र भगवान् गोरखनाथको अजेय आशिर्वाद नै आजको नेपाल हो । यस्तो महान् महिमाशाली गौरवलाई अहिलेको राजनीतिक प्रणालीले पाखा लगाउने दुस्साहस गरेको छ । गोरखनाथ पढ्न पाइन्न कोर्समा । गोरखनाथ बुझ्ने वातावरण छैन समाजमा । यही अभाव पूर्ति गर्न अर्जुनजीले यो ग्रन्थ तयार गर्नुभएको हो भन्ने म ठान्दछु ।

राजर्षि जनक, महात्मा गौतम बुद्ध, श्री ५ पृथ्वीनारायण शाह र सिद्ध गोरखनाथ यी ४ नेपालीहरुले कदापि बिर्सन नहुने आदर्श हुन् । वेदान्त दर्शनलाई व्यवहारमा उतार्न सिकाउने जनक, शान्ति र अहिँसाको सन्देश फैलाउने बुद्ध, समाजको जीवनोपयोगी पाठ दिने पृथ्वीनारायण शाह र राष्ट्रिय जागरणको शिक्षा दिने गोरखनाथ बाबा प्रातःस्मरणीय प्रेरक व्यक्तित्व भएका हुनाले नेपालका अङ्ग-अङ्गमा उहाँहरुको महिमा अनुस्यूत छ ।

'गोरखनाथ दर्शन' पुस्तकमा लेखकले गोरखनाथ सम्बन्धी साङ्गोपाङ्गो निरूपण गर्ने प्रयत्न गर्नुभएको छ । यसमा प्रथम स्वादमा नाथ योगको सैद्धान्तिक र व्यवहारिक पक्षमा विस्तारपूर्वक विवेचना गरिएको छ । आध्यात्मिक साधना गरी जीवन धन्य बनाउन चाहने साधकका लागि यो खण्ड नितान्त उपयोगी छ । यसको अनुशीलन र प्रयोगबाट मानिस योगका विविध सोपान चढ्दै सिद्धिको मार्गमा अग्रसर हुन सक्तछ ।

दोस्रो खण्डमा नाथ परम्पराको जातीय र सामाजिक सम्बन्धका विविध पक्षबारे विश्लेषण गरिएको छ । यसबाट नाथहरुको ऐतिहासिक योगदानबारे राम्रो ज्ञान प्राप्त हुनाका साथै आजको सन्दर्भमा तिनको उपयोगिता र औचित्य स्पष्ट हुनेछ । अन्य धर्मबाट सुरक्षित रही स्वधर्मको रक्षा गर्ने प्रेरणा यस खण्डको अध्ययनले धर्मावलम्बीहरुलाई मिल्नेछ ।

खण्ड ३ मा महायोगी गोरखनाथका उपदेश र दिनचर्याको समीक्षा गरिएको छ । नाथको वंशवृक्ष कसरी फैलँदै गयो र यसको प्रभावक्षेत्र के-कस्तो रह्यो भन्ने तथ्य बुझ्न यस खण्डको अध्ययनले राम्रो मद्दत गर्नेछ । पुस्तकको चतुर्थ खण्डमा नाथसम्प्रदाय र अन्य सम्प्रदायको तुलना गरिएको छ । साथै शैव र वैष्णव सम्प्रदायका साम्य र वैषम्यमाथि यसमा प्रकाश पारिएको छ । भारतवर्ष र नेपालमा वैष्णव वा अन्य सम्प्रदायको विस्तार र परिणामबारे तार्किक विवेचना गरिएको छ । खास गरेर धर्म र यसको आवश्यक्ता यहाँ औँल्याइएको छ । हाल प्रचलित अनेक प्रकारका नव सम्प्रदायले पारेको प्रभाव दर्शाउँदै वेद र गीताजस्ता सनातन शास्त्रहरु नै गोरखनाथ सम्प्रदायका आधार भएको तथ्यमाथि प्रकाश पारिएको छ । यसप्रकार ४ खण्डमा विभाजित यो पुस्तक पठनीय, मननीय र अनुशरणीय रहेको यथार्थ जिज्ञासु पाठकले बुझ्न सक्तछ ।

धर्मनिरपेक्षताको नाउँमा नेपालले अहिले आफ्नो सत्त्व र मौलिकता गुमाइसकेको छ । बाबा गोरखनाथको प्रभाव नेपालबाहिर पनि प्रशस्त मात्रामा रहेको भए पनि उहाँ नेपालको अद्वितीय र अद्भूत सम्पदा हो । गोरखनाथको शिक्षा र आचरणलाई अनुशरण गर्न सक्ता हामी अझै पनि विश्वलाई धेरैथोक दिन सक्छौँ तर अहिलेको राज्यव्यवस्था धर्मप्रतिकूल र विधर्मोन्मुख हुँदा हाल यो कुराको सुनवाइ हुँदैन तापनि राष्ट्रभक्त धर्मप्रेमी नेपालीहरुले गोरखनाथद्वारा प्रतिपादित एवं आचरित शिक्षा र उपदेश बुझिराख्नु जरुरी छ । साधारण सामाजिक रूपमा मात्र होइन राजनैतिक दृष्टिले पनि गोरखनाथीय शिक्षा उपयोगी र प्रभावकारी छ । वस्तुतः गोरक्ष शिक्षाले दिने सन्देश **"स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः"** नै हो ।

गोरखनाथको चरित्र र उपदेशबाट प्रभावित व्यक्ति कहिल्यै दुराचार, भ्रष्टाचारतिर लाग्दैन, स्वाभिमान छाड्दैन, परधर्मीको लोभलालच र मोहमा पर्दैन, राष्ट्रिय भावना त्याग्दैन, इमान र सत्यको बाटोभन्दा बाहिर जाँदैन । हामीलाई चाहिएको यस्तै नागरिक हो । **"वयं राष्ट्रे जागृयाम"** भन्ने वेदको सन्देश हाम्रो आदर्श हो । फेरि यसलाई जगाउने हो भने गोरखनाथ भगवान्को आदर्शलाई जीवनमा उतार्नुपर्दछ । यस किताबका माध्यमबाट अर्जुन ज्ञवालीले दिन खोज्नुभएको सन्देश यही हो ।

गोरख-दर्शन जीवन्त दर्शन हो । यौगिक प्रक्रियाद्वारा शरीरलाई सबल र सशक्त बनाउनेदेखि आध्यात्मिक समुन्नतिको अन्तिम किनारासम्म यस दर्शनको अनुशीलन र प्रयोगले पुग्न सकिन्छ । त्यसमा पनि नेपालको सन्दर्भमा त यसले हर क्षेत्रमा बलियो प्रभाव पारेको हुँदा अझ बढी यसको उपयोगिता र सान्दर्भिकता सिद्ध हुन्छ । त्यसैले तल्लै तहदेखि गोरखनाथ दर्शनका विविध पक्षको परिचय र ज्ञान दिने पाठ्यसामग्री शिक्षामा समावेश गर्नुपर्ने थियो तर नेपालको अन्धो शिक्षा प्रणालीमा हाललाई त्यो सम्भावना छैन । तसर्थ यस्तै पुस्तकका माध्यमबाट अनौपचारिक ढङ्गले गोरखनाथका उपदेशहरुको ज्ञान गर्नुपर्ने भएको छ । यस मानेमा "गोरखनाथ दर्शन" ग्रन्थ अति उपयोगी छ ।

सुपरिचित लेखक तथा विश्लेषक अर्जुन ज्ञवालीले यस अगाडि लेखेका सबै पुस्तक चर्चामा आएका छन्। तिनले पाठकको मन-मस्तिष्कलाई गहकिलो खुराक प्रदान गरेका छन्। कतिपय सन्दर्भमा त ज्ञवालीजीका पुस्तकले पाठकको मनलाई आन्दोलित गरेका छन् र आफ्ना धारणामा परिवर्तन ल्याउन समेत ती समर्थ भएका छन्। त्यसैले "गोरखनाथ दर्शन" हरेकका लागि पठनीय र संग्राह्य छ। पाठकहरुलाई यो पुस्तक पढेर महागुरू सिद्ध गोरखनाथ बाबाको महिमा र गरिमा बुझ्न आह्वान गर्दै प्रकाशनको सफलताको कामना गर्दछु।

प्रा.डा. माधव भट्टराई
अनामनगर, काठमाडौं
२०७८ आषाढ २५

नाथ दर्शनको परम्परामा गोरखनाथ दर्शन

दर्शनहरू मुख्यरूपमा दुईखाले हुन्छन् : विचार प्रधान र साधना प्रधान। षट् दर्शनमा योग दर्शन बाहेक अरु सबै विचार प्रधान हुन्। बौद्ध, जैन, लोकायत दर्शन पनि विचार प्रधान नै हुन्। योग दर्शनमा विचार र साधनालाई जोडिएको छ। योग दर्शनको विचार पक्ष साँख्यसित मिल्छ तर साधना पक्ष यसको आफ्नै हो, त्यसैले साँख्य र योग दर्शनलाई जोडेर हेर्ने गरिन्छ, साँख्य-योग दर्शन पनि भनिन्छ। उपरोक्त नौ दर्शन भन्दा फरक छ 'गोरख दर्शन' या नाथ दर्शन किनभने यो साधना प्रधान दर्शन हो। नाथ परम्परा साधना प्रधान भए झैँ समग्र तन्त्र परम्परा चाहे त्यो शैव तन्त्र, वैष्णव तन्त्र या शाक्त तन्त्र जुन पनि होस् त्यो साधना प्रधान रहेको पाइन्छ। त्यस अर्थमा नाथ दर्शन तन्त्रको नजिकमा छ त्यसैले यसलाई वामाचार दर्शन या तान्त्रिक दर्शन पनि भनिन्छ। धेरैजसो मानिसले गोरखनाथ दर्शन र नाथ दर्शनलाई पर्यायवाची जस्तै मान्दछन्। वास्तवमा नाथ दर्शनलाई मत्स्येन्द्रनाथले सुरु गरेपनि यसलाई स्थापित गरेको गोरखनाथले नै हो त्यसैले नाथ भन्नेबित्तिकै गोरखनाथ भनेर बुझिन्छ। मत्स्येन्द्रनाथ र गोरखनाथको परम्परा नेपाली भूमिसित घनिष्ठ सम्बन्ध राख्दछ। यहाँको इतिहास, सँस्कृति नाथहरूका मान्यतासित गाँसिएको छ, त्यसैले नेपालका सन्दर्भमा गोरखनाथ दर्शनको विशेष महत्त्व रहेको छ। गोरखनाथबारे आचार्य रजनीश यानि ओशोले पुस्तकडाइ ओ योगी डाइ २०१०, पृ. १६ र १७ मा राखेका विचार महत्त्वपूर्ण छन्। उनले भनेका छन् पतञ्जली विना योग सम्भव थिएन, बुद्धविना ध्यान सम्भव थिएन, कृष्णविना स्नेह र प्रेम सम्भव थिएन भने गोरखनाथ विना साधना, आध्यात्मिक अभ्यास सम्भव थिएन। गोरख नै आन्तरिक सूक्ष्म दुनिया देखाउने पहिलो हुन्। पछि विद्वान्हरूले आफूखुशी गोरखनाथका विचारलाई व्याख्या गरेका कारण कतिपय उनका विचार रहस्यमय बन्दै गए।

नेपालको इतिहास र नेपाली सँस्कृतिको धरातलमा अलिकति पनि जिज्ञासा राख्ने पाठकहरूका लागि नाथयोगीहरूका बारेमा जान्नु खासगरी मत्स्येन्द्रनाथ र गोरखनाथका बारेमा जान्नु जरुरी हुन्छ । अर्को शब्दमा भन्ने हो भने नाथयोगीका विचार र सिद्धान्त नेपालको इतिहास र सँस्कृतिसित अभिन्न रूपमा गाँसिएका छन् । ती नबुझ्दासम्म राजा पृथ्वीनारायणले सुरु गरेको नेपालको एकीकरणको इतिहास बुझिँदैन, सुदूर पश्चिम जुम्लाकेन्द्र रहेको मल्लराज्यको इतिहास, सँस्कृति र त्यहाँको लोक साहित्यको परम्परा बुझिँदैन, काठमाडौंका जात्राहरूको महत्त्व र ती जात्रासित गाँसिएका चक्रपूजाको अर्थ बुझिँदैन काष्ठमण्डप र मृगस्थलीसित गाँसिएको उपत्यकाको इतिहास र सँस्कृति बुझिँदैन । यस सन्दर्भमा नेपाली पाठकहरूले नाथ योगीका दर्शनका बारेमा खासगरी मत्स्येन्द्रनाथ र गोरखनाथको दर्शनका बारेमा जान्नुपर्ने हुन्छ । यस विषयमा नेपालमा फाट्फुट बाहेक खासै काम भएको छैन । भारतका नाथकेन्द्रहरूले खासगरी कदरीमठ (कर्नाटक), फतेहपुर मठ (राज़स्थान), अस्थल बोहार (हरियाणा), गोरखनाथ मन्दिर (गोरखपुर) ले नाथ योग र दर्शनका बारेमा र नाथको समग्र साहित्यको बारेमा अनुसन्धान गरेका छन् र ती प्रकाशित पनि छन् । नेपालमा चौघेरा मठ, दाङले नाथ साहित्य खासगरी रतननाथयोगीका बारेमा लेखिएका स-साना पुस्तिका छापेको छ । नेपालमा नाथयोगीहरूको योगदानका बारेमा लेख्नेको व्यक्तित्व योगी नरहरिनाथ हो । उहाँको पनि धेरैजसो समय नेपालको इतिहासको खोजीमा बित्यो । नेपालका सबैजसो गाउँमा योगीजी पुग्नु भयो त्यहाँ प्राप्त अभिलेखहरू, लिखतहरू सङ्कलन गर्नु भयो, खासगरी धेरै सन्धिपत्र, शिलालेख, पुराना लिखत जम्मा गरेर नेपाललाई जिउँदो बचाउन अथक सहयोग पुऱ्याउनुभयो । धेरै समय नेपालको इतिहासको खोजीमा बितेकाले नाथहरूको दर्शन चिन्तनका बारेमा योगी नरहरिनाथले धेरै लेख्न भ्याउनु भएन ।

नेपालमा नाथ परम्पराको साहित्य, योग र दर्शन विषयलाई लिएर एकचित्त भई लामो समयदेखि कलम चलाई रहनु भएको लेखक व्यक्तित्व अर्जुन ज्ञवाली हो । उहाँका यस विषयका पुस्तकहरू महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण, २०७६, महायोगी गुरू गोरखनाथ र नेपाल, २०७७ र छापिन लागेको ग्रन्थ गोरखनाथ दर्शन अत्यन्त सूचनाप्रद र ज्ञानदायी रहेको छ । यो पुस्तक पढ्दा थाहा हुन्छ, अर्जुनजीले नाथका बारेमा निकै अनुसन्धान गर्नु भएको छ र यस क्षेत्रमा लागि रहनु भएको छ ।

नाथयोग र दर्शनको परम्परामा नवनाथ र ८४ सिद्धहरूको स्थान सबैभन्दा माथि रहेको छ । नवनाथ मध्ये मत्स्येन्द्रनाथ र गोरखनाथको स्थान महत्त्वपूर्ण रहेको छ । नवनाथ र ८४ सिद्धहरूका नामका बारेमा भिन्न मतहरू रहेका छन् । नाथयोग परम्परामा अति प्रसिद्ध योग सम्बन्धी ग्रन्थ हठयोगप्रदीपिकाले ३० नाथयोगीहरूको विवरण मात्र दिएको छ । । हजारीप्रसाद द्विवेदीले आफ्नो पुस्तक नाथ सम्प्रदायमा माथिका ३० नाममा अरु ७ नाम थपेका छन् । नाथ सिद्धहरूको विवरण वर्णरत्नाकरमा ७७ सिद्धको चर्चा छ, त्यसमा गोरखनाथको नाम दोस्रो स्थानमा रहेको छ भने राहुल सांकृत्यायनले सास्क्यविहार तिब्बतबाट प्राप्त सूचनाका आधारमा ८४ बौद्ध सिद्धहरूको चर्चा गरेका छन् । त्यस लिस्टमा गोरखनाथको स्थान नवौं स्थानमा छ तर मत्स्येन्द्रनाथको नाम छैन, मीननाथको नाम छ । मीननाथ नै मत्स्येन्द्रनाथ हुन् भनिन्छ । कल्याणी मल्लिकको पनि यही विचार छ । प्रमोधचन्द्र बाग्चीले मीननाथ, मत्स्येन्द्रनाथ र लुइपालाई एउटै मानेका छन् । (ज्ञवाली, महायोगी गुरू गोरखनाथ, २०७६) । नगेन्द्र उपाध्यायले १०६ सिद्धको चर्चा गरेका छन् । स्कन्धपुराणको केदारखण्डमा नवनाथको चर्चा गरिएको छ । राजगुरू मौक्तिकनाथ रचित एवम् योगी नरहरिनाथ सम्पादित नवनाथकथा (१-६ श्लोक) मा नवनाथको नाम यसरी दिइएको छ ।

१. आदिनाथ- ॐकार महेश्वर;
२. उदयनाथ- पृथ्वीरूप पार्वती
३. सत्यनाथ- जलरूप ब्रह्म
४. सन्तोषनाथ- तेजरूप विष्णु
५. अचलनाथ- शेषनाग
६. कन्थडीनाथ- आकाशरूप गणपति
७. चौरङ्गीनाथ- वनस्पतिरूप चन्द्रमा
८. मत्स्येन्द्रनाथ- करुणारूप
९. गोरखनाथ- अयोनिज, त्रिनेत्र

तर राजस्थानको गोरखसागरमा नवनाथसूची यसप्रकार रहेको छ -

१. आदिनाथ, २. मत्स्येन्द्रनाथ, ३. उदयनाथ,
४. दण्डनाथ, ५. सत्यनाथ, ६. सन्तोषनाथ,
७. कुर्मनाथ, ८. जलनधरनाथ, ९ गोरखनाथ ।

भाषावंशावलीमा मत्स्येन्द्रनाथ र गोरखनाथको चर्चा गरिएको छ। नेवारहरू मत्स्येन्द्रनाथलाई "वुग देवता" भनेर चिञ्छन् (ज्ञवाली, एकीकरण पृ.५२)।

ग्रियर्सनले इन्साइक्लोपेडिया अफ रिलिजन् एण्ड एथिक्समा (पृ. ३२८) "गोरखनाथ" शीर्षकको लेखमा र जर्ज वेस्टन ब्रिग्सले गोरखनाथ एण्ड कनफटा योगीज् (१९३८ पृ. २२८) पुस्तकमा। गोरखनाथ सत्ययुगमा पञ्जाव (पेशावर) मा, त्रेतामा गोरखपुरमा, द्वापरमा हुरभुज (गुजरात) मा र कलियुगमा हिमवत्खण्डमा गरी चारै युगमा प्रकट भएको उल्लेख गरेका छन्। यस आख्यानका आधारमा गोरखनाथ सर्वदेशीय र सर्वकालिक योगीराजका रूपमा देखा पर्छन्। योगी नरहरिनाथका अनुसार गोरखनाथको पछिल्लो अवतरण गोरखा नेपाल हो। पछिल्लो प्रत्यक्ष दर्शन पाउने पृथ्वीनारायण शाह हुन्।

नाथ परम्परामा नौजना नाथयोगी या सिद्धपुरुषहरुको अत्यन्त महत्त्वपूर्ण योगदान रहेता पनि नाथ सिद्धान्तलाई स्थापित गर्ने काम गोरखनाथले नै गरेको देखिञ्छ। त्यसैले नाथ सम्प्रदाय भन्ने बित्तिकै गोरखनाथको नाम आइहाल्छ। धेरै मानिसले नाथपन्थ या नाथ सम्प्रदाय भनेको गोरखनाथ भनेर मात्र बुझ्दछन्। नाथ परम्पराको योग साधनाको पक्षमा होस् या नाथहरूको दार्शनिक चिन्तनका बारेमा गोरखनाथका ग्रन्थहरू नै यस विषयका आधारभूत ग्रन्थ मानिञ्छन्। लगभग संस्कृतमा चालिस ग्रन्थहरू गोरखनाथका नामसित जोडिएका छन् भने सधुक्कडी भाषामा पनि अनेक ग्रन्थ उनकै नामबाट बजारमा देखिञ्छन्। यी मध्ये केही ग्रन्थका आधिकारिताका बारेमा सबै एकमत छन्। उदाहरणका लागि गोरक्षपद्धति, गोरक्षाशतक र गोरक्षासँहिता र सिद्धसिद्धान्तपद्धति र गोरखवाणी। यिनलाई आधारभूत ग्रन्थ मानिञ्छ। नाथयोगमा महर्षि घेरण्डको घेरण्ड सँहिता र योगी स्वात्मारामको (हठयोगप्रदीपिका) लाई प्रमाणिक ग्रन्थ मानिञ्छ। तै पनि नाथ सम्प्रदायका सबै लेखनका लागि गोरखनाथलाई नै आधार व्यक्तित्वका रूपमा लिइञ्छ।

महर्षि कपिललाई साँख्य दर्शनको प्रणेता र व्याख्याता मानिञ्छ, त्यसैगरी महर्षि कर्णादलाई बैशेषिक दर्शनको, महर्षि गौतमलाई न्याय दर्शन, महर्षि जैमिनीलाई मीमांसा दर्शन, महर्षि व्यास (बादरायण) लाई वेदान्त दर्शन र महर्षि पतञ्जलीलाई योगदर्शनको श्रेय जाञ्छ। पतञ्जलीले योगसूत्र मार्फत्

योग विद्यालाई दर्शनकारूपमा स्थापित गरे । पतञ्जलीको योग दर्शनमा चित्तवृति नियन्त्रण, विभिन्न सिद्धि प्राप्ति, सविकल्प र निर्विकल्प समाधि र साधना वैराग्य वा कैवल्य प्राप्ति मुख्य उद्देश्य राखिएको छ । दर्शन विषयले मुख्यरूपमा मानव जीवन, हामी बसोबास गरेको ब्रह्माण्डको अस्तित्व यसका निर्णायक तत्त्वहरू, जड र चेतनको अस्तित्व, मानव शरीरमा रहेको भौतिक र चेतनाको संयोजन, ज्ञानको महत्त्व, ज्ञानको आधार र माध्यम गुरू, यिनै विषयमा चर्चा गर्छ तर पतञ्जलीको योग दर्शनमा मानव शरीरको व्याख्या छैन, प्राणीको शरीरको वर्णन र विश्व ब्रह्माण्ड संरचनाको वर्णन र यी दुई बीचको अन्तर्सम्बन्धको व्याख्या छैन । चेतन शक्ति र जड शक्तिको अन्तर्सम्बन्धबारे र जड अन्तत चेतनमा बिलिन हुने कुरा र यस ज्ञानको आधारकारूपमा गुरूको महत्त्व व्याख्या पाइदैन । गोरखनाथले यी सबै विषयलाई सिद्धसिद्धान्तपद्धतिमा र गोरखवाणीमा विस्तारमा व्याख्या गरेको पाइञ्छ ।

अहिले संसारभरि वैदिक दर्शन भन्ने वित्तिकै वेदान्त दर्शन र प्राचीन दर्शन भनेको सांख्य दर्शन भनेर बुझिञ्छ । यी दुवैमा शरीरलाई जडको तहमा राखिएको छ, त्यसलाई उपेक्षा गरिएको छ, त्यसलाई नियन्त्रण गर्ने मात्र सोच देखिञ्छ । सारा ब्रह्माण्डमा देखिने गतिविधिलाई, यहाँको जीवन्ततालाई सांख्य दर्शनमा प्रकृति या प्रधानको खेल र वेदान्तको भाषामा मायाको खेल भनिएको छ । दुवै दर्शनमा पुरुष र ब्रह्मका रूपमा चेतनाको मात्र गुण गाइएको छ चेतना अनुभुति जीवनको लक्ष्य मानिएको छ । केवल वेदान्त दर्शन र सांख्य दर्शनमा मात्र होइन गैरवैदिक मानिने बौद्ध दर्शन र जैन दर्शनमा समेत शरीर नियन्त्रण गर्ने सोच हावी रहेको छ । जैन शब्द जिन धातुबाट बञ्छ जसको अर्थ नियन्त्रण गर्नु हो यानि शरीरमाथि नियन्त्रण । बुद्ध भनेकै चेतना हो । यसरी जैन र बौद्ध दर्शनमा पनि ब्रह्माण्डको जीव जन्तुको र मानवको विश्लेषण एकाङ्की रहेको छ, यसको भौतिक संरचना र प्राणीको शरीरलाई महत्त्व दिइएको छैन । प्रकृतिको बाह्यरूप, बहुल संरचना जस्तै अग्ला हिमाल, भिराला पहाड, खोँच परेका नदी प्रवाह, सम्म मैदान मार्फत त्यसैगरी प्रकृतिमा रहेका रङीबिरङी रुख विरुवा र फूल, नदीनालाको नाद, चराचुरुङ्गीको तन्मयात्मक ध्वनि या स्वरले संसारमा हुनुको जीवनको महत्त्व दर्शाउँछ त्यसलाई मायाको खेल भनेर उपेक्षा गर्न मिल्दैन बरु यसलाई जीवनसित कसरी जोड्ने भन्ने सोच महत्त्वपूर्ण हुञ्छ ।

वास्तवमा माञ्छेको शरीरका विभिन्न अङ्गका माध्यमले नै सबैखाले साधना गर्ने हो, साधना मार्फत् सिद्धि प्राप्त गर्ने हो । शरीरका माध्यमबाट चेतना बुझ्ने हो, त्यसैले शरीर उपेक्षा गरेर साधना र सिद्धि हुन सक्दैन ।

शरीरको महत्त्व तन्त्र शास्त्रले र नाथ योग दर्शनले बुझेको छ । योग दर्शनमा पनि पतञ्जली योग दर्शनले चित्त र चेतनामा बढी जोड दिञ्छ । योग दर्शन खासगरी गोरखनाथ दर्शनमा मानव शरीर र ब्रह्माण्डको भौतिक अवस्था दुवैलाई पिण्ड शब्दले बुझिञ्छ, व्यष्टि पिण्ड र समस्ति पिण्ड । नाथ दर्शनको आधार ग्रन्थ गोरखनाथ लिखित सिद्धसिद्धान्तपद्धतिलाई मानिञ्छ । यस ग्रन्थको धेरै भाषामा अनुवाद भएको छ । नेपालीमा पछिल्लो अनुवाद २०७७ सालमा योगी सिंहनाथ (डा. कर्ण बहादुर थापा) ले गर्नु भएको छ । यो ग्रन्थ भारतका धेरैजसो भाषामा अनुदित भई सकेको छ र कल्याणी मल्लिक र स्वामी द्वारिकादास शास्त्रीको संस्कृत हिन्दीअनुवाद बजारमा उपलब्ध छ । सिद्धसिद्धान्तपद्धतिका केही झिल्काहरू सधुक्कडी भाषामा रहेका गारेखवाणीमा पनि पाइञ्छ । गोरखनाथको दर्शन मुख्यरूपमा व्यष्टि पिण्ड र समस्ति पिण्डको अन्तर्सम्बन्धमा केन्द्रित रहेको छ ।

गोरखनाथका अनुसार यो ब्रह्माण्ड बुझ्नका लागि हाम्रो शरीर बुझ्न जरुरी हुञ्छ । गोरख दर्शनका दृष्टिले शरीर बुझेर मात्र ब्रह्माण्ड बुझिञ्छ । यसलाई 'पिण्डसंविति' भनिञ्छ । यसको अर्थ पिण्डको ज्ञान हो । सबैभन्दा पहिला यस ब्रह्माण्डको निर्माण प्रकृया र हाम्रो शरीरको निर्माण प्रकृयामा सामञ्जस्य छ । त्यसैले हामीलाई यो प्रकृया थाहा हुन पर्‍यो । यसलाई गोरखनाथले 'पिण्डोत्पत्ति' भनेका छन् । आद्यपिण्ड या हिरण्यगर्भ पञ्चमहाभूतको कारण हो यानि त्यसबाट आकाश, वायु, अग्नि, जल र पृथ्वीको उत्पत्ति भयो । प्रत्येक महाभूतका पाँच पाँच विशेषता या गुण रहेका छन् । चन्द्रका १७ कला, सूर्यका १३ कला र अग्निका ११ कला रहेका छन् । शरीरमा सयौं नाडीमध्ये १० मुख्य नाडी रहेका छ र यो शरीर १० वायुको खेल मैदान हो । दश वायुको सम्बन्धबाट नरनारी स्वरूप पिण्डको उत्पत्ति हुञ्छ (सिसिप १:६५-६९) । संभोग प्रकृयाबाट पुरुषको वीर्य र स्त्रीको रजको संयोग हुञ्छ अनि गर्भाधान हुञ्छ । सिसिपका पिण्डोत्पत्ति खण्डमा गर्भाधानको पहिलो दिनदेखि शिशु नजन्मिदासम्मको भ्रूण

विकासक्रमको विस्तारित वर्णन गरिएको छ । साथै सन्तानको लिङ्ग निर्धारण हुने कारण, सन्तान अपाङ्ग हुने कारण समेत स्पष्टरूपमा दिइएको छ (सिसिप १:७०-७३) ।

व्यक्तिको शरीरभित्र कुन अङ्गको के महत्त्व छ भन्ने कुरा यस पुस्तकको दोस्रो खण्ड पिण्डविचारमा दिइएको छ । गोरख दर्शन अनुसार हाम्रो शरीरमा नौ चक्र छन् र यी शरीरका शक्ति केन्द्र हुन् । तिनको नाम यस्तो छ : १. ब्रह्मचक्र मूलाधारमा, २. स्वाधिष्ठानचक्र, ३. नाभिचक्र, ४. अनाहदचक्र, ५. कण्ठचक्र (विशुद्धचक्र,) ६. तालुचक्र, ७. भ्रूचक्र (आज्ञाचक्र), निर्वाणचक्र (ब्रह्मरन्ध्र) र ९. आकाशचक्र । त्यसैगरी मानव शरीरमा १६ आधारहरू रहेका छन् र यी ऊर्जाप्रवाह अडिने स्थान हुन् । ती निम्नानुसार छन् : पादाङ्गुष्ठ, मूलाधार, गुदाधार, लिङ्ग आधार, उड्डियाण, नाभिआधार, हृदय आधार, कण्ठ आधार, घण्टिका आधार, तालु आधार, जिह्वा आधार, भ्रमध्याधार, नासिका आधार, कपटाधार, ललाटाधार र ब्रह्मरन्ध्र आधार । चक्र र आधार जस्तै शरीरमा तीन लक्ष्यहरू पनि छन् : अन्तर्लक्ष्य, बहिर्लक्ष्य र मध्यलक्ष्य । त्यसैगरी हाम्रा शरीरभित्र पाँच आकाश रहेका छन् । तिनलाई "व्योमपञ्चक" भनिञ्छ । ती हुन्ः आकाश, पराकाश, महाकाश, तत्त्वाकाश र सूर्याकाश । (सिसिप २ः १-३०) यसको महत्त्व नाथ परम्परामा अत्यधिकरूपमा स्वीकार गरिएको छ । जसले नवचक्र, १६ आधार, तीन लक्ष्य, पाँच आकाशका बारेमा जान्दैन त्यो योगी हुन सक्दैन (२ः३१) ।

सिसिप अनुसार हाम्रो शरीरमा सात पाताललोकहरू रहेका छन् । मूलाधार क्षेत्र पृथ्वीस्थल, लिङ्गस्थानमा अन्तरिक्षस्थल र नाभिस्थान आकाश या स्वर्गस्थल हो । हृदयमा रुद्रलोक, घाँटीमा नीलकण्ठ, प्रदेश तालुमा शिवलोक र जिब्रोमा भैरवलोक, ब्रह्मरन्ध्रमा ब्रह्मलोक, त्रिकुटीमा शक्तिलोक रहेका छन् (सिसिप ३:२-५) । सात द्वीप, सात समुन्द्र, विभिन्न पर्वतहरू मानव शरीरका विभिन्न अङ्गमा रहेका छन् भने विभिन्न नदीनाला, २७ नक्षत्र, १२ राशि र ९ ग्रह शरीरका नाडीहरूमा घुमिरहञ्छन् । मुनिहरू, देवताहरू, शक्तिपीठहरू रौंका छेदहरूमा छन्, दानव राक्षस हाडका जोर्नीहरूमा, अनेक थरिका किटाणु शरीरको मलमा, मेघहरू आँसुमा, तीर्थहरू शरीरको मर्मस्थलमा बास गर्छन् (सिसिप ३:७-१२) ।

गोरखनाथले स्वर्ग, नरक, बन्धन र मुक्ति सम्बन्धी अवधारणाका बारेमा सबैले बुझ्ने गरी स्पष्ट परिभाषा दिनुभएको छ । स्वर्ग, नरक, बन्धन र मुक्ति यसै जीवनका भोगाइसित सरोकार राख्छन् र यी रहस्यात्मक विषयवस्तु होइनन् ।

स्वर्ग, नरक, बन्धन र मुक्तिका सम्बन्धमा नाथ योगका दृष्टिकोण तलका परिभाषाबाट स्पष्ट हुन्छ ।

"यत् सुखम् तत् स्वर्गम्" - जीवनमा सुख नै स्वर्ग हो ।

"यद् दुखम् तन्नरकम्" - जीवनमा दुःख नै नरक हो ।

"यत् कर्म तद् बन्धनम्" - कामनासहित गरिने कर्म बन्धन हो ।

"यन्निर्विकल्पम् तन्मुक्ति" - इच्छारहित चित्तको अवस्था निर्विकल्प हो र त्यो नै मुक्ति हो । (३:१२)

सिद्धसिद्धान्तपद्धतिको चौथो खण्डमा समस्त पिण्डको आधार कुण्डलिनी शक्तिलाई मानिएको छ । यो अनन्त शक्ति प्रत्येक व्यक्तिको शरीर भित्र विद्यमान छ । साधनाका अभावले सुषुप्त अवस्थामा रहेको छ, यो शक्ति व्यर्थ गइरहेको छ । गोरखनाथका अनुसार कुण्डलिनी जागरण, कुण्डलिनी उर्ध्व गमन नै आत्म साक्षात्कारको बाटो हो । कुण्डलिनीको शक्ति निपातलाई अध, मध्य र उर्ध्व गरी तीन भागमा बाँडिएको छ । मूलाधारमा रहेको कुण्डलिनी अध शक्ति हो, मणिपुर चक्र या नाभि चक्रमा रहेको मध्य शक्ति र ब्रह्मरन्ध्रमा या सहस्त्रदलमा रहेको उर्ध्व शक्ति हो । कुण्डलिनी माथिबाट तलतिर फर्किएको मूलाधारको नजिक मुख गरेर सुतिरहेको हुनाले जबसम्म मूलाधारको कुण्डलिनी जागृत हुँदैन, अरु कुण्डलिनी सक्रिय हुन सक्दैनन् । त्यसैले यो मूलाधार सबैभन्दा महत्त्वपूर्ण स्थान हो र यसै कारण मूलाधार या आधार भनिएको हो । सिद्धासन या पद्मासनमा बसेर त्रिबन्धको अभ्यास, अश्विनी मुद्रा कुण्डलिनी जागरणका लागि उपयोगी मानिन्छन् । मूलाधारको कुण्डलिनीलाई स्थुलरूपा सृष्टिकुण्डलिनी पनि भनिन्छ, त्यो जागृत हुने बित्तिकै शक्तिको उर्ध्वगमन सुरु हुन्छ र मानिस सानातिना चिन्ताबाट मुक्त हुन्छ । मणिपुर या मध्य कुण्डलिनी ज्ञानरूपा प्रबोधनी मानिन्छ भने सहस्रार चक्र या उर्ध्व कुण्डलिनीलाई आदिनाथ स्वरूप मानिन्छ (सिसिप ४:४-२७) ।

व्यष्टि पिण्ड र समस्ति पिण्डकाबीचमा अन्तर्सम्बन्ध हुञ्छ, यी दुई अस्तित्व अलग अलग देखिए पनि अन्तत व्यष्टि पिण्ड समस्ति पिण्डमा समाहित हुञ्छ, यसलाई सिद्धसिद्धान्तको भाषामा 'समरसता' भनिञ्छ। आफ्नै शरीरमा साधनाका माध्यमले जड र चेतनको मिलन हुने, प्रणायाम अनन्त ध्यानमा परिणत हुन सक्ने अवस्था नै समरसता हो। यो नै देहसिद्धिको अवस्था हो। नाथयोगको एंउटा मुख्य लक्ष्य देहसिद्धि, कायासिद्धि या पिण्डसिद्धि हो। पिण्डसिद्धि भएपछि अष्टसिद्धिको ढोका खुल्छ (सिसिप ६:१७-१९)। सिसिपको पाँचौ खण्डमा यही समरसताको विस्तृत वर्णन रहेको छ।

नाथ परम्परामा योगमार्गलाई 'स्वमार्ग' भनिएको छ र यो भन्दा अर्को उत्तम मार्ग छैन भनिएको छ (५-२०, २१)। नाथ परम्पराको कुनैपनि साधनामा गुरूको धेरै ठूलो महत्त्व छ। गुरूको सहयोग विना योग साधना, प्राणायाम र कुण्डलिनी जागरण साधना गर्नु हुँदैन (सिसिप ५:६-९; ३१-३५, ५६, ५७;६:७३)। 'न गुरोरधिक' योगमार्गमा गुरू भन्दा ठूलो अरु कोही छैन। गुरूको लक्षणका बारेमा भनिएको छ जो करुणामयी छ, परमपदका बारेमा जानकारी गराँउछ र जसले अष्टपाशलाई नाश गरिदिञ्छ। अष्टपाश भनेका जन्म, बुढौली, व्याधि, मरण, काम, क्रोध, अभिमान र अविद्या हुन्। योगज्ञान नभएको वाग्जाल प्रपञ्ची व्यक्ति योग गुरू हुन सक्दैन। उत्तम गुरूका निर्देशन अनुसार साधना गर्‍यो भने साधक क्रमशः १२ वर्षको साधनापछि सिद्ध बञ्दछ। त्यस अनुसार पहिलो वर्षको साधनामा साधकको शरीर निर्मल र निरोगी हुञ्छ, दोस्रो वर्षको साधनामा अन्य भाषा बुझ्ने र बोल्न सक्ने, तेस्रो वर्षको साधनामा साधकलाई हिंस्रक पशु पन्छीले बाधा पुर्‍याउन सक्दैनन्। चौथो वर्षको साधनामा भोक प्यासमा नियन्त्रण र टाढा बोलेको सुन्न सक्ने; पाँचौ वर्षको साधनामा वाक्सिद्धि र अन्य काया प्रवेश; छैठौं वर्षको साधनामा साधकको शरीरमा शस्त्र प्रहार र वज्रपातले असर गर्दैन; सातौं वर्षको साधनामा पृथ्वी छाडेर आकाशमा उड्न सक्ने अवस्था, आठौ वर्षमा अणिमा आदि सिद्धि, नवौँ वर्षमा शरीर वज्रकाय, चारै दिशामा स्वेच्छा भ्रमण, दशौँ वर्षमा वायुमाथि आधिपत्य, एघारौँ वर्षमा सर्वज्ञ र समस्त ऋद्धिसिद्धिको मालिक एवम् बाह्रौँ वर्षमा महाबलशाली योगसिद्ध, तत्त्वज्ञ पुरुष भैरव समान सर्वत्र पूज्य हुञ्छ। यो प्रकृया सिसिपको (५:३६-४३) मा स्पष्टरूपमा दिइएको छ।

गोरखनाथले मत्स्येन्द्रनाथलाई आदर्श गुरू मानेका छन् । नाथयोग साधनामा आदर्श सिद्ध गुरूलाई अवधूत भनिन्छ र अवधूत अवस्था योगीको अन्तिम आदर्श खुड्किलो हो । गुरूलाई व्यवहारभेदले शैव, पाशुपत, वीरशैव, निर्वाण सन्यासी, कापालिक, महाव्रत, कुल, अकुल, शाक्त, वैष्णव, भागवत, सिद्धयोगी र योगीराट् भनिन्छ । योगीका दृष्टिमा प्राण र अपानको ऐक्यता नै मैथुनक्रिया हो, त्यो नै समाधिको शक्तिमा लीनहुने शाक्त हो । (सिसिप ६:३९-६९)

दशनामी सन्यासीहरूले अभिवादनका लागि 'नमो नारायण' निम्बार्की वैष्णवहरूले 'राधेश्याम या राधे राधे' श्रीवैष्णवले 'लक्ष्मीनारायण', रामानुजीहरूले 'सीताराम' भनेझैँ नाथहरूले अभिवादनका लागि 'आदेश' शब्दको प्रयोग गर्छन् । यसलाई गोरखनाथले आत्मा, परमात्मा र जीवात्मा बुझाउने एकल शब्द भनेर परिभाषित गरेका छन् ।

आत्मेति परमात्मेति जीवात्मेति विचारणे ।
त्रयाणामैक्यसम्भूतिः आदेश इति कीर्तितः ।। (सिसिप ६८६)

गोरखनाथका परम्परामा चौरङ्गीनाथले प्राणसंकली नामक आफ्नो रचनामा सिद्धसिद्धान्तपद्धतिको विचारलाई दोहऱ्याउँदै भनेका छन्: जे ब्रह्माण्डमा छ त्यही कुरा व्यस्ति पिण्डमा छ । साधनाका लागि शरीर नै सर्वश्रेष्ठ साधन हो । ज्ञानका लागि शुद्ध शरीर आवश्यक छ तर पिण्डज्ञान नभई शरीर शोधन हुँदैन र शरीर शोधन नभई कुनै व्यक्ति योगी हुन सक्दैन । वास्तवमा मन र पवनको साधनाले शरीर शुद्ध हुन्छ । यस सम्बन्धमा नाथयोगी गोपीचन्द भन्छन्, मनको चञ्चलताले पवन चञ्चल हुन्छ र पवन चञ्चल भएपछि विन्दु अस्थिर हुन्छ, यसले अन्तत पिण्डपात् गराउँछ । गोरखवाणीमा गोरखनाथ भन्छन्- साधक योगी मनले पवनलाई र पवनले मनलाई बाँध्दछ र यो साधनासिद्ध हुनु नै उन्मनी अवस्था हो (२००३, पृ. ८१) ।

गोरखदर्शनमा साधनाको प्रमुख भूमिका रहेको छ । षट्कर्मबाट साधना सुरु हुन्छ जसमा नेति, धौति, वस्ती, नाली, त्राटक र कपालभातिद्वारा शरीरभित्रका विभिन्न अङ्गलाई शुद्ध पारिन्छ, प्रत्येकलाई सबल पारिन्छ । त्यसपछि आसनको पालो आउँछ । ८४ लाख जीवजन्तुको चक्रलाई प्रतिनिधित्व गर्ने गरी त्यति

नै आसनको अस्तित्व स्वीकारिन्छ तर ८४ लाखमध्ये प्रत्येक लाखलाई एक आसनले प्रतिनिधित्व गरी ८४ आसन प्रमुख मानिन्छ । नाथ परम्पराका ८४ सिद्धहरूले एक एक आसनको सिद्धान्तलाई प्रतिनिधित्व गरेको मानिन्छ । गोरक्षशतक, गोरक्षसिद्धान्त र हठयोग प्रदीपिकामा यी आसनहरूमध्ये साधकका लागि सिद्धासन र पद्मासन या कमलासनलाई उत्तम मानिएको छ । यिनै आसनमा बसेर साधनाका लागि सुझाइएको छ । नाथ साधनामा प्रणायामको ठूलो महत्त्व छ । प्रणायामबाट नै नाडी शोधन, कुण्डलिनी जागरण, षट्चक्रभेदन, लय साधना, उन्मनी साधना, प्रणव साधना र नाद अनुसन्धान संभव मानिन्छ । प्रणायाम पवन साधना नै हो । जबसम्म निर्विकल्प समाधिको अवस्थामा पुगिँदैन तबसम्म सबै साधना भौतिक साधना नै हुन् । प्राण भौतिक वस्तु हो त्यसलाई हेर्न र बुझ्न सकिन्छ एवम् साधनाका माध्यमले सन्तुलनमा राख्न सकिन्छ । त्यसका लागि पवन साधना या प्राण साधना नियमित रूपमा गर्नु पर्छ । प्राण साधनाका साथ साथ पञ्च तत्त्व साधना जरुरी छ, यसको सम्बन्ध कुण्डलिनीसित जोडिएको छ । जसरी मूलाधार साधनामा अपानवायु साधना र अश्विनी मुद्रा साधना अन्तर्सम्बन्धित छन् । आसन र प्रणायामलाई बहिरङ्ग साधना मानिन्छ ।

प्रत्याहार, धारणा र ध्यानलाई अन्तरङ्ग साधना भनिन्छ तर यी पनि प्रणायामसित सम्बन्धित अवस्था नै हुन् । पवनसाधना मार्फत प्रत्याहारमा बाहिर दौडिने मनलाई शान्त बनाउने र आफूभित्र फर्काउने प्रयास हुन्छ । मनलाई स्थिर राख्ने प्रयास हुन्छ । मनलाई बाहिरबाट भित्र फर्काउने अभ्यास प्रत्याहार हो भने विभिन्न वस्तुमा क्षण क्षणमा दौडिने चञ्चल मनलाई एक वस्तुमा अड्याउने साधना धारणा हो । एकवस्तुमा मन टिकाउने अभ्यास अलिकति स्थिर बनाउने अवस्था ध्यान हो यसरी धारणा र ध्यान एउटै साधनाका भिन्न भिन्न अवस्था हुन् । नाद श्रवणको साधना यसका लागि सहायक मानिन्छ । कुनै वस्तु सापेक्ष भएर वा नभएर घण्टौ मनलाई अड्याउने र आफैभित्र हराउन सक्ने अवस्था समाधि हो । यो प्रणायाम साधना उत्कर्ष अवस्था हो ।

अर्जुन ज्ञवालीद्वारा लिखित गोरखनाथ दर्शन पुस्तकमा चार खण्ड छन् जसमध्ये पहिलो, दोस्रो र तेस्रो खण्डमा दुई दुई शीर्षक, चौथो खण्डमा आठ

शीर्षक गरी जम्मा १५ मूल शीर्षकहरू रहेका छन्, । तेस्रो र छैठौं शीर्षक अन्तर्गत अनेक उपशीर्षकहरू पनि छन् । "महायोगी गुरू गोरखनाथका उपदेश" शीर्षकमा गोरखनाथका २७५ वटा उपदेश बुँदागतरूपमा राखिएको छ । धेरैजसो पिताम्बर बडथ्याल सम्पादित गोरखवाणी पुस्तकबाट लिइएका छन्, केही कौलज्ञान निर्णयबाट पनि लिइएका छन् ।

"नाथको वंशवृक्ष" शीर्षकमा मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयमा दिएको नाथ सम्प्रदायको गुरू शिष्य परम्पराको चर्चा रहेको छ । मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ र चर्पटीनाथ हुन् भने जालन्धरनाथका शिष्य कानिपा र गोपीचन्द हुन् । गोरखनाथका शिष्यः गहिनीनाथ, नागनाथ, भर्तृहरि, मलिकनाथ, विलेशयनाथ हुन् (भाग १ पृ.७६) । कौलज्ञान अनुसार नाथ परम्परामा शिवका १२ शाखा र गोखनाथका १२ शाखा थिए । पछि गएर दुवैतिरका ६, ६ शाखा जोडेर नाथपन्थका १२ शाखा बनेका हुन् (भाग १ पृ. ७७) । ज्ञवालीको गोरख दर्शनमा सबै शाखाहरूको नाम दिइएको छ ।

"शैव र वैष्णव : समानता र भिन्नता" शीर्षक अन्तर्गत बौद्ध, शैव र वैष्णव सम्प्रदायको गहन विश्लेषण भएको छ । नवम शताब्दीदेखि अहिलेसम्मको भारत र नेपालको सांस्कृतिक इतिहास हेर्दा विभिन्न वैष्णव सम्प्रदायको जन्म र प्रवर्धनका साथ भक्ति साहित्यको बोलवाला रह्यो । सर्वप्रथम बौद्ध सम्प्रदाय कमजोर भयो, क्रमश शैव सम्प्रदाय खासगरी तन्त्रका अभ्यासहरूलाई कमजोर पार्दै लगियो जसले गर्दा राष्ट्रका रक्षाकवच कमजोर भए, भारत राजनीतिक रूपमा मात्र होइन सांस्कृतिकरूपमा पराधिन भयो । २०२८ सालपछि नेपाल सांस्कृतिक रूपमा कमजोर हुँदै गयो र २०४६ पछि पश्चिमा प्रभावले नेपाली सँस्कृतिको धरातल अति कमजोर बनायो, आर्थिक प्रलोभन देखाएर धर्म परिवर्तन दिनानुदिन बढेको छ । यसले राजनीतिकर्मीहरूमा इच्छाशक्तिको अभाव, अज्ञानता र अदूरदर्शिता रहेको देखाउँछ ।

"शैव वैष्णव नाथ र सन्त सम्बन्ध" शीर्षकमा भारतका विभिन्न राज्यहरूमा खासगरी महाराष्ट्रमा नाथ सम्प्रदाय र भक्ति सम्प्रदायकोबीच समन्वय भएको देखिञ्छ । सन्त एकनाथ, तुकाराम र ज्ञानदास, नाथ सन्तहरू थिए र साथै

वैष्णव पनि थिए । राजस्थानमा पनि नाथ र कृष्ण सम्प्रदायबीच अन्तर्सम्बन्ध देखिञ्छ । वैष्णव भक्तिको नारद भक्तिसूत्र, पञ्चरात्र, रामानुजाचार्य, रूप गोस्वामी, रामानन्द, रैदास, कबीर, दादु, सन्त तुलसीदास, नाभादासको चर्चा गरिएको छ ।

अर्जुन ज्ञवालीद्वारा लिखित गोरखनाथ दर्शन परम्पराको पछिल्लो श्रृंखला हो । यसभन्दा अघि महायोगी गोरखनाथ र नेपाल एवम् महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण यी दुई पुस्तक पनि गोरखनाथका बारेमा थिए तर यो पछिल्लो कृति विशिष्टिकृत छ किनभने यो गोरखनाथको दर्शनमा केन्द्रित छ । मलाई लाग्छ यसले नेपाली पाठकको खाँचोलाई मेटाउने छ । अर्जुनज्यूलाई गोरख दर्शनमा मेहनतकासाथ पुस्तक प्रकाशन गरेर हामी पाठकलाई यसबारे सुसूचित हुने अवसर दिनु भएकोमा धेरै धन्यवाद छ ।

सन्दर्भग्रन्थ सूची

ब्रिग्स, जर्ज वेस्टन. गोरखनाथ एण्ड द कनफटा योगिज् . मोतिलाल बनारसीदास पब्लिसर्स, १९३८, ८ औँ पुनमुद्रण २०१६ । .

बुलिअर्, भेरोनिक् . मोनास्टिक वान्डेरर्स : नाथयोगी असेटिक्स इन् मडर्न् साउथ एशिया.दिल्ली: मनोहर पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स, २०१६ ।

गोरखनाथ . गोरखवाणी . सम्पादित.बडथ्याल, पिताम्बर .प्रयाग: हिन्दी साहित्य सम्मेलन, २००३ ।

मल्लिक, कल्याणी.नाथ सम्प्रदायेर इतिहास, दर्शन औ साधना प्रणाली.कलकत्ता विश्वविद्यालय, १९५० ।

द्विवेदी, हजारीप्रसाद . नाथ सम्प्रदाय . इलाहावाद: हिन्दूस्तानी एकेडमी, १९५० ।

योगिराज मत्स्येन्द्रनाथ, कौलज्ञान निर्णय, भाग १, २ .वाराणसी: चौखम्बा कृष्णदास अकादमी, २००९ ।

स्वात्माराम .हठयोगप्रदीपिका .मुङ्गेर, बिहार: बिहार स्कूल अफ योग, पुनमुद्रण १९९८ ।

झवाली, अर्जुन. महायोगी गुरू गोरखनाथ : अवतरण र नेपाल एकीकरण काठमाडौः ब्रदर बुक्स, वि.स.२०७६ ।

झवाली, अर्जुन. महायोगी गुरू गोरखनाथ र नेपाल.काठमाडौः इन्डिगो इन्क प्रा.लि. वि.स. २०७७ ।

झवाली, अर्जुन. गोरखनाथ दर्शन . काठमाडौः ब्रदर बुक्स, वि.सं. २०७८ ।

गोरखनाथ . सिद्धसिद्धान्त पद्धति . नेपाली अनुवाद सिंहनाथ योगी (डा. कर्ण बहादुर थापा). काठमाडौः इन्डिगो इन्क प्रा.लि. वि.सं. २०७७ ।

सिद्ध रत्ननाथ. अनुवादक सम्पादक योगी नरहरिनाथ, पीर चन्द्रनाथ दाङ सिद्धरत्ननाथ मठ चौघरा, वि.सं. २०१३ ।

मौक्तिकनाथ योगी. नवनाथ कथा तथा भैरवनाथावतारकथा .सम्पादक.योगी नरहरिनाथ.काशीः गोरक्षटिल्ला, वि.स. २०२२ ।

प्रा.डा. कृष्ण चन्द्र शर्मा
अङ्ग्रेजी केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय
kesharma111@gmail.com

प्रस्तोताको कथन

महायोगी गुरू मत्स्येन्द्रनाथ तान्त्रिक परम्पराका प्रवर्तक शिवअवतारी योगी हुनुहुन्थ्यो । उहाँका चेला गुरू गोरखनाथ हठयोग परम्पराका योगी हुनुहुन्छ । अहिले संसारभरि प्रचलित योग आसनहरु र योगक्रिया प्राणायाम् हठयोग हो । नेपाल पछिल्लो चरणमा महायोगी गुरू गोरखनाथले अवतरण गरेको पावन भूमि हो ।

गुरू गोरखनाथले सम्पूर्ण मानव समाजका लागि विरचित ग्रन्थहरु मानव कल्याण र मुक्ति मोक्षाका लागि मार्गदर्शन हुन् । यिनै विषयमा केन्द्रित रहेर यो पुस्तक तयार गरिएको छ । यसमा भएका प्रस्तुतिहरु प्रस्तोताको रुपमा प्रस्तुत गरिएको छ । नाथ योग परम्परामा शिवलाई आदिनाथ मानिञ्छ । आदिनाथ शिव अवतारकै रुपमा महायोगी मत्स्येन्द्रनाथ गुरू गोरखनाथलाई मानिञ्छ । गोरखनाथ शिवकै योगरुप हुनुहुञ्छ ।

आदिनाथ शिव नै संसारमा मानव कल्याणार्थ योग सिकाउन गुरू गोरखनाथका रुपमा अवतरण गर्नुभयो भन्ने मान्यता रहेको छ । नेपालमा यो परम्परा महायोगी गुरू गोरखनाथ, सिद्ध योगी भगवन्तनाथदेखि योगी नरहरिनाथसम्म अविछिन्न रुपमा रहेको थियो । नेपाल पुनएकीकरणमा पृथ्वीनारायण शाहको साथमा महायोगी गुरू गोरखनाथको सूक्ष्म उपस्थिति र सिद्ध योगी भगवन्तनाथको सहयोग रहेको कुरा इतिहासका दस्तावेजहरुले प्रमाणित गरेको छ । मेरो महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण भाग (१) महायोगी गुरू गोरखनाथ र नेपाल भाग (२) पुस्तकमा प्रामाणिक अभिलेखहरु प्रकाशित छन् ।

हिमवत्खण्ड नेपाल नाथ योगीहरुको केन्द्र हो । नेपालको पुनः एकीकरण नाथ योगीहरुको देन हो । यसकारण नेपाली सेनाको धुन 'जय जय गोरख,

जय जय काली' रहेको हो । यो शिव र शक्तिको संयोजन हो । तर पछिल्लो चरणमा खासगरि राजा महेन्द्रको मृत्युपछि दरबारले नाथ योगीलाई गुरू मान्न छोडेको थियो ।

राजा महेन्द्रका छोराहरुले पश्चिमा विकृति अनुकरण गर्न लागेपछि योगी नरहरिनाथले कडा आलोचना गर्नुपरेको थियो । उहाँलाई वि.सं. २०३४ सालमा तत्कालीन पञ्चायती सरकारले जेलमा हालेर करेन्ट लगाएर यातना दिएको थियो । उहाँले जेलबाट आफूलाई यातना दिएको गोविन्द काफ्लेलाई लेखेको पत्र वैदिक साम्यवाद योगी नरहरिनाथ पुस्तकमा प्रकाशित छ । शिवअवतार गुरू गोरखनाथका चेलाहरुलाई अपमान गर्दै पश्चिमा सिआइए मिसनले परिचालन गरेका स्कोन, साईबाबा, राधेराधे भित्र्याउने दरबार पनि अन्तत: आफ्नै कारणले विस्थापन भएको छ । जसरी दरबारले कुल गुरूलाई गरेको अपमानको परिणाम भोग्यो अब यो क्रम नाम मात्रको नेपाली सेनामा प्रवेश गरेको छ । पृथ्वीनारायण शाहले निष्काशन गरेका इसाई फिरङ्गीहरुको केन्द्र राष्ट्रसंघको शान्ति सेनामा सीमित यो सेनाको औचित्य वि.सं. २०५८ साल जेष्ठ १९ गते नै समाप्त भएको छ ।

गोरखा राज्य, गोरखा भाषा, गोरखापत्र, गोरखाली सेना यी सबै महायोगी शिव अवतार गुरू गोरखनाथका नाममा नामाकरण गरिएका हुन् । पछि गएर पुन: एकीकरणको क्रममा त्यही गोरखा राज्य नेपाल र नेपालीमा रुपान्तरण हुन गएको मात्र हो । यसकारण गुरू गोरखनाथलाई बिर्सनु नेपाल पुन: एकीकरण प्रक्रिया बिर्सनु हो । गुरू गोरखनाथ र उहाँका असली अनुयायीहरुको अपमान गर्नु नेपाल राष्ट्रको अपमान गर्नु हो । महान् योगीहरुको आदि र अन्त्य हुँदैन । यसर्थ अहिले पनि सूक्ष्म रुपमा हुनुहुन्छ जसलाई हामीले देख्न सक्तैनौँ । यस ग्रन्थको अध्ययनबाट भावी पुस्तालाई महायोगी गुरू गोरखनाथ साथै समस्त नवनाथ चौरासी सिद्धहरुको मानवमुक्ति र मोक्ष मार्गको ज्ञान, योग र ध्यान बुझ्न र मार्ग पहिल्याउन सहयोगी हुने नै छ ।

अर्जुन ज्ञवाली

विषयसूची

खण्ड १

१.	चौरासी सिद्ध र नवनाथ	१
२.	संस्कृत ग्रन्थहरुमा नाथयोग	१६
३.	नाथयोगको भूमिका	४७
	(क) गुरू शिष्यवाद अर्थात् अधिकार र भेदभाव	४८
	(ख) नाथयोगको लक्ष्य	५६
	(ग) पिण्ड ब्रह्माण्डवाद	६२
	(घ) योगयुक्त ज्ञान	६७
	(ङ) अध्यात्म योग	७५
	(च) नाथयोगको स्वरूप यम	८०
	(छ) नियम	९७
	(ज) देशाङ्ग यम नियम	११२
	(झ) हठयोग	११४
	(ञ) प्राणायाम	१२०
	(ट) प्रणव साधना र अजपाजप	१३१
	(ठ) प्रत्याहार	१३३
	(ड) धारणा र षट्चक्रसाधना	१३६
	(ढ) कुण्डलिनी	१४१
	(ण) सहस्रार तथा पर्याय	१४१
	(त) कुण्डलिनी साधना	१४४
	(थ) ध्यान	१४९
	(द) समाधि उसको पर्याय र उन्मनी	१५१
	(ध) अमृत साधना	१५३
	(न) समाधिको अन्य पर्याय	१५६
	(प) सहज	१६५

खण्ड २

४.	नाथको जातीय तथा सामाजिक सम्बन्ध	१८०
५.	नाथ शब्द के हो ?	२०३

खण्ड ३

६.	महायोगी गुरू गोरखनाथका उपदेश	२०८
	(क) पदः राग- रामग्री	२६६
	(ख) राग अशावरी	२८९
	(ग) सुरासम्बन्धी दृष्टिकोण र तान्त्रिक विधान	३००
	(घ) राग रामनगरी	३०८
	(ङ) आरती	३०९
	(च) शिष्यादर्शन	३१०
	(छ) प्राणसङ्कली	३१२
	(ज) आत्मबोध	३१५
	(झ) अभैमात्रा जोग	३१६
	(ञ) पन्ध्र तिथि	३१७
	(ट) ज्ञान तिलक	३१७
७.	नाथको वंश वृक्षमा व्यापकता	३२६

खण्ड ४

८.	नाथ ग्रन्थहरुमा नाथ शब्द	३३२
९.	शैव र वैष्णव समानता र भिन्नता	३३६
१०.	शैव र वैष्णव, नाथ र सन्त सम्बन्ध	३५९
११.	वैष्णव भक्तिको विकास	३७५
१२.	नारदीय सन्त वैष्णव भक्ति र नाथ साहित्यमा भक्ति	४३१
१३.	सत्य धर्म	४७८
१४.	धर्म शिक्षाको आवश्यक्ता	४९४
१५.	धर्मको समाज र व्यक्तिसित सम्बन्ध	५०१
	सन्दर्भ सामग्री	५१०
	अनुक्रमणिक	५१२

चौरासी सिद्ध र नवनाथ

नाथ सम्प्रदायमा नवनाथ र चौरासी सिद्ध प्रसिद्ध छन् । चौरासी सिद्धभित्र गौतम बुद्ध पनि पर्दछन् । सिद्ध विवेचनामा नवनाथ चौरासी सिद्धको कुरा पटक-पटक आउँछ । सिद्धको सँख्या केवल चौरासी मात्र किन राखियो ? नवनाथलाई ८४ बाट अलग किन गरियो ? नवनाथ अर्थात् सँख्यामा ९ नै किन राखियो ? यी प्रश्नहरू उठ्नु स्वभाविक हो । जहाँसम्म सँख्याको प्रश्न छ समाधानका लागि विद्वान् विदुषीहरूले विभिन्न किसिमले व्याख्या गरेका छन् । कतिपयको मतअनुसार ८४ सिद्धको सम्बन्ध ८४ लाख योनिहरूसँग रहेको छ । कामशास्त्रका ८४ आसनसँग पनि यसको सम्बन्ध जोडिएको छ ।[१] यी सिद्धहरूको सूची सँख्या काल र देश भिन्न भिन्न रूपमा रहेका छन् । यिनीहरूमा सबैभन्दा प्रचलित सँख्या ८४ रहेको छ । सबै सूचीमा सबै सिद्धहरूको नाम समान रूपमा पाइँदैन । महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा भिन्न भिन्न पाँच प्रकारका सूचीहरू छन् । हिमवत्खण्डको साहित्यमा नाथ, सिद्ध बौद्धसिद्ध, रससिद्ध, शैव सिद्ध, महेश्वर सिद्धलाई अनेक सम्प्रदायमा विभाजित गरिएको छ । तथापि यी सबैलाई ८४ सिद्धभित्रै गणना गरिन्छ । नवनाथ चौरासी सिद्धले सबैलाई एक ठाउँमा ल्याँदछन् । यसकारण कुनैपनि सूचीलाई बौद्धहरूको फरक नाथहरूको अलग गरेर छुट्याउन सकिँदैन सिद्ध बुद्ध सबै एकाकार रहेका छन् । ८४ सिद्धहरूको सूचीमा अनेक सम्प्रदायका सिद्धहरू परस्पर मिश्रित भएका कारण फरक फरक नामहरू हुन् गएका हुन् । जस्तो कुनै एक सिद्धले एक प्रकारको सिद्धि प्राप्त गरेपछि दोस्रो सिद्धि प्राप्त गर्नका लागि अर्को गुरूसँग दीक्षा लिएका हुञ्छन् त्यससँगै पहिलेको नाम पनि परिवर्तन हुञ्छ । मत्स्येन्द्रनाथ, गोरक्षनाथ नेपालमा गोरखनाथ भनिञ्छ,

---

१ डा. नागेन्द्रनाथ उपाध्याय: गोरखनाथ नाथ सम्प्रदायके परिप्रेक्ष्यमे, प्रकाशक: विश्वविद्यालय प्रकाशन, वाराणसी, ई.सं. २००९, पृ. ७ ।

जलन्धरनाथ, हाडिपा आदि नामहरू मिल्दछन् । कहिले काहीँ दोस्रो सम्प्रदाय या अर्को गुरूसँग दीक्षित भएपछि दोस्रो नामबाट बोलाइञ्छ । चरम सिद्धि प्राप्त गरेपछि उपास्य देवको उपाधि या नाम सिद्धलाई दिइञ्छ । यी सिद्धहरूमा अवतारवाद पनि प्रसिद्ध छ । जस्तो बौद्ध आचार्यद्वारा प्रर्वतित कुनै विशेष पद्धति बौद्धसिद्ध विरूपायतता नाथ सिद्धमा विरूपाक्षाका रूपमा मानिञ्छ ।[२] सिद्धहरूको सम्बन्ध र उनीहरूको सँख्याको सम्बन्धमा अनेक परम्परा छन् । नवनाथहरूसँग प्रसिद्ध चिनीया ताओ धर्मी भोग पनि प्रभावित थिए । आफ्नो देश अर्थात् चीनबाट ईशापूर्वको कुनै शताब्दीमा यहाँ (नेपालमा) यात्राको क्रममा आएका थिए । त्यही समयमा भोगले दक्षिण भारतमा शैवागम एवं शुद्ध मार्गको शिक्षा दिए । ताओद्वारा शिक्षा लिएका त्यहाँका आगमी सिद्धहरूमा कुनै न कुनै रूपमा ताओको प्रभाव पर्न गएको छ । यस शुद्ध मार्गका अनुयायी सिद्धहरूमा सबैभन्दा प्रख्यात अष्टादश सिद्ध मानिञ्छन् । उनीहरूमा शैवभक्त मणिवाचक, वागीश, ज्ञान सम्बन्ध एवं सुन्दरलाई पनि गणना गरिञ्छ । यी शुद्ध मार्गीहरू ज्ञान सिद्धको नामले चिनिञ्छन् । यिनीहरू अमर छन् । शुद्ध मार्गी सिद्धका अनुसार पूर्णसिद्ध त्यो मात्र हुञ्छ जसले आफ्नो शरीर काया साधनाद्वारा पूर्ण रूपमा नियन्त्रणमा लिन सक्तछन् । जो सधैँ अदृश्य बनिरहञ्छ ।[३]

तान्त्रिक परम्परामा पनि नाथहरूको सूचि पाइञ्छ, जो एकआपसमा भिन्न छन् । तान्त्रिकमा नेपाल जो संसारमै तन्त्रले बनेको एकमात्र देश हो । त्यसैगरी गौड, काश्मीर, केरल प्रदेश भेद देखि कादि, हादि, सादि नामका तीन प्रकारका मतहरू प्रचलनमा रहेका छन् । यिनीहरूका उपास्य देवीहरूमा क्रमशः काली, तारा र सुन्दरी हुन् । चौरासी सिद्धहरूको तिब्बती सूचीमा पहिलो स्थान लुइपादलाई दिइएको छ । विभिन्न प्रमाणहरूका आधारमा प्रमाणित गरिएको छ बौद्धसिद्ध लुइपाद र नाथ सिद्ध मत्स्येन्द्रनाथ एउटै हुन् । यसप्रकार विचारधारा र साधना पद्धतिको अनुसरण गर्ने बौद्धसिद्ध र नाथ सिद्धहरूको एउटै परम्परा छ । नाथ सम्प्रदायमा मत्स्येन्द्रनाथका चेला गोरखनाथको प्रसिद्धि धेरै छ । मत्स्येन्द्रनाथ र गोरखनाथलाई आदिनाथ शिवकै अवतार मानिञ्छ ।

---

२ उही पृ. ८ ।

३ उही पृ. १० ।

गोरखनाथको दर्शनः

महायोगी गोरखनाथको दर्शनको मूल आधार संस्कृत ग्रन्थहरूमा छन् । त्यसमध्येमा गोरक्ष दर्शनको तत्त्व विज्ञान अत्यन्त प्रष्ट रूपमा प्रकाशित छ । गोरक्ष दर्शनको तत्त्व विज्ञानको मूल आधार साँख्यको तत्त्व विज्ञान हो । सिद्धसिद्धान्तपद्धतिमा काश्मीर शैव दर्शनका ३६ तत्त्व पूरै समाहित गरिएको छ । यस तत्त्व विज्ञानको प्रमुख लक्ष्य 'पिण्ड ब्रह्माण्डवाद' हो । पिण्ड र ब्रह्माण्डको समतत्त्वता अथवा समपर्दायता सिद्ध गर्नका लागि दार्शनिक आधारका रूपमा यस तत्त्व विज्ञानको विकास गरिएको छ ।[४] गोरखनाथको तत्त्व विज्ञानका अनुसार प्रलय अवस्थामा शिव कार्य कारणले चक्र सञ्चालनद्वारा कुल अकुल भेदभन्दा पर अव्यक्त रहञ्छ । यो अवस्थालाई सिद्ध सिद्धान्त सङ्ग्रहमा स्वयं भनिएको छ यसमा शिव सिसृच्छा उत्पन्न भएर उसलाई सगुण शिव भनिञ्छ । जसलाई उत्पन्न हुनासाथ शिव र शक्ति भनिञ्छ । त्यसैगरी नाथ योगको तान्त्रिक योगसँग घनिष्ठ सम्बन्ध रहेको छ । नाममा शिव सङ्गिनी गौरी शक्तिको पूजा प्रचलित छ । योनी, लिङ्ग पूजा पनि प्रख्यात छ । तन्त्रमा यी दुवैलाई शक्ति र शिवको प्रतिक मानिञ्छ । योगीहरूमा शाक्तहरूको दक्षिण र वाम दुवै मार्गको प्रवाह मिल्दछ । विशेष गरेर नेपाल लगायत पहाडी, हिमाली क्षेत्र साथै हिमवत्खण्डका योगीहरूले तान्त्रिक क्रिया गर्दछन् ।[५] साधनाको दृष्टिकोणले योगीहरूमा आसनलाई महत्त्व दिईको छ । जसको मुद्रा र बन्धमा आसनको तत्त्व पाइञ्छ । जसको सम्बन्ध प्राणायामका विभिन्न प्रक्रियाहरूसँग जोडिएको छ । योगीहरूका विभिन्न आसनहरूभन्दा भिन्न तान्त्रिकका केही आसनहरू रहेका छन् । जस्तो **मुण्डासन, चितासन, शवासन** आदिलाई गणना गर्न सकिञ्छ । पश्चिमी लेखक ब्रिग्सका अनुसार १२ औँ शताब्दीको गोरखनाथ विरचित गोरक्ष शतकको उपदेशमा योग र तन्त्रको मिश्रण रहेको छ ।[६] डा.सुरेन्द्रनाथ दास गुप्तका अनुसार सर्वप्रथम शैवको आफ्नो सिद्धान्तअनुसार योग साधनाको विकास भयो । उक्त क्रियाको विकास मन्त्रयोगका रूपमा हुन गयो । दोस्रो विकास हठ्योगका रूपमा हुन गयो । जसमा प्राणनियमनलाई प्रमुखता दिइएको

---

४ गोरक्षनाथ का दर्शन पृ. ११७ ।

५ जी डब्ल्यु ब्रिग्सः गोरखनाथ एण्ड कानफटा योगीज ।

६ ऊही पृ. ३२७ ।

छ । शारीरिक अङ्ग नियन्त्रणका लागि विभिन्न अभ्यासहरू त्यसमा समावेश गरिएको छ । मन्त्रयोग, लययोग, हठयोग, राजयोग आदिंद्वारा तान्त्रिक पूजा उपासनामा साधनाको विकास प्रभावित हुन गयो ।[७] योगीहरूको विषेश हठयोग हो । यस साधनामा आसन, मुद्रा, बन्ध, वेध, प्राणायाम, धौति, चक्र, नाडी, कुण्डलिनी आदिसँग सम्बन्धित अभ्यास रहेको छ । यी साधनाहरूको विस्तृत व्याख्या तान्त्रिक ग्रन्थहरूमा पाइन्छ । गोरखनाथका उपदेशहरू पनि तन्त्र प्रभावित छन् । नेपाल, आसाम, बङ्गालका नाथ योगीहरूमा शक्ति या शिव सङ्गीनीको पूजा तान्त्रिक विधानद्वारा गरिन्छ । यी तान्त्रिक साधनाहरूको प्रभावको पुष्टि गोरखनाथको प्रमाणित ग्रन्थहरूबाट हुन्छ । आफ्ना सिद्धान्तलाई प्रमाणित गर्न गोरक्ष सिद्धान्त सङ्ग्रहलाई विभिन्न तान्त्रिक ग्रन्थहरूको प्रमाणका रूपमा उद्धृत गरिएको छ । जसअनुसार योगसाधना र योगी दुवै सर्वश्रेष्ठ छन् । यो कुरालाई प्रमाणित गर्ने **तन्त्रमहावर्णन**लाई उद्धृत गर्दै भनिएको छः योगी ब्रह्मा, विष्णु तथा देव महेश हुन् । यही नै पूर्ण मोक्ष हो । उनीहरू नै सृष्टिकर्ता र हर्ता हुन् ।[८] नाथपदको महत्त्व र व्याख्यामा गोरक्ष सिद्धान्त सङ्ग्रह र **शक्ति सङ्गम तन्त्र**को सहायता लिइन्छ । **शावर तन्त्र**मा नवनाथहरूको नाम गणना गरिएको छ । नाथका अनुसार सम्पूर्ण शैव शाक्त मार्ग तन्त्रानुरागी हुन् । तन्त्रको उपदेष्य नै नाथ हुन् । नाथले नै तन्त्रको रचना गरेका हुन् । जसको प्रमाणितकताका लागि **षोडसनित्था तन्त्र**लाई उद्धृत गरिएको छ । भनिएको छ- तन्त्रको कल्पना अर्थात् निर्माण नै नवनाथहरूले गरेका हुन् । यसैगरी षट्शांभव रहस्यलाई उद्धृत गर्दै भनिएको छ । तान्त्रिक अनुष्ठानको फल योग हो । फरक त्यति मात्र हो तान्त्रिक अनुष्ठान बहिरङ्ग हुन्छ । तत्पश्चात् अवधूत पद प्राप्त गर्नका लागि योगीले अन्तर पूजन या सूक्ष्म शक्ति कुण्डलिनीको पूजा गर्दछ । यसरी तान्त्रिकको तात्पर्य पनि अवधूत बताइएको छ ।[९] नाथका अनुसार सबै मानिसहरूले साँसारिक प्रक्रियालाई माञ्दछन् । तन्त्र अनुमोदित पारमार्थिक प्रक्रियालाई नाथहरू माञ्दछन् । यो पनि स्पष्ट छ कि नाथ मत शैव हो र तन्त्र प्रभावित छ । तन्त्रको पिण्ड ब्रह्माण्डको एकत्वको अनुभूति साधना तथा शक्ति पूजा नाथमा प्रचलित रहेको छ । **शारदा तिलक** नामक प्रसिद्ध तन्त्र ग्रन्थमा यन्त्र,

७ गोरक्षनाथ की साधना पृ. १२५ ।
८ गोरक्ष सिद्धान्त सङ्ग्रह पृ. ९ ।
९ गोरक्षनाथको साधना पृ. १२५ ।

मन्त्र, चक्र, कुण्डलिनी र पाशुपत मतको वर्णन गरिएको छ । मुक्तिको प्रथम तत्त्व प्रसाद हो । यसलाई नाथ अथवा शैवाद्वैत मतमा शक्तिपात भनिन्छ । तन्त्रमा दिव्य साधकलाई कौल भनिन्छ । कौलमा लाभ-हानि, पाप-पुण्य बराबर हो । विषद्वारा विषलाई क्षय गर्ने उसको सिद्धान्त हो । यो मार्गलाई उनीहरूले अति दुर्गम मान्दछन् । यसै मार्गको अवलम्बनद्वारा शिवतत्त्वको लाभ प्राप्त गर्दछन् । यो कौलनीति नाथ नीति हो किनकि नाथहरूलाई कौल नामले पुकारिन्छ ।[१०] समग्रमा नाथ मतको तन्त्रसँग घनिष्ठ सम्बन्ध छ र यो सम्बन्ध सैद्धान्तिक मात्र नभएर साधनात्मक पनि छ । नाथ दर्शनका अनुसार जीवन मुक्तिको अवस्था नै आदर्श अवस्था हो । देहपातमा जुन मुक्ति हुन्छ त्यसलाई यथार्थ मुक्ति मानिदैन । किनभने यस्तो मुक्ति देहपातरूप प्रतिबन्धकद्वारा बाँधिएको छ । नाथ गणहरूले भन्दछन्: जुन देहबाट परमपद प्राप्ति हुन्छ त्यसै देहको रक्षा, अजर, अमर गराउनु कर्तव्य हो । विदेह मुक्तिमा यसै देहको त्याग हुन्छ । 'योगवीज'मा भनिएको छ: **'अजरामरपिण्डो यो जीवन्मुक्तः स एव हि ।'** जीवन मुक्ति योगमा दैनिक परिवर्तन साधित हुन्छ । यो सिद्धदेहको लाभ भएपछि योगीका लागि ईच्छामृत्यु सम्भव हुन्छ । वेदान्तको आत्मसाक्षात्कार नाथ मार्गको परमपद प्राप्ति हो । तथापि नाथहरू उक्त देहलाई स्थायी गराउनका लागि सचेत छन् । योगद्वारा सिद्धयोगीहरूले प्रारब्धलाई क्षय गराउँदछन् । तत्पश्चात् देहलाई राख्ने या नराख्ने उसको इच्छामा निर्भर रहन्छ । सिद्ध मतमा देह नै आत्मा हो । विक्षेपलाई टाढा नभगाई शुद्ध देहलाभ हुन सक्तैन । शक्ति युक्त चैतन्यलाई सिद्धहरूले स्वीकार गर्दछन् । जसमाथि विजय प्राप्त गरेपछि विशेष रूपमा अज्ञानलाई भगाएर मुक्ति लाभ हुन्छ । योगीले चैतन्य शक्तिमा विजय गरेर कालजयी हुन्छन् । **योगीको शरीर नै योग देह हो** । सिद्धमतअनुसार जसले मृत्यु प्राप्त गर्दछ ऊ मुक्त हुँदैन । **परामुक्तको** देहपात हुँदैन ।[११] नाथ मतमा मोक्ष त्यो अवस्थालाई मानिन्छ जसमा समाधिको क्रममा मनद्वारा मनको अवलोकन गरिन्छ । यसैलाई जीवनमुक्ति पद भनिन्छ ।[१२] नाथहरूको लक्ष्य भनेको नाश नहुने शरीरको प्राप्ति हो । जसको बाहिर प्राण जाँदैन । उनीहरूको उद्देश्य हो शरीरले ब्रह्मतत्त्वको प्राप्त गर्नु । यसर्थ छोटकरीमा नाथको लक्ष्य भनेको जीवनमुक्तियुक्त देहबाट नाथ रूपमा

१० डा. कल्याणी मल्लिक, नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली, पृ. १६४।१६५ ।

११ उही पृ. २९२; २९३, २९६, २९७, ३०१, ३०३ ।

१२ अमरौधशासनम्, पृ. ९ ।

अवस्थान या पिण्डपदको समरसीकरण हो ।[१३] नाथ मत अनुसार सद्गुरूको कृपाद्वारा चित्त विश्राँन्तिको लाभ सबैभन्दा पहिला हुनुपर्दछ । सिद्ध गुरूबिना सामरस्य प्राप्ति हुन सक्तैन । जबसम्म चित्त देहात्मबोध मुलक क्षोभबाट मुक्त हुँदैन त्यतिबेलासम्म शान्ति हुन सक्तैन । यथार्थतः साधना प्रारम्भ हुँदैन । चित विश्रान्तिमार्फत स्वभावतः भगवद आनन्द साथै अनन्त ज्योतिको आविर्भाव हुञ्छ । यो अद्वय प्रकाशद्वारा द्वैतभाव निवृत्त हुन जाञ्छ । तत्पश्चात् चित्त शान्तिको प्रकाश हुन जाञ्छ । योगीहरूले त्यस्तो देहको पूर्ण ज्ञान प्राप्त गर्दछन् जसद्वारा देहसिद्धि या पिण्डसिद्धिको फल प्राप्त हुञ्छ । जसको नाम हो देहको अमरत्व । जसलाई सिद्धअवस्था भनिञ्छ । तथापि जुन यथार्थ अन्तिम उद्देश्य हो त्यो टाढा छ । यो समयमा योगीको देह ज्योतिर्मय आकारमा प्रकाशमान हुञ्छ । चैतन्यको सारभूत सता हो । परमपदको नित्य प्रकाशका साथ यस प्रकाशमय आकारको एकत्व सुदीर्घकालसम्म आत्माको स्वरूप अनुसन्धानमा तल्लीन रहेपछि हुन सक्छ । यही सामरस्य हो । सामरस्य्र र निरुत्थान दशा दुवै केही समयको अन्तरालमा पत्ता लाग्दछ । पूर्ण स्वातंत्र्यद्वारा समन्वित आत्माको स्फुरण निरुत्थान दशाका नामले प्रख्यात रहेको छ । नाथ योगीको लक्ष्य सर्वप्रथम पिण्डसिद्धिद्वारा जीवन मुक्तिको प्राप्ति हो । यो समयमा कालवञ्चन सिद्ध हुञ्छ । अर्थात् काल, मृत्युको प्रभावबाट योगी मुक्त हुञ्छन् । ओंमकार साधनाद्वारा परामुक्तिको आविर्भाव हुनु हो ।[१४]

नाथ मार्गको परमपद नाथ हो । गोरक्ष सिद्धान्त सङ्ग्रहमा **'नाथस्वरूपेणा वस्थानम्'**को लक्ष्यका रूपमा स्वीकार गरिएको छ । नाथको सम्बन्धमा भनिएको छ प्रसार र संकोच जसको आदि र अन्त्य हो त्यही नै साम्य अवस्था हो । त्यही निराभास हो, त्यही शिवावस्था हो । यो समरस अवस्था अद्वयावस्था हो र, यही समाधिको स्थिति हो । यसप्रकार समरस र अद्वय रूपमा अवस्थान नै नाथ स्वरूपको अवस्था हो ।[१५] यो समरसीकरणका लागि गुरूकृपाद्वारा पिण्ड सँवितिका लागि शुद्ध या दिव्यदेहको आवश्यक्ता हुञ्छ । गुरूकृपा बिना सिद्ध देहको लक्ष्य बिना सिद्धि प्राप्त हुन सक्तैन् । यसकारण गोरखनाथको

१३ डा. नागेन्द्र प्रसाद उपाध्याय: नाथ और सन्त साहित्य तुलनात्मक अध्ययन, विश्वविद्यालय प्रकाशन, वाराणसी, ई.सं. १९६५, पृ. २७३ ।

१४ उही प्रावन्धन डा.गोपीनाथ कविराज, पृ. ५।३ ।

१५ डा. कल्याणी मल्लीक: सिद्धसिद्धान्तपद्धति एण्ड अदर वर्क्स नाथ योगीज पृ. २१ ।

साधना मार्गमा यस प्रकारको कार्य सिद्धिलाई आवश्यक मानिएको छ जसको लक्ष्य समरसीकरण हो ।[१६] नाथ मतअनुसार मोक्ष त्यही अवस्था हो जसमा समाधिको क्रममा मनद्वारा मनको अवलोकन गरिञ्छ । यही नै जीवनमुक्ति हो ।[१७] यसकारण जीवन मुक्तिका लागि कार्य सिद्धि र कार्य सिद्धिका लागि पिण्ड ज्ञान आवश्यक छ । योगी गोरखनाथ भन्नुहुञ्छः जुन योगी पिण्डगत एक स्तम्भ, नवद्वार पञ्च देवता आदि जान्दैन उसले सिद्धि प्राप्त गर्न सक्तैन । तत्त्व विज्ञानको दृष्टिकोणमा ब्रह्माण्डको जुन समतुल्य र विकासात्मक वर्णन प्रस्तुत गरिएको छ उसको प्रयोजन यही हो ।

उपर्युक्त समरसीकरणका लागि 'योगबीज' योग रहित ज्ञान र ज्ञानरहित योगको निरर्थकता रहेको भन्दै योगयुक्त ज्ञान नै मोक्षको उपायका रूपमा स्वीकार गरिएको छ ।[१८] **परिपक्व देह अर्थात् सिद्ध देह प्राप्तिका लागि योग नै उपाय हो ।** नाथ योगीहरूले हठयोगलाई प्रमुख मान्दछन् । **हठयोगबाट राजयोगको सिद्धि प्राप्ति हुञ्छ** । हठयोग प्राणायाम प्रधान हो । मन्त्रयोग लययोग, राजयोगमा पनि हठयोग र प्राणायाम सहायक रहेका छन् । प्राण अधिभूत तत्त्व हो । यस दृष्टिकोणबाट प्राणायाम या हठयोग आधि भौतिक साधन हो । एक सफल ध्यानयोगीको शरीर, स्वास्थ्य क्षीण, दुर्वल, अल्पायु र रोगी हुन सक्तछ । जसले आफ्नो इच्छामा शरीर त्याग गर्न सक्तैन । हठयोग क्रियाद्वारा सिद्धदेह या परिपक्व देहको प्राप्ति हुञ्छ । मानस साधनाका लागि यस प्रकारको शरीर सबैभन्दा उपयुक्त र उचित माध्यम हुन सक्तछ । यसप्रकारका योगीको मृत्यु मात्र ईच्छामृत्यु हुञ्छ । योगी गोरखनाथले हठयोग त्यसबाट प्राप्त सिद्धिलाई मात्र लक्ष्य या उद्देश्यका रूपमा स्वीकार गर्नुभएको छैन ।[१९] हठयोग प्रदीपिकामा स्पष्ट रूपमा भनिएको छ राजयोगमा आरुढ हुनका लागि हठयोग विद्याको अभ्यास गर्नुपर्दछ ।[२०] यो योगाभ्यास आरम्भका लागि नाथाचार्यहरूले संयमको विधान निर्धारण गरेका छन् । **घेरण्ड सँहिता**मा जस्तै **हठयोग प्रदीपिका**मा हठयोगको अभ्यास गर्नुभन्दा पहिला आहार, अपथ्य, पथ्य, भोजन आदिसँग सम्वद्ध

---

१६ डा. नागेन्द्रनाथ उपाध्याय: गोरखनाथ नाथ सम्प्रदायके परिप्रेक्ष्यमे पृ. १२८ ।

१७ अमरौधशासनम्, पृ. ९ ।

१८ सिद्धसिद्धान्तपद्धति २.३१: गोरक्ष सँहिता १.१३-१४: गोरक्ष पद्धति १.१३-१४ ।

१९ नाथ योग अक्षय कुमार बनर्जी, पृ. १९ ।

२० हठयोग प्रदीपिका १.१ ।

संयमको पालना गर्नुपर्दछ । योग अभ्यास प्रतिबन्धको विवरणमा अत्याहार, परिश्रम, प्रजल्पन या बहुभाषण यम ग्रहण अर्थात् स्नान, रातीमा भोजन ग्रहण फलाहार आदिको नियम पालना, जनसङ्गम, चँञ्चलता यी ६ प्रकारलाई गणना गरिएको छ । योग साधनामा उत्साह, साहस, धैर्य, तत्त्वज्ञान, निश्चय, जनसँग परित्याग यी ६ गणना गरिएको पाइञ्छ । यममा मिताहार र नियममा अहिँसा अनिवार्य छ ।[२१] हठयोग प्रदीपिकामा यम नियम सम्बन्धी श्लोकमा अन्तर्गणित छैन । थोरै श्लोकहरूमा केही भिन्नता रहेको भए पनि तान्त्रिक ग्रन्थ 'शारदा तिलकमा' मिल्दछ । हठयोग शब्दका विभिन्न व्याख्याहरू पाइञ्छ जो निम्न प्रकार रहेका छन् ।

(१) ह + ठ + योग = सूर्य + चन्द्र + योग

(२) ह + ठ + योग = प्राण + अपान + योग

(३) ह + ठ + योग = दक्षिण + वाम + योग

(४) ह + ठ + योग = यमुना + गङ्गा + योग

(५) ह + ठ + योग = पिङ्गला + इडा + योग

(६) ह + ठ + योग = रजस् + रेतस् + योग[२२]

महायोगी गोरखनाथको योग षडङ्ग योग हो । यसमा आसनपछि पतञ्जलीका ६ अङ्गहरू स्वीकृत छन् । यम-नियमलाई सामान्य त अनिवार्य सम्भेर छोडिएको छ । आसनस्थैर्य पछि प्राणायामको विधान छ । प्राणायामको नाडीसोधनसँग घनिष्ठ सम्बन्ध छ । सिद्धसिद्धान्तपद्धतिका अनुसार प्राणायाम प्राणको स्थिरता हो । रेचक, पूरक, कुम्भक र संघट्टीकरण यसका चार लक्षणहरू हुन् ।[२३] जसमा भनिएको छ- प्राणायामको अभ्यास यदि पवनलाई गगनमा प्रेरित गरियो भने घण्टा-वाद्यवाद्यनको ध्वनि उत्पन्न हुञ्छ र सिद्धि प्राप्तिको सम्भावना रहञ्छ ।[२४] यसरी प्राणायाम अभ्यासमा अग्रसर भएपछि उसको सम्बन्ध नादानुसँधानबाट पनि सिद्ध हुञ्छ । यसप्रकार आसन र प्राणायामको पूर्ण अभ्यास सम्पंन्न भएर धारणाको अभ्यास गर्ने विधान तय

२१ उही १.१, ३.१५, योगबीज १.८३-९०, नाथ सम्प्रदाय पृ. १०३ ।

२२ उही पृ. १०३ ।

२३ सिद्धसिद्धान्तपद्धति, २.३५ ।

२४ योगमार्तण्ड, १०८ ।

गरिएको छ ।[२५] **गोरक्ष सँहिता, योगबीज** आदि ग्रन्थहरूमा प्राणायामका साथ मुद्रा, बन्ध, वेधको सम्वद्ध भावमा व्याख्या गरिएको छ । तथापि प्राणायामको तुलनामा यसलाई त्यति महत्त्व दिइएको छैन । प्राणायाममा ॐकार साधना पनि सम्वद्ध छ । ॐकार साधना र अजपा जप दुवै प्राणायाममा अर्न्तभूत रहेका छन् । ॐकारको विस्तृत प्रतिकात्मक व्याख्या गोरक्ष ग्रन्थमा उपलब्ध छ । गोरखनाथ लगायतका सिद्धाचार्यहरूले यस प्रणवलाई वेदको सार होइन वेदनै मान्दछन् । यसलाई **शिवशक्ति साधन** पनि भनिञ्छ । ॐकारलाई आदिनाथ भनिञ्छ । यो **अनाहद** र अखण्ड छ । यसको अनुसन्धान **नादानुसन्धान** हो । अन्त्यमा यसको सता ब्रह्माको अन्तिम सता हो । जसलाई नाद ब्रह्म पद्धति भनिञ्छ । यसको अनुसन्धान ब्रह्मानुसन्धान हो ।[२६] सिद्धसिद्धान्तपद्धतिका अनुसार चैतन्य तरङ्गको प्रत्याहरण, विभिन्न प्रकारका विकारहरूका कारण चित ग्रस्त हुनुको कारण उत्पन्न निवृत्ति प्रत्याहारको लक्षाण हो । **गोरक्ष सँहितामा** चक्षु आदि विषयमा विचरणद्वारा आहरणको प्रत्याहार भनिएको छ । **प्रत्याहारद्वारा** योगीले आफ्नो मानस विकारको मोचन गर्दछन् ।[२७] **धारणामा** बाह्य र अन्तसको एकमात्र निज तत्त्व स्वरूप अन्तःकरण मार्फत साधना गरिञ्छ । जे उत्पन्न हुञ्छ त्यसलाई निराकारमा धारण-जीवआत्माको निर्वात दीप सरह धारण यी धारणाका लक्ष्य हुन् । यसलाई **मानस्थैर्य**को प्राप्ति भनिएको छ । हृदयमा पञ्चभूतको पृथक धारणा तथा मानसको निश्चलत्वको धारणाका कारण यसलाई धारणा भनिञ्छ । भूत तत्त्वका अनुसार धारणा ५ प्रकारका हुञ्छन्ः धारणापछि सिद्धसिद्धान्तपद्धतिका अनुसार चितको निराकार र निजतत्त्वमा एकत्व तथा आत्माको निर्वात दीपत्व सिद्ध हुनुपर्दछ । **कुण्डलिनी योगको साधना धारणा अन्तर्गत** हो । यस कुण्डलिनी योगबाट नै **लययोग, भूतजय, भूतलय, भूतशुद्धि षड्चक्रभेद** आदि सम्वद्ध रहेका छन् । कुण्डलिनीको मूलाधारबाट सहस्रासार सम्मको यात्रालाई **पृथ्वी र आकाश**को यात्रा भनिएको छ । **यो आध्यात्मिक यात्रा हो** । यो साधना आध्यात्मिक साधना हो । कुण्डलिनीको षोडशी तथा उसको साधनालाई षोड्शी साधना भनिञ्छ । **पिण्ड, ब्रह्माण्ड एकत्वको सिद्धान्त यस साधनाको सैद्धान्तिक पक्ष** हो । गोरक्ष मतमा मान्य चक्रहरूका कुनै निश्चित

२५ गोरक्ष सँहिता, २.३१, ५२ ।

२६ नागेन्द्रनाथ उपाध्यायः नाथ और सन्त साहित्य पृ. २८३-८८ ।

२७ सिद्धसिद्धान्तपद्धति, २.३६ गोरक्षसँहिता २.२३-३१ः योग मार्तण्ड ११३-११९ ।

सँख्या बताइएको छैन । तथापि तान्त्रिकमा ७ चक्रहरू अधिकांश त सामान्य स्वीकृत छन् ।[२८] सिद्धसिद्धान्तपद्धतिमा भनिएको छ- ध्यान **परमा द्वैत** भाव हो। जुन जुन तत्त्व या पदार्थ स्फुरण हुञ्छ आत्माले उसकै आफ्नो स्वरूप अनुसार भावना व्यक्त गर्दछ । यसप्रकार ध्यान सबै भूतमा समदृष्टि हुन जाञ्छ । यो ध्यान साधनामा चित पूर्ण रूपमा निश्चल रहञ्छ । सगुण र निर्गुण नामका दुई प्रकारका ध्यान बताइएको छ । सगुण ध्यान विभिन्न वर्ण, रङ्ग भएको हुञ्छ भने निर्गुण ध्यान केवल ज्ञानात्मक, अनुभुत्यात्मक हुञ्छ । स्थूल र सूक्ष्म भेदबाट ध्यान दुई प्रकारका हुञ्छन् । स्थूल ध्यानपछि तेजोध्यान, ज्योर्तिध्यान र सूक्ष्म ध्यानको वर्णन गरिएको छ ।[२९] समाधिमा सबै तत्त्वको समअवस्था रहञ्छ, निरुहामत्व साथै अनायासको अवस्था रहञ्छ । जसबाट मोक्ष प्राप्ति हुञ्छ। शुभ, अशुभ कार्यको त्याग हुन जाञ्छ। सांसारिक अनन्त परमज्योतिको साक्षात्कार हुञ्छ । जब प्राण सम्यक प्रकारले क्षीण हुन जाञ्छ मानिसले लय प्राप्त गर्दछ । जब समरत्वको प्राप्ति हुन जाञ्छ त्यतिबेला समाधिको अवस्था प्राप्त हुञ्छ। यो समयमा आफ्नो परकाय केही पनि रहँदैन । हठयोग प्रदीपिकामा यो अवस्थालाई विभिन्न नाम बताइएको छः जस्तो राजयोग समाधि, उन्मनी, मनोन्मनी, अमरत्व, लय, तत्त्व, शून्याशून्य, परमपद, अमनस्क, अद्वैत, निरालम्ब, निरञ्जन, जीवन्मुक्ति, सहजा, तुर्या, यी शब्दहरूको फरक फरक व्याख्या पाइञ्छ ।[३०] यसैगरी गोरखनाथको षडङ्ग योगका दुई उद्देश्य बताइएको छ । प्रथम गौण उद्देश्य हो सिद्ध देह या दिव्यदेहको प्राप्ति या जीवनमुक्ति । दोस्रो मुख्य उद्देश्य हो द्वैता । द्वैतविवर्जित नाथ रूपमा अवस्थान या पिण्डपदको समरसिकरण हो । संस्कृत ग्रन्थका आधारमा गोरक्ष योगमा दुई प्रमुख साधना छन् । ती हुन् **हठयोग र लय योग** । यसैगरी दुई कार्य छन् । **विन्दुरक्षा र नादानुसन्धान** । गोरक्ष योग साधनाको मुख्य तत्त्व प्राणायाम हो । दुवै कार्यहरू यसैद्वारा साधित हुञ्छन् । यस आधारमा नाथ योगीहरू स्थूल अर्थात् भौतिक शरीरबाट पनि मुक्ति प्राप्त हुने कुरामा विश्वास राख्दछन् । सिद्ध देहको प्राप्तिका लागि **अमृत साधना** नाथहरूमा स्वीकार्य छ । रस अर्थात् पारको अभ्रकद्वारा सिद्धदेह प्राप्ति हुन सक्ने कुरा योगी गोरखनाथले बताउनु भएको छ । गोरक्ष

२८ गोरखनाथ नाथ सम्प्रदायके परिप्रेक्ष्य मे पृ. १३० ।

२९ उही पृ. १३१ ।

३० उही पृ. १३१ ।

साधनामा, वज्रोली सहजोली आदिको गणना गरिञ्छ । महायोगी गोरखनाथले जुन हठयोग अर्थात् प्राणायाम सम्पन्न साधनाको उपदेश दिनुभएको छ त्यसका विभिन्न आयामहरू रहेका छन् । प्राणायामका चार लक्ष्यहरू बताइएको छ- रेचक, पूरक, कुम्भक संघटकरण ।[३१] प्राण र अपान वशीभूत जीवको माथि र तल दौडञ्छ । वाम र दक्षिण मार्गको चञ्चलताका कारण यो देखिँदैन । अपान, प्राण तथा प्राण अपानलाई आकर्षित गर्दछ । प्राण हकारका साथ बाहिर जाञ्छ सकार उच्चारणका साथ पुनः प्रवेश गर्दछ । 'हँस' 'हँस' यस मन्त्रको जप जीवले सधैँभरी गरिरहेको हुञ्छ ।[३२] जसको रात र दिनमा २१ हजार ६ सय पटक जप हुञ्छ । यसैलाई अजपा गायत्री भनिञ्छ । जुन मोक्षदायिनी हुञ्छ ।[३३] भनिञ्छ प्राण र नाडीको सम्बन्ध विभिन्न क्रियाहरूको अभ्यासद्वारा नाडी शुद्ध हुन जाञ्छ । वायुको यथेष्ट धारणा, नादको अभिव्यक्ति र नाडीसोधन कार्य सम्पन्न हुञ्छ ।[३४] प्राणायामको अभ्यासबाट पवनलाई गगनमा प्रेरित गर्दै घण्टा वाद्यवाद्यनको ध्वनि उत्पन्न हुञ्छ । यसैगरी प्राणायामको उचित अभ्यासले जसरी सबै रोगको नाश हुञ्छ त्यसैगरी अनुचित अभ्यासले सबै प्रकारका रोगहरू उत्पन्न हुन सक्तछन् ।[३५] धारणाको अभ्यासका लागि प्राणायामको उपयोगिता सर्वस्वीकार्य छ । यस प्राणायाममा मुलबन्ध, उड्डीयान बन्ध, साथै जालन्धर बन्ध रहेका छन् ।[३६] विन्दु धारण एवं विन्दुस्थैर्यका लागि यस प्राणायामको उपयोगिता रहेको छ । यसका साथसाथै नभोमुद्रा जस्ता मुद्राहरूको साधनाको नियम छ । यसप्रकार मुद्राबन्ध तथा वेध जस्ता क्रियाहरूसँग प्राणायामको घनिष्ठ सम्बन्ध छ । गोरक्ष सँहितामा महामुद्रा, नभोमुद्रा, खेचरी मुद्रा, योनिमुद्रा तथा उड्डीयान बन्ध, जालन्धर बन्ध र मुलबन्धको वर्णन गरिएको छ । यस प्राणायाममा ॐकार साधना र अजपाजप दुवै अर्न्तभूत रहेका छन् ।

प्रत्याहारको विषयमा योगी गोरखनाथले आफ्ना ग्रन्थहरूमा कैयौँ स्थानहरूमा विवेचना गर्नुभएको छ । गोरक्ष सँहिताका अनुसार चक्षु आदि

---

३१ सिद्धसिद्धान्तपद्धति, २.३५ ।

३२ गोरक्ष सँहिता १.३८-४२, योग मार्तण्ड २७.३० ।

३३ योग मार्तण्ड, ३२-३३ ।

३४ गोरक्ष सँहिता १.९६-१०० ।

३५ उही २.१८-२०, योग मार्तण्ड १०८ ।

३६ योगवीज ११५, ११८, ११९, १२१ ।

आफ्नो विषयमा विचरणद्वारा आहार प्रत्यहार हुञ्छन् । षडङ्ग योगमा चतुर्थ अङ्ग धारणा हो । हृदयमा पञ्चभूतका पृथक-पृथक धारणा तथा मानसको निश्चलत्वको धारणाका कारण यसलाई धारणा भनिञ्छ । यसर्थ पञ्चभूतका कारण धारणा पाँच प्रकारका मानिञ्छन् ।[३७] तान्त्रिक योगका अनुसार यस धारणाबाट कुण्डलिनी योग या षट्चक्रभेद या लययोगको सम्बन्ध बताइएको छ । शब्द ब्रह्म कुण्डलिनीको शरीरमा पञ्चभूतको लय भएका कारण अन्ततः सहस्रारमा परम शिवको लय प्राप्त हुञ्छ । यसर्थ यसलाई लय योग भनिञ्छ । कुण्डलिनी साधना भूतलय र भूतजय दुवै हो । कुण्डलिनीको मूलाधार सहस्रार सम्मको यात्रा आध्यात्मिक यात्रा हो । यसै प्रकरणमा षट्चक्रको पनि विचार गरिञ्छ । योगी गोरखनाथले सिद्धसिद्धान्तपद्धतिमा नौ चक्रहरूको क्रमश उल्लेख गर्नुभएको छ । जस्तो ब्रह्मचक्र, स्वाधिस्थान नाभिचक्र, हृदयचक्र, कण्ठचक्र, तालुचक्र, भुचक्र, ब्रह्मरन्ध्र, निर्वाण चक्र र आकाश चक्र, अन्तिम षोडशदल आकाश चक्रमा पूर्णगिरी पीठ रहेको मानिञ्छ ।[३८] गोरखनाथले गोरक्ष सँहिता र योग मार्तण्डमा पनि चक्रको व्याख्या गर्नुभएको छ । सँहिताका अनुसार सहस्रार सात चक्रहरू स्वीकृत गरिएको छ । जो यसप्रकार छन्ः चार दल मूलाधार स्वाधिष्ठान- छ दल, नाभिचक्र- दशदल, हृदय चक्र- बाह्रदल, कण्ठस्थ चक्र- सोह्र दल र भुचक्र- दुई दल । सहस्रदल कमल विख्यात ब्रह्मरन्ध्र महापथ हो । डा.गोपीनाथ कविराजका अनुसार कुल चक्रहरूको गणना गर्दा त्यसको सँख्या २५ भन्दा पनि धेरै हुञ्छ । चक्रहरूको यो विवरण हठ्योग मत र तन्त्र दुवै भन्दा भिन्न रहेको उनको मत छ । कविराजका अनुसार **ललिता सहस्र नामको भास्कर राय रचित** भाष्यमा दिएको विवरण अनुसार चक्रको सँख्या ३२ रहेको छ । योगीहरूको आ-आफ्नो अनुभवका कारण चक्रको सँख्या विवरण आदिमा भिन्नता रहेको हुन सक्छ ।[३९]

कुण्डलिनी ३ प्रकारका बताइएको छः **उर्ध्व, मध्य, अधः** । भनिञ्छ मध्य शक्तिको प्रवोधन, अधः शक्तिको निकुञ्चन र उर्ध्व शक्तिको निपातले परमपद प्राप्ति हुञ्छ । यर्थाथतामा शक्ति एउटै हुञ्छ । तथापि प्रमेद मात्रले तीन रूपमा

---

३७ गोरक्ष सँहिता, २०५२, ५८, योग मार्तण्ड १४१-१५४ ।

३८ सिद्धसिद्धान्तपद्धति २.१-२ ।

३९ गोरखनाथ नाथसम्प्रदायके परिप्रेक्ष्यमे पृ. १३३ ।

देखिन्छ । यसको स्वरूप सम्बन्धमा भनिएको छ कुँद भन्दा माथि आठ कुण्डलको धारणा गर्ने कुण्डलिनी शक्ति निरामय ब्रह्मद्वार जाने मार्गमा सुख पूर्वक रहन्छ । षडङ्ग योगमा ध्यानको क्रम रहेको छ । ध्यान परमाद्वैत भाव हो । आत्मामा जुन जुन तत्त्वको या पदार्थको स्फुरण हुन्छ उनीहरूको आफ्नो स्वरूप अनुसार भावना व्यक्त हुन्छ । यसकारण ध्यानमा सबै विगत अर्थात् भूतको समदृष्टि हुन जान्छ । ध्यानमा चित्त पूर्णरूपमा निश्चल रहन्छ । यसको सगुण र निर्गुण २ प्रकारका भेदहरू बताइएको छ । **गोरक्षसँहितामा** चक्र स्थानलाई ध्यान योग्य बताइएको छ । यस अतिरिक्त ध्यानको स्थूल र सूक्ष्म भेदको पनि व्याख्या गरिएको छ ।[४०] क्रमश स्थूल ध्यानबाट सूक्ष्म ध्यान अन्तर्गत तेजो ध्यान या ज्योर्तिध्यानको व्याख्या गरिएको छ । यो भेदको **घेरण्ड सँहितामा** व्याख्या गरिएको छ । गोरक्षपद्धतिमा **सकल र निष्कल** ध्यानको व्याख्या गरिएको छ । तत्पश्चात् षडङ्ग योग समाधिको क्रम रहेको छ । समाधि सम्बन्धि पूर्वोक्त विवरणहरूको अतिरिक्त गोरक्ष सँहितामा भनिएको छ: **जीवात्मा परमात्मा एकै हो र सबै प्रकारका द्वन्द्वहरूको एकता हो** । यो अवस्थामा रूप, रस, गन्ध, स्पर्श र शब्दको स्थिति योगीका लागि रहँदैन । त्यो समयमा आफ्नो परकाय केही पनि रहँदैन । यसप्रकार संक्षेपमा गोरक्ष मतका अनुसार षडङ्ग योग साधनाको रूपरेखा बताउन सकिन्छ । उपर्युक्त साधनाका लागि सिद्धगुरूको अनिवार्य आवश्यक्ता हुन्छ । यसकारण गोरखनाथको साधना मार्गमा गुरूलाई अत्यन्त महत्त्व दिइएको छ । **परमपदको समरसीकरण नाथको चरम लक्ष्य हो । यो सिद्ध परमगुरू कृपाबाट प्राप्त हुन्छ । गुरू चरणमा रहनाले स्वसंवेद्य परमपदको सिद्धि सम्भव हुने कुरा बताइएको छ ।** यसै साधनाबाट योगीहरूमा पिण्ड निरुत्थानको अनुभव हुन्छ । तत्पश्चात् समरसीकरणको सिद्धि प्राप्ति हुन्छ । सिद्धसिद्धान्तपद्धतिका अनुसार सिद्ध पुरुष अदैहिक साधनाको आश्रयमा परमपद प्राप्त गर्दछ । यी साधनामा सफलता गुरूको आशिर्वादबाट मात्र हुन्छ । यसकारण सिद्ध परम गुरूभन्दा ठूलो कोही पनि छैन । जसले आफ्नो करुणाको खड्गपात मार्फत साधकका आठ प्रकारका बन्धनहरू छेदन गर्दछन् । गुरूको यो कृपा विश्रान्तिकारक हन्छ । यस प्रकारको क्रियाबाट साधक संयम, आनन्द र मग्न हुन जान्छ । उसको यो क्रिया विश्रान्तिकारक हुन्छ । स्वआत्मगत विश्रान्ति बिना पिण्डपदको

---

४० उही पृ. १३४ ।

परमपदमा समरसीकरण हुन सक्तैन शास्त्र, अनुमान र तर्क आदिलाई भ्रमित पार्ने गुरू गुरू हुन सक्तैन ।[४१]

उपर्युक्त गुण धर्म भएका सिद्ध गुरू प्राप्त गरेर शिष्यले जन्म र साँसारिक बन्धनबाट मुक्त हुन जान्छ । परानन्द भएर शिवत्वको उपलब्धि हासिल गर्दछ । प्रकृतिका सबै विकारहरू अवधुन गर्ने सिद्ध, अवधूत योगी सिद्ध सद्गुरू हुन सक्तछन् । **गोरक्ष सिद्धान्त सङ्ग्रह**मा षोड्क्ष नित्या तन्त्रको उद्धरण दिएर गुरू रूपमा आदिनाथ शिवलाई नमस्कार गरिएको छ । गुरू कृपाद्वारा स्वल्प कल्प मात्रले पनि सहज सिद्धि प्राप्त हुन्छ । यस्ता सिद्ध गुरू **३६ लक्षणले** सम्पन्न हुनुपर्दछ । अधिक तत्त्व भएका कारण नै गुरू मानिन्छ । गुरूभन्दा शिष्य अर्थात् चेलाका **४ लक्षण** कम हुन्छन् अर्थात् चेलामा **३२ लक्षण** आवश्यक मानिन्छ । ३६ भन्दा कम लक्षण भएका व्यक्तिलाई गुरूको रूपमा स्वीकार गर्नु हुँदैन । त्यसैगरी ३२ भन्दा कम लक्षण भएको व्यक्तिलाई शिष्य पनि बनाउनु हुँदैन । **३२ लक्षणका लागि ८ परीक्षा स्वीकार** गरिएको छ । गोरक्ष सिद्धान्त सङ्ग्रहको व्याख्या अनुसार अवधूत सम्प्रदायले बताएअनुसार समग्रमा गोरखनाथको गुरू शिष्यवाद अर्थात् अधिकार भेद्भाव भन्न सकिन्छ ।[४२] गोरखनाथको योग साधनाको दोस्रो महत्त्वपूर्ण सिद्धान्त **पिण्ड ब्रह्माण्डवाद** हो । पिण्ड वर्णन नाथ तथा तान्त्रिकहरूको प्रिय विषय हो । नाथको प्रथम लक्ष्य प्राप्तिका लागि पिण्डज्ञान आवश्यक छ । सिद्धसिद्धान्तपद्धतिका अनुसार जो व्यक्ति **योगी पिण्डमा सम्पूर्ण चराचर ज्ञान प्राप्त गर्दछ त्यसलाई 'पिण्ड संविति'** भनिन्छ ।[४३] पिण्ड अन्तर्गत जे छ त्यो सम्पूर्ण ब्रह्माण्डको संक्षिप्त रूप या प्रतिक हो । यसमा देवता, परमतत्त्व, पाताल ब्रह्माण्ड, कला, वर्ण, उपवर्ण, द्वीप, समुद्र, खण्ड, पर्वत, उपपर्वत, नदी, उपनदी, कुल्य, उपकुल्य, नक्षात्र, राशि, नवग्रह, तिथि, तारा मण्डल, दानव, यक्ष, राक्षस, पिशाच, भूत, प्रेत, कुलनाग, शनकादि मुंनि, मातृशक्ति, उग्र देवता, मेघ, तीर्थ, अनन्त, सिद्ध, चन्द्र, सूर्य, वृक्ष, लता, गुल्म, तृण, कृमि-कीट-पतङ्ग, सुख, दुःख, मुक्ति, शान्ति आदि निवास गर्दछन् । यी सबै व्याख्याहरूलाई महायोगी गुरू गोरखनाथले एक वाक्यमा भन्नुभएको छ 'त्यसप्रकार सबैको

---

४१ उही पृ. १३५ ।

४२ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. १४, ३१-३२ ।

४३ सिद्धसिद्धान्तपद्धति, ३.१ ।

शरीरमा विश्वस्वरूप आदिनाथ, चित स्वरूप परमात्मा, अखण्ड स्वभाव घट-घटमा रहेको छ । यसप्रकार पिण्डसंविति हुन्छ ।[४४] तान्त्रिहरूले जस्तै गोरक्ष साधनामा **पिण्ड ब्रह्माण्डवादलाई** स्वीकार गरिएको छ । यस साधनाका लागि पिण्ड र ब्रह्माण्ड या व्यक्ति अथवा समष्टिको ज्ञानका लागि यसमा समरसत्त्वका लागि गुरूको महत्त्वलाई पूर्ण रूपमा स्वीकार गरिएको पाइन्छ ।

षट्चक्र साधना, नाडी साधना र नादानुसन्धानसँग यस सिद्धान्तको विशेष सम्बन्ध रहेको छ । चक्र, नाडी, वायु आदिको वर्णन वस्तुतः पिण्ड वर्णन हो । यस व्याख्याको विवरणमा यद्यपि अनेक मत भिन्नता राख्दछन् । तथापि **पिण्ड र ब्रह्माण्ड या व्यष्टि र समष्टिको** एकताका विषयमा सबैमा एकमत रहेको छ । यो एकत्व सिद्धान्तको अनुभव गराउनका लागि हठ्योगसँग सम्बन्धित कुण्डलनी योग या लययोगको अभ्यास आवश्यक रहेको छ । यसप्रकार यो **पिण्ड ब्रह्माण्डवाद** योग साधनामा विभिन्न प्रकारको मूलधार हो । साथै यो गोरखनाथको अन्य विचारहरूको पनि मुख्य आधार हो । यस सिद्धान्तका आधारमा गोरखनाथले **ब्रह्माचारको खण्डन** तथा **अन्तससाधनाको मण्डन** गर्नुभएको छ । सहज साधना एवं सहज सिद्धिका साथ समदृष्टि ग्रहण, अहिंसा प्रचार आदिका लागि यही सिद्धान्त उत्तरदायी रहेको छ । संक्षिप्तमा भन्नुपर्दा गोरख साधनाका मूल विन्दु ३ प्रकारका रहेका छन्ः १. हठयोग, प्राणायाम, २. गुरूवाद, ३. पिण्ड ब्रह्माण्डवाद ।

गोरखनाथको साधनाका सम्बन्धमा विभिन्न निष्कर्ष निकाल्न सकिन्छ ।[४५] सबैभन्दा महत्त्वपूर्ण कुरा गोरखनाथको योग साधना र तान्त्रिक योग साधनामा अत्याधिक मात्रामा समानता रहेको छ । दोस्रो **षट्कर्म, प्राणायाम, मुद्रा, आसन, लय योग, ध्यान,** समाधिको साधनका रूपमा स्वीकार गरिएको छ । वस्तुतः तान्त्रिक विन्दु साधनाका सम्बन्धमा गोरखनाथले विन्दुरक्षा र विन्दुस्थैर्यको महत्त्व दिनुभएको छ । तन्त्रमा विन्दुको प्रयोग साधनात्मक महत्त्व पञ्चमकारका विभिन्न अर्थमा स्वीकार गरिएको छ । विन्दु साधनाका विषयमा विभिन्न भ्रमहरू रहेका छन् । तर यसको रहस्य कसैकसैले मात्र जान्दछन् । गोरक्षमत अनुसार **उर्ध्वरेतस हुनु नै सिद्धको एक लक्षण हो** । यस प्रकरणमा वज्रोली,

४४ उही पृ. ३.१ ।

४५ गोरखनाथ नाथ सम्प्रदायके परिप्रेक्ष्यमे पृ. १३६ ।

सहजोली अमरौली आदि साधनाहरू हेर्दा गोरक्ष साधनामा अनेक प्रकारका आशङ्का गर्दछन् यो साधना बौद्ध मत मान्नेहरूले पनि स्वीकार गर्दछन् ।[४६] महायोगी गोरखनाथले नेपालको काठमाडौं नजिक फर्पिङ्गमा पद्मसम्भवलाई योग र तन्त्रको ज्ञान दिनुभएको थियो । जसले पछि तिब्बतमा गएर बुद्ध धर्मको प्रचार प्रसार गरे । मेरो महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा यी कुराहरू विस्तृत रूपमा उल्लेख गरिएको छ । यसर्थ बौद्धहरूले गोरखनाथका यी साधनाहरू ग्रहण गर्नु स्वभाविक हो । तथापि गोरखनाथ विरचित अमरौधशासनम्, सिद्धसिद्धान्तपद्धति, महार्थ मञ्जरी, जस्ता ग्रन्थहरूमा वज्रोली, सहजोली जस्ता साधनाहरूको सङ्केत पाइँदैन । गोरक्ष पद्धति, हठयोग प्रदीपिका जस्ता ग्रन्थहरूको श्लोकको बीचबीचमा उद्धृत गरिएको छ । यी साधनाहरूको उल्लेख पहिलो अध्यायमै पाइञ्छ । समग्रमा गोरखनाथको साधनामा ब्रह्मचर्यपालन, विन्दु रक्षा, संयम, हठयोग, राजयोग, पिण्डब्रह्माण्डवाद र गुरूवादको महत्त्व रहेको छ । लक्ष्यको दृष्टिकोणमा पिण्ड सिद्धि र नाथ स्वरूपेणावस्थानम्लाई स्वीकार गर्न सकिञ्छ । समग्रमा महायोगी गुरू गोरखनाथको साधना योग ज्ञान अथवा योगयुक्त ज्ञान भन्न सकिञ्छ ।[४७]

संस्कृत ग्रन्थहरूमा नाथयोगः

नाथ सम्प्रदाय र नाथयोग दुवैको तान्त्रिक योगसँग घनिष्ठ सम्बन्ध रहेको छ । नाथ योगीहरू शैव थिए । तथापि पाशुपत शैव पनि भनिञ्छ, आगमिक शैवमा पनि पर्याप्त रूपमा सम्मानका साथ पुजिञ्छ । आगमिक शैवमा तान्त्रिक साधना प्रचलित छ । नाथमा **शिव सङ्गीनी गौरी**को पूजा प्रचलित छ । यसकारण योगीहरूलाई कतिपयले शाक्त माञ्दछन् । योनी लिङ्गको पूजालाई तन्त्रमा शिव र शक्तिको प्रतिकका रूपमा लिइञ्छ । डा.सुरेन्द्रदास गुप्तका अनुसार पहिला शैवहरूले आफ्नो सिद्धान्त अनुसार योग साधनाको विकास गरे । त्यही क्रियाको अर्को विकसित रूप **मन्त्र योग**का रूपमा हुन गयो । दोस्रो हठयोगका रूपमा भयो । यो दोस्रो विकास प्रक्रियाले प्राण नियमनलाई मुख्य जोड दिँदै शरीरका अङ्गहरूलाई नियन्त्रण गर्ने प्रयासका विभिन्न अभ्यासहरू त्यसमा समावेश

---

४६ उही पृ. १३६ ।
४७ उही पृ. १३७ ।

गरियो । मन्त्रयोग, राजयोग, लययोग, हठयोग आदिद्वारा तान्त्रिक पूजा उपासना साधनाको विकास प्रभावित भयो ।[४८] योगीको आफ्नो विशेष हठयोग हो । नाथ संस्कृत साहित्यका दर्शनका आधारमा योगको निरूपण विद्वान्हरूले बिस्तारै गर्दै आइरहेका छन् । तान्त्रिक साधनाको प्रभावको पुष्टि नाथ योगीहरूको प्राण ग्रन्थद्वारा हुञ्छ । आफ्नो सैद्धान्तिक मान्यतालाई प्रमाणित गर्नका लागि गोरक्ष सिद्धान्त सङ्ग्रहलाई विभिन्न तान्त्रिक ग्रन्थहरूमा प्रमाणका रूपमा पेस गरिएको छ । नाथहरुले तन्त्रको रचना गरे यसको पुष्टि **षोड्स नित्यातन्त्रले** गर्दछ । **तान्त्रिक अनुष्ठानको फल योग** हो । फरक के छ भने तान्त्रिकहरूको अनुष्ठान बहिरङ्ग हुञ्छ । तत्पश्चात् अवधूत पद प्राप्तिको लागि योगीहरूले अर्न्तपूजन या सूक्ष्म शक्ति कुण्डलिनीको पूजा गर्दछन् । यसरी तान्त्रिकको तात्पर्य अवधूत हो ।[४९] नाथ मतका अनुसार सबैले सृष्टिको प्रक्रियालाई मान्दछन् ।

नाथ मतले पारमार्थिकि प्रक्रिया मान्दछ । यो प्रक्रिया तन्त्र अनुमोदित रहेको छ । तन्त्रका अनुसार **आदिनाथ शिव, भैरव, श्रीकण्ठ, ईश्वर, रुद्र, विष्णु, ब्रह्माको क्रमलाई स्वीकार गरिएको छ** । यही नै योग सम्प्रदायको रीति हो । यो परमार्थिकी प्रक्रिया योगबाट आएको हो । यी सबैको कारण योग हो ।[५०] यसकारण **नाथ पाशुपत शैव परम्परामा** थिए । दोस्रो मत अनुसार पाशुपत शैव तथा नाथको साधना सादृश्य छ तथापि उसको सम्बन्ध तन्त्रसँग पनि छ । यसकारण नाथ **धर्ममा तन्त्र र शैवको समिश्रण** भन्नुपर्दछ । मूलतः नाथहरू शैव हुन् । तन्त्रको पिण्ड र ब्रह्माण्ड एकत्वको अनुभूतिको साधना तथा शक्ति पूजा नाथमा प्रचलित रहेको छ । शारदा तिलक नामक तन्त्र ग्रन्थमा यन्त्र, मन्त्र, चक्र, कुण्डलिनी र पाशुपत दर्शनको वर्णन पाइञ्छ । मुक्तिको प्रथम तत्त्व प्रसाद हो । यसलाई नाथ अथवा काश्मीर **शैवद्वैत** मतमा शक्तिपात भनिञ्छ । तन्त्रमा दिव्य साधकलाई कौल भनिञ्छ । कौल नीति नाथ नीति हो ।[५१] राजयोग, ज्ञानयोग, समाधि योगका साथ हठयोग र कुण्डलिनी योगको विचार र समन्वय नाथमा पाइञ्छ । तन्त्रमा गुरूदेवत्व स्वीकार्य छ । गुरू शिष्यवादका साथसाथै तन्त्रका

---

४८ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, विश्वविद्यालय प्रकाशनः वाराणसी, ई.सं. १९६५, पृ. २६४ ।

४९ उही पृ. २६६ ।

५० उही पृ. २६६ ।

५१ नाथ सम्प्रदायेर इतिहास दर्शन और साधना प्रणाली पृ. २६४- २६५ ।

अन्य साधना पद्धतिहरूमा दोस्रो सिद्धान्त पनि संलग्न छ त्यो हो अधिकार भेदवाद । यस सिद्धान्तमा सिद्ध अवस्था या सिद्धहरूको लक्षण पनि अर्न्तगर्भित रहेको छ । **नाथ साधनाको शुरुवात गुरूतत्त्वबाट हुन्छ** । गुरूतत्त्वलाई योग साधनामा अति घनिष्ठ सम्बन्धका रूपमा स्वीकार गरिएको छ । साधकलाई यसमा विभिन्न रहस्यमय अपरिचित तथा कठिन मार्गमा चल्नु पर्दछ । जसमा आंशिक असावधानी तथा अज्ञानताले शिष्य रुग्ण हुने या उसको प्राण हानी हुने सम्मको आशङ्का रहन्छ । भनिन्छ अशौच, उदयक्रिया, स्वभावज्ञान, अभ्यास, आसन, वैराग्य, अनाहार, प्राणधारण, मुद्रा, कायाक्लेश, जप, तप, ध्यान, तीर्थसेवन, देवार्चन, भक्ति, आश्रमपालन, षट्दर्शन, केशधारण, मुण्डन आदि दैहिक साधनाले परमपद प्राप्ति हुन सक्तैन ।[५२] सिद्ध पुरुषले अदैहिक साधनको आश्रय मार्फत् परमपद प्राप्ति गर्दछ । यो सिद्धगुरूको कृपाबाट मात्र सम्भव छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा गुरूमा कुन कुन लक्षण अधिक छन् केही पनि बताइएको छैन । सर्वप्रथम यसरी भनिएको छ ती अवधूत मतमा, नादक्रम, शिष्यक्रम, महागायत्री, योग शास्त्र, तदुत्पन्न तन्त्र शास्त्रको क्रम र शिक्षा चलिरहन्छ उपर्युक्त शिष्य लक्षण या गुरूलक्षणमा ध्यान दिएर त्यसैको आधारमा उपदेश प्राप्त गर्ने र साधना क्षेत्रमा प्रवेश गर्ने अधिकार प्रदान गरिएको छ ।[५३]

तन्त्रमा साधना गर्ने समय विशेष गरेर **षट्चक्र साधना**मा बताइएको छ । आज्ञा चक्रसम्म साधकलाई गुरूको आवश्यक्ता पर्दछ । तत्पश्चात् ऊ आफ्नो अभ्यास शक्ति र आत्मशक्तिले आज्ञा चक्रमा मनोलय पछि अग्रसर हुन्छ । त्यतिबेला गुरू र चेलामा भेद रहँदैन । गुरू शिष्यवादसँग सम्वद्ध साधनाको दोस्रो तत्त्व **अधिकार भेदवाद** हो । सबै प्रकारका साधनामा साधक उर्ध्वगमनको क्रममा हुन्छन् क्रमानुसार साधक अग्रसर हुँदै जान्छ । **तान्त्रिकमा भावत्रय र सप्ताचारको व्यवस्था छ । नाथमा सप्ताचारको व्यवस्था देखिँदैन** । तर भावत्रयको सम्बन्धमा जतातते सङ्केतहरू पाइन्छ । **पशु, वीर, दिव्य** नामक प्रयोग मिल्दछ तर त्यसका लक्षण र व्याख्याहरू उपलब्ध छैनन् । गुरू शिष्य अवधूतको लक्षणको जुन परिचय दिइएको छ त्यसका आधारमा नाथको अधिकार भेदवादको केही अनुमान गर्न सकिन्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा शिष्यको परीक्षाको सम्बन्धमा जुन

---

५२ उही पृ. २६८ ।

५३ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ५६-५७ ।

क्रम दिइएको छ त्यसमध्ये अन्तिम २ वटा परीक्षामा उत्तिर्ण हुन अत्यन्त कठिन हुञ्छ। पहिलो ६ परीक्षामा जुन २४ गुणहरूको परीक्षाको विषयमा भनिएको छ त्यो नाथ साधना अन्तर्गत संयम समान छ। त्यसमा यम, नियम अन्तर्गत आउने कैयौ संयम, आचार र अभ्यास प्रतित हुन जाञ्छ। **सातौं परीक्षाको गुण प्रथम ६ परीक्षा**का गुणहरूलाई आयात गरेपछि मात्र प्राप्त हुञ्छ। **शून्य परीक्षा**मा यस्तो अनुभव हुञ्छ कि शिष्यको योग्यता समाधिको अनुकुल छ या छैन यसको ध्यान राख्नुपर्दछ। शिष्य क्रमश ३२ लक्षणले युक्त भएर साधना क्षेत्रमा अग्रसर हुञ्छ अन्ततः स्वयं ३६ लक्षणले युक्त भएर साधना क्षेत्रमा अग्रसर हुञ्छ। र, ३६ लक्षणले सम्पन्न भएर अवधूत योगी पद प्राप्त गर्दछ। यो पद प्राप्त गर्ने व्यक्ति नै सिद्ध हुन सक्तछन्। साध्य वा लक्ष्य स्वरूपको निर्णय भएपछि तदनुकुल साधना पद्धतिको विचार गर्न सकिञ्छ। नाथ **मार्गमा परमपद** नाथ हो। **गोरक्ष सिद्धान्त सङ्ग्रहले 'नाथस्वरूपेणा बस्थानम्'** लाई लक्ष्य रूपमा स्वीकार गरेको छ।[५४] यस ग्रन्थले अधिकांशत सिद्धसिद्धान्तपद्धतिका सिद्धान्तलाई अनुसरण गरेको छ। जस अनुसार **समरसीकरण**का लागि **गुरूकृपाद्वारा पिण्ड संविति**का लागि शुद्ध या दिव्य देहको आवश्यक्ता पर्दछ। गुरूकृपा बिना सिद्धदेहको लक्ष्य सिद्धि हुन सक्तैन। यसकारण नाथमार्गमा यो कार्यसिद्धि आवश्यक मानिएको छ जसको **लक्ष्य समरसीकरण** हो। निराकार, साकार, निर्गुण, द्वैत, अद्वैत आदिभन्दा पर सर्वातीत स्वसंवेद्य अनुभवगम्य तत्त्व नाथ पद हो। यस पदलाई अर्निवाच्य तथा स्वात्म प्रकाश रूप भनिञ्छ। यो निश्चल, निर्मल, शान्त, सर्वातीत र निरामय छ। अहङ्कारयुक्त, सुख-दुःखयुक्त, जीवनभावानुकुल, काम-क्रोध, लोभ, भय, चिन्ता, मोह, मद, जरा, मृत्यु, कार्पण्य, शोक, निद्रा, क्षुधा, तृषा, द्वेष, हर्ष, विषाद, जाग्रति, स्वप्ना, सुषुप्ति, शङ्का, गर्व आदि दोषले सर्वथा मुक्त शिवतत्त्व हुञ्छ।[५५] नाथ मत अनुसार मोक्ष त्यो अवस्थालाई मानिञ्छ जसको समाधिका क्रममा मनद्वारा मनको अवलोकन हुञ्छ त्योभन्दा अगाडि जीवन मुक्ति हुञ्छ।[५६]

पिण्ड वर्णन नाथ तथा तान्त्रिकको प्रिय विषय हो। नाथ तथा तन्त्रको पिण्ड ब्रह्माण्ड एकत्ववादको सिद्धान्त मान्य छ।[५७] नाथको उपर्युक्त लक्ष्य प्राप्तिका

५४ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. १०।

५५ योग वीजम् श्लोक १०, ११, १३-१७।

५६ अमरधौशासनम् पृ. ९।

५७ उही पृ. १२, १३।

लागि पिण्डज्ञान आवश्यक छ । सिद्धसिद्धान्तपद्धतिमा भनिएको छ- योगीको पिण्डगत नवचक्र, षोडश आधार, तीन लक्ष्य, पञ्चम व्योम अवश्य पनि जान्नुपर्दछ । महायोगी गोरखनाथले भन्नुभएको छ- योगी पिण्डगत एकस्तम्भ, नवद्वार, पञ्चदेवता आदिलाई जान्दैनन् । किनकि उनीहरूले सिद्धि प्राप्त गर्न सक्तैनन् ।[५८] जो व्यक्तिले योगी पिण्डमा सम्पूर्ण चराचर जगतको ज्ञान प्राप्त गर्दछ त्यसलाई पिण्ड संविति भनिञ्छ । पिण्ड अन्तर्गत जे छ त्यो सम्पूर्ण ब्रह्माण्डको संक्षिप्त रूप या प्रतिक हो । दुई प्रकारका देह हुञ्छन् । त्यसमध्ये **अपक्व देह योगहिन** हुञ्छ । **अपक्व देह शितोष्ण सुख, दुःख** आदि विषयहरूले पिडित रहञ्छ । यस्तो देह मृत्युपछि जसको जसको भावनाको मोह राख्दछ त्यस्तै योनीमा अगाडि जन्म लिञ्छ । यदि अहङ्कारलाई नाश गरिदियो भने त्यो पिडित शरीर नष्ट हुन जाञ्छ । यस्तो शरीरको विजयको एकमात्र उपाय योग हो । योग अग्निबाट सप्त धातुमय तथा महाभूत निर्मित शरीर दग्ध हुन जाञ्छ । यसप्रकार स्थूलभन्दा पनि स्थूल, जडभन्दा पनि जड शरीर, सूक्ष्म भन्दा पनि सूक्ष्म बन्न जाञ्छ ।[५९] यस्तो योगसाधना बलले **परिपक्व देह**ले मृत्यु प्राप्त गर्दैन । **पोख्त ज्ञानी अन्त्यमा शरीरद्वारा नै विजित हुञ्छ** । तर ज्ञानबिना योग सिद्ध हुँदैन । यसप्रकार नाथयोगीको लक्ष्य **नाश नहुने अमर अविनाशी शरीर**को प्राप्ति हो । जसको बाहिर प्राण नजाओस् । शरीरले ब्रह्मत्वको प्राप्त गर्नु हो । यो पिण्ड सिद्ध परम पदको अनिवार्य सोपान हो । समग्रमा नाथको लक्ष्य **जीवनमुक्ति युक्त सिद्ध देहको नाथरूप अवस्थान** या पिण्डरूपको परमपदमा समरसीकरण हो । **परिपक्व देह या सिद्ध देह**को प्राप्तिका लागि योग नै प्रमुख उपाय हो । यो नाथ योगको तान्त्रिक योगसँग घनिष्ठ सम्बन्ध छ । नाथ योगीहरूले हठयोगलाई मुख्य मान्दछन् । योग तत्त्वपनिषद्का अनुसार चार प्रकारका योगहरूमा हठयोग पनि एक हो । योगको स्थूल र सूक्ष्म दुई प्रकारका भेदहरूलाई स्वीकार गर्दा हठयोगलाई स्थूल र समाधि योगलाई सूक्ष्म भेद अन्तर्गत राख्न सकिञ्छ । हठयोग मार्फत् राजयोगको सिद्धि हुञ्छ । **घेरडसँहितामा प्राणायामको अत्याधिक महत्त्व रहेको छ** । यसलाई नाडी सुद्धि पनि भनिएको छ । प्राणायाममा साधनाका लागि विस्तारसँग संयम र नियमको उपदेश दिइएको छ । तान्त्रिकहरूको षट्चक्र भेदमा हठयोगको बिनियोग रहेको छ । यो पनि भनिएको छ **मन, प्राण र वीर्यमा**

५८ गोरक्ष सँहिता, १.१३-१४ ।

५९ योगवीज श्लोक ३४, ३५, ३७, ४० ।

कुनै एउटालाई मात्र नियन्त्रण गर्दा शेषपनि नियन्त्रण हुन जान्छ । **प्राण चञ्चल हुँदा मन चञ्चल रहन्छ । मन चञ्चल हुँदा शुक्र चञ्चल हुन्छ ।** यसकारण **प्राण संयम** आवश्यक छ । **मन्त्रयोग, लययोग र राजयोगमा** प्राणायामलाई एउटा सहायकका रूपमा स्वीकार गरिएको छ । तथापि हठयोगलाई प्रमुख रूपमा मोक्ष उत्पादक मानिन्छ ।[६०] **हठयोग, कुण्डलिनी योग या लययोग पञ्चभूत सुद्धिका सहायक साधन** हुन् । स्थूल शरीरको संयम सूक्ष्म शरीर र उसको भाव विचारले वासनालाई प्रभावित गर्दछ । प्राण अधिभूत तत्त्व हो । यसकारण प्राणायाम या हठयोग आधि भौतिक साधना हो । सबै योग साधनाको समिक्षा गर्दा निष्कर्षमा के भन्न सकिन्छ भने योगका दुई धाराहरू छन्- **१. ध्यान योग या भावा योग, २. कुण्डलिनी योग** । यी दुवैमा भेद रहेको छ । पहिलोमा **समाधिको प्राप्ति ज्ञानको क्रिया ज्ञानद्वारा** हुन्छ । तथापि ध्यान योगी हठयोगी जस्तो स्थूल या भौतिक शरीरसँग सम्बन्धित हुँदैन एक सफल ध्यान योगीको शरीर र स्वास्थय क्षीण, दुर्वल, अल्पायु र रोगी हुन सक्तछ । उसको मृत्युको निश्चय ऊ स्वयं होइन उसको शरीरले गर्दछ ।[६१] उसले आफ्नो इच्छाले शरीर त्याग गर्न सक्तैन । उसले साँसारिक र शारीरिक पिडाबाट मुक्ति केवल मृत्यु भएपछि मात्र प्राप्त गर्न सक्तछ ।

तर हठयोगको **सामान्य क्रियाद्वारा सिद्ध देह या परिपक्व देह** प्राप्त हुन सक्तछ । मानव साधनाको लागि यो सिद्ध देह सबैभन्दा उपयुक्त र उचित माध्यम हो । हठयोगले एउटा यस्तो शरीर प्राप्त गराउँदछ जो वज्रलौह समान कठोर र स्वस्थ, रोगमुक्त र दीर्घायु रहन्छन् । हठयोग शरीरको स्वामी हुँदाहुँदै जीवन र मृत्यु दुवैको स्वामी हो । उसको **मृत्यु ईच्छामृत्यु** हुन्छ । नेपालमा पछिल्लो चरणमा **सिद्ध राष्ट्रगुरू योगी नरहरिनाथको ईच्छामृत्यु** हो । विद्वान्हरूले परीक्षा मार्फत् निष्कर्ष निकालेका छन् कि नाथ योगीहरूले हठयोग या त्यसबाट प्राप्त सिद्धिलाई लक्ष्यका रूपमा स्वीकार गरेका छैनन् ।[६२] हठयोगको अति प्रसिद्ध र सर्वमान्य ग्रन्थ हठयोग प्रदीपिकामा भनिएको छः राजयोगमा आरुढ हुनका लागि हठयोग विद्याको अभ्यास गर्नुपर्दछ । राजयोगले सर्ववृत्ति निरोध गर्दछ

६० नाथ और सन्त साहित्य, पृ. २७३ ।

६१ उही पृ. २७४ ।

६२ अक्षयकुमार वनर्जी, नाथ योग पृ. १९ ।

जसलाई **असंप्रज्ञात योग** भनिञ्छ ।[६३] तान्त्रिकहरूले जस्तै नाथ साधनामा पनि पिण्डब्रह्माण्डवादलाई स्वीकार गरिएको छ । अर्थात् यस साधनाका लागि पिण्ड र ब्रह्माण्डमा व्यष्टि र समष्टिको ज्ञानका लागि यसको समरसत्त्वका लागि गुरूको महत्त्वपूर्ण भूमिका स्वीकारिएको छ । षट्चक्र साधना र नाडी साधनासँग यस सिद्धान्तको विशेष सम्बन्ध रहेको छ । चक्र, नाडी, वायु आदिको वर्णन वस्तुत पिण्ड वर्णन हो । यस वणर्नको विवरणमा सबै मतहरू भिन्न छन् । तर पिण्ड र ब्रह्माण्ड या व्यष्टि र समष्टिको एकताका विषयमा सबैको एकमत रहेको छ । यस एकत्व सिद्धान्तको अनुभव गराउनका लागि हठयोगसँग समन्वय गरेको **कुण्डलिनी योग या लययोगको अभ्यास** आवश्यक छ । **प्राणायाम साधना** तथा तत्पश्चात् **कुण्डलिनी योग साधना** पातञ्जल योगका क्रमशः प्रक्रिया छन् । ती हुन् ध्यान र समाधि । अत हठयोग जस्तै नाथ योगका अनुसार धारणा, ध्यान र समाधिको अवस्थासम्म पुग्न सोपानवत् सम्झनु पर्दछ ।

यसप्रकारको योगाभ्यासको सुरुवातका लागि संयमको नियम विधान नाथाचार्यहरूले गरेका छन् । घेरण्ड सँहितामा जस्तै स्वात्मराम रचित हठयोग प्रदीपिकामा हठयोगको अभ्यास सुरु गर्नुभन्दा पहिले आहार, अपथ्य, पथ्य, भोजन आदिका सम्बन्धमा संयम र पालनाको उपदेश दिइएको छ । त्यसमा भनिएको छ ब्रह्मचारीले मिताहारी योगीले छिटो सिद्धि प्राप्त गर्न सक्तछन् । योग अभ्यासको समयमा **बह्निसेवन, स्त्रीसेवन** तथा **मार्गसेवन** गर्नुहुँदैन ।[६४] योगाभ्यास प्रतिबन्धको विवरणमा भनिएको छ- अत्याहार, परिश्रम, प्रजल्पन या बहुभाषण, यमग्रह अथवा स्नान, रातीमा भोजन, फल आहारको नियम ग्रहण, जनसङ्गम, चञ्चलता यी ६ योग अभ्यास प्रतिबन्धक छन् । यसैगरी योग साधनको विवरणमा उत्साह, साहस, धैर्य, तत्त्वज्ञान, निश्चय, जगसँग परित्याग यी ६ को गणना गरिएको छ ।[६५] तत्पश्चात् संक्षिप्त रूपमा नियमको व्याख्या गरिएको छ । जस अनुसार यममा **मिताहार** मुख्य रहेको छ भने नियममा अहिँसा प्रमुख रहेको छ । तथापि हठयोग प्रदीपिकामा यम नियम सम्बन्धमा संक्षिप्त श्लोकमा अहिँसा र मिताहार दुवै यममा अर्न्तगणित छ । यो यम नियम पतञ्जलीको प्राचीन अष्ट्यङ्ग

---

६३ हठयोग प्रदीपिका १.१ तथा टिका श्लोक २ तथा टिप्पणी ।

६४ हठयोग प्रदीपिका १.५७-६३ ।

६५ उही पृ. १.१५-१६ ।

योगमा पनि अन्तर्गणित रहेको छ । नाथ योगीहरूले आफ्नो योगलाई षडङ्ग योग भञ्दछन् । जसअन्तर्गत आसन, प्राणसंरोध अर्थात् प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिको गणना गरिएको छ ।[६६] यी साधनाबाट प्राप्त फल परिणामहरू पनि फरक फरक रहञ्छन् । आसनबाट मरुतको हनन । प्राणायामबाट पातकको नाश । प्रत्याहारबाट मानस विकारको नाश । धारणाबाट मानस धैर्यको प्राप्ति । समाधिद्वारा मोक्ष प्राप्ति हुञ्छ ।[६७] **घेरण्ड सँहिताका अनुसार तान्त्रिक सप्ताङ्ग योगका अङ्ग** र त्यसका साधनबाट प्राप्त हुने फल उपर्युक्त अङ्ग र फलहरूभन्दा भिन्नै छन् । ती अङ्गहरू हुन्: षट्कर्म, आसन, मुद्रा, प्रत्याहार, प्राणायाम, ध्यान, समाधि, यिनीहरुमा क्रमशः सोधन, दृढता, स्थिरता, धैर्य, प्रत्यक्ष निर्लिप्त र मुक्तिको प्राप्ति बताइएको छ ।[६८] यसमा यम नियम समावेश गरिएको छैन । नाथ साधना सम्बन्धमा यम नियमको अनुपस्थितिमा अक्षयकुमार वनर्जीका अनुसार नाथले पातञ्जल योगको यम, नियम अन्तर्गत गणना गरिएको संयमता सबै सामान्य मानिसहरूमा अनिवार्य मानिञ्छ । यसर्थ यसलाई अङ्गका रूपमा स्वीकार गरिदैन । यो नैतिक ब्रह्मचर्य सम्बन्धी आचार र संयम सहित योगमा दीक्षित अदीक्षित सम्पूर्ण व्यक्तिहरूका लागि आवश्यक छ ।[६९] हजारीप्रसाद द्विवेदीले नाथ योगका अङ्गहरूको सँख्याको सम्बन्धमा दुइप्रकारका विधितर्फ सङ्केत गरेका छनः पहिलो **गोरखनाथको पूर्ववर्तिनी हो** जसको उद्देश्य **मृकण्डपुत्र मार्कण्डेय** आदिले गरेका थिए, दोस्रो गोरखनाथद्वारा उपविष्ट छ । गोपीनाथ कविराजका अनुसार पहिलो विधि सबै आठ अङ्गहरूलाई स्वीकार गरिएको छ । जो पातञ्जल योगका आठ अङ्गहरूका रूपमा स्वीकार गरिएको छ । गोरखनाथ विधिमा केवल अन्तिम ६ अङ्गहरूलाई मात्र स्वीकार गरिएको छ । हजारीप्रसाद द्विवेदीका अनुसार यो फरकपना त्यति मान्य छैन । हठयोग ग्रन्थमा अष्टाङ्ग योग र षडङ्गयोगको कुरा आउँछ । त्यसैगरी गोरक्ष शतकमा षडङ्ग योगको विषयमा लेखिएको छ भने सिद्धसिद्धान्त सङ्ग्रहमा अष्टाङ्ग योगको विषयमा ।[७०]

---

६६ गोरक्ष सँहिता, १.७: योग मार्तण्ड श्लोक २ ।

६७ योग मार्तण्ड, श्लोक १०२ ।

६८ घेरण्ड सँहिता, श्लोक ९.११ ।

६९ नाथयोग, पृ. १८ ।

७० नाथ सम्प्रदाय, पृ. ११२४ ।

यद्यपि सिद्धसिद्धान्त सङ्ग्रहमा यम र नियम सहित अष्टाङ्ग योगको विषयमा व्याख्या गरिएको छ । त्यसमा यम नियमको विस्तृत विवरण छैन । षडङ्ग योगका सम्बन्धमा जति पनि ग्रन्थहरूमा समावेश गरिएका विचारहरू छन् ती सबै महायोगी गोरखनाथ रचित र विरचित मानिञ्छ । गोरखनाथ विरचित सिद्धसिद्धान्तपद्धतिमा अष्टाङ्ग योगको परियच दिइएको छ । जसमा यम नियमको गणना गरिएको छ । यसबाट के कुरा स्पष्ट हुञ्छ भने गोरखनाथको दृष्टिकोणमा योगका लागि यम नियम आधार स्वरूप रहेको छ । यहाँ जुन यमनियमको सङ्केत पाइञ्छ त्यो पातञ्जल योगको लक्षणभन्दा भिन्न रहेको छ । यम नियमको विस्तृत परिचय **हठयोग प्रदीपिका**मा पाइञ्छ । त्यसमा यमका दश प्रकार मानिएको छ । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, क्षमा, धृति, दया, आर्जव, मिताहार, शौच । यसैगरी नियम दश प्रकारका छन्: तप, सन्तोष, आसतिक्य, दान, ईश्वर पूजन, सिद्धान्तवाक्य श्रवण, ह्री, मति, जप होम ।[७१] अक्षयकुमार वनर्जीको अनुमान अनुसार नाथ योगीहरूले आफ्नो षडङ्ग योगमा यम, नियमलाई गन्दैनन् तथापि हठयोग साधनाको प्रारम्भिक अभ्यासका लागि अत्यधिक महत्त्व दिइएको छ । पतञ्जलीद्वारा प्रस्तुत पाँच प्रकारका यम साथै पाँच प्रकारका नियमको स्थानमा दश यम र दश नियमलाई स्वीकार गरिएको छ ।[७२] दशांग यम नियम तान्त्रिकहरूलाई पनि स्वीकार्य छ । शारदा तिलकमा सबै श्लोकहरू पाइञ्छ जसलाई हठयोग प्रदीपिकामा उद्धृत गरिएको छ । उक्त श्लोकहरूमा दशांग यम नियमहरूको व्याख्या गरिएको छ ।

यम निमयको अभ्यासपछि हठयोगको वास्तविक आरम्भ हुञ्छ । यद्यपि हठयोगको मूल तत्त्व प्राणायाम हो । आसन स्थिर र सिद्ध भएपछि प्राणायामको विधान निश्चित गरिएको छ । हठ शब्दको कैयौँ प्रकारले व्याख्या गरिएको छ । हठयोग प्रदीपिका उद्धृत **सिद्धसिद्धान्तपद्धति**का अनुसार 'हठ' शब्दका दुई अक्षरहरूमा 'ह'को अर्थ सूर्य तथा 'ठ'को अर्थ चन्द्र बताइएको छ । सूर्यचन्द्र योगकै कारण यसलाई हठयोग भनिञ्छ । यसैगरी 'ह' र 'ठ' लाई प्राण अपान वाचक मानेर प्राणायामलाई हठयोग पनि भनिएको छ ।[७३] यसैगरी सूर्यलाई नाडी

---

७१ हठयोग प्रदीपिका, पृ. १६-१७ ।

७२ अक्षयकुमार वनर्जी: नाथयोग, पृ. १९ ।

७३ हठयोग प्रदीपिका १.१ तथा उसको टीका ।

र चन्द्रलाई चन्द्र नाडीको वाचक पनि मानिन्छ । सूर्य नाडीको दक्षिणाङ्गलाई चन्द्र नाडीको वामाङ्ग बताइएको छ । सूर्य नाडीलाई पिङ्गला पनि भनिन्छ । यसर्थ चन्द्र नाडीलाई ईडा सम्झनु पर्दछ । यसप्रकार यी **दुवैको योगलाई हठयोग** भनिन्छ ।[७४] **योग वीजमा** योगका कैयौं परिभाषाहरू पाइन्छ । भनिन्छ अपान र प्राणयोग रजस्, साथै रेतस्को योग सूर्य चन्द्रको योग, जीवात्मा र परमात्माको योग हो । यसकारण द्वन्द्वजालको संयोग नै योग हो । कतिपय विद्वान्हरूका अनुसार यस योगबाट हठात् सिद्धि मिल्ने भएका कारण यसलाई हठयोग भनिन्छ । हठयोग प्रदीपिका तथा अन्य ग्रन्थहरूको व्याख्याबाट यो स्पष्ट हुन्छ कि **हठयोगमा प्राणायामनै प्रमुख हुन्छ** । अन्य विवरणहरूलाई हेर्ने हो भने नाथ योगीहरूको प्रमुख स्थान आसनलाई दिइएको छ ।[७५] **गोरक्ष सँहिता** तथा **अन्य योग ग्रन्थ**हरूमा आसनको सँख्या जति जीव जातिहरू छन् त्यतिनै बताइएको छ । यसमा ८४ आसनहरू विशेष छन् । ती मध्येमा सर्वोच्चतम आसन सिद्धासन र कमलासन हो । महायोगी गुरू गोरखनाथका प्रसिद्ध ग्रन्थहरूमा उपर्युक्त आसनको विस्तृत व्याख्या गरिएको पाइन्छ । हठयोग प्रदीपिका तथा तान्त्रिक ग्रन्थहरूमा स्वस्तिक, गोमुख, वीर, कूर्म, कुक्कुट, उत्तान, धनु, मत्स्येन्द्र, पश्चिमोतान, मयुर, शव, सिंह, भद्र, पद्यम आदि मुख्य आसनहरूको व्याख्या पाइन्छ । **हठयोग प्रदीपिका**मा सिद्धासनलाई अति महत्त्वपूर्ण आसन मानिन्छ । यसको **वज्रासन, मुक्तासन, गुप्तासन** आदि नामहरू छन् । यिनमा प्रत्येक आसनका अलग अलग गुण रहेका छन् । सबै आसनका सामान्य गुणहरू छन् जसबाट आरोग्य र अङ्गलाधव प्राप्त हुन्छ ।

षडङ्ग योगको दोस्रो अङ्ग **प्राणायाम** हो । जो सर्वाधिक महत्त्वपूर्ण मानिन्छ । प्राणायामको घनिष्ठ सम्बन्ध **नाडीसोधन**सँग रहेको छ । पिण्डमा भेदमाथि नाभीको तल पंक्षीको आकारमा कन्दयोनी रहेको छ । जहाँबाट नाडी उत्पन्न हुने गर्दछ । यी नाडीहरूको सँख्या ७२ हजार बताइएको छ जसमा ७२ प्रमुख छन् । यसमा १० नाडी प्राणवाहिनी प्रधान रहेका छन् । यिनीहरूको नाम इडा, पिङ्गला, सुषुम्ना, गान्धारी, हस्तिजिह्वा, पूषा, यशश्विनी, अलंबुषा, कुण्ड तथा शंखिनी हुन् । इडा नाडी वाम भागमा, पिङ्गला दक्षिणमा, सुषुम्ना मध्ये देशमा,

---

७४ उही पृ. ३.१५ ।

७५ योगवीजम् १.८९-९० ।

गान्धारी वाम चक्षुमा, हस्तिजिह्वा दक्षिण चक्षुमा, पूषा दक्षिण कर्णमा, यशश्विनी वामकर्णमा, अलंबुषा आननमा, कुण्ड लिङ्ग देशमा, शंखिनी मूल स्थानमा रहेको मानिञ्छ। यसैगरी दश द्वारलाई आश्रय गरेर यी नाडीहरू पिण्डमा रहञ्छन्। **अमरौधशासनम्**मा 'कुण्ड'को स्थानमा 'कुहू' नाडीको नाम दिइएको छ।[७६] **दश द्वार** रहेका छन्। दुई नासिकाका छिद्र छन्। दुई लोचनरन्ध्र, दुई कर्णरन्ध्र, दुई मुखरन्ध्र, दुई उत्सर्गरन्ध्र रहेका छन्।[७७] गोरक्ष सँहितामा दश द्वारको स्पष्ट रूपमा व्याख्या गरिएको छ। त्यसमा भनिएको छः ईडा, पिङ्गला र सुषुम्ना, प्राण मार्गमा आश्रय गर्दछन्। यिनका देवताहरूमाः सोम, सूर्य र अग्नि रहेका छन्। सिद्धसिद्धान्तपद्धतिमा केवल नौ नाडीहरूलाई प्रमुख मानिएको छ।[७८] त्यसैगरी व्याख्या गरिएको छ इडा र पिङ्गला नासाद्वारमा बग्दछ। सुषुम्ना, तालुमार्गबाट ब्रह्मरन्ध्रपर्यन्त प्रवाहित हुञ्छ। सरस्वती मुखद्वारबाट बग्दछ। पूषा र अलंबुषा चक्षुद्वारा बग्दछ। यसैगरी गान्धारी र हस्तिजिह्वा दुवै कर्णरन्ध्रमा बग्दछ। **कुहू**को गुद्वारमा तथा **शंखिनी** लिङ्ग द्वारबाट प्रवाहित हुञ्छ। यो शंखिनी दण्डमार्गबाट ब्रह्मरन्ध्रपर्यन्त प्रवाहित रहञ्छ।[७९] **सिद्धसिद्धान्तपद्धति**को यो नाडी वर्णन **गोरक्ष सँहिता**भन्दा केही भिन्न रहेको छ। यी सबै नाडीहरूमा सुषुम्ना सर्वश्रेष्ठ नाडी हो। सुषुम्ना मोक्षमार्ग हो, विश्वधारिणी हो। यहाँ चन्द्र र सूर्यको निबन्ध भएपछि काल पनि निर्जित हुन जाञ्छ।[८०] यसप्रकार तन्त्रमा सुषुम्नालाई कालको भक्षाण गर्ने भनिएको छ। उपर्युक्त विवरणबाट स्पष्ट हुञ्छ सबै नाडीहरूमा इडा, पिङ्गला र सुषुम्ना महत्त्वपूर्ण छन्। यिनीहरू क्रमश चन्द्रनाडी, सूर्यनाडी, साथै अग्नि नाडी हुन्। प्राणायामको साथमा जसरी नाडीहरूको सम्बन्ध घनिष्ठ रहेको छ त्यसैगरी विन्दुको पनि रहेको छ। प्राणायामका लागि विन्दु रक्षा अति आवश्यक रहेको छ। विन्दु दुई प्रकारका हुञ्छन्। पाण्डुर र लोहित। शुक्र पाण्डुर हुञ्छ भने महारजलाई लोहित भनिञ्छ। सिन्दुरको द्रव समान महारज रवि स्थानमा रहञ्छ। यसैगरी पाण्डुर शुक्र शशि स्थानमा रहञ्छ। यी दुवैको एक्यवद्धता दुर्लभ हुञ्छ। पाण्डुर विन्दु शिव र लोहित विन्दु शक्ति हो। पाण्डुर

---

७६ गोरक्ष सँहिता १.२४-३१, अमरौधशासनम् पृ. ६।
७७ अमरौधशासनम्, पृ. ७।
७८ सिद्धसिद्धान्तपद्धति, ३.११।
७९ सिद्धसिद्धान्तपद्धति, १.६७।
८० योगवीजम्, पृ. १३१, १३२।

विन्दु इन्दु लोहित विन्दु महारज रवि हो । यी दुवैको सङ्गमबाट परमपद प्राप्ति हुञ्छ । वायुद्वार शक्ति चालन मार्फत् जब महारजलाई प्रेरित गरिञ्छ त्यतिबेला रवि र इन्दुको सहैकत्वबाट शरीर दिव्य हुन जाञ्छ । शुक्र चन्द्रका साथ तथा रज सूर्यका साथ संयुक्त रहेको छ । यी दुवैको समरसकत्व ज्ञानबाट नै हुञ्छ । योगी योगनी नै हुञ्छ ।[८१] अधोमुख चन्द्रको अमृत वर्ण गराउँदछ । रविले उसको रस लिञ्छ । यसकारण **पियुष पान**को विधि जान्नु पर्दछ । नाभीभन्दा माथि सूर्य तथा तालुभन्दा तल शशि रहेको छ । यसको लागि विपरित करण जान्नु पर्दछ । योग मार्तण्डमा चन्द्रमाको अधोमुख तथा सूर्यको उर्ध्वमुख मानिएको छ ।[८२]

प्राणायामको साधनाको व्याख्यामा **सिद्धसिद्धान्तपद्धति**मा भनिएको छ- **प्राणायाम प्राणको स्थिरता हो** । रेचक, कुम्भक र संघट्टकरण यसका चार लक्षणहरू छन् । **गोरक्ष सँहिता**मा भनिएको छ- जसरी भुजदण्डबाट उछिप्त हुँदा कंदुक उचालिञ्छ त्यसैगरी प्राणद्वारा समाक्षिप्त जीव स्थिर रहँदैन । प्राण र अपानको वशीभूत जीव माथि र तल दौडञ्छ । वाम र दक्षिण मार्गको चञ्चलताका कारण त्यो देखिँदैन । जसरी डोरीमा बाँधिएको वाज पुनः फर्केर आउँछ त्यसैगरी गुणबद्ध जीव, प्राण पानबाट छिन्न हुन पाउँदैन । यी दुवैको अदः अथवा उर्ध्वको अवस्था जसले जाञ्दछ उही नै योगको जानकार हो । प्राण हंकारका साथ बाहिर जाञ्छ तथा सकारको उच्चारणका साथ पुनः प्रवेश गर्दछ । 'हंस' 'हंस' यस मन्त्रको जप जीवले सधैँ गरिरहञ्छ ।[८३] रात र दिनमा जम्मा २१ हजार ६ सय पटक जप गर्दछन् । यसैलाई अजपा जप नामक गायत्री भनिञ्छ जुन मोक्ष दायिनी हुञ्छ ।[८४] योगीले स्थाणुत्व प्राप्ति गर्नका लागि वायु निरोध गर्नुपर्दछ । **जबसम्म वायु शरीरमा रहञ्छ त्यतिबेलासम्म जीव मानिञ्छ** । त्यसैगरी जब शरीर वायुले बाँधेको हुञ्छ चित निरामय हुञ्छ । जब सबै नाडी चक्र शुद्ध हुन जाञ्छ त्यतिबेला सम्झनु पर्दछ योगी प्राण सङ्ग्रहमा सक्षाम हुन गएको अवस्था छ ।[८५] जब पद्मासनबद्ध योगीले चन्द्रनाडीलाई प्रपूरित गर्दछ सूर्यको रेचन गर्दछ त्यतिबेला उसले अमृद, दधि, गोक्ष्वीरतुल्य धवल चन्द्रविनको ध्यान गरेर सुखी हुन जाञ्छ ।

---

८१ गोरक्षा सँहिता, पृ. १.७३-७७ ।

८२ योगमार्तण्ड, पृ. १२१ ।

८३ गोरक्ष सँहिता, १.३८-४२ ।

८४ योगमार्तण्ड, ३२-३३ ।

८५ योगमार्तण्ड ७८-८० ।

यसप्रकार प्राण र नाडी सम्बन्धी अन्य क्रियाहरूको अभ्यासले नाडी शुद्ध हुन जाञ्छ । वायुको यथेष्ट धारणाले अनलको प्रदीपन नादको अभिव्यक्ति तथा नाडीसोधन हुञ्छ ।[८६] **द्वादश मात्रा संयुक्त प्रणवात्मक सामान्य प्राणायाम, रेचकलाई दश ॐकार गर्नुपर्दछ** । यसैलाई प्राणायाम भनिञ्छ । सामान्यतया **प्राणायाम रेचक, पूरक, कुम्भक तीन प्रकारका हुञ्छन्** । दश ॐकारजस्तै पूरकलाई १२ मात्रा र कुम्भकलाई १६ मात्रा गर्नुपर्दछ । यसैलाई प्राणायाम भनिञ्छ । १२ मात्राको प्राणायाम अधम, उसको द्विगुण मध्यम, तथा त्रिगुणलाई उत्तम प्राणायाम भनिञ्छ । प्राणायाम अभ्यासी योगी बद्ध पद्मासन भएर शिवरूप गुरूलाई नमस्कार गर्दै नासाग्रमा दृष्टि लगाएर प्राणायामको अभ्यास गर्नुपर्दछ । तत्पश्चात् अपानलाई माथितर्फ खिचेर प्राणमा नियोजित गर्नुपर्दछ । शक्तिलाई माथि तर्फ लैजानु पर्दछ । यसरी प्राणायाम पातक नष्ट हुञ्छ ।[८७] प्राणायाम अभ्यासले यदि पवनदेखि गगनमा प्रेरित गर्ने हो भने घण्ट, वाद्यवाधनको ध्वनि उत्पन्न हुन जाञ्छ । यही नै सिद्धि प्राप्तिको सम्भावना हो । जसरी प्राणायामको उपर्युक्त अभ्यासले सबै रोगहरू नाश हुञ्छ । अनुचित अभ्यासले रोगहरू उत्पन्न हुञ्छन् । वायुको उपयुक्त त्याग र ग्रहणको पनि उपदेश दिइएको छ । यसप्रकार आसन र प्राणायाम संयुक्त भएर धारणाको अभ्यासको विधानतय गरिएको छ ।[८८] योगवीजमा तीन मुख्य बन्धसँग सम्बन्ध जोडिएको छ । बन्ध तीन प्रकारका छन्: **मूलबन्ध, उड्डीयान बन्ध र जालन्धर बन्ध** । यसमा प्रत्येक अभ्यासमा प्राणाकर्षणको आवश्यक्ता बताइएको छ । उड्डीयानलाई कुम्भक र रेचकको अन्त्यमा गर्ने उपदेश दिइएको छ । यसमा सुषुम्नामा आवद्ध भएको कारण प्राण उड्दछ । यसकारण उड्डियान भनिञ्छ । यसैगरी पूरकको अन्त्यमा जालन्धर बन्ध गर्ने उपदेश दिइएको छ ।[८९] यसरी गुरूको प्रसादले मरुत्को साधना हुञ्छ उसको चित पवनद्धारा साधित हुञ्छ । यदि मरुत् हुँदाहुँदै चित नष्ट भयो भने मरुत् पनि नष्ट हुन जाञ्छ । यस्तो व्यक्तिका लागि न शास्त्र रहेको छ न आत्मप्रतित, नत गुरू नै हुञ्छ नत मोक्ष ।[९०] त्यसैगरी रेचक र पूरक गर्दा

---

८६ गोरक्षसँहिता, १.९६-१०० ।

८७ उही पृ. २०८, ९ ।

८८ गोरक्ष सँहिता, २.२१, ५२ ।

८९ योगवीजम् ११५, ११८, ११९, १२१ ।

९० उही पृ. १४१ ।

वायु स्थिर हुञ्छ साथै विभिन्न प्रकारका नादहरू उत्पन्न हुञ्छन् । चन्द्रमण्डलमा स्राव हुञ्छ । नाडी बन्ध आदिका अतिरिक्त कुण्डलिनी साधनासँग प्राणायामको घनिष्ठ सम्बन्ध रहेको छ । जसको विवरण कुण्डलिनीको प्रसङ्गमा दिइएको छ । यसप्रकार ग्रन्थहरूका आधारमा प्रस्तुत प्राणायाम साधनाको विवरणबाट यो स्पष्ट हुञ्छ कि नाडीसोधनका लागि पिण्ड रोगरहित बनाउनका लागि, पातक हानिका लागि प्राणायामको साधना गरिञ्छ । यो क्रिया कुण्डलिनी जागरण तथा चितको स्थिरता दुवैका लागि सहायक हुञ्छ । किनकि तान्त्रिकहरूको जस्तै नाथ योगीहरूको पनि मत रहेको छ । **प्राणको चञ्चलताले चित चञ्चल हुञ्छ । चितको चञ्चलताले विन्दु चञ्चल हुञ्छ** । अतः दुवैको स्थिरताका लागि प्राणायाम आवश्यक छ । यिनै उद्देश्यहरूलाई ध्यानमा राखेर प्राणायामको विधान बनाइएको छ । प्राणायामको महत्त्व विन्दु धारणा तथा विन्दु स्थैर्यका लागि पनि हो । **लम्बिका अमरौधशासनम्मा लम्बिकामाथि जो विवरणलाई खेचरीसँग मुद्रित गरिञ्छ, कामिनीसँग उसको विन्दु क्षरित हुँदैन** । जबसम्म विन्दु शरीरमा रहेको हुञ्छ त्यतिबेलासम्म मृत्युको भय रहँदैन । **नभो मुद्राको साधना गर्नाले विन्दु क्षरण हुँदैन** । लोहित र पाण्डुर विन्दुको वर्णन पहिले नै गरिएको छ । भनिञ्छ **वायुद्वारा शक्तिचरणले जब रज सक्रिय र प्रेरित हुञ्छ, विन्दुका साथ एकत्व प्राप्त गर्दछ शरीरलाई दिव्यत्वको प्राप्ति हुञ्छ** । यसप्रकार विन्दुस्थैर्यमा प्राणायाम सहित मुद्रा सहायक हुञ्छ । बन्ध र बेधले आसन क्रियाहरूमा समानता राख्दछन् । वस्तुतः **चैतसिक** साधनाको आरम्भ प्राणायामपछि मात्र हुञ्छ । यसबाट **प्राणायाम सम्मको साधना स्थूल या भौतिक शरीर साधनासँग घनिष्ठ सम्वद्ध रहेको छ** । यी साधनामा प्राणायाम सहायक रूपमा र त्यसपछि **कुण्डलिनी साधना पनि सहायक रूपमा मुद्रा, बन्ध र बेधको वर्णन हठयोग ग्रन्थमा पाइञ्छ** । यी सबै साधना घनिष्ठ रूपमा एक अर्कासँग सम्वद्ध रहेका छन् ।

मुद्रा बन्ध र बेधको सविस्तार व्याख्या तान्त्रिक ग्रन्थहरूमा पाइञ्छ । त्यति व्याख्या नाथ साहित्यहरूमा गरिएको छैन । मुद्रा बन्ध र बेध वस्तुतः भौतिक शरीरको साधना हो । विभिन्न योग ग्रन्थहरूमा यसको व्याख्या क्रमश गरिएको छैन । अधिकांश ग्रन्थहरूमा आसनपछि यिनीहरूको वर्णन पाइञ्छ । **महायोगी मत्स्येन्द्रनाथले** योग विषयमा यसको कुनै चर्चा गर्नुभएको छैन । योगी

गोरखनाथले पनि सिद्धसिद्धान्तपद्धतिमा आफ्नो साधनापथका रूपमा उल्लेख गर्नुभएको छैन । तर योगी गोरखनाथका अन्य प्रख्यात ग्रन्थहरूमा यी तिनैको व्याख्या पाइञ्छ । **गोरक्ष सँहितामा महामुद्रा, नभोमुद्रा, खेचरी मुद्रा, योनीमुद्रा, तथा उड्डियान बन्ध, जालन्धर बन्ध, मुलबन्ध**को वर्णन गरिएको छ ।[९१] घेरण्ड सँहितामा जस्तै यसको विस्तृत विवरण **हठयोग प्रदीपिका**मा पाइञ्छ । महायोगी गोरखनाथका प्रसिद्ध ग्रन्थहरूमा **गोरक्षपद्धति** जसलाई **गोरक्ष सँहिता**सँग सम्वद्ध मानिञ्छ तथापि यसमा जुन षट्कर्म, मुद्रा, बन्ध, बेधको विस्तृत व्याख्या गोरक्ष पद्धतिमा उपलब्ध गोरक्ष सँहितामा पाइँदैन । हठयोग प्रदीपिकामा षट्कर्मलाई उपकारक्र मानिएको छ । त्यसमा भनिएको छः प्राणायामको अभ्यास षट्कर्मलाई लिएपछि गर्नुपर्दछ । प्राणायाम मार्फत् नै सम्पूर्ण मल शुष्क हुन जाञ्छ । मुद्रा, बन्ध र बेध सम्बन्धी विवरण देख्दा यस्तो प्रतित हुञ्छ यी तीन साधनामा मुद्रा **स्पष्ट रूपमा आसनको कोटी** हो । आसन र मुद्राको अभ्यासले देहलाई दृढता र स्थिरता प्राप्ति हुञ्छ । तत्पश्चात् **प्राणायाम** र **प्रत्याहारद्वारा** साधक क्रमश आत्म प्रत्यक्षातर्फ अग्रसर हुञ्छ । मुद्राको **उपयोग शक्ति जागरणमा** गरिञ्छ । जस्तो **शक्तिचालिनी मुद्रा** । लययोगका लागि **योनी मुद्रा** उपकारक मानिएको छ । यसैगरी **अमृतपान**का लागि **वारुणीपान, वारुणीपान**का लागि **खेचरी मुद्रा**को विधान छ । मुद्राको साधना भौतिक शरीरबाट हुञ्छ । सूक्ष्म शरीरबाट हुँदैन । यसर्थ आसनको कोटीमा राख्नु पर्दछ । वारुणीपान, वीर्य रक्षा अभ्यास, कुण्डलिनी जागरण आदि विभिन्न क्रियाहरू मुद्रासँग सम्बन्धित रहेका छन् । यसकारण जहाँसम्म उपयोगको प्रशन छ, नाथ योगीका ग्रन्थहरूमा अन्यत्र पनि यिनीहरूको फरक फरक प्रसङ्गमा व्याख्या गरिएको पाइञ्छ । यसप्रकार बन्धको विषयमा जसको केही व्याख्या प्राणायामको प्रसङ्गमा गरिएको छ । यसबाट अनुमान गर्न सकिञ्छ प्रायः सबै बन्धको सम्बन्ध प्राणायामसँग रहेको छ । शरीरका विभिन्न अङ्गहरूमा प्राणायामको अभ्यासले पर्याप्त मात्रामा सुविधा एवं सहायता मिल्दछ । यसर्थ यो पनि आसनको अभ्यासपछि एवं प्राणायामभन्दा पूर्व गर्नुपर्दछ । हठयोगमा यम, नियम, आसन, मुद्रा, बन्ध आदि भौतिक शरीरका साधनहरू छन् । बेधले पनि बन्ध सरहनै प्राण साधक र नाडी साधनाको सम्बन्ध राख्दछ । नाथपन्थ षडङ्ग साधनामा **धारणा ध्यान र समाधि**

---

९१ गोरक्ष सँहिता, १.५७-७१ ।

यी तीन सूक्ष्म शरीरका साधना हुन् । यिनीहरूको सम्बन्ध चितसँग हुञ्छ । पातञ्जल योगमा पनि यसको स्थान रहेको छ ।

प्राणायाम साधनाको ॐकार साधनासँग घनिष्ठ सम्बन्ध रहेको छ । यसर्थ यसलाई प्राणायाम साधनाको सहायक भन्नुपर्दछ । ॐकार साधना साथै अजपा जप दुवै प्राणायाममा अर्न्तभूत रहेको छ । प्राणायाम, अधम, मध्यम साथै उत्तम हुञ्छ । यो निर्णय मात्राका आधारमा गरिञ्छ । यो मात्रा ॐकारको गणनाबाट जानकारी हुञ्छ । यसको जप गर्ने नियम निर्धारण गरिएको छ । पद्मासनमा स्थिर भएर शरीर, टाउको, नासाग्र अर्थात् नाक तर्फको भागको दृष्टिलाई एकाग्र गरेर अव्यय तत्त्व ॐकारको जप गर्नुपर्दछ । यस प्रणवका अ, उ, म तीन वर्ण क्रमशः भूलोक, भूवर्लोक र स्वरलोकका वाचक हुन् । यी सोम, सूर्य र अग्नि नामक देवताका पनि वाचक हुन् । यसैगरी तीन वर्ण, तीन काल, तीन वेद, तीन लोक, तीन स्वरका पनि वाचक हुन् । यिनलाई **क्रिया, इच्छा, ज्ञान, रौद्री र वैष्णवी** नामक शक्तिको वोधक पनि भनिञ्छ ।[९२] महायोगी मत्स्येन्द्रनाथले यी तीन वर्णहरूको ग्रन्थीलाई समायोजन गरिदिनु भएको छ । उहाँले अर्थात् मत्स्येन्द्रनाथले **आकारलाई बह्रिदेशमा**, जहाँ ब्रह्मग्रन्थी रहेको छ त्यहाँ अवस्थित भन्नु भएको छ । ॐकार हृदेशमा जहाँ विष्णु ग्रन्थी रहेको छ । यसैगरी मकार भ्रूमध्यमा जहाँ **रुद्र ग्रन्थी** रहेको छ । त्यहाँ अवस्थित रहेको छ । यसप्रकार **अकारलाई ब्रह्मा, उकारलाई विष्णु** तथा **मकारलाई शिव** भनिञ्छ ।[९३] **गोरक्ष** सङ्ग्रहमा ब्रह्मालाई पक्षपात विनिमुक्त भनिएको छ, प्रणवसँग अभिन्न मानिएको छ । भनिएको छ- स्वर अ ऊ ले योग साधना गर्नुपर्दछ । त्यसैगरी स्वर म् ले परमतत्त्वको भावना गर्नुपर्दछ । यही नै निष्कल निर्विकल्प, निरँञ्जन ब्रह्मा हो । यसप्रकारको सरलताले निश्चय नै ब्रह्माको प्राप्ति हुन जाञ्छ ।[९४] योग विषयका अनुसार ॐ शिवपद र रुद्र ग्रन्थीको वाचक हो । यसप्रकार स्वर साधनादेखि अस्वर शिवको सिद्धि भनिएको छ । वास्तवमा ॐकार साधना मन्त्र साधना हो । यस मन्त्रसाधनाद्वारा गोरक्ष सिद्धान्त सङ्ग्रहमा अद्वया अनुभव या अद्वय ज्ञानको प्राप्ति प्रतिपादन गरिएको छ । ॐकार शिवस्थान या रुद्रस्थानसम्म पुग्नका

---

९२ गोरक्ष सँहिता, १, ८३, ८६, योग मार्तण्ड ७२, ७७ ।

९३ योग विषय, १६-१८ ।

९४ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. २ ।

लागि **रसस्थानीय साधना समान** रहेको छ ।[९५] यस सङ्ग्रहमा निकै विस्तारका साथ नाथमत अनुमोदित प्रभावको प्रतिपादन गरिएको छ । जसरी शिवउपनिषद्, बृहदारण्यकोपनिषद्, छन्दोग्योपनिषद् आदि ग्रन्थहरूमा जस्तै व्याख्या विश्लेषण गरिएको छ । नाथ मत या योगी मतका अनुसार योगीहरूको स्थूल या भौतिक वेदसँग कुनै प्रयोजन हुँदैन । उनीहरूको प्रयोजन या तात्पर्य केवल सर्ववेदमूलभूत ॐकारसँग रहेको छ । यो वेदको सार हो । यो प्रणव नै वेद हो ।[९६]

ॐकार साधनाको उपयोगिता **मनोलयमा** बताइएको छ । भनिएको छ यो अजपा गायत्री, कुण्डलिनीले समूद्भूत हुन्छ । यसलाई प्रणव विद्या पनि भनिन्छ । अजपा गायत्रीको उच्चारणका साथ प्रणव वायुको क्रिया हुन्छ । यसलाई प्राण तारयित्री पनि भनिन्छ । कुण्डलिनी शक्तिद्वारा यसको परिपुष्टि हुन्छ ।[९७] यस प्रणवलाई एकाक्षार पनि भनिन्छ । यसलाई नाथ साधनाको प्राचीन आगम शास्त्रमा शब्दयोग या वाक योग भनिन्छ । यही नै वस्तुतः **नाद विन्दु साधना** हो । यो मन्त्र **हंस योगको विज** हो ।[९८] नाथ मतका अनुसार **सूक्ष्म दृष्टि प्रणव या महागायत्री हो** । स्थूल सृष्टि **वेदत्रयी** हो । प्रणव साधना गर्ने योगशास्त्र सूक्ष्म दृष्टि अन्तर्गत रहेको छ । यो प्रणव कुण्डलिनीको स्पन्दन हो । नाथ गणहरूले प्रणवतनुको चर्चा गर्दछन् जसको प्राप्ति कुण्डलिनी जागरणमा हुन्छ । यसैलाई ॐकार देहलाभ पनि भनिन्छ । यो प्रणवतनु या ॐकार देह चन्द्रामृतपानद्वारा अजरत्व लाभ प्राप्त गर्दछ । यसप्रकारको देहधारी योगी जीवित अर्थात् भौतिक अवस्थामा पनि मुक्त हुन्छ र, संसारको दृष्टिमा मृत रहन्छ । यसैलाई नाथ योगीहरूका अनुसार **सिद्धदेह** भनिन्छ ।[९९] यो **ॐकार** साधना **सिद्धमत**को विशेषता हो । जो साधना नै नाथमतको **नाद विन्दु साधना** हो । यही नै **शिवशक्ति साधना** हो ।[१००]

यसै ॐकार साधनाको प्राणायामको नादानुसन्धानसँग घनिष्ठ सम्बन्ध रहेको छ । हठयोगका विभिन्न ग्रन्थमा **ॐकार साधनालाई नै नादानुसन्धान**

९५ उही पृ. २ ।
९६ उही पृ. २६-२८ ।
९७ गोरक्ष सँहिता, ५.२९ ।
९८ नाथ सम्प्रदायेर इतिहास दर्शन ओ साधना प्रणाली, पृ. ४८०/८४२ ।
९९ उही पृ. ३२७/३२८ ।
१०० उही पृ. २७२ ।

भनिएको छ । प्राणवायु जब ब्रह्मरन्ध्रमा स्थिर हुन जाञ्छ त्यतिबेला क्षुद्रघण्टिका, वंशी, वीणा भ्रमरादि नाद जस्तै गरी सूक्ष्मनादको रूपमा सुनिञ्छ । नादानुरक्तमन क्रमश यी नादहरूको पनि त्याग गरेर अन्त्यमा समाधिमा लिन हुञ्छ । गोरक्ष सिद्धसिद्धान्त सङ्ग्रहमा नादका ४ अवस्थाहरूको व्याख्या गरिएको छ । विद्वान् विदुषीहरूका अनुसार यी अवस्थाको ४ शून्यसँग स्थिर सम्बन्ध हुञ्छ । चौथो अवस्थामा प्राण ब्रह्मरन्ध्रमा स्थिर हुन जाञ्छ । चित एक विषयभूत हुन जाञ्छ । **यो विशुद्ध शून्य अवस्था या परम शून्य अवस्था** हो ।[१०१] यही पूर्ण समाधिको अवस्था हो । यही अवस्थामा योगी जीवनमुक्त हुञ्छ ।[१०२]

प्रणव मन्त्र र अजपा गायत्री दुवै मन्त्र हुन । मन्त्रशास्त्रका अनुसार मन्त्र परब्रह्म या उपास्यको नादमय विग्रह हो । यसकारण त्यसमा श्रद्धा, विश्वास र भक्तिका साथ जपको विधान अर्थात् नियम पाइञ्छ । यस जप सँगसँगै अर्थभावना राख्नाले भक्ति, श्रद्धा, विश्वास र प्रेमको बृद्धि हुञ्छ । आदर्श जप त त्यो हो जसमा प्रत्येक श्वासमा दिव्य नाम र दिव्य शक्ति स्मरण हुञ्छ । वस्तुत: सिद्धमतका अनुसार प्राणायामको रेचक क्रियाद्वारा श्वास बाहिर निस्कञ्छ र सृष्टिमा विश्वात्मासँग एकात्मकता स्थापित गर्दछ । त्यसैगरी पूरक क्रिया विश्वात्माको जिवात्मामा ग्रहण तथा पूरण मार्फत एकात्मकता स्थिर गर्ने क्रिया गर्दछ ।[१०३]

यसैप्रकार कुम्भक क्रिया यस एकात्मकतालाई धेरैभन्दा धेरै समय स्थिर राख्ने क्रिया गर्दछ । यी क्रियामा हंस मन्त्र या अजपा गायत्रीको उपयोग स्थिरतालाई अधिक सरस र गम्भिर बनाउनका लागि गरिञ्छ । यस रूपमा प्राणायामको जागरण, सुषुप्ति, स्वप्ना सबै अवस्थामा स्वभाविक रूपमा हुने क्रिया जीवात्मा, परमात्मा, आन्तरिक, ब्राह्य, अपूर्ण, पूर्ण, बद्ध र मुक्त सहित पूर्ण एकात्मकता सम्पन्न गर्ने क्रियाहरू छन् । जसलाई योगतत्त्वसँग अपरिचित व्यक्तिले जान्दैन । त्यसको कुनैपनि उपयोग गर्न सक्तैन ।[१०४] **ॐकार आदि नाद हो** । यो **अनाहद र अखण्ड रहेको छ** । यो अन्य नाद स्रोतहरूको मूल हो ।

---

१०१ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ३७२ ।

१०२ ना.इ.द.सा.प्र. पृ. ४६६-४६७ ।

१०३ अक्षयकुमार वनर्जी, नाथ योग, पृ. ५८-६० ।

१०४ उही पृ. ६०/६१ ।

तथापि अन्तर यो छ कि सृष्टिमा सबै नाद खण्डित छन् या सखण्ड तर यो नाद अखण्ड रहेको छ। यसको अनुसन्धान, नादानुसन्धान नामद्वारा हुञ्छ। जसको विवरण पहिले नै दिइएको छ। यो नाद साधनाको अन्तसमा निसर्गत विद्यमान रहञ्छ। अन्तसमा यसको सता ब्रह्माको अन्तस सता हो। जसलाई नाद ब्रह्म भनिञ्छ। यसको अनुसन्धान ब्रह्मानुसन्धान हो। साधकले यसै नादमा ध्यान केन्द्रित गर्नुपर्दछ। तथापि यसप्रकारको नाद मानिसको सामान्य साँसारिक दशामा अनुभूति र द्रव्य हुन सक्तैन। यसका लागि प्रणव जपको आरम्भिक अवस्थालाई उपायका रूपमा स्वीकार गरिएको छ। अगाडिको अवस्थाको सबैभदा महत्त्वपूर्ण विषय भनेको **नादको ध्यान अनाहद चक्रमा गर्नु हो**। अन्तिम अवस्थामा विभिन्न चक्रहरू अति आक्रान्त भएपछि नादले सहस्रारमा साधकलाई साक्षात्कृत गर्दछ। यही शिवशक्तिको आनन्दमय मिलन भूमि हो। यही नादानुसन्धानको क्रिया समाप्त हुञ्छ र उसको लक्ष्य प्राप्ति हुञ्छ।[१०५]

प्राणायामपछि षडङ्ग योगमा **प्रत्याहार**को स्थान रहञ्छ। चैतन्य तरङ्गको प्रत्याहरण विभिन्न विकारहरूको चितद्वारा ग्रस्त हुन जाञ्छ। त्यसकारण उत्पन्न विकारसँगै निवृति प्रत्याहारको लक्षाण हो।[१०६] भिन्न भिन्न ग्रन्थहरूमा प्रत्याहारको परिभाषा भिन्न भिन्न शब्दमा पाइञ्छ। **गोरक्ष सँहिता**मा चक्षु आदि विषयहरूमा विचरणद्वारा आहार र प्रत्याहार भनिएको छ। यसप्रकार तेश्रोकालमा रविले आफ्नो प्रभाको प्रत्याहरण गर्दछ, त्यसैगरी तृतीयासँग प्रत्याहारमा आकार योनीले आफ्नो मानस विकार प्रत्याहृत गर्दछ। कुर्म जस्ता आफ्ना अङ्गलाई आफ्नै अङ्गमा संकुचित गर्दछ। यसप्रकार योगीले आफ्ना इन्द्रियहरूलाई प्रत्याहरण गर्दछ। योगीले जेजे आफ्नो कानमा सुन्दछन् तथा इन्द्रियहरूका प्रिय विषयहरूलाई ग्रहण गर्दछन् त्यसबाट उनीहरू परिज्ञात मार्फत इन्द्रियको प्रत्याहत गर्दछन्।

यसप्रकार नासिका चक्षु, चर्म, जिब्रो अर्थात् जिह्वाको प्रत्याहरण पनि बताइएको छ।[१०७] प्रत्याहरण मार्फत् योगीले मानस विकारको मोचन गर्दछ।[१०८]

---

१०५ उही पृ. ६१-६४।

१०६ सिद्धसिद्धान्तपद्धति, २.३६।

१०७ गोरक्ष सँहिता, २.२३ - ३१। योग मार्तण्ड १४१-१५४।

१०८ उही पृ. २.१२।

यो प्रत्याहारको सर्वमान्य लक्षण हो । मानस विकारका सबै विकारहरूको प्रत्याहरण आसनमा जहाँ शरीरको रोग मुक्तिको कुरा गरिएको छ त्यही **प्राणायामले नाडीमण्डल सोधन** स्वीकार गरेको छ । तेश्रो प्रत्याहारमा चित विभिन्न विकारद्वारा प्रत्याहृत हुञ्छ । यी अङ्गहरू साधित भएपछि चित सर्वथा विकार मुक्त हुन जाञ्छ । षडङ्ग **योगको चौथो अङ्ग धारणा** हो । धारणामा बाह्य र आन्तरिक एक मात्र निजतत्त्व स्वरूप अन्त:करण मार्फत साधना गरिञ्छ । त्यसबाट जे उत्पन्न हुञ्छ त्यो निराकारमा धारणा, जीवात्माको दीप सरह धारण, धारणाको लक्षण हो । धारणाद्वारा मानस स्थैर्य प्राप्त हुने कुरा उल्लेख छ ।[१०९]

आसनसँग समायुक्त गरेपछि प्राणायामसँग संयुक्त भएर **धारणाको अभ्यास** गर्नुपर्दछ । हृदयमा पञ्चभूतका पृथक-पृथक धारणा तथा मानसको निश्चलत्वको धारणाका कारण यसलाई धारणा भनिञ्छ । यस्ता धारणा ५ प्रकारका हुञ्छन्: **क्षितिधारणा, वारुणी धारणा, वैश्वानरी धारणा, वायुवीधारणा र नभोधारणा** ।[११०] यी पाँच प्रकारका धारणाहरूको नामबाट नै स्पष्ट हुञ्छ यिनीहरूको पञ्चभूतत्त्वसँग सम्बन्ध छ । अन्तत: धारणापछि सिद्धसिद्धान्तपद्धतिका अनुसार **चितको निराकार निजतत्त्वमा एकत्व** तथा आत्माको **नीर्वातदीपत्व** सिद्ध हुनु पर्दछ । समग्रमा यही नै धारणाको लक्षण हो ।

घेरण्ड सँहितामा पाँच प्रकारका **धारणाहरू** बताइएको छ । तथापि त्यसलाई **पञ्चधारणा मुद्रा** अन्तर्गत व्याख्या गरिएको छ ।[१११] पहिला जुन तान्त्रिक योगको विवरण दिइएको छ उसमा धारणामार्फत् **कुण्डलिनी योग** या **षट्चक्रभेदन** या **लययोग**को सम्बन्ध बताइएको छ । **घेरण्ड सँहितामा कुण्डलिनी साधनाका** लागि मुद्राको **अभ्यास** आवश्यक मानिञ्छ । भनिएको छ **लयसिद्धि** समाधिका लागि **योनी मुद्रा**को अभ्यास गर्नुपर्दछ ।[११२] अष्टाङ्ग साधनाको धारणासँग कुण्डलिनी योगको सम्बन्ध रहेको छ । यसप्रकार **तान्त्रिक योगलाई** कुण्डलिनी **योगको** लय योग भनिञ्छ । यस साधनामा शब्द ब्रह्म कुण्डलिनीको शरीरमा पञ्चभूतको लय हुञ्छ । यो अन्तत: कुण्डलिनीको साथ परम शिव सहस्रारमा लय प्राप्त

---

१०९ गोरक्ष सँहिता, २.१३ ।

११० गोरक्ष सँहिता, २.५२-५८, योग मार्तण्ड १४१-१५८ ।

१११ घेरण्ड सँहिता ३.६२-७६ ।

११२ उही ३.३२-३७ ।

गर्दछ । तान्त्रिक योगमा धारणासँग सम्वद्ध पञ्चधारणा मुद्रा छन् । **तान्त्रिक कुण्डलिनी योगमा कुण्डलिनी जागरणका लागि शक्तिचालनी मुद्रा, पञ्चभूतलय क्रियाका लागि पञ्चधारणा मुद्रा तथा लयसमाधिका लागि योनी मुद्राको अभ्यास क्रमश स्वीकार गरिएको छ** । यद्यपि ग्रन्थहरूमा यसप्रकारका कुनै क्रमबद्ध व्याख्या वर्णन पाइँदैन । तथापि अध्ययन मार्फत् पुग्न सकिञ्छ । नाथका पाँच प्रकारका धारणाहरूलाई स्वीकार गरिएको छ । तथापि त्यसमा मुद्राको रूपमा विवेचित गरिएको छैन । माथिको व्याख्याबाट यी कुराहरू स्पष्ट हुञ्छन् ।

संस्कृत भाषामा उपलब्ध नाथ साहित्यमा कुण्डलिनी र कुण्डलिनी जागरणको विस्तृत विवरण उपलब्ध छ । विभिन्न ग्रन्थहरूमा यस साधनाको परिचयका लागि **आसन, नाडी, प्राणायाम** आदिको समायोग आवश्यक मानिञ्छ । यस साधनाको परिचयका लागि **षट्चक्र**को ज्ञान सबैभन्दा बढि आवश्यक छ । महायोगी मत्स्येन्द्रनाथले आफ्नो योग विषयमा कुण्डलिनी योगलाई प्राथमिकता दिनुभएको छ । जस अनुकूल **षट्चक्र, सूर्यचक्र, अग्नि, ॐकार, ग्रन्थी, कुण्डलिनी, शंखिनी** आदिको साधना देवतार्चन, ईश्वरार्चन, तथा त्यसका सामग्रीहरूको व्याख्या गरिएको छ । आसनदेखि लिएर प्रत्याहारसम्म साधकले स्थूल तत्त्वबाट सूक्ष्म तत्त्वको साधना या शारीरिक साधनाले चैतसिक साधनातर्फ अग्रसर भएको अनुभव हुञ्छ । **कुण्डलिनी साधना भूतजय र भूतलय** दुवै हो जसको वर्णन अगाडि नै गरिएको छ । कुण्डलिनीको यात्रामा **पाँच चक्र**हरू पर्दछन् जुन यसप्रकार छन्: **पृथ्वी, जल, तेज, वायु** र **आकाश** । यसको यात्रा आध्यात्मिक यात्राका रूपमा कल्पना गर्न सकिञ्छ । यी विचारहरूलाई ध्यानमा राखेर नाथ योगीहरूले कुण्डलिनी साधना सम्बन्धी विवरणहरू प्रस्तुत गरेका छन् । तथापि विभिन्न ग्रन्थहरूमा तत्सम्बन्धमा भिन्न भिन्न विवरणहरू पाइञ्छ ।

महायोगी मत्स्येन्द्रनाथले ६ चक्रहरू भन्नुभएको छ, जो यसप्रकार छन्: आधार, स्वाधिष्ठान, मणिपुर, अनाहद, विशुद्धि र आज्ञा । यिनीहरू क्रमशः गुदा, लिङ्ग, नाभी, हृदय, कण्ठदेश तथा भूमध्यमा अवस्थित मानिञ्छ । निरञ्जनको स्थिति यी चक्रहरूभन्दा टाढा मानिञ्छ । ॐकारमा **अ, उ, म्** तीन वर्ण रहेका छन् । **अकार बह्निदेश या नाभीदेशमा उकार हृदय स्थान**मा तथा **मकार भूमध्य**मा अवस्थित छ । त्यसैगरी ३ ग्रन्थीहरू छन्: सबैभन्दा तल आधारमा

ब्रह्मग्रन्थी, हृदयमा **विष्णुग्रन्थी**, तथा **भ्रूमध्यमा रुद्रग्रन्थी** अवस्थित मानिन्छ। यसैगरी क्रमश अकार ब्रह्मा, उकार विष्णु, तथा मकार रुद्र हो। योगको प्रमुख विशेषता अनुसार **आज्ञामाथि नौ चक्रहरूको व्याख्या गरिएको छ**। यी चक्र हुन्: **त्रिकूट, त्रिहट, गोल्लाट, शिखर, त्रिशिख, वज्र, ॐकार, ठर्ध्वनाख भ्रुवोमुर्ख**।[११३] कुण्डलिनी शक्तिका **आठ कुण्डलका** आठ नाम बताइएको छ। जसमा प्रणव, गुदनाला, बलिनी, सर्पिणी, वँङ्गनाली, दृष्या, भौरी र कुण्डली हुन्। प्राणद्वार कुण्डली चलायमान गराउनाले शशिमण्डलको भेदन हुन जाञ्छ र ढोका बन्द हुञ्छ। साथै वज्र कुम्भको स्थिति प्राप्त हुञ्छ।[११४] ब्रह्मस्थानमा नादक्षण हुञ्छ। त्यहीबेला **शंखिनी** नामको नाडीले अमृत वर्षा गराउँदछ। यसका ६ चक्र पवित्रीकरण हुन जाञ्छन्। यसैबाट ज्ञानदिपको प्रकाश हुञ्छ। त्यतिबेला मानसरूपी पुष्पलाई ईश्वरमा अर्पित गर्दै अर्चना गर्नुपर्ने हुञ्छ।[११५] कुण्डलिनी जागरणका लागि भनिएको छ **कण्ठ संकोच** गरेर दुवै नाडीलाई दृढतापूर्वक स्तम्भित गर्न दिनुपर्छ। **रसनाको निपीडन गर्नाले षोडस, षोडशी - कुण्डलिनी ठर्ध्वगभिनी** हुञ्छ।[११६]

सिद्धसिद्धान्तपद्धतिमा **पिण्डोठत्पति** व्याख्या गर्दै भनिएको छ स्वयं अनादि सिद्ध, एकमेव, अदाधिनिदन परमतत्त्वको इच्छा मात्रबाट धर्मिणी, अधर्मिणी बन्ने **निजा शक्ति** हो। त्यतातर्फ उन्मुख हुँदा मात्र पराशक्ति उत्पन्न हुञ्छ। पराशक्तिको स्पन्दनबाट **अपराशक्ति** उत्पन्न हुञ्छ। त्यतिबेला अहन्ताको अर्थमात्राले सूक्ष्म शक्ति तथा त्यसमा **वेदनशिला कुण्डलिनी** शक्ति उद्‌गत हुञ्छ। यसैगरी पाँच प्रकारका शक्तिहरूमा सर्वात्मबाट **वेदनशीला, कुण्डलिनी शक्ति** उत्पन्न हुञ्छ। **पाँच शक्ति** र त्यसका गुणहरूमा **पिण्ड, मूर्त्यष्टक, २५ गुण, कुलपञ्चक,** यसका गुणहरूमा पाँच प्रत्यक्षाकरण, सूर्य, चन्द्र र अग्निका कलाहरू, नाडी, दशद्वार, दश वस्तु आदिको क्रमैसँग व्याख्या गरेको पाइञ्छ। यी पिण्ड भूततत्त्व आदिको कुण्डलिनी साधनाको दृष्टिकोणमा महत्त्व रहेको छ। कुण्डलिनी जुन चक्रभेदन गरिञ्छ उसमा भूत तत्त्व र सात उधर्वलोकको कल्पना गरिएको छ। यसप्रकार कुण्डलिनी साधना यी सम्पूर्ण भूत तत्त्व, पिण्ड लोकको कल्याण अर्थात् जय

११३ योगविषय श्लोक ८-१०, २०।

११४ योगविषय, श्लोक २२-२३।

११५ उही, श्लोक २४-२६।

११६ उही, श्लोक १६।

गर्दै त्योभन्दा पर गएर सहस्रारस्थ परम शिवमा मिलन प्राप्त गर्ने साधना हो । स्पष्ट छ कि पिण्ड ब्रह्माण्डको एकत्वको सिद्धान्त यसको सहयोगी हो । तान्त्रिक योगको प्रसङ्गमा यस विषयमा केही विचार गरिएको छ । **पिण्ड विचारमा चक्र, आधार, त्रिलक्ष्य र व्योम**को वर्णन गरिएको छ । यो पनि पिण्डमा विद्यमान रहेको छ । योग मार्तण्ड तथा घेरण्ड सँहिताभन्दा भिन्न **सिद्धसिद्धान्तपद्धतिमा ९ चक्र**हरूलाई मानिञ्छ । तलदेखि माथिसम्म यिनीहरूको क्रम यसप्रकार रहेको छ । **ब्रह्मचक्र, स्वाधिष्ठान, नाभि चक्र, हृदय चक्र, कण्ठ चक्र, तालु चक्र, भूचक्र, ब्रह्मरन्ध्र, निर्वाण चक्र र आकाश चक्र अन्तिम षोडसदलमा आकाश चक्रमा पूर्णगिरी पिठ** अवस्थित मानिञ्छ ।[११७] चक्र वर्णनमा यद्यपि गोरक्ष सँहिता तथा योग मार्तण्डको विवरण स्पष्ट छैन । तथापि सँहिताका अनुसार यस्तो प्रतित हुञ्छ ६ चक्र मुख्य हो र, सातौ चक्र सहस्रार हो । प्रथम चक्र आधार हो । जसमा चार दल रहेका छन् । दोस्रो चक्र स्वाधिष्ठान, ६ दल रहेका छन् । नाभि चक्रमा दश दल रहेका छन् । हृदय चक्रमा १२ दल रहेका छन् । कण्ठस्थ चक्रमा १६ दल रहेका छन् । भ्रूमध्य चक्रमा २ दल रहेका छन् । सहस्रदल कमल विख्यात ब्रह्मरन्ध्र महापथ हो ।[११८]

गोपीनाथ कविराजले विराट पुराणको हस्तलेखका आधारमा नाथ सम्प्रदाय अनुमोदित चक्रहरूको व्याख्या गरेका छन् । सम्पूर्ण चक्रहरूको गणना गर्दा २५ भन्दा पनि धेरै हुञ्छ । चक्रको यो विवरण हठयोग र तन्त्रको भन्दा भिन्न रहेको छ । मूलाधारदेखि सहस्रारसम्म जुन ७ चक्र मानिएको छ त्यसमा प्रत्येकको बिचमा अनेक चक्र कमलको कल्पना गरिएको छ । यहाँसम्म कि सहस्र दल कमलमा माथिका कैयौँ कमलको स्थिति बताइएको छ ।

कविराजका अनुसार चित्रहरू अतिप्राचीन र अस्पष्ट भएका कारण कतिपय ठाउँहरूमा चक्र या कमलको विवरण स्पष्ट पाइँदैन । चक्र सम्बन्धी जुन विवरण दिइएको छ **तन्त्रणत चक्रको विवरण** भन्दा भिन्न रहेको छ । चक्रको सँख्याका सम्बन्धमा उनको धारणा यसप्रकार रहेको छ । ललिता सहस्रनामको भास्कर राय रचित भाष्यमा दिइएको विवरण अनुसार चक्रको सँख्या ३२ रहेको छ । धेरैभन्दा धेरै यस्ता गुप्त चक्रहरू छन् । जसको सामान्यत गणना

११७ सिद्धसिद्धान्तपद्धति, १.१५-१६ ।

११८ गोरक्ष सँहिता, १.१५-१६ ।

गरिँदैन । कतिपय यस्ता चक्रहरू पनि छन् जो अपेक्षाकृत कम महत्त्वका छन् । तथापि उनीहरूले सम्पूर्ण चक्रमण्डलको निर्माणमा सहयोग गर्दछन् । विभिन्न साधना पथ यिनीहरूको सँख्याको भिन्नताका कारण व्याख्या वर्णनमा पनि केही फरकपना पाइञ्छ । कतिपय चक्रको यथार्थ वर्णन विद्यार्थीहरूलाई अध्ययन गर्न सहायक हुञ्छ तर यसका कतिपय निश्चित सिमाहरू छन् त्यसकारण एकरूपतामा यथार्थ व्याख्या पाइँदैन । जस्तो एक निश्चित चक्रको अनुभव सबै साधकहरूका लागि एकै प्रकारको हुँदैन । अभ्यास र गुरूको व्यक्तिगत सङ्कल्पको प्रभाव पनि सहायक हुञ्छ ।[११९] समग्रमा नाथ योगीहरूको चक्रको सँख्याका विषयमा अर्थात् विवरणका सम्बन्धमा केही फरकपना देखिञ्छ । **कुण्डलिनी चक्रले** यी चक्रहरूको भेदन गर्दछ जो तिन प्रकारका रहेका छन् । **उर्ध्व, मध्य र अधः** । भनिञ्छ **मध्यशक्तिको प्रवोधनले, अधः शक्तिको निकुञ्चनले तथा उर्ध्वशक्तिको निपातले परमपद प्राप्ति हुञ्छ** । यथार्थत शक्ति एउटै हो । तथापि ३ रूपमा देखा पर्दछन् । **अधः शक्ति बाह्य इन्द्रिय, व्यापारीक** विभिन्न प्रकारका चिन्ताहरूले पूर्ण हुञ्छ । यसकारण **मूलाधारको बन्धनबाट** योगीले यसको आकुञ्चन गर्दछन् । मूलाधारबाट सचराचर, चित, अचिदात्मक यो सृष्टि उद्भूत हुन जाञ्छ । जुन शक्तिको प्रसार संकोचले जगतको सृष्टि र संद्धति हुञ्छ त्यसलाई मूल भनिञ्छ ।

भ्रमण गर्ने तथा तरङ्गित स्वभाव भएको आत्मा आफ्नो प्रकाशमा आफ्नो स्वरूपले जुन शक्ति धारणा गर्न समर्थवान हुञ्छ त्यो मध्य कुण्डलिनी शक्ति हो । यो शक्ति स्थूल सूक्ष्म भेदसँगै दुइप्रकारका हुञ्छन् । स्थूल मध्य कुण्डलिनी शक्ति निखिल ग्राह्यधार साथै ग्राह्यस्वरूपा हुँदाहुँदै पनि पदार्थ अन्तर्गत भ्रमण गर्दछन् । यस रूपमा कुण्डलिनीलाई साकार र स्थूल भनिञ्छ । जब यो आफ्नो प्रसार र चार्तुयताले वर्तमानमा रहँदा परानन्द रूपा भएर योगीहरूसँग साक्षात्कार हुन जाञ्छ । यसलाई सूक्ष्मा निराकारा, मध्या, कुण्डलिनी शक्ति भनिञ्छ । स्थूल शक्ति लोकव्यापी हुञ्छ सूक्ष्म शक्ति सबै ठाउँ सूक्ष्मतया रहञ्छ । सबै तत्त्वहरूसँग अतित हुँदाहुँदै पनि उर्ध्वशक्ति निर्माण हुञ्छ । परमपद उर्ध्वनामले पनि प्रसिद्ध रहेको पाइञ्छ । उक्त परमतत्त्वको स्वसंवेदनद्वारा विभिन्न प्रकारले साक्षात्कारको सूचना दिने शक्ति उर्ध्व शक्तिको नामले प्रसिद्ध छ । यो शक्तिको

११९ डा. गोपीनाथ कविराज, दि सिस्टम अफ चक्रज एकार्डिग टु गोरक्षनाथ ।

निपातको अर्थ हो आफ्नो स्वरूपको द्विधाभासको निरास । यो निरास आफ्नो स्वरूपको अखण्डत्त्वमा हुञ्छ । यो पनि भनिएको छ कि चन्द्र र चन्द्रिका समान शिव र शक्ति अभेद छ । उर्ध्व शक्तिको निपातले महासिद्ध योगीहरूले यही परमपद प्राप्त गर्दछन् ।[१२०] **कुण्डलिनी प्रबुद्ध र अप्रबुद्ध** भेद सहित दुई प्रकारका हुञ्छन् । अप्रबुद्ध रूपमा कुण्डलिनी पिण्डमा स्वभावैले चेतन रूपमा हुञ्छ । यसले विभिन्न चिन्ता सहित कार्य गरिरहेको हुञ्छ । यसलाई कुटिल स्वभाव कुण्डलिनी भनिञ्छ । योगीका विभिन्न प्रकारका विकारहरूको निवारणको उद्यम स्वरूप प्रबुद्ध कुण्डलिनीका रूपमा उर्ध्वगामी हुञ्छ । समग्रमा यस कुण्डलिनी शक्तिको सम्पूर्ण प्रकृति पिण्डको आधार मान्न सकिञ्छ । **सिद्धसिद्धान्तपद्धतिको सम्पूर्ण चतुर्थ उपदेश यसै तथ्यमा आधारित रहेको छ ।**

सर्वप्रथम प्राणधारिणी **गायत्रीको उदय** कुण्डलिनी मार्फत हुञ्छ । जसमा गायत्री बराबर कुनैपनि जप या ज्ञानको विद्या छैन । त्यस्तैगरी प्राण विद्यालाई विद्याको **महाविद्या** भनिञ्छ । गायत्रीलाई उदय गराउने कुण्डलिनी शक्ति कन्दनीभन्दामाथि आठ कुण्डल धारण गर्ने रूपमा सुखपूर्वक आरामसँग ब्रह्मद्वारमा रहेको हुञ्छ । निरामय ब्रह्मद्वारमा जाने बाटोमा रन्ध्रलाई सुख पूर्वक आराम गराउँदै कुण्डलिनी प्रसुप्त रहञ्छ । उसको बह्रियोगबाट मानस र मरुत्को सहकारबाट प्रबुद्ध गराइञ्छ । यसरी प्रबुद्ध भएपछि सुइको आकारमा सुषुम्ना मार्गबाट उदय हुञ्छ । प्रारम्भिक अवस्थामा यो सुषुप्त रहञ्छ । बह्रियोगद्वारा जाग्रत भएपछि पद्मतन्तुनिमा कुण्डलिनी सुषुम्नाको मार्गमा माथितर्फ उदय हुञ्छ । यसरी कुञ्जीद्वारा हठात् कपाट उद्घाटित गरिदिञ्छ । त्यसैगरी कुण्डलिनी योगीले मोक्षद्वाराको प्रभेदन गर्दछ ।[१२१] योगवीजका अनुसार **मरुत्को गाढाभावलाई निरुद्ध गरेपछि शक्तिचालनको युक्तिद्वारा अष्टधा कुण्डलीको ऋजु गर्नुपर्दछ । कुण्डलिनीको चालनका लागि भानुलाई आकुञ्चन गर्नुपर्दछ ।** वज्रासनमा स्थिर भएर वायुद्वारा प्रज्वलित अग्निलाई कुण्डलिनीमा दहन गर्नुपर्दछ । अग्निमा संतप्त नाडीबाट त्रैलोक्य मोहिनी शक्ति पहिला वज्रदण्डमा त्यसपछि सुषुम्ना मुखमा प्रवेश गर्दछ । यसप्रकार वायु र बह्रिका साथ ब्रह्मग्रन्थीमा भेदन गर्दछ । तत्पश्चात् विष्णु ग्रन्थीको भेदन गरेर रुद्रग्रन्थीमा रहन जाञ्छ ।[१२२] **योगमार्तण्ड र गोरक्ष सँहिताका**

१२० सिद्धसिद्धान्तपद्धति, ४.१६-१७ ।

१२१ गोरक्ष सँहिता, १.४२-५१, योगमार्तण्ड ३१-४० ।

१२२ योगवीज ९३-९८ ।

अनुसार यही कन्दोर्ध्व, अष्टधा कुण्डलिनी शक्तिका लागि बन्धनकारिणी हुञ्छ। योगीहरूका लागि मोक्षदायिनी हुञ्छ।[१२३] भनिञ्छ ॐकारको आकारले युक्त ब्रह्मग्रन्थी आधारमा, उकारले युक्त विष्णु ग्रन्थी अनाहदमा तथा मकारले युक्त रुद्रग्रन्थी भ्रुमध्यस्थ आज्ञामा रहेको छ। कुण्डलिनी जाग्रत र उर्ध्वमुख भएर क्रमश यिनीहरूको भेदन गरिरहञ्छ। यिनीहरूको भेदन गरेपछि क्रमश सघनता, शान्ति र विराम साधकलाई मिल्दछ र अन्ततः परम शान्त, परम शिवमा यो मिलन हुन जाञ्छ।[१२४] यसप्रकार तान्त्रिक कुण्डलिनी साधना तथा नाथयोगी कुण्डलिनी साधनामा कुण्डलिनीको पञ्चभूतसँग घनिष्ठ सम्बन्ध स्वीकार गरिएको छ। दोस्रो महत्त्वपूर्ण विषय तान्त्रिक साधनामा मूलाधारदेखि विशुद्धिसम्मको चक्र या कमललाई पञ्चमहाभूतको अवस्था मानिएको छ। अगाडि नै उल्लेख गरिसकिएको छ जसरी कुण्डलिनी उर्ध्वमुख भएर सहस्रारतर्फ अग्रसर हुञ्छ त्यतिबेला क्रमश चक्रको भेदन गर्दछ। त्यसैगरी चक्रस्थ महाभूत पनि उसको शरीरमा लिन हुन जाञ्छ। यसप्रकार हठयोगका विभिन्न क्रियाहरूमार्फत् निर्मल शरीर पञ्चमहाभूत तथा सूक्ष्म शरीर, प्राण, मूल, जीवात्मा आदि एवं सूक्ष्म शरीरका अन्य तत्त्वहरूको धारणा गर्ने कुण्डलिनी आज्ञाचक्रसम्म पुग्दछ। यस रूपमा पञ्चमहाभूत ग्रामधारिणी हुञ्छ। पाँच प्रकारका धारणाहरू तान्त्रिक तथा नाथ ग्रन्थहरूमा भिन्न भिन्न रूपमा स्वीकार गरिएको छ। जसको सङ्केत अगाडि नै उल्लेख गरिसकिएको छ। दुवैमा भनिएको छ यसप्रकारको धारणाले चित सधैँ स्थिर हुन जाञ्छ। किनकि महाभूतद्वारा उत्पन्न विकार प्रत्याहृत हुन जाञ्छ। यो अवस्थामा चितलाई दीप सरह अचञ्चल मानिञ्छ। वस्तुतः पञ्चज्ञानेन्द्रियको यी विषयमा विकारले पूर्णतया प्रत्याहृत भएपछि पञ्चमहाभूतको दिव्य शक्ति कुण्डलिनीमा लिन हुँदा चित अचञ्चल हुन जानु स्वभाविक क्रिया हो। पञ्चज्ञानेन्द्रियपछि छैटौँ इन्द्रिय मन हो। जसको लय शेष रहन जाञ्छ। यसको लयक्रिया तान्त्रिक पद्धतिका अनुसार आज्ञाचक्रमा हुञ्छ। आज्ञाचक्रमा मनोलयका साथ उन्मनी अवस्थाको सिद्धि स्वीकार गरिएको छ। यसप्रकार महाभूत तथा मनको लयको स्पष्ट वर्णन नाथ संस्कृत ग्रन्थहरूमा त्यति पाइँदैन। तथापि पञ्चमहाभूत सम्बन्धि उपर्युक्त साधनाहरूलाई समान रूपमा स्वीकार गरिएको कारणं नाथले तान्त्रिकको लयपद्धति क्रमलाई स्वीकार

१२३ योगमार्तण्ड ४५, गोरक्ष सँहिता १.५६।
१२४ योग विषय, १७-१८।

गरेका छन् । यद्यपि चक्रक्रम चक्रसँख्या, चक्र विवरणमा पर्याप्त भेद अर्थात् फरकपना पाइञ्छ । तथापि यो सत्य हो कि नाथहरूको आफ्नो चक्रमण्डलमा तान्त्रिकहरूका अति प्रसिद्ध षट्चक्रहरूलाई स्वीकार गरिएको छ । धारणा अन्तर्गत कुण्डलिनी योगपछि षडङ्ग योगमा ध्यानको गणना गरिञ्छ । ध्यानको लक्षणमा भनिएको छ यो **परमद्वैत भाव** हो । आत्मा जुनजुन तत्त्वमा **पदार्थको स्फूरण** हुञ्छ उसको आफ्नो स्वरूप अनुसार भावना गर्दछ । यसप्रकार ध्यानमा सबै विगत अर्थात् भूतको समदृष्टि हुन आउँछ ।[१२५] ध्यानद्वारा अद्भूत एश्वर्यको प्राप्ति बताइएको छ ।[१२६] यो ध्यान साधनामा चित पूर्ण रूपमा निश्चल रहञ्छ । ध्यान दुई प्रकारका हुञ्छन्- सगुण र निर्गुण । सगुण ध्यान विभिन्न वर्ण रङ्ग भएको हुञ्छ । निगुर्ण ध्यान केवल ज्ञानात्मक र अनुभुत्यात्मक हुञ्छ ।[१२७] गोरक्ष पद्धतिमा **ध्यान योग्य विन्दु निम्नलिखित रूपमा बताइएको छ** । गुदा-मूलाधार, भेद-स्वाधिष्ठान, नाभि-मणिपुर, हृत्पदम-अनाहद, तदुर्ध्व-विशुद्धि, घटिकामूल-लम्बिका स्थान, भ्रुमध्य-आज्ञाचक्र-नभोवल शून्य स्थान ।[१२८] ध्यानमा दुई प्रकारका भेद बताइएको छ स्थूल र सूक्ष्म । स्थूल ध्यानपछि **तेजो ध्यान** या **ज्योर्तिध्यान** र **सूक्ष्म ध्यान**को वर्णन गरिएको छ । **नाथपन्थ हठयोगी ग्रन्थमा चक्रस्थान** या **चक्रमा ध्यान** लगाउनका लागि भनिएको छ जो यहाँ उल्लेख गरिएको छैन ।[१२९] यो ध्यान उत्तम ध्यान हो ।

समाधि एउटा यस्तो अवस्था हो, जसमा सबै तत्त्वको समअवस्था रहञ्छ । समाधिबाट नै मोक्षको प्राप्ति हुञ्छ । जसमा शुभ, अशुभ कर्मको त्याग हुन जाञ्छ, **विश्वतोमुख** अनन्त परमज्योतिको साक्षात्कार हुञ्छ । यसबाट कर्म, आवागमन आदि कुनैपनि सता रहँदैन ।[१३०] जीवात्मा, परमात्माको एक्यता सबैप्रकारको द्वन्द्वको एक्यता हो । यो अवस्थामा सम्पूर्ण संकल्पको विनाश हुन जाञ्छ । जब **प्राण सम्यक** प्रकारले **क्षिण** हुन जाञ्छ तथा **मानस लय** प्राप्त हुन जाञ्छ, त्यतिबेला **समरसत्त्व**को प्राप्ति हुन जाञ्छ । त्यो अवस्था

---

१२५ सिद्धसिद्धान्तपद्धति २.३८ ।

१२६ योग मार्तण्ड, १०२ ।

१२७ उही पृ. १५७ ।

१२८ गोरक्ष पद्धति, २.६५-७५ ।

१२९ घेरण्ड सँहिता, ६.२-२२ ।

१३० गोरक्ष सँहिता, २.१३-१६ ।

समाधिको प्राप्ति अवस्था हो । यो स्थितिमा रूप, रस, गन्ध, स्पर्श र शब्दको स्थिति सिद्धयोगीका लागि रहँदैन । यो समयमा आफ्नो र पराया केही पनि हुँदैन ।[१३१] हठयोग प्रदीपिकामा समाधिको अवस्थाका विभिन्न नामहरू बताइएको छ । यो शब्द समाधिको वाचक हो । राजयोग, समाधि, उन्मनी, मनोन्मनी, अमरत्व, लय, तत्त्व, शून्याशून्य परमपद, अमनस्क, अद्वैत, निरालम्ब, निरञ्जन, जीवनमुक्ति, सहजा, तुर्या । यी सबै शब्दहरूको फरक फरक वर्णन गरिएको छ । जसप्रकार पानीको संयोग प्राप्त गरेर नुन त्यसमा मिलाएर पूर्ण समत्व प्राप्त गर्दछ । त्यसैगरी आत्मा र मन जब एकै हुन जान्छ त्यतिबेला समाधि प्राप्ति हुन्छ । समाधिको लक्षणमा भनिएको छः जब प्राण कुनै प्रकारले क्षीण हुन जान्छ मनको पनि लय हुन जान्छ । त्यो समयमा मन र प्राणको समरसता उत्पन्न हुन्छ त्यसैलाई समाधि भनिन्छ । राजयोगको सहायताले अपरोक्षानुभव या आत्मस्वरूपको ज्ञानले मुक्ति या निर्विकार स्वरूपमा जो अवस्थिति हुन्छ त्यसलाई राजयोग समाधि भनिन्छ । यसैगरी सहजा समाधिलाई तुर्यावस्था भनिन्छ । लय समाधिमा विविध आसन, कुम्भक एवं विचित्रकरण या हठयोग क्रियाले जब पराशक्ति कुण्डलिनी प्रबुद्ध हुन जान्छ त्यतिबेला प्राण शून्यमा ब्रह्मरन्ध्र लय हुन जान्छ । सहजा समाधि वा सहजाअवस्थामा कुण्डलिनी शक्तिको ब्रोध हुन जान्छ । त्यतिबेला सम्पूर्ण कर्महरू त्याग हुन्छन् । यी दुवै भएपछि सहजा अवस्था स्वयं उत्पन्न हुन्छ । जब प्राण सुषुम्नामा प्रवाहित हुन लाग्दछ त्यतिबेला मनोन्मनी सिद्ध हुन्छ । मनको लय भएपछि पवनको लय हुन्छ अथवा पवनको लय भएपछि मनको लय हुन्छ । यसप्रकार जब सुषुम्नामा पवनको प्रवेश हुन्छ तब मन उसमा प्रवेश गर्दछ जसद्वारा मनोन्मनी सिद्धि हुन्छ ।[१३२] यस षडङ्ग योग या अष्टाङ्ग योगका २ प्रकारका उद्देश्यहरू रहेका छन् । पहिलो गौण उद्देश्य सिद्धदेह या दिव्यदेहको प्राप्ति दोस्रो प्रमुख उद्देश्य द्वैताद्वैतविवर्जित, नाथरूपमा अवस्थान या पिण्डपदको परमपदमा समरसीकरण । संस्कृत ग्रन्थका आधारमा नाथ योगमा दुई प्रधान साधना रहेका छन् हठयोग र लययोग । यसैगरी यसका दुई कार्य छन् । विन्दुरक्षा र नादानुसन्धान । नाथयोग साधनाको मुख्य तत्त्व हो प्राणायाम । प्राणायामबाट नै विन्दुरक्षा र नादानुसन्धान दुवै साधित हुन्छन् । विन्दुरक्षा या विन्दुस्थैर्यको सम्बन्ध अजरामरता, दिव्यदेह

१३१ गोरक्ष सँहिता, २.८५-८८, योग मार्तण्ड १७६-७८ ।

१३२ हठयोग प्रदीपिका, ४.३-१२, २०, २१, २५ ।

या ॐकार देहको प्राप्ति हो । प्राण साधित भएपछि मन स्थिर र अचञ्चल हुन जान्छ । मन अचञ्चल भएपछि विन्दुरक्षा या विन्दु साधित हुन्छ । परिणाम कालजयीको सिद्धि हुन जान्छ । नादानुसन्धान प्राण नाडी चक्र साधनासँग सम्बन्धित रहेको छ । मन्त्र साधना यसमा समन्वित रहेको छ । यस मन्त्र साधनामा **ॐकार अजपा गायत्री दुवै गृहित** छन् । यी दुवैको सम्बन्ध प्राण साधनासँग रहेको छ । कुण्डलिनीको जागरण प्राणको प्रेरणाबाट हुन जान्छ । सुषुम्नामा प्राणको प्रवेश कुण्डलिनी या सुषुम्नामा प्रवेश हो । **प्राण साधनाले सम्पूर्ण नाडीजालको सोधन** हुन जान्छ । जसद्वारा जाग्रत भएको कुण्डलिनीद्वारा पञ्चमहाभूत शुद्ध हुन जान्छ । अन्ततोगत्वा कुण्डलिनीको कायामा लय भएपछि अगाडि उर्ध्वक्रममा कुण्डलिनीको शरीरका साथ परम शिवका साथ समरसत्त्व प्राप्त गर्दछ । पञ्चभूतको लय पञ्चभूतात्मक शरीरको सारतत्त्व कुण्डलिनी शरीरमा जो पिण्डको आधार हो त्यसैमा लय अर्थात् विलय हुन्छ । यस क्रियाको व्याख्याका लागि तान्त्रिक या शैव शाक्त योगको कुण्डलिनी योगमा लययोगसँगै सम्पूर्ण सिद्धान्तहरूलाई दृष्टिगत राख्दछ । नाथ सिद्धहरू भन्दछन् **यो स्थूल अर्थात् भौतिक शरीरले नै मुक्ति प्राप्त गर्दछ** ।

अगाडि नै भनिसकिएको छ कि **गौण लक्ष्य ॐकार देहको प्राप्ति** हो । जसको उपलब्धि बिना विन्दुरक्षा सम्भव छैन । एक दुई उपायहरू यस **अजरामरता**को साधनाका लागि हो । यसलाई संक्षेपमा **अमृत साधना** भनिन्छ । हठयोगका स्थूल हठयोगी क्रियाका रूपमा यसको विस्तृत व्याख्या गरिएको छ । **योगमार्तण्डमा चन्द्राअमृत पान**को विस्तृत व्याख्या गर्दै भनिएको छ चन्द्राअमृतमयी धाराको भास्करसँगै प्रत्याहरण नै प्रत्याहार हो । **विशुद्धिचक्र सोमकलात्मक हो** । यस माथिको बाटोमा रविको मुखको पानी सोमजल स्रवित हुन्छ । प्राणापानको विधानमार्फत् रसना तालुको मूलबाट जो योगी सतभावनाले प्राणपान गर्दछ ऊ निर्जर हुन जान्छ । यसैलाई अमृतको सोमकला जल भनिन्छ ।[१३३] यसको शब्दान्तर **खेचरी मुद्रा, अभरवारुणी पान, गोभांसभक्षण** आदि भनिन्छ ।

संस्कृत ग्रन्थका आधारमा नाथ योगका विभिन्न प्रसङ्गमा अनेक पटक समता विषयको सङ्केतका साथ भनिएको छ **तान्त्रिक योग र नाथयोगमा अत्यन्त**

---

१३३ योग मार्तण्ड, ११९-१३१ ।

घनिष्ठ सम्बन्ध रहेको छ। नाथयोग र तान्त्रिक योग दुवै, षट्कर्म, प्राणायाम, मुद्रा, आसन, लययोग, ध्यान समाधिको साधनाका रूपमा स्वीकार गरिएको छ। तान्त्रिक ग्रन्थहरूमा स्पष्टतया विन्दु देह या सिद्धदेह, दिव्यदेह या अद्वैतोपलब्धीको लक्ष्यका रूपमा स्वीकार गरिएको छ। यसकारण तन्त्रशास्त्र क्रियाप्रधान हुञ्छ। यो वस्तुतः अद्वैतवादकै क्रिया पक्ष हो। परमतत्त्व, परमशिव स्वयम् शक्तियुक्त छन्। जुन विषयमा शैवाचार्यको स्थापना इकार रूप शक्तिको अभावमा शिव शिव छन्। शक्ति बिना कुनैपनि कार्य गर्ने क्षमता हुँदैन। नाथपन्थ नाथ स्वयं परमतत्त्व र नाथका उपास्थ हुन्। सृष्टि संहार कार्यमा उनीहरूको कुनै सम्बन्ध हुँदैन। नाथहरूले नाथ रूप अवस्थान या पिण्डपदको परमपदमा समरसीकरण आफ्नो लक्ष्य माञ्दछन्। दोस्रो महत्त्वपूर्ण कुरा नाथ योगमा विन्दुरक्षा अथवा विन्दु स्थैर्यको अधिक महत्त्व हुञ्छ। त्यसैगरी तान्त्रिक योगमा प्रारम्भिक अवस्थामा ब्रह्मचर्य अनिवार्य मानिञ्छ। पञ्चमकारको वीराचारगत अर्थमा विचार गर्दा थाहा हुञ्छ त्यो अवस्थामा विन्दु प्रयोगको साधनात्मक महत्त्व स्वीकार गरिएको छ। वीर साधक र उसको मुद्रासँग सम्बन्धित साधक मैथुनमा फरकपनाको धारणा रहेको छ। जसको कारण तत्सम्बन्धी साधनाको रहस्य केही जनहरूमा सीमित रहेको छ। नाथमतका अनुसार 'उर्ध्वरेतस्' हुनु सिद्धको लक्षण मानिञ्छ। नाथमतको ब्रह्मचर्य परायण योग साधनामा गृहित वज्रोली, सहजोली, अमरोली आदि साधनाहरूलाई हेर्दा कतिपयले संदेह पनि प्रकट गरेका छन्। तान्त्रिक साधना योग भोग प्रदाता हो। भोगलाई आध्यात्मिक क्षेत्रमा इन्द्रिय उपभोगको अर्थमा हेर्नु हुँदैन। हाम्रो दृष्टिकोणमा भोगको अर्थ विश्वऐश्वर्यको भोग हुनु पर्दछ। यो ऐश्वर्य या विभुती पनि योगमा उपलब्ध छ। यसको उपलब्धी सिद्ध केवल लोक कल्याणका लागि बिनाशर्त कार्य गर्दछन्। तथापि यी सबैका स्वामी हुँदाहुँदै पनि यिनीहरू सधैँ निर्लिप्त रहञ्छन्। कतिपय विद्वान्हरूका अनुसार नाथयोग अन्तर्गत योग र भोगको तत्त्व एकै साथ स्वीकार गरिएको छ। इन्द्रिय उपभोगको सङ्केत गरिएको छ। साथै भनिएको छ गोरखनाथका साथ उपदिष्ट योगमार्गमा जुनरूप धारणा आजभोलि उपलब्ध छ त्यसमा योग-भोगलाई साथ साथमा लिने साधना हराउँदै गइरहेको छ।

बुद्ध धर्म या मत अन्तर्गतको वज्रयान र सहजयानमा यसको प्रभाव रहिरहेको छ। गोरक्ष पद्धतिमा वज्रोली र सहजोली मुद्रा सङ्ग्रहित छन्। जुन

बौद्धहरूका **वज्रयानी र सहजयानी** साधनामा पनि छन् ।[१३४] गोरक्ष सँहिताका अनुार यस मुद्राका लागि दुई वस्तुहरू आवश्यक छन् । वशवर्तिनी स्त्री साथै प्रचुर मात्रामा दुध । यस साधनामा योगसाधनाका नियम पालन नगर्दा पनि सिद्धि प्राप्त हुञ्छ । यो साधनाले भोगको आनन्द मार्फत मुक्ति दिञ्छ । द्विवेदीका अनुसार मुल गोरक्ष पद्धतिमा श्लोक अन्तर्भुक्त छैनन् । यी कहाँबाट उद्धृत गरिएका हुन् भन्ने पनि बताइएको छैन । यहाँ केवल यति मात्र निर्देशन गरिएको छ यस मार्गमा उक्त साधना समावेश गरिएको छ । यो टीकाकार अर्थात् अनुवादकले **श्लोकलाई मुद्रा, वेध, कारण आदि विशेषता** प्रष्ट्याउनका लागि थप प्रष्टिकरणलाई समावेश गरिएको हुन सक्छ । दोस्रो वज्रोली आदि जस्ता साधनाहरूको सम्बन्ध प्राणायामसँग रहेको छ । **वज्रोली साधना यद्यपि स्त्रीसँग जोडिएको छ तापनि वीर्य चञ्चलतालाई उपसर्ग** मानिएको छ । विन्दुपातमा प्राणबाट विन्दु र रज मिश्रित आकर्षणको विधान तय गरिएको छ । यस्तो अनुभव हुञ्छ कि उर्ध्वरित साधनामा यो एक सोपान हो । जसमा भोगलाई सामान्य अर्थमा लिन सकिँदैन । विराचार साधनामा मैथुनलाई प्रतिबन्ध गरिएको छ । तान्त्रिकको यस साधनामा **शक्ति शिवद्वैत** लक्ष्य हो जबकि **नाथमा रसेश्वर साधनाको** प्रभाव कालजयी र प्रमुख हो । यस साधनाको लागि प्राणजय साधना हुन सक्तैन । कालजय यस साधनाको प्रमुख लक्ष्य हो । स्त्रीसँग उर्ध्वरिता हुनका लागि विन्दुस्थैर्यका लागि विहित रहेको छ । यस साधनामा आदर्श विन्दुको रक्षा अनिवार्य छ । किनकि यही सम्पूर्ण नाथ योगको मेरुदण्ड हो । ऊ बिना सिद्धदेहको उपलब्धि असम्भव रहेको छ । इतिहास परम्परा र सोधको आग्रहमा यहाँ बौद्ध साधनाको संक्रमण खोज्नु निरर्थक छ । मुख्य कुरा यो हो कि जुन रूपमा गोरक्ष पद्धतिमा रहेका श्लोकमा यी साधनाहरूको व्याख्या गरिएको छ त्यसरी तान्त्रिक योग ग्रन्थहरूमा यस नामका कुनैपनि साधनाहरू छैनन् । **गोरक्ष सँहिता, सिद्धसिद्धान्तपद्धति, अमरौधशासनम्**, आदि ग्रन्थहरूमा यस साधनाको रूपमा वर्णन व्याख्या पाइँदैन । यसप्रकारको साधना नाथ योगीहरूको योग साधनाको प्रकृतिसँग मेल खाँदैन । तान्त्रिक योग र नाथयोगको तुलनात्मक अध्ययन गर्दा तान्त्रिक योगमा त्यस्ता विवरणहरूलाई प्रमुखता दिइएको छ जसमा नाथयोगसँग सम्बन्ध जोडिएको छ । यसको विस्तृत विवरण तान्त्रिक

---

१३४ डा. हजारीप्रसाद द्विवेदीः नाथ सम्प्रदाय, पृ. ७२ ।

योगको प्रसङ्गमा रहेको छ । नाथ योगको प्रमुख विशेषता हो ब्रह्मचर्य पालन र विन्दुरक्षा । प्रारम्भमा संयमपूर्ण जीवन व्यतित गर्ने उपदेश दिइएको छ । त्यसपछि निर्लिप्तत्त्व प्राप्न गर्ने र भोगयुक्त संसारमा योगको अनुभव गर्ने उपदेश दिइएको छ । भोगमा योग भोगदेखि योग अथवा भोग र योग साथसाथमा नाथहरूले भोगमा योगका सिद्धान्त स्वीकार गरेको पाइञ्छ । तान्त्रिकहरूमा यी तीनै प्रकारका सिद्धान्त क्रमश पशु, वीर र दिव्य साधनामा गृहीत अनुभव हुञ्छ । नाथ सिद्ध आफ्नो पूर्ण अवस्थामा तृतीय सिद्धान्तलाई स्वीकार गर्दछन् । उसको जीवन उसको उच्चतम निर्देशन हो । तथापि दोस्रो सिद्धान्त 'भोगदेखि योग' उनीहरूलाई कदापि स्वीकार छैन ।

नाथयोगको भूमिकाः

नाथयोगको परिचयका सम्बन्धमा अनेकौं ग्रन्थहरू उपलब्ध छन् । तान्त्रिक योग र नाथयोगको घनिष्ठ सम्बन्ध रहेको छ । तथापि यसमा केही फरकपना पनि पाइञ्छ । **तन्त्र क्रिया प्रधान साधना हो** । शास्त्र अथवा शास्त्रीय ज्ञानको यसमा महत्त्व दिइएको छैन । यसमा साधकको क्रियापक्षाको प्रधानता रहेको छ । जसमा देवता चैतन्य भएर साधकको लक्ष्य सिद्धि हुञ्छ । यस लक्ष्य सिद्धिका लागि साधक पशु, वीर र दिव्यभावमा सप्ताचार क्रममा रहेर अद्वयभाव प्राप्त गर्दछ । मकारको अर्थ भावका अनुसार भिन्न भिन्न रहेको छ । पशुभावको साधकका लागि नियमित आचार अर्थात् नैमितिक आचार संयम तन्त्रमा प्रतिपादन गरिएको छ । यसमा साधना क्षेत्रमा अग्रसर हुनका लागि अधिकारको उपलब्धिका लागि क्रमश यी नियमहरूको पालना आवश्यक रहेको छ । साथसाथै उक्त जीवको मलापसारणमा जुन तत्त्व निशर्गत शुद्ध हुञ्छ कञ्चुकको निकृन्तनमा यो नियम सहायक पनि हुञ्छ । यसकारण योगको प्रारम्भिक साधनाका लागि आचार र संयम आवश्यक मानिञ्छ । **नाथयोगको लक्ष्य** शिवशक्तिं योग हुँदाहुँदै पनि अद्वययोगसँग द्वैत अद्वैतमा विवर्जित अवस्था पनि हो । जो चार प्रकारका योगसँग समन्वय गरिएको छ । जसमा प्राणायाम प्रमुख रहेको छ र, साधनाका लागि स्वीकार गरिएको छ । यस **योगमा सिद्धदेह र उसमा निर्वाण पदको प्राप्ति**को आवश्यक्ता स्वीकार गरिएको छ । **योगको मूल दया र दान हो** । **सिद्धदेह** जसको मृत्यु हुँदैन । **विन्दुपात** हुँदैन, **पिण्डपात** हुँदैन ।

यसलाई प्राप्त गर्न नाथयोगीहरूले कष्टसाधनालाई स्वीकार गर्दैनन् । कष्टदायक योग उनीहरूको दृष्टिकोणमा निरर्थक हो । यसबाट मूलतत्त्वको प्राप्ति हुन सक्तैन । **अभोसिप्त योग** साधनाका लागि ढोंगी-बाह्य भेष धारण गर्नुको कुनै आवश्यक्ता छैन । शरीरको तरल सारतत्त्व सुरक्षित राख्नु पर्दछ । निस्सार शरीरमा योगसिद्धि मिल्न सक्तैन । यसका लागि वादविवाद गर्नु निरर्थक छ ।[१३५] यसबाट स्पष्ट हुन्छ नाथ योगीहरूको योगको जुन रूप हो त्यो **सदाचार ब्रह्मचर्यप्रधान** हो । तथापि महायोगी **मत्स्येन्द्रनाथको कौलाचार**मा पञ्चमकार सहितको साधना पनि त्यतिकै महत्त्वपूर्ण र महत्त्व रहेको कुरा पनि बिर्सनु हुँदैन । स्वयं गोरखनाथ शिव अवतार मत्स्येन्द्रनाथका चेला हुनुहुन्छ । यसैगरी नाथयोगीहरू हठयोगी मात्र हुँदैनन् । उनीहरूको लक्ष्य शरीरमा निर्वाण **पद, परमपद, नाथपद** या **द्वैताद्वैतवर्जित पद** प्राप्त गर्नु हो । यसकारण हठयोगलाई चरम साधनाका रूपमा स्वीकार गरिएको छैन । हठयोग स्वयं समाधि योगको साधना हो ।

गुरू शिष्यवाद अर्थात् अधिकार भेदवादः

नाथको यस साधनामा **गुरूहिन भएर बिना दीक्षा प्रवेश पाइँदैन** । अतः यस साधनाको **प्रथम गुरूतत्त्व सिद्ध गुरू** हो । गुरू ज्ञानको पूर्ण सत्य रूप हुन्छ । त्यो **ब्राह्मी सम्पत्तिको भण्डार** हो । गुरू ज्ञानको प्रहारमा निहित भएर शिष्यको अति चञ्चल शक्तिशाली अर्थात् बलशाली मन स्वयं नियन्त्रणमा रहन्छ । त्यही नै एक मात्र ज्ञानको स्रोत हो । शिष्यलाई सिद्धगुरू बिना अन्यत्र कहीँ पनि शुद्ध ज्ञान प्राप्ति हुन सक्तैन । विभिन्न प्रकारको दोषहरूले भरिएको उवड खावड भवमार्गमा गुरूले मात्र प्रकाश दिन सक्तछन् ।[१३६] यो साधनामा निष्णात भएपछि सर्वतोभावेन **सम्यक योग** सिद्ध हुन जान्छ । त्यतिबेला गुरूले आफ्नो कृपाद्वारा निर्वाण समाधिको रक्षा गर्दछन् । यो समाधि स्वानुभूतिगम्य आफैले अनुभव गर्न सक्ने सत्य हो । गुरूलाई यस सत्यको पूर्ण रूपमा साक्षात्कार हुन्छ । साथै दोस्रो यस्तै प्रकारको अनुभव पनि गुरूलाई नै हुन्छ । **त्रिगुणात्मिक माया** जो विभिन्न प्रकारको रूप धारण गरेर जीवको चित विमूढ गर्दिन्छ । यो अवस्थामा गुरूले

---

१३५ गोरखवाणी पृ. १२६, १६४ ।

१३६ गोरखवाणी, पृ. ६४, १२६, १२८, १५४ ।

नै त्यसको रहस्य सम्झाउने, सत्य र मायाको विवेक देखाउनेमा गुरू नै सक्षम हुञ्छन् । स्वअनुभूति सत्यको वाचक शब्द केवल प्रत्यक्ष रूपमा गुरूले मात्र गराउन सक्तछन् । त्यसको अनुभूति पनि गराइदिन सक्तछन् ।[१३७]

यही गुरू तत्त्व नै नाथतत्त्व हो । जो माया विमूढ, सुषुप्त जगतका लागि जाग्रत रहञ्छ । किनकि बिना उनको कृपा ब्रह्मसाक्षात्कार परमपद प्राप्ति असम्भव छ ।[१३८] ज्ञानको उद्गरण भएपछि शिष्यको पार्थिव सम्बन्ध छुट्न जाञ्छ । प्रपञ्च युक्त पृथ्वीसँग उसको सम्बन्ध रहँदैन । यसप्रकारको **ग्रन्थीको भेदन ब्रह्मग्रन्थीको** भेदन हो । यस **ग्रन्थीको स्थान मूलाधार हो** । जसमा महाभूत पृथ्वीतत्त्व अवस्थित मानिञ्छ । ब्रह्माको पार्थिव सृष्टिबाट सम्बन्ध विच्छेद गर्ने कार्य गुरू मार्फत् नै हुन सक्छ । भिन्न शब्दमा भन्नुपर्दा यो पाशविमोचन या कुण्डलिनीको जागरण हो । प्रकारान्तरमा यस साधना मार्गमा प्रवेश या दीक्षा पनि भनिञ्छ । दीक्षा एकपटक मात्र हुँदैन । **तीन ग्रन्थीहरूको क्रियाद्वारा आज्ञाचक्र समाप्त** हुन जाञ्छ जुन अनुभव साधकलाई हुञ्छ । यस्तो प्रारम्भिक आवश्यक्तालाई अत्यन्त महत्त्वपूर्ण मान्दै महायोगी गुरू गोरखनाथले **ब्रह्मग्रन्थी जीवशक्तिलाई** छुटाइदिन गुरूको आराधनाको उपदेश दिनुभएको छ ।[१३९]

यहाँ अधिकार भेदभावको पनि केही चर्चा गरिएको छ । यस ग्रन्थीको भेदन भएपछि गुरू कार्य समाप्त हुन जाञ्छ । त्यतिबेला मात्र शिष्य या साधकले गुरूबिना आफ्नो साधना क्रममा अग्रसर हुन सक्तछ । पछिल्लो योग सम्बन्धी विवेचनामा यी कुराहरू स्पष्ट छन् । **गुरू र शिष्यको प्रत्यक्ष सम्बन्ध केवल आज्ञाचक्रसम्म सीमित रहेको छ** । जब शिष्यका ३ ग्रन्थीहरू जसलाई कहिलेकाही ३ गुणहरूको विषम बन्धन पनि भनिञ्छ त्यसबाट मुक्त हुन जाञ्छ । त्यतिबेला साधक आफ्नो आर्जित शक्ति र संस्कारमा अग्रसर हुन जाञ्छ । तथापि **आज्ञाचक्रसम्म साधकका लागि गुरू अनिवार्य तत्त्व** हो । आज्ञाचक्र पछिको अवस्थामा गुरू शिष्यको काया एउटै रहञ्छ । जसमा ३६ तत्त्व रहेका हुञ्छन् जो सामान्यतया **सिद्धगुरूमा** हुञ्छ ।[१४०] तथापि योभन्दा पहिलाको अवस्था अधिक

---

१३७ उही पृ. ७४ ।

१३८ उही पृ. १६६ ।

१३९ नाथ और सन्त साहित्य, पृ. ३०७ ।

१४० उही पृ. ३०७ ।

तत्त्व वा न्यून तत्त्वको आधारमा गुरू शिष्यको सम्बन्ध स्थिर रहञ्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा स्पष्टसँग भनिएको छ । **सिद्ध गुरूमा ३६ तत्त्व र शिष्यमा ३२ तत्त्व हुनुपर्दछ** । अर्थात् अधिक तत्त्वले सम्पन्न भएको हुनाले गुरू र न्यून तत्त्वले सम्पन्न भएको हुनाले शिष्य भनिञ्छ । अन्त्यका ४ तत्त्व आयात गरेर ग्रहण गरेपछि शिष्य साधना क्षेत्रमा एक्लै घुम्न सक्तछ । चार तत्त्व उपलब्ध गरेपछि शिष्य परमतत्त्वतर्फ निर्वाध भावमा अग्रसर हुञ्छ ।[१४१] **यो ॐकार, निराकार, परमतत्त्व या परमपदको** उपलब्धि भएपछि त्यो अवस्थामा न गुरू रहञ्छ न चेला । सबै एकरस हुन जाञ्छन् ।[१४२] सामान्यत साधक पद प्राप्त गर्न र त्यसतर्फ अग्रसर हुन **आठ परीक्षा** नाथयोगी आचार्यका लागि निश्चित गरिएको छ । ३२ तत्त्वको यसमा परीक्षा लिइञ्छ । यसको व्याख्या **गोरक्ष सँहिता सङ्ग्रहमा** गरिएको छ छोटकरीमा अगाडि नै उल्लेख छ । अधिक तत्त्व अथवा हिन न्यून तत्त्व हुनु यसको मूल सिद्धान्त हो । शेष चार तत्त्व कुन कुनसँग छ ग्रन्थहरूमा एकमुष्ठ व्याख्या पाइँदैन । ३२ लक्षणका साथ तुलना गर्दा यसको तत्त्व तथा क्रममा फरकपना पाइञ्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार यसको क्रम यसप्रकार रहेको छ । **ज्ञान, विचार, विवेक, निरालम्ब, सन्तोष, शील, सहज, शून्य** । तत्त्वको दृष्टिकोणमा ज्ञानपरीक्षामा, गोरक्ष सिद्धान्त सङ्ग्रहमा निरलोभीको स्थान पर निरालम्ब दिइएको छ । विचार परीक्षामा 'सति'को स्थानमा सत रहेको छ । निरालम्ब परीक्षामा निर्लोपको स्थानमा निर्लेप छ । यसैप्रकार शील परीक्षामा सतिको ठाउँमा शान्त तथा सहज परीक्षामा सुमतीको स्थानमा स्वभाव लेखिएको छ । हस्तलेखनमा यसलाई **अष्टपरीक्षा** साथै **बत्तिस लक्षण** दुवै भनिएको छ । दोस्रो महत्त्वपूर्ण कुरा यस बत्तिस लक्षणमा भनिएको छ यो परीक्षा **अष्यङ्ग योग**को परीक्षा हो । यसलाई भक्तिको लक्षण पनि भनिएको छ ।[१४३] यी दुवै विषयमा स्पष्ट रूपमा भन्न कठिनाई छ । किनकि नाथमा पातञ्जल योगको अष्याङ्गलाई जस्ताको तस्तै स्वीकार गरिएको छैन । दोस्रो नाथमा **गुरूभक्ति तथा प्रकारान्तरमा नाथभक्ति पाइञ्छ** । तथापि **भक्ति यसको मुख्य साधना होइन** । यस प्रकारको कुनैपनि भक्ति गोरक्ष सिद्धान्त सङ्ग्रहमा छैन । यस लक्षणका चार अधिक लक्षण जो अवधूत योगीहरूमा पाइञ्छ । केवल

१४१ उही पृ. ३०८ ।

१४२ गोरखवाणी, पृ १३० ।

१४३ उही पृ. २४९ ।

उनीहरूलाई नै गुरू रूपमा स्वीकार गर्ने उपदेश पाइन्छ । यदि यसप्रकारका गुरू पाइएन भने त्योभन्दा कम लक्षण भएका गुरू बनाउनु हुँदैन । अपूर्ण अधुरो गुरू बनाई कुलको नष्ट गर्नु हुँदैन ।[१४४] नाथयोगको गौण लक्ष्य **पिण्ड सिद्धि या कार्यसिद्धि सिद्धदेह** प्राप्ति हो । गुरूको मिलनमा साधना क्षेत्रमा अग्रसर भएपछि पिण्डसिद्धि हुन्छ, पुनः जन्म मरणको चक्रमा परिरहनु पर्दैन । यदि गुरूसँग मिलेपनि **पिण्डपात** भयो भने गुरू लज्जित हुनुपर्दछ । यसप्रकारको पिण्डपात गुरूको अधुरोपन र असफलता हो ।[१४५] यसप्रकार गुरूको **३ कार्यहरू देखापर्दछन् : प्रथम पुरण, द्वितीय पोषण** र **तृतीय वोधन** । गुरू शिष्यको जीवात्मशक्ति **कुण्डलिनीको ब्रह्मग्रन्थीबाट** मुक्त गराउँदछन् । शिष्यलाई साँसारिक प्रपञ्चबाट पनि मुक्त गराउँदछन् । दोस्रो तर्फ अग्रसर हुँदा जुन चार तत्त्व शिष्यमा कम हुन्छ त्यसको पूर्ति पनि गर्नुपर्दछ । तेश्रो कार्य ज्ञान प्रदान गरेर सम्पन्न गर्नुपर्दछ । ग्रन्थहरूमा **कार्य, स्पर्श, दृकपात** आदिद्वारा साध्य बताइएको छ । ज्ञानेन्द्रियकरण **शिष्यको वोधन** हो । चार तत्त्वको प्राप्ति शिष्यको पुरण कार्य हो । शिष्यको **शक्ति जिवित** राख्ने कार्य गुरूको हो । जसलाई पोषण कार्य भनिन्छ । नाथ ग्रन्थहरूमा **गुरूमुख, कामिनी मुख, मनमुख** आदि शब्दहरूको प्रयोग पाइन्छ । नाथयोगीका लागि गुरू नै श्रेय हो । योगी गोरखनाथले भन्नुभएको छ साधक या मनुष्यका लागि केवल दुइवटा मात्र मार्ग अर्थात् बाटाहरू छन् । त्यो **गुरूसँग रहेर आफ्नो उद्धार गर्ने या कामिनीको साथमा रहेर आफ्नो विनास** गर्ने । यसप्रकार गुरूमुखको महत्त्वको विस्तारले व्याख्या गरिएको छ । **पिण्ड परिचयका लागि** गुरूको शरणमा जानुपर्दछ । **मनमुखले पिण्डको परिचय हुँदैन** । यसकारण मनमुख अर्थात् **मनतर्फ जीवशक्तिको उन्मुखता गुरूमुखको विरोधी हो** । योग साधनाका क्षेत्रमा अग्रसर हुनका लागि **मनमुखको त्याग तथा गुरूमुखको** आश्रय ग्रहण गर्नुपर्दछ । महायोगी गुरू गोरखनाथका अनुसार **मनको चार अवस्था** हुन्छ । **आशा, उदासिनता, गुरू र कामिनी** । यी चार मध्ये मनले कसै न कसैसँग आश्रय लिन्छ ।[१४६] यस मध्येमा **उदासिनता र गुरूको आश्रय प्रधान साधना अनुकूल** उपाय हो । बिना गुरूमुखको आशारूप **आपति** तथा **सन्देह रूप, शोक** दुवै रोग हो । यो टाढा जाँदैन अर्थात् छोड्दैन । जसको लागि गुरूमुखमा जलनु, शुद्ध हुन आवश्यक छ । तर यो

१४४ उही पृ. ११५ ।
१४५ उही पृ. ६० ।
१४६ गोरखवाणी, पृ. ५८, ६१, ५७ ।

त्यति बेलासम्म सम्भव हुँदैन जबसम्म गुरूमुखको अभिज्ञान हुँदैन । अभिज्ञान हुनासाथ जरणा अर्थात् शुद्ध हुञ्छ तत्पश्चात् दुःख, कष्ट, रोगहरू नष्ट हुन जाञ्छन् । आत्मपरिचय या पिण्ड परिचय हुन जाञ्छ । यसरी गुरूमुखद्वारा अल्छय पुरुषको अभिज्ञान हुञ्छ । त्यसैको सहायतामा साधक अजर र अमर हुञ्छ । त्यसैबाट साधकमा सान्त्वना उत्पन्न हुञ्छ । जसको प्रेरणाबाट साधकमा विचार शक्ति जागरुक हुन जाञ्छ त्यसैबाट ध्यान सफल हुञ्छ ।[१४७] गोरखनाथका अतिरिक्त अन्य नाथ ग्रन्थहरूमा पनि गुरू सम्बन्धी यिनै विचारहरू प्रमाणित हुञ्छन् । भीड्को पावले शुद्ध कञ्चन समान काया र शुद्धभाव तथा विचार भएको कस्तुरी समान विशिष्ट मनलाई गुरूचरणमा समर्पित गर्ने उपदेश दिएका छन् । जसबाट अखण्ड मण्डल साधकको मदी रूपमा परिवर्तन हुञ्छ । पिण्ड या काया जरामरण अर्थात् जन्म मृत्युबाट क्षीण हुँदैन ।[१४८] चौरासी सिद्ध मध्येका चर्पटीनाथले भनेका छन् यस सृष्टिमा प्राणीले दश प्रकारका शरीरहरूसँग प्रेम गर्दछ । त्यसभन्दा बाहिर उनीहरूको दृष्टि नै जाँदैन । यसकारण उनीहरूलाई मृत्यु काल प्राप्त हुञ्छ । यी माया मोहबाट ग्रसित प्राणीहरूमा केवल एउटै व्यक्तिले उद्धार पाउँदछ जो गुरूमुखमा सचेत हुञ्छ ।[१४९] संसारको सर्वश्रेष्ठ वस्तुको निर्वचन गर्ने समयमा अर्थात् परीक्षा लिने समय अतुलनिय र अनुपम हुञ्छ । यस्तो परीक्षाको क्रिया अत्यन्त गोप्य हुञ्छ । कसै कसैले मात्र यस्तो क्रियाको बारेमा जाञ्दछन् । साधुहरूले पनि यस्तो जानकारी पाउन कठिन हुञ्छ ।[१५०]

गुरू शिष्य सम्बन्धी जुन परिचय माथि दिइएको छ, यसमा **गुरूमुख, जरण र पारख** शब्द अधिक महत्त्वपूर्ण एवं वर्णित रहेको छ । जुन प्रसङ्गमा गुरूमुख शब्दको प्रयोग गोरखवाणीमा पाइञ्छ । योग साधना क्षेत्रमा अग्रसर हुनका लागि मनमुखको त्याग तथा गुरूमुखको आश्रय ग्रहण गर्नुपर्दछ । जसको अर्थ गुरूको मुख = गुरूको मुखबाट पाइने शिक्षा गुरूको अभिमुख = गुरूको मुखबाट निस्कने वचन । गुरूको मुखबाट निस्कने शिक्षा, गुरूको मुखबाट प्राप्त ज्ञान, उपदेश, गुरूमुख आदि क्रियां हुन् ।[१५१] यसैगरी गोरखवाणीमा मुख

१४७ उही पृ. ५, १३, १५, ३८, ६४, ७४ ।
१४८ नाथ सिद्धो की वानिया पृ. ११८ ।
१४९ उही पृ. ३४, छं. २०० ।-
१५० उही पृ. ४३ छं. ४१३ ।
१५१ गोरखवाणी, पृ. ५७, छं. १६८, १८० ।

लगायतका अन्य संयुक्त शब्दहरू व्यवहारिक छन् । जस्तोः मनमुख, आशामुख, उर्ध्वमुख, ज्ञानमुख, गजनमुख, चितमुख, निराशमुख, पवनमुख, सुरतिमुख, सहजमुख, शक्तिमुख आदि । यसमा सबैभन्दा महत्त्वपूर्ण शब्द मनमुख हो । मनमुखको मन वरिपरि अर्थात् मनतर्फ हो । गुरूमुख शब्दको जति पनि अर्थ छ त्यसमा गुरूको मुखबाट निस्कने प्राप्त उपदेश शिक्षा या ज्ञानको अर्थ प्रधान रहेको छ । अन्य अर्थहरू गुरूको मुख गुरूको निकटतातर्फ अभिमुख रहेको छ । आजभोलि सामान्य अर्थमा गुरूमुख हुनुको अर्थ गुरूबाट दीक्षा लिनु या मन्त्र लिनुलाई भन्ने गरिन्छ । हाम्रो अर्थमा यी सबै विषयमाथि विचार गर्दा गुरूको निकटताको अर्थ नै सामान्य रूपमा बुझ्नुपर्दछ । लक्षाणको सहायताले गुरूतर्फ उन्मुख हुनु या अभिमुख हुनु, गुरूको उपदेशतर्फ अभिमुख हुने अर्थमा लिन सकिन्छ । यो सामान्य अर्थको पुष्टि **मनमुख** शब्दद्वारा हुन्छ । यसैप्रकार अन्य मुखान्त शब्दहरूको पनि उदय हुन सक्तछ । जसका लागि प्रर्याप्त स्थानको आवश्यक्ता हुन्छ । यहाँ हामीले केवल **मनमुख र गुरूमुख** शब्दको अर्थ बताएर अन्य मुखान्त शब्दको अर्थ र दिशा सङ्केत गरिन्छ । यस प्रसङ्गमा दोस्रो महत्त्वपूर्ण शब्द **'जरणा'** हो । जरणा शब्दलाई गोरखवाणीमा जुन जुन ठाउँमा प्रयोग गरिएको छ त्यहाँ पचाउन सक्ने, जीर्ण गराउन सक्ने, पूर्ण रूपले स्वायत गर्ने अर्थ लगाईको छ ।[१५२] तथापि समान ध्वनियुक्त अन्य शब्द 'जरणा' हो जसको प्रयोग सिद्धसिद्धान्त सङ्ग्रह मलमूत्रको जारण या जलाउनुको अर्थमा लिइएको छ ।[१५३] यस शब्दको अहिलेसम्म प्राप्त प्रयोगमा गुरूमुख शब्दको सप्तभ्यँत रूपका साथ आएको छ । यसकारण यस प्रसङ्गमा यस शब्दको अर्थ गुरूको उपदेश या दिइएको मन्त्रमा साधक या शिष्यले आफूलाई जिर्ण बनाउनु पर्दछ । आफ्नो अहंमलाई नष्ट गर्नुपर्दछ, लीन हुनुपर्दछ, एकरस हुन सक्नु पर्दछ । यसप्रकारले लयसाधना या गुरूमन्त्र, उपदेशका साथ अभेद स्थापित गर्नु नै साधना हो । यसप्रकारको अर्थग्रहणमा कहीँ पनि असङ्गति रहेको छैन । गुरूमुख हुनु र जरणामा एउटै क्रम देखिन्छ । जरणा वस्तुतः **उर्ध्वस्थिति** हो । जसमा गुरू मन्त्रको श्रवण ग्रहण मात्र होइन साक्षात्कार र उपब्धि हुन्छ । यो जरणाको सिधा सम्बन्धका कारण हो ।

---

१५२ उही पृ. ७८, छं., २५२, ५.१३ ।

१५३ सिद्धसिद्धान्त सङ्ग्रह- द्वितीयोपदेश श्लोक १९ ।

यस गुरू शिष्य प्रकरणसँग सम्वद्ध तेश्रो शब्द **पारख** हो । गोरखवाणीको एक ठाउँमा 'पारिषा' शब्दको प्रयोग भएको पाइञ्छ । जसको अर्थ परख या पहिचान हो ।[१५४] अन्य नाथ सिद्धहरूले 'पारख' 'पारिख' अथवा 'परख' यी तीन शब्दहरूको प्रयोग गरेको पाइञ्छ । पारखको सम्बन्ध परीक्षासँग पनि सम्बन्धित रहेको छ । अन्यत्र 'परष' सँग सम्बन्धित शब्दलाई हेर्दा 'परख' परीक्षक, पारखी आदि अर्थ नै उपयुक्त देखिञ्छ । यसप्रकार 'परष' या 'पारष' शब्दको सिधा सम्बन्ध परीक्षा शब्दसँग मिल्न जाञ्छ । 'पारष' या 'पारिष' शब्द जहाँ प्रयोग भएको छ त्यसको सिधा अर्थ परीक्षक या परीक्षा लिने अर्थ बुझिञ्छ । नाथ सिद्धान्तका अनुसार **परीक्षकत्व गुरूको** एउटा विशेष लक्षण मानिञ्छ । माथि ३२ लक्षणसँग सम्बन्धित जुन परिचय दिइएको छ त्यसबाट निष्कर्ष निकाल्न सकिञ्छ गुरू परीक्षक, पुरक र वोधक तिनै हो । यसका अतिरिक्त **भवरोग नाशक**, शिष्यका लागि **मङ्गलदायक**, परम कल्याणमय, दिव्यदृष्टिदाता आदिका रूपमा स्मरण गरिञ्छ । अगाडि नै उल्लेख गरिसकिएको छ नाथ मतमा केवल **सूक्ष्म वेद प्रणव**लाई मानिञ्छ । किनकि यही नादपरम्परा हो । अन्य शास्त्रहरू वेद, पुराण विन्दु परम्परामा रहेका छन् । यसकारण उनीहरूका लागि यी मान्य अर्थात् प्रमुखतामा पर्दैनन् । सूक्ष्मवेदको अनुभव गराउने योग शास्त्र स्वयं नाद परम्परामा रहेको छ भने युक्ति बताउने गुरू नै हुन् । यसकारण नाथ मतले गुरू कृपालाई स्वीकार गर्दछ । शास्त्रकृपा या आत्मकृपालाई नाथहरूले अस्वीकार गर्दछन् । नाथ मतका अनुसार कुनैपनि साधकले गुरू कृपाबिना प्राप्त स्वतन्त्र आत्मशक्तिले साधना क्षेत्रमा प्रवेश गर्न सक्तैन । नाथमा गुरूकृपा ईश्वरकृपा या नाथकृपा हो । यी दुवै अभेद रहेका छन् ।[१५५]

संस्कृत ग्रन्थका आधारमा योगको विवेचना गर्ने समयमा नाथहरूले अधिकार भेदवादको अनुमान गरेको पाइञ्छ । जुन तथ्यका आधारमा यो सिद्धान्त प्रतिपादित रहेको छ । तान्त्रिकमा पशु र विरभावको साधनापछि विशेष आधारमा निर्णय गर्दछन् । यसैगरी नाथमा परीक्षाका आधामा अधिकार निर्णय हुञ्छ । इन्द्रिय पाशोमा बाँधिएको मनमुख योगमार्गमा आरुदन भएको जीव पशु तथा कायालाई जितेर कायालाई पूर्ण रूपमा परिशुद्ध पारेर आफ्नो अधिकारमा

---

१५४ गोरखवाणी, पृ. ८९ ।

१५५ उही पृ. ११५ ।

राख्ने साधकलाई शुरवीर भनिन्छ । जसरी तन्त्रमा पशुपति पाशच्छेदनको कृपाले साधना क्षेत्रमा प्रवेशको अधिकारी हुन्छन् अर्थात् साधना योग्यता प्राप्त गर्दछन् त्यसैगरी साधक नाथरूप सद्‌गुरूको कृपाले साधना क्षेत्रमा प्रवेशको अधिकारी हुन्छन् । यहाँ **रज्जुछेदन** अर्थात् डोरी छेदन वास्तवमा दीक्षा भनौं वा गुरूमुख शक्ति पाद आदि हो । साधना क्रममा अग्रसर हुनका लागि जुनजुन ठाउँहरूमा विधान अर्थात् नियम छ, प्रत्येक उच्च प्रकारको साधनाका लागि साधकको परीक्षा या अधिकार आदिमा बन्धन अर्थात् नियन्त्रण रहेको छ । त्यसपछि मात्र सता स्वीकार गर्न सकिन्छ । नाथको ३२-३६ गुणको अतिरिक्त नादका चार क्रमिक अवस्थालाई पनि स्वीकार गरिएको छ । **गोरक्ष सिद्धान्त सङ्ग्रहमा** जसरी **आरम्भ, घट, परिचय र निष्पति** नामका चार अवस्था मानिएको छ त्यसैगरी गोरखवाणीमा **'आरम्भ जोगी'**, **'घटजोगी'**, **'परचा जोगी'**, **'निसपति जोगी'को** विवेचना पाइन्छ ।[१५६] चार प्रकारका योगीहरूको अतिरिक्त अन्य चार प्रकारका **शून्यताको** पनि कल्पना गरिएको छ । जसको तात्पर्य नाथको साधना क्रममा क्रमश विकासलाई ध्यानमा राख्दै चार प्रकारका योगीहरू बताइएको छ । जसको विभिन्न अवस्थाहरू बताइएको छ । साथसाथै विकासक्रमलाई ध्यानमा राख्दै चार प्रकारका योगीहरू बताइएको छ । जसको सम्बन्ध नाद एवं शून्यबाट स्पष्ट हुन्छ । गुरू शिष्यवाद र अधिकार भेदभावको निरूपण गर्दा यो स्पष्ट हुन्छ कि दुवैको नियम पालना बिना साधकलाई साधना क्षेत्रमा प्रवेश असम्भव छ । साँसारिक लक्ष्य धर्म, अर्थ, कामको प्राप्तिका लागि अधिकारको अपेक्षा रहँदैन । विलक्षण अलौकिक पदको उपलब्धिका लागि सामान्यतया जन योग्य हुँदैन । यसकारण गुरू परीक्षाका लागि अधिकार दिइएको छ । गुरू शिष्य विवेचनामा स्पष्ट रूपमा भनिएको छ गुरूबाट मात्र परमतत्त्वको ज्ञान सम्भव छ । शिष्यलाई साधना मार्गमा अग्रसर गराउँदछन् । यस साधना मार्गमा नाथको योग मार्गको लक्ष्य निश्चित गरेर साधकको साधना सम्पत्तिको विचार गरी गुरू शिष्यको अधिकार प्रदान गरिन्छ । साधकको साधन सम्पत्तिको संक्षिप्त परिचय पहिला नै विभिन्न परीक्षाहरूको प्रसङ्गमा संक्षिप्तमा वर्णन गरिएको छ ।

---

१५६ गोरखवाणी पृ. ४७, ४८ ।

नाथयोगको लक्ष्यः

नाथ योगको लक्ष्य अगाडि नै भनिसकिएको छ कि नाथमा योग र योगयुक्त ज्ञानलाई स्वीकार गरिएको छ । अर्थात् योगको सहायताले उपलब्ध ज्ञानलाई स्वीकार गरिएको छ । मूल प्रश्न यो हो कि नाथ योगमा केवल काया साधना मात्र होइन मानसिक या **चैतसिक** साधना पनि रहेको छ । प्रथम दोस्रो दुवै साधना उपयोगी छन् । दोस्रो शब्दमा आधिभौतिक र आधिवैदिक साधनाको लक्ष्य आध्यात्मिक साधना हो ।

नाथयोगको चरम लक्ष्य परमतत्त्व विलक्षण हो । पहिले ८४ सिद्धमध्येका बौद्ध नागार्जुनले परमतत्त्वको शून्य शब्दको सङ्केत गरेका छन् । यो तत्त्व चतुष्कोटी अर्थात् सत्य हो न असत्य हो दुवै होइन । यसलाई चतुष्कोटी विर्नियुक्त मानिन्छ । विद्वान्हरूले नागार्जुनको परमतत्त्वको निर्वचन यस पद्धतिको उपनिषदको नेति-नेतिसँग तुलना गर्दै यस पद्धतिलाई अति प्राचीन भनेका छन् । उपनिषदका ऋषिहरूको अनुभूति प्रधान यस पद्धतिको पालना महायोगी गोरखनाथले पनि गर्नुभएको छ । उहाँले भन्नुभएको छ सत्य हो अथवा असत्य हो त्यो न असत हो न सत हो । यसप्रकारको साधना यसकारण भनिएको छ त्यो तत्त्व प्रत्यक्षाकरणको पहुँच भन्दा बाहिर छ । दोस्रो हाम्रो कुनैपनि इन्द्रिय उसले ग्रहण गर्न सक्तैन । यदि उसको कुनै ध्वन्यात्मक प्रत्यक्षा हुन्छ भने त्यो केवल गगन शिखरको सहस्रारमा हुन्छ । यस्तो तत्त्व जो केवल धन्यात्मक प्रत्यक्षा हुन्छ, अगम छ अगोचर छ । यसकारण यस्तो असत वस्तुको कुनैंपनि रूप हुँदैन ।[१५७] यसकारण यसको नामाकरण पनि गरिएको छैन । यो सत पनि होइन किनभने अगम र अगोचर छ । जुन वस्तु गोचर छ त्यसको कुनै रूप हुन्छ र त्यो रूपको वोधक कुनै नाम पनि राख्न सकिन्छ । त्यसैगरी वर्ण अर्थात् उसको रङ्ग पनि निर्धारण हुन्छ । अर्थात् नाथको परमतत्त्व सत् असत् विवर्जित अविवर्जित एवं निर्नाम हो ।[१५८] नाथ साधना यही अदृश्य परमतत्त्वको दर्शन र उसमा चितको असाधारणता हो । उसको सता असता अनिर्वचनीयता, नाम, रूपको निर्वचनको प्रयत्न गर्दै गोरखनाथ भन्नुहुन्छ परमतत्त्व यही सतावान छ

---

१५७ नाथ और सन्त साहित्य, पृ. ३१५ ।

१५८ उही पृ. ३१५ ।

यही असतावान छ । यसकारण सतावान मानिञ्छ उसले स्वर्ग, मर्त्य, पाताल तिनै लोकको रचना गरेको छ । यो अगोचर छ, यसकारण यसलाई लुप्त पनि भनिञ्छ एवं असतावान प्रतित हुञ्छ । उसको सता यसकारण सिद्ध छ कि उसले तिनै लोकको रचना गरेको छ । साथै यो सिद्ध हुञ्छ कि ऊ साथमै रहञ्छ, ऊ हामीमा लिप्त हुँदैन । यसर्थ उसलाई अलग भनिएको छ । यही विलक्षण तत्त्वका लागि साधना गरेर साधक योगेश्वर बञ्दछन् ।[१५९] यो यस्तो तत्त्व हो जसको उचित रूपमा निर्वचन, वेद, धर्मग्रन्थ, तथा अन्य धार्मिक वाणीको समूहले गर्न सक्तैन । यी सबैलाई आडम्वरले ढाकेको छ । यसले कुनैपनि प्रकाश दिँदैन । यो स्वयं आफ्नो शब्दका रूपमा प्रकाशित हुञ्छ । जसको ग्रहण या साक्षात्कार केवल अलक्ष्य तत्त्वलाई जानेर हुन सक्तछ । **उक्त अलक्ष्य तत्त्वको ज्ञान वेद, शास्त्र, किताब, धर्मग्रन्थहरू कुरान या अन्य पुस्तकहरूले हुन सक्तैन । यी सबै बन्धनमा राख्ने अज्ञान उत्पन्न गर्ने हुन् । यस परमपद या तत्त्वको ज्ञान अत्यन्त कम मात्र योगीहरूमा हुञ्छ** ।[१६०] गोरखनाथका अनुसार प्रत्येक शरीर ब्रह्म साक्षात्कारका लागि बनाइएको छ । जसमा ब्रह्मबींज प्रस्फुटन हुन सकोस् । जुन क्यारीमा ब्रह्म साक्षात्कारको बीज प्रस्फुटित हुन जाञ्छ या घट प्रस्फोटनद्वारा निष्पन्न हुन जाञ्छ त्यो गोरखक्ष काया या सिद्धकाया हो । यो कुरा योगी गोरखनाथले प्रत्येक घटका लागि भन्नुभएको छ । कच्चा शरीरको कमजोर क्यारीमा ब्रह्म साक्षात्कारको बीज प्रस्फुटित हुने ज्ञान जल टिक्न सक्तैन ।[१६१] यस कारण ज्ञानजललाई ग्रहण गर्नका लागि **परिपक्व शरीरको आवश्यक्ता छ** जसको **एकमात्र साधना योग हो** । यसप्रकार नाथपदको साक्षात्कारका लागि ज्ञान तथा चिर ज्ञानका लागि योगद्वारा उपलब्ध परिपक्व शरीरको आवश्यक्ता छ । जसको एकमात्र साधना योग हो । यसप्रकार नाथपद साक्षात्कारका लागि ज्ञान तथा चिर ज्ञानका लागि योगद्वारा परिपक्व शरीरको आवश्यक्ता बताइएको छ ।

योगी गोरखनाथले भन्नुभएको छ परम विलक्षण अर्निवाचनिय तत्त्वको साक्षात्कार नाद रूपमा गगन शिखरमा हुञ्छ । अर्थात् उसको अनुभूति यस शरीरमा हुञ्छ । संसार प्रपञ्च युक्त छ । द्विविधा द्वैतभावले ग्रस्त रहेको छ ।

---

१५९ उही पृ. ३१६ ।

१६० गोरखवाणी, पृ. २ छं. ४/पृ. ३ छं. ६ ।

१६१ उही पृ. १४ छं. ३७ ।

परमतत्त्व प्राप्ति नै यी सबैबाट मुक्ति हो । जसले यसलाई प्राप्त गर्न सक्तछ यसले आफूलाई संसारबाट मुक्त गर्दछ । जसको प्राप्ति योग युक्त ज्ञानबाट हुञ्छ । यस साधनाबाट निर्वाण पद परमतत्त्वको साक्षात्कार पिण्डमा हुञ्छ ।[१६२] यसप्रकार नाथको शरीरको महत्त्व स्वीकार गरिएको छ । किनकि परमतत्त्व नाथपदको साक्षात्कार पिण्डको गगन शिखरमा नाद रूपमा हुञ्छ । यसकारण यो पिण्डगत गगन शिखर जबसम्म रहञ्छ त्यतिबेलासम्म साक्षात्कार स्थिर हुञ्छ । यसर्थ यस कायाको रक्षा गर्नुपर्दछ । योगद्वारा शरीरलाई शुद्ध गर्ने, योगबाट नै शरीरको रक्षा गर्दै त्यसैबाट परमपदको गगन शिखरमा साक्षात्कार गर्नु हो । नाथमतका अनुसार यो योगीका लागि आवश्यक छ । यसकारण नाथको योगमा **काया साधन र देहविजयको निर्वचन मिल्दछ** । गोरखवाणीमा काया सम्बन्धी जति पनि व्याख्या पाइञ्छ त्यसमा सबै ठाउँमा ध्वनिको आवाज आउँदछ । कायाको विजय अर्थात् जय अत्यन्त कठिन छ । जबसम्म पिण्डज्ञान हुँदैन त्यतिबेलासम्म असम्भव हुञ्छ । साधकका लागि पिण्ड ब्रह्माण्ड यी दुई मुख्य तत्त्व हुन् । ब्रह्माण्डबाट पिण्डको सम्बन्ध साधकले जान्नै पर्दछ । पिण्डमा के छ ? यसको पूर्ण ज्ञान हुनुपर्दछ । नाथको लक्ष्य नाथस्वरूपबाट अवस्थान या **पिण्डपदको परम पदमा समरसीकरण हो** । योगीको साधना र अन्य सामान्य जनको साधनामा अन्तर छ । योगीको साधना बिलक्षण अनिर्वचनिय एवं योगगम्य रहेको छ । उनीहरू सत्, असत् द्वैत अद्वैतबाट विवर्जित छन् । साथै भौतिक रूपमा देखिने मन्दिर मस्जिदबाट पनि टाढा रहेका हुञ्छन् । उनीहरूको साक्षात्कार पण्डितहरूको जस्तो अधकल्चो ज्ञानले हुन सक्तैन । आसन, प्राणायाम आदि मार्फत् अनुभव गम्य हुन सक्तैन । आदिनाथको दर्शन आत्मामा जल मध्यणत चन्द्र विम्बको तरह हुञ्छ । उसको प्राप्ति शून्य स्थान सहस्रारमा हुञ्छ । यो अतित शून्य स्थानमा समावेश हुञ्छ ।[१६३] यही परमपद हो । यसलाई **निरञ्जन** पनि भनिञ्छ । किनभने अञ्जन सदैव लिप्त रहञ्छ र माया नै अञ्जन हो । निरञ्जन प्राप्तिका लागि अञ्जनको त्याग गर्नुपर्दछ । यस निरञ्जनको साक्षात्कार गगन शिखरमा हुञ्छ । नाथ तत्त्व नै निरञ्जन तत्त्व हो । उक्त परमपदमा न उदय हुञ्छ न अस्त न रात हुञ्छ न दिन । यसले सबैमा निरन्तर भाव राख्दछ । यो चराचर जगत सृष्टि अभिन्न भावमा रहञ्छ । उसको न कुनै रूप छ न मूल, न स्थूल, न सूक्ष्म । यस निरञ्जन रूपको

१६२ उही पृ. १६४ ।

१६३ गोरखवाणी, पृ. २५ ।

प्राप्तिको उपाय उन्मनी समाधि हो ।[१६४] यो ॐकार परब्रह्म निराकार रहेको छ । जसको सेवन दशमद्वारमा पुगेर योगीहरूले गर्ने गर्दछन् । अहङ्कार यसमार्गको बाधा स्वरूप हो । अहङ्कारलाई त्याग गर्नासाथ योगी दशमद्वारमा पुगेर निराकार ॐकार परब्रह्म तत्त्वको साक्षात्कार गर्दछन् । दशमद्वार, ब्रह्मरन्ध्र, सहस्रार केदार, कैलाश, गगनशिखर आदि सबै पिण्डमा रहेका छन् । साधक पिण्डमा पुगेर आत्मा, परमात्मा, परमपद, ब्रह्म निराकाय, निरञ्जन नाथको साक्षात्कार गर्दछ । त्यसैमा जीव लिन हुन जान्छ, समत्व प्राप्त गर्दछ, नाथस्वरूप हुन जान्छ । यस ब्रह्मको रूपलाई कही न कही अचिन्त्य भनिएको छ ।[१६५] यो तत्त्व पिण्ड र ब्रह्माण्ड दुवैमा समान व्याप्त रहेको छ । तथापि जीव प्रपञ्च रहित रहने हुनाले दुवैमा समान रूपमा एकतत्त्वको व्यापकता व्याप्तिलाई जान्न सक्तैन । पिण्ड र ब्रह्माण्डगत परमात्माको एकत्वमा समरसत्त्वको ज्ञान प्राप्त गर्नुपर्दछ । यो पनि जान्नु पर्दछ कि पिण्ड र ब्रह्माण्डमा कुनै अन्तर छैन । पिण्ड ज्ञानबाट नै ब्रह्माण्ड ज्ञान हुन्छ । **दोस्रो शब्दमा भन्नुपर्दा आफूले आफ्नै आत्मा आफ्नो पिण्डलाई पहिचान गर, उसँग चिनजान गर । त्यसपछि सम्पूर्ण ब्रह्माण्डको ज्ञान हुन्छ । कुनैपनि चिज अपरिचित हुँदैन सबै परिचित लाग्दछन् । यसैलाई महायोगी गोरखनाथले पिण्डमा ब्रह्माण्डको खोज भन्नुभएको छ । जसद्वारा सिद्धिको उपलब्धि हुन्छ ।**[१६६]

पिण्ड र ब्रह्माण्डको एकत्व ज्ञान या पिण्ड ब्रह्माण्डवादका सम्बन्धमा विवेचित योगको परिचय दिने समयमा यस प्रकारका विचारहरू व्यक्त गरिएको छ । प्राकृतिक विषयसँग सम्वद्ध दोस्रो विषय नाथ साधनाको लक्ष्य पिण्डपदको परमपदमा समरसीकरण बताइएको छ । अगाडि नै उल्लेख गरिसकिएको छ परमपद या ब्रह्मको साक्षात्कार गगनशिखर या सहस्रारमा हुन्छ । गोरखवाणीमा ब्रह्माण्ड शब्दको प्रयोग दुई अर्थमा गरिएको छ । १. बाह्य चराचर सृष्टि र २. गगन मण्डल जहाँ शिवको निवास रहेको छ । जीवको पिण्डगत केन्द्रविन्दु मूलाधारमा रहेको छ जहाँ जीवशक्ति कुण्डलिनी निवास गर्दछ । जब कुण्डलिनी उदय उत्थित भएर सहस्रारतर्फ अग्रसर हुन्छ त्यतिबेला जीवात्मा उसको साथमा अग्रसर भएर अनतत्त्वोगत्वा एकत्व प्राप्द गर्दै शिव स्वरूप हुन जान्छ ।

---

१६४ उही पृ. ६८, २०७ ।

१६५ उही पृ. २०२ ।

१६६ उही पृ. १०१-२ ।

भनिञ्छ निराकार र परमतत्त्व पिण्ड र ब्रह्माण्ड सृष्टिमा समान रूपमा व्याप्त रहेको छ। पिण्डगत र ब्रह्माण्डगत परमात्मामा कुनै अन्तर छैन। जब कुण्डलिनी शक्ति ब्रह्माण्डमा पुग्दछ आदिनाथ शिवमा मिलन प्राप्त गर्दछ। त्यतिबेला भनिञ्छ पिण्डशक्ति कुण्डलिनी, ब्रह्माण्डगत, महाकुण्डलनी पद प्राप्त हुन जाञ्छ अथवा जीवले शिवपद प्राप्त गर्दछ।[१६७] यही समरसीकरण हो। दोस्रो शब्दमा पाताल गङ्गाको ब्रह्माण्डमा उक्लनु पनि हो। यसप्रकार यस लक्ष्य सम्बन्धी विवेचनाबाट के स्पष्ट हुञ्छ भने नाथ योगी जो सिद्ध छन् उनीहरू निरञ्जन, निराकार, सत्-असत् विवर्जित नाथ तत्त्वको साक्षात्कार या नाथ रूपमा अवस्थानलाई आफ्नो प्रमुख लक्ष्य माञ्दछन्। यसलाई दोस्रो शब्दमा पिण्डपदको परमपद या ब्रह्मापदमा समरसीकरण पनि भनिञ्छ। यो मुख्य लक्ष्यको प्राप्तिका लागि योगयुक्त ज्ञानको आश्रय लिनुपर्दछ। यो शरीरमा उक्त परमतत्त्वको साक्षात्कार गर्नुपर्दछ। यो पिण्ड त्यो परमतत्त्वको साक्षात्कार सहित स्थिर पनि रहोस् र चिर ज्ञान उपलब्ध होस्। यसका लागि परिपक्व देहको आवश्यक्ता बताइएको छ। जसको प्रमुख लक्ष्य सिद्धिका लागि गौण लक्ष्यका रूपमा कार्यसिद्धि या परिपक्व देहलाई स्वीकार गर्नु हो।

यी दुवैको लक्ष्य अन्य नाथ सिद्धहरूको रचनामा पनि पाइञ्छन्। पहिलो विवेचनाबाट के स्पष्ट हुञ्छ भने नाथको दृष्टिकोणमा नाथ नै परमतत्त्व हो। नाथहरूले यसलाई 'परमानन्दमय' विश्व गुरू माञ्दछन्। जो निरञ्जन, विश्वव्यापी रहेको छ। यस तत्त्वको विवेचनामा अगाडि भनिएको छ यो सृष्टिको आदिमा थियो फेरि उसको आदिका विषयमा केही पनि भन्न सकिँदैन। यसकारण यो तत्त्वलाई अनादि भनिञ्छ र अनादि हो।[१६८] त्यही नै महाआनन्द रूप हो। त्यो न साकार छ न निराकार। त्यो दुवैको अतित हो। यदि त्यसलाई निराकार भनिञ्छ भने त्यो आकार धारणा गर्ने इच्छाका विरुद्धको कुरा हो। यदि त्यसलाई साकार भनिञ्छ भने उसको व्यापकतामा क्षति पुग्न जाञ्छ। यसकारण कर्ता उही हो दैताद्वैतरहित अनिवर्चनिय सदानन्द नाथ हो। क्रमैसँग कर्ताले इच्छा, ज्ञान तथा क्रिया शक्तिलाई प्रकट गर्दछ। तत्पश्चात् क्रिया शक्तिबाट नै पिण्ड ब्रह्माण्डको उत्पत्ति हुञ्छ। यस पिण्ड ब्रह्माण्डमा अव्यक्त निर्गुण तत्त्व स्वरूपमा व्यापक हुन गएको छ। यस प्रकार व्यक्त आनन्द विग्रह स्वरूपमा पिण्ड ब्रह्माण्डमा

---

१६७ नाथ और सन्त साहित्य, पृ. ३१९।

१६८ उही पृ. ३१९।

घुम्ने गर्दछ । यो तत्त्व पहिले द्वैताद्वैत रहित नाथ थियो । पछि व्यवहारका लागि अद्वैत निर्गुण नाथ हुन गयो । पुनः उसले द्वैत रूप आनन्द विग्रहात्मक नाथ रूप ग्रहण गर्‍यो । यो द्वैताद्वैत रहित नाथ तत्त्व महासिद्धहरूको लक्ष्य हो ।[१६९] यस तत्त्वलाई **गोपीचन्द्रले योगी गोरखनाथले जस्तै अचिन्तय पद भनेका छन्** । यसलाई उनले **अमरौधशासनम्** सरह नै जलचन्द्र विम्ब एवं दर्पणछायाँ उपमित गरेका छन् । यसप्रकार नाथ सिद्धको मुख्य लक्षण नाथ पद प्राप्त गर्नु हो । तथापि पिण्ड सिद्धिलाई अन्य नाथ रचनाकारहरूले उपेक्षा गरेका छैनन् स्वीकार गरेको पाइञ्छ । उनीहरूका अनुसार पिण्डसिद्धि, पिण्डरक्षा, पिण्डसुद्धि तथा उसको परमपदमा समरसीकरण योगीका लागि आवश्यक छ । उनीहरूको पिण्डमा जरा आउनु हुँदैन । जरा पिण्डको सबैभन्दा ठूलो सत्रु हो । यसप्रकार योगीको प्रमुख लक्ष्य **दृढस्कन्धत्त्वा** हो । यसर्थ रचनाहरूमा स्कन्ध रक्षाका लागि पटक-पटक सचेत गराइएको छ । पिण्डपातका कारण पुष्कल प्रकाश राख्दछन् । नाथ योगमा अजर-अमरता प्राप्तिका उपायहरूलाई महत्त्व दिइएको छ । ती उपायहरूको उपयोगबाट मात्र पिण्डपात हुने गर्दछ । यसरी योगी गोरखनाथले भनेजस्तै अन्य नाथ सिद्धहरूले पनि यही मान्यता राख्दछन् । जीवको चरम लक्ष्यका रूपमा नाथपदलाई स्वीकार गर्नुपर्दछ । त्यसको पूर्तिका लागि पिण्ड सिद्धि र पिण्डरक्षा परम आवश्यक छ । यो पिण्डसिद्धि स्वयं आफैमा कुनै लक्ष्य होइन । पिण्डपदको परमपदमा समरसीकरण ग्रन्थहरूमा स्वीकार गरिएको छ । यसैगरी गोरखवाणी सरह नाथहरूका अन्य रचनाहरूमा पनि स्वयं उक्त कुरा स्वीकार गरिएको छ । सिद्धको अवस्थामा पुग्नका लागि पिण्डबाट ब्रह्माण्ड हुँदै, ब्रह्माण्डबाट पिण्ड हुञ्छ । त्यो कतै पनि जान सक्तैन । यदि पिण्ड, ब्रह्माण्डलाई सम गर्दा अथवा समरस गर्दा पिण्डमा ब्रह्माण्ड समावेश हुन जाञ्छ भने यसबाट स्पष्ट हुञ्छ कि पिण्ड र ब्रह्माण्डमा यति समानता छ कि यी दुवैमा कुन कोबाट उत्पन्न भयो त्यसलाई निश्चित रूपमा भन्न कठिन छ । यी दुवैको समानताका सम्बन्धमा निष्कर्षमा यो भन्न सकिञ्छ समरसत्त्व वा एकत्व स्थापित गरेर पिण्डमा ब्रह्माण्ड समाविंष्ट हुन जाञ्छ ।[१७०]

---

१६९ उही पृ. ३२० ।

१७० नाथ सिद्धि कि वानिया पृ. ७/८ छं. ४७ ।

यसबाट स्पष्ट हुन्छ कि पिण्ड र ब्रह्माण्डमा यति समानता छ कि यी दुवैमा कुन कोबाट उत्पन्न भयो । त्यो निश्चित रूपमा भन्न सकिँदैन । निष्कर्षमा भन्नुपर्दा यी दुवैको समानता समरसत्त्व वा एकत्व स्थापित गरेर पिण्डमा ब्रह्माण्डको साक्षात्कार गर्नु हो । अगाडि नै भनिसकिएको छ ब्रह्माण्ड शब्दको लक्ष्य परमपद पनि हो । पिण्डगत ब्रह्माण्ड परमतत्त्वको साक्षात्कारको स्थान पनि हो । अन्ततः व्यापक परमतत्त्व समुद्र समान रहेको छ । जसमा पिण्ड उसको समुद्रमा पानीको थोपा जस्तो अंश समान हो । **पिण्ड** र **ब्रह्माण्डमा** जुन प्रकारको **एकता** छ त्यस्तै **एकता, समता, समतत्त्वता** पानीको थोपा समुद्रमा छ । एउटै परम आनन्दमय ब्रह्माण्डमा परम स्वच्छ अनन्त पिण्डको क्रिडा नाथको अभिष्ट अर्थात् उद्देश्य हो ।

अन्ततः ब्रह्माण्डमा पिण्डको लिनता, एकत्व, समरसत्त्व, परमानन्दमयी, क्रिडा नाथको श्रेय हो । ब्रह्माण्डको पिण्डमा दर्शन, ब्रह्माण्डमा पिण्डको क्रिडा, वस्तुतः पिण्ड ब्रह्माण्डको रस क्रिडा हो, लिला हो । भीडको पावका अनुसार सृष्टिमा अन्य सबै कुराको गडबडी रहेको छ, केवल यही क्रिडा सारवती छ ।[१७१] दोस्रो शब्दमा यो धर अर्थात् पिण्ड मूलाधार पृथ्वी र 'अघर' ब्रह्माण्ड, सहस्रार, आकाशको परस्पर परिचय हो, संवाद हो, प्रगाढ भाव स्थापना हो ।

पिण्ड ब्रह्माण्डवादः

यस क्रिडाका लागि साधकले सर्वप्रथम आफैले ज्ञान प्राप्त गर्न आवश्यक छ । **मानिसले आफै भित्र भएको संसारलाई जान्दैन संसारमा भौतिक दुनियामा जान्नको लागि दौडीरहेको हुन्छ । भ्रमीत रूपमा आफूले निकै जान्ने सुन्ने छु भन्ने अहङ्कार राख्दछ । सिद्धहरूको मत रहेको छ पहिला आफैभित्रको संसारलाई चिन्ने र जान्ने प्रयत्न गरी अन्तस्साधना या आध्यात्मिक साधनाको मूलस्रोत उपनिषदमा 'आतमानं विद्धि' जस्ता वाक्य मार्फत यसै तथ्यतर्फ सङ्केत गरिएको** छ । यसलाई तन्त्रमा नाथ सिद्धहरूले आफ्नो अनुकूल ग्रहण गरेका छन् र भनेका छन् । पिण्डको समय रहस्य विज हो । ब्रह्माण्डका सम्पूर्ण रहस्यहरूको स्रोत यही हो । पिपलको विशाल वृक्ष सानो विजमा हुन्छ भन्ने रहस्य जस्तै

---

१७१ उही पृ. ११८ छं. ७०७ ।-

बुझ्नुपर्दछ। यसकारण पटक-पटक पिण्डज्ञानी योगीहरूले लक्षणलाई दोहोऱ्याई रहेका हुन्छन्। नाथ ग्रन्थहरूमा **पिण्ड संवितिलाइ** विस्तारसँग व्याख्या गरिएको छ। पिण्ड ब्रह्माण्डवादको सिद्धान्तको पूर्ण निर्वचनका लागि पिण्ड वर्णन सबैभन्दा आवश्यक रहेको छ। पिण्डको परमपदमा समरसीकरण अर्थात् पिण्डमा ब्रह्माण्डको साक्षात्कारका लागि यो ५/६ फिटको शरीरमा भ्रमण गर्नु आवश्यक छ। यस शरीरका विभिन्न स्थानहरूमा नगर, पाटण, गढ, कोट आदि शब्दले सम्बोधन गरिएको छ। यो पनि भनिएको छ कि नगर या पाटणको मार्गमा भित्रि ज्ञान **विनियोग ज्ञान** जबसम्म हुँदैन। विजय प्राप्त हुन सक्तैन। जसले यस पाटणमा धेरैभन्दा धेरै भ्रमण गर्न सक्तछ उही नै वस्तुत शिवपुरीमा सञ्चरण गर्दछ।

योग साधनाका लागि शरीरको रहस्य मार्गमा गुह्यस्थानमा पतनको प्रतिक्षणमा शङ्का उत्पन्न हुन जान्छ। यसर्थ ज्ञान हुन आवश्यक छ। योग साधना र काया विजयमा कार्य सिद्धिका लागि पनि यो जान्न आवश्यक छ कि यस कायानगर या गढको निर्माण कसरी र कुनकुन तत्त्वद्वारा भयो ? यस पिण्डमा केके रहेको छ। महायोगी गोरखनाथका अनुसार यस शरीरमा **गुरूदेव देवता, शंभुनिवास** गर्दछन्। यही नै उनीहरुको मन्दिर हो। यसको **सर्वोत्तम देवता आत्मा** हो। यसका **नवद्वारमा नवनाथ, त्रिवेणीमा जगन्नाथ,** तथा **दशमद्वारमा ब्रह्मरन्ध्र** केदार शंभुस्थानमा शिवस्थान रहेको छ। यसै दशद्वारमा योगीको ध्यान लाग्दछ। त्यसै काया गढमा उपास्थनाथ, उनको देवालय, सहस्रार तथा उनको पवित्रपुरीका काशी उत्तरगयाको साक्षात्कार हुन्छ। त्यही नै उसले अविनाशी तत्त्वको साक्षात्कार गर्दछ।[१७२]

यस पिण्डको सविस्तार वर्णन सिद्धसिद्धान्तपद्धतिको तृतीय उपदेशमा पाइन्छ। त्यसैगरी 'प्राण संकली' नामक हिन्दी रचना पनि पाइन्छ। गोरखनाथकै नामबाट 'प्राणसंकली' गोरखवाणीमा सङ्ग्रहित रहेको छ। **डा.पिताम्बरदत्त वड्थ्याल** गोरखवाणीका प्रस्तोता लेखकले हस्तलेखनका आधारमा प्राण संकलनको अर्थ प्राणश्रृङ्खला भनेका छन्। उनी भन्दछन्- एउटा हस्तलेखमा प्राण संकलनको स्थानमा आत्मबोध शीर्षक दिएका छन्। फेरि उनले 'प्राणश्रृङ्खला' अर्थलाई नै

---

१७२ गोरखवाणी, पृ. ९४-९५, १-२।

उचित अन्तिम मानेका छन् ।[१७३] प्राण सङ्कलनको प्रथम पंक्तिमा 'आत्मब्रह्म' लक्षित हुने कुरा बताइएको छ । अगाडि नै भनिसकिएको छ **गुरूबाटै पिण्डको परिचय हुञ्छ** । पिण्डपात हुनु गुरूका लागि लज्जाको विषय हो । पिण्ड परिचय र पिण्डपात शब्दको एकआपसमा घनिष्ठ सम्बन्ध रहेको छ । 'प्राणसंकली'को विषय सामग्री देखेपछि यी कुराहरू स्पष्ट हुञ्छन् । यसमा पिण्डवर्णन प्रमुख रहेको छ । यस पिण्डवर्णनको विशेषता यो हो कि ब्रह्माण्डगत विभिन तत्त्वहरूको पिण्डगत स्थान निरूपण हो । यसमा पिण्डका विभिन्न तत्त्वको रूप, गुण, क्रिया, उत्पत्ति आदिको व्याख्या गरिएको छ । यसमा स्पष्टसँग भनिएको छ पिण्डज्ञान र आत्मज्ञानले ब्रह्माण्ड दर्शन हुञ्छ ।[१७४] यो ज्ञान सिद्धगुरूको निर्देशनबाट प्राप्त योगसाधनाद्वारा उपलब्ध हुञ्छ । यसबाट नै यो शरीरमा निर्वाणपदको प्राप्ति हुञ्छ । **भौतिक शरीर रहँदै निर्वाण प्राप्ति हुञ्छ** । यो निरञ्जन निर्वाणपद सप्तद्वीप, नौखण्ड, ब्रह्माण्ड, धर्ती, आकाश, देवता, रवि, चन्द्र, त्रिलोक सबैभन्दा अतित छ ।[१७५] यहाँ दिन, रात, महिना, वर्ष केही पनि हुँदैन । यस कैलाश स्थित निर्वाण पदमा सधैँ मेघस्न हुञ्छ । यो **निर्वाणपद तय शरीररूपी गढमा रहेको छ** । जसको निर्माण पृथ्वी, जल, तेज, वायुद्वारा हुञ्छ । यसमा तेह्र द्वार रहेका छन् । जसमा **३ गुप्त योगी गम्य** र अन्य प्रकट रूपमा रूपमा छन् । यस दशद्वारमा **नौ रन्ध्र** र **दशमद्वार ब्रह्मरन्ध्र** हो । यस कायागढमा ७२ हजार नाडीहरूमा १० नाडीहरू प्रमुख रहेका छन् । जसमा सुषुम्नालाई छोडेर शेष नौ नाडीहरू रहञ्छन् । **पचास निम्नाभिमुख** एवं **आविद्ध षट्चक्र**को **कमल दल, २५ प्रकृति** तथा **५ पञ्चतत्त्व**को समूहमा चार रहञ्छन् । **३६० चीरा हड्डी पत्थर**हरूले गढ बनेको हुञ्छ । नाडीका ग्रन्थीहरू **नौ सय** छन् ।[१७६] **बहत्तर नदी** यस नाडीमा प्रवाहित रहञ्छन् । जसमा मकर र मत्स्यरूप अहङ्कार आदि सबै क्रिडा गरिञ्छ । **साढे ३ करोड** रौँहरू वनस्पतिका माला हुन् । **पाँच इन्द्रियहरू महर्षि** हुन् । यी कोतकालामा एउटै स्त्रीको मन अत्यन्त बलवान् र युद्धकुशल रहेको छ । शरीरका पाँचतत्त्व अर्थात् पञ्चतत्त्वमा विष र अमृत दुवै

---

१७३ उही पृ. १६४ पाद टिप्पणी ।

१७४ उही पृ. १६४, घं. ०१ ।

१७५ गोरखवाणी, पृ. १६४, छं. २.३ ।

१७६ उही पृ. १६४, छं. ४-६ ।

निवास गर्दछन् ।[१७७] अर्थात् अशुद्ध शरीरका पाँच तत्त्व विषोत्पादक छन् । शुद्ध परिपक्व शरीरका पाँच तत्त्व अमृतकारक छन् । यसप्रकार प्राणसँकली रचना नाथ र सन्त दुवैसँग मिल्न जाञ्छ ।[१७८] यसमा महायोगी गोरखनाथले पिण्डको रूपकात्मक व्याख्या गर्नुभएको छ । यसको बीचबीचमा साधना क्रमको निर्देशन पनि गर्नुभएको छ ।

यसप्रकार चौरासी सिद्धमध्येका **चौरङ्गीनाथको नाममा 'प्राणसंकली'**को प्रकाशन भएको छ । यो गद्य रचना हो । यसमा सिद्ध चौरङ्गीनाथले कैयौँ स्थानमा पिण्डमा प्राणको परिचय अथवा उसको संसाधन तर्फ सङ्केत गरेका छन् । यस परिचयलाई जुन मानिसले मनन गर्दछ अर्थात् ऊ ब्रह्म हुन जाञ्छ उसले मुक्ति प्राप्त गर्दछ । उसले परदुःखलाई स्वदुःखका रूपमा अनुभव गर्दछ ।[१७९] यस सङ्केतबाट प्राणसंकलीको अर्थ ध्वनित हुन जाञ्छ । जबकि प्राण एकप्रकारको रक्षा गर्ने श्रृङ्खला जसको ज्ञान पिण्ड ज्ञानबाट हुञ्छ । **पिण्डमा रहने प्राणको श्रृङ्खलाले नै पिण्डको रक्षा गर्दछ र शरीर रहञ्छ** । यसैले मुक्ति प्राप्त गराउँदछ । जसमा परदुःख र स्वदुःखमा कुनैपनि भेद रहँदैन । यसलाई अन्य रूपमा पनि वर्णन गर्न सकिञ्छ । 'प्राणसंकली'को भित्र र बाहिरको भ्रान्ति नष्ट हुन जाञ्छ । पिण्ड र प्राण मुक्त हुन जाञ्छ । यो प्राण संकली नै शरीरको विचार हो । यसलाई पिण्ड र ब्रह्माण्डको ज्ञान हुञ्छ ।[१८०] यस प्राण संकलीको मूल सिद्धान्त हो- **जे ब्रह्माण्डमा छ त्यही पिण्ड हो** । यसको सिद्धिका लागि भनिएको छ शरीरमा त्रिभुवन, चर्तुर्दशलोक, दश वायु, त्रिवेणी, अष्यागिरी, सप्तसरिता, सप्तसमुद्र, रात र दिन, पञ्चतीर्थ, पञ्चभूत, पच्चीस प्रकृति, चार खानी, स्वेदज, अण्डज, पिण्डज, उद्भिज, विभिन्न नदीहरू, सप्तवार, नवग्रह, सताइस नक्षत्र, चार वेद, चार युग, विभिन्न चक्रहरू, दुई पक्ष- पिण्ड ब्रह्माण्ड यी सबै विभिन्न रूपमा निवास गर्दछन् ।[१८१] यसप्रकार प्राणसंकली शरीर विचार या पिण्ड विचार हो जसमा प्राणतत्त्व प्रधान रहेको छ । पिण्ड रक्षाका लागि पिण्ड शुद्धिका लागि प्राणको सर्वोत्तम तत्त्वका रूपमा नाथहरूले स्वीकार गरेका छन् । यसकारण

---

१७७ उही पृ. १६५-६-७ ।

१७८ नाथ और सन्त साहित्य, पृ. ३२४ ।

१७९ उही पृ. ३६४ ।

१८० नाथ सिद्धो कि वानिया, ३७-२२४-२२५ ।

१८१ उही पृ. ३८/४४ ।

प्राणको 'संकलन' शृङ्खलाका रूपमा स्वीकार गर्दै जसमा शरीर पूर्ण नियन्त्रणमा रहन सके सबैभन्दा उपर्युक्त हुन जान्छ । यसप्रकार सृष्टिक्रममा पिण्डको उत्पन्न कसरी भयो ? पिण्डको तत्त्व कुन कुनसँग छ ? यसको उत्पत्ति क्रम र लयक्रम के हो ? यसको पूर्ण रूपमा वर्णन महायोगी **गुरू गोरखनाथले 'महादेव गोरख दृष्टि' र 'गोरख गणेश गुष्टि'**मा गर्नुभएको छ । माथि व्याख्या गरेको प्राय: सबै रचनाहरूमा सिद्धसिद्धान्तपद्धतिको पिण्डवर्णन पद्धतिका सामग्री अनुसरण तथा प्रयोग प्रशस्त रूपमा पाइन्छ । अन्तस्साधनालाई स्वीकार गर्नेहरू सबैले साधना सम्प्रदाय यस पिण्ड सिद्धान्तलाई अति महत्त्व दिने गर्दछन् ।

नाथको दृष्टिकोणमा साधनाका लागि 'काया' सर्वश्रेष्ठ साधना हो । आत्मपरिचय-आत्मबोध, पिण्डसंविति, प्राण संकलीभन्दा बडि कुनै परिचय हुन सक्तैन । जब योगी गोरखनाथले काँचो भाँडोको कुरा गर्नुहुन्छ, त्यसको अर्थ अपक्व अर्थात् अपरिपक्व शरीरमा ज्ञानजल स्थिर रहन सक्तैन ।[१८२] उहाँले **परमतत्त्वलाई बालरूप** बताउनु भएको छ । जसमा राग, द्वेष, प्रपञ्च, वासना आदि रहँदैन सधैं आनन्द मग्नता रहन्छ । उहाँले साधनाको लक्ष्यलाई कार्य सिद्धिका रूपमा स्वीकार गर्नुभएको छ । गोरखनाथका अनुसार यस प्रकारको बालक रूपले परमपद ग्रहण गर्न चाहन्छ । अमर, अविनाशी, निर्जर, दिव्य तथा त्रिदशात्मक जीवन ग्रहण गर्न चाहन्छ जसमा आनन्दको धारा बग्दछ । यसकारण पटक-पटक बाह्य संसारको जञ्जालबाट मुक्त होउ त्यागेर अमृतपान गर्दै बालक हुनुपर्दछ भनेर भनिएको छ ।[१८३] पटक-पटक शरीरलाई अजर अमर बनाउन चेतावनी दिइएको छ । ग्रन्थहरूका अनुसार नाथको योग पद्धतिको साधना गरेर योगीले **मुक्त आत्मा** साथै **परिपक्व शरीर**का साथ **परमपद** प्राप्त गर्दछ । यस सम्बन्धमा महायोगी गोरखनाथ भन्नुहुन्छ- **आउने समयको आत्मा यस संसारमा सँगै आउने गर्दछ तथापि जाने समयमा शरीरलाई छोडीदिएर एक्लै जान्छ** । यसकारण महायोगी गोरखनाथले जञ्जाललाई त्याग गरेर योगको आश्रय लिनुभयो ।[१८४] समग्रमा भन्नुपर्दा आत्माको मुक्तिका साथसाथमा गोरखनाथले आदि सिद्ध मुक्ति पनि चाहनुहुन्छ । **भरथरीको दृष्टिकोणमा जरानै यस शरीरको**

---

१८२ गोरखवाणी, पृ. २३६ ।
१८३ उही १.१, ३१-८७ ।
१८४ उही पृ. ३०.८३ ।

सबैभन्दा ठूलो शत्रु हो । जो योगी हुँदैन ऊ जराबाट ग्रस्त हुञ्छ । सामान्य मानिस सरहनै उसले मृत्यु प्राप्त गर्दछ ।[१८५] अर्थात् योगी स्थिर, दृढ र अपरिवर्तनशील हुञ्छ । उसको शरीरमा काल अर्थात् मृत्युको कुनै प्रभाव पर्दैन । मृत्युको आगमन तथा विनासको कारणका सम्बन्धमा भरर्थरी भञ्दछन्: माया, स्त्री, धन, यौवन, द्रव्य, राजा, कनक, कामिनी यी सबैका लागि घमण्ड गर्नु व्यर्थ छ । यिनीहरूको विनाश निश्चित छ ।[१८६] उनको दृष्टिकोणमा संसारमा दुइवटा मार्ग छन् कामिनी मार्ग र नाथमार्ग । योगी गोरखनाथले कामिनी मार्ग र गुरुमार्ग नामका दुई मार्ग बताउनु भएको छ । भरर्थरीका अनुसार कामिनी मार्गको बन्ध र संसर्गले मृत्यु हुन जाञ्छ जबकि नाथमार्गको अनुसरण गर्दा नाथतत्त्व प्राप्त हुञ्छ, जसको स्कन्ध रक्षा पनि हुञ्छ । भरर्थरीले जस्तै चर्पटीनाथले महा, मांस, अज्ञान, भोक, विलाशको परिणाम स्कन्ध विनास बताएका छन् । यसबाट बच्नु नै स्कन्ध रक्षा हो । यदि जरा रोग शरीरमा छैन भने सिद्ध हुन जाञ्छ ।[१८७] यसप्रकार यो स्पष्ट हुन जाञ्छ कि नाथ योगको लक्ष्य परमपद नाथ प्राप्ति या पिण्डको ब्रह्माण्डमा समरसीकरण जसका लागि परिपक्व शरीरको आवश्यक्ता मानिञ्छ । यसकारण उनको साहित्यमा पिण्डवर्णनको व्याख्या पाइञ्छ । उनले यो पनि सङ्केत गरेका छन् यस साध्य प्राप्तिका लागि साधना योगयुक्त ज्ञान हो । यसको व्याख्या तल गरिनेछ ।

योगयुक्त ज्ञानः

महायोगी गोरखनाथ विरचित 'प्राण संकली'को योगयुक्त ज्ञानको उपदेशको विस्तारलाई विचार गर्दा उपर्युक्त सत्यका लागि नाथ अनुमोदित साधनाको परिचय पाउन सकिञ्छ । स्पष्ट छ नाथ साधनामा योग र ज्ञान दुवै साधकका लागि आवश्यक रहेको छ । योगयुक्त ज्ञानपदमा योग शब्द प्रथम हो । अन्तिम पद प्रमुखताको दृष्टिकोणमा सम्पूर्ण नाथयोग साधनामा विचार गर्दा यस्तो जानकारी हुञ्छ नाथ सिद्धको ज्ञान अन्ततोगत्वा अभिष्ट हो । तथापि उसको साथमा सिद्ध काया पनि आवश्यक मानिञ्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार वेद कर्मकाण्ड विभाग प्रमुख हो । त्यसैगरी वेदान्तमा योग भाग प्रधान हो । यही योग भाग नाथ

---

१८५ सिद्धसिद्धान्तपद्धति, पृ. ७७/७८ ।

१८६ नाथ सिद्धो कि वानिया, १०१, ६१७ ।

१८७ उही पृ. ७९ ।

सिद्धहरूलाई स्वीकार्य छ । यसको तात्पर्य यो हो कि **योगीको साधनाको रूपमा योग नै मुख्य रूपमा ग्राह्य छ** ।[१८८] योग बीजमा **ज्ञानयुक्त योगलाई** स्वीकार गरिएको छ । त्यसैगरी गोरखनाथका रचनाहरूमा पनि **योगयुक्त ज्ञानलाई** स्वीकार गरिएको छ । यो ज्ञान केवल आत्मज्ञान र ब्रह्मज्ञानमा मात्र सिमित छैन । पिण्ड ज्ञानदेखि लिएर ज्ञानसम्म विस्तृत छ । कुनै समय कुनै व्यक्तिको विशेष अवस्थामा योग प्रमुख सहायक हुन जाञ्छ भने कहिले काहीँ त्यो स्थान ज्ञानले प्राप्त गर्दछ । तथापि जबसम्म शरीर शुद्ध हुँदैन तबसम्म ज्ञानको उदय सम्भव हुँदैन । **पिण्डज्ञान बिना शरीरको सोधन हुन सक्तैन र व्यक्ति योगी पनि हुन सक्तैन** । यसको अर्थ चरमान्त अवस्था प्राप्त हुनको लागि अथवा परम ज्ञान प्राप्तिका लागि **शुद्ध शरीर** आवश्यक हुञ्छ । शुद्ध शरीरका लागि **पिण्डज्ञान** आवश्यक हुञ्छ । यसप्रकार **पिण्डज्ञान योगक्रियाले शरीर शुद्धि, सिद्धकाया र क्रमश परमज्ञान र समरसीकरण** सम्भव हुञ्छ । योगयुक्त ज्ञानमा ज्ञान परमज्ञान बोधक हो । तथा ज्ञानयुक्त योगमा पिण्डज्ञान आदि बोधक हो । यस व्याख्याका आधारमा भन्न सकिञ्छ केवल ज्ञानले साधना, साधक र साध्य, तिनै दृष्टिमा नाथलाई विशिष्ट लक्षित गराउनका लागि **कायासिद्धि प्रधान ज्ञान** पर्याप्त छ । जहाँ शङ्करमत, शैव, शाक्त आदि अद्वैतवादी छन् त्यही दोस्रोतर्फ न द्वैतवादी न अद्वैतवादी रूपमा नाथमत रहेको छ । यो द्वैताद्वैत विवर्जितवादको समर्थक हो । यसप्रकार आफ्नो लक्ष्यको साधनामा यो **योगद्वारा उपलब्ध कार्यसिद्धिको आवश्यक्ता** मानिञ्छ । यसलाई शङ्कर मतवादीहरूले स्वीकार गर्दैनन् । यसप्रकार शुद्ध ज्ञानवादीसँग नाथ सिद्धको वैलक्षाव्य सिद्ध हुन जाञ्छ । नाथ ग्रन्थहरूमा ज्ञान सम्बन्धी यसप्रकारको विस्तृत विचार पाइञ्छ । नाथ योगीहरूले पटक-पटक उपदेश दिँदै भनेका छन्: वास्तविक रूपमा अवधूत बन्न योगीका जुन विशेषताहरूको निर्वचन गरिएको छ यसको **कायासिद्धि** पक्षमा अधिक प्रकाश पारिएको छ । गोरखनाथका अनुसार योगीको सबैभन्दा महत्त्वपूर्ण विशेषता ऊ कहिल्यै पनि बृद्ध हुँदैन । उसमा निश्चलता एवं गम्भिरता हुञ्छ । 'जरणा' उसको जीवनको विशेषता हो । उसको साधनाको सार संयम हो । यो वादविवादबाट विरक्त पवन ज्ञानी हुञ्छ । उसले मस्जिद, मन्दिर धाउने काम गर्दैन अतीत परमतत्त्वको ध्यान गर्दछ । **वर्षमा ३ पटक कायालाई पल्यठन उसका लागि** आवश्यक छ ।

---

१८८ नाथ सम्प्रदाये इतिहास ओ साधना प्रणाली, पृ. ४०५ ।

उसले मनलाई नियन्त्रित राख्दछ वारुणी पान गर्दछ ।[१८९] यस्तो व्यक्तिले मद्य, मांस, भोगको सेवन गर्दैन । सधैँ अजपाजप गर्दछ । सपनामा पनि ऊ काम ग्रस्त हुँदैन । मन र पवनको साधनाबाट भौतिक शरीरलाई स्वयं नियन्त्रणमा राख्ने गर्दछ । उसले जराको विपरीतकरण निर्जर शरीर प्राप्त गर्दछ ।[१९०] उसको दृष्टिकोणमा जपतपको मूल तत्त्व संयम हो । योगको मूल तत्त्व दया र दान हो । यो बिना योग सम्भव छैन । यस योगका लागि ढोग आवश्यक छैन, शुद्ध ज्ञानमा पनि हुञ्छ । तर यसका लागि सँयमको आवश्यक्ता पर्दछ पाखण्डको होइन । अग्नि साधना यस योगको आवश्यक अङ्ग हो । यस योगको आरम्भका लागि सर्वप्रथम विन्दुरक्षाको आवश्यक्ता पर्दछ । यसमा क्रिया कर्तव्य संयमको आवश्यक्ता रहञ्छ कथनी र करणिको होइन जङ्गल या एकान्तमा घुमेर मात्र साधना हुन सक्तैन ।[१९१]

महायोगी गोरखनाथले जस्तै अन्य नाथ सिद्धहरूले पनि योगको यो रूपलाई प्रमाणित गरेका छन् । भरर्थरीका अनुसार सृष्टिको प्रपञ्च निस्सार हो । त्यसमा संलग्न हुनाले दुःख, कष्ट अनेक प्रकारका रोगहरूको वृद्धि हुञ्छ ।यसकारण जगत प्रपञ्च रोग र कष्टबाट मुक्ति प्राप्त गर्नका लागि योग नै मधुर औषधि हो । चर्पटीनाथले यस योगका लागि काया र चितको दृढता एवं स्थिरता आवश्यक मान्दछन् । यी दुवैका लागि कायासिद्धि आवश्यक छ । वायुका ६४ संघको भ्रमणले काया सुद्धि हुञ्छ । विषयका साथ हुने सम्बन्धलाई अवरुद्ध गरेर अमरवारुणीको पानले प्राण शक्ति सधैँ सशक्त समर्थवान रहञ्छ पिण्डपात हुँदैन । उनका अनुसार योगद्वारा वुभुक्षामा नियन्त्रण, निद्रामारण, विन्दु रक्षा, पिण्डस्थैर्य एवं पूर्ण आरोग्य सिद्ध हुञ्छ । यसैका लागि नाथहरूले योग साधना गर्दछन् । नाथको यस योगमा कायाको विपरितकरण र उसको फलका रूपमा रोग नाशलाई स्वीकार गरिएको छ । गोपीचन्दका अनुसार मनको चञ्चलताले पवन चञ्चल हुञ्छ । पवनको चञ्चलताले विन्दु अस्थिर रहञ्छ । विन्दुको चञ्चलताले पिण्डपात हुन जाञ्छ । जालन्धरीले सबैभन्दा जोड संयमित आहार, वायु आहार, सिद्धासन नादानुसन्धान, जिह्वास्वाद त्याग, भोगमा वैराग्य,

---

१८९ उही पृ. ४०५ ।

१९० गोरखवाणी, पृ. ५६-१६४ ।

१९१ उही १२६.३२ ।

मन, पवन, साधनालाई विशेष प्राथमिकता दिएका छन् ।[१९२] **गरीवनाथले** आफ्नो जीवनयापनको अति सानो भन्दा सानो क्षुद्र वस्तुलाई पनि त्यागन आवश्यक ठानेर कँथानाश, डिवी पात्र खण्डित हुँदा प्रसन्नतापूर्वक स्वीकार गरेका छन्। उनको दृष्टिकोणमा आत्मरक्षा अर्थात् **आत्मतत्त्वको रक्षा** आवश्यक छ, बाँकी सबै त्याज्य छ । उनले विशेष एवं निश्चित निवास स्थान पनि त्याग गरेर रुख गुफामा रहेर साधनामा लिन हुन चाहञ्छन् ।

योगी र योग सम्बन्धी यी लक्षणहरूले यो सिद्ध हुन जाञ्छ कि नाथ योगको पहिलो लक्ष्य **पिण्ड रक्षा र पिण्ड स्थैर्य** हो । यसका लागि उनीहरूले **मन, पवन र विन्दु रक्षाको आवश्यक्ता** सम्झाएका छन् । यी तिनैलाई अचञ्चल गराई दिएपछि काया पनि स्थिर हुन जाञ्छ । यो कुरालाई महायोगी गोरखनाथले मात्र होइन प्रायः सबै नाथ सिद्धहरूले स्वीकार गरेका छन् । काया स्थैर्य र उसको सिद्धि सबै नाथ सिद्धहरूले चाहञ्छन् । तथापि यसमा केही भेदहरू पनि रहेका छन्। ग्रन्थहरूमा भनिएको छ यद्यपि मन, पवन र विन्दुमा कुनै एउटाको स्थिरतामा शेष दुई स्थिर र अचञ्चल हुन जाञ्छन् । तथापि नाथ योगीहरूले **पवनको स्थिरतालाई प्राथमिकता दिएका छन्** । र त्यसको स्थैर्यमा मन र विन्दुको स्थैर्यलाई साध्य मानेका छन् । तथापि यो पनि हुन सक्छ फरक-फरक नाथ सिद्धहरूले विन्दु या मनको स्थैर्यको प्राथमिकतालाई प्रमुखता दिएका छन् । ज्ञानको यस योगसँग के सम्बन्ध छ ?[१९३] योगी गोरखनाथले योगलाई साधनाका रूपमा मात्र स्वीकार गर्नुभएको छैन । उहाँका अनुसार **चितलाई योगमार्गमा आरुढ गर्नका लागि ज्ञान नै सबैभन्दा ठूलो गुरू हो** । जहाँ ज्ञानको सता छ त्यहाँ वादविवाद आदिको सता रहँदैन । **साधना क्षेत्रमा अग्रसर हुनका लागि ज्ञान सबैभन्दा ठूलो सहायक मार्ग हो।** उसैको निर्देशनमा साधनाको दिशा प्राप्त गर्न सकिञ्छ । यसरी जब योगयुक्त ज्ञान प्राप्त हुञ्छ त्यतिबेला मात्र यस पिण्डमा परमपदको खोज सम्भव छ ।[१९४] ज्ञान प्राप्तिका लागि पञ्चतत्त्वमा वैषम्थ रहँदैन । तत्त्वज्ञानको प्राप्तिमा समान भावमा सहायक हुन जाञ्छ । **योगीका लागि ज्ञान आधार हो** । अर्थात् ज्ञानको **साधना बिना आधार बिना योग साधना निष्कटक भावले चल्न सक्तैन** । यद्यपि यो

१९२ नाथ और सन्त साहित्य, पृ. ३२९ ।

१९३ उही पृ. ३२९ ।

१९४ गोरखवाणी, ६४, १८९, ६५, १९५, १६४.२ ।

पनि सत्य हो कि परमपदको प्राप्ति भएपछि ज्ञानको संज्ञा रहँदैन । साधनाकालमा यसको सहायता बिना योगी परमपदमा पुग्न सक्तैन ।[१९५] यद्यपि नाथयोगीको वादविवाद कथनी र करणीबाट टाढा रहनका लागि भनिएको छ । जुन ज्ञान सिद्ध गुरूमुखबाट मिल्दछ । पञ्च इन्द्रियहरूलाई सम्हालेर राख्नमा ज्ञान सहायक हुञ्छ । ज्ञानकै सहायतामा योगीले शरीरका सबै द्वारमा विषयरूपी शत्रुहरूसँग युद्ध गर्दछन् ।[१९६] यसप्रकार ज्ञानबाट नै विशिष्ट ज्ञान या विज्ञान अर्थात् परमपद ज्ञान, तत्त्व ज्ञान, आत्म ज्ञान सम्भव हुञ्छ । **अज्ञानी व्यक्ति योग सिद्ध हुन सक्तैन** । यो ज्ञान केवल पिण्डज्ञान, ब्रह्माण्डज्ञान या आत्मज्ञान होइन, यो योगीको आफ्नो विचार या विवेक हो । बिस्तारै क्रमश रूपमा विकसित हुन जाञ्छ । यस ज्ञानको उदय भएपछि मन चैतन्य रहञ्छ र चैतन्य तत्त्वतर्फ उन्मुख रहञ्छ । उसमा अहङ्कार जडता रहँदैन र त्यतातर्फ उन्मुख पनि हुँदैन । यसै ज्ञानबाट त्रिभुवनमा आत्मभावको स्थिरता रहञ्छ । यस ज्ञानको संरक्षण या रक्षाका लागि नारी अर्थात् स्त्री त्याज्य छ किनकि यसमा ज्ञानरत्न प्राणको हरण हुन सक्छ ।

तथापि **योगी मत्स्येन्द्रनाथको कौलाचार, कौलज्ञान निर्णयमा** नारीलाई त्याज्य मानिँदैन र **सम्भोगलाई योगको रूपमा** स्वीकारिएको भोगको रूपमा होइन । यो तान्त्रिक मान्यतासँग पनि मेल खाञ्छ । नारीसँगको सम्बन्धले ज्ञान र योग नाश हुञ्छ भन्ने मान्यता छ तान्त्रिक योग र महायोगी मत्स्येन्द्रनाथको कौलाचारले त्यसलाई अस्वीकार गर्दै पञ्चमकार र नारी सम्भोग सृष्टिको निर्माणसँग सम्बन्धित छ र त्यसलाई भोगको रूपमा अस्वीकार गर्दै योगका रूपमा स्वीकार गरिएको छ । **"महायोगी मत्स्येन्द्रनाथ र नेपाल"** पुस्तकमा प्रामाणिक आधारसहित मैले विस्तृत रूपमा व्याख्या गरेको छु । यसकारण जो वास्तविक ज्ञानी छ अर्थात् योगयुक्त ज्ञानको धारणा गर्दछ उसले आफ्नो रक्षा पनि गर्न सक्तछ ।[१९७] षट्चक्रभेदको दृष्टिकोणबाट विचार गर्दा छैंटौं चक्र आज्ञाचक्र नै ज्ञानचक्र हो । जहाँ सिद्ध योगीहरूले विश्राम पाउँछन् अर्थात् आराम गर्दछन् । दोस्रो शब्दमा भन्नुपर्दा ज्ञानमा नै योगीलाई विश्राम मिल्दछ । जो योगी मात्र हो ऊ ब्रह्मज्ञानी हुन सक्तैन । उसले नादको बोध पनि गर्न सक्तैन ।[१९८]

---

१९५ उही पृ. १८८.१६, १७, ४८ ।

१९६ उही ५६.१६६, १२६.३ ।

१९७ गोरखवाणी, ११५.७४, ६७, २०१, ६४.१९० ।

१९८ उही, १९४.५४, १२६.३५ ।

ॐ

परिचयः

नमो गोरक्षकालीभ्यां नमः पशुपतेऽस्तु ते ।
पीठदेवानतो नत्वाऽघोरिवृतंवदाम्यहम् ।।१।।
बङ्गेषु वीरभूमीति मण्डलें भागलान्तिके ।
रुतोर्जीतिशुभे ग्रामे कान्यकुब्जद्विजन्मनः ।।२।।
श्री भागवतपाण्डेपनाम्नो गौतमगोत्रतः ।
नभोऽङ्गनाथेन्दुमिते विक्रमाब्देंऽथ फाल्गुने ।।३।।
शिवरात्रौ ता यामे द्वितीयेऽजनि पुत्रकः ।
रामचन्द्राभिघा जाता शैशवं व्यत्पगाच्छनैः ।।४।।
अघीतविद्यः संस्काराद्वैराग्यं भजते स्म सः ।
ततः सन्न्यस्तगेहोंऽसौ तारापीठं समागतः ।।५।।
सिद्धःकापालिको वामाखेपा ख्यातः समाधिमान् ।
स्वप्ने तस्य चमत्कारं 'दृष्ट्वा शिष्योऽभवत्कृती ।।६।।
पाकोराख्ये कृतावासः कृताभ्यासः स्वपद्धतौ
रामनाथोऽघोरिसिद्धस्तीर्थाटन मिषादसौ ।।७।।
खेन्दुखाक्षिमिते वर्षे वैक्रमे क्रमशो विघेः ।
नेपाले लोकविख्याते शिवरात्रिमहोत्सवे ।।८।।
कर्तुं चित्राणि कर्माणि प्राप्ती दीनसुखावहः ।
भस्मेश्वरश्मशानस्थोऽस्वस्थान् स्वस्थीकरोत्यम् ।।९।।

क्षेत्रे पाशुपते पुण्ये लक्षहोमादिकर्मभिः ।

शिवपुराणकथया दरिद्राणश्च भोजनैः ।।१०।।

औषधालयतोऽप्येष भिषग्दोषविमोषकः ।

अर्थिनामर्थतः सार्थां प्रार्थनां कुरुते सदा ।।११।।

गोरक्षानगरीदुर्गकालीगोरक्षदर्शकः ।

श्रीमनःकामनादर्शी नानातीर्थाटनोत्सुकः ।।१२।।

उपत्यकायां सिद्धाद्रेर्वाग्वत्याः सरितस्तटे ।

भस्मेश्वरे कृतावामो नानाग्रन्थप्रकाशकः ।।१३।।

योगिगोरक्षनाथेति सत्यधर्मादि चाभ्दु तम् ।

ग्रन्थद्वयं प्रकाश्यायं सर्वोपकृतिकारकः ।।१४।।

शवदाहे महाकष्टमतिवृष्ट्यावलोक्यच ।

पटलं निर्मितं तेन भस्मेश्वरचितात्रये ।।१५।।

साधुता साधुतां नीता परकार्यप्रसाधनात् ।

अघोरिरामनाथेन सर्वादर्शायिता शिवम् ।।१६।।

पं.दुर्गाप्रसाद भट्टराई

अन्य नाथ सिद्धहरूले ज्ञान तत्त्वको त्यति परिचय दिएका छैनन् जति ज्ञानको व्यवहारिक पक्षाको बारेमा व्याख्या विश्लेषण गरिएको छ । उनीहरूको दृष्टिकोण ज्ञान र योगको समन्वय बिनाको साधनाले कोही पनि सिद्ध हुन सक्तैन । चर्पटीनाथले भनेका छन् ज्ञानबिनाको जीवन जसले व्यतित गरेर ज्ञानको व्याख्या गर्दछ त्यो निरर्थक छ । इन्द्रिय भोगको तृप्तिमा ध्यान हुन सक्तैन ।[१९९] जो योगीले इन्द्रिय भोग गर्दछ अपत्व शरीर भएको छ उसमा ज्ञान उत्पत्ति असम्भव छ । दया, धर्म र सत्यबाट जसको चित्त अर्थात् मन टाढा रहेको छ योगीहरूको त्याग र लक्ष्यलाई देखेर जो मनमनै हाँस्दछ भोगको बाह्य संसारलाई महान ठान्दछ ढोंगी पाखण्डीपन प्रदर्शन गर्दै ज्ञानको व्याख्या गर्न थाल्दछ त्यसको जीवनमा अलिकति पनि ज्ञान हुँदैन त्यसबाट सम्झनुस् कि कलियुगको तामसि तत्त्वको प्रभाव उसमाथि पूर्णरूपमा परेको छ । जुन मानिससँग ज्ञानबाट उपलब्ध सुख छैन ऊ पृथ्वीनाथको दृष्टिकोणमा त्याज्य रहन्छ ।[२००] सामान्यतया मानिसहरूले अगाडि चित्र या मूर्ति राखेर मानसपूजा गर्नु, माला फेर्नु, ध्यान गर्नु, ताली पिट्नु, नाच्नु, नासिकाको अग्रभागमा दृष्टि एकाग्र गर्नु, मस्जिद, चर्चमा धाउनुलाई पृथ्वीनाथले फोकट, वाईयात, जीवनमा कुनै अनुभव नभएको तत्त्व नभएको ज्ञान भन्दछन् । भरर्थरीले भन्दछन् सम्पूर्ण ब्रह्माण्डमा एउटै तत्त्व सतावान् रहेको छ । यदि ज्ञानको दृष्टिकोणबाट हेर्ने हो भने आदिनाथ सबै कणहरूमा विद्यमान छन् । ज्ञानदृष्टिबाट मात्र सर्वव्यापक ब्रह्माको साक्षात्कार सम्भव रहन्छ । सम्पूर्ण साधना क्रममा ज्ञानको स्थानका विषयमा उनी भन्छन् सर्वप्रथम गुरूबाट ज्ञानको प्राप्ति हुन्छ, विवेक र बुद्धि उदय हुन्छ । यो विवेक, बुद्धि या परिशुद्ध मनबाट नै परमपदको प्रकाश प्राप्त हुन्छ । यसै परमज्ञानबाट आदिनाथको स्पर्श सम्भव छ ।[२०१] योगी योग ज्ञान आदिको परिचयले उसको स्थूल अर्थात् भौतिक रूपरेखा स्पष्ट हुन जान्छ । साथै उसको परस्पर सम्बन्ध पनि प्रष्ट हुन्छ । योग र ज्ञान सम्बन्धमा विवेचना गर्नुभन्दा पहिला जति पनि वर्णन यस सम्बन्धमा गरिएको छ त्यसबाट नै स्पष्ट हुन जान्छ । नाथ मतमा यसको परस्परावलम्बिता सिद्ध छ तथापि काया सिद्धि प्रधान योग नाथ योगको लक्ष्य हो । नाथ ग्रन्थहरूका अनुसार योगहीन ज्ञान एवं

१९९ नाथ सिद्धोकि बानियो, १८.१६५ ।

२०० उही पृ. ८५.५४२, ११२.६७६, ११३.६७९ ।

२०१ उही ८५.५४२, ११२.६७६, ११३.६७९ ।

ज्ञानहीन योग दुवैलाई तिरस्कार गरिएको छ। यो मोक्ष प्रधान हुँदैन। यसैगरी विवेक र ज्ञानले परिपुष्ट योग नै मोक्ष उपकारक हुन्छ। यसको तात्पर्य यो हो कि नाथलाई कथनी र करणीको ज्ञान स्वीकार्य छैन। ज्ञानयोगको क्रिया पक्ष अनुकूल छैन यसलाई नाथहरूले तिरस्कार्य मान्दछन्। यसै प्रकार नाथ तत्त्वको सर्वघट व्यापकत्वको दर्शनमा पनि ज्ञान सहायक रहेको छ। यसर्थ यसप्रकारको ज्ञान नाथका लागि गुरू स्थानीय छ। यसमा नाथको ज्ञान सम्बन्धी दृष्टिकोणको ज्ञान हुन जान्छ।

अध्यात्म योगः

नाथ योग साधनामा यस रूपतर्फ सङ्केत गर्नासाथ दुई तीन ठाउँमा गोरखनाथको अध्यात्म या अध्यात्मयोगतर्फ सङ्केत गरिएको छ। योभन्दा अगाडि नै शैव शाक्त योगको विवरणमा योगगत अध्यात्मिक आदि दैविक आदिभौतिक साधनाको सङ्केत गरिएको छ। जसमा भनिएको छ- स्थूल अर्थात् भौतिक शरीर सम्बन्धि साधना जसमा प्राणायाम विशेष रहेको छ। यो आधिभौतिक साधना हो। यो विन्दु सम्बन्धी साधनाको आधिभौतिक मन एवं चित्त सम्बन्धी साधनाको आध्यात्मिक साधना भनिएको छ। आध्यात्मिक साधना र अध्यात्मयोग एक आपसमा अर्न्तसम्बन्धित रहेका छन्। भौतिक अर्थात् स्थूल कर्मकाण्ड साधना आधिभौतिक साधना हो। यसलाई वेदको पूर्वभागमा प्रधानता दिइएको छ। वेदान्त भागमा ज्ञानकाण्ड प्रमुख रहेको छ। कतिपय विद्वान्हरूले वेदान्त विद्यालाई अध्यात्म विद्या पनि भन्दछन्। यस दृष्टिकोणबाट हेर्ने हो भने जीवनको चेतन सता आत्मा नै सर्व शक्तिमान हो।[२०२] यही सच्चिदानन्द हो। व्यक्तिको उत्थानको मूल विन्दु यही हो। शरीरले यसै चेतनसताको अनुसरण गर्दछ। पाश्चात्य अर्थात् पश्चिमी जगतका विचारकहरूले 'स्पिरिचुअलिज्म' या 'स्परिटिज्म'का अनुसार जसको देवनागरीक लिपीमा अनुवाद 'अध्यात्मवाद' रहेको छ यसमा पनि एकप्रकारको विशेष धारणा या विश्वास रहेको छ जसमा व्यक्ति शक्तिका विभिन्न मृतक व्यक्ति या शक्ति अर्थात् अलक्ष्य शक्तिसँग संवाद स्वीकार गरिएको छ। जसअनुसार व्यक्तिले उक्त शक्तिसँग अभिन्न अनुभव गर्दछ। यस सिद्धान्तको मान्यता अनुसार शक्ति या आत्मा विश्वव्यापक रहेको

---

२०२ नाथ और सन्त साहित्य, पृ. ३३२।

छ। प्राणत्व नै शक्ति हो र विश्वव्यापक हो। यो पनि विश्वास गरिञ्छ कि यो शक्ति शरीरबाट अलग गर्न पनि सकिञ्छ। यो शरीरधारी सुषुप्त अवस्थामा या समाधिक अवस्थामा सम्पूर्ण विश्वमा यात्रा गर्न सक्तछ। त्यो अवस्थामा यस शक्तिलाई कुनै व्यक्तिको रूपमा स्वीकार गरिँदैन। यसप्रकारको शक्तिमान व्यक्तिको स्थूल या भौतिक शरीर र सूक्ष्म विश्वगत शक्तिका बीच संवादको माध्यम पनि हुन सक्तछ। संवादको अभिव्यक्ति सामान्य भाषाको सङ्केतमा नभएर विशिष्ट अलौकिक सङ्केतद्वारा हुञ्छ। यसैगरी अध्यात्मवादका दुई पक्ष मानिञ्छन्। पहिलो शारीरिक तथा दोस्रो मानसिक, शारीरिक पक्षमा मानस निर्देशद्वारा शरीर क्रियाशिल भएर विश्वासलाई चरितार्थ गर्दछ। मानसिक पक्षमा केवल मानस नै शरीरलाई अतिक्रमण गरेर शरीरको सहयोग बिना विभिन्न शक्तिका साथ संवादमा संलग्न हुञ्छ।[२०३]

हिमवत्खण्डको हिन्दू अध्यात्म विद्यालाई कतिपय विद्वान्हरूले साधना भञ्दछन्। जीवात्मा व्यक्तिशक्ति हो तथा परमात्मा विश्व शक्ति हो। यी दुवैको संवादमा अध्यात्मवाद विश्वास गर्दछ। यो कुराकानी कसरी सम्भव हुञ्छ ? यसको उपायलाई नै साधना भनिञ्छ। डा.महादेवन जस्ता विद्वान् व्यक्तित्वले यस उपायमा केवल कर्मयोग, भक्तियोग र ज्ञानयोगको गणना गर्नुभएको छ।[२०४] यी तीनै शब्दमा योग शब्द संयुक्त रूपमा रहेको छ। यस योगको अर्थ हो आत्मा एवं परमात्माको एकात्मक अर्थात उपाय चित्तवृत्ति विरोधात्मक एवं शरीर साधन संयुक्त ज्ञानयोगको अर्थ यहाँ ग्रहण गरिएको छ। सामान्यतया यसमा चार प्रकारका उपायहरूको गणना गरिएको छ। ती हुन्: कर्म, ज्ञान, भक्ति र योग। **'आत्मपरमात्मा एकात्म'**को अर्थ योगमा प्राय: सबैले नै कुनै न कुनै रूपमा स्वीकार गरेका छन्। योभन्दा अगाडिको विवेचनाबाट नै स्पष्ट हुञ्छ। योगी गोरखनाथले यस प्रकारको अध्यात्म विद्याको योग उपायलाई स्वीकार गर्नुभएको छ। गोरक्ष सिद्धान्त सङ्ग्रहको विवेचनालाई ध्यानपूर्वक हेर्ने हो भने नाथ आचार्यगण, शङ्कराचार्य आदिसरह श्रुतिवाक्यलाई आफ्नो मान्यता अनुसार ग्रहण गरेर व्याख्या गरिएको पनि पाइञ्छ। यसरी हेर्दा नाथयोगमा त्यसको प्रष्ट सम्बन्ध पनि स्पष्ट हुञ्छ। योभन्दा अगाडि योग र ज्ञान सम्बन्धी जति पनि

२०३ उही पृ. ३३३।

२०४ आउटलाइन्स अफ हिन्दूइज्म डा.टी.एम.पी. महादेवन, पृ. ८९।

विवेचना गरिएको छ त्यसबाट स्पष्ट हुञ्छ कि नाथमतमा यसको परस्परालम्बिता सिद्ध छ तथापि कार्य सिद्धि प्रधान योग नाथको नाथयोगको वेलक्षण हो । नाथ ग्रन्थहरूमा योगहिन ज्ञान एवं ज्ञानहिन योग दुवैलाई तिरस्कार गरिएको छ । यसलाई मोक्ष उपयोगी मानिँदैन । यसप्रकार विवेक र ज्ञानद्वारा परिपुष्ट योगलाई मात्र मोक्ष उपयोगी मानिञ्छ । यसको तात्पर्य नाथलाई कनथीकथा जस्तो ज्ञान स्वीकार छैन । ज्ञान योगमा क्रिया पक्ष अनुकूल छैन भने त्यसलाई नाथले तिरस्कार गर्दछन् । यसप्रकार नाथतत्त्वको सर्वघट व्यापकत्वको दर्शनमा ज्ञान सहायक हो । यसर्थ ज्ञान नाथहरूका लागि गुरू स्थानीय छ । यसबाटै नाथको ज्ञान सम्बन्धी दृष्टिकोणको ज्ञान हुञ्छ ।

नाथको योग साधनाको स्वरूपतर्फ सङ्केत गर्नासाथ योगी गोरखनाथले दुई तीन ठाउँमा अध्यात्म या अध्यात्म योगतर्फ सङ्केत गर्नुभएको छ । उहाँ भन्नुहुञ्छ- स्थूल अर्थात् भौतिक शरीर सम्बन्धी साधनामा प्राणायाम विशेष साधना हो र यो आधिभौतिक साधना पनि हो । यसप्रकार नाथयोग साधनालाई अध्यात्म विद्या अन्तर्गत ग्रहण गरिञ्छ भने पनि त्यसमा आपत्ति मान्नु पर्दैन । किनकि देहगत शक्तिलाई विश्वगत शक्तिका साथ संवादको प्रश्नमा अध्यात्म विद्या पनि सहमत छ । ऊ स्वयं पिण्डको ब्रह्माण्डबाट अनुभव गर्नका लागि साधना गर्दछ । पिण्ड ब्रह्माण्डलीलाको साङ्केतिक परिचय अगाडि नै उल्लेख गरिसकिएको छ । सिद्ध शारीरिक पक्षसँग अनेक प्रकारका सिद्धिहरूमा निष्णात हुन जाञ्छ । साथसाथै सुद्ध र प्रवुद्ध मनद्वारा शरीरलाई नियन्त्रित राखेर स्वयं शरीरबाट अप्रभावित पनि हुञ्छ । जीवात्मा शक्ति कुण्डलिनी ब्रह्माण्ड शक्ति महाकुण्डलिनीसँग एकात्मकता प्राप्त गर्दछ । यो जिवात्म शक्ति साधकको चेतन शक्ति पनि हो । जसका साथ उसको मानस परिशुद्ध एवं उद्‌बुद्धभावले आरोहण गर्दछ ।[२०५] तान्त्रिक मतको मान्यता छ प्राणायाममा पिण्डप्राण र ब्रह्माण्ड प्राणको मिलन नै साध्य हो । स्वयं गोरखनाथले सङ्केत गर्दै भन्नुभएको छ वस्तुतः अध्यात्म सिद्धि चेतन तत्त्वको जडतत्त्व र विजय उद्‌घोष हो । पिण्डगत पवन पुरुषको उत्थान भएपछि स्थूल साँसारिक जीवन मन इच्छाले आफ्नो व्यापार बाँध्ने र समेट्ने चेतावनी दिञ्छ । यो प्राण पुरुषको जागरण योगीको शक्तिको जागरण हो । यसमा चैतन्य प्राण पुरुष सम्पूर्ण काया नगरमा सञ्चरण गर्दै परिशुद्ध अर्थात्

२०५ नाथ और सन्त साहित्य, पृ. ३३४ ।

शुद्ध गरिदिन्छ।[२०६] सुषुप्त अर्थात् अप्रबुद्ध स्थूल अर्थात् भौतिक संसारमा फसेको योगीलाई प्रवोधन गर्नका लागि तिमी अब अध्यात्म साधनामा लाग्नुपर्दछ। जसद्वारा तिम्रो मूल तिम्रो जीवनको मुख्य शक्तिको ह्रास नहोस्, विनास नहोस्, त्यो तिम्रो हातबाट निस्कन नपाओस्। तिमी यस्तो प्रपञ्चमा फसिरहेका छौं, जडताका पछाडि दौडिएर निस्सार वस्तुहरूलाई एकत्रित गरिरहेका छौ। तिम्रो यस जड क्रियालाई तिमी भित्रै बसेर परमात्मा शक्तिले निस्वार परवार गर्नुहुन्छ। यस्तो कमाईमा तिमीले आफ्नो मूल कुरा गुमाईरहेका छौ सचेत होऊ।[२०७]

उपर्युक्त उद्धरणबाट स्पष्ट सङ्केत हुन्छ कि गोरखनाथका अनुसार अध्यात्मयोगमा व्यक्तिको मुल शक्तिको रक्षा आवश्यक छ। जसमा शरीर रक्षा, विन्दु रक्षा, शरीर सोधन, वायु साधना आदि यसका लागि आवश्यक छ। यसमा पिण्ड शक्ति तथा विश्व शक्तिको संवाद सम्भव हुन्छ। योग प्रधान यस अध्यात्मवादको विस्तृत परिचय गोरखवाणवीमा प्रत्यक्ष एवं स्पष्ट रूपमा पाइँदैन। अन्य नाथ सिद्धहरूको रचनामा पनि यो प्रत्यक्ष रूपमा उपलब्ध छैन। पिण्ड ब्रह्माण्डवाद, लययोग या कुण्डलिनी योग सम्बन्धी विवरणका आधारमा यस अध्यात्मवादको अनुमान हुन सक्तछ। विन्दुको अचञ्चलतातर्फ कुनै सङ्केत गरिएको छैन। नाथको योगमा पटक-पटक मन, पवन, साधनातर्फ योगीको ध्यानलाई आकृष्ट गरिएको छ। मन र पवनको सम्बन्धका विषयमा दुई प्रकारका मत हुन् सक्तछन्। पहिलो मानस नियन्त्रणबाट पवन स्वतह नियन्त्रित हुन जान्छ। दोस्रो पवन नियन्त्रण या प्राणायामबाट मानस स्वयं नियन्त्रित हुन जान्छ। नाथ ग्रन्थहरूमा भनिएको छ नाथ योगमा प्रारम्भमा हठयोग जसले प्राणायामलाई प्रमुखता दिएको छ। अर्थात् प्राणबाट शरीर सोधन हुन्छ। प्राण नियन्त्रित भएपछि मन र विन्दु स्थिर हुन जान्छ। तथापि सबै नाथ योगीहरूले यस मान्यतालाई नमान्न पनि सक्तछन्।[२०८]

योगी गोरखनाथले भन्नुभएको छ- योगीले मनलाई पवनसँग पवनले मनलाई बाँध्दछ। त्यतिबेला मात्र साधनामा पूर्णरूपमा सक्षम हुन्छ। यी दुवै समन्वय भएको साधनाले उन्मनी अवस्था प्राप्त गर्दछ। यी दुवै योगद्वारा अगम एवं पूर्वप्रकाशित ज्योतिको दर्शन हुन्छ। योगीका लागि यी दुवै सम्पत्ति हुन

२०६ गोरखवाणी, पृ. ९५ टेक।
२०७ उही पृ. १५१।
२०८ नाथ और सन्त साहित्य, पृ. ३३५।

जसले साधना क्षेत्रमा अग्रसर गराउँदछ।[२०९] यी दुवैको दुवै दिशामा चञ्चल दशा भएको कारण गतिशिल हुँदा पनि साधना चल्न सक्तैन। यहाँ इडा-पिङ्गला परस्पर विरोधी अथवा द्वैतलाई मेटाएर सुषुम्नामा प्रेरित गर्ने क्रिया स्वीकृत छ। मन पवनलाई क्रमश चन्द्र, सूर्य, या शब्दान्तर इडा, पिङ्गला भनिञ्छ। योगीले यी दुवैलाई एकैसाथ समन्वय गरेर योगलीन रहञ्छन्। मन, प्राण र मनसा यी तिनको सन्धि सहस्रारमा सम्पन्न हुञ्छ। यो त्यतिबेला मात्र सम्भव छ जब मन र पवन दुवै स्थिर हुन जाञ्छ। गोरखनाथ भन्नुहुञ्छ: जब योगी त्यहाँ ध्यान लगाएर बस्दछ त्यतिबेला मन र पवनमा एकत्व भएन भने त्यसको अर्थ जस्तो ज्ञान र ज्ञानको सम्बन्धमा भनिएको छ त्यही अवस्थामा पुग्दा साधना सतावान रहँदैन।[२१०]

यसबाट स्पष्ट हुञ्छ गोरखनाथको दृष्टिकोणमा मन र पवन दुवै साधना या आध्यात्मिक आधिभौतिक दुवै प्रकारका साधनाहरू समन्वय भएर साधकले सिद्धि प्राप्त गर्दछ। कतिपय नाथ योगीहरू यस्ता पनि छन् विन्दु रक्षाबाट प्राण मन नियन्त्रण या मानस संशयबाट प्राण विन्दु नियन्त्रण दुवैलाई साध्य भनेका छन्। विन्दुरक्षा या उसको स्थितिको सम्बन्ध ब्रह्माचर्य हो। भनिञ्छ मन या त गुरूको आश्रयमा रहञ्छ या कामिनीको कोर्टमा।[२११] कामिनीको कोर्टमा विन्दु रक्षा हुन सक्तैन। विन्दुस्थैर्यद्वारा कार्यसिद्धि हुञ्छ। यसैगरी मानस, नियमन, संयमद्वारा काया सिद्धि हुञ्छ। गोपीचन्दले स्पष्टसँग भनेका छन्, मनको चञ्चलताले नै पवन चञ्चल हुञ्छ। पवनको चञ्चलताले विन्दु चञ्चल हुञ्छ। विन्दुको चञ्चलता नै स्कन्धपातको कारण हो। गोपीचन्दको जीवनसँग सम्बन्धित इतिहासले पनि उनको यस मतलाई प्रमाणित गर्दछ। मन, पवन, विन्दुमा कुन प्रथम साधना आवश्यक छ यस सम्बन्धमा नाथ योगीहरूमा वैमत्यको सम्भावना रहेको हुञ्छ। तथापि नाथयोगले यी तिनवटै साधना बिना सिद्धिलाई असम्भव माञ्दछन्। जबसम्म मन र पवन चञ्चल हुञ्छ विन्दुरक्षा हुन सक्तैन।[२१२] कैयौ पटक सङ्केत गरिएको छ मन-पवन नाडीका दुई पक्ष समान छन्। त्यसैगरी विन्दुका दुई रूप इडा-पिङ्गला, शिव, शक्तिका रूपमा स्वीकार गरिएको छ।

---

२०९ गोरखवाणी, पृ. ८१, २६५।

२१० उही पृ. १८८.१६, १७६.११, १७७.१५।

२११ उही पृ. ५८.११।

२१२ नाथ सिद्धो कि वानिया, ७१.४४५, ९१.५८०।

नाथयोगको स्वरूप यमः

यसप्रकार स्पष्ट छ कि मन-पवन विन्दुको साधनाले काया सिद्धि या परिपक्व शरीर प्राप्ति हुञ्छ । जसको उद्देश्य नाथपद प्राप्त गर्नु हो । जीव शक्तिको चरम विकास काया सिद्धिबाट मात्र हुन सक्तैन । यसका लागि कतिपय अन्य साधनाहरू पनि आवश्यक छ । भनिञ्छ योगमा मन्त्र, हठ, लय र राजयोगको गणना गरिएको छ । मन्त्रको अजपागायत्री र ॐकारको सम्बन्ध रहेको छ । यसैगरी हठयोगको प्रधानता प्राण साधनासँग रहेको छ । लययोग साधनाको कुण्डलिनीसँग सम्बन्ध रहेको छ । राजयोगको ध्यान र समाधिसँग। यद्यपि नाथ योग साधनामा यी सबै प्रकारका योगहरूको समन्वय छ । तथापि हठयोग या प्राणायामको प्रधानता रहेको छ । ग्रन्थहरूमा सबै योग समन्वयका रूपमा पाइञ्छ । यदि मन, पवनलाई इडा, पिङ्गला अथवा चन्द्र, सूर्य या शिव शक्तिका रूपमा स्वीकार गर्दा भन्नुपर्दछ नाथ योग साधनाको लक्ष्य कार्यसिद्धि प्रधान हठयोगमा रहेको छ । यसर्थ यसलाई हठयोग पनि भनिञ्छ । तथापि यसको अर्थ ध्यान समन्वित समाधि योग या राजयोगलाई स्वीकार गर्दैन । नाथले ताली, ध्यान र समाधि जुन सूक्ष्म योग साधनाको अङ्ग हो त्यसलाई पर्याप्त महत्त्व दिएका छन् ।[२१३] यसमा पटक-पटक यस्तो अवस्थाको वर्णन गरिएको छ जहाँ योग, ज्ञान, ध्यान, जप, तप, पूजा आदि केही पनि रहँदैन। यस सँगसँगै प्रामाणिक सङ्केत पनि गरिएको छ । पतञ्जलीको अष्टाङ्ग योगमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि रहेका छन् । नाथ ग्रन्थहरू यी अङ्गहरूको नाथ साधना अनुसार परिचय पाइञ्छ। नाथ योगमा जस्तै पातञ्जल योगमा पनि मन्त्र, हठ, लय र राजयोगको व्याख्या गरिएको छ । ग्रन्थहरूमा अष्टाङ्ग योग र षडङ्ग शब्दको प्रयोग पाइञ्छ तथापि यसैका आधारमा कुनैपनि निष्कर्षमा पुग्न सकिँदैन । पातञ्जल योगमा नाडी र कोठाको स्पष्ट व्याख्या पाइँदैन । गोरखनाथले शरीरका ९ नाडी र ७२ कोठाको ज्ञानलाई अष्टाङ्ग योग भन्नुभएको छ । गोरक्ष उपनिषद संस्कृत ग्रन्थमा अष्टाङ्ग योग र षडङ्ग योगको प्रयोग शब्द पाइञ्छ । योग मत अष्टाङ्ग योगको मुख्य षडङ्ग योग हो । यसलाई अकुल योग पनि भनिञ्छ । यसैलाई अवधूत योग पनि भनिञ्छ । यसै योगद्वारा अष्टाङ्ग योगको साधना हुञ्छ । यसरी निष्कर्षमा

२१३ नाथ और सन्त साहित्य, पृ. ३३७ ।

भन्न सकिन्छ अवधूत योग साधना अकुल योग साधना षडङ्ग योग हो। पातञ्जल योगका प्रथम दुई अङ्ग यम-नियमलाई त्यही रूपमा नाथयोगमा स्वीकार गरिएको छैन।[२१४] गोरख उपनिषदमा षडङ्ग योग र अष्टाङ्ग योगको रूप के हो ? त्यसमा कुन कुन अङ्ग कसरी रहेका छन् ? यसको कुनैपनि सङ्केत गरिएको छैन। यसर्थ नाथयोगमा पातञ्जल योगको यम नियम समावेश छैन। यम नियममा जुन आचार, नियम, संयम समावेश छन नाथ वाणीमा यसलाई बिस्तारै व्याख्या गरिएको छ।

नाथ वाणीहरूमा नैतिक ब्रह्मचर्यको स्वर अत्याधिक छ तर मत्स्येन्द्रनाथको कौलाचारमा पञ्चमकार सहित विधिविधान निर्धारण गरिएको छ। विशेष गरेर वैष्णवहरूको प्रभावपछि जब भारतमा तन्त्र विस्थापित गरियो। त्यसपछि ७ सय वर्ष मुसलमान र घोषित अघोषित ३ सय वर्ष ब्रिटिशले शासन गर्‍यो। ७ सय वर्षको गुलामी तन्त्रविहिन बौद्ध र वैष्णवको कारण हो। यसर्थ हजार वर्षको गुलामी र वैष्णवको प्रभावले भारतीय नाथ साहित्यहरू तोडमोड भएका छन् भने तिब्बत, चीन, मङ्गोलियामा पाइने नाथ साहित्यहरू सुरक्षित रहेका छन्। नाथहरूको योगसँग सम्वद्ध नैतिक स्वरको अत्याधिक मूल्य छ। नाथवाणी र यसको विचार परम्परामा आउने रचनाहरू यसका विचार भक्तिकालीन वैष्णवहरूले पृथक बनाई दिएका छन् र यसैकारण तन्त्र विज्ञान र मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयको अध्ययन बिना नाथहरूको मूलाधार बुझ्न सकिँदैन। जस्तो नाथहरूमा जातिभेद छैन यहाँसम्म नाथहरू मुसलमान पनि छन्। मुसलमानमा हाजिपिर जसलाई भनिन्छ ती नाथहरू हुन्। जबकि वैष्णवमा वर्ण विभाजनलाई जुन कर्मको आधारमा गरिएको थियो। त्यसलाई भ्रान्तिकरण गरिएको छ। पश्चिमी नरहत्यारा इसाई गिरोहले वैष्णवमार्फत नै जातिभेदको अर्न्तविरोधमा प्रवेश गरेर एशियामा खेल्न आइपुगेको छ।' यसर्थ वैष्णवको कथित भक्तिधारालाई पाश्चात्यहरूले स्कोन, राधेराधे, साईबाबा, हरेराम हरेकृष्णको आवरणमा ग्रहण गरेर अपराधिक इसाई गिरोहसँग समन्वय गर्दै शैव तन्त्र, नाथ जहाँ कुनै जाति भेद छुवाछुत छैन त्यहाँ प्रहार गर्ने पाश्चात्य मिशनमा आइरहेका छन्।

---

२१४ उही पृ. ३३८।

यसकारण भारतमा प्रकाशित नाथ साहित्य सम्बन्धी हिन्दी रचनाहरू शुद्ध रूपमा पाउन कठिनाइ छ कनकिं अत्यधिक रूपंमा भक्तिधाराको रूपमा वैष्णवहरूको प्रभाव परेको छ । अगाडि नै उल्लेख गरिसकिएको छ हठयोग प्रदीपिकामा उद्धृत श्लोकका अनुसार अहिँसा, सत्य, अस्तेय, ब्रह्मचर्य, क्षमा, घृति, दया, आर्जन, मिताहार, शौच यसैगरी नियममा तप, सन्तोष, आस्तिक्य, दान, ईश्वरपूजन, सिद्धान्त वाक्य श्रवण, ह्री, मति, जप, होम, समावेश छ। प्रायः यो सबै कुनै न कुनै रूपमा नाथ पन्थी हिन्दी रचनाहरूमा छन् । जसमा वैष्णवको भक्तिधाराको प्रभाव छ । यसलाई स्वयं गोरखनाथका गुरू महायोगी मत्स्येन्द्रनाथद्वारा रचित ग्रन्थ कौलज्ञान निर्णयले अस्वीकार गर्दछ । यसको विस्तृत व्याख्या मैले लेखेको **महायोगी मत्स्येन्द्रनाथ एतिहास दर्शन र सस्कृति** पुस्तकमा छ । विधि विधान सहितको पञ्चमकार नारी सम्भोगलाई योगको रूपमा ग्रहण गर्ने विधान सहित कौलाचारमा व्याख्या गरिएको छ ।

अगाडि आएर भक्तिकाल वैष्णवको प्रभाव बढ्दा निर्गुण सन्त सम्प्रदाय, कुनै प्रकारबाट वेदान्तको ज्ञानबाट, सुफिको प्रेमवाद तथा वैष्णवको अहिँसावाद, प्रपतिवादलाई मिलाएर सिद्ध र योगीद्वारा बनाइएको बाटोमा हिँडे ।[२१५] यसबाट स्पष्ट हुञ्छ योगी मत्स्येन्द्रनाथको कौलाचार तन्त्र, पंञ्चमकार सहितको नारी सम्भोग सृष्टिको विधि विधानलाई उल्लेख नगरी वैष्णवहरूले तोडमोड गरेका छन् भन्ने कुरा स्वयं रामचन्द्र शुक्लको पुस्तकको विवेचनाले पनि सिद्ध गर्दछ। यसबाट स्पष्ट हुञ्छ अहिँसा तत्त्व वैष्णवहरूमा नाथबाट आएको होइन यो वैष्णवको हो । यही निरपेक्ष कथित अहिँसाको वैष्णवको भक्तिधारा नै भारतको १ हजार वर्षको गुलामी हुनुपर्ने परिणाम हो । मत्स्येन्द्रनाथको पञ्चमकार सहितको विधि विधानको सिमारेखाभित्र बाहेक नाथमा पनि अहिँसातत्त्व रहेको छ तर यो विषयमा वैष्णवी प्रभावका कारण हिन्दी साहित्यहरूमा उल्लेख पाइँदैन । नाथहरूको अहिँसा तत्त्व प्राणायाम प्रधान योगका लागि उपयोगी रहेको छ। योगी गोरखनाथले योगको मूलतत्त्व दया र दानलाई मान्नुभएको छ। अहिँसा यस दयाको व्यवहारिक पक्षमात्र हो । योगको मूल तत्त्वको प्राप्तिका लागि हिँसा गर्नु हुँदैन ।

---

२१५ पं.रामचन्द शुक्ल, हिन्दी साहित्यको इतिहास, पृ. २०-२१ ।

नाथले पिण्ड ब्रह्माण्डवादको प्रारम्भमा बताएका छन् नाथपन्थी सिद्ध पिण्ड र ब्रह्माण्डमा प्रत्येक घटमा परमतत्त्वको साक्षात्कार गर्दछन् । उनीहरूको दृष्टिकोणमा यो सबै समत्व दर्शन हो । यसर्थ उनीहरूले यसलाई उपदेश भन्दछ जीव र शिव दुवै एकसाथ निवास गर्दछन् । नाथमार्ग अकुलमार्ग मात्र होइन कौल मार्ग पनि हो जो मत्स्येन्द्रनाथले दिशा निर्देश गर्नुभएको छ । मत्स्येन्द्रनाथको योगिनी कौलमत यसको परम्परा हो । यसर्थ नाथका हिन्दी साहित्यमा १ हजार वर्षको गुलामी गराउने भारतीय वैष्णवहरूको प्रभावले तोडमोड गरिएको छ भन्ने कुरा नाथ मार्गीहरूले मनन गर्नुपर्दछ । संस्कृतका नाथ ग्रन्थहरू र तिब्बती चीनिया ग्रन्थहरू बाहेक हिन्दी ग्रन्थहरूमा विश्वास गर्नुहुँदैन । कौल प्रधान नाथ मार्ग अवधूत मार्ग या वाद मार्ग पनि हो । विवेचनाबाट नै प्रष्ट हुञ्छ कौलमार्ग र विन्दु मार्ग साँसारिक मार्ग पनि हो । जसरी शक्तिलाई प्रवुद्ध र अप्रवुद्ध रूपमा स्वीकार गरिएको छ त्यसैगरी नाथमतमा नारीका दुई प्रकारका रूपलाई स्वीकार गरिएको छ । एउटा कामिनी रूप र दोस्रो मातृरूप । यही नै सृष्टिको उदय र पालनपोषण पनि हो । कामिनी रूपमा स्त्रीपुरुष सम्भोगद्वारा जन्म हुञ्छ भने मातृ रूपमा पालनपोषण । यसकारण कौल मार्गमा महायोगी मत्स्येन्द्रनाथले विधि विधानसहितको पञ्चमकारलाई स्वीकृति दिनुभएको छ । साथै सम्भोगलाई योगको रूपमा ग्रहण गर्ने मनोरञ्जनको विकृत रूपमा होइन । यसैगरी नारीलाई देवीको रूपमा सृष्टिकर्ताको रूपमा पूजा गर्ने मार्ग औंल्याईएको छ । वैष्णवहरूको गुलामी भक्तिधाराको जहाँ प्रवेश छ त्यहाँ सृष्टि प्रक्रियाको मत्स्येन्द्रनाथको कौल धारणालाई कहीं पनि उल्लेख गर्दैनन् । गुलाम वैष्णवहरू श्रीकृष्णको अहिँसा परमोधर्मलाई चिच्याई चिच्याई भट्याउँछन् । तर श्रीकृष्णकै 'धर्म हिँसा तथैवचः' शब्द उच्चारण नै गर्दैनन् । महाभारत युद्ध के थियो ? अहिँसा परमो धर्म मात्र थियो ? धर्म रक्षाको लागि कृष्णले अर्जुनलाई दिएको उपदेश गिता के हो ? धर्म हिँसा तथैवच होइन । हे पश्चिमी मिशनसँग जोडिएका भक्तिधारा बोकेका स्कोन, राधेराधे, साई बाबा, ब्रह्मकुमारी राजयोगको व्यानरमा गीता बोकेर गीताकै अपमान गर्नेहरूले भारतलाई 'अहिँसा परमोधर्म' भट्याएर स्वयं भगवान् कृष्णको 'धर्म हिँसा तथैवच' लाई महाभारत युद्धलाई अस्वीकार गर्ने पाखण्डी पण्डाहरूले नाथ साहित्यलाई प्रहार गरेका छन् । हिन्दीमा जति पनि छन् दुर्गन्धित बनाएका छन् ।

शक्ति या विन्दुको रूप जो सृष्टि प्रक्रियाको विभिन्न भेदको रूपमा वर्णमा विभिन्न प्रकार रूपहरूमा निरन्तर विभाजित छन् गतिशीलता छ । जसमा क्रमश उसको मूलरूपको भेद बढ्दै जान्छ । यो नाथलाई स्वीकार्य छैन । यस्तो शक्तिले निरन्तर प्रपञ्चको बृद्धि गराएर साधनातर्फ उन्मुख हुन दिँदैन । व्यक्तिको आध्यात्मिक दृष्टिलाई सुषुप्त तथा साँसारिक दृष्टिद्वारा जाग्रत व्यक्तिको शक्तिलाई काम तर्फ प्रेरित गर्दछ । कहिलेकाहीँ यसप्रकारको मातृरूप र कामिनी रूपमा शक्ति नारीको कल्पना पाइन्छ । यसलाई योगी मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयको विधि विधान अनुसार स्वीकार गरिएको छ ।

कहिलेकाहीँ जाग्रत व्यक्तिको शक्तिलाई सुन्दरी शब्दले सम्बोधन गरिन्छ भने कहिले नारीका कामिनी रूपलाई भग शब्दले सम्बोधन गरिन्छ । भग शब्दका बारेमा अनेक अर्थ र व्याख्याहरू छन् । यही तत्त्व हो **जसले समग्र सृष्टिको उदय गर्ने शक्तिशाली आदिनाथ भगवान नामले सम्बोधन गरिन्छ** । यस प्रकारको यो शक्ति जननी भक्ति पनि हो ।[२१६] गोरखनाथले शक्तिको कामिनी रूपलाई त्याग गर्ने उपदेश दिनुभएको छ भने उहाँका गुरू मत्स्येन्द्रनाथले तन्त्र विज्ञान र कौलज्ञान निर्णयको विधि विधानमा ग्रहण गर्ने कुरालाई स्वीकार गर्नुभएको छ । योगी गोरखनाथले पनि कौलज्ञान निर्णयको विधानलाई अस्वीकार गर्नुभएको छैन । तर पाखण्डी भक्तिधाराका वैष्णवहरू उही भगवान् कृष्णको "अहिँसा परमोधर्म धर्म हिँसा तथैवच" मा पछिल्लो वाक्य उल्लेख नगरेजस्तै कौल आचार, नियमलाई गोरखनाथले स्वीकार गर्नुभएको कुरा उल्लेख गर्दैनन् । योगको अवस्थामा चित्तको प्रभाव कामिनीतर्फ हुनुहुँदैन । त्यसले योग सिद्धिमा असर गर्ने कुरा गोरखनाथले गर्नुभएको छ । तथापि मत्स्येन्द्रनाथको कौलमा योगकै रूपमा लिन सकिने कुरा उल्लेख गरिएको छ । हिन्दी साहित्यमा वैष्णवहरूको प्रभाव जब बढ्दै गयो गोरखनाथको नाममा नारी जातिमाथि अन्ठ, सन्ठ लेखेर भ्रम छर्ने काम गरिरहेका छन् ।

यति हुँदाहुँदै पनि वैष्णव भक्तिधाराका पण्डाहरूले कौलज्ञान निर्णय जो योगी मत्स्येन्द्रनाथद्वारा प्रणित ग्रन्थ हो त्यसलाई सर्वसम्मत रूपमा स्वीकार्न बाध्य छन् । जसमा नारीलाई सम्मानित देवीको रूपमा पूजा गरिन्छ । उनै

---

२१६ नाथ और सन्त साहित्य, पृ. ३४१ ।

मत्स्येन्द्रनाथका चेला हुन गोरखनाथ त्यहाँ नारी शक्तिको अपमान हुनै सक्तैन । यसकारण नागेन्द्रनाथ उपाध्यायको नाथ और सन्त साहित्य लगायत अधिकांश हिन्दी साहित्य जो नाथको बारेमा लेखिएको छ वैष्णव पण्डा प्रवृत्तिको प्रभाव बढि पाइञ्छ । नाथ सम्प्रदायमा न छुवाछुत छ नत वर्णाश्रम छ । नत नारीप्रति कुनै दोष छ । यहाँ सबै बराबर छन् । कौलज्ञान निर्णयको यो मूल तथ्यलाई वैष्णव पण्डाहरूले उल्लेख गर्दैनन् । स्वयं योगी गोरखनाथले आफ्ना परमगुरू महायोगी मत्स्येन्द्रनथले जस्तै नारी जातिलाई कल्याणमय शिवका रूपमा हेर्नुभएको छ । नारी जातिलाई मातृरूपको रूपमा दर्शन गर्नुभएको छ ।[२१७] एकातर्फ यसरी गोरखनाथको निष्कर्ष राख्न बाध्य छन् भने अर्कोतर्फ वैष्णव पण्डाको प्रभावमा अन्ठसन्ठ लेखिरहेका छन् । नाथहरूको नारीलाई हेर्ने दृष्टिकोण देवी शक्तिको रूपमा कौलज्ञान निर्णय नै आधिकारीक ग्रन्थ हो ।

यसकारण समग्रमा नाथमा नारीलाई हेर्ने दृष्टि साधनाको दृष्टिकोंण हो । जहाँसम्म नारीको कामिनी रूपको प्रश्न छ नाथ साधनाको प्रश्नमा बहुचर्चित रहेको छ । यो विषयमा योगी मत्स्येन्द्रनाथले कौलज्ञान निर्णयमा स्पष्ट भन्नुभएको छ योगको रूपमा ग्रहण गर्नु । अर्कोतर्फ गोरखनाथले भनेजस्तै मातृ रूपमा दर्शन गर्नु । यही नै निष्कर्ष हो ।

जसरी बौद्ध साधनामा गृहित प्रत्येक वस्तुको सांवृतिक र परमार्थिक अर्थ भिन्न भिन्न रहेका छन् त्यसैगरी नाथ साहित्यमा केही फरक फरक पाइञ्छ । कुण्डलिनीको जाग्रत र सुषुप्त दुई अवस्था हुञ्छन् । सुन्दरी या कामिनीका पनि दुई रूपमा मानिञ्छ । पहिलो शरीरलाई क्षिण गराउने कामिनी रूप । दोस्रो शरीरलाई पुष्ट एवं परिपक्व बनाउने जस्तो सुषुम्नाका माध्यमबाट सहस्रार सम्म पुऱ्याउने रूप जसलाई सुषुम्ना सुन्दरी पनि भनिञ्छ । यही सुषुम्ना सुन्दरी, जाग्रत र उद्धबुद्ध कुण्डलिनीको दोस्रो नाम हो ।[२१८] शक्ति नारी हो जसको कामनाको जाल छ त्यसैले नै 'सहस्रार'मा जीवात्माको परम शिवमा मिलन गराउँदछ । माया शब्द जसको रूपान्तरण 'भाइ' या 'माथ'को रूपमा पाइञ्छ । नारीको अर्को पक्ष पनि उनी ब्रह्मचर्यको पालना गर्नेहरूलाई रक्षा गर्न सहायक पनि हुञ्छिन् ।

---

२१७ उही पृ. ३४३ ।

२१८ उही पृ. ३४४ ।

योगी गोरखनाथको हृदयमा नारी जननी रूप प्रति आदर भाव छ भने मत्स्येन्द्रनाथले देवी शक्तिको रूपमा आत्मसम्मान गर्नुहुन्छ। योगी गोरखनाथले मातृरूप धारण गर्ने नारीलाई मनोरञ्जन र भोगको सामग्री सम्झनेहरूलाई धिक्कार्नु हुन्छ घृणा गर्नु हुन्छ। यस्तो चिन्तन राख्ने उद्यम पापी र त्यसको मृत्युपछि नरक यात्रा भन्दा अर्को कुनै मार्ग छैन। जुन स्त्रीले जन्मदिन्छिन् अर्थात् सृष्टिप्रक्रियालाई निरन्तरता दिन्छन् उनी आदरणीय छन्। यसकारण सबै नारी जाति आदरणिय छन्। योगी गोरखनाथका सम्बन्धमा एउटा प्रसिद्ध आख्यान रहेको छ। योगी गोरखनाथका अनुसार स्त्री त्याग तथा उसको मातृरूप ग्रहणको पुष्टि जनप्रवाहद्वारा हुन्छ। पार्वतीले नवनाथहरूको परीक्षा लिने समयमा गोरखनाथलाई जुन कामिनीको रूप देखाउनु भयो गोरखनाथले माताका रूपमा स्वीकार गरेर आफ्नो दृढता प्रदर्शन गर्नुभयो। गोरक्ष भिक्षाटनमा पनि स्त्रीलाई मातृरूपमा सम्बोधन गरिएको छ। उनलाई बालकका रूपमा ग्रहण गर्न तथा योगानुकुल पोषण गर्न आग्रह गरिएको छ।[२१९]

गोपीचन्दले सबैभन्दा पहिला भिक्षाटनको सुरुवात गर्दछन् र त्यतिबेला आफ्ना रानीहरूलाई पनि मातृ शब्दले सम्बोधन गर्दछन् र आफूलाई परदेशीको रूपमा स्वीकार गर्दछन्। यस सम्बन्धमा रानीहरूसँग वादविवाद गर्न पनि उनीले चाहना राख्दैनन्। योगी भएर गृहत्याग गरेपछि राजा गोपीचन्दमा परिवर्तन हुन जान्छ। सम्पूर्ण भौतिक सुख, सुविधा बिलासिताको सामानप्रति उनलाई कुनैपनि रुची हुँदैन। रानीहरू उनका लागि कन्या हुन जान्छन्। उनले आमा र बैनीको नाममा सम्बोधन गर्दै भिक्षा माग्न सुरु गर्दछन्। प्रष्ट छ यी विचारहरूको सम्बन्ध उनको जीवनका घटनाहरूसँग छ। यस सम्बन्धमा उनको जीवनका अनेक कथाहरू इतिहास देख्न सकिन्छ।[२२०] अर्कोतर्फ महायोगी मत्स्येन्द्रनाथले नारी देवी शक्तिको रूपमा पूज्य मान्दै सृष्टिको निरन्तरताका लागि संभोगलाई योगको रूपमा मात्र ग्रहण गर्ने कुरालाई स्वीकार गर्नुभएको छ। यो पनि मातृरूपी स्वीकार्नु हो भन्ने कुरा बुझ्नुपर्दछ। के संसारमा स्त्रीलाई त्याग्ने नाममा सबै ब्रह्मचर्य हुँदा सृष्टिको निरन्तरता सम्भव छ ? छैन। यसैगरी आजको कलियुगमा नारीलाई भोग र मनोरञ्जनको साधना ठान्ने पापीहरूका

२१९ गोरखवाणी १४४-१४५, टेक- ४।
२२० नाथ सिद्धो कि वानिया १७-१८-१०१।

कारण हत्या, बलात्कार, वेश्यावृत्ति, वर्णशङ्करकरण बढिरहेको छ यो स्वीकार्य छैन । यसर्थ मत्स्येन्द्रनाथ हुन् या उहाँका चेला गोरखनाथ दुवैले नारी शक्तिलाई मातृशक्तिको रूपमा मान्दछन् । स्वीकार गर्दछन्, आदर गर्दछन, पुज्दछन् ।

यसप्रकार नाथ सिद्धहरूले कामिनीसँगको त्याग र उसको मातृ रूपलाई ग्रहणको उपदेश दिन्छन् साधना क्षेत्रमा परावृत शक्ति व्यस्त गर्नका लागि पटक-पटक नारी शक्तिको धारणा गर्न पनि भन्दछन् । कतिपय बौद्ध ग्रन्थहरू तथा नाथ ग्रन्थहरूमा नारी शक्तिको प्रयोग अवधुतिका या सुषुम्नाका लागि पनि भनिएको छ । यसैको भोगमा योगी सदैव रहन्छन् । यस सुन्दरीको रुची शून्य शिखर सहस्रारमा रहेको छ । योगी गोरखनाथले योगीलाई यस दृष्टिकोणबाट भोगी पनि भनेको पाइन्छ । यस सुन्दरीको रुची शून्य शिखर सहस्रारमा रहेको छ । योगिनी जो सुषुम्ना सुन्दरी भन्दा भिन्न मानिदैन । जसलाई शब्दान्तरमा मध्य सुषुम्ना मार्गमा गमन गर्नका लागि जाग्रत कुण्डलिनी शक्ति भनिन्छ । उनीसँग कहिल्यै पनि त्याग गर्नुहुँदैन । यस जाग्रत कुण्डलिनी नारीलाई कैयौपटक योगका रूपमा सम्भोग गर्ने उपदेश पटक-पटक पाइन्छ। भोग र मनोरञ्जनका रूपमा होइन । यो शक्ति ब्रह्माण्डमा पुगेर शिवसँग मिलन प्राप्त गर्दछ ।[२२१] यस विवेचनाबाट प्रष्ट हुन्छ नाथयोगीको ब्रह्मचर्य रक्षायुक्त साधनामा निषेध मात्र छैन । उसमा विधान र नियम पनि छ । त्यो परावृत शक्तिलाई कसरी संयमित गराउने भन्ने नै हो । यसप्रकार स्पष्ट छ यस साधनामा नारी शक्तिको सामाजिक दृष्टिकोणलाई आदर सम्मान गरिएको छ । यही उसको आध्यात्मिक साधनाको अन्तर साधनामा महत्त्व स्वीकार गरिएको छ । र भनिएको छ नारी भोग होइन योगको साधना हो । गोपीचन्द आदिको प्रसङ्गमा यो स्पष्टसँग व्याख्या गरिएको छ साधकको दृष्टिभेदले कामिनी साधिका या साधना शक्तिका रूपमा परिवर्तन हुन सक्छिन् । कामिनीको कन्या या जननीका रूपमा दर्शन नै परिवर्तन हो । यही नै भोगको योगमा परिवर्तन हो । यो तान्त्रिक सिद्धान्त साधनाका क्षेत्रमा प्रमाता या उसको दृष्टिकोणमा सबै हो । प्रमेयको कुनै स्वतन्त्र अस्तित्व छैन ।[२२२]

---

२२१ ठही पृ. १२१.७२१, गोरखवाणी १०५, टेक, १९२.५२, ३०८४ ।

२२२ नाथ और साहित्य, पृ. ३४५ ।

नारीप्रतिको नाथयोगीहरूको यो दृष्टिकोण तन्त्र प्रभाव दृष्टिकोण हो भन्दा अतियुक्ति हुने छैन । किनभने योगी मत्स्येन्द्रनाथलाई आर्यअवलोकितेश्वरको रूपमा पूजा गर्दै बौद्ध साधकहरूमा तान्त्रिक प्रभावको कारण नारीपरक साधना रहेको छ । तान्त्रिक बौद्ध साधना मत्स्येन्द्रनाथको कौलज्ञान साधनासँग मेल खान जान्छ । नाथ योगीहरू पनि कौललाई स्वीकार गर्दछन् । किनकि कौलज्ञान निर्णय अर्थात् कौलसाधना स्वयम् महायोगी मत्स्येन्द्रनाथको ग्रन्थ हो ।

बह्मचर्यमा मुख्य तत्त्व नारीको त्याग हो । नारीको त्याग विन्दु रक्षाका लागि हो । विन्दुरक्षालाई कार्यसिद्धि या परिपक्व देहको प्राप्तिका लागि आवश्यक मानिन्छ । तथापि यसका साथ विन्दुस्थैर्यका लागि प्रयत्न गरिएन भने ब्रह्मचर्य स्थिर रहन सक्तैन । यसैका लागि विन्दुसाधनाको विधान नाथ योगमा पाइन्छ । यो विन्दु के हो ? मानिसको शरीर निर्माणमा यसको स्थान कहाँ छ ? यसको ज्ञानका लागि तान्त्रिकहरूमा विन्दु शब्दको दार्शनिक परिचयको आवश्यक्ता रहेको छ । जसबाट यसको साधनात्मक रूप स्पष्ट हुन सकोस् । तान्त्रिक साधनामा काम, कला, वीर, योग, सामरस्य, कुमारी पूजा यस प्रसङ्गमा बिस्तारैसँग पाइन्छ ।[२२३] यसप्रकार विन्दु नाद तथा कामकलाको शक्ति तत्त्वसँग सम्बन्ध रहेको छ । महायोगी मत्स्येन्द्रनाथ विरचित कौलज्ञान निर्णयमा शिव या महालिङ्गको शक्तिलाई विन्दु भनिएको छ । यो विन्दु आत्मशक्तिद्वारा मेद्य रहन्छ । विन्दु नै अमृत हो । यसमा जरा र वार्दक्यको अपसारण हुन्छ । यसको ज्योतिबाट सबै वस्तु विशुद्ध हुन जान्छन् तथा यही कामकला भएर अमृत प्रदान गर्दछ । यही सहजा अवस्थाको चरम परिणति हो । यो निर्मल, मणिजस्तै आकाश जस्तै उज्वल रहेको छ । यो शिव, रक्त, कृष्ण, धुम्र, पीत वर्णको हुन्छ । यो सृष्टि संहार कारक पनि हो । गोरक्ष सिद्धान्त सङ्ग्रहमा उल्लेखित नाद र विन्दु सम्बन्धी धारणा अगाडि नै लेखिसकिएको छ । नाथयोग साधना विन्दु, इन्दु, शिवलाई एकै मानिन्छ । यसैगरी रज, रवि र शक्तिलाई पनि एउटै मानिन्छ । यी दुवैको सङ्गमले परमपदको प्राप्ति हुन्छ । यस विन्दुको शरीर साधना गर्नाले मृत्युको भय रहँदैन । परमपदको प्राप्ति हुन जान्छ । नभोमुद्राको सहायतामा यो विन्दु धारणा गर्न भनिएको छ ।[२२४] यसबाट स्पष्ट हुन्छ विन्दु

२२३ नाथ सम्प्रदाय इतिहासको साधना प्रणाली, पृ. ५०० ।
२२४ उही पृ. ४९७-४९८, ५०९-५१० ।

कार्यसिद्धिका लागि अति महत्त्वपूर्ण रहेको छ। विन्दुलाई अमृत पनि भनिञ्छ। यो शिव र चन्द्र पनि हो। यो सृष्टि र संहार व्यष्टि र समष्टि दुवैका लागि मूल कारण हो। यसकारण नाथ सिद्धहरूले यसको रक्षालाई अति आवश्यक माञ्दछन्। विन्दुको रक्षा र धारणा स्थैर्यका लागि नारीसँग त्यागको अगाडि नै उल्लेख गरिए पनि कौल साधना अनुरूप योगको रूपमा गरिने क्रियालाई योगी मत्स्येन्द्रनाथले स्वीकृति दिनुभएको कुरा अगाडि नै उल्लेख छ। तर भोगको उद्देश्यले होइन। निम्नाभिमुख विन्दुलाई उर्ध्वमुख गर्नु आवश्यक मानिञ्छ। जुन साधकको शरीरमा नाद र विन्दु दुवै जल्दछन् उक्त व्यक्ति अर्थात् साधक सिद्ध हुन जाञ्छ। सामान्यतया गृहस्थ जीवन व्यतित गर्ने मानिसले विन्दुरक्षा गर्न सक्तैन भन्ने मान्यता रहेको छ। यसर्थ यस्ता व्यक्तिहरूलाई वास्तविक घरवारी भनिञ्छ। जसले घरको पूरा परिचय प्राप्त गरेर बहिर्मुख विन्दुलाई अन्तर्मुख गरुन। नाथ सिद्धहरूले विन्दुलाई जीवनमा माञ्दछन्। जहाँ विन्दु छ त्यही नै जीवन छ। यही विन्दुको स्थिति सुषुम्ना नाडीमा पवनको स्थिरतासँग हुञ्छ। जसलाई कुम्भक भनिञ्छ। वज्रोली गर्दा अमरोलीको रक्षा तथा अमरोली गर्दा वायुको रक्षा कठिन हुञ्छ। यसप्रकार रक्तको सारतत्त्व शुक्र या विन्दुको भोग गर्ने समय वज्रोली साधनाको समयमा भगमा पतन हुन जाञ्छ। तत्पश्चात् सिद्धि प्राप्त हुञ्छ।[२२५]

वास्तविकता यो पनि हो जसले नारी भगसँग संसर्ग साथ वज्रोली साधना गर्दछ अथवा उसका लागि सबैभन्दा आवश्यक विन्दु स्थैर्य हो। वज्रोली साधनाको उपक्रियाका रूपमा अमरोली साधना हो। जसमा विन्दुको मध्य धारा रक्षण हुञ्छ। यस प्रकारको क्रिया गर्ने समयमा वायु स्थिर रहँदैन। किनकि मैथुनमा श्वास प्रश्वासको गति अति तीव्र हुन जाञ्छ। यस विषयमा तान्त्रिक प्राणयामको विवेचनामा विस्तृत रूपमा वर्णन गरिएको पाइञ्छ। निष्कर्षमा भन्नुपर्दा जुन व्यक्तिको प्राण स्थिर छ, तथा जो प्राणायाममा कुसल छ त्यही व्यक्ति वज्रोली साधनामा प्रवृत हुन सक्छ। दोस्रो कुनैपनि प्रकारको विन्दुपात हुन गयो भने विन्दुको मध्यधाराको आकर्षक अति कठिन कार्य हुन जाञ्छ। प्राय: यो अवस्थामा प्राण अस्थिर भएर उठ्दछ। यस आकर्षणका लागि ससत्ता प्राणस्थैर्य आवश्यक रहञ्छ। महायोगी गोरखनाथले यस तथ्यलाई ध्यानमा

२२५ गोरखवाणी, ७.१७, ७.१९, १६.६४।

राखेर प्राणायाम अभ्यासी या हठयोगीको भगमुक्तिका लागि पटक-पटक आग्रह या चेतावनी दिएको पाइञ्छ । तर मत्स्येन्द्रनाथले कौल साधनाका रूपमा योगको क्रियालाई मान्य हुने बताउनु भएको छ । यसमा प्राणको गति अत्यधिक रूपमा बढ्न जाञ्छ । साथै मन चञ्चलताको कारण विन्दु पतन हुञ्छ भने गोरखनाथको मान्यता छ भने योभन्दा पनि कौल ज्ञान निर्णय या कौल साधनाका आधारमा गर्दा स्वीकार्य हुने कुरा महायोगी मत्स्येन्द्रनाथको छ । गोरखनाथले पनि आफ्ना गुरूको उक्त वाणीमा विमती राखेको कहीँ पनि पाइँदैन केवल भिन्न रूपमा व्याख्या विश्लेषण भने गरेको पाइञ्छ । योगी गोरखनाथ भन्नुहुञ्छः जसरी रसायन क्रियामा अग्नि समूह प्रवेश गर्दा जसलाई रसेश्वरमतमा शिवांबु पनि भनिञ्छ । त्यसको रक्षा गर्ने विषय कठिन हुन जाञ्छ त्यसैगरी भगमा विन्दुको रक्षा गर्ने कुरा पनि कठिन हुञ्छ । यसकारण अपरिपक्व योगविहिन साधकलाई ललकार्ने पनि गर्नुभएको छ । विन्दुको यस महत्त्वलाई स्वीकार गर्दै उहाँले भन्नुभएको छः विन्दु नै योग, भोग रोग सबै हो । यसैबाट मानिसको जीवनमा साधनात्मक जीवन व्यापारलाई मूल मानेर सधैँ आफ्नो अधिकारमा सुरक्षित राख्नका लागि सचेत गराउँदछ ।[२२६] यो विन्दु अमूल्य रस हो । जसको बाधिनले शोषण गर्दछन् । यो क्षिाण भएपछि योग सिद्धि कहिल्यै पनि हुन सक्तैन । तथापि यो पनि निश्चित छ कि शरीरको यस प्रमुख अर्थात् महत्त्वपूर्ण तरल पदार्थको सिद्धि सरल हुन जाञ्छ । गोरखनाथले यसलाई अमूल्य रत्न भन्नुभएको छ । किनकि जबसम्म यो शरीर स्थिर रहञ्छ त्यतिबेलासम्म स्कन्धपात हुँदैन । यसलाई गोरखनाथले आफ्ना गुरू मत्स्येन्द्रनाथको विचार सरह नै गुरूसँग निवेदन गर्दै भन्नुभएको छ । त्यो विन्दु अमृत महारस हो । मनको क्षणिक चञ्चलताले मेरु समान आधार विन्दु क्षीण हुन जाञ्छ, जसको परिणाम स्कन्धविनास हुन जाञ्छ । आध्यात्मिक जीवनमा जति महत्त्व ब्रह्माको छ त्यति नै महत्त्व यसको पनि रहेको छ । यसकारण योगी गोरखनाथले त्यो व्यक्तिलाई मात्र अवधूत मान्नुहुञ्छ जसले ब्रह्मलाई क्षीण हुनबाट रोक्तछ ।

अन्य कतिपय नाथ सिद्धहरूले पनि गोरखनाथकै सरह विचार राख्दछन् । भरर्थरीले विन्दुपातलाई ब्रह्महत्यासँग तुलना गर्दछन् । यस्तो विन्दुपात गर्नेलाई दुराचारी अशौचले ग्रस्त भनेका छन् । चर्पटनाथका दृष्टिकोणमा जुन मानिसमा

२२६ गोरखवाणी, ४९.१४२, ५१.१४८, ८५, टेक ।

खाएको भोजनको सार स्थिर रहँदैन । उसको बोलीमा पनि सत्यता हुँदैन । यसर्थ प्रत्येक विन्दु पतनमा ऊ पटक-पटक मरिरहेको हुञ्छ ।[२२७] बालनाथका अनुसार मानिसको मूर्खतालाई देख्दा आश्चर्य लाग्छ । मानवले यो किन जान्न खोज्दैन, बुझ्न खोज्दैन संसारको विकास अत्यन्त सूक्ष्म एवं अतिअल्प विन्दुबाट हुञ्छ । तथापि मानिसले यसको मूल्यलाई नजानेर अनेक विन्दुको नाश गरिरहेको छ । मानिसले पतन भएको विन्दुको वास्तविक मूल्य या रहस्य सम्झदैन तर विन्दुबाट उत्पन्न व्यक्ति जब मृत्यु हुञ्छ त्यतिबेला यसको महत्त्व र रहस्यको तत्त्व सम्झदा रुनु पछुताउनुको कुनै विकल्प रहँदैन ।

समग्रमा विन्दुसम्बन्धी विवेचनाको निष्कर्षमा भन्नुपर्दा कायासिद्धि, किवहुना, परमपदका लागि विन्दुरक्षा, विन्दुस्थैर्य, विन्दुसाधना अत्यावश्यक छ । यो यमको ब्रह्मचर्य अन्तर्गत नै हो । यसको सिद्धिका लागि वज्रोली, नभोमुद्रा आदिको सङ्केत अगाडि नै गरिसकिएको छ ।[२२८] गोरक्ष सिद्धान्त सङ्ग्रहमा केवल ब्रह्मचर्यपालन गर्दा गृहस्थलाई पालन नगर्ने जुन उपदेश दिइएको छ, त्यसको कारण परम्परा अनुसार सुरुको १२ वर्ष विद्या अभ्यासमा, दोस्रो २० वर्ष शब्दबोधमा शास्त्र अध्ययन, पाठमा व्यथित गर्ने उपदेश दिइएको छ । पुनः शास्त्राभ्यास, वेदान्ताभ्यास गर्दा आधा आयु गइसकेको हुञ्छ । तत्पश्चात् इन्द्रियहरू सिथिल हुँदा सत्य अभ्यास गर्नमा आशक्त हुन जाञ्छन् । यसर्थ साक्षरता प्राप्त गरेपछि मानिस योगाभ्यासमा लाग्नुपर्दछ ।[२२९]

यमगत अङ्गमा केवल मिताहारलाई छोडेर अन्य कुराहरूको सविस्तार वर्णन गरेको पाइँदैन । क्षभालाई गोरखनाथले षडासन भन्नु भएको छ ।[२३०] योगीको साधनामा कुनैपनि मानसिक तत्त्वको स्थिरताको आवश्यक्ता छ भने त्यो धैर्यता हो । यसैबाट साधना मार्गमा सदैव अग्रसर हुन समर्थवान हुञ्छन् । योगका लागि दया पनि आवश्यक हुञ्छ । किनकि दयाबिना अहिंसाको पालना हुन सक्तैन । यसको अभावमा विभिन्न प्रकारको कार्यसिद्धिको लक्ष्य समाप्त हुन जाञ्छ । कार्यसिद्धि र जीवनमुक्तिको लक्ष्य सृष्टिका जीवहरूको उद्धारका

---

२२७ नाथ सिद्धो कि वानिया, २५.१४४, १०३.६२६ ।

२२८ उही ९१.५८३ ।

२२९ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ५० ।

२३० गोरखवाणी, १७.४८ षडासन शब्दको व्याखया २०१.११८ १२६ ।

लागि हो । यो दयाबिना कठिन हुन्छ । आर्जव या ऋजुताको सम्बन्ध रहनुसँग छ । यहाँ आर्जवको अर्थ जीवनको ऋजुता या सरलता हो । नाथ सिद्धहरूले कुनैपनि प्रकारको आडम्बर, पाखण्ड या कृत्रिमतालाई मान्दैनन् । उनीहरूले बोली अनुसारको व्यवहारिक सत्यता चाहन्छन् । व्यवहारमा कुनैपनि प्रकारको कृत्रिमता उनीहरूको दृष्टिकोणमा अनुचित रहेको छ । उनीहरूले अत्यन्त सरल जीवन योगीका लागि आवश्यक ठान्दछन् । उक्त सरल जीवनमा खानपान, भेषभुषा व्यवहार सबै सामेल छन्। उनीहरूले सबै प्रकारको सरलता चाहन्छन्। बाह्य र आन्तरिक जीवनको समानता उनीहरूले चाहन्छन् । आध्यात्मिक जीवको आदर्श वाणी र व्यवहार अत्यन्त सरल छ । तथापि त्यस अनुसारको जीवन बिताउन अनुसरण गर्न अत्यन्त कठिनाई छ । बिना आचरण, बिना व्यवहारको बोली व्यर्थ अर्थहिन हुन्छ । सच्चा योगीको उठबस, रहन, सहन नै सच्चा हुन्छ । सारतत्त्वले युक्त रहनु नै सबैभन्दा उपयुक्त हो । जसमा बोली र व्यवहारको समानताको महत्त्व रहेको हुन्छ । किनकि बोली र व्यवहारमा समान रहेकाहरू साँसारिक भवसागरबाट पार हुन्छन् । यसर्थ वाणी, विचार र व्यवहार बिना योग सिद्ध हुँदैन ।[२३१]

व्यवहारमा योगानुकुल साधना, परमपद साधनामा लिन रहेर आचरण गर्नु नै उपयुक्त र उत्तम मानिन्छ। नाथ योगीहरूले योग शास्त्रलाई नै शास्त्र योग साधनालाई नै साधना त्यस अनुसारको आचरणलाई नै आचरण भन्दछन्। त्योभन्दा बाहिरको सबै आडम्बर, पाखण्ड मात्र हो । तन्त्र, मन्त्र, वेदान्त, या वैद्यकद्वारा सिद्धि प्राप्ति आदि सबैको त्याग यसैमा रहनुपर्दछ हुनुपर्दछ । यन्त्र गुटीका, सिद्ध गुटीका जसमा आकाश उड्डयन आदिको सिद्धि सम्भव मानिन्छ, विभिन्न धातु प्रयोग सबै पाखण्ड हो । जुन मानिसले परमतत्त्व साधनालाई लक्ष्य नराखेर केवल बाह्य रूपमा कथनीका लागि चमत्कार प्रदर्शनका लागि नौ नाडी एवं बहत्तर कोठाको कुरा गर्दछ या साधना गरेको भन्दछ, त्यसैलाई अष्टाङ्ग योग भनिन्छ त्यो वास्तवमा झुठो हो । सबै मिथ्या हो ।[२३२] वास्तविक सिद्धि, स्तम्भन, मोहन, वशीकरण, उच्चाटन आदिमा होइन यो सबथोक भन्दा बाहिर हो यसलाई त्याग गर्नुपर्दछ ।[२३३]

---

२३१ गोरखवाणी, ४२.२७१, ८१.२८४ ।
२३२ नाथ और सन्त साहित्य, पृ. ३५० ।
२३३ गोरखवाणी, १७०.४, ४६.१३३, १७०.५ ।

पाखण्डीपना र आडम्बरका विरुद्ध महायोगी गुरू गोरखनाथले यसलाई पूर्ण रूपमा त्याग्नुपर्ने सन्देश दिँदै भन्नुभएको छ नाथलाई मात्र होइन नाथभन्दा बाहिरका सम्प्रदायलाई पनि कडा आलोचना गर्नुभएको छ । **जसमा एकपण्डी, द्विदण्डी, त्रिदण्डी, भगवावेषी, जटाधारी, जैन, दुधाधारी, तीर्थयात्री, कृष्णप्रणामी, ब्रह्मकुमारी राजयोग, यो प्रवृत्तिका ब्राह्मणहरू आदि जो अर्न्तगणित छन् यी सबैले आदर्श या परमतत्त्वको व्याख्या त गर्दछन् तर उनीहरूले जीवनमा अनुभव गर्दैनन् ।**[२३४] ईसाईहरू हुन या वर्तमान समयका स्कोन, साईबाबा, राधेरोध, पुराणी बाहुनहरू हुन या अन्य यी सबै पाखण्डीहरू हुन् । अन्य नाथ सिद्धहरूमा चर्पटीनाथले निस्सार आवागमन, निस्सार काथनी, निस्सार भोजन, निस्सार विवाद यी सबैलाई योगमय जीवनको उपसर्ग समान मान्नुभएको छ । बायाँ हातमा कमण्डलु धारण गर्नु, दाहिने हातमा दण्डधारण गर्नु, चक्र घुमाउनु आडम्बरी पूजा गर्नु जस्तो समाजमा फूर्ति देखाउने आदि साथै वेश्याहरूको सङ्गत गर्नु, उनको दृष्टिकोणमा यो सबै पाखण्ड हो । कुनै सम्प्रदाय विशेषको भेषधारणा गर्दैमा परमतत्त्वको भेद मिल्दैन । **बाह्य रूपमा गृहत्याग गरे पनि यदि मनबाट माया गएको छैन गृहत्याग गर्नुको कुनै अर्थ छैन ।**[२३५] यसप्रकार चर्पटीनाथले बाह्य साधनाको पनि खण्डन गरेका छन् । योगीको आडम्बर उनको लागि सबैभन्दा अप्रिय हो । योग साधनामा साधकले सिद्ध गुरूबाट लिएको गुरूवाणी शुद्ध आचरणका साथ ग्रहण गर्नुपर्दछ । तथापि सबै जनाले जसरी भेषभुषा धारण गरेका हुञ्छन् तर आचरण गरेका हुँदैनन् आफूले आफैलाई चिनेका हुँदैनन् । आफूले आफैलाई नाथ भन्नेहरूमा 'मायाको' नाथ शक्ति हुँदैन । उनीहरूका साथमा चेलाहरूको समूह पनि हुञ्छ यद्यपि उनीहरूलाई नाथ पनि भनिञ्छ तर पटक-पटक जन्म मृत्युको चक्रमा परिरहञ्छ । उनीहरू आडम्बरी हुन् । कतिपयले कानमा मुन्द्रा र घाँटीमा रुद्राक्ष धारण गर्नु नै नाथ हुनका लागि पर्याप्त ठाञ्दछन् । तत्त्वज्ञान बिनाको यो सबै बाह्य पहिरन पाखण्ड हो । उनीहरूले नकटी बुचि योगिनलाई साथमा लिञ्छन् । जटा धारण गर्दछन् मोटा मोटा केश धारण गर्दछन्, विचित्रका वाणी गर्दछन्, मान, अभिमानका लागि घुम्दछन् दण्ड-कमण्डलुभगवावेश धारण गर्दछन् । अनेक प्रकारको आडम्बर बाँड्दछन् । तत्त्वज्ञानलाई सम्भदैनन् । पण्डित तथा ज्ञानी बनेको पाखण्ड

२३४ नाथ और सन्त साहित्य, पृ. ३५० ।
२३५ सिद्धसिद्धान्तपद्धति एण्ड अदर वर्क्स, ८५.४०, ८५.४१-४२ ।

प्रदर्शन गर्दछन् । भित्र मानसिक र शारीरिक रूपमा मल भरिएको हुन्छ । बाहिर सफा भएको देखाउँदछन् । तिर्थ स्थान गर्दछन, यन्त्र, मन्त्र जप गर्दछन् । तर परब्रह्मको ध्यान कहिल्यै पनि गर्दैनन् ।[२३६]

चर्पटीनाथले पाखण्डपन प्रदर्शन गर्ने योगीहरूको पनि कडा आलोचना गरेका छन् । वज्रक छौटी लगाएर योगीहरूले पान चपाउँछन् । तीर्थमा गएर दान लिन्छन् । आफूलाई वैद्य गराउँछन् । रोगीको रोग निको पार्ने दावी गर्दछन् । यो सबै नाश हुनु हो । योग साधनाका सबै क्रियाहरू मन, विन्दु र पवनलाई स्थिर गर्नका लागि गरिञ्छ । जसको परिणाम काया सिद्धि अन्तत परमपदको प्राप्ति हो । जो ढोगी र पाखण्डी छ उसले यो तत्त्वज्ञानतर्फ आफूलाई कहिल्यै पनि मोड्दैन । उसले मनभित्रका विकारहरूलाई कहिल्यै पनि हटाउँदैन । यसप्रकार तत्त्व ज्ञान बिनाको वस्त्र आभुषण, केश मुण्डनबाट केही पनि हुँदैन । वस्तुतः यसमा बाह्य रूप ग्रहण गरेर भित्रको सारतत्त्व छोडिदिएको हुञ्छ । पृथ्वीनाथले भनेका छन् मुद्रा, तिलक, माला, पूजा, षट्कर्म, गायत्री आदि विभिन्न प्रकारका छन् जसमा सिद्धि मिल्दछ ।[२३७] उनले पटक-पटक पाखण्ड आडम्बर क्रिया र ब्रह्मचार, बाह्य ढोंगको त्याग र आत्मसाधनालाई ग्रहण गर्ने उपदेश दिएका छन् । किनकि उनको सैद्धान्तिक मान्यता अनुसार पिण्ड शुद्धि र पिण्ड ज्ञानबाट ब्रह्माण्ड शुद्धि र ब्रह्माण्ड ज्ञान सम्भव हुन जाञ्छ । अन्तस अर्थात् आत्म साधना नै प्रमुख हो । **बाह्य साधना आत्मसाधना बिना निरर्थक रहञ्छ । बाहिर आत्मसाधना भित्री एकात्मकता, सरलता भनाई र व्यवहारीक एकताको समानता बिना सबै निरर्थक हुन जाञ्छ** । यसकारण साधकमा बाह्य र आन्तरिक दुवै प्रकारको समन्वय र तत्त्वज्ञानको आवश्यक्ता हुनुपर्दछ ।[२३८]

यस अतिरिक्त नाथ योगीको दृष्टिकोणमा सबैभन्दा महत्त्वपूर्ण अङ्ग मिताहार हो । संस्कृत नाथ ग्रन्थहरूमा मिताहारको महत्त्व प्रतिपादन गरिएको छ । उक्त ग्रन्थहरूमा पथ्य अपथ्य योगानुकुल योग विरुद्ध आहारको व्याख्या गरिएको छ । तथापि खाद्य र अखाद्य वस्तुको लामो सूची दिइएको छैन । तथापि केही सङ्केतहरू पाइञ्छ । त्यसमा भनिएको छ मिताहारको उल्लंघन योगानुकुल

---

२३६ उही ८६.४२, ५२, नाथ सिद्धो कि वानिया ७.४४, २३.१४०, २६.१५१, २६.२७, १५०-१५६ ।
२३७ नाथ सिद्धो कि वानिया ३०.१७५, ३२.१९२, ८७-८८, ५५३-५५६ ।
२३८ नाथ और सन्त साहित्य, पृ. ३५२ ।

नियमको उल्लंघन पनि हो । यस सम्बन्धमा मध्यमार्गको उपदेश पनि पाइन्छ । जुन विधानमा निश्चित समय, निश्चित परिमाण, निश्चित पदार्थका अनुसार रहेको छ । यो सबै योगानुकुल रहेको छ । आहारको उद्देश्य योग साधनाका लागि शरीरलाई उपयुक्त रूपमा पुष्ट बनाउनु र त्यसको रक्षा गर्नु पनि हो । यसर्थ योगी गोरखनाथले सिघ्र भोजन, अल्पाआहार तथा उचित मात्रामा आहार विहारको नियम, विधान बताउनुभएको छ । धेरै खानाले अर्थात् पेट भरी-भरी शरीरमा काम व्यात हुन जान्छ । यसकारण कम खानुपर्दछ । खाना खानु पनि पर्दछ, धेरै खानु पनि हुँदैन र भोकै रहनु पनि हुँदैन । अत्याधिक भोजनले इन्द्रियहरूलाई बलवान् बनाएर पीडित गराउँदछ । ज्ञान नष्ट हुन जान्छ चित मैथुन कामी हुन जान्छ । निद्राले सताउन थाल्दछ निद्रा आएपछि कालले आक्रमण गर्दछ । आहार, विहारमा साधकले अरुलाई यसप्रकार अवलम्बन गराउन हुँदैन जसबाट कष्ट सृजना हुन जाओस् । जो दुधको आहारमा निर्भर रहन्छ उसलाई सधैँ दोस्रो घरको सहारा चाहिन्छ । उसको चित्त सधैँ अर्काको घरमा केन्द्रित गर्नुपर्ने हुन्छ । अत्याहार योग साधकका लागि काल समान शत्रु हो । आहार, विहारको नियन्त्रण बिना गुरूले दिएको ज्ञानभण्डारको रक्षा हुन सक्तैन ।[२३९] अत्याहार तथा मांसवृद्धि गर्ने आहारले योगीको शरीर स्थिर हुन जान्छ । शारीरिक अङ्गहरू ठूलो हुन्छ यस्तालाई गुरूले दिएको उपदेश सिद्धि हुन सक्तैन । यसका लागि खड्खड्या पुष्ट र हल्का काया हुनु पर्दछ । यस्तो कायाका लागि नियमित, परिमित र नियन्त्रित आहारको आवश्यक्ता पर्दछ । यस्तो शरीरलाई उपवास गर्ने आवश्यक्ता पर्दैन । आहारमा संयमता अपनाउन भने अनिवार्य छ । यस संयमको मध्यमार्गको अनुसरण गर्नाले मन निश्चल हुन जान्छ श्वास प्रश्वास स्थिर हुन्छ जो काया सिद्धिका लागि आवश्यक छ । यस संयमका लागि मद्य, मांस, भोगको सेवन निषेध गरिएको छ । किनकि यसबाट दया, धर्मको नाश हुन्छ प्राण नाश ज्ञान ध्यानको हानी हुन्छ ।[२४०] चर्पटीनाथले भीख मागेर खाने, पेट भरी खानेलाई निन्दा गरेका छन् । उनी भन्दछन्: यस्ताको पटक-पटक मृत्यु हुन्छ । मद्य, मांसमा जसको चित्त लाग्दछ उसले कहिल्यै पनि ज्ञानको कुरा गर्न सक्तैन । तर योगी मत्स्येन्द्रनाथको अनुसार कौलाचारको नियममा

---

२३९ गोरखवाणी ८.२०, १०२.३०, १२.३२, १३.३३ ।
२४० उही १०९, ५१.१४६, ५६.१६४-१६५ ।

मात्र पञ्चमकारलाई छुट दिइएको छ । कौलज्ञान निर्णय या कौलाचारको नियम बाहिरको पञ्चमकारले विनास गराउँदछ । यी सबैको त्याग गरेपछि खीर, खाउँ, घ्यू तथा अन्य भोगहरू भोग्य पदार्थ पनि त्याग गर्ने उपदेश दिएका छन् । यी कुराहरूको त्याग भएपछि आत्मरक्षा तथा योग साधना सम्भव छ । भरर्थरीका अनुसार पेट भरीभरी भोजन गर्नु निकृष्ट कार्य हो । दतात्रेयले अल्पाहार र उच्च विचार योगीका लागि आवश्यक माञ्दछन् ।[२४१] यसैगरी जालन्धरनाथले संयम आहारलाई महत्त्व दिएका छन् । किनकि यसले काम शरीरमा व्याप्त हुन दिँदैन । जिब्रोको स्वादका लागि भोजन अनुचित मानिञ्छ । तथापि उचित आहार ग्रहण गर्नुपर्दछ । उचित आहार कम भयो भने असन्तोष् र कष्ट हुन जाञ्छ । यदि आहार बडि गरेमा रोग उत्पन्न हुञ्छ । दुवै प्रकारबाट कष्ट हुञ्छ । यसर्थ जालन्धरनाथले दुवैको बिचको संयमित आहार लिनुपर्ने उपदेश दिएका छन् । जसले यसप्रकारको आहार गर्दछन् उही नै योगी हुन सक्तछ ।[२४२]

तथापि वामाचारी तान्त्रिकको विचारमा पञ्चमकार मांस, मदिरा यथार्थ र ग्रहण छ तर त्यो कौलज्ञानको नियमभित्र छुट छ । कतिपय शैव नाथ योगी साधकले यसलाई अस्वीकार पनि गरेका छन् । फेरि तान्त्रिकको दिव्याचारमा रहेको पञ्चमकार अन्तर साधनात्मक अर्थमा नियम निर्धारण गरिएको छ । त्यसलाई उनीहरूले स्वीकार गरेका छन् । यसको अन्तिम अङ्ग शौच हो । जसको अर्थ शारीरिक र मानसिक सूचिता हो । यो सामान्यतया शरीरका विभिन्न अङ्गहरूको सोधन, शुद्ध जलले स्नान, शुद्ध जल पान शुद्ध वायुको ग्रहण, शुद्ध पदार्थको ग्रहण, सत्सङ्गमा निवास, स्वास्थ्यका नियमको पालना आदिलाई शारीरिक शौचमा गणना गरिञ्छ । शुद्ध विचार, शुद्ध ईच्छा आदिलाई मनको सोधनका लागि ग्रहण गरिञ्छ । तर नाथ सिद्धहरूले यस प्रकारको बाह्य शारीरिक शौध साधनालाई महत्त्व दिँदैनन् । यद्यपि गोरक्ष सिद्धान्त सङ्ग्रहमा शौचका लागि आचार विधि बताइएको छ । तथापि त्यसमा केवल बाह्य कृच्छ्राचारको विरोध छ । साँसारिक लोकमा आचारको उद्घुम छ । तथापि छालाको जुत्ता लगाउने, स्त्रीसँग रहने, सूर्य उदयमा भृतिका पात्र आदिको त्याग गर्ने गर्दछन् तर धान्य धृतादि वस्तुको त्याग गर्दैनन् । यसकारण यिनीहरूको

२४१ नाथ सिद्धो कि वानिया, १०४, ६२९, ६१.४०० ।
२४२ उही पृ. ५२.३५७-३५८ ।

आचार विचार एक कल्पना हो । यसर्थ आचार प्रमुख होइन विचार प्रधान हो । नाथपन्थीहरूलाई आचार स्वीकार्य छ तर विचारपूर्वक मात्र । किनकि नाथमा तत्त्व विचार मुख्य हो । उनीहरूको व्यवहार सर्वथा त्याज्य छैन । शौचादि क्रिया, स्नान, पूजा, गुरूस्मरण आदिलाई मान्दछन् । तथापि व्यर्थको आचार, नियमलाई समयको व्यर्थता सम्झन्छन् । शौच कार्यमा पनि क्रियालाई स्वीकार गर्दछन् । जसबाट मुख्य लक्ष्य प्राप्तिमा हानि नपुगोस् । प्राणहरण नहोस् । किनकिं प्राणरक्षा बिना मन स्थिर रहन सक्तैन । प्राणको स्थिरता बिना कालबाट मोक्ष हुन सक्तैन । यसकारण नाथ सिद्धहरूले अत्यन्त विचार गरेर मात्र योगानुकुल आचार विचारलाई स्वीकार गर्दछन् । गोरक्ष सिद्धान्त सङ्ग्रहमा निरर्थक योग विरुद्धको आचारलाई अत्याचार भनिएको छ ।[२४३] भरर्थरीले शारीरिक, मानसिक दुवै प्रकारको सचेततालाई ध्यानमा राखेर योग विरुद्ध अशूचि तर्फ सङ्केत गरेका छन् । जस्तो गोरक्ष सिद्धान्त सङ्ग्रहमा भनिएको छः जुन व्यक्तिको चित्तमा मादकता प्रदान गर्ने कामिनी चढिरहेको छ त्यसैगरी सुरा, विषयसुन्दरी, शय्या र मन्मथ सधैँ सँगै रहन्छ । जो वीर्यपात गरेर ब्रह्महत्याको भागी हुन्छ त्यो दुराचारी हो । तथापि महायोगी मत्स्येन्द्रनाथको कौल साधनामा आधारित पञ्चमकार सहितको आचार, नियमको कार्य स्वीकार्य मानिन्छ ।[२४४] यसबाट स्पष्ट हुन्छ नाथहरूले सबैभन्दा धेरै विन्दुगत र मनोगत सूचितालाई महत्त्व दिन्छन् । जसका लागि प्राणायाम, संयम ब्रह्मचार्य, एवं विन्दु रक्षाको विधान रहेको छ । यदि संयम राखियो भने ब्रह्मचर्य राख्न सकिन्छ, त्यसपछि विन्दुरक्षा गर्न सकिन्छ शारीरिक मानसिक दुवै प्रकारले सुरक्षित रहन सकिन्छ ।

नियमः

यसैगरी यमकै सरह हठयोग प्रदीपिकामा प्रस्तुत श्लोकहरूमा नियम अन्तर्गत तप, सन्तोष, आस्तिक्य, दान, ईश्वर पूजा, सिद्धान्त वाक्य श्रवण, ह्री, मती, तप र होमको गणना गरिएको छ । यसप्रकारका श्लोकहरू शारदा तिलकमा रहेका छन् । यसमा भएका अधिकांश परिचयहरू नाथ वाणीमा पाइँदैनन् । यस मध्येमा तप, आस्तिक्य, होम आदि विषयहरू विवादास्पद

२४३ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ६०-६१ ।
२४४ नाथ सिद्धो कि वानिया, १०३, ६२६ ।

रहेका छन् । यसलाई सामान्यतया गृहित रूपमा रहेका नाथ सिद्धहरूले स्वीकार गर्दैनन् । यी विषय वस्तुहरूलाई क्रमैसँग विचार गर्नुपर्दछ ।

तपमा शरीर र मनलाई कुनैपनि ऋतु परिवर्तन अर्थात् स्थूल वातावरणको प्रभावले मन र शरीरलाई कुनैपनि परिवर्तन गर्न सक्तैन । त्यसमा यस्तो अभ्यास गरिञ्छ कि यसमा नाङ्गो शरीरले खुशीपूर्वक वर्षा, तातो, चिसो सबै सहन सकोस् । उपवास र अन्य भोजन सम्बन्धी कष्टबाट पनि साधकलाई कुनै प्रकारको पीडा नहोस् । यसमा शरीर, मन, इन्द्रिय साथै भौतिक सुख सुविधा, विलासिता कामवासना आदिमाथि विजय प्राप्त गर्ने प्रयत्न गरिञ्छ । यसप्रकार सम्पूर्ण जीवननै नयाँ शिराबाट नियन्त्रित र व्यवस्थित गरिञ्छ । तथापि नाथमा आत्मज्ञान र अन्तरसाधना प्रमुख हो । अगाडि नै गोरखनाथको भनाई उद्धृत गरिसकिएको छ । खानपिन नाथहरूको मध्यमार्गी भोजन हो । योगी गोरखनाथको दृष्टिकोणमा तप मार्फत जसमा सामान्यतया शरीरलाई कष्ट दिएर जित्ने भावलाई मुख्य रूपमा मानिञ्छ । कोही पनि शुरो हुन सक्तैन त्यो अवस्थामा शरीर मनलाई जित्न सकिञ्छ ।[२४५] शरीर र मनको साधनाका लागि वावडी पहिरिने गर्दछ यस्ता साधकहरू खस्केर झर्न सक्छन् । फलामले जस्तै शरीरलाई जकड्दछन् । उनीहरूको शरीर क्षीण हुन जाञ्छ । वस्तुतः त्यसैगरी नाङ्गो रहने नागा, मौन रहने मौनी या केवल दुधको आहारमा रहने दुधारीले योग प्राप्त गर्न सक्तैनन् । दुधारीको चित्त शान्त रहन सक्तैन । अरुको घरमा चित्त केन्द्रित हुञ्छ । त्यसैगरी बिना दाउरा नागाहरू रहन सक्तैनन् । उसलाई नित्य दाउरा चाहिञ्छ । मौनीलाई साथीहरूको आशा लागि रहञ्छ ।[२४६] यसप्रकार सबैले कृच्छ्राचारद्वारा शरीरको साधना चाहञ्छन् । यी सबै योगसिद्धि प्राप्त गर्नमा असफल रहञ्छन् । कष्टपूर्ण साधनामार्फत इन्द्रियलाई संयम राख्न खोज्नेहरू नै सबै धोखामा रहञ्छन् । यस्ता मानिसको साधना सम्पत्ति लुट्न् कुनै अन्य प्रकारको माया हुञ्छ र अज्ञानमा परेर इन्द्रियहरूलाई कसेर दण्ड दिञ्छन् । यी सबै क्रम धोकामा रहञ्छन् । तन मनका् रहस्य थोरै पनि पत्ता लाग्दैन । मायामा परेर आफ्नो सम्पूर्ण त्याग नष्ट गर्दछन् ।[२४७] उनीहरूको सम्पूर्ण

---

२४५ गोरखवाणी, पृ. ११५।२ ।

२४६ गोरखवाणी, पृ. १५.३९-४० ।

२४७ उही पृ. २०९.९ ।

तपको क्रिया केवल कष्टसाधना र आडम्बरका रूपमा रहन्छ। यसकारण योगी गोरखनाथले बिस्तारैसँग मन र शरीरको रक्षा या अपरिवर्तन शिलताका लागि आफ्नो योग संयमको विवेचना गर्नुभएको छ।

यम अन्तर्गत उपर्युक्त जति पनि विचार व्यक्त गरिएको छ यसबाट प्रष्ट रूपमा के बुझ्न सकिन्छ भने शरीरलाई साधकले कष्ट दिनु अनुचित कार्य हो। साथै यो पनि भनिएको छ सरल, सादा जीवन आत्मज्ञान, उच्च विचार, मनको निवारण र व्यवहारलाई आवश्यक मानिएको छ। करनी र करणी अर्थात् मुखले एउटा कुरा भन्ने तर व्यवहारमा त्यसलाई प्रयोग नगर्ने विषयमा अन्य कुराहरू पनि बताइएको छ। यहाँ तप अन्तर्गतको व्याख्यामा भनिएको छः तप कुनै आध्यात्मिक विषय लक्ष्यलाई प्राप्त गर्न मन र शरीरलाई अतिवादी ढङ्गले कष्ट दिन्छ। सामान्य जीवनमा पनि विचार पूर्वक संयम राख्नाले र यो साधना गर्नाले मन र शरीरको सिद्धि प्राप्ति हुन सक्ने कुरा स्वीकार गरिएको छ।[२४८] यसप्रकार सरल र सहज रहने विषयमा भनिएको छ सामान्य जीवन सरह हाँस्नु, बोल्नु, खुशी हुनु, आध्यात्मिक चिन्तन गरिराख्ने र काम, क्रोध, मोह त्याग गर्नुपर्दछ। सृष्टिमा सबै क्रियाहरू गर्दागर्दै पनि आफ्नो चित्तलाई चञ्चल हुन दिनुहुँदैन। यसरी चित्तलाई अचञ्चल बनाएर परमतत्त्वको ध्यान गर्नु पर्दछ। ब्रह्मज्ञानको चर्चामा सधैँ यसरी नै रहनु पर्दछ। यसर्थ प्रमुख कुरा तत्त्व ज्ञानका साथ मनको अचञ्चलता हो। मनको अचञ्चलताका लागि राग, द्वेष, धन, सम्पत्ति, शक्ति, यौवन सबैको आशा त्याग गर्नुपर्दछ।[२४९] यस संयमका लागि कुनैपनि कष्ट साधनाको आवश्यक्ता छैन। मनद्वारा मनलाई नियन्त्रण गर्दा हुन्छ। फटाफट हडबडाएर बोल्नु हुँदैन। दौडेर रन्केर हिँड्नु हुँदैन। विस्तार विस्तार शान्त भावले चल्नुपर्दछ। घमण्ड त्याग गर्नुपर्दछ। यसरी सहज भावमा रहनु पर्दछ।[२५०] यी सबै कार्य गर्दागर्दै पनि मन, शरीर स्वस्थ, शुद्ध र स्थिर रहँदैन किनभने मन र कायासिद्धिका लागि जब एकान्त स्थानमा गइन्छ पीडा गराउँदछ। मन घर, नगरमा, गाउँ शहरमा जान्छ, विभिन्न प्रकारको मायाले सताउँदछ, पेटभरी भोजन गर्दा विन्दुको पीडा हुन जान्छ। यसर्थ यस्तो अवस्थामा महायोगी गुरू

---

२४८ नाथ और सन्त साहित्य, पृ. ३५६।

२४९ गोरखवाणी, ३.७, ४.८, ७.१६, ७.१९।

२५० उही पृ. ११.२७।

गोरखनाथले उपदेश दिँदै भन्नुभएको छः सुन एकान्त स्थान, जङ्गल, गुफामा जान आवश्यक छैन । त्यहाँ बाटो भुल्नाले अर्थात् बिर्सनाले तिमीहरू मारिन सक्तछौ । तिमीहरू एकान्त वास चाहन्छौ तर एकान्तता त्यो हो जसमा शरीर सुरक्षित रहोस्, नादानुसन्धान आदि साधना निर्विघ्न भावबाट हुन सकोस् ।[२५१]

यसप्रकारको विचार हठयोग प्रदीपिका, घेरण्ड सँहिता आदिमा व्यक्त गरिएको छ । जसका अनुसार साधनाको उपयुक्त स्थान त्यो मात्र हो त्यो न शहर हो न जङ्गल र गुफा हो नत गाउँनै हो । समग्रमा जहाँ आफूलाई अनुकूल पर्दछ त्यही हो ।[२५२] घेरण्ड सँहितामा टाढा, अनकन्टार, राजधानी, शहर जस्ता स्थानहरूलाई निशेध गरिएको छ । निश्चित स्थानलाई उत्तम मानिएको छ त्यो जुनसुकै स्थान पनि हुनसक्तछ ।[२५३]

हाँस्नु, खेल्नु, बोल्नु सबै संयम हो र उचित पनि हो ! यदि यी कुराहरूमा अवरोध हुन गयो भने साधकको शरीरलाई कष्ट हुन जान्छ । शरीरको साधनाका लागि मानिसले पञ्चाग्नि साधना गर्दछ । शरीरलाई गरम राख्न अग्निको सेवन गर्दछ । यस्ता कुराहरू निरर्थक छन् । यसबाट शरीरलाई कष्ट सृजना हुन्छ । यसर्थ पिण्डगत पवनबाट पिण्डस्थ ब्रह्माग्निको प्रज्चलन गर्नुपर्दछ । मन र शरीरको सिद्धिका लागि तीर्थयात्रा निरर्थक हो । किनकि त्यसले शारिरिक क्षीण हुन्छ र विचलित हुन्छ फलस्वरूप ध्यान छुट्न जान्छ । यस्ता बाह्य विषयलाई त्याग गरेर पानी, अन्न, पवन र विन्दुको संयम गर्नुपर्दछ ।[२५४]

आशा, तृष्णा, इच्छा, लोभ, मोह, मायाको त्यागले मन वसिभूत हुन जान्छ । नाथहरूको अग्नि अन्य प्रकारका साधकहरूको अग्निभन्दा भिन्न छ । यो यस्तो अध्ययन हो जुन देखिँदैन । तीर्थयात्रा र वर्तले प्राण र शरीर क्षीण हुन जान्छ । यसर्थ नाथहरूलाई यो स्वीकार्य छैन । घरवारी भएर शरीरलाई नष्ट गर्नु पनि उनीहरू अर्थात् नाथहरूलाई स्वीकार्य छैन । तथापि सृष्टिको निरन्तरताका लागि मत्स्येन्द्रनाथको कौलाचारको विधानमा रहेर गरिने कार्यहरू भने स्वीकार्य छन् । घरबार गरेको मानिसले यदि आफ्नो पिण्डको पूर्ण ज्ञान राख्दछ, विन्दुको

२५१ उही १२.३०, ५२.१५०, ६२.१८४ ।
२५२ हठयोग प्रदीपिका १.१२-१४ ।
२५३ घेरण्ड सँहिता पृ. ६०, उपदेश ५, श्लोक ३-७ ।
२५४ गोरखवाणी, १७.४७, ४३.१२३ ।

पूरारक्षा गर्दछ, मायाको पासोलाई गौण केही पनि होइन भन्ने ठान्दछ भने त्यो सर्वश्रेष्ठ हो । घरबार गरेको मानिसले आफ्नो शरीरलाई बाँध्दछ, भित्री मानसिक मायालाई त्याग गर्दछ, साधारण, सरल र सहज जीवन व्यतित गर्दछ तत्त्वज्ञान, आत्मज्ञानद्वारा बाह्य संसारको भ्रमलाई मिथ्या ठानेर आदिनाथमा लिन हुञ्छ भने त्यो व्यक्ति गङ्गाको जलसमान पवित्र पवित्र हुञ्छ । घरबार गरेको मानिसले पनि संयम राख्दछ, तत्त्वज्ञानमा लिन हुञ्छ भने उसमा र योगीमा कुनै भेद रहँदैन । किनकि जप तपको सार संयम हो ।[२५५] अन्य नाथ सिद्धहरूमा चपर्टनाथले तापस, तपस्वी या तपस्या गर्नेहरूलाई सिद्धान्तको रूपमा स्वीकार गर्दैनन् । उनीहरूको कालो मूख, पहेंला खुट्टा साथै शरीर क्षीण हुन जाञ्छ । भोग गर्ने यस्ता मानिसहरूले जब ध्यान गर्दछन् । यस्तो तापसले उनीहरूमा ज्ञानको उदय कसरी हुनसक्छ ? यस्तो क्षेत्र आडम्बरमा फसेकाहरूको इच्छा अनुकूल जप, तप, हजारौं तीर्थयात्रा गरे पनि यस्ता व्यक्तिहरू जीवित रहँदै सत्य हुन पनि सक्तैनन् र त्यसैप्रकार बिना योग युक्त परमपदको प्राप्ति हुन सक्तैन ।[२५६] यसर्थ नाथहरूले तप कृच्छ्राचार विरोधी तथा सहज रहनु र भनाई र गराइमा समान रहने कुरालाई समर्थन गर्दछन् । उनीहरू न जङ्गल र गुफामा पलायन हुञ्छन् नत चञ्चल रहञ्छन् । उनीहरू संयमताका विषयमा अतिवादी हुँदैनन् । आहार, आचार, विचारमा संयम, गम्भीर, ब्रह्मचर्यको पूर्ण पालना, प्राण, मन र विन्दुको साधना उनीहरूलाई स्वीकार्य छ । तथापि यसका लागि कष्ट साधनालाई स्वीकार गर्दैनन् । ब्रह्मचर्यलाई प्राथमिकता दिँदादिँदै पनि कौलाचारको विधान पद्धतिमा रहेर गरिने सृष्टिको निरन्तरता स्वीकार्य रहेको छ । यसकारण उनीहरूको तपको मूल तत्त्व सबै प्रकारको योग अनुकूल संयमता हो ।

नियममा दोस्रो स्थान सन्तोष हो । योग साधनामा जुन स्थान र आसनको महत्त्व छ यही स्थानले योगमा सन्तोष प्राप्त हुञ्छ । त्यसपछि साधना अघी बढ्दछ । सन्तोष, ज्ञान दिपमा वर्तिका स्थानमा छ । नाथ सिद्धहरूले एउटा कुटी बनाएर त्यसलाई आफ्नो नियन्त्रणमा राख्न चाहँदैनन् । कनक र कामिनी दुवैलाई त्याग गरेपछि जीवन चलाउन र साधना गर्नका लागि निश्चित भावनाबाट जेजे प्राप्त हुञ्छ त्यही स्वीकार्य छ । कसैका लागि न चिन्ता रहञ्छ नत इच्छा रहञ्छ ।

---

२५५ उही ८७, टेक १४.४६, ८.२२, ६४.१९१, ६६.४४, १७.४५, पृ. ७८ ।

२५६ नाथ सिद्धो कि वानिया, २८, १६४, ८०-८१.५१५ ।

अगाडिनै भनिसकिएको छ यस्ता साधक स्त्री, धनदेखि टाढा रहञ्छन् । माया, मोहबाट उन्मुक्तिलाई उनीहरूले राम्रो ठाञ्दछन् । यस्ता साधकलाई नाम, कीर्ति, सत्कार, सम्मान, भिक्षा, भोजन आदि विषयहरूमा आशा हुँदैन । यस्ता साधकले निष्काम फलको आशा नगरिकन आफ्नो कर्म गरिरहेका हुञ्छन् । कसैसँग कुनै आशा राख्दैनन् । बाह्य संसारको माया, जाल, धनसम्पत्ति, यश, आरामलाई सबैथोक मान्नेहरूले यस्ता साधकलाई उदास देख्दछन् । तत्त्वज्ञान, आत्मज्ञान भएका यस्ता साधकहरूले ज्ञानलाई सभासमारोहमा देखाएर आफ्नो महत्त्व देखाउने इच्छा पनि राख्दैनन् । यसलाई भरर्थरीले तत्त्वज्ञानका ७ अङ्गहरू १. प्रथम तत्त्व संयम २. दोस्रो तत्त्व सन्तोष ३. आस्तिक ४. दान ५. ईश्वर पूजा ६. सिद्धान्त वाक्य श्रवण र ७. निषिद्ध कर्ममा सन्तोषलाई दोस्रो स्थान दिएका छन् ।[२५७]

तेस्रो शब्द अति विवादास्पद रहेको छ । किनकि स्वयं आस्तिक शब्दमा नै विवाद रहेको छ । जुन शब्द विचारणीय छ त्यो नास्तिक हो । यी दुवै शब्द परस्पर सम्बन्धित छन् । सामान्यतया आस्तिकका तीन अर्थ हुञ्छन् । १. मृत्युपछिको जीवनमा विश्वास गर्ने, २. ईश्वरमा विश्वास गर्ने, ३. वेद प्रमाणमा विश्वास गर्ने । यसमा अन्तिम अर्थ हिमवत्खण्डीय दर्शन क्षेत्रमा गृहित छ । मनुस्मृतिमा कुल्लुक भट्टका अनुसार वेदनिन्दकहरू नास्तिक हुन् । अन्तिम अर्थ निष्कर्षका अन्य दुवै अर्थसँग कुनै न कुनै रूपमा सम्बन्धित छन् । कर्मवाद र वेदको अपौरूकेयत्व अथवा उसको अलौकिक रचना र प्रमाणिकता परस्पर सम्वद्ध र सापेक्ष छ । सामान्यतया मानिसहरूले दोस्रो अर्थलाई ग्रहण गर्दछन् । कतिपयले पहिलोको अर्थ लगाएर बुद्धलाई पनि आस्तिक सिद्ध गर्दछन् ।[२५८] यी तीनवटा अर्थहरूको आधारमा नाथ सिद्धहरूलाई आस्तिकतामा गणना गरिएको छ । किनकि नियम अन्तर्गत विवेचित हुने अन्य अङ्गहरूसँग पनि यसको घनिष्ठ सम्बन्ध रहेको छ । नाथ सिद्धहरूले सामान्य मानिसका लागि मृत्यु पर्यन्त जीवन या कर्मवादलाई स्वीकार गर्दछन् । तथापि उनीहरूको भनाई छ नाथ सिद्धले कर्म, संस्कार, वीजलाई दग्ध गरिदिञ्छन् । जसको अगाडि नै कैयौं पटक उल्लेख गरिसकिएको छ ।[२५९] नाथको विचारमा जसले कुकर्म

२५७ गोरखवाणी १९७.८६, २०१.११६, ४४.१२६, १७२.११, नाथ सिद्धो कि वानिया, ९७.५९२ ।

२५८ नाथ सिद्धो कि वानिया ९७.५९२, गोरखवाणी १९७.८६, २०१.११६, ४४.१२६, १७२.११ ।

२५९ डा. टी.एम.पी. महादेवन: द आउट लाइन्स अफ हिन्दूइज्म पृ. ९९ । आचार्य नरेन्द्रदेव, बौद्धधर्म दर्शन, पृ. २.३, ४-७ ।

गर्दछन् कौलज्ञान निर्णय र तन्त्र विज्ञानको नियमभन्दा बाहिर जो वासना ग्रस्त रहन्छन् यस्ता मानिसहरू मर्ने समयमा जुन जुन वस्तुमा जस्तो जस्तो भावाना राखेका छन् त्यसै अनुसार पुनर्जन्म धारणा गर्दछन् । अथवा नरकमा बास गर्न जान्छन् । तर नाथ सिद्धहरूले अवधूत कर्मले सबै प्रकारका रूपहरूलाई नष्ट गरेर निर्बन्ध हुन जान्छन् । गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार यो शरीर कर्मरचित हो । सबै कर्म त्रिगुण युक्त रहेका छन् । गुण मायाबाट उत्पन्न हुन्छ । यसकारण प्राणीहरूको जुन प्रारब्ध कर्म छ यो सबै माया अभिमत रहेको छ । माया र गुण अभिमानयुक्त छन् । जोसँग ब्रह्म तत्त्व सर्वथा पृथक रहन्छ । यस कारण त्यो ब्रह्मतत्त्वको उपलब्धिमा बाधक पनि छ । यसर्थ अवधूतको कार्य प्रारब्ध कर्मलाई निर्मुलिकरण गर्नु हो ।[२६०] सञ्चित प्रारब्ध र आगामि कर्म परस्परमा सम्बद्ध छन् अर्थात् एक अर्कामा अन्तरसम्बन्धित रहेको हुन्छन् । आगामि आउनेको आचार प्रारब्ध हो । यसकारण यदि अवधूतले प्रारब्धलाई निर्मुल गरिदिन्छ भने आगामि आउने विषयमा उसलाई कुनै प्रकारको भय, त्रास रहँदैन । दोस्रो योग साधनामा सञ्चित कर्मको परिवर्तनको कुरा मानस काया परिवर्तनको पछिल्लो व्याख्यामा गरिएको छ । तथापि यो कुरा निश्चित रूपमा भन्न सकिन्छ नाथ सिद्धहरूले कर्मवाद तथा तपश्विनी जन्मान्तरवादलाई मान्दछन् । अन्यथा उनीहरूको प्रारब्ध कर्म निर्मुलीकरणको सिद्धान्त असिद्ध हुन जान्छ । योगी गोरखनाथले प्राणसंकली उनीहरूको प्रारब्ध कर्म भन्नुभएको छ । पाप र पुण्यको बासस्थान कर्ममा रहन्छ । यसर्थ यसमा मोक्ष र मुक्तिको इच्छा छ भने परमतत्त्वको साधनाबाट नै सम्भव छ । अगाडि नै उल्लेख गरिसकिएको छ नाथ सिद्धले जीवन मुक्ति र इच्छामृत्युलाई साध्य मान्दछन् । स्वर्ग र नर्कको कल्पना पनि पाइन्छ । नाथ सिद्धहरूको स्वर्ग यसै पृथ्वीमा सिद्धि प्राप्त जीवनलाई मान्दछन् । नाथहरूको दृष्टिकोणमा केदार या सहस्रारको प्राप्तिलाई स्वर्ग प्राप्ति मानिन्छ । उनीहरू कुनैपनि पौराणिक स्वर्ग जालमा पर्दैनन् । कौल साधना नियमभन्दा बाहिरको स्त्री सम्बन्ध मान्य छैन ।[२६१] दोस्रो अर्थ ईश्वरमा विश्वास हो । ईश्वर तत्त्वबाट यस्तो तत्त्वको वोध हुन जान्छ जो सर्वव्यापक छ, सबैतिर छ, सबैको मूल आधार हो, सबै प्राणीको आधार स्रोत हो । जसलाई सृष्टिको कारण मानिएको छ । यसैमा निर्माण छ र यसैमा

२६० गोरक्ष सिद्धान्त सङ्ग्रह पृ. १५ ।

२६१ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. १५ ।

संहार पनि रहेको छ । यसका अतिरिक्त अन्य केही पनि छैन । यो एक भेद अद्वितीय हो । यसको निमित्त एवं उपादान कारण दुवै स्वयं हो । उनै पिता हुन् र उनै माता पनि हुन् । श्वेताश्वर उपनिषदले पनि यो कुरालाई पुष्टि गर्दछ। उनै एउटा ईश्वरले अनेक विद्यमान रूपधारण गरेका छन् । यसप्रकारको ईश्वर सगुण ब्रह्म हुन् । किनकि व्यक्तिले आफैंमा यी गुणहरूलाई आरोपित गर्दछ। यहाँ साधक या व्यक्तिको व्यक्तिगत विशिष्ट भावना प्रमुख हो । तथापि ब्रह्मलाई नै मानिसले निर्वैयक्तिक 'ब्रह्म' या परम पद, पूर्ण ब्रह्म भञ्दछन् । किनकि यो तत्त्वमा व्यक्तिको कुनै भावना, कल्पना, विचार, तर्क आदिको सीमाना रहँदैन। यो नेती-नेतीमा अभिव्यक्तिबाट नै जान्न सकिञ्छ । यो सत्य हो ब्रह्म निर्गुण र निर्विरोध हो । तथापि यसको अर्थ स्वरूप बिहिन हो भन्ने कुरा होइन। उपनिषदले उसलाई सत्, चित्त, आनन्द भञ्छ तत्त्वमसी भञ्छ ।[२६२]

नाथ संस्कृत ग्रन्थहरूमा नियम अन्तर्गत एकान्तबास, निसङ्गता, उदासिनता जे छ त्यसमा सन्तोष तथा गुरू चरण वरुदत्वको गणना गरेको पाइञ्छ। 'सिद्धसिद्धान्तपद्धति'को यम नियममा ईश्वरसँग सम्बद्ध कुनैप्रनि विषय राखिएको छैन । किनकि यहाँ यमको शरीरलाई मनोवृत्तिको नियम मानिञ्छ। जसमा ईश्वर विश्वासको कुनैपनि कुरा गरिदैन ।[२६३] 'हठयोग प्रदीपिका'का सक्षिप्त श्लोकहरूमा आस्तिक्यको स्थान पातञ्जल योगको नियम अनुसार दिइएको छ । प्रणिधानका अनुसार छ । तथापि पातञ्जल योगको ईश्वर या वेदान्तगत ईश्वर या सगुण ब्रह्मभन्दा भिन्न छ । जसको सृष्टि प्रक्रियासँग कुनै सम्बन्ध छैन । वेदान्तगत ईश्वरसँग कुनै समानता छैन । यहाँ ईश्वरमा विश्वास सम्बन्धी विश्वासको व्याख्या वर्णन यसकारण गरिएको छ नाथ मतको विवेचना गर्ने कतिपय विद्वानहरूले यो पनि भन्ने गर्दछन् । 'गोरखनाथले पतञ्जलीको उच्च लक्ष्य ईश्वर प्राप्ति जस्तै हठयोगको प्रवर्द्धन गर्नुभयो' ।[२६४] अगाडि नै उल्लेख गरिसकिएको छ नाथ ग्रन्थहरूका आधारमा नाथको परमतत्त्व नाथ द्वैताद्वैत विलक्षण सदसद्रानिर्वचनीय छ । जसको तुलना नत पातञ्जलको ईश्वरसँग हुनसक्तछन् नत वेदान्तको ब्रह्मसँग । किनकि यो नाथ द्वैताद्वैत परवर्ती

---

२६२ आउटलाइन्स अफ हिन्दूइज्म पृ. २३.१४८-१४९ ।

२६३ सिद्धसिद्धान्तपद्धति पृ. १३, २.३३, २.३२-३३ ।

२६४ डा. रामचन्द्र शुक्लः हिन्दी साहित्यका इतिहास, पृ. १३ ।

हो। नाथ ग्रन्थहरूमा प्रायः ब्रह्म शब्दको प्रयोग नाथ पदका लागि गरिएको छ। यसैगरी भनिएको छ- यो आदि र अन्त्यहीन छ। उसको सत्ताका लागि अन्य कुनैपनि वस्तुहरूको आवश्यक्ता पर्दैन। ऊ स्वयं कुनै कार्यको कारण होइन। फेरि पनि उसको सत्ता छ। ऊ स्वयं वेध छ। स्वयं प्रकाश छ। ऊ पूर्ण ब्रह्म हो। पृथ्वीको पुरुष हो। योगी गोरखनाथ भन्नुहुन्छः तिम्रो सुर अर्थात् चाहना नै सृष्टिको मूर्ति हो। तिमीले नै सारा संसार बनाएका छौं। फेरि पनि तिम्रो रचना कसैले पनि गरेको छैन। तिमी त्यो तत्त्व होइनौ जसले अवतार लिञ्छ। यस्तो ब्रह्मको रूप अचिन्त्य छ। तथापि ईश्वरको विषयमा गोरखनाथको धारणा पातञ्जल योग एवं अद्वैत वेदान्तको ईश्वरभन्दा पूर्णतया भिन्न रहेको पाइञ्छ। योगी गोरखनाथले भन्नुभएको छः ईश्वर माया र कामले ग्रस्त पीडित तत्त्व हो। संसारको प्रपञ्चमा निरन्तर रहेको छ।[२६५] यसर्थ अध्ययन गर्दा हामीहरूसँग गोरखनाथले पातञ्जल ईश्वरमा विश्वास गर्ने कुनैपनि आधारहरू छैनन्। दोस्रो गरी अगाडि नै ईश्वरको वर्णन गरिएको छ। सृष्टिकर्ता, हर्ता, पालक, कारण, सर्वव्यापक, सर्वज्ञ, सर्वशक्तिमान, एक, अद्वितीय आदि विषयहरूलाई स्वीकार नगरेको पाइञ्छ। ईश्वरको अर्थ परमतत्त्वले उसलाई केवल द्वैताद्वैत विवर्जित नाथ पदको रूपमा स्वीकार्ने कुरामा तयार छन् जसको विवरण अगाडि नै दिइसकिएको छ। यसै दृष्टिकोणबाट नाथ योगीहरूलाई आस्तिक मानिञ्छ।

आस्तिकको तेश्रो अर्थ अनुसार केवल त्यो सम्प्रदाय या व्यक्ति आस्तिक हुन सक्तछ जसले वेदको निन्दा गर्दैन। जसले वेदको प्रमाणमा विश्वास गर्दछ। अगाडि नै उल्लेख गरिसकिएको छ- गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार सृष्टि दुई प्रकारका हुञ्छन्। नादरूपा र विन्दु रूपा। नादरूपा सृष्टिमा योगशास्त्र रहेको छ साथै विन्दुरूपा सृष्टिमा वेद आदि। नादरूपा सृष्टि सूक्ष्म सृष्टि हो भने विन्दुरूपा स्थूल अर्थात् भौतिक सृष्टि हो। दोस्रो शब्दमा भन्नुपर्दा योगशास्त्र जसलाई नाथहरूले अङ्गीकार गरेका छन् र यो परमार्थिक विद्या हो भने वेद विद्या व्यवहारिक विद्या हो। नाथहरूले परमार्थलाई महत्त्व दिञ्छन्, व्यवहारलाई होइन। नाथ मतले नाद परम्परामा आउने तत्त्वलाई स्वीकार गर्दछ। योग शास्त्रमा प्राण विद्या प्रणव विद्या मुख्य हो। योग मतले केवल यस मूल तत्त्व प्रणवलाई स्वीकार गर्दछ।[२६६]

२६५ गोरखवाणी, १०८-१०९, टेक ५, १५४, टेक ४, २०२, १२४, ६७, १९९।

२६६ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ७२-७३।

तथापि यी दुवैको विलक्षण भाग रहेको छ त्यो अवधूतका लागि या नाथ योगीहरूका लागि हो । यसकारण भनिएको छ आदि र अन्त्यहिन छ । त्यसैगरी वेदान्त भागको तात्पर्य नै योग हो । पूर्ण भागको अपेक्षा उत्तर भागमा अधिक र मुख्य हुन जाञ्छ। वेदान्त भाग मुख्य हो भने त्यसको तात्पर्य योग नै प्रमुख हो। नाथ ग्रन्थहरूका आधारमा भन्न सकिञ्छ वेदको पूर्व भागको तात्पर्य ज्ञान हो। त्यो स्वीकार्य छ । त्यसैगरी वेदान्तको तात्पर्य योग पनि हो त्यो पनि सर्वस्विकार्य छ । मुख्यतः वेदान्त भाग, उपनिषद् साथै त्यसको तात्पर्य योग्य ग्राह्य छ । यसको पुष्टि गोरक्ष सिद्धान्त सङ्ग्रह तथा अन्य नाथ सङ्ग्रहहरूमा उपनिषद्को मात्रालाई प्रमाणिकताका रूपमा उद्धृत गरिएको छ ।[२६७] यस दृष्टिकोणबाट नाथलाई आस्तिक भन्न सकिञ्छ तर वैदिक कर्मकाण्डलाई नाथहरू अस्वीकार गर्दछन् । नाथ ग्रन्थहरूमा कर्मकाण्ड अस्वीकृत गरेका विचारहरू पाइञ्छन्। योगी गोरखनाथले स्वीकार गर्नु हुञ्छ कि वेदमा परमतत्त्वको निर्वचन गर्न सकिँदैन । किनकि वेद स्थूल छ । उसले मूल तत्त्वको अनुभव गर्न सक्तैन। दोस्रो त्यस्तो कुरा केवल सिद्ध योगीहरूले मात्र जान्न सक्तछन् । शेषमा वेदादि प्रपञ्च फैलाउँदछन् ।[२६८] **कुरान, बाइबल पनि भ्रान्ति हो । बाइबल मिथ्या शास्त्र हो जहाँ कुनैपनि आध्यात्मिक चिन्तन छैन । यी तिनै अर्थबाट स्पष्ट रूपमा भन सकिञ्छ नाथ सिद्ध कर्मवाद, ईश्वरवाद, वेद प्रमाण्ड्यलाई हुबहु जस्ताको तस्तै स्वीकार गर्दैन** । जसरी पातञ्जल, उत्तर मीमांसा, पूर्व मीमांसा आदिले स्वीकार गर्दैनन् । नाथले कर्मवादलाई माञ्दछ । एक निर्गुण-सगुणातीत द्वैताद्वैत परवर्ती नाथपद तथा उपनिषद प्रामाण्य या वेदान्त प्रामाण्यलाई उनीहरू स्वीकार गर्दछन् । यही आधारमा नाथलाई आस्तिक मानिञ्छ ।

नियम अन्तर्गत चौथो तत्त्व हो दान । यसअन्तर्गत औदार्य, हृदय विस्तार दोस्रोको साथ एकात्म भावको ग्रहणको गणना गर्न सकिञ्छ । यी भावको कार्यान्वयन उचित पात्रलाई आफूद्वारा आर्जित सञ्चित वस्तु साहनुभूति तथा विनम्रताका साथ दिनुपर्दछ । यो दान वस्तुतः त्याग र सन्यासको अभ्यासको व्यवहारिक मार्ग हो । जसमा मन सबै प्रकारका राग, द्वेषहरूबाट मुक्त हुन जाञ्छ । राग, द्वेष साधना मार्गको सबैभन्दा बाधक हो । गोरखवाणीमा दया

२६७ नाथ और सन्त साहित्य पृ. ३६३ ।

२६८ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ७८ । गोरखवाणी ३.६, ३३.९६ ।

र दानलाई योगको मुल भनिएको छ । केबल दयाभाव मात्र व्यावहारिक हुन सक्तैन । भावलाई व्यवहारमा परिवर्तन गर्नुपर्दछ । नाथ सिद्धको लक्ष्य जीवन मुक्ति या पिण्डपदको परमपदमा समरसीकरण हो । यस मार्गमा पातञ्जल योगमा स्वीकार गरिए जस्तै अनेक प्रकारका सिद्धिहरू पाइञ्छन्, जसद्वारा लोकको कल्याण हुन सक्तछ । जीवन मुक्तिको प्रश्नमा अर्थात् अवस्थामा विभिन्न सिद्धि प्राप्त हुँदाहुँदै पनि यदि दानको भावना छैन भने त्यस्ता व्यक्तिहरू सिद्ध हुन सक्तैनन् । उसको जीवनमुक्ति निरर्थक रहञ्छ । दोस्रो कुरा जीवनमुक्तिका लागि काया सिद्धि अनिवार्य छ । जसद्वारा सिद्धहरूले आफ्नो इच्छा पर्यन्त जीवित रहेर लोक कल्याणको साधना गर्दछन् । यो कल्याण साधना दयाको प्रेरणा तथा दान इच्छा र दान क्रियाद्वारा हुञ्छ यदि दानको भावना र कृया हुँदैन भने कुनैपनि अवधूतले गुरूपद प्राप्त गर्न सक्तैन । लोक कल्याण नत साधना हो न कुनै मत हो । साधना या सम्प्रदायका कुनै-कुनै परम्परा प्रयोगमा आउँदछन् । यही सोचेर सम्झेर महायोगी गुरू गोरखनाथले दया र दानलाई योग अनुकूल भन्नुभएको छ ।[२६९]

पाँचौं तत्त्व ईश्वर पूजा हो । ईश्वरको कल्पनाका सम्बन्धमा नाथ सिद्धहरूको धारणा अगाडि नै उल्लेख गरिसकिएको छ । जहाँसम्म पूजाको परब्रह्म या परमतत्त्वको पूजाको प्रश्न हो त्यसलाई जस्ताको तस्तै नाथ सिद्धहरूले स्वीकार गर्दैनन् । तर अन्य सम्प्रदायहरूले स्थूल अर्थात् भौतिक र बाह्य सामग्रीको नियमअनुसार स्वीकार गर्दछन् । नाथ ग्रन्थहरूका अनुसार नाथ सिद्धको उपास्य नाथ हो । यो पनि भनिएको छः नाथ निर्नाम, अरूप, निर्गुण, सगुणभन्दा पर द्वैत-अद्वैतबाट अतित छ । यसै तत्त्वबाट भाव उपासना हुन सक्तछ । महायोगी गोरखनाथका अनुसार योग अन्तर्गत पूजा, पाटी, जप आदि बाह्य साधनाद्वारा गर्नु आफैँमा हाँसो लाग्ने विषय हो । यो सबै व्यापार हो आध्यात्मिक साधना होइन । कुनैपनि धार्मिक ग्रन्थको पाठ या उसको गायन दुवै लोकाचार हो, परमार्थिक आचार होइन । यथार्थमा परब्रह्म या परमतत्त्व न लोक शून्य छ नत स्थूल न लिङ्गरूप । यसकारण उसको पूजा हुँदैन । ऊ कुनै स्थूल या भौतिक वस्तु पनि होइन ।

---

२६९ गोरखवाणी १२६.४, ४.३२ ।

यसकारण महायोगी मत्स्येन्द्रनाथले आफ्नो संस्कृत ग्रन्थमा उसको मानसिक पूजा या भाव पूजाको विधान निर्धारण गर्नुभएको छ । यो पिण्डगत आन्तरिक आध्यात्मिक सामग्रीको पूजा हो । योगी मस्त्येन्द्रनाथले भक्तिपूर्वक चिद्रुप ईश्वरलाई चन्द्रामृतले आफ्नो स्थान गर्न भन्नुहुन्छ । यससँगै मानिसमा समर्पित गरेर परम शिवको अर्चना गर्न आदेश दिनुभएको छ ।[२७०]

छैठौ तत्त्व सिद्धान्त वाक्य श्रवण हो । यस अन्तर्गत योगशास्त्र, सिद्धहरूका विचार, सिद्धहरूद्वारा निर्धारण गरिएका सिद्धान्तहरू सुन्ने, बुझ्ने कुरा रहेका छन् । गोरक्ष सिद्धान्त सङ्ग्रहमा सिद्धहरूद्वारा निर्णय गरिएका विचारहरूलाई नै सिद्धान्त भनिन्छ । नाथहरूले सबै सिद्धान्तलाई सिद्धान्त मान्दैनन् । सिद्ध अवधूत गुरूद्वारा प्राप्त सिद्धहरूको सिद्धान्त एवं योग शास्त्रको श्रवण अर्थात् सुन्नुलाई सैद्धान्तिक मान्यता दिइएको छ । अगाडि नै उल्लेख गरिसकिएको छ नाथ सिद्धहरूले सिद्ध गुरूको मुखबाट सबै कुरा ग्रहण गर्दछन् र त्यसैलाई नै प्रमाण मान्दछन् । किनकि गुरू मुखबाट सुनिएको सिद्धान्त अनुभव सिद्ध हुन्छ । त्यही पिण्ड, ब्रह्माण्ड, षोडशधार, व्योमपञ्चक, नौचक्र आदिको प्रारम्भिक ज्ञान प्राप्त हुन्छ । त्यही कुरा योगीका लागि अत्यावश्यक छ । योग क्रिया प्रधान शास्त्र हो । यसका लागि शास्त्राध्यन र पाठ अनिवार्य छैन । योगीहरूले कोठामा बसेर गरिने कोरा पाठलाई आडम्बर सम्झन्छन् । यसकारण नाथमा पाण्डित्य ज्ञानलाई स्वीकार गरिंदैन । मुख्य कुरा यो हो कि नाथ सिद्धहरूले योगशास्त्रको सिद्धान्तलाई गुरूकै मुखबाट सुन्दछन् । नाथ सिद्धो कि वानिया पुस्तकमा यस तत्त्वको स्पष्ट व्याख्या पाइँदैन ।

सातौं तत्त्वको अर्थ हो अविहित निसिद्ध कार्य या संकुचन एवं लज्जित हुनुपर्ने भाव । यद्यपि यसको कुनैपनि स्पष्ट व्याख्या वर्णन नाथवाणीहरूमा पाइँदैन । तथापि योगविरुद्ध निषिद्ध अर्थात् निषेध कामहरूको व्याख्या पाइन्छ । जसको सङ्केत माथिनै गरिसकिएको छ ।[२७१] यसैगरी आठौं तत्त्व मति हो जसको अर्थ सूक्ष्म बौद्धिक ग्रहण साथै गहन विचार हो । जसबाट साधकले आफ्नो आध्यात्मिक जीवनको सार तत्त्व ग्रहण गर्दै बाह्य साँसारिक भौतिक जीवनको

२७० गोरखवाणी १७१.९, १०९.३ ।

२७१ नाथ और सन्त साहित्य, पृ. ३६५ ।

भ्रमबाट मुक्त होस् । यसको विकास श्रवण अर्थात् सुन्ने, आफै अध्ययन गर्ने, स्वअध्ययन साथै विचारद्वारा हुञ्छ । यसका लागि सिद्धान्त वाक्य श्रवण सहायक हुञ्छ । यसमा शुद्ध र परिष्कृत मन जो सत्य ग्रहण र सार ग्रहणमा सधैं निर्दोष हुनुपर्ने आवश्यक्ता हुञ्छ । आचार र विचारको प्रसङ्गमा नाथ योगीहरूको विचार र विवेकको संक्षिप्त व्याख्या अगाडि नै गरिसकिएको छ । गोरक्ष श्रुतिलाई श्रवण, सुन्नु एवं मतिको क्षेत्र मानिञ्छ जसमा मन्त्ररूप बीज हुञ्छ ।[२७२] जुन तत्त्वको विस्तृत व्याख्या नाथ वाणीहरूमा पाईंदैन । यसर्थः त्यसको निश्चित रूपमा उपस्थित गराउन कठिन छ ।

नवौँ तत्त्व जप नाथ योगीहरूको दृष्टिकोणमा अत्यन्त महत्त्वपूर्ण मानिञ्छ । यसमा परमतत्त्वको कुनै एउटा नामलाई भक्तिपूर्वक मानस योगका साथ जपलाई स्वीकार गरिञ्छ । ग्रन्थहरूका आधारमा यसको विवेचना अगाडि नै गरिसकिएको छ । जसरी सिद्ध गुरूको पहिचान हुञ्छ त्यसैगरी परमतत्त्व र साधनाको रूपमा जपमाला पनि पहिचान गर्नुपर्दछ । **नाथ सिद्धहरूले जप गर्ने मालालाई अस्वीकार गर्दछन् । जुन भौतिक र बाह्य छ । नाथहरूले आफैभित्र रहेको आत्मतत्त्वलाई पहिचान गरेर जप गर्न भञ्दछन् । नाथको दृष्टिकोणमा बाह्य रूपमा गरिने जप पाखण्ड हो ।** नाथ ग्रन्थहरूका अनुसार आन्तरिक जपमाला हाम्रो श्वासप्रश्वास क्रिया हो । नाम तत्त्वलाई त्यस आन्तरिक जपमालाका साथ सम्बद्ध गर्नु नाथ सिद्धहरूलाई स्वीकार्य छ । उनीहरूले अवधूतलाई पनि यस्तै जप गर्न भञ्दछन् । यसैलाई उनीहरूले जपको फल माञ्दछन् । यसलाई अगम जप भनिञ्छ किनभने यस जपमा बाह्य रूपका स्थूल अर्थात् भौतिक इन्द्रियहरूको पहुँच पुग्दैन । यस जपको पहिचान गर्नु अत्यन्त कठिन कार्य हो । यसका लागि चर्म मुखको आवश्यक्ता पर्दैन । यस जपको मुखमा विभिन्न कमल छन् जो साधकको पिण्डमा पाइञ्छ । साधकको चैतन्य प्राण तत्त्व नै जपमाला हो । यो प्राण सम्पूर्ण शरीरमा व्याप्त रहेको छ र शरीर रूपी कञ्चन मनमा विभिन्न प्रकारका कमल छन् । उनीहरूको मुख छ जसद्वारा सूक्ष्म जपको जप हुञ्छ ।[२७३]

---

२७२ गोरखवाणी १८७.१२ ।

२७३ गोरखवाण, १०१; टेक १ ।

यस विवेचना बाट स्पष्ट हुञ्छ यो जपमाला चैतन्य जपमाला हो। यो बाहिर देखाइने भौतिक होइन। जो मानिसहरूले आडम्बरको रूपमा धारण गरेर हातमा माला गन्दै घुमीरहेका हुञ्छन्। योगी गोरखनाथले 'सोहं'को जप गर्ने उपदेश दिनुभएको छ। जसलाई अजपा जप भनिञ्छ। नासिका अर्थात् नाकको अगाडिको आफ्नो वायु इडा र पिङ्गला नाडीको मध्य अर्थात् बीच सुषुम्नामा समायोजन हुन जाञ्छ। नाथ ग्रन्थहरूका अनुसार २४ घण्टामा २१ हजार ६ सय श्वासप्रश्वासको सँख्या हुञ्छ। यही सँख्यामा 'सोहं'को अजपा जप हुन लाग्दछ। त्यतिबेला अनाहद नादको स्वतन्त्र उदय हुन जाञ्छ। त्यतिबेला वंकनालमा सूर्योदय हुञ्छ। प्रत्येक राँमा सूर्य ध्वनि सुनिञ्छ। प्रत्येक राँ श्रवण युक्त हुञ्छन्। यसै प्रकार अनेक अलौकिक दृश्य र ध्वनिहरू सुनिने र दर्शन हुने गर्दछ। सबै इन्द्रियहरूमा दिव्यता आउँछ।[२७४] यसप्रकारको अगम सूक्ष्म भित्री जपभन्दा भिन्न कुनैपनि प्रकारको जपलाई योगी गोरखनाथले स्वीकार गर्नुहुन्न। बाह्य रूपमा गरिने त्यस्ता पाखण्डी जपलाई ग्रहण गर्ने उपदेश पनि दिनुभएको छैन। किनकि यस्तो गर्दा योग साधनामा आफैलाई हाँसो उठ्दछ। जो पशु हो अर्थात जनावर हो, बन्धनमा बाँधिएको छ, अज्ञानी छ, त्यस्ताले आन्तरिक सूक्ष्म अजपा गायत्रीको जप गर्दैन। यसर्थ उनीहरूलाई मुक्ति पनि मिल्दैन।[२७५]

समग्रमा भन्नुपर्दा नाथहरूले अजपा किन भञ्दछन् ? यस जपमा मुखको कुनैपनि उपयोग हुँदैन। दोस्रो यसमा साधक आफ्नो श्वास प्रश्वास क्रियाका साथै सम्बद्ध हुन जाञ्छ। श्वासप्रश्वासको स्वाभाविक गति एवं क्रियाका साथ यो जप हुन थाल्दछ, सहज हुन थाल्दछ। यसकारण क्रिया बाहिरबाट देख्दा हेर्दा 'अजपा' अर्थात भौतिक रूपमा नदेखिने गरी भइरहेको हुञ्छ। जपका सम्बन्धमा प्राय: सबै सिद्धहरूको योगी गोरखनाथकै मार्गमा साधक एकान्तमा बसेर अलक्ष्य तत्त्वको उपासना गर्नुपर्ने जसद्वारा परम प्रकाशको उदय हुने कुरा सबै नाथमार्गीहरूलाई सर्वस्वीकार्य छ। मनलाई गम्भीर बनाएर श्वास प्रश्वास साधना गर्दै 'सोहं'को जप गर्नुपर्दछ। जलधरीपाद्ले बिना जपको जपलाई नै वास्तविक जप भनेका छन्।[२७६] पृथ्वी नाथले जपको भौतिक मालाको विरोध गरेका छन्। त्यस्तो अन्य कुनै माला जसलाई फेर्नासाथ परमतत्त्व स्मृति सुधी

२७४ गोरखवाणी १२४, टेक ४.३०।
२७५ गोरखवाणी, १७१.९, १७७.१८।
२७६ नाथ सिद्धो कि वानिया, १८.१०३, ५४.३६४।

ध्यान प्राप्त हुन्छ । यो स्थूल या भौतिक रूपमा देखिने माला होइन । गायत्री कुनै अन्य प्रकारको हो जसको जप गर्नाले सिद्धि प्राप्त हुन्छ एवं परम पदको साक्षात्कार हुन्छ । पृथ्वी नाथको विचारमा महागायत्री र ब्रह्म गायत्रीमा फरक छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा शब्द सृष्टि दुई प्रकारका छन् । सूक्ष्म रूपीणी र स्थूल रुपिणी । सूक्ष्म रूपीणी प्रणव महागायत्री हो जसलाई योगशास्त्र पनि भनिन्छ । दोस्रो स्थूल रूपीणी ब्रह्मगायत्री हो जसलाई वेदत्रय पनि भनिन्छ । सूक्ष्म रूपीणी महागायत्री नाद क्रममा रहेको छ ।[२७७] नाथ सिद्धहरूले यस महागायत्रीलाई स्वीकार गर्दछन् जसलाई प्रणव पनि भनिन्छ ।

सोहंलाई विभिन्न स्थानमा गायत्री पनि भनिएको छ। गोरक्ष सिद्धान्त सङ्ग्रहमा प्राणलाई महागायत्री भनिन्छ । योगी गोरखनाथले प्रणवको उत्पत्तिका सम्बन्धमा गोरक्ष सिद्धान्त सङ्ग्रहमा व्यक्त मतलाई पुष्टि गर्नुभएको छ । उहाँका अनुसार ॐकारको उत्पत्ति नादबाट हुन्छ। नाद शून्यबाट संभूत हुन्छ। साधकले श्रवणको स्थापना गर्दछ र सुन्दछ । नाद पनि निरञ्जन परमतत्त्वमा बिलिन हुन जान्छ ।[२७८]

यसबाट स्पष्ट हुन जान्छ, प्रणव नादको परम्परा हो । यो ॐकार न निराकार छ न सूक्ष्म, न स्थूल । यो कुनै बोटबिरुवा रुख जस्तो विकसित हुँदैन । यो न पात जस्तो न फुलजस्तो रूपमा प्रस्फुटित हुन्छ । परमानुभव पदमा यस ॐकार तत्त्वको सता रहँदैन । योगी गोरखनाथले एकठाउँमा वायु मन्त्रको व्याख्या पनि गर्नुभएको छ । यो मन्त्र 'सोहं' मन्त्र हो । जसलाई अजपा गायत्री भनिन्छ । उनीहरूको दृष्टिकोणमा मन्त्रको धाराको मूल ॐकार हो । किनकि यही सम्पूर्ण संसारमा व्याप्त रहेको छ । ॐकार नाभी स्वाधिष्ठान हो, हृदय अनाहद देवता, गुरू हुन् । ॐकारको साधना बिना सिद्धि प्राप्त हुन सक्तैन । 'सोहं' वायु हंसका रूपमा सम्पूर्ण शरीरमा घुम्दछ । मन, विन्दु, वायु सबैको मूल ॐकार हो । योगी गोरखनाथको ॐकार र अजपा गायत्री सम्बन्धी विचारबाट स्पष्ट हुन्छ परमतत्त्वबाट नाद, नादबाट ॐकार साथै ॐकार बाट सोहं को क्रमशः विकास हुन्छ । शब्द सृष्टिलाई नै सूक्ष्म सृष्टि या नाद सृष्टि भनिन्छ । नादको विकास 'सोहं'मा हुन्छ । यसप्रकार ॐकार प्रणव महागायत्रीको 'सोहं' अजपा गायत्रीसँग घनिष्ठ सम्बन्ध सिद्ध हुन्छ ।[२७९]

२७७ उही ८८.५६०, ५६३, गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ७२ ।

२७८ गोरखवाणी, १९०.३६ ।

२७९ गोरखवाणी, १२९.१, ३८.११०, ९८-१००, टेक ६.१२ ।

नियमको अन्तिम तत्त्व होम हो । हुत या होमको अर्थ साधकद्वारा साध्यको अर्थात् भोग्य-पेय या अन्य पदार्थको भक्तिपूर्वक निवेदन । यो प्रत्येक दिनको हवन या होमको क्रिया हो । यस प्रकारको हवनमा होमले जीवन शुद्ध र अग्रसर हुञ्छ । गोरखवाणीमा होम शब्दको प्रयोग पाइञ्छ । तथापि सामान्य रूपमा प्रचलनमा ल्याइएको कर्मकाण्डको रूपमा होइन । नाथ सिद्धहरूले विभिन्न बाह्य वस्तुहरूको वेदिकामा ब्रह्मानुभूतिमा आफ्नो अशुद्ध भौतिक कायालाई होम गर्ने उपदेश दिएपछि त्यो स्थानमा ब्रह्माग्नी, ज्ञानाग्नि भेदलाई सधैँभरी ग्रहण गर्न भञ्दछन् । यहाँ अग्नि चञ्चलताले प्रज्वलित हुँदैन, स्थिरता र गम्भिरताले प्रज्वलित हुञ्छ । यो अग्नि आभ्यं तरिका हो, बाह्य होइन । यही आभ्यं तरिका अग्निलाई प्रज्वलन गर्नुपर्दछ । रातदिन प्रज्वलनको प्रयत्नमा लाग्नुपर्दछ ।[२८०] स्पष्ट छ ब्रह्माग्नी प्रतिक हो भने होम एक प्रतीकात्मक क्रिया हो । वैदिक यज्ञमा पनि अग्निको महत्त्वपूर्ण स्थान रहञ्छ । यहाँ अग्नि, मनुष्य र देवका बिच माध्यमका रूपमा गृहित हुञ्छ । ऊ मानवप्रति खुसी हुञ्छ । वस्तुतः यस होमको मूलतत्त्व आदिनाथ लगायत देवहरूलाई आफ्नो प्रिय वस्तुको समर्पण हो । जसमा ब्रह्मभाव हुन आवश्यक छ । यसमा भाव प्रधान हो, आहुत पदार्थ प्रधान होइन । वेदमा केवल वाचिक निवेदन या आहुतिको निर्वचन पाइञ्छ, जसमा भौतिक पदार्थको आहुतिको प्रत्याख्यान छ ।[२८१] अगाडि नै उल्लेख गरिसकिएको छ नाथ सिद्धहरूको दिव्य शुद्ध भई परिपक्व काया नै मुक्तिको प्राप्ति हो । शरीरबाट पनि ब्रह्म साक्षात्कार हुञ्छ । यसप्रकारको दिव्य शुद्ध काया त्रिकुटीस्थित ब्रह्मकुण्डको प्रज्वलित अग्निमा आहुत हुन जाञ्छ तब शुद्ध ज्ञान र ब्रह्मानुभूति हुञ्छ । यस अग्निमा शरीर आहुत भएपछि कायाले ब्रह्म साक्षात्कार प्राप्त गरेर सहस्रासरमा लीन हुन जाञ्छ ।

दशाङ्ग यम नियमः

अगाडि नै उल्लेख गरिसकिएको छ नाथसिद्धहरूले षडङ्ग योगलाई स्वीकार गर्दछन् । यद्यपि सिद्धसिद्धान्तपद्धतिमा अष्टाङ्ग योगको पनि वर्णन पाइञ्छ । यहाँ हठयोग प्रदीपिकाको श्लोकको आधारमा नाथ ग्रन्थहरूमा प्राप्त

---

२८० गोरखवाणी, ७.१८, १२.३१, १८.४९ ।

२८१ आउटलाइन्स अफ हिन्दूइज्म, पृ. ४१.४३ ।

यम नियमको विस्तारसँग व्याख्या यसकारण गरिएको छ २० तत्त्वमा अधिकांश संस्कृतबाट अनुवादित रचनाहरूमा विवेचना गरिएको पाईञ्छ। जसको विस्तृत परिचयका लागि शास्त्रीय आचारको आवश्यक्ता छ। यसरी खोज्दै जाने हो भने स्पष्ट हुन जाञ्छ। हठयोग प्रदीपिकाको प्रक्षिप्त श्लोक तान्त्रिक परम्पराबाट आएको पाइञ्छ।

शारदा तिलक नामक प्रसिद्ध तान्त्रिक ग्रन्थमा 'हठयोग प्रदीपिका'को दशांश यम नियम सम्बन्धी श्लोक प्रायः जस्ताको तस्तै पाइञ्छ।[२८२] दुवैलाई मिलाएर हेर्दा 'प्रदीपिका'का श्लोकहरू अदलबदल पाइञ्छन्। तथापि अङ्गहरूको प्रश्नमा एउटै छ कुनै फरकपना पाइँदैन। 'यम' अन्तर्गत दयाको स्थानमा 'कृपा' तथा नियम अन्तर्गत 'ईश्वर पूजनम्'को ठाउँमा 'देवस्थ पूजनम्' शारदा तिलकमा दिइएको छ। राघव भट्टको पदार्थ दर्शन टीकामा नियमको विस्तृत परिचय दिइएको छ। यो सानो ग्रन्थमा सबै वर्णन गर्न सम्भव छैन। यसको लागि उक्त ग्रन्थ नै अध्ययन गर्नुपर्दछ। मुख्य कुरा यो हो कि नाथ ग्रन्थहरूमा यम नियमको उपयुक्त ढङ्गको व्याख्या यत्रतत्र पाइञ्छ तर व्यवस्थित र एकै ठाउँ वर्णन पाइँदैन। दशांश यम नियमलाई नाथ ग्रन्थहरूमा स्पष्ट रूपमा स्वीकार गरिएको छैन। सिद्धसिद्धान्तपद्धतिमा यम नियमका जुन अङ्गहरू छन् पातञ्जल यम नियमका पाँच तत्त्वभन्दा भिन्न छन्। त्यहाँ सर्वेन्द्रियजय या उपशमलाई यम भनिञ्छ।

आहार, निद्रा, शीत, वात, आतपको जयलाई यसमा अन्तरगणित गरिएको छ। यसैगरी मनोवृतिको नियमनलाई नियम भनिञ्छ। जसमा एकान्तबास अनि निःसङ्गता, उदासिनता, जे पाइञ्छ त्यसैमा सन्तुष्टि, वैरस्य तथा गुरूचरण वरुदत्वलाई नियमको लक्षाण भनिञ्छ। यो यम नियम कैयौं तत्त्व या लक्षाणको दृष्टिले तान्त्रिक योग अन्तर्गत गणना गरिने यम नियम दशाङ्ग भन्दा भिन्न छन्। यद्यपि नियम अन्तर्गत कतिपय तत्त्वहरूमा समानता छ। 'पद्धति'का प्रायः सबै यम नियम तत्त्वको परिचय पहिले नै दिइएको छ।[२८३] नाथ ग्रन्थहरूमा वर्णन गरिएकोछ यम नियमपछि वास्तविक रूपमा नाथ योगसाधना आरम्भ हुञ्छ। यस विवरणमा नाथ योगका विभिन्न सिद्धान्तहरूको वर्णन गरिएको छ।

---

२८२ शारदा तिलक पृ. २५-२६, श्लोक ७-८।

२८३ सिद्धसिद्धान्तपद्धति, २.३२-३३।

हठयोगः

अगाडि नै उल्लेख गरिसकिएको छ त्यसबाट स्पष्ट हुञ्छ नाथ सिद्धहरूले आफ्नो प्रमुख लक्ष्य परिपक्क देह या सिद्ध देहको प्राप्तिका लागि मन, पवन र विन्दुलाई स्थिर गर्न चाहञ्छन्। उपलब्ध प्रमाणहरूका आधारमा नाथ योगीहरूले यी ३ कुनलाई प्राथमिकता दिञ्छन् भन्ने कुरा यकिन गर्न सकिँदैन । तथापि यो निश्चित छ कि योग सम्बन्धी जतिपनि विवरणहरू उपलब्ध छन् त्यसमा प्राण तत्त्व र उसको साधना नै विशेष रूपमा अधिक मात्रामा व्याख्या गरिएको छ । 'हठ'को जो वर्णन अगाडि नै उल्लेख गरिएको छ । उसको सम्बन्ध प्राण या पवनसँग अधिक रहेको छ । नाथ सिद्धहरूलाई हठयोगी भञ्दछन् । यस हठयोगमा आसन, बन्ध, वेद्य, मुद्रा, षट्कर्म, प्राणायाम आदि गृहित छन्। तथापि यसमा प्राण साधना प्रमुख रहेको छ। समग्रमा यही नै उपकारक मुक्तिको तत्त्वका रूपमा रहेको प्रतित हुञ्छ । यम नियम सम्बन्धी विवरण अगाडि नै व्याख्या गरिएको छ यसबाट स्पष्ट हुञ्छ । सबै आचार र संयमको लक्ष्य प्राण स्थिरता हो । नाथ ग्रन्थहरूमा यसको वर्णन गरिएको छ । नाथ ग्रन्थहरूमा हठ शब्द सूर्य, चन्द्र, प्राण, अपानको विस्तृत व्याख्या पाइञ्छ । संस्कृत ग्रन्थमा हठको 'ह'कारको सूर्य तथा 'ठ'कारको चन्द्रमा भनिएको छ। नेपालको चन्द्र सूर्य अंकित राष्ट्रिय झण्डा गोरख दर्शनको मान्यता अनुसार नै बनेको हो । यसलाई क्रमश प्राण र अपान पनि भनिएको छ। पहिलोलाई सूर्य नाडी र दोस्रोलाई चन्द्र नाडी भनिञ्छ। 'ह' र 'ठ'को व्याख्या क्रमशः यसरी गरिएको छ -

ह- सूर्य, रवि, सूर्य नाडी, यमुना, पिङ्गला, शक्ति, प्राण, रज, पवन, अद्यः

ठ- चन्द्र, शशि, चन्द्रनाडी, गङ्गा, इडा, शिव, अपान, विन्दु, मन, उर्ध्व ।

महायोगी गोरखनाथले शक्तिलाई रज र शिवलाई विन्दु भन्नुभएको छ। रविका १२ कला र चन्द्रमाका १६ कला रहेका छन् । रविलाई शक्ति तथा शशिलाई शिवको रूपमा क्रमश उनीहरूले स्थान मूलाधार एवं सहस्राधार बताइएको छ। रवि र शशी क्रमशः सूर्य नाडी र चन्द्र नाडी हो। सूर्य पवनको घरमा तथा चन्द्र मनमा रहञ्छन्। यिनैलाई क्रमशः अद्यः र उर्ध्व भनिञ्छ। चन्द्र र सूर्य युग्म सरह एक युग्म इडा-पिङ्गला बताइएको छ। जसलाई नाथ संस्कृत

ग्रन्थहरूमा क्रमश चन्द्र र सूर्य या चन्द्र नाडी र सूर्य नाडी भनिञ्छ । योगी गोरखनाथले भन्नुहुञ्छः परमतत्त्व या परमपदमा चन्द्र र सूर्य युग्म छैनन् । एक अन्य युग्म मन-पवनको स्थिति हृदय र नाभि मानिएको छ । सूर्यका १२ कला र चन्द्रमाका १६ कला छन् ।[२८४] यसका अतिरिक्त एक युगमक महत्त्वपूर्ण छ । जसको सम्बन्ध ऋग्वेदको धावा पृथ्वीसँग जोडिञ्छ । त्यसलाई यताउता 'धरणी र गगन'को युग्म भनिञ्छ ।[२८५] यो युग्मलाई देख्ने हो भने द्वैत ज्ञात हुन जाञ्छ । यसमा विरोधाषा देखिञ्छ । यसकारण अद्वैतको स्थितिका लागि अन्य तत्त्वहरूको जुन नाम लिइञ्छ त्यसलाई तान्त्रिक ग्रन्थहरूमा कहीकहीँ अग्नि नाम दिइएको छ । यसकारण उपर्युक्त युग्मको तुलनामा त्यसलाई योग, अग्नि, नाडि, सरस्वती, सुषुम्णा, मध्य आदि नामले सम्वोधन गरिञ्छ । कहीँ कहीँ मध्य अनन्तर एकत्व, सांध, सम्मुख, विलिनता, समि या साम्य या सामरस्य, स्थैर्य, समाधि, मिलन आदि भनिञ्छ । गङ्गा र यमुना या इडा-पिङ्गलाको मिलन या उनको विरोध भावको हानी सुषुम्नामा हुञ्छ । जहाँ इडा मार्गलाई चन्द्र तथा पिङ्गला मार्गलाई भौम या सूर्य भनिञ्छ । त्यही सुषुम्ना मार्गको वाणी मार्ग, गङ्गा यमुना मार्गका अनुसार सरस्वती मार्ग भनिञ्छ ।[२८६] इडा, पिङ्गलाको साधनाबाट नै कुण्डलिनीको जागरण हुञ्छ र पुनः सुषम्ना नाडीमा आराम मिल्दछ । यही नै वास्तविक घर हो । इडा चन्द्रमाका सोधन साथै पिङ्गलाको पूरण कार्यद्वारा दुवैलाई लिएर सुषुम्नाको बिचबाट आकाशमा आरोहण गर्नुपर्दछ । यस नाडीको एकसाथ साधनाले नै भ्रम निवारण हुञ्छ र ब्रह्म साक्षात्कार हुञ्छ ।[२८७]

यही सुषुम्ना नै वस्तुतः मध्यमार्ग हो । यसलाई अद्वय पनि भनिञ्छ । आचार र संयमगत मध्यम मार्गको परिचय अगाडि नै उल्लेख गरिसकिएको छ । यहाँ हठयोग मध्यमार्गको परिचय दिइएको छ, जसलाई सुषुम्नाको मध्य भनिञ्छ । गोरखनाथका अनुसार सम्पूर्ण आध्यात्मिक संसारको गतिविधि अद्यः र उर्ध्वको बीचमा हुने गर्दछ । पुरक र रेचकको बीच कुम्भकको अवस्था हो । सबैभन्दा महत्त्वपूर्ण र यसैमा आध्यात्मिक गतिविधि चल्दछ । यही स्थान शून्य स्थान हो । जहाँ साधकको अवस्था स्थिर हुञ्छ । यही नै साधकले आनन्द प्राप्त

२८४ गोरखवाणी १००.५, ११०.१ ।
२८५ गोरखवाणी, १८८.२२, १०२ टेक ।
२८६ नाथ और सन्त साहित्य, पृ. ३७२ ।
२८७ गोरखवाणी, ३३.९४, ९.१, १०५.२, १११.५.१९, १६७.१६ ।

गर्दछ। प्राण तत्त्वको स्थिरता अथवा वास्तविक अवस्था अद्यः र उर्ध्व या पूरक, रेचक या अपान र प्राणको मध्यमा हुन्छ। प्राण पुरुषको वास्तविक बासस्थान यही नै हो। जब मानिसको इडा र पिङ्गलामा पवन क्रिया चल्न थाल्दछ त्यसलाई संसार उन्मुख मानिन्छ। व्यहारिक दृष्टिकोणमा उसलाई जाग्नु तथा परमार्थिक दृष्टिकोणमा सुत्नु भनिन्छ। तथा द्वैत प्रधान यी दुवै नाडीले आफ्नो द्वैतको त्याग गर्दिन्छन्। त्यतिबेला उसको साँसारिकता सुत्न जान्छ। त्यतिबेला केवल सुषुम्नामा पवन क्रिया हुन जान्छ। परमार्थिक दृष्टिकोणमा यसैलाई जागरण भनिन्छ। महायोगी गोरखनाथको उपदेशमा साधकलाई भन्नुभएको छः सबैका सामु व्यवहारमा साँझपख सुत्न जाउ। तथापि त्यो समय मध्यकालमा रात र दिन या शशि र सूर्यको मध्यमा भित्रैबाट जागा रहनु पर्दछ। यो जागरण त्यतिबेला मात्र सम्भव हुन्छ जब इडा, पिङ्गला दुवै मध्यमा समाहित हुन जान्छ। उसको पृथक अस्तित्व पनि हुँदैन र विरोधाभाव पनि रहँदैन। यसैलाई उहाँले गङ्गा यमुनाको बीचमा आसन ग्रहण गर्न भन्नुभएको छ।[२८८]

यसैलाई शिव शक्ति योग पनि भनिन्छ। शिव र शक्तिको निजस्वरूपको अवस्था योगी गोरखनाथ चाहनुहुन्छ। यो मेरुदण्डको स्थिरताबाट हुन्छ। यी दुवै त्यतिबेलासम्म साधित हुँदैनन् जबसम्म गुरू ब्रह्मग्रन्थीबाट मुक्त होइदैन। शिव शक्तिको योगले मनमा चञ्चलता रहँदैन। त्यो सधैंभरी उन्मन, अचञ्चल, परमतत्त्व उन्मुख मन रहन्छ। यस मध्य योगलाई कहीँकहीँ सन्धि पनि भनिन्छ। जुन सुषुम्नाका विषयमा पहिले नै उल्लेख गरिएको छ। जसलाई योगी गोरखनाथले एक ठाउँमा विसमी सन्धि पनि भन्नुभएको छ। गोरखवाणीका कतिपय भनाईहरूलाई अनुवादकहरूले विषयी सन्धि नाभिलाई भन्ने गरेका छन्। त्यसैगरी सुषुम्नाको दोस्रो नाम विष नाडी पनि भनिएको छ।[२८९] डा.पिताम्बर दत्त बड्थ्यालले यसलाई बँकनाल या सुषुम्ना या इडा पिङ्गला प्रवाहको सन्धि भनेका छन्। यहाँ सन्धिस्थल भनेको वस्तुतः मन, मनसा, सुर, प्राण या पवनको सन्धि स्थल हो। यसलाई अर्को शब्दमा चन्द्र र सूर्यको विपरित एवं विभिन्न दिशाको निवारण गरेर त्यसैमा परस्पर सम्मुख राख्न भनिएको छ। जसद्वारा असत तत्त्व सूर्यद्वारा नष्ट गर्ने कुरालाई

---

२८८ गोरखवाणी, २८.७८, २९.८१, ८६.३, १२४.२, १४९.५३।
२८९ उही ४५.१३०, ३०.८४, १५०.३, १९३.५६।

रोक्दछ । चन्द्र सूर्यको पृथक सताको विलोप अर्थात् सुषुम्नाको प्रभावकारी प्रकटीकरणको तात्पर्य पनि यही हो । जो गगनमा सिद्ध हुन जाञ्छ । अगाडि नै साम्य, समरसीकरण, या समताको विषयमा उल्लेख गरिसकिएको छ । पिण्ड ब्रह्माण्डको समरसीकरणको अतिरिक्त सूर्य चन्द्रको समीकरणको कुरा पनि छ । यो समिकरण चन्द्र सूर्य, शिव, शक्तिको समिकरण, पञ्चभूत तत्त्व, साथै मन पवनको समिकरण पनि हो । योगी गोरखनाथले यिनै क्रियालाई चन्द्र, सूर्यलाई एउटै घरमा राख्नु, सूर्य र शशि निर्विवाद हुने, चन्द्रद्वारामा सूर्यको स्थिरता, चन्द्र सूर्यको मिलन आदि भन्नुभएको छ ।[२९०] यस मिलन स्थललाई सुषुम्नाको पश्चिम द्वार पनि भनिञ्छ । यदि मूलाधारलाई पूर्व मान्ने हो भने जहाँ सूर्योदय हुञ्छ त्यो अनुरूप षोडस कला युक्त अमृत स्राविनी सुषुम्नाको शिवस्थान या पश्चिम भन्नुपर्दछ । किनकि यहाँ अमृतकलाको रक्षा हुञ्छ । सूर्यको विरोधभाव समाप्त हुन जाञ्छ ।[२९१]

योगी गोरखनाथले द्वादशकला सम्पन्न सूर्यको शोषण तथा षोडाश कला सम्पन्न शशिको शोषण गर्नका लागि आदेश दिनुभएको छ । सूर्य र शशिको अन्तर चार कलाहरूको साधना जसलाई तत्त्वत अमृत भनिञ्छ ।[२९२] यी कुरामा स्पष्ट ध्यान दिनु पर्दछ सुषुम्ना, सरस्वती या मध्य साधना या शिव शक्ति योगसम्म मात्र नाथ साधनाको अन्त्य होइन । जसलाई ह+ठ+योग भनिञ्छ । किनकि यो अद्वय अवस्था हो । यसपछि नाथ सिद्धको यस्तो अवस्था छ जो निर्गुण, सगुण, द्वैत, अद्वैत, सबैभन्दा पर मानिञ्छ । यही नाथपद हो । जसमा काया सिद्धि र परमपद प्राप्ति दुवै मिश्रित एवं अविभाज्य भावेन निहित छ । यस विषयमा अगाडि पनि उल्लेख गरिसकिएको छ । हठयोग शब्दको वर्णनबाट स्पष्ट हुन जाञ्छ नाथ योगमा मन, पवनको साधना मुख्य हो । पवन साधना नै प्राणायाम हो । जसमा पवनको सहायताले समग्र शरीर उसको नाडीको सोधन हुन जाञ्छ । यसैबाट जीवशक्ति प्रेरित भएर उर्ध्वमुख हुन जाञ्छ । तल शक्ति छन् भने माथि शिव छन् । यसैलाई शिवशक्ति योग भनिञ्छ । यो शक्ति पिण्डमा कुण्डलिनी शक्ति हो जो मूलाधारमा कुण्डलित भएर रहञ्छ ।

---

२९० गोरखवाणी, २५२.६, १२७.२, पिताम्बर दत्त बड्थ्यालको अनुवाद १४०.२, ६३.१८७ ।

२९१ गोरखवाणी, ६६.१८७ ।

२९२ गोरखवाणी ३१.८९ ।

कहिलेकाहीँ कुण्डलिनीको उर्ध्वकरणलाई विन्दुको उर्ध्वीकरण भनिञ्छ । यो क्रिया प्राणायामबाट साधित हुञ्छ । अगाडि नै उल्लेख गरीसकिएको छ मन र पवन नामक दुई तत्त्वमा नाथ सिद्धहरूले दुवैलाई परस्पर साध्य माञ्दछन् । उनीहरूको भनाईमा विन्दुरक्षाले नै प्राणायाम सम्भव हुन जाञ्छ । यसप्रकार नाथ योगमा मन, प्राण, विन्दु, कुण्डलिनी शक्ति साधना अन्तर्गत छन् । यो सबै साधकहरूको दृष्टिकोणमा अत्यन्त महत्त्वपूर्ण हो । योगी गोरखनाथले साधनाका लागि ॐकार साधना, नादानुसन्धान, प्राणायाम या वायु साधना मानस साधना, विन्दु साधनालाई स्वीकार गर्नुभएको छ । यी पाँच तत्त्वद्वारा नै सहज तत्त्वको प्रकाश सम्भव हुन जाञ्छ । वायु साधना या प्राणायामको प्रसङ्गमा योगी गोरखनाथ भन्नुहुञ्छः वायुबाट नै नाद हुञ्छ । योभन्दा भिन्न प्रकारको ध्वनि पनि सुनिञ्छ । यही वायुले षट्चक्र भेदन गर्दछ । यही अद्यः र उर्ध्व मध्यमा भ्रमण गर्दछन् । यही सोहं वायु हंसका रूपमा सम्पूर्ण पिण्डमा घुम्दछ । आफ्नो योग साधनामा गोरखनाथले कयौं प्रकारका क्रिया समावेश गर्नुभएको छ । उहाँले छैठौं धमासंकाया पल्टाउनु, परिवर्तन गर्नु, पवनलाई उल्टाउनु, षट्चक्र भेदन गर्नु, सूर्य, चन्द्रलाई आफ्नै घरमा रक्षा, आसन र आहारको दृढता, नाद, विन्दुको र वायु रक्षा, मन र पवनको अचञ्चलता, इडा, पिङ्गला, सुषुम्ना या त्रिवेणीमा सन्धि मनसाको गतिविधिमा बन्धन, पवन पुरुषको उत्पत्ति, अध्यात्म मिलनता, चन्द्र सूर्य साधना, नादानुसन्धान, विन्दुस्थैर्य या दृढता, इडा, पिङ्गलाको नाडी साधना, आसन, महारसपान, मनोमारण, काया दोषहरण र ब्रह्माग्नि प्रज्वलन, अमृतपान आदिलाई आफ्नो योगमा अन्तरभूत गरिएको छ ।[२९३] प्रायः यी सबै साधना नाथ योगीहरूले स्वीकार गरेका छन् । यसको विस्तृत विवरण अगाडि नै उल्लेख गरिसकिएको छ ।

साधनाको दृष्टिकोणबाट विचार गर्दा यम नियमपछि आसनको सबैभन्दा अग्रस्थान छ । नाथ ग्रन्थहरूमा प्रायः कृच्छ्राचार प्रधान स्थूल काया साधनाको अभाव छ । संस्कृतका नाथ पन्थी ग्रन्थहरूमा आसनको विस्तृत व्याख्या विश्लेषण गरिएको छ । योगी गोरखनाथले आसनको सबैभन्दा बढी आवश्यक तत्त्व दृढतालाई मान्नुभएको छ । आसनमा जबसम्म दृढता हुँदैन साधना निरर्थक बन्न

२९३ गोरखवाणी, १८.११, टेक ६.१२, १६, टेक ३६.१०५, ४४.१२५, ५५.१३३, ६३.१८६-१८७; ९५, टेक, ९६.३४, १०३.२-३, पृ. १४१ ।

जाञ्छ । किनभने चञ्चलताको बोध हुञ्छ । यदि सहज युक्तिद्वारा आसन गर्ने हो भने तन, मन र पवनको दृढ धारणा हुन सक्तछ । यो आसन यसकारण पनि आवश्यक छ कि तीर्थ, वर्त गर्नाले गिरी पर्वतमा आरोहण गर्नाले पवन हट्दछ । क्षीण हुञ्छ परिणामका काया नष्ट हुन जाञ्छ । आसन लगाउनाले न पवन टुट्दछ नत कायानै क्षीण हुञ्छ ।[२९४] विभिन्न प्रकारका आसनहरूमा गोरखवाणीमा पद्मासनको नाम स्पष्टसँग लिइञ्छ साथै उसको साधनालाई श्रेयस्कर मानिञ्छ । वज्रछोटा धारण गर्ने तथा वज्रासन सिद्ध गर्नका लागि विशेष रूपमा भनिएको छ । यसबाट रोग, ब्याधी साथै क्षुधाहरण हुन जाञ्छ ।[२९५] नाथ ग्रन्थहरूमा आसनलाई आरोग्य प्रदाता भनिञ्छ । सबै आसनमा सिद्धासन, वज्रासन या मुक्तासन आदिलाई विशेष मानिएको छ । जहाँ यसप्रकारका आसनको साधनामा समर्थन हुञ्छ त्यहाँ आसन साधनालाई निरर्थक पनि भनिएको छ । जुन खण्डित ज्ञानको प्रपञ्चमा मानिसहरू जुधेर मर्दछन् । उनीहरूले विभिन्न परमपदलाई सम्झन सक्तैनन् । यसप्रकारका खण्डित योगी आसन र प्राणायामसम्म रहन सक्तछन् । यिनीहरू विभिन्न प्रकारका उपद्रवले ग्रसित रहञ्छन् । दिनरात उपद्रो चक्करमा परेर मर्दछन् । यदि आत्मविचार छैन भने आसन लगाएर र पवन निरोध गर्नु पनि एउटा प्रपञ्च हो । यसकारण योगी गोरखनाथले स्थूल या भौतिक आसनको अपेक्षा अन्तर साधना आफैंभित्रको साधनालाई महत्त्व दिनु भएको छ । गङ्गा र यमुनाको बीच अर्थात् मध्ये सुषुम्नामा आसन लगाउन भन्नुभएको छ ।[२९६] यसको तात्पर्य आसनको सबैभन्दा महत्त्वपूर्ण तत्त्व दृढता हो । यदि यसको प्रयोग आत्मयोगका लागि भएन भने त्यो निरर्थक हुञ्छ । मुख्य आसन त अद्वय भूमि सुषुम्नाको हो । सन्तोष नै संयमको दृष्टिले आसन हो । नाथ सिद्धहरूमा जालन्धरी पादले सिद्धासनद्वारा माया मुक्ति माञ्दछन् । चर्पटीनाथले दृढ आसनको आवश्यक्ता रहेको बताएका छन् ।[२९७] यसरी शरीरको अचञ्चलता, पवन स्थिरता र आरोग्यका लागि आसन आवश्यक रहेको बताइएको छ । साधनामा अग्रसर भएपछि स्थूल अर्थात् भौतिक आसनको कुनै महत्त्व रहँदैन । साधक अन्तस्साधना अर्थात् आफैंभित्रको साधनामा लीन रहञ्छ ।

---

२९४ गोरखवाणी, ४४.१२५, १०३.२, १९९.३, १७.१८ ।

२९५ गोरखवाणी, १७४.१, १७७.१६ ।

२९६ गोरखवाणी, ४७.१३४, २९.८२, १४९.५३, १९७.८६ ।

२९७ नाथ सिद्धो कि वानियाँ, ५३, ३५७ ।

प्राणायामः

नाथ ग्रन्थहरूमा भनिएको छ शरीरको सोधनका लागि षट्कर्म या प्राणायाममा कुनै एकको प्रयोग गर्न सकिञ्छ। यी दुवै क्रियाहरूलाई देख्दा यो जानकारी हुञ्छ कि प्राणायामले जहाँ शोधन गर्दछ यहीँ षट्कर्म शरीरकोभित्र विशेष गरेर जघन स्थलभन्दा माथि तथा टाउको भन्दा तलको अङ्गमा शोधन हुञ्छ। प्राणायामको विस्तृत रूपको निरूपण नाथ सिद्धो कि वानियाँ ग्रन्थमा विस्तृत रूपमा पाइञ्छ। षट्कर्म जसमा तान्त्रिक मतअनुसार धौति, वस्ति, नेति, लौलिकी, त्राटक, कपालभातिको गणना गरिञ्छ। कतिपय वर्णन नाथ वानियाँमा पाइञ्छ। प्राणायामको विस्तृत व्याख्या वर्णन पनि उपलब्ध छ। प्राणायाम वायु साधना या पवन साधना हो। यही पवन नै सबै कुरा हो। जबसम्म यो पवन चञ्चल रहञ्छ त्यतिबेलासम्म संसार भोग हो। यो अचञ्चल भएपछि योग हो। यस पवनसँग ३६ प्रकारका रोगहरूको हरण हुञ्छ। पवनको रहस्य जानकारी हुनेबित्तिकै व्यक्ति स्वयं आफ्नो शरीरको कर्ता शासक हुन जाञ्छ। तत्पश्चात् स्वयं उसको शरीर नै उपास्थ हुन जाञ्छ। पवनबाट नै पञ्च इन्द्रियका विषयमा प्रत्याहरण हुञ्छ। यस पवनलाई प्ररावृत या प्रत्यावर्तिन गर्ने, मोड्ने, पल्टाउनाले आरोग्य लाभ हुञ्छ। पवन साधनाद्वारा सम्पूर्ण शरीरका प्रत्येक अङ्गमा वायुको क्रिडा हुन लाग्दछ। यसै पवनसँग मनलाई बाँध्नु पर्दछ। यसै पवनको विपरितकरणद्वारा योग गर्ने योग अग्निको प्रज्वलन गर्नुपर्दछ। शरीरका हजारौ नाडीहरूमा यस पवनको सञ्चरणले कोटी-कोटी प्रकारका नादको झङ्कार हुञ्छ। यस पवनको ब्रह्मरन्ध्रमा समावेशले वालरूप परमतत्त्व प्रत्यक्ष साक्षात हुञ्छ। पवनको साधना बन्धले सम्भव बनाउँछ।[२९८] तलतर्फ जाने पवन या प्राणलाई उर्ध्वमुखतर्फ गराउने या लैजाने हो भने द्वादश अङ्गुल परिणामको पवन मलाई उर्ध्वमुख गराइदिञ्छ। यस पवनलाई उन्मुख या उर्ध्वमुख गरिदिनाले विभिन्न प्रकारका रोग ब्याधी नष्ट हुन जाञ्छन्। षट्चक्र भेदन यसै पवनलाई उल्ट्याउँदा सम्भव हुन जाञ्छ। यस प्रकारको प्राण प्रसार अनेक नाडीहरूमा छ। तथापि यसको वास्तविक निवास अर्थात बासस्थान षोडस कलायुक्त चन्द्र नाडी तथा द्वादश कलायुक्त सूर्य नाडीभन्दा भिन्न एवं अलिपर सहस्रार नाडी सुषुम्नामा रहेको छ। यही असंख्य कलात्मक आदिनाथ

२९८ गोरखवाणी, ५१.१४७, ६१.१८२, ७०.२.१५।

शिवको स्थान हो । भनिञ्छ स्थिर पवन या वायुको स्थान सुषुम्ना हो । त्यही भएर वायु परिपक्क हुञ्छ । यसै वायुको परिपक्वताबाट जीवनको परिपक्वता सिद्ध हुञ्छ ।[२९९] यस शरीरमा चौसठ्ठी प्रकारका सन्धी छन् । यसैगरी चौसठ्ठी नै हाटबजार छन् । यस सन्दर्भमा वायुको सञ्चारद्वारा कायाकल्प या काया परिवर्तन हुञ्छ । यसका लागि शरीरका नौ रन्ध्र, जो वायुको बहिर्गमन, आगमनको ढोका हो । त्यो अवरुद्ध गरिदिन आवश्यक छ । सबै द्वार अर्थात् ढोका बन्द गरिदिएपछि वायु निस्कने बाटो रहँदैन । यसर्थ कुम्भकको अवधि विलंबित हुन जाञ्छ । यसकारण योगी गोरखनाथले पूर्वोक्त संयम पालनाको उपदेश अर्थात् आदेश दिँदै वायुको सङ्ग्रह गर्न भन्नुभएको छ । किनकि यस वायुले विभिन्न प्रकारका वाक्य, आवाज सुनाई दिञ्छ । यसैबाट घनगर्जन सुनिञ्छ र ध्वनि पनि सुनिञ्छ ।[३००] यसैबाट षट्चक्र भेदन हुञ्छ तथा यही अद्य: र उर्ध्वमा यात्रा गर्दछ । 'सोहं' वायुको साधनाले प्रत्यावर्तित भएर 'हंस'को रूपमा सम्पूर्ण पिण्डमा घुम्दछ र सम्पूर्ण शरीरलाई पवित्र अर्थात् शुद्ध पार्दछ । यसै वायुको प्रभावले विन्दु गुरूको उपदेश अनुरूप स्थिर रहञ्छ । विपरितकरणको मुद्राको साधनाद्वारा जसरी वायु स्थिर रहञ्छ त्यसै प्रकारले वायु स्थिर भएपछि महारस अमृत सिद्ध हुन जाञ्छ ।[३०१]

नाथ सिद्धहरूद्वारा यस प्राणायाम अङ्गमा प्रकाश पार्दै यसको महत्त्व उपयोगिता एवं साधनाका साथ प्राणायामको सम्बन्धको व्याख्या गरिएको छ । भरर्थरीले योगी गोरखनाथले जस्तै नौ द्वारको कपाटलाई बन्द गरिदिने तथा वायुका लागि शिवस्थान दशमद्वारको मार्गको अनुसरण गर्ने उपदेश दिइएको पाइञ्छ । उनको दृष्टिकोणमा कुनै साधना योग्य तत्त्व छ भने त्यो केवल पवन हो । चर्पटीनाथले वायु पवनको धारालाई अति चञ्चल भनेका छन् । यो पवन यस शरीरको स्तम्भ हो । यसकारण यो चञ्चल भयो भने शरीर स्थिर हुन सक्तैन, टिक्न सक्तैन । यसकारण मूलद्वारलाई बन्द गरेर शरीरको वायुका चौसठ्ठी सन्धिमा खेल्न दिनुपर्दछ । शरीरलाई नियमित परिचालन गर्नुपर्दछ । यसमा परिवर्तन हुनासाथ रोग ब्याधी खण्डित हुञ्छ । किनकि यसबाट सबै विकारहरू निस्कञ्छन् ।[३०२]

२९९ गोरखवाणी, १७५.७, १९४.६४, ३६.१०५, ३३.९३, ४४.१५७ ।
३०० नाथ और सन्त साहित्य, पृ. ३७८ ।
३०१ गोरखवाणी, १९.५०, ५०.१४५, ९९.३, १४९-१५०.१ ।
३०२ सिद्धसिद्धान्तपद्धति पृ. ७७.९ ।

गोपीचन्दले गम्भीर मनले सोहं श्वासको जप साधना गर्नका लागि उपदेश दिएका छन्। उनका अनुसार यो साधनामा पवनलाई प्रेरित गरेर पश्चिम दिशा सुषुम्नातर्फ पल्टाईदिने या उन्मुख गरिदिनु पर्दछ। यसैगरी अपान र प्राणलाई उल्टाइदिएर एकआपसमा मिलाई दिनुपर्दछ। परिणामतः नादधाराको ग्रहण, विन्दुस्थैर्य, जन्म मुक्ति आदि सिद्ध हुन जाञ्छ। यो पवन स्थिर हुँदा नै मन स्थिर हुञ्छ। पुनः उसमा विन्दु र क्रमश स्कन्ध स्थिर हुञ्छ। चौरङ्गीनाथले भनेका छन्- प्राण स्थिर भएपछि सबै कुरा रहञ्छ। प्राण चञ्चल हुँदा सबै चित्त जाञ्छ। यसकारण अनेकौं गुरूहरूले यस विषयमा उपदेश दिएका छन्। गुणकरनाथका अनुसार वायुबाट नै विन्दु गगन तर्फ प्रेरित हुन जाञ्छ। त्यसलाई बाँध्ने हो भने सम्पूर्ण जगत् बाधिञ्छ। भरर्थरीले द्वादश पवनको साधनामा वंशीध्वनिको श्रवण अर्थात् सुनाईलाई सम्भव माञ्दछन्। वायुको साधना नै षट्चक्र भेदन हो। यसैबाट सहस्रार पद्ममा सुख प्राप्ति हुञ्छ। मीद्कीपावका अनुसार चलायमान पिण्ड र त्यसको गतिलाई सबैले देख्दछन्। अत्यन्त कम व्यक्तिले मात्र चलाएमान प्राण र उसको गतिलाई देख्दछन्।[३०३]

प्राण र प्राणायाम सम्बन्धी यी विवरणहरूबाट स्पष्ट हुञ्छ प्राण साधनाका लागि संयम आवश्यक रहञ्छ। प्राणस्थैर्य हुनाले आरोग्य लाभ, षट्चक्र भेदन, मनस्थैर्य, जन्म मुक्ति, नादानुसन्धान, उन्मनी साधना, जप साधना, प्रत्याहरण, साधनाका सबै तत्त्वको विपरितकरण, काया सोधन या नाडी शोधन, विन्दु रक्षा या विन्दुस्थैर्य, काया परिवर्तन, अग्नि साधना आदि सम्भव हुञ्छ। यिनीहरूमा महत्त्वपूर्ण साधनाहरू प्रयोग गर्नाले मात्र अनुभव हुञ्छ। अगाडि नै उल्लेख गरिसकिएको छ मन, विन्दु, प्राण र वाक यी चार तत्त्व प्रमुख हुन्। यसमा वाणीको मन्त्र योगले तथा प्राण हठयोगद्वारा साधना हुञ्छ। तथापि यसलाई पूर्ण रूपमा पृथक गर्न सकिँदैन। योग साधनामा यी परस्पर भावनाले अग्रसर हुञ्छन्। जप साधनाको सम्बन्ध मन्त्र योगसँग हुञ्छ। मन तथा अन्य मूल तत्त्वको साधना लययोग या षट्चक्र भेदनसँग सम्बद्ध रहेको छ। नाथ योगीहरूले मनको साधनालाई पनि विचार गर्दछन्। मन र प्राण स्थैर्यले विन्दुस्थैर्य सम्भव मानिएको छ। नादानुसन्धान प्राणायामसँग घनिष्ठ सम्बन्ध भएको साधना

---

३०३ नाथ सिद्धो कि वानियाँ, १८.१०३, १८.१०५-१०६, ३९.२४१, ५१.३४९-३५०, ५७.५९२-५९३, ११८.७०३।

हो ।[३०४] प्राणायामको प्रारम्भिक सम्बन्ध नाडीसँग रहेको छ । नाथ ग्रन्थहरूका विवरणबाट स्पष्ट हुन्छ नाडीको शोधन प्राणबाट नै हुन्छ । प्राणमा जबसम्म पूर्णरूपमा नियन्त्रण हुँदैन त्यतिबेला इच्छाअनुसार स्वतन्त्र भावसँग प्राणले नाडीमा सञ्चालन गर्न सक्तैन । यसकारण प्राणमा पूर्ण नियन्त्रण या संयमता हुँदा मात्र नाडीशोधनमा सम्भव छ । श्वास प्रश्वासको सँख्या, उसको मात्रा, नाडीहरूको सँख्या शरीरका विभिन्न रन्ध्र वा द्वार ढोकाको निरोध नाथ ग्रन्थहरूमा अनुकूल छन् । हठयोग शब्दको व्याख्या गर्ने समयमा भनिएको छः 'ह' र 'ठ' क्रमशः सूर्य र शशि या पिङ्गला इडा नाडीको बाधक हो । यसै प्रकारले अन्य नाडीहरूमा सुषुम्ना सबैभन्दा महत्त्वपूर्ण हो । अगाडि नै उल्लेख गरिसकिएको छ इडा, पिङ्गला, सुषुम्ना नाडी क्रमश गङ्गा, यमुना र सरस्वती नदीको नामले सम्बोधन गरिन्छ । चौरासी सिद्धमध्येका चौरङ्गीनाथले सात सरिताको वर्णनमा प्राण संकलीमा गङ्गा, यमुना, सरस्वती, नर्मदा, गोदावरी, देवनदी, गोमती नदीलाई गणना गरेका छन् । जिह्वा अर्थात् जिब्रोको दक्षिण भागमा गङ्गा, उसको वाम भागमा यमुना तथा जिह्वा अर्थात् जिब्रोको मध्यभागमा सरस्वतीको बासस्थान रहेको हुन्छ । पवन नाडीको निवास नर्मदामा छ । अन्य नाडीहरूमा गोदावरी, मेरु मध्येमा देव नदी र मुत्र नाडीमा गोमती नदीको निवास छ ।[३०५]

योगी गोरखनाथले नाडीको परिचयमा भन्नुभएको छः शंखिनी नाडीमा शिवको सञ्चार छ भने सुषुम्ना नाडीमा जीवको सञ्चार रहेको छ । जीवले वंकनालमा अमृतरसको पान गर्दछ। योगी गोरखनाथलले कैयौँ स्थानमा नाडीहरूको वर्णन गर्नु भएको छ । गोरख बानीका संकलक/सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालका अनुसार सुषुम्नालाई छोडेर नौ नाडीहरू रहेका छन् । इडा, पिङ्गला, गांधारी, हस्तिजिह्वा, पूषा, यशश्विनी, अलंबुषा, कुहु र शंखिनी । योगी गोरखनाथले ७२ हजार सँख्याका नाडीहरूतर्फ पनि सङ्केत गर्नुभएको छ । यी नाडीहरूमा सात गाँठाका चक्रहरू रहेका हुन्छन् । साधनाको दृष्टिकोणले सुषुम्ना नाडीको महत्त्व रहेको छ । यसैमा नादको श्रवण हुन्छ । नाडीको सोधन र साधनाका सम्बन्धमा भनिएको छ । सर्वप्रथम सन्तोष नाडीलाई प्राणले भरेर शुद्ध गर्नु पर्दछ । तत्पश्चात प्राण वायुबाट वंकनाल पूरण गर्नुपर्दछ ।

---

३०४ नाथ और सन्त साहित्य, पृ. ३७९ ।

३०५ नाथ सिद्धो कि वानियाँ, पृ. ४१, ४२, छं. २७५-७६ ।

यस बङ्कनालको स्थानलाई नाभी भनिञ्छ । नाडी उर्ध्वमुखी हुञ्छ र यसैमा अमृतरसको स्राव हुञ्छ ।[३०६]

यी नाडीहरूको सम्बन्धको कारण विशेष गरेर शरीर पवित्र स्थानमा रहञ्छ । यी स्थानहरूलाई यसकारण तीर्थ भनिञ्छ जसरी बाह्य भौतिक संसारमा तीर्थस्थानहरू सरिताको तटमा छन् यसैगरी यी पवित्र स्थानहरू शरीरको नाडीमा छन् जसलाई सरिता भनिञ्छ । किनारामा बसेका हुञ्छन् । योगी गोरखनाथले परम्परागत रूपमा प्रख्यात ६८ तीर्थहरूलाई घटस्थ मान्नुभएको छ । **योगीको कैलाश मानसरोवर, केदार गङ्गोत्री आदि सबै यसै शरीरमा छन्** ।[३०७] चौरङ्गीनाथले भनेका छन्: **प्रयाग, वाराणसी, केदार, गङ्गासागर नामका पञ्चतीर्थमा केदारलाई शीर्ष भाग सुषुम्नाको अन्त भागमा, प्रयागलाई वंकनालको स्थान नाभीमा, वाराणसीलाई सर्वव्यापक उत्तरगयालाई कण्ठ अर्थात घाँटीमा, गङ्गासार उदरमा अवस्थित मानिएको छ** ।[३०८] यी नाडीहरूको शरीरका दश रन्ध्रसँग सम्बन्ध रहेको छ । गोरखवाणीमा यस सम्बन्धमा उल्लेख गरेको पाइँदैन । केवल शरीरका नौ रन्ध्रहरूको महत्त्वतर्फ मात्र सङ्केत गरिएको छ । दशम द्वारका बारेमा भने विस्तृत व्याख्या गरिएको छ । योगी गोरखनाथले 'देवद्वार' शब्दको प्रयोग ब्रह्मरन्ध्र या दशमद्वारको अर्थमा गर्नुभएको छ । दशौं द्वार त्यो स्थान हो जहाँ योगी उन्मन हुन जाञ्छन् तथा नाद विन्दुको मिलनमा उत्पन्न धू-धूकार अनाहद नाद सुनिञ्छ । तथापि यस उपरान्त दशौं द्वारलाई बन्द गरेपछि अन्य ढोकाबाट परमतत्त्वको खोज हुञ्छ । यसै दशौं द्वारको ब्रह्मरन्ध्रमा आदिनाथ शिवको निवास छ । यसै दशौं द्वारमा अवधूतको शव समाधि लाग्दछ । जब अद्यः र उर्ध्वलाई अवरुद्ध गरिदिञ्छ त्यतिबेला मन स्थिर रहन जाञ्छ । पवन स्थगित हुन जाञ्छ । तत्पश्चात दशौं द्वार ब्रह्मरन्ध्रको प्रत्यभिज्ञान हुञ्छ र परिणामतः आवागमन छुट्न जाञ्छ । यस शरीरमा नव द्वारहरू प्रत्यक्ष रूपमा देखिञ्छन् । तर दशौं द्वार अप्रत्यक्ष रूपमा मात्र देखिञ्छ । यसै दशौं द्वारमा निराकार पदको सेवा गरिञ्छ । यस प्रकारको सेवाका लागी नौ द्वारहरूलाई दृढतापूर्वक अवरोध गर्नुपर्दछ । यही ब्रह्मरन्ध्रमा मद मत भएको मनलाई बाँधिदिनु पर्दछ । जब

---

३०६ गोरखवाणी, १९३.६०, १६४-६५.५, १६५.६, १६७.१३, १५५.३.५९, १९२.५२ ।

३०७ गोरखवाणी, ५५.१६३, ३३.९६ ।

३०८ नाथ सिद्धो कि वानियाँ, ४२.२८४-२८५ ।

वायुलाई नियन्त्रण गरेर बाँधिन्छ चौसठ्ठी सन्धिमा खेल्न थाल्दछन् । नव द्वारमा ताला चावि बन्द गरिन्छ । त्यतिबेला दशौं द्वारमा प्रकाशको दर्शन हुन्छ ।[३०९]

योगी गोरखनाथले नवरन्ध्र, नवद्वारलाई नौ गाईका रूपमा पनि कल्पना गर्नुभएको छ । यसलाई नौ घाँटी पनि भनिएको छ । जसमा वायुको आवागमन भइरहन्छ, बनिरहन्छ । यो बाटोलाई रोकिदिने हो भने वायुको चौसठ्ठी सन्धिमा गतिविधि हुन थाल्दछ । नौ द्वारमा हुने वायुको आवागमनलाई रोक्नाले कायाको पलट या कायाकल्प हुन्छ । जसको परिणाम उन्मनी योगको सिद्धि हुन जान्छ । कतिपय स्थानमा योगी गोरखनाथले शरीर नौ द्वारलाई नौ बाच्छाको रूपमा पनि कल्पना गर्नुभएको छ । यसैगरी नवद्वारलाई नौ सूत्रका रूपमा पनि कल्पना गरिएको छ । जसको माथि यन्त्र चलिरहेको हुन्छ । नवद्वारा शरीर रूपी मनमा नौ लाख खाइयो समान रहेका छन् ।[३१०] धुधलीमलले मनलाई परिवर्तन गरेर दशम द्वारमा उसलाई घेर्ने तथा अद्यः उर्ध्वको निरोध गर्ने उपदेश दिइएको छ । भरर्थरीका अनुसार नवद्वारको कपाटलाई दृढतापूर्वक स्थिर भावले बन्द गरिदिनु पर्दछ । किनकि दशौं द्वारबाट नै आदिनाथ शिव मन्दिरको यात्रा चल्दछ । दशौं द्वार ब्रह्मरन्ध्र हो र यहाँ शिवको निवास रहेको छ । यसैगरी नवरन्ध्र या नवद्वार शरीरका छिद्र हुन् ।[३११]

प्राणायामको नाडीसँगको सम्बन्ध रहेको छ भने नाडीको नवद्वारसँग । यी नाडीहरूको तथा प्राणायामको नाद विन्दुसँग पनि सम्बन्ध रहेको छ । सूर्यचन्द्र र नाडीको विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । यस युग्मक सिद्धान्तलाई व्याख्या गर्ने व्यक्त गर्ने अन्य शब्दहरू पनि छन् । नाद विन्दुलाई पनि यसैमा गणना गरिन्छ । विन्दु रक्षा प्राणायाममा अधिक आवश्यक रहन्छ । योगी गोरखनाथले विन्दु शब्दको प्रयोग 'शुक्र'को अर्थमा गर्नुभएको छ ।[३१२] उहाँले विन्दुका दुई प्रकारका भेद रहेको बताउनु भएको छ । कच्चा विन्दु तथा पक्का विन्दु । वायु कच्चा रहनाले प्राणमा पूर्ण नियन्त्रण हुनाले जीवन कच्चा रहन्छ परिणामस्वरूप काया पनि कच्चा नै रहन्छ । साथै विन्दु पनि कच्चा रहन्छ ।

---

३०९ गोरखवाणी पृ. १४७, ४७, ९४, १९६, ११७, १२०, १२७, १७५, १७४ ।

३१० गोरखवाणी पृ. १०४, १२, १९.११७, १२१, १३४, ११६ ।

३११ नाथ और सन्त साहित्य पृ. ३८२ ।

३१२ गोरखवाणी, ४९.१४१-१४२, ५१.१४८, ७०.२१३, १२.३०, १७.४७, ९०.२, ९१.५ ।

योगी गोरखनाथले यी सबैलाई योगाग्निद्वारा परिपक्व गराउने आदेश दिनुभएको छ ।[३१३] योगी गोरखनाथले शिव र शक्तिलाई युग्मक समान रज र विन्दु या रज शुक्रको युग्मकलाई स्वीकार गर्दै शक्ति रज र शिव विन्दुलाई भन्नुभएको छ। गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालका अनुसार रक्तलाई शक्तिको स्वरूप भनिएको छ भने विन्दुलाई शिव स्वरूप । रविका बाह्र कला हुञ्छन् भने चन्द्रमाका सोह्र कला हुञ्छन् । यी दुवैको योग नै शिव शक्ति योग हो । यसकारण रज र विन्दुको योग पनि शिव शक्ति योग हो । यो सामस्य अनन्त रहेको छ। यो चार कलाहरूको सामञ्जस्य हो ।[३१४] 'रक्त' रज आदि शब्द लोहित विन्दुको बोधक हो तथा 'विन्दु' पाण्डुर विन्दुको बोधक प्रतित प्रतित हुञ्छ । नाथका संस्कृत ग्रन्थहरूमा पाण्डुर विन्दुलाई शक्ति स्थानीय तथा लोहित विन्दुलाई बृहस्पति अर्थात् रवि स्थानीय भनिएको छ । यसरी जो युग्मक बञ्दछ जो यस प्रकार छ:

१. शिव- विन्दु 'पाण्डुर' शुक्र, शशि, इडा, गङ्गा, ठ ।

२. शक्ति- विन्दु (लोहित), रज, रवि, पिङ्गा, यमुना, ह ।

यसैगरी अन्य कतिपय परिचयात्मक टिप्पणी अगाडि नै उल्लेख गरिसकिएको छ । यसैगरी विन्दुसँग सम्बन्धित दोस्रो युग्मक नाद विन्दु हो ।[३१५] गोरखवाणीमा यसको व्याख्या विश्लेषण पाइँदैन । तथापि यसको सामरस्य तथा योगको कुरा उल्लेख गरिएको छ । शरीरमा यी दुवैको समन्वय रूप, जलन, जीर्ण हुनुलाई आवश्यक मानिएको छ । नाद विन्दुको घर गर्जनु, पुग्नु, नादलाई उल्ट्याएर तथा विन्दुलाई पल्टाएर वायु गृहमा पुर्‍याउनु या वायुको सहायताले दुवैको समन्वय गर्नु योग प्रक्रिया हो ।[३१६] डा.कल्याणी मल्लिकको विचारमा गोरक्ष सिद्धान्त सङ्ग्रहमा नाद र विन्दु अंशको उत्कर्षण विचार व्यक्त गरेका छन् । उनले भनेका छन्: नाथद्वारा नाद र नादद्वारा प्राणको उत्पत्ति हुञ्छ। यसैगरी शक्तिद्वारा विन्दु र विन्दुद्वारा शरीरको उत्पत्ति हुञ्छ । योगी सम्प्रदायमा नादद्वारा उत्पन्न शिष्य विन्दुद्वारा उत्पन्न पुत्रलाई सर्वश्रेष्ठ मानिञ्छ । यो पनि बताइएको छ कि विन्दु शिव र रज शक्ति हो । विन्दु नै इन्दु हो र रज नै

---

३१३ गोरखवाणी, ५४.१५६ ।

३१४ गोरखवाणी १००.५ ।

३१५ नाथ और सन्त साहित्य, पृ. ३८३ ।

३१६ गोरखवाणी, ७.१९, २०.५४-५५ ।

रवि बृहस्पति हो । यी दुवैको सङ्गमबाट नै परम पदको प्राप्ति हुञ्छ ।[३१७] यो साधनाहरूको सम्बन्धमा संस्कृत ग्रन्थहरूमा विस्तृत व्याख्या गरिएको छ, जसको विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । अन्य नाथ सिद्धहरूले पनि नाद विन्दु साधनातर्फ सङ्केत गरेका छन् । चर्पटीनाथले भनेका छन्: पवनलाई पल्टाएर गणनामा समाहित गर्दा नाद विन्दुलाई स्थिरता प्राप्त हुञ्छ । माता पार्वतीले गोरखनाथले जस्तै नाद विन्दु शरीरमा जीर्ण हुने कुरा गर्नुभएको छ ।[३१८] उपर्युक्त विवेचना बाट यो स्पष्ट हुञ्छ नाडी साधना नाथ विन्दु साधना दुवै नाथ ग्रन्थहरूका अनुसार प्राण साधना, आत्म साधनाबाट सम्भव छ । यस पवन साधना या प्राण साधनाबाट योग अग्नि प्रज्वलन या कुण्डलिनी प्रवोध शरीरको चौसठ्ठी सन्धिमा वायुको सञ्चरण अर्थात् शोधन, कायाको परिवर्तन, नवद्वाररोध, उन्मनी योग साधना, विन्दु स्थैर्य, उर्ध्वोध, वायु साधनाद्वारा ब्रह्म रन्ध्र सिद्धि, ज्योति प्रकाश, अनाहद नाद श्रवण, ध्यान साधना, नित्य आरोग्य, पवनलाई उल्ट्याएर प्रेरित गर्नाले षट्चक्र भेदन, महारससिद्धि एवं शिव शक्ति योग, परमतत्त्व प्राप्ति, मनको अचञ्चलता, द्वादशाङ्गुल पवनको सुषुम्नामा प्रवेशले दुःख एवं जन्म मृत्युको दुःखबाट मुक्ति गराउँदछ । सुषुम्नाको पवन निरोधले अजरतत्त्व एवं अमरत्वको प्राप्ति मन पवनको योगद्वारा अनाहद नाद श्रवण आदि सिद्धि हुन जाञ्छ ।[३१९]

योगी गोरखनाथले चार प्रकारका प्रमाणहरूको श्वास, प्रश्वासका सम्बन्धमा व्याख्या गर्नुभएको छ । स्थिर रूपमा बस्दा १२, चलाएमान हुँदा, हिँड्दा १८, सुत्दा ३० तथा कइथन (?) गर्दा ६४ श्वास टुट्दछन् । जबसम्म यी स्वास टुट्दछन् त्यतिबेलासम्म आध्यात्मिक भजन सम्भव हुँदैन । श्वास प्रश्वास स्थैर्य भएपछि मात्र यसको उचित उपयोग सम्भव छ ।[३२०] यसकारण २१ हजार श्वास मिलेर गरेको परस्पर सम्झौता जसबाट श्वास टुट्न नपाओस् । त्यसलाई शरीरको नशा-नशामा शिखासम्म ग्रहण गरेर शरीररूपी नौकालाई प्रतिबन्ध लगाउन पर्दछ । भरर्थरीले मात्र पवन साधनाको लागि उपदेश दिएका छन् । गोपीचन्दले पश्चिम दिशा सुषुम्नामा वायुलाई प्रेरित गर्ने उपदेश दिएका

३१७ नाथ सम्प्रदायेर ओ साधना प्रणाली, पृ. ५०९-५१० ।

३१८ नाथ सिद्धो कि वानिया, पृ. ३१, छं. १८०, पृ. ६८, छं. ४३४-४३५ ।

३१९ गोरखवाणी, १७.४७, १९.५०, ५२, २१.५७, २८.७८, २९.८१, ३२.९०, ९२ ।

३२० गोरखवाणी, ८३.२७४ ।

छन् । उनले अपान र प्राणलाई उल्ट्याएर मिलाउन भनेका छन् । परिणामस्वरूप अनाहद नादको प्रवाह गगनमा हुञ्छ साथै विन्दु स्थिर हुन जाञ्छ । जसबाट पुनः जन्म धारण गर्ने आवश्यक्ता पर्दैन ।[३२१]

योगी गोरखनाथले कतिपय रचनाहरूमा बन्धलाई साधनाका रूपमा स्वीकार गर्नुभएको छ । तथापि उनीहरूको स्थानमा क्रिया, उपयोग, विधान आदिको परिचय पाइँदैन । योगी गोरखनाथले मूलबन्ध र उड्डीयान बन्धलाई स्पष्ट रूपमा स्वीकार गर्नुभएको छ । क्षति हुने अमृत, जालन्धर बन्धको सहायताले संरक्षण गर्ने उपदेश दिनु भएको छ । यसका अतिरिक्त योगी गोरखनाथले तुरीया बन्ध र अगोचर बन्धको पनि नाम दिनुभएको पाइञ्छ ।[३२२] यी बन्धहरूको प्राणायामसँग के सम्बन्ध रहेको छ ? यस सन्दर्भमा तान्त्रिक योग तथा सँस्कृति ग्रन्थको नाथ योगको विवेचनामा अगाडि नै उल्लेख गरिसकिएको छ । यसैगरी बन्ध र वेधको अतिरिक्त तेस्रो साधनाङ्गको प्राणयामसँग सम्बन्ध रहेको छ त्यो मुद्रा हो । प्राणायाम र मुद्राको सम्बन्धका विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । योगी गोरखनाथका प्रसिद्ध ग्रन्थहरूमा मुद्राको व्याख्या विश्लेषण गरिएको छ । गोरखनाथले मुद्रालाई बन्द गर्ने, अवरुद्ध गर्ने आदि अर्थमा पनि व्याख्या गर्नुभएको छ । आन्तरिक मुद्राको पनि वर्णन छ । यसमा चन्द्रमा र सूर्यको मुद्रण अथवा मन मुद्रण या मानिसको साँसारिक वृत्तिको मुद्रणको कुरा पनि गरिएको छ । जसको न कुनै रूप छन् न रेखा छ ।[३२३] यस अतिरिक्त वज्रोली र अमरोली नामको प्रसिद्ध मुद्राहरूको पनि सङ्केत गरिएको छ । भनिएको छः वज्रोली गर्दा अमरौली तर्फ र अमरौली गरेर वायुको रक्षा गर्नुपर्दछ । यिनीहरूकै सहायताद्वारा भोग गर्दा पनि विन्दु रक्षा गर्नुपर्दछ । शुक्रको पोषण या उर्ध्वीकरण गरेर वज्रोली मुद्राको साधनाको विषयमा उल्लेख गरिएको छ । यस क्रियाद्वारा कायाबाट समी दोषको हरण बताइएको छ ।[३२४] यस अतिरिक्त गोरखवाणीमा 'अष्ट मुद्रा' नामक अलग रचना पनि रहेको छ । यस रचनामा मुलनी, जलश्री, बीतनी, वेचरी, भुचरी, चाचरी, अगोचरी, उन्मनी नामका आठ मुद्रा बताइएको छ । यिनीहरूमध्ये कैयौंका नाम हठयोग ग्रन्थ एवं नाथ ग्रन्थहरूमा पाइञ्छ । अगाडि

३२१ गोरखवाणी, पृ. १६०, नाथ सिद्धो कि वानिया, पृ. १८, सिद्धो सिद्धान्त पद्धति, ७८.२२ ।

३२२ गोरखवाणी, पृ. १६०, १७६, १९४, २०२ ।

३२३ नाथ और सन्त साहित्य, पृ. ३८५ ।

३२४ गोरखवाणी, पृ. ११०, १४६, ४९, १७६ ।

नै उल्लेख गरिसकिएको छ । आठ मुद्राहरू घटभित्रका हुन् । यि सबैको स्थान क्रमशः इन्द्रिय अर्थात् जनेन्द्रिय, नाभी, हृदय, मुख, नासिका, चक्षु, कर्ण, ब्रह्माण्ड बताइएको छ । भनिञ्छ कि यी स्थानहरूमा क्रमशः काम, तृस्णा, काम, क्रोध, ज्ञानदीप, स्वादविस्वाद गन्ध-विगन्ध, दृष्टि-विदृष्टि, शब्द-कुशब्द, को वैषम्य तथा ब्रह्माण्डमा परम ज्योतिको निवास रहेको छ । यी शब्द-अर्थहरू अष्ट मुद्रामा स्पष्ट रूपमा व्याख्या गरिएको छैन । साम्य शब्दको पटकपटकको प्रयोग कस्तो प्रतित हुञ्छ कि 'मुद्रण' या मुद्रा गर्नुको अर्थ साम्य स्थापित गर्नु हो ।[३२५] यसप्रकारले स्पष्ट हुन आउँछ नाथ ग्रन्थहरूमा जुन मुद्राको व्याख्या वर्णन पाइञ्छ त्यो पिण्डस्थ हो र यो सदाचार तथा मानस विन्दु नियन्त्रणसँग सम्बन्धित रहेको छ । यसको सीधा सम्बन्ध शरीरका बाह्य क्रियाकलाप चेष्यङ्गहरूसँग अनुभव हुँदैन । नाथ ग्रन्थहरूमा मुद्राको जो विवेचना गरेको पाइञ्छ त्यसबाट स्पष्ट हुञ्छ यो शरीरको बाहिरी अङ्गको साधना हो । यसैगरी प्रणव साधना, नादानुसन्धान आदिसँग सम्बन्ध छ । यस सम्बन्धमा संक्षिप्त विवेचना अगाडि नै गरिसकिएको छ ।

नाद मूलतः एउटै हुञ्छ तथापि उपाधिक सम्बन्ध ब्यक्त गर्नका लागि उसलाई विभिन्न स्तरमा विभक्त गरिएको छ । योगीहरूको भनाइ अनुसार नादका सात भेदहरू छन् । तथापि एकमात्र ॐकारलाई या प्रणव उपाधिरहित शब्द तत्त्वका रूपमा व्याख्या गरिएको छ ।[३२६] यस नाद साधनाको प्रथम अवस्थामा प्राणवायु ब्रह्मरन्ध्रमा गमन हुञ्छ । यसै समयमा सार गर्जन, महाध्वनी, भेरी, शब्द आदि सुनिन थाल्दछ । तत्पश्चात मध्यअवस्थामा प्राणवायु ब्रह्मरन्ध्रमा प्रवेश गर्ने समयमा मादल, शङ्ख, घण्ट आदिको स्वर शब्दमा सूक्ष्म ध्वनि पनि सुनिञ्छ । अन्त्यमा जब प्राणवायु ब्रह्मरन्ध्रमा स्थिर हुन जाञ्छ तब छुद्र घन्टीका, वंशी, वीणा, भ्रमर आदि नादजस्तै गरी सुनिन थाल्दछन् । नादमा अनुररक्त मनले सबै विषयको परित्याग गरिदिञ्छ । यसैबाट समाधि लाभ हुञ्छ ।[३२७] नाथ ग्रन्थहरूमा योगको आरम्भ, घटक परिचय, निष्पत्ति नाम नादका चार अवस्थाको व्याख्या गरिएको छ । ग्रन्थहरूमा योगीको गोरखनाथले गगन ब्रह्मरन्ध्र शब्द प्रकाशित

---

३२५ गोरखवाणी, पृ. २४७ ।

३२६ नाथ सम्प्रदायेर इतिहास ओ साधना प्रणाली, पृ. ४६३-४६४ ।

३२७ गोरखवाणी, पृ. २, छन्द ४, ५.१२.८, २१, १६७-१४ ।

हुने कुरा उल्लेख गर्नुभएको छ । यस शब्द प्रकाशको अलक्ष्य शब्द नाद तत्त्वलाई विशिष्ट ज्ञानी सम्झिन सकिञ्छ । यो नाद गगन ब्रह्मरन्ध्रमा उत्साहित हुञ्छ । यो नाद समग्रमा अत्यन्त गम्भीर हुञ्छ । योगी गोरखनाथका ग्रन्थहरूको अध्ययन गर्दा यस्तो अनुभव हुञ्छ कि नाद र शब्द एकअर्कामा छुट्याउन नसकिने अन्तरसम्बन्धित छन् । शब्दको प्रयोग दुई अर्थमा पाइञ्छ । १. नाद २. गुरू निर्देश रूप वचन । यी दुवैको अर्थ साधनाको दृष्टिकोणमा अत्यन्त घनिष्ठ सम्बन्ध हो । जबसम्म शब्द या नादको श्रवण अर्थात् सुनाई हुँदैन त्यतिबेलासम्म परमतत्त्वको साक्षात्कार हुन सक्तैन । यसर्थ शब्द नै ताला हो भने गुरू वाक्य चावी हो । गुरू वाक्यको सहायताले नादानुसन्धानको परमतत्त्वको साक्षात्कार हुञ्छ । यसकारण यो शब्द कुञ्चिका पनि हो । यस प्रकार सिद्ध गुरूको शब्द या वचनले नै नादको जागरण हुन जाञ्छ । शब्दबाटै शब्दको परिचय पाइञ्छ । अन्तत्त्वगत्वा गुरू शब्द नै शब्दमा समाहित हुन जाञ्छ । साधना साध्यमा लीन हुन जाञ्छ । यसको पृथक सत्ता रहँदैन । त्यतिबेला साधकले नादमा नै गुरू या गुरू वचनको वास्तविक साक्षात्कार गर्दछ । यद्यपी योगी गोरखनाथले नादलाई सम्पूर्ण ब्रह्माण्डमा व्याप्त मान्नुभएको छ । तथापि त्यो अगोचर मूल तत्त्वलाई गगन ब्रह्मरन्ध्रमै खोज्ने उपदेश दिनु भएको छ ।[३२८]

नाथ ग्रन्थहरूमा योगमा नादको चार अवस्था बताइएको पाइञ्छ । यसको विस्तृत व्याख्या संस्कृत ग्रन्थहरूमा छ । समग्रमा भन्नुपर्दा दम अर्थात् प्राणको साधना गरेर उन्मनी अवस्थाको प्राप्ति एवं अनाहद सूर्यको निदानको कुरा स्वीकार गरिएको छ । असाध्य पवनको साधनाले गगन-गर्जन ब्रह्मरन्ध्रमा अनाहद नाद उत्पत्तिलाई मानिञ्छ । उन्मनी अवस्थाको प्राप्ति मानिञ्छ । पवनलाई पल्टाएपछि वाणी अर्थात् बोलीलाई पट्याउने, लौकिकबाट अलौकिक वाणीमा पल्टाउने शब्दलाई श्रवण, सुनिने मानिञ्छ । श्रृङ्गी या बाह्य नादलाई बजाउन छोडेर आन्तरिक अनाहद बजाउन भनिएको छ । यस्तै नादबाट परम निर्वाणको प्राप्तिको कुरा स्वीकार गरिएको छ । तथापि नादको अवस्थाको वर्णन व्याख्या गरिएको छैन ।[३२९] योगी गोरखनाथले जुन वाद्यवादनतर्फ सङ्केत गर्नुभएको छ त्यसले अवश्य पनि नादको अवस्थातर्फ सङ्केत गर्दछ । यो विभिन्न प्रसङ्गमा

---

३२८ गोरखवाणी, पृ. २ छं. ४, ५.१२.८, २१, १६७-१४ ।
३२९ गोरखवाणी, १९.५१, ३२.१०, ३७.१०६, ९९.२ ।

अनाहद, मृदङ्ग, अनाह घडी, अनाहद भ्रम र मर्दल अनाहद, शङ्ख आदिको ध्वनि अर्थात् आवाजको अनुभवको व्याख्या गरिएको छ । नाथ ग्रन्थहरूमा नादको चार अवस्थाको योगी गोरखनाथले चार प्रकारको योगीहरूतर्फ सङ्केत गर्नुभएको छ । यदि नाद साधनाका अनुसार साधकको अवस्थाको भेदलाई स्वीकार गर्ने हो भने 'आरम्भ' योगी, घटयोगी, परिचय योगी, 'निष्पती' योगी नामका चार प्रकारका योगीहरू मान्न सकिन्छ । योगी गोरखनाथले आरम्भ योगीलाई एकरस प्रत्येक क्षण शरीरमा विचार गर्नसक्ने भन्नुभएको छ । घटयोगीको मन घटमै रहन्छ, टाढा जान सक्तैन । उसले दिनरात अमरवारुणीको पान गर्दछ । उसको सुख, दु:ख, काल, वायुद्वारा क्षीण हुन जान्छ । परिचय योगी उन्मन समाधिमा रहन्छ । उसले दिनरात इच्छाअनुसार देवहरूसँग समागम गरिरहन्छ । विभिन्न समयमा सिद्धिको सहायताले अनेक रूपहरू पनि धारणा गर्दछ । निसपति योगी सबै प्रकारले सुद्ध सुन बराबर शुद्ध हुन्छ । शासक र जनता, राजा प्रजामा समान दृष्टिकोण राख्दछन् । नवौं बोधमा योगी गोरखनाथले नाद साधना गर्ने साधकको आचार विचारमा विस्तृत व्याख्या गर्नुभएको छ । आरम्भ, घट, परचा, निसपति, जसलाई गोरख बाणीका सम्पादक पिताम्बरदत्त बड्थ्यालले योगीका क्रमश चार अवस्था बताएका छन् ।[३३०] जो समग्रमा नादानुसन्धान गर्ने योगीको साधनाका चार अवस्थाहरू हुन् । नाथ संस्कृत ग्रन्थहरूमा नादका चार अवस्थाको वर्णन गरिएको छ । 'नरवैवोध' तथा 'मत्स्येन्द्र गोरख बोध'मा सुरुमा जसरी आचार विचारको निर्देशन गरिएको छ त्यसबाट प्रष्ट रूपमा बुझ्न सकिन्छ योगी गोरखनाथले जसरी प्राणायामको साधनाका लागि यम नियमका विभिन्न अङ्गका रूपमा आचार विचारको उपदेश-दिनुभएको छ त्यसैगरी प्राणायामसँग सम्बन्धित नादानुसन्धानका लागि आवश्यक पनि भन्नुभएको छ ।[३३१]

प्रणव साधना र अजपा जपः

प्राणायामसँग सम्बन्धित प्रणव साधना अजपा जप हो । अगाडि नै उल्लेख गरिसकिएको छ- प्रणव या ॐकार नै एकमात्र उपाधि रहित शब्द तत्त्वका रूपमा व्याख्या हुन्छ । त्यसैको भेद अथवा रूप नाद ध्वनि र शब्दका रूपमा

---

३३० नाथ और सन्त साहित्य पृ. ३८७ ।

३३१ गोरखवाणी पृ. ४७-४८, छं. १३६, १३९; पृ. १६९, १७३, छं. २-१४, पृ. १८६ ।

गृहित हुन्छ। ॐकार या प्रणवको अर्थ निरूपण अर्थात् विस्तार नाथका संस्कृत ग्रन्थहरूमा पाइन्छ । नाथ संस्कृत ग्रन्थहरूमा प्रणव या ॐकारलाई नै वेद भनिन्छ। यसका साथसाथै चतुर्वेदलाई स्थूल वेद भनिन्छ। योगी गोरखनाथका हिन्दी रचनाहरूमा ससंवेद शब्दको प्रयोग पाइन्छ । यसमा प्राय दुई प्रकारका व्युत्पत्ति शब्दहरू मिल्दछन्। स्वसंवेध, सूक्ष्म वेद। गोरखनाथको यो शब्दप्रतिको ध्यान आकृष्ट मा यो अनुभव हुन्छ कि सूक्ष्म वेदका चार प्रकारका स्थूल अर्थात् भौतिक रूपमा बाहिर प्रचारित वेदहरूभन्दा भिन्न भिन्न छन्। सबै ठाउँ र सधैं स्वसंवेद छन् । पाठ्य निर्वचनीय छैनन् । डा.पिताम्बरदत्त बड्थ्याल जसले गोरखवाणीलाई सम्पादन गरेका छन्, उनका अनुसार गोरखवाणीको दुई ठाउँमा यसको प्रयोग देखेर दुवै स्थानमा स्वसंवेदको अर्थ लगाएका छन्। जहाँ वेदको अध्ययनको कुरा हुन्छ त्यहाँ सूक्ष्म वेद या प्रणवको अर्थ उचित हुन जान्छ।[३३२] हिन्दी गोरख उपनिषदमा भनिएको छः ब्राह्मण वेद पाठ गर्ने हुन्छन्, उनीहरूले ऋक, यजुः साम इत्यादि अध्ययन गर्दछन् तथापि योगीहरूको वेद सूक्ष्म वेद हुन्छ । प्रणवकार नै वेद हो । अत्यन्त सूक्ष्म भएको कारण यसलाई सूक्ष्म वेद भनिन्छ ।[३३३] यसप्रकार नाथ ग्रन्थहरूमा सूक्ष्म वेद-प्रणवलाई नै साध्य मानिन्छ। योगी गोरखनाथले ॐकार या प्रणवलाई मूल मान्नुहुन्छ। अर्थात् वायु मन्त्र साधनको मूल ॐकार हो। यस ॐकार मुलमन्त्रको धारा सम्पूर्ण संसारमा व्याप्त रहेको छ । विभिन्न महत्त्वपूर्ण नाभी, हृर्दय आदि चक्रमा विभिन्न वर्णका रूपमा रहेका छन् । यसको उपलब्धि बिना गोरख सिद्धिको उपलब्धि सम्भव मानिँदैन। यसलाई उहाँले निराकार मान्नुहुन्छ। भनिन्छ यो न सूक्ष्म छ नत स्थूल छ। यो स्वयम् ज्योति स्वरूप छ।[३३४]

प्रणव ॐकार सूक्ष्म वेद आदि शब्दहरूको व्याख्या वर्णन हेर्दा यस्तो प्रतित हुन्छ कि गोरखवाणीमा सूक्ष्म प्रणव साधनाको कुनै विस्तृत विवेचना पाइँदैन । केवल दुई प्रकारका विचारहरू पाइन्छन् । १. नाथ योगीहरू केवल सूक्ष्म वेद प्रणालीलाई स्वीकार गर्दछन् २. यो तत्त्व परमतत्त्वको रूपमा सम्पूर्ण सृष्टिमा व्याप्त रहेको छ । यस अतिरिक्त कुनैपनि स्पष्ट विस्तृत परिचय नाथ

---

३३२ गोरखवाणी, १०९.५, १२७.१, १०९.१, तथा १२७.१, अनुवाद द्रष्टव्य ।

३३३ सिद्धसिद्धान्तपद्धति एण्ड अदर वर्क्स अफ नाथ योगिज पृ. ७४ ।

३३४ गोरखवाणी, पृ. ९८, छन्द १७; १२९.१, १९८.९१ ।

रचनाहरूमा पाइँदैन । अजपा जपको शास्त्रीय व्याख्या अगाडि नै गरिसकिएको छ । अजपा जपको आधार श्वास-प्रश्वास नै हो । प्राणायाम प्रणवको साधना हो । नाथ ग्रन्थहरूमा भएको प्राणायाम सम्बन्धको विवेचना अगाडि नै उल्लेख गरिसकिएको छ । नाथ ग्रन्थहरूमा नियम अर्थात् नियम अन्तर्गत जपको नियम अर्थात् विधान पाइञ्छ । तथापि साधना क्रममा अजपा जपको स्पष्टीकरण प्राणायामको प्रसङ्गमा आउँदछन । नाथ पन्थीहरूको जपमा कुन रूपमा स्वीकार्य छ ? यसको परिचय दिँदै प्रणव साधना र अजपा जप दुवैको विवेचना नाथ ग्रन्थहरूमा उपलब्ध नियम अन्तर्गत उल्लेख गरेको पाइञ्छ ।

प्राणायामको यस विस्तृत विवेचनाबाट स्पष्ट हुञ्छ नाथ ग्रन्थहरूमा प्राणायामलाई अधिक महत्त्व दिइएको छ । पूर्ववर्णित क्रमका अनुसार प्राणायामपछि क्रमश प्रत्याहार धारणा, ध्यान र समाधिको साधना आउँदछ ।

प्रत्याहारः

भनिञ्छ षडङ्ग योगको तेस्रो अङ्ग प्रत्याहार हो । जसको प्रमुख लक्षण मानिसका सबै विकारको प्रत्याहरण हो । वस्तुतः प्रत्याहार शुद्ध रूपको मानस साधना हो । अगाडि नै उल्लेख गरिसकिएको छः विभाजनका अनुसार प्रत्याहार मानस साधना भएका कारण आध्यात्मिक साधना पनि हो । आधिभौतिक प्राण र आधिदैविक शुक्र साधनापछि आध्यात्मिक साधना सम्मीलित छ ।[३३५] प्रत्याहारदेखि समाधिसम्मको अङ्ग आध्यात्मिक साधना अन्तर्गत पर्दछ । योग मार्तण्डका अनुसार प्रत्याहारको भिन्न परिभाषा गरिएको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । चन्द्रामृतमयी धाराको भाष्करद्वारा प्रत्याहरण नै प्रत्याहार हो । यस परिभाषाको विवरणबाट यसको विशेष सम्बन्ध विपरीतकरणबाट नै अनुभव हुञ्छ जसको व्याख्या अगाडि नै गरिसकिएको छ ।

नाथ ग्रन्थहरूको योगमा भनिएकोछ प्राणस्थैर्य भएपछि मन पनि स्थिर हुन जाञ्छ । यसको अर्थ हो प्राण अचञ्चल भएपछि मनपनि सरलताका साथ अचञ्चल हुन जाञ्छ । चित्तवृत्ति निरोधको वास्तविक प्रयत्न यहाँबाट सुरुवात हुन जाञ्छ । यसकारण योगी गोरखनाथले पराकोटीको महत्त्वलाई स्वीकार गर्दै

३३५ नाथ और सन्त साहित्य पृ. ३९० ।

उसलाई शिव र शक्ति पञ्चतत्त्वात्मक जीव भन्नुभएको छ । अर्थात् उहाँले मनलाई मोक्ष उपकारक र बन्धनकारक दुवै मान्नुभएको छ । गोरखनाथले मनको पवित्रता र स्वास्थ्यलाई नै सबै कुरा भन्नुभएको छ । मनको महत्त्वमाथि प्रकाश पार्दै योगी गोरखनाथ भन्नुहुन्छः मन हल्का, स्वच्छ, चङ्गा भयो भने सफा, निर्मल, गङ्गाको रूपमा प्रयोगमा आउँछ । शुद्ध साधनागत सैद्धान्तिक दृष्टिकोणबाट विचार गर्दा निष्कर्षमा भन्न सकिन्छ प्रमाता या अनुभव शैवको दृष्टिकोणमा सबै कुरा हो ।[३३६] ध्यानको चित्त भन्दा भिन्न ध्येय हुन सक्तैन । यदि ध्याताको चित्तवृत्ति अध्यात्म सम्पर्कित छ, उज्जीवित छ भने अनात्म अथवा मृत्युको दर्शन उसलाई कहीँ पनि हुँदैन । योगी गोरखनाथले त्यस्तो महत्त्वपूर्ण मनको चार अवस्थातर्फ सङ्केत गर्नुभएको छ । मन या त जागतिक आशाको बन्धनमा रहन्छ या त्यो परम उदासिन या विरक्त हुन्छ या गुरू शरणमा रहन्छ, अन्यथा कामिनीको काखमा । यी चार प्रकारका मन मध्येमा स्पष्ट रूपमा भन्नुपर्दा जागतिक आशाको बन्धनमा रहने र कामिनीको कोखमा रहनेको मन योग अनुकूल हुन सक्तैन । यसकारण **यस साधनाका लागि आवश्यक विषय भनेको उसलाई दबाउनु पनि हुँदैन र जबर्जस्ती दमन गर्नु पनि हुँदैन** । मनलाई **खाली राखीदिनु पर्दछ** । सधै कुनै न कुनै योगको अनुकूल कार्यमा लगाई राख्नु पर्दछ । अन्यथा कुनै न कुनै समय योग विरुद्धको बाटोमा लाग्दछ । यो योगाग्नि अथवा ब्रह्माग्निको रहस्य जान्नका लागि भनिएको छः उसको मन अत्यन्त शुद्ध हुनु पर्दछ । साधकले यसप्रकारको सामना गर्नुपर्दछ जुन साधनाले उसको काया बाहिर जान नसकोस् रातदिन अन्तर्मुख बनिरहोस् । योगी गोरखनाथले शरीरका विभिन्न अङ्गहरूको मुद्राले मात्र फाइदा नदिने बताउनु भएको छ । मानस मुद्राको कुनै रूप छैन रेखा । मानसिक वृतिलाई नै मुद्राको रूपमा जान्नुपर्दछ। मनलाई अन्तर्मुख गरेर सम्पूर्ण जगतको शरीरभित्र दर्शन गर्नु मनको र उसको विषयको आवरण हो ।[३३७] मानस मुद्रा या आन्तरिक मुद्राको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । जसमा मन मत मनलाई प्रतिकका रूपमा प्रयुक्त गराउँदै ब्रह्मरन्ध्र द्वारमा त्यसलाई बाँध्ने उपदेश दिइएको छ । आसन र पवन साधनापछि मन मुर्छित हुन्छ । त्यो समयमा ध्यान लाग्दा गगन शिखरमा प्रकाश हुन्छ । यस साधना क्रममा प्राणायामपछि प्रत्याहार क्रिया स्पष्ट छ ।

३३६ उही पृ. ३९० ।

३३७ उही पृ. ३९१ ।

यसले मनलाई बाह्य विषयहरूबाट भाग्ने पनि भन्दछ । पवनकै सहायताले आत्मामनलाई मारण गरेर अन्तरमुख राख्दछ ।[३३८] यसरी मन र पवनको परस्पर सम्बन्ध अभिव्यक्ति हुन जान्छ ।

मन इन्द्रियहरूभन्दा पृथक हुँदैन । जबसम्म इन्द्रिय विषयहरूमा प्रत्याहृत हुँदैन त्यतिबेलासम्म मनको प्रत्याहरण सम्भव हुँदैन । यसका लागि आँखाको विषय दृष्टिलाई हटाउनु पर्दछ । त्यस्तै प्रकारले लौकिक श्रोतृ सुनिने विषयहरू कानसँग तथा नासिका रन्ध्रबाट पवनलाई हटाई दिनुपर्दछ । यस प्रकारको क्रियाद्वारा अन्त्यमा एक मात्र निर्वाण पदको विषयको रूप मात्र बाँकी रहन जान्छ । यस प्रकारको प्रत्याहृत इन्द्रिय एवं मनका लागि निर्वाण पदको विषयका रूपमा रहन जाने आत्मसुरति अर्थात् आत्मस्मृति, सघन स्मृति, मन रुपि काखमा ब्रह्मरन्ध्र क्षेत्रमा खेल्न थाल्दछ । त्यतिबेला उसको संसारिक स्वरूप रहँदैन ।

यसप्रकारको मदमस्त मन अनुकूल बनाउँदै गएपछि अक्षय भण्डारको उपलब्धि आनन्धमय एवं सरल हुन जान्छ । यसै प्रकार गोरक्ष पञ्च ज्ञानेन्द्रियको प्रसार निवारणको विषय पनि उल्लेखित छ । वस्तुतः यो प्रत्याहार साधनातर्फ सङ्केत गरिएको छ । दोस्रो शब्दमा भन्नुपर्दा शरीरलाई घेर्नु नै पञ्च ज्ञानेन्द्रियको बाह्य प्रसारको प्रत्याहार हो । यस प्रकारको घेराबन्दीबाट इन्द्रियहरूका स्वामी पञ्चदेवको घरमा अर्थात् शरीरमा बन्दी हुन जान्छ, पूर्णतया नियन्त्रित एवं स्थिर हुन जान्छ ।[३३९]

अन्य नाथ सिद्धहरूले पनि मानस साधना प्रत्याहारको व्याख्या गरेका छन् । चर्पटीनाथले शरीर तन्दुरुस्त तथा चित्तलाई मर्कट सरह चञ्चल मानेका छन् । मर्कटले साँसारिक विषयको प्रसारमा भ्रमण गर्दछ । यसकारण ऊ पटक-पटक दुःखी हुन्छ, रुन्छ, निवृत्तिभन्दा बाहिरका दशौं दिशामा दौडन्छ । तर पनि उसलाई सिद्धि निवृत्ति मिल्दैन । पृथ्वीनाथका अनुसार मनलाई विजय गर्नका लागि अर्थात् जित्न तीन भुवन, काया, यम, मन, माया, माथि विजयले मात्र सम्भव हुन जान्छ । मनलाई वशमा राख्न सक्ने व्यक्ति नै सबैभन्दा ठूलो हो । ६८ तीर्थहरू र कोटी यज्ञहरूको फल केवल उसको दर्शन मात्रले मिल्दछ ।[३४०]

३३८ गोरखवाणी १८.५०, ४९.१५६, ५८.१७२, ५९.१७३, १४६.१, १७४.१, १७५.१०, १७६.११ ।

३३९ गोरखवाणी, २७.७५-७७, २९.८३, ३९.११२ ।

३४० सिद्धसिद्धान्तपद्धति एण्ड अदर वर्क्स अफ नाथ योगिज ८२.१, नाथ सिद्धो कि बानिया, ७१.४८५, ८९.५७० ।

धारणा र षट्चक्र साधनाः

प्रत्याहारपछि यो धारणाको व्याख्या गरिएको छ । पछिल्लो विवेचनामा धारणा अन्तर्गत कुण्डलिनी योग, लययोग, षट्चक्रभेदन आदिको व्याख्या गरिएको छ। धारणा बाहिर अन्तरिक एक मात्र निजतत्त्व स्वरूप अन्तःकरणको साधना हो । यसलाई सबै पदार्थहरूको निराकारमा धारणा या जीवात्माको निर्वाध दीप सरहको धारणा भनिञ्छ । यसलाई मानस धैर्यको प्राप्ति पनि भनिएको छ । यस क्रियामा पञ्चभूतको पृथक-पृथक धारणा एवं मानसको निश्चलत्व सम्पादन हुञ्छ । पञ्चभूतको क्रमअनुसार पाँच प्रकारको धारणा र परिचय पहिल्यै उल्लेख गरिसकिएको छ । लययोगमा पञ्चभूतको लय तथा अज्ञान चक्रमा मनोलयको साधना व्याख्या गरिएको छ । लययोगको अन्तर्भाव कुन प्रकारको धारणा अन्तर्गत गरिञ्छ यो विषयमा अगाडि नै उल्लेखित छ। संस्कृत नाथ ग्रन्थहरूमा धारणाको स्पष्ट व्याख्या गरिएको छ । षट्चक्र भेदन, लय योग, भूत विजय, कुण्डलिनी साधना विपरितकरणी, अमृत साधना या रस साधना आदिको वर्णन गरिएको छ । कुण्डलिनी योग या लययोग षट्चक्र साधनाको प्रारम्भिक तत्त्व षट्चक्र हो ।

संस्कृत ग्रन्थहरूमा योगको जुन परिचय दिइएको छ त्यसमा भनिएको छः चक्रहरूको सँख्या अनिश्चित छ। चक्रको रूप वर्णन आदिका सम्बन्धमा फरक-फरक विवरणहरू पाइञ्छ । ग्रन्थहरूमा अष्टचक्र, षट्चक्र र नव चक्रहरूको व्याख्या वर्णन पाइञ्छ । योगी गोरखनाथद्वारा विरचित 'अष्टचक्र' नामक रचनामा ८ चक्रहरूको वर्णन गरिएको छ। गोरखनाथले ८ चक्रहरूलाई घटभित्र रहेको उल्लेख गर्नुभएको छ। पहिलो चक्र गुदामा रहेको आधार चक्र हो । जसमा चार दलको एउटा कमल रहेको छ । त्यसमाथि षट्दल कमलयुक्त लिङ्ग स्थानमा दृष्टिचक्र रहेको छ । यसप्रकार क्रमश उर्ध्व क्रममा मणिपूरक चक्र, अनाहद चक्र, विशुद्ध चक्र, अग्नि चक्र, काया चक्र, सहस्रदल कमल, सूक्ष्म चक्र रहेका छन् । यसको विवरण यसप्रकार रहेको छ ।[३४१]

---

३४१ गोरखवाणी पृ. २४९-२५०।

सँख्या	चक्र नाम	कमलका दल	स्थान	अन्य विवरण, श्वास सँख्या
१	आधार चक्र	४	गुदा	६००
२	दृष्टि चक्र	६	लिङ्ग	६००
३	मणिपूरक चक्र	१०	नाभि	६००
४	अनाहद चक्र	१२	कण्ठ, घाँटि	६००
५	विशुद्ध चक्र	१६	नेत्र, आँखा	पछि ब्रह्माको ध्यान
६	अग्नि चक्र	१६	अजपा गायत्री	१०००
७	ज्ञान चक्र	१०००	ब्रह्माण्ड	१०००
८	सूक्ष्म चक्र	२१००	सहस्रदल कमल विज्ञान	१०००

मत्स्येन्द्र गोरख वोधमा ६ चक्रहरूको वर्णन गरिएको छ । उपर्युक्त विवरणमा भिन्न नाम भएका चक्रहरूको व्याख्या गर्दै भनिएको छः अद्यः चक्रमा चन्द्रमा दृढ हुञ्छ । उर्ध्वचक्रमा वेद्य लाग्दछ । पश्चिम चक्रमा निरोध निष्पन्न हुञ्छ । हृदय चक्रमा मन प्रबोध हुञ्छ । कण्ठ चक्रमा ध्यान धारण हुञ्छ । ज्ञान चक्रमा साधकले विश्राम प्राप्त गर्दछ । यही यो विवरणलाई क्रमबद्ध मान्ने हो भने अद्यः चक्र आधारचक्र मूलाधार चक्र प्रतित हुञ्छ । उर्ध्वचक्र, मूलाधार भन्दा माथि लिङ्ग स्थान दृष्टिचक्र हो । यसैगरी पश्चिम चक्र मणिपुर र हृदय चक्र अनाहद चक्र हो । यसपछि स्पष्ट रूपमा कण्ठ चक्र, विशुद्ध चक्र र ज्ञान चक्रको वर्णन पाइञ्छ । जसमा भनिएको छः मूल चक्रमा दुवै चक्रको मध्य स्थानीय अग्नि चक्रको व्याख्या यहाँ छैन । मत्स्येन्द्र गोरख बोधमा एक ठाउँ अन्य स्थानमा पनि चक्रको व्याख्या पाइञ्छ । जसमा भनिएको छः मूल चक्रमा कण्ठस्थैर्य, गुदाचक्रमा अगोचर बन्ध, मणि चक्रमा हंस निरोध, अनाहद चक्रमा चित्त प्रंवोधन सम्पन्न हुञ्छ । यसपछि दुई प्रकारका चक्र- क्रमश विशुद्धि र चन्द्र चक्रमा स्वादको उपलब्धि एवं समाधिको आप्ति हुञ्छ ।[३४२]

यहाँ स्पष्ट छ कि मूलचक्र र गुदास्थानीय आधार चक्रमा भेद गरिएको छ । गोरखवाणीमा तिन स्थानमा गोरखनाथकै प्रसिद्ध रचनामा चक्रको सँख्या, विवरण एवं क्रममा यसप्रकारको भिन्नता पाइञ्छ । यसर्थ यसका आधारमा योगी गोरखनाथको कुनै व्यवस्थित र छुट्टै चक्र व्यवस्थाको परिचय पाइँदैन । तथापि यसमा कुनै

३४२ गोरखवाणी, पृ. १९२, २०२ ।

सन्देह छैन अष्टचक्रका आठ चक्रमा सूक्ष्म चक्र नाथको अतिरिक्त व्याख्या हो। तान्त्रिकका चक्रहरूमा क्रमशः मूलाधार, स्वाधिष्ठान मणिपूर, अनाहद, विशुद्धि र आज्ञा नामक ६ चक्रहरूको वर्णन गरिएको छ । सहस्रार मिलाएर तान्त्रिकमा ७ चक्र जस्तो षट्चक्र निरूपणमा वर्णन गरिएको छ । पहिला ६ कमलका दल क्रमशः ४, ६, १०, १२, १६ र २ मानिएको छ ।[३४३] अष्टचक्रमा छैठौँ चक्रलाई यदि आज्ञाचक्र मान्ने हो भने निश्चित रूपमा यहाँ उक्त दलको सँख्या १६ हुनुको कारण, तान्त्रिकको द्विदल आज्ञाचक्रस्थ कमलसँग भेद रहेको छ । यसप्रकारका अन्य फरकपना पनि छन् । यदि दलको सँख्यालाई ध्यानमा राखेर अष्टचक्रका चक्रको तुलना गर्ने हो भने आधारचक्र तान्त्रिकको मूलाधार चक्र हो । दृष्टिचक्र स्वाधिष्ठान चक्र हो । समग्रमा उंपर्युक्त फरकपनालाई ध्यानमा राखेर समतुल्य सिद्ध गर्न सकिञ्छ । तुलनात्मक सहजताका लागि तान्त्रिकद्वारा स्वीकार गरिएको चक्र व्यवस्थाको विवरण, षट्चक्र निरूपणको आधारमा यसप्रकार छन्[३४४]:-

चक्रको नाम	कमल दल	वर्ण	स्थान	अन्य विवरण
१. मूलाधार चक्र	४	पहेँलो	इन्द्रिय र गुदाको बीच	पृथ्वी तत्त्व
२. स्वाधिष्ठान चक्र	६	सिन्दुर	इन्द्रिय मुलमा स्थित	जल तत्त्व
३. मणिपूर चक्र	१०	सघन जलद	नाभीको स्तरमा	अग्नि तत्त्व
४. अनाहद चक्र	१२	रक्त कमल वर्ण	हृदयमा	वायु तत्त्व
५. विशुद्धि चक्र	१६	घुमायित वैजनी	घाँटीको तल	आकाश तत्त्व
६. आज्ञा चक्र	२	उज्जवल	भूमध्य	गुरू आज्ञाको प्रकाशन
७. सहस्रार	१०००	शुभ्रोज्वल	परम व्योम महाशून्य	गुरूस्थान, जिवात्मा परमात्माको एकत्व ज्ञान

(षट्चक्र निरूपण- फोरवर्ड श्री भैरवनन्दः पृ. ९-१४)

यसप्रकार निम्न प्रकारका विवरणहरूबाट गोरखवाणीका भिन्न भिन्न स्थानहरूमा दिइएको चक्र विवरणको तुलनात्मक परिचयका साथ चक्रहरूका <u>फरक फरक नामहरू</u> नाथद्वारा स्वीकृत गरिएको छ जो निम्न प्रकारका छन् :[३४५]

३४३ नाथ और सन्त साहित्य, पृ. ३९४ ।

३४४ षट्चक्र निरूपण- फोरवर्ड श्री भैरवानन्द, पृ. ९-१४ ।

३४५ गोरखवाणीमा मत्स्येन्द्र गोरख बोध (१), पृ. १९२, मत्स्येन्द्र गोरख बोध (२) पृ. २०२, अष्टचक्र- पृ.

मत्स्येन्द्रगोरख बोध (१)	मत्स्येन्द्र गोरख बोध (२)	अष्ट चक्र	षट्चक्र निरूपण
१. अरध (अधः) चक्र	मूल चक्र	आधार चक्र ४	मूलाधार चक्र -४
२. उधै (उर्ध्व) चक्र	गुदा चक्र	दृष्टि चक्र ६	स्वाधिष्ठान चक्र- ६
३. पदान (परिचय) चक्र	मणि चक्र	मणिपुर मालिपुर चक्र १०	मणिपुर चक्र- १०
४. हिरदा- हृदय चक्र	अनहद चक्र	अनाहद चक्र १२	अनाहद चक्र- ११
५. काठे- कण्ठ चक्र	विसुध चक्र	विसुद्धि चक्र १६	विशुद्धि चक्र- १६
६. ग्यान- ज्ञान चक्र	चन्द्र चक्र	अग्नि चक्र १६	आज्ञा चक्र- २
७. ----	----	ज्ञानचक्र सहस्रदल	सहस्रार कमल १०००
८. ----	----	सूक्ष्म चक्र २१०००	

यस अतिरिक्त नाथ ग्रन्थहरूमा चक्र सम्बन्धी विवरण पाइन्छ । उपर्युक्त विवरणमा साम्य, वैषयम्य देखि साधना सम्बन्धी सिद्धान्तको विषयमा वर्णन गरिएको छ । योगी गोरखनाथले 'अष्ट कम्वल' र 'बतीस' 'पाखुडी' शब्दको प्रयोग गर्नुभएको छ । गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालको दृष्टिकोण भने अलि फरक छ । कतिपय कुराहरूमा आशङ्काका मत राखेका छन् । उपर्युक्त विवरणमा ८ कमलको कुरा पुष्टि गरिएको छ भने ३२ पाखडीकोआधार स्पष्ट पारिएको छैन । अद्यः र उर्ध्व शब्दको प्रयोग प्रायःजसो जुन गोरखवाणीमा पाइन्छ त्यसलाई हेर्ने हो भने यस्तो अनुमान हुन्छ कि सर्वाति निम्न चक्र या घटस्थित साधना केन्द्रको लागि अद्य-अरधै र सर्वोच्च घटस्थित साधना पिण्डका लागि उर्ध्व-उरधै नाम दिइएको छ । भनिन्छ कि 'अरधै'मा योगेश्वर र 'उरधै'मा केदार विराजमान छन् । तलको केन्द्रमा शक्ति तथा माथिको केन्द्रमा शिवको निवास रहेको छ ।[३४६] डा.पिताम्बरदत्त बड्थ्यालले मूलकमल र मूलाधारलाई एकै रूपमा व्याख्या गरेको पाइन्छ । षट्दलको स्वाधिष्ठान तथा षोडसदल कमलको विशुद्धि कमल या चक्र मानिएको पाइन्छ ।[३४७] अन्य नाथ सिद्धहरूमा चौरङ्गी नाथले प्राण संकलीमा षट्चक्रहरूको विस्तृत व्याख्या गरेका छन् । उनका अनुसार चक्रहरूको विवरण यसप्रकार रहेको छ ।[३४८]

२४९-२५०, षटचक्र निरूपण अङ्ग्रेजीमा लेखिएको फोरवर्डमा पनि छ ।

३४६ गोरखवाणी १६७.१३, तथा अनुवाद पृ. ७, १३, २८, २९, ११७, १२०, १३५, १६६, १६७, १८८, १९०, १९५, १९६, १८९, १७५ ।

३४७ गोरखवाणी पृ. ५८, ९५, १५५ ।

३४८ नाथ और सन्त साहित्य पृ. ३९६ ।

क्र.सं.	चक्रको नाम	कमलको दल	वर्ण	अन्य विवरण
१.	गोहा चक्र- आधार चक्र	४	रक्त वर्ण	सूर्य देवता
२.	लिङ्ग चक्र-स्वाधिष्ठान चक्र	६	पहैंलो वर्ण	कामेश्र देवता (आधार चक्रको ३ अङ्गुलमाथि)
३.	नाभि चक्र-मणिपूरक चक्र	१०	कपिल वर्ण	सेवता नाम देवता (लिङ्ग चक्रभन्दा १० अङ्गुल माथि)
४.	हृदय चक्र-अनाहद चक्र	१२	श्वेत वर्ण	प्राण लिङ्ग देवता (नाभि चक्रबाट १२ अङ्गुल माथि)
५.	कष्ठचक्र- विशुद्धि चक्र	१६	धुम्र वर्ण	नादध्वनि देवता (हृदयदेखि ८ अङ्गुल माथि)
६.	भुचक्र- आज्ञा चक्र	२	रक्त वर्ण	रुद्र देवता (कण्ठ चक्रबाट १६ अङ्गुल माथि)
७.	शून्य ब्रह्माण्ड गगन मण्डल, देव भुवन, सिद्ध भुवन	-	-	अज्ञा भन्दा एक अङ्गुल माथि

चौरङ्गी नाथको चक्र नाम र दलका सँख्या षट्चक्र निरूपणसँग मिल्दछ। सम्पूर्ण चक्रहरूको सँख्या मिलाउँदा सात हुञ्छ । यद्यपि कमलको वर्णमा भेद रहेको छ । तथापि षट्चक्र स्थानमा कुनै भेद छैन ।[३४९] नाथ ग्रन्थहरूमा चक्र सम्बन्धि जति पनि विवरण दिएको छ, त्यसमा अधिकांश तान्त्रिक चक्र सँख्या, दल सँख्या, चक्र नाम आदिमा फरकपना देखिञ्छ । यसर्थ सम्पूर्ण मिलाउँदा सात चक्रहरू नाथहरूलाई स्वीकार्य छ । यद्यपि कतिपय अन्य चक्रहरूको विवरण पनि पाइञ्छ । 'षट्चक्र निरूपण' नामक तान्त्रिक ग्रन्थमा अनेकौं सानासाना अर्थात् छोट्राछोटा चक्रहरूको नाम पाइञ्छ । जसमा अनाहद चक्रको सामु रक्ताम अष्टदल कमल र आज्ञा चक्रमाथि मानस चक्र र सोम चक्र। यसैगरी नाथ ग्रन्थहरूका अनुसार मूलाधार चक्रबाट आज्ञासम्म ६ चक्र तथा सातौं सहस्रार स्वीकार्य छ । यी ७ मुख्य कमलदल हुन् । अन्य विश्लेषण, विवेचनाद्वारा पनि यी अधिकांश चक्रहरू स्वीकार्य छन् । कुन कुन चक्रमा कुनकुन भूतत्त्वहरू छन् यसको व्याख्या नाथका संस्कृत ग्रन्थहरूमा कहीँ कहीँ उल्लेख गरिएको छ । यसर्थ तान्त्रिक विवरणलाई यहाँ स्वीकार गर्नुपर्दछ ।[३५०]

३४९ नाथ सिद्धो कि वानिया पृ. ४३-४४ ।

३५० नाथ और सन्त साहित्य पृ. ३९७ ।

कुण्डलिनीः

जब कुण्डलिनी मूलाधारबाट जाग्रत हुन्छ चक्रको भेदन गर्दछ, त्यतिबेला यस क्रियालाई षट्चक्र भेदन भनिन्छ । सहस्रारसम्म पुग्ने क्रियालाई आरोहण क्रिया या प्रलय भनिन्छ । सहस्रारबाट क्रिया पुनः परावृत भएर मूलाधारमा आउने क्रियालाई अपरोहण क्रिया या सृष्टि प्रक्रिया भनिन्छ । क्रियाहरूको विस्तृत विवरण अगाडि नै उल्लेख गरिसकिएको छ । यसप्रकारको षट्चक्र साधनाका लागि दोस्रो मुख्य तत्त्व कुण्डलिनी हो । कुण्डलिनीद्वारा मुख्यतः भेदन क्रिया गरिने हुनाले यस साधनालाई कुण्डलिनी साधना या कुण्डलिनी योग भनिन्छ । नाथ ग्रन्थहरूमा कुण्डलिनीलाई विभिन्न नामले सम्बोधन गर्दै उसको साधनातर्फ सङ्केत गरिएको छ । यसबारे अगाडि नै उल्लेख गरिसकिएको छ । विभिन्न तत्त्वहरूका लागि नाथ सिद्धहरूले यस प्रकारका नामहरू प्रयोग गरेका छन् । जसको शास्त्रीय ग्रन्थहरूसँग प्रायः प्रयोग या नाम मिल्दैन । यसमा अधिकांश शब्दहरू मूलाधार, सहस्रार, ब्रह्मरन्ध्र, गगन शिखर आदिका लागि छन् । कतिपय शब्दहरू प्रतीक मात्र छन् । जो वैदिक तान्त्रिक विचार र परम्पराको जीवन्त विकास धारणा गरेका छन् । नाथ दृष्टिकोणमा तिनीहरूको मूल स्रोत शैव तन्त्र नै हो ।

सहस्रार तथा पर्यायः

कुण्डलिनी यात्राको आरम्भ मध्य र अन्त्यमा पर्ने विभिन्न शक्ति केन्द्रको सर्वोच्च स्थान सहस्रार हो । कहिलेकाहीँ उसलाई आकाश पनि भनिन्छ । त्यहाँ गएर कुण्डलिनीले विश्राम अर्थात् आराम गर्दछ । पवनलाई अति आश्चर्यजनक शक्तिशाली गुटिका रूपमा लिएर त्यसैका बलमा आकाश तथा ब्रह्मरन्ध्रमा साधनात्मक जीवन व्यतित गर्न सम्भव मानिएको छ । निम्न प्रकारका स्थानीय पिण्डगत केन्द्र साधना केन्द्र चक्रको नाम पातालसँग मिल्दछ ।[३५१] गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालका अनुसार जसको अर्थ एक स्थानमा स्वाधिष्ठान भनिएको छ । तथापि तान्त्रिक परम्परा अनुसार मूलाधार भुवर्लोक हो । तलका लोकको अवस्था जसलाई सामान्यतया 'पाताल'

---

३५१ उही पृ. ३९८ ।

नामले सम्बोधन गरिन्छ । पातालको अर्थ मूलाधार स्थान हुनुपर्दछ । जहाँ कुण्डलिनी सुषुम्ना अवस्थामा रहन्छन् । नाथहरूको स्वाधिष्ठानको स्थिति मूलाधार या आधार चक्रको ३ अङ्गुलमाथि मानिन्छ । शून्य स्थान सर्वोच्च स्थान हो । जसलाई डा.पिताम्बरदत्त बड्थ्यालले ब्रह्मरन्ध्र बताएका छन् । मही या पृथ्वी तत्त्वको स्थिती मूलाधारमा मानिन्छ । यसकारण यसलाई भुवर्लोक पनि भनिन्छ । आकाश तत्त्वको स्थिती विशुद्धि चक्रमा मानिन्छ । जसलाई तन्त्र विद्वान अर्थात् तान्त्रिकहरूका अनुसार तपोलोक भनिन्छ । गगन मण्डल शून्य अथवा ब्रह्मरन्ध्रमा अमृत रसस्रावी एउटा कुवा रहेको छ ।[३५२] यसै गगन मण्डल सहस्रारमा शून्यद्वार पनि रहेको छ । यही अनुभूतिको उच्च अवस्थाको उपलब्धि हो । यस गगनलाई स्तम्भ विहिन, निराधार मानिन्छ । यही नै ज्ञान दीपको प्रकाश हुन्छ ।[३५३] सहस्रार विषयमा तान्त्रिक मतअनुसार जीवात्मा, परमात्माको एकत्व ज्ञान हुन्छ । अगाडि नै उल्लेख गरिसकिएको छ । कहीँ कहीँ स्वयं नाथहरूले अष्टचक्रलाई पनि स्वीकार गरेका छन् । अष्टम चक्र सहस्रारभन्दा माथि रहेको छ । यदि तान्त्रिकहरूका अनुसार यहाँ एक तत्त्व ज्ञान हुन्छ भने यस अष्ट चक्रमा अद्वैतानुभूतिद्वारा पराकोटीको अनुभूति हुनुपर्दछ । यस दृष्टिकोणबाट विचार गर्दा नाथको द्वैताद्वैत विवर्जित नाथपदको तथ्यका रूपमा स्वीकार गर्ने हो भने स्पष्ट छ कि तान्त्रिक नाथको वैलण्य यस अष्टचक्रको ध्यानमा राख्नाले सिद्ध हुन जान्छ ।

गोरखवाणीको प्रारम्भमा अनिवर्चनिय निवर्नाम अरूप, बालरूपको विलक्षण उपलब्धीको उल्लेख गरिएको छ । उसमा ध्वनिमय विग्रह गगन शिखर, ब्रह्मरन्ध्र या शुन्य आकाशमा प्रकाशित हुन जान्छ । यही नाथको उच्छलन, पवनमा समाहित भएपछि अनाहद नादको ध्वनि एवं प्रज्वलन ब्रह्म प्रकाशको रूपमा प्रकाशशन हुन्छ । अवधूतको क्रिडास्थल गगन मण्डल हो । यसैमा पवनलाई उल्ट्याएर समाहित गर्नासाथ अनाहद नादको गर्जन हुन्छ । ध्वनि एवं प्रज्वलन ब्रह्म प्रकाशको प्रकाशन हुन्छ । विन्दु साधनामामा जब विन्दु शुक्र उत्थित गरेर पुग्दछ त्यतिबेला साधकलाई उर्ध्वरिता भनिन्छ । सन्यासी, योगीहरूले पनि गगन मण्डलमा मिल्ने परमानुभूतिको आशा गर्दछन्, लक्ष्य

---

३५२ उही पृ. ३९८ ।

३५३ गोरखवाणी पृ. ११९, १३१, ९.६०, ६६, ६८ ।

राख्दछन् । उनीहरूले कुनैपनि बाह्य जगत्को वस्तुहरूको आशा गर्दैनन् । यही तुर्यनादको श्रवण तथा आकाश जलको पान गर्ने अवसर मिल्दछ ।[३५४] यो गगन अथवा ब्रह्मरन्ध्र नै चन्द्र सूर्य नाडीको निरोध स्थान हो । यही आकाश हो जसको धरणीसँग मधुर सम्बन्ध मानिञ्छ ।

अवधूतको वैराग्यभावको धारणा गर्ने योगीको मन यस गगन मण्डलको ब्रह्मरन्ध्रमा आफ्नो मणि बन्न जाञ्छ । यस आकाश रूपी गाईको दूध अमृत समान छ । जसलाई अमृतरस भनिञ्छ । यो मिलनको भूमि पनि हो । अवधूतको मनले अगोचर वस्तुको खोजी यही गर्दछ । यही मनको उन्मना अवस्थाको प्राप्ति हुञ्छ । यही आत्म गगनमा चढेर अमृत जलपान गर्दछ ।[३५५] यसप्रकार स्पष्ट रूपमा नाथहरूले ब्रह्मरन्ध्र, गगन मण्डल, आकाश, शून्य स्थान या 'धावा'मा अमृतपान, दिव्य दृश्य, दिव्य प्रकाश, दिव्य रूप, दिव्य ध्वनि आदिको उपलब्धि हुञ्छ ।

सहस्रार साधनाका अन्य महत्त्वपूर्ण स्थानका लागि अन्य पर्यायहरू पनि नाथ ग्रन्थहरूमा पाइञ्छ । यससँग सम्बद्ध विभिन्न प्रकारका अनुभूति एवं उपलब्धि पनि जोडिएको कुरा बताइएको छ । उदाहरणका लागि जस्तो: कविलास या कैलाश, औधा, कुश, कुप, काशी, केदार त्रिकुटी, दशमद्वार, पश्चिम द्वार, पश्चिम पलङ्का, ब्रह्म कुण्ड, भँवर गुफा, ब्रह्मसागर, ब्रह्माण्ड, ब्रह्म ग्रन्थी, विषभी सन्धि, शिवपुरी, सरोवर, सात ग्रन्थी सन्धि आदि शब्द लिन सकिञ्छ । यसमा शून्य कविलास या कैलाश, औघा, कुँवा, कुप, काशी, केदार, त्रिकुटी, दशमद्वार, पश्चिम चक्र, भँवर, गुफा, ब्रह्माण्ड, शिवपुरी, कपाट, शून्यद्वार आदि शब्दहरूमाथि साथमा साधना केन्द्रतर्फ सङ्केत गरिएको छ । यसप्रकारको धर्ती, दक्षिण पाताल, महिताल आदि शब्द साधनाका लागि पिठतर्फ सङ्केत गरिएको छ । यी शब्दहरूमध्ये कविलास या कैलाश ब्रह्मरन्ध्रमा गगनशिखरको पर्याय मानिञ्छ । औघा, कुँवाको अवस्था गगन मण्डलमा ब्रह्मरन्ध्र मानिञ्छ । इडा, पिङ्गलाको मिलन स्थल त्रिकुटीको सङ्गम हो । यसै स्थानलाई सुषुम्नाको स्थल भनिञ्छ । त्रिकुटी ब्रह्मरन्ध्रमा ब्रह्म कुण्ड रहेको छ । यही अमृत स्रावक कुप हो । यस त्रिकुटी तीर्थलाई नै काशी तीर्थ भनिञ्छ । द्वार अर्थात् ढोकाहरूको वर्णन अगाडि नै गरिसकिएको छ । दशम द्वार या ब्रह्मरन्ध्र त्यो स्थान हो जहाँ

३५४ गोरखवाणी, पृ. १, २, १२, १९, २७, ३१, ३२, ३३, ३६, ४०, ४१, ९१ ।
३५५ गोरखवाणी, पृ. ९६, १०२, १०५, ११३, ११४, १६५, १८८, १९० ।

योगीको मन उन्मन हुञ्छ । यही दशौं द्वारलाई केदार परब्रह्म या शिवको स्थान मानिञ्छ । यही आदिनाथ शिवसँग परिचय हुञ्छ । यो द्वार अदृश्य हुञ्छ । यही अवधूतले आध्यात्मिक जीवन व्यतित गर्न सफलता प्राप्त गर्दछ ।[३५६] भँवर गुफा पनि ब्रह्मरन्ध्रको वाचक हो । ब्रह्माण्डको अर्थ पिण्ड ब्रह्माण्डवादको निरूपणको विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । यस अर्थमा ब्रह्माण्ड पिण्डको संवाद हुने गर्दछ । यद्यपि उसको स्तर विश्वात्मक हुञ्छ । दोस्रो अर्थमा ब्रमाण्ड, ब्रह्मरन्ध्र, सहस्रदल कमल आदिको पर्याय हो । यसै प्रकार अन्य शब्दहरूमा विभषी सन्धि, बङ्कनाल या सुषुम्ना जहाँ इडा, पिङ्गाको पर्याय हो । यसैलाई पहिले नै त्रिकुटी भनिएको छ । शिवपुरी ब्रह्मरन्ध्रको वाचक हो ।[३५७]

कुण्डलिनी साधनाः

कुण्डलिनी साधनासँग सम्बन्धित दोस्रो क्रिया हो । विपरितकरण धारणाको मनमा पञ्चभूतत्त्वको धारणा हुञ्छ । मनको निश्चलत्व सम्पादन हुञ्छ । यस सम्बन्धमा अगाडि नै व्याख्या गरिसकिएको छ । यो मनोन्मनी साधना पनि एक प्रकारको विपरितकरण हो । जसमा मनलाई पल्टाएर अन्तर विषय नाद आदितर्फ आकृष्ट गराएर निश्चल गराइदिञ्छ । यसमा शरीरको पञ्चभूतलाई कुण्डलिनीको शरीरमा लीन गरेपछि प्रलयीकरण हुन जाञ्छ । अन्तत यो दिव्य हुन जाञ्छ । लौकिक स्थूलतत्त्वको लोकोत्तरीकरण पनि विपरीतकरण नै हो। हठयोग ग्रन्थमा 'विपरितकरणी मुद्रा' पनि पाइञ्छ । तथापि यो विपरीतकरण केवल सूक्ष्म तत्त्वसँग सम्बन्धित छ। यो विपरीतकरण उल्टो स्थापना हो, उल्टो क्रम हो। साँसारिक क्रमलाई उल्ट्याएर परमार्थिक बनाइदिनु विपरितकरण हो। दीक्षा पनि यसैको एक प्रकार हो । **साँसारिक क्रम, पित्रिक्रम, पुत्र क्रम, विन्दु क्रम हो । नाथमा गुरू क्रम, शिष्यक्रम, नादक्रम मान्य छ । दीक्षाको पूर्व साँसारिक क्रम चलिरहञ्छ** । तथापि दीक्षापछि नादक्रम या अलौकिक क्रम चलिरहञ्छ। शिष्य सिद्ध भएपछि अर्थात् ३६ लक्षाण सम्पन्न भएपछि गुरू शिष्य आदिमा भेद रहँदैन । त्यतिबेला उनीहरू कसैलाई पनि अग्रज जेष्ठ या श्रेष्ठ भनिँदैन। तथापि साँसारिक दृष्टिकोणबाट यो विपरितकरण हो । यस क्रमको सम्बन्ध

३५६ नाथ और सन्त साहित्य, पृ. ४०० ।

३५७ गोरखवाणी, पृ. ४६, १२२, १२५, २५, १०१, १०६, २:३९. २७४, १२६.१६, १७७ ।

अगाडि नै उल्लेख गरिसकिएको छ । मन, पवन, शब्द यी सबैलाई त्रिपुटीमा मिलाउन या केन्द्रित गर्नु विपरितकरण हो ।[३५८] कुण्डलिनी सुषुप्त रहनु बाह्य साँसारिक विषयमा मानसिक वृतिका साथ उन्मुख हुन, चञ्चल रहनु, साँसारिक दृष्टिकोणबाट हेर्दा सिधा क्रिया हो । उसलाई उल्टयाउनु कुण्डलिनीलाई जाग्रत गराएर सहस्रान्मुख गरिदिनु विपरीतकरण हो । यसप्रकारको उल्टो क्रियाको चर्चा पनि उल्टो नै हुञ्छ । काया सिद्धि या सिद्धदेहको वर्णन गर्ने समयमा 'काया पल्टयाउनु'को याख्या गरिएको छ । यसै प्रकार षट्चक्र भेदनका लागि पवनलाई उल्ट्याउनु आवश्यक बताइएको छ । यसै साधनाद्धारा चन्द्र, सूर्यलाई नजिक अर्थात् सम्मुख राख्नु, उल्टिएर फूल कलीमा आउनु, वृद्धबाट बाल रूपमा आउनु, उल्टो पछाडितर्फ आउनु अर्थात् परावृत हुनु, मनलाई उल्टयाउनु, कमललाई उल्ट्याउनु । तान्त्रिक मान्यताका अनुसार कमल वेध भएपछि अधोमुखबाट उर्ध्वमुख हुन जाञ्छ । रुधिरलाई उल्ट्याएर अमृतरस भर्नु, विपरितकरणको मुद्राबाट वायु स्थैर्य, चन्द्र र सुर्यलाई उल्याएर राहु, केतु, ग्रास गर्नु, चन्द्र सूर्यको समरसीकरण आदि सबै प्रकारान्तरले यसको विपरीतकरणतर्फ सङ्केत गर्दछ ।[३५९] यसप्रकार यो विपरीतकरण मन, पवन, इन्द्रिय, शुक्र, काया आदिको विपरितकरण हो । जसद्वारा शारीरिक अजरामरता परमतत्त्व साधना, दुवै सिद्ध हुन जाञ्छ । यसमध्येमा कुण्डलिनीलाई पल्टयाउनु अधिक महत्त्वपूर्ण छ । कुण्डलिनीलाई पल्टाएपछिको जागरण सहस्रान्मुख भएर गतिशील हुनुको परिणामत एकै हो । यसको यात्राका सम्बन्धमा मैले "योगी मत्स्येन्द्रनाथ र नेपाल" पुस्तकमा विस्तृत रूपमा व्याख्या गरेको छु । तान्त्रिकहरूले शक्तिलाई नै दुई रूप माञ्दछन् । शक्ति माया पनि हो र मुक्तिदायिनी पनि हो । कुण्डलिनी जबसम्म सुषुप्त रहञ्छ त्यतिबेलासम्म त्यो मायातर्फ उन्मुख जीव शक्तिको प्रतिक हो । जाग्रत भएपछि त्यही नै मोक्षदायिनी हो । नारी शक्ति रूपको बारेमा अगाडि नै उल्लेख गरिसकिएको छ । कुण्डलिनीका कुमारी, योषित, र पवित्रता विकासक्रम अनुसार ३ रूप हुञ्छन् । गोरखवाणीमा कुण्डलिनीलाई नारी भनिएको । तथापि अधिकांशतः नारी शब्दको प्रयोग 'रमणीय'का लागि उल्लेख गरिएको छ । यसप्रकारको यद्यपि कुमारी शब्द तान्त्रिक योगमा जाग्रत कुण्डलिनीको प्रथम अवस्था हो । यहाँ कुँमारी शब्द व्यवहारिक रूपमा भन्नुपर्दा

३५८ गोरखवाणी पृ. ५०, छं. १४४, पृ. १८७ ।

३५९ नाथ और सन्त साहित्य, पृ. ४०१ ।

मायाका लागि प्रयोग गरिएको छ । यस कुण्डलीलाई एक मायात्मक रूपमा स्वीकार गर्ने हो भने कुँमारी शब्दको प्रयोग कुण्डलिनीका लागि समीचीन (?) मान्न सकिञ्छ । यो तेश्रो शब्द कलालीन हो । मदिरापान गराउने नारीका रूपमा पनि कुण्डलिनीको कल्पना गरिएको छ । तथापि गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालले 'कलालीक'का रूपमा ब्याख्या गरेका छन् ।[३६०] बौद्ध सिद्धहरूले यसलाई सुषुम्ना सुन्दरी या अवधुतिका 'योगिनी'का रूपमा वर्णन गरेको पाइञ्छ ।

योगी गोरखनाथद्वारा प्रयुक्त जोगमणि शब्दलाई डा.बड्थ्यालले 'मनसा' बोधक मानेका छन् । मनसा अर्थात् इच्छारूप योगिनी कुण्डलीको बोधक हो। किनकि यस विषयमा भनिएको छः यो मनमा झुल्दै, मस्त हुँदै आउँदछ गगन मण्डलमा मणि बञ्दछ । वस्तुतः कुण्डलिनी जीवको इच्छा शक्तिको प्रतिक पनि हो । योगिनीको विषयमा मैले योगी मत्स्येन्द्रनाथ र नेपाल पुस्तकमा वर्णन गरेको छु । अगाडि नै उल्लेखित छ । मेरा सासु-ससुरा नाभी मणिपुर चक्रमा रहञ्छन् । म योगी मन ब्रह्मस्थान ब्रह्मरन्ध्रको निवासी हुँ अर्थात स्वयं आदिनाथ परमतत्त्व हुँ । इडा-पिङ्गलाको प्राणायामद्वारा मेरो योगिन कुण्डलिनीसँग भेट हुञ्छ । सुषुम्नामा मेरो निवास हुञ्छ । ..... नाभि मणिपूरलाई कुण्डलिनी शक्तिको निवास मानिञ्छ । यही शक्तिको मूल या आदि मायाद्वारा दृष्टिकोण निर्माण हुञ्छ । यसकारण उसलाई ब्रह्म या सावित्रीको निवास मानिञ्छ। यसैलाई सासु-ससुरा भनिञ्छ । किनकि यसैबाट स्थूल या भौतिक माया पैदा हुञ्छ । यसप्रकार योगीको मन नै साधक हो । योगीन मनसा या कुण्डलिनीका साथै योगी सदैव भोग निरत रहञ्छ ।[३६१]

कुण्डलिनी शब्द सर्पिणीको बोधक हो । यसकारण कुण्डलिनीको दोस्रो पर्याय नागिन हो । कुण्डलिनी या नागिन षट्चक्रको भेदन गरेर त्यसमाथि निवास गर्दछन् । त्यो माया अथवा शक्ति पनि हो । यसलाई काली सर्पिणीको रूपमा माया पनि भनिञ्छ । 'भुवंगन' या भुजङ्ग शब्द सर्पिणी या कुण्डलिनीको पर्याय हो । कतिपय स्थानमा यसलाई श्वास सर्प भन्नुको कारण श्वास जाग्रत भएको कुण्डलिनी सुषुम्नाको मार्गमा चलायमान हुञ्छ । सहज भावद्वारा

३६० गोरखवाणी, पृ. ९७, ९१, १५१, १५२, १५३, १७३, १०६, १२२ ।
३६१ गोरखवाणी, पृ. १०५-१०६ ।

बङ्कनाल भएर नाभीसम्म कुण्डलिनीलाई नै सर्पिणी या माया भनिन्छ ।[३६२] पातालको अर्थ अगाडि नै उल्लेख गरिसकिएको छ । कुण्डलीलाई पातालको गङ्गा पनि भनिन्छ । किनकि यहाँबाट निस्केर भूतपरिशोधिका हुँदै सहस्रारसम्म प्रवाहित हुन्छ ।[३६३] दर्शन र साधना दुवै दृष्टिकोणले महत्त्वपूर्ण शब्द शक्ति हो । शक्तिको प्रयोग नाथ ग्रन्थहरूमा कैयौं अर्थमा वर्णन गरिएको पाइन्छ । कुण्डलिनी माया शक्ति शिवको अभिन्न तत्त्व, रज, रवि अर्थात् बृहस्पति । यसमा पहिलो ३ अर्थहरू मुख्य छन् । कहिले काहीं पहिलो र दोस्रो अर्थको मिश्रण पनि हुन जान्छ । डा.पिताम्बरदत्त बड्थ्यालले गोरखवाणीमा यी दुवैको अर्थ मिलाएर अर्थानिरूपण गरेका छन् जसको विवेचना अगाडि नै उल्लेखित छ । शक्ति उल्टिएर जब ब्रह्माण्डमा पुग्दछ तथा नङदेखी शिखासम्म वायु खेल्न थाल्दछ यतिबेला चन्द्रमा उल्टिएर राहुलाई ग्रस्त गराइदिन्छ । यसै शक्तिले आदिनाथ शिवसँग विभिन्न क्रियाद्वारा योग गराउँदछ । यसै शक्तिले शिवसँग योग गराएपछि उन्मनी सिद्ध हुन जान्छ । यसलाई 'रज' र शिवको विन्दु भनिन्छ । जसलाई विलक्षण योगसाधना मानिन्छ । यसको निवास अधोभागमा रहन्छ । सूर्यचन्द्र साधनासँग सम्बन्धित भएपछि रवि अर्थात बृहस्पति शक्ति हो । जसमा शिव चन्द्रमासँग जोडिन जान्छन् ।[३६४] शिव शक्ति योग सम्बन्धी यस व्याख्याले शक्तिको दार्शनिक रूपको कुनै परिचय पाइँदैन । तथापि शिवशक्ति सम्बन्धका विषयमा जति विषयवस्तुहरू तान्त्रिक योगमा विवेचना गरिएको छ त्यसलाई दृष्टिगत राखेर विचार गर्दा मात्र स्पष्ट हुन जान्छ । जुन महायोगी मत्स्येन्द्रनाथ र नेपाल पुस्तकमा मैले विवेचना गर्ने प्रयास गरेको छु । नाथका हिन्दी रचनाहरूमा पनि हारी र गागरको प्रतीक पनि व्यवहारिक छ । चक्रका अनुसार पनि हारिन आत्माको स्थानमाथि ब्रह्मरन्ध्र हो तथा कुण्डलिनी गागर जसद्वारा ब्रह्मरन्ध्र रसको अनुभव हुन्छ त्यो मूलाधारमा छ ।[३६५]

अन्य नाथ सिद्धहरूमा बालगुदाइले कुण्डलिनी शक्तिको महत्त्वतर्फ सङ्केत गर्दै भनेका छन् । कुण्डलिनी शक्ति त्रिभुवन जननि हो । यो आदि कुमारी सम्पूर्ण सृष्टिको नारी भोग्या हो । ब्रह्मा, विष्णु र रुद्रको उत्पत्ति गर्ने पनि

---

३६२ गोरखवाणी, पृ. १६५, १६६, ६३ ।

३६३ गोरखवाणी, पृ. २ ।

३६४ नाथ और सन्त साहित्य, पृ. ४०३ ।

३६५ गोरखवाणी पृ. १४२ ।

यही हो । पिण्डगत कुण्डलिनीलाई उत्थित गरेर गगनमा चढाइन्छ । जसको परिणाम स्वरूप साधकको निर्भयता तथा सिद्धदेहको उपलब्धि हुन्छ । अनेकौं जन्मको दुःखबाट मुक्ति मिल्दछ । त्रिभुवन जननीको कुण्डलिनी रूपले उसको विश्वात्मक रूपतर्फ सङ्केत गर्दछ । जसलाई महाकुण्डलिनीको नामले सम्बोधन गरिन्छ । पृथ्वीनाथले पनि कुण्डलिनी साधनाको व्याख्या गर्दै भनेका छन् । यो हाम्रो योग युक्ति छत्र र सिंहासनको महाशक्तिको निवास स्थान हो । विलक्षण पुरुषका लागि आकाश मन्दिरको रचना पनि हो ।[३६६] यसप्रकार स्पष्ट छ शक्ति या कुण्डलिनी शब्द पिण्डगत एवं ब्रह्माण्डगत दुवै अर्थमा बुझ्न सकिन्छ । यसको दार्शनिक अर्थको उद्घाटनले साधनागत अर्थको अपेक्षा कम हुन जान्छ ।

धारणा अन्तर्गत कुण्डलिनी योग सम्बन्धी माथि जुन विवरण उल्लेख गरिएको छ त्यसमा सम्पूर्ण सैद्धान्तिक विवरणहरू उपलब्ध छैनन् । तान्त्रिक योग या नाथ ग्रन्थहरूको विवेचना अगाडि नै उल्लेख गरिसकिएको छ यस व्याख्यामा मुद्रा, विशेष गरेर पञ्चधारणा मुद्रा, लय क्रिया, भूतलय, भूतजय, ग्रन्थी वर्णन, मानस पुष्प ईश्वरलाई समर्पण, कुण्डलिनीको उर्ध्व, मध्य अधः, हंस मन्त्र र कुण्डलिनीको योग, पञ्चमहाभूत, ग्राम धारणी, कुण्डलिनी आदिको व्याख्या स्पष्ट रूपमा पाइँदैन । तथापि कुण्डलिनी जागरण र षट्चक्र भेदनको विस्तृत विवरण उपलब्ध छन् । यसबाट यो स्पष्ट हुन्छ कि नाथ ग्रन्थहरूमा प्राणायाम साधनापछि दोस्रो साधनात्मक प्रक्रिया कुण्डलिनी योग या षट्चक्र भेदन हो । उपर्युक्त विवेचनामा अधः उर्ध्व साधना या धरती-गगन साधनाको परिचय पाइन्छ । नाथ सम्बन्धी संस्कृत ग्रन्थहरूमा व्याख्या गरिएको छ । नाथयोग र तान्त्रिक योगको समानतामा व्याख्या वर्णन गरिएको छ । त्यसैगरी 'धावा पृथ्वीको' जुन युग्मको प्रतीकात्मक व्याख्या वर्णन कुण्डलिनी योगको शब्दावलीका माध्यमद्वारा उल्लेख गरिएको छ, त्यसलाई ऋग्वेदीय धावा पृथ्वीसँग मिलाएर उसको परम्परा वैदिक र तान्त्रिक साधना दुवैलाई समन्वय गर्न सकिन्छ ।[३६७] अमृत साधना या अमर वारुणी पानको साधना अजरअमर निर्जर विवुध सुरदेवताको दिव्य सोम साधनासँग सम्बन्धित उसको उज्ज्वल परम्पराको रूपमा लिन सकिन्छ ।

---

३६६ नाथ सिद्धो कि वानिया, पृ. ९६-९७, ७१ ।

३६७ गोरखवाणी, १८८.२२ ।

ध्यानः

नाथको षडङ्ग योगमा धारणापछि ध्यानको स्थान रहेको छ । जसलाई परमाद्वैत भाव भनिञ्छ । पदार्थ या तत्त्वको आत्मस्वरूप अनुसार भावनाको क्रिया यसैमा हुञ्छ । परिणामतः यसलाई सबै भूतको अर्थात् विगतको समदृष्टि उपलब्धि मानिञ्छ । पूर्ण निश्चलत्व सम्पन्न हुञ्छ । नाथ ग्रन्थहरूमा ध्यान र समाधिका लागि प्रायः ताली शब्दको प्रयोग पाइञ्छ । डा.पिताम्बरदत्त बड्थ्यालले कतिपय स्थानहरूमा ताली शब्दको अर्थ ध्यान भनेका छन् भने कुनै कुनै ठाउँमा समाधि । यसमा कुनै सन्देह छैन समाधि ध्यानको पूर्ण परिपक्क अवस्था हो । कुण्डलिनी साधनाको प्रसङ्गमा भनिसकिएको छ आज्ञा चक्र जसको स्थान भ्रूमध्य त्रिकुटी हो । त्यसमा मन उन्मनी हुन जाञ्छ अर्थात् मनोलय हुन जाञ्छ । मन जब पूर्ण र अचञ्चल एवं नाद श्रवणद्वारा एक विषयानुभावी हुन जाञ्छ त्यति बेला उसलाई उन्मन भनिञ्छ । योगी गोरखनाथले कण्ठ, विशुद्धि चक्रमा ध्यान गर्न भन्नुभएको छ । दोस्रो स्थानमा भ्रमर गुफामा मनलाई स्थिर गरेर ध्यान गर्न उपदेश दिनुभएको छ ।[३६८] गोरक्ष पद्धतिमा जसरी चक्रमा ध्यान लगाउन भन्नुभएको छ, त्यसैगरी अन्य ग्रन्थहरूमा शरीरको नाडीका ७ गाँठाहरू एवं अधः उर्ध्वगामी श्वास प्रक्रिया ध्यान लगाउन आदेश दिनुभएको छ ।[३६९] यो अवस्थामा पिण्डभन्दा बाहिर अन्य कुनै ध्यान लगाउनुमा कुनैपनि प्रश्नचिन्ह खडा हुँदैन । आफूभित्रको शक्ति दोस्रो ध्यानमा कहीँ पनि रङ्ग या वर्णको व्याख्या पाइँदैन । सगुण ध्यानको परोक्ष अभावमा यसप्रकारको निर्गुण ध्यानको मान्यताको अधिक सम्भावना रहञ्छ । वेद सम्बन्धी विवेचनामा अगाडि नै उल्लेख गरिसकिएको छ । नाथ स्वसंवेध या स्वअनुभव अर्थात् स्वानुभुत्यात्मक ज्ञान आफूभित्रको शक्ति र संसारलाई चिन्नु, बुझ्नुलाई नै ज्ञान भनिञ्छ । बाह्य रूपमा देखिने विश्वविद्यालयको उपाधि र भौतिक ज्ञान, ज्ञान होइन । यस्ता ज्ञानले कुनैपनि प्रकारको प्रमाणलाई स्वीकार गर्दैन । स्वसंवेधको प्रभाव सबैभन्दा महत्त्वपूर्ण विशेषता यो न अनिवर्चनीय हुञ्छ न अनुभव गम्य हुञ्छ । यही नै नाथलाई मान्य छ । नाथहरूले ध्यानबाट जे देख्दछन् त्यो अगम, अगोचर, असिम, अदेख, अलेख, अनुपम, अतित, अनंन्व निरञ्जन अचिन्त्य,

३६८ गोरखवाणी, पृ. १२२, १९२ ।

३६९ गोरखवाण, पृ. १६७ ।

अलक्ष्य अविनाशी आदि हो ।[३७०] यसकारण नाथ सिद्धहरूले यस प्रकारका द्रष्टालाई 'अलख बिनाली' 'अलक्ष्य विज्ञानी' भन्दछन् । यस्ता पुरुषलाई अति पुरुष निरञ्जन अलेख पुरुष आदि भनिञ्छ । कतैकतै अनन्त सूर्यको उदयको उपमा पनि दिइञ्छ । 'उरम धुरम ज्योति उजाला' पदको व्यवहारमा उसको अनन्त प्रकाशको व्याख्या गरिएको छ । घेरण्ड सहिंतामा सूक्ष्म ध्यान अर्न्तगत तेजो ध्यान र ज्योर्तिध्यानको वर्णन गरिएको छ । निर्गुण ध्यान, ज्योर्तिध्यान या तेजोध्यानको प्रतीत हुञ्छ । गोरखवाणीमा तेज र ज्योति दुवै शब्दलाई प्रकाशका रूपमा व्याख्या गरिएको छ ।[३७१]

डा. पीताम्बरदत्त बड्थ्यालले ताली शब्दको अर्थ कहीँ ध्यान र कहीँ समाधिको रूपमा व्याख्या गरेका छन् । केवल ध्यान लगाउने अर्थमा मात्र पनि प्रयोग गरेको पाइञ्छ । महायोगी गोरखनाथका ग्रन्थहरूमा केवल ध्यान शब्दको प्रयोग गरिएको छ जहाँ मुख्य विषयहरू रहेको पाइञ्छ । योगी गोरखनाथका अनुसार हाँसखेल गर्दा ध्यान क्रिया गरिरहनु पर्दछ । उहाँले भोग भक्षाण आदिलाई ध्यानको अवरोधक र नाशक अर्थात् नाश गर्ने मान्नुभएको छ । यस क्रियाका लागि कुनै निश्चित समयको बन्धन लगाइएको छैन । रातदिन समान रूपमा ध्यान गर्न भनिएको छ । यसका लागि आसनको दृढता र मूलाधारको संकोच आवश्यक मानिञ्छ । यसका लागि कायाको चिन्ता लिनु पर्दैन किनकि त्यसको आवश्यक्ता छैन । काया अर्थात् स्थूल, भौतिक विषयहरूलाई छोडेर सकल विधिको समायोग आदिनाथको ध्यान गर्न भनिएको छ ।[३७२]यस ध्यान वर्णनबाट स्पष्ट हुञ्छ नाथ सिद्धहरूले जसरी अजपा जपको स्वभाविक श्वास क्रियाद्वारा अयत्न जप गरिदिनु आवश्यक सम्भञ्छन् त्यसैगरी ध्यानलाई आफ्नो आध्यात्मिक जीवनको नैसर्गिक क्रिया बनाउन चाहञ्छन् । जीवको सामान्य क्रियाहरूमा पनि जप र ध्यानलाई समावेश गर्न चाहञ्छन् । यो वस्तुतः सम्पूर्ण दैनिक साँसारिक जीवनको दिव्य जीवनमा परिवर्तन हो । यो पनि स्पष्ट छ कि यो क्रिया श्वास नियन्त्रण, विन्दुस्थैर्य, मनस्थैर्य, भूत शुद्धि, भूतजय, कुण्डलिनी जागरण, त्रिकुटीको पूर्ण सिद्धिपछि नै सम्भव छ । चौणकनाथ

---

३७० गोरखवाणी, पृ. ८.१०९, ११०, १२७, १०३, १.७३, ४६.१९८, २०२, ३६, ९७.१०१, ६६ ।

३७१ नाथ और सन्त साहित्य, पृ. ४०६ ।

३७२ उही पृ. ४०६ ।

जसलाई चुणकरनाथ पनि भनिन्छ, उनले अजपा जप र नादानुसन्धानको सिद्धिपछि त्यसको सहायताले ध्यान गर्न भनेका छन् । यसप्रकारको साधनाबाट उद्‌भूत ज्ञानको उपलब्धी हुन्छ । जसद्वारा साँसारिक योगको संहार अर्थात् योग सम्बन्धी विस्तृत कठिन क्रियाहरूको संकोच पापमाथि प्रहार हुन्छ ।[३७३]

समाधि उसको पर्याय र उन्मनीः

षडङ्ग योग अन्तर्गत व्याख्या व्याख्या गरिएको अन्तिम अङ्ग समाधि हो । पातञ्जल योगको समाधि अन्तर्गत गरिएको वर्णन सवितर्क-निर्वितर्क तथा सप्रज्ञात-असंप्रज्ञातको भेद अत्यन्त सूक्ष्म रहेको छ । समाधिको त्यसप्रकारको व्याख्या यहाँ उपलब्ध छैन । नाथ सिद्धहरूका अनुसार समाधि त्यो अवस्था हो जहाँ सबै समस्थिति रहन्छ । निरुद्यमद्य र अनायासको स्थिति रहन्छ । समाधिबाट नै मोक्षको प्राप्ति बताइएको छ । जसमा राम्रा नराम्रा सबै कर्महरूको त्याग हुन जान्छ । विश्वतोन्मुख अनन्त परम ज्योतिको साक्षात्कार हुन्छ । यसमा क्रियाकर्म आवागमन आदिको सत्ता रहँदैन । जीवात्मा-परमात्माको एक्यवद्धता नै सबै प्रकारका द्वन्द्वको एकता हो । यस अवस्थामा सम्पूर्ण संकल्पहरूको नाश हुन जान्छ । जब प्राण सम्यक प्रकारले क्षीण हुन जान्छ मानसलाई लय प्राप्त हुन्छ । जब समरत्वको प्राप्ति हुन जान्छ त्यसलाई समाधिको प्राप्ति भनिन्छ । त्यो समय योगीका लागि शब्द, रूप, रस, गन्ध, स्पर्शको सत्ता रहँदैन किनभने पञ्चभूत, तान्निर्भित पदार्थ, पञ्चेन्द्रिय, सबै लयमा प्राप्त भईरहन्छन् । त्यो समय म को मेरो को अर्काको भन्ने भाव रहँदैन । हठयोग प्रदीपिकामा समाधिको जुन वाचक शब्दको सूची दिइएको छ । समाधि वस्तुतः उपलब्धि अवस्था हो । यसको विस्तारित वर्णन अगाडि नै उल्लेख गरिसकिएको छ ।[३७४]

हठयोग प्रदीपिकामा समाधिका जुन वाचक शब्दहरूको सूची दिइएको छ ती निम्नलिखित छन् :-

राज योग, समाधि, उन्मनी, मनोन्मनी, अमरत्व, लय, तत्त्व, शून्याशून्य, परमपद, अमनस्क, अद्वैत, निरालम्ब, निरञ्जन, जीवनमुक्ति, सहजा, तुर्या । नाथ ग्रन्थहरूका आधारमा यी शब्दहरूमाथि विचार-विमर्श गरिन्छ । कतिपय नाथ

३७३ नाथ सिद्धो कि वानिया, पृ. ५२ ।
३७४ नाथ और सन्त साहित्य, पृ. ४०७ ।

ग्रन्थहरूमा समाधिको अवस्थाका लागि राजयोग शब्द व्यवहारमा पाइँदैन । योगी गोरखनाथले समाधि शब्दलाई स्पष्टतः व्यवहारित गर्नुभएको छ जसमा समाधि लाग्दछ । यसभन्दा पूर्व वर्णन गरिएको चक्र विशुद्धि चक्र हो । चक्र सम्बन्धी विभिन्न विवरणहरूलाई तुलना गरेर अध्ययन गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ चन्द्र चक्र तान्त्रिकको आज्ञा चक्र हो । यहाँ छैठौं चक्र रहेको छ । यसैगरी ज्ञान चक्र पनि कण्ठ चक्र माथिको छैठौं चक्र हो । जसमा साधकलाई विश्राम मिल्दछ । अगाडि नै उल्लेख गरिसकिएको छ पञ्चचक्रमा पञ्चभूतको लयपछि छैठौं चक्र आज्ञा चक्रमा मनोलय सम्पन्न हुञ्छ । जसरी पञ्चचक्रमा भूत, परिशुद्ध र विजित हुञ्छन्, यसैगरी छैठौं चक्रमा मन परिशुद्ध र विजित हुञ्छ । त्यसमा विषय उन्मुख भएर चञ्चल रहने शक्ति हुँदैन । यस प्रकारको आज्ञा चक्रमा मन शान्त एवं निश्चल हुन जाञ्छ । त्यहाँ ऊ एक विषय उन्मुख हुन जाञ्छ । वस्तुतः उन्मनी अवस्था जसमा परिशान्त निश्चल मन उर्ध्वमुख भएर अलौकिक तत्त्वमा लिन हुन जाञ्छ । तत्पश्चात् उन्मनी अवस्था आउँदछ ।[३७५] बड्थ्यालले गगन मण्डल, सहस्रार र ब्रह्मरन्ध्र आदिलाई एकै मानेका छन् । यो हो भने सम्भवतः समाधिको अवस्था मनको उन्मन अवस्थालाई देखेर आज्ञा चक्रक्रोर्ध्व, सहस्रारको स्थितिमा उनमा ध्यान आएको हुनुपर्दछ । योगी गोरखनाथले भन्नु हुञ्छ कि मनमुख लागेपछि समाधि लाग्दछ ।[३७६] गुरूमुख आदि शब्दहरूको विवेचना गर्दा अगाडि नै उल्लेख गरिसकिएको छ । 'मुख'को अर्थ उन्मुख हुनु, तदनुकूल हुनु, तदनुशरण गर्नु आदि हो । यस प्रकारको मनको स्थितिका विषयमा भनिएको छ योगी गोरखनाथले मनलाई ३ अवस्थामा मान्नुहुञ्छ । यात गुरूको काखमा रहञ्छ या कामिनीको काखमा रहञ्छ या उदास हुञ्छ । यसमध्येमा साधन उपयोगी मनको उन्मुखता सिद्ध गुरूको काख नै हो । यस दृष्टिकोणबाट विचार गर्दा यहाँ परिशुद्ध मन या उन्मुख मन या गुरूको उपदेशको अनुसरण गर्ने मन नै मनमुख हो । यद्यपि साधकको अवस्थाको विचार गर्ने समय, गुरूमुख र मनमुख क्रमशः साधना उपयोगी एवं साधना विरोधी मानिएको छ । जसको व्याख्या अगाडि नै गरिसकिएको छ । यसैगरी निर्वाण समाधि पनि बताइएको छ, जसको रक्षा सदैव सिद्ध गुरूले गर्दछन् ।[३७७] समाधिका प्रकारको व्याख्या अगाडि दिइएको छ ।

३७५ उही पृ. ४०८ ।

३७६ गोरखवाणी, पृ. १९२, १०२, १९४ ।

३७७ गोरखवाणी, पृ. ७४ ।

उन्मनीको सम्बन्धमा अगाडि नै उल्लेख गरिसकिएको छ। प्रथम पाँच चक्रमा पञ्चभूतको विलयपछि आज्ञा चक्रमा मनको लय हुन जाञ्छ। प्रत्याहारको प्रसङ्गमा भनिएको छः पञ्च ज्ञानेन्द्रियको विषयबाट प्रत्याहरण नै प्रत्याहार हो। तत्पश्चात पञ्चभूतको लयको क्रममा आउँदछ। यसको लयपछि मनोलय या मानस्थैर्यको क्रम आउँदछ। गोरखवाणीमा पञ्चभूत तत्त्वको लयको कुनै विवरण पाइदैन। केवल ज्ञानेन्द्रियको नियन्त्रण निश्चलत्वको पटकपटक व्याख्या गरिएको छ। वस्तुतः जहाँ लय शब्द र क्रियाको सम्बन्ध रहेको छ गोरखवाणीमा कहीँ पनि प्रयोग र व्याख्या गरिएको छैन। तथापि उन्मनी योग र उन्मनी साधनाको व्याख्या पर्याप्त रूपमा पाइञ्छ। भनिञ्छ योगी दशमद्वार ब्रह्मरन्ध्रमा समाधिस्थ हुन जाञ्छ। यसप्रकारको योगमा मन पवनको योगतर्फ पटकपटक सङ्केत गरिएको छ। जबसम्म प्राणको नियन्त्रण हुँदैन तबसम्म उन्मनाअवस्था सिद्ध हुन सक्तैन। जब सूर्य र चन्द्रमाको योगले अथवा प्राण र अपानको योगले उन्मना अवस्था सिद्ध हुन जाञ्छ। ब्रह्मरन्ध्र शून्य- शून्यमण्डलमा अमृत झर्न लाग्दछ।[३७८] योगी गोरखनाथले मनलाई असाध्य भन्नुभएको छ। जब यो मन सिद्ध हुन जाञ्छ त्यतिबेला अनाहद नादको गर्जन हुन थाल्दछ र उन्मनी समाधि लाग्दछ। अनाहद नादबाट नै मन आकर्षित भएर निश्चल भएर उन्मन हुन जाञ्छ। डा.पिताम्बरदत्त बड्थ्यालले उन्मना अवस्थालाई तुरिया अवस्था पनि भन्नुभएको पाइञ्छ। यो अवस्था गगन मण्डलमा प्राप्त हुञ्छ। यस उन्मनी अवस्थाका लागि शिवशक्ति योगलाई उपाय स्वरूप बताइएको छ। यो अवस्था प्राप्त भएपछि महारसको पानको अवस्था योगीहरूले प्राप्त गर्दछन्।[३७९] यसप्रकार दोस्रो शब्दमा भन्नुपर्दा मनको अचञ्चल शून्य अवस्था नै उन्मनी अवस्था हो। जसको साधना, पवन, कुण्डलिनी, लय, नाद आदिद्वारा सम्पन्न हुन जाञ्छ। यी साधनाहरूको एकआपसमा के सम्बन्ध छ अगाडि नै उल्लेख गरिसकिएको छ।

अमृत साधनाः

ब्रह्मरन्ध्र प्रकरणमा अमृत साधना या अमरवारुणी पानको साधनातर्फ प्रसङ्ग वश सङ्केत गरिसकिएको छ। महायोगी गोरखनाथले भन्नुभएको छः

---

३७८ गोरखवाणी, पृ. ४७.१३, १९.२०।

३७९ गोरखवाणी पृ. ३२, ३७, १८८, १९३।

षट्दल कमल या स्वाधिष्ठान कमलको भेदन भएपछि अमृत रस पिउन मिल्दछ । जीवनमुक्त, योगी दिनरात दृष्ट पदार्थका बीच अदृष्ट अगम एवं अपारतत्त्वको दर्शन गर्दछ, अखण्ड अमृत धारा पान गर्दछ । निस्सार माथिक वस्तुबाट सारवान तत्त्वको ग्रहण हुञ्छ । पञ्चतत्त्वद्वारा निर्मित वस्तुहरू निस्सार हुन् । त्यसको संसर्गले विष हुन जाने तत्त्व गुरू वचनले अमृत बन्न जाञ्छ । बङ्कनालद्वारा बन्ने जल नै अमृत हो । गोरखवाणीको अर्थ निर्णयमा बड्थ्याललें बङ्कनालको नाभिसँग सम्बन्ध भएको उल्लेख गरेका छन् । यसै बङ्कनालमा जब सूर्यको उदय हुञ्छ, त्यतिबेला रौं रौंमा तूर्यनाद हुञ्छ । यसै प्रकार शून्य मण्डलमा ब्रह्मरन्ध्र बाट निर्झर अमृत बग्दछ ।[३८०] अमृत साधना या अमृतपान या वारुणी साधनालाई गोरखनाथले एकठाउँमा एकात्मक व्याख्या गर्नुभएको छ । उहाँका अनुसार उपलब्धीको अवस्थामा एक्काइस ब्रह्माण्डमा अमृत श्राव हुन जाञ्छ । सबै ठाउँमा साधकलाई अमृतको दर्शन र ग्रहण हुञ्छ । यस अमृतमा नित्य मादकता रहेको छ । जसद्वारा योगी सधैँ मतवाला बनिरहञ्छ । योगीको इच्छारूप, कलालिन, राम्रो प्यालामा भरि-भरि साधकलाई दिञ्छ । आफ्नो इच्छा शक्तिको बलले यस अमृतलाई पान गर्दछ । यस अमृतको निर्माणमा अमृता अनुभवको दाख भट्टीका पात्रमा भरिन्छ । त्यसमा गुरू माधुर्य राखेर पिलाइन्छ । मन मछुवा जस्तो शरीर घाघुड जस्तो हुञ्छ । त्यसमा विभिन्न प्रकारका वनस्पति, विभिन्न प्रकारका यौगिक प्रक्रियालाई उपयुक्त मानिएको छ । ब्रह्मरन्ध्रमा आसन लगाएर बालयोगी ध्यानमा मग्न भएर बस्दछ । अत्यन्त सावधानीका साथ उसको निर्वाण सम्पन्न गरिञ्छ । यस प्रकारको अमृत वारुणीको निर्माण गरेर चैत्यन्य आत्मा रूप भरेर मध्यपान गर्दै परिणामस्वरूप युगयुगसम्म बन्ने समाधि लाग्न पुग्दछ । त्रिकुटीसँग समरूपी कुपी मदले भरिएपछि अपार मद तयार हुञ्छ । यस निर्मल मदिरापान गर्ने साधक अवधूत हुन जाञ्छ ।[३८१] यसप्रकारको यस अमृत साधनामा तन र मन दुवै सहायक भएर अमृतानुभव गर्दछन् । दोस्रो दृष्टिकोणमा यो साधना पिण्डात्मक विश्वात्मक दुवै रूपमा परस्पर संयोगको परिणाम पनि हो । व्यष्टिको दृष्टिकोणबाट तन मन र कुण्डलिनी तथा समष्टि दृष्टिबाट ब्रह्माण्डगत स्तरमा अमृतको एकत्वको अनुभव- यी विचारहरू यस रूपकात्मक वर्णनको मूल रूपमा देखिञ्छन् ।

३८० नाथ और सन्त साहित्य, पृ. ४१० ।

३८१ गोरखवाणी, पृ. १२२-१२३ ।

यो वारुणी साधना रस साधना हो । वारुणी साधना अन्तर्गत खेचरी मुद्राको वर्णन गरिएको पाइन्छ । योगी गोरखनाथको वाणीमा खेचरी मुद्राको सहायताले वारुणी पानको व्याख्या एक ठाउँमा गरिएको छ । जहाँ भनिएको छ- जिह्वा अर्थात् जिब्रोलाई उल्टाएर तालु मूलमा राख्नुपर्दछ जसद्वारा सहस्रारस्थित चन्द्रद्वारा स्रवित हुने अमृतको आस्वादन हुन जान्छ ।[३८२] भरर्थरीले खेचरी मुद्राको सहायताले वारुणी पानको व्याख्या गरेर माया त्यागको कुरा गरेका छन् ।[३८३] अगाडि नै उल्लेख गरिसकिएको छ- अमृतलाई महारस पनि भनिन्छ । यसकारण अमृत साधना नै रस साधना हो । पक्व देह र अपक्व देहको परिचय दिने समयमा यस सम्बन्धमा पनि व्याख्या गरिएको छ । यस साधनाका अनुसार सामान्य साँसारिक व्यक्तिको शरीर जन्म मृत्युको अधिनमा हुन्छ । नाथहरूले कायालाई अजर अमर बनाएर त्यसलाई बालस्वरूपमा राख्ने प्रयत्न रसायन विद्याको सहायताबाट गर्दछन् । गोरक्ष सिद्धान्त सङ्ग्रहमा **'रसायन महाविद्या सिद्धिर्भवति निश्चितम'** भनिएको छ । रसायनको प्रयोगले भौतिक शरीरलाई केही समयसम्म रोगबाट मुक्त राख्न सक्तछ । तथापि नाथ योगीहरू यसलाई न स्थायी मान्दछन् नत सिद्धि प्राप्तिका लागि यथेष्ट मान्दछन् । षट्कर्म र आसन मुद्राद्वारा काल अर्थात् मृत्युमाथि विजय प्राप्त गर्नु नै योगीको लक्ष्य हो । अमृत पान नै मुख्य साधना हो । तथापि सहस्रारमा अमृतस्रावक चन्द्रमाको स्रावलाई मुलाधारमा सूर्यले ग्रहण गर्दछ । यसकारण चन्द्रमा झिलीमिली गर्दा पनि अमाअवस्था अन्धकार रहन्छ । यसकारण योगी गोरखनाथले मीनमार्गबाट जाने आदेश दिनुहुन्छ । चन्द्र विरोधी सूर्यलाई चन्द्रसम्मुख गर्न भन्नुभएको छ । यसप्रकारको अमृतरसको आस्वादन गरेर कालजयी हुन भनिएको छ । सुषुम्नाको मध्यवर्ती चित्रा नाडीको सहायताले कुण्डलिनी सहस्रारमा गएर अमृतपान गर्ने योगीहरूको साधना हो । यस साधनामा विन्दु रक्षाको लक्ष्य स्थिर राख्नका लागि नाथ मार्गमा पटकपटक उपदेश पाइन्छ ।[३८४] चन्द्र स्रावको पानले अमृत तत्त्व प्रदान गर्दछ । चन्द्रामृत वास्तविक अमृत हो ।

---

३८२ गोरखवाणी, पृ. ४६ ।

३८३ नाथ सिद्धो कि वानिया, पृ. ३२ ।

३८४ नाथ सम्प्रदाय इतिहास ओ दर्शन साधना प्रणाली, पृ. ५७१, ५७२, गोरखवाणी पृ. २० ।

समाधिको अन्य पर्यायः

अन्य शब्दमा तत्त्व र शून्या शून्य शब्द रहेका छन् । तत्त्वोउपलब्धी भएपछि चङ्गा मनमा सबै ठाउँमा निर्मल स्वच्छ गङ्गा देखिञ्छ । यद्यपि तत्त्वको उपलब्धि हुञ्छ तथापि यसको न कुनै रेखा छ न रूप छ । उसलाई एठय विलक्षण बेलि अर्थात् बेलको रूपमा कल्पना गरिएको छ र भनिएको छः उसमा शारक-मूल-फूल आदि विहिन बिना सिञ्चाई पनि ऊ सतत् बर्द्धभाव छ । यो तत्त्व निजत्व हो । जसको साक्षात्कार गरेपछि आफ्नो-पराई भन्ने भाव रहँदैन, सबै भेदहरू मेटिञ्छ ।[३८५] शून्य शब्द सर्वाधिक महत्त्वपूर्ण छ । शून्य शब्दले एकठाउँमा समाधिको अवस्थातर्फ सङ्केत गर्दछ । सिद्धहरूको जनक, पालन, पोषण गर्ने शून्य नै र आफ्नो शून्य नै परमो पास्य ब्रह्म हुञ्छ । यस शून्यको परिचयले साधक स्थिर, निश्चल र गम्भीर हुन जाञ्छ । दोस्रो स्थानमा शून्य शब्द ब्रह्मरन्ध्रको घोतक हो ।[३८६] शून्यको सामान्य अर्थ निस्सार खोक्रो फलरहित आदिको रूपमा पनि वर्णन गरिएको छ ।[३८७] नागार्जुनले चतुष्कोटिविर्निभुक्त शून्यको विवेचना गरेका छन् । शून्यको अर्थ अभाव पनि हो । तथापि नागार्जुनको शून्य योभन्दा विलक्षण रहेको छ । परमतत्त्वको निर्वचनको समय बस्ती र शून्य दुवै शब्दको प्रयोग सद्भावनात्मक र असद्भावनात्मक अर्थलाई व्यक्त गर्नका लागि गरिएको छ । डा.बड्थ्यालका अनुसार ब्रह्मको अभावात्मक पक्षको अभिव्यक्तिका लागि योगी गोरखनाथले शून्य शब्दको प्रयोग गर्नुभएको छ । तथापि योगी गोरखनाथले बाल ब्रह्मको वर्णन गर्नुभएको छ । त्यो निश्चय पनि भावाभावविर्निमुक्त हो । नागार्जुनको शून्य यो भन्दा सर्वथा भिन्न रहेको छ ।[३८८] शून्यवादी शून्यको विषयमा भनिएको छः संसारका सबै वस्तुहरूको निस्सारता नै उसको स्वभाव हो । यो स्वभाव जो चतुष्कोटीविर्निभुक्त छ त्यसैलाई शून्य भनिञ्छ । यदि हामीले दोस्रो दृष्टिकोणबाट हेर्नें हो भने यो वस्तुतः परम सताको निषेधात्मक या अभावात्मक स्वीकृति हो । यसबाट त्यो तत्त्वको सूक्ष्मतातर्फ सङ्केत हुञ्छ । योगी गोरखनाथले सूक्ष्मको अर्थमा पनि शून्य शब्दको प्रयोग

---

३८५ गोरखवाणी पृ. ५३, १०६, १०३१ ।

३८६ उही पृ. ७३, ७, २०, २८, ३२, १३१ ।

३८७ गोरखवाणी, पृ. ३४ ।

३८८ तान्त्रिक बौद्ध साधना और साहित्य पृ. ५०, ५छ ।

गर्नुभएको छ । यो शब्द नित्य सतावान् तत्त्वको वाचक पनि हो । चक्र एवं कुण्डलिनी साधना सम्बन्धी विवरणको दृष्टिकोणबाट हेर्दा शून्य ब्रह्मरन्ध्र या गगन मण्डल या आकाशको वाचक हो । नाथ ग्रन्थहरूमा जुन प्रकारले शून्य, अति शून्य, महाशून्य र विशुद्ध शून्य नामले चार शून्यको व्याख्या गरिएको पाइन्छ ।[३८९] यस व्याख्यालाई ध्यान दिएर हेर्ने हो भने विशुद्ध शून्यको अर्थ शून्यद्वारा व्यक्त गरिन्छ । गोरक्षा बोधलाई उद्धृत गर्दै डा.कल्याणी मल्लिकले लेख्दछन्ः यसमा व्याख्या गरिएको योगसाधना शून्य साधनाको नामान्तर पनि हो । यो सुन्य निराकार छ । साकार उपासना या ब्रह्मलाभमा शून्य तत्त्वको कुनै प्रश्न उठ्दैन । यो शून्य साधना वस्तुतः लय साधना पनि हो । लय साधनाद्वारा उन्मनी अवस्थाको प्राप्ति नाथ योगीहरूको लक्ष्य हो । यो अवस्थाको प्राप्तिपछि योगीको निर्विषय चित्त आकाशस्थित कुम्भ समान अन्त शून्य तथा बहिःशून्य दुवै अवस्था हुन जान्छ । अर्थात् लयको अवस्थामा योगीको चित्त शून्यमय हुन जान्छ । मत्स्येन्द्र-गोरखबोधमा साथै अन्यन्त्र पनि भनिएको छ शून्य नै मन्दिर हो । शब्द उसको द्वार अर्थात् ढोका हो । ज्योति मूर्ति हो । अग्नि दूर्जेय हो । अरूपको रूपको ध्यानद्वारा या सिद्ध गुरूको आदेशले साधकले गुरू तत्त्वको जानकारी पाउँदछ । उन्मनी अवस्था प्राप्त गर्दछ । योगी गोरखनाथको पदमा, 'आकाश गमन'को व्याख्या गर्दै शून्य साधनातर्फ सङ्केत गरिएको छ । पिण्डगत आकाशमा मनको निवास नै मनको उन्मनी अवस्था निवास हो । सहज हंस क्रिडा अन्त्यमा शून्यमा नै रहन्छ । आकाश जसरी निराकार छ यसैगरी 'हंस' या आत्मा 'परम ज्योती'मा निवास गर्दछ । मन शून्यमा विलय हुन जान्छ ।[३९०]

शून्य शब्दको विवेचना गर्दै विभिन्न विद्वान्‌हरूले तीन प्रकारका अर्थ लगाउँदै व्याख्या गरेको पाइन्छ । (१) परमतत्त्व नाद, परम ज्ञान, परम स्वभाव, (२) ब्रह्मरन्ध्र, दशमद्वार, मध्यम पथ, सहस्रार कमल, गगन मण्डल, (३) शिव लोक । शून्यलाई गगनको पर्याय मानेर गगन गर्जनलाई शून्य गर्जन, **बौद्ध सिद्धहरूको शब्दमा शून्यतालाई सिंहनाद भनिन्छ** । शून्यतालाई नादसँग सम्बन्धित मानेर नाथहरूले उसको शब्द सृष्टिलाई मूलकारण मानेका छन् । उक्त शून्य नै निरञ्जन ब्रह्म हो । त्यसको परिचय पाएपछि साधकले स्थैर्य प्राप्ति गर्दछ । शून्यको

---

३८९ नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली, पृ. ३४३ ।

३९० नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली, पृ. ३४६-३४८ ।

ज्ञान अथवा शून्य ज्ञान सबै ठाउँमा घटघटमा प्रकाशित हुँदैन । 'घटिघटि शून्यौं ग्यान नहोई । बनिबनि चन्दने रूप नकोई ।' डा.पिताम्बरदत्त बड्थ्यालले 'शून्यौं शब्दको अर्थ 'सुन्नु' आवाज लिनुलाई मात्र भनेका छन् । जुन स्थानमा शून्यलाई ब्रह्म भनिएको छ त्यहाँ सृष्टिको माता, पिता पनि भनिएको छ । त्यही फेरि अन्य ठाउँमा हदृयमा नरहेपछि शून्यलाई नै मनको निवास स्थान बताइएको छ। यसप्रकार नाथहरूले ब्रह्मरन्ध्रका लागि गगन मण्डलस्थित शून्यद्वार शब्दको प्रयोग गरेका छन् । ब्रह्मरन्ध्रका लागि शून्य मण्डल शब्दको प्रयोग गरिएको छ। जहाँ निर्वाध रूपमा अमृत स्रवित भइरहञ्छन् ।[३९१] कतिपयले माथि शून्य शब्दको अर्थ शून्य पथ पनि भनेका छन् । उनीहरूले बताएका छन्- यो शून्य पथ अधः र उर्ध्वको बीचमा विस्तृत रूपमा रहेको छ । डा.बड्थ्यालले ब्रह्मरन्ध्रको रूपमा व्याख्या गरेका छन् ।[३९२]

यस प्रकार स्पष्ट हुन जाञ्छ नाथहरूको शून्य अविर्चनीय भावाभाव विर्निभुक्त परब्रह्मको बोधक हो । दोस्रो यो हठयोगी परम्पराको साधक नाथ सिद्धहरूको ब्रह्मरन्ध्र, गगन मण्डल, सहस्रार आदि पनि हो । पण्डित पशुराम चतुर्वेदीले यस शब्दलाई नाथहरूको विकासक्रमको सम्बन्धमा भनेका छन्ः योगी तथा नाथहरूमा यस शब्दको अर्थमा अन्य कुराहरू पनि विकसित भएका छन्। यो केवल कुनै देश तथा कालको ब्रह्को वाचक पनि होइन । तथापि यसद्वारा ती विचित्र प्रकारका स्थान विशेषलाई सूचित गर्दै जाँदा जसलाई ब्रह्मरन्ध्र भनिञ्छ । हठयोग प्रदीपिकामा हेर्ने हो भने यहाँसम्म जानकारी पाइञ्छ कि त्यहाँ कहिले सुषुम्ना नाडी, कहिले अनाहद चक्रको पर्यायका रूपमा पनि मानिञ्छ। महायोगी गोरखनाथ र उहाँका अनुयायीहरूले यसको साथसाथमा नाद तत्त्व पनि समावेश गरेको पाइञ्छ । उहाँको प्रसिद्ध सबदी 'वसती सून्यँ ... कैसा'द्वारा प्रकट हुञ्छ । यसद्वारा पछि नादको सृष्टि आविर्भावादिमा पनि विचार गर्न लागियो। वास्तवमा शून्य नै यहाँ आएर सबै कुराको रूपमा देखिन लाग्यो ।[३९३] योगी गोरखनाथका ग्रन्थहरूमा अशून्य शब्दको प्रयोग समाधिको वाचकका रूपमा पाइँदैन । समाधि वाचक अन्य शब्दमा परमपद, अमनस्क, अद्वैत, निरालम्ब,

---

३९१ गोरखवाणी, पृ. ३२, ७३, ५८, १८९, ६०, २० ।

३९२ गोरखवाणी, पृ. २८ ।

३९३ कवीर साहित्य की परख पृ. २४० ।

निरञ्ज, जीवनमुक्ति, सहजा, तूर्या आदि हुन् । अन्य साधनाहरूमा आफ्नो ध्येय सम्बन्धी भेदलाई निरूपण गर्दै योगी गोरखनाथ भनुहुन्छः हिन्दूहरूले देवालयमा ध्यान गर्दछन्, मुसलमानहरूले मस्जिदमा ध्यान गर्दछन् । तर योगीले परमपदमा ध्यान लगाउँदछन् ।

यो परमपद हो, अर्थात सबै साँसारिक भेदक तत्त्वभन्दा टाढा रहेको छ । त्यहाँ न देवालय छ, न मस्जिद । डा.पिताम्बरदत्त बड्थ्यालका अनुसार श्वास अर्थात् अधशक्तिलाई अर्थात् तल र उर्ध्व अर्थात् माथिको बीचमा उठाएर राख्ने । तत्पश्चात् कुम्भक क्रिया र मध्यशून्य ब्रह्मरन्ध्रमा गएर साधकले निवास गर्दछ । त्यहाँ आदिनाथ शिव ब्रह्म तत्त्वसँग साथ मिल्दछ । यस प्रकार परमगति प्राप्त हुञ्छ । यस व्याख्या अनुसार प्राणायाम अभ्यास अथवा शक्तिसाधनाले ब्रह्मरन्ध्रमा शिव शक्ति प्राप्ति नै परमगति प्राप्ति हो । यसलाई योगीको ध्येय भनिञ्छ । यस परमपदमा परमगतिको सम्बन्धमा तेस्रो कुरा पनि बताइएको छ । यो परमपद स्वसंवेध या अनुभवकै गम्य हो । यस्तो ज्ञान पण्डित या मौलानाहरूको शास्त्रीय ज्ञानबाट उपलब्ध हुँदैन ।[३९४] (१) यो मस्जिद, मन्दिर, गुम्बामामा उपास्थ नभएर पिण्डस्थ रहेको छ । (२) यो योगीको ब्रह्मरन्ध्रमा हठयोग साधनाद्वारा साध्य छ । (३) यो केवल अनुभवैकगम्य या स्वसंवेध छ ।

अशून्य शब्दकै सरह 'अमनस्क' शब्दको प्रयोग नाथ वाणीमा उपलब्ध छैन । यद्यपि नाथको यो अति महत्त्वपूर्ण शब्द हो । कतिपय विद्वान विश्लेषकहरूले यस शब्दको व्याख्या गर्दा शून्यलाई पनि विवेच्य मानेका छन् । उनीहरूको भनाइ छः सम्पूर्ण साधनाको एकमात्र मूलतत्त्व चित्तको विर्तिहिन या निर्विषय गर्नु हो । योग साधनाका कैयौँ स्थानमा अवकाशलाई अतिक्रमण गर्दा पूर्णताको प्राप्ति हुन जाञ्छ । यसैलाई नाथहरूले परमपद प्राप्ति भञ्दछन् । यस अवकाशको नामान्तर शून्य हो । यसकारण विभिन्न धर्ममा शून्यको सँख्याका सम्बन्धमा मतभेद रहेको छ । फेरि पनि अध्यात्मको मूल लक्ष्य एउटै हो तर इसाईहरूको अपराधीकरण मात्र हो । यसकारण पश्चिमी अपराधिक प्रवृत्तिको इसाई मिशन धर्म होइन हिंसा र आतङ्कवादको प्रतिक हो ।

---

३९४ गोरखवाणी, पृ. २५, २८, ४७ ।

चित्तको लय साधना एवं अन्तःशून्यः बहिःशून्यः कुम्भ अवस्थाको प्राप्ति हो । चित्तको यस्तो निर्वितर्क अवस्था प्राप्त भएपछि नाद या मन्त्रको कुनैपनि प्रकारको अनुभूति रहँदैन । स्मृतिको शुद्ध ज्ञानभएपछि 'शून्य'को निर्विकरहित अवस्था अर्थात् शब्दहीन ज्ञानको प्राप्ति हुञ्छ । यही निर्गुण उन्मनी अवस्था या योग मतमा निर्जिव समाधि रहेको छ । यही नै नाथको अमनस्क या मनोहिन अवस्थाको बोधक हो ।[३९५] यो स्पष्टरूपमा उन्मनी अवस्थाको बोधक हो । मनोहिन अवस्थाको अर्थ मनको सता नरहने या निर्दलन हुने भन्ने होइन । जब अचञ्चल मनले स्थैर्य प्राप्त गर्दछ आदिनाथमा लिन हुन जाञ्छ । त्यतिबेला यो अवस्थाको प्राप्ति सम्भव हुञ्छ ।

महायोगी गोरखनाथका ग्रन्थहरूमा यद्यपि ती 'अद्वैत' अथवा 'अद्वय' शब्दको व्यवहारिक रूपमा पाइँदैन । तथापि कतिपय स्थानमा अद्वैत या अद्वयको अर्थ 'परब्रह्म'का लागि भनिएको छ । अन्यत्र एकाकार शब्द उपयुक्त देखिञ्छ । एकाकार शब्दको विकास जानकारी हुञ्छ । यसैलाई 'एकाकार अद्वय परब्रह्म'को बोधक मानिञ्छ । यो 'एकाकार' अर्थात् एकाकार कैवल्य अवस्थाको वाचक पनि हो । 'मत्स्येन्द्र-गोरखबोध'मा पवनको आकारलाई निराकार मानिञ्छ । अन्यत्र निरालम्बलाई नितिमा बन्ध लगाउने कुरा गरिएको छ । 'निरञ्जन' अत्याधिक महत्त्वपूर्ण शब्द हो । योगी गोरखनाथले निरञ्जनलाई निराकार र पिता भन्नुभएको छ । माता मनको इच्छा या माया हो । निरञ्जन पिता र मनसा मायामा माताबाट उत्पन्न पिण्डको उद्धार गर्ने सिद्ध गुरू हुन् । यहाँ निरञ्जन मायाको संसर्गमा पिण्ड निर्माण गर्ने बताइएको छ । दोस्रो निरञ्जन परब्रह्मको घोतक हो । आध्यात्मिक अनुभूति तथा समाधि गगनशिखरमा हुञ्छ । परमानुभूतिकामी जीव त्यसै गगन शिखरमा निरुद्ध हुन जाञ्छ । जसलाई मालौ लगाइञ्छ ।[३९६] यहाँ निरञ्जन गगन शिखरमा स्वानुभूत हुनु नै परब्रह्म हो । मायालाई काट्ने योगी 'निरञ्जन'को कायाले युक्त भनिएको छ अर्थात् ब्रह्मतुल्य हुन जाञ्छ । यस निरञ्जन निराकारको भेद त्यतिबेला मात्र हुञ्छ जब सिद्धले पञ्चतत्त्वलाई वशमा अर्थात् आफ्नो नियन्त्रणमा लिञ्छ । माथि जुन निरञ्जनको स्वअनुभूति गगन शिखरमा बताइएको छ त्यसको साधनाका सम्बन्धमा भनिएको

---

३९५ नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली पृ. ३५८ ।

३९६ गोरखवाणी पृ. १०३, १०१, ३८, १८, १८७, १९६, ६७, ६८ ।

छ: इडा नाडीलाई शोधन गरेर पिङ्गलामा भर्दै सुषुम्नाको मार्गबाट आकाशमा चढ्नु पर्दछ । यो निरञ्जन परब्रह्मपद न उदय हो न अस्त न रात न दिन यसले सम्पूर्ण चराचर सृष्टिमा कुनै भाव राख्दैन । अथवा सर्वेश्वर चराचरमयी सृष्टिमा कुनै भेदभाव छैन । शुद्ध निरञ्जन ब्रह्म रहन जाञ्छन् । मूल र शाखा अधिष्ठान र नाम रूपोपाधीको भेद रहँदैन । यही सर्वव्यापी रहन जाञ्छ । जो न सूक्ष्म नत स्थूल । अन्यत्र नाथलाई निरञ्जन भनिञ्छ । यही निरञ्जन शून्य हो, परमात्मा हो परब्रह्म हो । यही निरञ्जन ब्रह्म हो जो प्रकाशन ज्योतिको रूपमा हुञ्छ । यसको उपलब्धि तीन लोकमा होइन पिण्डमा हुञ्छ । अञ्जनमा भुलेर अर्थात् माया कायामा भुलेर निरञ्जन तत्त्वको त्यागको अर्थ मायातित परमतत्त्वको त्याग ।[३१७] यसबाट स्पष्ट हुञ्छ निरंञ्जन परब्रह्मको घोतक हो । अगाडि नै उल्लेख गरिसकिएको छ नादरूपा सृष्टिको मूल शिव परब्रह्म हो । साधनान्तमा यसकारण भनिएको छ नाद त्यो निरञ्जनमा विलिन हुन जाञ्छ ।[३१८] गोरखवाणीमा निरञ्जनका ३ अर्थ पाइञ्छन्: (१) मायाको संसर्गले मायात्मक पिण्डको निर्माण गर्ने, (२) परब्रह्म, मायातित आदिनाथ जसको स्वअनुभूति गगन शिखरमा हुञ्छ, (३) नादरूपा सृष्टिको लयस्थान । गोरक्ष सिद्धान्त सङ्ग्रहमा भनिएको : **'तिष्ठति खेचरी मुद्रा तस्मिन् शून्ये निरञ्जने ।'** नाथहरूमा शिव ठाकुरका साथ निरञ्जनको पूजा विधि पनि स्वीकृत छ । यो शून्य मूर्ति हो ।[३१९] नाथ ग्रन्थहरूमा पनि निरञ्जनलाई शून्य भनिएको छ ।

जीवित अवस्थामा देहपात हुनुभन्दा पहिला जुन मुक्ति हुञ्छ त्यसलाई जीवनमुक्ति भनिञ्छ । पार्थिवमा स्थूल देहनाशपछी जुन मुक्ति हुञ्छ त्यसलाई विदेह मुक्ति भनिञ्छ । नाथ दर्शनमा जीवनमुक्तिको अवस्था नै आदेश हो । देहपात भएपछि जुन मुक्ति हुञ्छ त्यसलाई आदर्श मुक्ति मानिँदैन । किनकी यस प्रकारको मुक्ति देहपात रूप प्रतिबन्धकद्वारा बाधित छ । नाथहरू भञ्दछन्: जुन देहमा परमपद प्राप्ति हुञ्छ त्यसलाई अजर, अमर एवं यथेष्ट विचरण गर्ने बनाउनुपर्दछ । विदेह मुक्तिबाट यस देहको पनि त्याग हुन जाञ्छ । जीवनमुक्त योगीको दैहिक परिवर्तन साधित हुञ्छ । पानीमा जसरी नुन मिल्दछ, त्यसैगरी

---

३१७ गोरखवाणी पृ. १६, २७, १११, ११६, ७३, १६४ ।

३१८ गोरखवाणी पृ. १९० ।

३१९ नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली, पृ ३४४ ।

मुक्त पुरुषको शरीरले ब्रह्मतत्त्व लाभ प्राप्त गर्दछ। यस प्रकारको योगी जीवनमुक्त हुन जान्छ।[४००] योगीले सिद्ध देह प्राप्त गरेपछि उसका लागि ईच्छामृत्युवरण सम्भव हुन जान्छ। हठयोग प्रदीपिकामा भनिएको छः वर्णित समाधिमा मृत्यु हुन समाधिक्रम अर्थात् इच्छामृत्यु रूप समाधिलाई उत्तम मानिन्छ। यही नै जीवनमुक्ति स्वरूप र सुखको उपाय हो। भनिन्छ, जसले यस प्रकारको समाधिको आश्रय लिन सक्तछ उसको मृत्यु हुँदैन। उसले इच्छा गरेपछि देहत्याग गर्न सक्तछ। यस समाधिको आश्रय लिन सक्नेलाई तत्त्वज्ञान प्राप्त हुन्छ। यो भएपछि मनोनाश र वासना क्षाय भएर मुक्ति रूप, सुख लाभ हुन जान्छ। यो समाधिक्रम ब्रह्मनन्द पद हो। अर्थात यस प्रकारको समाधिमा प्रारब्ध कर्म क्षय हुन जान्छ। तत्पश्चात जीव र ब्रह्मको अभेद ज्ञान भएर अत्यन्त ब्रह्मनन्द प्राप्ति स्वरूप विदेह मुक्तिको लाभ हुन जान्छ। हठयोग प्रदीपिकामा भनिएको छः जुन योगीले कुण्डलिनीलाई प्रबोधित रूपमा काया र मानसिक कर्मको परित्याग गरेर रहन्छ त्यस्ता योगीहरूले सहजा अवस्थाको लाभ प्राप्त गर्दछन्। परम वैराज्ञ वा दिर्घकालसम्म संप्रज्ञात समाधिद्वारा बुद्धिव्यापार निवृत्त भएपछि जो निर्विकार स्वरूपमा रहन्छ त्यही नै सहजावस्था या जीवनमुक्ति हो। शक्ति बोध र सर्वकर्म परित्याग भएपछि कुनैपनि प्रकारको प्रयत्नले यसप्रकारको लाभ हुन्छ।[४०१] यससम्बन्धमा अगाडि नै धेरै कुराहरू उल्लेख गरिसकिएको छ।

योगी गोरखनाथका ग्रन्थहरूमा जीवनमुक्ति शब्दको प्रयोग पाइँदैन। संस्कृत ग्रन्थहरूमा कहीँ कहीँ मात्र भेटिन्छ। उहाँका अनुसार मृत्यु पनि मीठो हुन्छ। उहाँले मृत्युको वरण गर्नका लागि आदेश दिनुभएको छ। जसलाई योगी गोरखनाथले आदिनाथको दर्शन भन्नुभएको छ। यसको व्याख्या गर्दै डा.बड्थ्वालले भनेका छन्ः यो मृत्यु सामान्य मृत्यु होइन, यो भौतिक अस्तित्वको अन्त्य होइन र त्यसरी सम्झनु हुँदैन। यो मार्गको विचार विश्वास अनुसार योगी कहिल्यै पनि मर्दैन। यसर्थ मर्नु जीवन मृत्यु हो। यसको दोस्रो नाम जीवनमुक्ति हो। यसलाई स्वार्थी अर्थमा मृत्यु सम्झनु पर्दछ। भौतिक अर्थमा व्यक्तिको जीवनको अन्त्य हुन्छ, तथापि ऊ आध्यात्मिक जीवनमा परमार्थका लागि जीवित रहिरहन्छ। परमार्थ र परोपकार एकै कुरा होइन। परन्तु परमार्थिक जीवन परोपकारमा पनि अभिव्यक्त

४०० उही पृ. २९२-२९३।
४०१ उही पृ. २९३, २९६।

हुञ्छ । यसकारण गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालले योगी गोरखनाथका ग्रन्थहरूमा जीवनमुक्तिको सिद्धान्त देख्न पुगे । गोरखवाणीमा एउटा शब्द 'जीवता मुवा' रहेको छ जसको अर्थ डा.बड्थ्यालले **'जीते जी मृतकके समान'** भनेका छन् । यस वाक्यको सङ्केत यो हो कि जुन योगी सुत्दछ ऊ जिउँदै मरे समान हुञ्छ अथवा साधना मार्गमा सिद्धि प्राप्त गर्न सक्तैन । यहाँ 'जीवते मुवा'को सामान्य अर्थ लौकिक हो, अध्यात्मिक होइन ।[४०२] मोक्ष र मुक्तिका सम्बन्धमा पनि गोरखवाणीमा व्याख्या गरिएको छ । गोरखवाणीमा भनिएको छः **'परब्रह्म रमता रामसे चौगानका खेल खेल ।'** अभिमान घमण्डमा किन भुलिरहेका छौं । पृथ्वी र आकाशका बीचमा कुनै अन्तर छैन । अन्तर त केवल अभेददृष्टि कैवल्य मुक्तिको बृहद मैदानमा छ । यसको अर्थ सम्पूर्ण रूपमा मुक्ति साधनामा प्रकाश पारिएको छ । यसबाट स्पष्ट हुन जाञ्छ साधकले जब अहङ्कारको त्याग गर्दछ धरणी अर्थात मूलाधार जीवात्मा धारिणी कुण्डलीको स्थान पृथ्वीको प्रतिक क्रिडास्थल र गगन अर्थात् सहस्रार परमात्मा आदिनाथको स्थान आकाशको प्रतिक, परमात्माको क्रिडास्थलमा एकात्मक र नैरन्तर्य अभेदको ज्ञान हुन जाञ्छ । त्यतिबेला धर्तिदेखि आकाशसम्म केवल मुक्ति क्रिडा क्षेत्रको अनुभव हुन थाल्दछ । एकमा अनन्त अर्थात् प्रत्यक्ष रूपमा यो देखिन जाञ्छ कि उनै आदिनाथबाट यस अनन्त सृष्टिको निर्माण भएको तथा यस एकमात्र आभ्यान्तर हृदयमा परिचय हुन जाञ्छ र सम्पूर्ण अनन्त सृष्टि एकैमा समायोजन हुञ्छ ।

पिण्ड ब्रह्माण्डवाद र कुण्डलिनी साधना सम्बन्धी तान्त्रिक विवरण जो अगाडि नै उल्लेख गरिसकिएको छ । यसमा यो कुरामा ध्यान दिन आवश्यक छ कि यो अवस्था सिद्धावस्था-परमावस्थामा पुगेर एक आदिनाथ अनन्त सृष्टिमा अथवा परमात्मा र जीवात्मा, समष्टि र व्यष्टि, परमार्थिक र साँसारिकमा कुनै भेद अर्थात् अन्तर रहँदैन । दोस्रो शब्दमा भन्नुपर्दा यही नै जीवनमुक्तिको अवस्था हो ।[४०३] यसबाट स्पष्ट हुञ्छ आदिनाथ शिवसँग यसप्रकारको मुक्ति उपलब्धछ छ । तथापि जसरी हामीले व्याख्यां गरिएको छ नाथको पिण्ड परोन्त प्राप्त हुने

---

४०२ गोरखवाणी, पृ. १०/२५ ।

४०३ नाथ और सन्त साहित्य, पृ. ४१९ ।

मुक्ति कामयाव हुँदैन । नाथ ग्रन्थहरूमा यो भनाई पाइन्छ । महायोगी गोरखनाथ भन्नुहुन्छ: 'हे पण्डित ब्रह्मज्ञानलाई अध्ययन मनन् गर, किनकि ब्रह्मज्ञान बाहेक सबै झूठ हो ।' मृत्युपछि मुंक्ति मानिन्छ, वैकुण्ठमा स्थान मिल्ने कुरा गरिन्छ तथापि वस्तुत: गङ्गामा अथवा चितामा स्थान पाइन्छ । चौरासी लाख योनीको चक्करमा परिरहन्छ । यसर्थ नाचको लक्ष्य विवेचनाको विषयमा जुन अगाडि नै उल्लेख गरिसकिएको छ, पिण्डपातरहित इच्छामृत्यु युक्त, जीवनमुक्ति नै नाथहरूको लक्ष्य हो । जसमा अनेकतामा एकताको उपलब्धी हुन जान्छ । परमार्थ सेवा र परोपकार मिलाएर एक हुन जान्छ । यस प्रकारको सिद्धि नै नाथहरूको मुक्ति हो ।[४०४] जीवन त्यही व्यक्तिको हो जसले पृथ्वीमा हुँदा नै मोक्ष प्राप्त गर्दछ । यस मुक्तिलाई हामीले साँसारिक अस्तित्वको अन्त्य या पुनर्जन्मको अन्त्य या ब्रह्ममा पुग्नु या निर्वाण प्रवेश सम्झन्छौँ । यस पृथ्वीमा मुक्त हुने व्यक्ति नै सन्त हो । जसले मुक्तिका सबै लक्षाणहरू प्राप्ति गर्दछ । आफ्नो अनन्तकालीन साँसारिक अस्तित्वमा रहन जान्छ ।

उसले ब्राह्मण मतानुकुल व्यक्तिगत जीवनको अस्तित्वमा राख्ने पोषकतत्त्व वासना र मायाको अन्त्य गरिदिएको छ अथवा बौद्ध मतानुकुल सत्ता बनाएर राख्ने उद्देश्यलाई पनि नष्ट गरिदिएको छ । यसर्थ अलौकिकबाट लोकोत्तरतर्फ प्रस्थान गरेको छ । यदि सत्य भन्ने हो भने उसको विचार र कर्म बहिष्कृत हुन जान्छ । मुक्त व्यक्ति यस पृथ्वीमा रहन्छ किनकि जीवन बनाएर राख्ने शक्ति अहिलेसम्म मृत रहेको छैन । यसको कारण यो हो कि जुनजुन कर्म गरेर जीवनको मूल्य चुकाइन्छ त्यसको सम्पूर्ण मूल्य चुकाएको हुँदैन । तथापि सञ्चित र प्रारब्ध कर्म जसको फल पुनर्जन्ममा भोग्नुपर्दछ । या दग्ध हुन जान्छ या यसै जन्ममा आन्तरिक कर दिइन्छ । जो यो संसारिक जन्म मनबाट जीवनमुक्ति प्राप्त गरेको छ उसले कुनै नविन कर्मका् फल भोग्नु पर्दैन । किनकि त्यसले मात्र फल भोग्नु पर्दछ जो वासनायुक्त हुन्छ ।[४०५] नाथहरूको जीवनमुक्ति योभन्दा भिन्न रहेको छ । उनीहरू ईच्छामृत्युका साधक हुन् जुन कुरा अगाडि नै उल्लेख गरिसकिएको छ ।

---

४०४ गोरखवाणी, पृ. १८० ।

४०५ नाथ और सन्त साहित्य, पृ. ४२० ।

सहजः

जीवन मुक्त र जीवनमुक्ति शब्दको समानता जस्तै अर्को महत्त्वपूर्ण शब्द सहजा र सहज हो । समाधिको अवस्थालाई सहजावस्था भनिन्छ । गोरखवाणीमा एकठाउँमा सहज समाधिको व्याख्या गरिएको छ । जसको आधारमा उसका लक्षाणहरू बताइएको छ । त्यसमा भनिएको छः नीद स्वप्नमा शुक्रको नाश गर्नु । बाटो हिँड्दा थकाइको कारण आत्मालाई असर गर्दछ । बिना कामसँग बस्दा छटपटी हुन्छ, उभिई रहँदा उत्पात हुन्छ । यसकारण हे पुत्र सहज समाधिमा सदासर्वदा लीन हुनुपर्दछ ।[४०६] यसबाट स्पष्ट हुन्छ योगी गोरखनाथको दृष्टिकोणमा सहज समाधिमा निद्रा, यात्रा, खटपट आदि कार्य हुनु हुँदैन । यो यस्तो अवस्था हो जसमा शुक्र नष्ट हुँदा निन्द्रा आउँदैन । शुक्र स्थैर्य हुन जान्छ । योग निद्रा आउँछ, शुक्र स्थैर्यले शरीर अजर अमर हुन जान्छ । यो अवस्थामा विभिन्न प्रकारका तीर्थ आदि यात्राको अवस्था रहँदैन । किनकि प्राणायाम आदिमा जसको विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । यात्रा अर्थात् हिँडाइ आदि कार्यले श्वासलाई स्थिर रहन दिँदैन । शिथिलता आउँदछ । यसका कारण तीर्थ सम्बन्धी यात्रा गर्नाले पनि समाधिमा बाधा पर्न जान्छ । योगी साधनामा सचेत रहन पाउँदैन । बिना कामसँग बस्नाले पनि अनावश्यक छटपटी सृजना हुन्छ भने उभिई रहँदा उत्पात हुन्छ । यसप्रकार सहज समाधि यी सबै विहिन रहन्छ । यसमा शुक्र र प्राण स्थिर हुन्छ, शरीरलाई कुनैपनि प्रकारको कठिनाइ उठाउनु पर्दैन, सहज सरल रूपमा योग सिद्धि हुन्छ । गोरखवाणीका विभिन्न प्रयोगले यस अर्थको सिद्धि हुन्छ ।

गोरखवाणीमा योगेश्वरका सम्बन्धमा भनिएको छः यो शब्दका विषयमा विचार गरेर व्यवहार गर्नु पर्दछ । शिष्यलाई जति ज्ञान धान्न सक्तछ त्यतिमात्र उसलाई दिनुपर्दछ । जति वस्तु ग्रहण गर्न योग्य छ, त्यतिमात्र राखी दिनु पर्दछ । जसरी कुनै भाँडोमा कुनैपनि चिज जबरजस्ती खाँदेर राख्दा त्यो भाँडो फुट्ने, टुट्ने र राखेका वस्तुहरू पोखिने हुन्छ त्यसैगरी शिष्यलाई उसले नसक्ने छ भने जबर्जस्ती ज्ञान भरिदियो भने उसले काम गर्दछ ? सक्तैन, समस्त मार्ग नै छोडीदिन्छ । त्यसलाई बाहिर रहन दिने हो भने जति अंश बाहिर रहन्छ

---

४०६ गोरखवाणी पृ. ७० ।

त्यो पनि नष्ट भएर जान्छ ।[४०७] समग्रमा भन्नुपर्दा भाँडो सानो हुन्छ र वस्तु धेरै हुन्छ । भन्नोस् गुरू अब के उपाय गरौँ ? यसको उत्तरमा भनिएको छ: उसमा 'सरलता', स्वाभाविकता, शिष्यको प्रकृति आदि भाव स्पष्ट हुन जान्छ। - 'हे अवधूत सहज स्वभाविक रूपमा शिष्यको मायिकतालाई हटाएर त्यसको स्थानमा ज्ञान दिनु पर्दछ ।' सहज स्वभावले आकर्षण बढ्दै जान्छ । यसरी सहज र सरल रूपमा प्रयत्न गर्दै जाने हो भने पात्र स्वयं ठूलो हुँदै जान्छ र उसमा सबै समायोजन हुँदै जान्छ । यो सहज दीक्षाको वर्णन हो । तान्त्रिक दीक्षाको मूलमा पनि यही कुरा पाइन्छ । यो सहजता, स्वाभाविकता, प्रकृति अनुकूलता जुन गोरखवाणीमा व्याख्या गरिएको छ, अन्य साधनामा पनि देखा पर्दछ । गुरू ज्ञानलाई प्राप्त गर्न साक्षात्कृत गर्नका लागि सहजको जीनमा बस्नु, पवनलाई आश्वस्त गर्नु, लयलाई बलियो बनाउनु, चेतन आत्मालाई चलायमान बनाउनु, अन्य सम्पन्न उपायहरूलाई छोडेर यसप्रकारको साधनाबाट स्पष्ट हुन्छ यी सबैको आधार सहज साधना हो । जसमा कुनै प्रकारको कृच्छ्राचार छैन । यसप्रकारका साधना मार्फत परब्रह्म खेल खेल्न सकिन्छ ।[४०८] सहज साधनाबाट नै सहज सिद्धि मिल्दछ । पिण्डलाई ब्रह्माण्डमा खोजेर योगी गोरखनाथले सर्वसिद्धि प्राप्त गर्नुभएको थियो । यसबाट आवागम मेटिन गयो । यो पिण्ड कायाको गढ समान रहेको छ । त्यसभित्र दशम द्वारलाइ बन्द गरिएको छ । यसलाई कुण्डलिनी शक्तिद्वारा खोल्नुपर्दछ । यसै गढभित्र देवालय, काशी, अविनाशी आदिनाथ, सहज स्वभाव मार्फत योगी गोरखनाथले प्राप्त गर्नुभयो । डा.बड्थ्यालले गोरखवाणीमा सहज स्वभावको व्याख्या गरेका छैनन् । तथापि कतिपय स्थानमा मिलाएर व्याख्या गरिएको छ । यसबाट स्पष्ट हुन्छ कष्ट, कृच्छ्राचार, ब्रह्माचाररहित अन्तर साधना अर्थात् आफैभित्रको साधनाबाट अविनासी तत्त्वको उपलब्धि सम्भव छ । यस अन्तस्साधनामा काया, ज्ञान, कायाजय, कुण्डलिनी साधना आदि रहेका छन् । यसलाई साध्य अविनाशी तत्त्वको सहज स्वभावको अर्थमा पनि लिन सकिन्छ । साधकको अकृत्रिम, स्वभाविक भावद्वारा सिद्ध गुरूदेवलाई सन्तुष्ट गराएर गुरूकृपाको वर्षा पनि हुन्छ ।[४०९]

४०७ नाथ और सन्त साहित्य, पृ. ४२१ ।

४०८ गोरखवाणी, पृ. ७८-७९, १०२, १०३ ।

४०९ गोरखवाणी, पृ. ११६, पद २३, पृ. १२५, पद ३१ ।

सहज साधनाका लागि सहज रहन आवश्यक छ। जसमा सहज क्रिया, सहजशील, सहज भेषभुषा, अर्न्तगणित छन्। 'रहनी' र 'स्वभाव' साधकका लागि परस्परावलम्बी रहेका छन्। प्राणायामका लागि हठ-चन्द्रसूर्य साधनाका लागि कुनैपनि प्रकारको मध्यम आचार, विचार संयमको आवश्यक्ता हुन्छ। यस विषयमा अगाडि नै पर्याप्त वर्णन गरिसकिएको छ। जहाँ मध्यम आचार, विचार र संयमको परिचय दिइएको छ। गोरखनाथले एकठाउँमा सहज शब्दको प्रयोग गर्नुभएको छ। 'एक्कासी फ्याट्ट बोलेर उठ्नु हुँदैन, खुट्टा पड्काउँदै हिँड्नु हुँदैन, विस्तारै खुट्टा राख्नुपर्दछ। गर्व गर्नु हुँदैन, सहज स्वाभाविक स्थितिमा रहनुपर्दछ।' स्पष्ट छ यहाँ सहज स्वभावयुक्त आचार, विचार, व्यवहारले भावतर्फ सङ्केत गर्दछ। 'सहजै रहिबा'ले 'सहज रहनी' तर्फ सङ्केत गर्दछ। जसअन्तर्गत जीवनका सबै सामान्य व्यवहार जस्तो चलखेल गर्नु, उठ्नु, बस्नु, रुनु, हाँस्नु, जस्ता भावहरू आउँदछन्। यसको विस्तृत व्याख्या गोरखनाथले आफ्ना वाणीहरूमा गर्नुभएको छ। यम नियमको विवेचना सम्बन्धमा अगाडि पर्याप्त व्याख्या गरिसकिएको छ। योगीको स्वभाव, चरित्र, आचार, विचार आदिलाई योगी गोरखनाथले सहज भन्नुभएको छ। यी योगी यति शिलस्वभाव भएका छन् कि शरीरलाई पनि त्यस्तै बनाएका छन्।[४१०] सहजले ब्रह्माचार र कृत्रिम भेषभूषालाई स्वीकार गर्दैन। योगी गोरखनाथका अनुसार नाथ योगीसँग सहज ज्ञानको टाउको अर्थात् खप्पर रहेको छ। यसले पोथी ज्ञान या शास्त्र ज्ञानलाई मात्र स्वीकार गर्दैन। यो भनाइबाट बाहिर देखावटी, ढोंगी, पाखण्डी, कृत्रिम ज्ञान अर्थात् पोथी ज्ञानको विरोधमा मात्र होइन अस्विकृत गर्दै स्वआत्मानुभूति ज्ञानतर्फ जोड दिएको छ। दोस्रो ब्रह्मचारको प्रतिक टाउको या खप्परलाई परमार्थिक अर्थ दिएर अन्तस्साधनात्मक सहज स्वभाविक तत्त्वलाई ग्रहण गर्ने उपदेश भने दिइएको छ। यसै पंक्तिको अर्थका साथ आउने पंक्तिहरूमा पनि यसरी नै प्रमाणित हुन्छ। माथि उल्लेख गरिसकिएको छ गुरू-शिष्यको माया आदान-प्रदान क्रिया सर्वथा सहज र स्वभाविक रूपमा जानु पर्दछ। यस प्रकारको सहस्र साधनामा सहज रहनु, पाँचतत्त्व वा तन्मात्राले ज्ञानेन्द्रिय चूर्ण हुन जान्छ।[४११] यसैलाई पूर्ण गर्नका लागि वश अर्थात् नियन्त्रण गर्नका लागि <u>अनेक कष्ठसाध्य</u> क्रिया साधकहरूले गर्दछन्।

४१० नाथ और सन्त साहितय, पृ. ४२३।

४११ गोरखवाणी पृ. १४८-१४९, १५१।

सहज सम्बन्धी अन्य शब्दहरू छन् । जस्तोः 'सहज सुन्निः' 'समि सुन्नि' 'अतित सुन्नि' । मत्स्येन्द्र-गोरख बोधमा योगी गोरखनाथको प्रश्नको उत्तर दिँदै महायोगी मत्स्येन्द्रनाथ भन्नुहुन्छः साधकको सहज शून्यमा उत्पत्ति हुन्छ । सम शून्यले सिद्ध गुरू परमतत्त्वलाई सम्झाउँदछ । अतित शून्यमा साधक समाहित हुन जान्छ । शून्यको यसप्रकारको वर्णन योगी मत्स्येन्द्रनाथले परमतत्त्व वर्णनमा गर्नुभएको छ ।[४१२] शून्य तथा सहज शून्यको अर्थ के हो ? सहज शून्य शब्दको प्रयोगमा भनिएको छः सहज शून्य तन, मनलाई स्थिर राख्नु हो । अर्कोतर्फ हाम्रो बसाई अर्थात् निवास यहाँ होइन त्रिकुटीको बिचमा सहज शून्यमा हाम्रो निवास स्थान रहेको छ ।[४१३] यदि यी स्थानहरूमा ध्यान दिने हो भने स्पष्ट हुन्छ त्रिकुटीको बिचमा हेको शून्य स्थानमा साधकको वास्तविक स्वरूप प्रकाशन हुन्छ र त्यही मन स्थिर रहन्छ । वास्तवमा त्यही नै साधक बस्नुपर्दछ । जहाँसम्म त्रिकुटीमा मनःस्थैर्यको प्रश्न छ साधनाका पछिल्ला विवरणहरूबाट यी कुराहरूको पुष्टि हुन्छ । त्रिकुटीको स्थान भ्रूमध्य हो । यही आज्ञाचक्रको स्थान हो । जसलाई छैठौँ चक्र पनि भनिन्छ । प्रथम पाँच चक्रहरूमा पञ्चभूत, तन्निर्मित विषय एवं ईन्द्रियको स्थैर्य तथा लयको साधना हुन्छ । छैठौँ चक्र मन स्थैर्य एवं लयको स्थान हो । अगाडि नै उल्लेख गरिसकिएको छ । त्रिकुटी साधनाको ध्यान साधनाको वास्तविक स्थान हो । यसप्रकारको हठयोगी साधना क्रमका अनुसार सहज शून्यको व्याख्या गर्ने हो भने यस प्रकाशमा समशून्य र 'अतीत शून्य'को अर्थ निरूपण गर्दा सहज शून्यको सापेक्षिक वर्णन यी दुवै क्रमशः उर्ध्वरता र उर्ध्वतम् शून्य भन्न सकिन्छ । नाथको चक्र सम्बन्धी विवरणमा उल्लेख गरिएको छ । योगी गोरखनाथको एक ग्रन्थका अनुसार आठ चक्र मान्य रहेका छन् । सहस्रारमा समाधिको अवस्था मानिन्छ । जहाँ साधकलाई पूर्ण समदृष्टिको उदय हुन जान्छ । त्यसैमा आत्मा परमात्माको अद्वैत ज्ञानको उदयलाई स्वीकार गरिएको छ ।[४१४] अष्टम चक्र सूक्ष्म चक्र हो । जसमा अद्वैत ज्ञान पनि रहन्छ । समग्रमा अष्ट चक्र व्यवस्था स्वीकार गर्ने हो भने यही विशिष्ट ज्ञान सर्वातित नाथपदको उपलब्धि बताइएको छ । नाथहरूको लक्ष्य नाथपद यही हो । नाथ सिद्धको यही समाधिको अवस्था

४१२ गोरखवाणी पृ. १९३ ।

४१३ गोरखवाणी पृ. १९५ ।

४१४ नाथ और सन्त साहित्य, पृ. ४२४ ।

हो । यसैकारण यहाँ अतित शून्यको अवस्था सम्भव हुन सक्छ । किनभने नाथलाई सर्वातित एवं द्वैताद्वैत विवर्जित मानिञ्छ ।

गोरखवाणीमा अधः शून्य, मध्य शून्य र उर्ध्वशून्य नामका तीन शून्यहरूको व्याख्या गरिएको छ । डा.धर्मवीर भारतीले यसभन्दा पनि माथि चौथो शून्य बताएका छन् । 'नाथयोग पद्धति'मा प्रज्ञा तथा उपायको बौद्ध भावनालाई तिरस्कार गरिएको छ । तथापि त्रिकुटीमा शून्य समाधिद्वारा मनलाई प्रसन्न बनाउने र अमृतपान गरेर चितलाई दृढ कायालाई अमर बनाउने कुरा चल्दै आइरहेको छ । गोरखवाणीमा कतिपय यस प्रकारका पंक्तिहरू रहेका छन् जसमा शून्यमाथि सहज शून्यको अवस्था मानिएको छ । भनिएको छ शून्यमा मात्र आवागमन हुञ्छ तथापि जुन शून्यमा स्थिर हुन जाञ्छ त्यो सहज शून्य हो । यसप्रकार डा.भारतीका अनुसार सहज शून्य, शून्यभन्दा माथि रहेको छ यो सर्वश्रेष्ठ छ । पण्डित परशुराम चतुर्वेदीले यसप्रकारको गोरखवाणीको सहजलाई प्यालाको सहज ज्ञानको आनन्दको वाचक मानेका छन् । यसको उपलब्धि त्यहाँ हुञ्छ जहाँ सूर्य र चन्द्रमाको उदय बिना नै ब्रह्मज्योतिको प्रकाश हुन जाञ्छ ।[४१५]

डा. हजारीप्रसाद द्विवेदीले नाथयोगीको भावाभावविर्नियुक्त अवस्थालाई दुर्लब सहजावस्थामा भनेका छन् । यदि नाथ योगीहरूको परमानुभवको अवस्था हो । बौद्ध सिद्ध, नाथ सिद्ध एवं सन्तको सहज अथवा सहज शून्य शब्दको विविध प्रयोग एवं अर्थको विचार गर्दै भनिएको छः सहज र सहज शून्य शब्द एक्लै अथवा युग्मकका रूपमा परम उपलब्धिको वाचक हो ।[४१६]

जहाँसम्म नाथ सिद्धहरूको संस्कृत, हिन्दी रचनाहरूको सम्बन्ध छ 'सहज जुगति' र 'सहजमुखी' शब्दहरू छन् जसको सीधा सम्बन्ध सहज सँग रहेको छ हुञ्छ भने अप्रत्यक्ष सम्बन्ध शहजावस्था या सहज समाधिसँग छ । नरवैवोधमा योगी गोरखनाथले भन्नुभएको छः द्वन्द्वको त्याग गरेर निर्द्वन्द्व रहनुपर्दछ । आलिङ्गन अर्थात् भोग विलासलाई त्यागेर साँसारिक वासनाबाट निर्बन्ध रहनु पर्दछ । यसप्रकार सहज युक्तिको आश्रय लिएर आसन गर्नुपर्दछ । जसबाट कष्ट

---

४१५ डा. धर्मवीर भारती, सिद्ध साहित्य, पृ. ३५६-३५७ ।

४१६ सहज समाधि एण्ड खसमभाव इन मेडिएवल इण्डिया, पृ. ३८७-३९१ ।

नहोस् । यसरी तन, मन र पवनलाई दृढ रूपमा धारण गर्नु पर्दछ । यसबाट स्पष्ट हुन जान्छ आसन, प्राणायाम आदिको ग्रहण यस सहज युक्ति अन्तर्गत नै हुन्छ । कतिपय विद्वान्हरूको मतअनुसार आसनमा सुख प्रदायक नै प्रमुख गुण हो । विभिन्न शब्दहरूका साथ उपर्युक्त हुने मुख शब्दको उन्मुख अर्थ अगाडि नै उल्लेख गरिसकिएको छ । 'गुरूमुख' 'मनमुख' आदि सरह नै सहज मुख पनि एक शब्द हो । 'रहनी'का सम्बन्धमा भनिएको छः सहज साधनाका लागि 'सहज रहनि' आवश्यक छ । योगी गोरखनाथलाई उपदेश दिँदै महायोगी मत्स्येन्द्रनाथले यस सहजता या स्वभाविकतातर्फ 'रहनी' अर्थात् रहन भनिएको छ ।[४१७]

डा. कल्याणी मल्लिकले बौद्धसिद्ध र नाथ सिद्धको साधना पद्धतिको तुलना गर्दै नाथ सिद्धको सहज र सहजावस्थाको अर्थ निरूपण गरेका छन् । बौद्धसिद्धहरूले बलपूर्वक भनेका छन्: मुद्रा, बन्ध आदि विभिन्न साधनाहरू त्याग गर्नुपर्दछ । किनकि यी सबै साधनाहरू हुँदाहुँदै पनि साधकको सामान्य व्यक्ति सरह मृत्यु हुन्छ । यसकारण सहज या सरल मार्गको अनुसरण गर्नुपर्दछ । दोस्रोतर्फ नाथको हठयोग ग्रन्थमा मत्स्येन्द्रनाथ, गोरखनाथ आदिद्वारा साधित आसनहरूको व्याख्या पाइन्छ । योग अभ्यासले शरीरमा रहेको अनाहद नादको श्रवण एक दोस्रोमा कठिन साधना हो । जसको उपदेश नाथ गुरूहरूद्वारा दिइएको छ । यसप्रकार कुण्डलिनी जागरण र काया साधना, साधनाको सहज या सरल मार्ग हो । यसप्रकार यो स्पष्ट हुन जान्छ कि बौद्धहरूको सहजमार्ग नाथ सिद्धान्तकै निरन्तरता हो । यद्यपि अंकुलवीर तन्त्रमा योगी मत्स्येन्द्रनाथले सहजको अनुसरणको उपदेश दिनुभएको छ । यही सहज समरसको अवस्था हो । यही नै तान्त्रिक बौद्ध मतको सहज समाधि हो । नाथ योगीको लक्ष्य भनेको 'अद्वैत पञ्चवर्ती' नाथपदको उपलब्धि हो । यो त्यतिबेला मात्र सम्भव हुन्छ जब योगी बाह्य मानसिक क्रियाहरूबाट उत्तीर्ण हुन जान्छ । जसबाट योगीले स्वअनुभूतिगम्य परमतत्त्वको ज्ञान आफ्नो स्वअनुभूतिबाट प्राप्त गर्न सकोस् । जसलाई हामीले सहज भन्दछौँ । यो विचार बौद्ध, जैन, तथा निर्गुनिया, दोहोमा पनि पाइन्छ । बौद्ध सहजियाहरूमा आदिनाथमा एकात्म अथवा स्वानुभूति या प्रातिभ ज्ञानले परमा अवस्थाको प्राप्तिलाई सहज समाधि भनिन्छ । नाथ योगीहरूले समरस अर्थात् सृष्टिको अनेकतामा त्यो तत्त्वको

४१७ गोरखवाणी पृ. १६९, १९८ ।

एकताको साक्षात्कार भनिएको छ।[४५८] यसप्रकार नाथ योगीहरूको सहज अथवा सहजा अवस्था सम्बन्धी विचारबाट स्पष्ट हुन आउँछ नाथहरूले सहजलाई सामान्य अथवा स्वभाविक नैर्सगीक रूपमा स्वीकार गर्दछन् । सहज पद्धति अथवा ब्रह्माचार विहिन चन्द्र सूर्य साधनाद्वारा समन्वित हठयोग अन्त:साधनासँग उपलब्ध जुन समाधि हो त्यसलाई सहज समाधि भनिञ्छ । प्राणायाम साधना अनुकुलको उसले स्वीकार गर्दछ । यस साधनामा आसन, बन्ध, मुद्रा आदि गृहित छन् । तथापि नाथ योगीहरूमा यसको आफ्नै प्रकारको व्याख्या, विश्लेषण रहेको छ । बौद्ध सहजिया सिद्धको आसन र बन्धसँग सम्बन्धित साधनालाई कष्ट या कृच्छ्राचार भन्दै त्याग गर्न र सहज साधनालाई ग्रहण गर्न उपदेश दिइएको छ । यसबाट स्पष्ट हुन जाञ्छ सहज शब्दको अर्थ सापेक्ष पनि हो ।[४५९] तदनुकुल सहज अवस्था, अथवा सहज समाधिको अर्थमा सापेक्ष परिवर्तन स्वीकार गरिएको छ ।

बौद्ध सिद्धको 'सहज'को विचार गर्दा सहज शब्दका विभिन्न अर्थको विश्लेषण अगाडि नै उल्लेख गरिसकिएको छ। तान्त्रिक बौद्ध साधना र साहित्य नामक ग्रन्थमा भनिएको छ: वज्रयानमा उसको परवर्ती कालमा यस्तो योगीहरूको दल पनि खडा भएको थियो । कतिपय तान्त्रिक साधनासँग असहमति राख्नेहरू पनि थिए । डा.शशिभुषण दास गुप्तले दुई प्रकारको अर्थ लगायतका छन् । (१) आत्मगत एवं साँसारिक पदार्थको स्वाभाविक धर्म । (२) मानव प्रकृति र शरीरलाई अनुचित कष्ट दिने अपेक्षा । सत्य अनुभव गराउने स्वाभाविक मार्ग उनले भनेका छन् । हाम्रो यौन वृति हाम्रो स्वभावको सबै कुरा मात्र होइन यो सृष्टिको निरन्तरतासँग पनि जोडीएको छ । तथापि यसका सीमाहरू रहेका छन् । मत्स्येन्द्रनाथले कौल ज्ञान निर्णयमा ती सीमाहरूको वर्णन गर्नुभएको छ । मैले प्रस्तुत गरेको महायोगी मत्स्येन्द्रनाथ र नेपाल पुस्तकमा विस्तृत रूपमा व्याख्या गरिएको छ । यौनवृति शुद्ध एवं अनाचार रहित हुञ्छ । यसकारण यो आबश्यक छ कि राग र यौनवृति परमतत्त्वमा साक्षात्कारका लागि नियोजित गर्दिनु पर्दछ । स्वाभाविक हो यो सरल पनि छ । यसप्रकारको सहज साधना

४५८ सिद्धसिद्धान्तपद्धति, पृ. १७, १८, २४ ।

४५९ नाथ और सन्त साहित्य, पृ. ४२६ ।

सहज या स्वाभाविक वृतिको साधना हो ।[४२०] साधारणतया सहज शब्दको अर्थ जाति या जन्मका साथ उत्पन्न हुन जान्छ । धर्म या पदार्थमा जुन स्वभाव रहन्छ त्यसलाई सहज गर्नुपर्दछ । सहजको यो स्वभाविक नै नैसर्गिक, प्राकृतिक, सरल आदि अर्थ मूलतः सबै प्रकारको अर्थमा विद्यमान रहेको छ । आफ्नो साधना, दर्शन र लक्ष्य अनुरूप अनुकूल यसका भिन्न-भिन्न निरूपण पाइन्छन् ।[४२१]

नाथ सिद्धहरूका ग्रन्थ विशेष गरेर गोरखवाणीका आधारमा नाथ सिद्धहरूको सहजको विवेचना अगाडि नै गरिसकिएको छ । त्यसकै आधारमा डा.धर्मविर भारतीयले सहजका पाँच अर्थ बताएका छन् । उनले सहजको परम्परामाथि पनि प्रकाश पारेका छन् । उनका अनुसार शैव पद्धतिमा ११ औं शताब्दीमा सहज शब्दलाई स्वीकार गरिएको थियो । तथापि त्यसलाई फरक रूपबाट अर्थ लगाइयो। शैव र बौद्ध दुवै परम्परामा सहज साधना रहेको छ । महायोगी मत्स्येन्द्रनाथले योगिनी कौलमार्ग तथा वज्रयानी सिद्धको सहजाम्नायको तुलना गर्नाले यो स्पष्ट हुन्छ दुवैमा सहज शब्दको प्रयोग स्वाभाविक प्रक्रिया प्रवृत्ति मार्गका अतिरिक्त यसको अर्थ साधना पद्धतिमा हुन्छ । जसमा पुरुष तथा शक्ति तत्त्वलाई समागम गरिन्छ । यी दुवै तत्त्व बौद्ध पद्धतिमा प्रज्ञा तथा उपाय र योगिनी कौल मार्गमा शक्ति तथा शिवका नामले प्रख्यात छन् । कौल ज्ञानको 'सहजा' आदि शक्तिको सम्बन्धका विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । डा.भारतीका अनुसार कौल ज्ञानमा साधकले स्वकीय गृहणी शक्तिको शरीरलाई आफैभित्र ग्रहण गर्दछ । यस प्रकारका व्यक्तिलाई सहज आनन्द प्राप्त हुन्छ । डा.भारतीका अनुसार प्रज्ञा तथा उपायलाई शक्ति र शिवको रूपमा मान्दा र हेर्दा वज्रयानी सहज र योगी मत्स्येन्द्रनाथको कौल ज्ञानको सहजमा कुनै अन्तर छैन । यसर्थ बौद्धहरूले मत्स्येन्द्रनाथलाई अवलोकितेश्वरका रूपमा पूजा गर्दछन् । किनकि कतिपय प्रसङ्गहरूमा भनिएको छः- अकुलवीर साधनाद्वारा समरसमा प्रतिष्ठित हुन जान्छ । तिनै ब्रह्म हुन्, उनै शिव हुन्, त्यही नै सोम हो, त्यही नै अर्हन्त हो, उनै बुद्ध हुन् ।

तथापि योगिनी कौल मार्गमा सहजलाई शैव रूप दिइएको छ । यसबाट अनुमान गर्न सकिन्छ नाथहरूलाई सहज भावना शैवबाट प्राप्त भयो । स्वयं

४२० उही पृ. ४२७ ।

४२१ तान्त्रिक बौद्ध साधना और साहित्य, पृ. १८५, १९०-१९२ ।

मत्स्येन्द्रनाथ र गोरखनाथलाई नै आदिनाथ शिवको अवतरण भनिञ्छ र मानिञ्छ।[४२२] सहजबाट बराबर शक्ति तथा शिवको सङ्गमको अर्थमा देहस्थ शक्ति या देहस्थ खेचरी मुद्रालाई उपलब्ध गराउनेमा लिइएको पाइञ्छ।[४२३] डा.भारतीको यस निष्कर्षका सम्बन्धमा स्पष्टसँग भन्न सकिञ्छ शैव र बौद्धको शिव तत्त्वमा अन्तर जस्तो देखिए पनि तात्विक भिन्नता रहेको छैन । यो सम्पूर्ण साधना पद्धति एवं भावना धाराको परिवर्तनमा उत्तरदायी हुन सक्तछ । यसर्थ यो नि:सन्देह भन्न सकिञ्छ नाथ सिद्धहरूको सहज शिवशक्तिबीच योग होस् या बौद्धको दुवै पूर्णतया शैव हो । बौद्ध र शिवशक्तिको उपाय एवं प्रज्ञामा भिन्नता जस्तो देखिए पनि समानता रहेको छ तात्विक अन्तर छैन । बौद्ध सिद्ध र नाथ सिद्धको सम्बन्ध निरूपणका विषयमा महायोगी मत्स्येन्द्रनाथ र नेपाल पुस्तकमा लेखिएको छ । डा.भारतीले ६ अर्थमा 'सहज'को प्रयोग सम्बन्धमा जुन उल्लेख गरेका छन् त्यसका अधिकांश विषयहरू अगाडि नै उल्लेख गरिसकिएको छ । तथापि संक्षिप्तमा पुन: स्मरणका लागि यहाँ उल्लेख गरिञ्छ । (१) परमतत्त्वको रूपमा सहज- यसमा भनिएको छ: पाँच तत्त्वको सहजबाट नै उद्‌भव र अन्तमा सहजमा विलय हुञ्छ । (२) यस सहजको आत्मगत साधनालाई सहज स्वरूप धारणा गर्नुपर्दछ। यो सहज ज्ञान या सहज समस्त रूपमा विवर्जित छ । भाव अभाव आदिको द्विविधा यसमा नष्ट हुन जाञ्छ र अविनाशी तत्त्वको प्राप्ति हुञ्छ । (३) शिव शक्ति योगको सहज पद्धति मैथुनको रूप हो । डा.भारतीको दृष्टिकोणमा सहजको तान्त्रिक अर्थ पनि यही हो । वज्रयानी सिद्धमा पनि यसलाई ग्रहण गरिएको छ। नाथ योगीहरूको हठयोग साधनामा सहज पद्धतिलाई शिवशक्तिको मिलन या योगीद्वारा योगिनीको मिलनका रूपमा राखेर पूर्ववर्ती तान्त्रिक परम्परा निर्वाह गर्दथे । यो शक्ति र शिव वास्तवमा नाद र विन्दु हो । यसमा शक्तिको बास कुण्डलिनीका रूपमा तल बताइएको छ भने शिवको निवास अर्थात् बासस्थान माथि । योगी र योगिनीको परिणामका रूपमा पनि सहज समागमलाई चित्रित गरिएको छ। सहज समाधि पवनलाई निरोध गर्दै आफ्ना इन्द्रियहरूलाई पूर्णतया वशमा या नियन्त्रणमा राखेर सहज समाधिका रूपमा चित्रित गरिएको छ। (५) परमपद निर्वाणको अर्थमा उपर्युक्त हुञ्छ । (६) सहज जीवन पद्धतिका रूपमा सहजको प्रयोग

४२२ नाथ और सन्त साहित्य, पृ. ४२८ ।

४२३ सिद्ध साहित्य पृ. ३६८-३६९ ।

मिल्दछ। यो सहज ब्रह्म अनुष्ठान, ब्रह्मचारी र विविध निषेष, अतिचारले मुक्त मध्यम सहज मार्गको अर्थको रूपमा बुझ्नुपर्दछ।[४२४]

हठयोग प्रदीपिकामा समाधिको पर्याय 'तुर्या' शब्द दिइएको छ। यसको रूप प्रायः तुरिया मानिञ्छ। गोरखवाणीमा यी दुवैमा कुनैपनि रूप समाधिको अर्थमा पाइँदैन। मत्स्येन्द्र-गोरखबोधमा 'तुरियाबोध' शब्दको प्रयोग पाइञ्छ। जसमा भनिएको छः 'हे बालयोगी अवधूत, मनमुख या परिशुद्ध मन उन्मनद्वारा समाधि लाग्दछ। पवन मुख हुनाले अर्थात् पवन साधना गर्नाले उपाधि छुट्दछ। सुरतिमुखले तुरिया बन्ध लाग्दछ। तथा गुरूमुखद्वारा साधक अजर, अमर शरीर भएको हुञ्छ। मोनियर विलियम्सले तुरियाको आत्माको चौथो अवस्था बताएका छन्। यो आत्माको शुद्ध निर्गुण ब्रह्माको अवस्था हो।[४२५] यस अर्थमा गोरखवाणीको उपर्युक्त उद्धरणमा 'तुरिया बन्ध'को अर्थ आत्माको चौथो अवस्थाको बन्धको अर्थ हुनुपर्द्रछ। जसमा आत्मा परम शुद्ध ब्रह्मी अवस्थामा अवस्थित हुन जाञ्छ। हठयोगको कुनैपनि नाथ ग्रन्थहरूमा तुरिया शब्द पाइँदैन।[४२६]

समग्रमाः

नाथ ग्रन्थहरूमा विवेचित नाथयोगको विस्तृत परिचयबाट हामी केही कुराहरूको निष्कर्षमा पुग्न सक्तछौँ। नाथ संस्कृत ग्रन्थहरूमा योग सम्बन्धमा जुन प्रकारको तान्त्रिक प्रभाव पाइञ्छ त्यो मुल चुरो हो भन्दा फरक पर्दैन। नाथहरूको लक्ष्य भनेको हठयोग र समाधि योग या राजयोगको सहायताले शरीरमा निर्वाणपद, पमपद, नाथपद या द्वैताद्वैतविवर्जित पद प्राप्त गर्नु हो। यस साधनामा निगुरा या गुरूहिन व्यक्तिका लागि कुनैपनि स्थान छैन। सिद्ध गुरूले नै जीवनको शक्ति या साधकको शक्तिको ब्रह्मग्रन्थीबाट मुक्त गर्दछन्। नाथ ग्रन्थहरूका अनुसार गुरू चेलाको ३६ र ३२ तत्त्वको गुणको विषय महत्त्वपूर्ण छ। ३२ तत्त्वको ८ परीक्षाले नाथयोगमा अधिकार भेदवादलाई पुष्टि गर्दछ। <u>नाथको गौण लक्ष्य</u> पिण्ड सिद्धि, काया सिद्धि या सिद्धदेह प्राप्ति हो। चार

४२४ विभिन्न अर्थका लागि निम्नलिखित सन्दर्भ ग्रन्थहरू हेर्नुहोस् : (१) गोरखवाणी, पृ. १००, १८९, डा.पिताम्बदत्त बड्थ्याल: योग प्रवाह पृ. २२७, (२) गोरखवाणी पृ. १९६, ११६, सिद्ध साहित्य पृ. ३७०, ३७१।

४२५ संस्कृत अङ्ग्रेजी शब्दकोश, पृ. ४५१।

४२६ नाथ और सन्त साहित्य पृ. ४२९।

तत्वहरूको पूर्ति वा पोषक गुरूको सहायताले हुञ्छ। गुरूकृपाबाट मात्र पिण्ड सिद्धि सम्भव छ। यसर्थ नाथ ग्रन्थहरूमा यी सिद्धान्तहरूको परिचय पाइञ्छ। गुरूको रूप नाथ रचनाहरूमा पाइञ्छ जो परीक्षक, पूरक, पोषक र बोधक हुन्। यसैगरी अन्य रूपहरूतर्फ पनि सङ्केत गरिएको छ। माथि जुन अधिकार भेदवादको चर्चा गरिएको छ त्यसबाट स्पष्ट हुञ्छ कि परीक्षाका आधारमा अधिकारको निर्णयलाई स्वीकार गरिएको छ। नादका चार क्रमिक अवस्था अनुसार योगीका चार अवस्थाको परिचय मिल्दछ।

नाथ सिद्धहरूले योगयुक्त ज्ञानलाई स्वीकार गर्दछन्। अर्थात् आध्यात्मिक साधनाका लागि आधिभौतिक र आधिदैविक साधनालाई स्वीकार गर्दछन्। उनको परमतत्त्व सद् र असद्, निर्गुण-सगुण, द्वैत, अद्वैतभन्दा अतित, अनिर्वचनिय छ। नादका रूपमा यो गगन शिखरमा साक्षात्कृत हुञ्छ। यसले योगद्वारा नै कायाको रक्षा, शरीरको शोधन, शरीरको जप र योगबाटै शरीरमा परमपदको साक्षात्कार सम्भव माञ्दछ। यो सबै त्यतिबेलासम्म सम्भव छ जबसम्म शरीरमा पिण्डज्ञान हुँदैन। ब्रह्माण्ड र पिण्डको सम्बन्ध ज्ञान आवश्यक छ। यसकारण नाथहरूले पिण्ड ब्रह्माण्डवादलाई आफ्नो योग साधनाका लागि आवश्यक ठाञ्दछन्। उनीहरूले पिण्ड र ब्रह्माण्डको एकत्व ज्ञानसँगै समरस्यलाई अधिक महत्त्व दिञ्छन्। किनभने उनीहरूको लक्ष्य नाथस्वरूप अवस्थान या पिण्ड पदको परमपदमा समरसीकरण हो। यसकारण पिण्ड रक्षालाई अत्यावश्यक मानिञ्छ।[४२७]

अन्ततः ब्रह्माण्डमा पिण्डको दृढता, एकत्व, समरसत्त्व, परम आनन्दमयी क्रिडा, परम आनन्दमय ब्रह्माण्डमा स्वच्छन्द, आनन्दमय पिण्डको क्रिडा नाथहरूको श्रेय हो। पिण्ड संवित नहुँदासम्म यो क्रिडा असम्भव हुञ्छ। 'पिण्ड संविति'का लागि 'प्राणसंकली' ग्रन्थमा विस्तारैसँग पिण्डपरिचय दिइएको छ। समग्रमा भन्नुपर्दा पिण्ड ब्रह्माण्डवाद या पिण्ड साधना नाथ सिद्धहरूको जीवात्माको मुक्तिका साथसाथ शरीरबाट पनि मुक्ति चाहञ्छन्। यद्यपि योगबाट शरीर र मनमुक्त हुन जाञ्छ। तथापि यसको चितको विमुक्तिका लागि ज्ञान आवश्यक छ। शुद्ध ज्ञानसँगै नाथ योगीहरूको वैलक्षाण्य यो हो कि पिण्डसिद्धि र ईच्छामृत्युलाई ज्ञान या परमज्ञानका साथ आवश्यक माञ्दछन्।

---

४२७ उही पृ. ४३०, ४३१।

वस्तुतः नाथको योग ज्ञान योगसँग सम्बन्धित साधना हो । यस साधनामा बिन्दु साधना, आधिदैविक, प्राण साधना आधिभौतिक र चित साधना या मन साधना आध्यात्मिक साधना समन्वित छन् । नाथको मन, पवन साधनाले यी तथ्यहरूतर्फ सङ्केत गर्दछ । यसै साधनाबाट पिण्ड र परमपदको सिद्धि सम्भव मानिन्छ ।

अष्टाङ्ग पातञ्जल योगलाई नाथहरूले जस्ताको तस्तै स्वीकार गर्दैनन् । नाथ ग्रन्थहरूमा यम-नियमको नाम मिल्दैन, अर्थात् पाइँदैन । तथापि विभिन्न अङ्गहरूको परिचय पाइन्छ । त्यसमा न व्याख्या गरिएको छ नत कुनै क्रमअनुसार नै रहेको छ । नाथ संस्कृत ग्रन्थ हठयोग प्रदीपिकामा यम-नियम दशांश छन् । यो समग्रमा स्वीकार गरिएको छ । तथापि त्यो पातञ्जल यम-नियम होइन । गोरख उपनिषदमा अष्टाङ्ग योगलाई स्वीकार गर्दै षडङ्ग योगलाई महत्त्व दिइएको छ । यम-नियमलाई तान्त्रिक अङ्गका साथ नाथहरूले प्राणायामको दृष्टिमा राख्दै अत्यावश्यक मानेका छन् । दशांश यम-नियमलाई स्वीकार गरेका छन् । 'अहिँसा' तत्त्वको उपदेश नाथहरूद्वारा दिने गरिन्छ । तथापि योगी मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयभित्रको पञ्चमकार सहितको विधान नाथहरूलाई स्वीकार्य छ । यम-नियम अङ्ग अन्तर्गत अहिँसा, ब्रह्मचर्य, मिताहार आर्जव आदिको व्याख्या गरिएको छ । यहाँ नारीको कामिनी रूपलाई त्याग गरेर जननी रूप या मातृरूप या सुन्दरीको परमार्थिक प्रतिकात्मक 'सुषुम्ना सुन्दरी'का रूपमा साधना गर्न भनिएको छ । नियम, व्रत, तप, दान, ईश्वरपूजा, जप, होमको बारेमा नाथ वाणीमा विस्तृत परिचय पाइन्छ ।

यम, नियमपछि नाथहरूको आफ्नै विशेष साधना षडङ्ग योगको आरम्भ हो । नाथलाई हठयोगी भनिन्छ । हठसाधना तथा तत्सम्बन्धी विभिन्न पारिभाषिक शब्दहरूलाई विचार गर्दा भनिएको छः यो वस्तुतः नाडी साधना, प्राण साधना या शिव शक्ति योग हो । यो आचार संयमगत मध्यमार्गको अतिरिक्त हठयोगको साधनागत मध्य मार्ग हो ।[४२८] दोस्रो शब्दमा यो सन्धि-साधना, कला साधना या अमृत कलाको साधना हो । यम-नियमपछिको अङ्ग आसन हो । जसको विस्तृत व्याख्या नाथ वाणीहरूमा पाइँदैन । आसनहरूमा अद्वय भूमि सुषुम्नाको आसनलाई मुख्य मानिन्छ । निश्चय पनि यो पारमार्थिक र प्रतिकात्मक

---

४२८ नाथ और सन्त साहित्य, पृ. ४३२ ।

हो । प्रारम्भिक साधनामा बाह्य आसनको आवश्यक्तालाई स्वीकार गरिएको छ । शरीरको आन्तरिक अङ्गको सोधनका लागि षट्कर्म कृच्छ्राचार प्रधान षट्कर्मलाई नाथहरूले स्वीकार गर्दैनन् । यस विपरित प्राणायामको विस्तारसँग गरिएको व्याख्या नाथवाणीहरूमा पाइन्छ । योग साधनाका लागि नाथहरूले यसको महत्त्व र उपयोगितालाई स्वीकार गरेका छन् । यसै साधनाबाट अन्य परवर्ती कठिन साधना सरल र साध्य हुन जान्छन् । यस प्राणायामबाट नै नाडीसोधन, कुण्डलिनी जागरण, षट्चक्रभेदन, लय साधना, उन्मनी साधना, प्रणव साधना, नादानुसन्धान आदि साधना साध्य छन् । यम-नियम सम्बन्धी आचार र संयमको विचार पनि प्राणायामलाई ध्यानमा राखेर गरिएको छ । प्राणायामको सिधा सम्बन्ध नाडीसोधनसँग रहेको छ । नाद विन्दु साधनाका लागि प्राणायामको सहायता लिनुपर्दछ ।[४२९]

अगाडि नै उल्लेख गरिसकिएको छ यो पवन साधना या प्राण साधनाले योगाग्नि प्रज्वलन या कुण्डलिनी प्रवोध, शरीरका चौसठ्ठी सन्धिमा वायुको सञ्चरण अथवा सोधन, काया परिवर्तन, नवद्वाररोध, उन्मनी-योग, साधना, विन्दुस्थैर्य, उर्ध्वोधः वायु साधनाद्वारा ब्रह्मरन्ध्रादि सिद्धि, ज्योतिप्रकाश, अनाहद नाद श्रवण, ध्यान साधना, नित्य आरोग्य, पवनलाई उल्टाएर षट्चक्रवेद्य, महारस सिद्धि, एवं शिवशक्ति योग आदिनाथ प्राप्ति, मनको अचलता, द्वादशङ्गुल पवनको निरोधद्वारा अजरत्व एवं अमरत्वको प्राप्ति, मन-पवनको योगद्वारा अनाहद नाथ श्रवण आदि सिद्ध हुन जान्छ । बन्धको बारेमा पनि नाथ वाणीहरूमा विस्तृत व्याख्या पाइँदैन । मुद्राको परिचय भने नाथ वाणीहरूमा पाइन्छ । तथापि यसको अर्थ र व्याख्या संस्कृतको हठयोगी ग्रन्थ समान रहेको छ । यहाँ घटस्थ मुद्राहरूको पनि व्याख्या गरिएको छ । यसको सिधा सम्बन्ध मानस-विन्दु नियन्त्रणसँग रहेको छ । यसैप्रकार नादका अनुभवको ३ अवस्थाको व्याख्या गरिएको छ जसमा साधनाको प्राणायामसँग घनिष्ठ सम्बन्ध रहेको छ । नाथ संस्कृत ग्रन्थहरूमा नादका ४ अवस्थाहरूको व्याख्या वर्णन गरिएको छ ।[४३०] यस अतिरिक्त प्राणायामसँग प्रणव साधना र अजपाजपको सम्बन्ध रहेको छ । प्रणव नै नाथहरूको 'स्वसंवेद' अथवा 'सूक्ष्मवेद' हो । जसले केवल यस

---

४२९ उही पृ. ४३२ ।

४३० उही पृ. ४३३ ।

सूक्ष्मवेद प्रणवलाई स्वीकार गर्दछ । नाथहरूको दृष्टिकोणमा यो प्रणव तत्त्व सम्पूर्ण सृष्टिमा व्याप्त रहेको छ । जपमा पनि नाथहरूले अजपाजपलाई नै सर्वस्वीकार्य मान्दछन् । जसको आधार श्वास प्रश्वास साधना हो । यसप्रकार यस प्राणायामको बहुविद्यारूप यसको महत्त्व, उपयोगिता हेर्दा नाथ योगीहरूका अनुसार प्राणायामको महत्त्व उचित रहेको छ ।

प्राणायामपछि प्रत्याहारको स्थान रहेको छ । यो प्रत्याहार आध्यात्मिक साधना हो । योगमार्तण्डको अनुसार प्रत्याहार चन्द्रामृतमयी धारा भाष्करद्वारा प्रत्याहरण हो । यसको दोस्रो परिभाषा- मनको विषयसँग आहरण । आहरणका दुई प्रकारका क्रियाहरू रहेका छन् । नाथवाणीमा प्रत्याहारको नाम त छैन तर कुनै न कुनै रूपमा व्याख्या गरिएको छ । यसको पहिलो परिभाषा हठयोग साधनामा पाइञ्छ । दोस्रो परिभाषा राजयोग या समाधि योगका क्रममा रहेको छ । इन्द्रियहरूलाई यस विषयमा प्रत्याहार गरेर यसै अन्तर्गत पातञ्जल योगका अङ्गको क्रमका अनुसार प्रत्याहारपछि धारणाको स्थान रहेको छ । धारणा बाह्य र आन्तरिकका साथ एकमात्र निजतत्त्व स्वरूपको हो । अन्तःकरणको साधना हो । यस क्रियामा पञ्चभूतका पृथक-पृथक धारणा एवं मानसको निश्चलत्व सम्पादन हुञ्छ । यस साधनाको धारणा नाममा गरिएको व्याख्या नाथवाणीहरूमा पाइँदैन । तथापि यस अन्तर्गत व्याख्या हुने षट्चक्रभेद, लययोग, भूत विजय, कुण्डलिनी साधना, विपरीकरणी, अमृत साधना, रससाधना आदिको व्याख्या गरिएको छ । उक्त ग्रन्थहरूमा षट्चक्र र अष्टचक्रको वर्णन गरिएको छ । गोरख मत्स्येन्द्र बोधमा ६ चक्रहरूको वर्णन गरिएको छ । तान्त्रिकहरूका मुख्य ७ चक्रहरू छन् । नाथ योगीहरूका कतिपय रचनाहरूमा आठ चक्रहरू मान्य रहेका छन् । तान्त्रिक सप्तमचक्र सहस्रारदेखि अद्वैतानुभूति गरिञ्छ । नाथगण अष्टम चक्रमा द्वैताद्वैतविवर्जितानुभूति गरिञ्छ । नाथ वाणीहरूमा अधिकांश विवरण तान्त्रिक षट्चक्र + सहस्रार = ७ सिद्धान्तलाई स्वीकार गरिञ्छ । षट्चक्र या अष्टचक्रसँग सम्बन्धित विभिन्न तत्त्व स्थान पदार्थ या गुणका विभिन्न पर्यायको परिचय नाथ वाणीहरूमा पाइञ्छ ।[४३१] यसको पर्याप्त लामो व्याख्या गर्न सकिञ्छ । कुण्डलिनी साधनासँग सम्बन्धित विपरितकरण पनि एक प्रकारको महत्त्वपूर्ण क्रिया हो । यसको व्याख्या नाथ वाणीहरूमा पाइञ्छ । विभिन्न

४३१ नाथ और सन्त साहित्य, पृ. ४३४ ।

षट्चक्र या अष्टचक्र समान कुण्डलिनीको नाम नाथ वाणीहरूमा पाइन्छ। कतिपय नामहरू पूर्णतया लोक जीवनसँग गृहित रूप अनुसार दिइएको छ। जो प्राचीन नाथ संस्कृत ग्रन्थहरूमा पाइँदैन। तथापि यो निश्चित छ कि प्रायः सबै शब्दमा कुनै न कुनै प्रकारका दार्शनिक या साधनात्मक व्याख्या रहेका छन्।[४३२]

धारणा उपरान्त ध्यानको स्थान रहेको छ। यो परमाद्वैत भाव हो। नाथ वाणीहरूमा ज्योर्तिध्यानको व्याख्या गरिएको छ। तथापि नाथको ध्यान क्रिया यत्नज र परिश्रम साध्य छैन। यो सहज एवं जीवनको सामान्य क्रियामा पनि उपयुक्त छ। अन्तिम अङ्ग समाधि हो। यो समरस अवस्था हो। यस अवस्थाको व्याख्या संस्कृत नाथ ग्रन्थहरूमा गरिएको छ। हठयोग प्रदीपिकामा यसको पर्यायको एउटा लामो सूचि दिइएको छ। उसका अधिकांश शब्दहरूको प्रयोग नाथ वाणीहरूमा समाधिका लागि मिल्दछन्। यी शब्दहरूको विस्तारसँग विवेचना गरिएको छ। यसमा सहज शून्य जस्तो महत्त्वपूर्ण शब्द पनि अर्न्तगणित छ। यस शब्दका साथ मुक्ति शब्दको पनि प्रयोग र विवेचना गरिएको पाइन्छ। दोस्रो शब्दमा योगयुक्त ज्ञानको साधनासँग यो नाथ सिद्ध कायासिद्धि या पिण्डसिद्धि, सिद्धदेह या इच्छामृत्युको सिद्धिसहित पिण्डपदको परमपदमा समरसीकरण अथवा नाथ स्वरूपमा अवस्थानको उपलब्धि प्राप्त गर्न चाहन्छन्।

---

४३२ उही पृ. ४३४।

खण्ड २

नाथको जातीय तथा सामाजिक सम्बन्धः

कलिकालको उदयपछि यस हिमवत्खण्डमा पटक-पटक विधर्मीहरूबाट वैदिक सनान हिन्दू धर्ममाथि आक्रमण हुँदै आइरहेको छ। महायोगी गोरखनाथको इतिहासमा प्राप्त अभिलेखका आधारमा मात्र विवेचना गर्ने हो भने चौथो शताब्दीदेखि अठाराँ शताब्दी गोरखाका राजा पृथ्वीनारायण शाह र त्योभन्दा अगाडि द्रव्य शाहले गोरखनाथको प्रत्यक्ष दर्शन पाएका थिए । यो हेर्दा १४ सय वर्षको प्रत्यक्ष उपस्थिति नेपाल लगायत हिमवत्खण्डमा देखिञ्छ । यसको वर्णन मैले महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा गरेको छु । यता भारतमा जब वैष्णव र बौद्धहरूको प्रभाव बद्दै गयो अर्थात् हर्षोत्तर युग लगभग ७ सय ईस्वी सम्वतदेख १२ सयसम्म सामाजिक विघटन र विभाजनका कारण विभिन्न जाति र उपजातिहरूको सँख्या बृद्धि हुँदै गयो ।[४३३] जन्मस्थान, व्यवसाय, सम्प्रदाय, प्रथा आदिका आधारमा नयाँ नयाँ जाति बन लागे । वर्णमा पनि भेद उपभेद बद्न थाले । वर्ण व्यवस्था जस्तै आश्रम व्यवस्थाका कारण पनि यो युगमा कठोरताका कारण जातिहरूको सँख्या बद्न गयो । वर्ण व्यवस्था मूल रूपमा कर्मका आधारमा थियो जस्तो सिद्धगुरूहरू ब्राह्मण । उदाहरणका लागि नेपालको कालेराई अर्थात् डा.स्वामी प्रपन्नाचार्य, बलवीर सिंह थापा अर्थात् योगी नरहरिनाथ । युद्ध कौशलताका सेना प्रहरी क्षेत्रीय व्यापार गर्ने वैश्य र डाक्टर इञ्जिनियर शुद्र । यो कामका आधारमा गरिएको वर्णव्यवस्था थियो । पछि यसलाई जन्मको आधारमा अवलम्बन गरिदिएर विकराल रूप खडा गरिदिए जसको प्रभाव र मूल्य अहिले पनि चुकाउन परिरहेको अवस्था छ । सवत् ७ सयदेखि १२ सयकै बीचमा वैष्णव,

---

४३३ नाथ और सन्त साहित्य, पृ. ४८ ।

शैव, शाक्त, पाशुपत, कापालिक आदि सन्यासीहरूको सँख्या बढ्न लाग्यो ।[४३४] अगाडि नै उल्लेख गरिसकिएको छ योगी गोरखनाथको प्रभाव त नेपाल लगायत हिमवत्खण्डमाथि थियो नै त्योभन्दा बाहिर पाशुपत र कापालिक शैव सन्यासीहरू पनि पत्ता लागे । तथापि ७ औँ शताब्दीसम्म शैव सन्यासीहरूको कुनै विवरण प्राप्त गर्न सकेनन् । चीनिया यात्री हेन्त्सांगले नेपाल, जालन्धर पञ्जाव, अहिक्षेत्र, वनारसका विभिन्न मन्दिरसँग आवद्ध शैव सन्यासीहरूको सँख्या उल्लेख गरेका छन् ।[४३५] ११ औं शताब्दीसम्म यही स्थिति रहीरह्यो । ८ औं शताब्दीमा मुसलमानहरूले आक्रमण सुरु गरे । उनीहरूको व्यवस्थित प्रवेश पृथ्वीराजको समयमा भयो । १३ औँ शताब्दीमा तुर्क अफगान शासनको स्थापना भयो । जब भारतमा तन्त्रविहीन बौद्ध र वैष्णवहरूको प्रभाव बढ्यो भारत गुलाम भयो । यो अवस्थामा आचार्य शङ्कर अर्थात् शङ्कराचार्यले बौद्ध दर्शनका प्रमुख मल्ल नागार्जुनलाई शास्त्रार्थ वैचारिक रूपमा परास्त गर्नुभयो । यता योगी गोरखनाथले हिमवत्खण्ड नेपाल लगायत क्षेत्रमा समन्वय गर्नुभयो ।[४३६] लगभग १२ औँ शताब्दीसम्म जाति र आश्रमको अवस्था सामान्य रहन गयो । जब मुसलमानहरूको आक्रमण भयो जातीय संस्कार र विशेषतालाई सुरक्षित राख्नका लागि रुढिवाढिता र संकीर्णतामा दृढ हुन थाले । मुसलमानहरूको शासन र सँस्कृतिको सम्पूर्ण प्रभावका कारण जातिच्यूत, वर्णच्यूत अवस्था बढ्न लाग्यो । यसप्रकारको कार्य मुस्लिम शासक औरङ्गजेव र त्यसपछि पनि भइरह्यो । यो समयभन्दा अगाडिसम्म भारतमा आक्रमण जारीका कारण सामुहिक रूपमा आक्रान्त धर्मलाई कुनै न कुनै रूप स्वीकार्न बाध्य थिए । जसरी तन्त्रविहिन वैष्णव र बौद्धको कारण भारत १ हजार वर्ष मुसलमान र इसाईहरूको गुलाम बन्न पुग्यो मत्स्येन्द्रनाथ र गोरखनाथको तान्त्रिक शक्तिका कारण नेपालमा उनीहरू प्रवेश गर्न सकेनन् । अहिले नेपाललाई गुलाम बनाउन नसकेका तिनै शक्तिहरू स्कोन, साइबाबा, राधेराधे, ब्रह्मकुमारी राजयोग, कृष्ण प्रणामी, बहाइ, कविर, इसाईहरू नेपालको मौलिक शैवनाथ सँस्कृति र तान्त्रिक बलिपूजामाथि प्रहार गर्न केन्द्रित छन् । यो षड्यन्त्र सबैले बुझ्न जरुरी रहेको छ । किनकि संसारमा नेपाल एउटा देश मात्र तन्त्रले बनेको देश हो ।

४३४ हिन्दी साहित्यका बृहत् इतिहास- भाग १, पृ. १०४, १०५, ११२ ।

४३५ जी.एस.धुरेः इण्डियन साधुज पृ. ४८-४९ ।

४३६ नाथ और सन्त साहित्य, पृ. ४९ ।

त्यो समयमा भारतमा विजेता जातिको धर्म विजित जातिको धर्म हुने अवस्था थियो । जस्तो मुसलमानी आक्रमणपछि भारतका कतिपय ठाउँहरूमा त्यो अवस्था देखिन्छ । आजका पाकिस्तान, अफगान, बङ्गलादेश, नेपाल, भारतका मुसलमानहरूका पूर्खा हिन्दू नै थिए र हुन पनि । पुरानो जाति र नयाँ धर्मको बीचबाट कतिपय नयाँ जाति समूहको पनि उदय हुन थाल्यो ।[४३७] अगाडि बढ्दै जाँदा यस क्षेत्रका मुसलमानहरूले मूल मुसलमानहरूभन्दा फरक रूपमा आफूहरूलाई प्रस्तुत गर्न थाले । तत्कालीन हिन्दू समाजको अध्ययन गर्दा उनीहरू दुई वर्गमा विभाजित भएको जानकारी पाउन सकिन्छ । पहिलो वर्ग जसको नियन्त्रण ब्राह्मण व्यवस्था तथा स्मृति आदि धर्मग्रन्थहरू अनुसार प्रभावित थिए । दोस्रो पंक्ति अर्थात् वर्ग यसप्रकारको ब्राह्मण व्यवस्था र विधान होइन अकाल 'सन्यास' उनीहरूकोमा प्रचलित थियो । यो वर्गले जातिपाति, वर्ण व्यवस्था अस्वीकार गर्दै आयो । उनीहरूले धर्म शास्त्रको आश्रम क्रमलाई कहिल्यै पनि स्वीकार गरेनन् । उनीहरूले मोक्ष सिद्धिलाई यसरी प्रमुख लक्ष्य मान्ने मत या सम्प्रदाय धर्मशास्त्रीय ग्रन्थलाई व्यवहार रक्षक मान्दथे । योग शास्त्रलाई मोक्ष रक्षक माने । योगी मोक्षरक्षक शास्त्रको अनुयायीहुन्छ । यस्ता योगी सिद्धहरूले आफूलाई 'अतिवर्णाश्रमी' मान्दछन् । उनीहरूले यसको व्याख्या विश्लेषण सामाजिक या साँसारिक आधारमा नगरी साधनात्मक र दार्शनिक आधारमा गरेका छन् । उनीहरूका अनुसार ब्रह्मको प्राप्ति पक्षपात विनियुक्त भएपछि हुन्छ । यसको अर्थ जातिभेद राख्नुहुँदैन भन्ने नै हो । पक्षपातको अर्थ हो देहाभिमान । यसर्थ योगी अतिवर्णाश्रमी हुनुपर्दछ ।[४३८]

बौद्ध मत या धर्मको अभ्युदय भन्दा पूर्व सन्यासाश्रम विरोधीलाई विशेषत यज्ञ आदि क्रियाहरूको विरोध गर्नेहरूलाई अन्तर्भूत गर्ने आश्रमका रूपमा स्वीकृत गरिएको थियो । श्वेताश्वतरोपनिषदको ज्ञान 'अत्याश्रमी'का लागि स्वीकार गरिएको थियो । शङ्कराचार्यले स्मृतिलाई प्रमाण मानेर यसको व्याख्या गर्नुभएको छ । जब मनमा बाह्य संसारको भौतिक वस्तुप्रति वैराग्य उत्पन्न हुन्छ, त्यतिबेला विद्वान्हरूले सन्यास ग्रहण गर्नु पर्दछ ।[४३९]

---

४३७ उही पृ. ४९ ।

४३८ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. २०-२२, २३ ।

४३९ श्वेताश्वतरोपनिषद- ६.२१ ।

यसबाट स्पष्ट हुन्छ याज्ञिक क्रिया त्यसप्रतिको अविश्वास उनीहरूको विरोध र अकाल सन्यासको स्वीकृति दिने वर्ग धेरै समयदेखि समाजमा जिवन्त थियो । यसप्रकार अत्याआश्रमी शब्दको विकासलाई ध्यान दिने हो भने यस युगमा नाथ सिद्धहरूको अवस्थाका बारेमा अनुमान गर्न सकिन्छ । नाथ या गोरक्ष मतको विश्वव्यापी प्रभाव, प्रसार, प्रचार १० औं इश्वी सम्वतमा व्यापक भएको पाइन्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा नाथ मतको दृष्टिकोणबाट यस शब्दको व्याख्या गरिएको छ । तथापि यस ग्रन्थको समयकाल निश्चित रूपमा भन्न सकिँदैन । तापनि यो कुरा निश्चित छ कि यस ग्रन्थमा गोरक्ष, मत्स्येन्द्र, भर्तृहरि आदि प्राचीन नाथ सिद्धहरूको सङ्ग्रह गरिएको छ । नाथ योगीहरू सन्यासी थिए र प्राचीन शैव सन्यासी, पाशुपत आदि परम्परामा पनि थिए । यसलाई पश्चिमा लेखक ब्रिग्सले पनि विश्लेषण गर्न खोजेका छन् ।[४४०] यसप्रकारको सामाजिक जातीय परिस्थितिमा नाथहरू प्रभावशाली रूपमा देखापरे । विस्तृत अर्थमा हेर्ने हो भने योगी शब्द अन्तर्गत कान चिरेका अतिरिक्त अन्य सम्प्रदाय पनि योगी नामले सम्बोधित अनुयायीहरू पनि छन् । गोरखवाणीका अनुसार यी मध्येमा कान चिरेका योगीहरूको प्रमुखता र महत्त्व रहेको छ। भारतमा हेर्ने हो भने सन् १९०१ भन्दा अगाडिको जनगणनाको विवरण अनुसार यस सम्प्रदाय हिन्दू, हिन्दू योगी मात्र होइन मुसलमान मौलानाहरू पनि हिन्दू नाथ बनेका छन् ।[४४१] नेपालमा गोरखनाथसँगै पृथ्वीनारायण शाहको नेपाल पुनःएकीकरणमा मुसलमानहरू सामेल छन् । दाङ्गको रत्ननाथ र नवलपरासी दाउन्नेको मदरनाथ मन्दिरमा हिन्दू मुसलमान दुवै पूजारी छन्। यस विषयमा विस्तृत व्याख्या मेरो महायोगी गोरखनाथ अवतरण र नेपाल एकीकरण (१) र अर्को महायोगी गोरखनाथ र नेपाल पुस्तकमा गरिएको छ । हिन्दू र मुसलमान दुवै समान रूपमा नाथमा प्रवेश गर्न सक्तथे । मुलसमानहरूका लागि यसकारण पनि सुविधा जनक थियो कि उनीहरूको समाजमा जन्मका आधारमा कुनै कठोर विभाजन थिएन तथापि वर्ग मूलआधार अर्थ थियो । धनि र गरिबका बीचमा मुसलमानहरूमा निकै ठूलो फरकपना थियो । दोस्रो वैष्णवहरूको प्रभावका कारण हिन्दू समाजभित्रको प्रायोजित औचित्यहिन,

४४० प्रा.डा. गोपीनाथ कविराज, गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. १-२, गोरखनाथ एण्ड कनफट्टा योगिज, ब्रिग्स, पृ. २१८ ।

४४१ ब्रिग्सः गोरखनाथ एण्ड कनफट्टा योगिज, पृ. १-२-५ ।

पाखण्डी वर्ण व्यवस्थाका कारण त्यसलाई अस्वीकार गर्नेहरू नाथको वैदिक साम्यवादी धारामा समाहित हुँदै गए। यसप्रकार नाथ समाजमा कुनै वर्गभेद, जातिभेद छैन, हिन्दू-मुसमान दुवै छन्। तथापि उनीहरूको जविन पद्धति दर्शन परम्परा शैव नाथमा आधारित थियो।[४४२]

यस युगका विभिन्न धार्मिक आन्दोलनहरूले अनेक प्रकारका वर्ग र जातिहरूको उदय गरायो। पहिला यसप्रकारका वर्गहरू एउटा साम्प्रदायिक र धार्मिक समूहका रूपमा थिए। क्रमैसँग उनीहरू बिस्तारै जातिका रूपमा बदलिँदै गए। विश्नोई, साधु, जोगी, गोसाई, मानभाव आदि थिए। उनीहरूले आ-आफ्नो क्षमता अनुसार जिविकोपार्जनका लागि विभिन्न व्यवस्थाहरू अपनाउँदै गए। विभिन्न उपजातिहरूमा बाँडिदै गए। जस्तो उदाहरणका लागि मालाका दानाहरू बिक्रि गर्ने योगीलाई मनीहारी योगी भनिञ्थ्यो।[४४३] दुई परस्पर फरक सँस्कृतिहरूको बीचमा कविरको अभ्युदय पनि यसै कालमा भयो। उनका रचनाहरूमा योगी गोरखनाथलाई पूज्य रूपमा व्याख्या गरिएको छ। महायोगी गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा मैले उद्धृत गरेको छु। कविरको उदयले यस क्षेत्रमा रहेको जाति व्यवस्थामा दुरगामी प्रभाव छोड्यो। जटिल परिवर्तन पनि भयो। यस युगमा मुसलमानहरूको आक्रमण र शासनका कारण हिन्दूहरूको जाति र सामाजिक अवस्थामा पारेको प्रभाव संक्षिप्तमा अगाडि नै उल्लेख गरिसकिएको छ। बल प्रयोग, धम्की, डरत्रास, पद, धन सम्पत्तिको प्रलोभ दिएर पनि कतिपय स्थानहरूमा इस्लाम धर्म स्वीकार्न बाध्य बनाइयो। यो परिवर्तन सामुहिक रूपमा पनि हुने गर्दथ्यो।

यसर्थ दक्षिण एशियाका मुसलमानहरूका पूर्खा हिन्दू नै थिए। यसप्रकारको धर्म परिवर्तनबाट जातिको उदय पनि हुने गर्दथ्यो। अन्य धर्मलाई स्वीकार गर्दा, विभिन्न प्रकारका जीविका साधनहरू अपनाउँदै गर्दा क्रमश जातिको उदय हुन जान्थ्यो। इस्लाम धर्म स्वीकार गर्नेहरूलाई मुस्लिम समाजमा पद, प्रलोभन, सम्मान दिइन्थ्यो। हिन्दूहरूको जाति परिवर्तन, धर्म परिवर्तनमा मुस्लिम शासन र इस्लामिक धर्मशास्त्रसँग सम्वद्ध थियो। यो सम्पूर्ण शासनकालमा शासन पद्धतिको विधान अर्थात् संविधान इस्लाम धर्मशास्त्र थियो। जसका अनुसार सुलतान खुदाको

४४२ नाथ और सन्त साहित्य पृ. ५१।
४४३ जी.एम.धुरे: कष्ट एण्ड क्लास अफ इण्डिया, पृ. ३३-३६।

प्रतिनिधि र उसको कर्तव्य इस्लामिक धर्म शास्त्रअनुसार अल्लाहको नियमको पालना गर्नु एक मात्र धर्म इस्लामलाई चारैतर्फ फैलाउनु थियो । इस्लाममा अविश्वास गर्नेहरूलाई राज्यद्रोहीको रूपमा हेरिन्थ्यो । 'बहुदेववाद' अर्थात् एक आदिनाथका साथ अनेक देवताहरूमाथि विश्वास राख्नुलाई इस्लामका अनुसार अस्वीकार र घृणा गरिन्थ्यो । मुसलमानहरूको यही नीति अहिले इसाईहरूले अपनाइरहेका छन् । उनीहरूले कुमारीबाट बलात्कृत येशु बाहेक अन्य धर्मावलम्बीहरूलाई सैतान भन्दछन्, यो विगतको मुसलमानहरूकै प्रवृतिको नयाँ आयाम देखिञ्छ ।

त्यो समयमा इस्लामी धर्मशास्त्रमा उसका अनुयायीहरूलाई जिहाद मार्गमा लाग्नुलाई महत्त्वपूर्ण कार्य भनेका छन् । जुन वर्तमानमा इसाईहरूले गरिरहेका छन् । काफिरहरूको देश दार उल-हर्वमा युद्ध गरेर त्यसलाई त्यो समयसम्म निरन्तरता दिनुपर्दछ जबसम्म इस्लामी राज्यको दायरमा दार-ठल-इस्लाममा पूर्ण रूपमा सामेल हुँदैन । अहिले इसाईहरूले संसारभरि ठीक यही अपराधिक रणनीति अपनाइरहेका छन् । **इस्लाम र इसाईहरूले युद्धमा लाखौं, करोडौं निर्दोष मानव हत्या गरिरहेका छन् । जस्तो इजरायल प्यालेस्टाइन, इराक, अमेरिका, सिरिया-अमेरिका, इस्लाम-युद्ध हो । यी दुवैको उदय नै अपराध र हिँसाबाट भएको हुनाले त्यसैगरी समाप्त हुनु सृष्टिको नियम नै हो ।**

त्यो समयमा धार्मिक राजनीतिक सिद्धान्त अनुसार यस्तो विजयपछि उक्त देशमा इस्लाम बाहेक अन्य धर्मावलम्बीलाई काफिर भन्दै उनीहरूको बस्ती जित्ने, गुलाम बनाउने घृणित कार्य गरियो । सम्पूर्ण जनसमाजलाई इस्लाम धर्ममा दीक्षित गरेर उनीहरूको धर्म परिवर्तन गराउनु र इस्लामिक बनाउनु उनीहरूको आदर्श थियो । इस्लाम अस्वीकार गर्नेहरूलाई राजनीतिक, सामाजिक अधिकारबाट वञ्चित गर्ने उनीहरूलाई घेराबन्दी गर्ने, गलाउने, हतोत्साहित पार्ने उनीहरूलाई मुसलमान धर्ममा समावेश गर्ने गरियो ।[४४४] नेपाल र भारतमा माओवादी आवरणमा क्रिश्चियनहरूले यसरी नै अपराधिक हिँसा चलाए । योगी गोरखनाथ अवतरण गरेको गोरखाबाट बाबुराम भट्टराई कास्कीबाट पुष्पकमल दाहाल, स्वर्गद्वारी क्षेत्र दाङ्ग, प्युठानबाट मोहन वैद्य र मोहनविक्रम सिंह जस्ता

४४४ डा. जदुनाथ सरकार: औरङ्गजेव, पृ. १७९-८०, पृ. १८०-१८१,, तथा पादटिप्पणी, इन्साइक्लोपिडिया अफ इस्लाम भाग १ पृ. १०४१, भाग ९- पृ. ५-६, भाग ८- पृ. ३९-४२ भाग १- पृ. ११७ ।

विधर्मी हत्याराहरू नेपालको हिन्दू सँस्कृतिमा इसाई मिशनमा हमला गराउने वैचारिक र राजनीतिक नेतृत्व लिए । इसाई गुरूआमा यलिनरले तयार गरेको बाबुराम भट्टराईले गोरखामा गोरखनाथका पूजारीमाथि हमला गरायो, लमजुङमा मुक्तिनाथ अधिकारीमाथि हत्या गरायो, पण्डित नारायण प्रसाद पोखेलको हत्या गरे । यो कम्युनिष्ट आवरणको इसाई क्रुसेड हिँसा थियो ।

यसैप्रकार हिन्दूहरूसँगग जजिया, खिराज, बसुल, गर्ने इस्लामिक अधिकार यस्ता शासकहरूलाई दिइयो । इस्लाम बाहेक अन्य धर्मावलम्बीहरूलाई भेष-भुषा, सम्मान, पूजा आदिको अधिकार थिएन । अन्य धर्महरूप्रति समानता, सहनशिलता देखाउनु मुस्लिम अर्थात् अरव विजेताहरूको दृष्टिकोणमा पाप थियो, जुन अहिले इसाईहरूले त्यही मुसलमानी नीति अपनाईरहेको पाइञ्छ। त्यसपछिका विजेता शासकहरूले जजिया गरिदिन रहन सहन, भेषभुषाको रोकतोकका साथ इस्लाम बाहेकका अन्य धर्मावलम्बीहरूलाई त्रास र डर धम्कीमा राखिएको थियो । **अगाडि नै उल्लेख गरिसकिएको छ, दक्षिण एशियाका मुसलमानहरू सबैका पूर्खा हिन्दू हुन् । यहाँका मुसलमानका पूर्खाहरू लोभ, लालच, डर, धम्कीको कारण इस्लाम धर्म अपनाएका मात्र हुन् ।**

हिन्दू धर्म छोड्नेहरूलाई धनको, प्रलोभन, समाजका नेताहरूमा दवाव जसले इस्लामबाहेक कुनैपनि धार्मिक शिक्षा दिन नपाओस् । 'काफिर कुशी' लाई मुसलमानको ठूलो विशेषता मानिन्थ्यो ।[४४५] अहिले नेपालमा मात्र होइन संसारभरि इसाईहरूले मुसलमानहरूको यही नीति अपनाईरहेका छन् । नेपालमा २०६३ साल जेष्ठ ४ गते इसाईहरूको पैसामा बिक्रि भएर सांसदहरूले संसारको एकमात्र हिन्दू राष्ट्र नेपाललाई 'धर्म निरपेक्ष' घोषणा गरे । यस कार्यमा अपराधी क्रुसेडर्स इसाई मिशनका माओवादीसँगै एमाले नामक पश्चिमी आइएनजीओले चलाएको गिरोह र पशुपतिनाथलाई उखेलेर म्युजियममा राख्नुपर्दछ भन्ने वी.पी. कोइरालाका भाई गिरिजाप्रसाद कोइराला सामेल भए । यसको विस्तृत व्याख्या बाइबल र माओवाद, नारायणहिटी हत्याकाण्ड सेना र माओवादी पुस्तकमा गरिएको छ।

सम्पूर्ण मुस्लिम शासनकालमा प्रायः सबै मुसलमान शासकहरूले इस्लाम धर्मशास्त्रीय शासनसत्ता चलाए । जसको परिणाम धर्मान्तरित मुसलमानहरूको

४४५ औरङ्गजेव पृ. १८१-१८६ ।

सँख्या बढ्दै गयो। धम्की, प्रलोभन, डर, त्रास देखाएर मुसलमान बनाउने कार्य गरे। सन् ११९४ देखि १२१० सम्म शासनमा रहेका कुलुबुद्दिन ऐवेकले अलीगढ विद्रोहपछि त्यहाँका बासिन्दाहरूलाई हिन्दूधर्म छोडाएर इस्लाम धर्म स्वीकार गर्न बाध्य बनाए। अस्वीकार गर्नेहरूलाई धम्क्याउने, हत्या गर्नेसम्म गरेको इतिहास उल्लेख गरिएको छ। सन् १२९५ देखि १३१६ सम्म शासन गरेका अलाउद्दीन खिलिजले संभ्रान्तहरूमाथी विद्रोह गरेर २० स्त्री दासी बनाए।[४४६] इस अलाउद्दिन खिलिजले आफ्नो काजी अर्थात् प्रधानमन्त्री मुधिसुद्दिनलाई काफिरहरूका साथ यस प्रकारको घृणित, पतित र अपराधिक व्यवहार गर्न उपदेश दिए। यस प्रकारको दुर्व्यवहारले जनसमाज आक्रान्त बनेको थियो। उनीहरूले जसरी वर्तमान समयमा इसाईहरूले अन्य धर्मावलम्बीहरूलाई सैतान भन्दै प्रत्येक घरमा द्वन्द्व, लडाई, वेश्यागमन सृजना गराएका छन् त्यसरी नै इस्लाम अस्वीकार गर्नेलाई मार्ने, कैद गर्ने, लुट्ने आज्ञा पैगम्बर मोहम्मदले हामीलाई दिएका छन् भन्दै आतङ्क मच्चाए। यहाँ हनिफाद्वारा प्रतिपादित धर्म व्यवस्थालाई मान्न थालियो। यसप्रकारको ठूलो इमामका अतिरिक्त अन्य कुनैपनि धार्मिक विद्वानहरूका ग्रन्थमा हिन्दूहरूलाई जजिया गरेर वसुल गर्ने आज्ञा दिइएको थिएन। अन्य सम्पूर्ण मुसलमानी धर्मवेत्ताहरूका अनुसार हिन्दूहरूका लागि एउटै नियम थियो इस्लामलाई स्वीकार गर्ने या मृत्यु।[४४७] यसप्रकारको कार्य लगभग सन् १७०७ पछिको केही समयसम्म चलिरह्यो। जब अकबर बादशाह शासनमा आए अलि फरक हुन गयो। यसकारण दक्षिण एशियामा नेपाल, भारत, माल्दिभ्स, भुटन, श्रीलङ्का, पाकिस्तान, अफगानिस्तान, बङ्गलादेशका कुनैपनि मुसलमानहरू होस् या इसाईहरूको मूल पूर्खा हिन्दूहरू नै थिए। यहाँका मुसलमानहरूले इतिहासमा क्रुर शासकका कारण आफ्ना पूर्खाहरू धर्मान्तरित हुनुपरेको तितो सत्य पूर्खाहरू वैदिक सनातन हिन्दू धर्मावलम्बी भएको कुरालाई आत्मसाथ गर्दै विचार र व्यवहारमा भावि पुस्तामा परिवर्तन ल्याउन जरुरी छ। साथै पूर्खाको स्वधर्ममा रूपान्तरित हुन जरुरी छ। आफ्नो ऐतिहासिक विरासतको रक्षा गर्न जरुरी छ। मुसलमानहरूको शासनकाल र आक्रमणको यस समयमा आफ्नो स्वधर्म रक्षार्थ तत्कालीन हिन्दू समाजको सामाजिक व्यवस्थामा आफ्ना सजातीय बन्धुहरूको रक्षाका लागि कठोर सुरक्षाको दृष्टिकोणले कट्टरतामा

४४६ दि रिसव रेलिजन माग १, इन्ट्रोडक्सन, पृ. ४२-४८।
४४७ औरङ्गजेव पृ. १८३।

विशेष जोड दिइयो । डा.यदुनाथ सरकारले त्यो समयको हिन्दू समाजको अवस्थाका बारेमा विस्तृत व्याख्या गरेका छन् ।[४४८] यसै समयमा मुस्लिम शासकहरूले मुसलमान नबनेकाहरूलाई जजिया, खिराज या यस्तै प्रकारको कर प्रणालीद्वारा गैरमुस्लिम जनतालाई थोपरेर असुलउपर गरिन्थ्यो । समकालीन समयका मनुचीले लेखेका छन्: यस्ता कैयौं हिन्दू परिवारहरू थिए जसले यस प्रकारको मुस्लिम शासकद्वारा इस्लाम धर्म नमान्नेहरूलाई लादिएको कर तिर्न सक्तैनथे । कर तिर्न नसकेपछि अपमानबाट छुट्कारा पाउन मुसलमान बने यस्तो देखेर मुसलमान शासक औरङ्गवेज आनन्दित हुने गर्दथे ।[४४९] यसकारण दक्षिण एशियाका मुसलमानहरूका पूर्खा हिन्दू हुन् । उनीहरू क्रमशः आफ्नो स्वधर्म ग्रहण गर्नुमै कल्याण छ ।

एकातर्फ बाध्यात्मक रूप धर्मान्तरित भएका मुसलमान र अर्कोतर्फ धर्म रक्षार्थ हिन्दू समाजमा अपनाइएको कट्टरताबाट तिरस्कृतहरूको सँख्या बढ्दै गयो । अगाडि नै उल्लेख गरिसकिएको छ नाथहरूमा न छुवाछुत छ न जातिभेद । त्यसकारण नव धर्मान्तरित मुसलमानहरू हुन्, तिरस्कृत हिन्दूहरू नाथ सम्प्रदायमा जोडिन् आइपुगे । हुनत योगी गोरखनाथबाट नै अरबको इस्लामको तीर्थस्थल मक्काका ४ मुसलमान चेलाहरूले योगको शिक्षा लिएका थिए । रत्ननाथलाई संसारभरका मुसलमानहरूले हाजीपिर रत्ननाथको रूपमा पूज्ने गर्दछन् । नेपालको दाङ जिल्लाको चौघेरामा रतननाथ मठ छ जहाँ हिन्दू मुस्लिम दुवै पूजारी छन् । यसको विस्तृत व्याख्या महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण १ र महायोगी गुरू गोरखनाथ र नेपाल मैले नै लेखेको, संकलन गरेको पुस्तकमा गरिएको छ । यसकारण नाथ योगीहरूको मुसलमानसँग ऐतिहासिक सम्बन्ध रहेको छ । अहिले पनि संसारभरका मुसलमानहरूले मान्ने शावर तन्त्रमन्त्र योगी गोरखनाथ विरचित हो । आजभोलि पनि भारत लगायत पाकिस्तान, अफगानिस्तान, बङ्गलादेशमा जफर योगी नामको मुस्लिम सम्प्रदाय रहेको छ । जसका अनुयायीहरूले योग साधना गर्दछन् । इतिहास हेर्दा योगी गोरखनाथ संसारभरि भ्रमण गरेको पाइन्छ । यो पनि ध्यान दिन आवश्यक छ कतिपय स्थानका गोरखनाथ केन्द्र मठका मुख्य योगीलाई पीर

---

४४८ उही पृ. १८९ ।

४४९ उही पृ. १९७-१९८ ।

पनि भनिन्छ । नेपालको काठमाडौं हनुमानढोका, दाङको रत्ननाथमा पीरहरू छन् । सामान्यतया पीर शब्द मुस्लिम सन्तहरूका लागि प्रयोग गरिन्छ । यसबाट स्पष्ट हुन्छ महाराष्ट्रको मानभवन, पाकिस्तान, अफगानिस्तान, नेपाल लगायतका क्षेत्रमा नाथ सम्प्रदायमा मुसलमानहरू रहेका छन् । मुस्लिम शासनकालमा मुसलमानहरू पीरको रूपमा समाहित भएका थिए । विशेष गरेर नाथहरूको पहिलो केन्द्र मुस्लिम बहुल क्षेत्रमा थियो । अफगानिस्तान, पश्चिमी पञ्जाव, कच्छ आदि क्षेत्रमा मुसलमानहरूको सँख्या अधिक थियो । यी ठाउँहरूमा क्रमश कन्दहार, टिल्ला, धिरोधर आदि ठाउँहरू नाथको केन्द्र थियो भने मुख्य केन्द्र नेपाल थियो । दोस्रो हिमलाजदेवीप्रति सद्भाव राखेका कारण मुस्लिम समाजमा नाथहरूको सम्पर्क अत्याधिक थियो । तेश्रो इतिहासलाई फर्काएर हेर्दा नाथहरूले अरुले जस्तो मुसलमानहरूको ज्यादती भोग्नु परेन । औरङ्गजेवले नै मत्स्येन्द्रनाथ लगायत ४ सिद्ध योगीहरूको समाधि आफ्ना देवताको समाधिको रूपमा संरक्षाण गरे । महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा यसको विस्तृत व्याख्या मैले उल्लेख गरेको छु । तथापि गोरखपुरको गोरक्षानाथ मन्दिरमा मुसलमानहरूले दुई पटक हमला गरे । जसलाई पछि पुनर्निर्माण गरियो । नाथ केन्द्रहरूमा योगीहरूले जुन जीवन व्यतित गर्दछन् त्यो मुसलमान पीरहरूको दैनिक जीवनसँग मिल्दछ ।[४५०] जुनजुन नाथ केन्द्रहरूमा मुसलमानहरू दीक्षित हुन लागे ती स्थानहरूमा उक्त मठका प्रधानहरूलाई पीर भनिन्छ। गोरखपुर मठका प्रधानलाई महन्त भनिन्छ पीर होइन। यसैगरी गोरखनाथ र परवर्ती नाथ कविहरूको रचनामा मुसलमानहरूप्रति नरम धारणा पाइन्छ ।[४५१]

प्राचीन साहित्य ग्रन्थहरू, उपनिषद, पुराण, स्मृति ग्रन्थ आदिमा योगीहरूको व्याख्या पाइँदैन । तथापि कतैकतै अवतरणको रूपमा महायोगी मत्स्येन्द्रनाथ र गोरखनाथको मात्र नाम उल्लेख गरिएको पाइन्छ । तर स्वतन्त्र छुट्टै भूमिकाको उल्लेख गरिएको छैन । यस साधनामा कतिपय अन्वेषक, विद्वानहरूको अनुमानमा ब्राह्मण जाति, आर्यभाषी, यस समाजमा एउटा श्रेष्ठ विभाग थियो । मूल रूपमा भारतीय समाजमा । योगीहरूले पछिसम्म उक्त जातिको आदर्शमा ठाउँ पाएका थिए । यसकारण पुराण स्मृति आदि शास्त्रहरूमा

---

४५० इण्डियन साधुज, पृ. ६०, १५७ ।

४५१ नाथ और सन्त साहित्य, पृ. ५५ ।

योगीहरू स्वतन्त्र रूपमा उल्लेखित छैनन् । यो भनाईमा त्यति सत्यता छैन किनकि नाथ योगीहरूले जन्मका आधारको वर्ण व्यवस्था, छुवाछुत नमाने नाथमा मुसलमानहरूलाई पनि अस्वीकार गरिएको छैन । यसकारण उनीहरूको भूमिकालाई उल्लेख नगरिएको कुरा सहजै अन्दाज गर्न सकिन्छ ।

नाथ योगीहरू योगका कारण योगी नामबाट प्रख्यात भए । 'बहवो रुद्राः **सर्वे योग धर्म परायणाः** ।' प्राचीन भारतमा ब्राह्मण जातिभन्दा भिन्न अरु कसैले पनि योगसाधना गर्दैन थिए ।[४५२] यो कुरामा मेल खाँदैन किनभने नाथहरूमा अगाडि नै उल्लेख गरिएको छ नाथमा सामेल भएपछि कुनै जातिको हुँदैन भेद रहँदैन । योग योगीहरूको अर्थात् नाथ पन्थको साधना हो अनि ब्राह्मण मात्रले योगसाधना गर्दथे भन्ने कुरा मेल खाँदैन जबकि गोरखनाथ केन्द्रहरूमा मुसलमान पीरहरू पनि प्रमुख रूपमा रहने गर्दछन् । बल्लाल चरितमले बङ्गालका पुरोहितहरू रुद्रज ब्राह्मण भनेका छन् । बङ्गालका योगीहरूले आफूलाई शिव गोत्रीय भन्दछन् । यो कुनै आश्चर्यको कुरा होइन स्वयं महायोगी मत्स्येन्द्रनाथ, गोरखनाथलाई शिवको अवतरणको रूपमा मानिन्छ । बङ्गालका योगीहरू नाथ थिए । १० औंदेखि १२ औं शताब्दीका बिचमा बङ्गालका योगीहरूको प्रभाव दक्षिण एशियामा फैलिएको थियो । महायोगी गुरू गोरखनाथले नेपाललाई मुख्य केन्द्र बनाएर भूमिका खेलिरहनु भएको थियो । बङ्गालका योगीहरू हिन्दू समाजमा अर्न्तघुलित हुँदै गए । तथापि कतिपयले आफ्नो पुरानो रितिरिवाज परम्परालाई निरन्तरता दिइरहेका छन् । उनीहरूले नामका पछाडि नाथ शब्द जोड्ने गर्दछन् । उनीहरूले आफ्ना क्रियाहरू हिन्दू सँस्कृति धर्म अन्तर्गत गर्दछन् । तथापि वैणवहरूको प्रभावका कारण कतिपय ठाउँमा यस प्रकारका नाथहरूलाई उनीहरू स्वीकार्न हिचकिचाउँछन् ।

समग्रमा योगी वंश शैव हो र आदिनाथ आदिपुरुष एकादश रुद्रमा एक विन्दु नाथ थिए ।[४५३] योगी मत्स्येन्द्रनाथ र गोरखनाथ नै आदिनाथ शिवको अवतरण थियो । हिन्दी विश्वकोशमा विभिन्न स्रोतहरूतर्फ सङ्केत गर्दै वर्णन गरिएको छ । जसमा भनिएको छः शैव उपासक सम्प्रदायमा साधारणतया

४५२ श्री सुरेन्द्रचन्द्र मजुमदारः राजगुरू योगीवंश, पृ. २-३ ।

४५३ डा. एन.के. भट्टशाली, मयनामतीर गान, पृ. ४ आब्स क्योर रेलिजस कल्ट्स- डा.शशिभुषण दास गुप्त पृ. २२७-४२७, पाद टिप्पणी राजगुरू योगी वंश, पृ. ५-३१ ।

दुई प्रकारका श्रेणीहरू छन् । ती हुन् सन्यासी र योगी । विन्दुनाथलाई योगनाथ पनि भनिन्छ । यसमा योगनाथबाट उत्पन्न भएका कारण योग कहलाइएको बताइएको छ । पश्चिमा लेखक हेमिल्टनले 'शब्द कल्पद्रुम'मा उपर्युक्त योगीहरू बङ्गालका नाथ योगीहरूभन्दा भिन्न भनेका छन् । उनका अनुसार यिनीहरू वास्तवमा शैव सन्यासी थिए । पछि साँसारिक गृहस्थ बन्न गए उनले विस्तारका साथ उनीहरूको जिविका, सामाजिक अवस्थाको पनि विवेचना गरेका छन् । उनले लेखेका छन्: सेन राजाहरूको आदेशले हिन्दू समाजमा नाथ योगीहरूलाई अपमान गरियो । योगीहरूले विभिन्न पेशा अपनाए । राजा वल्लाल सेनको समयमा बङ्गालमा योगीहरूलाई अत्यन्त कष्ट दिइयो, अपमानित गरियो ।[४५४] नेपालमा मल्ल राजाहरू हुन् या लिच्छविकालमा महेन्द्र देवले यसरी नाथहरूको अपमान गर्दा योगी गोरखनाथको प्रहारमा उनीहरूको शासन समाप्त भएको थियो । त्यसैगरी बङ्गालमा पनि सेनहरूको शासन समाप्त हुन गयो ।

वर्तमान समयमा योगीहरू गृहस्थ योगीहरूको जुन अवस्था छ त्यसबाट बुझ्न सकिन्छ हिन्दू र मुसलमान समाजमा धेरै मानिसहरू शासनको प्रारम्भिक कालमा नाथलाई मान्ने गर्दथे । त्यसमा घरबार गर्ने योगीहरूको सँख्या पनि पर्याप्त थियो । हिन्दू समाजमा जन्मको आधारमा वर्णाश्रमको विरोधीहरू र मुसलमान समाजमा आर्थिक रूपमा वर्ग विभाजनलाई अस्वीकार गर्नेहरूलाई तत्कालीन शासकहरूले अपमान गरेका थिंए । किनकि नाथमा आदिनाथ शिव साम्यवाद, वैदिक साम्यवादी आध्यात्मिकता थियो । त्यहाँ न धनी न गरिब, न ठच न नीच कुनैपनि जातिभेद थिएन । जात र वर्गका आधारमा समाजमा आफूलाई प्रतिष्ठित ठान्नेहरूका दृष्टिकोणमा योगी सम्प्रदाय तारो बनेको थियो । कतिपय नाथ सन्यासी, गृहस्तहरू बङ्गालको सेन शासनकालमा र काठमाडौँ उपत्यकाको मल्ल शासनकालमा राज्यको कोपभाजनमा पर्नुपर्‍यो र अपमानित हुनुपर्‍यो ।[४५५] समग्रमा यी सम्पूर्ण तथ्य र व्याख्याहरूका आधारमा निष्कर्षमा भन्न सकिन्छ गृहस्थ योगीहरू मुसलमान शासनकालको सुरुवातमा नेपाललगायत हिमवत्खण्ड क्षेत्र, शिमला, अल्मोडा, पञ्जाव, गुजरात, महाराष्ट्र, कर्नाटक, पाकिस्तान,

---

४५४ वल्लाल चरितम्: रा.यो.- पृ. ३२, ३३, ३४, ३५ उ.ख. श्लोक ११-३२१, हिन्दी विश्वकोश भाग १८, पृ. ७४५ ।

४५५ नाथ और सन्त साहित्य, पृ. ५६ ।

अफगानिस्तान, बङ्गलादेश आदि ठाउँहरूमा विभिन्न जाति, उपजाति, अनेक व्यवसाय र जीविकालाई स्वीकार गर्दै फैलिएका थिए । बङ्गाल उत्तर पूर्वी उत्तर प्रदेश, अरुणाञ्चल, तिब्बतमा अधिकांश गृहस्थ योगीहरू, योगी, भिक्षु, तांति, जुलाहा, गडेरीया आदि कामका आधारमा परिचित छन् । डा.हजारीप्रसाद द्विवेदीले सन् १९०१ को जनगणनाको विवरणलाई आधार दिँदै २८ वयनजीवी योगीहरूको सूचि दिएका छन् । जसमा एक कोरी जुलाहा तथा जुणी पनि छन् । यसमा पहिलो प्रकारका नेपाल-तिब्बत लगायत हिमवत्खण्ड क्षेत्रमा र दोस्रो प्रकारका योगीहरू बङ्गालमा पाइञ्छन् ।[४५६] यी माथिका नामबाट पनि थाहा हुञ्छ नाथहरूमा समानता थियो ।

यसप्रकार नाथ योगीहरू पाशुपत परम्परामा पनि थिए । उनीहरू अतिवर्णाश्रमी थिए । उनीहरूका अनुयायीहरू पनि हिन्दू मुसलमान दुवै थिए । यो जाति पहिला कतिपय क्षेत्रहरूमा त्यहाँको सामाजिक जनजीवनमा प्रतिष्ठित थियो । पछि सामाजिक प्रतिष्ठामा धक्का लाग्न पुग्यो । उनीहरूले अनेक परिश्रम, मेहनत गरेर जीविकोपार्जन गर्दथे । यी नाथ योगीहरूको पश्चिमी क्षेत्र प्रदेशमा मुसलमानहरूसँग घनिष्ठ सम्बन्ध थियो । वैष्णवी हिन्दूहरूको दृष्टिकोणमा हेय मानिने विभिन्न अदृश्य, अस्पृश्य वर्गमा तत्कालीन शासकहरूले धर्मान्तरण गराएर मुसलमान बनाएका थिए तर संस्कारमा हिन्दू धर्मप्रति स्वभाविक आकर्षण थियो । यो समय अर्थात् युगको साम्प्रदायिक जातिहरूको उद्‌भवको यो महत्त्वपूर्ण तथ्य हो ।

जातिगत विवेचना गर्दा कविरको नाम लिनैपर्ने हुञ्छ । सन्त साहित्य, परम्पराको जुन परिचय छ त्यसमा सम्पूर्ण सन्त साधनाको दर्शन र केन्द्रविन्दु कविर थिए । कविरको प्रसङ्ग ल्याउनुपर्ने मुख्य कारण उनीका आमाबाबु हिन्दू मुस्लिम थिए । सन्त साधना र दर्शनको व्यवस्थित रूपरेखाको विकास कविरले गरेका थिए । यसर्थ कविरको व्यक्तित्व महत्त्वपूर्ण थियो । यता नाथ र नाथ रचनाहरू, ग्रन्थहरू, नाथ परम्परा १७ औं शताब्दीसम्म चलिरहेको थियो । जहाँ केन्द्रविन्दु के मुसलमान, के ब्राह्मण, के क्षेत्री, वैश्य, के शिल्पी सबै समान रूपमा नाथमा स्वीकार्य थियो ।

४५६ नाथ सम्प्रदाय, पृ. २०-२३ ।

महायोगी गोरखनाथको साधना पद्धति विचारधारा तथा स्वयं योगी गोरखनाथको व्यक्तित्व मुखरीत भएको थियो । विद्वान्हरूका विचारमा नाथको प्रभाव गोरखनाथभन्दा अगाडि पनि थियो । यो सत्य नै हो गोरखनाथका गुरू स्वयं मत्स्येन्द्रनाथ हुनुहुन्छ । तथापि नाथहरूलाई व्यवस्थित, वैचारिक र सङ्गठित रूपको विकास सर्वप्रथम योगी गोरखनाथले गर्नुभयो । उहाँले तय गरिदिएको मार्गमा नै अगाडि बढ्दै आइरहेको छ ।[४५७]

यहाँ कविरको व्यक्तित्वलाई विश्लेषण गर्नुको तात्पर्य सम्पूर्ण सन्त परम्पराको मुल कुरालाई उद्घाटित गर्नु हो । विद्वान्हरूले कविरको जीवन, जाति, जीविका आदिका बारेमा विवेचना गरेका छन् । कविर तथा अन्य मुख्य सन्तहरूको जीवन जाति, जीविका आदिको विवेचना गर्दा त्यो समयका विचारकहरूका सामु सन्तमतको विचारधारा साधना पद्धतिको मूल तत्त्वलाई खोज्ने कुरा पनि रहेको छ । यसको मुख्य कारण त्यो समय कालमा सम्प्रदाय, जातिहरूको सामाजिक जीवनमा क्रियाशीलता, पद्धति, संस्कार, सुधार आदि कार्यमा सफलता प्राप्त गरेका थिए । तत्कालिन हिन्दू समाजको विचारधारा र जीवनपद्धति यी जातिहरूका महापुरूषहरूमा त्यसको प्रभाव पर्याप्त मात्रामा पाइन्छ । कविरको जाति, जन्म र जीवनका बारेमा धेरै विद्वान्हरूले विवेचना गरेका छन् । क्षितिज मोहन सेनले निर्विवाद रूपमा कविरलाई मुसलमान जुलाहा भनेका छन् । यसको प्रमाणका रूपमा उनले 'दविस्ता'का लेखक अबूल फजललाई उद्धृत गरेका छन् । डा.एफ.ई.की. ले कविरलाई वयनजीवी जातिको मानेका छन् । मुसलमान जुलाहाको पोषयपुत्र मानेका छन् । तथापि उनले वंश परम्परा हिन्दू मुसलमान दुवैलाई त्यति महत्त्व दिएका छैनन् । चाहे त्यो हिन्दू या मुस्लिम प्रभाव होस् । उनको दृष्टिकोणमा कविरमा हिन्दू प्रभाव बढी थियो । समग्रमा कविर मुसलमान जुलाहाका हिन्दू प्रभाव सम्पन्न पोष्यपुत्र थिए । आचार्य शुक्लले यस कुरालाई स्वीकार गरेका छन् । गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालले सर्वप्रथम कविरको वंश या कुल गोरखनाथ सम्प्रदायमा उनका अनुयायीहरूसँग आवद्ध थिए ।[४५८] यो कुरा सत्यताको नजिक छ किनकि कविर रचनाहरूमा योगी गोरखनाथलाई उच्च

---

४५७ नाथ और सन्त साहित्य, पृ. ५७ ।

४५८ उही पृ. ५८ ।

सम्मानका साथ वर्णन गरिएको छ। कतिपय प्रसङ्गमा महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा समावेश गरेको छु। बड्थ्यालका अनुसार कविर जुलाहा मातापिताबाट पैदा भएका थिए। उनका बाबुआमा तत्कालिन सामान्य जनसमुदायमा प्रचलित धर्म मतद्वारा परिवर्तन भएका थिए। उनको महायोगी गोरखनाथप्रति निकै ठूलो सम्मान थियो। काशी गोरखपुर गोरक्ष प्रभाव सम्पन्न भएका कारण काशी र मगहरमा बसेर शिक्षा लिएका कविरमा गोरखनाथको प्रभाव थियो। मगहर पनि गोरखपुरको अत्यन्त नजिक पर्दछ। कविरले आफ्नो कुल निर्णय निबन्धमा भनेका छन् स्वयं कविरले आफू मुसलमान भएको कहीँ पनि उल्लेख गरेका छैनन्। फेरि पनि उनले जुलाहा हुँ भन्ने कुरालाई कहिल्यै पनि अस्वीकार गरेनन्। कोरीहरू हिन्दू हुने गर्दथे भने जुलाहा मुस्लिम हुने गर्दथे। कविर मुसलमान रहेको प्रमाण यही नै पर्याप्त छ। उनले जुलाहा कुलमा जन्म लिएका थिए।

गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालका अनुसार कोरीहरू जुलाहा भएपनि धेरै दिनसम्म रहेनन्। कविरको जुलाहापन योग र निर्गुण निर्गुण सम्प्रदाय सन्त मतका बीचको सूक्ष्म कडी हो। धेरै प्रभावहरूका आधारमा डा.बड्थ्यालले यो मान्यतालाई स्थापित गरेका छन्। कविरले कुनै प्राचीन कोरी तथापि तत्कालीन जुलाहा कुलका थिए। जो मुसलमान हुनुभन्दा पहिले योगीको अनुयायी थिए। कविरको कुलमा यद्यपि बाहिरबाट मुस्लिम धर्म स्वीकार गरेपनि परम्परागत आफ्नो स्वधर्मप्रतिको आस्था र विश्वास थियो।[४५९]

डा. हजारीप्रसाद द्विवेदीले कविरलाई योगी जाति गोरखनाथ केन्द्रसँग सम्वद्ध सन्तको रूपमा मानेका छन्। यसको प्रमाणका रूपमा उनले रिजली र बेन्सलाई प्रमाणका रूपमा उल्लेख गरेका छन्। द्विवेदीले कोरी जातिलाई मुसलमानी रूपको जुलाहा स्वीकार गर्दैनन्। उनले कविर सामाजिक प्रतिष्ठाका लागि धर्मान्तरित भएको कुरालाई पनि स्वीकार गर्दैनन्। उनका अनुसार मुसलमान शासन सुरु हुनुभन्दा पहिला त्यस क्षेत्रमा ब्राह्मणहरूसँग असन्तुष्ट जनसमुदाय थियो। जातिगत वर्णाश्रमको कारण पीडित थिए। नाथ योगीहरू यस्ता योगी सन्तहरू थिए जसले जातिपाति, छुवाछुत, जन्मका आधारको वर्णाश्रमलाई ठाडै

४५९ उही पृ. ५९, उद्धृत मेडीएबल मिस्टसिज्म अफ इण्डिया- सेन. पृ. ८९-९०, प्रकाशनः समय सन् १९२९।

अस्वीकार गर्दथे । नाथहरूमा समानता थियो । त्यो समयमा नाथ गृहस्थहरूको प्रभावशाली उपस्थिति थियो । उनीहरू शैव थिए । गोरखनाथका अनुयायी थिए जहाँ हिन्दू, मुसलमान, ब्राह्मण, शिल्पी सबैलाई समान रूपमा प्रवेश र स्वीकार्य थिए र अहिले पनि छ । यी योगीहरू संसारभरी फैलिएका थिए ।

कतिपय नाथहरूले जिविकोपार्जनका लागि व्यवसाय पनि गरेका थिए । उनीहरू गोरखनाथ, भरर्थरीलाई अति पूज्य मान्दथे । जातिभेद र ब्राह्मणहरूको श्रेष्ठताप्रति योगीहरूमा कुनै सहानुभूति थिएन । कथित ब्राह्मणहरूले योगीहरूलाई आफूहरू भन्दा तल्लो जात दर्जाको मान्दथे यसको कारण नाथहरूले ब्राह्मणहरूको जातिभेदलाई अस्वीकार गरेका थिए । मुसलमानी शासनको समयमा धर्मान्तरित हुन बाध्य भएकाहरू पनि नाथमा सामेल भए । आज पनि पञ्जावदेखि बङ्गालसम्म, नेपालदेखि तिब्बतसम्मका बस्तीहरूमा गोरखनाथलाई पूज्य मान्ने पीर मुसलमानरु रहेका छन् । कविर दास यही समूहमा पालित पोषित रूपमा हुर्किएका थिए ।[४६०] पण्डित परशुराम चतुर्वेदी जस्ता विद्वान्हरूले पनि यो कुरालाई स्वीकार गरेका छन् । तथापि उनका अनुसार काशी र मगहरसँग विशेष सम्बन्ध राख्ने सन्त कविरदासको कुल यदि क्रमशः सारनाथ, कुशीनगर जस्ता बौद्ध तीर्थहरूको आसपास बस्ने बौद्ध र उनीहरूद्वारा प्रभावित हिन्दूमा पनि कही न कहीँ मुसलमानी रूप भएको भएपनि आश्चर्य मान्नुपर्दैन । उपलब्ध सामग्री र स्रोतहरूका आधारमा कविरलाई इस्लाम धर्मसँग जोडिएका जुलाहा कुलका बालक मान्न सकिन्छ ।[४६१] चतुर्वेदीका अनुसार लगभग १३ औं शताब्दीदेखि १७ औं शताब्दीसम्म कुशीनगर, सारनाथ जस्ता स्थानहरू बौद्ध प्रभावबाट मुक्त थिए । बौद्ध प्रभावित यी स्थानहरूको महत्त्व पछिल्लो चरणमा पुनर्स्थापित हुन गएको हो । यदि १३ औं शताब्दीभन्दा पूर्व कविरको कुल मुसलमान भएको थियो भने उनमा बौद्ध प्रभाव रहने कुनैपनि सम्भावना रहँदैन । नाथको शैव प्रभाव शक्तिशाली र विस्तृत मात्र थिएन, यो प्रभावलाई भक्तिशाली वैष्णवहरूले प्रतिद्वन्द्वीको रूपमा हेर्दथे । वैष्णव जातिपाति भेदभाव राख्दथे । यसकारण कविर समग्रमा योगी गोरखनाथबाट नै प्रभावित थिए भन्ने कुरा पुष्टि हुन्छ ।

---

४६० नाथ और सन्त साहित्य, पृ. ६० ।

४६१ कविर- डा.द्विवेदी, पृ. ३-४, प्रकाशन वि.सं. १९९८, पृ. ५, ६, ९-१०-१३-१४- उत्तरी भारत कि सन्त परम्परा पृ. १५० ।

चतुर्वेदीले डा.बड्थ्याल र डा.द्विवेदीको मतभन्दा फरक मत राखेका छन् । कविरका रचनाहरूमा पाइने विभिन्न मत या संस्कारको सामाञ्जस्यता धर्मान्तरित परिवारका आधारमा मात्र होइन उनको अवस्था, भ्रमण, सत्सङ्ग, प्रतिभा जस्ता विभिन्न आयामहरूका आधारमा गरिएको विवेचना न्यायसङ्गत हुञ्छ । किनभने सन्त कविरको आदर्शमा निष्ठा राख्ने दादू दयाल, रज्जनजी, दरिया साहव मारवाडी, सायरी साहव जस्ता जो अनेकौं सन्तहरू छन् । उनीहरू पनि मुलसमान कुलमा जन्म लिएका थिए । तथापि उनीहरूका पुर्खाहरू मूलतः हिन्दू थिए या अन्य धर्मावलम्बी अहिलेसम्म प्रमाणित हुनसकेको छैन । यसको निष्कर्ष निकाल्दै डा.द्विवेदीले भनेका छन्:- अलि राजाको ज्ञानसागर, सैयद सुल्तानको 'ज्ञान प्रदीप' तथा 'ज्ञान चोतीसा' मुहम्मद शुफीको 'सुरंकदिल' मुरशितको 'वारामास्था' 'योग कलंदर' र 'रसज्ञान प्रदीप' आदिका आधारमा डा.द्विवेदीले निष्कर्ष निकालेका छन् । योगी र नाथहरूको मध्ययुगीन आचार र विचारमा प्रकाश पार्ने जतिपनि ऐतिहासिक दस्तावेज सामग्रीहरू छन् त्यसमा अधिकांशत मुसलमान कविहरूद्वारा लेखिएका छन् । उनीहरूको अनुमानमा कवि कविरदास कुनै धर्मान्तरित जाति या वंशमा जन्म लिएका थिए । यो भन्दा अगाडि उनी लेख्दछन्: कविर, दादु, रज्जब, कुतबन, जायसी, नुरमहम्मद, फाजिल शाह आदि हिन्दी कविहरूको रचना यसै प्रकाशमा विवेचना गर्नुपर्दछ ।[४६२] विशेष गरेर यो विवेचना दादु, रज्जव, दरिया मारवाडी र धारीका विषयमा भन्दा हुञ्छ ।

पछिल्लो विवेचनाबाट स्पष्ट हुञ्छ मुसलमानहरूको आक्रमण र शासन पछि भारतमा मात्र होइन त्यसको छिमेक आसपासमा पनि जातीय समस्या जटिल हुन गयो । धर्मान्तरणले हिन्दू र मुसलमान समाजमा बराबरी रूपमा एक प्रकारको जीविका चलाउने जाति रह्यो जसका अवशेषहरू अहिले पनि पाइञ्छन् । यो तथ्य उपर्युक्त माथि नाम दिइंएका सन्तहरूको कुल, जाति, परम्परा सम्बन्धी विचारहरूबाट पनि स्पष्ट हुन जाञ्छ । कविरको जन्म र कुलघरानाको जस्तै दादुको जन्म घरानाको विषयमा पनि विवाद रहेको छ । तथापि अहिलेसम्म उनको जीवनीको बारेमा ऐतिहासिक सामग्री उपलब्ध छैन । उनको जीवन जन्म, जाती आदिका विषयमा कसैले लेखेको छ । तथापि उनको

४६२ उत्तरी भारतकि सन्त परम्पराः पृ. १४९-१५१ । कविरः डा.द्विवेदी पृ. १३ ।

बारेमा सबै विद्वान्हरू दादु मुसलमान धुनिया थिए भन्ने कुरामा एकमत रहेको पाइन्छ । दादुको समयमा हिन्दू धुनिया पनि थिए तर मुसलमान धुनियाहरू धर्मान्तरित भाई बन्धुहरू थिए । उनीहरू हिन्दू धर्म छोड्न बाध्य बनाइएपछि शिक्षाको अभावमा अन्धविश्वासी बन्न पुगे ।[४६३] यो विशेषता आनुवंशिक थियो तथापी अध्ययन आफ्नो प्रतिभा साधना तथा सन्त समाजका कारण दादुले अन्धविश्वास माथि विजय गर्दै आफ्नो असाधारण प्रतिभाको विकास गर्दै समाजमा नविन दृष्टिकोण दिए । प्राचीनता र अन्धविश्वासको भरमा उनी बाँधिएनन् ।[४६४] उनीहरू र यो समुदायमा इस्लामहरूको कुरान, हदीस, प्रवृतिका शास्त्रहरू मुस्लिम दर्शन र साधना शास्त्रहरू प्रचलनमा थिएनन् । यिनीहरू नाममा मुसलमान भएपनि कट्टरपन्थी थिएनन् । उनीहरू हिन्दू कट्टरता र मुस्लिम कट्टरता दुवैभन्दा बाहिर थिए । दुवै धर्मका कट्टरपन्थीहरूले उनीहरूले आफूभन्दा निम्न जातिको रूपमा हेर्ने गरेको पाइन्छ । उनीहरूसँग हिन्दू, मुस्लिम दुवै शास्त्र थिएनन् । शिक्षा दीक्षाको कमि नै थियो । उनीहरू केवल दादुका भक्त थिए । पञ्जाव क्षेत्रका पञ्जरा समुदाय अहिले पनि दादुका भक्तहरू छन् ।[४६५] यसको तात्पर्य यो हो कि अनुमानका आधारमा दादू पहिला हिन्दू थिए । मुस्लिम शासनको प्रभावका कारण पछि इस्लाम धर्म स्वीकार्न पुगे । दादुको नाथहरूसँग जोडिएको सम्बन्ध पाइँदैन । किनभने अहिलेसम्म जुग्गी जातिको जतिपनि विवरणहरू उपलब्ध छन् त्यसमा धुनिया जाति र उनीहरूको जस्तो जीविका अपनाउने कुनैपनि उपजातिहरू छैनन् । यसकारण उनी मुसलमान हुन् भन्ने आशङ्का गर्न सकिन्छ ।

तथापि दादुका रचना, ग्रन्थहरूमा नाथ योगीहरूको बारेमा धेरै लेखिएको छ । केही पंक्तिहरू महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण पुस्तकमा उल्लेख गरिएको छ । महायोगी गुरू गोरखनाथप्रति दादुको विशेष श्रद्धा थियो ।[४६६] रज्जवको कुल मूलरूपमा हिन्दू थिए । यद्यपी जब उनको उदय भयो यिनको वंशलाई एउटा प्रतिष्ठित पठान वंश भनिन्छ । तुनको पितृ कुलका विषयमा प्रख्यात भनाई छः हिन्दू हुँदा उनीहरूले मद्य अर्थात् मदिरा बिक्री गर्ने

४६३ नाथ और सन्त साहित्यः पृ. ६१ ।
४६४ मेडिएवल मिस्टिसिज्म अफ इण्डियाः पृ. १७८, १०८ ।
४६५ क्षितिजमोहन सेनः दादुः पृ. १९-२० ।
४६६ नाथ और सन्त साहित्य, पृ. ६२ ।

गर्दथे । मुसलमान बनेपछि पनि उनीहरूले यो पेशा अपनाइरहे ।[४६७] नाथ योगी सँगसँगै रज्जवको योगा योगको सम्बन्धमा पनि यो तर्क दिन सकिन्छ जुन दादुका विषयमा दिइएको छ । दादुजस्तै दरीया साहव मारवाडी पनि मुसलमान थिए र उनी जस्तै मुसलमान धुनिया पनि थिए ।[४६८] दरिया साहव विहारीको वंश पनि धार्मिक रूपमा हिन्दू र क्षेत्री थिए । कतिपय कारण पछि मुसलमान धर्म स्वीकार गर्नुपर्‍यो ।[४६९] यसप्रकार मुसलमान सन्तहरूको सूची बनाउने हो भने उनीहरूमा अधिकांश हिन्दू जातिमा वैष्णवहरूको प्रभाव बढेपछि तल्लो जातिको रूपमा गणना गरिएकोले मुस्लिम शासनको प्रभावपछि मुसलमान बनेका थिए । किनकि हिन्दूशैव नाथमा छुवाछुत, उच, नीच, जातिपाति छैन । अगाडि नै उल्लेखित छ बौद्ध र वैष्णवहरूको प्रभाव र भक्तिधाराले नै भारत १ हजार वर्षभन्दा बढी गुलाम बन्यो । दक्षिण एशिया नेपाल लगायत सबै मुसलमानहरूका पूर्खा हिन्दू थिए । नेपालमा मुसलमानहरू कविर, दादू, नूरमोहम्मदकै अनुयायी मुस्लिमहरू हुन् । तराईमा होस् या पहाडमा उनीहरू परापूर्व कालदेखि नै हिन्दूहरूसँग मिलेर बसेका मात्र छैनन् गोरखाबाट योगी गोरखनाथको शक्ति र भरोसामा पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल पुनः एकीकरण अभियान पहाडका मुसलमानहरू सामेल भएका छन् । यसकारण उनीहरू नेपालका धर्तीपुत्र हुन् । गोरखा, कास्की, स्याङ्जा, अर्घाखाँचीमा यसप्रकारका मुसलमानहरूको पुरानो बस्ती छ । प्रायः व्यक्तिका नामहरू धार्मिक आधारमै राखिन्छ । जस्तोः अर्जुन, राम, कृष्ण, सीता, गीता आदि हिन्दू धर्मसँग सम्बन्धित छन् । **अर्घाखाँचीको वर्तमान पाणिनी गाउँपालिका वार्ड नं. ८ पुरानो पाली गाविस- सबैभन्दा धेरै मुसलमान बस्ती भएको ठाउँ हो । त्यहाँका मुस्लिम युवाहरूको नान नूरमोहम्मत, कविर जो माथि उल्लेखित सन्तको नामबाट छ । कविर मोहम्मद ठनका दाजु वशीर मियाँलाई २०४९ साल जेठ ३ गते योगी नरहरिनाथका लिखित दस्तावेज २०५५ सालमा आगो लगाउने कांग्रेसी गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले २०५० साल जेठ ३ गते पाणिनी गाउँपालिकाको दुर्गाफाँटमा गोली हानेर हत्या गरेको थियो । ठनलाई कुटमदिनको नामले चिनिन्छ ।** त्यसैगरी रज्जव नाम गरेका पनि धेरै युवाहरू छन् । नेपालको पहाडी क्षेत्रका

---

४६७ उत्तरी भारत कि सन्त परम्पराः पृ. ४२२ ।

४६८ उही पृ. ५८७ ।

४६९ उही पृ. ५६८, ५७८, मेडिएबल मिस्ट्रिसिज्म अफ इण्डियाः पृ. १३३-१३५ ।

मुसलमानहरूका नाम माथि उल्लेखित सन्तहरूबाटै राखिनुले पनि उनीहरूका पूर्खा हिन्दू नै थिए । उनीहरूले महायोगी गुरू गोरखनाथलाई पीरको रूपमा आदर सम्मान गर्ने गर्दछन् । जस्तो पहाडी मुसलमानमा यस्ता नामहरू छन् कविर, रज्जव, नुरमोम्ममद, समसुद्दिन, मुन्ताज, महम्मदीन, अहमदिन आदि यी र यसप्रकारका नामहरू हिन्दू धर्मबाट मुस्लिम हुँदै पछि नाथसँग जोडिएका सन्तहरूका नामबाट राखिनुले पनि उनीहरूका पुर्खा हिन्दू नै थिए भन्ने कुरा प्रमाणित हुञ्छ ।

यसप्रकार मुसलमानहरूको सूची बनाउने हो भने अधिकांश हिन्दूबाट वैष्णवहरूको जातिभेदका कारण मुसलमान बन्न पुगेका छन् । दादु र रज्जव दरिया आदि यसैकोटीका थिए । दोस्रो ध्यान दिन योग्य कुरा यो छ कि जुगी जातिमा नाथ योगीका अनुयायीहरूले सिलाई बुनाई गर्दथे । जो नेपालमा दर्जी अर्थात् दमाई जातिहरू पर्दछन् । तथापि अहिलेसम्म विहारी दरियाको जन्म नव धर्मान्तरित मुसलमान जातिको कुलमा भएको भन्ने कुरा निष्कर्षमा पुग्न सकिएको छैन । तर सिलाई बुनाईको सम्बन्ध नाथहरूसँग थियो ।[४७०] यसर्थ निष्कर्षमा भन्नुपर्दा विहारी दरिया कुलको सम्बन्ध नाथ योगीहरू मध्येको गृहस्थ जाति सिलाइ बुनाइ गर्ने दर्जी व्यवसायिक जातिसँग थियो । दरियाले आफ्नो ज्ञानदीपमा आफ्नो जीवन चरित्र सम्बन्धी कतिपय तथ्यहरूतर्फ सङ्केत गरेका छन् जुन पण्डित सुधाकर द्विवेदीद्वारा लिखित विवेचनासँग मिल्न जाञ्छ । उनका अनुसार उज्जैनका क्षेत्रिय राजकुमारको एक शाखा बक्शरको नजिक जगदीशपुरमा आइ सानो राज्यमा शासन गर्न थाले । यो परम्परामा पीरन शाहको जन्म हुन गयो । उनले आफ्ना भाइको रक्षाका लागि इस्लाम धर्म स्वीकार गर्न बाध्य भए । तथापि दरिया शाहवले यस घटनातर्फ सङ्केत गरेका छैनन् । दरिया आफ्नो मामाघरमा आरा जिल्लाको डुमरावदेखि ७ माइल टाढा धरकन्धा भन्ने स्थानमा जन्म लिएका थिए । उनकी आमाको जन्म एक दमाई अर्थात दर्जी परिवारमा भएको थियो ।[४७१] पण्डित परशुराम चतुर्वेदीले पण्डित सुधाकर द्विवेदीलाई उद्धृत गर्दै उपर्युक्त विवेचनाका विषयमा भनेका छन् । आफ्ना भाइको प्राण रक्षाका लागि पृथु शाह जो उज्जैनबाट आएर जगदीशपुर जिल्ला

---

[४७०] नाथ और सन्त साहित्य, पृ. ६२ ।

[४७१] मेडिएवल मिस्ट्रिसिज्म अफ इण्डिया, पृ. १३३ ।

शाहबादमा बस्ने क्षेत्रीय राजवंशमा उत्पन्न भए । वादशाह औरङ्गजेवकी प्रिय वेगमको दमाइकी छोरीसँग विवाह गर्न पऱ्यो । जसबाट उनको नाम पृथुशाह पीरन शाह हुन गयो ।[४७२] यी दुवै प्रमाणमा 'ज्ञानदीप' तथ्य अधिक विश्वशनीय रहेको छ ।

इतिहासको यो तथ्यलाई किन उत्खनन गर्नुपरेको हो भने वैष्णवहरू र बौद्धहरूको प्रभावले जब भारत गुलाम बन्यो मुसलमान शासन सुरु भयो । वैष्णवहरूको जातिभेद घातक बन्न गयो । गोरखनाथ, शैवहरूले जातिभेदलाई अस्वीकार गर्ने गरेका कारण नाथहरूमा सबैको केन्द्रित आश्रय, सम्मान र आस्था रहन गयो । महयोगी गोरखानाथको पछिल्लो अवतरण नेपालमा भयो । नाथ र देवीको सम्बन्ध अन्योन्याश्रित रहेको छ । त्यसैले प्रसिद्ध गोरखाको मनकामना देवीको मन्दिरमा मगर पुजारी छन् भने काठमाडौंको मैतीदेवी मन्दिरमा पोडे शिल्पी पुजारी छन् । यो त उदाहरण मात्र हो देशभरिका देवीका मन्दिरहरूमा जातिभेद छैन । तर समाजमा किन भेदभाव रह्यो । पृथ्वीनारायण शाह र बहादुर शाहको अवशान र विशेष गरेर वि.सं. १९०३ को कोतपर्वपछि व्रिटिश गुलाम जङ्गबहादुर राणाको उदय भयो । **बहादुर शाहको अवशानपछि गोरखनाथको शक्तिमा एकीकरण र स्थापित शाहवंशीय राजतन्त्रको दरबारमा वैष्णवहरूको प्रभाव बढ्यो । तिनै वैष्णवहरूले राजालाई विष्णुको अवतार भन्न थाले । किर्ते सुगौली सन्धी गरेर नेपाललाई धोका दिने तत्कालीन राजगुरू गजराज मिश्र वैष्णव थिए । भने चौतरिया चन्द्रशेखर उपाध्याय पनि वैष्णव थिए । यी राष्ट्रघातीहरूको बेइमानी कोतपर्वमा देशभक्तहरूको हत्या गरेर जङ्गबहादुरले मुलुकी ऐनमार्फत वैष्णवको जातपातलाई वैधानिकता दिए जसलाई वि.सं. २०१९ सालमा राजा महेन्द्रले योगी नरहरिनाथको सल्लाहमा खारेज गरे ।** तिनै गुलाम वैष्णवहरूको कारण भारत त गुलाम भयो भयो नेपालले पनि सुगौली सन्धदेखि धक्का खानुपऱ्यो । यसर्थ शैव नाथ धर्म परम्परामा कुनै जातिभेद छैन । अहिले नेपालमा स्कोन, साईबाबा, राधेराधे, कृष्णप्रणामी, ब्रह्मकुमारी, राजयोग, बहाइ, सन्त रामपाल, श्रीश्री रविशङ्कर, पाइलटबाबा आदिका नाममा तिनै नेपालमा कृर्ते सुगौली सन्धि गर्ने राष्ट्रघाती चन्द्रशेखर उपाध्याय र गजराज मिश्रका प्रेतआत्माहरू नेपालको मौलिक सँस्कृतिमाथि इसाई क्रिश्चियन साम्राज्यवादसँग हातेमालो गरेर प्रहार

४७२ उत्तरी भारतकि सन्त परम्परा, पृ. ५६८ ।

गर्न उद्धृत रहेका छन् । फरक के छ भने चन्द्रशेखर दाहाल र गजराज मिश्रले दक्षिण क्षेत्र भारतमा शासन गरेको इसाई व्रिटिशसँग पैसा, सम्पत्तिको लोभमा देश बेचेका थिए स्कोन लगायतले अमेरिकी साम्राज्यवादको गाईको रगतको डलरमा नेपालको मौलिकतामा प्रहार गर्न आइरहेका छन् । फरक त्यतिमात्र हो । यसकारण हिमवत्खण्डका नेपालीहरूले इसाई, वैष्णव, स्कोन, साईबाबा, कृष्ण प्रणामी, ब्रह्मकुमारी राजयोग आवरणको मिशनरीलाई भण्डाफोर गर्दै वास्तविकता जनसमुदायमा लैजान जरुरी छ ।

डा. धर्मेन्द्र ब्रह्मचारीले दरिया विहारी पितृकुलको विषयमा निष्कर्ष निकाल्दै भनेका छन् । जहाँसम्म दरियाको पितृ कुल तथा जातिको सम्बन्ध छ स्वयं दरियाले प्रत्यक्ष रूपमा नै जाति र सम्प्रदायको खण्डन गरेका छन् । यस दृष्टिकोणबाट उनी कट्टरपन्थी हिन्दू पनि थिएनन् र मुसलमान पनि थिएनन् ।[४७३] अन्य बाहिरी प्रमाणहरूका आधारमा पनि दरिया शाहवको जन्म एक दर्जी अर्थात् दमाई कुलमा जो पूर्णतया इस्लामबाट परिवर्तन हुन पाएनन् र जसमा हिन्दूत्वको छाप रहिरहेको थियो ।[४७४] यहाँ अधिक प्रमाणहरू उपलब्ध छन्, यस्ता धेरै जातिहरू इस्लाम धर्ममा भएपनि आस्था हिन्दू धर्मतर्फ नै थियो । तर वैष्णवहरूको जातिपाति प्रभावका कारण उनीहरू समस्यामा थिए । नाथ योगीहरूले यी सबैलाई सम्मानित रूपमा मानव कल्याण र मुक्तिको मार्गको उद्देश्यका साथ उद्धार गर्दै समाहित गरे । यस प्रकारका धेरै प्रमाणहरू हिमवत्खण्डदेखि मैदानसम्म उपलब्ध छन् । यसप्रकारका जातिहरू मुसलमान बनेपनि घुलमिल हुन सकेनन् जसको उद्धार मुक्तिमार्गको लागि के कट्टर हिन्दू के कट्टर मुसलमान धर्मान्तरित भएर मुसलमान बन्न बाध्य य [illegible]प्रकारका जातिहरू सबैको उद्धार नाथहरूले गरे । यो इतिहासको कुटु तितो सत्य हो । यही अवस्था प्रलोभन, लोभ लालचमा फसेका धर्मान्तरण गरेर बनेका इसाईहरूको छ, कृष्णप्रणामीको भइरहेको छ । घरभित्रै छुवाछुत, घर तहसनहस भएको छ । पारिवारिक संरचना बिथोलिएको छ । यसबाट मुक्ति भने नाथमार्गको मुक्ति यात्रा मार्ग पुगनुमा मात्र सबैको कल्याण रहेको छ ।[४७५]

---

४७३ सन्त कवि दरिया: एक अनुशीलन प्रथम खण्ड, पृ. ८ ।
४७४ उही पृ. १५ ।
४७५ नाथ और सन्त साहित्य, पृ. ६३ ।

दरियाले महायोगी गोरखनाथ र उहाँका गुरू मत्स्येन्द्रनाथको उच्च सम्मान, प्रशंसा र आदर गरेका छन् ।[४७६] पश्चिमा लेख ब्रिग्सले नाथ योगीसँग जोडिएका विभिन्न जातिहरू, जीविका, पेशा आदिको व्याख्या विश्लेषण गरेका छन् । उनले नेपाललगायत हिमवत्खण्डीय क्षेत्र, निजाम राज्य अल्मोडा आदि क्षेत्रका जातिहरूको व्याख्या गरेका छन् । उनीहरू नाथसँग सम्बद्ध थिए । सिलाइ बुनाइ लगायत दर्जीको काम गर्दथे । यी सबै जातिहरूले महायोगी मत्स्येन्द्रनाथ र योगी गोरखनाथलाई अत्यन्त श्रद्धाको दृष्टिकोणले पूज्दथे । हिमवत्खण्डीय क्षेत्रमा क्षेत्रीय गोत्रधारण गरेका थिए । जस्तो चौहान, कुशवाह, गलहिन आदि ।[४७७] चौहानहरू नेपालको अर्घाखाँची जिल्लामा रहेका छन् । डा.ब्रह्मचारीले भारतको वर्तमान उत्तरप्रदेशको मलकाना जातिको उदाहरण दिँदै बल्लंट शाहवलाई प्रमाणको रूपमा देखाउँदै भनेका छन्: यी जातिहरू हिन्दूका जातिबाट मुसलमान शासनकालको समयमा धर्म परिवर्तन गरेर मुसलमान बनेका थिए । उनीहरू आगरा र त्यसको आसपासका जिल्लाहरूमा मुख्यतया मथुरा, एटा र मैनपुरीमा बस्ने गर्दछन् । यिनीहरू राजपुत, जाट र वानियाका वंश हुन् ।[४७८] नेपालको गोरखा जिल्ला जहाँ योगी गोरखनाथ को पछिल्लो अवतरण भएको थियो। त्यहाँ वानियाहरूको बस्ती रहेको छ यसबाट अन्दाज गर्न सकिन्छ चौहान, वानियाँ लगायतका जातिहरू महायोगी गोरखनाथका अनुयायीहरू नेपालबाट दक्षिणतर्फ कतिपय पुर्खाहरू गएको देखिन्छ ।

यी समग्र आधारहरूबाट के भन्न सकिन्छ भने दरिया शाहव विहारी कुनै सिलाइ बुनाइ व्यवसाय गर्ने वाली जुगी जाति या उनीहरूबाट प्रभावित यस्तो जातिमा उत्पन्न भए जो पछि मुस्लिम शासनको समयमा इस्लाममा धर्मान्तरित हुन गए । यो जाति क्षेत्रिय जाति या अन्य कुनै निश्चित जाति थियो निश्चित रूपमा भन्न सकिँदैन ।[४७९] अगाडि नै उल्लेख गरिसकिएको छ र समग्रमा भन्नुपर्दा मुसलमानको धार्मिक दृष्टिकोणमा वर्णाश्रमी हिन्दूभन्दा अति वर्णाश्रमी नाथ योगी, सन्यासी, गृहस्थ हिन्दूहरू अलि फरक थिए नाथमा पीरको रूपमा मुसलमानहरू पनि सामेल थिए । यद्यपि वैष्णवीहरू र अन्य कट्टर हिन्दूहरूको

४७६ सन्त कविरदास: एक अनुशीलन, प्रथम खण्ड, पृ. १२ ।
४७७ गोरखनाथ एण्ड कनफट्टा योगीज, पृ. ४७, ५३, ५५, ५८ ।
४७८ सन्त कवि दरिया एक अनुशीलन, प्रथम खण्ड, पृ. ११ ।
४७९ नाथ और सन्त साहित्य, पृ. ६४ ।

दृष्टिकोणमा नाथ योगीहरू अति वर्णाश्रमी थिए । मुसलमानहरूको दृष्टिकोणमा नाथ योगीहरू शैव हिन्दू थिए । स्वयं मुसलमानहरू पनि नाथमा सामेल थिए र अहिले पनि छन् । मुस्लिम शासन कालमा मुसलमानहरूले धर्मान्तरणका लागि बल प्रयोग गरे । यसकारण कतिपय जातिहरू प्रारम्भमा वर्णाश्रम मर्यादाको दृष्टिकोणले, कर्मकाण्ड आदिको दृष्टिकोणले हिन्दू थिएनन् । यता बाध्यताबश मुसलमान बने पनि हिन्दू संस्कार र विचार जीवित थियो । यसकारण उनीहरू पूर्ण मुसलमान पनि थिएनन् । इस्लाममा नव धर्मान्तरित हिन्दूहरू न हिन्दू थिए न मुसलमान थिए । सन्त परम्पराको केन्द्रविन्दुमा कविरले योगी गोरखनाथको मुक्तिमार्गलाई पछ्याउँदै प्राचीन योगी या जुगी तथा धर्मान्तरित मुसलमान जुलाहा कुलमा उनको जन्म भयो । अर्को सम्भावना के पनि छ भने विहारका दरिया इस्लाममा धर्मान्तरिक भएर दमाई कुलमा जन्मिए र नाथ अध्यात्म मार्ग अनुसरण गरे ।[४८०] यसबाट पनि निष्कर्षमा पुग्न सकिन्छ नेपाललगायत दक्षिण एशियाका मुसलमानहरूका पूर्खा हिन्दू थिए र उनीहरू नाथमार्गी थिए । नेपालको पहाडी क्षेत्रमा हिन्दूहरूको विवाह आदि कार्यमा टीका, सिन्दुर जस्ता सामग्रीहरूको व्यवसाय गरेर नेपालको वैदिक सनातन हिन्दू सँस्कृतिको संरक्षणमा सहयोगी भूमिका नै खेलेका थिए । समग्रमा नेपालका मुसलमानहरू नाथयोगी परम्पराबाट आएका मुसलमानहरू हुन् । नाथमा कुनैपनि जातिभेद रहेको छैन यसमा जन्मका आधारको वर्णाश्रम व्यवस्थालाई ठाडै अस्वीकार गरिएको छ । मत्स्येन्द्रनाथको कौल ज्ञान निर्णयलाई हेर्ने हो भने नारीलाई देवी र शक्तिको रूपमा मानिन्छ जबकि मुसलमान, इसाईहरूमा महिलालाई मानिसकै रूपमा स्वीकार गरिएको छैन । त्यहाँ वर्गभेद, जातिभेद पनि त्यत्तिकै रहेको छ । मुक्ति र मोक्षको वास्तविक मार्ग नै नाथमार्ग हो ।

नाथ शब्द के हो ?

नाथमत या नाथ मान्य ग्रन्थहरूमा 'नाथ' शब्दको शाब्दिक र दार्शनिक अर्थ पाइन्छ । गोरक्ष सिद्धान्त सङ्ग्रह नाथ ग्रन्थहरू मध्येको प्रामाणिक ग्रन्थ हो । यसमा राजगुह्य र शक्तिसङ्गम तन्त्रको प्रमाणलाई उद्धृत गरिएको छ । राजगुह्यका अनुसार 'ना'को अर्थ हो 'अनादि रूप' र 'थ'को अर्थ हो 'भुवनत्रय'

४८० उही पृ. ६४ ।

अर्थ । ३ भुवन स्वर्ग, मर्त्य, पाताल स्थापित हुनु । नाथ त्यो तत्त्व हो जो अनादि रूपमा रहेकोछ र ३ भुवनको कारणको रूपमा रहेको छ ।[४८१] शक्ति सङ्गम तन्त्रका अनुसार 'ना'को तात्पर्य नाथ 'ब्रह्म' सँग छ । जुन मोक्षदायिनी ज्ञानमा दक्ष रहेको छ । उसैबाट ज्ञान प्राप्त हुञ्छ । 'थ'को अर्थ हो अज्ञानको सामर्थ्यलाई स्थगित गर्ने । नाथ त्यो तत्त्व हो जसले मोक्ष प्रदान गर्दछ, नाथ ब्रह्मको अनुबोधन गर्दछ र अज्ञानलाई स्थगित गर्दछ ।[४८२] यी दुवै ग्रन्थका अनुसार नाथ तत्त्व परमतत्त्व हो । यो भुवनत्रयको कारण परम ज्ञानको दाता तथा मोक्षदाता पनि हो । मोक्षदाताको विषयमा गोरक्ष सिद्धान्त सङ्ग्रहमा पनि पुष्टि गरिएको छ । जस अनुसार सृष्टि, स्थिति, लयको प्रक्रियामा शक्तिले संसारको सृजना गर्दछ । शिवले त्यसको परिपालन गर्नु हुञ्छ । काल अर्थात मृत्युले संहार गर्दछ । नाथले मुक्ति दिञ्छन् ।[४८३] यहाँ नाथका ३ रूपमा मानिञ्छन् । 'अद्वैत परवर्ती' नाथ प्राप्य देव हुन् । निराकार ज्योति रूप 'नाथ' ध्येय हो । आदि गुरूका रूपमा साकार नाथ उपास्थ हुन् ।[४८४]

यहि अद्वैत परावर्तित २ प्रकारका नादरूपा र विन्दुरूपा सृष्टिको मूल हो ।[४८५] अन्यत्र एकठाउँमा भनिएको छ: साँसारिक रीति विपरित हो । त्यसमा अनुक्रम र व्यक्तित्वक्रम छ । उदाहरणको लागि संसारको रीतिबाट धर्म, अर्थ, काम र मोक्षको क्रम स्वीकार गरिएको छ । यसक्रममा मोक्षलाई प्रमुख लक्ष्य मान्दै पहिलो स्थान नदिएर चौथो र अन्तिम स्थान दिइएको छ । नाथ अनुसार यसको क्रममा मोक्ष, धर्म, अर्थ, काम रहेको छ । नाथहरूका अनुसार सर्वोपरि पुरुषार्थ मोक्ष हो । यसकारण मोक्षदाता नाथनै सर्वेसर्वा हुन् ।[४८६] नाथ शब्दको उपर्युक्त साब्दिक र दार्शनिक व्याख्यामा दुईमत छैन । सबै विद्वान्हरूको एकमत रहेको छ । नाथ शब्दले परमतत्त्वतर्फ सङ्केत गर्दछ । सहजिया बौद्ध सिद्धहरूले 'बौद्ध गान ओ दोहा'मा सम्पादित शान्तिपादको चर्या पदमा नाथ शब्दको प्रयोग पाइञ्छ । संस्कृत टीकाकार मुनिदत्तले नाथको अर्थ 'सद्गुरू' भनेका छन् ।[४८७]

---

४८१ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ११ उद्धृत राजगुह्य ।

४८२ उही पृ. ११ ।

४८३ उही पृ. ४९, ५१- 'शक्त्या ...... दीयते ।' तथा 'शक्तिर्जगत् कत्री .... मुक्तिदायकः ।'

४८४ उही पृ. ५१- 'अस्मिन् मात्रै ..... च आदिगुरूः ।'

४८५ उही पृ. ७२ ।

४८६ उही पृ. ५८ ।

४८७ हरप्रसाद शास्त्री: बौद्ध गान और दोहा, चर्याचर्य विनिश्चय, चर्यापद सँख्या १५, पृ. २७ ।

निर्गुणी सन्त साहित्यमा पनि नाथ शब्दको व्याख्या गरिएको छ। रामानन्द नामद्वारा लिखित प्रसिद्ध 'रामरक्षा' ग्रन्थमा 'नाथ' लाई निरञ्जन, प्राण पिण्डको रक्षा गर्ने भनिएको छ।[४८८] कविरले नाथ शब्दको प्रयोग मायाजेताको अर्थमा गरेका छन्। उनले त्रिभुवनको यती भनेका छन्। कविरको यस अर्थको पुष्टि गोरक्ष सिद्धान्त सङ्ग्रहका वाक्यहरूबाट पनि हुञ्छ। सामान्यतया अन्य शास्त्रहरूमा ब्रह्मा, विष्णु, रुद्रको क्रमका रूपमा स्वीकार गरिएको छ। तथापि योग शास्त्रमा गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार सृष्टिको जुन क्रम स्वीकार गरिएको छ त्यो निम्न प्रकार रहेको छः

शिव-भैरव-श्रीकण्ठ-सदाशिव-ईश्वर-रुद्र-विष्णु-ब्रह्मा-सृष्टि।

यस क्रमबाट स्पष्ट हुन जाञ्छ नाथको सृष्टि क्रम पूर्णतया पर छ।[४८९] अन्यत्र भनिएको छः सिद्धहरूका इष्ट नाथ हुन्। ब्रह्मा, विष्णु, रुद्र, देवता, शेषादि नाग, मनु आदि नर अन्य पशुपंक्षी आदि जीव सबै स्त्री अर्थात् नारीद्वारा विजित हुञ्छन्। केवल एकनाथ मात्र माया विजेता हुन्।[४९०] कविरको उपर्युक्त शब्द अर्थले आशङ्का सिर्जना गराउँदछ। किनभने नाथ शब्दको प्रयोग नाथ सम्प्रदायका सिद्धहरूका लागि गरिएको छ। यसर्थ नाथ एक उपाधि शब्द हो। साधक नाथ सम्प्रदायमा दीक्षित भएपछि यो उपाधि प्रदान गरिञ्छ। जस्तो बलवीरसिंह थापा नाथमा दीक्षित भएपछि योगी नरहरिनाथ हुनुभयो। दीक्षापछि नाथको अन्त्यमा नाथ शब्द जोडिञ्छ।[४९१] तथापि सन्त कविरले आफ्नो सम्पादित कविर शब्दको प्रयोग गरेका छन् र त्यो भन्दा पूर्व विष्णु, कृष्ण, गोविन्द, राम, अल्लाह, खुदा, करिम, गोरख, महादेव, सिद्धि आदि प्रयोग गरेका छन्। यसबाट स्पष्ट हुन जाञ्छ 'नाथ' शब्द विभिन्न सम्प्रदायहरूमा मान्य परमतत्त्व, पुण्य र उपास्थ रहेको छ। यो अवस्थामा यहाँ नाथको नाथ पन्थको मान्यता परमतत्त्वको रूपमा स्वीकार गर्नुपर्दछ।[४९२]

---

४८८ डा. पिताम्बरदत्त बड्थ्याल, रामानन्द की हिन्दी रचनाए, पृ. ३।

४८९ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ५९।

४९० उही पृ. ५६।

४९१ ब्रिग्स, गोरखनाथ एण्ड कनफट्टा योगीज, पृ. ३३। डा.कल्याणी मल्लिकः नाथ सम्प्रदायेर इतिहास ओ साधना प्रणाली, पृ. १।

४९२ नाथ और सन्त साहित्य, पृ. ५।

नाथ शब्दको उपर्युक्त विवेचना अनुसार स्पष्ट हुन्छ 'नाथ सम्प्रदाय' ती साधकहरूको सम्प्रदाय हो, जसले नाथको परमतत्त्व स्वीकार गरेर त्यसको प्राप्तिका लागि योग साधना गर्दछन् । दीक्षा लिएपछि नामको पछाडि नाथ शब्द जोड्दछन् । सामान्यतया सन्यासीहरूका लागि यो शब्दको प्रयोग गरिन्छ । यस प्रकार कनफट्टा दर्शनी, गोरखनाथी नामद्वारा यी साधकहरूको परिचय दिइन्छ । यसप्रकारका नाथहरू नेपाल, तिब्बत, उत्तर, दक्षिण, मध्यप्रदेश, गुजरात, महराष्ट्र, पञ्जाव र गङ्गाको आसपासमा रहेका छन् ।[४९३] कान चिरेका योगीहरू गोरखनाथको पुनर्गठनकर्ता मानिन्छन् । बङ्गालको रङ्गपुरमा शैव योगीहरू छन् । उनीहरूले योगी गोरखनाथलाई आफ्ना आदिगुरू मान्दछन् । नाथ अन्तर्गत रहेका छन् ।[४९४] दर्शनी शब्दको मूल दर्शन हो । यस दर्शनलाई कुण्डल पनि भनिन्छ । कान चिरेर स्फटिक या अन्य कुनै धातुको दाँतको कुण्डल धारण गरेको कारण यिनलाई दर्शनी भनिन्छ । कनफट्टा र दर्शनीको एकैप्रकारको संस्कार रहेको छ । तथापि दर्शनी र दर्शनको आध्यात्मिक व्याख्या नाथ ग्रन्थहरूमा पाइन्छ । यस्तो दर्शनलाई योगीहरूले दीक्षाको समयमा धारण गर्दछन् । यो लगाउनुको अर्थ साधकले आदिनाथको दर्शन पाउने मान्यता रहेको छ । यसलाई नाथहरूले अत्यन्त पवित्र मान्दछन् । यसकारण 'पवित्री' पनि भनिन्छ । कर्णभेदद्वारा नाडीको जुन भेदन हुन्छ, भनिन्छ त्यसबाट योगसिद्धि मिल्दछ ।[४९५] ठाउँअनुसार नाथहरूलाई विभिन्न नामले बोलाइन्छ । पश्चिमा लेखक ब्रिग्सका अनुसार नेपाललगायत हिमवत्खण्डको हिमालय क्षेत्र, पञ्जाव, बम्बई आदि ठाउँमा 'नाथ' नामबाट, पश्चिम भारतमा धर्मनाथी नामबाट, अन्य भागमा गोरखनाथी र कनफट्टा नामबाट सम्बोधन गरिन्छ ।[४९६] यो कुरामा कुनै शङ्का छैन गोरखनाथी नामाकरण सम्प्रदायका प्रवर्तक या अनुयायी सङ्गठनकर्ताका कारण भएको हो । पञ्जावका मुसलमान नाथ योगीमा सामेल छन् । उनीहरूले रावल नामले पुकार्दछन् ।[४९७]

---

४९३ ब्रिग्स: गोरखनाथ एण्ड कनफट्टा योगीज, पृ. १-२ ।

४९४ नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली, पृ. ४ ।

४९५ उही पृ. १०९ ।

४९६ गोरखनाथ एण्ड कनफट्टा योगीज, पृ. १ ।

४९७ नाथ सम्प्रदाय इतिहास दर्शन ओ साधना प्रणाली, पृ. २ ।

नाथ साहित्यमा यी नामहरूको प्रयोग प्रायः पाइँदैन । सिद्धान्त प्रतिपादनको समयमा सामान्यतया नाथ सम्प्रदाय, सिद्ध मार्ग, योग मार्ग, योग सम्प्रदाय, अवधूत मत, अवधूत सम्प्रदाय आदि नामहरूको प्रयोग पाइञ्छ । यसमा प्रतिपादीत सिद्धान्तहरू महायोगी गुरू गोरखनाथ, अन्य सिद्धहरूका अनुसार छन् ।[४९८] नाथ सम्प्रदायका लागि सिद्ध मत शब्दको प्रयोग गोरक्ष सिद्धान्त सङ्ग्रहमा पाइञ्छ । त्यसमा अन्य मतहरूको प्रपञ्चरचित सम्प्रदायलाई छोडेर सिद्ध मतमा आश्रय लिन भनिएको छ ।[४९९] यसप्रकारको गोरखनाथ प्रतिपादित सिद्धान्त र सम्प्रदायको व्याख्या गर्दै क्रमशः योग मार्ग, योग सम्प्रदाय, अवधूत मत, अवधूत सम्प्रदाय आदिको नाम प्रयोग गरिएको छ ।[५००] यस प्रकारका सबै नामहरू एकै सम्प्रदायभित्र छन् । समग्रमा विचार गर्दा यो स्पष्ट हुञ्छ कि नाथ पन्थ, नाथ सम्प्रदाय, अवधूत मत, योगमत, योग सम्प्रदाय आदि नामाकण विभिन्न दृष्टिकोणबाट गरिएको छ । जस अन्तर्गत सिद्धान्त, दर्शन, साधनालाई ध्यानमा राखिएको छ । कनफट्टा, दर्शनी, योगीमत, योगी सम्प्रदाय, गोरखनाथी आदि नाम दीक्षा, सम्प्रदाय, योगी जाति तथा सम्प्रदायका प्रवर्तक सङ्केत गरेका शब्दहरू हुन् । महायोगी गुरू गोरखनाथद्वारा प्रचारित सम्प्रदायका लागि नाथ मत वा सम्प्रदाय शब्द अधिक प्रचलित छ । नाथ शब्दको प्रयोग नाथ योगीहरूको परमतत्त्वको लागि नाथ अनुयायीहरूका लागि गरिएको पाइञ्छ ।[५०१]

---

४९८ नाथ और सन्त साहित्य, पृ. ७ ।

४९९ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. १२- 'तस्मात् सिद्धमतं स्वभावसमयं .... ।'

५०० उही पृ. ५, ११-१२, ५८, १८, ५६ ।

५०१ नाथ और सन्त साहित्य, पृ. ८ ।

खण्ड ३

महायोगी गुरू गोरखनाथका उपदेश

१. परमतत्त्वसम्म कसैको पहुँच छैन- अगम । यो इन्द्रियहरूको विषय होइन- अगोचर । यो त्यस्तो छ जसलाई हामी बस्ती भन्न सक्छौं न त शून्य । न हामीले त्यो बस्तीमा केही छ भन्न सक्तछौ । न त्यो शून्यमा केही छैन भन्न सक्तछौं । त्यो भाव बस्ती र अभाव शून्य, सत्य र असत्य दुवैभन्दा पर छ । यो आकाश मण्डलमा बोल्ने बालक हो। यसकारण आकाश मण्डलमा बोल्ने भनिएको छ । अथवा आकाश या ब्रह्मरन्ध्रमा नै ब्रह्मको बासस्थान मानिञ्छ । त्यहाँ पुगेपछि ब्रह्मको साक्षात्कार हुञ्छ । त्यही आत्मालाई खोज्नुपर्दछ । बालकको उदाहरण यसकारण दिइएको छ सानो बालक पाप-पुण्यबाट अछुतो रहञ्छ । त्यसैगरी नै आदिनाथ पनि रहञ्छन् । जन्म, मृत्युबाट टाढा स्पष्ट बालक योगीको साध्य नै आदर्श हो । यसकारण 'गोरख गोपाल', 'बूढा वाले' भनिञ्छ । उनको नाम कसरी राख्ने ? किनकि उनी त नाम र रूप दुवै उपाधिबाट टाढा रहेका छन् ।[५०२]

२. आफूले नदेखेका परब्रह्मलाई देख्न सक्नु पर्दछ । देखि सकेपछि त्यसमाथि विचार र विवेचना गर्नु पर्दछ । जे आँखाले देखिँदैन त्यसलाई चित्तमा, मनमा राख्नुपर्दछ । पाताल मणिपुर चक्रको गङ्गा, योगिनी शक्ति कुण्डलिनीको ब्रह्माण्डलाई ब्रह्मरन्ध्र, सहस्रसार या सहस्रदल कमलमा प्रेरित गर्नु पर्दछ । त्यहीं पुगेर योगीले साक्षात्कार रूप निर्मल रस पिउँदछ ।[५०३]

---

५०२ डा. पिताम्बरदत्त बड्थ्याल: गोरखवाणी, पृ. २१, छैठौं संस्करण, सन् २००४ ।

५०३ उही पृ. २२ ।

३. अक्षय परब्रह्म यहाँ अर्थात् सहस्रार या ब्रह्मरन्ध्र शून्यमा नै रहेका छन् । यही नै गोप्य अर्थात् गुप्त अवस्था हो । स्वर्ग, मर्त्य, पातल तीनै लोकको रचना यहीँबाट भयो । ब्रह्माको व्यक्त स्वरूप यही ब्रह्माण्ड हो । ब्रह्मरन्ध्र रूपको केन्द्रबाट नै उसले आफ्नो सबैभन्दा धेरै प्रसारण गर्दछ । यसप्रकारको आश्रय परब्रह्म सधैं हाम्रो साथमा रहन्छन् । जसको कारण उसैलाई प्राप्त गर्नका लागि अनन्त सिद्ध योग मार्गमा प्रवेश गरेर योगेश्र हुन जान्छन् ।

४. परब्रह्मको ठीक-ठीक ज्ञान नत वेदले गर्न पायो नत किताबी धर्मका पुस्तकहरूले नत चौतर्फी खानीका आवाजहरूले । यी सबैलाई तल पारे तल लिएर आए । सत्यतालाई गुमराहमा पारे, ढाकी दिए । उनीहरूले सत्य कुरालाई बाहिर ल्याइदिनुको सट्टा त्यसलाई छोपी दिए । यदि ब्रह्मको स्वरूपको यथार्थ ज्ञान तिमीलाई प्राप्त गर्नु छ भने ब्रह्मरन्ध्र गगन शिखरमा समाधिद्वारा जुन शब्द प्रकाशमा आउँदछ त्यसैबाट विज्ञान रूप अलक्ष्य ज्ञान प्राप्त गर ।[५०४]

५. विज्ञान स्वरूप अलक्ष्य परब्रह्माले दुई प्रकारका व्यक्त र अव्यक्त स्वरूप, सविकल्प र निर्विकल्प समाधिको रचना गर्नुभयो । यी दुवै दीपमा अलक्ष्यको प्रकाश रहेको छ । त्यहीको एउटा ज्योति तीनै लोक स्वर्ग, मर्त्य, पातालमा व्याप्त रहेको छ । त्यो ज्योतिमाथि विचार र विवेचना गर्ने हो भने तीनै लोकको विषयमा बुझ्न सकिन्छ । त्रिलोक दर्शिता आउँदछ । हंसस्वरूप, आत्मज्ञान-रूप मोती चम्कन थाल्दछ तथा माणिक्य रूप कैवल्यानुभूति हुन जान्छ ।

६. वेदशास्त्र, धर्मशास्त्रका पुस्तकहरू, कुरान आदि ग्रन्थहरूमा परब्रह्म पदको वर्णन व्याख्या पढ्न सकिँदैन । जसलाई अत्यन्त कममात्र योगीहरूले बुझ्दछन् । अन्य यो सृष्टिमा साँसारिक मायाको जालोमा रुमलिएर डुबेर विभिन्न धन्दाहरूमा लागिरहेका हुन्छन् ।

७. कहिल्यै पनि काम, क्रोधलाई साथमा राख्नु हुँदैन । हाँसखेल गर्नुपर्दछ, निश्चित रहनुपर्दछ । जीवको रूपमा जन्म लिएपछि मृत्यु छ, मृत्यु नहुने मुक्ति, मोक्ष मार्ग रोज । यो भौतक दुनिया त भ्रमको जालो मात्र हो ।

---

५०४ उही पृ. २३ ।

सबै कुरा तिमीभित्र छ, केवल तिमीले चिन्न सक्ने सामर्थ्य राख्नुपर्दछ। हाँसखेल गर नाच तर चित्तलाई दृढ राख ।

८. हाँस्नु पर्दछ, खेल्नु पर्दछ र ध्यान पनि गर्नुपर्दछ । रातदिन ब्रह्मज्ञानको कथन गर्नुपर्दछ । यसप्रकार संयमपूर्वक हाँसखेल गर्दा जसले आफ्नो मनलाई भङ्ग गर्दैन उसले निश्चल सफा भएर ब्रह्मका साथ रमण गर्दछ, रमाइलो गर्दछ, घुमफिर गर्न सक्तछ ।

९. हे काजी, हे मुसलमानहरू हो 'मोहम्मद मोहम्मद' नभन किनकि तिमीहरूले नै मोहम्मदलाई जान्दैनौ र चिनेका छैनौ । नजानीकन, नचिनीकन मोहम्मद-मोहम्मद भन्नुको कुनै अर्थ छैन । तिमीहरूले के सम्भिरहेका छौं भने जीवको हलाल गरेर हत्या गरेपछि मोहम्मदको मार्ग अनुसरण हुञ्छ । त्यो होइन मोहम्मदको विचार अत्यन्त गम्भीर र कठिन पनि छ । मोहम्मदको हातमा जुन छुरी थियो त्यो न फलामको थियो नत स्पातको जसद्वारा जीव हत्या हुञ्छ ।[५०५]

१०. जुन छुरीको प्रयोग मोहम्मदले गरेका थिए त्यो छुरा कुरा शब्दको छुरी हो । उनले आफ्ना शिष्यहरूको भौतिकतालाई यसै शब्दको छुराले मार्दथे । जसद्वारा ऊ साँसारिक विषय वासनाका लागि मर्न जाञ्थे । तथापि उनको यो शब्दको छुरा वस्तुतः जीवन-प्रदायिनी थियो । किनकि उनको बहिर्मुखता नष्ट हुन जाँदा मात्र उनको वास्तविक आध्यात्मिक जीवन आरम्भ हुन जाञ्छ । मोहम्मद यस्ता योगी अर्थात् पीर थिए । हेकाजी मुसलमान हो, उनको भ्रममा नभुल, तिमीहरूले उनको नक्कल गर्न सक्तैनौ । मोहम्मदको जस्तो आत्मबल तिमीहरूमा छैन । किनकि महायोगी गुरू गोरखनाथका अनुसार मोहम्मदले जुन विषय वस्तुहरूलाई आध्यात्मिक दृष्टिकोणले भनेका थिए, त्यसलाई उनका अनुयायीहरूले भौतिक अर्थमा सम्भिन पुगें ।[५०६]

११. शब्दको बाहिरी अर्थमा जानु हुँदैन । त्यसको तत्त्व के हो ? त्यो अर्थ ग्रहण गर्नुपर्दछ । विशाल पीपलको वृक्षको तत्त्ववीज तिलभन्दा सानो

---

५०५ उही पृ. २४ ।

५०६ नाथ और सन्त साहित्य, पृ. १४, १५ ।

पिपलको दानाभित्रको वीजमा हुञ्छ । विशाल पिपलको जन्मदाता त आखिर त्यही सानो बीज न हो । यसकारण तत्त्वको अर्थको दृष्टिकोणको अभावमा मायालाई आफ्नो नियन्त्रणमा राख्न नाथको नाम लिँदै साँसारिक मायाद्वारा नाथ राखियो । गोप्य आध्यात्मिक अन्तर जीवनलाई जगाउने महायोगी गोरखनाथको नाम लिँदै आध्यात्मिक जीवन गोप्य नै रहन गयो । यसप्रकार खाली कलमको शब्दले मात्र कसैको उद्धार हुन सक्तैन । कलम चलाउने मोहम्मद पनि न बचे, न रहन सके । योगीहरूले आफ्ना सिद्ध गुरूलाई नै यस शरीरमा अजरअमर मान्दछन् ।[५०७]

१२. साधनाद्वारा ब्रह्मरन्ध्रसम्म पुगेपछि अनाहद नाद सुनिञ्छ । जो सारको पनि सार, समग्रमा पनि समग्र, गम्भीरमा पनि गम्भीर छ । यसैबाट ब्रह्मानुभूति अनुभव, माणिक्य प्राप्त हुञ्छ । व्यक्तिगत साधनाद्वारा प्राप्त हुने उक्त माणिक्य संसारका लागि लुकिरहेको हुञ्छ । जो स्वसंवेध रहेको छ । आवाजद्वारा कसैलाई पनि भन्दैन । यस प्रकारको अनुभव, अनुभूति प्राप्त भएपछि आफैलाई ज्ञान हुञ्छ, सम्पूर्ण वादविवाद झुठो हो । वास्तविक सत्य त केवल अनुभूति हो ।

१३. विभिन्न मतावलम्वी पण्डित, पुरेत, मौलाना आदिले आफ्नो मतको महिमागान व्याख्या, दोस्रो मतको खण्डन गर्नमा लाग्दछन् । तर योगीहरू यसप्रकार शास्त्रार्थमा पर्न जाँदैनन् । जसरी सबै नदीहरू हिमवत्खण्डका नदीहरूको सँख्या कुनै ठाउँमा अड्सठ्ठी, कुनै स्थानमा बहत्तर मानिञ्छ । यी सबै नदीहरूमा तीर्थ रहेका छन् । यी नदीहरू जम्मा हुने समुद्रको पानीमा समानता छ कहीँ पनि भेदभाव छैन । त्यसैगरी शिष्यको विश्वास गुरूमुख वचनमा हुनुपर्दछ । सिद्ध गुरू कस्तो हुनुपर्दछ भन्ने कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । गुरू वचनको चिन्तन, मननद्वारा पचाएर आत्मिकरण गर्नमा दत्तचित्त रहनु पर्दछ । जरना = जीर्ण गराउनु, पचाउनु, पूर्ण रूपमा स्वायत्त हुनु, पूर्ण विश्वास बिना असम्भव छ ।[५०८]

१४. उत्पत्तिले हामी वैदिक सनातन हिन्दू हौँ । जरणाका कारण योगी अर्थात् जोगी र अक्लले मुसलमानी पीर योगीले हिन्दू जनसमुदायमा नै चेलालाई

५०७ नानक ग्रन्थ, पृ. ४३७, गोरख सो जिनि गाय ठठाली करनी वार न लावै ....

५०८ उही पृ. ४३८ ।

मुण्डन गर्दछ। योग सिद्धिका लागि गुरूमुखद्वारा प्राप्त ज्ञानलाई चिन्तन, मनन र साधनाद्वारा स्वअनुभवमा ल्याउनु आवश्यक छ। मुसलमानमा जसरी पीरलाई सम्मान गरिञ्छ त्यसैगरी योग मार्गमा गुरूलाई। नाथहरूले पीर शब्दलाई स्वीकार गरेका छन्। उनीहरूको अर्थात् मुसलमानहरूले 'महन्त' लाई महन्त होइन पीर भञ्दछन्। तथापि यसको अभिप्राय यो होइन कुनै तात्विक मुसलमानी प्रभाव उनीहरूमा परेको छ। हे मुसलमानहरू हो, मुल्लाह, काजीहरू हो, त्यो मार्ग पत्ता लगाउ, पहिचान गर जसलाई ब्रह्मा, विष्णु, र महादेवको रूपमा मानिएको छ।[५०९]

१५. जसले गुरू वचनलाई माञ्दछ, स्वीकार्दछ, उसको दुविधा नष्ट हुन जाञ्छ। यही निश्चितताले राजा भर्तृहरिलाई बनाए। उनलाई सिद्धि दिए। राजा गोपीचन्दलाई ब्रह्म परिचय साक्षात्कार गराए। यही निश्चितताले नरपति- नरवैलाई निर्द्वन्द्व बनाइदिए, मुक्त गरिदिए जो आत्म साक्षात्कारद्वारा पूर्ण परम आनन्द प्राप्त गर्ने योगी हुन गए।[५१०]

१६. जसले दिन, रात बहिर्मुख मनलाई उन्मना अवस्थामा लीन गराउन सक्तछ। बाह्य, भौतिक संसार गम्य जगतको कुरा छोडेर अगम्य आध्यात्मिक क्षेत्रको कुरा गर्दछ, भ्रमित भौतिक दुनियाका सबै आशाहरूलाई छोडिदिञ्छ, कुनै आशा राख्दैन, ऊ ब्रह्मभन्दा पनि अगाडि बढेर, ब्रह्माले नै उसको दासत्त्वलाई स्वीकार गर्ने अवस्था सृजना हुञ्छ र स्वीकार गर्दछन्।

१७. तलतर्फ गतिवान रेतस शुक्रलाई माथि लैजान प्रयास गर प्रेरित गर। यसप्रकारको उध्वरिता भएर जसले कामवासनालाई भष्म गर्दिञ्छ, कामिनीको साथ छोड्दिञ्छ। मायाबाट मुक्त हुञ्छ, जसको कारण पखालिएर गङ्गा निस्कञ्छ त्यस प्रकारका योगीको विष्णु पनि चरणमा पर्दछन्।[५११]

१८. जसले अजपाको जप गर्दछ, ब्रह्मरन्ध्र शून्यमा मनलाई लीन गराउँदछ। पञ्च इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा राख्दछ, ब्रह्मानुभूति अग्निमा

---

५०९ डा. पिताम्बरदत्त बड्थ्याल, गोरखवाणी, पृ. २६।

५१० उही पृ. २६।

५११ उही पृ. २७।

आफ्नो भौतिक अस्तित्व कायालाई बलिदान गर्दछ त्यतिबेला योगेश्वर महादेवले नै उसको चरणको बन्दना गर्ने अवस्था सृजना हुन जाञ्छ ।

१९. जसले धन, यौवनको आशा राख्दैन, स्त्रीमा मन लगाउँदैन, जसको शरीरमा नाद र विन्दु जीर्ण हुन जाञ्छ त्यसको सेवामा माता पार्वती पनि उपस्थित हुनुहुञ्छ । तथापि योगी गोरखनाथका गुरू महायोगी मत्स्येन्द्रनाथले कौलज्ञान निर्णयमा यसरी दिनुभएको छः देवीले भन्नुभयो: हे नाथ स्वामी यो रहस्यपूर्ण तत्त्व ज्ञान अति कठिन, गोपनिय, रहस्यात्मक एवं उत्कृष्ट छ । हे भैरव अकुलबाट कुलको उत्पत्ति कसरी भयो ? यो क्षेत्रज, पीठज, योगज, मन्त्रज, सहज, कुलज एवं अष्टाष्टक अष्ट गुणित अष्ट = ६४ योगिनीहरू को हुन् ? हे नाथ 'कुलसिद्धि' एवं पूजाको क्रम विधान पनि भन्नुहोस् ।[५१२] भैरवले भन्नुभयो: हे योगिनी एवं वीरहरूकी जननी, तिमीले एकाग्र चित्त भएर सुन, सिद्ध कौल योगीले एकान्त एवं जनशून्य स्थानमा मधुर धुपले सुगन्धित गर्दै पञ्चमकार खाद्य, भोज्य एवं पेयले युक्त भएर सामग्रीहरूलाई एकत्रित गर्दै मदिरापानका साथ त्यसबाट उत्पन्न सुरानन्दबाट प्रफुलित भएर सजा, कुलजा, अन्त्यजा आदि शक्तिले युक्त भएर कुलचक्रको साधना गर्नुपर्दछ । हे महादेवी शक्तिहरूमा जो सहजा, कुलजा एवं अन्त्यजा रूपी नारी शक्ति हो उसको पृथक-पृथक लक्षाणका विषयमा म भञ्दछु ।[५१३]

जसका साथ विवाह गरिएको छ उक्त पत्नि यदि साधनामा सहभागी छन् भने त्यस्तालाई 'सहजा' शक्ति भनिञ्छ । एक यौनकर्मी अर्थात् वेश्या साधनामा सहभागी भएर कार्य गर्दछिन् भने उनलाई कुलजा भनिञ्छ । अस्पृश्य जातिकी नारी कौल साधनामा सहभागी हुञ्छिन् भने उनलाई अन्त्यजा भनिञ्छ । यही नै नारीरूपी शक्तिको बाहिरी रूप हो । अब यी नारीहरूको आध्यात्मिक स्वरूपको विषयमा पनि सुनः जब साधकले ध्यान गर्दछ देवी आफ्नै शरीरमा रहेकी छन् । तथापि ऊ कामवानन्दको कल्पनाले आतुर हुने नारीको लक्षाणले युक्त छ भने महामुद्रा, लता या

---

५१२ डा. श्यामाकान्त द्विवेदी, आनन्दः योगी मत्स्येन्द्रनथ-प्रणित कौलज्ञान निर्णय, द्वितीय खण्ड, प्रकाशकः चौखम्वा अकादमी वाराणसी, वि.सं. २०७०, कौलज्ञानं अष्टम पटल पृ. ३७० ।

५१३ ठही पृ. ३७०, लोक क्रमशः ४५६ ।

कौल साधनामा सहभागी नारीलाई सहजा शक्ति भनिन्छ । कुलजा, कुलस्वरूपा हुन् ।[५१४]

हे देवी ..... देह भित्र रहेको आन्तरिक शक्तिका तिन एवं बाहिर रहेका शक्तिमा ३ प्रकारका भेद रहेका छन् । मैले अन्त्यजा श्रेणीको शक्तिका विषयमा व्याख्या गर्दछु तिमीले सुन ।[५१५]

भगवती खगेश्वरी निर्मल सफा मुक्त मालासरह मोतीको माला धारण गरेकी छिन् । यी महाशक्ति महातेज छिन् । यिनै महान् आत्मा भएकी शक्ति 'अन्त्यजा' हुन् । 'व्योममालिनी' पानले मुख भरिएकी चन्दन एवं कस्तूरीले अत्यन्त आनन्दित सन्तुष्ट चित्त भएकी छन् ।[५१६]

२०. बालक कालदेखि यौवन अवस्थासम्म जुन व्यक्तिले संयमद्वारा निग्रह गर्दछ, जो समय-असमयमा सधैँ सतमार्गमा स्थिर रहन्छ उसले फूर्तिका साथ भोजन गर्दछ । कम खान्छ, नाथ भन्दछ त्यो हाम्रो शरीरमा छ । उसमा र ममा कुनै अन्तर छैन ।

२१. शब्द नै ताला हो जसले परमतत्त्वलाई बन्द गर्दछ । शब्दको धाराले नै सूक्ष्म परमतत्त्वलाई भौतिक आवरणमा बाँधेर सृष्टिको निर्माण गर्दछ । यसकारण मूल अधिष्ठानसम्म पुग्नका लागि शब्दको धारा पक्रेर फर्केर आउनु पर्दछ । यसकारण त्यो चावी हो जसबाट ताला खुल्न जान्छ । गुरू शब्दमा पनि परमतत्त्व रहन्छ जो उसको चिन्तन मननद्वारा खुल्दछ । अन्तरी शब्द नादको जागरण यसै शब्दगुरू उपदेशका कारण हुन्छ । यसप्रकार स्थूल शब्दद्वारा सूक्ष्म शब्दको परिचय हुन जान्छ त्यतिबेला स्थूल शब्द सूक्ष्ममूल शब्दमा समायोजन हुन जान्छ ।[५१७]

२२. बाटो बिना हिँड्न, आगो बिना जलाउन, हावाद्वारा प्यास मेटाउन यो केवल अनुभवद्वारा जान्न योग्य अनुभवको ज्ञान बारेमा महायोगी गुरू गोरखनाथले भन्नुभएको छः हे विद्वान् पण्डितहरू हो यसलाई सम्झ । ससंवेद = स्वसंवेध । संस्कृतमा यसलाई 'सूक्ष्म वेद' भनिएको छ ।

---

५१४ उही पृ. ३७१, श्लोक ७, ८, ९ ।

५१५ उही पृ. श्लोक १० ।

५१६ उही पृ. ३७१, श्लोक ११-१२ ।

५१७ डा. पिताम्बरदत्त बड्थ्याल, गोरखवाणी, पृ. ३८ ।

जसको अर्थ सूक्ष्म ज्ञान हुञ्छ । तथापि यही पाठ सूक्ष्म वेद अथवा सूक्ष्म वेद भएको भए यो अर्थ स्वीकार्य हुने थियो ।

२३. आकाश मण्डल शून्य अथवा महारन्ध्रमा एउटा औंधो मुखको कुवा छ । जसमा अमृतको बास छ । जसले सिद्ध गुरूको शरण लिञ्छ उसले नै भरीभरी अमृत पान गर्न सक्तछ । किनभने अमृत पिउने उपाय गुरूले नै बताउन सक्तछन् । जसले सिद्ध गुरूलाई ग्रहण गरेको छैन उसले अमृतपान गर्न सक्तैन । प्यासमै रहिरहञ्छ ।[५१८]

२४. आत्मतत्त्वको अनुभव प्राप्त गरेपछि यस्तो अनुभव हुञ्छ नत आकाश पञ्चभूतमा कुनै गुप्त रहन सक्छ, नत आगोले सुकाउन सक्तछ, नत हावाले यताउता हल्लाउन सक्तछ । नत पृथ्वीको भार तोडेर विभक्त गर्न सक्तछ, नत पानीमा डुबाउन सक्तछ । तथापि यस्तो कुरा कसैलाई भन्ने हो भने मेरो विश्वास कसले गर्न सक्तछ । किनभने यी तत्त्वहरूको गुण र साथ क्रियाका सम्बन्धमा जनसाधारणहरूले जसरी देख्ने गर्दछन् उनीहरूले मेरो कथनलाई विरोधाभाष देख्न पुग्दछन् ।

२५. ब्रह्मको सुगन्धले सम्पूर्ण जगत सुगन्धित हुञ्छ । सुगन्ध समान जगत व्याप्त छ । त्यसैको स्वादले सारा संसार मीठो छ । जसलाई ब्रह्मनन्दको स्वाद प्राप्त हुञ्छ उसका लागि संसारको दु:ख, कष्ट कटुता मेटिन जाञ्छ । जगत आनन्दमय मीठो हुञ्छ । किनभने सम्पूर्ण सृष्टिमा ऊ स्वयंले आफ्नो वास्तविक रूप देख्दछ । उसको रूपद्वारा सुन्दर हुञ्छ । यसप्रकारको सत्यको विश्वास केवल सिद्धगुरूलाई नै हुन सक्छ ।

२६. हे योगी मरो, मर्नु मीठो हुञ्छ । तथापि त्यस्तो मृत्यु रोज मरेपछि महायोगी गुरू गोरखनाथको परमतत्त्वको दर्शन गर्न सकियोस् ।[५१९] यसरी मर्नु सामान्य मृत्यु होइन । यसलाई भौतिक अस्तित्वको समाप्तिको रूपमा सम्झनु हुँदैन । योग मार्गको विश्वास अनुसार योगी कहिल्यै पनि मर्दैन । यसकारण यसरी मर्नु जीवन मृत्यु हो । यसैको दोस्रो नाम जीवनमुक्ति हो । यसलाई स्वार्थी अर्थमा मृत्यु सम्झनु पर्दछ । भौतिक

५१८ उही पृ. २९ ।
५१९ उही पृ. ३० ।

अर्थमा त व्यक्तिको जीवनको अन्त्य हुन जाञ्छ, अब ऊ आध्यात्मिक जीवनमा परमार्थका लागि जिउँदछ । परमार्थ र परोपकार एकै चीज होइन । तथापि परमार्थी जीवन परोपकारमा पनि अभिव्यक्त हुञ्छ ।

२७. सबै व्यवहारयुक्त अर्थात् व्यवहारिक हुनुपर्दछ । सोचेर सम्झेर कार्य गर्नुपर्दछ । एक्कासी फ्याट्ट बोलेर उठ्नु हुँदैन, जोडले खुट्टा पट्काएर हिँड्नु हुँदैन । बिस्तारै बिस्तारै खुट्टा राख्नुपर्दछ । गर्व गर्नु हुँदैन । सहज स्वभाविक अवस्थामा रहनु पर्दछ । यही नै महायोगी गुरू गोरखनाथको उपदेश हो ।

२८. जो व्यक्तिमा पूर्ण ज्ञान छ ऊ स्थिर र गम्भिर हुञ्छ । पूर्ण ज्ञान नभएको व्यक्तिले आफ्नो ज्ञानको प्रदर्शन गर्दै घुम्दैन । जो अधकल्चय छन् उनीहरू फूर्ति लगाउँदै रहञ्छन्, त्यस्ता मानिसले ठाउँ ठाउँमा आफू जान्नेजस्तो गरेर ज्ञान छाँट्दै हिँड्दछन् । तथापि यसबाट उसलाई कुनै फाइदा हुँदैन । जब सिद्ध विद्वान्को अर्को सिद्धसँग भेट हुञ्छ उनीहरूमा कुराकानी सम्भव हुञ्छ । अधकल्चटाहरूसँग सिद्धहरूले छलफल गर्दैनन् । हे अवधूत ! सिद्ध वार्ताबाट मात्र लाभ हुञ्छ । ज्ञानले भरिएको पात्र छचल्किँदैन, आधा मात्र छचल्किञ्छ ।[५२०]

२९. योगीहरूको कुनै घरबार हुँदैन, सम्पूर्ण संसारनै उसको घर हो । यसकारण उनीहरू सर्वत्र घुम्ने फिर्ने गर्दछन् । यो उनीहरूको विरक्तिको सूचना हो । तथापि कतिपयलाई देशाटनकै चाट पर्न जाञ्छ । यसकारण योगी गोरखनाथले भन्नुभएको छः हे अवधूत देश देशान्तरमा जानु स्वयं देशान्तरको उद्देश्यले आवश्यक छैन । यदि मन चित्त स्थिर छ, काम, क्रोध, अहङ्कारको निवारण भएको छ भने त्यही नै देश देशान्तर हो । किनकि निवृत्तिको अर्थ नै देशान्तर हो । जो चित्तको स्थिरताबाट सम्पन्न हुन जाञ्छ ।[५२१]

३०. हे स्वामी जब जङ्गलमा जाञ्छु थकाई लाग्दछ, भोकले सताउँदछ, जब गाउँ नगरमा हुञ्छु मायाले आकर्षण गर्दछ । जब पेट भरीभरी खाञ्छु वीर्य

---

५२० उही पृ. ३१, लाधा = लम्ध, लध्य, लाधा ।।२८।।

५२१ उही पृ. ३२, चीया-चित्त, चीअ, चीय ।।२९।।

बढ्नाले काम वासनाले सताउँदछ । पानीका थोपा र वीर्यद्वारा निर्माण भएको यस शरीरलाई कसरी सिद्ध बनाउने, समत्वावस्थामा ल्याउने ?

३१. खाना खान छोड्नु पनि हुँदैन र धेरै खानु पनि हुँदैन । भोकै मर्नु पनि हुँदैन । दिन रात ब्रह्माग्निलाई ग्रहण गर्नुपर्दछ । शरीरसँग जबरजस्ती हठ् गर्नु पनि हुँदैन र आशक्त हुनु पनि हुँदैन ।

३२. जो थोरै बोल्दछ, थोरै खाञ्छ उसको शरीरमा पवन समाहित भएर रहञ्छ । जसद्वारा आकाश मण्डल ब्रह्मरन्ध्रमा अनाहद नाद सुनिञ्छ । यसकारण अमरत्व प्राप्त गर्ने साधना स्वयं हामीसँगै छ । यसकारण यो शरीर पतन पात हुन गयो भने सिद्ध गुरूको लागि त्यो लज्जाको विषय हो ।

३३. हे अवधूत आहारलाई तोड् मिताहर गर । निद्रालाई कम गर, ६ महिनामा कायाकल्प गर । यसो गऱ्यौ भने कहिल्यै पनि रोगी हुँदैन । कम मात्रामा कतिपय सिद्ध योगीहरूले मात्र यस्तो गर्न सक्तछन् ।[५२२]

३४. खाना त्यतिमात्र खानुपर्दछ जसले पञ्चभौतिक शरीरको रक्षा गर्न सकोस् र आफ्नो देवत्वको रक्षाका लागि संयम रहन सिकोस् । जुन योगीले मन, पवनलाई संयुक्त बनाएर उन्मन अवस्थामा लीन गर्दिञ्छ । उसले नै तत्त्वको सार प्राप्त गर्न सक्तछ ।

३५. निद्राको आशक्तिले जीवन कालको जञ्जालमा फस्दछ, खानपिनको आशक्तिले कामदेवको हृदयमा प्रवेश हुञ्छ । मैथुनले बुढेसकाल आएर घेर्दछ । यसकारण तल झर्ने अरध-रेतसलाई उर्ध्वावस्थामा जोड्नु पर्दछ । उध्र्वरिता हुनुपर्दछ ।

३६. धेरै खाना खानाले इन्द्रियहरू शक्तिशाली हुन जाञ्छन् । जसको कारण ज्ञान नष्ट हुन जाञ्छ । व्यक्ति काम वासनाको तृप्ति र इच्छा गर्न थाल्दछ, निद्रा बढ्न थाल्दछ, कालले ढाक्दछ । यसप्रकारका मानिसहरू झमेलामा परिरहञ्छन् ।

३७. योगी गोरखनाथको ब्रह्मलीन आत्मा भएका कारण स्वयं ब्रह्मले प्रत्येक व्यक्तिको शरीरलाई खन जोत गर्दछ बीउ छर्दछ । प्रत्येकको हृदयमा

---

५२२ गोरखवाणी पृ. ३९ ।

विजरूप परमात्मा विद्यमान छन् । तथापि हाम्रो गोरखनाथको ब्रह्मको क्यारी छ जसमा केही उत्पादन हुन्छ । अर्थात् त्यही ब्रह्मलीन हुन सक्छ जो उसको अन्तःस्थ, ब्रह्मको स्वअनुभव गर । योगी गोरखनाथले प्रत्येक शरीरमा आफ्नो उपदेश दिनुभएको छ अनहद, नाद भइरहेको छ । तथापि यसको फाइदा अर्थात् लाभ त्यसले मात्र प्राप्त गर्न सक्छ, जसले आफ्नो कायालाई सिद्ध गर्दछ । जसरी काँचो माटेको भाँडोमा पानी रहन सक्तैन त्यसैगरी कायालाई सिद्ध गर्न सकिएन भने त्यसबाट कुनै फाइदा हुँदैन ।[५२३]

३८. घटघटमा गोरखनाथ बिना कठिनाई घुम्नु हुन्छ जो अरुले थाहा पाउँदैनन् । ब्रह्म प्रत्येक घट, कणमा विद्यमान छ । कुनै कुनै शरीरमा त्यो जागिरहेको हुन्छ भने कुनै कुनैमा सुतिरहेको हुन्छ । घटघटमा गोरखनाथ घट घटमा मीन मत्स्येन्द्रनाथको उपस्थिति छ । गुरू र शिष्यमा कुनै फरकपना छैन । गुरू ब्रह्मवित् हुन्छन्, शिष्य गुरूमार्गको अनुसरण गर्दै ब्रह्मवित अर्थात् ब्रह्म हुन जान्छन् । गुरूको यही महत्त्व देखाउनका लागि यहाँ मीन-मत्स्येन्द्रको उल्लेख गरिएको छ । गुरूमुख शिक्षाद्वारा आत्मपरिचय, आत्मज्ञान प्राप्त गर ।[५२४]

३९. हे अवधूत ! शरीरलाई नियन्त्रणमा गर्ने बाहिरी उपायहरूले योग सिद्धि हुँदैन । फलामको साङ्गलोले बाँध्दा शरीर नष्ट हुन्छ । दुध, दही, घ्यू खाएर बस्नेहरूलाई योगको लाभ प्राप्त हुन सक्तैन ।

४०. पयाहारी दुधमा निर्भर रहनेको मन दोस्रो मानिसको घरमा रहन्छ । उसले सोच्दछ यहाँबाट दुध आयो भने राम्रो हुन्छ । नागाहरूले शरीरलाई गरम राख्न सधैँ दाउरा चाहन्छन् । मौनीलाई एउटा साथीको आवश्यक हुन्छ । जसले बोलेर बाटो देखाउन सकोस् ।

४१-४२. योग सिद्धिका लागि हिमवत्खण्डको महत्त्व रहेको छ । स्वयं महायोगी गुरू गोरखनाथले हिमालका कन्दरामा योग साधना गर्नुभएको थियो ।[५२५] हिमालयको काख हिमवत्खण्डको केन्द्र नेपाल नै योगी गोरखनाथले किन

---

५२३ उही पृ. ३४ निजजै निष्पहातं, निपज्जई ।।३७।।

५२४ उही पृ. ३५: निरुता = विनाशब्द, विना आहट, विना दोहुसरोके जानं, निः + रुति । शब्द ध्वनि ।।३८।।

५२५ डा. पिताम्बरद बड्थ्याल: गोरखवाणी, पृ. ३६ ।

रोज्नु भयो ? किनभने योग सिद्धिका लागि यो क्षेत्र सबैभन्दा उपयुक्त थियो । यसकारण उहाँको पछिल्लो अवतरण योगी नरहरिनाथले खोज र अनुसन्धानबाट निकालेको निष्कर्ष नेपालको गोरखामै भएको थियो । स्वयं गोरखा र यो क्षेत्र हिमालको काखमा रहेको छ । गोरखनाथको यो भनाइबाट उहाँको पछिल्लो अवतरण नेपालनै हो भन्ने कुरामा असहमति राख्नुपर्ने ठाउँ छैन । सायद १ हजार वर्षको दासत्त्वको प्रभाव र पीडामात्र होइन कुण्ठाले पनि हो भारतीयहरू विशेष गरेर गोरखपुरको गोरखनाथ मठका महन्तहरू यो सत्यतालाई ढाकछोप गर्न खोज्दछन् । यही विषयमा नेपालका पछिल्ला सिद्धयोगी गुरू नरहरिनाथसँग गोरखपुरका महन्तसँग मतभेद रहेको थियो । आखिर सत्य सत्य नै हुञ्छ । गोरखवाणीको उपर्युक्त भनाईले गोरखनाथको पछिल्लो अवतरण नेपाल र गोरखा नै हो । सिद्धगुरू योगी नरहरिनाथको भनाइ पुष्टि हुन जाञ्छ ।

४३. योगी धूर्त हुँदैन । यदि योगी धूर्त भयो भने यस्ता धूर्तलाई अहङ्कारले ठग्दछ । भिक्षा मागेर भोजन गर्दछ । उसलाई कुनै सन्ताप हुँदैन । साढे तिन हातको शरीरनै उसको नगर हो । जसमा घुम्दै फिर्दै भिक्षा माग्दछ हे अवधूत ! यस्ता धूर्त शव लोक ब्रह्मरन्ध्रमा संरचण गर्दछन् ।[५२६]

४४. योगी घरबारी हुँदैन । यदि घरबार गरेको छ भने जसलाई आफ्नो घर 'काया'को पूरै ज्ञान हुञ्छ । आफ्नो घरबाट जुन वस्तु बाहिर गइरहेको छ, नष्ट भइरहेको छ । त्यो श्वास र शुक्रलाई उसले भित्र लैजाञ्छ । यसप्रकारका घरबारीलाई मायारहित निरञ्जन ब्रह्मको शरीर अर्थात् ब्रह्मतुल्य सम्भनु पर्दछ ।

४५. योगी घरबारी गृहस्थ हुँदैन । यदि गृहस्थ छ भने आफ्नो शरीरलाई नियन्त्रणमा राखेको हुञ्छ । भित्रैबाट अर्थात् अन्त:करणबाट मायालाई त्याग गरेको हुञ्छ । ऊ यति शीलवान् हुञ्छ कि मानौं शरीर नै शीलको बनेको छ । ऊ गृहस्थ गङ्गाजल हो । शुद्ध छ, अरुलाई पनि शुद्ध गराउँदछ । देवादिदेव आदिनाथ शिवले उसलाई आदर गर्नुहुञ्छ ।[५२७]

---

५२६ उही पृ. ३६ ।
५२७ उही पृ. ३७ ।

४६. जो अन्तर्लीन मुनि सत्-रज्-तम् यी तिनै गुणले विवर्जित छ, पाप-पुण्य रहित छ, निर्मल छ, अमर छ। 'सोहं हंस:' यसबाट आभ्यन्तर शब्दको स्मरण गर्दछ अर्थात् अजपाजप जपिरहन्छ, ऊ अनन्त परमार्थ सिद्ध हुन जान्छ।

४७. योगी पाखण्डी हुँदैन । यदि पाखण्डी छ भने योग क्रियाद्वारा कायालाई प्रक्षालन गर्दछ, जसले निर्मल बनाउँदछ। पवनलाई उल्टाएर प्राणायामद्वारा योगाग्निलाई प्रज्वलित गर्दछ, कुण्डलिनी जगाउँदछ । विन्दु सपनामा स्खलित हुन दिँदैन । यसप्रकारका पाखण्डीलाई तत्त्वमा समायोजित भएको सम्झनु पर्दछ ।

४८. शरीर रूपी मणिमा मनरूपी योगी रहन्छ, जसले आफ्ना लागि पञ्चतत्त्वको कथा बनाएको छ । क्षमको खडासन, ज्ञानको अधारी, सद्बुद्धिको खडाउ र विचारको डण्डा उपयोगमा ल्याउँदछ । काठको लौरोमा लागेको पिठोलाई अधारी भनिन्छ । जसलाई योगीहरूले, साधुहरूले सहाराका लागि राख्दछन् । यसैगरी खडासन पनि हुन्छ जसको सहायताले उठी-उठी बस्ने सुख प्राप्ति हुन्छ । शरीरको होइन मनको योग वास्तविक योग हो । बाह्य भौतिक संसारका युक्तिहरूलाई छोडेर आन्तरिक आभ्यन्तर युक्ति ग्रहण गर्नुपर्दछ ।

४९. चञ्चलताले चन्द्रस्राव अमृत खसेर क्षति हुन जान्छ । स्थिरताले ब्रह्माग्नि प्रज्वलित हुन जान्छ। चल अचल बीचको अवस्थामा आदिको अभ्यासले गोटिका बन्ध सिद्धि प्राप्त हुन्छ । जसको शक्तिले योगी इच्छाअनुसार अदृश्य हुन सक्तछ। भनिन्छ सिद्धयोगी अभिमन्त्रित गोली गुटिका मुखमा राखेर अदृश्य हुन सक्तछन् । अमरत्व प्राप्त गर्दछन्। जबसम्म पृथ्वी रहन्छ त्यतिबेलासम्म उनीहरूको शरीर पनि रहन्छ।[५२८]

५०. यही मन शिव हो । यही मन शक्ति हो । यही मन पञ्चतत्त्वले निर्मित जीव हो । मनको अधिष्ठानमा नै शिवतत्त्व परब्रह्म छन् । माया शक्तिको संयोगले ब्रह्म मनका रूपमा अभिव्यक्त हुन्छन् । मनबाट नै पञ्चभूतात्मक शरीरको सृष्टि हुन्छ । यसकारण मनको अत्यन्त ठूलो महत्त्व रहेको छ। मनलाई उन्मना अवस्थामा लीन गर्नाले साधु सर्वज्ञानी

---

५२८ गोरखवाणी, पृ. ३८, स्कन्ध-कन्ध ४६ ।

हुन जान्छ । तीनै लोकको कुरा भन्न सक्तछ । योगी मत्स्येन्द्रनाथ प्रणित कौलज्ञान निर्णयका अनुसार शिव + शक्तिको संयोग नै विश्वको सृष्टि हो । तान्त्रिकहरूको सृष्टि एकतत्त्वात्मक होइन द्वितत्त्वात्मक मानिन्छ । वेदान्त शक्तिले मायालाई मिथ्या मान्दछ । यसकारण मूल तत्त्व एउटा बाँकी रहन जान्छ । **'ब्रह्म सत्यं जगन्मिथ्या'** जगत एवं सृष्टिको मूल माया शक्ति दुवै वेदान्तको दृष्टिकोणमा मिथ्या हो । तर तन्त्रमा (क) मूल तत्त्व शिव र शक्ति दुवै हो र दुवै परमार्थिक एवं नित्य तत्त्व हो । (ख) सृष्टि यी दुवैको संयोगले हुन्छ ।[५२१] सृष्टिमा दुई तत्त्वको संयोग नै संयोग हो । यो त्यो सृष्टि हो जो दुवै तत्त्वको संयोगले निर्माण भएको छ ।

५१. हे अवधूत ! शरीरका नवद्वारलाई बन्द गरेर वायु आउने जाने बाटो बन्द गर । यसबाट चौसठ्ठी सन्धिमा वायुको व्यापार हुन थाल्दछ । यसबाट निश्चय पनि कायाकल्प हुन्छ । साधक सिद्ध हुन जान्छ जसको छायाँ पर्दैन ।

५२. हे अवधूत ! दम अर्थात् प्राणलाई पक्रनु पर्दछ । प्राणायामद्वारा उसलाई नियन्त्रण गर्नुपर्दछ । यसबाट उन्मना अवस्था सिद्ध हुन्छ । अनाहद नाद रूप जाग्दछ, उठ्दछ र ब्रह्मरन्ध्रमा सूर्य चन्द्रमा बिना ब्रह्मको प्रकाश चम्कन्छ ।

५३. कुम्भकद्वारा मात्र श्वासोच्छवास भक्षण गर । नव द्वारलाई रोक । ६ महिनामा कायाकल्पद्वारा कायालाई नयाँ बनाउ । त्यतिबेला उन्मना योग सिद्ध हुन जान्छ

५४. हे अवधूत ! शरीरमा फैलिएको सहस्र नाडी जालमा जब पवनको सञ्चार हुन्छ, त्यतिबेला करोडौ नाद समान अनाहद नाद उठ्दछ । त्यतिबेला जब ब्रह्मको मूल प्रकाश आदि किरण प्रकट हुन्छ त्यो समयमा वायुले बहत्तर चन्द्रमालाई सोस्दछ ।

५५. 'सहस्रार'मा अमृत स्रावक चन्द्रमा रहेको हुन्छ । उसको प्रभावकै कारण जीव सामान्यतया वञ्चित रहन्छ । किनभने अमृत स्रावको मूलाधार स्थित चन्द्रमाको प्रभावले यहाँ वञ्चित रहु 'अमावस'द्वारा अभिप्रेरित छ । जहाँ पहिला अमावस थियो, चन्द्रमाको प्रभाव थिएन । त्यही अब चन्द्रमा झलमल चम्कन थाल्दछ, त्यो पूर्ण प्रभावको अवस्था हो । यही

---

५२१ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३२० ।

नै सूर्य चन्द्र संयोग योग साधनाको प्रधान उद्देश्य हो । यसैमा नादबाट विन्दु-शुक्र समायोजन हुन गएको छ अनाहद नाद बज्न लाग्दछ ।[५३०]

५६. चन्द्रमा र सूर्यको योगले जब उन्मना अवस्था सिर्जना हुञ्छ त्यतिबेला ब्रह्मरन्ध्र शून्य मण्डलमा अमृत झर्न लाग्दछ । नाद उल्टिन जाञ्छ । नाद सूक्ष्म शब्दको क्रियामाण स्वरूप हो । जो क्रमश स्थूल अर्थात् भौतिक रूपमा परिणत हुँदा सृष्टिको कारण हुञ्छ । उसको सृष्टि निर्माण स्थूल अर्थात् भौतिक स्वरूप आफ्नो मूल स्रोततर्फ मोडिन्छ । त्यसपछि तल उत्रँदा विन्दु उर्ध्वगामी हुन जाञ्छ । वायुमा जसमाथि कालको प्रभाव देखिञ्छ त्यतिबेला अमरतत्त्व जिउँदैमा पहिचान हुन जाञ्छ ।

५७. हे अवधूत ! आदि सूक्ष्म सुषुम्ना नाडीमा नादको झमक हुञ्छ । गरम पिङ्गला सूर्य नाडीमा पवनको सञ्चार हुञ्छ । शितल इडा अथवा चन्द्र नाडीमा वीर्यको निवास रहेको छ । यसको गतिको बारेमा कुनै कुनै सिद्धयोगीले मात्र जान्दछन् ।

५८. सूर्य नाडीमा चलायमान पवन अत्यन्त तिव्रगतिमा चल्दछ । जब चन्द्र नाडीमा उसको गति हुञ्छ त्यतिबेला बसीरहेको हुञ्छ वस्न जाञ्छ । जव श्वास बाहिर निस्कञ्छ, सूर्य नाडी चल्दछ । जब श्वास भित्र प्रवेश गर्दछ चन्द्रनाडी चलायमान हुञ्छ । योगीले यी दुवैभन्दा अलग सुषुम्ना नाडीको शरणमा आश्रय लिञ्छ । किनकि जहाँ विन्दुको निवास हुञ्छ त्यही अमर जीवन तत्त्व जिउँदो हुञ्छ ।[५३१]

५९. प्राय: साधकहरूले बाहिरी क्रियालाई योग सम्झञ्छन् । कैयौं जङ्गम बराबर आउने जाने गर्दछ । कतिपयले मागेर खानुलाई नै योग सम्झञ्छन् । कतिपयले गाउँ, नगरभन्दा अलग रुखमुनि रहनुलाई योग सम्झञ्छन् । यी सबै बाहिरी कुराहरू हुन् । योगी गोरखनाथले ज्ञान विषयमा कसलाई भन्ने ?

६०. हे पण्डित, मौलाना हो जे कुरा तिमीहरूले पढेर देखेका छौ त्यसको सार अर्थात् 'रस' ज्ञानमा रहेर हेर केवल पढ्नु मात्र होइन साधना पनि गर्नु

---

५३० डा. पिताम्बरदत्त बड्थ्याल, गोरखवाणी पृ. ४० ।

५३१ उही पृ. ४१ ।

पर्दछ। मुक्ति, मोक्ष कोरा ज्ञानले मात्र होइन आफ्नो भनाईसँगै कर्म अर्थात् करनी कृत्यबाट नै सम्भव छ। महायोगी गुरू गोरखनाथ भन्नुहुन्छः मैले कसलाई साक्षी राखुँ जब कि घटघटमा ब्रह्मको ज्योति जगमगाई रहेको छ। यही प्रकाशले आफैभित्र परिवर्तन हुँदा पशुले आँखा नै देख्दैन।[५३२]

६१. जिह्वा अर्थात् जिब्रो काँटकसाल बनाएर त्यहाँ अमेध परमतत्त्व रूप हिराको सु-शब्द 'सोहं हंसः' अजपा मन्त्रद्वारा जप गर। यसप्रकार अवगुणमय असत् माया जगत्मा आफ्ना लागि सद्‌गुणको फाइदा लेउ। सत्यको अनुभव गर। यसो गर्न सक्यौ भने सम्पूर्ण संसार तिम्रो चेला हुन जान्छ।

६२. जो ब्रह्मानुभूति रहित भएका कारण खाली छ, योगको साधनाले ज्ञान पूर्ण हुन जान्छ र उसमा ब्रह्मानुभूति हुन जान्छ। त्यसका लागि निरन्तर अमृत झर्न थाल्दछ। तथापि जुन बाटोबाट यो सम्भव हुन्छ गुरूले निर्देशन गरेको यो मार्ग खड्गभन्दा पनि तिक्षण र कठिन छ।[५३३]

६३. परब्रह्म घटघटमा व्यापक छन्। कतिपयले यसलाई भौतिक अर्थमा शरीरको कुनै ठाउँमा रहेको सम्झन्छन्। यस्तो सम्झनेहरूले आदिनाथको कुनै स्थानमा भेट हुने आशा राखेको हुनुपर्दछ। मानिस आदिनाथ देव प्राप्तिका लागि वन, जङ्गल, मन्दिर घुम्दछन्। यदि ब्रह्मानुभूति यसरी उत्पन्न हुन्छ, प्राप्त हुन्छ भने चौपायामा पनि प्राप्त हुने आशा राख्नु पर्दछ। कतिपयले अन्न नखाई दुध खाएर मात्र परमात्मा प्राप्त गर्न चाहन्छन्। यदि दुधमा छन् भने घ्यूमा पनि प्राप्त हुन्छ भन्ने आशा राख्नु पर्‍यो। समग्रमा यसरी आदिनाथ परमात्माको दर्शन मिल्दैन यो सबै भ्रम हो। यसको समग्र उपाय योग युक्त अर्थात् समुचित रहनु हो।

६४. वनजङ्गल, एकान्त गुफा आदि स्थानमा मन राख्नु रहनुपर्दछ अर्थात् बहिर्मुख वृत्तिहरूलाई अन्तर्मुख गरिदिनु पर्दछ। आफ्नो मनको रहस्य कसैलाई पनि भन्नुहुँदैन। किनकि यस्तो रहस्यमय अनुभूतिलाई कसैले पनि सम्झदैनन्। मुखले नरम बोल्नुपर्दछ जबकि दोस्रो मानिस झुक्न बाध्य होस्, पानी जस्तो हुनुपर्दछ र क्षमा देखाउनु पर्दछ।

---

[५३२] ठही पृ. ४२।

[५३३] ठही पुसाण = शुरशाण, शाणित, क्षुर सान मे धरा हुआ, तेज छुरा ॥६२॥

६५. उन्मनास्थानमा लीन रहनु पर्दछ । कसैलाई पनि आफ्नो प्रमुख कुरा भेद रहस्य भन्नु हुँदैन । अमृत झरेपछि पानी अमृत पिउनु पर्दछ । सिद्ध गुरूको मुखबाट ज्ञान उपदेश सुन्नका लागि जति टाढा भएपनि जानुपर्दछ। अर्थात् मायालाई छोडेर त्यो भन्दा पर पनि जान सक्नु पर्दछ । त्यतिबेला गुरूले दिएको ज्ञान उपदेश हृदयङ्गम अर्थात् आत्मानुभूति हुन सक्छ।

६६. नगर अर्थात् शहर, बगैचा तथा पर्खालले सुशोभित हुञ्छ । स्वभायमान देखिञ्छ। सभाको सोभा पण्डितद्वारा हुञ्छ। आमसभाको सोभा नेताद्वारा हुञ्छ । यसप्रकार सिद्धहरूको आध्यात्मिक सताको सम्झना गराउने निर्मल शुद्ध बुद्धियुक्त वाणी अर्थात् बोली हो ।[५३४]

६७. अभेदको भेदसँग, अद्वैतको रहस्य कोही कोही अत्यन्त कम मात्रले जाञ्दछन्। द्वैतपथको निरसता पनि कमैले जाञ्छन्। ब्रह्मको अकल्पनिय कथा पनि कमै मात्रले थाहा पाउँदछन् । सुधि-बुधि वाणी पनि अत्यन्त कम मानिसलाई जानकारी हुञ्छ ।

६८. ठूला ठूला तपस्वी योग सिद्धिको आशामा गेरु वस्त्रधारण गरेर उत्तराखण्ड, बद्रिकाश्रम, पशुपतिनाथ आदि स्थानको जल र जङ्गलको कन्दमूल फलमा निर्वाह गर्दछन् । यद्यपि महायोगी गुरू गोरखनाथ उत्तराखण्ड ब्रह्मरन्ध्रमा जाने उपदेश दिनुहुञ्छ । जहाँ ब्रह्माग्निको वस्त्र लगाउने अमृत निर्झर झर्ने अमृत पिउने र शून्य फल अर्थात् ब्रह्मरन्ध्रमा प्राप्त हुने फल ब्रह्मानुभूति फल खान पाइञ्छ । योगी गोरखनाथले आफ्नो चञ्चल मनलाई यसरी नै स्थिर गर्नुभयो ।

६८. हिन्दूहरूले देवालयमा ध्यान गर्दछन्, मुसलमानहरूले मस्जिदमा तथापि योगीहरूले परमपदको ध्यान गर्दछन् । जहाँ न देवालय छ न मस्जिद।

६९. हिन्दूहरू आँखा अगाडि नै व्याख्या गर्दछन् । हाम्रो परमेश्वर राम, कृष्ण हुन्, मुसलमानहरूले भञ्दछन्ः खुदा, इसाईहरूले भञ्दछन् यशु (जो वेश्यापुत्र पनि हुन्) । तर योगीले जुन अलक्ष्यको आख्यान, व्याख्या गर्दछ त्यहाँ न राम, कृष्ण न खुदा न यशु । अलक्ष्य ब्रह्म यी सबैभन्दा पर छन्।[५३५]

---

५३४ गोरखवाणी, पृ. ४४, प्रवाणी-प्रमाणी-प्रामाणिक- विश्वसनिय ।

५३५ उही पृ. ४५ ।

७०. यदि शरीरमा आदिनाथ परमात्मा भएको भए शरीर मर्दैन थियो । यही ब्रह्माण्डमा भएको भए कसैले देख्ने थियो । जसरी ब्रह्माण्डमा अन्य चिजहरू देखिञ्छन् त्यसैगरी देखिने थियो । महायोगी मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ भन्नुहुञ्छः पिण्ड र ब्रह्माण्ड दुवै पर छ ।

७१. अवधूत योगीले जब आसन ग्रहण गर्दछ त्यतिबेला फलामको खुट्टा बराबर निश्चल हुञ्छ । जब चलायमान हुन थाल्दछ पवनको मुठ्ठी वायुवेगमा बाध्दछ । जुन योगी अधिक सुत्दछ ऊ जिउँदै मरेसमान हुञ्छ । जो धेरै बोल्दछ बुझ्नु त्यो बन्धन मुक्त भएको छैन ।

७२. योगीहरूका लागि गोरखनाथको उपदेश यसप्रकार छः यस दुनियाँमा तमाशाविहिन साक्षी जस्तै भएर रहनुपर्दछ । कुनैपनि विषयमा आशक्ति राख्नु हुँदैन, लिप्त हुनु हुँदैन । देख्ने, सुन्ने गर तर स्वयं आफू आत्माको रक्षा गर । हठपूर्वक वादविवाद खण्डन, मण्डनमा नलाग । यो संसार काँडाहरूको झाडी जस्तै हो । जसमा हरेक पलपलमा काँडाहरूले घोच्ने डर हुञ्छ । यसकारण आफूलाई सुरक्षित राख ।

७४. महायोगी गोरखनाथ भन्नुहुञ्छः हे अवधूत ! शिशुपाल कालाबाट डराउनु पर्दछ । यदि मुढोले टाउकोमा हान्ने हो भने आयुबिनै समाप्त हुञ्छ । अकालमा मृत्यु हुञ्छ ।[५३६]

७५. शिशुपाललाई काल अथवा शैतान मान्नेहरू पनि कतिपय छन् । यद्यपि यसमा कुनै शङ्का छैन उनीहरू कृष्णविरोधी भएका कारण उनीहरूप्रति यसप्रकारको भावना हुन सक्तछ ।[५३७]

७६. इन्द्रियहरूको विषयबाट दृष्टि हटाउ । चक्षुन्द्रियको अगाडि दृष्टिलाई देख्ने शक्तिलाई छिपाउ । कानको अगाडिबाट सुन । नाकको अगाडिको वायुलाई छिपाउ । यसो गर्दा केवल निर्वाणपद मात्र बाँकी रहन जाञ्छ । यसमा प्रत्याहारको आवश्यक्ता पर्दछ ।

७७. हे अवधूत ! मनमै हाम्रो धेरै कुरा छ । मनको उल्टो गति अर्थात् आत्मस्मृति पनि छ । अनहदलाई लिएर घोडा बनाएर म खेल्न लागे । यसप्रकार ब्रह्मरन्ध्र, गगन या शून्य, मेरो खेलमैदान हुन गयो ।

---

५३६ उही पृ. ४६ ।

५३७ पुटी = नष्ट । खुहं हुय-देशी, २, ७५ ।

७८. सिद्धका पञ्चतत्त्व अर्थात् पाँच तत्त्वहरू ग्रहण गर वशमा राख। त्यतिबेला निरञ्जन निराकारसँग भेट हुञ्छ। हे अवधूत ! मन रूपको मस्त हात्ती हामीमा जब मिल्दछ, हावा लाग्दछ, आफ्नो हुन जाञ्छ त्यतिबेला अक्षाय भण्डार सम्हाल्न जाञ्छ।

७९. श्वास अथवा शक्ति तलतर्फ जाने वायुलाई उर्ध्व उच्छवासको बीचमा उठाएर राख अर्थात् कुम्भक गर र मध्य शून्य ब्रह्मरन्ध्रमा गएर बस। त्यहाँ आदिनाथ परम शिव ब्रह्मतत्त्वको साथ पाइञ्छ। यसप्रकार योगी गोरखनाथ भन्नुहुञ्छः मलाई परम गति प्राप्त हुन गयो।

८०. दण्ड त्यसले मात्र दिन सक्तछ जसले आफैभित्र भएको अहङ्कारलाई दण्डित गर्न सक्तछ। तब परिवर्तनशील चञ्चलता, मनको कामनालाई खण्डित गर्दछ। पञ्च इन्द्रियलाई मान मर्वित गर्दछ। यसरी दण्ड दिन सक्नेहरू ब्रह्मतत्त्वमा लिन हुन जाञ्छन्।

८१. मैले जे प्राप्त गरेँ राम्रै प्राप्त गरेँ शब्दद्वारा ब्रह्मपद सहितको स्थान। त्यतिबेला ब्रह्मको रूपसहित साक्षात् दर्शन हुन लाग्यो र सबैप्रकारको विश्वास हुन गयो। यसकारण मुक्तिमा कुनै सन्देह छैन।[५३८]

८२. जब तलको कमलबाट माथि उर्ध्वकमलमा प्राण पुरुषको बास हुन लाग्दछ त्यतिबेला प्राणवायु बर्हिगामी हुनुको सट्टा उल्टिएर आभ्यन्तरगामी हुन जाञ्छ र ज्योतिको प्रकाश हुञ्छ।

८३. आसन बाँधेर बस्नु, प्राणायामद्वारा वायुको निरोध गर्नु कुनै पद अर्थात् गुरूपद र त्यस्तै मान सम्मान सर्वधन्दा हुन्। स्थान विशेषको महत्त्व अनुसार त्यही बसेर योग सिद्धि अभ्यास हुन सक्तछ। यी सबै धन्दा हुन्। यिनको निरपेक्ष महत्त्व छैन। यो केवल बाहिरी साधना मात्र हो। जुन कुराहरू जुन ज्ञान आन्तरिक भित्रबाट उत्पन्न हुञ्छ त्यो सबै कुरा योग मार्गमा छ। गोरखनाथ भन्नुहुञ्छः आत्मतत्त्वको विषयमा विचार गर्दा सम्पूर्ण भौतिक दृश्यमान जगतमा परब्रह्म प्रतिविम्ब भएको जानकारी हुञ्छ। जसरी पानी, सूर्य, चन्द्रमाको प्रतिविम्ब देखिञ्छ।

---

५३८ गोरखवाणी, उही पृ. ४८।

८४. योगी गोरखनाथ भन्नुहुन्छः हे अवधूत ! सुन, पञ्चतत्त्व अथवा पञ्च ज्ञानेन्द्रियको बाह्य प्रसारको निवारण गरेर आफ्नो आत्मालाई स्वयं चिन्तन गर्नाले मानिसका सबै दुःख, कष्ट, चिन्ता हराउन जान्छ । ऊ खुट्टा पसारेर निश्चित रूपमा सुत्न सक्तछ ।[५३९]

८५. अति आहार अर्थात् धेरै खाना शत्रु हो । अति आहारले धेरै निद्रा लाग्दछ र निद्रा काल हो । यसले गुरूको भण्डारबाट ब्रह्मतत्त्वलाई चोरी गर्दछ । तर त्यसको अनुभूति हुन दिँदैन । गुरूको भण्डारको रक्षा कसरी गर्ने ? भोजन अर्थात् खानालाई कम गरी निद्रालाई मोड आउन नदेउ । शिव ब्रह्मतत्त्व र शक्ति योगिनी कुण्डलिनी तत्त्व समायोजन गर यही नै उपाय हो । स्वयं गोरखनाथका गुरू मत्स्येन्द्रनाथले आफ्नो ग्रन्थ कौलज्ञान निर्णयमा ६४ योगिनीहरूलाई महत्त्व दिनुभएको छ । योगिनीहरूको व्याख्या तन्त्र शास्त्रको आफ्नो विषय हो ।[५४०] यो योगको विषय होइन । यसकारण योगी गोरखनाथले नाथ सम्प्रदायको यौगिक धारामा यसलाई अर्थात् ६४ योगिनीलाई स्थान दिनुभएको छैन । तर मत्स्येन्द्रनाथले अधिक महत्त्व दिनुभएको छ । तर योगी गुरू गोरखनाथले आफ्ना गुरू मत्स्येन्द्रनाथको तान्त्रिक कौल साधनाबाट विमुक्त गर्नुभएको छ ।[५४१] योगी मत्स्येन्द्रनाथको साधना धारामा दुई प्रवाहहरू छन् । त्यसमा पहिलो कौल तान्त्रिक धारा र दोस्रो अतान्त्रिक योग धारा हो । यस मध्यमा योगी गोरखनाथको साधना धारा मुख्यतया अतान्त्रिक योग धारा हो । योगी गोरखनाथ आफ्ना गुरू मत्स्येन्द्रनाथको तान्त्रिक कौलधाराबाट मुक्त हुनुहुन्छ । तथापि आफ्ना गुरूको तान्त्रिक धाराको आकर्षणबाट अस्पष्ट देखिँदैन । जसको उदाहरण उहाँको ग्रन्थ गोरक्ष सँहिता हो ।[५४२]

८६. अनाहद प्राप्त गरेपछि अर्थात् त्यसबाट बाँधिएपछि सम्झनुपर्दछ तिनै लोक स्वर्ग, मर्त्य, पातालमा योगीका लागि कुनै बाधा अड्चन हुँदैन । उसको शरीर पतन हुँदैन । रगतको सार रेतस शरीरबाट स्खलित हुँदैन ।

---

५३९ उही पृ. ४९ ।

५४० डा. श्यामाकान्त द्विवेदी, कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३८३ ।

५४१ उही पृ. ३८३ ।

५४२ उही पृ. ३८४ ।

त्यतिबेला योगी भञ्दछः श्वेत ब्रह्मानुभूतिको हिरा नष्ट नहोस् । अर्थात् साक्षात् ब्रह्म अनुभव हुन जाओस् ।

८७. हामी तपाइँलाई एउटा कुरा सोध्नुछ । हे दयालु गुरू यसको उत्तर दिनुहोस् । बुढोबाट बालक कसरी हुन सकिञ्छ ? जुन फुल सुकीसकेको छ त्यो कसरी कलिलो हुन सक्छ ? यो प्रश्नको उत्तर जसले दिन सक्छ उही नै योगी गोरखनाथ हुन् ।

८८. हे देवल नाथ ! यो साँसारिक मायिक जञ्जाललाई छोड । योगको युक्तिद्वारा अमृत पान गर । बालक हुन सक्तछौ । ब्रह्माग्निबाट मूललाई सिञ्चन गर जुन फुल सुकीसकेको छ त्यो पनि कलिलो हुञ्छ ।

८९. पवनलाई उल्टाएर ब्रह्मरन्ध्रमा समावेश गरी त्यतिबेला प्रत्यक्ष बालक रूप हुन जाञ्छ । उदयको घरमा अस्त लैजानाले अर्थात् मूलाधार स्थित सूर्यलाई अस्त गराउनाले र चन्द्र हेम अर्थात् हिमको घर ब्रह्मरन्ध्रमा रहनुलाई सम्मिलित गर्नाले बाँधिएको हात्ती जस्तो मन आफ्नो ठाउँमा आउँदछ । जहाँ योग सिद्धिका लागि रहनुपर्दछ अर्थात् आत्माको अज्ञानतामा ।

९०. बाह्र कलाद्वारा मूलाधार स्थित सूर्यलाई सोख । जसबाट सूर्यअमृत निर्भरलाई स्वयं सोख्न नसकोस् । यसैगरी सोह्र कला सहस्रारस्थ अमृत स्रावक चन्द्रमाको पोषण गर । यसप्रकार चार कला सूर्यमाथि चन्द्रमाको विशेषता अर्थात् अमृत सिद्ध हुन जाञ्छ । यसबाट अनन्त कलापूर्ण अर्थात् ब्रह्मानुभवमय जीवन प्राप्त हुञ्छ । विशाल प्रकाशमय ज्योतिको दर्शन हुञ्छ । सिद्धि साधना हुँदा चार कला अमृतको पान गर्दछ ।

९१. जो असाध्य अथवा असाधु मनको साधक छ तर मनलाई नियन्त्रणमा राखेको छ गगनलाई अनाहद नादद्वारा गर्जित गर्दछ, उन्मनी समाधि लगाउँदछ । पवनलाई उल्टाएर सुषुम्ना सरस्वती वाणीको मार्गमा पल्टाएर लगाइदिञ्छ र अमृत पान गर्दछ ऊ ब्रह्मज्ञानी हो ।[५४३]

९२. जो लेख्न जान्दैन उसले लेखेको देखेर वर्णन गर्नेहरू, जो देख्दैन, देख्न सक्तैन, उसलाई देख्नेले ब्रह्मालाई छु-छु गरेर अरस-परस अर्थात् स्वयं साक्षात दर्शन गर्ने, ब्रह्मरन्ध्रलाई अनाहद नादद्वारा गर्जित गराउने उसको प्रमाणले स्वयं आफ्नै अनुभवद्वारा ब्रह्मलाई जान्दछ ।

५४३ डा. पिताम्बरदत्त बड्थ्याल, गोरखवाणी, पृ. ५०, ५२ ।

९३. निश्चल, शान्त रूपमा आफ्नै बासस्थानमा बस्नुपर्दछ । आत्मस्थ हुनु पर्दछ । यसो गर्नाले साधक कहिल्यै पनि रोगी हुँदैन । तथापि साथमा नाग, सिसाको भमम, टिनको भस्म र वनस्पतिको प्रयोगद्वारा एक वर्षमा ३ पटक कायाकल्प गर्नुपर्दछ । काया पल्टाउनु पर्दछ ।

९४. षोड्सकलावाला नाडी, इलामा चन्द्रमाको प्रकाश, द्वादशवाला पिङ्गला, भानुको सहस्र नाडी, सुषुम्ना अथवा सहस्रारमा प्राणको निवास रहेको छ । यहाँ असंख्य सुषुम्नालाई सरस्वती वाणी, यी तीनैले मूलस्थान ब्रह्मरन्ध्रसम्म पुऱ्याउँदछन् ।

९६. हे अवधूत ! यो शरीर नाली बन्दुक हो । पवन बारुद हो । अनहद रूप आगो दिनाले धड्कञ्छ र विन्दुरूप गोलो ब्रह्मरन्ध्रमा जाञ्छ अर्थात् साधक उध्वरिता हुन जाञ्छ ।

९७. काजी मुल्लाहरूले कुरान पढे । ब्राह्मणहरूले वेद, कापडी, गङ्गोत्रीबाट गङ्गाजल लिएर आउनेहरू र सन्यासीहरूलाई तीर्थहरूले भ्रममा राखिरहेका छन् । यिनीहरू मध्ये कसैले पनि निर्वाणपदको भेद पाउन सकेनन् ।

९८. देवालयको यात्रा शून्य यात्रा हो । त्यसबाट कुनैपनि फल प्राप्त हुँदैन । तीर्थको यात्रा पानीको यात्रा हो । त्यसबाट कुनै फल प्राप्त हुन सक्तैन । सफल यात्रा अतित यात्रा हो । साधु, सन्तको दर्शनका लागि जाने यात्रा हो । जो अमृतवाणी बोल्दछन् । यस्ता सिद्ध योगीहरूको सत्सङ्ग र उपदेशबाट जुन लाभ मिल्दछ त्यो कुनैपनि यात्राबाट प्राप्त हुँदैन ।

९९. अधर शून्य ब्रह्मरन्ध्रमा हामीले ब्रह्मतत्त्वको विचार गऱ्यौ भने यस धारामा पनि त्यही नै छ । मूलाधारदेखि ब्रह्मरन्ध्रसम्म सबै यसको अवस्थिति हो । फरक त्यति मात्र हो कहीँ स्थूल रूपमा हुञ्छ भने कहीँ सूक्ष्म रूपमा । जब धर अधरको परिचय हुन थाल्दछ, मूलस्थ कुण्डलिनी शक्तिको सहस्रारस्थ आदिनाथ शिवसँग परिचय हुन जाञ्छ । त्यतिबेला साधकका लागि उधर अर्थात् आफ्नो अनुभव ज्ञानभन्दा बाहिर केही पनि रहँदैन ।[५४४]

१००. कालले लल्कार्दै भञ्दछः मबाट तिमीहरू बच्न सक्तैनौ । धन, पैसा, शक्तिको जतिसुकै घमण्ड गरं तिमीहरूको मृत्युलाई कसैले रोक्न सक्तैन

५४४ ठही पृ. ५३, ५४ ।

उठ्दा, बस्दा, जाग्दा, सुत्दा, चाहे जुनसुकै अवस्था किन नहोस् मैले तिमीहरूलाई मार्न सक्तछु । तिमीहरूलाई पक्रनका लागि स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा योनीरूप जाल बिछ्याइरहेको छु । त्यो जालभन्दा बाहिर तिमीहरू कहीँ पनि जान सक्तैनौ ।

१०१. यस्तो काल जसले मृत्युको मुखमा लैजाञ्छ उसलाई सिद्ध योगीको दृढ उत्तर छः म खडा छु, बस्ता, हिँड्दा, सुन्दा, सुत्दा, जुनसुकै अवस्थामा पनि मेरो नाम अवधूत गोरखनाथ त्यतिबेला हो जब मैले त्यो अवस्थामा तिमीलाई अर्थात् काल मृत्युलाई खण्डित गरेर तिनै लोकबाट बाहिर जाउँ । यदि 'षडौं'को ठाउँमा 'सुमरु' आदि पाठ मान्ने हो भने पनि त्यसको अर्थ हुञ्छ मैले सुमिरनको प्रभावले तिनै लोकभन्दा अलग भएर तिम्रो कालको प्रभावभन्दा बाहिर जाञ्छु ।

१०२. निद्राले भञ्दछ म आल-जाल भएको प्रपञ्चकारिणी हुँ । र शक्तिशाली पनि छु । ब्रह्मा, विष्णु, महादेवसम्मलाई मैले छल गर्न सकें । तथापि योगी गोरखनाथले मेरो हालत खराब गरिदिए । गोरखनाथ जाग्दा म सुतिरहेको हुञ्छु ।[५४५]

१०३. योगी त्यो हो जसले मनको रक्षा गर्न सकोस् परमशून्य अर्थात् ब्रह्मरन्ध्रमा बिना देशको ब्रह्मानुभूतिमय ठूलो साँसारिक राज्यको उपभोग गर । जसले योगेश्वर कनक र कामिनीलाई त्याग गर्दछ ऊ निर्भय हुन जाञ्छ। तर स्वयं गोरखनाथका गुरू महायोगी मत्स्येन्द्रनथले कौलज्ञान निर्णयको एघाराँ अध्यायमा भन्नुभएको छः आफ्नो शक्ति पत्नी या लता साधना या महामुद्रा साधनामा उपर्युक्त प्रक्रिया नारीको रक्तविन्दु रज देखे एवं त्यसको स्पर्श गर्ने 'लक्षाण' उद्देश्य अर्थात् कौल साधनाको अन्तिम उद्देश्यलाई ध्यानमा राख्दै कौल विज्ञानको निर्देशन अनुसार सम्भोग गर्नाले कौल साधकले ६ महिनाभित्र सिद्धि प्राप्त गर्दछ ।[५४६] योगी गोरखनाथ ब्रह्मचर्य र आफ्ना गुरूभन्दा फरक कामिनीलाई त्याग्ने आदेश गर्नुभएको छ ।

---

५४५ उही पृ. ५५: विगूती, विकृत, विकुत, विशूता (स्त्री) ।

५४६ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ४०२ ।

आदिमन्त्र ॐकार रहित केवल 'शिवाम्वु' अर्थात् अमरोली प्रक्रियामा वर्णन गरिएको मन्त्र एवं 'ब्रह्म' शुद्ध 'वीर्य' लाई जसले सम्पूर्ण कालमा उपयोग गर्दछ त्यस्तो साधक योगिनीका साथ एकात्मभाव प्राप्त हुन जाञ्छ । 'ब्रह्म' शब्दको पारिभाषिक अर्थ वीर्य हो । जो मत्स्येन्द्रनाथ गोरखनाथ योग तन्त्र परम्परामा स्वीकार्य छ । शुक्रका लागि 'ब्रह्म'को प्रयोग आदिकालदेखि चल्दै आइरहेको छ । नाथ परम्परामा यही अर्थ प्रचलित छ । महायोगी गोरखनाथ भन्नुहुञ्छः 'ब्रह्मभरन्ता जे नर राखै सो बोलो अवधूता' अमृत तत्त्वको प्राप्ति योग तन्त्र साधनाको मूल लक्ष्य साथै 'ब्रह्म' शुक्रको साधनाबाट नै सम्भव छ ।[५४७]

१०४. प्राचीन कालमा मानिसहरूलाई बाहिरको ज्ञान कम थियो । त्यतिबेला उनीहरूले आफ्नो राज्यलाई सानो सम्भञ्थे र बाहिरको राज्यलाई ठूलो । यसकारण विदेशीहरूलाई आदर गर्दथे । इसाई क्रुसेडर्सले इष्ट इण्डिया कम्पनी मार्फत् यही जगमा भारतमा शासन गरेको थियो । तर हिमवत्खण्डको नेपालले कहिल्यै पनि विदेशीलाई आफूभन्दा ठूलो देखेन । र संसारमा स्वतन्त्र रहीरह्यो । जसको क्यालेण्डरमै स्वतन्त्रता दिवश छैन । नेपाल संसारमै एकमात्र तन्त्रले बनेको देश हो । जहाँ महायोगी मत्स्येन्द्रनाथ, गोरखनाथ सहित नवनाथ चौरासी सिद्ध र चौसठ्ठी योगिनीहरूको शक्ति छ ।

१०५. लाल जसलाई लालनाथ भनिञ्छ उनी भञ्दछन्ः हामी भवसागरबाट उत्रिएका छौँ । तथापि संसारका मुर्ख मानिसहरू त्यसबाट पार पाउन सकेनन् यसै किनारामा रहन गए । तथापि स्थिर अवस्था नभएका कारण चञ्चल स्वभावको नक्कली भुठो योगी बीचमै डुब्न जाञ्छ । जसरी नदी तर्न लागेको मानिस नसकेर बिचमै बग्दछ यस्ता नक्कली योगीको अवस्था त्यस्तै हुञ्छ । ऊ न वारीको किनारामा हुञ्छ न पारीको किनारामा । उसको यो लोक पनि नष्ट हुन जाञ्छ र मोक्ष पनि प्राप्त हुन सक्तैन ।[५४८] १०६ प्राण वायुलाई उल्टाएर ६ चक्रहरू लिनु । त्यसबाट लौह थोपा अर्थात् तप्त ब्रह्मरन्ध्रले पानी अर्थात् रेतसलाई सोख्दछ । चन्द्रमा इडा नाडी र

---

५४७ उही पृ. ४०२ ।

५४८ डा. पिताम्बरदत्त बड्थ्याल, गोरखवाणी, पृ. ५६ ।

सूर्य पिङ्गला दुवै आफ्नो घर सुषुम्नामा राख्दछ जुन योगीहरूले यस्तो गर्न सक्तछन् उनीहरू स्वयं अलक्ष्य, विज्ञानी ब्रह्म हुन जान्छन् ।[५४९]

१०७. हाम्रो श्रृंगीनाद कसले बजाउँछ । श्रृंगीनाद बजाउँदा श्वास टुट्न थाल्दछ। यसको के आवश्यक्ता छ र हाम्रो आभ्यान्तरमा अनाहदनाद निरन्तर बजिरहेको छ । श्रृंगी नाद बजोस् या नबजोस् अनाहदनाद बजिरहन्छ। योगी गोरखनाथले यसप्रकारको सिद्ध सङ्केत गर्नुहुन्छ ।

१०८. हे बुद्धिमान, गुणवानहरू हो अनन्त सिद्धहरूको वाणी सुन सिद्ध गुरूसँग मिल्नाले शिर झुकाउनाले, आदेश गर्नाले यो जगत रातीमा जाग्दै जाग्दै ज्ञानमय अवस्थमा बित्दछ । जीव अज्ञानको निद्रामा सुत्दैन ।

१०९. भिक्षा हाम्रो कामधेनु हो । त्यसबाट हामीलाई पूर्व तृप्ति हुन जान्छ। संसारभरि हाम्रो खेती छ, हामी कुनै एक ठाउँमा बाँधिएर रहँदैनौं । तथापि भिक्षा पनि हामीले स्वयं आफ्ना लागि माग्दैनौँ । अन्यथा योगी पनि माग्ने खाने पाखण्डमा एक हुन जान्छ । भिक्षामा जे प्राप्ति हुन्छ त्यो गुरूको हो र गुरूलाई नै अर्पित हुन्छ । गुरूको प्रसाद स्वरूप भिक्षा भोजन गर्नाले अनन्तकालसम्म कर्मको बोझले सताउँदैन ।[५५०]

११०. जसको ठूलो ठूलो कुल्ह र मोटो ताँद हुन्छ उसलाई योगको युक्ति आउँदैन । यसबाट सम्झनुपर्दछ उसको गुरूसँग भेट भएको छैन। यात उसले सिद्ध गुरू भेट्न सकेको छैन । यात गुरूको शरीरको दर्शन गरेर पनि वास्तविकता पहिचान गर्न सकेको छैन, उनको शिक्षाबाट लाभ उठाउन सकेको छैन या यस्तो शिक्षा ग्रहण गर्न योग्य छैन ! यही साधकको शरीर खड-खड दिशाको बोझबाट मुक्त छ उसको नेत अर्थात् नानारन्ध्र, आँखा निर्मल कान्तिमय छ भने सम्झनुपर्दछ गुरूसँग भेट हुन गयो । नेत = (१) मन्थन छलफलको डोरी । यसैबाट नेती क्रियाको नाम बनेको छ । यसै क्रियामा नासारन्ध्रमा डोरी अर्थात् नेतको उपयोग हुन्छ । यसकारण साहचर्यको नासारन्ध्र अर्थ पनि सिद्ध हुन्छ। २. नेत्र = आँखा ।

---

५४९ विनांणी-विज्ञानी ।

५५० उही पृ. ५८ ।

१११. परा अनुभव पदमा न निरति छ न सुरति, न योग छ न भोग न त्यहाँ जन्म मृत्यु छ न बालक, युवा, वृद्ध । न मृत्यु छ न रोग, न वहाँ वाणी अर्थात् आवाज छ नत ॐकार । योगी गोरखनाथ भन्नुहुन्छः त्यहाँ त केवल एकाकार कैवल्य अवस्था छ । कुनै प्रकारको भेदभाव छैन ।

११२. यहाँ न उदय छ न अस्त, न रात छ न दिन सम्पूर्ण चराचर सृष्टिमा कुनैपनि भिन्नताको भाव छैन । पदच्छेद भेदले सम्पूर्ण चराचर अथवा उसको चर र अचर सृष्टिमा कुनै भेदभाव छैन । त्यही शुद्ध निरञ्जन ब्रह्म रहन जान्छ । मूल र शाखा, अधिष्ठान र नाम रूप आदिको भेद रहँदैन । त्यही नै सर्वव्यापी रहन जान्छ न सूक्ष्म छ न स्थूल ।[५५१]

११३. ब्रह्मरन्ध्र कुण्डलिनी प्रवेशबाट ब्रह्माण्ड फोर्नु पर्दछ र शून्य रूप नगरलाई कब्जा गर्नुपर्दछ । योगी गोरखनाथ भन्नुहुन्छः जब शरीर रूपी घरले घेर्दछ तब पञ्चदेव अर्थात् पञ्चेन्द्रिय उनको स्वामी मनले पक्रन जान्छ ।

११४. अहङ्कारलाई तोड्नु पर्दछ । निराकार आत्मालाई प्रष्फुटित गर्नुपर्दछ । जसरी जमिनमा छरेको वीज उम्रदा जमिनलाई तोडेर अङ्कुरो अर्थात् अङ्कुर बाहिर निस्कन्छ त्यसैगरी अहङ्कारलाई तोडेर आत्मा प्रष्फुटित हुन जान्छ । जहाँ गंङ्गा, इडा-जमुना पिङ्गलाको पानी सोखिएको हुन्छ यसैगरी यी दुवैको प्रभावलाई मेटाएर सुषुम्नामा मिल्दछ । यसैगरी सहस्रारस्थ चन्द्रमा र मूलाधारमा सूर्य दुवैको परस्पर विरोधी स्वभाव मेटाएर सन्मुख गरिदिन्छ । जसको कारण अमृत स्राव नष्ट हुन पाउँदैन । हे अवधूत ! त्यसको पहिचान र लक्षण बताउ ?[५५२]

११५. हे चेतना भएका जीव ! सचेत रहनुपर्दछ । आत्मालाई रेट्नु हुँदैन, दुःख दिनु हुँदैन । पञ्चेन्द्रियलाई प्राप्त हुने झुठो सुखको आशा मेटाइदिनु पर्दछ । महायोगी गोरखनाथ भन्नुहुन्छः हे सच्चा सुरविरहरू हो, जो वास्तविक सुरविर हो, ऊ उन्मना अवस्थामा लीन मनमा निवास गर्दछ ।

११६. हे सुखी र साधक ! सिद्धको सङ्केत, साङ्केतिक उपदेशलाई सम्झ । शून्य स्थानमा तुरी अर्थात् अनाहद -नाद बजाउ । चन्द्रको विरोधी भानुलाई

५५१ उही पृ. ५९ ।
५५२ उही पृ. सहनाणीः सन्धान, खोज, पहचान ।

मीनको मार्गमा लगाऊ । अर्थात् योग युक्तिद्वारा चन्द्रमा सम्मुख गराऊ जसबाट अमृतको रसास्वाद हुन सकोस् । नदीमा माछा नदीको धाराविन्दु चल्दछ । तथापि माछो कुन बाटोबाट गयो, पानीको तल यस कुरालाई कसैले पनि पत्ता लगाउन सक्तैन । योगको बाटो अर्थात् मार्ग पनि यसरी नै गुप्त रहन्छ । यसकारण यसलाई 'मीन मार्ग' पनि भनिन्छ । यसको फूल उल्टिएर फेरि कलीमा बदलिन्छ, बुद्धको बालस्वरूप प्राप्त हुन जान्छ।

११७. जहाँ जो ब्रह्मको सुवासले सुवासित रहन्छ अर्थात् ब्रह्मको व्यापकताका विषयमा जसलाई अनुभव हुन जान्छ वहाँ उसका लागि ज्योति दर्शन हुन्छ । द्वादश अङ्गुल अर्थात् प्राणवायुको बारेमा योगीहरूको कथन छ, प्राण वायुको निवास नासिकाको बाहिर बाह्र अङ्गुलसम्म रहेको हुन्छ। यसै द्वादश अङ्गुलबाट प्राणवायुको तत्त्व अर्थ लिइन्छ । शून्यमा प्रवेश गरेपछि चिरायु प्राप्त हुन्छ । शरीर पात अर्थात् पतन हुँदैन । यमको प्रभावमा व्यक्ति जाँदैन । जसको कारण मृत्यु हुँदैन ।

११८. अन्नबाट बनेको मासु, वायुबाट बनेको हड्डीमा तत्त्वज्ञान अर्थात् अमृतपानको बन्ध दिएर वायुलाई भक्षण गर्नुपर्दछ । योगी गोरखनाथ भन्नुहुन्छः हे पुत्र ! शिष्य यसबाट यमको प्रभाव पर्दैन र शरीर पतन पनि हुँदैन ।[५५३]

११९. गुरू फलाम समान, गुरूले बताएको योग-युक्ति तामा समान हुन्छ । 'मोहम्मद' चाँदी समान र खुदा 'अल्लाह' सुन समान हुन्छ। फलाम र तामा सर्वसाधारण मानवका लागि अत्यावश्यक छ । तथापि सुन र चाँदी विलासिताका वस्तु हुन् । फलाम र तामा जस्तो नियमित व्यवहारमा त्यसको आवश्यक्ता पर्दैन । यी दुवै अर्थात् मोहम्मद र खुदा, ईश्वर र अवतारका बीच संसारका मानिस भौतारिरहेका छन् । तथापि हामी योगीहरू कसैको आश्रय बिना निराधार बसेर हेरिरहेका हुन्छौं। यस्तै एउटा उक्ति सखुनबाबा रत्ननाथ हाजीले भनेका छन् ।[५५४] स्मरण रहोस् रत्ननाथ नेपालको दाङ्गको चौघेरामा उहाँको अवतरण भएको थियो । जहाँ रत्ननाथ मठ रहेको छ, त्यहाँ हिन्दू र मुसलमान दुवै

५५३ उही पृ. ६०, ६१ ।

५५४ डा. पिताम्बदत्त बड्थ्याल, गोरखवाणी, पृ. ६२ ।

पूजारीले पूजा गर्ने गर्दछन् । रत्ननाथको बारेमा महायोगी गोरखनाथ र नेपाल (२) पुस्तकमा मैले विस्तृत रूपमा व्याख्या गरेको छु । जसरी पछिल्लो अवतरण महायोगी गुरू गोरखनाथको नेपालको गोरखामा भएको थियो । त्यसैगरी रत्ननाथको अवतरण दाङ्ग जिल्लामा भएको थियो ।

१२०. कुनैपनि कुराहरू विषय भन्न र उठान गर्न जति सजिलो हुन्छ त्यसै अनुसार व्यवहारमा रहन अत्यन्त कठिन हुन्छ । भनाई र व्यवहारिक प्रयोग गराइको सामाञ्जस्यता बिनाको कार्यको कुनै अर्थ छैन । त्यो खोक्रो आदर्श मात्र हो जसले कुनै परिणाम दिंदैन । सुगालाई अर्थात् तोतालाई सिकाउने हो भने कतिपय शब्दहरू सिक्न सक्तछ तर काम गर्न सक्तैन, त्यस शब्दको अर्थ र महत्त्व सम्झन सक्तैन । यसप्रकारका अनुभवहिन पढेका, पण्डित, आफूले आफैलाई विद्वान् दावि गर्नेहरूसँग त्यही सुँगाको जस्तै चिन्तन रहन्छ । सार वस्तु उनीहरूसँग केही पनि हुँदैन । जसको परिणाम यस्ता पण्डित, आफैलाई विद्वान् दावी गर्नेहरू कालका गास मात्र हुन् ।[५५५] यो रत्ननाथको भनाई हो गोरखनाथको होइन ।

(अहिले खासगरी पश्चिमी शिक्षाप्रणाली यस्तै सुगा अर्थात् तोताको जस्तो रहेको छ । पश्चिमी देखासिखीमा हिमवत्खण्ड क्षेत्रमा समेत शिक्षाको व्यापार गर्दछन् । विद्यावारिधी या पिएचडी नामका पथभ्रष्टहरूको विगविगी रहेको छ । अपवाद एक दुइजनाबाहेक समग्रमा यसप्रकारका तथाकथित प्राध्यापक, डाक्टर, विद्यावारिधी नामका लेखकहरूका कुनैपनि कृतिहरू सत्य मार्गमा छैनन्, पथभ्रष्ट छन् । महायोगी गुरू गोरखनाथ अवतरण गरेको नेपालमा यसप्रकारका सुगाजस्ता नरपशुहरूको कुनैपनि कृति पढ्नलायक छैनन् । प्राध्यापक, डाक्टर, विद्यावारिधी, साहित्यकारका नाममा नेपालमा प्रकाशन भएका पछिल्ला धार्मिक, सांस्कृतिक, इतिहास, राजनीति, साहित्य जुनसुकै क्षेत्रमा किन नहोस् पश्चिमी इसाई मिशनमा युरोपका सटरहाउसको गौमाताको रगतको विकृत डलरमा बिक्री भएर लेखाइएका कृतिहरू छन् । यसकारण विद्यावारिधी, प्राध्यापक लगायत सबै सुँगाको रटाई जस्ता हुन् जसको कुनै अर्थ छैन । यसकारण सिद्ध योगी नरहरिनाथले

५५५ उही पृ. सुहेली, सुलभ, सुलह, सुहेली, दुहेली, दुर्लभ, दुल्लह, दुहेली ।

नेपालको त्रिभुवन वश्वविद्यालयका आङ्गिक हुन या काठमाडौं विश्वविद्यालय लगायत पछिल्लो नेपालको खासगरी २०२८ सालको नञाँ शिक्षालाई इसाई, मुसाई र कसाई कारखाना भन्नुभएको थियो। क्याम्पसलाई ध्याम्पस र स्कूललाई इसुकुलको रूपमा यो शिक्षा प्रणाली नेपालको मूल मर्ममाथि प्रहार गर्ने प्रणाली भन्नुभएको थियो। यसकारण यसप्रकारका तथाकथित प्राज्ञिक आवरणका संस्थाहरूको महायोगी गुरू गोरखनाथले भनेजस्तै सुँगाको जस्तै पश्चिमी नर पशुहरूको आवाज मात्र हो। यस्ता प्राध्यापक, विद्यावारिधी, साहित्यकार कालका गास मात्र हुन्। यस्ता सुगा रटाई लेखकका पुस्तक पढ्नु जीवन व्यर्थमा समाप्त गर्नु हो।)

१२१. भन्नलाई सजिलो छ, व्यवहारमा उतार्न कठिन र दुर्लभ। गुलियो स्वादको शखर या मह नखाइकन मीठो शब्दको उच्चारण मात्र गर्दा स्वादको अनुभव प्राप्त हुन सक्तैन। यस्ता अनुभव नभएका मानिसहरू धोकामा परिरहञ्छ। उसको वास्तविकताको पहिचान हुन सक्तैन। उसले हिंग खाञ्छ तर कपुर भञ्छ। योगी गोरखनाथ भन्नुहुञ्छः यो सबै झुठो अनुभव हो।[556]

१२२. हे अवधूत ! मूर्खहरूको सभामा बस्नु हुँदैन। पण्डितसँग शास्त्रार्थ गर्नु हुँदैन। पण्डितको ज्ञानको गर्व दोस्रो प्रकारको मूर्खता हो। वास्तविक ज्ञान पण्डितहरूसँग हुँदैन। यसकारण शास्त्रार्थमा परेर व्यर्थ समय नष्ट नगर। राजासँग लडाई नलड। राजा त्यो क्षेत्रको सूरो लडाकु होइन, जुन क्षेत्रमा साधक सूरो लडाकु हुनुपर्दछ। राजासँग बाहुवल हुञ्छ साधकसँग आत्मबल हुनुपर्दछ। यसकारण यी दुइमा प्रतिस्पर्धाको भाव रहँदैन। लापरवाही गरेर नादलाई नोक्सान गर्नुहुँदैन। राजाको अर्थ शासक हुञ्छ।

१२३. यो कलियुग अत्यन्त खराब युग हो। यसमा मानिसहरूको राम्रो भावना छैन। किनकि उनीहरूले गरिरहेको कर्मबाट नै जानकारी हुञ्छ। किनभने भित्र हृदयमा जस्तो भावना हुञ्छ, बाहिर त्यस्तै प्रकारको कार्य हुञ्छ। योगी गोरखनाथ भन्नुहुञ्छः हे अवधूत ! जे चिज पोखरी, खाडलमा छ त्यही बाहिर निस्कञ्छ।

---

५५६ उही पृ. ६३।

१२४. जलको संयमले आकाश अटल हुन्छ । ब्रह्मरन्ध्रमा दृढ अवस्था हुन्छ । अन्न अर्थात् अनाजको संयमले ज्योति प्रकाशमान हुन्छ । पवनको संयमले बन्द लाग्दछ अर्थात् नवद्वार बन्द हुन जान्छ । विन्दु शुक्रको संयमले शरीर स्थिर हुन जान्छ । कन्द, स्कन्द, अर्थात् कन्दको अर्थ शिवलिङ्ग समान उसको अंश पनि हुन सक्तछ । जसको चारैतर्फ कुण्डलिनीले लपेटेको बताइएको छ ।[५५७]

१२५. हे अवधूत ! शब्दलाई प्राप्त गर । विभिन्न स्थानमा रहेका तीर्थहरू, पदहरूलाई महत्त्व दिने क्रियाकलाप सबै अनावश्यक धन्दा हुन् । शब्दको प्राप्तिबाट तिमीले जानकारी लिन सक्छौ कि ? आत्माभित्र परमात्मा यसरी देख्न सकिन्छ जसरी पानीमा अकाशमा नजर आउने चन्द्रमा देख्न सकिन्छ ।

१२६. योगी गोरखनाथको वचन छः हे शिष्य हो ! आसन, भोजन र निद्राको नियममा दृढ भएपछि योगी अजर, अमर हुन जान्छ । योगीको आसन अविचलित, आहार कम, निद्रा क्षीण हुनुपर्दछ ।

१२७. कतिपयले हाम्रो निन्दा पनि गर्दछन् र कतिपयले बन्दना पनि । कतिपयले हामीबाट वरदान प्राप्त गर्ने आशा पनि राख्दछन् । तथापि योगी गोरखनाथ भन्नुहुन्छः हे अवधूत ! यो बाटो जहाँ पनि हिँडिरहेका छौ पूर्ण विरक्तिको मार्ग हो । हामीलाई कसैले आलोचना, निन्दा गर्दा पनि कुनै फरक पर्दैन र प्रशंसा गर्दा पनि । यी सबै कुराबाट हामी उदासिन रहन्छौँ । कसैसँग सम्पर्क राख्दैनौँ ।

१२८. योगको साधना १ लाख धनुषद्वारा नौ लाख वाण छुट्नु बराबर हो । जसबाट ब्रह्मरन्ध्रस्थ मीन अर्थात् माछाको लक्ष्य तत्त्व निश्चय नै बद्दछ । योगी गोरखनाथले सत्य वचन भन्नुहुन्छः तत्त्व ज्ञानको साथ ब्रह्मरन्ध्र पनि वेद्य दिइएको छ ।अर्थात् थोरै समयको लागि ज्ञान हुँदैन । उसमा स्थिरता आइरहेको छ ।[५५८]

१२९. डोरी अर्थात् समाधि लिन अवस्था छुट्न जानाले सारवस्तु नष्ट हुन जान्छ । तथापि उन्मनी समाधिमा लाग्नाले स्थिरता आउँदछ र आनन्द हुन्छ । तथापि समाधि टुट्नाले शरीर नष्ट हुन जान्छ ।

---

५५७ उही पृ. ६४ ।

५५८ उही पृ. सींगवि, शिंजिनी, प्रत्यंचा ।

१३०. हे अवधूत ! शब्दलाई प्राप्त गर, शब्दलाई प्राप्त गर । शब्दबाट नै शरीर सिद्ध हुञ्छ । यसै शब्दलाई प्राप्त गर्नका लागि कैयौं ठूला ठूला शासक, राजाहरू चेला हुन गएका थिए । जनतामा त कति भए त्यसको कुनै गणना नै छैन । राजा भर्तृहरि, गोपीचन्द, पृथ्वीनारायण शाहलाई यसप्रकारको उदाहरणको रूपमा लिन सकिञ्छ ।

१३१. जब तीक्ष्ण पवन निरन्तर रहञ्छ, उसको चञ्चलता छुट्न जाञ्छ । त्यतिबेला शरीभित्र महारस सिद्ध हुञ्छ । योगी गोरखनाथ भन्नुहुञ्छः हामीले चञ्चल मनलाई पक्रिएका छौ । शिव-शक्तिलाई मेल गराएर रहन बस्न लाग्यौँ । अर्थात् निजस्वरूपमा पुग्न गयौँ ।

१३२. मैले पेटको अग्नि जठराग्निलाई वर्जित गरेर आँखाको अग्निबाट खाए । ज्ञान दृष्टिबाट मायालाई भक्षण गरेँ । यसप्रकारको गुरूको ज्ञान पहिल्यैदेखि थियो । तर यस्तो ज्ञान अत्यन्त कम मात्र अवधूतहरूले प्राप्त गर्दछन् ।

१३३. अगम अगोचर परब्रह्मलाई प्राप्त गर्नका लागि निष्काम कर्म गर्नुपर्दछ । तथापि मानिसहरू भ्रम र गुफा ब्रह्मरन्ध्रमा निवास गर्दै छन् । योगको युक्ति त जान्दै जान्दैन, केवल रातीमा जागिरहञ्छन् । यसकारण मन कसैको हातमा आउँदैन, वशमा पनि हुँदैन ।

१३४. शरीरमा यति धेरै नाडीहरू र यति धेरै कोठाहरू छन् जसको सँख्या नै नगण्य छ । यसकारण अष्टाङ्ग योगको बाहिरी ज्ञान झुठो हो । वास्तविक ज्ञान त आन्तरिक अनुभूति हो । सुषुम्नाद्वारा तालीमा कुञ्जी गराउने अर्थात् ब्रह्मरन्ध्रमा बन्धन गर्ने र जिब्रोलाई उल्टाएर तालु मूलमा राख्ने । जसद्वारा सहस्रारस्थित चन्द्र स्रवित हुने अमृतको स्वाद हुञ्छ ।

१३५. हे खण्डित ज्ञानीहरू ! तिमीहरूले बाहिरी संसारका विषय वस्तुहरूसँग युद्ध गरेर किन आफूलाई बर्वाद गर्दछौ । जबसम्म तिमी आन्तरिक ज्ञान, भित्री ज्ञान अर्थात् आभ्यान्तर ज्ञान मार्फत् परमपदको नजिक जाँदैनौ त्यतिबेलासम्म कुनै फाइदा हुँदैन । त्यसकारण बाहिरी विषय वस्तुहरूसँगको युद्ध त्याग गर । उक्त परमपद यी बाहिरी विषयभन्दा भिन्न छ । यो सूक्ष्म ज्ञान बिना, आसन र प्राणायाम, पवनको साधनाले

उपद्रव मात्र गर्दछ । दिन रात व्यर्थमा पचेर मर्दा पनि यसद्वारा आरम्भ अवस्था भन्दा अगाडि बढ्न सक्तैन ।[५५९]

१३६. योगी दशमद्वार ब्रह्मरन्ध्रमा समाधिस्थ हुञ्छ । साथै दान तथा विन्दुको मेलद्वारा धूधू अर्थात् महाशब्द अनाहद नाद सुञ्दछ । परन्तु योगी गोरखनाथले दशमद्वारलाई पनि बन्द गरेर यहीबाट परब्रह्मको खोज गर्नुभएको छ । उहाँले बाहिरी भौतिक जगतका विषय वस्तुहरूबाट अलग रहेर सूक्ष्म विचारको आवश्यक्ता तर्फ जोड दिनुभएको छ ।

१३७. आरम्भमा योगी यस्तो कहलाउँछ, जो एकोहोरो, निश्चल, एकरस रहोस् । क्षण-क्षणमा विचार गर्दै शरीरमा पूरै पाइतलादेखि टाउकोसम्म भरिएको शुक्रको समत्व एक तोला पनि रक्षा गर । त्यतिबेला सम्झनु पर्दछ योगी घट्अवस्थाका लागि भनिएको वचन अर्थात् लक्षाण घट्न जाञ्छ ।[५६०]

१३८. जब योगी आफ्नो शरीरमा रहञ्छ उसको मन टाढा जाँदैन । त्यस्तो सूरो योगीले दिन रात अमरवारुणी पान गर्दछ । सुखको स्वाद, दुःखको विस्वाद तथा काल, कुम्भकले सिद्ध भएपछि वायुद्वारा क्षिण हुन थाल्दछ त्यतिबेला जान्नुपर्दछ योगीलाई घट् दशाको लक्षण आउन थालेको छ ।

१३९. योगीको परिचय त्यो हो जो उन्मन समाधिमा खेल्दछ, लीनरहन सक्तछ । इच्छाअनुसार दिनरात देव परब्रह्मको समागम गरिरहञ्छ । क्षण-क्षणमा अणिमादि सिद्धिद्वारा इच्छाअनुसार अनेकौं रूप धारण गर्न सक्तछ । त्यो अवस्था योगीको स्वरूपको परिचय हो ।

१४०. निष्पति प्राप्त योगीको पहिचान के हो ? आगो र पानीमा जसरी फलाम शुद्ध हुञ्छ त्यसैगरी अनेक प्रकारका कठोर साधनाद्वारा योगी शुद्ध हुनुपर्दछ । फलामलाई शुद्ध बनाउनका लागि कैयौं पटक आगोमा गरम गरेर अर्थात् तताएर पानीमा चोबिञ्छ । शासक अर्थात् राजा-प्रजामा राष्ट्रपति पनि हुन सक्छ (राजा शब्द शासकप्रतिको) प्रयोग हो । त्यतिबेला योगीको समदृष्टि हुन जाञ्छ । राजा, राष्ट्रपति या सामान्य

---

५५९ गोरखवाणी, पृ. ६६, ६७ ।
५६० गोरखनाथ पुराण, पृ. २२५ ।

जनतामा कुनै भिन्नता देख्दैन । त्यो समय सबैलाई समान देख्दछ । त्यतिबेला सम्झनुपर्दछ उसलाई निष्पतिंको वेश प्राप्त भयो ।[५६१]

१४१. नकमीनले शुक्रलाई नष्ट गर्दछ र खुट्टाबाट झर्दछ । धेरै गुलियो खानाले रोग पैदा हुञ्छ । यसकारण महायोगी गुरू गोरखनाथ भन्नुहुञ्छ: हे अवधूत ! सुन योग केवल अन्न पानीको व्यवहारबाट नै सिद्ध हुञ्छ । अमिलो, गुलियो आदि स्वादका पछाडि योगी लाग्नु हुँदैन ।

१४२. वज्रोली गर्दा अमरोलीको रक्षा गर । अमेरोली गर्दा वायुको रक्षा गर । भोग गर्दा विन्दुरेतसको रक्षा गर । त्यो योगी गोरखनाथको भाइ अर्थात् गोरखनाथकै समकक्षी सिद्धि प्राप्त गर्न सक्तछ ।[५६२] (वज्रोली विधिका लागि गोरक्ष पद्धति पृ. ४८-४९ र अमरोलीका लागि गोरक्ष पद्धति, पृ. ५१ मा विस्तृत व्याख्या गरिएको छ ।)

१४३. योनी मुखमा विन्दुको रक्षा गर्ने अथवा अग्निलाई माथि पारेर रक्षा गर्ने त्यो हाम्रो गुरू हो । जसरी अग्निको तापमा पारदको रक्षा गर्न कठिन हुञ्छ, त्यसैगरी योनी मुखमा शुक्रको रक्षा गर्न कठिनाई हुञ्छ । योगीहरूको लागि यही नै कठिन परीक्षा हो ।

१४४. जसले शरीरमा जिब्रोको स्वादको रूपमा तत्त्वको खोज गर्दछ, त्यसैगरी गुरूवचनको अवहेलना गर्दछ । उसको शरीरको रस योगाग्निको अभावका कारण बाँधिदैन, कच्चा भएको कारण स्खलित हुन जाञ्छ ।

१४५. महायोगी गोरखनाथ भन्नुहुञ्छ: हे अवधूत ! शिव हामीहरूका चेला हुन् । योगी मत्स्येन्द्रनाथ नाति, चेला अर्थात् चेलाका चेला । यसकारण मलाई गुरू धारणा गर्ने आवश्यक्ता छैन । किनकि यसै साक्षात परमात्मा हुँ । तथापि के कुराको डर लाग्दछ भने मेरो अनुकरण गरेर अज्ञानीहरू गुरूबिना नै योगी हुने घमण्ड-दम नराखुन । किनभने मैले मस्त्येन्द्रनाथलाई गुरू बनाउनु पऱ्यो उहाँ मेरो गुरू हुनुहुञ्छ । जो वस्तुतः उल्टो स्थापना क्रम छ । यदि मैले यसो गरिन भने गुरूहीन पृथ्वी प्रलयमा चल्न जाञ्छ अर्थात् नष्ट हुन जाञ्छ ।[५६३]

---

५६१ उही पृ. २३६ ।

५६२ गोरखवाणी, पृ. ६९ ।

५६३ उही पृ. ७० ।

१४६. खाना खाँदा पेट भरीभरी खानाले विन्दु क्षय हुञ्छ । त्यो अवस्थामा योग सम्भव हुँदैन । तथापि योगबल हुन जाञ्छ । संयम धारण गरेर वायुको सङ्ग्रह गर्नुपर्दछ । त्यो नष्ट हुनबाट बच्नुपर्दछ । यसप्रकार कलारहित अर्थात् परिवर्तन विहिन परमात्मा पुरुषत्व ग्रहण अर्थात् प्राप्त गर्नुपर्दछ ।

१४७. अघाउनजनि पेट कसेर खानु पनि मृत्यु हो । खाँदै नखानु पनि मृत्यु हो । योगी गोरखनाथ भन्नुहुञ्छः हे पुत्र यी दुवैमा संयम गर्नाले नै मुक्ति हुन जाञ्छ । यसकारण मध्यम अवस्थामा रहनुपर्दछ जसबाट मन निश्चल श्वास स्थिर होस् ।

१४८. पवन नै योग हो । पवन नै भोग हो । पवनले नै छत्तिस प्रकारका सबै रोगहरूको हरण गर्दछ । यस्तो पवनको भेदलाई अत्यन्त कमले मात्र जाञ्दछन् । ज्रसले जाञ्दछ त्यो आफै ब्रह्म हो ।[५६४]

१४९. विन्दुनै योग हो । विन्दु नै भोग हो । विन्दुले नै चौसट्ठी रोगहरूको हरण गर्दछ । यस्तो विन्दुको भेद कोही कोहीले मात्र जाञ्दछ । जसले जानेको छ ऊ आफै ब्रह्म हो ।

१५०. सत्य शब्द सुनको रेखाजस्तै हो । जसरी सुनारले अर्थात् सुनको काम गर्नेहरूले कसि लगाएर हेर्दछन् सुन सुन नै हुञ्छ । तथापि यस सत्य शब्दको उपदेश त्यसैलाई हुञ्छ जसले सिद्ध योग्य योगीलाई गुरू धारण गरेको हुञ्छ । गुरूहीनलाई चालबाजी मात्र मिल्दछ । किनकि गुरूकृपा बिना केही पनि आउँदैन । यसकारंण उसले आफूले आफैलाई धोका दिएर आफूलाई सिद्ध प्रसिद्ध बनाउन चाहञ्छ । गुरूले मोडेर जसलाई चेला बनाएका छन् उसले गुरूको गुण ग्रहण गर्दछ । जसले गुरूको शरण लिँदैन ऊ भ्रममा पर्दछ र अवगुण धारण गर्दछ ।

१५१. हे अवधूत ! जे सम्भिराखेका छौ त्यो नबिर्स । तथापि जसले सम्भदैन उसले बाटो बिर्सिञ्छ । सुनसान वन जङ्गलमा भट्किरहेको हुञ्छ । जहाँ ठगहरूले मार्न पनि सक्तछन् ।

१५२. घमण्ड, अहङ्कारले भरिएकोले गुरूमन्त्र लिने इच्छाले गुरूको खोज गर्न सक्तैन । गुरूको खोज गर्नेले गुरू खोजेर जीवन प्राप्त गर्दछ, अमर हुञ्छ । अहङ्कारी शरीर पतन हुन जाञ्छ ।

---

५६४ उही पृ. ७१ ।

१५३. जसको जनेन्द्रियसँगको सम्बन्ध असंयमित ढिलो ढालो रहेको छ, उसको जिब्रोबाट खराब कुराहरू निस्कन्छ । योगी गोरखनाथ भन्नुहुन्छः क प्रत्यक्ष भङ्गी हो । बोलीको पक्का संयमित सच्चा, सत्य वचन बोल्ने सत्पुरुष नै उत्तम पुरुष हो ।[५६५]

१५४. हे अवधूत ! यदि मन चङ्गा शुद्ध छ भने कठौतीमा नै गङ्गा छ । अर्थात् जहाँ चाहना राख्यो त्यहाँ गङ्गा विद्यमान रहन्छ । किनभने गङ्गा सेवनबाट जुन फल बताइएको छ, मनको शुद्धताले स्वयं प्राप्त हुन जान्छ । यदि मायाको बन्धनमा परेको मनलाई अथवा जीवलाई मुक्त गर्ने हो सम्पूर्ण जगत चेला हुन जान्छ । महायोगी गोरखनाथले सत्य स्वरूपको व्याख्या गर्नुहुन्छ जसले त्यस्तो तत्त्वको विचार गर्दछ ऊ स्वयं रूप र रेखारहित हुन जान्छ ।

१५५. खाली पढ्ने, सिक्ने कार्यले मात्र केही हुँदैन । यस्तो पढाई लेखाईबाट धन सम्पत्ति बटुल्ने स्वप्ना देख्नाले बटुल्दछ । तथापि नाथ भन्दछन्: हे पुत्र वस्तुतः नखोटो छ न खरो । किनभने वास्तविकतामा त्यो धन नै होइन ।

१५६. हे देवी ! कुण्डलिनी शक्तिमा आऊ बस । द्वादशांगुल प्राण वायु अर्थात् त्यसलाई बहन गर्ने प्रमुख सुषुम्नामा प्रवेश गर । प्रवेश गरेपछि सुख प्राप्त हुन्छ र जन्म मरणको भय भाग्न जान्छ ।

१५७. हे स्वामी वायु कच्चा छ, जीवन कच्चा छ, शरीर कच्चा छ । साथै विदुर शुक्र पनि कच्चा छ । यो कसरी पक्का हुन सक्तछ, कसरी सिद्ध हुन सक्तछ । योगान्ति सिद्ध नभइकन कच्चा अग्निबाट निर पाक्न सक्तैन ।[५६६]

१५८. हे देवी जब ब्रह्म अग्नि अखण्डित रूपमा जल्न लाग्दछ, वायु, जीवन, शरीर र विन्दु त्यतिबेला पक्का हुन जान्छ । यसप्रकार ब्रह्माग्नि या योगाग्नि सिद्ध भएपछि जलमय प्रकृतिसँग जल उठ्दछ ।

१५९. तेर्सो रूपमा सुत्दा, सिधा उभिँदा अर्थात् सामान्य अवस्थामा अग्नि, विन्दु र वायुको रक्षा गर्न सकिन्छ । तथापि जब आसन, पवन र ध्यान यी तीन चिज निश्चल हुन जान्छ त्यतिबेला अग्नि र विन्दु नष्ट हुँदैन ।

---

५६५ डा. पिताम्बदत्त बढ्थ्याल: गोरखवाणी प. ७२ ।
५६६ उही पृ. ७३, ७४ ।

१६०. सूर्यको उदय ब्रह्म साक्षात्कार भएपछि कालरूपी कंकट ट्ढा हुन जान्छ। साधकलाई आफ्नो सम्बन्धका विषयमा चिन्तित रहने आवश्यक्ता पर्दैन। नाथको भण्डार भरपुर रहन्छ। उसले सबैका लागि प्रत्येक दिनको भोजन अर्थात् खाना तयार गर्दछ।

१६१. जुन स्थान र अवस्थामा धैर्यता, अटलता साथ मान प्राप्त गर्दछ, गुरू ज्ञानलाई ग्रहण गर्दछ, कुण्डलिनी वेद्य गरेकासँग बोध प्राप्त गर्दछ, सिद्धसँग परग्रामिता अर्थात् पृथ्वीमा त्यसरी रहने जसरी कोइ दोस्रो गाउँमा रहेको हुन्छ। यस्तो चेतन स्वरूप गुरूको बालक भ्रममा रहँदैन। किनभने उसप्रति सिद्ध गुरूको अखण्डित कृपा रहन्छ।[५६७]

१६२. अधिक तत्त्व भएका गुरू हुन्। हीनतत्त्व भएका चेला अर्थात् कमतत्त्व भएकाले अधिक तत्त्व भएकासँग हरेक समय ज्ञान ग्रहण गर्नुपर्दछ। ज्ञान ग्रहण गरेपछि शिष्यको इच्छाअनुसार गुरूको साथ साथ अलग पनि रहन सकिन्छ।

१६३. बाटोमा हिँडिरहँदा कंथा टुट्दछ, कपडा फाट्दछ अथवा काया छिन्दछ, किनकि शरीर विचलित हुन जान्छ। ध्यान भङ्ग हुन्छ। समाधि टुट्न जान्छ।

१६४. बाटोमा हिँड्दा पवन टुट्दछ। परिणाममा नाद, विन्दु र वायु सबैमा व्यतिक्रम हुन जान्छ। सबै तीर्थहरू जसको सँख्या ६८ मानिएको छ। त्यो आफ्नै शरीरभित्र रहेको छ। हे भाइ ! आफैभित्र खोज बाहिर भ्रमण गर्दै किन भड्कीरहेका छौ।

१६५. योगी भएर जसले पराइको निन्दा गर्दछ, मद्य, मास र भाँग खान्छ ऊ एकहत्तर सय पुरुष बराबर नरक जान्छ।[५६८]

तर योगी मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयको तान्त्रिक विधानमा: तान्त्रिकको सामान्य दैनिक जीवन एवं उपासनामा 'सुरा' पानलाई स्वीकार गरएको छ। तान्त्रिकको पञ्चमकारमा पनि 'मदिरा' अर्थात् सुरापान रहेको छ। तर योगी गोरखनाथले सुरा या मदिरा सेवन मात्र होइन पञ्चमकारलाई अस्वीकार गर्नुभएको छ।[५६९] यसर्थ योगी गोरखनाथको

५६७ उही पृ. ७५।

५६८ उही पृ. ७६।

५६९ कौलज्ञान निर्णय, द्वितीय खण्ड, द्वादश पटल पृ. ४०६।

उपर्युक्त वाणी पञ्चमकार अस्वीकृत गरेको वाणी भनाई हो । तथापि महायोगी मत्स्येन्द्रनाथले पञ्चमकारलाई स्वीकार्य मान्दै आफ्नो ग्रन्थ कौलज्ञान निर्णयमा अत्याधिक उल्लेख गर्नुभएको छ । तान्त्रिक दृष्टिकोणमा- तान्त्रिकहरू सुरा अर्थात् मदिराका भक्त हुन् । तान्त्रिकका अनुसार (१) बिना सुरापान महामोक्ष प्राप्ति सम्भव छैन, (२) सुरा अर्थात् मदिरा पूर्ण ब्रह्ममयी छ, (३) गङ्गा नदीको महत्त्वको दृष्टिकोणबाट सुरा, मदिरा, षोडाशांस हो, (४) तुलसीको महत्त्वको दृष्टिकोणबाट सयौं भाग हो, (५) निर्वाणको सबैभन्दा उत्तम उपाय मद्य हो, (६) गङ्गा र मद्यमा श्रेष्ठतम् मद्य हो, (७) मद्यको दान महापुण्य हो, (८) ब्राह्मणको महामोक्ष पनि केवल मद्यपानबाट नै हुञ्छ, (९) मद्यपानबाट ब्राह्मणले ब्रह्मसायुज्य प्राप्त गर्दछ, (१०) मद्यपान गर्नाले नारी देवी बन्न जाञ्छिन् ।[५७०] तर यो सबै कौलज्ञान निर्णयको विधिविधान अनुसार गर्नुपर्दछ अन्यथा नरकमा जाञ्छ । **नेपाल मात्र यस्तो देश हो जो संसारमै तन्त्रले बनेको एकमात्र देश हो । यसकारण नेपाल लगायत हिमवत्खण्डका शक्ति पिठहरूमा तान्त्रिक विधिअनुसार बलिपूजादेखि अन्य पूजाआजाहरू गर्ने गरिञ्छ । तान्त्रिक विधान अनुसारको पञ्चमकार स्वीकार्य छ ।**

१६६. हे अवधूत ! मासु खानाले दया धर्मको नाश हुञ्छ । मदिरा पिउनाले प्राणमा नैराश्यता सृजना हुञ्छ, भोगको प्रयोगले ज्ञान ध्यानमा खिया लाग्दछ । यसप्रकारका प्राणी यमको दरवारमा रोइरहञ्छन् ।[५७१]

यता कौलज्ञान निर्णयको एघारौँ अध्यायमा “कुनैपनि प्रकारको जीवलाई आकृष्ट गर्नुपर्दछ र उनीहरूको सदैव भक्षाण गर्नुपर्दछ । साथसाथै योगिनी समूहलाई भक्ष्य एवं भोज्य पदार्थ अर्पण गरेर उनीहरूको पूजा गर्नुपर्दछ ।[५७२] त्यसभित्र यदि चीरकालसम्म जीवित रहने हो भने भैरवी चक्रमा रहेर स्वतन्त्र रूपमा एक्लै सुरापान गर्नुपर्दछ । मांस अर्थात् मासुलाई ३ भागमा (१) पक्ष-पंक्षीको, (२) अम्ल-खुट्टा एव) (३) मद्युर मीठो ३ वर्गमा वर्गीकृत गरेर त्यसैअनुसार तयार गरेर ३ भागमा

५७० उही पृ. ४०७ ।
५७१ गोरखवाणी, पृ. ७६ ।
५७२ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३९९ ।

बाँड्दै यथोचित रूपमा देवीको पूजामा समर्पित गर्नुपर्दछ । देवीको तर्पणका लागि (१) वृक्षोत्पन्ना, (२) मूलजा, (३) पुष्पजा (४) फलजा अर्थात् ४ प्रकारको सुरा मदिरा समर्पित गर्नुपर्दछ ।[५७३] योगिनीको नियमित पूजामा उनीहरूलाई प्रसाद स्वरूप षेष्टी, माधवी एवं गौण्डी सुरा मदिरा चढाउनु पर्दछ । यहाँ साधकले अद्वैत निष्ठा आचरणमा रहेर साधना, पूजा, अर्चना गर्नुपर्दछ । अद्वैत निष्ठा विरुद्ध गर्नुहुँदैन । यदि कुनै साधकले अद्वैत निष्ठा आचारको अनुसरण आत्मीकरण गरेर पनि उसले विपरित आचरण गऱ्यो भने त्यो पापकर्म हुन्छ । यसप्रकारका अद्वैतपथ विरोधीहरू नरकमा अद्यपतन हुन जान्छन् । भैरवले देवीलाई भन्नुहुन्छ: कुनैपनि व्यक्तिद्वारा अद्वैत मार्गको परित्याग गऱ्यो भने मेरो अगाडि त्यो मानिस होइन पशु हो । किनभने योगिनी समूहको मध्य एवं कौल कुलमा त्यस्तालाई पशु नै भनिन्छ । यो अत्यन्त गोप्य रहस्य हो । यसकारण निष्ठापूर्वक अन्य वस्तुहरू भन्दा पनि गोप्य राख । साधकले यसको अभ्यास अत्यन्त गोपनीय रीतिले गर्नुपर्दछ । जसको फलस्वरूप यथाक्रम उसलाई अणिमादिक अष्टैश्वर्य एवं अन्य मानसि सिद्धि प्राप्त हुन्छ ।[५७४]

१६७. यात बाटोमा हिँडीरहनु पर्दछ । या ध्यान गर्नुपर्दछ, या ज्ञान उपदेश लिने दिने गर्नुपर्दछ । यसप्रकार एकाङ्की रहनाले या सिद्ध योगीको सङ्गत गर्नाले मनोभङ्ग हुँदैन ।

१६८. हे पण्डित ब्रह्मज्ञानको अध्यन, मनन गर । किनकि ब्रह्मज्ञान बिना सबै झुठो हो । मृत्युपछि जो मुक्ति मानिन्छ । वैकुण्ठमा स्थान पाउने कुराको व्याख्या गरिन्छ, वस्तुत: उसले खाल्डोमा अथवा चितामा स्थान पाउँछ, चौरासी लाख योनीको चक्करमा पर्दछ । यो गोरखनाथको सत्य वचन हो । (वैकुण्ठ धामको व्याख्या वैष्णवहरूले गर्ने गर्दछन् ।)

१६९. आकाश तत्त्व सदाशिव, शून्य मण्डल, पञ्चभूतमा आकाश तत्त्व छैन । पूर्ण ब्रह्म जान । त्यसैमा निर्वाण पर्दछ । यसै शरीरमा उसको परिचय पाइन्छ । गुरू मुखबाट त्यसलाई प्राप्त गर, देख । जसबाट पुन: आवागमन नहोस् ।

---

५७३ उही पृ. एकादश पटल ३९९ ।

५७४ उही पृ. ४०० ।

१७०. जतिबेला ज्योति पूर्ण प्रज्वलित भएर उठ्दछ सूर्य कलाको छुत र अध्यात्मको आधिभूतलाई छिपाउन सक्तैन । स्वर्णकमल सहस्रारलाई उसको किरणले स्पर्श गर्न लाग्दछ । पानीमा पाइने मल अर्थात् मायामा विन्दुप्रधान जल-प्रकृति, दुर्गन्ध आदि सबैलाई सोख्दछ ।[५७५]

१७१. सुनेर मात्र यो घट्घट् शरीरमा व्यक्तिलाई ज्ञान हुन सक्तैन । जस्तो वन, जङ्गलमा चन्दनको वृक्ष भएन भने रत्नमय ऋद्धि कसलाई प्राप्त हुञ्छ ? यस्तो कुरा कमैले मात्र बुझ्दछन् ।

१७२. जहाँ झरनाको अमृतरस पिउन पाइञ्छ त्यही गएर गोरखनाथले चन्द्रमा बिना नै प्रकाश देख्नुभयो अर्थात् कारण रहित स्वतः प्रकाश परब्रह्मको दर्शन गर्नुभयो ।

१७३. मनलाई निरास राख्नु, दुःसाध्य हो । यस्ता मानिहरू यात यस जगतमा आशाको फेदमा परेका छन्, बाँधिएका छन् या परम उदास विरक्त अवस्थामा रहञ्छन् । यात मनले कामिनीको काखमा विश्राम लिञ्छ । आशाको फन्दामा बाँधिएको छ या गुरूको शरणमा आइ भरोसामा रहञ्छ । गुरूको दयाले परम विरक्ति लाभ प्राप्त गर्दछ ।[५७६]

१७४. मनलाई कुल्चेर दबाएर मर्नु हुँदैन । मनलाई खाली पनि राख्नु हुँदैन । अग्नि, ब्रह्माग्नि, अथवा योगाग्निको भेदको रहस्य जान्नुपर्दछ । यसो गर्नाले बुदी अर्थात् माया जो आधा आदि चल्दै आइरहेको छ अर्थात् सङ्गिनी जसको बन्धनमा राख्ने गर्दछिन् । उनी नै मुक्त गराउने गुरूआनी हुन जाञ्छिन् यो योगी गोरखनाथको सत्य वचन हो । मायाको द्वैध स्वरूप छ, अविद्या, अज्ञानी रूपमा उनले जीवलाई वशमा अर्थात् नियन्त्रणमा राखेर बन्धनमा पार्दछिन् । विद्या अर्थात् ज्ञानरूपमा उनी नै मोक्षदायिनी हुन् ।

१७५. परब्रह्म आत्मतत्त्व न बाहिर छ न भित्र, न नजिक छ, न टाढा । ब्रह्मा र सूर्यले त्यसलाई खोजिरहेका छन्, तर उसको रहस्य पाउन सकेका छैनन् । सेतो स्फटिकलाई जसरी हिराले बेद्य गर्दछ । त्यसरी नै आत्माको

---

५७५ डा. पिताम्बदत्त बड्थ्याल, गोरखवाणी, पृ. ७७ ।

५७६ उही पृ. ७८, ओलै, औथो । खोलै, क्रोडभे ।

रहस्यको भेदन गरेर ब्रह्म साक्षात्कार गर्न सकिन्छ । यसै परमार्थका लागि योगी गोरखनाथले साधना सिद्ध गर्नुभयो ।

१७६. योगी गोरखनाथ आफ्ना गुरू मत्स्येन्द्रनाथसँग सोध्नुहुन्छः हे बाबा जो आउने पाँचतत्त्व अर्थात् पञ्चतत्त्वले शरीरलाई मुर्च्छित गरेर संज्ञा शून्य गराईदिन्छ र जाँदै गरेको चेतनालाई जगाई दिन्छ, त्यसप्रकारको निद्रा कहाँबाट आउने गर्दछ ?

१७७. गगनमण्डल सहस्रारमा शून्यद्वार ब्रह्मरन्ध्र रहेको छ । त्यहाँ घोर अन्धकारमा पनि बिजुली चम्कन्छ । त्यसैबाट निद्रा आउँदछ र पञ्चतत्त्वले शरीरलाई समाउँदछ ।

१७८. गगनमा अनाहद नादको गर्जन भइरहेको छ । उठ्दा, बस्दा, सुत्दा, हरेक समयमा उसलाई ग्रहण गर्ने, सुन्ने, ध्यान राख्दै गर्नुपर्दछ । कहिल्यै पनि चित्त भङ्ग गर्नुहुँदैन । निद्राको वश अर्थात् नियन्त्रणमा परेर असावधानी वश, अचेत भएर मृत्यको नजिक जानु हुँदैन । यदि शरीर पतन भयो भने त्यो गुरूको लज्जाको विषय हुन जान्छ ।

१७९. जो एक्लै रहेर आध्यात्मिक चिन्तन गर्न सक्तछ त्यो विर हो । बिस्तारै बिस्तारै उसका साथ दोस्रो, तेश्रो व्यक्ति आउन थाल्दछ, खटपट शुरु हुन थाल्दछ । त्यसमा त्यस्तै चरित्रको चौथो आयो भने उत्पात हल्ला हुन थाल्दछ । पाँचौ भन्दा धेरै जम्मा भएपछि झगडा कलह हुन थाल्दछ ।[५७७]

योगी गोरखनाथको यो वाणी 'सँघेशक्ति कलौयुगे' कलियुगको शक्ति नै सङ्गठन हो भन्ने एकथरी विशेष गरेर वैष्णवहरूको घोकाइ, भनाईलाई अस्वीकार गर्दछ । वैष्णव र तन्त्रविहिन बौद्धहरूको प्रभाव बढेपछि भारत ७ सय वर्ष मुसलमान र ३ सय वर्ष इसाईहरूको गुलाम बनेको छ । कलीयुगको शक्ति नै सङ्गठन हो भने भारत वैष्णव र तन्त्रज्ञान विहिन बौद्धहरूको प्रभावपछि किन गुलाम भयो ? भारतको १ हजार वर्षको गुलामी नै भक्तिधारा हो । गीतामा पनि श्रीकृष्णले अर्जुनलाई युद्ध मैदानबाट भाग्न दिनुभएको छैन । धर्मरक्षाको लागि युद्धमा उतार्नु भएको वाणी नै गीता हो । तर ढोगी, पाखण्डी वैष्णवहरू, गाना,

५७७ उही पृ. ८० ।

बजाना, नाचगान, कथा कुथुङ्ग्रीमा अलमलिएर, अलमलाउनुको कारण नै भारतको १ हजार वर्षको गुलामी हो । उनीहरूको 'सँघे शक्ति कलौ युगें' नाचगान, गाना, बजाना हो नकि धर्मरक्षाका निमित्त महाभारतमा कृष्णको उपदेशलाई शिरोधार्य गर्दै अर्जुन जस्तो मैदानमा उत्रनु । यसकारण स्कोन, साईबांबा, राधेराधे, वैष्णव, कृष्णप्रणामी, ब्रह्मकुमारी राजयोग, सन्तरामपाल, हरेराम हरेकृष्ण आवरणका सङ्गठित गिरोहले स्वयं गीताको अपमान गरिरहेका छन् ।

१८०. एकान्तमा रहनेहरूको नाम सिद्ध हो । एकमा दुई मिलेर जो एकैसाथ रमाउँदै रहञ्छन् उनीहरू साधु हुन् । चार, पाँच जना जम्मा हुन थालेपछि उनीहरू नाता कुटुम्ब हुन् । दश, बिस जम्मा हुन थाले भने सेना हुन् भन्ने बुझौँ ।

१८१. मनमा उत्पन्न भएको बहिर्मुखी स्वभावलाई गुरूको सामने अभिमुख अर्थात् अन्तर्मुख गर । रगत र मासुमय कायालाई ब्रह्माग्निमा भस्म गरिदेऊ । त्यसमा आशक्त नहोऊ । आमा, बाबुको धातुलाई मेटाईदेऊ । आमाको 'रज' र बाबुको विन्दुद्वारा निर्मित पूर्ण रूपमा वशमा अर्थात् नियन्त्रणमा राख । **कंश अर्थात् साखा, सन्तान बृद्धिमा नलाग । जसले यस्तो गर्न सक्यो नाथ परब्रह्मले ठसलाई स्वयं आफूसँगै बोलाउँदछन् ।**[५७८]

१८२. मौखिक रूपमा नाद नाद धेरैले भञ्दछन् । तर नादमा अत्यन्त कम मात्र लीन हुञ्छन् । सामान्यतया नाद विन्दु शुष्क, पत्थर समान छ । तथापि जसले उसलाई साधि लगाउन सक्तछ उही नै सिद्ध अवस्थामा पूर्णतामा लीन हुन जाञ्छ ।

१८३. दरवेश त्यो हो जसले दरको कुरा जानेको छ । जसलाई आदिनाथ, परमात्माको घर कहाँ हो जानकारी छ । जसलाई ब्रह्मरन्ध्रको ज्ञान छ । पाँच पवन अथवा पवनद्वारा प्राणायामसँगै पञ्चइन्द्रियहरूको प्रत्याहारको साधना इन्द्रिय विषयहरूबाट फर्काएर हटाइदिञ्छ । तत्पश्चात् रातदिन सचेत र सावधान रहञ्छ । यस्तो दरवेश स्वयं ब्रह्मस्वरूप अल्लाहको जातिको हुन जाञ्छ ।

---

५७८ गोरखवाणी, पृ. ८१ ।

१८४. जसलाई पूर्ण सिद्धि अवस्था प्राप्त हुन गएको छ ऊ बसिरहेको हुञ्छ । यसप्रकारका सिद्धहरूले गर्नुपर्ने कार्य केही पनि बाँकी रहेको हुँदैन । जो सूरो छ अर्थात् साधना गर्दाको अवस्थामा साहसपूर्वक बिघ्न बाधाहरूलाई सामना गरिरहेको हुञ्छ उसले शरीरलाई एकरस अपरिवर्तनशील अवस्थामा राख्न सक्तछ । यद्यपि महायोगी गुरू गोरखनाथ आभ्यन्तर एकरसतालाई देख्नका लागि अर्थात् प्राप्त गर्नका लागि विचरण गरिरहनु हुञ्छ, प्रयत्नशील हुनुहुञ्छ ।[५७९]

१८५. नाद र विन्दु दुवैलाई बजाउ अर्थात् साँध, अनाहद रूपको बाजालाई भर । त्यसमा सङ्गीतको ध्वनि निकाल फुकेर बजाउने बाजासँगै अनाहदको रूप बाँधिएको हुञ्छ । हे भरर्थरीएकान्त बासस्थान खोज । यो योगी मत्स्येन्द्रनाथको दास चेलो अर्थात् शिष्य गोरखनाथको उपदेश हो ।

१८६. जब सूर्य पिङ्गला नाडी र चन्द्र इडा नाडी अथवा आधार पद्मस्थ सूर्यको सहस्रारस्थ चन्द्रमासँग मेल हुन जाञ्छ । तत्पश्चात् तीन तिर्कट अर्थात् सत्, रज र तम यी तीनैलाई दबाउन पुग्दछ । त्यसपछि अनाहद रूप तूर बज्न थाल्दछ । यसप्रकार योगी गोरखनाथले पूर्ण-पद सिद्धिको वर्णन गर्नुहुञ्छ । जसलाई सूरा, वीर साधकहरूले प्राप्त गर्दछन् । मूर्खहरू यसलाई प्राप्त नगरिकन उचित उत्तम मार्ग त्यागेर भाग्ने गर्दछन् ।

१८७. जब छत्र पवन भेदरहित अवस्थामा निरन्तर प्राप्त हुन जाञ्छ त्यतिबेला काया क्षीण हुन जाञ्छ । खड्खड् मात्र रहन जाञ्छ । मन, पवन, स्थूल र चञ्चल इन्द्रिय आफ्नो हातमा आउँदछ । नाथको भनाई छः यसप्रकार निरन्तर रहनु नै सिद्ध हुनु हो । योगशास्त्रका अनुसार वायुका दश भेद रहेका छन् । जसले शरीरमा फरक फरक कार्यको सिद्धि गर्दछन् । वायुका दश भेदहरू मध्येको सारस्वरूप मूल वायु सूक्ष्म सिद्धान्त स्वरूप वायु हो । त्यसैलाई यहाँ छत्र वायु भनिञ्छ ।[५८०]

१८८. एकटी पहिलो इडा र विकुटी दोस्रो पिङ्गलाको जब त्रिकुटी तेश्रो सुषुम्नामा मेल हुन जाञ्छ र सुषुम्ना मार्गमा जब पवनको निरोध हुन

---

५७९ उही पृ. ८२ ।

५८० उही पृ. ८३ ।

जान्छ त्यतिबेला साधक अमर हुन्छ । उसको आयुरूपी तेल समाप्त हुँदैन । जीवनरूपी शिखा बुझिँदैन । यसप्रकार नाथ भन्दछन् साधक निरन्तर अर्थात् नित्य स्वरूप हुन जान्छ ।

१८९. जुन जुन श्वास जबसम्म सर्पको जस्तो आउने जाने गर्दछ, उसका लागि सुषुम्ना मार्ग सूरहि गाईको घरमा गरुडको निवास हुँदैन । अर्थात् जबसम्म श्वासको निरोध हुँदैन, त्यतिबेलासम्म सिद्धयोग दुर्लभ हुन्छ । किनभने जल विर्यको आहार बिना शरीरमा रोग व्याप्त हुन्छ । साधकले जलको आहारा लिन सक्तछ, उर्ध्वरिता हुन सक्तछ । प्राणायामको चरम सिद्धि कुम्भकबाट हुन्छ ।

१९०. ज्ञानको सदृश्य दोस्रो पूर्णगुरू मिल्दैन । चित्तको सदृश्य चेला मिल्दैन र मनको सदृश्य मेल-मिलापवाला मिल्दैन । **यसकारण योगी गोरखनाथ गुरू, चेला अथवा साथीको चक्करमा नपरेर आफ्नो ज्ञान चित्त र मनबाटै क्रमशः गुरू चेला र साथीको काम लिनुहुन्छ र एक्लै घुम्नुहुन्छ ।**

१९१. जो ढोगी, पाखण्डी छ जसमा अधुरो ज्ञान छ, जसको भित्र खाली छ पेट ठूलो छ र घमण्डी छ त्यस्तालाई योग प्राप्त हुँदैन । त्यस्ताले केवल पाखण्डीहरूलाई खुसी बनाउन जान्दछन् ।

१९२. अग्नि, योगाग्नि, भेद, गूढ रहस्य ।

१९३. जीवनमुक्त योगीले दिन, रात अमृतका अजस्र धारा पान गरिरहन्छ । दृश्य पदार्थमा अदृश्य आदिनाथ परमात्माको दर्शन गर्नुपर्दछ । यसप्रकार अगम र अपार आदिनाथ, परमात्मा अथवा योगको प्राप्ति हुन्छ ।

१९४. जसले जीवित अवस्थामा प्राणलाई बिछ्याउँछ र मृत्युपछि जड शरीर ओढ्दछ । अर्थात् आफ्नो साध्य मार्गमा दुवैलाई संयम र निरुढ राखेर त्यसबाट साधनाको काम लिन्छ ऊ कहिल्यै पनि रोगी हुँदैन । यसप्रकार कुनै कुनै योगीले मात्र वर्ष दिनमा कायापलट कायाकल्प गर्न सक्तछन् ।[५८१]

१९५. जब सूर्यको स्वर चल्दछ त्यतिबेला भोजन गर्नुपर्दछ । जब चन्द्र स्वर हुन्छ सुत्नुपर्दछ । तथापि दुवै समयमा पानी पिउनु हुँदैन । जीवित

---

५८१ डा. पिताम्बरदत्त बड्थ्याल, गोरखवाणी, पृ. ८४, ८५ ।

आत्मालाई तल मृत जड् शरीरमा बिछ्याउनु पर्दछ । अर्थात् जड् शरीरको उपयोग आत्माको लाभका लागि गर्नुपर्दछ ।

१९६. जहाँ योगी गोरखनाथ हुनुहुन्छ त्यहाँ दैनिक ज्ञानको उदय भइरहन्छ । त्यहाँ मायाकृत द्वैत भावना द्वन्द्व हुँदैन र वादविवाद पनि हुँदैन । गोरख अथवा परमयोगी त्यो मात्र हुन सक्छ जसको कुनै कामना हुँदैन । फलको आशा नराखीकन निष्काम कर्म गर्दछ ।[५८२]

१९७. गगन मण्डलमा अनुभूतिको शिखरमा पुगेर सिद्धले परमअनुभूति प्राप्त गर्दा गाई ब्याइरहेको हुन्छ । त्यसको सार दुध खिचेर उसले उपनिषद जस्ता ग्रन्थहरूको कागजमा स्थिर रूप दिएर दहीजस्तै जमाउँदछ । पण्डितहरूले यही दहीलाई छानेर छाद अर्थात् मही ग्रहण गर्दछन् । पण्डितहरू शब्दमा फसिरहेका हुन्छन् । तथापि सिद्ध योगीहरूले छाद अर्थात् मही होइन मक्खन अर्थात् घ्यू ग्रहण गरेका हुन्छन् शब्दलाई छोडेर ज्ञानलाई ग्रहण गरेका हुन्छन् ।

१९८. योगीहरूले गुड्डी धारण गर्दछन् । त्यसकै महिमामा यो सबदी भनिएको छ । अतित जो धेरै पर छ, त्यहाँ पुगेर बाहिर छन् आदिनाथ परमात्मा । अतित सिद्ध योगीहरूलाई पनि भन्ने गरिन्छ । जो स्वयं परमात्मा हुन जान्छन् । अतिथिसँग पन उसको व्युत्पत्ति हुन सक्तछ ।

१९९. असाध असाध्य नियन्त्रण अर्थात् वशमा हुँदैन । त्रेतायुगमा हेर्ने हो भने सुग्रीवले बालीलाई मरेको सम्झेर बालीकी श्रीमती राख्न गयो । यसमा दुवै भाइको लडाई भयो । ब्रह्माले सरस्वतीको भोग गरे । इन्द्रले गौतम ऋषिकी स्त्री अहत्यालाई छल गरे । गौतम ऋषिको श्रापले उनको शरीर सहस्र भङ्ग हुन गयो ।

२००. नायरम्भ, नाट्यारम्भ । नाट्यकलाका अधिष्ठाता शिव मानिन्छन् । शिवकी पनि स्त्री छन् ।

२०१. विष्णुको अवतारका स्त्री छन् । निर्झर झरन्ता राष्या, सहस्रार स्थिति चन्द्रद्वारा प्रस्रावित हुँदा निर्झर अमृतको रक्षा हुन्छ जसलाई सूर्यबाट शोषित हुनबाट बचाउँदछ ।[५८३]

---

५८२ उही पृ. विना दाँव के खेले ।

५८३ उही पृ. ८६, ८७ ।

२०२. आसति, अस्ति, आस्तिकताको भाव पिडता, पण्डित । नासति, नास्ति, नास्तिकताको भाव ।

२०३. मनसा इच्छा माया । अतित, योगी ।

२०४. अहङ्कारलाई त्याग गर्नुपर्दछ । सिद्ध गुरूलाई खोज्नुपर्दछ । योग मार्गलाई उपेक्षा गर्नुहुँदैन । पटक-पटक मानव योनीमा आउनु पर्दैन । यसकारण सिद्ध पुरुषको सत्सङ्ग गर ।

२०५. जब महायोगी गोरखनाथका वचन र वाणीहरूमा विश्वास हुन जाञ्छ, त्यतिबेला खम्बा बिनाको आकाशमा तेल र बत्ति बिनाको ज्ञानको प्रकाश सिद्ध हुन जाञ्छ । त्यतिबेला साधकका लागि दिन रातको प्रश्न रहँदैन । किनकि ऊ सदा ज्ञानको प्रकाशमा विचरण गरिरहेको हुञ्छ ।

२०६. जो खण्डित अधुरो अपूर्ण ज्ञानी छ ऊ तीखो प्रखर कुरा गर्दछ । यसै प्रकारले सत्य शब्दको उच्छेदन गर्दछ । उसलाई उखेलेर फ्याक्दछ । उसको आभ्यन्तरभित्र तत्त्वको प्रवेश हुँदैन । उसलाई ज्ञान हुँदै हुँदैन । शरीरलाई उसले सबैकुरा सम्भञ्छ । यसकारण शरीरको शक्तिमा उसले कडा र कठोर वचन बोल्दछ ।

२०७. प्रसिद्ध र ख्याती प्राप्त भएर पनि जसले आफूले आफैलाई महिमावान सम्भदैन । विनम्र सानो भएर सिद्ध गुरूको खोजी गर्दछ । यसप्रकारको सत्य शब्दको विचार गर्नेले सबै कर्महरूको वेडा उतार्दछ ।

२०८. सिद्धको ढोकामा एक कामधेनु, आध्यात्मिक अनुभूति अथवा समाधि छ । जसंले उसलाई गगन शिखरमा लगेर बाँध्दछ, जहाँ स्वयं उसको बासस्थान छ । जीव जसले उसलाई प्राप्त गर्न चाहञ्छ स्वयं निरुद्ध अवस्था प्राप्त गर्दछ र निरञ्जनमा लाग्दछ ।[५८४]

२०९. जसले अफीम खाञ्छ, भाँग खाञ्छ त्यसको बुद्धि कहाँबाट आउँछ । भाँग अफीम् खानाले पित चढ्दछ र वायु उत्रञ्छ । यसकारण योगी गोखनाथले भाँग खानु भएन ।

२१०. मानिसहरूले जे लिन खोज्छन त्यो लिन जान्दैनन्, एउटा मायाबाट दोस्रो मायामा फस्न जाञ्छन् । महल छोडेर कुटी चाहार्दछन् । घरबारको माया

---

५८४ उही पृ. ८८, सान्धी, सन्धानकी, लगाली ।

ममता त्यागेर चेला, चपेटाहरूसँग भिक्षा माग्ने काम गर्दछन् । घरकी सुन्दर स्त्री छोडेर नकटीका साथ रहञ्छन् । यस्ता अद्यमहरूलाई योगी गोरखनाथले कहिल्यै पनि साथमा लिनुहुन्न । अलगै रहनु हुञ्छ, हिँड्नु हुञ्छ । नहाँसीकन हिँड्नु हुञ्छ ।[५८५]

२११. स्त्री साथमा रहँदा शान्ति हुन सक्तैन । जुन महिलाले सफा पानी जस्तै पतिप्रति प्रेम राख्न सक्तिनन स्वार्थमा मात्र प्रेम देखिञ्छ त्यो स्त्री अर्थात् श्रीमती होइन । वैद्य अर्थात् डाक्टर असली डा.वैद्य हो भने रोग लागेको हुँदैन, रसायनी अर्थात् सुनारले फलाम आदि धातु खारेर सुन कसी निकाल्ने दावी गर्दछ भने मागेर खानुपर्ने आवश्यकत्ता हुँदैन । सिद्ध योगीलाई बुढेशकाल आउँदैन । सूरविर र साहसीको पीठमा घाउ हुँदैन । यदि यो मानिसहरूमा उपर्युक्त गुणहरू छैन भने उनीहरू वैद्य, सुनार रसायनी योगी होइनन् ।

२१२. रत्ननाथ भन्नुहुञ्छः म माञ्दछु सम्पूर्ण ब्रह्माण्ड मायाको अन्नमा चल्दछ । उसको शासन चिड्चिडाहटपूर्ण छ । कोही कोही मात्र मायाको प्रभावबाट मुक्त छन् ।[५८६]

२१३. निद्राले स्वप्नमा शुक्रको नाश गर्दछ । बाटोमा हिँड्दा थकाइको कारण आत्मालाई असर गर्दछ । बिना काम बस्नाले छटपटी हुञ्छ उभिई रहँदा उत्पात हुञ्छ यसकारण योगी गोरखनाथ भन्नुहुञ्छः सहज समाधिमा सधैँ लीन रहनु पर्दछ ।

२१४. बिसर, विस्मरण, यहाँ चेननहीन अर्थात् जड हुन जाञ्छ ।

२१५. गोला-रोगी अर्थात् वायुगोलाको रोगी, [illegible], अत्यन्त धेरै खाने । सरवटा, जसको कपाल बाटिएको छ ।

२१६. यसको अर्थ ३३ औं वाणीमा उपदेशमा आइसकेको छ ।

२१७. सुर, वीर साधक सधैँ आफ्नो यात्रामा चलिरहञ्छ । विश्राम त त्यस्ताले मात्र लिञ्छन् जो हार खाएर आफूले आफैलाई काल मृत्युको हातमा सुम्पञ्छन् । हे श्रोताहरू यो कुराको विचार गर जसले आफ्नै शरीरमा

---

[५८५] गोरखवाणी, पृ. ८९ ।

[५८६] यो भनाई रतननाथको हो । गोरखवाणी, पृ. ९० ।

भएको ब्रह्माको साक्षात्कार गर्न सकेको छैन । अपरिचित छ र भिक्षा खाने गर्दछ उसलाई अनन्तकालसम्म कठिनाई हुञ्छ ।

२१८. कुण्डलिनी शक्ति जब उल्टिएर ब्रह्माण्डमा पुग्दछ नख अर्थात् नङ्देखि शिखासम्म सबै ठाउँमा वायु व्याप्त हुन जाञ्छ । नाथका अनुसार वायु भक्षाण हुन लाग्दछ । तत्पश्चात् सहस्रारस्थित अमृत-प्रस्रावक चन्द्रमा राहु अर्थात् आधार पद्मस्थित सूर्यलाई ग्रस लिञ्छ । जसबाट अमृत पान सम्भव हुन जाञ्छ । योगी गोरखनाथले यसरी सिद्धहरूलाई सङ्केत गर्नुहुञ्छ ।

२१९. धरा अर्थात् पाँच भौतिक शरीरमा जब पञ्चभूत भन्दा पर रहने परब्रह्म अर्थात् अधरको विषयमा चिन्तन गर्ने हो भने यही पञ्चभौतिक शरीरमा पाइञ्छ । यसप्रकार जब धरा मै अधर ब्रह्मतत्त्वको परिचय साक्षात्कार हुन जाञ्छ त्यतिबेला अद्वैतको सिद्धि हुन जाञ्छ ।[५८७]

२२०. एकनाल, एकपरब्रह्मका साथ भगवत्स्मरणद्वारा बाँचेका काललाई पनि धोका हुञ्छ ।

२२१. परतर, अति प्रश्वर, अति तीक्ष्ण, अति कठिन ।

२२२. वरष अर्थात् विरख, वृक्ष, ब्रह्मको माथि अधिष्ठित जगत ।

२२३. हे पण्डित जान्न योग्यलाई जान । जो भन्न सक्तैन र भनिएको छैन उसको कथा भन । हृदयमा वास्तविक श्रद्धा र लगन उत्पन्न हुँदा शिर निहुराउनु बाहिरी लक्षाण हो । शिर झुकाउँदा सिद्ध गुरूको साक्षात्कार हुन जाञ्छ । जसको परिणाम जाग्दा जाग्दै ज्ञान अवस्थामा यस अज्ञानमय जीव रूप रात्रीको प्रभाव हुन जाञ्छ ।

२२४. कायाको अगम्य तत्त्व पनि छैन, किनकि ब्रह्माको शरीर हाम्रो शरीरभित्र छ ।

२२५. सिधा साधनाका लागि प्रयत्न गर, यसैमा पच मर । यो हजारौं हजार-लाखौं अथवा १ लाख ८० हजार, निरञ्जन पुराणमा पनि १ लाख ८० हजार पैगम्बरको उल्लेख गरिएको छ । १ लाख ८० हजार पीर पैगम्बर पुकार ।

२२६. सवदी यसकारण हटाइएको छ जसले साम्प्रदायिक असद्भाव देखाउन सक्तछ ।

---

५८७ डा. पितामम्बरदत्त बड्थ्यालः गोरखवाणी, पृ. ९१ ।

२२७. हे शरीरधारीहरू जीव हत्या किन गर्दछौ पञ्चभौतिक मनको रूप मृगलाई मार । ऊ त तिम्रो बुद्धिरूपी काँधमा चढिरहेको छ । सुन योगको मूल तत्त्व नै दया र दान हो । योगी गोरखनाथ भन्नुहुन्छ: हे मानिसहरू मुक्तिको अर्थ यस दोह्री मनलाई मार । जसको न शरीर छ न रगत छ न वर्ण छ ।

२२८. जीव र ब्रह्मको बासस्थान एकै साथ रहेको छ । यसकारण हत्या गरेर रगत र मासुको सेवन नगर । प्राणघात नगर । सबैलाई आफ्नो गोत्र र कुलको सम्झ । योगी गोरखनाथ भन्नुहुन्छ: आफ्नै बच्चा छोरा, छोरी, भाइ, भतिजलाई हेर सबै प्राणी उनीजस्तै छन् ।

२२९. जसको मनमा देव दानवले बास लिएका छन् त्यसलाई गुरू ज्ञानको वाणद्वारा प्रहार गर ।[५८] महायोगी गोरखनाथको भन्दा फरक धारणा उहाँका गुरू मत्स्येन्द्रनाथको पञ्चमकार ग्रहण सम्बन्धमा रहको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ भने तान्त्रिक धारामा पञ्चमकार अनिवार्य जस्तै छ । यसैगरी योगी मत्स्येन्द्रनाथ प्रणित कौलज्ञान निर्णयको एघारौँ अध्यायमा यस्तो छ । देवीले भञ्दछिन्: हे महादेव ! तपाइँद्वारा यस क्रुर एवं भयानक लोकमा जे सोधे त्यो दिशामा निसन्देह सम्पूर्ण शङ्काहरू निर्मूल हुँदै स्थायी रूपले सिद्धि प्राप्त गर्दछ । भैरवले भन्नुभयो: हे देवी ! तिमले यस क्रुर र भयानक लोकको बारेमा जे कुरा सोध्यौ त्यस दिशातर्फ निसन्देह सम्पूर्ण शङ्काहरूलाई समाप्त गर्ने अद्वैत तत्त्वमाथि प्रकाश पार्दछु । जुन व्यक्तिले अद्वैत दर्शन, अद्वैत मत या अद्वैत सिद्धान्त निरन्तर स्थायी रूपमा अनुसरण र अभ्यास गर्दछ उसलाई अवश्य पनि सिद्धि प्राप्त हुञ्छ । सिद्धि उत्पन्न हुञ्छ । जुन व्यक्तिले द्वैतपरक दृष्टिद्वारा काम सम्पन्न गर्दछ यसलाई योगीहरूले आकर्षण गर्दछन् । योगीहरूको वशीकरणात्मक प्रभावमा आउन जाञ्छ ।[५९] जो व्यक्ति यो समयमा सिद्धान्त नीतिमा भ्रष्ट भएको छ त्याग गरेको छ ऊ निसन्देह 'पशु' जनावर हो । द्वैतभावलाई परित्याग गरेर अद्वैताचारद्वारा प्रभावित हुनुपर्दछ । अब म गोप्यभन्दा पनि गोप्य कुरा

---

५८ उही पृ. ९३ ।

५९ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३९६ ।

पञ्चामृत तत्त्वको बारेमा भन्दछु । यो कुल समय एवं कुलपात्रहरूले जान्नुपर्दछ । प्राचीनकालमा सिद्धि प्राप्त गर्न आकाङ्क्षी श्री साधकलाई कुलका आचार्य एवं कुलका सिद्धहरूद्वारा अनुष्ठित गरिएको हो । हे योगिनीहरूलाई प्रिय लाग्ने भगवती ! यसको जानकार प्राप्त भएपछि मानिस सिद्धि हुञ्छ । यदि कसैले कौलसिद्धि प्राप्त गर्न चाहञ्छ भने यस परम पञ्चामृत प्राप्त गर्न सक्तछ । यो प्राप्त गरिसकेपछि योगिनी सिद्धि योगिनी सिद्धि एकात्म्य पनि प्राप्त गर्न सकिञ्छ । हे देवी ! यी पाँच अमृतले युक्त साधक चरुक अर्थात् स्वादिष्ट पदार्थ प्राप्त हुन जाञ्छ। यी पञ्चामृतद्वारा साधकलाई यज्ञको हवन रूप प्रसाद सरह नै प्रदान गरिएको छ ।[५९०] योगिनीद्वारा एकपटक पञ्चामृत दिइयो भने साधक तत्काल नै योगिनी समान हुन जाञ्छ । कौल साधक योगयुक्त भएर यसलाई जानेर, सम्भेर देवीले साधकलाई आहुतीका रूपमा समर्पित गरेर खुवाउँदा विघ्न समूहबाट मुक्त भएर निसन्देह सिद्धि प्राप्त हुञ्छ। तत्पश्चात् साथसाथै योगिनी समर्पित गरेर खुवाउँदा विघ्न समूहबाट मुक्त भएर निसन्देह सिद्धि प्राप्त हुञ्छ । तत्पश्चात् साथसाथै गण सामान्तया सबै योगिनीहरूको दृष्टिकोणमा श्रद्धापूर्वक चिन्तनको विषय बन्न जाञ्छ । कुलागममा पाँच वस्तुहरू नित्य, पवित्र, पञ्चपवित्र मानिञ्छन् । जो निम्न अनुसार छन्: १. विष्ठ, २. धरामृत, ३. शुक्र, ४. रक्त, ५. मज्जा रहेका छन् । सिद्धिको कामना राख्ने साधकले पूर्ण भएर नियमित कायामा यसको निष्पादन गर्नुपर्दछ । यसका साथसाथै साधकले कुलागम निर्दिष्ट क्षेत्रमा शङ्कारहित, विकल्परहित भएर कार्य गर्नुपर्दछ । हे देवी अन्य विधिहरूबाट यसलाई सम्पन्न गरेपछि त्यो व्यक्तिले नत सिद्धि प्राप्त गर्दछ नत मुक्ति नै पाउन सक्तछन् । यसकारण कौलज्ञान निर्णयको नियम अनुसार नै गर्नुपर्दछ । हे देवी ! अब तिमीले एकाग्र भएर अन्य विशिष्ट भेट अर्पण पदार्थका विषयमा सुनः कुता, विडाल, ऊँट, श्रृंगाल, घोडा, कुर्म, कछुवा, शूकर, मार्जा, बकुला, कर्कट, शालाकी, मादा कुक्कट, अनेक कुल शेरक मृग, राँगा, गण्डक

---

५९० उही पृ. ३९६ ।

अन्य जीव तथा माछा आदिलाई यथालाभ सङ्ग्रहित गर्नुपर्दछ ।[५९१] अर्थात् यिनीहरूको मासुलाई सङ्ग्रहित गर्नुपर्दछ । यस विषयमा विज्ञान (विवेक) को अवलम्बन या सामर्थ्य आवश्यक छ, अन्यथा व्यक्ति सात जन्मसम्म पशु बन्दछ । कुनैपनि प्रकारले यी जीवहरूलाई आकर्षण गर्नु पर्दछ । उनीहरूलाई भक्षाण गरेर मुक्ति दिनुपर्दछ । तत्पश्चात् साथसाथमा योगिनी समूहलाई भक्ष्य एवं भोग्य पदार्थ अर्पण गर्दै पूजा गर्नुपर्दछ ।[५९२] मत्स्येन्द्रनाथको कौलज्ञान तान्त्रिक साधकहरूको साधनामार्ग पनि हो । अगाडि नै उल्लेख गरिसकिएको छ योगी गोरखनाथ योगी मत्स्येन्द्रनाथका चेला भएपनि गोरखनाथ पूर्ण ब्रह्मचर्य हुनुहुञ्छ । उहाँले पञ्चमकारलाई अस्वीकार गर्नुभएको छ । तर यहाँ तान्त्रिक परम्परा र तन्त्र विज्ञानलाई स्वीकारिएको छ त्यहाँ योगी मत्स्येन्द्रनाथको प्रभाव पर्दछ । नेपाल संसारमै एकमात्र तन्त्रले बनेको देश हो । यसकारण यहाँ तन्त्र परम्परा अनुसार देव देवीका मौलाहरूमा बलि चढाइञ्छ र त्यसलाई प्रसादको रूपमा ग्रहण गरिञ्छ । शक्ति पीठहरूमा तान्त्रिक वैदिक दुवै पद्धतिमा पूजाआजा गरेर पशुलाई पशु जीवनबाट बलि दिएर मुक्ति दिलाइञ्छ । यसको आफ्नै विशिष्ट महत्त्व रहेको छ ।

२३०. योगी त्यो हो जसले योगको रक्षा गर्दछ । जिब्रोको स्वादमा अन्य इन्द्रियहरूको भोग गर्दैन । जो मायालाई त्याग गरेर ब्रह्म निरञ्जनमा लीन हुञ्छ त्यसैलाई गोरखनाथले योगी भन्नुहुञ्छ ।

२३१. शून्य समाधि अवस्थानै माता हो र त्यही नै पिता हो । उही नै स्वयं निरञ्जन ब्रह्म हो । शून्य समाधिको परिचय प्राप्त भएपछि स्थायित्व प्राप्त हुञ्छ । योगीले गाम्भिर्यतालाई प्राप्त गरेर निश्चल हुन जाञ्छ ।

२३२. कुलयी एक प्रकारको अत्यन्त तल्लो निकृष्ट प्रकारको दाल, यहाँ सम्पूर्ण निसत्त्व मोटो अन्नतर्फ सङ्केत गरिएको छ । त्यसप्रकारका अन्नहरूलाई छोड्देऊ । गाँजा, भाँगको बानीलाई हटाऊ, यस्ता पदार्थहरू हटाईदेऊ । दिनरात बन्धलाई संयममा राख । यसप्रकारको सर्वतोभावले सम्यक योग सिद्ध हुन जाञ्छ र गुरू कृपाद्वारा निर्वाण समाधिको रक्षा हुन जाञ्छ ।

---

५९१ उही पृ. ३९८ ।

५९२ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३९९ ।

२३३. अङ्कुचित अर्थात् विषयमा बिग्रिएको मन प्रत्याहारद्वारा समेटिन्छ र कुञ्चित हुन जान्छ। साथै ब्रह्मरूप फूलको मालाजस्तो उनिन जान्छ। यसरी सिद्धि प्रज्वलित भएर धुँवा उठ्न थाल्दछ । यही धुवाँ नै प्राण हो । जसरी आगोको रूप हुनुभन्दा पहिला धुवाँ हुन्छ र पछि आगोको ज्वाला उठ्दछ त्यसैगरी प्राणमाथि उठेर ब्रह्मरन्ध्रमा अवस्थित हुनु सिद्धि प्राप्तिको लक्षाण हो । शरीर यसरी सिद्ध हुन गएको प्रमाण प्राण हो।[५९३]

२३४. हे अवधूत ! यो मन चलिरहेको छ । यसैबाट सबै कुराको उत्पत्ति हुन्छ, यो जान । मकलको तार जस्तै मनलाई फर्काएर ल्याऊ । पीठ जस्तै अर्थात् जहाँबाट कोही आएको थियो उसलाई फर्काऊ ।

३३५. जसले आशा गर्दछ उसले कठिनाई झेल्नु पर्दछ । जसले सन्देह गर्दछ उसलाई शोक पर्दछ । यी दुवै आशा संशय निकै ठूला रोग हुन् । सिद्ध गुरूको मुखबाट शिक्षा प्राप्त नगरिकन यी भाग्दैनन् ।

२३६. यदि मस्तिष्कमा कुनै विचार शक्ति छ भने यसै शरीरमा खोज । किनभने सबैकुरा यही भित्र रहेको छ । पाँच अर्थात् पञ्चइन्द्रिय जसले मनलाई साथ दिञ्छन् त्यसलाई मारन, काट्न सक्ने शक्ति भित्र नै छ । त्यसैद्वारा छिन्नभिन्न गराउ मार ।

२३७. सबैले विन्दु, विन्दु त भञ्दछन् तर महाविन्दु ब्रह्मतत्त्वलाई कसै कसैले मात्र प्राप्त गर्दछन् । आध्यात्मिक अनुभूति बिना जुन विन्दु शुक्र मात्रको अर्थ, बन्ध, क्रिया या आश्रय ग्रहण गर्दछ, उसको शरीर अर्थात् स्कन्ध स्थिर भएको देखिँदैन ।

२३८. शुक्र रक्षाका साथसाथ ब्रह्मानुभूतिको आवश्यक्ता बताइन्छ ।

२३९. बिना आगो ज्योति प्रकाशमान हुञ्छ । जुन सिद्ध गुरूको प्रकाशले देखिञ्छ । हे स्वामी जसले शिलवृत्ति समेत ग्रहण गरेको छैन, पहिचान गर्दछ, अर्थात् वास्तविक रूपमा ग्रहण गर्दछ उसैलाई ज्योतिको दर्शन हुञ्छ । बैंसदर, वैश्वानर । सीला शिलवृत्ति । जमिन अर्थात् खेतको मालिकले सबै अन्न भित्र्याउँदा पनि जुन खेतमा बाँकी रहेको हुञ्छ त्यसलाई एक ठाउँमा जम्मा गरेर निर्वाह गर्नुलाई शिलवृत्ति भनिञ्छ ।

५९३ गोरखवाणी, पृ. ९४ ।

२४०. माछा सधैँ पानीमा रहँदा स्वच्छ रहन्छ । साथसाथै सुअर विष्ठा, कीट आदिमा सुख प्राप्त गर्दछ । यसकारण मलिन रहन्छ । यी दुवैको स्वभाव हो । यसमा एउटाको प्रशंसा र दोस्रोको आलोचना निन्दा हुन सक्तैन । यसप्रकार योगीको शरीर सोधन र बाहिरी आत्मज्ञान यदि उसको अन्तस्थलभित्र प्रवेश गरेर दयालु बताइदिएको छैन भने केही कामको हुँदैन । तपस्याले शरीर क्षीण हुन गयो आन्तरिक भित्री ज्ञानको अभाव छ भने त्यो कुनै कामको हुँदैन ।

२४१. धोतरा, धतुरा ।

२४२. नारीलाई माता अर्थात् आमा सम्झेर महायोगी गुरू गोरखनाथले वैराग्य लिनुभयो ।

२४३. संरक्षण गरेर मात्र कुनै वस्तु रहीरहँदैन । रक्षा गर्दैमा या गुमाउँदैमा आफै जाँदैन, नष्ट हुन जान्छ । यो योगी गोरखनाथको सत्य वचन हो । जसले भञ्दछ एउटै भनाइमा त्यसलाई प्रतिक मानेर दोस्रोले लिन्छ भने त्यो ठूलो ज्ञानी हो । यसबाट के बुझ्न सकिन्छ भने यो व्याख्याको आधा अंश हो सम्भवत पहिलो अंशमा ब्रह्मचर्यमा जोड दिइएको छ र दोस्रो योगीहरूको प्रतिकको सहारा आफ्नै मनोभावबाट प्रकट गर्नेतर्फ सङ्केत गरिएको छ ।[५१४]

२४४. चिन्ता, अचिन्ता अप्रत्याशित रूपमा उत्पन्न हुन जान्छ । चिन्ताकै कारण सारा संसार क्षीण भइरहेको छ । योगीहरूले सबै चिन्तालाई भुल्दछन् । यसप्रकार अचिन्त्य परब्रह्ममा लीन हुन जान्छन् ।

२४५. गृहस्थको ज्ञान, व्यसनीको ध्यान, बुचाको कान, वेश्याको मान र वैरागीको मायामा पर्नु हुँदैन । अर्थात् माया चाहने वैराग्य यी पाँचैको एक साथ छ । यी पाँचैको अस्तित्व छैन । गृहस्थलाई ज्ञान हुँदैन, व्यसनीले ध्यान गर्न सक्तैन । वुचाको कान हुँदैन । वेश्याको मान सम्मान हुँदैन । वैरागीले विरक्त मायासँग सम्बन्ध जोड्न सक्तैन । मायासँग सम्बन्ध राख्यो भने विरक्त हुँदैन ।

२४६. षासा-पासा शुभ्रासँग पाशोमा बाँधिएका छन् ।

---

५१४ उही पृ. ९५, ९६ ।

२४७. स्त्रीको मृत्यु भएपछि यदि योगी बन्दछ, दौडेर भोजन पाइने अर्थमा जो सति साधु हुन्छ, धन, पैसा नष्ट हुन गएपछि जसले त्यागको कुरा गर्दछ, गोरखनाथ भन्नुहुन्छ: यी तीनै अभागी हुन् ।

२४८. जो जीवन बर्वाद भएपछि योगी या योगिनी हुन जान्छन्, तत्त्वबोध र आत्मज्ञानको कारण होइन, वैराग्यको कारण होइन यस्ताको साथ त्याग गरिदिनु पर्दछ ।

२५१. भुँडी भाडी । सलह, सीधा, अदीक्षित, पाखण्डरहित । भुँडी दुई जसले योग ग्रहण गरेको छ ।

२५२. जरणा योगी शुक्रलाई अथवा ब्रह्मानुभूतिलाई पचाउन सक्ने, स्थिर गराउन सक्ने योगीले युगौयुग जित्दछन् । यस विपरित जसले यसलाई झर्न दिन्छ, स्थिर हुन दिँदैन ऊ मर्न जान्छ । जसले यो शरीरमा विनाशी तत्त्व खोज्दछ उसले अग्रणीय अमर पद प्राप्त गर्दछ ।[५९५]

२५३. जसले जपतप गर्दछ, संयमद्वारा सार वस्तुलाई सम्झन्छ बाल्यअवस्था, युवामा जसले कामलाई जलाएर राख गरिदिन्छ, यस्तालाई योगीकै रूपमा सम्झनु पर्दछ । अरु सबैले त पेट भर्ने काम मात्र गर्दछन् ।

२५४. योगेश्वरको परीक्षा । यो हो जसले शब्दलाई विचार गरेर व्यवहार गर्दछ । शिष्यहरूले जति ग्रहण गर्न सक्तछन् त्यति मात्र ज्ञान उनीहरूलाई दिनुपर्दछ । जसरी कुनै मानिसले ५० किलो उचाल्न सक्तछ भने उसलाई १ क्वीन्टल दियो भने त्यो बोक्न सक्तैन त्यस्तै शिष्यले पनि कति ज्ञान ग्रहण गर्ने क्षमता छ त्यसकै आधारमा दिनुपर्दछ ।

२५५. कुनैपनि भाँडोलाई कसेर भर्नाले भाँडो फुट्दछ । थेग्न नसक्ने गरी शिष्य अर्थात् चेलालाई ज्ञान दिन खोज्नाले त्यस अनुसार कार्य गर्न सक्तैन । जसको कारण सम्पूर्ण मार्ग नै छोड्न सक्तछ । यदि केही बाहिर रहन दिइयो भने जति अंश बाहिर रहेको हुन्छ नष्ट भएर जान्छ । सामान धेरै छ भाँडो सानो छ अब भन्नुहोस् गुरू यसको के उपाय छ ?

२५६. हे अवधूत ! सहज र स्वभाविक रूपमा शिष्यको मायिकतालाई लिएर हटाएर त्यसको स्थानमा ज्ञान दिनुपर्दछ । सहज र स्वभावबाटै प्रेम हुन

५९५ उही पृ. ९७, ९८ ।

थाल्दछ आकर्षण हुञ्छ । सहज अर्थात् स्वभाविक रूपमा प्रयत्न गर्दा पात्र ठूलो हुन जाञ्छ र उसमा सबै समायोजन हुन सक्छ ।

२५७. ब्रह्माका अतिरिक्त जे छ सबै माया अन्तर्गत छ । ब्रह्मानुभूतिसम्म पुग्नको लागि जति साधन छन्, सहायक सामग्रीहरू छन् ती पनि माया अन्तर्गत नै छन् । मायाको झोलामा वीज रूपमा समस्त त्रैलोक्य, त्रिकुटी अर्थात् त्रिवेणी र सूर्यचन्द्र पनि समाहित भएका छन् । यसकारण ब्रह्मज्ञानी, कहिल्यै भङ्ग नहुने अनाहद नादलाई सुन र सम्झी यसले तिमीहरूलाई मायाको क्षेत्रबाट बाहिर पुऱ्याउँछ ।[५९६]

२५८. गुरूवाहक (वाचक) गुरूवाणी ग्रहण गर्ने व्यक्ति या ग्रहण गर्नु । षोषा ? सम्भवतः सीषा अर्थात् शिष्य परम्परा चलाउनु, जो गुरूबाट प्राप्त हुञ्छ, त्यो अरुलाई दान दिनु । **यसको अर्थ ज्ञान आफूमा मात्र सीमित राख्ने होइन त्यसलाई बाँड्नुपर्दछ । जसले बाँड्दैन त्यो अधम हो ।**

३५९/६० क्रियाशील, इन्द्रियजित हुनुको सट्टा जो जो स्त्रीजित हुन चाहञ्छ दोस्रो शब्दमा भन्नुपर्दा स्त्रीद्वारा पराजित हुन जाञ्छ । यस प्रकारका मानिसहरुको गती नष्ट हुञ्छ । भागत भग्न गर्दछ आपसमा एकदोस्राले हराउँदछन् । उदिक, उदक, विन्दु, शुक्र आध्यात्मिक अनुभूतिहिन शुक्र रक्षाले मात्र केही पनि हुन सक्तैन । योगका लागि सबै अर्थमा ब्रह्मचर्य हुनुपर्दछ ।

२६१. विकर्ललाङ्ग भाँड, कुडा-कर्कट, कवाडी वाला, विसर्जन भएको सभा, चतुर स्त्री, अनपढ ब्राह्मण, गृहस्थ जोगीले नाथ भञ्दछन् भने हे पुत्र ! शिष्य यिनीहरूको साथ सङ्गत त्याग गर्नुपर्दछ । योगी मत्स्येन्द्रनाथको नारीरूपी सहजा, कुलजा र अन्त्यजाको बारेमा अगाडि नै उल्लेख गरिसकिएको छ । मत्स्येन्द्रनाथ प्रणित कौलज्ञान निर्णय र तान्त्रिक साधनामा योगी गोरखनाथको उपर्युक्त वाणी लागु हुँदैन । मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयका अनुसार 'योगिनी' एवं वीर दुवैलाई एक साथ पृथक-पृथक पात्रका रूपमा प्रयोग गर्दै साधना गर्नुपर्दछ । साधकले ६४ या ५८ योगिनीहरूको पूजा गर्नुपर्दछ । साधकको आफ्नो शक्ति श्रेणी र वर्गका अनुसार योगिनी एवं वीरहरूको समूहको यथाशक्ति रातो कपडा लगाएर

---

५९६ गोरखनाथ पुराण, पृ. ३२५ ।

पूजा गर्नुपर्दछ । अन्य आभुषणहरू धारण गर्नाले उज्यालोको अनुभव हुञ्छ । यसरी कुलाचारको विधिद्वारा पूजा गर्दै कुलाचार्य कुलपुत्रसँग अधिष्ठित रहञ्छन् ।[५९७] विवाहित नारी, सहजा, यौनकर्मी नारी 'कुलजा' हुन भने महाशक्तिशाली भगवती आदि देवीहरू अन्त्यजा हुन भने कुरा अगाडि नै उल्लेखित छ । महादेवीहरू जो क्षेत्रजाको रूपमा वीर महाकाली, दक्षिणकाली, मनकामना, मेलौली, वैतडी, उग्रतारा डडेल्धुरा सुपादेउराली अर्घाखाँची, छिन्नलता, पाथीभरा आदि देवीहरूका पीठहरू नेपालमा छन् । भारतमा महाकाल देवीकोटी, वाराणसी, प्रगाय चरित्र, एकाग्र, अट्टहास एवं जयन्तीमा रहेका देवीहरूको पूजा गर्नुपर्दछ । भैरव भन्नुहुञ्छः हे देवी ! क्षेत्रजा शक्ति यी प्रमुख स्थानहरूको मध्य हृदय स्थलबाट उत्पन्न हुञ्छन् ।[५९८] नेपाल ६४ योगिनी देवीहरूको क्षेत्र पनि हो । यसै प्रकार सत्य, त्रेता, द्वापर एवं कली चारै युगमा हे देवेश्वरी ! यी क्षेत्रमा शक्ति देवीहरूको सिद्धहरूद्वारा पूजाआजा गर्दै आइरहेको पाइञ्छ । हे देवी ! क्षेत्रजाको विषयमा त मैले भने अब पीठजाको विषयमा भञ्दछुः हे सुन्दर व्रतको पालना गर्ने देवी ! जुन प्रथम पीठको उदय भयो उसको नाम कामाख्या देवी हो । कामाख्या देवीका सात उपपीठहरू रहेका छन् जहाँ सिद्धहरूले निवास गर्दछन् । हे देवी ! द्वितीय पीठ पनि रहेको छ जुन 'पूर्णगिरी पीठ' हो । यसको उपपीठको रूपमा 'ओड्डियान पीठ' नामक महापीठ रहेको छ । 'अर्बुदम' अर्धपीठ रहेको छ । तथापि उपपीठसँग समन्वय गरिएको छ । पीठ, उपपीठ, सन्दोह, क्षेत्र एवं उपक्षेत्र आदि पनि छन् ।[५९९] हे कल्याणी ! हे वरप्रदान गर्ने योगिनी ! यी सबै पीठ-उपपीठ एवं सन्दर्भहरू उद्धृत हुँदै जाञ्छन्। यिनीहरूको पूजा गरेपछि सम्पूर्ण माताहरूले सिद्धि प्राप्त गर्दछन्। आफ्नो उद्देश्य प्राप्तिमा सफल हुन जाञ्छन्। हे देवी ! जो सिद्धहरू छन् उनीहरूले योगाभ्यास एवं मन्त्रको साधनाद्वारा, योग साधनाद्वारा योगजा मातालाई एवं मान्त्रिक साधनाद्वारा मन्त्रजा मातालाई जन्म दिञ्छन् ।[६००]

---

५९७ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३७२ ।

५९८ उही पृ. ३७२ ।

५९९ उही पृ. ३७३, ३७४ ।

६०० कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ३७५ ।

देवीकी सहजा नाम गरेकी माता युद्ध क्षेत्रमा अत्यन्त भयानक, शक्तिशाली सुन्दर रुरु नामक भैरवसमान हुन्छिन् । उनीद्वारा हव्यान्तको सेवन गरिन्छ साथै उनी सात जन्मको अन्त्यसम्म पुग्ने सप्त जन्मसमिपि पशुबद्ध जीवनलाई पनि दिव्यता प्रदान गर्दछिन् । हे देवीहरूकी पनि स्वामिनी ! उनको गर्भबाट उत्पन्न हुने जीव गदा तरल वस्तुको प्राशन अर्थात् भोजन गराएका कारण स्वयं आमाको गर्भमा नै सबै कुरा जान्दछन् । ब्राह्मी, माहेश्वरी, कौमार, वैष्णवी, बाराही, वज्रहस्ता, योगेश्वरी र अघोरेश्वीको नामले प्रसिद्ध छन् । यी सर्वव्यापक शक्तिदेवी माताहरूलाई वर्णमातृकाकी अधिष्ठान शक्ति, पीठेश्वरी भनिन्छ । यस अतिरिक्त द्वारपालिका पनि छन् जसद्वारा सम्पूर्ण सृष्टि व्याप्त रहेको छ । पञ्चजाल क्रम, नगर एवं सम्पूर्ण गाउँमा यी सम्पूर्ण देवीहरूको सिद्ध गुरूहरूका साथ नियमित पूजा, पाठ गरिन्छ । हे देवी ! मानिसहरूद्वारा पुण्य ग्रह नागदेवता, योगिनी एवं सिद्धगण कुलाष्टकको पूजा गरिन्छ ।[६७]

२६२. यो अज्ञानमय जीवन रात्री हो । बालक जीवन शुद्ध आत्मा हो । आधा जीवन बितिसकेपछि अज्ञानमा आवेष्ठित आत्माले पुकार मच्चाउँदछ । जीवनको समिक्षा गर्न थाल्दछ । अज्ञान र अन्धकारबाट बाहिर निस्कनका लागि कुनै शक्तिशाली सिद्धगुरूको सहारा खोज्दछ ।

२६३. उपर्युक्त शब्दहरू अत्यन्त बहुमूल्य छन् तथापि त्यसको मूल्य त्यतिबेला हुन्छ जब शब्दमा साङ्केतिक परब्रह्म दृष्टि पर्न जान्छ । नाथहरू यस्तो वाणी बोल्दछन् जसको वारपार छैन । जो इन्द्रियहरूले सुनेर मात्र ग्रहणीय हुँदैन ।

२६४. हाम्रो शब्द भनाईको तीव्रता खाँणाको जस्तै छ र रहनी सच्चा कथनी अर्थात् भनाई बोली अनुसार नै छ । यसको अर्थ बोली र व्यवहार समान छ । हामीले आदिनाथ परमात्माबाट आएको पत्रलाई पढ्यौं, जो न कागजमा लेखिएको छ न लेखमा ।

२६५. जब मन र पवनको योग जाग्दछ त्यतिबेला समर्थ शब्द अर्थात् अनाहद नादको उच्चारण हुन्छ । हे मन ! हे आत्मा ! तेरो मायालाई मैले चेली

---

६७ ऐजन पृ. ३७६ ।

बनाउँदछु र पवनलाई बहादुर शक्तिशाली किनभने जहाँ मन र पवन पुग्न सक्तैन त्यहाँ मैले लगाएको छु। कोवत, कुवत, शक्ति।

२६६. हे योगी ! तिमी कुन देशबाट आयौ ? कहाँ जाने इच्छा छ ? तिम्रा दिदी, बहिनी, भाञ्जा, भाञ्जीहरू को हुन् ? जसमाथि कृपा दृष्टि रहन जाओस्। खुट्टा कहाँ राख्दछौ ? कहाँ जान्छौ ? उत्तरमा यसको अर्थ लगाइएको छ कसलाई दमन गर्दछौ ?

२६७. हामी मायाको देशबाट आएका हौँ। ब्रह्मतत्त्वसम्म पुग्ने इच्छा रहेको छ। कुण्डलिनी हाम्रो बहिनी र भाञ्जी हुन्। जसलाई माथितर्फ अर्थात् उर्ध्व मार्गद्वारा खोल्न भीख मागी रहेका छौँ। पापीहरूलाई हामीले समाप्त गर्दछौँ। गृहस्थ बहिनी भाञ्जीलाई दान दिञ्छौँ। योगीले उनीहरूसँगै भिक्षा माग्दछ। कुण्डलिनी शक्ति स्वरूप अर्थात् माया हो। गृहस्थहरूलाई मायाको जञ्जालले धेरैभन्दा धेरै स्थूल अर्थात् भौतिक संसारको जालोमा रुमलिने बनाइदिञ्छ जसरी माछामा नै मछुवाराको जालमा माछो हुञ्छ। गृहस्थ जञ्जालको कारण कुण्डलिनी सुत्न जाञ्छ। भौतिक बाहिरी संसारको माया हरण गरेर मात्र योग कुण्डलिनी जागृत हुञ्छ, जागृत गराउँदछ। मणिपुर चक्रलाई कुण्डलिनीको निवास मानिञ्छ। मणिपुर चक्र र उसको संसर्गलाई कुण्डलिनीको पनि धर्ती भनिञ्छ। पश्चिम, पश्चात, भाग अर्थात् सुषुम्ना या साधक अवस्थामा माया।[६०२]

२६८. शक्ति मृगयामा ऋद्धि अथवा सुनको कोषको बाहानामा बलपूर्वक प्रचार गरे। यसको अर्थ पैसा र शक्तिका बलमा प्रचार गरियो। तथापि मैले गुरूको दीक्षा प्राप्त गरेको छु। म त्यतिबेला मात्र गुरूको चेला हुन सक्तछु जब हिँड्दा हिँड्दै झर्न सकुँ।

२६९. नाथ भञ्दछन्ः मेरा दुवै पन्थ पूरा छन्। शारीरिक संयम र हृदयको दृढभाव, सत् यी दुवै एक दोस्रोबिना चलायमान हुन सक्तैनन्। सत्यता बिना सूर्य हुन सक्तैन जो असत्य छ त्यो काल रहञ्छ किनकि उसले आफूले आफैसँग झुठ बोलीरहेको हुञ्छ। सत् क्रिया अर्थात् सत्य मार्गको काममा प्रयत्न गर्नु हाम्रो कर्म हो। हे देवी ![६०३]

६०२ डा. पिताम्बरदत्त बड्थ्याल: गोरखवाणी, पृ. १०१, १०२।

६०३ उही पृ. १०२, माया की बलि अथवा बाखा वाकलि (?) तुम्हारे।

२७०. जसले कथाहरू भन्दछ ऊ हामीभन्दा सानो हो । वेदपाठी पनि अर्थात् वेदपाठ गर्नेहरू पनि सानै हुन् । जो रहनी रहन्छ भनाई र गराईमा समानता छ, आफूले भनिरहेको सत्मार्ग कुरालाई व्यवहारमा उतार्दछ त्यो हामीभन्दा पनि श्रेष्ठ हो । हाम्रो गुरू हो । जसले सत्मार्गको वचन अनुसार व्यवहारमा क्रियाशली छ हामी उसका साथी पनि हौ ।

२७१. जसले वाणी बोली अनुसार सत्यको बाटो व्यवहारमा कर्म गरिरहेको छ ऊ हाम्रो गुरू हो । हामी उनका चेला हौँ । मनमा मान्यता राख्दै गुरूका साथ घुम्दै फिर्दै होइन एक्लै खुसीमा रमाँदछौँ ।

२७३. दरसण, अर्थात् कानको मुद्रा भेव, भेद ।

२७४. बाह्र, अठार, तीस र चौसठ्ठी श्वास छन् । यी कर्महरूबाट यति श्वास टुट्दछ जसलाई वास्तवमा अजपा जपद्वारा आदिनाथको नम मरणमा लगाउनु पर्दछ । यसकारण यी कर्महरूबाट आदिनाथको भक्ति कसरी सम्भव हुन सक्तछ ?

२७५. नासाग्रमा अथवा भ्रु-मण्डल या भ्रुमध्यमा दिनरात स्थिर होऊ । दृष्टिलाई स्थिर राख । यसबाट आवागमन मेटिंन जाञ्छ । आमाको गर्भमा आउनु पर्दैन, उनको दुध पिउनु पर्दैन ।[६०४]

---

६०४ उही पृ. १०३ ।

पदः राग-रामग्री

- रातको चारै प्रहर स्त्रीको काखमा अर्थात् श्रीमती नारीको काखमा सुतेर यो संसारका मानिसहरू विषमा बगिरहेका छन् । योगी गोरखनाथले खडा भएर चेतावनी दिनुहुञ्छ र भन्नुहुञ्छः हे भाइ बन्धु, आमाहरू मूल शुक्रबाट पराजित नहोऊ ।[६०५]

- अमावस्या, प्रतिपदा अनध्वाय रहञ्छन् । योगीका लागि शून्यमा मन र शरीर लगाउनु नै अभावस श्रम शून्य हुनु हो । त्यही मङ्गलबारको व्रत पनि छ । दशमी तिथीमा ब्राह्मणले वेद पाठ गर्दछन् । तथापि योगीको लागि दशमी मान्नु यम नियम आदिद्वारा शरीरको दोष हटाउनु हो । प्रतिपदा तिथिको अनाध्याय आदि कर्म श्रमद्वारा निरस्त हुनु योगीका लागि ब्रह्मानन्दमा मग्न हुनु हो । द्वितीया तिथिमा चन्द्रमाको दर्शन पञ्च अर्थात् पाँच ज्ञानेन्द्रियको शब्द रस आदि विषयबाट रक्षा गर्नु हो ।

- बाहिरबाट हेर्दा साँझमा सुत्न जाऊ । तथापि भित्र मध्य अर्थात् बिचमा जाग्दै गर । यसप्रकार त्रिकालको सन्ध्या अवस्थामा पहरा दिनु पर्दछ । त्रियामा अर्थात् रातीको तेश्रो प्रहर समाप्न हुँदा तेश्रो कालमा दृष्टिघात लगाईरहेको हुञ्छ । अर्थात् ब्राह्म मुहूर्तमा पनि अचेत भएर सुती रहनेहरू काल ग्रस्त हुञ्छन् । यसकारण योगीहरू ब्रह्ममुहूर्तमा जागै रहञ्छ । यो देवलनाथको वचन हो ।[६०६]

- स्त्रीको अङ्गमा अर्थात् पासमा साथमा सुत्नु यमको भोग गर्नु या भोग हुनु हो । हे मत्स्येन्द्र ! यसैगरी अमर होऊ । गोरखनाथ यसरी भञ्दछन् ।

- आफ्ना गुरू मत्स्येन्द्रनाथलाई गोरखनाथ भन्नुहुञ्छः हे गुरू लोभ र मायालाई अलग अर्थात् स्पर्श नगरीकन नछोइकन छोड्देऊ । हे गुरूदेव ! आत्माको परिचय राख । जसबाट यो सुंन्दर काया सुरक्षित रहन जाओस् ।

६०५ म = मा, नही, मत ।

६०६ गोरखवाणी, पृ. १०५, 'पहलै पहरै सव कोई जागै, दुनै पहरै भोगी । तीजै पहरै तस्करी जागै, चौथे पहरै जोगी ।

नष्ट हुन नपाओस् । विधान गुरूबाट आएका कान्हापावसँग भेट भएको थियो । उनैबाट तपाइँको यो दशा पत्ता लाग्यो । गोरखनाथ आफ्ना गुरू मत्स्येन्द्रनाथलाई यसरी भन्नुहुन्छः हे गुरूदेव ! तपाइँ कामिनीको जालमा प्रर्नुभएको छ । गुरूको सम्बन्ध भएका कारण कान्हापावले दिएको सन्देशलाई उपदेश भनिएको छ । यहाँ जे कुराहरू भनिएको छ अर्थात् तपाइँको पतन भ्रमका कारण भइरहेको छ । तपाइँले अमृतरसको वाधनी अर्थात् माया गोदमा राखिदिनुभयो । योगी गोरखनाथ भन्नुहुन्छः वाधनी माया धुँ धुँ आवाज स्वर बज्नासाथ ताल मिलाएर नाच्दै मायाको प्रेमद्वारा, हे गुरू ! तपाइँले आफ्नो सम्पूर्ण आध्यात्मिक कमाई समाप्त गर्दै हुनुहुन्छ ।

➤ कतिपय वस्तुहरू यस्ता हुन्छन्, जो बगेपछि नष्ट हुन जाने अंशका साथ तव पदार्थ निस्कन जान्छ । कतिपय वस्तुहरू फेरि यस्ता छन् जो उसको अंश निस्किएपछि तत्त्व वस्तु बन्न जान्छ । यसैगरी कतिपय मतहरूमा सार वस्तुको ग्रहण नभएर बाहिरी कुराहरू ग्रहण हुन्छन् र दोस्रोमा केवल सारतत्त्व ग्रहण हुन्छ, बाहिरी अनावश्यक कुराहरू हुँदैन । यो मत यही दोस्रो प्रकारको हो ।[६०७]

➤ द्वादशी तिथिको सूर्यको दोषलाई चन्द्रमाबाट टढा गराउनु जसबाट जीव र ब्रह्मको ऐक्यबद्धता हुन जान्छ । चौदह ब्रह्माण्डको एक प्राण हो । वीजमा नै रुख समाहित हुन्छ । जस्तो वरको वीज कति सानो हुन्छ तर त्यो विशाल वृक्ष त्यही वीजभित्र हुन्छ । माया आत्मामा लीन हुन जान्छ ।

➤ हे भाइ ! जुन पुरुषको हृदयमा परमात्माको परख तत्त्व बसेको छ र जुन पुरुषले त्यसको पहिचान प्राप्त गर्दछ त्यो पुरुषको मेलले उसको रस ब्रह्मनन्दको रक्षा गर्दछ । यसप्रकार पुरुषद्वारा उसले आफ्नो ब्रह्मतत्त्व उत्पत्ति गर्दछ । उसलाई ब्रह्मानुभूति हुन जान्छ ।

➤ जहाँ सूर्य, चन्द्रमाको ज्योतिबिना ब्रह्मज्योतिको प्रकाश हुन्छ, त्यहाँ ब्रह्मको आसन गर्ने अवस्थामा सहज आनन्द प्राप्त हुन्छ ।

➤ मनभित्रको बाँधिएको हिरा अर्थात् आत्मज्ञान जब पहुँचमा आउँदछ खोजीको लागि प्रर्याप्त हुन्छ । त्यही नै उसको खानपिनको साधन छ । त्यसलाई देखेर सहज आनन्द मिल्दछ ।

---

६०७ ढही पृ. १०७, परवै = नष्ट हुन गयो । आवटै = चक्कर लगाउँदछ । चिता-भनि ...... एता = अर्थात् चिताव मणि = चित्तलाई चेतावनी दिनु ।

- योगी गोरखनाथ हरेक विषय वस्तुहरू विचार गरेर तौलेर मात्र हेर्नुहुन्छ। अमूल्य रत्न शुक्र अर्थात् परब्रह्मलाई गाँठमा बाँध्नको लागि भिडभाडमा पनि अगाडि बढ्नुहुन्छ। यदि विन्दु छ भने शरीर नष्ट हुँदैन। विन्दुको आश्रय राम्रो छ भने अस्तिबाट पनि सिद्ध हुन सक्तछ अक्षायबाट पनि।

- गगन सिखर, त्रिकुटी, ब्रह्मरन्ध्र अथवा माथि पुगीसकेको ब्रह्मानुभूतिमा पाँणी अमृतलाई पूर्णिमा तिथिको चन्द्रमाले सम्पूर्ण अमृत दान गरिरहेको हुन्छ। योग युक्तिबिना मूलाधार स्थिर सूर्यद्वारा सोख्दछ जसको परिणाममा अमृत क्षीण हुँदै जान्छ। स्त्रीसँग रहेर पनि पुरुष जो वस्तुतः पूर्ण छ यही अवस्था महिलाहरूको बीचमा हुन जान्छ।

- म जात जातिहरूको सुनलाई गाल्न सक्ने सुनारजस्तै हुँ। मलाई आत्मानन्द अमृत रसरूप सुन देऊ। धमणी अर्थात् धौकनी श्वासक्रियालाई धौका श्वास क्रियाद्वारा अजपाजप सिद्ध गर। यही रसमा जम्नु पर्दछ। अजपाजपद्वारा चञ्चल मन स्थिर हुन जान्छ। यसैबाट ब्रह्मरन्ध्रमा महारस योग अमृतको प्राप्ति हुन्छ।[६०८]

- अषै आरण अर्थात् अक्षाय रूपी वन, जङ्गलमा सहज नलियाँ अर्थात् इडा, पिङ्गलाद्वारा सहज अग्निलाई फुकेर, रती, गुँञा या घुँघुची छोटो वस्तु, रतीको काम अर्थात् अल्पमाया, मासा अर्थात् अधिक ब्रह्म, हामीहरूको हातमा छोटो भौतिक अर्थात् स्थूल शरीर रहेको छ। यो भन्दा महान आत्मतत्त्वलाई लिएर त्यसैमा निवास गर्नुपर्दछ। यसप्रकारले आत्म, धनलाई जोड्नुपर्दछ। धन गाठ अर्थात् ग्रन्थीमा बाँधिएर रहेको हुन्छ। यसकारण लक्षणबाट ग्रन्थीको अर्थ धन हुन जान्छ। 'ग्रन्थी' बाटै 'गरथ' बन्दछ।[६०९]

- हे विद्वान् ज्योतिषहरू ! हेर र विचार गर सर्वप्रथम पुरुषको उत्पत्ति भयो कि नारी अर्थात् स्त्रीको ? आदिनाथ परमेश्वरको भयो कि मायाको ? बाबु ब्रह्म अथवा ईश्वरले जहाँ न हावा छ, न बादल रहेको छ त्यहाँ बिना खम्बाको मण्डप रहेको छ त्यही उत्पादन अर्थात् उत्पत्ति गर्ने माया छ। जतिबेला बाबु नै थिएनन् त्यतिबेला पनि ऊ बसिरहेको अवस्थामा विद्यमान थियो। यी माता बाल कुँवारी हुन्। उनले आफ्ना स्वामीलाई पाल्न पठाइन्, हिँड्ने घुम्ने भए। अर्थात् पतिको लालन-पालन गरिन्। ब्रह्मा, विष्णु आदि

---

६०८ उही पृ. ११० ।।टेका। घटिस्यूं = गट्टँगा।

६०९ उही पृ. १११। गढियाँनाँ = गद्याण अर्थात् एकतौ छ महिना बराबर हुन्छ। गद्याणो भाषकै षड्भिः शार्ङ्गधर सँहिता १, १, ४०, योग चिन्तामणि, १, १०३।

महेश्वर यी तीनैलाई मैले नै जन्माए र म नै यी तीनैजनाको घर गृहिणी पत्नि पनि हुँ । यिनीहरू दुवैको हातमा मेरो माया छ । यिनीहरूले जुन काम गर्दछन् सबै मेरो मायाबाट नै गर्दछन् । इडा पिङ्गला मेरो चारैतर्फ छन् । जीव या प्राणको रजाइ छ । पृथ्वी अर्थात् माटो, ढुङ्गा, पानी आदि अर्थात् सम्पूर्ण सृष्टि मेरो पछाडि मलाई पछ्याएर हिँडीरहेको छ । तथापि त्यो मैले बिछ्याउने च्यादर अर्थात् तन्ना जत्रो पनि छैन । यसको अर्थ अपुरो छ । जीवन ढिकीमा कुट्दैमा बित्न थाल्यो तर पनि धान कुटेर चामल बनाउन सकिएको छैन । अर्थात् यसको अर्थ कर्मको बन्धनमा बाँधिएको दुःख कष्टबाट छुट्कारा पाउन सक्तैन । जसरी ढिकीमा कुटेको चामल सफा गरेर पकाउन लायक बनाउन नाङ्लो अर्थात् सुपोले दायाँ, बायाँ, तल, माथि फट्कन र केलाउन पर्दछ र पकाउन लायक चामल तयार हुन्छ । योगी मत्स्येन्द्रनाथको प्रसादले यति गोरखनाथ भन्नुहुन्छः यसप्रकारको तत्त्वलाई विचार गरेर देख ।[६१०]

- हे पाँच भाइ ! पञ्च इन्द्रियहरू हिँड त्यो वनमा जाऊ जहाँ सुख, दुःखको नाम निशान पाइँदैन । यहाँ त सबै सुख, दुःखमा परिवर्तन हुन जान्छ ।[६११] आत्मा नै सबैभन्दा ठूलो देवता हो । आत्मा नै गुरू हो र यही नै परमतत्त्व शिव हो । यो स्वयं शरीर भित्र छ । उसको सेवा गर्न जान्दैनौ अन्य देवताहरूलाई पूजा गरी व्यर्थमा मर्दछौ । नवद्वार इन्द्रियको नौरन्ध्रमा नवै हात छन् । त्रिवेणी त्रिकुटीमा जगन्नाथ अर्थात् सोपाधिक ईश्वर छन् । दशमद्वार ब्रह्मरन्ध्रमा केदारनाथ स्वयं आदिनाथ शिव परब्रह्म छन् । योगको सार तत्त्वमयी सच्चा युक्ति प्राप्त हुन गयो भने योगी गोरखनाथ भन्नुहुन्छः संसारबाट पार हुन जान्छौ ।

- हे मेरो मन अर्थात् मनको इच्छा तिमीले आफ्नो व्यापारलाई, क्रियाकलापलाई बाँध अर्थात् नियन्त्रण गर । प्राण पुरुष उत्पन्न हुन गएको छ । अर्थात् मन र पवनको संयोग सम्भव हुन गएको छ । यसप्रकार मन, पवनको योग अथवा प्राणायामले जागेको योगी अध्यात्म अर्थात् आत्मसम्बन्धी प्रयत्नमा लागिरहेको छ । उसलाई यो शरीर रूपी नगरमा प्रवेश गर्नुछ । पवन पुरुष अर्थात् भित्रबाहिर गर्ने श्वास प्रश्वास नै जपको माला हो जसले प्रत्येक दिन २१ हजार ६ सय जप गर्दछ । इडा, पिङ्गला र सुषुम्नाको

---

६१० डा. पिताम्बदत्त बड्थ्याल, गोरखवाणी, पृ. ११२ ।

६११ विसहर-विषहर, साँपा ।

नलीमा पवन बराबर बगिरहन्छ ।।१।। एकबीस ..... माली = योगीहरूका अनुसार मानिसले प्रतिदिन २१ हजार ६ सय पटक श्वास लिन्छ। यी सबै श्वासहरूका साथ 'सोऽहं हंसा'को जपलाई 'अजपा जप' भनिन्छ। जप श्वास क्रियाद्वारा स्वयं बेखबर हुन जान्छ। हामीले त्यसतर्फ आफ्नो ध्यान लगाएर उसलाई सज्ञान रूपले हेर्नुपर्दछ।[६१२]

- सूक्ष्म तत्त्वको धारा छुटेर स्थूल अर्थात् भौतिकताको निर्माण हुन्छ। स्वाधिष्ठान र विशुद्ध आदिचक्र त्यसै धारामा बनेको छ। यस धारामा अर्थात् यिनै चक्रहरूमा ब्रह्मचारी अर्थात् आत्माको बासस्थान रहेको छ। सम्पूर्ण नाडीको जालमा नौ सय नदी पनि हारिन चलायमान भएर पुष्टि कर्तृ प्राण धाराबाट जीव आत्मा, हंसलाई सिञ्चाई गर्दछ। जसबाट आत्मारूपी बेल पुष्पित हुन जान्छ। तत्पश्चात् ईडा चन्द्र नाडीको शीतलता ज्ञान उत्पन्न हुन जान्छ। यसले पटक-पटक आफ्नो कर्म गर्दछ। तलतर्फ बग्ने अमृत अथवा पवनको धारालाई माथितर्फ लगेर ब्रह्माण्डमा चढाउ र चन्द्र नाडी र सूर्यनाडीको मेल गराउ।

- ब्रह्मरन्ध्रमा यी दुवै सूर्यनाडी र चन्द्रनाडी लोप हुन जानाले अर्थात् सुषुम्नाको प्रमुखताले बाह्य अर्थमा घोर अन्धकार हुन जान्छ। पाँच सैनिक अर्थात् पञ्चइन्द्रिय रात आएको जानकारी पछि सुत्दछन्। प्राकार अथवा सिंहद्वार प्रकट हुन गएपछि भित्र जाने बाटो देखापर्दछ। तत्पश्चात् आध्यात्मिक जीवनमा प्रवेश गर्ने बाटो खुल्दछ।[६१३]

- मन नै योगी हो काया उसको गुदी हो। यो रहस्यको जानकारी मैले गुरूबाट प्राप्त गरे। योगी गोरखनाथ भन्नुहुन्छः यो रहस्यलाई सुरक्षित राख। शहर, बजारमा चोर डाँकाहरू हिँडिरहेका छन्।[६१४]

- अवधूतहरूले धेरै चिन्तन, मनन विचार गरेर तत्त्वलाई बुझ्ने सन्देश दिएका हुन्। जसलाई पृथ्वीमा मानिसहरूले बकवास सम्झिरहेका छन्। यस तत्त्वको व्याख्या, वर्णन पूर्णिमा र अमावस्यालाई मिलाएर १६ तिथिहरू बारेमा योगमा व्याख्या गरिएको छ। कतिपय तिथिहरू स्पष्ट उल्लेख छैनन्। अष्टकुल पर्वत बिना जलबाट तैरनु आश्चर्यजनक विषय हो।

६१२ गोरखवाणीः षट्साँ = षट्दलकमल, स्वाधिष्ठान चक्र। षोडि कवलदल = षोडशदल। कमल = विशुद्ध चक्र।

६१३ गोरखवाणीः विलुधा = विलुप्त, विलुत, विलुद्ध, विलुध्ध, विलुधा = लोप हुन जानु। पौदया = सुत जानु। पीलि पगार = प्रकारमा फाटक। रुडा = राम्रो गरी रक्षा गरिएको अवस्था।

६१४ उही पृ. ११५, षड्रिपु = यस रहस्यलाई अनुभवमा बाँधेर राख्नु।

अष्टकूल पर्वत स्थूल अर्थात् भौतिक काया हो भने जल अर्थात् पानी सूक्ष्म माया । कायामा माया र आत्मा दुवै छ । जल अर्थात् मायारहित भएपछि व्यक्ति मुक्त हुन जाने या तर्ने कुरामा कुनै शङ्का छैन । द्वैज मन पवनको संयोगले अगम ज्योति प्राप्त भएको छ । जसका सामु सूर्य, चन्द्रमा तारागणहरू हुञ्छन् । तीज त्रैगून्य परिवारको राज्य अब रहँदैन । चौथो जगतमा सिद्धिकुण्ड रहञ्छ । पञ्चमी सहस्रारमा अवस्थित हुन गएको छ । छैठौँ उल्टो, अन्तर्मुख प्रवृत्ति हुन गएको छ । सप्तमी अलख ज्योतिको दीप अर्थात् बत्तिको बलमा उठेको छ । आठौँ कुण्डलिनी शक्ति सिद्ध हुन गएको छ । नवमी, नौ खण्ड पृथ्वी र २१ खण्ड ब्रह्माण्डं कायाको भित्र छ । दशमीको उल्लेख अन्त्यमा छ । एकादशी, एकतार, एकरसले समाधि लागिरहेको छ । द्वादशीः इडा, पिङ्गलाको त्रिकुटीमा सुषुम्नाद्वारा मिलन हुन गएको छ । त्रयोदशीको उल्लेख गरिएको छैन । चतुर्दशीमा चित्त ब्रह्ममा लीन हुन जाञ्छ । पूर्णिमा अमावस्यमा षोडश दशकमल विशुद्ध चक्रद्वारा सिद्ध भएपछि योगीको बत्तिस लक्षण प्राप्त हुन जाञ्छ र जन्म मृत्यको भवसागर नष्ट हुन जाञ्छ । दसई, उन्मनी, समाधिद्वारा निरञ्जन रूप भएर दशौँ द्वारमा फर्किएर त्यही शब्दमा समायोजन हुञ्छ, जहाँबाट उत्पन्न भएको थियो । योगी मत्स्येन्द्रनाथका चेला गोरखनाथ भन्नुहुञ्छः यसप्रकार आफ्नो मूल अविचलित रूपमा स्थिर हुन जाञ्छ ।

- अष्टकूल पर्वतः महाभारतका अनुसार कूल पर्वत ७ वटा छन् । महेन्द्र, मलय, सह्य, शुक्तिमान, ऋक्षवान, विध्याचल र पारियात्र । तथापि नाथ मार्गीहरूले योग मार्गीहरूले हिमवत्खण्डलाई केन्द्र माञ्दछन् । हिमवत्खण्डलाई योगीहरूले निकै ठूलो महत्त्व दिञ्छन् ।[६१५] नेपाल योगी गोरखनाथले अवतरण गरेको हिमवत्खण्डको केन्द्र हो ।.

- ॐ शिवलाई नमस्कार छ । ॐ शिवलाई नमस्कार छ । दिन रात प्राण वायु चली रहँदा त्यसको बलले 'सोऽहं हंसा'को जप श्वासद्वारा भइरहञ्छ । यस्तो वायु मन्त्रलाई कसले उत्पन्न गऱ्यो ? जसले यसप्रकारको मन्त्रको विभिन्न अक्षारहरू मलाई सम्झाइ दिञ्छ उनै मेरा गुरू हुन् र म उनको चेला हुँ ।

- यस पवन मन्त्रको मूल उत्पत्तिकर्ता ॐकार हो, ॐकारबाट नै सृष्टिको धारा छुट्दछ । ॐकार सम्पूर्ण संसारमा व्यापक रहेको छ । ॐकार

६१५ गोरखवाणी, पृ. १२७, बतीसी- बत्तीस लक्षणका लागि अगाडिको ग्रन्थ बत्तीस लक्षणमा हेर्नुहोस् ।

नाभि, स्वाधिष्ठान, हृदय अनाहद, षोडश या द्वादश कमल चक्रमा निवास गर्दछ । ॐकार नै देवता हुन् र ॐकार नै गुरू । ॐकारको साधनाबिना सिद्धि प्राप्त हुँदैन ।

- मूल ॐकारको अभिव्यक्त रूप नादमा नै ब्रह्मा, विष्णु र महादेव लीन छन्। जानेर बुझेर राम्रोसँग यसको रक्षा गर । अर्थात् नादलाई घर-घरमा संहाल र रक्षा गर । किनकि नाद नै सबै कुराको घर हो ।

- यही नै वायुको शब्द हो । षट्चक्रलाई वेद्य गरेर वायु तल, माथि, बीचमा सर्वत्र फैलिञ्छ । 'सोऽहं हंस' मन्त्र रूप यो वायु प्रत्येक शरीरमा प्रवाहित हुञ्छ । वायुकै कारण विन्दु अर्थात् शुक्र गुरूमुख भिक्षामा अथवा ब्रह्मरन्ध्रमा स्थिर हुन जाञ्छ ।

- वायुद्वारा मनको नियन्त्रण हुञ्छ । मनले मनलाई नै मार्दछ । मन नै स्वयं मनको साधना हो । मन नै तार्ने मुक्ति दिने र स्वयं मन आफै मुक्ति पाउने र तर्ने पनि हो । यदि मनमा स्थिरता भयो भने तीनै लोक पार गर्न सकिञ्छ । शुरुवातमा पनि मन नै छ अन्त्यमा पनि मन नै छ र बीचमा पनि मन नै रहेको छ । अर्थात् मूलरूपमा मन शाश्वत तत्त्व हो । बाह्य भौतिक जगतमा मनलाई विवश गराउने विषय विकार पनि मनद्वारा नै छुट्न सक्तछ ।

- रगत शक्ति स्वरूप हो र विन्दु शिवस्वरूप । बाह्र कलाहरू मूलाधारस्थित अमृतलाई शोषने सूर्यका छन् । त्यसैगरी सहस्रारस्थ अमृतस्रावक चन्द्रमा १६ कलाहरू छन् । अहिले सूर्यको कला प्रमुख छ । अर्थात् शक्ति या माया प्रवल छ । यदि शिवका चार कलाहरू शशिमा मिल्न जाँदा शिव र शक्ति समान हुन जाञ्छ अर्थात् परम अनुभूति हुन जाञ्छ । जसको आदि र अन्त्य हुँदैन । सूर्यका चार कला र बाह्र कला साथै चन्द्रमाका सोह्र कलाका लागि देखिने 'रोमावली ग्रन्थ'को अन्तिम अंश हो ।[६१६]

- यही परम अनुभूति गम्यतत्त्व राजा राम हो अर्थात् आत्माको स्वरूप हो। जसको शरीरका सबै अङ्गहरूमा निवास छ । यही तत्त्वले सहजलाई प्रकाशित गर्दछ । यो बिना पञ्चतत्त्व रहन सक्तैन । आत्मबोध भएपछि यसैमा पञ्चतत्त्व समयोजित हुन जाञ्छ । योगी गोरखनाथ भन्नुहुञ्छः यी सबै विषयहरू ब्रह्मले थाहा पाउँदछन् ।

---

६१६ उही पृ. १९९ ।

- हे अवधूत ! जप-माला पहिचान गर । त्यस्तो जप मात्र जप गर्ने गर जसबाट वास्तविक ब्रमानुभूति फल प्राप्त होस् । जुन अगम्य जपको जप योगी गोरखनाथले गर्नुभयो त्यसलाई कसै कसैले मात्र जाञ्दछन् ।

- कमलचक्रलाई मुख बनाऊ । काया मनको सुन हो भने चैतन्य जप माला हो जो मनमा गुनगुनाई रहञ्छ । योगी गोरखनाथ भन्नुहुञ्छः यसप्रकारको जप गर्दा अन्य जन्मको पाप पनि छुट्न जाञ्छ ।

- लोक वाचकहरूले मन्त्रको जप गर्ने गर्दछन् । त्यसमा अक्षरहरूको अलग अलग सँख्या रहेको हुञ्छ । जस्तो द्वादशाक्षर, षोडशाक्षरमन्त्र । योगी गोरखनाथ जुन मन्त्रको जप गर्नुहुञ्छ त्यसको बाह्य वाणीहरूसँग सम्बन्ध हुँदैन । यसकारण एकाक्षरी-द्वियाक्षरी दोस्रो प्रकारको अर्थ लाग्दछ । त्यसको लागि शून्य र स्थूल अर्थात् भौतिक, आत्मिक र बाह्य शब्दमय, आभ्यन्तर अर्थात् आन्तरिक र बाह्य । दुवै वाणी अर्थात् स्वरहरू एकाकार अद्वय परब्रह्मका हुन् । जो पिण्ड र ब्रह्माण्डमा समान रूपमा व्याप्त छन् । जप नै एकाक्षर मन्त्र जप हो । यही एकाक्षरी हामीले गुरू मुखबाट सिकेका छौँ ।[६१७]

- द्वियाक्षरी जप यस्तो जप हो, हामीले निराकारको जप गर्दै यस लोकमा र परलोकमा, निर्गुण र सगुण, सूक्ष्म र स्थूल दुवै पक्षको उद्धार गर्दछौँ । यसप्रकार जुन जपले सम्पूर्ण सृष्टि उत्पनन भएको छ त्यसैको कथन महायोगी गुरू गोरखनाथले गर्नुभएको छ ।

- त्रिकुटीमा ब्रह्मको कुण्ड छ, आत्माको निजस्थान छ । योगी गोरखनाथले अजपाजप गर्दै कल्पनाभन्दा बाहिर अनुपम ज्ञान प्राप्त गर्नुभयो । यही त्र्यक्षरी मन्त्र जप हो ।

- चतुर्वेद ब्रह्ममा उद्भिज, उषभज, अण्डज, पिण्डज चार खानी तथा सहज, संजम, सुपाइ र अतित चार प्रकारका वाणी अर्थात् आवाजहरू पैदा गर्नुभएको छ ।[६१८] यसको बीचमा अजपाजप जप्दै स्थिर रहनुपर्दछ । योगी मत्स्येन्द्रनाथको प्रसाद गुरू शिक्षाले योगी गोरखनाथ भन्नुहुञ्छः चतुरक्षरी मन्त्र जप हो ।

- परब्रह्ममा रमाउँदै रामदेखि चौगानसम्मको खेल खेल । अहङ्कार, अभिमान र घमण्डमा किन भुल्ने गरेका छौ । पृथ्वी र आकाशको बीचमा कुनै

---

६१७ उही पृ. १२० ।

६१८ खाणी वाणी ग्रन्थ, पृ. ५० ।

अन्तर छैन। यो अन्तरलाई नमान्नु अर्थात् अभेद दृष्टि नै कैवल्य मुक्तिको विशाल मैदान हो।

- एउटै परब्रह्ममामा अनन्त सृष्टिको निवास छ, अनन्त सृष्टिमा एकै परब्रह्मको निवास छ। त्यही एक्लै नै यसले अनन्त सृष्टि उत्पन्न गरेको छ। जब आभ्यान्तर अर्थात् भित्री हृदयमा त्यो 'एक'को परिचय प्राप्त हुन जाञ्छ त्यतिबेला सम्पूर्ण अनन्त सृष्टि एकैमा समायोजन हुन जाञ्छ।
- अनाहद नाद भाँडा बनाउने इन्जिनियर कामीको आरन जस्तै हो र विन्दु अर्थात् शुक्र हथौडा हो। इडा-पिङ्गला नाडी हावा चलाउने धकधकी हो। मूलाधारलाई दबाएर दृढ आसनमा बसेपछि आवागमन मेटिन जाञ्छ।
- सहजको जीन पवनको घोडा हो। लयलाई लगाम बनाउ। चेतना आत्मालाई सवारी बनाउ। यसप्रकारका सबै उपायहरू छोडेर सवारी हुँदै गुरूज्ञानसम्म पुग र त्यसलाई प्राप्त गर।
- मैले त्रिभुवनको अनुसन्धान गर्दा देखेँ, छानेँ, परब्रह्म भेटाउन सकिएन, जो तीलको बोट थियो। तथापि जब विधाताले हृदयमा भाव उत्पन्न गरायो अर्थात् सच्चा लगन पैदा भयो जसलाई मैले खोजीरहेको थिएँ त्यो मनै रहेछु।
- मैले भनिरहेको छु, परब्रह्म छन्, तर कसैले पनि विश्वास गर्दैन। यदि परब्रह्म छैन भने अनन्त सिद्धहरूले यति कष्ट साध्य साधनाद्वारा किन प्रयत्न गरिरहेका छन्? वास्तविकता त यो हो कि हे महायोगी मत्स्येन्द्रनाथ! यी सबै साधनाको उद्देश्य हिराबाट हिरालाई नै छोट्ने, आत्माबाट परमात्मामा प्रवेश गर्नु रहेको छ। अर्थात् परब्रह्म आदिनाथ परमात्मा भएर नै सिद्धहरूले प्राप्तिको लागि कष्ट साध्य साधनाका साथ प्रयत्न गरिरहेका छन्।[६१९]
- तत्त्वको विषयमा यसप्रकारको व्याख्या विश्लेषण गर कि मनमा विश्वास जागोस्, खरो रूपमा पुष्टि प्रमाणित होस्। योगी गोरखनाथले सहज ज्ञानको वर्णन गर्नुहुञ्छ। पञ्च ज्ञानेन्द्रिय बेल हुन भने नवरन्ध्र गाई जसका लागि सहज भावतर्फ बाखाको रूपमा व्याख्या गरिएको छ अर्थात् उसको प्रवृत्ति सहज अनुरूप हुन गएको छ। मेरो मनमाथि तर्फ उड्न लागेको छ।
- सुरहट अर्थात् धेरै माथि घाट अर्थात् स्थानको म व्यापारी हुँ। शून्यलाई मैले व्यापारको लागि राखेको छु। अर्थात् बेच्ने सामग्री शून्य बाहेक केही

६१९ डा. पिताम्बरदत्त बड्थ्याल: गोरखवाणी, पृ. १२३।

पनि छैन । अर्को शब्दमा शून्य परब्रह्म हो । मैले न लिन जानेको छु न दिन जानेको छु । यस्तो त हाम्रो व्यापार, व्यवसाय छ । जसमा लेनदेनको आवश्यक्ता नै पर्दैन । योगी मत्स्येन्द्रनाथका शिष्य योगी गोरखनाथ भन्नुहुन्छः यस्तो व्यापारको अर्थ यो हो कि गुरू वचनको सहायताले आफ्नो कर्मद्वारा मुक्ति लाभ गर ।

➢ हाम्रो यो वैराग्नी योगी मन दिनरात भोगमा आशक्त रहन्छ । यी योगीको मनले कहिल्यै पनि योगिनीको साथ छोड्दैन । मानसरोवर मनमा मनको इच्छा भुल्दै मस्त भएर आउँदछ, गगन मण्डल ब्रह्मरन्ध्रमा मणि बन्न जान्छ ।

➢ हे योगी मनमा तेरा सासु, ससुराको स्थान कहाँ छ ? तेरो निवास स्थान कहाँ हो ? योगिनीसँग तेरो भेट कुन ठाउँमा भएको हो ? तँलाई बस्ने स्थान कहाँ मिल्दछ ?

➢ मेरा सासु, ससुरा, नाभि मणिपुर चक्रमा रहन्छन् । म ब्रह्म स्थान ब्रह्मरन्ध्रको निवासी हुँ । अर्थात् स्वयं परमात्मा तत्त्व हुँ । इडा, पिङ्गला, प्राणायामद्वारा योगिनी कुण्डलिनीमा भेट भइन् र सुषुम्नामा मलाई बस्ने ठाउँ मिल्न गयो ।

➢ नाभि मणिपुरलाई कुण्डलिनी शक्तिको निवास मान्दछौँ । यही शक्ति मूल या आदि मायाद्वारा सृष्टिको निर्माण हुन गएको छ । यसकारण उनलाई ब्रह्मा र सावित्रीको निवास स्थान मानिन्छ । यसैलाई सासु, ससुरा भनिन्छ किनकि यहीँबाट स्थूल अर्थात् भौतिक मायाको जन्म हुन्छ ।

➢ यी योगीहरूले मन र मायाको भोग यसरी गर्ने गर्दछन् । बलवती हुन नपाउन । काम, क्रोधलाई जलाएर खरानी जस्तै भष्म गराई दिएका छन् । कामदेवको कपूर व्यञ्जनबाट स्वयं नष्ट हुन गएको छ । मन र पवन यी दुवै पानको कत्था र सुपारी जस्तै बनेका छन् । उन्मना अवस्था अर्थात् तुरीया उनीहरूका लागि सिन्दूर या तिलक बनेको छ । अर्थात् मायाद्वारा मायिक वस्तुहरूको भक्षण गरेर आफ्नो मायापूर्ण अस्तित्वको ब्रह्मानुभूति गरेका छन् ।[६२०]

➢ ज्ञान र गुरू हाम्रा झोली तुम्बा हुन् । चेतना इच्छा, मनसा तुम्बाको डाँडी डोरी हो । यसै तुम्बामा कसिएको उन्मना अवस्थाको ताँती तार बज्दै उठिरहेको छ । यसप्रकार हामीले तृष्णालाई खण्डित नष्ट गरेका छौँ ।

---

६२० उही पृ. १२४, १२५ ।

यसरी बालकुमारी मायाद्वारा सद्गुरूले हाम्रो परिचय गराइदिनु भएको छ। अर्थात् हामी नै मायाका स्वामी हुन गयौँ र माया भयबाट टाढा हुन गयौँ।

- हे अवधूत ! तत्त्वरूपी बललाई योगी गोखनाथ जान्नुहुन्छ। यसप्रकारको बेलको न जरो छ, न हाँगा छन्, नत छायाँ छ र पानी नभए पनि हुर्किरहन्छ। बढिरहन्छ। हे अवधूत ! काया कुञ्जमा तेरो बगैँचा छ जहाँ सिद्ध गुरूले यो तत्त्वरूपी बेल रोपेका छन्। पुरुष-पवन रूपी किसाले त्यसको स्याहार संहार सिञ्चाई गर्दछ। जसको फलस्वरूप सुन्दर खेती बाली छ र भित्र भित्र्याउँछन्। अर्थात् राम्रो खेतीवारी स्याहार्दछ। यसको मूल यसप्रकार छ जसरी शशिधर चन्द्रमा अर्थात् यसको मूल सहस्रारमा रहेको चन्द्रमामा छ। सूर्य उसको पात हो। चन्द्रमा शीतल ज्ञान अमृतको बोधक हो भने सूर्य ज्वाला भयो मायाको। मायाको पनि अधिष्ठान ब्रह्म नै हो। यो यसप्रकारको बेलको फल पूर्णिमाको चन्द्रमाको जस्तो छ। यस बेलरूपी फलको कसैले पूर्ण रूपमा फाइदा उठाउन सक्यो भने त्यसमा अमृत ज्ञानमय चन्द्रमा प्राप्त हुञ्छ र लोक समाजले पनि जाञ्दछ। अमृतमय अर्थात् सहस्रार भएको कारण चन्द्रमा ज्ञान र अमरत्वको द्योतक हो।[६२१]
- यसप्रकारको बेलमा जब संसारको दुःख स्वरूप आगो लाग्दछ, त्यसलाई लपेट्ने ज्वाला विशाल रूपमा आकाशतर्फ पुग्दछ। तथापि जुन जुन समयमा बेलमा आगो लाग्दछ त्यतिबेला उसका शाखाहरूमा कोपिला पलाउन थाल्दछ। अर्थात् भवाग्नि मायाको प्रसारका लागि अत्यन्त अनुकूल हुन जाञ्छ। जति संसारको जलन तृष्णा बढ्दै जाञ्छ त्यति नै मानिसहरूमा दुःख, कष्ट अधिकाधिक उल्झन बढ्दै जाञ्छ। यसप्रकारको बेल कसैले काट्न खोजेर काटिँदैन। यसलाई नष्ट गर्ने, समाप्त गर्ने जति प्रयत्न गरिञ्छ त्यति नै कोपिलाहरू फालिरहेको हुञ्छ, नष्ट हुँदैन। तथापि यसलाई ज्ञानअमृत चन्द्र स्रावले सिञ्चाई गर्ने हो भने यो कुम्हला हुन जाञ्छ। तर यो बेल सर्वथा नाश हुन सक्तैन। जसरी एक व्यक्तिको माया अन्त्य हुन सक्छ परन्तु बाँकी संसारलाई उसले पुनः बाँधेर राख्दछ। एकजनाको साधना, एउटै साधना सफल हुनाले सम्पूर्ण संसार मुक्त हुँदैन। आ-आफ्नो बन्धन सबैले अलग अलग रूपमा छुटाउनु पर्दछ। यसर्थ यो मायारूपी बेल सधैँ नयाँ बनिरहञ्छ। मत्स्येन्द्रनाथको प्रसाद योगी गोरखनाथको यो वचन हो।[६२२]

६२१ उही पृ. १२६।

६२२ गोरखवाणी, पृ. १२७, थाये = स्थिर रहती है।

हे पण्डित ! ब्रह्म ज्ञानलाई सम्झ । ज्ञानवान योगी गोरखनाथ भन्नुहुन्छ: ज्ञान अथवा परब्रह्मको उत्पत्ति बिना वीज भएको छ । त्यसको कुनैपनि कारण छैन । त्यो बिना मूलको वृक्ष हो । निराधार हो । ऊ पात बिना, हाँगा बिना, फूल बिना फल्न सक्तछ अर्थात् भौतिक रूपमा बाहिरी संसारको प्राकृतिक नियमले उसलाई बाँध्दैन । ऊ बध्याको बालक हो अर्थात् जन्मिएको छ तर कुनैपनि कारणको कार्य होइन । ऊ आकाश बिनाको चन्द्रमा हो । ब्रह्माण्ड बिनाको सूर्य हो । मैदान बिनाको युद्ध हो । यसप्रकारको परमार्थलाई जसले जान्दछ उसको शरीरमा अर्थात् भित्र परम ज्ञान उत्पन्न हुन जान्छ ।

ऊ न शून्य हो न भौतिक, न उसको चिह्न छ नत उसको पूजा नै हुने गर्दछ । बिना शब्दको अनाहद नादको गर्जन हुन्छ । बिना बगैंचाको फूल हो र बिना फूलको सौरभ (?) हो । बिना वायुको भृङ्गो अर्थात् मडारिँदै शोभा दिइरहेको हुन्छ । हावाको सुगन्धले चारैतर्फ विकीर्ण गर्दछ यसकारणं त्यसलाई गधवाह भनिन्छ । जसले सुगन्धित हावा भौंरोसम्म पुऱ्याउँदछ ।

उसले राहुबिना ग्रस लिन्छ, आगो बिना नै जलाई दिन्छ । आकाश बिना बादल मडारिन्छ । हे ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद पढेका पण्डितहरू हो ! यस परमार्थको व्याख्या गर । अथवा पाठ गर्दा मनमा यसको के प्रमाण छ ? कुन प्रामाणिक अर्थ हो ? यसलाई कसरी प्रमाणि गर्ने ? निरालम्ब ब्रह्मानुभूति कसैको कारण पनि होइन र कार्य पनि होइन । यहाँ मायालाई निरस रस नभएको जगतको ध्वंश आनन्द अनुभवतर्फ सङ्केत गर्दछ । जो ब्रह्मानुभूतिको द्योतक पनि हो । यो सोसंवेद्य, स्वयं प्रकाश, सोहंभाव हो । जो न पृथ्वीमा छ न आकाशमा छ, न पानीमा छ । आदं, आर्द्र, जलमय, पानीपानी भएको आदं अर्थात् आदिकालको सङ्केत पनि गर्न सक्तछ । जसको आदि र अन्त्य छैन । गुरू मत्स्येन्द्रनाथको प्रसादले उहाँका चेला योगी गोरखनाथले गङ्गा, इडा, जमुना अर्थात् पिङ्गलाको बीचमा सुषुम्नामा खेलिरहनु भएको छ । अथवा समाधिस्थ भएर आत्मा साक्षात्कार गरिरहनु भएको छ ।[६२३] योगी गोरखनाथ भन्नुहुन्छ: **दशौं द्वार ब्रह्मरन्ध्रमा स्वर्ग र मोक्ष पद आदिनाथ शिवस्थान केदार, पशुपतिनाथ, विश्वनाथसम्म चढ्न पुगेको छ ।** साथसाथै ११ औं ब्रह्माण्डमाथि स्वसंवेद्य

---

६२३ उही पृ. १२७, १२८ ।

परम अनुभूतिको उच्चारण गरिरहेको छ। सूर्यको मूलाधारस्थित बाह्र कलामा शक्तिको निवास रहेको छ । चन्द्रमाको सोह्र कलामा आदिनाथ शिवको स्थान मूलाधार सहस्रारमा मिल्न गएको छ। साथसाथै जीव शिवस्थानमा उन्मना अवस्थाद्वारा अचल अविचलित ध्यानस्थ हुन गएको छ।

- गगन त्रिकुटीमा अनाहद नादको गर्जन भइरहेको छ। सूर्य पश्चिम सुषुम्नामा उदय हुन गएको छ । अर्थात् चन्द्रमासँग मेल मिलापको उपक्रममा छ। दक्षिण मूलाधार तथा स्वाधिष्ठानस्थ शक्ति उत्तर दिशा अर्थात् ब्रह्मरन्ध्रमा नाचिरहेको छ । पाताल स्वाधिष्ठानलाई खिच्नुभन्दा पहिला ज्ञानोदयको दिशा ज्ञानको उदय सहस्रारतर्फ रहेको हुन्छ ।

- चन्द्र र सूर्य इडा र पिङ्गला दुवै नाडीहरूलाई भुइँ दिइयको छ । अर्थात् सुषुम्नाको बाटो खोलीदियो । यही हाम्रो मुद्राधारण हो । पृथ्वी अर्थात् साँसारिकताको भष्म खरानी शरीरमा धस्न, मल्नका लागि पानी खनाइयो। यही योगीहरूको भष्म धारणा हो । यसप्रकार नादीवादवाला जसले नादानुसन्धानलाई प्रमुखता दिन्छ जसले सिगी अर्थात् अनाहद नादको प्रतिक स्वरूप श्रृङ्गीनाद बजाउँदछ । साथसाथै आकाशी, आकाश अर्थात् त्रिकुटीको लक्ष्य राख्दछ र अलक्ष्य गुरूको चेला हुन जान्छ ।

- नाथहरूको शरीरमा ३ सय ६० हड्डीहरू भएको मानिन्छ । गुदडी अर्थात् कंथा जहाँ देह बनेको छ उसले नै यी ३ सय ६० हड्डीहरूलाई थेगिरहेको छ । दिनभरीमा २१ हजार ६ सय श्वास जुन मानिसले नियमित लिने गर्दछ त्यो ताजा रहेको हुन्छ र त्यसैले थेगिरहेको जुन कपडाको सिलाई जस्तो रहेको हुन्छ । ७२ नाडीहरू छन् जसमा धेरै सुई अर्थात् सियोहरू छन् चेतना भएको वीर यसलाई सिलाउने दर्जी हो ।

- ईडा नाडीलाई सोधेर पिङ्गलामा पूरै भर्ने, पुर्ने र मिलाईदिने गर्नुपर्दछ। तत्पश्चात् सुषुम्नाको बाटो भएर आकाशतर्फ अघि बढ्नुपर्दछ । यसप्रकार योगी मत्स्येन्द्रनाथको प्रसादले यति गोरखनाथले निरञ्जन सिद्धिको स्थान बताउनु भएको छ ।

- आँवला अथवा आँप आफ्नो स्थानमा फैलियो तथापि निवौरीको फल लाग्यो अर्थात् नीवको वीज भएको फल उक्त फल खानमा अत्यन्त मीठो हुन्छ । यसको अर्थ मुलाधिष्ठान परब्रह्म अर्थात् स्वादिलो स्वस्थ्यकर फलमा मायाको अध्यारोपना भएको छ । फल फलेको छ तथापि जसरी

फलेको फल खानेलाई मिठास मिल्दछ त्यसैगरी मायामा ब्रह्मानुभूतिको सुख मिल्न जाञ्छ । यस्तो कुरा त्यस्ता साधकले अनुभव गर्दछन्, जसले गुरूको प्रसादले यसको दर्शन अर्थात् अनुभव गर्न सक्तछ । ऊँट जस्तो मनलाई बाज जस्तो यमले जब पक्रञ्छ उसको काँट रुखको हाँगामा बस्न जाञ्छ । मायाविष्ठ भएर मन आवागमनको चक्करमा परेपछि यमको शासनमा आइपुग्दछ र दुःखमय जगत् संसारलाई नै वस्तु सम्झन लाग्दछ ।[६२४] बाँझो मायाद्वारा पुरुषले ब्रह्मसँग सङ्गत गर्नु धेरै टढाको कुरा हो । तथापि आँखाले नदेखिकन नै पुत्र ब्रह्मानुभव पैदा हुञ्छ । जब मायामा लीन पुरुष, जीवहरूलाई मायाबाट अलग गरिञ्छ त्यतिबेला उसलाई आफ्नो वास्तविक स्वरूपको ज्ञान हुञ्छ । लाकडड अर्थात् जो पानीको भवसागरमा चञ्चल हुन जाञ्छ ऊ त्यही डुब्दछ । ढुङ्गो जो पानीबाट प्रभावित रहँदैन स्थिर हुञ्छ । यसप्रकार हेर्दाहेर्दै संसार नष्ट हुन जाञ्छ । बाह्य साँसारिक भौतिक माया अर्थात् ऊँट जब यसैगरी नदीमा बग्दछ फेरि सूक्ष्म मायाले भित्र प्रवेशद्वारमा समाउन सक्तैन । यसरी सूक्ष्म र स्थूल अर्थात् भौतिक दुवै प्रकारको मायाको प्रभावबाट टढा हुन जाञ्छ ।

- माछाको जस्तो मन पहाडको कुना कन्दरामा पनि माथिसम्म पुग्दछ । खहरे माया पानीमा अर्थात् भवसागरमा मायाको रूपमा मिल्दछ । तर जीवात्मामा त्यसको असर पर्दैन । पानीजस्तो भवसागर माया अन्त्यमा पानीमै परिणत हुञ्छ र समाप्त हुन जाञ्छ । अर्थात् सर्वप्रथम यो माया सत्य, असत्य के हो, यो ब्रह्म हो, यसबाट विवेक पैदा हुञ्छ र फेरि असत्य मायाको नाश हुन जाञ्छ । फेरि तुषालुका लागि जो रहरालु बन्न लाग्दछन्, मुमुक्षु अर्थात् चेलाहरूको ब्रह्मानुभूतिद्वारा चिरतृप्ति प्राप्त हुन जाञ्छ । यसप्रकार शूलको काँटा नष्ट हुन जाञ्छ । माया विद्या, ज्ञानद्वारा नै माया अविद्याअज्ञानको नाश हुन जाञ्छ ।[६२५]

- एउटा गाई आत्मा हो । जसका नौ बाच्छा, बाँच्छीहरू नवरन्ध्र हुन् । यसैमा आध्यात्मिक शक्तिको पान गर्दै पाँच अर्थात् पञ्च इन्द्रियहरूले यसलाई गाईको दुध जस्तै दुहुने गर्दछन् । अर्थात् शरीर आत्माको शक्तिलाई विकसित हुन दिँदैनन् । तथापि योग अभ्यासको एउटा फूल अमृत आनन्द प्राप्त हुन गएको छ । यो सोह्र कलाहरूको आधारमा रहेको छ । सोह्र कला

---

६२४ उही पृ. १३०, १३१ ।

६२५ डा. पिताम्बरदत्त बड्थ्याल: गोरखवाणी, पृ. १३१ ।

भएको चन्द्रमामा व्याप्त परम आनन्द दायक अमृत प्राप्त हुन जान्छ। जसबाट आत्मरूपमा लिनको आनन्दको ठेगान रहँदैन ।

- खुट्टाबिना नहिँडिकन गरिएको चोरी अर्थात् अचल समाधिस्थ गयो। गाईलाई चोरी गरेर लिएर आए अर्थात् ब्रह्मानुभूति प्राप्त हुन गयो। दोस्रो पटकबाट गाई ल्याउन छोड्यो। अर्थात् आवागमन सधैँका लागि रोकियो। योगी मस्त्येन्द्रनाथको प्रसाद यति गोरखनाथले यसरी व्याख्या गर्नुहुन्छ।
- गोरखनाथ ग्वाला हुन्। त्यो आकाश मण्डल गाई ब्रह्मानुभूति दुहुने पिता अर्थात् बाबु हुन्। निस्सार मायिक वस्तुको विलोलाई मथेर साररूप रस अमृतपान गर्दछ। अर्थात् सारलाई ग्रहण गरेर निस्सारलाई त्याग गरदिन्छ। यसप्रकार कुनैपनि डर नमानी कर्ममा लागेको परिणाम ब्रह्मानुभूतिबाट स्पष्ट भएर अर्थात् जसलाई बाह्य भौतिक सृष्टि जगतको कुनै डर रहँदैन यसरी विजय प्राप्त गर्दछ, जित्दछ। ममत्वबाट चलायमान भएकोले माया नष्ट हुन गयो। ममत्व बिना पिताको अहङ्कारले उसको बच्चा षड्रिपुको मृत्यु हुन गयो। यसप्रकार जन्म र जातिबाट हीन भएर लाल ग्वाला गोरखनाथ रातदिन गाईगोरु चराउनु हुन्छ। इन्द्रियहरूलाई संयम मार्गमा लगाउनु हुन्छ। काल, मृत्युको ठूलो सैनिकलाई लल्कार्दै अनाहद नादको शब्दमा शङ्ख बजाउनु हुन्छ। यसबाट कायाभित्र आकाश मण्डलमा सहज रूपमा स्वामी परब्रह्मा हुन गइन्छ।[६२६]
- हाम्रो घरको ढोकामा यसप्रकारको गायत्री बाँधिएको छ जसबाट हामीले आकाश मण्डल ब्रह्मरन्ध्रमा लाधा, लब्ध, लथ्य प्राप्त गरेका छौँ। मेरो सम्पूर्ण परिवार र सकल इन्द्रिय सहितको मन यसै गाईको सेवामा लागिरहेको छ। यसैको प्रभावबाट उक्त गाई पालिन्छ। किनभने सबै कुरा अधिष्ठान ब्रह्म नै हो। यसलाई उल्टाएर मैले निरन्तर बाँधिरहेको छु। यसप्रकारको गाई कान, सिङ्ग, पुच्छर नभएको छ। यसको कुनैपनि रङ्ग, वर्ण छैन निराकार छ। योगी गोरखनाथ भन्नुहुन्छः मत्स्येन्द्रनाथको प्रसाद स्वरूप हामीहरू यस्तो गाई अर्थात् ब्रह्मानुभूतिमा लीन रहन्छौँ।
- हे अवधूत ! यस प्रकारको ज्ञानको विचार गर जसमा ज्योतिको झिलीमिली देखिन्छ। जहाँ योग छ त्यहाँ रोग हुँदैन। यस्तो तथ्य पत्ता लगाएर शुरु गर्नु पर्दछ कि योगको जगमा रोग नहोस्। यदि योगाभ्यासद्वारा तन, मनमार्फत् ब्रह्म साक्षात्कार अर्थात् ब्रह्मको परिचय हुँदैन भने योगाभ्यास

---

६२६ उही पृ. १३३।

व्यर्थको कष्ट मात्र हो । यदि गुरू सिद्ध योगी छैनन् भने अधकल्चोलाई गुरू बनाएर कुलको नाश नगर । यसको अर्थ सिद्ध नभएका पहेँलो वस्त्र लगाउँदैमा कुण्डल लगाउँदैमा गुरू हुन सक्तैन अगाडि नै उल्लेख गरिसकिएको छ । ३६ लक्षणले युक्त सिद्धमात्र गुरू हुन सक्तछन् । कुललाई छोडेर ठट्टा नगर, किनभने अधकल्चो अधुरो गुरू काल भेटिँदैन, जगतको जञ्जाल छुट्दैन । यस्तो अधुरो तपस्याले साधक सूरो हुँदैन ।[६२७]

- यो शरीर सप्तधातु रस, रगत, मांस, मेद, अस्थि, मज्जा र शुक्रले बनेको पिञ्जरा हो । जसमा जीव युक्तिलाई नजान्नेहरू निद्रा अर्थात् सुतेको अवस्था जस्तै बञ्दछन् ।
- सिद्ध गुरूको प्राप्तिबाट नै उद्धार हुन सक्तछ । अन्यथा यो सम्फ कि निश्चय नै प्रलय अर्थात् नाश हुन जान्छ । आदिनाथ परमात्माले मानिसको शरीरलाई यति सुन्दर तरिकाले सजावट गरेका छन् कि मानिसलाई कामदेवको सुन्दर रूप दिएका छन् । यसलाई अनावश्यक व्यर्थमा किन फाल्दछौ ? हे मूर्खहरू । ३६ गुणले सिद्ध नभएका अधकल्चय गुरूहरूबाट सिकिएको योगमा यो शरीरलाई लगाठनु भनेको मक्किएको धोद्रो रुखमा अमृत पानी सिञ्चाई गरेजस्तै हो ।[६२८]
- यो भनाईको अर्थ जस्तो पायो त्यस्तालाई गुरू बनाठनु हुँदैन र त्यस्ता अधमहरूका अधकल्चय पुस्तकहरू पनि पढ्नु हुँदैन । अगाडि नै उल्लेख गरिसकिएको छ पश्चिमी अपराधिक इसाई चिन्तन प्रणालीको शिक्षा विष हो । त्यो कालको गास मात्र हो । विद्यावारिधी र पिएचडीका नाममा अपवादबाहेक सैतानहरू उत्पादन भएका छन् । नेपालमा त्रिभुवन विश्वविद्यालय काठमाडौं विश्वविद्यालय लगायत क्याम्पसअन्तर्गत उत्पादित यसप्रकारका डाक्टर, प्राध्यापक भन्ने सैतानहरू र यिनीहरूको अधकल्चटो ज्ञानबाट टाढा रहनु उपर्युक्त हुन्छ । नेपालका राष्ट्रगुरू सिद्ध योगी नरहरिनाथले स्कूल र क्याम्पसलाई इसाईकुल र ध्याम्पसको व्यर्थ शिक्षा भनुभएको थियो । घाँटीमा वेश्यापुत्र जिससको क्रस झुण्ड्याएर जस्तो टाई बाँधेर तथाकथित डिग्री लिएका यस्ता अधमहरूमा वास्तविक ज्ञान छैन । धार्मिक आवरणका नाममा यसप्रकारको कुकृत्य बोकेर हिँड्ने पापीहरू धेरै छन् यस्ता ढोगी पाखण्डीहरूदेखि सावधना रहनु पर्दछ ।
- निरञ्जननाथको आह्वान छः मेरो आवागमन भेटिएको छ । मैले पिण्डमा ब्रह्माण्डलाई खोजेर सबै सिद्धि प्राप्त गरिसकेको छु । काया रूप गढभित्र

---

६२७ गोरखवाणी, पृ. १३४ ।

६२८ उही पृ. १३४ ।

नौलाख खाइयाँ छन् । नवरन्ध्र अथवा चौरासी लाख संस्कार जसमाथि विजय प्राप्त गरेर दशौँ द्वार ब्रह्मरन्ध्रसम्म पुग्न सकिन्छ । जहाँ ताला लगाइएको छ । जसलाई कुण्डलिनी शक्तिद्वारा खोल्न आवश्यक छ । देव, देवालय अर्थात् तीर्थ, त्रिकुटी, काशी, पशुपति, गुह्येश्वरी, यसै शरीररूपी गढको भित्र छ । त्यहाँ अविनाशी आदिनाथ परमात्मा सहज स्वभावले मलाई प्राप्त भएको छ । योगी गोरखनाथ भन्नुहुन्छः हे मानवहरू हो ! कायाको गढलाई कसैकसैले मात्र विजय प्राप्त गर्न सक्तछन् ।[६२९]

- हे पवन प्राण तिमी कुन बाटो मार्गबाट हिँड्दछौ ? त्रिवेणी त्रिकुटीमा योगीले अजपाजप गरिरहेका छन् । त्यो मार्ग बन्द रहेको छ । चन्द्रमालाई साबुनको डल्लोको रूपमा र सूर्यलाई कपडा धुने खोलाको पार्टी ढुङ्गामा जस्तै पट्केर धोबीले कपडा धोइरहेको छ । यसैगरी अर्थात् यसप्रकार सुषुम्नामा स्थिर भएर योगीराजहरूले शरीररूपी कपडा धुने गर्दछन् ।

- अद्यः र उर्ध्व, माथि श्वास, प्रश्वास दुवैको ताली लगाएर केवल कुम्भकद्वारा मन स्थिर हुन्छ भने पवन थाक्न जान्छ । दशौँ द्वारमा आदिनाथ परमात्माको परिचय प्राप्त गरेपछि आवागमन छुट्न जान्छ । महायोगी मत्स्येन्द्रनाथका पुत्र चेला योगी गोरखनाथ भन्नुहुन्छः हामी तेल पेल्ने तेली हौँ । तोरी र तिलका दानाहरूबाट तेल निकाले जस्तै हामीले आत्मतत्त्वलाई निकालेका छौँ । तोरी र तिलको छोकरा पिना अर्थात् खली जस्तो पवन रूप खलीलाई फालिदिएका छौँ ।

- घरको स्वरूप आत्माले तमासा देख्न चाहन्छ । यस्तो अवस्थामा यमराज किन जाँदैन ? आत्मा यमराजलाई बाँधेर यसरी नचाइरहेको छ कि जसरी मदारीले बाँदरलाई नचाउँदछ ।

- त्यो परमात्मा जसरी आत्मा साक्षात्कार गरेको छ त्यो सबै कारणको पनि कारण हो । सबै कारणको कारणत्व त्यसैबाट प्राप्त हुन्छ । स्वयं उसका लागि ती कारणमा कुनै कारणत्व छैन । लवणले उसको सामुन्नेमा भन्दछ म अलीनो छु । अर्थात् उसँग नुनिलोपन भाग्दछ र भन्दछ- तिमीलाई नुनको स्वाद दिन सकुँ यस्तो क्षमता मसँग छैन । घ्यूले भन्दछः म रुखो हुँ । हावाले भन्दछः म प्यासी हुँ । शोषणको शक्ति मसँग छैन । अन्नले भन्दछः म भोको हुँ । अग्नि अर्थात् आगोले भन्दछः जाडो र चिसोको कारण म मरिरहेको छु । कपडाले भन्दछ म नाङ्गो छु । जुन वस्तुहरूको

६२९ उही पृ. १३५ ।

आ-आफ्नो प्रकारको आकर्षण र प्रभाव रहेको छ तिनीहरूमा आत्माभन्दा माथि कुनैपनि प्रभाव छैन। यी पंक्तिहरूको कुनै कुनै भाव त्यस्तो छ जुन कृष्ण-अर्जुन संवाद महाभारत युद्धभन्दा पूर्वको गीताको 'नै नं छिन्दन्ति शस्त्राणि' आदिको जस्तो।[६३०]

- यो अवस्था त्यतिबेला मात्र प्राप्त हुन्छ जब अनाहद रूप मृदङ्ग बज्न थाल्दछ र त्यो तालमा ताल मिलाएर, पङ्गु आत्मा जसले शरीरका इन्द्रियहरूबाट भिन्न सम्झन थाल्दछ। यसकारण अङ्गहीन भएको छ पंगु हुन गएको छ, साक्षात्कारको विकुलकारी आनन्दले उसका इन्द्रियहरू बेकाम हुन गएका छन्, नाच्न लागेका छन्।

- विह्वल योगी अर्थात् पूर्ण ब्रह्मानन्द प्राप्त आदिनाथ जसका दादा गुरू हुन्। महायोगी मत्स्येन्द्रनाथका पुत्र शिष्य हुन्। जसलाई गोरखनाथ अवधूत भनिन्छ। मैले अभेद अद्वैतको भेद रहस्यलाई वेद्य, भेद गरेको छु।[६३१]

- हे अवधूत ! साढे तीन हाथको पहाड जस्तो शरीरमा माया रूपी बेल निकै फैलिएको छ। त्यो रुखमा फूल र फल निकै लागिरहेको छ। तथापि यतिमात्र होइन मुक्त फल अर्थात् मुक्तिरूप मुक्ता पनि यसै बेलमा लाग्दछ। यसै बेलका विभिन्न प्रकारका रूपहरूको विस्तारले सृष्टि उत्पन्न हुन गएको छ। यसप्रकारको बेलको कुनै मूल छैन। वास्तवमा यो सत्य होइन, मिथ्या हो। फेरि पनि ऊ आकाशतर्फ चढिरहेको छ। माथि पनि गोठ अर्थात् गाईहरूको बासस्थान ब्रह्मरन्ध्रसम्म उसको विस्तार हुन गएको छ। जसबाट ब्रह्मानुभूतिमा आवरणले ढाकिएको छ। हे विद्वान् ज्योतिषहरू यी कुराहरू विषय वस्तुमा विचार गर।[६३२]

- आत्मा एउटा यस्तो शिकारी हो जसको हाथ छैन। खुट्टा पंगु छन्। उसको मुखमा न दाँत छन् न गिँजा छ। मासु खानका लागि शिकारीको मुखमा दाँत चाहिन्छ। उसँग न बन्दुक छ, नत धनुष वाण नै छ। फेरि पनि उसले मृग मनलाई मारिरहेको छ। मृगलाई वशमा पार्न अर्थात् नियन्त्रण गर्नका लागि न उसँग कुनै सुरिलो राग छ नत कुनै नाद या घण्ट आदिको शब्द छ। फेरि पनि मल अर्थात् शिकारीले वाण हानिरहेको छ, तानिरहेको छ उसले इच्छा गर्दा मनैबाट प्रमाणित रूपमा बध गरेको छ, मारेको छ।

---

६३० गोरखनाथ चरित्र पृ. १२५।

६३१ उही पृ. १२६।

६३२ गोरखनाथ पुराण, पृ. ३००।

वाणले मृगको बध गरेको छ । उसले मारेको छ, मारिरहेको छ । जो ताँदो उसले तानिरहेको थियो त्यो वाण पनि थिएन अर्थात् बिना धनुषको धनुले बिना वाणको वाणद्वारा व्याधाले मृग मनलाई मारिदिएको छ ।[६३३]

- मदमाती भीलनी रानी अर्थात् मत् भएकी रानीले उक्त चरणहीन आफ्नो स्थानमा लिएर आइन् । उक्त मृगको सिङ्ग, पुच्छर, टाउको, खुट्टाको बारेमा उनलाई केही पनि जानकारी छैन । महायोगी मत्स्येन्द्रनाथका शिष्य गुरू गोरखनाथ भन्नुहुन्छ: मारिएको मृग मनको अवधूत विरक्त योगी भैसकेको छ । उसको हृदयलाई जसले सम्झन सक्तछ उसलाई सम्पूर्ण त्रिभुवन अर्थात् सृष्टिको ज्ञान हुन्छ ।

- हे अवधूत ! हाम्रो नजरमा जुन ढोका छ त्यसलाई देख । योगी गोरखनाथले यसलाई विचारपूर्वक भन्नुहुन्छ: हाम्रो यस्तो नगर छ जसमा श्वास, प्रश्वासको बजार सजाइएको छ । प्राणका स्वामी हरि अर्थात् ब्रह्म त्यहाँको राजा हुन् । विचार काजी अर्थात् प्रधानमन्त्री हो भने पञ्चतत्त्व मन्त्रीहरू हुन् । मन, पवन, हात्ती, घोडा हवाइजहाज, गाडी हुन् । जसले यी कुराहरूलाई भित्री हृदयमा सम्झन्छ उसमा ज्ञान हुन्छ । ज्ञान अक्षय भण्डार र कोष हो ।[६३४]

- यो नगर कायाको नगर हो । मन हो । चैतन्य सुरक्षाको लागि पहरा दिएर बसेको सेना र प्रहरी हो । यही सुरक्षा पहराको कारण ढोकाबाट चोरहरू प्रवेश गर्न सकेका छैनन् । कायारूप नगरहरूका तीन सय साठ्ठी हड्डी छन् ।[६३५] सोह्र आधारहरू खुट्टाको औँला, मूल, गुदा, मेढ, उड्डियान, नाभि, हृदय, कण्ठ, घण्टिका, जिह्वा मूल, तालु, उर्ध्व दन्त मूल, नासिकाग्र, नासिका मूल, भ्रूमध्य, ललाट र नेत्र आँखा । त्यसैगरी सोह्र खाइया छन् । गढमा प्रवेश गर्नका लागि खाइयोलाई पार गर्नु आवश्यक छ । त्यसैगरी योग सिद्धिका लागि आधारको ध्यान आवश्यक छ । यस गढमा नौ ढोकाहरू नवरन्ध्रलाई स्पष्ट देखाइएको छ । दशमद्वार ब्रह्मरन्ध्र देखिँदैन ।

- कटकुरो दाउरा राख्ने घरजस्तो स्थानमा विभिन्न रुखहरूका दाउरा कठञ्जरा, काष्ठ पञ्जर लगाइएको हुन्छ त्यसैगरी शरीरभित्र बहत्तर कोठीहरू छन् ।

---

६३३ उही पृ. ३०१, ३०२ ।

६३४ गोरखसागर, पृ. ४२० ।

६३५ मूल गर्भावली ग्रन्थ ।

जसरी दाउराको कट्कुरोको छायाँमा दाउरा रहन्छ त्यसैगरी कायाको नाडी जालले छाइएको हुन्छ । 'अठाह्र' अथवा 'अठारह' सन्त अर्थात् सिद्धहरू योग साहित्यमा वनस्पतिका लागि कैयौँ पटक आएका छन् ।[६३६] नाडीहरू ७२ हजार रहेको मानिन्छ ती मध्येमा ७२ नाडीहरू प्रमुख छन् । नवद्वारमा जञ्जीर यन्त्र लागेको छ त्यसकारण कसैले पनि काया गढलाई छिनाल्न सक्तैन । अर्थात् नवरन्ध्रलाई रुद्र गराइएको छ जसको कारण नवरन्ध्रद्वारा भित्र विषय प्रवेश गर्न सक्तैन ।

- अनाहद नादरूपी घडीलाई घडीवालाले मात्र बनाउँदछ । अर्थात् प्रत्येक घडीमा मानिसलाई सावधान गराउँदछ । परम ज्योतिका दुई द्वीपहरू सगुण र निर्गुण ज्ञान बल्न जान्छन् । काम क्रोधको गर्दनलाई मारिन्छ । बाबा आदमले यस्तै बादशाही हुकुम चलाएका थिए

- सत्य त वादशाहकी श्रीमतीसँग छ, सन्तोष, आत्मसन्तुष्टि शाहजादा हुन र क्षमा तथा भक्ति दुवै दाइ हुन् । आदिनाथ आफ्ना नाति शिष्य, योगी मत्स्येन्द्रनाथको पुत्र शिष्य गोरखनाथलाई यसप्रकार काया रूप नगर बसालेका छन् ।

- एकाएक ब्रह्माण्डमा अमृतस्राव हुन जान्छ जसलाई पिएर योगीहरू सधैँ आनन्दित रहन्छन् । इच्छा रूप कालालिनीले राम्रो-राम्रो मदिराको प्याला भरेर दिन्छिन् । अमृताअनुभवको दाखले भरी भरिएको छ । त्यसमा सखर गुडँ पनि राखिएको छ । मनले मछुवाको स्थान लिएको छ । तराइमा मछुवा भन्ने फल जङ्गलमा पाइन्छ । तनले घाहुडको स्थान लिएको छ । त्यसमा अठार प्रकारका वनस्पतिहरू राखिएको छ.। ब्रह्मरन्ध्रमा आसन लगाएर बालयोगी अचल ध्यानमा बसिरहेका छन् । यसप्रकार चेतन आत्मारूप भरीएर युगौयुगसम्म रहने ध्यान, समाधि, नाडी, नशा लागिरहेको छ ।

- त्रिकुटीको सङ्गम जहाँ इडा, पिङ्गला मिल्दछ । रूप कुपी पदले भरिन गयो । अपार मद तयार भयो । जुन मल अर्थात् छोकरा थियो त्यो अलग हुन गयो । केवल सारमात्र मदिराका रूपमा उत्रियो । योगी गोरखनाथले यसप्रकारको मदिरालाई उतारिदिनु भयो ।[६३७]

- महायोगी मत्स्येन्द्रनाथका पुत्र शिष्यले भन्दछन्: जसले यो मदिरा उतार्‍यो उसले भरीभरी पियो । जसले पियो त्यो अवधूत अमर हुन गयो ।

६३६ आनेवालपद और कविर, 'अठार भार वनस्पति कोटा सङ्ग्रह', पद ४३९ ।

६३७ गोरखवाणी, पृ. १४१, १४२ ।

- योगी गोरखनाथले सत्य सत्य भन्नुहुन्छः हामीहरू आफ्नो तालमा मस्त रहन्छौँ । जसले सिद्ध गुरूको मुखबाट लिएको शिक्षाद्वारा अलक्ष्य पुरुष ब्रह्मालाई पहिचान गर्दछ त्यसैको साथमा रहनु पर्दछ ।
- कर्ताहरूले चारै युग सत्य, द्वापर, त्रेता, कलिका लागि फरक-फरक, अलग-अलग विशेषता बनाएका छन् । एक, दुई, तीन, दोस्रो, तेश्रोका लागि उपयुक्त हुन्छ ।
- मन लगाएर यस्तो जप गर कि 'सोऽहं' 'सोऽहं'को वाणीको उपयोग बिना अजपा गान, अजपा जप होस् ।
- दृढ आसनमा बसेर ध्यान गर । दिनरात ब्रह्मज्ञानको स्मरण गर । निद्रामा जागरण गर । सृष्टि, जगतमा सुतेर अध्यात्ममा जाग । खाना थोरै खाऊ । काम, क्रोध, अहङ्कार त्याग, निवारण गर ।
- इडा र पिङ्गलामा समायोजन भएको नासाग्रसम्म जसको बिस्तार भएको छ, प्राण वायुको निवास नासारन्ध्रभन्दा बाह्र अङ्गुलसम्म मानिन्छ । यसकारण वायुलाई द्वादशांगुल पनि भनिन्छ । यही वायुद्वारा जब २१ हजार ६ सय जप हुन लाग्दछ । अर्थात् श्वास क्रिया स्वयं जप क्रिया हुन जान्छ, त्यतिबेला अनाहद नाद आफसेआफ उत्पन्न हुन जान्छ । त्यतिबेला सुषुम्ना बङ्क नालीमा सूर्योदय हुन जान्छ । राँ राँमा तुरी बज्न लाग्दछ, अर्थात् अनाहद नादको अनुभव हुन लाग्दछ । सहस्रारबाट नै चेतनतंत्त्व तलतर्फ गएको छ । योग अभ्यासबाट ऊ फेरि उल्टिएर सहस्रार मै गएर बस्दछ । भ्रमर गुफा ब्रह्मरन्ध्रमा ज्योति प्रकाशमान हुन जान्छ । यसप्रकार हे मथुरा ? सुन ! साधुहरूले माथि भनेअनुसार साधना गरे भने परमतत्त्व प्राप्त गर्दछन् ।[६३८]
- कनक रावल योगी जागे । रावल योगीहरूको भेद अर्थात् फरकपना हो । कनक स्वर्णको अर्थमा अगाडि अर्थात् श्रेष्ठता अथवा रसायनी किमीयारको द्योतक हुन सक्तछ । साथै खाली योगीहरूको गाँजा, भाँङ, धतुरो पिउने बानी पनि हुन सक्तछ । गुरूदेवको दया प्रकट भएको छ । उनी सहज भावले सन्तुष्ट हुन गएका छन् । उत्तर तर्फको देश त्रिकुटीमा ब्रह्मरन्ध्रमा मेघ गर्जिरहेको छ, दक्षिण दिशामा स्वाधिष्ठान राम्रो गरी छाएको छ । पूर्व देश इडा, पिङ्गलाबाट पानीको धारा छुटिरहेको छ ।

---

६३८ उही पृ. १४४ ।

पश्चिम क्षेत्र अर्थात् सुषुम्नामा पुगेको छ। मन पवन रूपको साँढेलाई नियन्त्रणमा राख ठीक गर।

➢ दया, धर्मको वीज अर्थात् बिऊ खोज र खेतमा खेती गर्न आऊ। यस्तो खेती जब हुर्कन्छ र फल्दछ त्यो कहिल्यै पनि सकिँदैन। यो जति बाँडे पनि दिएपनि समाप्त हुँदैन अर्थात् यमद्वारमा जानुपर्दैन। महायोगी मत्स्येन्द्रनाथको आशिर्वादले गोरख यति भन्नुहुन्छः त्यसप्रकारको खेती नित्य नयाँ बनिरहन्छ।[६३९]

➢ जी र शिव, शिव र ब्रह्म एकै ठाउँमा बस्ने गर्दछन्। यसकारण हत्या गरेर मासु खानु हुँदैन। आफ्नै सत्रोगी एउटै कुलका आत्माको हंसमा प्रहार नगर। त्यसमाथि प्रहार गर्दा आफ्ना बच्चाहरूलाई हेर, सम्झ। हत्या गर्न लागेका ती जीवहरू तिम्रा बच्चा समान नै हुन। हे मानव ! जीवको बदला आफ्नो द्रोही मनलाई मार्नुपर्दछ। जसको न कुनै रङ्ग अर्थात् वर्ण छ, नत मासु छ, न रगत छ। यसै मनले देव, दानव सबैलाई ग्रहण गरेको छ। यसकारण यस्तो मनलाई सिद्ध गुरूले दिएको ज्ञानको वाणले प्रहार गरेर मार्नुपर्दछ। शरीरधारी पशुहरूको वद्य अर्थात् हत्या किन गर्दछौ ? पञ्चभूतात्मक मनको मृगलाई मारिदेऊ। जहाँ बुद्धिरूपी बगैँचामा क्यारी चर्दछ। योगको मूलतत्त्व दया र दान हो। योगी गोरखनाथले यसप्रकारको ब्रह्मज्ञानको उपदेश दिनुहुन्छ।

➢ अगाडि नै उल्लेख गरिसकिएको छ मत्स्येन्द्रनाथको कौलज्ञान निर्णय कौल परम्परामा पञ्चमकार अनिवार्य जस्तै छ। कौलज्ञान निर्णयको एघारौँ अध्यायमा भनिएको छः हे कल्याणमूर्ति भगवती ! कौल साधकले काम, क्रोध, लोभ एवं मिथ्या बिस्तारै, बिस्तारै त्याग गर्नुपर्दछ। त्यसको साथसाथै कसैको निन्दा गर्नु हुँदैन। यही अद्वैतवादी कौल दर्शनको समयको रीति या पद्धति हो। हे देवी कल्याणी ! चरु हवनको कहिल्यै पनि निन्दा अपमान गर्न हुँदैन। यही अद्वैत मार्गको पद्धति हो।[६४०] जसको भित्र जसद्वारा मानव शरीरको निर्माण हुन्छ त्यो रक्त, रज, एवं शुक्रलाई सधैँभरी पिउनुपर्दछ। सिद्ध र योगिनीहरूलाई यही चरु सधैँभरी प्रिय छ। शाकिनीहरूलाई मासु प्रिय रहेको छ। देवीलाई जे प्रिय छ, त्यो सुनः उनलाई अर्थात् देवीलाई बकुल, वृक्ष, शिवाम्बु, रक्त, शुक्र, सुरा, मदिरा,

---

६३९ उही पृ. १४४, १४५।

६४० कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ४०१।

ब्रह्म, वृक्षको दाउरा, परिमल, पुष्प, गन्ध, प्रशंसनीय पात एवं रक्ताम्बर प्रिय छन् । भैरव भन्नुहुन्छः हे प्रियतम ! सर्वप्रथम मुख्यतया रक्त, त्यसपछि रक्तवर्ण, सिद्ध र देवता दुवैलाई अत्यन्त प्रिय छ । यो रक्ताभ, रक्षासूत्र र रक्तरङ्ग सिद्ध एवं देवताहरूलाई प्रिय छ । हे कल्याणी ! यसद्वारा यो ज्ञानात्मिका शक्तिको कृपाको ज्ञानले उन्मीलन सम्भव हुन जान्छ । अन्यथा कुनैपनि पूजा अर्चनाले सम्भव हुँदैन ।[६४१] यसरी योगी मत्स्येन्द्रनाथ प्रणीत कौल साधनामा पञ्चमकार अनिवार्य छ ।

६४१ उही पृ. ४०२ ।

राग अशावरी

महायोगी गुरू गोरखनाथले जुन चार वर्णहरू छन् त्यसलाई आफ्नो मार्गमा लगाएपछि, उपदेश र दीक्षा दिँदै भन्नहुन्छः वेदको स्थानमा स्वसंवेद्यलाई पढ् अर्थात् अपरोक्षानुभूतिलाई प्राप्त गर । यही विधि निषेधको अनुगमन गर्नु हो, रहस्यको पनि रहस्यलाई जान्नु हो । सबै आशाहरूलाई पूर्ण गर्नु हो ।

- विषमी सन्धि अर्थात् बङ्कनाली, सुषुम्ना जहाँ इडा, पिङ्गला दुवै प्रवाहको सन्धि हो । त्यसमा पाँच पटक सन्ध्या नमाज पढ् । दशौंद्वार ब्रह्मरन्ध्रमा रहनुपर्दछ र निराकार पदको सेवन गर्नुपर्दछ । अजपा जपलाई जप । आत्मतत्त्वको विचार गर । यसबाट सबै कष्ट रोग व्याधि, उपाधिहरू छुट्न जान्छन् । पाप, पुण्य त्यहाँ केही पनि रहँदैन । दिनरात एउटै समान ध्यानमा रहनु पर्दछ । अर्थात् शङ्कारहित समाधान अवस्थामा रहँदै निरन्तर आदिनाथमा रमाउनु पर्दछ । योगी गोरखनाथ भन्नुहुन्छः यसप्रकारको ज्ञानबाट स्वयं उसलाई परम-निधान ब्रह्मपद प्राप्त हुन्छ ।[६४२]
- गुरू धारण गर, सिद्ध गुरूको खोजी गर त्यतिकै नबस । हे भाइ ! सिद्ध गुरू बिना ज्ञान प्राप्त हुन सक्तैन । आगोमा जलाएर बनाइएको कोइला शुद्ध सेतो दुधले छुँदैमा उज्यालो हुँदैन, कोइला कालो नै रहन्छ बरु दुध नै सेतोबाट कालो हुन जान्छ । कागको घाँटीमा फूलको माला लगाइदिँदैमा ऊ हंस हुँदैन । जो मानिस दुःख, कष्ट, व्याधि, भूत वाधा या मानसिक विकारबाट ग्रस्त रहेको छ त्यसले उपर्युक्त कार्य गर ।
- जीव सम्पूर्ण आध्यात्मिक परिपूर्णताबाट मात्र जान्छ । यो कुरा सिद्धि प्राप्त गरेका गुरूलाई सोध । उसले कहाँ कुन ठाउँमा बसेर खाईरहेको छ ।
- ऊ उत्तर दिशा ब्रह्मपद, ब्रह्मरन्ध्रबाट आएको छ । ब्रह्म उसको मूल अधिष्ठान हो । पश्चिम दिशा अर्थात् सुषुम्ना मार्गबाट ऊ जान्छ । अर्थात् पुनः ब्रह्मरन्ध्रमा, प्रवेश गर्दछ । त्यहाँ बसेर यो मार्ग, बाटोबाट लिएर जान्छ । अर्थात् ब्रह्मरन्ध्रमा ब्रह्मानुभूतिको भोग गर्दछ ।

---

६४२ डा. पिताम्वदत्त बड्थ्याल: गारखवाणी, पृ. १४६, १४७ ।

➤ यसप्रकार अत्यन्त सूक्ष्म आध्यात्मिक स्वरूपमा स्थूल अर्थात् भौतिक रूप समायोजन हुन जाञ्छ । जसरी गाईको मुखमा बाघ आउँदा अर्थात् यस भौतिक जीवनमा उसलाई नाश गर्ने आध्यात्मिक ज्ञान उत्पन्न हुन जाञ्छ।

➤ बाह्र वर्षसम्मको बाँझो ब्याईरहेको छ । यस प्रसुतिमा उसका हात खुट्टा टुट्न गएका छन्, उनी निकम्मा भएकी छन् । यो महायोगी मत्स्येन्द्रनाथका शिष्य योगीराज गोरखनाथको कथन हो । मायाले घेरिएको जीवन निष्फल हुन गएको छ । त्यसकारण उसलाई बाँझो अर्थात् बाँझी भनिञ्छ ।[६४३] तथापि ठूलो साधनाको प्रयत्न र अन्तरमा यस मायिक जीवनमा ज्ञान पनि उत्पन्न हुन जाञ्छ । यही नै बाँझोपनको अन्त्य हो अर्थात् व्याउनु हो। जब ज्ञान उदय हुन जाञ्छ त्यतिबेला मायाको शक्ति व्यर्थहीन हुन जाञ्छ। यही नै उसको हातखुट्टा टुट्नु हो ।

➤ हे अवधूत ! राज के कुरा सोध्दछौ ? परमार्थ रूपमा न आकाश छ, न पृथ्वी छ, न चन्द्रमा, न सूर्य, न दिन, न रात रहेको छ । ॐकार परब्रह्म त निराकार छन् । निर्विशेष छन् । त्यसमाथि कुनै विशेषण लाग्दैन । ऊ न सूक्ष्म छ नत भौतिक अर्थात् स्थूल न रुखको रूपमा छ नत पात नै । ऊ न फुल्दछ न फल्दछ । उसको न शाखा छ न मुल। न ऊ वृक्ष हो न बेल । उसको न शाखा छ नत शब्द नै छ । ऊ न गुरू हो नत चेला । ऊ नत ज्ञानमा छ नत ध्यानमा । न योगमा छ न युक्तिमा । त्यो न पापमा छ न पुण्यमा नै छ । नत मोक्ष मार्गमा छ नत मुक्ति मार्गमा। ज्ञान आदिद्वारा मात्र त्यो प्राप्त हुञ्छ र परमार्थ रूपमा यो सवसाधन माया अन्तर्गत छ । त्यसकारण ऊ यी सबैभन्दा बाहिर रहेको छ । ऊ न उत्पन्न हुञ्छ न नष्ट हुञ्छ, ऊ न आउँछ न जाञ्छ । आागमनबाट पर छ । उसको न जन्म बालक, युवा छ नत बुढो । उसका न आमा, बाबु छन् नत मृत्यु नैछ । मत्स्येन्द्रनाथका शिष्य योगी गोरखनाथ भन्नुहुञ्छः यो सबै भावभक्तिमा छ न कि आशा, अपेक्षाको जालमा ।

➤ हे आमाहरू हो ! आओ मेरो सामु भिक्षा, घरघर जाओ यो आदेशका साथ । हे बालक गोरख पेटभरी भोजन गंर । संसारभरका स्त्रीहरू योगी गोरखनाथका लागि आमा बराबर हुन् जसले भरण पोषण गर्दछन् । योभन्दा अर्को दृष्टिबाट गोरखनाथले कसैलाई पनि देख्नुहुन्न । जसको कारण विन्दु क्षय होस् । यसकारण शुक्र स्थिर छ झर्दैन । त्यसको भित्र

६४३ उही पृ. १४९ ।

अनाहद नाद बज्दछ । चन्द्रमा र सूर्यमा मेल छ । वादविवाद, खटपट छैन । पवनरूप गुटिकाको शक्तिले आकाश ब्रह्मरन्ध्रमा उसको रहनी निवास गर्दछ ।[६४४] कैलाश समान उच्च ब्रह्मरन्ध्र आकाश र उसका लागि पृथ्वी तल शरीरमा रहेको छ । यसप्रकार पातालको स्वाधिष्ठानमा निवास गर्ने कुण्डलिनी शक्तिलाई उसले शून्य ब्रह्मरन्ध्रमा चढाई दिन्छ । योगी गोरखनाथ भन्नुहुन्छः यी सबैकुरा मलाई गुरू मत्स्येन्द्रनाथले बताउनु भएको हो ।

- हे पण्डित ! कसरी बताउँ देवता कुन स्थानमा रहन्छन् ? निजतत्त्वलाई देखेपछि तिमी र हामी रहँदैनौँ, सबै एक हुन जान्छौँ, भेद मेटिन्छ । ढुङ्गाको मन्दिरमा ढुङ्गाको देवता स्थापना गरिरहेका छौ । तिमीलाई दया, मायाको उदय कसरी हुन सक्तछ । ढुङ्गाको देवताले यी कुराहरू ग्रहण गर्न सक्तछन् ? तिमीहरू जीवन्त, सजिव फूल, पातहरू तोडेर निर्जिव मूर्तिको पूजा गर्ने गर्दछौ । यसरी पापको दुनियाँ संसारबाट कुकृत्यबाट कसरी पार पाउन सक्तछौ ? विभिन्न तीर्थहरूमा स्नान गर्ने गर्दछौ । बाहिर धोएर पानीभित्र प्रवेश गर्नाले आत्मा कसरी सफा हुन सक्तछ ? पानीले त केवल शरीरलाई निर्मल बनाउँदछ । आदिनाथका नाति शिष्य र मत्स्येन्द्रनाथका पुत्र शिष्य गोरखनाथले केवल निरतत्त्व आत्माको दर्शन गर्नुहुन्छ ।[६४५]

- हे पण्डित ! योगीहरूले शास्त्रार्थ, वादविवाद गर्दैनन् । योगीहरूले जो पायो त्योसँग शास्त्रार्थ गर्न उपर्युक्त ठान्दैनन् । अवधूत त्यो हो जो बोल्दैन । किनभने समाधिको आनन्दको व्याख्या बोलेर गर्न सकिँदैन ।

- पातमा ब्रह्म छन्, हाँगामा विष्णु र फलमा रुद्रदेवता आदिनाथ शिव । यसप्रकार 'पत्रं पुष्पं फलं' जब देवतालाई चढाइन्छ तिनैको छेदन हुन जान्छ । अब भन तिमी कुन देताको भक्त हौ ?

- भगवान् = सन्यासी जसलाई 'सोऽहं'को अनुभूति हुन गएको छ, जो स्वयंमा ब्रह्म हो । तथापि यहाँ उनीहरूले यस अनुभूतिलाई ब्रह्मपरक नमानेर विष्णुपरक मानेका छन् । चार महाघर र बाह्र चेला अन्तर्गत कसकसलाई मानिन्छ, निश्चित रूपमा भन्न सक्ने अवस्था छैन । सम्भवतः चार महाधुरँन्धर सनक, सनन्द, सनातन र सनतकुमार छन् । छान्दोग्यमा सनत्कुमारले नारदलाई निवृत्ति-अद्वैतको शिक्षा दिएका छन् । अन्य तिन

६४४ उही पृ. १४९, १५० ।

६४५ गोरखवाणी, पृ. १४१ ।

जनालाई पनि उनी समान नै सम्फन सकिञ्छ । बाह्र चेलाहरूमा नारद, जनक, याज्ञवल्क्य, लोमश, मार्कण्डेय, व्यास, बसिष्ठ, शुक्र, जड्भरत, दत्त, गौडपाद र शङ्कर मान्न सकिञ्छ ।[६४६] मौलाना अल्लाह एकै हुन्, तथापि कुरान मान्नेहरूले यसलाई फरक अर्थात् दुई बनाइदिएका छन् । मुसलमानहरू शिया-सुन्नी २ प्रधान सम्प्रदायमा बाँडिएका छन् । एघार खुरासानिहरू सम्भवत वविसँग अभिप्रेरित छन् । तथापि बाह्र भएका छन् र त्यसमा एक खुरासानका निवासी थिए ।

➢ योगी गोरखनाथ भन्नुहुञ्छः काकायागढ लिनुपर्दछ र युगयुगसम्म जीउनु पर्दछ । यस कायारूप दुर्गभित्र नौलाख खाइयाँ अर्थात् नवरन्ध्र छन् जसले भित्र पुग्न बाधा पुऱ्याई रहेका छन् । यन्त्रबाट गढको रक्षा हुञ्छ । यो गढ लिन सकिँदैन । दुर्ग निकै दुर्गम स्थानमा रहेको छ । त्यहाँ अग्ला अग्ला होचा पहाडहरू छन् । उक्त स्थान उबड खाबड रहेको छ । त्यहाँको पानी सम्पूर्ण गढमा पुग्दछ र अत्यन्त सुरक्षित पोखरीमा राखिएको छ । यही नै ब्रह्मरन्ध्र रहेको छ, जहाँबाट अमृतको धाराले सम्पूर्ण शरीरलाई पुष्ट गराउँदछ । अर्थात् हामीले सम्पूर्ण गढमा पानी पुऱ्याउने पोखरीको अधिकार प्राप्त गरेका छौँ । यसप्रकार आदिनाथका नाति, शिष्य र मत्स्येन्द्रनाथका शिष्य गोरखनाथले सम्पूर्ण गढलाई जित्नु भएको छ ।

➢ गोरखनाथ भन्नुहुञ्छः केदार मार्गको स्पर्श गर, बरब्रह्म स्पर्शी हुन जाऊ । आदिनाथ शिवलाई केवल दर्शनको मात्र महत्त्व छैन । हे पुत्र ! ब्रह्मरन्ध्रमा पुगेर स्पर्श पनि गरिञ्छ । त्रिभुवन यो संसारको सार स्वरूप जल अमृत पान गर ।[६४७]

➢ त्यो ठाउँमा पुग्नका लागि निकै कठिन बाटो छ । त्यहाँ निकै अग्ला अग्ला हिमाल, पहाड छन् । अत्यन्त अप्ठ्यारा खोल्साखाल्सीहरू छन् घाँटीहरू छन् । तथापि त्यसलाई पनि महायोगी गोरखनाथले मैदानको रूपमा परिणत गर्नुभएको छ । काली गङ्गा, यमुना, पिङ्गला नाडी र धौली गङ्गा, गङ्गा इडा नाडी दुवै त्रिकुटी स्थानमा सुषुम्नासँग मिलेर प्रकाशमान रूप धारण गरिरहेका छन् । गङ्गोत्री, यमुनोत्तरीको पानी कावडिमा वितरण गर्नका लागि गएका थिए । अर्थात् जुन अमृत अथवा पानीको धार तलतर्फ खसेर नष्ट भइरहेको छ । त्यो पुनः पहाड, पर्वत हिमाल अर्थात्

---

६४६ जीति = ब्रह्मज्योति । कायम = स्थिर सत्तत्व ।

६४७ उही पृ. १५२, १५३ ।

जहाँबाट आएको थियो त्यही पुग्दछ । तलबाट बगेर सूर्यले शोषने अमृत फेरि माथितर्फ उर्ध्वगामी हुन जाञ्छ । जीव जो योग साधनाले योगेश्वर हुन सक्तछ उसको स्थान तल अद्यः अरद्य हो भने साथसाथै केदार शिव ब्रह्मको स्थान माथि ब्रह्मरन्ध्रमा हो । भोले भोले भाले मूर्ख मानिसहरू मोक्षको ढोकाको बारेमा जान्दैनन् । तथापि आदिनाथका नाति-शिष्य र मत्स्येन्द्रनाथका पुत्र-शिष्य अवधूत योगी गोरखनाथले काया स्थित केदारको साधना सिद्ध गर्नुभएको छ ।

- हे अवधूत राज ! कोसँग युद्ध गरौँ ? यहाँ तो कोही पनि विरोधी देखिँदैन । जोसँग युद्ध गर्नुपरोस् यी त आत्मास्वरूप आदिनाथ हुन् । यो आत्मा हो, स्वयं कच्छप कछुवा र मच्छप माछा हो । यसको साथसाथै स्वयं बन्धनमा पार्ने जाल हो । यसैगरी स्वयं जीव हो र उसलाई बन्धनमा राख्ने मायाको पाशो हो । स्वयं धीवर अर्थात् माछामा नै मछुवारा हो र स्वयं काल हो ।[६४८] ऊ स्वयं सिंह र व्याध्र माया पनि हो र स्वयं गाई जीव जसलाई आक्रमण गर्न जाञ्छ । आफैलाई मार्दछ र आफैलाई खाने गर्दछ । यो स्वयं बाँसको कप्टेरो हो र त्यसैमा स्वयं आफैलाई बाँध्न पुग्दछ । त्यसमा लगेर बाँध्ने, कस्ने बन्धनवाला पनि ऊ स्वयं आफै हो । ऊ स्वयं शरीर हो र स्वयं मरनेवाला हो । जसलाई मार्न गइएको छ । आत्माभन्दा बाहिर न कुनै तीर्थ रहेको छ नत पवित्रताका लागि शुद्धताका लागि नुहाउने पानी न कुनै देवता नै रहेका छन् । जसको पूजा गर्नुपरोस् । योगी गोरखनाथ भन्नहुञ्छः यो आत्मा अलक्ष्य छ, जसलाई भौतिक आँखाले देख्न सकिँदैन । अभेद छ जसको बारेमा कसैलाई भेद अथवा रहस्य जानकारी नै छैन ।[६४९]

- मेरा गुरू तीन छन्द गाता हुन् । एउटै कुरालाई जसले तीन प्रकारले व्याख्या गर्ने गर्दछन् । मलाई थाहा छैन मेरा गुरू कहाँ गए । गुरूबिना मलाई निद्रा आउँदैन । त्यही माया कुमालको घरको माटोको हाँडीको रूपमा रहेको छ । अहिरहरूको घर घ्यूको नौनीको रूपमा र ब्राह्मणको घरमा उसकी स्त्रीका रूपमा । यसप्रकार स्त्री साडी र हाँडी एकै चिज हुन् ।

---

६४८ उही पृ. १५४, १५५ ।

६४९ उही पृ. १५५, कंध, स्कन्ध, कँधा, यहाँ शरीर ।

➢ माया राजाको जङ्गलमा बेलका रूपमा र तेलीको घरमा तेलका रूपमा विद्यमान रहेको छ । यसप्रकार तेलबेल र सेल एउटै हो ।

➢ त्यही वस्तु पालन गर्ने अहिरको घरमा भैंसी हो भने देवालयमा लिङ्ग हो। पसलमान हिंग, हिंग, लिङ्ग, भैंसी, अर्थात् श्रंगिन, सिंग भएको पशु राँगो तीन एक हुन् ।

➢ एकै सूत्रमा विभिन्न रूपहरू बनेका छन् । जो अनेकौं प्रकारले देखिञ्छन्। योगी गोरखनाथले गुणरहित सद्गुणरहित निन्दनिय मायाको व्याख्या गर्नुहुञ्छ। सिद्धि प्राप्त गुरूले नै यसप्रकारको मायाको विवेचना गर्न सक्तछन्।

➢ भनिञ्छ योगी मत्स्येन्द्रनाथ सिंहलका पधिनियोका बीचमा योग सिद्धिका लागि गएका थिए र उही खुसी साथ रमाउन पुगे । उनै आफ्ना गुरू मत्स्येन्द्रनाथलाई सम्बोधन गर्दै गोरखनाथ भन्नुहुञ्छः हे गुरूदेव ! यसप्रकारको कर्म नगर्नुहोस्, यसबाट महारस अमृत क्षिण हुन जाञ्छ। स्त्रीसँग रहने पुरुषको अवस्था नदीको किनाराका रुखहरूको जस्तै हो। जसलाई जीवनको अत्यन्त कम मात्र आशा रहञ्छ । माया नारी रूप मनको मोहनी हो रात्रीमा शुक्र स्खलनद्वारा अमृत सरोवरलाई सोस्दछ । यसप्रकार मूर्ख मानिसहरूले जानेर बुझेर पनि घरघरमा बाघिनीलाई पालन पोषण गर्ने गर्दछन् । मनमा जेछ त्यो मनबाट नै उत्पन्न हुञ्छ । त्यही मेरु खिशर अर्थात् सुषुम्नाको उर्ध्व अर्थात् माथि मुख ब्रह्मरन्ध्रबाट अमृत तलतर्फ झर्दछ । यसबाट शरीरको नाश हुन जाञ्छ । त्यसपछि अमृत तलतर्फ स्खलित हुन थाल्दछ। मनलाई घोर रूपमा मन्थन गराईदिने आँखारूपी युक्त बघिनी मायाले जब महारस अमृत शोस्दछ, त्यतिबेला खुट्टा डगमगाएका हुञ्छन्, पेट खुकुलो हुञ्छ, टाउकोको कपाल सेता हुन जाञ्छन् ।[६५०]

➢ भोगी मानिसहरू सुतिरहेका छन् । अझै पनि यिनीहरू जागेका छैनन्। हे अभागीहरू ! यो वास्तविक आनन्द योग होइन, यो त महारोग हो। भोगीहरूले भञ्दछन् हाम्रो भोग राम्रो छ । नारीको इच्छामा मनको इच्छा जगाउनु उनीहरूले आफ्नो शरीरलाई भष्म गराउनु हो । यसप्रकारको एक बुँदको आनन्दमा नर नारीहरू पचिरहेका छन् । साथै उसैको धनाले सिद्ध भई साधकलाई सिद्धि प्राप्त हुन गएको छ । जो भगबाट अलग रहञ्छ त्यही वास्तविक आनन्द हो । त्यो मात्र सात्विक जीव हो जसमा राजसी

---

६५० गोरख सागर, पृ. ४६० ।

र तामसी प्रवृत्तिले प्रभाव पार्न सक्तैन । यसकारण उसको इन्द्रिय ढोकाबाट अमृत अथवा शुक्र झर्दैन । पाठान्तरको पारा स्पष्ट छ ।[६५१]

निर्मल जललाई अमृत सरोवरमा प्रवेश गराएर सर्पिणी मायालाई मार । गोरखनाथ भन्नुहुन्छ: त्यसले त्रिभुवन सृष्टिलाई डस्दछ, उहाँले डसिरहेको देख्नु भएको छ । जसरी पानीमा सर्पको विष चढ्दैन त्यसैगरी अमृतमा प्रवेश गरेको साधकमा मायाको कुनै प्रभाव रहँदैन । सर्पिणीलाई मार र सहस्रदल कमलको रसको इच्छा गर्ने, भ्रमर गुहा अर्थात् ब्रह्मरन्ध्रमा निवास गरेको भ्रमर अर्थात् ब्रह्म आत्मालाई जगाउ । जसले सर्पिणीलाई मार्दछ । उसलाई यमराजले के गर्न सक्तछ ? सर्पिणीले भन्दछिन्: 'म' एकदम शक्तिशाली अवला स्त्री हुँ । मैले ब्रह्मा, विष्णु, महादेव सबैलाई छल गरेकी छु । यसप्रकार सर्पिणी माया दशौं दिशामा दौडीरहन्छिन् । तथापि महायोगी गोरखनाथ भन्नुहुन्छ: गारुडी पवनलाई सिघ्र यताउता खिँचेर यथास्थानमा लिएर आउँछ अर्थात् योगी गोरखनाथलें गारुडी पवनलाई सिघ्रातीसिघ्र लिएर आउनुहुन्छ, जसद्वारा सर्पिणी वश नियन्त्रण गर्नु हुन्छ । आदिनाथका नाति-शिष्य र मत्स्येन्द्रनाथका पुत्र अवधूत शिष्य गोरखनाथले सर्पिणीलाई मारिदिनुभयो । अवधूत गोरखनाथ भन्नुहुन्छ: यसैगरी तिमीहरूले पनि यसप्रकारको सर्पिणीलाई मारिदेऊ ।[६५२]

हे गौरी ! गोरखनाथका लागि सृष्टि जगतमा ठाउँ छोडीदेऊ । उनले प्याला बिनै मदिरा पिई राखेका छन् । ज्ञानको बत्ती बाली रहेका छन्, त्यसमा तेल बत्ति ननिभोस् भनेर भरिरहेका छन् । जहाँ गोरखनाथ छन् । देवलोकमा अप्सराहरू मृत्युलोकका स्त्रीहरू, पाताल लोकका नाग कन्याहरूका लागि गोरखनाथलाई प्रभावमा पार्नु अत्यन्त कठिन कार्य हो । गोरखले मायालाई मारिदिएका छन् । घरबार छोडीदिएका छन् । नाता कुटुम्ब, भाइ, बन्धु त्यागी दिएका छन् । सहस्रदल कमलमा गोरखनाथको निवास छ । जहाँ मन, इच्छा, मनसा र प्राण सुरको सन्धि हो । अन्तत: यहाँ यी तिनै लिन हुन जान्छन् । गोरखले आशा, तृष्णा र इच्छारूप मायालाई त्यागीदिएका छन् । छोडदिएका छन् । नौ खण्ड पृथ्वी फेरि आकाश त्यो महायोगी मत्स्येन्द्रनाथको स्थानमा अर्थात् उनको शरणमा अथवा सहस्रारमा जुन परम गुरू ब्रह्मको स्थान छ त्यो निवास गर्दछन् बस्दछन् ।[६५३] स्वयं

६५१ उही पृ. ४६१ ।
६५२ उही पृ. ४६२ ।
६५३ गोरखनाथ चरित्र पृ. १२९ ।

गोरखनाथका गुरू मत्स्येन्द्रनाथको ग्रन्थ कौलज्ञान निर्णयको बाह्रौं अध्यायमा देवी र भैरवको संवादलाई यसरी उल्लेख गरिएको छः देवीले भनिन्ः हे भैरव ! म रोमाञ्चित रूपमा बस्न चाहन्छु, रमाइलो गर्न पनि चाहन्छु। त्यसैमा मलाई आनन्द र सन्तुष्टि प्राप्त हुन्छ। मलाई 'भक्ष्य' अर्थात् भक्ष्याभक्ष्यको विषयमा जिज्ञासा उत्पन्न हुन गयो, कौलिकलाई केके खान हुन्छ र केके खानु हुँदैन ? यो विषय मलाई प्रष्ट पारियोस्।[६५४] अब मैले तिमीलाई 'कुलामय'को लक्षणका साथसाथै पात्र एवं चर्याको लक्षण सुनाउन चाहन्छु। हे वीर चामुण्डे ! तिमीले पात्रको विषयमा आचरणका साथ साथमा लक्षणहरू पनि सुनः एउटा व्यक्ति सर्वप्रथम बालक दोस्रो उन्मन, तेश्रो राजा, चौथो मुर्च्छित व्यक्ति, पाँचौं स्वतन्त्र चेला छैठौ वीरनायक, सातौँ गन्धर्व, आठौँ नाङ्गो व्यक्ति अर्थात् नग्न व्यक्ति, त्रिदण्डी या वेदविक्रयी तुल्य हुनुपर्दछ। हे भाभिनी ! हे प्रिय ! कुनैपनि व्यक्तिले जे अइच्छा गर्दछ, तिनै संकल्पात्मक व्रतलाई देवीको कुल एवं कुलाकुललाई जानेर कार्य सम्पन्न गर। भगवान् भैरवको पूजा कुल एवं सिद्धहरूको साथमा गर्नुपर्दछ। आफ्ना गुरूलाई आफ्नै स्वरूपको कल्पना गरेर प्रत्येक दिन ३ नै काल अर्थात् समयमा पूजा गर्नुपर्दछ।[६५५] भोग एवं मोक्षलाई जित्ने इच्छापूर्ति गर्नका लागि व्यक्तिले प्रयत्नपूर्वक मन, वचन र कर्मद्वारा आफ्नो सबैकुरा गुरूलाई समर्पित गरिदिनु पर्दछ। गुरूनिष्ठ कौलागम मार्गमा गुरूप्रति जो भक्तिको दृष्टि मान्य छ त्यो अद्वैताचार पूर्ण छ। साधकले आफ्नो संकल्प व्रत या आफ्नो इच्छाको सफलताका लागि अद्वैतनिष्ट मार्गबाट सम्पन्न गर्नुपर्दछ। देवीले भन्दछिन् हे देव ! तपाइँको कृपाले मैले चर्याको लक्षण जाने तथापि हे देवाधिपति अब मैले पात्रको शुभ लक्षण जान्न चाहन्छु। भैरव भन्नुहुन्छः हे देवी ! तिमीले एकाग्र चित्त भएर तामा, फलाम, सुन, चाँदी, मोती, शङ्ख, शीशा, काँच, सिङ्ग, काठ, एवं पाषाणले निर्मित हुन सक्तछ। हे प्रिये ! यी सम्पूर्ण पात्रहरूमा सबैभन्दा उत्तम श्रेष्ठतम पात्र विश्वामित्र कपाल हो। उक्त पात्र निर्माण गरेर कसैले पिउँदछ, भोजन गर्दछ भने त्यस्तो व्यक्ति स्वामी अर्थात् श्रेष्ठतम हुन जान्छ। **नरिवलबाट निर्मित विशाल पात्रलाई पनि जान्नुपर्दछ। यदि यो पाइएन भने कुनै अन्य पात्रद्वारा सुरा पिउनु पर्दछ अरु चिज होइन।** हे देवी ! मबाट पात्रको लक्षण आचरण चर्या एवं सद्भावमा प्रकाश पारे

---

६५४ कौलज्ञान निर्णय, द्वितीय खण्ड, द्वादश पटल, पृ. ४०४।
६५५ उही पृ. ४०५, द्वादश पटल।

अब के सोध्ने इच्छा छ ? देवीले भनिन्: हे श्वर नाद एवं ध्वनिका स्वामी एवं देवाधिपति ! आज मेरो देवत्व सफल हुन गएको छ तपाइँको कृपा सहायताले मैले ज्ञान निर्णयको पूर्ण ज्ञान प्राप्त गरे ।[६५६]

सिद्ध नाथहरू अमृतवाणी बोल्दछन् । कंवली अर्थात् दैनिक मानसिक कर्म जसले योगीलाई पानीको वर्षादबाट भिज्न बचाउँदछ, अब शुद्ध भएर अमृतमय कर्मका रूपमा जल विन्दु निर्मित अस्तित्वमाथि बसिरहेको छ । पङ्खा अर्थात् अविवेकी माया रूप जो गाईजस्ता पशुहरूका सन्तानमा हुञ्छ त्यसलाई किलो गाडेर अर्थात् माया जीवलाई दाम्लो लगाएर बाँध्नु पर्दछ । त्यसलाई नियन्त्रण गर्नुपर्दछ । दमास अर्थात् अनाहद नाद चलिरहेको छ, बन्द छैन, निरन्तर आवाज दिईराखेको छ । जसबाट ऊँट जस्तो यो भौतिक शरीरको मनमा लगातार प्रहार भइरहेको छ । दमैले बजाउने दमाहा बाजा जस्तै बजाईरहेको छ। क्षुद्र अविवेकी विचार नगर्ने मनको शाखा उच्च अवस्थामा बसेर पीपल जस्तो पवित्र छायाँ र शुद्ध अक्सिजन दिने वृक्ष अर्थात् ब्रह्मानुभव बोल्दछ । मुसो जस्तो सूक्ष्म अन्तर्मुख जीवको चुँचुँ शब्द सुनेर बिरालो दौडन थाल्दछ। त्यसैगरी माया जो पहिले आध्यात्मिक जीवनलाई भगाउन सक्षम थियो अब शक्तिहीन भइरहेको छ । ज्ञानमार्ग चलिरहेको त हुञ्छ तर थाकेर बन्द हुन जाञ्छ । किनभने ज्ञानमार्गमा चल्नाले मोक्ष प्राप्त हुञ्छ । मोक्ष प्राप्तिपछि कुनै कुरा बाँकी रहँदैन । ज्ञान मार्गमा चल्ने मार्ग पनि रहँदैन । माया जसले आध्यात्मिक जीवनलाई पलङ, खाट, बिस्तारा बनाएर दबाएर सुतिरहेकी थिई अब स्वयं शक्तिहिन, निर्बल हुन गयो । अब जुन मायाको कब्जामा रहेको पलङ्ग, विस्तारा थियो त्यसमाथि आत्मा बस्न पुग्यो । अहिलेसम्म भने कुकुरले जस्तै गाईको काम रक्षा गर्ने कार्य गरिरहेको अवस्था थियो र आत्मज्ञानलाई चोरलाई जस्तो भगाइरहेको अवस्था थियो ।[६५७] अब त्यो कुकुर जस्तो द्रोही मन लुक्न गएको छ भने त्यो ठाउँ ज्ञानले कब्जा गरेको छ । जसले बाह्य साँसारिक भौतिक भावनालाई भगाउँदछ । यही चोर आत्मज्ञान भुक्दछ । दाउरा जङ्गलमा हुञ्छ पानीमा होइन । जीव पहिला जुन त्रयतापमा जलिरहेको थियो, अब वास्तविक स्वरूपको ज्ञान भएपछि तापरहित हुन गयो । जुन चुलोमा वस्तुहरू राखेर जलाइन्थ्यो त्यो आफै जलिरहेको छ । अर्थात् माया जसको संसर्गका कारण जीव जल्ने

६५६ ऊही पृ. ४०६, द्वादश पटल ।

६५७ गोरखवाणी, पृ. १६१ ।

गर्दथ्यो त्यो माया स्वयं जलिरहेको छ, नष्ट भइरहेको छ । इन्द्रिय, नवरन्ध्र आदिद्वारा बसालिएको जुन मायाको शहर बजार थियो त्यो उजाड मरुभूमि भइसकेको छ । इन्द्रियहरू भावविह्वल भएका छन् । अब उनीहरूलाई विषयको खाना मिल्दैन । यस शरीरमा गाग्री तल छ भने आत्मा माथि छ । आत्माको निवास ब्रह्मरन्ध्र हो । कुण्डलिनी गाग्री जसद्वारा ब्रह्मानन्द रसको अनुभव मूलाधारमा हुञ्छ । जति पनि विभेदहरू छन् ती सबै मायाले बनाएका विभेद हुन् । ती विभेदकारी वस्तुहरू बनाएर मायाले फेरि समाप्त अर्थात् नष्ट गरिदिञ्छ । जसरी रोटी पकाउनेले रोटीलाई खाञ्छ । तथापि अब अस्था बदलिएको छ । पिउन मायाको रोटी जसको ब्रह्मले विभिन्न रूपमा मायाकृत छ उसैले खाईरहेको छ । ब्रह्म अनुभूति भएपछि माया नष्ट हुन जाञ्छ ।[६५८]

➢ मत्स्येन्द्रनाथ प्रणित कौल ज्ञान निर्णयको अठारौँ अध्यायमा भनिएको छः देवीले भनिन्ः हे स्वामी ! सिद्धको पूजा प्रत्यात्मक आत्मा एवं कुलद्धीपको विधान कार्य योजना साधना आदिको विषयमा मलाई संक्षिप्तमा बुझाई दिनुहोस् । यो पनि भनिदिनुहोस् कि सिद्धिको कारण कामना राख्ने कौलिकको अभिषेक कसरी हुञ्छ ? यस प्रश्नको उत्तर दिँदै भैरवले देवीलाई भन्नुहुञ्छः मैले 'कुलदीप' विधि पद्धति जो छ त्यसबारेमा बताउँदछु । संसारलाई भोगको रूपमा स्वीकार गरेर त्यसको भोग गर्ने नायिकाहरूमा हे सर्वश्रेष्ठ भगवती ! सिद्ध योगिनी एवं गुरूको प्रत्येक दिन सबैभन्दा पहिले पूजा गर्नुपर्दछ ।[६५९] हे योगिनीहरूका प्रिय देवी ! जो सर्वाधिक श्रेष्ठ उत्तमोतम वीज 'ह्रीं' छ त्यसको जप गर्नु पर्‍यो । भोग एवं मोक्ष प्रदान गर्ने जो योगिनीहरू छन् उनीहरूको यससँग गहन सम्बन्ध छ । अब म कुल क्षेत्रमा अभिषेकको दोस्रो पद्धति बताउँछु । व्यक्तिले कुण्ड, गोल या उद्धवको उपयोग गर्दै शुक्र एवं रगत समान रूपमा मिलाएर त्यसमा मह र घ्यू मिलाएर रगतको पूर्ति रगतबाट नै गर्नुपर्दछ । रक्त अर्थात् रगत वाममार्गीहरूको लागि अमृत हो भने सुरा तथा शुक्रको संयुक्त साक्षात ब्रह्म हो । सुरा बकुल पुष्प एवं कृष्णपुष्पद्वारा निर्मित छ । सुरा चैतन्यको आनन्द पनि हो । तथापि ऊ महान् आत्माको भक्तिसँग संयुक्त छ । केन्द्रमा रक्त समन्वित अर्थात् रगतसँग जोडिएका लवण, दुध, दहि, घ्यु, सुरा, जल, इक्षु, रस, बाला समुद्र आवेष्ठित

६५८ उही पृ. १६२ ।

६५९ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ४७८, ५७९ ।

पञ्चरत्न छन् । जो जन्मको कारण हो । दुध पनि जीवको शरीरबाट बग्दछ जो उक्त जीवको रगतसँग जोडिएको छ । दुधबाट नै दही, घ्यू बन्दछ यी अष्ट मध्य कुल पर्वतमा रहेका छन् ।[६६०] वेश्या कुमारीद्वारा या आचार्य स्वयंले आफ्नो हातद्वारा शिष्यको टाउकोलाई माथि उठाएर शक्ति प्रदान गर्नुपर्दछ । यसबाट व्यक्ति योगी बन्न जान्छ । भैरव भन्दछन्: अब मैले यज्ञको विषयमा प्रकाश पार्दछु । हे देवी ! तिमीले मेरो यस कथनलाई सुन । व्यक्तिले रक्त एवं शुक्र दुवैलाई बराबर मिलाएर या मङ्गलमय चित्रजलाई लिएर समाहित चित्तद्वारा यथाक्रम देवीको पूजा गरेर सन्तुष्ट पार्नु पर्दछ । चामल, अक्षताद्वारा निर्मित पदार्थ एवं अन्य दिव्य तथा मङ्गलमय वस्तुद्वारा, चौसठ्ठी योगिनीको क्रमसँगै भगवतीको पूजा गर्नुपर्दछ । यही पूजाको क्रमलाई शुभ मानिन्छ ।

हे देवी ! मद्य एवं मांससँग समन्वित, भक्ष्य, भोज्य, सेसमायुक्त एवं धृतखण्डले अपुरो भएको नैवेद्यलाई शखरले पूर्ण गर्नुपर्दछ । यस अतिरिक्त सय, हजार, ६४ या आठको सँख्यामा श्रेष्ठ घण्टको गुरूलाई निवेदन गर्नुपर्दछ । यही नै गुरूको विशेष पूजा हो । यस अतिरिक्त वीर पूजा गर्नुपर्दछ । जसबाट शिष्यले गुरूलाई पूर्ण रूपमा सन्तुष्टि गर्न सकोस् ।[६६१] विवेकी व्यक्तिले चरुको सेवन गर्नुपर्दछ । यसलाई असमयमा कसैलाई पनि दिनु हुँदैन । साथसाथै तान्त्रिक विधि विधानद्वारा वञ्चित अपात्र व्यक्तिलाई दिनु हुँदैन । तान्त्रिक साधना एवं तान्त्रिक दर्शन श्रुती परम्परा अनुसार एउटाले अर्कोलाई दीक्षित बनाएर चल्दै आइरहेको हुन्छ । परम्परागत क्रमअनुसार अवतरित हुन्छ । साथसाथै विशेष प्रक्रियाद्वारा अनुष्ठित एवं उपयुक्त हुँदा मात्र सिद्धि प्रदान गर्नेले यसप्रकारको सौभाग्य प्राप्त गर्दछ । यो नियम, विधानमा कसैलाई पनि भेदभाव छैन सबैलाई समान रूपमा छ । जस्तो अन्य तान्त्रिक विधानहरूमा रहेको छ । पूजाको सामान्य पद्धति घट्सापेक्ष छ । तथापि विशेष पूजा शङ्खसापेक्ष छ । शङ्खको मुखबाट सम्पन्न गर्नुपर्दछ । तान्त्रिक पूजा, विधान, यथाक्रम, यथा शास्त्रदेश, कुनै सिद्धि प्राप्त गरेका साधकद्वारा सम्पन्न गर्नुपर्दछ । सिद्धिप्राप्त साधकद्वारा शुरु गरेर सम्पन्न गर्नाले मात्र साधकले साधन अनुरूप सिद्धि प्राप्तिका लागि योग्य बन्न जान्छ ।

---

६६० उही पृ. ४८०, अष्यदश पटल ।

६६१ उही पृ. ४८१, अष्यदश पटल ।

सुरासम्बन्धी दृष्टिकोण र तान्त्रिक विधानः

- योगी मत्स्येन्द्रनाथ पञ्चमकारोपासक थिए । पञ्चमकारमा एक मद्य थियो । पञ्चमकारमा (१) मद्य-मदिरा, (२) मत्स्य-मीन, (३) मांस-मासु, (४) मैथुन, (५) मुद्रा-नारी ।[६६२] मत्स्येन्द्रनाथको साधना परम्परामा विशिष्ट तत्त्वको रूपमा (१) अभिचारक कृत्य, (२) पञ्चामृत, (३) पञ्चमकार, (४) योगिनी पूजा, (५) सिद्धि प्राप्तिका लागि विशेष बल, (६) कौलाचार कौलमतको अनुवर्तन, (७) कौलमार्ग एवं योग साधनाको सम्मिश्रण, यी प्रधान तत्त्व थिए ।[६६३] उहाँका चेला योगी गोरखनाथले पञ्चमकारलाई फरक रूपमा व्याख्या गर्नुभयो भने यी विषय वस्तुहरूबाट अलग्गै रहनु भयो

- सामान्य अवस्थामा अँगीठी अर्थात् जीवात्मा त्रयतापले जल्दछ र कामिनी मायाले जाडोमा आगो तापेजस्तै ताप्दछिन् । तथापि अब ब्रह्म साक्षात्कारका कारण कामिनी माया आफै जलिरहेकी छन् । अङ्गीठी तापी रहेका छन् । जीवात्मालाई ब्रह्मसुख भइरहेको छ, जलिरहेको माया ब्रह्माग्निमा थरथर कापिरहेको छ । किनभने उसलाई पूर्ण रूपमा नष्ट हुने भय त्रास रहेको छ । वैसंन्दर = वैश्वानर । आफ्नो हठ्लाई नछोड्ने दृढ निश्चय गर्ने आत्माहरू नछोडि आउँदा त्यो अवस्थामा धेरै श्वास प्रश्वासलाई जन्म दिञ्छ । मायिक उल्भन धेरै छ । उसले आफ्नो पनि जीवात्मालाई मोहित गरिरहेको हुञ्छ । जीवात्मा ब्रह्मसताको पुत्र हो । यसकारण ब्रह्मसता माया अथवा मायिक उल्भनको श्वास हो । दृढ लगन र साधनाले यस प्रकारको मायिक उल्भन संसर्गको ब्रह्मानुभूति ब्रह्मसत्ताको जन्म दिञ्छ । यही नै बहु श्वास प्रश्वासको जननी हो ।

- जसरी पानी कुवाबाट निस्केर गाउँ शहर पुग्दछ त्यसैगरी ब्रह्मतत्त्व या ब्रह्मरन्ध्र निस्केर योग शक्ति कुण्डलिनी मूलाधार चक्रमा रहेको छ । योग साधनाद्वारा त्यसलाई उल्टाएर फेरि मूलस्थानमा पुऱ्याउँछ । यही नै गाउँ, नगरको पानी कुवामा पुग्नु हो । योगी गोरखनाथले यसप्रकारको उल्टो चर्चा गर्नुहुञ्छ ।[६६४]

---

६६२ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ४८२ ।

६६३ उही पृ. ४८२ ।

६६४ डा. पिताम्बरदत्त बड्थ्वालः गोरखवाणी, पृ. १६२

➤ भग राक्षसनी हो । उसले जगतलाई दाँतबिना नै खाइरहेकी छ । जो ज्ञानी हुञ्छ ऊ ज्ञानको आश्रयमा रहञ्छ । जसको कारण भगको भोजन बन्नाट बच्दछ । तथापि सृष्टिका सामान्य जीव समूहहरूले आफूले आफ्नै आत्मालाई गुमाईरहेका हुञ्छन् । नष्ट गरिरहेका हुञ्छन् । दिनमा बघिनी जस्ती माया = कामिनी सुतीरहेकी हुञ्छे । शत्रुताको काम गरिरहेकी हुँदिन जब रात्री हुञ्छ शरीरको शोषण गर्दछे । विषयभोगमा लिप्त रहेको भोगी जीवले यस तत्त्वलाई जान्दैन यसकारण उसले बघिनी मायालाई घरमा राखेर पालन पोषण गर्दछ । सम्भोगको कारण मानिस लगायत जीवहरूको शरीर दिनदिनै क्षिाण भइरहेको हुञ्छ । यस्ता मानिसहरूले गुरूको मुखबाट आत्मज्ञान आत्मपरिचय प्राप्त गरेका हुँदैनन् । यसकारण बघिनी जस्ती मायाले उनीहरूलाई घुमाई घुमाई, फसाई फसाई खाने गर्दछ । बघिनीले नै कायालाई उब्जाउँछे र उसले नै पालन पोषण गर्ने गर्दछे । पाठान्तरको बघिनी नै काया हो । यमराजको कोखमा उसले धकेल्दिञ्छे, यही नै महायोगी गुरू गोरखनाथको अनुभव हो ।[६६५]

➤ रूप रूपमा यहाँसम्म कि कुरूपमा पनि छे, गुरूदेव मत्स्येन्द्रनाथ बघिनी माया भाले भाले रूपमा विद्यमान रहञ्छे । बाहिरबाट हेर्दा सामान्य लाग्दछ । उसको भयङ्कर डरलाग्दो स्वरूप बाहिरको सामान्यपनाले ढाकिरहेको छ यसको औचित्य हिनतालाई पनि हेर्ने गर । जुन आमाले संसार देखाइन, संसारमा जन्म दिइन्, उनैको काखमा टाँसिएर तिमीहरू सुत्ने गर्दछौ । स्त्रीबाट उत्पन्न भएका कारण योगी गोरखनाथले स्त्रीलाई मातृभावको रूपले सम्मान गर्नुहुञ्छ ।

➤ हे गुरूदेव ! वास्तविक गुरूलाई खोज । यो योगी गोरखनाथको कथन हो । मुक्त भएर पनि तिमी बन्धनमा परिरहेका छौ । यो कस्तो योग हो । योग त मोक्षाको कारण हो बन्धन होइन । सम्भोगको कारण शरीर प्रत्येक दिन क्षिाण हुँदै गइरहेको छ । मायाद्वारा ओठ, तालु, घाँटी सुकिरहेको छ । मज्जालाई निकालेर मायाले खाइरहेकी छ । जसरी आगोले सुकेको पातलाई नष्ट गर्दछ त्यसैगरी कामुक जीव मानिसहरू त्यसरी नै नष्ट भइरहेका छन् । हे मत्स्येन्द्रनाथ चेला गोरखनाथको वचन सुन ! तपाइँ त ईश्वर आदिनाथ पुत्र शिष्य हुनुहुञ्छ ।

---

६६५ उही पृ. १६९, उपाया = उत्पादित गर्नस, निपाया = निष्पादन गर्नु, डाकरै = गर्जनु ।

- सर्वरूप आत्मा त्रिभुवनको अर्थात् सृष्टिको सबैभन्दा भारी अर्थात् श्रेष्ठ हो । यो पानीभन्दा पनि पातलो हुञ्छ । सम्भवत फूलको सुगन्ध अथवा प्रफुल्लताभन्दा पनि हल्का छ ।[६६६]

- मनलाई कायाभन्दा बाहिर जान दिनु हुँदैन । उसको बहिर्मुख वृत्तिलाई रोक्नु पर्दछ । दिनरात उसलाई अन्तर्मुख बनाएर राख्नुपर्दछ । शारीरिक मुद्राको कुनै काम छैन मनको मुद्रा गर्नुपर्दछ । शरीरका छिद्रहरूलाई मोड्दैमा योग सिद्धि हुँदैन, मनलाई मोड्नाले मात्र योग सिद्धि हुञ्छ । किनकि योग चित्तवृत्तिको निरोधलाई भनिञ्छ । जब पवन उल्टन्छ अर्थात् पातालतर्फ जानुको सट्टा प्राणायामद्वारा ब्रह्माण्डमा प्रवेश गर्दछ त्यतिबेला कायालाई ग्रहण गर्दछ अर्थात् शरीर वशमा नियन्त्रणमा हुन जाञ्छ । यस प्रकारका व्यक्तिलाई काँच हातले छोए पनि कञ्चन भएर रहञ्छन् ।

- यो तन सचमुच सत्यको घर हो । जसको रूप बदलिएको छ र त्यसको स्थानमा अमृत भरिएको छ । अतित पुरुष परब्रह्म जसमा सबैभन्दा उच्च ज्ञानपदले छुञ्छ अर्थात् उच्चतम ज्ञानद्वारा जान्न सक्तछ । त्यो पनि शरीर अविचलित अटल भएपछि देखिन थाल्दछ । यसप्रकार जब योगीले जन्म, मृत्यु र कालको भक्षाण गर्दछन् त्यतिबेला निष्पती योगीको लक्षण सम्झनु पर्दछ ।

- जब प्राण र कुण्डलिनी, गरुड र सर्पिणीको ब्रह्माण्डमा सामञ्जस्यता स्थापित हुन जाञ्छ मन सुत्न जाञ्छ । त्यसपछि ब्रह्मरन्ध्रमा पुगेर बच्चाको मनमा रस अमृतका साथ मर्दन गर्दछ । यसप्रकार मर्दन गर्दा गर्दा पीठ बराबर सूक्ष्म हुन जाञ्छ । यी कुराहरू योगी गोरखनाथले प्रत्यक्ष देख्नुभएको छ । यसको उहाँसँग अनुभव रहेको छ ।

- गाईको बाच्छा बाच्छीलाई बाँध र दुध अमृतलाई पिउने गर । मूलाधार चक्रमा स्थि सूर्य जसले शोषिरहेको हुञ्छ, त्यो मनको चञ्चल द्रोही स्वभावको परिणाम हो । जबसम्म सूर्यले अमृतको शोषण गर्दछ त्यतिबेलासम्म मनको बहिर्मुख प्रवृत्ति रहिरहञ्छ । बाछो-बाछी बाँधेर दुध अमृत पिउने गर्नाले कलियुग अर्थात् कलिकालमा तिम्रो शरीर अजर अमर हुन जाञ्छ । वीजरूपमा ब्रह्मको निवास सबै चक्रहरूमा छ । यसकारण एकप्रकारले मूलाधारस्थित सूर्य जसलाई माथि गाईको बाच्छोको रूपमा दिइएको छ त्यो ब्रह्मपद अथवा सहस्रारस्थ चन्द्रबाट उदय भएको छ ।

६६६ उही पृ. १९५ ।

यसकारण त्यो ब्रह्मरूप या चन्द्ररूप गाईका बाच्छा बाच्छी हुन् । मनको मूल अधिष्ठान आत्मा हो ।[६६७]

➤ आनन्दको उपयोग दुध पिउन सजिलो हुन जान्छ । यो चन्द्रस्राव पान ब्रह्मानुभूति या समाधि त्रिकुटी या ब्रह्मरन्ध्र आकाशमै सम्बन्ध छ । यस काम धेनुको न पुच्छर छ न खुट्टा छ, नत थुन नै छ किनकि ऊ कुनै भौतिक अर्थात् स्थूल वस्तु होइन ।

➤ बाह्र कला भएको सूर्य बाच्छो र सोह्र कला भएको चन्द्रमा गाई हो । योगी गोरखनाथ भन्नुहुन्छः बाह्र कला सूर्य, सोह्र कला चन्द्र । गुरूप्रति जसको लगाव छ, चेलाले समर्पण गर्दछ । उसले लक्ष्य प्राप्ति गर्दछ ।[६६८] यस्तो गाईलाई दुहँदा दुहुँदै रात सकिएर उज्यालो हुन गयो । अज्ञानको अन्धकार मेटयो ज्ञानको प्रभात हुन गयो ।

➤ यसप्रकार कि गाई अचल र स्थिर छन् । ब्रह्म अनुभूति चञ्चल हुँदैन । पञ्च ज्ञानेन्द्रिय आफ्नो अधिनमा राख्न चाहन्छन् भने गाई उनीहरूलाई आक्रमण गर्न दौडिरहेकी हुन्छिन् । यसप्रकारको कामधेनु गाईको दुध, अमृत मीठो हुन्छ । योगी गोरखनाथले त्यसलाई आकाशमा बसी बसी पिउनु हुन्छ ।

➤ जीवात्मा यस जगतमा शरीरको साथ आउने गर्दछ र जगतबाट नै जाने गर्दछ । ऊ एक्लै छ । यसैसँग गोरखनाथ आदिनाथमा रमाइरहनु भएको छ। भ्रमपूर्ण साँसारिक जञ्जालमा फस्नु भएको छैन । कायाको साथमा हंस आत्मा आउने गर्दछ । तथापि जाने बेलामा जोगीजस्तो यो आत्मालाई केही थाहा हुँदैन अथवा यसलाई कसैले पनि जान्न सक्तैन । जीवको भौतिक शरीरको समाप्तिपछि आत्मा कहाँ र कुन रूपमा गयो ? जीवित अवस्थामा यो जगतमा थियो मरेपछि श्मशान बन्यो । उक्त प्राण त्यागनेहरूको प्राण कहाँ गयो ? यस कुरालाई कसैले पनि जान्दैनन् । यसकारण गोरखनाथ योगी बन्नुभयो । जन्म मरणबाट मुक्त हुनुभयो ।[६६९]

➤ सम्पूर्ण संसार नाथ परब्रह्मको चेला हो । ब्रह्म साक्षात्कारबाट नै ज्ञान प्राप्त गर्नुपर्दछ । यसकारण नाथलाई सद्‌गुरू भनिन्छ । केवल परब्रह्म नाथ मात्र जागदछ । मानिस पनि जागदछ र जागेपछि परब्रह्म हुन जान्छ । ऊ

६६७ उही पृ. १६६ ।
६६८ रोमावलि ग्रन्थ ।
६६९ गोरखनाथ पुराण, पृ. ५२ ।

यो सृष्टि अन्तर्गत गर्निंदैन । यहाँ गुरू र चेलाको भेद रहँदैन । अगाडि नै उल्लेख गरिसकिएको छ ३२ लक्षण युक्त चेला जब ३६ लक्षण युक्त सिद्ध गुरू बराबर हुञ्छ गुरूचेला समान हुन जाञ्छन् । यसकारण नाथ जाग्दछन् भने सारा संसार सुतिरहेको हुञ्छ । यसप्रकारका अवधूत नाथ भौतिक संसारमा भिख माग्नका लागि घुम्दैनन् । उसले त ब्रह्मरन्ध्रमा मधुकरी मागिरहेको हुञ्छ । अमृतको रसस्वादन गर्दछ । यसप्रकारका नाथ रूपी योगीहरू समक्ष सहज ज्ञानको खप्पर छ । सुषुम्नाको दण्ड रहेको छ। पञ्च ज्ञानेन्द्रिय उसको विरोधी होइन साथी हो । उसको आत्मा अनुभूति ब्रह्मज्ञानमा बाधा कठिनाई पर्दैन । उससँग मिलेर नाथ नवखण्ड अर्थात् नवद्वारमा जो सामान्य मानिसका लागि आत्म अनुभूतिको बाटो बन्द गरिएको हुञ्छ त्यही खेली रहञ्छ । इन्द्रियहरू पनि सुसंस्कृत भएर ब्रह्म आनन्दमा सहभागी हुञ्छन् । तिमीले पनि उनीहरूले जस्तै इडा, पिङ्गलाको बीचमा आसन जमाएर धुनि जलाऊ । अनाहद नादलाई सुनेर कालको भय त्रासलाई हटाऊ । म उनको उपदेशले आकाश मण्डल, त्रिकुटी या ब्रह्मरन्ध्रमा एक्लै रमाईरहञ्छु । साथसाथै उर्ध्वमुखी बङ्कनालले सुषुम्नाबाट अमृत रसलाई निकाल्दछ अर्थात् त्यसको उपभोग गर्दछ । यसकारण योगी गोरखनाथले दिएको उपदेश दुरगामी रहेको छ । सन्तजनहरूले यस्तो उपदेश प्राप्त गर्न सफल भएमा शंसयको नाश हुन जाञ्छ ।[६७०] हे मन जब हिरालाई हिराले नै काटिसक्यो, फलामलाई फलामले नै काटीसक्यो अर्थात् आत्माको परमात्मासँग परिचय हुन गयो । आत्मा ब्रह्ममा मिल्न गयो त्यतिबेला कायामा के हुञ्छ र को जाञ्छ अर्थात् अन्तर्मुख वृत्ति भएपछि बहिर्मुख वृत्ति रहँदैन । आकाशको शिखर अर्थात् ब्रह्मरन्ध्रमा रहने चन्द्रमालाई आत्मामा लीन गर । उपायपूर्वक पञ्चतत्त्व तन्मात्रा या इन्द्रिय तथा तीन गुण र नवद्वारमा आफ्नो अधिकार जमाउ । उसको अधिकारमा नबस, नरहु । विपति करणी मुद्राको अभ्यास गर जसबाट वायु स्थिर हुन जाञ्छ । वायु स्थिर भएछि महारस अमृत सिद्ध हुन जाञ्छ । हे गुरूदेव ! करोडौँ मानिसहरूमा कुनै एकलाई मात्र यस्तो गुह्य ज्ञान हुञ्छ । जसको प्रयोगले महारस अमृत मदिरा सिद्ध हुन जाञ्छ । कानमा अनुरक्त हुनु अर्थात् दर्शन मुद्रा पहिरिनु र डोरीले गाँठो पार्नु अर्थात् सेल धारण गर्नु किन गरिएको हो ? मूल वस्तु योग साधना हो ? यी बाहिरी भौतिक कुराहरूमा नपरेर योगीले गङ्गा यमुनाको कुलमा अर्थात् इडा र पिङ्गलामा प्राणायाम

६७० उही पृ. ५३ ।

रूप स्नानद्वारा शुद्ध हुनुपर्दछ । मूलाधारलाई दबाएर संकोच गरेर स्थिर हुनका लागि यो आवश्यक छ । ध्यान गर ।[६७१] मेरुदण्डलाई स्थिर गरेर शिव र शक्तिलाई जोड । यसरी आइपुगेका सिद्ध योगीहरूको आराधना गरी जसले तिम्रो ब्रह्मग्रन्थीलाई छुटाई दिञ्छन् । मेरु, सुमेरु अर्थात् सुषुम्ना नाडी नालामा भरिएपछि अर्थात् इडा, पिङ्गला जब सुषुम्नामा समायोजन हुन जाञ्छ, सुषुम्ना मार्गमार्फत् प्राणायामद्वारा श्वास प्रश्वास निस्कञ्छ । त्यतिबेला ब्रह्मग्रन्थी छुट्न जाञ्छ । पञ्चतत्त्व या तन्मात्रा या ज्ञानेन्द्रियहरू चूर्ण हुन जाञ्छन् । त्यसको प्रभाव हामीमा रहँदैन । पूर्णकला चन्द्र प्रकट हुन जाञ्छ । सहस्रारस्थ चन्द्र खुट्टा हो भने मूलाधारस्थ सूर्य कपडा धुने खोलाको पाटी आकारको पत्थर ढुङ्गो । जसमा मिचिमिचि पट्की पट्की धोवीले धुने गर्दछ । साधकले कपडाबाट मैलो पखाले जस्तै गरी मायाको मयल छुटाउँदछ । यसप्रकारको धोवीले कपडा धुने जस्तो पाटी तल अर्थात् यसै मनुष्य योनीमा यसै शरीरमा उपलब्ध रहेको छ । यसप्रकार योगी गोरखनाथ भन्नुहुञ्छः यो संसाररूपी नदी यसरी वारपार गरिरहेको छ ।

- हे योगी जाग अध्यात्म सिद्धिमा लाग । हे मेरा भाइहरू ! जागृतिको मूललाई नभुल । हाम्रा ईश्वर देवताहरू हामी भित्र नै बसिरहेका छन् । हाम्रा क्रियाकलापहरूलाई हेरिरहेका छन्, जाँचिरहेका छन् । हे योगी ! दासी, श्रीमती, घर-वार र घर राख्नु कुनैपनि योगीका लागि वेश्याकर्ममा प्रवृत्त हुनुजस्तै हो । यदि विधवा नारीसँग जो जोगिनी बञ्दछन् । सङ्गत गऱ्यौ भने तिम्रा प्रत्येक रौं नरकमा पर्दछन् । एकथोपा शुक्रका लागि स्वार्थवश तिमीलाई बालहत्या सरह दण्ड मिल्दछ । नर, नारी दुवै नर्कमा पर्दछौ । एउटै घानमा जाञ्छौ । दुवैलाई बराबरी दण्ड मिल्दछ । एकपटकमा जति चिज तयार गरिञ्छ जस्तो चना, भुजा, धान कुट्नु आदि इत्यादि त्यसलाई घर घान भनिञ्छ । कायामा भुलेर निरञ्जनलाई त्यागेर प्राप्त फसल खेतीलाई नजलाऊ । मत्स्येन्द्रनाथको प्रसादले यति गोरखनाथ भन्नुहुञ्छः जिती सकेको बाजीलाई नहार ।[६७२]

- तर महायोगी मत्स्येन्द्रनाथ प्रणित कौलज्ञान निर्णयको उन्नाईसौँ अध्यायमा देवीले भैरवलाई भञ्दछिन्ः हे देव ! तपाइँले सिद्धहरूको देहमा रहेको कमलको अवस्था सम्बन्धमा बताई दिनुहोस् । भैरव भञ्दछन्[६७३]:

६७१ गोरखवाणी, पृ. १६९ ।

६७२ उही पृ. १७१ ।

६७३ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. ४८३ ।

महाचक्रमा देवीका सम्पूर्ण अङ्गहरू अत्यन्त दिप्तीमान प्रभावपूर्ण एवं दिव्य छन् । हे प्रिय ! यी जो सम्पूर्ण षोडश आकार छन्, त्यसमा साधक अर्न्तलिन हुने अभ्यास गर्नुपर्दछ । यदि मोक्षको कामना छ भने मङ्गलमयी देवीको श्वेतस्रावृता स्वरूपमा ध्यान गर्नु पर्दछ । योगिनी सिद्धिको कामना भएपछि देवीको उक्त स्वरूपको ध्यान गर्नु पर्दछ । जो कृष्णवर्ण, रक्त वासनावृत्त, कुमारी, रक्तानुलिप्त, रक्तभुषण, रक्तमालभुषिता एवं रक्त पुष्पले सुशोभित हुनुपर्दछ । देवीको यसप्रकारले ध्यान गरेर साधकले एकात्मकता या एकत्व प्राप्त गर्नुपर्दछ । त्यसैमा रहेर तन, मन ध्यान गर्नुपर्दछ । यदि कुनैपनि अभिष्ठता प्राप्त गर्ने उद्देश्य रहेको छ भने शङ्खहस्था हातमा शङ्खधारण गरेर एवं प्रकाश पुञ्ज स्वरूप योगिनीका साथ श्रीनाथको मनले ध्यान गर्नुपर्दछ ।[६७४]

- यो सम्पूर्ण माया हो । जब यो माया सम्पूर्ण रूपमा फल्ने फुल्ने गर्दछ त्यतिबेला यो मनमा मनोवृत्ति आनन्दका लागि आम्रवृक्ष सामु जाञ्छ तथापि जब ज्ञानको हुन जाञ्छ परिस्थिति उल्टिञ्छ । ज्ञानको उदय भएपछि मनको बहिर्मुख वृत्ति रोकिन जाञ्छ । तत्पश्चात् मात्र आनन्द, सुख शान्ति बाहिर खोज्नुको सट्टा उसले आफैमा प्राप्त गर्दछ । त्यो नै स्वयं आनन्दको केन्द्र हुन जाञ्छ । किनकि अधिष्ठान जसमा उपाधिको आरोपले मन-मनसा बनिरहेको छ त्यही नै आनन्दस्वरूप ब्रह्म हो । यसैमा पौडनु पर्दछ । अब बह्मानन्द उपयोगी योगी मायिक प्रवृत्ति मनमा फुल्न थाल्दछ । यस्तो फूल मनमा फुल्न थालेपछि ब्रह्मानुभवबाट आनन्द प्राप्त हुञ्छ । गगन, आकाश, शून्यबाट नै यो सम्पूर्ण सृष्टि उत्पन्न हुञ्छ र, शून्यमा नै ब्रह्मानुभूतिका लागि विलिन हुन जाञ्छ । धर्ती या सृष्टिको प्रतिक कुण्डलिनी शक्ति हो । जसको बासस्थान मणिपुरमा रहेको छ । योगाभ्यासले कुण्डलिनी जागरण भएर ब्रह्मरन्ध्रतर्फ उठ्दछ । अज्ञानी मानिसको बहिर्मुख अशान्त प्रवृति सिंह हो । जो अहङ्कार आदि षड्रिपुद्वारा उसको शान्त सच्चा प्रकृति गाईलाई घेरेर राखिएको हुञ्छ । तथापि अब साधना सफल भएपछि यो सिंहरूप मायिक प्रवृत्ति निर्वल कमजोर बन्न जाञ्छ । साथसाथै आध्यात्मिकताको घेरामा पर्न जाञ्छ, बाँधिन जाञ्छ र उसको पराजय हुञ्छ । जसमा आत्मानुभूति छैन ऊ मृतक पशु समान हो । यमराज शुद्रले उसलाई घचेटी, घचेटी लिएर जाञ्छ । तथापि जब यो मृतक पशुले आफूभित्रको पशुत्व अहङ्कारलाई

६७४ उही पृ. ४८४, अनविशतितम: पटल ।

काटेर जीवनमृत अर्थात् जीवनमुक्ति भएर यमराजलाई घचेट्दछ यमराज उसको बन्धनमा पर्दछ त्यतिबेला उसले केही पनि गर्न सक्तैन। ब्रह्मानुभूति भएपछि कुनैपनि देवताको पूजाको आवश्यक्ता पर्दैन । सम्पूर्ण शस्त्र काटिएका छन् बेकाम भएका छन् । ढक्कन खोजेर भाँडो राख्ने बित्तिकै पात्रको वस्तुहरू खस्न जाञ्छन् । साथै उल्टो पात्रमाथि आगो बल्दै गर्दा कुनैपनि भोज्य पदार्थ व्यञ्जन सिद्ध हुन प्राप्त हुन सक्तैन ।[६७५] तथापि यहाँ विशेष परिस्थिति पनि रहेको छ। जसरी ब्रह्म अनुभूतिपछि विशेष पूजाको आवश्यक्ता पर्दैन । तथापि लौकिक देवता उसको पूजा गर्दछन् । किनभने ब्रह्म नै सबैभन्दा ठूलो हो, ब्रह्म ज्ञानी नै ब्रह्म हो । अब पशुहरूलाई बलि दिने आवश्यक्ता रहँदैन शस्त्र नै समाप्त हुन गएका छन् । विशेष परिस्थितिमा विपरितकरणी मुद्राद्वारा विरको ढक्कनलाई ज्वाला कुण्डलिनीलाई माथि लैजाने उपदेश दिइएको छ। यसबाट महारस अमृत क्षाय हुन रोकिञ्छ र काल वञ्चित हुन जाञ्छ। यसकारण नाथ विद्यालाई कालवञ्चिनी विद्या पनि भनिञ्छ। यसप्रकार ज्योति ब्रह्मलाई बालेर योगी गोरखनाथले ज्ञानको प्रकाश दिनुभएको छ। यसबाट उहाँको शिरको भारी हल्का हुनुको सट्टा बढिरहेको छ। उहाँको टाउकोमाथि पहाड नै राखिएको छ । किनभने अब उहाँलाई जानकारी हुन गयो कि स्वयं सृष्टिको मूलकारण परब्रह्म हुँ र स्वयं मुक्त भएपछि मलाई सम्पूर्ण संसार मुक्त गराउनु छ ।

➤ योगीले उपदेश दिए, हे शासकहरू ! राजा, राष्ट्रपति, काजी, प्रधानमन्त्रीहरू संहाल। हाम्रो अनुपम उपदेश सुनः उनीहरू त गुणै नभएको स्त्री मायासँग प्रेम गरेर सुत्दै रात बिताइरहेका छन । निर्गुण यहाँ ब्रह्मपरक छैन । स्त्री मायासँग प्रेम गरेर सुतेकै रात जीवन बिताईदिएको हुञ्छ । माया यस्तो वृक्षासमान मिथ्या हो जसको न जरो छ, न हाँगा बिँगा छन्, न पात छ, न छायाँ छ, न उसलाई पानी नै सिञ्चनु पर्दछ। फेरि पनि मानिसहरू त्यसको फलका लागि लालायित रहञ्छन्। त्यो यस्तो मृदङ्ग हो जसको दुवैतर्फ परेपनि मोडिदैन। उसले जेलाई सुख, आनन्द, बिलासी सम्झेको छ त्यो सबै मिथ्या हो । जस्तो नमाडिएको छालाको मृदङ्ग बाजाको ध्वनि आवाज हुञ्छ । यसरी मानिसहरू मायाको चक्करमा घुम्दछन् । हे अवधूत ! यसप्रको तुच्छमायाले विशाल पहाडजस्तो परम उच्च आत्मालाई तल खसालिदिएको छ। गाईजस्तो निर्वल मायालाई बाघजस्तो

६७५ गोरखवाणी, पृ. १७२ ।

सवल आत्माको दुर्दशा गराईदिएको छ। खहरेजस्तो तुच्छ माया समुद्रको लहरोलाई मनाउन पुगेको छ। आफ्नो इच्छा अनुकूल बनाइदिएको छ। मृग अर्थात् इन्द्रियहरूले चित्त अर्थात् आत्मतत्त्वलाई मारेको छ।[६७६] इन्द्रियहरू बलवान भइरहेका छन्, आत्मा 'नदी' जस्तो अर्थात् ढुङ्गा तार्ने नाउ जस्तो भएको छ। मायामा रुमलिएकाहरू उवडखाडव अप्ठ्यारो बाटो हुँदै गईरहेका छन्। तथापि सिद्ध गुरूबिना उनीहरू अध्यारोमै रहन्छन्। उज्यालो मार्ग भेट्टाउन सक्तैनन्। महायोगी गोरखनाथले त्यसलाई सम्भरे आफ्नो पासोमा राख्नुभयो जितीसकेको बाजीलाई उहाँले हार्नुहुन्न।

रागरामनगरी

- हे मन पर ब्रह्म भएर निर्द्वन्द्व अर्थात् द्वन्द्वरहित शान्त हुन जाऊ। मूलाधार चक्रमा रहने सूर्यलाई सहस्रार चन्द्रमामा सजाउन अर्थात् सूर्य र चन्द्रमाको योग गर। त्रिकुटीमा अनाहद रूप भ्रमर गुञ्जीरहेको छ। त्यहाँ ब्रह्मरन्ध्रको कपाट खोलेर महारस अमृत पान गर। जसरी कपडा धुने धोवीले चन्द्रमालाई कपडा धुने लठ्ठी र सूर्यलाई पिर्का जस्तो च्याप्टो ढुङ्गा अर्थात् शिलाको रूपमा प्रयोग गर्दछ। त्यस्तै गरी यसप्रकार साधकले धोवीले जस्तै नियमित रूपमा उठेर कपडा धोऊ। अर्थात् जीवआत्माको मयल फोहार छुटाऊ, जसरी धोवीले कपडाको मयल छुटाउँदछ।
- मायाको भ्रमबाट टाढै रहने गर। नाडीको वायुलाई मरेर शुद्ध गराउँदै बङ्कनाली सुषुम्नालाई वायुले भर। महायोगी हे अवधूत ! यसप्रकारले भौतक जीवनचक्रबाट पार होऊ।[६७७]
- बालक गोरख सद्‌गुरूका पनि सद्‌गुरूबाट प्राप्त वाणी अभिव्यक्ति दिने गर्नुहुन्छ। **गोरखनाथले विजय प्राप्त गरेको परब्रह्मतत्त्व जो सबै जीवहरूको सार हो। जसलाई जितमा परिणत गरेर त्यससँग गठजोड हुनुभएको छ। यससँग अर्थात् यसका लागि न आगो छ, नत पानी नै छ। यो अग्नि र जल दुवैभन्दा बाहिर छ।**
- पहिला मायाको किलोमा बाँधिएको मनसा रूपी भैंसी लौकिक आनन्दरूपी दुध दिएको जस्तो लाग्ने गर्दथ्यो। तथापि अब माया रूपी किलोमा तामसिक रूप हटिसकेको छ र उसले सात्विक रूप धारण गर्दै विद्यारूप

---

६७६ उही पृ. १७३।
६७७ उही पृ. १७४।

दुध दिन लागेको छ, जसमा मनसा अथवा बुद्धिरूप भैंसी उसले पालिरहेको । साथसाथै तत्त्व या ब्रह्मरूप घ्यू मथेर निकालीरहेको छ । माया श्वास हो । जहाँसम्म व्यवहारिक र मायिक क्षेत्रको सम्बन्ध छ जीव मायाको पुत्र हो । ऊ सहजा अनुभूति अथवा ब्रह्मानुभूतिमा परिणत हुन गएको छ । यसकारण श्वास मायाको बुहारी हो । यो ब्रह्मानुभूति पूर्ण रूपमा प्रकट भएपछि माया त्यसरी नै शक्तिहीन बन्न पुग्दछ । जस्तो सानो बच्चा शक्तिहीन हुञ्छ त्यस्तै अवस्था हो । नाथयोगका अनुसार ब्रह्मानुभूति अमृत पानले शरीरलाई पनि त्यसरी नै पुष्ट गराउँदछ जसरी आमाले बच्चालाई गराउँदछिन् । यही बुहारी ब्रह्मानुभूति सासुलाई पालन पोषणमा हिँडिरहेकी हुञ्छे । मनसा जसले पहिले सम्पूर्ण मायामा खेल्न, फुल्न आनन्द मानिरहेको अवस्था थियो अब अन्तर्मुख वृत्ति भएको कारण स्वयं ब्रह्मानुभूतिले फलि, फुली रहेको अवस्था छ । साथै साधकको मायिक अस्तित्व पनि त्यस आनन्दमा मग्न रहेको छ । यही आँपरूपी वासना सम्पूर्ण बोली बोली रहेको छ । आकाशमा पुगेको माछो चेतनाको कारण जो पहिले नै जलप्रकृति अन्तर्गत मायिक अहङ्कारलाई निकालीसकेको छ । जसको पहिले नै चेतना या आत्मा निस्किसकेको छ । समाधि नै योगीको सबैभन्दा उच्चतम खेती हो । यसभित्र रहेको अहङ्कार आदि इत्यादि समाधि अवस्थामा सिद्ध हुन गएपछि नष्ट हुन गएको छ ।[६७८] यसप्रकार खेतीले नै खेती गर्नेलाई खाइसकेको छ । चर्न जाने मृग अर्थात् मन अथवा कर्मेन्द्रिय जो पहिला अत्यन्त चञ्चल थियो अब बिस्तारै अनुभव हुन थालेपछि चञ्चलतालाई छोडेर काललाई पनि बाँध्न सफल भएको छ । अहिलेसम्म योगीलाई सिंगीनादले पुर्ने गर्दथ्यो अर्थात् ढाक्दथ्यो अब सिंगीनाद अर्थात् अनाहद नादले योगीलाई ढाक्ने गर्दछ । पहिला ब्रह्म अनुभूति नभएकोले ऊ खोक्रो थियो, अब अनाहद नादका साथ आउने अनुभूतिले पूर्ण हुन गएको छ । गोरखनाथ जहाँ परम ज्योतिका साथ स्नेह बन्धन छ, त्यहाँ न सूर्य छ न चन्द्रमा ।

आरती:

- यदि दयालु गुरूको आदेश पाउँ मैले परब्रह्म निरञ्जननाथको आरती गाउँ । जहाँ अनन्त सिद्ध आदिनाथ ईश्वर प्राणिधानमा लागिरहञ्छ त्यहाँ यमको हावा पनि नजिक आउँदैन । जहाँ योगेश्वर ध्यानमा मग्न रहञ्छन्

६७८ गोरख सागर, पृ. ५१० ।

त्यहाँ चन्द्रमा र सूर्य पनि निहुरीञ्छन् अर्थात् दुवै आदिनाथ ईश्वरको नियन्त्रणमा रहञ्छन् । अन्ततः दुवै चन्द्र र सूर्य नाडी अथवा अमृत स्रावक चन्द्र र मूलाधारस्थित अमृत शोख्ने सूर्य दुवै योगीको वशमा अर्थात् नियन्त्रणमा हुन जाञ्छन् । महायोगी मत्स्येन्द्रनाथको प्रसादले योगी गोरखनाथले आरती गाउनु हुञ्छ । उहाँ परब्रह्मको झिलीमिली प्रकाश देख्नुहुञ्छ । त्यो अवस्थामा उहाँ एकरस हुनुहुञ्छ, अन्यत्र दोस्रो अवस्थामा आउने जाने हुँदैन ।

➢ नाथ निरञ्जन परब्रह्मको आरती सजाइञ्छ । गुरूको शब्दरूप साँझमा बजिरहञ्छ । ब्रह्मरन्ध्र या गगनमा अनाहद नाद बजिरहञ्छ । त्यही ज्योतिस्वरूप निरञ्जन ब्रह्म विराजमान हुनुहुञ्छ त्यो अखण्ड बत्तिहरूको ज्योति हो । जो कहिल्यै पनि निम्भदैन, रातदिन बलिरहञ्छ । सबै लोकहरूमा त्यसको उज्यालो भइरहञ्छ । त्यो त्यस्तो प्रकाशको रूपमा देखापर्दछ, निरञ्जन ब्रह्मको अतिरिक्त अरु केही पनि छैन ।[६७९] उसको कला अनन्त छ । उसलाई कसैले पनि पार गर्न सक्तैन । त्यहाँ शङ्ख, घण्ट, मृदङ्ग, बाँसुरी आदिको आवाज रहिरहेको हुञ्छ । स्वाती बुँद अर्थात् मुक्त रूप ज्ञानले मैले यस कलशरूपी शरीरलाई पूर्ण बन्द गरेर चढाउँ। निरती सुरतिको फूल अर्पित गरुँ । यसप्रकारको निरञ्जनको मूर्ति अमूर्त छ अर्थात् उसको मूर्ति होइन निजतत्त्वको नाम हो । उक्त ज्ञानमूर्ति सबै देवताहरूमा सर्वश्रेष्ठ छ । यसप्रकार आदिनाथका नाति-शिष्य र महायोगी मत्स्येन्द्रनाथका पुत्र-शिष्य अवधूत गोरखनाथ आरती गर्नुहुञ्छ ।[६८०]

शिष्या दर्शनः

➢ धसै सहंस इकबीस भेला = योगीहरूका अनुसार दिनभरीमा २१ हजार ६ सय श्वास मानिसको भौतिक शरीरमा आउने जाने गर्दछ । भेला = जहाज, नौका, बेडा रुँन्ध्र = रक्त रुधिर । सीव = शिव कैवल्य अवस्था या ब्रह्म । गांठिवा = ग्रथित गर्नुपर्दछ । माध = अमार्ग, समभवत माँग । यसको उत्तर माँग, रोक । जोतिवा = जोत्नु, जोड्नु, लगाउनु पर्दछ, अयोजनीय । वज्र, कधोटा = वज्रकोपीन । उड्याणी = उड्डीयान बन्ध । कुम्भ = कुम्भक, केवल कुम्भक । ब्रह्म कवल = सहस्रार । मुद्रा जोई रूप = रूपको दर्शन ज्योति दर्शन नै मुद्रा हो । उजेवा = उत्सरण । शराव

---

६७९ उही पृ. ५१३ ।

६८० उही पृ. ५१४ ।

अर्थात् रक्सी पहिला वाष्पप्रक्रियाबाट मदिरा माथि उठ्दछ फेरि पाइपद्वारा दोस्रो भाँडोमा झर्दछ ।

> जरै ..... भ्रम .... पार = यसप्रकार आकाशमा झरिरहेको महारस अमृतरूप मदिरा पान गर । जो मताइले लाग्ने हुञ्छ । त्यो योगबाट युक्त अर्थात् पूर्ण योगीन्द्र हो । ऊ समग्रमा अर्थात् अनुभव आत्ममा अचल रहञ्छ । साथसाथै भयर भ्रम पार गरेर स्वच्छ, मुक्त रूपमा विचरण गर्दछ घुम्दछ ।[६८१]

> दोइपछि ..... मूल = ब्रह्माण्ड द्वैत पक्षिय छ । द्वैतमाथि अवलम्बित छ । यसलाई दुःखको रूपमा बुझ्ने गर । गुरूको शिक्षाको आधारमा अनाहद नादलाई त्यसको मूल मान अथवा जसरी संस्कृत अनुवादले भञ्दछ त्यसैगरी गुरू वचनलाई अनाहद मान । निरालं = निरालं या निरपेक्ष । आजाचिक = आयातित । गुरू ... कानं = कानमा मुद्रा लगाउनुपर्ने आवश्यक्ता छैन । गुरू मत्स्येन्द्रनाथको शिक्षालाई नै कानमा पहिर ।

> केही निश्चित कुराहरू छन् अर्थात् निश्चितताको छप्पर छ । कसैसँग कुनैपनि कुराको आशा नराख्नु नै नैराश्यता हो । झोली हो । मायातर्फ अर्थात् उर्ध्वरिता भएर ब्रह्मरन्ध्रमा विर्यलाई खिच्नु सञ्जिवनी बुटी हो ।

> एकान्तमा रहनु पर्दछ । हे अवधूत ! भौतिक मायालाई वेद्य गर, नष्ट गर । अर्थात् उसको रहस्य जान । यसो गर्नाले जन्म-मृत्यु, आवागमनको मूल नष्ट हुन जाञ्छ । हे देवी ! कुण्डलिनी शक्ति जसको साथ सूर्यको सम्पर्क छ उसका बाह्र कला र आदिनाथ शिवका सोह्र चन्द्रकला छन् जसलाई सुषुम्नाद्वारा वशमा अर्थात् नियन्त्रणमा राखेर त्यसको रहस्य जान्नुपर्दछ ।[६८२] यसप्रकार ९ सय योगिनीहरू ९ नाडीहरूको साथ लेऊ । बहत्तर वुर्ज अर्थात् बहत्तर नाडीहरूले नाथकै महिमा गाउँदछन् । नौ खण्ड पृथ्वीमा भिक्षा माग्नु पर्दछ । अर्थात् नवद्वारमा आफ्नो अधिकार राख्नुपर्दछ । यसप्रकार त्रैलोक्य अर्थात् त्रिकुटीमा तिम्रो विरुद्धमा, विपक्षमा अर्थात् पाठान्तरका अनुसार उपेक्षा हुँदैन । ब्रह्मरन्ध्रमा प्रवेश गर्ने कुरामा रोकावट हुँदैन । त्यहाँ चौध ब्रह्माण्डको ढोका अधिष्ठान देख्नु पर्दछ । किनभने षट्दर्शनमा यस पथको समग्र भाग लिइएको छ । जसरी दाउरामार्फत् गुप्त अग्नि आगो प्रकट हुञ्छ, त्यसैगरी तिमीमा भएको गुप्त ब्रह्मत्व प्रकट हुन जाञ्छ । त्यहाँ असंख्य दल कमलको सेवा गर्नुपर्दछ ।

---

६८१ डा. पिताम्बरदत्त बड्थ्वालः गोरखवाणी, पृ. १८० ।

६८२ उही पृ. १८१ ।

त्यहाँ योगी गोरखनाथले स्थिर जप जपिरहनु भएको छ। त्यहाँ पाप पुण्यले छुन सक्तैन। शून्यमा सोह्र कलाका सम्पूर्ण मालाहरू चन्द्रमाको ध्यान गरेर अमृत पानसँगै योग सिद्धिद्वारा बालक रूप प्राप्त योगी गोरखनाथ स्वयं सम्मुख हुन जानुभएको छ।[६८३]

प्राण सङ्कली:

- तृहूँ .... सूझया = ज्ञानरूप मणि- दीप प्राप्त भएपछि, स्वर्ग, मर्त्य, पाताल तीनै लोकको ज्ञान हुन लाग्दछ।
- निर्वाण पदको खोज शरीरमै गर्नुपर्दछ। बाहिरी बसाई छोड्देऊ। बहिर्मुख वृत्तिका बाहिरी वस्तुहरू समेटेर अन्तर्मुख बनाऊ। आफैभित्र निवास गर। यहाँ निरञ्जन ब्रह्माको ज्योति प्रकाशमान छ। कालले उसलाई छुन पनि सक्तैन।
- त्यहाँ दिन, रात, महिना, वर्ष आदि कालका परिणाम गणनाहरू पुग्दैनन्। आगो, पानी, अकाश, हावा एकैसाथ मिलाएर विज्ञानले यसलाई अगम्य सुगम दुर्गम शरीर निर्माण गरिदिएको छ। सामान्यतया यो दुर्गम दुरोह हो तथापि योग युक्तिका कारण सुगम हो। यो कैलाश जस्तै उँचो छ। यसको माथि आकाशमा मेघ गर्जञ्छ।
- उसका तेह्र प्रामाणिक फाटकहरू छन्। जसमा दश प्रकट र तीन गोप्य छन्। प्रकट दशद्वार ब्रह्मरन्ध्र सहित नवरन्ध्र हुन्। तीन गुप्त द्वारको वर्णन गोप्य सम्झेर योगिनीहरूले आफ्ना वाणी अर्थात् आवाज बोलीहरूमा व्यक्त गरेका छैनन्। त्यसमा नौ नाडीहरू र बहत्तर कोठा छन्। बहत्तर हार नाडीहरूमा बहत्तर नाडीहरूलाई प्रमुख मानिएको छ। बहत्तरमा पनि त्यसमध्येमा दश नाडीहरू प्रमुख रहेका छन्। 'गोरक्षशतक' 'गोरक्षपद्धति' १, २६। बहत्तर कोठा बहत्तर नाडीको उल्लेख छ। यहाँ दश नाडीहरूमा सुषुम्नालाई छोडेर बाँकी नौ नाडीहरू कहीँ रहेका छन्। यी सबैको मिलन सुषुम्नामा हुने गर्दछ। नौ नाडहिरूको नाम यसप्रकार रहेको छः इडा, पिङ्गला, गाँधारी, हस्तिजिह्वा, पूषा, यशश्विनी, अलम्बुषा, कुहूर, शंखिनी। यस घरमा अथवा किलोमा पचास अर्थात् षट्चक्र जसमा सबै मिलाएर ५० दल मानिञ्छ। पच्चिस अर्थात् २५ प्रकृति गोरख गणेश गोष्ठीमा पाइञ्छ भने पञ्चतत्त्व चोर हुन्। जबसम्म षट्चक्र भेदन हुँदैन

---

६८३ उही पृ. १८२।

पच्चिस प्रकृतिहरू वशमा नियन्त्रणमा हुँदैन । पञ्च तत्त्वभन्दा माथि उठ्न सक्तैन त्यसबेलासम्म अध्यात्म योगमा सिद्धि प्राप्त हुँदैन ।[६८४]

- शरीरमा ३६० हड्डी पत्थरहरू छन् । जसद्वारा गढ बनिरहेको छ । शरीरका प्रमुख नवनाडीहरू खाई हुन् । नदी .... बहई = अठार गङ्गा नदी अर्थात् १८×४=७२ नदीहरू अर्थात् नाडीहरू । सम्पूर्ण शरीरमा ७२ करोड नाडी रहेको मानिञ्छ । जो अत्यन्त सूक्ष्मभन्दा पनि सूक्ष्म रूपमा रहेका छन् । जंसरी ८४ लाख योनीलाई कहिले काहीँ ८४ भनिञ्छ । त्यसैगरी ७२ नाडी भनिञ्छ मगर, मच्छ- मरकर, मत्स्य, भौतिकताको प्रतिक अहङ्कार हो ।

- असंख्य नाडीहरूको अन्त्य रोमकुरा अर्थात् रौंका जराहरूमा हुञ्छ । त्यसबाट उठ्ने रौं वनस्पति माला हो । यसैमा नाडीहरू एक दोस्रासँग जोडिँदै माथि कोठरी बन्न गएको छ । यसमा प्रधान ग्रन्थी रूपलाई नालदल युक्त कमल भनिञ्छ । यही षट्चक्र हो । कुण्डलिनी शक्ति योभन्दा पर बस्दछ । उसलाई जागृत गर्नका लागि उसको भेदन आवश्यक छ । उक्त माया शक्ति कुण्डलिनी आफ्नो मोहरूपद्वारा त्यहाँ सत्यको रक्षा गर्दछिन् । सत्य समक्ष कसैलाई पनि पुग्न दिइँदैन ।

- एकै शब्दमा भन्नुपर्दा यसलाई सिद्ध गुरूले मात्र देखाइदिन सक्छन् । अमृत रस मीठो छ तर उसको विशेषता भनेको यो हो कि ऊ गुह्य गुप्त रहेको छ । यसलाई त्यसले मात्र प्राप्त गर्न सक्तछ, जो उसको वास्तविक खोजीमा लागेको छ ।

- बन्धी, बाँधिएर, तल्लीन भएर, लागेर, संयमित भएर । पदया नीर = (अ) मा यसको अनुवाद 'पद गम्य नीर' भनिएको छ । निर त 'विन्दु' हो तथापि पदयाको अर्थ संदिग्ध हो । खुट्टामा यसको सम्बन्ध जोडेपछि यसलाई गमनार्थक मान्नुपर्दछ । जसको सम्पूर्ण चरणको अर्थ हुञ्छ शुक्रलाई माथितर्फ उर्ध्वस्थानमा पुऱ्याउनु अर्थात् उध्वरेता ।

- नाद र विन्दुलाई प्रमाणित रूपमा ग्रन्थित गर । ज्योति कूल घट्मा छ ? उसको स्थान कहाँ हो ? निरञ्जनको निवास कहाँ हो ? काली सर्पिणी रूप मायाले जीवात्मा रूपलाई कहाँ, कहाँ पक्री पक्री खाने गर्दछे ?

- उध्वरिता जलन्धरको पवनसँग कहाँ मेल खाञ्छ ? मुसालाई अर्थात् जीवलाई बिराला अर्थात् मायाले कहाँ घेर्दछ ? योगीले सिंगी नाद अर्थात्

---

६८४ गोरखवाणी, पृ. १८४ ।

अनाहद नाद कहाँ बजाउँदछ ? जहाँ लडाई जितेर सुरसाधक पुरुष सिद्ध हुन जान्छ ।

➢ अमृत स्रावण पूर्णिमाको चन्द्रमा कसरी क्षिण हुन गयो ? अमृत स्रावक भनेको वानी बर्साउने । किनकि सूर्यले चन्द्रमालाई फर्काएर स्वयं पवनमा अधिकार जगाएको छ । स्वप्नामा पनि इन्द्रियहरूले कामनालाई ग्रहण नगरुन अर्थात् मन इच्छाद्वारा प्रेरित नहोस् । यसकारण योगेश्वर प्रलय अर्थात् मनो विलय गर्ने निश्चित गर्दछन् ।[६८५]

➢ शरीरका नाडीहरूमा सात गाँठा छन् । सम्भवतः षट्चक्र र सातौँ सहस्रार हो । उद्यः अर्थात् उर्ध्वगामी जुन श्वास क्रिया छ त्यसमा ध्यान देऊ । बीच बीचमा नौ नौ कलियाँ नवरन्ध्र लागेका छन् । अष्टकवल जसलाई योगीहरूले आठ कमल मान्दछन् । सातौँ ज्ञानचक्रमा सहस्रदल कमल र आठौँ विज्ञानमा २१ सहस्रदल कमल छन् । अष्टचक्र र बत्तिस लक्षण छन् यसको व्याख्या अष्टचक्र अगाडि गरिएको छ ।

➢ अनाहद नाद सबै ठाउँ भरिएको छ । हे अवधूत ! अगोचर मूल तत्त्व शिवको आकाश मण्डल ब्रह्मरन्ध्रमा खोज । शरीर रूपी नगरकोट जसमा कैयौँ बाटहरू मार्ग छन् । तथापि एक स्त्री कुण्डलिनी माया राजद्वारको बाटोलाई छेकेर उभिएकी छन्, जसले मूल वस्तुसम्म अर्थात् मूल ठाउँसम्म पुग्न रोकेको अवस्था छ ।

➢ यस नगरमा पाँच महर्षि अर्थात् पञ्च कर्मेन्द्रिय छन् । जसले भित्री तहसम्म पुगेर आत्मज्ञान हुन दिँदैनन् । उनीहरूको स्त्री मन अत्यन्त बलवान्, शक्तिशाली छ, युद्ध कौशलता पनि छ । यो अवस्थामा पञ्च इन्द्रिय अर्थात् पाँच इन्द्रियहरूलाई मारेर जो जो आफ्नो मुक्तिमार्गमा अघि बढ्न सक्तछ उसले सुन्दरी मायालाई पनि जित्न सक्तछ । साथसाथै आफ्नो शरीर र सम्पूर्ण जगतमाथि पनि विजय प्राप्त गर्दछ ।

➢ इडा, पिङ्गला र सुषुम्ना यी तीन मुख्य प्राणवाहिनी नाडी हुन् जसको साधनाबाट भ्रम टुट्दछ र ब्रह्म साक्षात्कार हुन्छ । पञ्चतत्त्वको संसर्गमा अमृत नै विष भएर रहन्छ । त्यो गुरू वचनबाट जब अमृतमा परिणत हुन्छ शिष्यहरूले त्यसलाई पिउने गर्दछन् ।

---

६८५ उही पृ. १८६ ।

आत्मबोधः

- मुछावै = मुर्छित गर । लावै, ताली = ध्यान लगाऊ । वैसि = बस । दर = दरी उपत्यका घाँटी । घाँटीमा वेग अत्यन्त तिव्र हुञ्छ । यहाँ वायुमार्ग नवद्वार रहेका छन् । धरती = मूलाधार । अंबर = ब्रह्मरन्ध्र । भुवगमकरै = कुण्डलनी जागरण । पांणी = विन्दु । गरजै = अनाहद नाद । महारस = अमृत = रूप मदिरा शक्ति = कुण्डलिनी ।[६८६]
- चन्द्र सूर्य उल्टिएर राहु केतुको ग्रस लिञ्छ । यसप्रकार योगेश्वरको तत्वज्ञान कारण भानु-सा प्रकाशमान छ । भनिञ्छ चन्द्रमाको द्वारमा सूर्य स्थिर हुन जाञ्छ । अर्थात् सूर्य र चन्द्रमाको मेल हुन जाञ्छ जुन हठ् विद्याको उद्देश्य हो ।
- तल भित्रतर्फ गइरहेको वायुलाई माथि लगेर अर्थात् ब्रह्माण्डमा पुऱ्याई द्वादशांगुल पवनको आयाममा उन्मनावस्थामा रहञ्छ । जब पवन सुषुम्ना मार्गमा गर्दागर्दै प्रवेश गर्दछ त्यतिबेला दिनरात वायुबाट ध्वनि निस्कञ्छ । अनाहद नादले सुनाई दिञ्छ ।
- पञ्चचोर- पञ्चज्ञानेन्द्रिय । मुभिवा = योदृव्यं, युद्ध गर्नुपर्दछ । मैमंत .... बार = मदमत हाथी मनको ढोकालाई ब्रह्मरन्ध्रमा बाँधिदिनु पर्दछ ।[६८७]
- युद्ध गर्ने राजा, सेनापति आत्माभित्र रहेको छ । जसले चारै दिशाका गौडाहरू भाग्ने मनलाई मारेर भित्र सुरक्षित राखेको छ ।
- आत्मालाई कठिन घाउहरूले सहायता गरिरहेका छन् । युद्ध भइरहेको छ । साथसाथै मन-पवनको योग गरेर योगमा लिन रहञ्छ ।
- मन र पवनको मेल कठिन छ । यसकारण चन्द्रमा र सूर्यलाई समायोजनं गरेर एक अर्कामा बाँधिदिनु पर्दछ । योगी शुक्राधिक्यबाट विचलित हुँदैन । यसले ९ सय ७९ सागर अर्थात् अपरिचित शुक्रलाई सोस्दछ । साथसाथै उर्ध्वगामी बनाइदिञ्छ । र खाली स्थानमा पुनः भरिदिञ्छ ।[६८८]
- योगीको शिक्षाका लागि पोथी पुराण पढ्ने आवश्यक्ता पर्दैन । स्वयं सरस्वती उसको हृदयमा बसेर ब्रह्मज्ञान उच्चारण गर्दछिन् । जन्म विरोधी

---

६८६ ठही पृ. १९४ ।

६८७ गोरख सागर, पृ. ६०१ ।

६८८ ठही पृ. शुष्क, खुक्ख- खोखलेको ।

शुक्रलाई शोषण गरेर उर्ध्वगामी बनाई वज्रोली मुद्राको साधना र कायाको सबै दोष नष्ट गरिदिञ्छ ।

- जुन अमृत क्षति भइरहेको छ त्यसलाई खोजेर जालन्धर बन्धद्वारा उसको नाशलाई रोकी अजर अमर भएर शरीर कुन्द, कन्ध, स्कन्ध शरीर स्थिर हुन जाञ्छ। अथवा कन्द स्थिर भएपछि शरीर अजर अमर हुन जाञ्छ। मूलाधारको साथमा रहेको कन्द जसबाट सबै नाडी जाल निस्कञ्छ। सोखेको शुक्रलाई उर्ध्वगामी गराउँदा शरीर पुष्ट हुन जाञ्छ। ज्ञानदीप अथवा ब्रह्मज्योति खाई बाल्दा दिनरात ब्रह्माग्नि प्रज्वलित हुञ्छ।
- यसप्रकार ब्रह्माग्निले रातदिन पापलाई जलाइरहञ्छ। जसको डरले पवन प्रत्येक सन्धिमा भागेर बस्न जाञ्छ। यसप्रकारको पवन स्थिर भएपछि मन पनि धैर्यवान हुन जाञ्छ। त्यतिबेला शिव स्थान ब्रह्मरन्ध्रलाई जित्ने आत्मालाई कसैले रोक्न सक्तैन, बन्दी बनाउन सक्तछ।
- ब्रह्म सागर शुक्रलाई सोख्ने उर्ध्वगामी गराउने जीवन शक्ति बढ्दछ। साथसाथै क्षीर अमृत सागरलाई सोख्ने शरीर अजर अमर हुन जाञ्छ। वज्रको धारण गर, वज्रासन लगाउ, जसबाट सबै रोगव्याधी नाश हुन जाञ्छ।
- **यदि सुन, चाँदी, हिरामोतीले काम सिद्ध हुने भए सिधा रूपमा राजा भर्तृहरि, गोपीचन्द आदिले राज्य किन छोड्दछे ?** जो मानिसले अजपा जप मन्त्र जप्दैन ऊ मोक्षसम्म कसरी पुग्न सक्तछ। यसकारण अजपा जप नजप्ने मानिस पशुजस्तै हुन जाञ्छ।
- **जसले भष्ट्यचार, ठगी, मुनाफा आदिबाट धनसम्पत्ति एकत्रित गरेर जोगाएर राख्दछ, सत्मार्गको खोज गर्दैन, गुरूको खोज गर्दैन। यसप्रकारका मूर्ख मानिसहरू जिउँदै मरेसरह भन्दा हुञ्छ। हे मूर्ख र भौतिक शरीर नाशवान् छ, यो धनसम्पत्ति कसको लागि जम्मा गरेको छस् ? एकपल्ट अन्तर आत्मालाई सोध।**
- जसले कलारहित ब्रह्मको अनुभव गरेको छ उसको व्यवहार न्यायपूर्ण हुञ्छ, चाहे त्यो मीठो बोलोस् या नबोलोस् त्यस कुरासँग सरोकार हुँदैन।

अभैमात्रा जोगः

- जगौय = योग पद। जरना-योगानुभवको स्थिरता, जीर्ण हुनु। उड्डयानी = उड्डीयान (अ) कै अनुसार उड्डयाणीका। वमेक = विवेक। उदिक = उदका। रहरासि = (अ) रहस्य विचार।[६८९]

६८९ गोरखवाणी, पृ. १९७, १९८।

➢ समयमा अबै मात्रा जब योगमा समायोजन हुन गएको अवस्थामा सजिलैसँग योगसम्म खेलिरहञ्छ कार्य हुने गर्दछ समय कटेको कुनै थाहा हुँदैन एक प्रलय बाट दोस्रो प्रलयसम्म उसलाई कसैले केही पनि गर्न सक्तैन दिनका लागि जम्मा भनिएको छ यस्तो शब्दको अर्थ शक्तिलाई घटाउँदछ अघि बढ्छ ज्ञान तिल शब्द नै तारा हो जसले को छ शब्द नै हो जसले उक्त ताला खोल्न सक्छ परमात्माको साक्षात् दर्शन हुनजाञ्छ प्रणव शब्द भ्रमणको पहिलो हो त्यसकारण प्राणलाई बन्द गरिएको छ तथापि प्रणवको उपासनाबाट परम दर्शन हुनसक्तछ जोवान मनदेखी यसकारण यो हो गुरू शब्दले पनि ब्राह्मणलाई आफैंमा लुकाई राखेको हुञ्छ ब्रह्म ज्ञान र ब्रह्म फरक-फरक होइनन् गुरूको शब्दबाट नै यसको भेद फुल्दछ जसरी जङ्गलमा हेर्दा बिझेको काँडा काँडा लेनै निकाल्दछ त्यसैगरी ताराले चाबी खुल्दछ यसैगरी शब्दले शब्द पनि खुल्दछ यसप्रकारको शब्दले उज्यालो हुन जाञ्छ ठमेल नाले साधकको उत्पत्ति हुञ्छ त्यतिबेला उज्यालो हुञ्छ ।[६१०]

पन्द्र तिथि:

➢ यदि योगी ब्रह्मरन्ध्रमा समायोजन हुन गएको अवस्थामा सजिलैसँग चार युगुम्म रहञ्छन्, आनन्दको समय हुने गर्दछ, समय कटेको नै थाहा हुँदैन । एक प्रलयबाट दोस्रो प्रलयसम्म उसलाई कसैले केही पनि गर्न सक्तैन ।

➢ चञ्चल = मन । जौश = यमराज । जोड दिनका लागि जमजौश भनिएको छ । यस्तो शब्दको अर्थ शक्तिलाई घटाउँदछ । अहिबड = अखण्ड ।

ज्ञान तिलक:

➢ शब्द नै ताला हो जसले ब्रह्मलाई बन्द गरेको छ । शब्द नै चावी हो जसले उक्त ताला खोल्दछ । परमात्माको साक्षात दर्शन हुन जाञ्छ । प्रणव शब्द ब्रह्मको पहिलो हो । यसकारण प्रणवलाई बन्द गरिएको छ । तथापि प्रणवको उपासनाबाट परब्रह्मको दर्शन हुन सक्तछ । जो वाङ मनदेखि गोचर छैन । यसकारण यो चावी हो । गुरूको शब्दले पनि ब्रह्मलाई आफैमा लुकाई राखेको हुञ्छ । ब्रह्मज्ञान र ब्रह्म फरक फरक

---

६१० उही पृ. १२७ ।

होइनन् । गुरूको शब्दबाट नै यसको भेद खुल्दछ । जसरी जङ्गलमा हिँड्दा बिझेको काँडा काँडाले नै निकाल्दछ त्यसैगरी तालाले चावी खोल्दछ, यसैगरी शब्दले शब्द पनि खोल्दछ । यसप्रकार शब्दले उज्यालो हुन जाञ्छ । सिद्धसँग मिल्दाले साधकको उत्पत्ति हुञ्छ त्यतिबेला उज्यालो हुन जाञ्छ ।[६९१]

- ➢ पुरुषको दर्शनले अलख पुरुष परब्रह्म समायोजन हुन गयो । जसको परिणाम नै उल्टो हुन गयो । मैले स्वयं परब्रह्मलाई सोषन पुगेँ । मेरो दृष्टिकोणमा परब्रह्म मूल मलाई समायो र म परब्रह्म समाउन पुगेँ । जबसम्म पुरुष परब्रह्म तन, मनमा उत्पन्न हुँदैन, व्याप्त हुँदैन, हामी आफ्नो सम्पूर्ण अस्तित्वमा उसको अनुभव गर्न लाग्दैनौँ, त्यतिबेलासम्म अध्यात्मको कथन झुठो हो ।
- ➢ जुन तृष्णा सहज स्वभावबाट नष्ट हुन गएको छ र अनाहद नादद्वारा जसको उपलक्ष्य स्वरूप सिंगी नाद र नाथपन्थमा ग्रहण गरिएको छ त्यतिबेला मेरो मेल परब्रह्ममा हुन गयो । यसरी मेरो कैवल्य प्राप्ति एक्लो गुरूरूप गारुडी विषय र रसरूप विषयको निवारण गरेर मलाई अमृत पान गराएँ।
- ➢ जो कुण्डलिनी शक्ति या शिवशक्तिमा समायोजन हुन गएको छ माया मर्न जाञ्छ । उसको शरीर योग अमृतपानद्वारा सञ्जिवित भएर नाच्दै उड्दछ । नाथहरू भञ्दछन्: जुन साधकले यसप्रकारको मायामाथि विजय प्राप्त गर्दछ, ऊ अजर अमर हुन जाञ्छ । यसप्रकारका शिद्धि प्राप्त गरेका चेलाको शरीर पतन हुन गयो भने त्यो गुरूको लज्जाको विषय हो । किनभने यसबाट यो प्रमाणित हुञ्छ कि स्वयं गुरू नै अधुरो छ भने चेलालाई के सिकाउँदछन् ?[६९२]
- ➢ जसले दर्पणमा दर्शन देखेको छ अर्थात् आफँले आफँलाई परब्रह्म निरञ्जनको साक्षात्कार गरेको छ, जसरी पानीमा कुनै वस्तुको निरन्तर प्रतिविम्ब परिरहञ्छ र आफैंमा जसको आत्मा प्रकट हुन जाञ्छ उसलाई यता-उता कतै पनि भड्किने आवश्यक्ता पर्दैन । उसले स्थिरता प्राप्त गर्दछ ।
- ➢ जसरी चम्चमाएको पत्थर अर्थात् ढुङ्गो रगड्दा आगो निस्कञ्छ त्यसैगरी दहीलाई मथेर घ्यू निस्कञ्छ, त्यसैगरी आफ्नो आत्मा आफैमा प्रकट हुन

६९१ उही पृ. १२६ ।
६९२ उही पृ. २२७ ।

जान्छ। त्यतिबेला सम्झनु पर्दछ गुरूले शिक्षा दिएर गुरू शिक्षाको प्रभाव पर्न गएको छ।

> आत्मा विस्मृतिमा परिरहेको छ। आत्मामा भएको हानी स्मृतिलाई पक्र, संशयमा नलाग। आत्मा यस्तो पूँजी हो, जसलाई कहिल्यै पनि हानि हुँदैन। एक आत्मतत्त्वबाट नै यतिका पूँजी अर्थात् सन्तुष्टिको धन उत्पन्न भएको छ, जसलाई हटाउन खोज्दा पनि हट्दैन।

> अध्यात्ममा निश्चय राख्नाले तथा उसको विश्वास भरोसा गर्नाले त्यसप्रकारको अर्थात माथि भनिएजस्तो पूँजी छिट्टैनै उत्पन्न हुन्छ। यदि यसमा कुनै कुरा छैन भने सम्झनु पर्दछ, तिम्रो स्वभाविक रूपको समस्या समाधान हुन गयो। अर्थात् त्यो क्षति नहुने धन प्राप्त हुन सक्तैन।

> जसले मायाद्वारा लुटिरहेका छन्, जसलाई यी विषय वस्तुहरूको बारेमा जानकारी छैन। उसले त जोडतोडका साथ इन्द्रियहरूलाई दण्ड दिन्छ। उसलाई तन, मनको कुनै खबर छैन। उसले त मायाको पछाडि आफ्नो आध्यात्मिकतालाई नष्ट गरिरहेको छ।

> विन्दु एकातिर छ, भग अर्कोतिर। मूर्ख मानिसहरू जीवहरूको साफल्य सम्झन्छन्। कामुकता नै विन्दुको साफल्य पूर्ण उपभोग आनन्द हो। तथापि यो सत्य कुरा होइन। किनकि विन्दुको साफल्य या यसको वास्तविक उपभोग यसलाई माथितर्फ अर्थात् उर्ध्वगामी बनाएर अचञ्चल बनाउनु हो। जसले ब्रह्ममा आनन्द प्राप्तिमा सहयोग गरोस् र अमरत्व प्रदान गरोस् । बघिनीले त दाँतले चपाएर खान्छे। तथापि भगबिनै दाँतको संसारलाई खाइरहेकी हुन्छे। कामुकतामा परेर जसले आफ्नो पुरुषत्वलाई नष्ट गर्दछ त्यस्तो प्राणीमा प्राण पुरुष अन्तर्यामी ब्रह्मको रहस्य पाइँदैन। यसलाई छोडेर ऊ मायामा परेर नष्ट हुन जान्छ।[६१३]

> सुकेको दाउरामा जसरी आगोको धुवाँ लाग्दछ, फलाममा जसरी जङ्ग अर्थात् रेति लाग्दछ, त्यसैगरी विश्वास नगर्ने साधकलाई कालले लैजान्छ। त्यो अवस्थामा गुरूले के नै पो गर्न सक्तछन् र ?

> स्त्रीलाई छोडेर पुरुष जान सक्तैन। त्यसैगरी पुरुषलाई छोडेर स्त्री जान सक्तिन। यसरी धोकै धोकाको यात्रामा सवार भएर दुवै नष्ट हुन जान्छन्।

---

६१३ गोरखवाणी, पृ. १५५।

➢ बैसन्दर अर्थात्, वैश्वानर = योगाग्निमा जसले भ्रमलाई होम गर्दछ यसप्रकारका जो सुकै होऊन उनीहरूलाई पढाउँदछु र शिष्य बनाउँदछु। यसप्रकार भ्रमको विनासद्वारा वास्तविक अश्वमेघ महत्त्वपूर्ण यज्ञको विधि सम्पन्न हुन जाञ्छ। ब्रह्मयज्ञ सम्पन्न हुन जाञ्छ। पूर्ण हुञ्छ र युक्तिले पानी जम्दछ। क्षाराणशील उद्योगामी चञ्चलता शुक्र ब्रह्मरन्ध्रमा स्थिर हुन जाञ्छ।

➢ जब योगेश्वर शिव नै विवाहित छन्, किनभने शिवले शक्ति, उमा, पार्वति, सतीदेवीका साथ भाँव लिएका छन् त यसमा आश्चर्य के छ ? किनभने सम्पूर्ण जग स्त्रीहरूले भरिएको छ। तथापि जुन पदरूप मन्दिरमा पूर्ण पुरुष परब्रह्म विलय भएको छ, बिलाई रहेको छ त्यही मन्दिरनै मेरो घर हो। वास्तवमा स्त्रीको पञ्जाबाट मुक्त भएर बाहिर निस्केर परब्रह्ममा समायोजन हुन गएको छु।

➢ यसप्रकार स्त्री मायारहित रहनाले मैले योगको युक्तिद्वारा आफ्नो वास्तविक घर ब्रह्मपदमा घर-वास, बासस्थान पाएको छु। साथसाथै पूर्ण समाधिद्वारा पञ्च ज्ञानेन्द्रियको घर ब्रह्मपदमा ढालेको छु। अर्थात् उसलाई अन्तर्मुख गराईदिएको छु। जसलाई कसैले पनि जान्न सक्तैनन्। गोरखनाथ कहाँ समायोजन भए।[६९४]

➢ हली अर्थात् खेत जोत्ने किसान, उद्धारकर्मी, जीवसाधकले सामान्य अवस्थामा खेतबारी खनजोत गर्ने गर्दछ। विवेकद्वारा आत्म बुद्धिको रक्षा गर्दछ भने अनात्म बुद्धिलाई भगाउँदछ। किनारामा रहेको मनरूपी ताल ब्रह्म आनन्द क्रिडाको सामग्रीलाई आफूभित्र समायोजन गर्दछ। उसको क्रियाकलाप अन्तर्मुख हुन गएको छ। उसले जुन बाहिरी भौतिक संसारमा आनन्द खोजिरहेको थियो त्यो उसले बाहिरको भ्रमबाट मुक्त हुँदै गएपछि आफैभित्र पाउन थालेको छ। सामान्य अवस्थामा मायारूप साबुनको वर्षा हुञ्छ भने मनमयुरको उसमा आनन्द ध्वनि लाग्न थाल्दछ। तथापि अब मनमयुर बर्षीरहेको छ। आफ्नो बहिर्मुख वृत्तिको वर्षा अर्थात् त्याग गरिरहेको छ। मायारूप सावुनले आफ्नो बन्धन वृत्ति छोडेर मुक्तिदायिनी विद्यास्वरूप हुँदै आफ्नो जगत, सृष्टिको रूपतर्फ बगेर चलिरहेको छ। अवरुद्ध भएर फर्केर आफ्नै आत्मामा आएको छ।[६९५]

६९४ उही पृ. १५७, १५८।

६९५ गोरखवाणी, पृ. २३०।

पहौकर, पुष्कर = तालाव, जो पदमा फदकता स्पन्दित = तरङ्गित हुनु । अर्थात् साधकको भौतिक स्थूल अस्तित्व सूक्ष्म आत्मिक जीवनमा समायोजन हुन जाञ्छ । त्यो सूक्ष्म जीवनमा पनि सूक्ष्म मनले आनन्द माञ्दछ । उक्त परिस्थिति आत्माभित्र नै उपस्थित छ । साधकलाई यसप्रकारको सुन्दर ऋतु उपलब्ध छ ।

- आशा र तृष्णा अब आफ्नो चञ्चल स्वभावलाई छोडेर स्थिर भएर बस्दछ । अर्थात् आफ्नो आशा र तृष्णामा जब थाक्न जाञ्छ त्यतिबेला पद अर्थात् ब्रह्म साक्षात्कारको सुख मिल्न जाञ्छ । यसप्रकार माया अत्यन्त प्रभावशाली रुख अर्थात् वृक्ष सुक्न जाञ्छ । यसको साथसाथै आध्यात्मिकताको नयाँ कोपिला उदय हुन थाल्दछ । यसरी काया निष्पन्न अर्थात् सम्पन्न हुन जाञ्छ । उसलाई वास्तविक सफलता प्राप्त हुन जाञ्छ ।

- प्राण पूर्व हाम्रो देश हो र सुषुम्नाको पछाडिको घाँटी आउने जाने बाटो हो । जन्मदै हाम्रो भाग्यमा योग लेखिएको छ । हाम्रा गुरू हामीलाई भवसागरबाट तार्ने जसरी नदीमा नाउले डुङ्गा चलाएर यात्रुहरूलाई बाढीको भेलबाट पनि तार्ने गर्दछ त्यसैगरी हामीभित्र रहेको विषय वासनाको भ्रमलाई हटाइ दिएर तार्ने गर्दछन् ।

- नवग्रहहरूलाई मारेर मैले आगोमा राखिदिएँ । ज्ञानको उदयबाट अब ग्रहयोगको राम्रो, नराम्रो परिणामबाट मैले छुट्कारा पाएँ । मायाको बीचमा ध्यान पुगेको छ । परम गुरू ब्रह्म यस शरीररूपी अस्थिपञ्जरमा विलय भएका छन् । यसकारण मेरो अगम्य गति अर्थात् मुक्ति हुन गएको छ ।[६९६]

- जो कहीँ पनि जान सक्तैन यस प्रकारको ब्रह्मवार्ता मैले अक्षरहरूबिना लिएको छु र अगम्य पदसम्म पुगेको छु । उक्त काया अर्थात् ब्रह्मपदमा आत्मा हंस यसरी विलय हुन गएको छ जो शुक्रको सरोवरमा बाँधिएको छ । जसबाट एक थोपा अर्थात् बुँद पनि ढल्कन पाउँदैन । पूर्ण ब्रह्मचर्य प्रतिष्ठित हुन जाञ्छ ।

- नाथ भञ्दछन्: गगनरूप घर अर्थात् त्रिकुटी या ब्रह्मरन्ध्रमा हाम्रो बासस्थान रहेको छ । यसप्रकार हामी आफैभित्र गएर बसेका छौँ । हाम्रो परमपुरुष

---

६९६ उही पृ. २३१ ।

रूप कागजमा लेखिएर तयार भएको छ। साथसाथै उसको कला दिनदिनै बढिरहेको छ। अर्थात् आध्यात्मिक अनुभूति बढ्दै गइरहेको छ।

- यस अनुभूतिमा राम्रो गरी खुसी भएर खेल्ने गर। जसको परिणाम नङदेखि शिरसम्म प्रत्येक रौंका जराजरामा शरीर भिज्न जाओस्। शङ्का आशङ्का मेटिन जाओस्। शङ्काले लुट्न नपाओस्, मायाको प्रभाव पूर्ण रूपमा नष्ट हुन जाओस्। यसप्रकारको समाधिमा लीन होऊ कि केवल ध्यान गरेको अवस्थामा मात्र होइन हिँड्दा, डुल्दा पनि हरेक समयमा ब्रह्मपदमा समायोजन होऊ, जसबाट जन्म मृत्युको भवसागरबाट मुक्ति होस्।[६९७]
- जो शङ्का आशङ्कामै मर्न जाञ्छ, उसले शरीरको मर्म पाएको हुँदैन। सम्झिएको ज्ञान र स्थानको मार्ग दोस्रो हो। शङ्का, आशङ्का गर्नेहरूले धोका भ्रममै आफ्नो जन्मलाई गुमाउँदछन्।
- यो पद अर्थात् ब्रह्मपदको कारण जसले कैवल्यमा मन राख्दछ, यसप्रकारको कैल्यवमत भएका पुरुष रहन कठिन छ। यस रहनीले पारसमणि पैदा हुञ्छ। जसको कारण फलामलाई कञ्चन पद प्राप्त हुञ्छ। जो उसको वास्तविक पद हो। अर्थात् यसै रहनीले सामान्य मानिसले ब्रह्मत्व प्राप्त गर्दछ। जो उसको वास्तविकता हो।
- जल अमृतको झरना ब्रह्माग्निमाथि वर्षञ्छ र हाम्रो बगँचामा सिँचाइं गर्दछ। अर्थात् ब्रह्माग्नि हाम्रो ब्रह्मानुभूति तर्फ बढ्दछ। यस रहनीबाट पैगम्बर अर्थात् अध्यात्मको ज्ञान र प्रसार उत्पन्न हुञ्छ। साथसाथै साँसारिक मायिक वृत्ति पोषणको अभावका कारण तिर्खाएर मर्दछ।
- इन्द्रसँग मिल्नाले अर्थात् इन्द्रजल देवता हुन जसको कारण पानीले धर्तीमा अन्न आदि उत्पन्न हुन जाञ्छ। यसप्रकार इन्द्रियहरूले जब अनुकूल वर्षा गर्दछन्, अन्तर्मुख हुन जाञ्छ, देहमा ज्ञान उत्पन्न हुन जाञ्छ। साधकलाई ज्ञान मिल्दछ। हाम्रो गुरूले यही भन्नुभएको छ, यही नै गुरूको शिक्षा हो।[६९८]
- जसरी पत्थरमा अनिश्वर स्पर्शमणिको निवास रहेको छ, जस्तो अष्टधातुमा सुनको निवास छ, यसैगरी सम्पूर्ण संसारमा अविनाशी परब्रह्मलाई व्याप्त सम्झनु पर्दछ। जसले ब्रह्म पद प्राप्त गर्दछ उसको घर शरीरमा पाप र पुण्य रहँदैन।

---

६९७ उही पृ. २३२।

६९८ गोरख सागर पृ. ६०१।

- सूर्य उदयको पछाडि अस्त हुन्छ यो देखेर अर्थात् मूलाधारमा सूर्यको सुषुम्ना मार्ग पछाडि सहस्रारस्थ चन्द्रले योगलाई लिएर गएको देखेर भावले भरिएको अर्थात् बहिर्मुख मनोवृत्ति रूप नदी स्तम्भिक अर्थात् निरुढ अवरुद्ध हुन जान्छ । यसबाट शरीरलाई दुर्लभत्व प्राप्त हुन्छ । सिद्ध काया हुन जान्छ र यही मन अगोचर परब्रह्म हुन जान्छ । यसप्रकार योगीले यस मायारूप बेलको तत्त्वरूप वास्तविक फल खान्छन् ।

- नाथहरू भन्दछन्ः धर्मयोगको मार्गमा चल्नाले विन्दु मात्रले शंसया, सन्देह राख्ने साधकलाई हुन सक्तैन । अगाडि पछाडि सबै ठाउँमा ज्योतिस्वरूपको दर्शन हुन्छ । नौलाख किरणको पीठ पछाडि र करोडौँ किरणको मुखको अगाडि प्रकट हुनाको यही अभिप्राय हो ।

- गृहस्थको घरमा हामीले जन्म लिएका छौँ । विरक्त साधु योगी र महाँत्माको सङ्गतले हामीले आध्यात्मिक मनोवृत्ति सुरतिलाई दृढ गरेका छौँ । कतिपयले भन्दछन्ः यसप्रकार जब अकल स्वरूप शिवमा सकल स्वरूप शक्ति समायोजन हुन जान्छ त्यतिबेला जीव र ब्रह्म एक हुन जान्छ ।

- अनाहद नादमा हाम्रो रहनी निवास छ । तत्त्वको साक्षात्कार हामीलाई हुन गएको छ । त्यसैमा मन लागेको छ । यसप्रकार आत्माभित्र मायाविष्ट अस्तित्वको वास्तविक स्वरूप आत्माको दर्शन हुन जान्छ त्यतिबेला धोखा दिने तत्त्व भाग्दछ ।[६९९]

- मानिसको योनीमै सिद्ध पुरुष अयोनी शम्भुको साक्षात्कार हुन गएको छ । साथसाथै जो रहनीमा रहन्छ त्यसैमा हामी अवस्थित छौँ । उसको शरीरमा केवल पुरुष प्रकट हुन जान्छ ।

- यस पद्यको यो पनि अर्थ हुन सक्तछ कि जो तर योनी हो त्यसैमा अयोनी शम्भु पनि छन् । यसकारण जसले भित्रको अयोनी शम्भुको साक्षात्कार गर्दछ त्यस्तो सिद्ध पुरुषसँग सत्सङ्गत गर्नुपर्दछ । यसप्रकार जसले उक्त रहनीलाई अपनाउँदछ, जसमा सिद्ध योगीहरू अवस्थित छन् उसको शरीरमा केवल पुरुष प्रकट हुन्छ ।

- जसले तलबाट उठाउने धारालाई माथि अर्थात् आधा घैटोमा गाग्रीमा भर्दछ अर्थात् जो कुण्डलिनी शक्तिको ब्रह्माण्डमा स्थिर रहन्छ, उसले स्थिर भएर

---

६९९ ऐजन पृ. ६०२ ।

अमृत पान गर्दछ । जसले घैटो या गाग्रीलाई सिधा राख्दछ, त्यसलाई उसले संरक्षण, संवारण गर्दछ अमृत पिउन सक्तैन । जसले बाहिरी भौतिक आँखाले देख्दैन, उसको ज्ञानको आँखाबाट सम्पूर्ण जगतको वास्तविकता प्रकट हुन जाञ्छ । जसले बाहिरी आँखा नै सम्पूर्ण देखेको भ्रममा छ बर्हिदृष्टि छ, उसमा कहीँ पनि आध्यात्मिक प्रकाश देखिँदैन ।[७००]

- तिमी नै यो शरीर हौ । यसैमा स्वर्ग, मर्त्य, पाताल, त्रैलोक्य, समायोजन भएको छ । यसरी पिण्डमा ब्रह्माण्ड छ । त्रिवेणी, त्रिकुटी सूर्य र चन्द्रमा सब यसैमा छ । यसैमा अजस्र रूपमा अनाहद नाद पनि भइरहेको छ । ब्रह्मज्ञानीहरूले यसलाई सम्झ ।
- आवागमन भ्रमको मार्ग हो । असली पन्थ त सिद्ध पुरुषहरूलाई बताइएको पन्थ हो । जसले आफ्नो पहुँचभन्दा बाहिरको अतित अनाहदलाई जाग्रित गरेका छन् र अर्न्तलीन हुन गएका छन् ।
- यो विमलमार्ग बिजुली सरह चम्कञ्छ । घन ठोक्दाको आवाज सरह गर्जञ्छ । त्यसमा चल्नाले ज्योतिको दर्शन हुञ्छ । अनाहदलाई सुनिञ्छ । यसै रहनीमा योगीको निवास रहेको छ ।
- जो कैवल्य पद फहराउँदै ध्वजा भएको मन्दिर अर्थात् राजप्रसाद मन्दिर तुल्य सर्वेश्रेष्ठ छ, हे चेलाहरू हो ! उक्त पदलाई मणि बनाऊ । त्यसैमा बस । जहाँ पुरुष कोटी विभिन्न कलाहरूका साथ अनाहद नादको गीत गाइञ्छ ।
- योगीको रहनी मध्यम मार्गको हुनुपर्दछ । उसले भोग र त्यागमा समत्व अर्थात् समानता राख्नुपर्दछ । भोग्य पदार्थहरूसँग हुँदाहुँदै पनि त्यसमा आशक्त हुनुहुँदैन । यसकारण भनिञ्छ नौ लाख नर्तकीहरू उसको अगाडि नाच्ने गर्दछन् । अर्थात् सहज ज्ञान वैराज्ञको केन्द्र उसको पछाडि रहेको छ । साथसाथै यी दुवैका बीचमा ऊ अवस्थित छ । यसप्रकारको अवस्थामा जब योगीहरू रमाउँदछन् अर्थात् साधनामा रहञ्छन् त्यतिबेला उसको भित्रको भण्डार भरिपूर्ण हुन सक्तछ ।[७०१]
- मूलाधारस्थ सूर्यमा सहस्रारस्थ चन्द्रमा मिल्नका लागि पछाडि अर्थात् सुषुम्ना मार्गगमी देखेर अर्थात् योग अभ्यासद्वारा ज्ञान ग्रहण गर्नाले तृष्णा नष्ट हुन जाञ्छ । यदि सिद्ध गुरू प्राप्त भए भने मूलतत्त्व आफ्नो हृदयमा बस्नाले संशय आशङ्का रहँदैन, भाग्दछ ।

---

७०० उही पृ. ६०३ ।

७०१ गोरखवाणी, पृ. २३६ ।

- जसरी तोरी र तिलमा तेल व्याप्त रहेको छ, त्यसैगरी अञ्जनमा निरञ्जन। यसकारण जसरी तोरी र तिल पिनेर तेल लिइन्छ यसैगरी मैले सिद्धयोगी अञ्जनमा माया निरञ्जन ब्रह्मलाई भेटेको छु र मूर्तिमा अमूर्तको स्पर्श गरिएको छ । साथसाथै यसैप्रकारले निरन्तर अबाध्य आध्यात्मिक आनन्दको खेल प्राप्त भइरहेको छ ।
- जहाँ शून्य छ त्यहाँ मैले सबै कुरा देखिरहेको छु। ब्रह्मबाट नै सृष्टि प्रकट हुन्छ। त्यही नै संसारको सारतत्त्व र तथ्य हो। यसकारण यहाँ ब्रह्मालाई सबैकुरा भनिएको छ। बोलीले मात्र यो कुरालाई कसैले विश्वास गर्दैनन्। त्यसै समयमा शून्य साक्षात्कार हुँदा नै विरलै कैवल्य पद समाएर मेरो द्वैतभाव मेटियो, मलाई शून्यको ब्रह्मको साथ तादात्म्यको अनुभव हुन गयो।
- दक्षिण मूलाधार चक्रमा हाम्रो डीवी अर्थात् पात्रगत खाद्य सामग्री पाकिरहेको छ । प्रयोग सामग्री कुण्डलिनी तयार भइरहेको छ । आगो योगाग्नि जलिरहेको छ। मूलस्थान अर्थात् उत्तर मूलस्थान ब्रह्मरन्ध्र शून्यमा यी कार्यहरू भइरहेका छन् । यसरी हामी योगेश्वर बन्यौ र हाम्रो निर्वाण पद प्राप्त भयो ।[७०२]
- सहजको अँगीठीद्वारा भरीभरी यसरी कसैले भोजन पकायो भने जसरी वाफ निस्केर एकथोपा पनि पानी खस्न सक्तैन त्यसैगरी साधक यसप्रकारको साधना गर्न सक्षम हुन्छ कि जुन मद, मोह, लोभ, काम आदि भावनाले टाउको उठाउन सक्तैन । त्यसैगरी विन्दुपात पनि हुँदैन त्यतिबेला योग अभ्यासको समाधि सिद्ध हुन जान्छ । तत्पश्चात् गुरू अर्थात् ब्रह्म परिचयका लागि शर संसाधन गर्दछ। परिचयको लक्ष्यतर्फ अभिमुख हुन्छ अर्थात् आफ्नो परिचय गराउँदछ।
- अक्षयपद धैर्यको खम्बा स्तम्भ, थंम्भ र तल्लिनता या धुनको डोरीको सहारा आसमानमा शून्यमा समायोजन छ अर्थात् निरालम्ब अटल आसन छ। यही नै महायोगी गुरू गोरखनाथको दरबार हो।[७०३]
- पिण्डमा नौ चक्र हुन्छन् । आधार चक्रमा ३ पटक गोलो आकारमा चारैतर्फ भग मण्डलको सहस्रस्थ ब्रह्मचक्र हो। त्यही त्यसैका साथ मूल बन्दछ । जहाँ अग्निको आकार भएको शक्तिको ध्यान गर्नुपर्दछ। त्यही कामरूप पीठ हो। जसको ध्यान मात्रले सम्पूर्ण कामनाहरू सिद्धि हुन्छ।

---

७०२ उही पृ. २३७ ।

७०३ उही पृ. २३८ ।

- ➢ दोस्रो स्वाधिष्ठान चक्र हो, उसको बीचमा पछाडि मुख भएको प्रवलाङ्कुर रातो रङ्गको मुगाको अगाडिको भागको जस्तो शिवलिङ्ग हुञ्छ। यसको ध्यान गर्नुपर्दछ। यही उड्डीयान पीठ हो। यस लिङ्गको ध्यान गर्नाले सम्पूर्ण जगत साधकतर्फ सहज रूपमा आकर्षित हुञ्छ। शिवलिङ्गको उपासनामा जगतका प्राणीहरूलाई साधकले सजिलै गरी आफूतर्फ आकर्षण गर्दछ। शिवलिङ्गको उपासनाले सृष्टिका प्राणीहरूलाई साधकले आफूतर्फ आकर्षण गराउने शक्ति प्राप्त गर्दछ।[७०४]

- ➢ नाथ सम्बन्धमा अध्ययन गरेका अध्येता विद्वान्‌हरूले नेपालको दरबार लाइब्रेरीमा रहेका मत्स्येन्द्रनाथ, गोरखनाथका ग्रन्थहरूलाई उद्धृत गरेका छन् र धेरै ठाउँमा नाम पनि लिएका छन्। डा.श्यामाकान्त द्विवेदी 'आनन्द' उहाँको पुस्तक योगीराज मत्स्येन्द्रनाथ प्रणित कौलज्ञान निर्णयः प्रथम, द्वितीय खण्डमा नेपालको दरबार लाईब्रेरी उद्धृत छ। तर नेपालमा खोज्दा अहिले हामीलाई ती ग्रन्थहरू प्राप्त गर्न कठिनाई परेको छ। जसरी पछिल्लो चरणमा योगी नरहरिनाथका ऐतिहासिक दस्तावेहरू आगो लगाउने, सडाउने गरियो त्यसैगरी नष्ट त गरिएन ? प्रश्न चिह्न खडा छ।

नाथको वंशवृक्षमा व्यापकताः

'शावर चिन्तामणि' जसलाई योगीराज मत्स्येन्द्रनाथको रचना मानिञ्छ, त्यसमा भगवान् शिवले पार्वतीसँग भन्नुभएको छः हे देवी ! मत्स्येन्द्रनाथ नाम गरेका महाशक्तिशाली योगी छन्। उनी मेरा मानस पुत्र हुन्।[७०५] नाथ दर्शन परम्पराको विकासमा महायोगी मत्स्येन्द्रनाथसहित उहाँका चेला गोरखनाथ, नवनाथ चौरासी सिद्धहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। मत्स्येन्द्रनाथका शिष्य, प्रशिष्य एवं उनका शाखा एवं उपशाखाहरूमा ध्यान दिने हो भने विशाल व्यक्तित्व, प्रभाव भारतदेखि चीन मङ्गोलियासम्म नेपालदेखि अरबसम्म प्रचारको व्यापकताको दृष्टिकोणले यति महिमामण्डितयोगी दोस्रो पाउन कठिन पर्दछ।[७०६] नाथ सम्प्रदायको गुरू शिष्य परम्परामा १. मत्स्येन्द्रनाथ उहाँका चेलाहरू गोरखनाथ, चर्पटीनाथ, २. जालन्धरनाथ उहाँका चेलाहरूमा कानिपा र गोपीचन्द। गोरखनाथ उहाँका चेलाहरूमा (क) गाहिनीनाथ, (ख) नागनाथ, (ग) भर्तृहरि, (घ) मलिकनाथ, (ङ) विलेशयनाथ रहेका छन्। यद्यपि

---

७०४ कौलज्ञान निर्णय, द्वितीय खण्ड, पृ. २४२।

७०५ अर्जुन ज्ञवालीः महायोगी मत्स्येन्द्रनाथ र नेपाल उद्धृतः शावर तन्त्र, १, ८।

७०६ कौलज्ञान निर्णय, प्रथम खण्ड, पृ. ७६।

नाथहरूका जो शाखा प्रशाखाहरू छन् ती सबै मत्स्येन्द्रनाथसँग प्रत्यक्ष सम्वद्ध छैनन् । तथापि वीजको दृष्टिकोणले हेर्ने हो भने सबै महायोगी मत्स्येन्द्रनाथसँग सम्वद्ध मानिन्छ । महायोगी गोरखनाथले नाथहरूलाई १२ शाखाहरूमा विस्तार गर्दै सङ्गठित गर्नुभयो । कनफट्टा या दर्शनी योगीहरू गोरखनाथी योगीहरू हुन् यो नै नाथयोगीहरूको प्रमुख हो । बाह्र शाखामा विस्तारित गोरखनाथी योगीहरूलाई 'बाह्र पन्थी योगी' भनिन्छ नाथ शाखाको एक अनुश्रुतिका आधारमा १२ शिव प्रवर्तित र १२ गोरखनाथ प्रवर्तित छन् । पछि गएर भगवान् शिव एवं गोरखनाथ दुवैले ६-६ शाखाहरू भङ्ग गरिदिनुभयो र बाह्र शाखा स्थापना गर्नुभयो जो वर्तमान समयमा पनि उपलब्ध छन् ।[७०७]

पश्चिमा लेखक ब्रिग्सका अनुसार शिव प्रवर्तित १८ शाखाहरू र गोरखनाथ प्रवर्तित १२ शाखाहरूमा आदिनाथ शिवले १२ र योगी गोरखनाथले ६ शाखाहरू तोडिदिनु भयो र १२ शाखाहरू प्रचलित रहेका छन् ।[७०८] आदिनाथ शिव र ठनका शाखा र चेलाहरूमा (१) मत्स्येन्द्रनाथ उहाँका शिष्य गोरखनाथ, (२) जालन्धर नाथ र कापालिक मत रहेका छन् । त्यसैगरी आदिनाथ शिव प्रवर्तित सम्प्रदाय यसप्रकार छन्: (१) भुजकच्छका कण्ठरनाथ, (२) पेशावरका पाकिस्तान पागलनाथ, (३) अफगानिस्तानका रावल, (४) पङ्ख या पङ्क, (५) मारवाडको वन, (६) गोपाल या रामनाथ सम्प्रदाय । यसैगरी गोरखनाथ प्रवर्तित सम्प्रदायहरूमा (१) हेठनाथ, (२) आइपन्थका चोलीनाथ, (३) चाँदनाथ, (४) रतढोव मारवाडका वैरागपन्थ नेपालको दाङ्गका रतननाथ, (५) जयपुरका पावनाथ, (६) धाजनाथ महाविर[७०९] गोरखनाथ शाखाका बाह्र पन्थी योगीहरू: (१) सत्यनाथी, (२) धर्मनाथी, (३) रामपन्थ, (४) नटेश्वरी, (५) कन्हड, (६) कपिलानी, (७) वैराग, (८) माननाथी, (९) आइपन्थ, (१०) पागलपन्थ, (११) धजपन्थ, (१२) गङ्गानाथी । यी शाखाहरूका प्रवर्तकहरू क्रमशः यसप्रकार रहेका छन् । सत्यनाथ, धर्मराज युधिष्ठिर, रामचन्द्र, लक्ष्मण, गणेश, कपिलमुनि, भर्तृहरि, गोपीचन्द, बिमला, चौरङ्गीनाथ, हनुमान एवं भिष्मपितामह ।[७१०] यी १२ शाखाहरूका अतिरिक्त अनेक शाखाहरू छन् । वर्तमान समयमा मान्य

---

७०७ उही पृ. ७७ ।

७०८ ब्रिग्स: गोरखनाथ एण्ड कनफट्टा योगीज ।

७०९ नाथ सम्प्रदाय ।

७१० कौलज्ञान निर्णय: प्रथम खण्ड, पृ. ७८, उद्धृत: नाथ सम्प्रदाय ।

१२ शाखाहरू यसप्रकार रहेका छन् । गोरखनाथी शाखा १२ पन्थ योगीहरू: १. सतनाथ, २. रामनाथ, ३. धर्मनाथ, ४. लक्ष्मणनाथ, ५. दरियानाथ, ६. गङ्गानाथ, ७. वैराग, ८. रावल या नागनाथ, ९. जालन्धरिण, १०. आइपन्थ, ११. कपिलानी, १२. धजनाथ ।[७११] अन्य नाथ पन्थी उपशाखाहरूमा १. कायिक नाथ, २. पायल नाथ ३. उदय नाथ, ४. आर्यनाथ, ५. फीलनाथ, ५. चर्पटनाथ, ७. गाहिणीनाथ, ८. निरञ्जननाथ, ९. बरंजोगी, १०. पा पन्थ, ११. कामभज, १२. काषाथ, १३. अर्धनारी, १४. नाथरी, १५. अमरनाथ, १६. कुम्भीदास, १७. तारकनाथ, १८. अमापन्थी, १९. मृगनाथ । यी शाखा उपशाखाहरूको प्रभाव हिमवत्खण्ड एवं अफगानिस्तानदेखि साउदी अरबसम्म रहेको छ । नाथका अन्य परम्परा अनुसार शाखाहरूमा मत्स्येन्द्रनाथ प्रवर्तित: १. गोरखनाथी, २. गल या अरजनङ्गा रावल, ३. मीननाथ सिवतोर जैन, ४. पारसनाथ पूजा जैन । गोरखनाथका शिष्यहरूद्वारा प्रवर्तित पन्थहरूमा १. कपिलानी- अजयपाल प्रवर्तित, २. करकाइ- आइपन्थ प्रवर्तक चोलीनाथ, भुष्टइपन्थ चोललीनाथ सम्वद्ध छन्, ३. सवकरनाथ- कुनै सम्प्रदाय छैन, ४. सन्तनाथ- धर्मनाथद्वारा प्रवर्तित पन्थ, ५. सन्तोषनाथ- धर्मनाथद्वारा प्रवर्तित पन्थ, ६. लक्ष्मणनाथ-नटेश्वरी दयिानाथ पन्थ ।[७१२] जालन्धरनाथका शिष्य एवं शाखा: १. भरर्थरीनाथ, २. कानिपा- कानिपा सम्प्रदाय, सांगरी सम्प्रदाय । रामचन्द्र पांगारकर प्रोक्त गुरू पुरम्परामा यसप्रकार रहेको छ आदिनाथ शिवका चेला १. मत्स्येन्द्रनथ, २. जालन्धरनाथ, । मत्स्येन्द्रनाथका शिष्य अर्थात् चेलाहरू १. गोरखनाथ, २. चौरङ्गीनाथ । गोरखनाथका शिष्यहरूमा १. गाहिणी या गैनीनाथ, २. निवृत्तिनाथ, ३. ज्ञाननाथ । जालन्धरनाथका चेलाहरूमा १. मानिफनाथ, २. मैनावती गोपी चन्दकी आमा ।[७१३] नाथका सर्वमान्य आचार्य विद्वान्हरूमा १. मत्स्येन्द्रनाथ, २. जालन्धरनाथ, ३. गोरखनाथ, ४. कानिपा सर्वमान्य आचार्यहरू हुन् । यी नामहरू सबै नाथ ग्रन्थहरूमा पाइञ्छ । आदिनाथ, मत्स्येन्द्रनाथ, जालन्धरनाथ एवं गोरखनाथको नाम नाथ तान्त्रिक सिद्ध तथा तिब्बती परम्पराको सहजयानी बौद्ध सिद्धमा समान रूपमा पाइञ्छ ।[७१४] **महार्णबतंत्रोक्तमा** नवनाथहरूको नामावली

---

७११ उही पउ. ७८, उद्धृत, नाथ सम्प्रदाय ।

७१२ उही पृ. ७९ ।

७१३ नाथ सम्प्रदाय ।

७१४ कौलज्ञान निर्णय: प्रथम खण्ड, पृ. ८० ।

यसप्रकार रहेको छः १. गोरखनाथ, २. जालन्धरनाथ, ३. नागार्जुन, ४. सहस्रार्जुन, ५. दतात्रेय, ६. देवदत्त, ७. जड्भरत, ८. आदिनाथ, ९. मत्स्येन्द्रनाथ। सुधाकर चन्द्रिकोक्तमा नवनाथहरूको नाम यसप्रकार छः १. ऐकनाथ, २. आदिनाथ, ३. मत्स्येन्द्रनाथ, ४. उदयनाथ, ५. दण्डनाथ, ५. सत्यनाथ, ७. सन्तोषनाथ, ८. कूर्मनाथ, ९. जालन्धरनाथ।[७५] 'योगी सम्प्रदायाविष्वृति' ग्रन्थमा नवनाथहरूलाई नवनारायणको नाममा प्रस्तुत गरिएको छ। जस अनुसार नवनारायण नवनाथहरूका रूपमा अवतरण गरेको मान्यता रहेको छ। स्वयं शिव महादेवलाई एकनाथका रूपमा अवतार लिएको मानिञ्छ। जो यसप्रकार रहेको छः १. कविनारायण- मत्स्येन्द्रनाथ, २. करभाजन नारायण- गहनीनाथ, ३. अन्तरिक्षनारायण- ज्वालेन्द्र नाथ, जालन्धरनाथ, ४. प्रबुद्धनारायण- करणिपानाथ, कानिपा, ५. अविहोत्र नारायण- नागनाथ, ६. पिप्पलायन नारायण- चर्पटनाथ, ७. चमसनारायण- रेवानाथ, ९. हरिनारायण- भतृनाथ, भर्थरी, ९. द्रुमिल नारायण- गोपीचन्द नाथ। यहाँ आदिनाथ र गोरखनाथको नाम छैन। यी दुवै नाम जोड्दा ११ नाथ हुन जाञ्छन्।[७६] 'महार्णव तन्त्र'को नवनाथमा जड्भरतको पनि नाम रहेको छ। 'सुधाकर चन्द्रिका'मा नवनाथहरूको सूची यसप्रकार रहेको छः १. एकनाथ, २. आदिनाथ, ३. मत्स्येन्द्रनाथ, ४. उदयनाथ, ५. दण्डनाथ, ६. सत्यनाथ, ७. सन्तोषनाथ, ८. कुर्मनाथ, ९. जालन्धरनाथ। यसमा गोरखनाथ र कृष्णपादको नाम छैन। मत्स्येन्द्रनाथको छ। नेपालको परम्परामा यसप्रकार रहेको छ : १. प्रकाश- शिव, २. विमर्श- शक्ति, ३. आनन्द- शिवको शक्ति, ४. ज्ञान- शिव शक्ति, ५. पूर्ण, ६. स्वभा, ७. प्रतिभा कुण्डलिनी शक्ति, ८. सुभगा-महात्रिपुर सुन्दरी। यी नवनाथहरूको उद्भव गोरखनाथ, श्रीनाथ मार्फत भएको मान्यता रहेको छ। गोरखनाथीहरूको मान्तया अनुसार गोरखनाथले भिन्न भिन्न समयमा नाथ नाम धारण गरेर अवतरण गर्नुहुञ्छ। नाथका सर्वमान्य आचार्यहरूमा मत्स्येन्द्रनाथ, जालन्धरनाथ, गोरखनाथ एवं कानीपाको नाम सम्पूर्ण नाथ ग्रन्थ लगायत अन्य ग्रन्थहरूमा समान रूपमा पाइञ्छ। १. आदिनाथ, २. मत्स्येन्द्रनाथ, ३. जालन्धरनाथ एवं ४. गोरखनाथ। यी चार नामहरू तान्त्रिक सिद्ध, सहजयानी बौद्ध सिद्ध एवं तिब्बती लामा परम्परामा पनि रहेको छ। जो यसप्रकार छन्ः तारारहस्योक्त मानवौद्यमा १. वशिष्ठ, २. मीननाथ, ३. दरिनाथ, ४. कुलेश्वर,

[७५] नाथ सम्प्रदाय।

[७६] कौलज्ञान निर्णयः प्रथम खण्ड, पृ. ५८, ५९।

५. विरूपाक्ष, ६. महेश्वर, ७. सुख, ८. पारिजात रहेका छन् ।[७१७] कौलाती तन्त्रमा उल्लेखित मानबौधमा : १. विमल, २. कृशर, ३. भीमसेन, ४. मीन, ५. गोरक्ष, ६. भोजदेव, ७. मूलदेव, ८. रतिदेव, ९. विघ्नेश्जर, १०. हुताशन, ११. समरानन्द, १२. सन्तोष रहेका छन् । **श्यामारहस्योक्त नाम यसप्रकार रहेका छन्:** १. विमल, २. कृशर, ३. भीमसेन, ४. सुधाकर, ५. मीन, ६. गोरक्ष, ७. भोजदेव, ८. प्रजापति, ९. कुलदेव, १०. वृत्तिदेव, ११. विघ्नेश्वर, १२. हुताशन, १३. सन्तोष, १४. सयानन्द रहेका छन् । **राहुल सांस्कृत्यानद्वारा प्रस्तुत वर्णरत्नाकरको सूचीमा यसप्रकार रहेको छः** १. मीननाथ, २. गोरक्षनाथ, ३. चौरङ्गीनाथ, ४. चामरीनाथ, ५. तंतिपा, ६. हालिपा, ७. धौद्यपा, ८. दादिपा, ९. विरुषा, १०. भीषण आदि । **त्यसैगरी राहुल सांस्कृत्यानकै वज्रयानी सहजयानी सिद्धको सूची** १. लुहिपा, २. लीलापा, ३. विरूपा, ४. डोम्भीपा, ५. शवरीपा, ६. सरहपा, ७. मीनपा, ८. गोरक्षापा, ९. चौरङ्गीपा, १०. जालन्धरपा ।[७१८] महार्णव तन्त्रमा प्रतिपादित दृष्टिकोण अनुसार महार्षवतन्त्रकारले नवनाथको नाम यसप्रकार प्रस्तुत गरेका छन्: १. गोरखनाथ, २. जालन्धरनाथ, ३. नागार्जुन, ४. सहस्रार्जुन, ५. दत्तात्रेय, ६. देवदत्त, ७. जड्भरत, ८. आदिनाथ, ९. मत्स्येन्द्रनाथ ।

नाथ सम्प्रदायमा जो बहुमान्य गुरू परम्परा रहेको छ जस अनुसार आदिमा आदिनाथ, उमा पार्वती, मत्स्येन्द्रनाथ, त्यसपछि जालन्धरनाथको नाम आउने गर्दछ। मत्स्येन्द्रनाथको शिष्य परम्परामा गोरखनाथ, चर्पटीनाथ, रेवनाथ र चौरङ्गीनाथ आउँछ । गोरखनाथको शिष्य परम्परा गहनीनाथ, नागनाथ, भवनाथ, मणिकानाथ, एवं विलेशयनाथको नाम आउँछ । गहनीनाथका शिष्य निवृत्तिनाथको शिष्य परम्परामा ज्ञाननाथ-ज्ञानदेव, सोपानदेव, मुक्तावाई अत्यन्त प्रख्यात रहेका छन् ।[७१९] ज्ञानदेवका शिष्य परम्परामा बिसोबा, खेचर एवं सत्यामलनाथ प्रख्यात छन् । सत्यामलनाथको शिष्य परम्परामा गैवीनाथ छन् । गैवीनाथको गुप्तनाथ, गुप्तनाथको उद्धोधनाथ र उनको शिष्य परम्परामा केशरीनाथ एवं शिवदीन केशरी छन् ।

जालन्धरनाथको शिष्य परम्परामा कानिपानाथ, मैनावती एवं गोपीचन्द प्रसिद्ध छन् ।[७२०] यसैगरी सत्यनाथ गुरू शिष्य परम्परामा यसप्रकार रहेको छ।

७१७ उही पृ. ६० ।
७१८ गोरक्ष सम्प्रदाय ।
७१९ कौलज्ञान निर्णयः प्रथम खण्ड, पृ. ५५ ।
७२० उही पृ. ५५ ।

आदिनाथ, मत्स्येन्द्रनाथ, गोरखनाथ, सत्यनाथ, सिद्ध गरीवनाथ, पीरचीमन नाथ, पीर टहलनाथ, पीर केदारनाथ, पीर हाजरनाथ, पीर कृपानाथ, पीर दखानाथ, पीर अमृतनाथ, पीर ध्याननाथ, गुरूभाइ अमरनाथ, भोलानाथ, हरिनाथ, चञ्चलनाथ, पीर सरस्वतीनाथ, पीर गोविन्दनाथ, पीर सादिनाथ, पीर भक्तिनाथ, पीर पूर्णनाथ, पीर प्रीतनाथ, पीर सरस्वतीनाथ, सिद्ध प्रभुनाथ, बाबा उजागरनाथ, बाबा हंशनाथ, पण्डित सूर्यनाथ, बाबा काशीनाथ, महन्त क्षिप्रानाथ, योगी नरहरिनाथ रहेका छन् ।[७२१] पेवागुट्टी बाब गरीवनाथका शिष्य पीर चीमननाथ, उनका शिष्य टहलनाथ, क्रमशः शिष्य परम्परा पीर, केदारनाथ, पीर हाजीरनाथ, पीर कृपानाथ, पीर दरवारनाथ, पीर अमृतनाथ, पीर ध्याननाथ, गुरूभाइ लक्ष्मीनाथ दलपद नाथ, वर्षानाथ, यसैगरी पीर चञ्चलनाथ, शिष्य ध्याननाथ, सिद्ध गरीवनाथ, पीर विदुरनाथ, उनका शिष्य ज्ञाननाथ, यिनका चेला उद्यमनाथ, यसैगरी ऋद्धनाथ, सिद्धनाथ, केदारनाथ, हाजीरनाथ, कृपानाथ, दरवारनाथ, अमृतनाथ, ध्याननाथ, चञ्चलनाथ, पीर पञ्चमनाथ आदि अनेकौं स्थानमा रहेका छन् । सिद्ध गरीवनाथ, सिद्ध पीर ध्याननाथका चेला चञ्चलनाथ, उनका चेला पीर पञ्चमनाथ, उनका चेला पीर सरस्वतीनाथ । उनका चेला सिद्ध प्रभुनाथ उनका चेला सिद्ध उजागरनाथ, उनका चेला सिद्ध हंसनाथ । उनका चेला पण्डित सूर्यनाथ । उनका चेला महन्त क्षिप्रानाथ । उनका चेला योगी नरहरिनाथ । योगी नरहरिनाथका चेला गृहस्थमा योगी सिंहनाथ, ब्रह्मचर्य योगीमा योगी बलभद्रनाथ, योगी क्षिप्रानाथका गुरू भाइ कालनाथ, शिवनाथ, त्रिलोकनाथ, रणछोड्नाथ, चीरागुरू काशीनाथ, चीरा गुरूभाइ, अष्टमीनाथ । श्री महन्त क्षिप्रानाथका चेला वैद्य आकाशनाथ, योगी नरहरिनाथ आदि छन् भने श्री कालनाथका चेला हिरानाथ आदि रहेका छन् ।[७२२] श्री पीर सरस्वती नाथका गुरू पीर पञ्चमनाथ । उनका गुरू पञ्चलनाथ । उनका गुरू पीर ध्याननाथ । उनका गुरू पीर विष्णुनाथ । उनका गुरू नदीनाथ, उनका गुरू सागरनाथ । उनका गुरू पीर सरस्वतीनाथ । स्थान पेहवा । विष्णुजीका चेला गङ्गानाथ अगमपुर ।[७२३]

---

[७२१] योगी नरहरिनाथः देवभूमि भारत एवं आध्यात्मिक नेपाल, पृ. २७ ।
[७२२] उही पृ. २८ ।
[७२३] उही पृ. २८ ।

खण्ड ४

१. नाथ ग्रन्थहरूमा नाथ शब्द

महायोगी गुरू गोरखनाथद्वारा विरचित ग्रन्थहरूमा नाथ शब्दको शाब्दिक र दार्शनिक अर्थ पाइञ्छ । डा.गोपीनाथ कवीराजद्वारा सम्पादित गोरक्ष सिद्धान्त सङ्ग्रहलाई प्रभाविक ग्रन्थ मानिञ्छ । यसमा राजगुह्य र शक्ति सङ्गम तन्त्रको प्रमाणहरूलाई उद्धृत गरिएको छ । राजगुह्यका अनुसार 'ना'को अर्थ हो 'अनादि रूप' र 'थ'को अर्थ हो 'भुवनत्रय स्थापित' हुनु । नाथ त्यो तत्त्व हो जो अनादि रूपमा छ साथै भुवनत्रय स्थितिको कारण हो ।[७२४] शक्ति सङ्गम तन्त्रका अनुसार 'ना'को तात्पर्य 'नाथ' ब्रह्म हो । जो मोक्ष प्राप्तिको ज्ञानमा दक्ष छ । यस विषयमा ज्ञान दिन सक्तछ । 'थ'को अर्थ हो अज्ञानको सामर्थ्यलाई स्थापित गर्नु । नाथ त्यस्तो तत्त्व हो जसले मोक्ष प्रदान गर्दछ । नाथ ब्रह्मको अनुवोधन गर्दछ र अज्ञानलाई स्थगित गर्दछ ।[७२५] यी दुवै ग्रन्थहरूका अनुसार नाथ तत्त्व परमतत्त्व हो । यो भुवनत्रय, अर्थात् स्वर्ग, मर्त्य, पातालका कारण परमज्ञानको दाता तथा मोक्षदाता हो । जसको पुष्टि गोरक्ष सिद्धान्त सङ्ग्रहमा गरिएको छ । जसअनुसार सृष्टि स्थिति लयको प्रक्रियामा विश्वशक्तिको सृजना गराउँदछ । त्यसको परिपालन साथसाथै संहार आदिनाथ शिवले गर्नुहुञ्छ र नाथहरूले मुक्ति दिञ्छन् ।[७२६] नाथका रूपहरू तिनका प्रकारका रहेको मान्यता छ । पहिलो 'अद्वैतपरिवर्ती नाथ' प्राप्य देवता हुन् । दोस्रो निराकार ज्योतिरूप नाथ ध्येय हुन् । तेस्रो आदि गुरूका रूपमा साकार नाथ उपास्य हुन् ।[७२७] यही अद्वैत परवर्तीनाथको दुई प्रकार नादरूपा र विन्दुरूपा नै सृष्टिको मूल हो । कतिपय

---

७२४ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ११, उद्धृत राजगुह्य ।

७२५ शक्ति सङ्गमतन्त्र, पृ. ११ ।

७२६ उही पृ. ४९ 'शक्या ... दीयते' तथा 'शक्तिर्जगत्कर्त्री ... मुक्तिदायकः ।

७२७ उही पृ. ५१, 'अस्मिन् मार्गे.... च आदिगुरूः ।'

स्थानहरू सृष्टिको साँसारिक रीति विपरीत भनिएको छ । त्यसमा अनुक्रम नभएर व्यक्तिक्रम छ भनिएको छ । जस्तो साँसारिक रीतिबाट धर्म, अर्थ, काम र मोक्षको क्रम स्वीकार गरिन्छ । यस क्रममा मोक्षलाई पहिलो स्थान नदिएर चौथो र अन्तिम स्थान दिइएको छ । नाथहरूका अनुसार मोक्ष सर्वोपरि हो । यसकारण मोक्ष, धर्म, अर्थ, काम अर्थात् मोक्षदाता नाथनै सर्वेसर्वा हुन् ।[७२८]

नाथ शब्दको उपर्युक्त शाब्दिक र दार्शनिक व्याख्यामा समानता रहेको छ । दुवैमा नाथ शब्दले 'परमतत्त्व' तर्फ सङ्केत गर्दछ । सहजयान बौद्ध सिद्धहरूको 'बौद्धगान ओ दोहा'मा सम्पादित शान्तिपादको चर्यापदमा 'नाथ' शब्दको प्रयोग पाइन्छ । संस्कृतका टीकाकार मुनिदतले 'नाथ'को अर्थ 'सद्‌गुरू' भनुभएको छ ।[७२९] स्वयं महायोगी गुरू गोरखनाथले 'नाथ' शब्दको व्याख्या गर्नुभएको छ । गोरखवाणीमा सङ्कलित र सम्पादित रचनामा व्यवहारिक रूपमा नाथ शब्दको दुई प्रकारले व्याख्या गरिएको छ । जहाँ भणितीमा नाथ शब्दको प्रयोग भएको छ । त्यहाँ यसका रचयिता तर्फ सङ्केत गरिएको छ । जसरी 'नाथ कहे तुम आपा राखौ । नाथ कहे तुम सुन ह्छरे अवध ।'[७३०] अन्य स्थानहरूमा यस शब्दको प्रयोग 'ब्रह्म' या परमतत्त्वको रूपको अर्थमा गरिएको छ । 'जेसे ते निश्चल सदा नाथको संग ।' नाथ कहँता सब जग नाथ्या' ।[७३१] सन्त कवीरले नाथ शब्दको प्रयोग मायाजेताको अर्थमा गरेका छन् । जसलाई सारा संसार त्रिभुवनको यति भनेका छन् । कवीरको यस अर्थको पुष्टि गोरक्ष सिद्धान्त सङ्ग्रहका वाक्यहरूबाट हुन्छ । सामान्यतया अन्य शास्त्रहरूमा ब्रह्म, विष्णु र रुद्रको क्रम स्वीकार गरिएको छ । तथापि योग शास्त्रमा गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार सृष्टिको क्रमलाई निम्नानुसार स्वीकार गरिएको छ । शिव-भैरव-श्रीकण्ठ-सदाशिव-ईश्वर-रुद्र-विष्णु-ब्रह्मा-सृष्टि । यो क्रमअनुसार के स्पष्ट हुन्छ भने 'नाथ' यस सृष्टिक्रमदेखि पूर्णतया टाढा छन् अर्थात् पर छन् ।[७३२] अन्यत्र कतिपय स्थानमा भनिएको छ सिद्धहरूका ईष्ट नाथ हुन् । ब्रह्मा, विष्णु,

---

७२८ उही पृ. ५८ ।

७२९ महामहोपाध्याय हरप्रसादशास्त्री 'बौद्ध गान ओ दोहा' चर्याचर्यविनिश्चय चर्यापद सँख्या १५ पृ. २७ टीका पृ. २८ ।

७३० डा. पिताम्बर दत्त बड्थ्याल, गोरखवाणी पृ. ११-३६ ।

७३१ उही पृ. ४, ५, ४५, ६१ ।

७३२ डा. पिताम्बर दत्त बड्थ्याल: रामानंदकी हिन्दी रचनाए पृ. ३ । गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ५९ ।

रुद्र, देवता, शेषादि नाग मनु आदि, मानिसहरू, अन्य पशुपंक्षी आदि जीवहरू सबै स्त्रीद्वारा विजित हुञ्छन् केवल एकनाथ मात्र माया विजेता हुन् ।[७३३] नाथ शब्दको प्रयोग नाथ सिद्धहरूका लागि पनि गरिञ्छ । जसको कारण यो छ कि नाथ शब्द एक प्रकारको उपाधि अर्थात् साधक नाथ सम्प्रदायमा दिक्षित भएपछि प्रदान गरिञ्छ । दिक्षा प्राप्त गरिसकेपछि नामको अन्त्यमा नाथ जोडिञ्छ ।[७३४] पश्चिमाहरूले यसको तत्त्व बुझेका हुँदैनन् ब्रिग्सको लेखाइलाई त्यही रूपमा बुझ्नुपर्दछ । सन्त कवीरले आफ्नो रचनावली कवीर ग्रन्थावलीमा 'नाथ' शब्दको प्रयोग गर्दै नाथ शब्दभन्दा पूर्व विष्णु, कृष्ण, गोविन्द, राम, अल्लाह, खुदा, करीम, गोरख, महादेव, सिद्ध आदिको प्रयोग गरेका छन् । यसबाट के स्पष्ट हुञ्छ भने 'नाथ' शब्द नाथहरूमा मात्र होइन अन्य विभिन्न सम्प्रदायहरूमा पनि मान्य परमतत्त्व अर्थात् पुज्य र उपास्य छ । यो अवस्थामा 'नाथ' लाई मान्य परमतत्त्वको रूपमा स्वीकार गर्नुपर्दछ ।

उपर्युक्त 'नाथ' शब्दको विवेचनाबाट 'नाथ सम्प्रदाय' ती साधकहरूको हो, जसले 'नाथ' लाई परमतत्त्व स्वीकार गरेर त्यसको प्राप्तिका लागि योग साधना गर्दछन् र दिक्षा प्राप्त गरेपछि नामको अन्त्यमा 'नाथ' जोड्दछन् । हठयोगको साधना गर्ने भएको हुनाले 'नाथ'हरूलाई योगी भनिञ्छ । योगी शब्दको अर्थ अत्यन्त विस्तृत र व्यापक छ । यसको प्रयोग कान नचिरेका साधकहरूको लागि पनि गरिञ्छ । सन्यासीहरूका लागि पनि सामान्यत: यो शब्दको प्रयोग गरिञ्छ । यस प्रकार 'कनफटा' 'दर्शनी' र 'गोरखनाथी' नामद्वारा यी साधकहरूको परिचय दिइञ्छ । दिक्षाको समयमा कानचिर्ने कार्य गरिञ्छ । यस प्रकारका सन्यासीहरू नेपाल, तिब्बत, पाकिस्तान, अफगानिस्तान, पञ्जाव, मध्यप्रदेश, गुजरात, महाराष्ट्र र गङ्गाको आसपास क्षेत्रमा रहञ्छन् ।[७३५] यो क्षेत्र भनेको हिमवत्खण्डको क्षेत्र हो । गोरखनाथलाई पूज्य मान्ने योगी, भिक्षु र पिरहरू हिन्दू, मुसलमान, बौद्ध तिनै धर्म मान्नेहरू छन् । बङ्गालको रङ्गपुरका योगीहरू शैव छन् । यी सबैले जुनसुकै धर्म सम्प्रदायमा भएपनि महायोगी गुरु गोरखनाथलाई आदि गुरू मान्दछन् आफूलाई नाथकै रूपमा मान्दछन् ।[७३६]

७३३ गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. ६६ ।
७३४ ब्रिग्स: गोरखनाथ एण्ड कनफट्टा योगीज, पृ. ३३ ।
७३५ ब्रिग्स: गोरखनाथ एण्ड कनफट्टा योगीज पृं. १-२ ।
७३६ डा. कल्याणी मल्लिक: नाथ सम्प्रदाय दर्शन और साधना प्रणाली, पृ. ४ ।

कान चिरेका योगीहरूलाई गोरखनाथको अभियानको पुर्नगठनकर्ता मानिञ्छ। दर्शनी शब्दको मूल दर्शन हो। यस दर्शनलाई कुण्डल पनि भनिञ्छ। कान चिरेर स्फटिक या अन्य कुनै धातुको दाँत या कुण्डल धारण गरेका कारण दर्शनी भनिञ्छ। कनफट्टा योगीहरू र दर्शनीहरूको संस्कार एकै प्रकारको हुञ्छ। दर्शन र दर्शनीको आध्यात्मिक व्याख्या नाथ ग्रन्थहरूमा पाइञ्छ। यस प्रकारको दर्शनलाई योगीहरूले दिक्षाको समयमा धारण गर्दछन्। यो धारण गर्नुको अर्थ यो हो कि साधकले परमात्माको दर्शन गरेको छ। यसलाई नाथहरूले अत्यन्त पवित्र मान्दछन्। यसकारण यसलाई पवित्री पनि भनिञ्छ। कर्णभेदद्वारा जुन नाडीको भेदन गरिञ्छ त्यसलाई योगज सिद्धि प्राप्त हुञ्छ भन्ने मान्यता रहेको छ।[७३७] ठाउँ र स्थान विशेषअनुसार नाथहरूलाई विभिन्न नामले बोलाइञ्छ। पश्चिमा लेखक ब्रिग्सका अनुसार पञ्जाव, बंबई, नेपाल लगायत पहाडी-हिमाली क्षेत्रमा 'नाथ' नामले पुकारिञ्छ अर्थात् सम्बोधन गरिञ्छ। पश्चिम भारतमा धर्मनाथी नामले चिनिन्छ, बोलाइञ्छ अन्य क्षेत्रमा गोरखनाथी कनफट्टा नामले सम्बोधन गरिञ्छ।[७३८] पञ्जाव, नेपाल, अफगानिस्तान, पाकिस्तानमा मुसलमान सम्प्रदायमा पनि नाथ योगीहरू छन् जसलाई 'पीर' नामले सम्बोधन गरिञ्छ।[७३९] नाथ दर्शन साहित्यमा यस प्रकारका नामहरूको प्रयोग प्राय पाइँदैन। सामान्यतया: सिद्धान्त प्रतिपादनको समयमा नाम सम्प्रदाय, सिद्धमार्ग, योगमार्ग, योग सम्प्रदाय, अवधूत मत, अवधूत सम्प्रदाय आदि नामको प्रयोग पाइञ्छ। नाथ सिद्धान्तको प्रतिपादनका दृष्टिकोणले गोरक्ष सिद्धान्त सङ्ग्रह प्रमाणित ग्रन्थ मानिञ्छ। यसमा प्रतिपादित सिद्धान्त गोरखनाथका अनुसार छ।[७४०] नाथ सम्प्रदायका लागि सिद्धान्त शब्दको प्रयोग गोरक्ष सिद्धान्त सङ्ग्रहमा पाइञ्छ। यहाँ अन्य मतहरू तथा प्रपञ्च निरत सम्प्रदायलाई छोडेर सिद्धमतको आश्रय लिन भनिएको छ। प्रतिपादित सिद्धान्त र सम्प्रदायलाई बताउनका लागि क्रमश योगमार्ग, योग सम्प्रदाय, अवधूत मत, अवधूत सम्प्रदाय आदि नामहरू प्रयोग गरिएको पाइञ्छ।[७४१] यसबाट यो स्पष्ट हुञ्छ कि यी सबै नामहरू व्यवहारमा

७३७ उही पृ. ९।

७३८ ब्रिग्सः गोरखनाथ एण्ड कनफट्टा योगीज, पृ. १।

७३९ डा. कल्याणी मल्लिकः नाथ सम्प्रदाय दर्शन और साधना प्रणाली, पृ. ९।

७४० डा. कल्याणी मल्लिकः सिद्धसिद्धान्तपद्धति एण्ड अदर वर्क्स अफ नाथयोगीज, इन्ट्रोडक्सन, पृ. ३५, मुल पृ. १, श्लोक ३, 'सा पिण्डोत्पत्यादि ....।

७४१ उही पृ. ५, ११-१२, ५८, १८, ५६।

छन् । पश्चिमाहरूले वादविवादद्वारा निर्णित विचारलाई नै सिद्धान्त भन्दछन् । तर नाथहरूले साथै वैदिक सनातन धर्मका अनुयायी बुद्धीजीवि लेखकहरूलाई यो कुरा मान्य छैन । गोरक्ष सिद्धान्त सङ्ग्रहका अनुसार सिद्धान्त त्यो हो जो सिद्धहरूद्वारा निर्णय गरिएको व्याख्या हो ।[७४२] यसरी सिद्धमत नामाकरणको पुष्टि गरिएको छ ।

उपर्युक्त नामहरूमाथि विचार गर्दा यो स्पष्ट हुञ्छ कि यी नामाकरण विभिन्न दृष्टिकोणबाट गरिएको छ । नाथपन्थ या नाथ सम्प्रदाय, अवधूत मत, योगमत, योग सम्प्रदाय आदि नामाकरण दीक्षा, सम्प्रदाय, योगी, जाति तथा सम्प्रदायका प्रवर्तकतर्फ सङ्केत गर्दछ । दर्शन र साहित्यमा व्याख्या गरिएको उपर्युक्त नामहरू यस धाराका प्राचीन नामहरू हुन् । अन्य नामहरू सामाजिक, धार्मिक जीवनका विद्वान् अध्येताहरूले खोजेर निकालेका छन् । यसमा योगी सिद्ध र नाथ शब्द र तत्त्व यस्तो हो कि अन्य जीवित या मृत सम्प्रदाय या मतका लागि पनि उपयुक्त हुञ्छन् । महायोगी गुरू गोरखनाद्वारा प्रचारित सिद्ध अनुयायीहरूका लागि नेपालमा साथै यस हिमवत्खण्डमा नाथ धारा अधिक प्रचलित रहेको पाइञ्छ । यस प्रकार नाथ शब्दको प्रयोग 'नाथ' योगीहरूको परमतत्त्वका लागि नाथ अनुयायीहरू दुवैका लागि गरिञ्छ ।

२. शैव र वैष्णवः समानता र भिन्नताः

लगभग नवौ शताब्दीदेखि लिएर सत्रौं शताब्दीसम्म ई.सं. को युग ज्ञान, योग, भक्ति, विचारधारासहित जीवन दर्शनका विभिन्न आदर्शहरूबाट प्रभावित साधना पद्धतिको युग थियो । मूल रूपमा हिमवत्खण्ड क्षेत्रको साधनाका यी तीन तत्त्व कहीँ अधिक प्रभावशाली कही सघन भावका रूपमा प्रतिष्ठित छन् । यहाँ यो युगको योग ज्ञान भक्ति आदि विचारधारामा आश्रित सम्प्रदाय र धर्मको अवस्थाको संक्षिप्त परिचय साथ नाथ र वैष्णवको योगायोगको विचार सहित धार्मिक सांम्प्रदायिक परिस्थितिमा परम्परामा नाथ र वैष्णवको कस्तो सम्बन्ध थियो । नाथ र सन्त परम्परामा अहिलेसम्मका विद्वान्हरूले जति पनि विचार विवेचना गरेका छन् त्यसबाट के बुझ्न सकिञ्छ भने नाथहरू शैव

७४२ उही पृ. १८- 'सिद्धान्तः सिद्धस्यैव तात्पर्यम्' ।

थिए भने सन्तहरू वैष्णव । भारतमा बौद्ध र वैष्णवका कारण जब शैव धर्म कमजोर भयो ७ सय वर्ष मुसलमान र ३ सय वर्ष घोषित अघोषित रूपमा ब्रिटिश इसाईहरूले राज गरे । हिमवत्खण्ड क्षेत्रभित्र मत्स्येन्द्रनाथ, गोरखनाथको प्रभावका कारण नेपालमा शैव धर्म प्रभावशाली भएका कारण कसैको गुलाम बनेन, ब्रिटिशको आडमा वि.सं. १९०३ को कोतपर्वमार्फत् जब जङ्गबहादुर राणाको उदय भयो नेपालमा वैष्णवहरूको प्रभाव बढ्यो । जस्तो नाथ र शैव धर्मले वर्णाश्रम व्यवस्थालाई मान्दैन तर वैष्णवहरू मान्दछन् । जङ्गबहादुर राणाले जारी गरेको मुलुकी ऐन वैष्णवहरूको प्रभाव थियो ।

यो युगलाई २ भागमा विभाजन गर्न सकिन्छ । पहिलो युग बौद्ध दर्शन जस्ता सम्प्रदायको जनसमाजमा विशेष प्रभाव थियो । यी दुवैलाई राज्यको आश्रय र राज्य धर्मका रूपमा मान्यता दिइएको थियो । यही समयकालमा नै मुसलमानहरूले राज्यसत्ता कब्जा गरे । यद्यपि कुमारिल भट्ट र शङ्कराचार्यको कालमा यिनीहरू निर्वाध रूपमा फैलिएका थिए । यस सम्बन्धमा पर्याप्त रूपमा प्रमाणहरू उपलब्ध छन् । यो समयमा वैष्णवहरू सम्मानित थिए भने शैवमाथि योगी मत्स्येन्द्रनाथ गोरखनाथको प्रभावशाली समयलाई अलग गरिदिने हो भने प्रभाव कमजोर भएको पाइन्छ । जब शैवहरूको प्रभाव कम भयो भारत गुलाम हुँदै गयो तथापि आस्तिक षड्दर्शनको अभ्युदय वैदिक सनातन धर्मको पुनर्जागरण, षट्दर्शन सङ्गठित भएर एक साथ नास्तिक सम्प्रदायहरूको खण्डन गर्ने, कुमारिल र शङ्करको युगपत, दार्शनिक सामाजिक आक्रमण, शैवको विरोध, वैष्णवहरूको भारतको उत्तरी क्षेत्र लगायत नेपालमा प्रचार प्रसार, मुसलमानहरूको आक्रमण यी सबैलाई समग्रमा हेर्दा बौद्ध, जैन धर्म तथा उनका विभिन्न परवर्ती रूपहरूलाई खण्डन तथा बहिष्कार गरिदिए ।[७४३] आठौं ई.सं. देखि लिएर एघारौं इश्वी सम्वत्को अन्त्यसम्म रामानुजको अभ्युदयको समय प्रवुद्ध र प्रभावशाली शैवहरूकै भूमिका रहेको थियो । यद्यपि क्षेत्रिय धर्म र सम्प्रदायका रूपमा बौद्ध, जैन, वैष्णव आदिको पनि प्रतिष्ठा थियो । शैवधारा वैदिक सनातनकालदेखि नै चलीआएको प्राचीन हो भन्ने कुरामा सबै एकमत छन् । यसलाई प्रमाणित गर्नुपर्ने कुनै आवश्यक छैन ।

---

७४३ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, प्रकाशक काशी हिन्दू विश्वविद्यालय पृ. ६५, प्रथम संस्करण ई.सं. १९६५ ।

यसैगरी १३ औं ई.सं. देखि १४ औं ई.सं. सम्म तान्त्रिक बौद्धमत कुनै न कुनै रूपमा जीर्ण अवस्थामा गुप्त रूपमा जीवित रह्यो । मध्यक्षेत्रमा यो समयमा कुनै सम्बन्ध थिएन । यस प्रकार रामानुजको पूर्वकाल, शैव, जैन र बौद्धकाल थियो । रामानुजको समयमा शैव र वैष्णवको पुनः प्रभाव आरम्भ हुन गयो ।[७४४] पहिलो चरणमा जसरी बौद्ध र शैवको तान्त्रिक, दार्शनिक, साधनात्मक समन्वय रहेको थियो त्यस्तै दोस्रो चरणमा शैव र वैष्णवहरूको समन्वय हुन गयो। वास्तवमा नेपाल, तिब्बतसहित गङ्गाको मैदान लगायत हिमवत्खण्डमा विशेष गरेर साधनाको क्षेत्रमा धार्मिक सहिष्णुता उदाहरणीय रूपमा रहेको छ । शैव, बौद्ध हुन या शैव-वैष्णव धर्म साधनामा साथसाथ पारस्परिक आदानप्रदानमै रहन गए । आदिनाथ शिव र विष्णु दुवै देवहरूको इतिहास पुरानो छ। जसको बारेमा धेरै लेखिएको पाइञ्छ । रामानुज र केशव काश्मीरीको कालमा शैव धाराको कारुणीक सिद्धान्तः कापालिक, पाशुपत, माहेश्वर, लकुलीश आदिनाथ प्रसिद्ध थिए । लगभग नवौं ई.सम्वत्मा काश्मीरमा काश्मीरी शैव धाराको प्रारम्भ भयो । जसमा दार्शनिक दृष्टिकोणबाट 'संपद' र 'प्रत्याभिज्ञा' नामका दुई शाखाहरूको विकास भयो । यति परम्पराको विचार गर्ने हो भने काश्मीर शैवधाराको उदय लगभग पाँचौं ई.सं. मानिञ्छ ।[७४५] लगभग छैठौं शताब्दी भन्दा पूर्व पाशुपत तथा उसको शाखा लकुलीशको अभ्युदय भएको थियो । दशौं ई.सं. सम्म यस मतका सबै शाखाहरू स्पष्ट रूपमा बाहिर आए। यसमा शैव धाराका दुई स्थुल वर्ग देखापर्दछन्- पाशुपत शैव र आगम शैव। पाशुपतमा, पाशुपत, लकुलीश, कापालिक, नाथ, गोरखनाथी र रसेश्वर थिए। दोस्रो वर्गमा शैवसिद्धान्ती, तमिल शैव, काश्मीरी शैव र वीर शैवको गणना गरिञ्छ ।[७४६] फर्कुहरको यस विभाजनबाट के कुरा स्पष्ट हुन जाञ्छ भने शैवधारा अन्तर्गत नाथ, गोरखनाथी, रसेश्वर अनुयायी, परम्परागत दृष्टिले पाशुपत थिए । अर्थात् शैवधारा अन्तर्गत प्राचीन पाशुपत परम्परा थियो । गोरखनाथको सन्दर्भमा फर्कुहरको भनाइअनुसार महायोगी गुरूगोरखनाथ पहिला पनि नाथ धारामै हुनुहुन्थ्यो जसको परवर्ती विशिष्ट रूप गोरखनाथ धारा हो । तथापि

---

७४४ उही पृ. ६६ ।

७४५ वैष्णविज्म, शैविज्म, भंडारकर पृ. १४६-१६९, १७०, १७३, १८३, १८४ । तान्त्रिक बौद्ध साधना और साहित्य पृ. १७० ।

७४६ डा. जे.एन. फर्कुहर ऐन आउटलाइन अफ द रेलिजन लिट्रेचर अफ इन्डिया पृ. १९०/१९१ ।

उनले प्राचीन नाथहरूको धाराको कुनै विवरण दिएका छैनन् ।[७४७] दशौं ई.सं. पछि मुख्यतया नाथहरूमा केवल नाथहरूकै विवरण पाइञ्छ । प्राचीनकालमा रहेको शैव नाथहरूको धारा दशौं शताब्दीपछि गोरखनाथको प्रभावशाली धाराका रूपमा देखिञ्छ । लगभग नवौं ई.सं. देखि लगभग चौधौं ई.सं. को पूर्वार्द्धसम्म पाशुपत सबैभन्दा बढी क्रियाशील नाथधारा, सँगै कापालिकहरू रहे । डा.फर्कुहरको दृष्टिकोणमा नाथहरू र कापालिक एक अर्कामा अत्यन्त घनिष्ठ थिए । माधवाचार्यको रसेश्वर नामक सम्प्रदायको दर्शनपक्षको विवेचना 'सर्वदर्शन सङ्ग्रह ग्रन्थ'मा अनुमान गरेका छन् महायोगी गोरखनाथको प्रभावशाली समयमा पनि नाथहरू सुसङ्गठित थिएनन् ।[७४८] यसको मुख्यकारण गोरखनाथको तन्त्र र साधनालाई मुसलमान र बौद्धहरूले पनि ग्रहण गरेका थिए । यसर्थ नाथको व्यापक र बृहत् प्रभावका कारण अरु सम्प्रदायहरू जस्तो सङ्गठित गर्नुपर्ने आवश्यक्ता पनि रहेन । यसबाट पनि स्पष्ट हुञ्छ गोरखनाथ धारा परम्पराको दृष्टिले प्राचीन हो । लगभग चौधौं ई.सं. को पूवार्द्धसम्म नाथहरूकै समान रसेश्वर, कापालिक जस्ता पाशुपत मतहरूको पनि अस्तित्व थियो । नाथहरूसँग कापालिक र रसेश्वरवादीहरू दुवैको सम्बन्ध थियो । रसेश्वर सम्प्रदायको पारद अभ्रकको साधनापद्धति तथा सिद्धदेहको प्राप्तिको लक्ष्य नाथ दर्शनमा पनि रहेको पाइञ्छ । भनिञ्छ कि नाथहरू आगमवादी होइनन् । आदिनाथ भगवान् शिवअवतार मान्नेहरू हुन् । योगी, मत्स्येन्द्रनाथ र गोरखनाथलाई स्वयं शिव अवतार मानिञ्छ । काश्मीरी शैव आगमवादी हुन् । एउटा प्रसिद्ध तथ्य छ काश्मीरी शैव आचार्य अभिनव गुप्तले मच्छदविभुको स्तवन गरेका छन् । दोस्रो स्वयं गोरखनाथ जसको दोस्रो नाम महेश्वरानन्द थियो को काश्मीरी अपभ्रंशमा एक 'महार्थमञ्जरी' नामक ग्रन्थ पाइञ्छ ।

यी महेश्वरानन्द, महाप्रकाश जसलाई मत्स्येन्द्रनाथ पनि भनिञ्छ, उनी उहाँका शिष्य थिए । स्वयं महेश्वरानन्दले आफ्ना गुरू महाप्रकाशको स्मरण आफ्नो रचनाको प्रथम छन्दमा गर्नुभएको छ । यसैगरी काश्मीरी संस्कृत ग्रन्थावलीमा प्रकाशित अमरौध शासनम ग्रन्थलाई पनि महायोगी गुरू गोरखनाथको मानिञ्छ । यस ग्रन्थमा स्वच्छदतंन्त्र आदि मुख्यतया शैवागममा व्याख्या गरिएको योग

---

७४७ उही पृ. १९१-९२ ।
७४८ उही पृ. २५१-२५४ ।

पद्धतिको अनुसरणं गरिएको छ ।[७४९] यसको अर्थ यो हो कि योगी मत्स्येन्द्रनाथ, गोरखनाथको सम्बन्ध आगमसँग र काश्मीरी शैवहरूसँग पनि कुनै न कुनै रूपमा थियो भन्ने पुष्टि हुञ्छ । ई.सं. १७ औं शताब्दीको उत्तरार्द्धपछि क्रमिक रूपमा पाशुपत र शैवधारामा ह्रास आएको पाइञ्छ । **जबजब शैवधारा कमजोर बन्दै गयो भारत विदेशीहरूको गुलाम बनेको कुरा इतिहासले प्रमाणित गरिसकेको छ । प्राचीन कापालिक धाराको अवशिष्ट रूपान्तरित रूपमा अघौडलाई लिइञ्छ र** मानिञ्छ । पाशुपतमा सबैभन्दा प्रभावशाली गोरखनाथी धारा नै हो । यिनीहरूले शैवको साथसाथै शाक्त मन्दिरहरूमा पनि दर्शन गर्न जाने गर्दछन् । उनीहरूले आफ्नो मन्त्र 'शिव गोरख' लाई माञ्दछन् । गोरखनाथीहरूको आफ्नो मन्दिर शैव मन्दिर हो ।[७५०]

सन्यासीहरूको दृष्टिकोणमा लगभग ई.सं. आठौं शताब्दीसम्म भारतमा बौद्ध, जैन, पाशुपत र कापालिक सन्यासीहरू थिए । लगभग ई.सं. ११ औं शताब्दीसम्म सन्यासी वर्गहरूको पूर्ण सङ्गठन हुन पाएन । महायोगी गुरू गोरखनाथ पनि सन्यासी हुनुहुन्थ्यो । शङ्कराचार्य जस्तै ज्ञानेश्वर पनि सन्यासी थिए । बौद्धहरू लोप हुँदै गएपछि शैव सन्यासीका अतिरिक्त अन्य दुई वर्गका सन्यासीहरू थिए । जसको सम्बन्ध आदिनाथ शिव र विष्णु भगवान्सँग थियो । शैव साधुहरूलाई सन्यासीको रूपमा चिनिन्थ्यो भने वैष्णव साधुहरूलाई वैरागी भन्ने गरिन्थ्यो । योगी या जोगी शैव सन्यासीहरू थिए । सन्यास प्रारम्भिक कालमा शैवधारासँग सम्बद्ध थियो । नाथ साधुहरूका लागि सन्यासी शब्द व्यवहारिक थियो । दशनामी तथा नाथहरू दुवै शैवधाराका सन्यासीहरू हुन् । तथापि दार्शनिक दृष्टिकोणबाट नाथयोगीहरूमा दशनामीलाई सन्यासीको रूपमा स्वीकार गरिएको थिएन । नाथयोगीहरूमा योग र ध्यानलाई अनिवार्य मानिञ्छ । ध्यानबिनाको योग र योग बिनाको ध्यानलाई अपूर्ण मानिञ्छ । दशनामीहरूले शङ्कराचार्यप्रति अधिक श्रद्धाभाव व्यक्त गर्दथे भने नाथहरूको महायोगी गुरू गोरखनाथप्रति । दशनामीहरूलाई वेदान्ती सन्यासी र नाथहरूलाई तान्त्रिक सन्यासी भनिन्थ्यो त्यही रूपमा जनमानसमा परिचित थिए । वर्तमान समयमा कानचिरेका योगीहरूले गोरखनाथी धाराको प्रतिनिधित्व गर्दछन् भने अन्यले

---

७४९ महामञ्जरी- गोरक्षा टिल्ला वाराणसीबाट प्रकाशित छन्द १ पृ. ३ ।

७५० आउटलाइन्स अप रेलिजनस लिटरेचर अफ इन्डिया, पृ. ३४७-३४८ ।

दशनामी आजका योगीहरूले तत्त्वत प्राचीन सन्यासी वर्गको प्रतिनिधित्व गर्ने गर्दछन् । प्राचीन शैव सन्यासीहरूमा पाशुपत र कापालिकलाई लिइन्छ । यस प्रकार स्पष्ट रूपमा भन्न सकिन्छ नाथहरू प्राचीन, कापालिक, पाशुपत सन्यासीसँग एक्यवद्धता राख्दै विकसित हुँदै आइरहेका छन् ।[७५१] नाथ योगीहरूको कापालिक, पाशुपत र अघोरीहरूसँग घनिष्ठ सम्बन्ध रहेको छ । यस विषयमा पर्याप्त प्रमाणहरू उपलब्ध छन् । नाथ ग्रन्थहरूमा घेरण्ड सँहिता 'हठयोग'मान्य ग्रन्थहरू हुन् । यी ग्रन्थहरूबाट स्पष्ट हुन जान्छ यसमा व्याख्या विश्लेषण गरिएको योगको शिक्षा चण्डकपालीक नाम गरेका व्यक्तिलाई दिइएको छ । घेरण्ड स्वयं बङ्गालका वैष्णव थिए ।[७५२] यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने बङ्गालका वैष्णवहरूमा योगसाधना प्रचलित थियो । कापालिकहरूले योग साधना गर्दछन् र नाथहरूले जस्तै हठयोगको शिक्षा लिने र योग साधना गर्ने गर्दछन् । जहाँसम्म योगी गोरखनाथको हठयोगको सम्बन्ध छ भारतका कतिपय क्षेत्रहरूमा वैष्णवहरूले पनि शैवहरूले जस्तै साधना गर्दथे । नाथमा शाक्तहरूको दक्षिणाचार र वामाचार नामक दुईप्रकारका पद्धतिहरू परिमार्जित रूपमा कुनै न कुनै रूपमा पाइन्छ । यसबाट अनुमानित रूपमा के कुराको पुष्टि हुन्छ भने पाशुपत, कालामुख र कापालिक वामाचारी थिए र यिनीहरू नाथयोगीहरूको मुल पनि थिए । पाशुपत धाराका कालामुख सन्यासीहरूको लकुलीशहरूसँग घनिष्ठ सम्बन्ध थियो । यसैगरी कापालिकहरूको कान चिरेका गोरखनाथी योगीहरूसँग पनि थियो ।[७५३] विल्सनका अनुसार कापालिकहरू विशेष गरेर कान चिर्ने योगीहरूसँग अर्न्तघुलित हुन गए ।[७५४] औघडहरू अधिकांशतः अघोरीहरूसँग अर्न्तघुलित हुन गए । नाथ योगीहरूका दुई वर्ग छन् । त्यसमध्ये एउटा वर्ग कान चिर्ने र अर्को वर्ग औघड रहेका छन् । औघड योगीहरू 'नाथ' सम्पूर्ण दिक्षा प्रक्रियामा समावेश हुँदैनन् । भनिन्छ दिक्षाको अन्तिम प्रक्रिया उनीहरूको हुँदैन । यिनीहरूले 'नाथ'को जीवन पद्धतिलाई पूर्णतया स्वीकार गरेका छन् । आफ्नो नामको अन्त्यमा 'नाथ'को स्थानमा 'दास' शब्द प्रयोग

---

७५१ श्री धुरे द इण्डियन साधुज पृ. ५३, ५९, ६३, ७८, ८७, १२८, १३२, १४५ ।

७५२ उही पृ. १५० ।

७५३ ब्रिग्स: गोरखनाथ एण्ड कनफट्टा योगीज पृ. १७१, १२८ ।

७५४ उही पृ. २२२, २२३, २२७ ।

गर्दछन् ।[७५५] तथापि उनीहरूले आफूलाई 'नाथ'नै भन्दछन् र महायोगी गुरू गोरखनाथप्रति श्रद्धाभक्ति प्रकट गर्दछन् । विभिन्न शैव धाराहरूबाट स्पष्ट हुञ्छ कि 'नाथ' धारा पाशुपत शैवधारा पनि हो । यस नाथ धारामा योगी मत्स्येन्द्रनाथका चेला गुरू गोरखनाथ प्रमुख हुनुहुञ्छ र त्यसमा पनि कान चिरेका योगीहरू प्रमुख हुन् । कापालिक, लकुलीश र अघोरी जस्तै पाशुपत शैवधाराका अधिकांश नाथधारामा अर्न्तघुलित हुन गए । यी तिनै धाराहरूमा तन्त्र, मन्त्र र यन्त्रको प्रभाव अधिक मात्रामा थियो । अधिकांश साधना पद्धति शाक्तहरूसँग मिल्दो रहेको छ । यसकारण यिनीहरूको नाथमा अर्न्तघुलित भएपछि नाथमा तान्त्रिक शाक्ततत्त्व लक्षित हुञ्छन् । कतिपयले तान्त्रिक प्रभावलाई देखेर नाथहरूलाई तान्त्रिक शैव पनि भन्दछन् । शङ्कराचार्य पनि शैव हुनुहुन्थ्यो । उहाँमा तान्त्रिक र शाक्त प्रभाव थियो । यो पनि भनिञ्छ कि शङ्कराचार्य शाक्तको दक्षिणाचारलाई प्रवर्द्धन गर्नुभएको थियो दशनाथीहरू शैव सन्यासी हुन जसको सङ्गठन शङ्कराचार्यले गर्नुभएको थियो । यसमा अपेक्षाकृत वैदिक तत्त्व र विश्वास अधिक थियो । विद्वान् अन्वेषकहरूले यिनीहरूलाई शैव सन्यासी पनि भन्दछन् । शैव सन्यासीहरूको प्राप्त इतिहास हेर्दा यो जानकारी हुञ्छ कि शैव सन्यासीहरूको सङ्गठन सर्वप्रथम शङ्कराचार्यले गर्नुभएको थियो। यो वैदिक ज्ञानकाण्डका विश्वासीहरू वेदको ज्ञानपरक व्याख्यालाई पनि स्वीकार गर्दथे । केही समयपछि जब पुनः फेरि महायोगी गुरू गोरखनाथको अवतरण भयो ई.सं. दशौं शताब्दीमा गोरखनाथले बाँकी शैव सन्यासीहरूलाई संशुद्ध गर्दै सङ्गठित गर्नुभयो । रुद्र र शिव वैदिक देवता हुन् उपनिषद्मा उनको परमतत्त्वीय रूप पाइञ्छ । यसकारण दशनामी र नाथहरू दुवै शैव हुन् साथसाथै उपास्यको दृष्टिकोणमा वैदिक पनि हुन् । साधना पद्धति र जीवन दर्शनको दृष्टिकोणले उनीहरूमा भिन्नता रहेको छ । नाथहरूको साधना दर्शन परवर्ती उपनिषद्सँग सम्बद्ध छ जसले वेदलाई स्वीकार गर्दछन् । तर नाथहरूले वर्णाश्रमलाई स्वीकार गर्दैनन् । जहाँसम्म तान्त्रिकताको प्रश्न छ पाशुपतमा तान्त्रिक तत्त्व पाइञ्छ । यसैप्रकार नाथ र दशनामीमा पनि मिल्दछ । वास्तविकता यो हो कि तन्त्र, मन्त्र, यन्त्र र वेदमा धेरै भिन्नता रहेको छैन । लगभग चौथो शताब्दीदेखि पाँचौ शताब्दीसम्म वैदिक र तान्त्रिक श्रुति-पद्धति अलग अलग

---

७५५ इन्डियन साधुज पृ. १५१-१५३ । गोरखनाथ एण्ड कनफट्टा योगीज पृ. २७ ।

रहेको सम्भावना छ ।[७५६] बिस्तारै अगाडि बढ्दै जाँदा दुवै एक आपसमा घुलमिल भएर अघि बढे । यही मिश्रित तत्त्वका आधारमा प्रवर्तित भएका धारहरू धर्म, सम्प्रदायका रूपमा वैदिक र अवैदिक आधारमा, वैदिक र तान्त्रिक आधारमा कसैलाई पनि विभाजन गर्न छुट्याउन सकिँदैन । दशनामी, नाथ, बौद्ध, जैन, शिव, वैष्णव शैव समग्र ॐकार परिवारका सन्दर्भमा यो कुरा लागु हुन्छ ।

तन्त्र पनि केवल शैव र शाक्तको होइन । तथापि अति प्राचीन कालदेखि प्रवाहित रहँदै आएको एउटा धार हो । जसको प्रभाव, देश, काल र समय अनुसार धर्म, दर्शन, भेदमा, बौद्ध, जैन, शैव, शाक्त, वैष्णव, विभिन्न धर्ममतहरूमा पर्न गयो । नाथमार्गमा विभिन्न उपमतहरू पनि रहेका छन् । त्यसका १२ शाखाहरू छन् । 'नाथ' धारामा महायोगी मत्स्येन्द्रनाथको अधिक महत्त्व रहेको छ, उहाँ गुरू गोरखनाथका पनि गुरू हुनुहुन्छ । अर्कोतर्फ सिद्धामृत योगिनी कौलमतको प्रचारक र व्यवस्थापक पनि हुनुहुन्छ । कौलधारामा विराचार साधनाको अधिकता रहेको छ र त्यसमा शक्ति अत्यावश्यक छ । साधनोपकरणका रूपमा स्वीकार गरिएको छ । विद्वान् व्यक्तित्व डा.हजारीप्रसाद द्विवेदीले महायोगी मत्स्येन्द्रनाथद्वारा विरचित कौलज्ञान निर्णयको विवेचना गर्दै भन्नुभएको छ, योगी गोरखनाथको योगमार्ग र मत्स्येन्द्रनाथको कौलमार्गको चरम लक्ष्यमा कुनै भेद रहेको छैन । विशेषता के रहेको छ भने योगमा पहिला नै अन्तरङ्ग उपासना गर्न लागिन्छ तर तान्त्रिकमा पहिला बहिरङ्ग उपासना गरेपछि क्रमशः अन्तरङ्ग कुण्डलिनी साधनातर्फ जान्छ । कौल मार्गमा पनि यो विश्वास गरिन्छ योगी र कौलको लक्ष्य एउटै हो ।[७५७] महायोगी मत्स्येन्द्रनाथले यस कौलज्ञानको प्रचार कहिले र कसरी गर्नुभयो यस विषयमा बौद्ध र नाथ सम्बन्धको विवेचना महायोगी गुरू मत्स्येन्द्रनाथ र नेपाल पुस्तकमा गरिएको छ । यसैगरी जालन्धरपाद कापालिक थिए । उहाँ बौद्ध भएको प्रामाणिक इतिहास पाइँदैन । भनिन्छ कि कापालिक मतमा तान्त्रिक तत्त्व अपेक्षाकृत अधिक मात्रामा थियो । शाक्तहरूको वाममार्गसँग यसको सम्बन्ध अधिक र उपयुक्त मानिन्छ । अर्को महत्त्वपूर्ण कुरा यो पनि छ कि कृष्णाचार्यपाद बौद्ध सिद्ध थिए । जसका रचनाहरू 'बौद्ध गान ओ दोहा'मा पर्याप्त मात्रामा

---

[७५६] नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ७१ ।

[७५७] नाथ सम्प्रदाय पृ. ६९ । गोरक्ष सिद्धान्त सङ्ग्रह, पृ. २० ।

पाइञ्छ । उनले आफूलाई कापालिक स्वीकार गर्दै जालन्धरपादको गुरू बताएका छन् । परवर्ती शैव सिद्धहरूले जालन्धर र कानपा दुवैलाई अपनाएका छन् ।[७५८] यसबाट बुझ्न सकिञ्छ बौद्ध र कापालिकहरू पनि एक आपसमा अर्न्तसम्वन्धित थिए । तथापि अहिलेसम्म बौद्ध कापालिकहरूको कुनै विवरण पाइएको छैन । जति पनि विवरणहरू प्राप्त भएका छन् शैव कापालिकका छन् । डा.द्विवेदीका अनुसार जालन्धरपाद मुलत बौद्ध कापालिक थिए । साथसाथै जालन्धरपादले सरहपादको 'हेवज्रसाधना' नामक प्रसिद्ध तन्त्रग्रन्थमा 'शुद्धिवज्रप्रदीप' नामक टिप्पणी ग्रन्थ लेखेका छन् । यो पनि सम्भावना छ कि सरहपादको विचारको प्रभाव जालन्धरमा परेको थियो । यस प्रभावको प्रमाण उनको दृष्टिकोणमा राहुल सांकृत्यानद्वारा उद्धृत गीत हो ।[७५९] यस सम्बन्धमा सबैभन्दा ठूलो कठिनाई भनेको 'शुद्धिवज्रप्रदीप' वर्तमान समयमा हस्तलेख या मुद्रित, प्रकाशित रूपमा उपलब्ध छैन । तथापि जालन्धरपाद, प्रारम्भिक अवस्थामा शैव कापालिक थिए र पछि बौद्ध भए, तत्पश्चात् कृष्णपाद उनका चेला बने । समग्रमा के कुरा निश्चित भन्न सकिञ्छ भने नाथहरूको कापालिकसँग सम्बन्ध थियो पछि 'नाथ'हरू प्रवल हुँदै गएपछि 'नाथ' मै अर्न्तघुलित हुन गए । सिद्ध कानिपाको 'बामारग' सम्प्रदाय आज पनि 'नाथ'नै मानिञ्छ ।[७६०] विद्वान् अन्वेषक डा.हजारीप्रसाद द्विवेदीले मत्स्येन्द्रनाथ सम्बन्धी विभिन्न किम्वदन्तीहरूको अध्ययन गर्दै उनले निकालेको महत्त्वपूर्ण निष्कर्ष जालन्धरनाथ र कानीपाको साधनापद्धति मत्स्येन्द्रनाथ र गोरखनाथको साधना पद्धतिभन्दा भिन्न थियो ।[७६१] यस प्रकार कतिपय फरकपना नाथ ग्रन्थहरूमा पनि व्यक्त भएको पाइञ्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा स्पष्ट रूपमा भनिएको छ, हामीहरूको धारा कापालिक होइन तथापि कापालिक धारा 'नाथ'द्वारा नै उदय भएको हो । यसैगरी तन्त्रका रचयिता पनि 'नाथ'नै थिए । गुरू गोरखनाथका पनि गुरू मत्स्येन्द्रनाथलाई सबै धर्मका तान्त्रिकहरूले गुरू मान्दछन् । शाक्तहरूले पनि तन्त्रको अनुसरण गर्दछन् । अद्वैत वेदान्ती शङ्कराचार्यलाई शास्त्रार्थ कापालिकद्वारा पराजीत गराएर उनीबाट अवधूत मत

---

७५८ उही पृ. ८२।९० ।

७५९ उही पृ. ७७, ७८, ७९, राहुल सांकृत्यायन पुरातत्व निबन्धावली पृ. १८४, ८५ ।

७६० नाथ सम्प्रदाय, पृ. ८२ ।

७६१ उही पृ. ५२ ।

ग्रहण गराइएको छ । यसैगरी उनको मतको खण्डन गरिएको छ ।[७६२] कौल धाराको निन्दा गर्नेहरूलाई शाकिनी मुखमा जाने अभिशाप दिइएको छ ।[७६३] गोरखवाणीमा योगी गोरखनाथ भन्नुहुन्छ, लिँगोपासक, जटाधारी, कालामुख, बाह्य आडम्वरमा परिरहेका छन् खरानी लगाएर सम्पूर्ण जीवन बर्बाद गरेका छन्। फेरि पनि महादेव परमतत्त्वबाट पार पाइँदैन। रसायनी रसेश्वरवादीहरूले पनि यद्यपि रसायन सिद्धिको दावी गर्दछन्। फेरि पनि साँसारिक शान्त गर्नका लागि घुमिरहन्छन्। भिक्षा लिइरहन्छन्।[७६४] यसकारण यो अपूर्ण र असमर्थ छ। फेरि पनि धार्मिक इतिहासबाट स्पष्ट छ र प्रष्ट छ अनेकौं शैव धाराको 'नाथ'मा विलिन हुन गयो जसका विभिन्न साधना पद्धतिहरू कुनै न कुनै रूपमा 'नाथ' भित्र जिवन्त रहेका छन् । किनकि आदिनाथ शिवकै अवतार मत्स्येन्द्रनाथ र गोरखनाथ हुनुहुन्छ ।

यस युगमा दोस्रो उपास्य देवता विष्णु र उहाँका विभिन्न रूपहरू हुन् । बुद्धलाई विष्णुकै नवौं अवतारको रूपमा वैष्णवहरूले मान्दछन्। विष्णु वैदिक देवता हुन् । प्रारम्भिक कालमा अनेक देवताहरूको कल्पना प्रमुख थियो । तथापि अगाडि बढ्दै जाँदा यस्तो विश्वास विकसित हुँदै गयो एक परमतत्त्व नै विभिन्न देवताहरूको रूपमा अभिव्यक्त हुन्छ भन्ने रह्यो । शिव र विष्णु यसै भावनाको विस्तारक्रममा क्रमश उपास्य देवता भएको पाइन्छ । विष्णुको परमतत्त्व तथा व्यक्तित्व महाभाष्यकार पतञ्जलीभन्दा पूर्व नै भएको थियो। इश्वी पूर्व दोस्रो शताब्दीमा वासुदेवोपासना प्रचलित थियो । उपासकहरूले भागवत् वाचन गर्दथे । महाभारतको शान्ति पर्वको नारायणीयोपाख्यान शङ्कराचार्यभन्दा अगाडिको थिए ।[७६५] एकान्तिक धर्मका साथ नादको व्यक्तित्वलाई आवद्ध गराउनाले यसको महत्त्व अधिक छ । यस उपाख्यानमा नारायणलाई हरि पनि भनिन्छ । डा.भंडारकर लगायतका विद्वान्हरूको यो पनि अनुमान छ कि श्रीमद्भागवत गीताको निर्माण पञ्चरात्र मतको व्युहको कल्पनाभन्दा पूर्व नै भएको थियो । सम्भवतः गीता, पतञ्जली साथै पाली निद्धेश भन्दा पूर्व लगभग ई. पूर्व चौथो शताब्दी अगाडि श्रुति परम्पराबाट आएको रचना थियो ।

[७६२] गोरक्ष सिद्धान्त सङ्ग्रह पृ. १७-१९ ।
[७६३] उही पृ. ४७ ।
[७६४] गोरखवाणी, पृ. १३२, ६९ ।
[७६५] वैष्णविज्म शैविज्म एण्ड माइनर रेलिजस सिष्टम, पृ. २, ४, ६, १० ।

महाभारतको युद्धभन्दा पूर्वको जसको एउटा अंश भगवद्गीता हो भने राम र रावण बिचको युद्ध पूर्वको शिवगीता हो । नारायणोपाख्यानमा नारायणले एकान्तिक भक्तिको उपदेश दिएका छन् । यस प्रकार वैष्णव भागवत्मतको आरम्भकाल तथा जैन बौद्ध धर्मको आरम्भकालमा प्रायः एकै प्रकारका सिद्ध थिए ।[७६६] आधुनिक वर्तमान विज्ञानको विकासको दृष्टिकोणबाट विवेचना गर्ने हो भने भगवद्गीताभन्दा राम र शिव सम्वादका रूपमा रहेको शिवगीता अधिक वैज्ञानिक छ । अर्जुन कृष्ण गीताका अधिकांश सिद्धान्त औपनिषदिक हुन् । ईश, छाँदोग्य, बृहदारण्यक, मैत्रेय, केन, मुण्डका आदि उपनिषद यस दृष्टिकोणबाट महत्त्वपूर्ण छन् । निष्काम कर्मयोगको सिद्धान्त पनि मूलतः औपनिषदिक हो ।[७६७] यस प्रकार भगवद्गीता भक्तिमत या एकान्तिक धर्मको प्राचीन व्यवस्थित ग्रन्थ हो । एकान्तिक या एकेश्वरवादी भक्तिमत यस दृष्टिकोणबाट अधिक प्राचीन सिद्ध हुञ्छ ।[७६८] भक्ति शब्दको सर्वप्रथम प्रयोग श्वेताश्वतर उपनिषदमा पाइञ्छ । प्रायः यस शब्दको प्रयोग प्राचीन धार्मिक साहित्यमा उपासना ध्यान आदि अर्थमा पाइञ्छ । औपनिषदिक कालमा 'प्रिय' या 'प्रेयस' शब्दले यस भावनातर्फ सङ्केत गर्दछ ।[७६९] उपनिषदमा जुन दृष्टिकोण छ गीताको कर्मकाण्डमा त्यही दृष्टिकोण रहेको छ । पञ्चरात्र मतमा वासुदेवोपासना प्रचलित रहेको छ । यस मतका अनुसार भक्तितत्त्व एकान्तिक धर्म र भगवद्गीता समानै थियो । सम्भवत यसको अभ्युदय ईशापूर्व तेश्रो शताब्दीमा भएको अनुमान गरिञ्छ । यस मतको मूल आधार ग्रन्थ पञ्चरात्र सँहिता हो । रामानुजले आफ्नो ब्रह्मसुत्रको भाष्यमा यसलाई उद्धृत गरेका छन् । नारद पञ्चरात्रमा सङ्ग्रहित 'ज्ञानमृतसार' चौथो ई.सं. पछिको हो ।[७७०] यो समयपछि विष्णु अवतारको जनमानसमा व्यापकता पायो । चौथो इस्वी संवत्देखि एघारौं इस्वी संवत्सम्म वैष्णव विचार र उपासना पद्धतिको प्रचार भयो । त्यसपछि बुद्ध र प्रथम तीन जैन तीर्थकरलाई पनि विष्णुकै अवतारको रूपमा मानियो । अगाडि नै उल्लेख गरिसकिएको छ भारतमा जब बौद्ध र वैष्णवहरूको प्रभाव बढ्दै गयो

---

७६६ उही पृ. १०, १७, २८ ।

७६७ उही पृ. ३७।४० ।

७६८ उही पृ. ३७ ।

७६९ उही पृ. ४०।४१ ।

७७० नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ७४ ।

त्यही नै १ हजार वर्षको भारतको गुलामीको कारण बन्न गयो भने नेपालमा शैव धर्मको प्रभावका कारण कसैको पनि गुलामी बन्नु परेन । भारतमा जब तन्त्र र शैव धर्म कमजोर बन्यो त्यसको परिणाम मुसलमान र इसाईहरूले शासन गर्न पुगे । यसभन्दा अगाडिका जति पनि पुरातत्त्वीय सामग्रीहरू पाइञ्छन् त्यसबाट थाहा पाउन सकिञ्छ यो समयमा विष्णु, राम, कृष्ण अवतारको नाममा कुनै सम्प्रदाय सङ्गठन थिएन । विद्वान् अन्वेषक डा.भण्डारकरले वाल्मीकि रामायणलाई रामको अवतारका रूपमा चित्रित गर्ने अंशहरूलाई प्रक्षिप्त मानेका छन् । रघुवंशको दशम सर्गमा राम शेषयायी विष्णुको अवतारका रूपमा चित्रित छन् । ई.सं. १०१४ का अभितगतीले रामलाई जगत्को सर्वव्यापी, सर्वज्ञ तथा सर्वरक्षाक रूपमा व्याख्या गरेका छन् ।[७७१] १६ औं ई.सं. एकनाथले त्योभन्दा पूर्व लेखेको अध्यात्म रामायण जो अत्यन्त प्राचीन रामाश्रयी ग्रन्थका आधारमा लेखिएको छ त्यसमा परब्रह्म रामको व्याख्या गरिएको छ । यसै पञ्चम अध्यायको नाम रामगीता हो । जो वासुदेव उपदिष्ट भगवद्गीता समान छ । तर विज्ञानको दृष्टिकोणमा गीताहरूमा सबैभन्दा तर्कसङ्गत उत्तम गीता शिवगीता नै हो । शिवगीतामा रामलाई आदिनाथ शिवले दिएको उपदेश छ भने राम गीतामा रामले लक्ष्मणलाई दिएको उपदेश छ । मद्रासमा प्रकाशित रामगीता ग्रन्थमा भगवद्गीताकै सरह १८ अध्याय छन् ।[७७२] वैष्णव मतको व्यवस्थित प्रतिपादन र साम्प्रदायिक प्रचार प्रसार रामानुजको समयदेखि आरम्भ भएको पाइञ्छ । रामानुज आचार्य थिए । यसभन्दा पूर्व वैष्णव अल्वार भक्त भइसकेका थिए । यी भक्तहरूमध्ये कुलशेखर नामका अल्वार दशरथी रामका भक्त थिए ।[७७३] रामानुजले भन्दा पहिला नै शङ्कराचार्यले ब्रह्मसूत्र र उपनिषद्मा भाष्य लेखेका थिए । शिव स्वामी र कुमारिल भट्टले बौद्धमतको मात्र खण्डन गरेनन् उनीहरूले वैदिक ज्ञानकाण्ड र उपनिषदहरूको पनि आलोचना गरेका थिए । वैदिक कर्मकाण्ड या उपनिषद ब्रह्मसूत्र तथा भगवत्गीताको पूर्ण द्वैतबाट भिन्न व्याख्याका आधारमा विशिष्ट द्वैत मतलाई रामानुजले स्थापित गरे । उपनिषदको यस प्रकारको उपयोग शैवहरूले पनि गरे ।[७७४] रामानुज मतका

७७१ उही पृ. ७५ ।
७७२ वैष्णविज्म, शैविज्म एण्ड माइनर रेलिजस सिष्टम पृ. ६७-६९ ।
७७३ उही पृ. ७०।७१ ।
७७४ उही पृ. ७१-७२ ।

अधिक अनुयायीहरू उत्तरी क्षेत्रमा छैनन् । नेपाल पछिल्लो गोरखनाथ अवतरण गरेको हुनाले प्रभाव परेन शैवकै प्रभाव रह्यो । जसको परिणाम चीनमा अफिम युद्ध र भारत १ हजार वर्ष गुलाम हुँदा पनि नेपालले हिमवत्खण्डमा मुसलमान शासकहरूलाई छेक्दै र ब्रिटिश फिरङ्गीहरूलाई परास्त गर्दै आफ्नो स्वतन्त्र अस्तित्व कायम गऱ्यो । रामानुजको सम्पूर्ण विवेचनामा ध्यान दिँदा स्पष्ट हुन्छ उपनिषद, ब्रह्मसुत्र, भगवद् गीता, पुराण, पञ्चरात्र सँहिता र साँख्यमत नै उनका आधारहरू थिए । उनको वैष्णवधारा अर्थात् वासुदेव मत प्राचीन पञ्चरात्रमत, नारायण तथा विष्णु तत्त्वको मिश्रित रूप हो । उनका रचनाहरूमा विष्णु शब्दको प्रयोग पाइँदैन । उनले प्रयोगका क्रममा अधिकांशत नारायण शब्दको प्रयोग गरेका छन् । परमात्मा तथा व्युहको व्याख्या गर्ने समयमा उनले वासुदेव शब्दको प्रयोग गरेका छन् । 'राम' शब्द पनि उनलाई अधिक प्रिय शब्द भएको देखिँदैन ।[७७५] वैष्णव मतको अध्ययन गर्नका लागि पुराणको अध्ययन आवश्यक छ जसमा भागवत् पुराणलाई अत्यन्त महत्त्वपूर्ण बताइएको छ । यद्यपि यसको आरम्भ कहिलेदेखि भयो भन्ने कुरा अहिलेसम्म अनिश्चित छ । तिथिमिति पाउन सकिँदैन । तथापि ई.सं. नवौं शताब्दीभन्दा अगाडिदेखि नै यसको प्रभाव थियो । यो ग्रन्थ १७ पुराणहरूको समग्र सार हो । भनिञ्छ व्यासले सबैभन्दा अन्त्यमा यसको रचना गरेका थिए । भावावेग प्रधान भक्तितत्त्वको स्थापना यसको सबैभन्दा ठूलो विशेषता हो । यसमा प्रतिपादित भक्तितत्त्व भगवद्गीता तथा रामानुजको भक्तितत्त्वभन्दा फरक रहेको छ । यसको दार्शनिक विचारधारा शङ्कर अद्वैतको अधिक नजिक रहेको छ । यस विपरित अन्य पुराण दर्शनको दृष्टिकोणले सांख्य दर्शनबाट प्रभावित छ । भागवत् पुराणको परिशिष्टका रूपमा लिखित (भागवत् महात्म्य)बाट स्पष्ट हुञ्छ कि भक्तिको उत्पत्ति द्रविड देशबाट भएको हो । यसै आधारमा भनिञ्छ कि श्वेताश्वर उपनिषद भगवद्गीता र प्राचीन पुराणको उदय दक्षिण भएको भन्दा अस्वभाविक होइन ।[७७६] खासगरी हिमवत्खण्ड अन्तर्गतको नेपाल वेद भूमि हो, नाथहरूको भूमि हो । यो भन सकिञ्छ कि श्वेताश्वर उपनिषद्, भगवतगीता र प्राचीन पुराणको भक्तिको उदय सँगै भक्ति र भागवत्को भावावेग प्रधान भक्तिको अलग अलग विचार गर्दा

---

७७५ उही पृ. ७८-७९ ।

७७६ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ७६ ।

यो भन्न सकिन्छ कि भागवत्को भक्तिधारा दक्षिणमै उदय भएको हो ।[७७७] यो कुरामा कुनै असहमति छैन । यसकारण नेपाल लगायत हिमाली क्षेत्र पुराणभूमि होइन । तन्त्र, मन्त्र, यन्त्र सहितको वेद भूमि हो र नेपाल संसारमा तन्त्रले बनेको एक मात्र देश हो । अल्बाराका अतिरिक्त प्राचीन भक्तहरूको कुनैपनि वर्ग, समूह देखिँदैन जसले उनले जस्तै गरी प्रमोन्मत भएर विष्णु या उनका अवतारका विषयमा मुर्तिका अगाडि भक्ति गुणगान गर्ने गर्दछन् । यस प्रकार रामानुजभन्दा पूर्व अर्थात् नवौं ई.सं. भन्दा अगाडि भागवत्को निर्माण तमील देशका सन्यासीहरू मार्फत् भयो जसको सम्बन्ध भागवत् सम्प्रदायमा थियो ।[७७८] यिनै महत्त्वपूर्ण पुराणहरूका आधारमा नारद र शाण्डिल्यको भक्तिसूत्रको रचना हुन गयो । नारद सुत्रमा व्यवहारिक जीवन तत्त्व र शाण्डिल्य सुत्रमा दर्शन तत्त्वको अधिकता रहेको छ । शाण्डिल्यको दर्शन भेदाभेदी प्रतीत हुन्छ । दक्षिणको भागवत् नारदको तथा उत्तरतर्फ शाण्डिल्यको भागवत् अधिक प्रयोग गरिन्छ । शाण्डिल्यको सूत्र निर्वाक मतसँग अधिक मिल्न जान्छ ।[७७९]

अति प्राचीन पञ्चरात्र मत अन्तर्गत ई.सं. दशौं शताब्दीको पूर्वार्द्धपछि रामानुजको उदय भयो । सम्प्रदायको दृष्टिकोणले रामानन्दको सम्बन्ध पञ्चरात्र मतका व्यवस्थापक रामानुजको श्री वैष्णव सम्प्रदायसँग थियो । श्रीवैष्णवमा विष्णुको राम र नृसिंह अवतारको रूपमा पनि समायोजन गरिएको पाइन्छ । तथापि रामानन्दले राम सीता तथा उनका सभासद्लाई मात्र मान्यता दिएका छन्। यिनको मन्त्र 'ॐ रामाय नम' हो । जो श्री वैष्णव भन्दा भिन्न रहेको छ । यिनीहरूको तिलक पनि वैष्णवहरूको जस्तो छैन । यदि रामानन्द वैष्णव भएको भए उनी त्रिदण्डी सन्यासी हुनुपर्ने थियो । श्री वैष्णवहरूको जस्तो खानपानमा पनि कठोर थिएनन् । यसर्थ उनको सम्प्रदाय श्री वैष्णवको भन्दा भिन्न परम्परामा थियो । अगाडि नै उल्लेख गरिसकिएको छ दक्षिणमा रामोपासक पनि थिए । यो कुरालाई मान्ने हो भने रामोपासक सम्प्रदाय श्री सम्प्रदाय अन्तर्गत थियो साथै रामानन्द उक्त अर्न्तघुलित सम्प्रदाय अन्तर्गत सम्बद्ध थिए । रामानन्दले आफ्नो साथमा अध्यात्म रामायण साथै अगस्त्युतीक्ष्पा संवाद पनि

---

७७७ उही पृ. ७६ ।

७७८ आउटलाइन्स अफ रेलिजस लिटरेचर अफ इन्डिया पृ. २२९।२३३ ।

७७९ उही पृ. २३३-२३४ ।

ल्याएका थिए । उनका अनुयायीद्वारा यसको उपयोग हुने गर्दथ्यो ।[७८०] यस आधारमा भन्न सकिन्छ रामानन्द दक्षिणबाट आएका थिए । यो पनि सम्भावना छ कि उनले रामानुजको श्रीभाष्यको उपयोग पनि गर्ने गर्दथे । यस तथ्यबाट पनि प्रमाणित हुन्छ कि रामानन्दको आफ्नो रामावत सम्प्रदायको कुनैपनि भाष्य छैन । यो मान्यता पनि रहेको छ रामानन्दले रामानुजको विशिष्टद्वैत दर्शनको उपदेश दिएका छन् । तथापि यसको कुनै प्रत्यक्ष प्रमाण उपलब्ध छैन । किनकि रामानन्दबाट प्रेरणा प्राप्त गर्ने भक्तको रचनामा अद्वैतवादी वाक्यको बहुल प्रयोग पाइन्छ । साथसाथै सन्तको उपदेशबाट जानकारी हुन्छ कि रामानन्दको विचार शुद्ध अद्वैतवाद र विशिष्ट द्वैतवादको मध्यवर्ती हो । यो दुवैको अनुकुल भएको देखिन्छ ।[७८१] जहाँसम्म सन्यासीवर्गको प्रश्न छ शङ्कराचार्यपछि दोस्रो महान् सन्यासी रामानुज थिए । तथापि फरकपना के थियो भने रामानुजले केही समय विवाहित जीवन बिताएर सन्यास ग्रहण गरेका थिए । शङ्कराचार्यले जस्तै समान वृति दर्शन ग्रहण गर्नेमा ज्ञानेश्वरका पिता विट्ठल पन्तलाई भनिन्छ जो रामानन्दका शिष्य थिए । यसैगरी रामानन्द राधवानन्दका शिष्य थिए । तथापि यो जानकारी पाइन्छ कि रामानन्द प्रसिद्ध रामानन्द भन्दा फरक थिए । जसले रामावत सम्प्रदायको आरम्भ गरे । अधिक सम्भावना यो पनि छ कि विट्ठल पन्तको चैतन्याश्रम नाम दिने गुरू रामानन्द कुनै दशनामी सन्यासी थिए । राधवानन्द रामानुज मतका थिए । 'आनन्द' उपाधिधारी सन्यासीहरूको पछि उत्तरी क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण सन्यासीको रूपमा रामानन्द देखापरे ।[७८२] चारप्रकारका अवधूतहरूमा शिवावधुत, ब्रह्मावधुत, भक्तावधुत र हंसावधुतको गणना गरिन्छ । विद्वान् अन्वेषक श्री धुरेको दृष्टिकोणमा वैष्णवहरूले आफूलाई अवधूत भन्नुमा पनि योगीहरूको प्रभाव थियो । गोरखनाथ धाराको प्रभाव थियो । कान चिरेका योगीहरू शैव सन्यासी र वैष्णवहरू रात्रानन्दी सन्यासीले आफूलाई अवधूत भन्दछन् ।[७८३]

नाभादासकृत भक्तमालाका अनुसार रामानन्द रामानुजको चौथो पिँढीमा सम्प्रदायमा दिक्षित भएका थिए । उनले रामानुजकै पद्धतिको अनुसरण गरेका

७८० उही पृ. ३२३-३२४ ।
७८१ उही पृ. ३२५-३२६ ।
७८२ इन्डियन साधुज पृ. ६०, ६३-६५ ।
७८३ उही पृ. ८७, इन्साइक्लोपेडिया अफ रेलिजन एण्ड ऐथिक्स १०, पृ. ५७० ।

थिए । अनन्तानन्दं, कवीर, सुरसुरा, पद्मावती, नरहरि, पिपा, भवानन्द, रैदास, धना, सेन आदि एकसेएक शिष्य-प्रशिष्य रामानन्दका भए । छप्पयमा आएको 'शिष्य-प्रशिष्य' शब्द ध्यान दिन योग्य छ। रामानन्दको कालनिर्णय गर्ने सम्बन्धमा पर्याप्त तर्क वितर्क गरिएको छ। त्यसमध्ये धेरै विद्वान् अन्वेषकहरूले कवीरका गुरू रामानन्द थिए भन्ने कुरामा विवाद रहेको छ ।[७८४] नाभादासमा स्पष्टसँग कवीर रामानन्दको शिष्य परम्परामा थिए भन्ने कुरा बताएको छैनन् । रामानन्द र कवीरको काल समयको विचार गर्दा उनको समकालीन भएको कठीनाई अगाडि देखिञ्छ । रामानन्दले आफ्नो सम्प्रदाय श्री वैष्णव सम्प्रदायभन्दा पृथक चलाएका थिए । उनको सम्प्रदायलाई रामावन सम्प्रदाय भनिञ्छ । यस सम्बन्धमा राधवानन्दबाट दिक्षित हुने दिग्विजय यात्रा गर्ने तथा राघवानन्दी शिष्यद्वारा आचारगत विरोध गर्ने कथामा ध्यान दिन सकिञ्छ । रामानन्द दक्षिणबाट आएका थिए, यो मतलाई एकथरीले पूर्णरूपमा अस्वीकार गरेका छन् । विद्वान् अन्वेषक डा.फर्कुहरले पछि गएर यो मतलाई त्याग गरेका छन्। अन्वेषणको क्रममा उनले पछि गएर रामानन्दका उपदेशहरूको मूल वैष्णव मतमा थिएन, अध्यात्म रामायण भएको बताएका छन् । उनको दृष्टिकोणमा कवीरको तुलनामा तुलसीदासनै रामानन्दका सच्चा प्रतिनिधि थिए ।[७८५] यो पनि भनिञ्छ कि रामानन्दी सम्प्रदायको आफ्नो कुनै भाष्य छैन । यता उनको सम्प्रदायका मानिसहरूले ब्रह्मसुत्रमा एक आनन्दनामक भाष्य पनि प्रकाशित गरेका छन् । जसमा पूर्णतया विश्वास गर्ने आधार प्रमाणहरू अहिलेसम्म प्राप्त हुन सकेका छैनन् । भाष्यको अनुसरण गर्ने राघवराचार्यको एक वेदान्त वृत्ति पनि प्रकाशित भएको छ । भनिञ्छ कि स्वयं रामानन्दले 'वैष्णवमतावजभास्कर' नामक ग्रन्थ लेखेका छन् जुन प्रकाशित भएको छ। यो सम्पूर्ण अध्ययन गर्दा के कुरा स्पष्ट हुन जाञ्छ भने रामानन्दको वैष्णवमतमा दीक्षागत सम्बन्ध अवश्य पनि थियो । रामानुजपछि अन्य सुधारवादी सन्यासीहरू उनका अतिरिक्त अन्य तिनजना र वैष्णव सम्प्रदायको नाम लिन सकिञ्छ । रामानन्दी वैरागीहरूमा पनि अगाडि बढ्दै जाँदा कतिपय सुधारवादी वैरागीहरूको उदय भयो । यिनमा कतिपय अन्वेषकहरूले कवीरलाई पनि गणना गर्दछन् । भनिञ्छ, रामानन्दका

---

७८४ भक्तमाला, नाभादास, प्रियादासको टीका सहित, छप्पय ३५-३६ ।

७८५ नागेन्द्रनाथ उपाध्याः नाथ और सन्त साहित्य, पृ. ७९ ।

१२ शिष्यहरूले १२ सम्प्रदाय प्रारम्भ गरे ।[७८६] रामानन्दले उत्तरीभारतमा आफ्ना शिष्यहरूको माध्यमबाट वैष्णव भक्तिको प्रचार गरे । नेपाल तन्त्र वेद र शैवभूमि हो । तथापि रामानन्दको प्रभाव नेपाल लगायत भारतका उत्तरी क्षेत्रमा पर्न गयो । अहिले नेपालजस्तो तान्त्रिक देशका देवदेवीका शक्तिपीठमा बलिप्रथाको विरोध गर्नेहरू वैष्णव ब्रह्मकुमारी राजयोग, राधेराधे, स्कोन, साइबाबा, कृष्ण प्रणामी, इसाईहरू देखापर्दछन् । यिनीहरू मुस्लिमहरूको बक्र इद या अन्य समयमा बोल्दैनन् । जबजब नेपालमा दशैं आउँछ बलिको विरोध गर्न आउँछन् । नेपाल वेद र शैव भूमि हो । गोरखनाथ र मत्स्येन्द्रनाथले नेपाल पुनः एकीकरणमा भूमिका निभाएको देश हो ।

भनिन्छ कि रामानन्दको रामानुजको ४ पिँढीहरू थिए । रामानुज, देवाचार्य, हरियानन्द, राघवानन्द, रामानन्द । राघवानन्दभन्दा अगाडि कुनैपनि श्री वैष्णव आचार्यहरू काशी या उत्तरी भारतमा बस्ने गरेको विवरण उपलब्ध छैन । रामानुजले आफ्नो दिग्विजय यात्रापछि दक्षिण भारतलाई नै आफ्नो कार्यक्षेत्र बनाए । यसकारण उत्तर भारतका उनका शिष्यगणहरूले विस्तारै विस्तारै मतको प्रचार प्रसार गर्दै गरे । यो अवस्थामा रामानन्दको भक्ति काशीमै मिलेको थियो । अन्यत्र कहीँबाट पनि ल्याएका थिएनन् । अधिक सम्भावना यो देखिन्छ कि अध्यात्म रामायण आदिसँग जुन रामानन्दको सम्बन्ध जोडिन्छ त्यो उनलाई राघवानन्दबाट नै मिलेको थियो । रामानन्द स्वयं अवधूत थिए। अवधूतको वाना धारण गर्ने गर्दथे साथै उनका शिष्य रामानन्दीहरूले आफूलाई अवधूत भन्ने गर्दथे । यस विषयमा अगाडि पनि सङ्केत गरिसकिएको छ । स्वयं रामानन्दी अनुयायीहरू मध्येमा मिहिलालले राघवानन्दलाई अवधूत भनेका छन् र रामानन्दलाई शिष्य बताएका छन् । यसबाट स्पष्ट रूपमा के भन्न सकिन्छ भने रामानन्दी सन्यासीहरूले आफूलाई वैरागी र अवधूत दुवै भन्ने गर्दथे ।[७८७]

अगाडि उल्लेख गरिसकिएको छ वैष्णवमा रामभक्तिलाई प्रमुखता दिने एउटा वर्ग थियो । राघवानन्दको मूल आधार ग्रन्थ अध्यात्मरामायण, वाल्मीकि रामायण, तथा अगस्त्य सँहिता थियो ।[७८८] अधिक सम्भावना यो देखिन्छ

७८६ इन्डियन साधुज, पृ. २१२-२१५ ।
७८७ डा. पिताम्बरदत्त बड्थ्याल: योगप्रवाह पृ. २-४, १६-१७ ।
७८८ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ८० ।

कि श्री सम्प्रदायनुयायी राघवानन्द यसै रामभक्ति सम्प्रदायमा सम्बद्ध थिए । उनले त्यसैको उपदेश रामानन्दलाई दिए । स्वयं रामानन्दको कुनैपनि ग्रन्थ त्यो समयमा उपलब्ध छैन । यसकारण उनको मुल उपदेश पत्ता लगाउन कठिन छ । सिद्धान्त पञ्चमात्राको प्रमाणिकता पनि शङ्कामा रहेको छ ।[७८९] रामानन्दले आफ्नो भक्तिको मत दक्षिणबाट लिएर आएका थिए । यस कुराको पुष्टि गर्न कतिपयले कवीर सम्प्रदायमा प्रचलित एकसाखीलाई उद्धृत गर्दछन् । जसमा स्पष्ट भनिएको छ 'भक्ति' मत द्रविड देशमा उत्पन्न भयो र त्यसलाई रामानन्दले लिएर उत्तरी क्षेत्रमा आए । कवीरले यो कुरालाई सात द्वीप नव खण्डमा प्रकट गरेका छन् । अन्वेषकहरूले दक्षिणबाट उत्तरी क्षेत्रमा भक्तिधारालाई ल्याउने श्रेय रामानन्दलाई दिने गरेका छन् ।[७९०] रामानन्द उत्तरका थिए दक्षिणका होइनन्, भन्ने कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । रामानन्दको काशीमा स्थायी बसोबास भएको कुरा नाभादासले भनेका छन् ।[७९१] यस्तो अनुभव हुञ्छ कि यस प्रकारको उक्तिको मुल आधार भागतवको 'भागवत् महात्म्य'का ती पंक्तिहरू हुन, जसको विवेचना माथि नै गरिसकिएको छ । भागवत महात्म्यका ती पंक्तिहरू पछाडि लेखिएको अनुभव गर्न सकिञ्छ । वास्तवमा सनातनदेखि चल्दै आएको वेद हो । तथापि वेदको दशौं मण्डल मुल वेद होइन पछि वैष्णवहरूले व्याख्या गरेको पार्ट मात्र हो । यसकारण यो मान्न सकिञ्छ कि दक्षिणमा उत्पन्न भक्तिलाई राघवानन्दले ल्याएका थिए । पछि सम्प्रदायवादीहरूले रामानन्द र कवीरप्रति आफ्नो श्रद्धा पुण्य चढाउनका लागि यी पंक्तिहरूको निर्माण गरे । यी पंक्तिहरू कवीरका हुन् कि होइनन् त्यो कुरामा आशङ्का रहेको छ । जति पनि विवरणहरू उपलब्ध छन् त्यसमा यो स्पष्ट छ कि राघवानन्दले होइन रामानन्दले दिग्विजय गरेका थिए । दोस्रो शब्दमा भन्नुपर्दा रामानन्दले सम्पूर्ण उत्तरी क्षेत्रको यात्रा गरेर आफ्नो वैष्णवी भक्तिको प्रचार गरेका थिए नेपाल लगायत हिमाली क्षेत्रमा परेको पुराणी प्रभावं पनि त्यसपछि विस्तार भएको हो । अगाडि नै उल्लेख गरिसकिएको छ नेपाल वेद भूमि हो, पुराणी भूमि होइन । वेद सनातन देखिको ग्रन्थ हो र नेपालमा लेखिएको हो भने पुराण पछि लेखिएको हो । रामानन्दका

---

७८९ योग प्रवाह, पृ. ४६ ।

७९० डा. हजारीप्रसाद द्विवेदी, कवीर पृ. १४२ 'भक्ति द्रविड उपजी लाये रामानन्द । परगट किया कवीर न सप्त द्वीप नवखण्डउ सत्य कवीर की साखी १५.१ ।

७९१ भक्तमाला नाभादास, छप्पय सं. ३५ 'पत्रावलंब पृथ्वी कारे काशी स्थायीं' ।

उदार शिष्यहरूले भक्तिलाई जनसामान्य रूपमा प्रचार प्रसार गरिदिए। यसकारण भारतको उत्तरी क्षेत्र मात्र होइन नेपाल लगायत हिमाली क्षेत्रमा भक्तिधाराको प्रचार प्रसार गर्ने रामानन्दलाई मानिन्छ। वेद र तन्त्र नेपालकै हो र मत्स्येन्द्रनाथ र महायोगी गुरू गोरखनाथले यसलाई तिब्बत चीन मङ्गोलियादेखि भारतसम्म अरबदेखि ईरानसम्म अफगानिस्तानदेखि रुससम्म फैलाएको पाइन्छ।

जहाँसम्म रामानन्दको शिष्य प्रशिष्यहरूको परम्पराको प्रश्न छ त्यसमा सर्वाधिक जटिल प्रश्न यो हो कि रामानन्दको परम्परामा कवीर र तुलसी दुवैलाई कसरी मान्ने ? अहिलेसम्म अन्वेषकहरूले तुलसीलाई सगुणावादी र कवीरलाई निर्गुणवादी मानेका छन्। तुलसीको मानसका विषयमा भनिएको छ त्यो अध्यात्म रामायणबाट अत्यधिक प्रभावित रहेको छ। अध्यात्म रामायण अद्वैतवादी हो। दर्शनको दृष्टिकोणबाट विचार गर्दा गोरखवाणीका सम्पादक डा.पिताम्वरदत्त वड्थ्यालले कवीरलाई अद्वैतवादी भनेका छन्। यद्यपि अन्य अन्वेषकहरूमा अण्डराहिलले विशिष्य द्वैतवादी तथा फर्कुहरले भेदाभेदवादी मानेका छन्।[७९२] यो अवस्थामा अझै कठिनाई उत्पन्न हुन जान्छ किनकि रामानन्दलाई विशिष्ट द्वैतवादी श्री सम्प्रदायको अनुयायी भनिन्छ। रामानन्दको जुन जीवनकथालाई अन्वेषकहरूले उतारेका छन् यसबाट के स्पष्ट हुन्छ भने आफ्नो प्रारम्भिक काल अर्थात् अध्ययन कालमा रामानन्दले कुनै शङ्कराद्वैतवादी आचार्यबाट वेदान्तको अध्ययन गरेका थिए। अन्वेषक हजारीप्रसाद द्विवेदीले आफ्नो निष्कर्षका रूपमा भनेका छन्, रामानन्द स्वयं विशिष्ट द्वैतवादी थिए तर अद्वैतवादी भक्ति ग्रन्थलाई अत्यन्त सम्मानको दृष्टिकोणबाट हेर्ने गर्दथे। उनका लागि भक्ति द्वैत अद्वैत भन्दा बढि महत्त्वपूर्ण थियो।[७९३] नाभादासले भक्तमालामा स्पष्टसँग भनेका छन् कवीरले षट्दर्शनको मर्यादा राखेका छैनन्। अर्थात् स्वयं यिनी कुनै एकको मर्यादामा बाँधिएनन्। दोस्रो उनले त्यसैलाई धर्म माने, जो भक्तिको अनुकुल थियो। भक्तिभावको सहायक साधकका रूपमा जे छ त्यो स्वीकार्य रहेको छ।[७९४] कवीर अद्वैतवादी थिए या विशिष्य द्वैतवादी यसको निर्णय अहिलेसम्म हुन सकेको छैन। यति निश्चित भन्न सकिन्छ कि सन्त कवीरदास भक्त थिए र रामानन्दको शिष्य परम्परामा थिए।

---

७९२ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ८१।

७९३ कवीर पृ. १०९।

७९४ भक्तमाला, नाभादास, छप्पय सं. ६०।

नाथसँग सम्वद्ध जुन तेश्रो धर्मको नाम लिइञ्छ त्यो बौद्ध धर्म हो । यस युगमा ई.सं. बाह्रौं शताब्दीसम्म बौद्ध धर्मको प्रभाव भारतमा कुनै न कुनै रूपमा रह्यो । कुमारिल, शङ्कर, गोरखनाथ, रामानुजको प्रभाव यो समयमा देखिञ्छ । मुसलमानको आक्रमणबाट बौद्ध धर्मको वचेखुचेको प्रभाव पनि जिर्ण हुन गयो । बङ्गालमा लगभग ई.सं. १६ औंमा तान्त्रिक बौद्ध भिक्षु र भिक्षुणीहरूको अन्तिम समूह चैतन्य मतमा विलिन हुन गयो । त्यो अवस्थामा तान्त्रिक बौद्धको विचारको रक्षा नेपाल, तिब्बत र चीनमा मात्र हुन सक्यो । नेपालमा बौद्धको प्राचीन ऐश्वरिक मतको विकास १२ औं ई.सं. मा भएको थियो । मध्य क्षेत्रमा यो समयमा लोप भइसकेको थियो ।[७९५] १४ औं ई.सं. को बिचको समयपछि भारतमा बौद्ध धर्मको कुनैपनि इतिहास पाइँदैन । गोरखपुर, कुशीनगर, सारनाथ जस्ता क्षेत्रहरूमा बौद्ध धर्म लोप भइसकेको थियो । महमुद गजनीको समय ई.सं. १०१७ मा बनारसमा लुटिएको समयमा सारनाथमा पनि लुटिएको थियो । त्यसको ९ वर्षपछि इस्वी सम्वत १०२६ मा सम्राट महिपालको राज्यकालमा स्थिर पाल र वशन्तपाल नाम गरेका दुई भाइ सम्राटको प्रेरणाले काशीका देवालयहरू साथसाथमा धर्मराजिका स्तुप सारनाथ र धर्मचक्र सारनाथको उद्धार गरेका थिए । ११ औं ई.सं. को अन्त्यमा सारनाथ, कलचुरी, कर्णदेवको प्रभावमा आएको थियो । त्यो समयमा महायानी भिक्षुले अष्टशाहस्रिका प्रज्ञापारमिता पुस्तकको प्रतिलिपि तयार गरेका थिए । गाहडवाल वंशका महाराज गोविन्द चन्द्रदेवको राज्य कन्नौज, अयोध्या र काशीमा हुन गयो । उनकी रानी कुमारदेवी बौद्ध धर्मकी भक्त थिइन् । उनीहरूले सारनाथमा एउटा बुद्ध विहार बनाएका थिए । पछि पुरातत्त्वले खोजबिन गर्दा अवशेषहरू प्राप्त भएको थियो । त्यसपछि सारनाथको वैभव अन्त्य हुन गयो ।[७९६] यसपछि पुरातत्त्वालाहरूको दृष्टिकोणमा लगभग अठारौं ई.सं. मा सारनाथमा आए । यसबाट स्पष्ट हुञ्छ गोविन्द चन्द्रदेवको राज्यकाल ई.सं. ११५४ थियो ।[७९७] यो समयमा काशीको आसपासमा बौद्ध धर्मको प्रभाव थियो । त्यसपछि उसको वैभवको अन्त्य हुन गयो । यसको तात्पर्य सन्त कवीरको समयमा काशीको आसपासमा बौद्ध धर्मको प्रभाव थिएन ।

७९५ आउटलाइन अफ रेलिजस लिटरेचर अफ इन्डिया ।

७९६ डा. वासुदेवचरण अग्रवाल: सारनाथ 'हिन्दी' पृ. २-३ ।

७९७ डा. हारी प्रसाद द्विवेदी, हिन्दी साहित्यको आदिकाल पृ. ८ ।

गोरखनाथका प्रसिद्ध रचनाहरूमा कहीँ पनि बौद्ध धर्मको आलोचना छैन। नवनाथ चौरासी सिद्धमा चौरासी सिद्धभित्र नाथहरूले बुद्धलाई पनि पुज्दछन्। गोरखनाथका रचनाहरू शैवधारा भित्रको क्रमबद्ध निरन्तरता हो। स्वयं महायोगी गुरू गोरखनाथ शिव अवतार हुनुहुन्छ। अनुमान गर्न सकिन्छ यो समयमा सन्यासीहरूका पनि कैयौं वर्ग थिए। जो प्रायः एकदण्डी, त्रिदण्डी, द्विदण्डी, कालामुख, जटाधारी र लिंगोपासक शैव सन्यासी थिए। महायोगी गोरखनाथले यिनीहरूसँग आफ्नो फरक धारणा राख्नुभएको छ।[७९८] तर शाक्तहरूको बारेमा केही पनि भनिएको छैन। शाक्त अनुयायीहरूमा दण्डी, वैष्णव तथा कालामुख, जटाधारी र लिंगोपासक शैव सन्यासी थिए। महायोगी गोरखनाथले नवनाथ, चौरासी सिद्धहरूभित्र नै कतिपयले योगको विषय पार गर्न नसकेको आशङ्का गर्नुभएको छ। यसबाट के जानकारी पाउन सकिन्छ भने चौरासी सिद्ध नवनाथमा गोरखनाथको अभिप्राय बौद्ध सिद्ध र तान्त्रिक नवनाथहरूसँग थियो। यस युगका मुख्य उपास्य विष्णु या उनका विभिन्न रूपहरू थिए। साथसाथै शिव, शक्ति, ब्रह्मा आदि थिए। विष्णु, ब्रह्मा, शिव, पार्वती, शक्ति, हरि, राम, नरहरि, उमापति आदि शब्दहरूले जुन देवताको स्मरण गरिन्छ, जसको पूजा गरिन्छ त्यो परमतत्त्वका विविभन्न अभिव्यक्ति हुन्, स्वयं परमतत्त्व होइनन्। यिनीहरू स्वयंले कुनै परमतत्त्वको उपासना गर्दछन्। यिनीहरूले माया निद्रा आदिलाई छल गर्दछन्।[७९९] गोरक्ष साहित्यमा राम शब्दको अधिकांश प्रयोग 'परब्रह्म'को बोध गराउने अर्थमा गरिएको छ। एक दुई स्थानमा अवतारी रामको स्मरण गर्दै अपूर्ण र माया ग्रस्त देवता मानिएको छ।[८००] यसैगरी आदिनाथ शिवलाई परब्रह्म, सहस्रारस्थ, शिव र षोडश कलाधर चन्द्रमास्थित शिव मानिन्छ।[८०१] हरि ब्रह्म बोधक शब्द हो। शक्ति कुण्डलिनी शक्ति हो। जो मुलाधारमा निवास गर्दछ। यस विवरणबाट के कुरा स्पष्ट हुन्छ भने शिव-परमोपास्य हुन्। यस्तो अनुभव हुन्छ कि महादेव, विष्णु, ब्रह्म आदि माया शवलित हुन्। अगाडि नै उल्लेख गरिसकिएको छ नाथहरू नाथ परमोपास्य हुन्। यी विवरणहरूबाट समग्रतामा हेर्दा यो भन्न सकिन्छ नाथका नाम काश्मीरी शैवधाराका परमशिव स्थानीय हुन्। यी शिवको रूप के हो ? यसको विवेचना अगाडि गरिने छ।

७९८ गोरखवाणी, पृ. १३२।
७९९ उही पृ. ९९, ३५, ५९, ९३, १३२, १३९।
८०० उही पृ. ९९, १००, १०२, १०५।
८०१ उही पृ. ३०, ५७, ९८, १५०, ११० आदि।

कवीरको रचनाबाट के कुरा पत्ता लाग्दछ भने उक्त समयका जोगी, जङ्गम, वैरागी, जटाधारी, जैन, चार्वाक, कार्यटिक, जती, औघड, शाक्त, सन्यासी आदि थिए। जोगी र जङ्गम भ्रुटो आशा हो। जटाधारीको पनि मृत्यु हुने गर्दछ। वैरागी प्रपञ्चग्रस्थ सञ्चित रूपमा मिल्दछ।[८०२] जैन र बौद्धले आफूलाई अहिँसावादी भन्दछन्। तथापि उनीहरूले पनि कुनै न कुनै प्रकारको हिंसा गर्दछन्। जति पनि तिर्थयात्री स्वाँगी, मठधारी, देवालयगामी देखापर्दछन् सबैले कार्पटिक केदारको यात्रा गर्दछन्।[८०३] कवीरले आफ्ना समकालीन साधकहरूमा सबैभन्दा आलोचना शाक्तको गरेका छन्। यस सम्बन्धमा कवीर भन्दछन्: उनीहरूले पाषडं भेष धारण गर्दछन्। गुप्त जीव जसरी जीवन बिताउँदछन्। रामभक्तिबाट विमुख रहञ्छन्। खराब कर्म गर्दछन् जन्मबाट उत्तम भएपनि यस प्रकारको सङ्गत त्याज्य छ। अभक्त शाक्त त्याज्य छ। कपटी दुराचारी वैष्णवको तुलनामा निष्कपट शाक्त उत्तम राम्रा छन्।[८०४] यसैगरी विभिन्न समकालीन उपास्यहरूलाई परब्रह्म मानेका छैनन्। साम्प्रदायिक उपास्य शिव परब्रह्म होइनन्। शिवले पनि उक्त ब्रह्मको शरण ग्रहण गर्दछन्। निष्कल निरञ्जन शिव परब्रह्म हो।[८०५] यसैप्रकार ब्रह्मा, महादेव, शङ्कर आदिले रामको भक्ति गर्दछन् भने रामले आदिनाथ शिवको भक्ति गर्दछन्। शिवगीता रामले शिवको भक्ति गर्दा दिएको उपदेश हो।

केशव, कृष्ण, गोविन्द, नारायण, पुरुषोत्तम, मुकुन्द, विट्ठल, सांगरपाणि आदि त्यस परमोपास्यको बोध गराउने विभिन्न शब्दहरू हुन्। कवीर साहित्यमा परब्रह्मको बोध गराउनका लागि सबैभन्दा धेरै प्रयोग राम, हरि, गोविन्द शब्दको प्रयोग गरेका छन्। यसमा सबैभन्दा प्रिय शब्द राम हो। कवीरका रचनाहरूमा राम, राम अथवा रामको महिमा अति विस्तृत रहेको छ। 'रंश' 'ममा'द्वारा निर्मित रामनाथको जप गर्नका लागि पटक-पटक आग्रह गरेका छन्।[८०६] यसको गुणगान र प्रयोगबाट उसको मन्त्रवत महिमा प्रकट हुञ्छ। 'वैष्णवमतावजभास्कर'मा <u>राममन्त्रको कतिपय</u> स्थानमा यसैगरी व्याख्या गरिएको छ।[८०७] वस्तुत रामावत

८०२ कवीर ग्रन्थावली, पृ. ९९, १७२, ४१, ५७, ११।

८०३ उही पृ. ३, १७२, १८६, १९५, २४०।

८०४ उही पृ. ४७, ५३, ५५, १०२, २४२।

८०५ उही पृ. १६२, ९८, ९९, २३०, २४१।

८०६ उही पृ. १८३।

८०७ वैष्णव मतावूजभास्कर पृ. २८, ३०, श्लोक १०-३२।

या रामानन्दी सम्प्रदायको मन्त्र हो । 'रां रामाय नम' । यसमा सामान्य मन्त्रको आद्यअक्षरका रूपमा जसरी ॐको प्रयोग गरिएको छ त्यसैप्रकारले यहाँ उसको स्थानमा विजाक्षर 'रा'को प्रयोग गरिएको छ ।[८०८] रामानुजंको श्री वैष्णवको श्री वैष्णव सम्प्रदायमा लक्ष्मी र नारायण उपास्य छन् । तथापि रामानन्दको श्री सम्प्रदाय या रामावत सम्प्रदायमा परब्रह्म रामको उपासना रहेको छ ।[८०९] मङ्गलाचरणमा रामका साथसाथै सीताको बन्दना गरिएको छ । उनको कृपाको याचना गरिएको छ । त्यहाँ उनलाई रामप्रिया भनिएको छ ।[८१०] तथापि कवीर साहित्यमा निर्गुण परब्रह्म राम अवश्य पनि उपास्य रहेका छन् । साथसाथै, राम शब्दको मन्त्रवत ग्रहण गर्ने उपदेश पनि दिइएको छ । तथापि कहीं पनि सिता, जनक, विदेही या रामको शक्तिको नाम या सङ्केत पाइँदैन । वैष्णवमताव्जभास्करमा रामलाई उपास्यका रूपमा तथा 'राम' 'राम' लाई 'मन्त्र'का रूपमा स्वीकार गर्ने कुरा कवीरले कुनै न कुनै रूपमा ग्रहण गरेका छन् स्वीकार गरेका छन् । वैष्णवको स्वीकृत लक्षण हो ऊर्ध्वपुण्ड तुलसीको कण्ठी र माला आदि धारण गर्नु, निर्मल हृदयमा भगवान्को दिव्यजन्म, दिव्यकर्ता, र दिव्य नामको स्मरण भगवान्को कथाको श्रवण, कथा किर्तन, चरअचरमा भगवद्रुपको भावना गराउनु आयुध धारण तथा तद्रुप वैष्णवको पूजन आदि छन् । कवीरका अनुसार भगवान्को जन्म हुँदैन अवतरण मात्र हो । उनले माला धारण, तिलक भक्तहरूका लागि आवश्यक ठान्दैनन् । सजिएर सजिसजाउ रूपमा भेष धारण गर्ने कुराको उनले कठोरता पूर्वक खण्डन गरेका छन् ।[८११] कवीरको कुनै न कुनै सम्प्रदायमा आवद्ध गराउने कुराको कैयौं विद्वान्हरूले विरोध गरेका छन् । कवीर साहित्यमा नाथयोग वैष्णवको प्रपती र अहिँसा सुफिको आवेगमय प्रेम, बौद्धको शून्य सहज, वैष्णवको रामहरि मुकुन्द आदि शब्द आफ्ना इष्टदेवका लागि प्रयोग, शांकद अद्वैतको मायावाद जस्ता विभिन्न विशेषताहरू एकैसाथ पाइञ्छ । यसबाट स्पष्ट रूपमा बुझ्न सकिञ्छ उनी कुनै न कुनै विशेष सम्प्रदाय या मतसँग आवद्ध भएर चलेनन् । यो समस्यालाई टाढा राख्नका लागि कवीर तथा उनका अनुयायीहरूलाई सारग्राही मात्र मान्दछन् । कुनै सम्प्रदाय

---

८०८ उही पृ. ९४।९७ ।

८०९ उही श्लोक ७-९ ।

८१० उही श्लोक १-२ ।

८११ कवीर ग्रन्थावली पृ. १३१-२४५ ।

विशेषको अनुयायी मान्दैनन् । वास्तवमा कवीरका रचनाहरूमा हामीले विभिन्न मतहरूको चर्चा परिचर्चा पाउन सक्तछौं । त्यसमा कतिपय कुराहरूमा ध्यान दिँदा कवीरलाई कुनै एक मत विशेषको अनुयायी मान्नु उपर्युक्त हुँदैन ।[८१२] यो अवस्थामा कवीर साहित्य कुनै एक दृष्टिमा कुनै एउटा क्षेत्रमा, कुनै एउटा निश्चित विचार या सिद्धान्तमा राख्न सकिँदैन । यसमा पनि हामीलाई अन्वेषण गर्ने, विश्लेषण गर्ने पुरा, पुरा अधिकार छ कवीर कुनैपनि सम्प्रदायहरूसँग आवद्ध हुँदाहुँदै पनि आफ्नो विचार, साधना, साम्प्रदायिक मान्यता आदिका विषयमा सम्प्रदाय भन्दा भिन्न छन् । तथापि ऐतिहासिक र वैज्ञानिक विवेचनाका आधारमा संदिग्ध अथवा असंदिग्ध प्रमाणलाई अगाडि राखेर हामीले कवीरलाई रामानन्दी सम्प्रदायमा आवद्ध गर्न सक्तछौ । तथापि उनको नाथहरूसँग अत्यन्त घनिष्ठ सम्बन्ध रहेको थियो ।

अर्कोतर्फ वास्तविक सत्य कुरा यो पनि हो साधना क्षेत्रमा जहाँ दिक्षाको प्रश्न आउँछ प्रवेश गर्ने समयमा सिद्ध गुरूको आवश्यक्ता हुञ्छ । प्रवेश भइसकेपछि आफ्नो शक्तिको विशिष्टताको अनुकुल साधकले गुरूको उपदेशलाई ग्रहण गर्दछ र त्यसको सहायताले अगाडि बढ्दछ । यो अवस्थामा गुरूको जुन सर्वमान्य मत छ त्यसबाट विकसित शिष्यको मतमा फरकपनाका अवशेषहरू रहञ्छन् । राघवानन्द र रामानन्दको मतको फरकपनको उदाहरण प्रत्यक्ष रूपमा छ । आज कवीरका रचनाहरूमा शुद्ध रूपमा कुनैपनि मत विशेषको अनुसरण पाइँदैन । त्यसकारण यस प्रकारको स्वरूपलाई तथ्यमा ध्यान राख्नुपर्दछ ।

शैव र वैष्णव नाथ र सन्त सम्बन्धः

महायोगी गुरू गोरखनाथले जुन विभिन्न सम्प्रदायहरूको खण्डन गर्नुभएको छ, त्यसमा उहाँको दृष्टिकोण योग र कार्यसिद्धिमा रहेको छ । साधना पद्धति योग साध्य र उपास्य नाथको स्वरूपको भिन्नताले यस प्रकारको खण्डनको आवश्यक्ता देखापर्दछ । यसैगरी कवीर तथा उनको अनुसरण गर्ने दादु पलटु आदिले विभिन्न सम्प्रदायको खण्डन र आलोचना गरेका छन् । त्यसमा उनीहरूको दृष्टि नाद साधना, भक्ति र भावमय भगवानमै छ ।[८१३]

८१२ पं.परशुराम चतुर्वेदी: कवीर साहित्यकी परश्व पृ. ८६-८७ ।

८१३ स्वामी दादू दयालकी वाणी, पं.चन्द्रिका प्रसाद त्रिपाठी भाग १, पृ. २१४, ३२-३४ । पं.परशुराम

वैष्णवहरू आडम्बरी केवल भेषभुषाको चिन्ता गर्नेहरू हुन् । सन्त साहित्यमा आलोचना गरिएको छ । अगाडिको विवेचनाबाट पनि स्पष्ट हुन जान्छ शैव नाथहरूको चरम साधना योग हो । वैष्णवको चरम साधना भक्ति हो । अगाडि नै उल्लेख गरिसकिएको छ शैव र वैष्णव प्रभावशाली रूपमा रहेका छन् । जसरी बौद्ध र शैवको परस्पर आदान प्रदान प्राचीन युगमा सम्भव थियो । त्यसैगरी शैव र वैष्णवहरूको पनि हुन गयो । यसमा विभिन्न राजनीतिक, साम्प्रदायिक, सांस्कृतिक परिस्थिति सहायक हुन गयो । विभिन्न क्षेत्रमा दुवैधार एक आपसमा अन्तर्सम्बन्धित रहे । तर जब वैष्णवको प्रभाव बढ्यो भारत गुलाम मात्र बनेन १ हजार वर्ष मुसलमान र व्रिटिशको दास बन्नु पर्‍यो । शैवहरूको विशेष गरेर हिमवत्खण्डमा ज्ञान र योगलाई मुख्य साधनाका रूपमा अगाडि बढीरह्यो । यसमा कुनै सन्देह छैन तन्त्रको साधना पद्धतिमा मन्त्र, यन्त्र, मकार, योग, कुण्डलिनी, तन्त्र, हठ, मन्त्र आदि साधनाका रूपमा छन् । नेपाल तन्त्रले बनेको देश हो । यहाँ सबै सम्प्रदायमा योग कुनै न कुनै रूपमा पाइन्छ । परवर्ती उपनिषद ज्ञान, योग र भक्तिको साधना प्रणालीले उपदेश दिने गर्दछ । यसलाई तोड्न इसाईहरूको गाईको रगतको डलरमा विक्रि भएको स्कोन, राधेराधे, ब्रह्मकुमारी राजयोग, कृष्णप्रणामी, बहाइ, साइबाबा आदि नामका सम्प्रदायहरू नेपालको तन्त्र परम्परा र बलि पूजामाथि आक्रमण गर्न निरन्तर रूपमा क्रियाशिल रहेका छन् । यिनीहरूको उद्देश्य विगतमा जसरी वैष्णव र बौद्धको प्रभावपछि भारत १ हजार वर्षसम्म इसाई र मुसाइको गुलाम बन्यो । नेपाललाई पनि त्यस्तै गुलाम बनाउने उद्देश्य पदार्थपछाडि रहेको छ । बङ्गालमा बौद्ध र शैव धर्ममा एकाकार हुन गए । बुद्धको विष्णु अवतारको रूप विशेष गरेर धर्म ठाकुरका रूपमा परिवर्तन हुन गयो । बङ्गालमा बौद्धहरूलाई शैव धर्म मान्य भयो जसले सहज बनायो ।[८१४] नवौ ई.सं. को उत्तरार्द्धबाट लिएर तेह्रौ ई.सं. को उत्तरार्द्धसम्म दक्षिण विशेष गरेर चोल शाषित क्षेत्रमा धार्मिक सहिष्णुता उच्च कोटीमा रहेको पाइन्छ । राजराज ई.सं. ९८४-१०१४ को समयमा शैव मन्दिरको अलङ्करणका लागि वैंष्णव कथाहरू पनि ग्रहण गरिएको थियो । उनकी बहिनी कुण्डवइले शैव र वैष्णव दुवै देवताको मन्दिर बनाएकी थिइन् । कतिपय मन्दिर यस्ता पनि थिए जसमा एक साथ शिव र

चतुर्वेदीः संत काव्य पृ. ५२१-५२२ ।

८१४ दिनेश चन्द्र सेन, हिष्ट्री अफ बङ्गाली त्वैश्वेज एण लिटरेचर पृ. ७५-७८ ।

विष्णुको प्रतिमा स्थापित थियो । यस प्रकारको मन्दिरमा चिदम्वरमको मन्दिर विशेष रूपमा ध्यान दिन योग्य रहेको छ । यस मन्दिरको नट्राज र गोविन्दराज प्रतिमाको अभिव्यक्ति आफ्नो यथार्थ रूपमा तिरुक्को वियरको कवितामा रहेको छ । जसमा विष्णुलाई नट्राज समक्ष उनको त्यही रूपमा ध्यान गरेको देखाइएको छ ।[८१५] रामानुजलाई निष्काशन र दण्डित गर्ने घटनाहरूलाई लिएर उठेको जनविद्रोहबाट यो स्पष्ट हुन जाञ्छ कि त्यो समयको जनमानस सङ्कुचित धार्मिक मनोवृत्तिका विरुद्ध थियो । यसकारण अधिराजेन्द्र जस्ता राजाहरूको पतन हुन गयो । यसपछि दक्षिणमा शैव र वैष्णवको सम्बन्ध बढ्न गयो । बौद्धहरू जैनहरू शैव धर्ममा समायोजन हुँदै गए ।[८१६] तथापि बौद्ध र वैष्णवको प्रभावकै कारण भारत गुलाम बनेको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । उडीसामा दशौं ई.सं. का रणभञ्ज प्रथम स्तंभेश्वरी आदिनाथ शिवका उपासक थिए । भञ्ज राजवंश शैव थियो ।[८१७] बाह्रौं शताब्दीमा बङ्गालमा बल्लावले राज्य गरेका थिए । पहिला उनी बौद्ध धर्मावलम्बी थिए, पछि गएर गढवालमा रहेका जोशी मठका सिंह गिरी नामक एक शैव सन्यासीले उनलाई शैव धर्ममा दिक्षित गराए ।[८१८] उडिसामा तारानाथको समयभन्दा पूर्व शैव र बौद्ध दुवैमा अनुतरयोग महायोगी गुरू गोरखनाथको हठयोगको समान प्रभाव थियो । सोह्रौ शताब्दी ई.सं. का वैष्णव कवि बलरामदास आदिका ग्रन्थहरूबाट यो कुराको पुष्टि हुन जाञ्छ । अच्युतानन्द र बलराम वैष्णव कवि थिए तथापि उनीहरूका रचनाहरूमा मीननाथ, गोरक्षानाथ, मल्लीकानाथ, विरसिंह आदिप्रति पर्याप्त मात्रामा आदर सत्कारको भावना व्यक्त गरिएको छ ।[८१९] अच्युतानन्दी चैतन्यका शिष्य थिए ।[८२०] नेपालमा सातौं ई.सं.को एउटा शिलालेखबाट पत्ता लाग्दछ त्यो समयमा शैव, वैष्णव र बौद्ध मन्दिरहरू थिए ।[८२१] हरिवंश पुराणको एउटा श्लोकमा विष्णु र शिवको समन्वित रूपको कल्पना गरिएको छ । जसको

---

८१५ के.ए. नीलकण्ठ शास्त्री दि चोल्स पृ. ६४३ ।

८१६ उही पृ. ६४४ ।

८१७ आर.वनर्जी हिस्ट्री अफ ओडिसा वा.व. पृ. १५३, १६३, १६७, १७३ ।

८१८ नागेन्द्रनाथ वसुः दि मार्डन बुद्धिज्म एण्ड इट्स फालोअर्स पृ. २१ ।

८१९ उही पृ. १४८, दि आर्क्योलजिकल सर्वे अफ मयुरभंज, नागेन्द्रनाथ वसु वा.१ इंन्ट्रोडक्सन पृ. २, दि हिस्ट्री अफ ओडिसा श्री हरेकृष्ण महताव पृ. १७२-७३ ।

८२० महताव दि हिष्ट्री अफ ओडिसा श्री हरेकृष्ण महताव पृ. १७२।७३ ।

८२१ चार्ल्स इलियटः हिन्दूईज्म एण्ड बुद्धिज्म वा. २ पृ. ११६-११७ ।

पुष्टि दक्षिणका पर्याप्त प्राचीन प्रस्तर कलाकृतिबाट प्रष्ट हुन्छ । यो पनि स्पष्ट हुन्छ कि हरिहर कुनै समय कम्वुजका प्रधान उपास्य थिए । उपास्यको यो रूप दक्षिणमा आज पनि प्रिय छ । एक ग्राम देवताका रूपमा अयेयनार हरिहरको विकसित रूप आजपनि शिव, विष्णुकै अवतरणका रूपमा पूजा गरिन्छ । यसै प्रकार ब्रह्मा, विष्णु र शिवको त्रिमूर्तिको कल्पना पनि पाउन सकिन्छ ।[८२२]

महाराष्ट्रको बारकरी मतका उपास्य विट्ठल, बिठोवा, पांडुरम आदिनाथले सम्बोधन गरिन्छ । यीमध्ये विट्ठल र विठोवा विष्णु शब्दको विकास हो । यसैगरी पांडुरङ्ग शब्द आदिनाथ शिवको विशेषण हो । पंदरपुरमा प्रत्येक वरकरीले पहिला त्यहाँको शिव मन्दिरमा दर्शन गर्दछन् । तत्पश्चात् विट्ठलको दर्शन गर्ने गर्दछन् । श्री इलियटको स्थापनासँगै विट्ठलको मन्दिर पुरीको जगन्नाथ मन्दिर सरह नै बौद्धहरू छन् ।[८२३] इलियटले जस्तै गरी स्टीवेनसनले वारवरी मतलाई बौद्धमतको प्रभावको रूपमा सिद्ध गर्ने प्रयत्न गरेका छन् ।[८२४] डा.आर.डी. रानाडेका अनुसार ज्ञानेश्वरीको बाह्रौं अध्यायमा विट्ठलको मूर्तिको व्याख्या गरिएको छ । जसमा उनले आदिनाथ शिवलाई मस्तकमा धारण गरेका छन् । वास्तविक तथ्य यो हो कि पंदरपुर विट्ठलको शिरमा लिङ्ग रहेको छ । जसको प्रमाण निवृतिनाथ तथा उनका परवर्ती रामदासका रचनाहरूमा पाइन्छ ।[८२५] ज्ञानेश्वरले स्पष्टसँग भनेका छन् विष्णुले आफ्नो विट्ठल रूपमा आफ्ना भक्त शङ्करलाई आफ्नो शिरमा धारण गरेका छन् । अहिलेसम्म विष्णुको कुनैपनि त्यस्तो मूर्ति पाइँदैन, जसको शिरमा अर्थात् शिर्ष भागमा शिवलिङ्ग रहेको छ । यसकारण पंदरपुरको विट्ठलको व्याख्या ज्ञानदेवले गरेका छन् । डा.रानाडेको दृष्टिकोणमा ज्ञानदेव अति उदार चेतना भएका सन्त थिए । शिव तथा विष्णु अभिन्न थिए । उनको रचनामा लिङ्ग उपासनाको विधान रहेको छ । लिङ्ग पनि उपास्य हुन सक्तछ । शिव र विष्णुको कुनैपनि नामको जपलाई वाग्भव तप भनिएको छ ।[८२६] विभिन्न प्रमाणहरूबाट यो पुष्टि हुन्छ कि ज्ञानेश्वरी मत शैव र वैष्णव दुवैका समान रूपमा पूजक थिए । लिङ्गोपासनाको विधान

८२२ उही पृ. १६४ ।

८२३ उही पृ. २५७ ।

८२४ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ८९ ।

८२५ उही पृ. ९० ।

८२६ भिस्टिसिज्म इन महाराष्ट्र पृ. ४१।४२ ।

ज्ञानेश्वरी तथा अभङ्ग दुवैमा पाइञ्छ । ज्ञानेश्वरीको दृष्टिकोणमा शिव या विष्णु कसैको पनि उपासना गर्न सकिञ्छ । तर त्यो स्वच्छ मन र निष्कपट भावनाले गर्नुपर्दछ ।[८२७] डा.रानाडेले ज्ञानेश्वरको अमृतानुभवको परिचय दिने समयमा त्यसमा परेको शैव प्रभावको व्याख्या गरेका छन् । उनले भनेका छन् अमृतानुभवमा शैव प्रभाव रहेको छ । उनले अगाडि भनेका छन् त्यसमा शिव सुत्रको प्रभाव स्पष्ट छ । अमृतानुभवको साधना पद्धति रहस्यवाद विलक्षण छ ।[८२८] यस प्रकार शैव र वैष्णव प्रभावको मिश्रण महाराष्ट्रका प्राय: सबै सन्त कविहरूमा पाइञ्छ । हिन्दीको मराठी सन्त साहित्यको परिचयमा भनिएको छ महाराष्ट्रका अधिकांश सन्त कवि जसले हिन्दी रचनामा आफूहरू गोरखनाथधारा 'नाथ' बाट दिक्षित भएको बताएका छन् । वैष्णव काव्य रचना गर्दै त्यसमा दिक्षित नभएपनि योगोपाय र उसका शब्दावलीको प्रयोग गरेका छन् । महायोगी गुरु गोरखनाथप्रति अत्यन्त श्रद्धा व्यक्त गरेका छन् । धेरै विद्वान् अन्वेषकहरूले नाथ र महाराष्ट्रका सन्तहरूको सम्बन्धका बारेमा व्याख्या गरेका छन् ।[८२९] मराठी सन्तहरूमा नामदेवको प्रमुख स्थान छ । कवीरभन्दा पूर्ववर्ती भएका कारण पनि महत्त्वपूर्ण मानिञ्छन् । उनी विशोवा खेचरका शिष्य थिए । विशोवा खेचर स्वयं गुरू गोरखनाथका भक्त 'नाथ' थिए । मालिफले ज्ञानदेव या ज्ञानेश्वरलाई पनि 'नाथ' विशोवा खेचरका शिष्य मान्दछन् ।[८३०] यसैप्रकार भारतको उत्तरी क्षेत्रमा वैष्णप कवि साधकहरूले पनि गोरखनाथको प्रभावलाई स्वीकार गरेका छन् । विद्यापतीले शैव र वैष्णव दुवै प्रकारका रचनाहरू प्रकाशित गरेका छन् । उनले मैथलि भाषामा अनेक गीत र कविताहरू रचना गरेका छन् । यसकारण उनलाई मैथिली कवि पनि भन्ने गरिञ्छ । आफ्नो रचनामा विद्यापतीले सबैभन्दा पहिला योगी गोरखनाथलाई स्मरण गर्दै गोरक्षोपाख्यान, गोरक्षविजय नामक संस्कृतमा लेखिएको नाटक समावेश गरेका छन् ।[८३१] जति पनि प्रमाणहरू भेटिएका छन् त्यसबाट जानकारी पाउन सकिञ्छ विद्यापतीको समयमा शैव र वैष्णवको एक आपसमा परस्पर सम्बन्ध रहेको

---

८२७ उही पृ. ४२ ।

८२८ उही पृ. १४२।१७८ ।

८२९ हिन्दीको मराठी सन्तो विदेन पृ. ८१।२२४ ।

८३० मकालिफः दि सिख रेलिजन पृ. २७ ।

८३१ श्री जयकांत मिश्रः ऊ हिस्ट्री आव मैथिली लिट्रेचर, पृ. १४०।२९२ ।

थियो । १ हजार ई.सं. को खजुराहाको एउटा शिलालेखमा आदिनाथ शिवलाई एकमात्र ईश्वर विष्णु, बुद्ध, जैनलाई शिवका अवतार मानिएको छ । वायु पुराण, विष्णु पुराण आदिमा शिव र विष्णुको एकताको कुरा रहेको छ ।[८३२] हरि र हरको समन्वय आजपनि देखिन्छ । नागाल्याण्डमा त्यहाँको समुदाय खाना खाने समयमा हरिहर शब्दको उच्चारण गर्ने गर्दछन् ।[८३३] यस समयमा उत्तरी भारतमा विशेष गरेर ई.सं. ७५० देखि १ हजारको समयमा अधिकांशले शैव धर्म मान्ने गर्दथे । शक्तिशाली राज्य स्थापना गरेका सबै राजाहरू शैव उपासक थिए । गहलौत, चौहान, राष्ट्रकुट, यी सबै शिव उपासक थिए । परमाल, चँदेल आदि पनि शैव थिए । यद्यपि बङ्गालमा पाल बौद्ध थिए तापनि उनी शिवभक्त थिए । शिव मन्दिर निर्माण गरेका थिए । प्रतिहारहरू वैष्णव भए पनि शिवभक्त थिए । साथसाथै देवीका पनि भक्त थिए ।[८३४] यसरी शैवहरू शक्तिशाली रहेको अवस्थामा भारतको कुनैपनि राज्यहरूमा विदेशी शासकले आँखा लगाउन सकेको थिएन । जब विस्तारै बौद्ध र वैष्णवहरूको प्रभाव बढ्दै गयो १ हजार वर्षसम्म मुसलमान र ईसाईको गुलाम बन्न पुग्यो । यी राजाहरू शैव थिए र महायोगी गुरू गोरखनाथका पूजक पनि थिए । शैव भएपनि यी राजाहरूमा अत्यन्त धार्मिक सहिष्णुता थियो । कुनैपनि धर्ममा धार्मिक सहिष्णुता छ भने त्यो शैव हिन्दूहरूमा छ । यसकारण शैव राजाहरूले शासन गरेको स्थानमा कहिल्यै पनि असहिष्णुता साम्प्रदायिक द्वन्द्व भएन । धार्मिक विषयमा शैवहरूले शासन गरेको ठाउँ अधिक उदार थियो । गोरखनाथलाई पूज्य मान्ने परम शैव थिए तर उनले बौद्ध धर्मलाई संरक्षण र सम्मान गर्ने गर्दथे । बौद्ध राजा मदनपालले महाभारत पाठ गर्न एक ब्राह्मणलाई दान दिएका थिए । शैव, वैष्णव, बौद्ध भिन्न भिन्न धर्म अपनाएका राजवंशहरूमा विवाह सम्बन्ध हुने गर्दथ्यो । नेपालमा पनि शैव धर्मावलम्बी लिच्छवीराजा अंशुवर्माले बौद्ध धर्मावलम्बी तिब्बती राजा श्रङ्चङ्ग गम्पोलाई आफ्नी छोरी भृकुटीको विवाह गरिदिएका थिए । गढवालका राजा धार्मिक दृष्टिकोणले अति उदार थिए । उनले भुमीदानोत्सवको समयमा परम माहेश्वर हुँदाहुँदै पनि शिव र विष्णु दुवैको पूजा गर्ने गर्दथे ।[८३५]

---

८३२ डा. यदुवंशी शैवमत पृ. १४१ । डा.हजारीप्रसाद द्विवेदी: हिन्दी साहित्य, पृ. ३९ ।
८३३ इन्डियन साधुज, पृ. २०९ ।
८३४ श्री सी.वी. वैद्य: हिस्ट्री आव मेडिएवल इन्डिया पृ. २०३।२०४ ।
८३५ उही पृ. ४२९ ।

हिन्दी साहित्यमा जायसी आदि प्रेममार्गी सुफी कविहरूको रचनामा महायोगी गुरू गोरखनाथको हठयोग, रसायन आदिको प्रभाव स्पष्ट रूपमा देखिञ्छ। अन्वेषक पं.रामचन्द्र शुक्लले जायसीको हठयोग, रसायन आदिको प्रभावलाई स्वीकार गर्दै यो सबै उनलाई सत्संगबाट प्राप्त भएको दावि गरेका छन्। त्यो समयमा नेपालबाट विस्तार भएको हिमवत्खण्डको ज्ञान साधनात्मक रहस्यवाद अर्थात् हठयोग, तन्त्र जुन मत्स्येन्द्रनाथ र गोरखनाथको हो र रसायन समन्वित रहस्यवाद भारतमा पनि प्रचलित थियो। महायोगी गुरू गोरखनाथका हठयोगका अधिकांश कुराहरू आफ्नो साधना पद्धतिमा प्रयोग गर्दथे।[८३६] तथापि सुफी मतको ऐतिहासिक अध्ययन गर्ने विद्वान् अन्वेषकहरूले स्पष्ट रूपमा भनेका छन् सुफी मतमा महायोगी गोरखनाथको हठयोग, कुण्डलिनी साधना, प्राणायाम आदिको राम्रो प्रभाव परेको थियो।[८३७] अगाडि नै उल्लेख गरिसकिएको छ शैवधर्म शक्तिशाली रहँदासम्म विदेशी र विधर्मीहरू पराजित बनेका थिए। जब वैष्णवहरूको प्रभाव बढ्दै गयो त्यसको परिणाम भारत १ हजार वर्षसम्म विदेशी, विधर्मीहरूको गुलाम बन्यो। त्यसको प्रभाव अहिलेसम्म पनि भारतमा परिरहेको छ। यसैप्रकार कतिपय योगी योगिनीहरूमा पनि वैष्णवको प्रभाव गर्न गयो। यही मिश्रणका कारण काश्मीरको १४ औं ई.सं. कि लल्ला योगिनीका रचनाहरू १५ औं ई.सं. का सन्त कवीर समान रहेका छन्। लल्ला योगिनी, लालदेव या लाल दीदी, शैव योगिनी थिए। उनीहरूको धर्मको मुल आधार शैव दर्शन थियो। काश्मीरमा रामानुजको प्रभाव बढ्दै गएपछि वैष्णव धर्म प्रभावशाली बन्यो। वैष्णवको प्रभाव लल्लाका रचनाहरूमा पाइञ्छ। उनको समयमा पाशुपत, कापालिक, गोरखनाथ, मत्स्येन्द्रनाथ शाक्त आदिको पर्याप्त प्रचार प्रसार भएको थियो।[८३८] जब काश्मीरमा वैष्णवको प्रभाव बढ्यो उसले स्वतन्त्र अस्तित्व नै गुमाउन पऱ्यो। पछिल्लो चरणमा मुसलमानको कब्जामा गयो। यसरी जहाँजहाँ वैष्णवको प्रभाव बढ्दै गयो ती राज्य ठाउँहरूले आफ्नो स्वतन्त्र अस्तित्व गुमाउँदै गए। जहाँ शैव धर्म प्रभावशाली रह्यो ती स्वतन्त्र रहे त्यसमध्येको नेपाल पनि हो। नेपालको यही शैव, शक्ति, तन्त्र, मन्त्र, यन्त्रलाई समाप्त गर्न स्कोन, राधेराधे, ब्रह्मकुमारी राजयोग, कृष्ण प्रणामी आदि

८३६ पं.रामचन्द्र शुक्लः जायसी ग्रन्थावली, भूमिका पृ. १६३, १७६।
८३७ श्रीरामपूजन तिवारीः सुफीमत साधना और साहित्य, पृ. १८३।
८३८ दि वर्ड आव लल्ला- सर रिचर्ड सी. टंपल भूमिका पृ. ११, मुल २५, ११२, ११०।

लागिरहेका छन् । नेपालको राजदंरबारमा पनि जब वैष्णवको प्रभाव बढ्यो कमजोर हुँदै गयो । गोरखनाथले स्थापना गरेको शाह राजतन्त्रलाई वैष्णवहरूले विष्णुको अवतारको रूपमा प्रचार गरेर दरबारमा प्रवेश गरे, तत्पश्चात् अमेरिकी जासुसी संस्था सि.आई.ए.ले चलाएको स्कोन दरबारले भित्र्यायो, नाथयोगी नरहरिनाथलाई अपमान मात्र गरेनन् २०३४ सालमा जेलमा राखेर करेन्ट लगाएर हत्या गर्ने षड्यन्त्र गरियो । दरबारमा शैवहरूको प्रभाव कमजोर भएपछि विस्थापित हुन गयो, अपराधीहरूको केन्द्र भ्याटीकन र पश्चिमाहरूले नेपालमा राजतन्त्रको विस्थापनपछि अफगानिस्तानमा जस्तै वैष्णव, स्कोन, राधेराधे, कृष्ण प्रणामी, ईसाई आदि पश्चिमी मिशनरीको प्रभाव बढाएर हिन्दूतालीवान खडा गर्ने र अमेरिकी कठपुतली साउदी अरबको राजामार्फत तराईमा मुसलमानहरूमा लगानी लगाएर अमेरिका र पश्चिमाहरूले जातीय युद्ध गराएर सैनिक अखडा बनाउने षड्यन्त्र गरिरहेका छन् । यसकारण शैव धर्म कमजोर हुनु भनेको विदेशी विधर्मीहरूको प्रभाव विस्तार हुनु हो ।

यो युगमा धेरै बौद्धहरूले पनि वैष्णव धर्म ग्रहण गरे । विशेष गरेर यो बङ्गाल आदि क्षेत्रहरूमा देखियो । त्यहाँ पनि जब शैव धर्म कमजोर भयो मुसलमानहरूले शासन गरे । आजको बङ्गलादेश पनि त्यही हो । यो क्षेत्रमा बाउलोको नाथहरूसँग सम्बन्ध रहेको थियो । बङ्गालमा अहिलेको बङ्गलादेश सहितको क्षेत्रमा बङ्गला भाषाको आदिम युगदेखि वाउलोहरूको अस्तित्व पाइञ्छ । विद्वान् अन्वेषक श्री क्षितिज मोहन सेनले वाउलो घरानाको इतिहास प्रस्तुत गर्दै मदन वाहुलको धार्मिक परम्परा नित्यनाथ, मुलनाथ र आदिनाथसँग सम्वद्ध रहेको थियो भन्नुभएको छ । उनका अनुसार यी ३ नाथ उपाधीधारी वाउलोको नामबाट स्पष्ट हुन जान्छ, वाउलहरूको गोरखनाथ धारासँग पुरानो सम्बन्ध थियो ।[८३९] यस कुराको पुष्टि डा.सुकुमार सेनले पनि गरेका छन् । उनको भनाइ अनुसार वंगालमा 'नाथ'हरू व्यवहारिक रूपमा त्यो समयमा अत्यन्त कमजोर थिए । यो अवस्थामा नाथका अनुयायीहरूले यो सम्वद्ध सम्प्रदायमा आफूलाई रूपान्तरित गरेर पछि वैष्णव प्रभाव बढ्न गयो । बङ्गालको वाहुल मत नाथको रूपान्तरित मत हो । वाहुलहरूले नाथको योग प्रक्रिया ग्रहण

८३९ दि विश्वभारती क्वार्टरली पृ. १९, १५३, १५४ । क्षितिज मोहन सेन: दि वाउल्स आव वंगाल-४, पृ. ६८ ।

गरे साथै उलँटवासी संपृक्त गोरखनाथ वाणी पनि ग्रहण गरे । तथापि बाह्य रूपमा आफ्ना उपास्य कृष्ण, चैतन्य आदि वैष्णव नामबाटै अन्य वैष्णव सरह ग्रहण गरे ।[८४०] यसरी शैव धर्म र नाथहरू कमजोर भएपछि बङ्गालले आफ्नो स्वतन्त्र अस्तित्व मात्र गुमाएन विदेशी र विधर्मीहरूको शासन ग्रहण गर्नु पर्‍यो । अर्कोतर्फ आजको अवस्थामा आधा बङ्गाल बङ्गलादेशको नाममा धर्मान्तरित मुसलमानहरू छन् भने भारत अधिनस्थ पश्चिम बङ्गाल इसाई र अपराधिक ध्याटिकनको दक्षिण एशियाली केन्द्र बनेको छ । **गोरखनाथको पछिल्लो अवतरण भूमि नेपाललाई विघटन गर्नका लागि पश्चिम बङ्गालमा जरा गाडेको जनहत्यारो पोपको इसाई मिशनरी नेपालको पूर्वी भागमा त्यहाँका आदिवासी किराँतीहरूलाई समाप्त गरेर मङ्गोलको ब्यानरमा इसाईहरू क्रियाशिल रहेका छन्** । यसकारण जतिसुकै तितो लागेपनि वैष्णवहरूको प्रभाव विस्तार पनि स्वतन्त्र अस्तित्वको रक्षाका लागि खतरा हो भन्ने कुरा इतिहासका यी तथ्यहरूले पुष्टि गर्दछ ।

हिन्दी साहित्यका विभिन्न कविहरूको सम्बन्ध पनि नाथहरूसँग कुनै न कुनै रूपमा रहन गयो । त्यसमा वैष्णव मत मान्ने कविहरू पनि पर्दछन् । धेरै विद्वान् अन्वेषकहरूले प्रसिद्ध कवि मीरावाइलाई वैष्णव परम्परा अन्तर्गत ग्रहण गर्दैनन् तथापि मीराका कतिपय विचारहरू वैष्णवसँग मेल खाञ्छन् । हुन त यो युगमा वैष्णव, बौद्ध र शैवमा एकआपसमा विवाह सम्बन्ध पनि हुने गर्दथ्यो । राजस्थानको जुन वंशमा मीराको विवाह भयो उपासनाको दृष्टिकोणबाट हेर्दा उनी शैव थिए । मीराको आफ्नो साथमा कृष्णभक्ति पनि लिएर गएकि थिइन् । मीराका रचनाहरूमा योगीको भाव र रूप दुवैप्रति विशेष अनुराग देखिञ्छ । राजा परिवारका कतिपय मानिसहरूमा वैष्णव र शैव दुवैको प्रभाव देखिञ्छ । उनीहरूले एकलिङ्ग तथा भवानीको सदैव पूजा गर्दछन् ।[८४१] नेपालका राणाहरूमा पनि वैष्णव प्रभाव थियो अगाडि नै उल्लेख गरिसकिएको छ वि.सं. १९०३ को जङ्गबहादुर राणाको कोतपर्वपछि नेपालमा शैवहरूलाई कमजोर बनाउने कार्य भएको छ । जसको कारण आफ्नो स्वतन्त्र अस्तित्व बचाउन नेपालले कठोर संघर्ष गरिरहेको छ । **गोरखनाथको निर्देशनमा शिवरात्रीमा स्थापना भएको नेपाली सेना पनि राणाहरूको प्रवेशपछि विदेशी विधर्मीहरूको कठपुतली बनेको अवस्था**

---

८४० ले.डा. सुकुमार सेनः दि कल्चरल हेरिटेज आव इन्डिया, पृ. २८० ।

८४१ भीराः वृहत पद सङ्ग्रह, पद्मावती 'शवनम' प्राक्कथन, पृ. १८-१९ ।

छ । प्रज्ज्वल शमशेर ज.ब.रा. प्रधानसेनापति रहेको अवस्था २०५८ जेठ १९ मा इसाई र विधर्मीहरूको योजनामा सेनाले शाहराजा विरेन्द्रको परिवार नै कत्लेआम हत्या गऱ्यो । सेना र दरबारभित्र राणाहरूको उदयपछि शैवहरू कमजोर बन्दै गए। पछिल्लो चरणमा वि.सं. २००७ सालपछि राणाहरूले सत्ता छोडे पनि शाह राजाहरूले राणाका छोरीहरू विवाह गर्नाले राणाहरूकै कब्जामा रह्यो । २००७ सालपछिका राजा त्रिभुवनले आफ्ना छोरा, नातिहरूलाई राणा परिवारबाट सम्बन्ध विच्छेद गराउन खोजेका थिए । राजा महेन्द्रले रत्नराज्य लक्ष्मी राणासँग विवाह गर्न खोज्दा असहमति मात्र राखेनन् विवाहमै अनुपस्थिति भएका थिए । राजा त्रिभुवन कति दुरदर्शी रहेछन् भने तिनै राणाहरू मार्फत् नेपालमा शाह राजतन्त्र विस्थापित हुन गयो । राजा महेन्द्रले अर्को ऐतिहासिक भुल आफ्ना छोराहरूलाई राणा परिवारमा विवाह गरिदिए । त्यही नै शाह वंशको लागि विषवृक्ष बन्न गयो। अगाडि नै उल्लेख गरिएको छ जङ्गबहादुर राणाले वि.सं. १९१० मा जारी गरेको मुलुकी ऐनमा वैष्णव प्रभाव थियो । एकलिङ्गका पुजारीलाई गोसाइ भनिञ्छ उनीहरूको नाथ योगीहरूसँग सम्बन्ध थियो ।[८४२] यस प्रकार नाथहरूको प्रभाव राजपरिवारमा परेको थियो । योगीको प्रभाव मीराका कैयौं हरफहरूमा छन् ।[८४३]

रामानन्दको परिचय अगाडि नै उल्लेख गरिसकिएको छ । उनका शिष्य परम्पराका अनेकौं सन्त भक्तहरूको सम्बन्ध नाथहरूसँग थियो । रामानन्दका १२ शिष्यहरूले फरक फरक शाखाहरू चलाए । यी शाखाहरूलाई 'द्वारा' पनि भनिञ्छ । यस अतिरिक्त अन्य २५ द्वाराहरू छन् । यी सम्प्रदाय द्वाराहरू संस्थापकका नामबाट चल्ने गर्दछन् । कहिले कहिले यसलाई 'गद्धी' पनि भनिञ्छ । मुख्य गद्धिहरू पञ्जाव, राजस्थान र उत्तर प्रदेशमा छन् । रामानन्दको परम्परामा श्री कृष्णदास पथहरी विशेष रूपमा प्रसिद्ध छन् । यी अन्तानन्दका शिष्य थिए । यी अन्तानन्द रामानन्दका शिष्य थिए । पयहारी राजस्थानको जयपुरमा बस्ने गर्दथे ई.सं. १९०५ मा गलतामा गद्धी स्थापना गरेका थिए। त्यहाँका तत्कालीन राजाले त्यस मठमा तारानाथको शिष्यत्व स्वीकार गरेका थिए । तारानाथ कापालिक योगी थिए । अन्वेषक श्री धुरेले कापालिकहरूलाई पनि कान चिरेका योगीमा गणना गरेका छन् । श्री कृष्णदास पयहारी योग

८४२ ऐनल्स एण्ड ऐटिक्विटीज आव राजस्थान, कर्नल टाड, पृ. ४११ ।

८४३ भीरा: वृहद पद सङ्ग्रह, प्राक्कथन, पृ. १८-१९, उही नाथपन्त प्रभावित पद पृ. २९५-३०४ ।

क्रियामा पोख्त थिए ।[८४४] नाभादासले कृष्णदासको योग निपुर्णताको स्पष्ट उल्लेख गरेका छन् । स्वयं पयहारी उर्ध्वरेता थिए र उनका शिष्य योगवृद्ध साधक थिए ।[८४५] कृष्णदासले जयपुरकी महारानीलाई योगीहरूसँग यौगिक प्रतियोगितामा प्रतिस्पर्धा गरेर प्रभाव पारेका थिए । त्यसपछि तारानाथ तथा उनका शिष्यहरू चतुरनाथ सहितले उक्त स्थान छोडिदिए । त्यहाँ कृष्णदास पयहारीको पूर्ण अधिकार हुन गयो । रामानन्दी सम्प्रदायमा गोरखनाथ विरचित हठयोग विशेष गरेर नागा समुदायमा स्वीकृत थियो । यसबाट के स्पष्ट हुञ्छ भने कृष्णदासको सम्बन्ध नागाहरूसँग थियो । यस घटनाबाट जानकारी हुञ्छ विस्तारै, विस्तारै दृढताका साथ वैष्णव सम्प्रदायले शैवहरू र विशेष गरेर नाथहरूलाई अर्न्तलिन गर्दै गए ।[८४६] **जसरी शैवहरू कमजोर बन्दा बङ्गाल मुसलमानहरूको कब्जामा गयो वैष्णवहरूकै कारण नागालैण्डमा शैवहरू कमजोर हुँदै गएपछि क्रिश्चियनहरूको प्रभाव बढ्यो । यसरी वैष्णवहरूका कारण काश्मीर, बङ्गाल, नागाल्याण्ड लगायतका धेरै राज्यहरू इस्लाम, इसाईहरूको प्रभावभित्र घेरिदै गए** । यो इतिहासको तितो यथार्थता हो । भक्तमालाका विभिन्न कुराहरूबाट यो जानकारी हुञ्छ कि कृष्णदास पयहारी परम्परामा आउने सबै शिष्यहरू योग र भक्तिको साधना गर्ने गर्दथे । कुनै समय नेपालमा जस्तै राजस्थान पनि नाथ योगीहरको गढ थियो । अग्रदासलाई उत्तराधिकारी नबनाएर कील्हलाई उत्तराधिकारी बनाउनुबाट यो अन्दाज गर्न सकिञ्छ पयहारीको दृष्टिकोणमा गलताको गद्धीको सुरक्षा थियो । कील्ह योग विद्यामा पर्याप्त रूपमा निपुण थिए । यो पनि भन्न सकिञ्छ कृष्णदास पयहारीलाई योगको साधना नाथ योगीहरूबाट प्राप्त भएको थियो । किनकि उनका गुरू अनन्तानन्द केवल भक्त मात्र थिए योग विद्या थिएन । भक्तमालामा उनको योग सिद्धिको कुनै सङ्केत पाइँदैन । पयहारीद्वारा प्रवर्तित तपस्वी शाखा रामानन्दी वैरागीमा योग साधनाका लागि विशिष्ट स्थान राख्दछन् । कील्हका शिष्य द्धारकादासले अष्टाङ्ग योगको विशेष साधना गरेका थिए जुन भक्तमालामा उल्लेख गरिएको छ ।[८४७] पञ्जावको शिख जो लडाकु जातिमा गणना गरिञ्छ । शिख सम्प्रदायमा नाथको प्रभाव

---

८४४ दि इन्डियन साधुज, १८८, १९० ।

८४५ नाभादास, भक्तमाला छप्पय सं. ३८।४० ।

८४६ इन्डियन साधुज, पृ. १८९-९० ।

८४७ उही पृ. १९९, पं.रामचन्द्र शुक्ल : हिन्दी साहित्यका इतिहास, पृ. १२१।१२२ ।

थियो । यो प्रभाव अधिकांशतः आध्यात्मिक र साधनात्मक रहेको छ । फेरि पनि शिख धर्मदर्शनका अन्वेषक विवेचना गर्नेहरूका अनुसार सिखहरूमा महायोगी गुरू गोरखनाथको अधिक प्रभाव थियो । गुरू ग्रन्थ साहवमा महायोगी गोरखनाथलाई गुरू भनिएको छ ।[८४८] सन्त मतमा दादुको ब्रह्म सम्प्रदाय हरिदासको निरञ्जनीको निरञ्जनीमत नाथहरूसँग विशेष रूपमा आवद्ध मानिञ्छ । अनेक सन्तहरूको दिक्षा र विभिन्न प्रकारको सम्बन्ध नाथहरूसँग रह्यो । दादुपन्थीहरूको उत्तरादी शाखा दादुपन्थको विशेषता हो । वनारसी दासले यस शाखाको स्थापना गरेका थिए । खाकी शाखाका अनुयायीहरू आफ्नो कालो वस्त्रका कारण स्पष्ट रूपमा अन्य अनुयायीहरू भन्दा पृथक देखिञ्छन् । महायोगी गुरू गोरखनाथ विरचित हठयोग अभ्यासप्रति विशेष जोड्दिने भएको कारण दादुपन्थीहरूले यो शाखा नाथहरूको प्रभाव रहेको कुरातर्फ लक्षित गरेका छन् ।[८४९] अगाडि नै उल्लेख गरिसकिएको छ वाहुल सम्प्रदायमा नाथहरूको अधिक प्रभाव थियो । क्षितीजमोहन सेनले 'दादु ग्रन्थ'मा तथा मध्ययुगीन भारतीय रहस्यबाद ग्रन्थको परिशिष्टमां दादु र वाउलेको साधना पद्धति तथा विचार धाराको तुलनात्मक अध्ययन गरेर त्यसको समानता प्रदर्शन गरेका छन् र उल्लेख गरेका छन् । यस सम्बन्धमा अगाडि नै उल्लेख गरिसकिएको छ दादुको नाथ योगीहरूसँग भेट भएको थियो । उनको रचनामा महायोगी गुरू गोरखनाथको गोरखवाणीका कतिपय पंक्तिहरू उल्लेख गरिएको छ । दादुमत मान्नेहरू नाथहरूसँग प्रभावित राजस्थान क्षेत्रमा विशेष रूपमा क्रियाशिल भएका कारण यस प्रकारको प्रभाव अनुमान गर्न सकिञ्छ ।[८५०] जंभनाथ कदाचित् नाथहरूसँग आवद्ध थिए । उनका शिष्यहरू नाथहरूले जस्तै साधना गर्ने गर्दछन् ।[८५१] यसै प्रकारले सेतवेणी कीनाराम, दीनदरखेश आदिको पनि नाथहरूसँग दिक्षागत प्रभावगत सम्बन्ध स्वीकार गरिएको छ ।[८५२] निरञ्जनी सम्प्रदायका बारेमा अगाडि नै उल्लेख गरिसकिएको छ निरञ्जनी सम्प्रदायको सर्वप्रथम खुलाशा गर्दै गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालले

---

८४८ शेरसिंहः फिलासफी आव सिखिज्म, पृ. १००-१०४ ।
८४९ इन्डियन साधुज, पृ. २२५ ।
८५० उत्तर भारतीय सन्त परम्परा पृ. ४१५ ।
८५१ उही पृ. २५७ ।
८५२ उही पृ. १०४, ६३०, ६३१, ६२२ ।

यसलाई शुद्ध वैष्णव मतभन्दा सन्त मतभन्दा भिन्न रहेको व्याख्या गरेका छन् । निरञ्जनी सम्प्रदाय सर्वथा हिन्दू थिए । निरञ्जनीहरूले हिन्दू देवी देवताप्रति सम्मान भाव राख्ने गर्दथे । विभिन्न धार्मिक सम्प्रदायमा रहँदा रहँदै पनि विश्व वन्धुत्वको कामना गर्ने गर्दथे । विभिन्न देवता या अवतारलाई निरञ्जनकै अभिव्यक्ति मान्ने गर्दथे । देवताहरूको पूजाबाट माथि उठ्ने उपदेश दिने गर्दथे । निरञ्जनीहरूको दर्शन कवीरको वेदान्तसँग समानता राख्दछ । यो सम्प्रदायलाई नाथहरूको विकसित रूप मानिञ्छ । योगको वेदान्त प्रभावित रूपको विकास यसमा भएको छ । यो नाथ धारा तथा निर्गुण मतको मध्यमार्गी धारा हो । यसको साथसाथै कवीर, कमाल, दादुजस्ता प्रारम्भिक सन्तहरू दर्शनको क्षेत्रमा अत्यन्त कम भिन्नता राख्ने गर्दछन् । रामानन्दको वर्गमा यिनलाई राम्रोसँग राख्न सकिञ्छ । उनका परवर्ती कवीरपन्थीहरूको स्पष्ट रूपमा भिन्नता रहेको छ । किनकि यिनले निरञ्जनलाई कालपुरुष मान्दछन् ।[८५३] यो निरञ्जनी समूहमा सर्वप्रथम हरिदास देखापर्दछन् सम्भवतः जो पहिले नै प्रागदासका शिष्य थिए । सुन्दरदासले हरिदासको गणना गोरखनाथ, कंथडनाथ कवीर आदिको समकक्षी राखेर गरेका छन् । उनी गोरखनाथ र कवीरका वाणीहरूबाट विशेष रूपमा प्रभावित देखिञ्छन् । उनले गोरखनाथ र कवीरको बन्दना गरेका छन् । महायोगी गोरखनाथलाई उनले आफ्ना गुरू मान्दछन् । निरञ्जनीहरूमा प्रेमतत्त्वको महत्त्व योगतत्त्व भन्दा कुनै मात्रामा कमी रहेको छैन । नाभादासको भक्तमालामा लेखिएको परवर्ती भक्तमालाका रचयीता राधोदासलाई निरञ्जनी कवीर आदि भन्दा पृथक मानिञ्छन् । गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्यालले विस्तारमा यी फरकपनाहरूको व्याख्या गरेका छन् ।[८५४] निरञ्जनी सम्प्रदायका अहिलेसम्म प्राप्त रचनाहरूको अध्ययन गर्दा यस्तो कुनैपनि विशेषता पाइँदैन जसले नाथ र वैष्णवहरूका बिचमा महत्त्वपूर्ण कडीको रूपमा काम गरेको थियो । यस सम्प्रदायका प्रमुख प्रवर्तक हरिदासले आफ्ना रचनाहरूमा कवीरलाई कही न कही आफ्नो आदर्श मानेका छन् । यो पनि पाइञ्छ कि यी दुवैको सैद्धान्तिक विचारमा कतिपय साधनाहरू भिन्न भएकोले भक्तहरूले उक्त कथनलाई अधिक महत्त्व दिएका छैनन् ।[८५५] यति विवाद हुँदाहुँदै पनि यो

८५३ दि निर्गुण स्कुल आव हिन्दी पोएट्री- प्रीफेस पृ. २-३ ।

८५४ डा. पिताम्वरदत्त बड्थ्याल: मकरंन्द, पृ. १६५-१६७, १७१, १७३, १७४ ।

८५५ पं.परशुराम चतुर्वेदी: हिन्दी काव्य मे निर्गुण सम्प्रदाय, पृ. ३१, ३२ ।

निश्चित छ कि निरञ्जनीहरूको नाथहरूसँग घनिष्ठ सम्बन्ध थियो । भनिन्छ कि हरिदास निरञ्जनी पहिले दादुका शिष्य थिए । पछि कवीर पन्थी र नाथहरूसँग प्रभावित भए ।[८५६] उडिसामा अहिले पनि निरञ्जनी सम्प्रदायको प्रभाव रहेको छ । निरञ्जनीहरूको प्रभाव उडिसा हुँदै मध्यक्षेत्र तथा भारतको पूर्वी भागसम्म रहेको छ । कवीरका रचनाहरूबाट उनले अनुमान लगाएका छन् कि एक समय निरञ्जनी सम्प्रदायको प्रभाव राजपुतना, उत्तर पश्चिम पञ्जाव आदि क्षेत्रमा प्रभावशाली रहेको थियो । तथापि अन्वेषक विद्वान् लेखक सेनले यस विषयमा कुनै ऐतिहासिक पुस्तक र प्रमाण दिन सकेका छैनन् । यो सम्प्रदाय उडिसामा उदय भएर मध्य क्षेत्रमा फैलिएको आधिकारिक प्रमाण नभएपनि शैव नाथहरू र वैष्णवहरूको बिचमा कडीको अर्थात् माध्यमको रूपमा काम गरेको हुन सक्तछ ।[८५७] निरञ्जनी सम्प्रदायमा निपट निरञ्जनको नाम आउँदछ ।[८५८] महाराष्ट्रमा हिन्दी रचना गर्ने सन्तमा एक निपट निरञ्जनको नाम आउँदछ । त्यहाँका हिन्दी सन्त कवि मध्वमनीश्वरको भेट निपट निरञ्जन नामक सन्तसँग औरङ्गवादमा भएको थियो । कवि काव्य सूचीकारले मध्व मुनीश्वरको जनाशक सम्वत् १६११ लगभग ई.सं. १६९० भनेका छन् ।[८५९] मराठी सन्तहरूमा निरञ्जन नामका कैयौं सन्तहरू रहेका छन् । रघुनाथ, निरञ्जन, वुक्षा, निरञ्जन माधव, निरञ्जन स्वामी, निरञ्जन निरञ्जन स्वामींको नाम आउँदछ । सातौं निरञ्जनले आफ्नो हिन्दी रचनामा सदा निपट निरञ्जनको छाप लगाउँदछन् । यी निपट निरञ्जनको समय र स्थान अहिलेसम्म पत्ता लागेको छैन । यसबाट के स्पष्ट हुञ्छ भने १८ औं ई.सं. को प्रारम्भमा एक निपट निरञ्जन नामका व्यक्ति थिए जसको दक्षिणको औरङ्गवादसँग कुनै सम्बन्ध थियो । हिन्दीको निरञ्जनी मत निपट निरञ्जन तुलसीका समकक्षी थिए र उनको जन्म सम्वत् १६५० बताइएको छ ।[८६०] यदि निपट निरञ्जन तुलसीका समकालीन थिए र दौलतावासका निवासी थिए भने यो सम्भावना हुन सक्छ कि यी निपट निरञ्जन मराठी निपट निरञ्जनभन्दा अभिन्न थिए । प्राप्त अभिलेखको अभावमा निश्चित भन्न

---

८५६ पुरोहित हरिनारायण शर्मा, प्र.ख. जीवन चरित पृ. ९२ । उत्तरी भारतीय सन्त परम्परा, पृ. ४३२ ।

८५७ उत्तरी भारतीय सन्त परम्परा, पृ. ४६१ ।

८५८ उही पृ. ४६७ ।

८५९ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. ९८ ।

८६० उत्तरी भारतकी सन्त परम्परा, पृ. ४६७-४६८ ।

कठीनाई छ । भगवानदास निरञ्जनीको पनि निरञ्जनी सम्प्रदायमा महत्त्वपूर्ण स्थान रहेको छ । यिनलाई सिद्धनागार्जुन जो चौरासी सिद्धभित्र गणना गरिञ्छ उनका शिष्य भनिएको छ ।[८६१] नागा समुदायमा अर्जुन नामका एक नाथसिद्धको पनि केही वाणी भनाइहरू पाइञ्छन् । नागा अर्जुन गोरखनाथका अनुयायी हुन् । निष्कर्षमा के भन्न सकिञ्छ भने नाथहरू शैव हुन् । रामानन्द आदि उनका शिष्य परम्पराका अनुयायीहरू वैष्णव हुन् । शैवमा नाथहरूको सम्बन्ध पाशुपतसँग छ । ई.सं. १०-११ को समयमा, कापालिक लकुलीश, कालामुख आदिले विस्तार विस्तार आफ्नो स्वतन्त्र अस्तित्व खोजिरहेका थिए । यिनीहरू मध्ये कापालिक अघोरी आदि कुनै न कुनै रूपमा नाथहरूसँग रूपान्तरित भएर पछि गएर नाथका १२ शाखामा रूपान्तरित हुन गए । यी शैवहरूमा तान्त्रिक तत्त्व अधिक मात्रामा थियो । दोस्रो परम्परा आगमी शैवहरूको थियो जसमा वीर शैव, काश्मीरको शैव आदि प्रमुख थिए । काश्मीरी शैवको दर्शन पक्ष अधिक प्रवल थियो । यिनीहरूमा पनि तन्त्रको राम्रो प्रभाव रहेको थियो शैवहरूको तेश्रो परम्पराको रूपमा दशनामी थिए । भनिञ्छ कि यसमा वैदिक तत्त्व अधिक थियो । कसैकसैले दशनामीलाई वैदिक सन्यासी पनि भन्ने गर्दथे । यिनीहरू भन्दा भिन्न नाथहरूलाई तान्त्रिक शैव सन्यासी भन्ने गरिन्थ्यो । नाथहरूमा कान चिरेका सन्यासीहरू प्रवल र सङ्गठित थिए । तन्त्र र पाशुपत धाराको दुवै परम्परा यसमा पाइञ्छ । पाशुपत धाराको आफ्नो दर्शन थियो जसको पहिला शङ्कराचार्यले खण्डन गरे, पछि माधवाचार्यले पाशुपत दर्शनमा सर्वदर्शन सङ्ग्रह लेखे । साधनाको दृष्टिकोणले तन्त्रको योग आदि साधना महत्त्वपूर्ण छ । यस प्रकार नाथको परम्परालाई ध्यानमा राख्दै पाशुपत दर्शन, तन्त्र साधना तथा नाथको दार्शनिक साधनात्मक ग्रन्थको विचार गर्न सकिञ्छ ।[८६२] यही युगमा वैष्णव मत प्रधान भएर आयो । अगाडि नै सङ्केत गरिसकिएको छ, जब वैष्णव मत प्रधान बन्यो भारतका राज्यहरू मुसलमान र ईसाईको १ हजार वर्षको गुलामी बन्न पुग्यो । रामानुजभन्दा पूर्व भागवत धर्म थियो । सात्वत धर्म, पञ्चरात्र मत, उपनिषद, ब्रह्मसुत्र, भगवद्गीता, यी सबैको समन्वित सवल तथा अल्वारोको भावनामयी भक्तिको आधारलाई लिएर रामानुजले वैष्णव मतको शास्त्रीय रूप प्रारम्भ गरे । रामानुजको मत यस दृष्टिकोणबाट हेर्दा तान्त्रिक पनि

८६१ उही पृ. ४६८ ।

८६२ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य पृ. ९९ ।

हो । स्वयं पञ्चरात्र मतलाई पञ्चरात्र सँहिताको तन्त्र प्रभाव सम्पन्न भनिञ्छ। पञ्चरात्र पद्धतिलाई स्थापित गर्ने कार्य रामानुजले गरेका थए । यस पञ्चरात्र मतसँग नारदको विशेष सम्बन्ध रहेको छ । महाभारतको शान्तिपर्वको नारायणीयोपाख्यानमा व्याख्या गरिएको ऐकान्तिक धर्ममा नारदको महत्त्वपूर्ण पात्रको रूपमा भूमिका रहेको छ। नारद पञ्चरात्र र नारद भक्तिसूत्र भक्ति मतको अति महत्त्वपूर्ण ग्रन्थ मानिञ्छ । यस प्रकार रामानुजको श्री वैष्णव सम्प्रदाय जसमा लक्ष्मीनारायण उपास्य छन् यो मत दक्षिणमा सामान्य रूपमा तथा उत्तरमा पण्डित समाजमा प्रचारित हुन गयो । यो दक्षिणमा रामानुजमतमा रामोपासना पनि प्रचलित थियो । अल्वार भक्तहरू पनि रामोपासक थिए। अध्यात्म रामायण, अगस्त-सुतीक्ष्ण सम्वाद आदिको निर्माण भएको थियो। राघवानन्द रामानुजको परम्परामा थिए । उनी उत्तरको काशीमा आएर बसे र रामानन्दको रामभक्तिको उपदेश दिए । श्री वैष्णव सम्प्रदायमा दिक्षित गरे। आचारगत विचारको भिन्नताबाट हेर्ने हो भने रामानन्दले छुट्टै सम्प्रदाय आरम्भ गर्नुपऱ्यो । यो नयाँ सम्प्रदायमा जसमा रामानुजको श्री वैष्णव सम्प्रदायको एक शाखाका रूपमा कवीर आदिको उदय हुन गयो ।[८६३] रामानन्दको सम्प्रदायमा समभक्तिको साथसाथमा नारदको ऐकान्तिक धर्म या नारदीय भक्तिको विकास हुन गयो जसको दार्शनिक आधार रामानुज दर्शन थियो ।

वैष्णवहरूको प्रभाव वृद्धि भएपछि मुसलमान इसाई आक्रमण बढ्दै गयो। यो अवस्थामा शैवहरूले वैष्णवसँग परस्पर सम्बन्ध र सम्पर्क राखिराखे। दुवैका उपास्य एकसाथ पूजित हुञ्छन् । सामान्यतया भक्तहरूले समान रूपमा श्रद्धा व्यक्त गर्दछन् । जसको परिणाम महाराष्ट्रमा सन्तहरूको वर्ग विकसित भयो । विलक्षण विट्ठलदेवको कल्पना गरियो । एकथरी वैष्णव वाउलोमा देखि निरञ्जनी सम्प्रदायमा भक्ति र योगको समन्वय भयो । शिव र विष्णुप्रति समान रूपमा सम्मानको भावना विकसित भयो । साम्प्रदायिक र सामाजिक क्षेत्रमा हरिहरको समन्वित मूर्तिको आदर्श स्थापित भयो । विभिन्न वैष्णवहरू नाथहरूसँग पनि आए । वैष्णव शैव र कापालिकमा पनि सम्बन्ध विकास भयो । विभिन्न सुफी वैष्णव आदिहरू नाथ पनि बने । यो धार्मिक सहिष्णुता पनि थियो । यस प्रकारको धार्मिक साम्प्रदायिक वातावरणमा कवीरको उदय

---

८६३ उही पृ. १०० ।

भयो। त्यो समयका सबै सम्प्रदायहरूमा कुनै न कुनै रूपमा योगको प्रभाव थियो। तान्त्रिक योग, हठयोग आदिसँग नाथ शैवहरूको वैज्ञानिक योग विद्या थियो। भागवत्मतको शक्तिसँग पुरानो सम्बन्ध थियो।[८६४] श्वेताश्वर उपनिषदमा शिव भक्तिको सङ्केत पाइन्छ। महाभारतमा नारायण भक्तिको निर्वचन रहेको छ। कबीर तथा उनका अनुयायीहरूको सम्बन्ध नाथहरूसँग रहेको थियो तर पछि उनको दिक्षागत सम्बन्ध वैष्णवसँग हुन गयो। यसरी योग भक्ति त्यसको समन्वय साम्प्रदायिक परम्परा यी सबैको विकास भयो।

वैष्णव भक्तिको विकासः

शैवहरूको ज्ञानमार्ग र कर्ममार्ग हो। ज्ञान सँगसँगै कर्म पनि गर्नुपर्दछ। वेद शैवको मुल ग्रन्थ हो जुन सनातन हो। तर वैष्णवहरूको त्यसको ठीक विपरित भक्ति मार्ग हो। यसकारण वैष्णवको प्रभाव भएका क्षेत्रहरूमा विदेशी विधर्मीहरूलाई आक्रमण गर्न सहज वातावरण बन्यो। शैवहरूले ज्ञानसँगै कर्मलाई प्रमुख मानेको हुनाले उनीहरूले ज्ञानसँगै आफ्नो कर्म गरिरहेका छन्। वैष्णव मत पनि बौद्धमत र जैनमतजस्तै धार्मिक सुधारका रूपमा प्रारम्भ भयो। यसको मूल आधार ईश्वरवादी सिद्धान्त हो। यस प्राचीन मतको नाम एकान्तिक धर्म हो। जसमा एकान्त मनले केवल एक परमतत्त्वप्रति प्रेमको भक्ति मानिन्छ। यस मतको पृष्ठभूमिमा श्रीमद्भागवत्गीता रहेको छ जसमा वासुदेव कृष्णले उपदेश दिएका छन्। अगाडि बढ्दै जाँदा यसले सम्प्रदायको रूप धारण गर्न पुग्यो। यसलाई पञ्चरात्र या भागवत् धर्म पनि भनिन्छ। ई.सं. चौथो शताब्दीमा जतिबेला गुरू गोरखनाथले नेपाललाई केन्द्र बनाउनु भएको थियो। त्यो समयमा एक छुट्टै मतका रूपमा देखापर्‍यो। यसको सम्बन्ध त्यो समयमा एक नारायण नामक ऋषिसँग जोडियो। तत्पश्चात् विष्णुसँग सम्बन्धित गराइयो। यसको स्वरूप रहस्यमय रहेको छ। जुन भगवद्गीताको उल्लेख गरिएको छ, त्यसमा उपनिषदका पनि उपदेशहरू छन्। साथसाथै त्यसमा दुई प्रकारका दर्शन सांख्य र योगको सिद्धान्त पनि उपदिष्ट रहेको छ। यस प्रकार निर्मित वैष्णव मत आठौं शताब्दीसम्म चलिरह्यो। त्यसै समयमा शङ्कराचार्य एवं उहाँका अनुयायीहरूले आध्यात्मिक अद्वैतवाद र मायावादको प्रवर्द्धन एवं प्रचार प्रसार गरे। यसलाई भक्ति एवं प्रेम तत्त्वको विरोधी एवं वाधक मानियो। वैष्णवहरूका लागि यो

८६४ ठही पृ. १०१।

सम्बन्ध प्रतिकुल थियो ।[८६५] एघारौं ई.सं.सम्म यस अद्वैतवादको विरोधमा विचार र भावनाहरू एकत्रित हुन लागे । रामानुजले अद्वैतवादलाई खण्डन गर्ने छन्द सुरु गर्दै भक्तिलाई पुन प्रचार गर्दै अघि बढाए । उत्तरी क्षेत्रमा निर्वाकले वैष्णव मतको अनुकरण गर्दै गोपाल कृष्णलाई प्रमुखता दिए । उनले राधाको उपासनालाई समन्वित गराए । रामानुज यी विषयहरूमा मौन रहे । शङ्कराचार्यको आध्यात्मिक अद्वैतवाद र मायावादमाथि व्यवस्थित रूपमा आक्रमण ११।१३ औं शताब्दीमा माधवाचार्य र आनन्द तिर्थले गरे । यही समय जब वैष्णव मत हावी भयो मुसलमानहरूले सफल आक्रमण गरेर शासन हत्याए । मध्धवाचार्य या आनन्दतिर्थले द्वैतवादको प्रचार गरे । विष्णुलाई परमेश्वरका रूपमा स्वीकार गरे । उत्तरी क्षेत्रमा रामानन्दको रामानुजको दार्शनिक सिद्धान्तलाई स्वीकार गर्दै रामनामको प्रचार गरे । रामानुजले नारायण नामलाई महत्त्व दिए । १६ औं ई.सं. मा बल्लभले गोपालकृष्ण र उनकी देवी राधाको उपासनाको उपदेश दिए । चैतन्यले पनि प्राय:जसो त्यही समयमा राधासँग सम्बन्ध भएका श्रीकृष्णको उपासनाको प्रवर्द्धन गरे । गोपाल कृष्णलाई उनले प्रेममूर्तिका रूपमा कल्पना गरे । यी विभिन्न वैष्णव मतको एकताका विभिन्न विन्दुहरू हुन् । उनीहरूले आध्यात्मिक सिद्धान्त तत्त्वत् भगवद्गीताबाट लिए । ईश्वरको नामको जहाँसम्म प्रश्न छ 'वासुदेव' नामले सबै वैष्णव सम्प्रदायमा भूमिकाको काम गरेको छ । आध्यात्मिक अद्वैतवाद र मायावादलाई वैष्णवका सबै सम्प्रदायले समान रूपमा अस्वीकृत गरे । तथापि उनीहरूमै मतभेदका धेरै कारणहरू थिए ।[८६६] भिन्न भिन्न तत्त्वको आध्यात्मिक सिद्धान्तलाई पृथक-पृथक महत्त्व प्रदान गरेका कारण विभिन्न मतवादका रूपमा प्रतिष्ठित हुन गए । उनीहरूले आफ्ना अनुयायीहरूका लागि विभिन्न पृथक-पृथक कर्मकाण्डीय विधान स्वीकार गर्दछन् । परवर्ती कालमा पञ्चरात्र संहिता र पुराणको रचना श्रीमद्भागवद्गीताको पुरक ग्रन्थका रूपमा हुन गयो । यी ग्रन्थहरूमा प्रशंग अनुसार तात्विक सिद्धान्तहरू मार्फत् सम्झाइयो । कतिपय कर्मकाण्डीय नियम बनाइयो । यसको साथसाथ सिद्धान्त र उपदेशको महिमा बढाउनका लागि विशाल कथा सम्मति पनि प्रस्तुत हुन गए । यसरी सिद्धान्त र विचार र उपदेश रोचक हुन गए ।[८६७]

८६५ कलेक्टेड, वर्क्स आव आर.जीव भंण्डारकर, १००४ वैष्णजिज्म शैविज्म एण्ड माइनर रिलिजस सिस्टमस् पृ. १४२, १४३ ।

८६६ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १११ ।

८६७ उही पृ. ११२ ।

सामाजिक विचारको दृष्टिकोणबाट हेर्दा उपर्युक्त विकास सम्प्रदायवादी वैष्णवहरूको उपस्थित गराए । यसमा भक्तिभावको ऐतिहासिक विकास निरुपित छैन । अन्वेषक पं.आचार्य रामचन्द्र शुक्लका अनुसार मुख्य रूपमा भक्ति भाव एवं रसको विवेचना गर्दै मानवको धर्मपक्षको विश्लेषण गर्नुभएको छ । उहाँका अनुसार भक्तिमार्ग हृदय हो । भक्त श्रेष्ठ धार्मिक हो । त्यसको विशेषता यो हो कि धर्मको रसात्मक स्वरूपको साक्षात्कार गराउँदछ । धर्मको यस अन्तिम रसात्मक पक्षसम्म मानिसको हृदय उपास्यको उन्नता भावना उपरान्त अर्थात् माथिसम्म पुग्ने गर्दछ । असभ्य दशामा भय र लोभको प्रेरणाले देवताहरूको पूजा शासकका रूपमा पनि गरिञ्छ । सभ्यताको आगमनपछि देवताहरूद्वारा गरिएको उपकारका कारण उनकाप्रति कृतज्ञताको भाव रहञ्छ । यस प्रकारका देवताको उपासनामा धर्मको स्वरूपको आभास मिल्दछ । उपास्यको यस उपकारी स्वरूपको भित्र अखिल विश्वको पालक र रक्षक भगवान्‌को व्यापक रूपमा भावनाको विकास हुन जाञ्छ । कुलदेवता, वनदेवता आदिहरूसम्म रहञ्छन् । जुन जातिहरूमा पूर्ण ईश्वरको भावका साथ ऐकेश्वरवाद चल्यो उनीहरूको स्वरूप साँघुरो रहन गयो ।[८६८] अति प्राचीनकालमा मानिसहरूले देवताप्रति ३ प्रकारका भाव राख्ने गर्दथे- भय, लोभ र कृतज्ञता । यी तीनै भावहरूमा मन सुखतर्फ उन्मुख रहने गर्दथ्यो देवताहरूतर्फ होइन । कृतज्ञ 'कृत'को स्वरूपमै अनुराग राखिञ्छ कर्ताको स्वरूपमा होइन । ऋग्वेदको पुरुष सुक्तमा ईश्वरको भावना पुरुषको रूपमा गरिएको छ । तर आकार भावनाको यो उदय गीत मानिञ्छ । सतपथ अर्थात् सत्य मार्गमा हिँडेका ब्राह्मणमा सहृदयता र भावुकताको विशेष आभास उपास्यको स्वरूपका साथ साथ धर्मको स्वरूपमा पाउन सकिञ्छ । 'सगुण परमेश्वरको नारायण, नर समष्टिको आश्रय नाम' प्राचीन कालमा पनि प्रसिद्ध भएको थियो । नारायण सगुण ब्रह्मको रूप हो जसको अभिव्यक्ति जगत्‌मा 'नर'का रूपमा हुन गयो ।[८६९] उपनिषद्‌मा ब्रह्मको उपासना अन्न, प्राण, मन, ज्ञान र आनन्दको रूपमा गर्ने उपदेश दिइएको छ । विद्वान् अन्वेषक रामचन्द्र शुक्लको दृष्टिकोणमा यो अन्नोपासना ब्रह्मको असली अन्तरसत्ताको बाहिर जगतलाई हेर्ने विधान हो नीति नियम हो । बाहिर र भित्र दुवैतर्फ ब्रह्मलाई देख्ने पूर्ण उपासना हो । भारतीय भक्तिमार्ग वैष्णव धारामा यही

८६८ पं.रामचन्द्र शुक्ल सूरदास, पृ. २-५ ।
८६९ ऊही पृ. ८-९ ।

पूर्ण उपासनाको पद्धति गृहीत हुन गएको छ। यसमा पालक पक्षाको प्रमुखता रहञ्छ। यस उपरान्त उपास्यको निकटताको उत्कण्ठाले अधिक हृदय आकर्षक आमनेसामने लैजाने आकर्षण सँगै विष्णुको नराकार भावना नारायणको रूप हुन जाञ्छ। उपर्युक्त अन्नोपासनाको पद्धतिले ब्रह्मको भावना विष्णुरूपमा प्रतिष्ठित हुन जाञ्छ। यसमा पालक पक्षाको प्रमुखता रहञ्छ। यस विकासको पालकको स्वरूपनै सत्त्वस्वरूप हो। नाश हुने रूप असत अनित्य र क्षणिक हुञ्छ। यस प्रकार भारत वर्षमा ई.सं. को हजारौं वर्षपूर्व भाव समन्वित ज्ञानमार्गको सुत्रपात भयो जो उपनिषदको समयसम्म पुग्यो।[८७०]

तर योभन्दा हिमवत्खण्ड वेद भूमिको रूपमा रह्यो। वेद सनातनदेखि चलिआएको शास्त्र हो भने पुराणहरू पछि लेखिएका हुन्। अठारौं शताब्दीका विद्वान् दयानन्द सरस्वतीले आर्यसमाजको गठन गरेर वेदबाहेकका मतहरू सम्पूर्ण वनावटी हुने भनेर अभियान नै चलाउनु भयो। दयानन्द सरस्वतीको उक्त अभियान भारतीय धार्मिक इतिहासमा कतिपयले विद्रोहको रूपमा पनि हेरेको पाइञ्छ। दयानन्द सरस्वतीको दृष्टिकोणमा वेद विरोधी बौद्ध हुन या पुराणी वैष्णवहरू हुन मुसलमान हुन या इसाई यी सबैलाई कुधन्धा चलाएको ढाँगी पाखण्डी रूपमा व्याख्या गरिएको छ। यसको खण्डन मण्डनको पुस्तक 'सत्यार्थ प्रकाश' आजपनि त्यत्तिकै लोकप्रिय रहेको छ। दयानन्द सरस्वतीको धारणामा सहमत असहमत आफ्नो स्थानमा होला तर वेदनै मुल दर्शन, धर्म र विज्ञान हो भन्ने कुरा सत्य नै हो भने हिमवत्खण्ड नेपालबाट 'वेद' आरम्भ गरिएको हो। यो सृष्टि प्रक्रिया सनातनदेखि नै चलिआएको हो। यसकारण दक्षिणीभारत पुराण भूमि हो भने नेपाल वेदभूमि हो। ज्ञानमार्ग र कर्ममार्गबाट भक्तिमार्गको सम्बन्ध गर्दै भनिएको छ उपनिषद्कालमा ज्ञानकाण्डका दुइप्रकारका मार्ग देखिञ्छन्। निवृत्ति परक ज्ञानमार्ग, यज्ञ आदि कर्मबाट विरक्ति परक ज्ञान र कर्मपरक ज्ञानमार्ग ज्ञानको साथसाथमा निष्काम कर्मभाव। यी कर्मपरक ज्ञानमार्गबाट जसमा कर्मका साथ बुद्धी र दृश्य दुवैको योग आवश्यक ठानिञ्छ। यसभन्दा अगाडि जाँदा भक्तिको विकास हुञ्छ। जसअनुसार ब्रह्मलाई कही सद्भावनात्मक विशेषणबाट युक्त सगुण र व्यक्त भनिएको छ। कतिपय अवस्थामा उसको विशेषात्मक अभावात्मक विशेषणले युक्त निर्गुण र अव्यक्त भनिएको छ। यस

८७० उही पृ. ९-१२।

अतिरिक्त धेरै स्थानमा ब्रह्म उभयात्मक अर्थात् विरुद्ध धर्मयुक्त भनिएको छ। यस उभयात्मक भावनामा ब्रह्म मूर्त, अमूर्त, व्यक्त, अव्यक्त, चल अचल, सानो ठूलो सबै हो अर्थात् सर्वरूप हो। भारतीय भक्तिमार्गले ब्रह्मको यस उभयात्मक स्वरूपलाई ग्रहण गर्दछ। जसअनुसार दुवैमा नित्य र सत्य छ। जहाँसम्म ब्रह्म हाम्रो मन र इन्द्रियको रूपमा आउन सक्तछ त्यहाँसम्म हामीले उसलाई सगुण र व्यक्त भन्दछौ। त्यहाँसम्म मात्र उसको अन्त्य होइन त्योभन्दा अगाडि उसको सता छ जसका लागि हामीले कुनै शब्द नपाएर निर्गुण अव्यक्त आदि विशेषवोधक शब्दको आश्रय लिएका छौ। अनुरागका लागि व्यक्तरूप र सम्यक दर्शनका लागि अव्यक्त रूपलाई स्वीकार गरिएको छ। भक्तिको यही नै सैद्धान्तिक पक्ष हो। यस प्रकार अभयवादीले केवल सगुण अथवा निर्गुण सम्झनुलाई अपुरो र अधुरो मान्दछन्। पूर्ण ब्रह्म केवल सगुण हो न केवल निर्गुण। यो स्पष्ट छ कि विशुद्ध तत्त्व ज्ञानका लागि ब्रह्मलाई निर्गुण र अव्यक्त भनिएको छ। तर उपासनाका लागि उसका सगुण र व्यक्त रूप सामनेमा राखिएको छ। विभुती ऐश्वर्य आदिको अभिव्यक्ति बिना मानिसको हृदय जम्न सक्तैन।[८७१]

'उपनिषद'द्वारा उपदिष्ट ज्ञानकाण्ड पूजाभन्दा अगाडि बढेर ब्रह्मको स्वरूपको बोधया दर्शनको प्रयास हो। यसमा मानिसको हृदय उपास्यको नजिक पुग्न जान्छ। यस प्रकार आन्तरिक वृतिका साथ उपर्युक्त क्रियामा समायोजित व्यक्तिको जीवन छाँदोभ्यमा ज्ञान यज्ञ भनिन्छ। ज्ञान यज्ञको उद्देश्य बृद्धि र हृदय, बोधवृति र राधात्मिका वृति दुवैलाई ब्रह्म या परमात्मामा लगाउनु हो। गीतामा पनि यस प्रकारको ज्ञान यज्ञलाई द्रव्य यज्ञभन्दा श्रेष्ठ बताइएको छ। यस प्रकारको ज्ञान यज्ञमा ज्ञान र यज्ञ दुवैको समन्वय रहेको हुन्छ। जहाँ कर्मको हृदय तत्त्वतर्फ धेरै वृत्ति हुन्छ त्यहीबाट भक्तिमार्गको आरम्भ मान्नुपर्दछ। यहीबाट परोपकार पूर्ण यज्ञ, लोकमङ्गलको भावनाको आरम्भ हुने गर्दछ।[८७२] यस प्रकारको भक्तिको परम्पराको उल्लेख नारायणीयोपाख्यानमा पाइन्छ। यसमा अनन्य भक्तलाई 'एकान्ती' भनिन्छ। वसुउपरिचरको यज्ञबाट यो स्पष्ट हुन जान्छ भागवत् धर्ममा हृदयतत्त्वको उपनिषदको उपासनाको अपेक्षा अधिक स्थानमा पाइन्छ। यसैप्रकार यसको महत्त्वपूर्ण लक्षण अहिंसा

---

८७१ उही पृ. १२-१६।
८७२ उही पृ. १७।१९।

या दयालाई मानिञ्छ । पं.रामचन्द्र शुक्लले गीताका उपदेशहरूलाई विवेचना गर्दै निम्नप्रकारका विशेषता देखाएका छन् ।[८७३] (१) भागवद् धर्म लोक कल्याणलाई लिएर चल्ने प्रवृति मार्ग हो । (२) यसमा ब्रह्मको केवल सगुण रूप उपासनाका लागि स्वीकार गरिएको छ जसको अभिव्यक्ति रक्षा पालन गर्ने रूपमा हुञ्छ । (३) श्रद्धा या आस्थाको प्रभावले उपास्य भगवान् तयार बन्ने प्रवृत्ति उपासकमा अनिवार्य हुनुपर्दछ । (४) जुन सर्ववादलाई लिएर ब्रह्मको उक्त सगुण स्वरूपलाई उपासना प्रर्वतित हुन गएको छ त्यसमा सगुण, निर्गुण, व्यक्त अव्यक्त, मूर्त अमूर्त सबै अर्न्तभूत हुञ्छन् । अव्यक्त अज्ञेय आदि तर्फको सङ्केत केवल उपासकको सर्वज्ञत्व या ब्रह्मको पूर्ण ज्ञानका निमित्त अभिमानलाई रोक्नका लागि गरिञ्छ । (४) फलबाट आस्था हटाएर सर्वकर्म स्वरूप भगवान्तर्फ लगाइञ्छ । (६) गीताको विभुती योगमा भगवान्को अनन्त दिप्ती शक्ति, सौन्दर्य, ऐश्वर्य, माधुर्य आदि सामुन्ने राखेर मानिसको हृदय उनीतर्फ आकर्षित गरिञ्छ । (७) ईश्वरको स्वरूपमा मनलाई आकर्षित गरेर भगवान् प्रेम हुञ्छ । जसलाई भक्ति भनिञ्छ । सच्चा प्रेमको कुनै सिमा हुँदैन । (८) वासुदेव भगवान्को एकान्त उपासनामा तत्पर व्यक्तिलाई एकान्ती भनिञ्छ । यस एकान्त उपासनाको भाव ऐकेश्वर वादसँग मिल्दोजुल्दो रहेको छ । (९) भागवद् धर्मको एकान्तवाद या अनन्यतावाद सिद्धान्तको रूपमा सर्ववादलाई लिएर चलेको थियो । जसमा अनेक गुणरूप एक ब्रह्मको विभिन्न रूपहरू भनिञ्छ । उपासनाको व्यवहारका लागि अनेक सगुण रूपहरूमा कुनै न कुनै रूप पक्रनका लागि उपदेशहरू उपनिषदमा पाइञ्छ ।[८७४] आचार्य शुक्लले श्रीमद्भागवद्गीता भागवत् पुराणलाई वैष्णव भक्तिको प्रमुख ग्रन्थ भनेका छन्। गीतामा कर्म ज्ञान समन्वित भक्तिको व्यापक रूपमा उपदेश दिइएको छ । तर वैष्णवहरूले संसारभरि गीताको दुरूपयोग गरेका छन् । 'अहिँसा परमोधर्म धर्म हिँसा तथैवच' भन्ने सारलाई 'धर्महिँसा तथैवच' नभएर 'अहिँसा परमोधर्म'को मात्र प्रचार गर्दछन् । जसको कारण वैष्णवहरूले भारतलाई १ हजार वर्ष मुसलमान र ईसाईहरूको गुलाम बनाए । वैष्णवहरूले गीताको भक्तिधारामात्र पक्रेका हुञ्छन् र कर्मलाई पुरै बेवास्था गर्ने गरेका छन् । यही नै यिनीहरूको सबैभन्दा ठूलो कमजोरी हो । भागवत्मा कर्म र ज्ञानबाट पृथक एक अलगै

---

८७३ नाथ और सन्त साहित्य, पृ. ११४ ।

८७४ पं.रामचन्द्र शुक्लः सुरदास, पृ. १९-२४ ।

स्वतन्त्र क्षेत्र तयार गरिएको पाइन्छ। तत्पश्चात् भक्तिको पक्षाको प्रतिपादनका लागि कैयौ साना साना ग्रन्थहरू पनि बनेका छन्।[८७५] शाण्डिल्य सुत्र, नारद सुत्र, नारद पञ्चरात्र साना साना ग्रन्थहरू मध्येका हुन्। शाण्डिल्य सूत्र र नारद सुत्रमा ईश्वरमा परानुरक्ति नै भक्ति मानिन्छ। अन्वेषक पं.शुक्लका अनुसार परानुभक्तिको अर्थ हो- निर्हेतुक या निष्काम अनुरक्ति। सच्चा प्रेमको कुनैपनि बाहिरी उद्देश्य हुँदैन। प्रेमको कुनै उद्देश्य नभएपछि त्यही नै राम्रो लाग्दछ। तर नारद पञ्चरात्रमा भक्तिको स्वरूपलाई पूरा ध्यानमा राखेर मन्त्र, तन्त्रलाई पनि समावेश गरिएको छ। जसमा ऐहिक लाभ प्रमुख हुन्छ। तन्त्र, मन्त्र, महायोगी मत्स्येन्द्रनाथको नाथ र कौलधारा हो। यो तन्त्र मन्त्रभन्दा बाहिर हो। उपर्युक्त भक्तिका लागि ज्ञानको सार्थकतालाई भक्तीमार्गले स्वीकार गरेको छ। भागवत् धर्म र वैष्णव धर्ममा ज्ञान र भक्तिको ध्यान अलग अलग रहेको छ। ज्ञानपक्ष या सिद्धान्त पक्षको प्रतिपादन आचार्यहरूले गर्ने गर्दथे।[८७६] प्रेम र भक्ति भावनाको प्रचार प्रसार आलवारहरूले भजन किर्तनद्वारा गर्ने गर्दथे। आचार्यहरू ज्ञानी र भक्त दुवै प्रकारका हुने गर्दथे। केवल हृदय पक्षालाई लिएर चल्ने अनुयायीहरू भक्त ज्ञानी भएको दावी कहिल्यै पनि गर्दैन थिए। उनीहरूले अरुलाई जानकारी नभएको कुरा आफूहरूले जान्ने दिव्य पुरुष भएको दावि कहिल्यै पनि गरेनन्। भक्तिमार्गमा जहाँ रहस्यको अवयवहरू धेरै रहे त्यहाँ भक्तिमा एकप्रकारको लोकोत्तर चेतना मान्ने चाल चलन चल्यो। यसपछि परोक्ष ज्ञान सम्पन्न भएको भन्न लागियो। यसकारण दर्शनको क्षेत्रमा धेरैभन्दा धेरै कुराहरूसम्म सिधा बुद्धि र क्रियाको बाटो छोडेर प्रस्ट्याई दिने कुनै अलौकिक प्रज्ञा अवश्य पनि हुने गर्दछ। यसरी कोरा ज्ञानी र भक्तको फरकपना भन्नुपर्दा कोरा ज्ञानीले भगवान्को स्वरूपको जुन ज्ञान प्राप्त गर्दछ ऊ तटस्थ रहने गर्दछ। यसैगरी भक्त ज्ञानी त्यस स्वरूपबाट हृदयमा लीन हुन जान्छ। त्यस स्वरूपलाई निष्पन्न गर्ने एकएक कुराहरूमा मुग्ध हुन जान्छ। जसबाट उसको ज्ञान पुष्ट हुन्छ र आस्थाको दिशामा पुग्ने गर्दछ। भक्तिको आरम्भ ज्ञानपूर्वक नैं हुने गर्दछ। जब हामीले उपासनाको स्वरूप र उसका गुणहरू धेरै थोरै जान्ने गर्दछौ, त्यतिबेला त्यसप्रति श्रद्धा र प्रेम स्फुरण हुन जान्छ। प्रेमीले प्रियको स्वरूप जति जान्दछ त्यति नै मग्न मुग्ध भएर त्यसलाई जान्नका लागि बिच बिचमा उत्कण्ठित भइरहन्छ।

८७५ उही पृ. ४९, ५१।

८७६ नाथ और सन्त साहित्य, पृ. ११६।

पूर्ण दर्शनको उत्कण्ठा भक्तिको लक्षण हो ।[८७७] भक्तिमार्गमा उपासनाका लागि केवल सगुण रूपलाई स्वीकार गरिएको छ र निर्हेतुक भक्तिको साधना मानिन्छ। ब्रह्मको व्यक्त सगुण रूप स्वीकार गरेका कारण निर्हेतुक निष्काम कर्ममयी भक्तिलाई आत्मसाथ गरेका कारण स्वभाविक प्रेममार्गलाई शुद्ध ज्ञान मार्गमा छोडेर आत्मसाथ गरेका कारण यसमार्गमा रहस्यका लागि कुनैपनि कुरा रहेन। यसको मुख्य कारण यो हो कि भक्त नराकार व्यक्त रूपमा ब्रह्मको दर्शन प्रत्यक्ष संसारमै गर्दछ । आचार्य शङ्कर अर्थात् शङ्कराचार्यले संराधनकालमा भक्तलाई हुने ब्रह्मको स्वरूप दर्शनलाई ज्ञानप्रसाद भन्नुभएको छ । **पश्चिमी काँचो वायु पिचास क्राइष्टलाई पुज्नेहरूले यसलाई अर्थात् ज्ञानप्रसादलाई रहस्यानुभव, मिस्ट्रकल एक्सपिरिएन्स भन्दछन्**। रहस्य अनुभवको सम्बन्धमा प्रायः यसरी सम्झिइन्छ कि कुनै अज्ञात तथ्यको अनायास उपलब्ध ज्ञान हुन्छ । यसलाई योगको एउटा अलौकिक सिद्धि या दिव्य दृष्टिका रूपमा मानिन्छ । जसबिना कुनैपनि प्रकारको उहापोप त्रिकालको कुरा प्रत्यक्ष हुन जान्छ ।[८७८] भक्तको 'ज्ञानप्रसाद' यस प्रकारको योगभन्दा भिन्न वस्तु हो । भक्तिमार्ग शुद्ध भावमार्ग या प्रेममार्ग हो । यो योगमार्गभन्दा फरक र अलग हो । भक्तले आफ्नो ध्यान या भावलाई मग्न अवस्थामा भगवानको सम्बन्धमा कुनै नयाँ कुरा, उसको कुनै स्वरूप जसको कही पनि निरूपण भएको छैन । यसको खुलासा गर्दैन । यसबाट स्पष्ट हुन जान्छ भक्ति र 'रहस्यवाद' तथा 'ज्ञानप्रसाद' र रहस्यानुभवको एक आपसमा कुनै सम्बन्ध रहेको छैन । पं.रामचन्द्र शुक्लको यो विवेचना वैष्णवको भक्तिधारालाई स्थापित गर्न आफ्नो किसिमले गरिएको छ । उनको विवेचनाको निष्कर्ष हेर्ने हो भने रसानुभूति केवल भक्तलाई मात्र हुन्छ ज्ञानीलाई होइन । कोरा ज्ञानीलाई भगवान्को व्यक्त र सगुण स्वरूपको केही जानकारी मात्र रहने गर्दछ । भक्तले केही जानिसकेपछि विज्ञान स्वरूपको साक्षात्कार र रसात्मक अनुभूति हुन जान्छ । साक्षात्कार भावना या कल्पनाद्वारा हुन्छ भने रसात्मक अनुभूति भावद्वारा साक्षात्कार भएपछि कल्पनामा पूर्ण रूपमा डुबिसकेपछि रसानुभूति हुन सक्तछ । भक्तको अनुभूति त्यही हो जो काव्यको रस र लीनताको अनुभव हुन्छ । प्रक्रिया पनि स्वभाविक र सिधा रहेको छ । कल्पना या भावना जसबाट विज्ञानको भित्रि साक्षात्कार हुन जान्छ । प्रक्रिया पनि स्वभाविक र

८७७ उही पृ. ११६ ।
८७८ उही पृ. ११७ ।

सिधा रहेको हुन्छ । कल्पना या भावना जसबाट विज्ञानको भित्री साक्षात्कार हुन जान्छ । भाव या रागात्मिका वृति जसबाट आनन्द अनुभूति हुन्छ । दुवै मानिसहरूको स्वभाविक क्रिया हो । यी दुवै स्वभाविक क्रियाको सहारामा भक्तिरसको निष्पति हुन्छ । यो योगविहिन वैष्णवधारा हो । यसको नियममा न इडा, पिङ्गला नाडी, न सहस्रारचक्र, न ब्रह्मरन्ध्र, न आसन न प्राणायाम । भक्तको सम्पत्ति केवल उसको प्रेमको गम्भिरता हो । वैष्णवहरूको भक्तिमार्ग सिधासाधा प्रेममार्ग मात्र हो । भागवद् पुराणमा भक्तिका नौ प्रकारका नियमहरू बताइएको छ जो यस प्रकार छन्ः श्रवण, किर्तन, विष्णुस्मरण, पादसेवन, अर्चन, बन्दना, दास्य संख्य र आत्मनिवेदन । यही प्रेम पुष्टिको सिधासाधा र स्वभाविक विधान हो । पुराणभूमि भारत र वेदभूमि हिमवत्खण्ड नेपाल हो । पुराणभूमिमा भक्तहरूले भक्तिमार्गको सरलता र सुगमतामा अधिक मात्रामा जोड दिएका छन् । यस प्रकारको भक्तिको पद्धति शुद्ध प्रेम पद्धति हो । जसका लागि कुनैपनि शारीरिक या मानसिक क्रिया आवश्यक पर्दैन । कुनै अलौकिक सिद्धिको अपेक्षा राखिँदैन । जुन साधनामा यस प्रकारका वस्तुहरूको अपेक्षा हुन्छ त्यसलाई हामीहरूले साधनात्मक रहस्यवाद भन्दछौँ ।[८७२]

भक्तिभाव सम्बन्धी ऐतिहासिक विवेचना विभिन्न प्रसङ्ग एवं पक्षमा लेखिएका छन् । पं.रामचन्द्र शुक्लको महत्त्व यसकारण पनि रहेको छ उनले यिनै आफ्ना मतहरूको दृष्टिकोणबाट यिनै आधारमा अन्य स्थानहरूमा निर्गुण मार्गी, सगुणमार्गी र ज्ञान मार्गी शाखा र प्रेममार्गी शाखाका कविहरूको आलोचना गरेका छन् । दोस्रो कुरा तुलसीदासको महत्त्व र गरिमालाई रामचन्द्र शुक्लले स्थापित गर्दै आफ्नो मुलआधारको परिचय दिएका छन् । उपर्युक्त विवेचनामा भक्तिको व्याख्या, निर्गुण र सगुणको व्याख्या भक्तिमा रहस्यको स्थान, ज्ञानकर्म भक्तिको परस्पर सम्बन्ध भक्तिधर्मको रसात्मक पक्ष 'उपास्य'को पालक रूपको प्रमुख रूपबाट उपासना भक्तिमा आवश्यक अन्न आदि कोषको आधारमा भक्ति र ज्ञानको सम्बन्ध, उपास्यको उभयात्मक रूपमा ग्रहणले भक्तिको पूर्णता सम्बन्धमा व्याख्या गरिएको छ । यसैगरी उपासनाका लागि केवल व्यक्त रूप भक्तिमा-लोक मङ्गलको भावनाको अत्यावश्यकता, प्रेमको लागि राम्रो लाग्नु, भक्तिरसको व्याख्या आदि सबै विषयमा उनको आफ्नो विचार रहेको छ । यो

८७२ पं.रामचन्द्र शुक्लः सुरदास, पृ. ३१-३४ ।

विषयहरूमा उनको विश्लेषण र परीक्षा सन्तको भक्तिलाई विचार गर्ने समयमा गरिएको थियो ।

उपर्युक्त विवेचनामा सामाजिक, धार्मिक र भागवत् स्थापना मिश्रित रहेको छ । प्राचीन भारतीय ग्रन्थहरूका आधारमा भक्तितत्त्वको विवेचना गरिएको छ । जुन प्रकारले भक्ति साहित्यको विवेचना र विकासको विश्लेषण गरिएको छ त्यसमा कवीर आदि सन्तहरूको सम्बन्ध रहेको छ । अगाडि नै उल्लेख गरिसकिएको छ कवीरको सम्बन्ध रामानन्दी सम्प्रदायसँग रहेको विद्वान्हरूले स्वीकार गरेका छन् । रामानन्दको सम्बन्ध रामानुजको परम्परासँग रहेको छ । श्री सम्प्रदायको मुलआधार ग्रन्थ श्रीभाष्य तथा रामानुजका अन्य ग्रन्थहरू छन् । आलवारोको भक्ति पद्धतिको रामानुजले दार्शनिक निरूपण गरेका छन् । साम्प्रदायिक दृष्टिकोणबाट जहाँसम्म पूजा र उपासनाको प्रश्न छ, रामानुजले पञ्चरात्र सँहिताको पद्धतिको प्रचार, प्रसार गरेका छन् । रामानुजले आफ्नो भाष्यमा पञ्चरात्र सँहितालाई उद्धृत गरेका छन् । पञ्चरात्र मतको सम्बन्ध नारायणद्वारा उपदिष्ट मत हो । महाभारतको शान्तिपर्वको नारायणीयोपाख्यानमा नारायणले एकान्तिक धर्मको उपदेश नारायणलाई दिएका छन् । जुन श्वेतद्वीपको कुरा छ त्यसको विस्तृत व्याखा नारद पञ्चरात्रमा पाइञ्छ । यसमा नारदलाई एकान्तिक धर्मको उपदेश महादेवले दिनुभएको छ । यस प्रकार रामानन्द, रामानुज, पञ्चरात्रमत एकान्तिक धर्म एक अर्कामा अर्न्तसम्बन्धित रहेका छन् । यसबाट स्पष्ट हुञ्छ भक्तिवादमा नारको घनिष्ठ सम्बन्ध रहेको छ । जसरी दर्शनलाई व्यवस्थित रूप प्रदान गर्ने विभिन्न दार्शनिक सूत्र ग्रन्थहरू छन् त्यसैगरी भक्ति दर्शनलाई व्यवस्थित रूप प्रदान गर्ने शाण्डिल्य र नारदको सूत्र ग्रन्थ छ । तथापि यी दुवै सूत्र ग्रन्थहरूलाई मुलआधार मानेर यसमाथि भाष्य लेखियो र यसकै आधारमा आफ्नो भक्ति सम्बन्धी सिद्धान्त प्रतिपादन गरियो । भक्ति सम्बन्धी चार सम्प्रदायहरू पछि विकसित हुन गए । उनीहरूले ब्रह्मसुत्र, उपनिषद तथा गीताको भाष्य तयार गरेर आफ्नो काम सिद्ध गरे । तथापि यसमा कुनै सन्देह छैन यी दुवै सूत्र ग्रन्थको उपनिषद एवं श्रीमद्भागवत् गीतासँग घनिष्ठ सम्बन्ध रहेको छ । रामोपासनाको साम्प्रदायिक प्रवर्द्धन गर्ने रामानन्दलाई पनि रामानुज मतको भक्ति सिद्धान्त र दर्शन मान्य रहेको छ ।

यसको आधार अगाडि नै विवेचनामा उल्लेख गरिसकिएको छ । नाभादासले कबीरको रामानन्द परम्परालाई मानेका छन् । कबीरले कैयौं पटक नारदी भक्तिको गुणगान गरेका छन् । उनका रचनाहरूमा अन्य कुनैपनि यस प्रकारका व्यक्तिको नाम मतवादमा पाइँदैन । यसबाट यो पनि अनुमान गर्न सकिञ्छ उनको भक्ति पद्धतिले अन्य मतको अनुसरण गर्दछ । भागवद् गीता, भागवदत् शाण्डिल्य आदिको त्यहाँ कुनै सङ्केत पाइँदैन । यसकारण कबीरको भक्तिपद्धतिको निरूपण गर्नका लागि नारदीय भक्ति, पञ्चरात्र भक्ति तथा रामानन्दसम्म रामानुजी भक्ति परम्पराको विचार विवेचना गर्न सकिञ्छ ।

सर्वप्रथम भक्तिको निरूपण श्वेताश्बरउपनिषद्मा पाइञ्छ । हाम्रो विवेचनाको विषयका लागि यसको महत्त्व यसकारण छ कि शिव भक्तिको पुरानो विवरण पनि यहाँ पाइञ्छ । श्री सम्प्रदायाचार्यले आफ्नो प्रपती सिद्धान्तको मुलस्रोत यसै उपनिषदलाई मानेका छ्न ।[८०] आफ्नो भक्ति सिद्धान्तका कारण यो अन्य उपनिषद्हरूभन्दा भिन्न छ । प्रपती र भक्ति दुवै सिद्धान्तको सङ्केत यसमा पाइञ्छ । वस्तुत यो उपनिषद उपनिषदकालीन ईश्वरवादको रचना हो । उपास्यलाई प्राय: देव तथा कहीँ कहीँ इशान महेश्वर आदि भनिएको छ । यसमा वैयक्तिक गुणले युक्त ईश्वरको कल्पना पाइञ्छ । फेरि पनि कुनै मतवादी रचना पाइँदैन किनभने शङ्कर, रामानुज आदि सबैले यसलाई प्रामाणिक मानेर उद्धृत गरेको पाइञ्छ ।[८१] श्वेताश्वर उपनिषदमा जानकारी हुञ्छ कि यसमा ज्ञान, योग र भक्ति तीनैको विवेचना गरिएको छ । उपनिषद विधाका यी तिनै सँग सम्बन्धित ज्ञान प्राप्त गर्नका लागि यो उपनिषद महत्त्वपूर्ण रहेको छ । कारण ब्रह्मको स्वरूप ज्ञानका लागि ध्यान योगको आश्रय लिइएको छ । ब्रह्मलाई परम व्योम मानिएको छ । त्यसैमा सबै देवता र तीन वेद रहेको मान्यता छ । भनिञ्छ कि जसले त्यसलाई जान्दैन उक्त ऋचाहरूबाट के गर्न सक्तछ ? सत्त्वगुणले युक्त कर्म तथा अत्यन्त विशिष्ट भावनालाई ईश्वरमा समर्पित गर्नाले पूर्व कर्महरू नाश हुन जाञ्छन् । यस प्रकारले कर्मनाश भएपछि परमात्मालाई प्राप्त गर्न सकिञ्छ भन्ने मान्यता रहेको छ । उक्त परमात्मा विश्वात्म हो, ज्योर्तिमय हो, अमरण धर्मी हो, ज्ञाता, सर्वज्ञ तथा भुवनका पालक हुन् र नियामक हुन् । यसकारण

---

८० सुरेन्द्रदास गुप्त: ऊ हिस्ट्री आव इन्डियन फिलासफी वा. ३, पृ. ३७९ ।

८१ कलेक्टेड वर्क्स आव राजी भण्डारकर, वा. ४, पृ. १५२-१५७ ।

संसारको भोक्ष, स्थिति र बन्धन भएको कारण मुमुक्षु पुरुषको सर्वात्मना उसको शरणमा जानुपर्दछ । यस प्रकार स्वचितस्थ, विश्वरूप आदिको उपासना गर्न भनिएको छ । यो आत्मरस तथा विश्वधाम दुवै हो । यसरी प्रार्थना गर्नुपर्दछ कि जसरी माखोले आफैबाट उत्पन्न तन्तुहरूलाई आफैमा सामावृति गरेर विलिन गराउन सक्तछ, त्यसैगरी जसले प्रधान तथा अव्यक्त रूपमा उत्पन्न नामरूप कर्मले आफूलाई आवृत गराउँदै ऊ ब्रह्मसँग एकीभाव प्रदान गर्दछ । यस प्रकार देव एउटै छन् सबै प्राणीहरूसँग छन् सूक्ष्म रूपमा छन् । उनी सर्वव्यापी, सर्वभूतान्तरात्मा, सर्वभूता धिवासी, सबै प्राणीका लागि भएका कर्महरूको अधिष्ठाता साक्षी या द्रष्टा चेतन तत्त्व प्रदान गर्न सक्ने निर्गुण छन् । जुन व्यक्तिको यस प्रकारले देवमा पराभक्ति रहेको छ । जसरी उसको अन्तस्मन देवमै छ । त्यसैप्रकारले गुरूमा छ उसैलाई यसको स्वरूपको दर्शन हुञ्छ आफैलाई अनुभव हुञ्छ ।[८८२] यस प्रकार श्वेताश्वर उपनिषदमा भक्ति, ब्रह्मज्ञान, ध्यान, योग प्रपती या शरणागतिको स्पष्ट सङ्केत पाइञ्छ । साथै कर्मको समर्पण, जो निष्काम कर्मवादको मुलआधार हो । साथसाथै कर्मको समर्पणसँगै अगाडि गएर भगवद्गीता, नारद भक्तिसूत्र, रामानुज, रामानन्दको भक्ति दर्शन तथा कवीर आदि मध्ययुगका सन्तहरूमा यस प्रकारको विचारधारा पाइञ्छ । भनिञ्छ श्वेताश्वरको रचना भगवद् गीता भन्दा पूर्व अनुमानत महाभारतभन्दा पूर्व नै तयार भैसकेको थियो । यद्यपि नारद वैदिक ऋषि थिए । तथा तेत्रा युगमा प्रेमाभक्तिका उपदेशक थिए ।[८८३] तथापि श्वेताश्वर उपनिषदका विचारसँग उनको कुनै सम्बन्ध थियो या थिएन यो कुराको निश्चितता छैन । भक्ति र नारदको सम्बन्धको पहिलो सङ्केत महाभारतमा पाइञ्छ । यस प्रकार महाभारतको शान्ति पर्वको नारायणीयोपाख्यान नारदीय भक्तिका लागि अति महत्त्वपूर्ण रहेको छ । अन्वेषक विद्वान् व्यक्तित्व डा.भण्डारकरले यस उपाख्यानलाई आचार्य शङ्करभन्दा अगाडिको मानेका छन् । यसमा निरुपित धर्म वैदिक धर्मभन्दा कतिपय कुराहरूमा भिन्न रहेको छ । वसु उपरिचर जसमा हिँसा भएको थिएन । अहुतियौं तिनै आख्याक अनुकुल दिइएको छ जसमा उपनिषद अर्न्तभूत छन् । जसमा प्रमुख देवता देवादिदेव हरि रहेका छन् । भनिञ्छ हरिको साक्षात्कार

८८२ श्वेताश्वर उपनिषद्, १.३, ४.८, ६.४, ६.१७-१८, ६.५-६, ६.१०-११, ६.२३ यस्य देवे पराभक्तिर्यथा देवं तथा गुरौ, तस्यैथे कथिता ह्यर्था: प्रकाशन्ते महात्मन । प्रकाशन्ते महात्मनः ।।६.२३।।

८८३ दासगुप्त वा. ३, पृ. ३९, ४०१ ।

बृहस्पतिसमान योग गर्ने एक द्वित अथवा त्रित समान तप गर्नेले गर्न सक्तैनन् । उनको दर्शन केवल भक्तिसँग मात्र सम्बन्धित छ । जस्तो वसुउपरिचरले भनेका छन् ।[८८४] यस प्रकार नारायणीयोपाख्यानमा वैदिक जीवनको आरण्ड्यक आदर्श र विचार स्वीकार गर्दै अहिँसा र भक्तितत्त्वलाई प्रमुखता दिइएको छ । हरिभक्ति साक्षात्कारका लागि तप र कर्मकाण्डको आवश्यक्ता छैन भनिएको छ । श्री मद्भगवद्गीतामा भक्ति मतमाथि एकान्तिक धर्मलाई सर्वप्रथम व्यवस्थित रूपमा व्याख्या गरिएको छ । यो एकान्तिक धर्म या ऐकेश्वरवादी धर्म हो । जुन वासुदेव कृष्णद्वारा अर्जुनलाई दिइएको छ ।[८८५] महाभारतको शान्तिपर्वमा भनिएको छ तप, कर्मकाण्ड आदिबाट हरिदर्शनमा असफल भएपछि ऋषिहरूले हरिनामको मानसिक जप गरेर सफलता गरे ।[८८६] यस प्रकार स्पष्ट हुञ्छ हरि दर्शनका लागि भक्ति, अहिँसा, मानसिक जप आवश्यक छ, कर्मकाण्ड र तप आवश्यक छैन ।

श्रीमद्भागवद्गीता महाभारतको एक अंश हो । गीता उपनिषदको सार हो । यसको मुख्य सैद्धान्तिक पक्ष निष्काम कर्म योग हो । मोक्षको प्राप्तिका लागि कर्म सम्पादन गर्नुपर्दछ, कर्मफलको इच्छा राख्नु हुँदैन । यसरी इच्छा राखेर गरिने कर्मले मोक्ष प्राप्ति हुँदैन । कर्म ब्रह्मप्रति समर्पण हुनुपर्दछ, अर्थात् कर्म सम्पादन केवल सृष्टिको नियमको आग्रहमा रहेर गर्नुपर्दछ । अर्थात् कर्तव्यका लागि कर्म सम्पादन हुनु पर्दछ । दोस्रो शब्दमा हामीले ईश्वरको इच्छाको प्रेरणाबाट गर्ने गर्दछौ । यस प्रकारको सम्पादनबाट पराभक्ति प्राप्त हुन सक्तछ । तथापि यस प्रकारको अनवरत निष्काम कर्म सम्पादन अत्यन्त कठिन कार्य हो । किनभने सबै प्राणीहरू त्रिगुणले प्रभावित हुञ्छन् । यसकारण यस प्रकारको कठिनाईलाई पार गर्न नै शरणागतीको उपदेश दिइएको छ । यस प्रकार गीतामा प्रतिपादित भक्तिको मुलतत्त्व निष्काम कर्म योग हो । यो सिद्धान्त सर्वथा मौलिक भने होइन, विभिन्न प्रकारका पूर्ववर्ती उपनिषदहरूमा उपलब्ध रहेको पाइञ्छ । यसै प्रकारले ब्रह्मको गुणको कल्पना पनि औपनिषदिक हो । भगवद्गीतामा स्पष्टत अक्षर या ब्रह्मालाई व्यक्तिका रूपमा निरूपण गरेको पाइञ्छ । यस

८८४ कलेक्टेड वर्क्स आव आर.जी. भण्डारकर, १।४ पृ. ६,१० ।

८८५ ठही पृ. १०, १२, १८-१९, ३६ भगवद्गीता ४.१-२ ।

८८६ दास गुप्त: ऊ हिस्ट्री आव इन्डियन फिलासफी वा. ३, पृ. १३ ।

दृष्टिकोणबाट गीता निष्काम कर्म सिद्धान्त तथा सगुण ब्रह्मको कल्पना प्राचीन उपनिषदको विकासको परिणाम हो । मुण्डक, केन आदि उपनिषद्मा भनिएको छ तप, शिक्षकको गुरूको व्याख्या शास्त्र अध्ययनले परमात्माको प्राप्ति हुन सक्तैन तथापि भगवत् प्रसादबाट प्राप्त हुञ्छ । परमात्माको अनुग्रह जसमा हुञ्छ उसैलाई त्यसको रूपमा दर्शन हुन जाञ्छ । केन, बृहदारण्यक आदिमा भनिएको छ उसकै प्रेरणाले प्राणीले सत्कर्म गर्दछ । जो अर्न्तयामी छ । यसकारण यसको सैद्धान्तिक पक्ष जीवात्मा, परमात्मामा निर्भर रहेको छ । औपनिषदिक छ, यसको अभिव्यक्ति भगवद्गीतामा छ । यसबाट अर्को के कुरा पुष्टि हुन जाञ्छ भने भगवद्गीताका एकान्तिक धर्मका सबै तत्त्वहरू प्राचीन धार्मिक साहित्यहरूमा पाइञ्छन् । प्रेम या रागको अर्थमा भक्ति शब्दको प्रयोग श्वेताश्वरका अतिरिक्त अन्य कुनैपनि प्राचीन साहित्यमा पाइँदैन । तथापि यो पनि सत्य हो कि रामानुजले यस शब्दको सधैँभरि प्रेमको अर्थमा व्याख्या गरेका छैनन् । उनको विचारमा भक्तिको अर्थ सतत् ध्यान हो । ध्यानबिना भक्ति हुँदैन । यो कुराले औपनिषदिक उपासनामा समानता राख्दछ । भगवद्गीताको प्राचीन कर्मकाण्ड प्रधान धर्म प्रतिको दृष्टिकोण यही हो । जुन उपनिषदमा पनि रहेको छ । भनिञ्छ कि कर्मकाण्डले इच्छाकोण पालन पोषण हुञ्छ । यो हानिकारक छ । यसद्वारा प्राप्त फल नश्वर हो । तथापि एकान्तिक कर्मकाण्डको उन्मुलनमा सफलता प्राप्त हुन सकेको छैन । गीताले सबैका लागि ढोका खुला गरेको छ ।[८८७]

यो विवेचना महाभारतको लडाई पूर्व वासुदेव श्रीकृष्णले अंर्जुनलाई दिएको उपदेशको गीताको हो । यो भन्दा भिन्न र वैज्ञानिक शिवगीता रहेको छ । जो श्रीरामलाई रावणले सीतालाई हरण गरिसकेपछि आदिनाथ शिवको शरणमा परेका रामलाई भगवान् शिवले सृष्टिको निर्माण र नाशवान पञ्चतत्त्वले बनेको शरीरका विषयमा दिएको उपदेश हो । गीताहरूमा शिवगीता सर्वोत्कृष्ट र वैज्ञानिक गीता पनि हो । श्रीमद्भगवद्गीतामा आत्माको अमरता तथा नित्यता समत्व बुद्धियुक्त निष्काम कर्मयोग भगवद्शरण सम्पूर्ण प्राणीहरूको कल्याणको भावना, सगुण, निर्गुण रूपको उपासना, ज्ञानको अपेक्षा भक्तिको महत्त्व भक्ति आदि भक्तितत्त्वको स्पष्ट रूपमा विवेचना गरिएको छ ।[८८८] तथापि पञ्चरात्रमत

८८७ कलेक्टेड वर्क्स आव. आर.जी. भण्डारकर वा. ४, पृ. ३७-४० ।
८८८ भि.म. रानाडे, पृ. २, भगवद्गीता अध्याय २.५.१, १२, १८ ।

जसमा वासुदेव एकमात्र परमोपास्य थिए तथा जस्मा उनको विभिन्न रूपहरूको कल्पना गरिएको छ । यसमा गीताको कुनै सम्बन्ध छैन तापनि भक्तितत्त्व दुवैमा समान रूपमा पाइन्छ । यस पञ्चरात्र मतको अभ्युदय इशापूर्व तेश्रो शताब्दीमा भएको पाइन्छ । अगाडि बढ्दै जाँदा जुन भागवत् मतको विकास भयो त्यसको मूल आधार पञ्चरात्र सँहितामा रहेको छ । रामानुजले आफ्नो ब्रह्मसूत्र भाष्य २२.३९-४२ मा यी सँहिताहरूको उल्लेख गरेका छन्, उद्धृत पनि गरेका छन् । आचार्य शङ्करले पनि भागवत्को उपासना पद्धतिलाई स्पष्ट गर्दै लेख्नुभएको छ । यिनको उपासनाको पाँच अङ्गहरू छन् जो यस प्रकार रहेका छन् । (१) अभिगमन- मन, वचन र कर्मको उपास्यमा केन्द्रित रहेर मन्दिरमा जाने (२) उपादान- पूजा उपासनाको सामग्रीको सङ्ग्रह गर्ने, (३) इज्याय- पूजा (४) स्वाध्याय मन्त्रजप तथा (५) भोग या ध्यान । यस प्रकारको सत्मार्गको उपासनाले सबै पापहरू कट्दछन् र अन्त्यमा भगवत्प्राप्ति गराउँदछ । नारद पञ्चरात्रमा हरि पूजाका ६ अङ्गहरू बताइएको छ । (१) उपास्यको स्मरण (२) नाम गुणको जप र कथन (३) प्रणति (४) उनको चरणमा आश्रय ग्रहण (५) भक्ति सहित उनको उपासना (६) पूर्णतया आत्मसमर्पण । भागवत पुराणमा यसका अतिरिक्त अन्य तीन अङ्गहरू मानिन्छन् ।[८८९] पञ्चरात्र मतको सम्बन्धमा अन्य कुराहरू पनि जान्न आवश्यक छ । जसरी शैव र वेदलाई बाह्य भनेर खण्डन गर्नेहरू पनि छन् तर त्यो होइन । शैवहरूको मुल ग्रन्थ नै वेद हो । तथापि वेद बाह्य सिद्ध गर्न खोज्नेहरू भएजस्तै त्यसैगरी पञ्चरात्रको पनि खण्डन मण्डन गर्नेहरू छन् । **अगाडि बढ्दै जाँदा पञ्चरात्रमा कुनै प्रकारको जातीय भेद्भाव रहेको छैन । सबैलाई प्रवेशको समान अधिकार दिइएको छ । यसको मूल प्राचीन साहित्यमा पाइन्छ** । सात्वत र पञ्चरात्रिय दुवै पर्याप्त छन् । दोस्रो सात्वत शब्दबाट निम्न वर्णको सङ्केत पाइन्छ । यसलाई पञ्चम वर्णको रूपमा पनि मानिन्छ । यिनीहरूले सात्वत मूर्ति पूजा गर्ने गर्दथे । वैदिक कर्म गर्दैनथे । ब्राह्मणहरूसँग यिनीहरूको कुनै सम्बन्ध थिएन । यसकारण यिनीहरू ब्राह्मण पनि थिएनन् । वादरायणले ब्रह्मसुत्रमा पञ्चरात्रको पनि खण्डन गरेका छन् ।[८९०]

---

८८९ कलेक्टेड वर्क्स आव आर.जी. भण्डारकर वा. ४ पृ. ५४, ५५, ५८ ।

८९० ए हिस्ट्री आव इन्डिया फिलासफी- दास गुप्तः वा. ३ पृ. १४-१५ ।

यामुन मुनिले विभिन्न प्रमाणहरूका आधारमा नारायण तथा वासुदेवलाई वैदिक देवता तथा उनीद्वारा प्रवर्तित पञ्चरात्रमतको वैदिक मत या वेद सम्मत मत सिद्ध गरेका छन् । यदि मनुले सात्वतलाई पञ्चम भञ्दछन् भने त्यसको अर्थ यो होइन कि सबै सात्वत पञ्चम हो । पञ्चरात्र ग्रन्थ र वेदका उपदेशको साररूपमा विशेष गरी तिनीहरूलाई उपस्थित गराइञ्छ जो विशाल वैदिक साहित्य अध्ययन गर्नमा असमर्थ रहेका छन् । महाभारतबाट जानकारी हुञ्छ कि सात्वत क्रियाबाट विष्णुको पूजा हुञ्छ । पुराण साहित्यमा कतिपय यस्ता पनि छन् जसले पञ्चरात्रको खण्डन गर्दछन् । जस्तै कुर्म, पराशर, वशिष्ट, शाम्ब आदि पुराण सुत सँहिता आदि । यस खण्डनको मुलआधार २ प्रकारका छन्। (१) अवैदिक (२) वर्णाश्रमलाई अस्वीकार गर्दै नारी पुरुष सबै जातजातिलाई दिक्षित गराउन। वैष्णवहरू वर्णाश्रमलाई बढी प्राथमिकता दिञ्छन् तर शैवहरूले वर्णाश्रम अस्वीकार गर्दछन् । वर्णाश्रमको विभाजनमा खेल्न पाइने हुनाले रक्तपिपासु भ्याटिकन पोप र पश्चिमाहरूले वैष्णवलाई आर्थिक लगानी गरेका छन् । विश्वव्यापी रूपमा सङ्गठित स्कोन त्यसैको नयाँ आयाम हो । नेपालमा क्रिश्चियनहरूको पैसा खाएर नेपालको राजदरवारका वडागुरूज्यू केशरीराज पाण्डेले स्कोन भित्र्याउन दरवारमा पहल गरेका थिए र भित्र्याएरै छोडे। उनका छोरा साइमन पाण्डे अमेरिकी जासुसी संस्था सि.आई.ए.का ऐजेण्ट र ईसाई पनि हुन्।

वैष्णवहरूको यो धाराका विपरित महाभारत विष्णु र भागवत् पुराणमा दृढताका साथ पञ्चरात्रको समर्थन गरेको पाइञ्छ । नारदीय, गरुड, पदम, वराह आदि पुराणलाई सात्विक पुराण भनिञ्छ ।[८९१] यी सबैमा पञ्चरात्रको समर्थन रहेको छ ।

पञ्चरात्रको एक हस्तलेख ईश्वर सँहिताका अनुसार एकायन वेद नै मूल वेद हो । यसैबाट अन्य वेदहरूको उत्पत्ति भएको भन्ने छ । तर शैवहरूले सनातनकालदेखि नै वेद रहेको भन्ने भनाइ छ । पछिल्लो समयका नेपालका योगी नरहरिनाथ, डा.स्वामी प्रपन्नाचार्य हुन् या भारतका आचार्य विवेकानन्द र दयानन्द सरस्वती जस्ता संसारलाई नै प्रभाव छोड्न सफल सिद्धहरूले पनि वेद सनातनदेखिकै दर्शन भएको कुरालाई प्रमाणित गरिदिनु भएको छ । वैष्णवहरूको

---

८९१ उही पृ. १६-२० ।

मान्यता अनुसार एकायन वेदको उपदेश सर्वप्रथम वासुदेवले गरे । यो अवस्था प्राचीनकालमा थियो । अन्य वेदको प्रचार परवर्ती कालमा भयो यसकारण यसलाई विकार वेद भनियो । जब यो विकार वेद प्रकाशित भयो प्राणी धेरैभन्दा धेरै साँसारिक चिततर्फ आकर्षित हुन लागे । त्यसपछि वासुदेवले एकायन वेद लुप्त गरेर त्यसको उपदेश केवल सनत्सुजाति, सनकासनन्दन, सनतकुमार, कपिल आदिलाई दिए र एकान्तिक कहलाए । मरिचि, अत्रि, अंगिरस, प्रलस्त्य, पुलह, ऋतु, वशिष्ट र स्वयंभुव जस्ता ऋषिले नारायणबाट शिक्षा लिए । यसकै आधारमा पञ्चरात्र साहित्यको रचना भयो । पछि एकायन वेद लुप्त हुन गयो । शाण्डिल्यले यस एकायनलाई समर्पण गरे पढे । यस एकायन वेदलाई शिक्षाको सात्विक शास्त्र भनिञ्छ । जुन शास्त्रको निर्माण अन्तत एकायन वेदको आधारमा गरिञ्छ । जसलाई अनात ऋषिद्वारा निर्माण गरेको राजस शास्त्र भनियो । जो केवल मानिसद्वारा निर्मित हो । त्यसलाई तामस शास्त्र पनि भनियो । राजस शास्त्र दुई प्रकारका हुञ्छन् । पञ्चरात्र र वैश्वानस ।[८१२]

यस प्रकारको वैष्णवहरूको व्याख्यालाई ठग र वेइमानहरूको भुटो कुरा भन्दै आर्यसमाजका संस्थापक वेदका ज्ञाता दयानन्द सरस्वतीले 'सत्यार्थप्रकाश' पुस्तक मार्फत कडा खण्डन गर्नुभएको वेद नमान्नेहरू वैष्णव, बौद्ध, मुसलमान र इसाई मात्र होइन जैन, कवीर आदिको कडा रूपमा खण्डन गर्नुभएको छ । यसको लागि सत्यार्थ प्रकाश पढ्नै पर्दछ । दयानन्द सरस्वतीले शैवहरूप्रति नरम भावना राख्दै आचार्य शङ्करको अभियानको समर्थन र प्रशंसा गर्नुभएको छ । उहाँले पुराणीहरूलाई पुरै ठग धन्दा चलाउने वैदिक धर्मलाई समाप्त गर्नेहरूको कोटीमा राख्नुभएको छ । पछिल्लो चरण वैष्णवहरूलाई भ्याटिकन हत्यारो रक्तपिपासु पोपको केन्द्रले लगाएको लगानी स्कोनमार्फत अमेरिकी जासुसी संस्था सि.आई.ए. को सहयोगलाई हेर्दा दयानन्द सरस्वतीका भनाइहरू सत्यसावित त हुँदै छैनन् । यो आफैमा प्रश्न चिह्न खडा छ ।

पञ्चरात्र साहित्यमा अर्हिवुवृन्य सँहिता अत्यंन्त महत्त्वपूर्ण रहेको छ । त्यसमा जीवात्मा र परमात्माको सम्बन्ध निरूपण गर्दै भनिएको छ कि परमात्मा सर्वोपरी र सर्वोच्च हो । जीवात्मा त्यसमा आश्रित रहेको छ । जीवात्माको

---

८१२ उही पृ. २१-२२ ।

स्थिति परमात्माको लागि हो । यी दुवैको सम्बन्ध शेष-शेषिको जस्तै हो । उनीमा नन्तृनन्दनव्यभाव छ । जीवात्मातर्फ यस प्रकारको उपासनाले उपासक उपास्यसम्म पुग्न सक्तैन ।[८९३] तथापि स्वयं उपास्य उपासकसँग उपासकका लागि आउने गर्दछ । यस प्रकार नमन प्रपतीको प्रथम सोपान मानिञ्छ । प्रपती भगवानमा आश्रय प्राप्त गर्ने प्रयत्न हो । यस प्रपतीका अगाडि अन्य सोपान पनि छन् । जस्तो (१) कार्पण्य (२) महाविश्वास (३) प्रातिकूल्य विर्वजन (४) मन, वचन, कर्म आदिको पूर्ण रूपमा समर्थन भगवान्को कृपाकटाक्ष आर्जित गर्नका लागि प्रपती, न्यास या शरणागतिको यो सिद्धान्त उपर्युक्त सँहिताहरूमा विस्तारसँग व्याख्या गरिएको छ ।[८९४] यस प्रकारले प्रपती मार्गको अनुसरण गर्ने व्यक्ति तप, यज्ञ, तिर्थयात्रा, दान आदिको फल स्वयंले प्राप्त गर्दछ । अन्त्यमा अन्य कुनैपनि मार्गको आश्रय नलिइकन मुक्ति प्राप्त गर्दछ । यस प्रपती मार्गका लागि सबैभन्दा महत्त्वपूर्ण तत्त्व भक्तले भगवानमा दृढ निर्भरता, दीनता र पूर्ण कार्पण्य भावना हो । त्यसमा केवल प्रार्थना गर्नुपर्दछ बाँकी रहेको सबै भगवान्मा छोडिदिइञ्छ । यसैगरी भगवानका ६ गुणहरू बताइएको छ । जो यस प्रकार रहेका छन्- (१) ज्ञान (२) शक्ति (३) वल (४) ऐश्वर्य (५) बीर्य (६) तेजस् । यी भगवान्बाट पृथक रहेपनि भगवानकै स्वभाव हुन । जब यी क्रियाशिल हुञ्छन् त्यतिबेला उनको शक्ति प्रकाश हुञ्छ । भगवानका यी गुणहरू प्रकृतिका गुणहरूभन्दा भिन्न रहेका छन् ।[८९५]

यस प्रकारको साधना पद्धति र सिद्धान्तले सम्पन्न पञ्चरात्र साहित्य अंसत वेद र तन्त्रमा आधारित छ । जुन योगी मत्स्येन्द्रनाथ र योगी गोरखनाथ धारासँग जोडिन आउँछ । यसमा मन्त्रको अत्यन्त महत्त्व रहेको छ । मन्त्र चिद्रुप विष्णुको शक्ति हो । जसको परवर्ती अभिव्यक्ति हो- नारद, विंदु, नाभ्युदय या शब्द ब्रह्म । अहिंर्वुध्न्य सँहितामा शब्दको परवर्ती विकासमा कुण्डली शक्ति, विष्णुको शक्ति मानिएको छ तथा मुलाधारादिचक्र, सुषुम्ना नाडी आदिको विवेचना गरिएको छ । यस प्रकारको तान्त्रिक साधना बाह्य पदार्थगत शक्तिलाई अधिकृत गर्नका लागि व्यवहारिक अनुभव हुञ्छ । इडा, पिङ्गला आदि नाडी,

---

८९३ नागेन्द्रनाथ उपाध्यायः नाथ और सन्त साहित्य, पृ. १२६ ।

८९४ उही पृ. १२६ ।

८९५ उही पृ. ५३-५६, दास गुप्तः ऊ हिस्ट्री आव इन्डियन फिलासफी वा. ३ पृ. ५५ᵹ आ.से. ३७.२७.२८।

चक्र, वायु, प्राणायाम, समाधि, आसन आदिको व्याख्या पाइञ्छ । साथसाथ यो पनि भनिएको छ सबै शारीरिक अभ्यास गर्दा पनि यदि आध्यात्मिक योगतर्फ उन्मुख भएन भने निरर्थक हुञ्छ । योगको अर्थ हो जीवात्मा परमात्माको संयोग । परमात्मा प्राप्तिको दुइटा उपाय छन् (१) आत्मसमर्पण या ह्रयोग (२) योग (३) हठद्योग अहिर्वुध्न्यको मुख्य उपाय हो । र दोस्रो त्यतिकै प्रभावशाली उपाय हो ।[८९६] यस सँहितामा दुई प्रकारका आत्मा बताइएको छ (१) प्रकृति प्रभाव अन्तर्गत आत्मा (२) प्रकृति मुक्त आत्मा । कर्महरू पनि दुई प्रकारका हुञ्छन् प्रवर्तक र निर्वतक । प्रर्वतक कर्म इच्छाप्रेरित हुञ्छ भने निर्वतक इच्छालाई निवृत गर्ने हुञ्छ । दोस्रो कोटीको आत्मा र कर्म दुवै मुक्तिमार्ग हो । जीवात्मा र परमात्माको एकात्मकमा अष्टाङ्ग योग यम नियम आदि सहायक हुञ्छन् ।[८९७] यसैप्रकार अन्य पञ्चरात्र ग्रन्थको पनि अहिर्वुध्न्य समान नै आंशिक वैदिकता तथा आंशिक तान्त्रिकता सिद्ध हुन जाञ्छ ।

नारद पञ्चरात्र ज्ञानरूपी अमृतको सार हो । ज्ञान, योग र भक्तिको समन्वय यस ग्रन्थमा पाइञ्छ । आध्यात्मिक ज्ञान वेदको सार हो । यसैप्रकार हरिभक्ति प्रद ज्ञान, मुक्तिप्रद ज्ञान, योगयुक्त ज्ञान, सिद्धिज्ञानको गणना गरिञ्छ । यसैगरी ज्ञानका ५ प्रकार बताइएको छ ।[८९८] बाबु आमा र छोराको कर्ममुल गर्नमा समर्थ छैन । गुरू शिष्यको कर्ममुललाई निकृन्तन गर्नुपर्दछ । ज्ञानको उदय गराएका कारण नै गुरू भनिञ्छ । यस प्रकारको ज्ञान तन्त्र र मन्त्रको हो । तथापि यस प्रकारको तन्त्र र मन्त्रं वास्तविकता हो जसले कृष्णभक्ति उत्पन्न गर्दछ ।[८९९] पाँच संवादका कारण नै यसलाई पञ्चरात्र भनिञ्छ । यसमा पञ्चविध ज्ञानको व्याख्या गरिएको छ । यस पञ्चरात्रलाई कृष्णले ब्रह्मको ब्रह्मा नै महादेवको महादेव नै नारदलाई नारदले व्यासलाई र व्यासले आफ्ना पुत्र शुकदेवलाई दिए ।[९००] केवल एउटै ईश्वरलाई स्वीकार गर्दै भनिएको छ निखिल विश्वमा

---

८९६ उही पृ. ५७-६१ । 'संयोगो योग इत्युक्तो जीवात्मपरमात्मनोः ।' अ.सं. ३१, १५ । नाडि र चक्रको स्थान निरूपण तथा विवरण आयुर्वेद तथा शाक्त तन्त्रमा उपलब्ध निवारण भन्दा भिन्न रहेको छ ।

८९७ दास गुप्तः ऊ हिस्ट्री आव इन्डियन फिलासफी वा. ३, पृ. ६१ ।

८९८ के.एम. बनर्जी, नारद पँचरात्र, रात्र १ अध्याय ९ श्लोक ६-७, पृ. ६२।६३ ।

८९९ उही १.१०.९-१० पृ. ६७, 'गुरुश्च ज्ञानोदिग्रणात् ज्ञानं स्थान्मन्त्रतन्त्रयो । ततंन्त्रं स च मन्त्रश्च कृष्णभक्तिर्यतो भवेत् ।'

९०० उही २.१.१२.१५ पृ. ११० ।

एकमात्र ईश्वर छन् । सबै उसको कर्मबाट सिद्ध र मायाबाट मोहित रहेका छन् । भक्तिको सिद्धिका लागि विधि निषेध पाइञ्छ । भक्तलाभबाट भक्तिवृक्ष नयाँ अङ्कुर उत्पन्न हुन जाञ्छ । अभक्तसँग अलाप बिलाप गर्दै यस प्रकारको अङ्कुर सुक्न जाञ्छ । यसकारण सन्तहरूले सतसङ्गतीको कार्य गर्ने गर्दछन् । यसैका लागि वैष्णवको सङ्गती गर्नुपर्दछ भनिएको छ । यस भक्ति सिद्धिका लागि भक्तले ६ प्रकारको भजन गर्नु पर्दछ भनिएको छ । यो वैष्णवहरूको व्याख्या हो । (१) स्मरण (२) कीर्तन (३) वंदन (४) पाद सेवन (५) पूजन (६) सतत भक्तिका साथ पराकोटीको स्वात्मानिवेदन । यसरी वैष्णवको महापवित्रताको व्याख्या गरिएको छ जसको गुरूमन्त्रबाट कृष्ण मन्त्र प्राप्ति हुञ्छ ।[१०१] अहिँसा परमोधर्म भनेर त्यलाई परमनिर्वाण कारण भनिंएको छ । साथसाथै तीर्थस्थान तथा वेदोक्त चरणलाई पनि निर्वाण कारण भनिएको छ ।[१०२] अहिर्वुध्न्य सँहिताकै सरह यसमा पनि योगको उपदेश पाइञ्छ । जुन महादेवले नारदलाई दिएका कुरा उल्लेख गरिएको छ । यसमा नाडी र चक्रको विवेचना गरिएको छ । सहस्रदल पद्ममा सुक्ष्म रूपमा गुरूको उपस्थिति मानिएको छ । नरको रूपमा जो गुरू देखापर्दछन् वास्तवमा त्यो सूक्ष्म गुरूको प्रतिविम्ब हो । शिष्यको हित कामनाका लागि गुरू रूपमा स्वयं कृष्ण नै प्रत्यक्ष हुञ्छन् भन्ने मान्यता रहेको छ । गुरूको सन्तुष्टिबाट नै हरि पनि सन्तुष्ट हुञ्छन् । हरिको सन्तुष्टिबाट सारा संसार नै सन्तुष्ट रहञ्छ । गुरू नै ब्रह्म हुन्, विष्णु देव, महेश्वर हुन्, पर ब्रह्म हुन् । यी सबै सन्तुष्ट रहँदा रहँदै पनि यदि गुरू सन्तुष्ट भएनन् भने कसैले पनि रक्षा गर्न सक्तैन । हरि सन्तुष्ट भएपछि गुरू रक्षा गर्न सक्षम हुञ्छन् । भक्ति ज्ञानको सम्बन्धमा भनिएको छ भक्तको जुन ज्ञान छ त्यसलाई नै भक्तिज्ञान भनिञ्छ । यसैप्रकार निर्गुण ज्योतिको ज्ञान गराउने योगीको ज्ञानलाई योग ज्ञान भनिञ्छ । नाडी र चक्रको योगबाट त्यसलाई परम ज्योति मानेर दर्शन गरिञ्छ । समय पाए भने परिपक्व सिद्धयोगीले परमात्माको दर्शन पाउँछन् । देहको दृढता दासका लागि आवश्यक छ । दृढ देह बिना दास कसरी हुञ्छ र वैष्णवकै मत श्रेष्ठ हो ।[१०३] यसरी वैष्णवहरूले आफ्नो दास बनाउन प्रेरित गर्दछन् जुन विज्ञान सम्वत छैन । विज्ञान सम्वत

१०१ उही २.१.२२ पृ. १११: २.२.४-१०, १५ पृ. ११४।११५ ।

१०२ उही २.७.३८, ४०, ४२, पृ. १५४ ।

१०३ उही २.८ पृ. १५६-१५२ श्लोक १९, २०, ३५, ३७, ४८ ।

धारा सनातनदेखि चल्दै आइरहेको वैदिक वेदधारा नै हो । शैव धर्मले यही वेदधारालाई पक्रियको छ भने योगी मत्स्येन्द्रनाथले तन्त्र, मन्त्र, यन्त्रलाई जोड्नु भएको छ भने महायोगी गुरू गोरखनाथले योग र ध्यानलाई यसकारण मुक्ति या मोक्षको बाटो वेदसम्मत आदिनाथशिव, मत्स्येन्द्रनाथ र गोरखनाथकै मार्ग हो । माथि भनिएजस्तै वैष्णवहरूको दास बनाउने भक्तिधारा नै भारतको १ हजार वर्षको विदेशीको दासत्त्व हो ।

नारद पञ्चरात्रमा अर्चाविधि विस्तारसँग बताइएको छ। जसमा आवाहन, पाद्य, आचमन, मधुपर्क, पुनराचमन, स्नान, वस्त्र, उत्तरीय, यज्ञोपवित, आभुषण, जल, गन्ध, पुष्प, दीप, नैवेद्यलाई क्रमश मान्यता दिइएको छ । पूजा पनि ५ प्रकारका बताइएको छः अभिगमन, आदान, योग, स्वाध्या र इज्जत देव देवीको स्थानमा गएर त्यहाँको मार्जन, उपलेपन, निर्मालक दुरीकरण आदि क्रियाहरू पनि सम्मिलित छन् । गन्ध पुष्पादि चयन उपादान हो । स्वदेहको आत्मत्वेन भावना योग हो । स्वाध्यायमा मन्त्रार्थ संधानपर्वक जप, सुक्त स्त्रोदादि, पाठ, हरिकिर्तन, तत्त्वादि शास्त्राभ्यासको गणना गरिएको छ । स्वदेवको पूजन इज्या हो । यसैक्रमबाट सार्विक (?) सामिप्य, सालोक्य, सायुज्य, सारूपयनामका पाँच स्थिति पनि मानिएको छ ।[१०४] भक्तका लागि भनिएको छ कलीयुगमा विष्णुको स्मरण, किर्तन, मन्त्र जप तथा दानको आचरण उपास्यको प्रितिका लागि, उसको प्रसन्नताका लागि गर्नुपर्दछ ।[१०५] ज्ञानाम हरिभक्तिप्रद ज्ञान नै ज्ञान हो ।[१०६] यस विवरणबाट स्पष्ट हुन जाञ्छ कि अहिवंध्य सँहिता र नारद पञ्चरात्रमा धेरै प्रकारका समानताहरू रहेका छन् । मध्ययुगीन भक्तिवाद र विशेष गरेर सन्तको भक्तिवादको दृष्टिकोणबाट हेर्दा नारद पञ्चरात्रको उपदेश अति महत्त्वपूर्ण रहेको छ । आधुनिक दृष्टिकोणबाट हेर्दा विद्वान् अन्वेषक डा.रानाडेका अनुसार पञ्चरात्रमा कृपातत्त्वलाई स्वीकार गरेका कारण उनको ईश्वरवादी महत्त्व स्थिर हुन जाञ्छ । कृपा त्यस प्रकारको करुणाको रूपमा अनुभव हुञ्छ जो दिव्यलोकबाट पृथ्वीमा अवतरित हुञ्छ । पञ्चरात्रमा अद्वैतवादी भाषाको प्रयोग प्रायः गरिँदैन । अन्तर्यामीन तत्त्वलाई पनि

---

[१०४] उही ४.१०.३- १९, पृ. २९६-२९८; ४.१०.२०-२५, पृ. २९८-२९९ ।
[१०५] उही ४.११-२५, पृ. ३०२ ।
[१०६] उही २.२.१, पृ. ११४- 'हरिभक्तिप्रदं ज्ञानं ज्ञाने पञ्चविधेपु च ।'

स्वीकार गरिँदैन जसको अधारमा श्रेडरले यसलाई विश्व देववाद पन्थीज्म सँग सम्वद्ध मानेका छन् । अद्वैतमतसँग यसको कुनै सादृश्य देखिँदैन । यो अद्वैत मतले मायावादलाई समर्थन गर्दछ ।[१०७]

नारदसँग सम्वद्ध दोस्रो महत्त्वपूर्ण रचना भक्तिसूत्र हो । एक दोस्रो महत्त्वपूर्ण भक्तिसूत्र शाण्डिल्यकृत हो । यी दुवै सूत्र ग्रन्थको समय निश्चित गर्न अत्यन्त कठिनाई छ । फेरि पनि दुवैको तुलनात्मक अध्ययन गर्दा यो जानकारी हुञ्छ कि शाण्डिल्यकृत भक्तिसूत्र नारदको सूत्रको अपेक्षा प्राचीन हो । नारदको भक्ति सुत्रमा शाण्डिल्यको भक्ति सम्बन्धी मततर्फ सङ्केत गर्दछ ।[१०८] शाण्डिल्यको सुत्रपद्धति अंन्य दार्शनिक सुत्रको अनुसरण गरेको पाइञ्छ । तथापि शाण्डिल्यले कही पनि नारदतर्फ सङ्केत गरेका छैनन् । यसकारण निश्चय पनि शाण्डिल्य सूत्र प्राचीन मत हो । शाण्डिल्य सूत्र अधिक सैद्धान्तिक रहेको छ । जसमा ब्रह्म, जीव, उनको सम्बन्ध सृष्टिको उत्पत्ति आदि विषयमा विवेचना गरिएको छ । जबकी नारद भक्तिसूत्रमा एकैपटक भक्तिको विवेचना सुरु गरेर व्याख्या तथा विभिन्न पक्षको निरूपण गरिएको छ । साथसाथ दार्शनिक पक्षको विचारलाई निषेध गरिएको छ । दुवैले भागवद्गीतालाई उद्धृत गरेका छन् । यस प्रकार परवर्ती भक्ति दुवैले भक्तिधारालाई फरक फरक रूपबाट मानेका छन् ।[१०९] शाण्डिल्यको भक्तिसूत्रमा अपेक्षाकृत रूपमा सैद्धान्तिकता धेरै रहेको छ । यसमा ईश्वरप्रति परानुभक्तिलाई भक्ति भनिएको पाइञ्छ । यस परिभाषाको सूत्रलाई विद्वान्हरूले आआफ्नो किसिमले व्याख्या गरेका छन् । परानुभक्तिको अर्थ निष्काम अनुरक्ति हो । शाण्डिल्यको भक्तिसूत्रको स्वप्नेश्वरकृत टीकाका अनुसार अनुभक्ति राग हो र 'रामुरक्तिश्वररे' सूत्रको अर्थ हो आराध्य विषय पराकोटीको राग ।[११०] शाण्डिल्यले अमृत तत्त्वलाई भक्तिमा आवद्ध गरेका छन् । उनले भक्तिज्ञानलाई नै सर्वश्रेष्ठ भनेका छन् । भक्ति गर्नेहरू र योगी दुवै श्रेष्ठ हुन् । भक्ति ईश्वरका साथसाथ आत्मतत्त्वसँग पनि सम्वद्ध छ । पुरुष प्रकृतिको अन्तरालबाट जगतको सृष्टि हुञ्छ तथापि जगत ईश्वरमै रहेको छ । प्रकृति या

---

१०७ मिस्टिसिज्म इन महाराष्ट्र, पृ. ५ ।

१०८ उही पृ. १२, नारद भक्ति सुत्र, त्यागी शानंन्द सू. १८ पृ. ६ ।

१०९ मिस्टिसिज्म इन महाराष्ट्र पृ. १२ ।

११० शाण्डिल्य भक्तित्र, अध्यया १, आहिनक १ सूत्र २ । दास गुप्तः ऊ हिस्ट्री आव इन्डियन फिलासफी वा. ४, पृ. ३४९ ।

माया मिथ्या होइन किनकि यही ईश्वरको शक्ति हो ।[९११] सम्मान बहुमान प्रिति, विरह भगवद् भिन्न प्रति अरुची महिमाको वर्णन भगवानका लागि हो । जीवनधारण सर्वतद्भाव, अप्रातिकुल्य स्मरण आदि भक्तिसुचक चिह्न मानिञ्छन् । भगवान्को करुणाका कारण नै दिव्य जन्म कर्मधारण गर्दछ । गौणी भक्ति पराभक्तिको प्राप्तिका लागि हो । यस प्रकारको गौणी भक्ति ३ प्रकारका हुञ्छन् । स्मृति, कृतन, कथा, श्रवण, प्रायश्चितस्वरूप भनिञ्छ । उच्च योनीबाट लिएर निम्न योनीसम्मको मानिसहरूको अधिकार भक्तिमा स्वीकार गरिएको छ । जीव र ईश्वरमा एकता रहेको छ । उपाधी योगबाट त्यसमा विभिन्न तत्त्वको अनुभव हुन जाञ्छ । अनन्य भक्तिबाट साक्षात्कार सम्भव हुने कुरा बताइएको छ ।[९१२] सम्पूर्ण शाण्डिल्य भक्तिसूत्र पढ्नाले शाण्डिल्य परम्परावादी एवं मर्यादावादी दृष्टिकोण स्पष्ट हुन जाञ्छ । जसलाई अन्य विद्वान्हरूले पनि स्वीकार गरेका छन् । आफ्नो भक्तिसूत्रमा नारदले भक्तिस्वरूप, भक्ति प्राप्ति, निरोध कार्य, लक्षाण भक्ति श्रेष्ठता, भक्ति साधना त्याज्य, प्रेमस्वरूप, भेद, प्रमाण, लोकवेद, विधिनिषेद, भक्त, वाद, शास्त्र आदिको विचार गरिएको छ । नारदद्वारा निरुपित भक्तिको अर्थ ईश्वरमा परमप्रेम हो । परमप्रेम नै यस प्रकारको भक्तिको स्वरूप हो । शाण्डिल्यको सूत्र पद्धतिले अन्य दार्शनिक पद्धतिको सूत्र पद्धतिको अनुसरण गर्दछ । यदि भक्ति अमृत स्वरूपा हो जसको लाभ लिएर पुरुष सिद्ध अमृत र तृप्त हुन जाञ्छ । यसलाई प्राप्त गरेर उसले न कुनै वस्तुको इच्छा गर्दछ न कसैबाट दुःखी हुञ्छ । न सकैसँग रिस राग राख्दछ, न कुनै चीजमा रमाइलो माञ्दछ । न कुनै वस्तुको भोगमा उसलाई उत्साह हुञ्छ । यस भक्तिस्वरूपको ज्ञानबाट ऊ मस्त, निश्चित हुन जाञ्छ, स्तब्ध हुन जाञ्छ । ऊ आफैमा रमाउन थाल्दछ ।[९१३] यस प्रकारको भक्तिको लाभ प्राप्ति एवं ज्ञानबाट कुनैपनि बाह्य चीजहरूको कामना रहँदैन । यस प्रकारको भक्तिले आफ्नै प्रभावबाट कामना रहन दिँदैन । कामना हुन पनि दिँदैन । किनकि यसले सबैको निरोध गर्दछ । लौकिक अहोरात्र चर्या र वैदिक व्यापार, नित्य, वैमितिक र काम्य कर्मको व्यास सर्मपण, शुद्धीकरण नै निरोध हो ।[९१४] ईश्वरप्रति अनन्यता

---

[९११] शां.भ.सु. १.१.३, १.२.१०, २२.२.२९-३१, २.१.३७-४२ ।
[९१२] उही २.१.४४, २.२.५६, २.२०.७२, २.२.७४, २.२.७८, ३.२.९३ ।
[९१३] नारद भक्ति सुत्र-स्वामी त्यागीशानंदको संस्करण सूत्र २-६ ।
[९१४] उही सूत्र ७-८ ।

हुनुपर्दछ । यस अनन्यताको विरोध गर्ने तत्त्वप्रति उदासिनता हुनुपर्दछ । भगवानका अतिरिक्त जसले अन्य आश्रय खोज्दछन् त्यसको त्याग नै अनन्यता हो । यो भगवान अनुकूलको जुन लौकिक र वैदिक आचार हो त्यो उनैका लागि गर्नुपर्दछ । भगवानका विरुद्ध जुन आचारहरू हुन्, त्यसप्रति उदासिन हुनुपर्दछ। जबसम्म भगवान्प्रति भावमा निश्चयको दृढता आउँदैन त्यतिबेलासम्म शास्त्र क्षण हुनुपर्दछ । अन्यथा पतन हुने अधिक सम्भावना रहञ्छ । जसरी शरीर धारण र त्यसलाई निश्चित समयसम्म टिक्काउन भोजन आदि गर्नुपर्दछ त्यस्तै प्रकारले लोकरक्षाण या लौकिक कर्मरक्षाण पनि हुनुपर्दछ । कतिपयले यहाँ शास्त्रकै लोकरक्षाण पनि माञ्दछन् । तथा लौकिक कार्यमा शरीर धारणसम्मका लागि भोजन आदिको आवश्यक्ता पर्दछ । नारद सूत्रलाई कतिपयले यसैप्रकार भिन्नै धारणा राखेर अर्थ लगाएका छन् । निश्चय पनि दृढतासम्म लोक कर्मरक्षाण हो तर शरीरको रक्षा धारणसम्म भोजन आदिको रक्षा हुनैपर्दछ ।[११५] नारदका अनुसार भगवानमा अखिल साँसारिक आचरणको अर्पण तथा भगवानको विस्मरणमा परम व्याकुलता भक्तिको लक्षण हो । नारदको दृष्टिकोणमा यही मत ठीक हो । किनकि यसैगरी वज्रगोपिकामा देखिञ्छ । तथापि व्रजगोपिकामा भगवान्को महात्म्य ज्ञानको विस्मृति थिएन । किनकि महात्म्य ज्ञानको विस्मरणले जारोको जस्तो प्रेम हुन जाञ्छ । जसरी जारोसँग प्रेम गरिञ्छ त्यस्तो प्रेम वज्रगोपिकामा रहेको छैन । किनकि भगवान् सुख मानै सुखी हुञ्छन् ।[११६] वज्रगोपिकाजस्तो यो भक्ति कर्ममार्ग, ज्ञानमार्ग एवं योगमार्गभन्दा श्रेष्ठ छ भनिएको छ । किनकि भक्ति स्वयं फलरूप हो । कर्म ज्ञान र योगमा शक्ति रहञ्छ यो नै मुक्तिमार्ग हो । यसकारण वैष्णवहरूको मुक्तिको व्याख्याभन्दा शैवहरूकै प्राचीन वेदसम्मत सनातन धारा नै मुक्ति मार्ग हो यही नै मुमुक्षुहरूलाई स्वीकार्य हुनुपर्दछ ।[११७] आचार्यहरूले यस प्रकारको फलरूपा ज्ञान एवं कर्मले श्रेष्ठ भक्तिका साधनालाई निर्वचन गर्दछन् । यस प्रकारको भक्तिको साधना विषय त्याग, सङ्गतयाग, अखण्ड, भजन, मानिसहरूका बिच भगवद्गुण श्रवण र किर्तनबाट हुञ्छ भनेर वैष्णव धारामा व्याख्या गरिएको छ । मुख्यतया यस प्रकारको साधना भगवत्कृपाले मात्र हुन जाञ्छ भन्ने मान्यता छ । तथापि यो

११५ उही, सूत्र ९-१४ ।

११६ उही सूत्र १५-२४ ।

११७ उही सूत्र २५-३३ ।

दुर्लभ एवं अगम्य छ । यसको लाभ ईश्वर कृपाबाट हुन जाञ्छ किनकि भगवान्मा र उनका प्रिय महज्जनहरूमा भेद रहेको छ । यसकारण यस भगवत् कृपाको साधना गर्नुपर्दछ । दुष्टहरूसँगको सङ्गत त्याग गर्नुपर्दछ । किनकि यो काम, क्रोध, मोह, स्मृतिभ्रंश, बुद्धिनाश, सर्वनाशको कारण हुञ्छ । यसकारण विधर्मी र दुष्टहरूसँगको सङ्गत गर्नु नै हुँदैन । यस प्रकारको कामक्रोध आदि तरंगित हुन जाँदा दुष्टले समुद्र रूप धारण गर्दछ । त्यसबाट जब ऊ पार उत्रञ्छ त्यो दुष्ट्याईको त्याग गर्नुपर्दछ । तत्पश्चात् सज्जनहरूसँग सङ्गत गर्नुपर्दछ । त्यो अवस्थामा सता रहित हुन जाञ्छ । जो मानिस एकान्त स्थानमा रहञ्छ उसले लौकिक बन्धनलाई उन्मुलन गर्दछ । सत्त्व, रज, तमका विकाररहित हुन जाञ्छ । योग क्षेमको त्याग, भगवानमा समर्पण गर्दछ, त्यो नै पार हुञ्छ । जसले कर्मफलको त्याग समर्पण गर्दछ, कर्मको समाप्ति गर्दछ र निर्द्वन्द्व हुन जाञ्छ वेदविहिन कर्मले अन्योलता हुञ्छ । यसकारण कर्म गर्दा वेद अनुकुल कर्म गर्नुपर्दछ । वेदविहित भगवद् अनुकुल कर्मलाई भगवान्मा समर्पण गर्दा अविच्छिन्न अनुरागको लाभ प्राप्त हुञ्छ र पार उत्रञ्छ । ऊ स्वयं पार हुञ्छ र अरुलाई पनि पार उतार्दछ ।[११८] वैष्णवको यो धारामा त्यति सत्यता पाइँदैन । किनकि वैदिक सनातनकालीन दर्शन वेद हो । अन्य ग्रन्थहरू भने पछि समयकाल अनुसार निर्माण भएका हुन् । यसकारण मुक्ति या मोक्षको मार्ग भनेको वेदलाई आत्मसाथ गरेको धारा नै हो वैष्णवधारा होइन । योगी मत्स्येन्द्रनाथ, गोरखनाथ, शङ्कराचार्य, विवेकानन्दहरूको धारा भने वेद र शैवधारा हो । जसले भक्तिमा भन्दा कर्ममा, ज्ञानमा, योगमा, तन्त्र, मन्त्रमा, मुक्ति र मोक्षको मार्ग खोज्दछ । जुन प्रकारको प्रेमको सङ्केत नारदले द्वितीय सूत्रमा गरेका छन् त्यसको स्वरूप निर्वचन अगाडि नै उल्लेख गरिसकिएको छ । यस प्रकारको प्रेमको स्वरूप अनिर्वचनीय छ । मुखको आस्वादन गर्न जसरी स्वादको निर्वचन गर्नमा असमर्थ हुञ्छ त्यसैगरी भक्तले पनि प्रेमको आस्वादन गर्दा त्यसको निवर्चन गर्न पाउँदैन । यस प्रकारको प्रेमको प्रकाश कसैकसैमा मात्र हुञ्छ । यस प्रकारको प्रेम गुणरहित, कामनारहित त्रिगुणरहित हुञ्छ । यो अवस्थामा कुनैपनि प्रकारको कामना हुँदैन । एकपटक प्रकाशमा आएपछि यसको प्रतिक्षा वा वृद्धि हुँदै जाञ्छ । आलम्वनबाट यसको कहिल्यै पनि वियोग हुँदैन । यो सूक्ष्मत छ र अनुभवगम्य पनि रहेको

---

११८ उही सूत्र ३५-५० ।

छ। यो प्राप्ति भएपछि भक्तले आफूलाई सर्वत्र यसैमा देख्दछ।[११९] केवल प्रेमको मात्र कुरा सुन्दछ र प्रेमको मात्र व्याख्या गर्दछ। त्यसैको चिन्तन गर्दछ। भक्तको गुण अनुसार भक्ति ३ प्रकारका हुञ्छन्- सत्त्व, रज र तम। यसैका आधारमा आर्त, जिज्ञासु र आतार्थीको आधारमा व्याख्या गरिएको छ। जिज्ञासुको आर्त राजस सात्विक भक्ति श्रेष्ठ हो। अन्य ज्ञान, कर्म र योगको अपेक्षा भक्तिमा अधिक सुलभ रहेको छ। यस प्रकारको भक्तिका लागि अन्य प्रमाणहरूको आवश्यक्ता पर्दैन। यो स्वयं नै प्रमाण हो।. यसको कारण यो हो कि यो शक्तिरूप हो परमानन्द रूप हो। भगवानमा आफूले लोक लौकिक कर्म, वेद वैदिककर्म र शिललाई समर्पण गर्दैमा लौकिक कर्मको हानीको चिन्ता गर्नुपर्दैन।[१२०] भक्तिमार्फत् सिद्धि प्राप्त नहुँदासम्म लोकव्यवहार हेय हुँदैन। तथापि भक्तिलाई साधनका रूपमा फल त्याग गरिदिनुपर्दछ। धन, नास्तिक, भगवद्भक्तिका शत्रुको कुरा सुन्नु हुँदैन भनिएको छ। स्त्रीको कुरा पनि सुन्नु हुँदैन भनिएको छ। यो वैष्णवहरूको व्याख्या हो।[१२१] यस विपरित महायोगी मत्स्येन्द्रनाथले नारीहरूलाई देवीको रूपमा पूजा गर्नुपर्दछ, आरद सत्कार गर्नुपर्दछ भनिएको छ। कौलज्ञान निर्णयमा देवी र भैरव संवाद रोचक रूपमा प्रस्तुत गरिएको छ। वैष्णवहरूले महिलालाई हेयरूपमा हेर्दछन्। तर शैव धाराले नारीलाई शक्तिका रूपमा पूजा गर्दछ। **मुसलमान, इसाई र वैष्णवहरूको नारी र स्त्रीजातिलाई हेर्ने दृष्टिकोण एकैप्रकारको रहेको छ। तर शैवमा नारी पुरुष बराबर हुञ्छन्। छोरा र छोरीमा भेद हुँदैन**। यही कुरालाई चिर्दै नेपालमा गोरखनाथ धाराका योगी नरहरिनाथले छोरीहरूलाई उपनयन व्रतबन्ध, राई, लिम्बु, मगर, विश्वकर्मा, शिल्पी समुदायलाई पनि व्रतबन्ध गराउन सुरु गर्नुभएको थियो। तर वैष्णवहरूको घेराबन्दी तत्कालीन सरकारको असहयोगका कारण त्यसले निरन्तरता पाउन सकेन। यसकारण योगी नरहरिनाथले पुराण लगाउनु भएन कोटीहोम लगाउनुभयो। वैष्णवहरूका पाखण्डसँग अघोषित रूपमै संघर्ष गर्नुभयो। वैष्णव र शैवनाथ बीचका नीतिगत भिन्नताहरूलाई यसरी पनि बुझ्नुपर्दछ। अभिमान दंभ, घमण्ड, त्याग गर्नुपर्दछ। साँसारिक आचार विचारहरूलाई भगवानमा समर्पित गर्दै काम, क्रोध, अभिमान आदिको

११९ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १२३।

१२० उही पृ. १३४।

१२१ नारद भक्तिसूत्र पृ. ६१-६५।

भाव भगवानप्रति समर्पित गर्नुपर्दछ । त्रिरूप, ईश्वर, भक्त र भक्ति भङ्ग गरेर भजनात्मक प्रेम गर्नुपर्दछ ।[१२२] एकान्तिक भक्त नै मुख्य भक्त हो । यस्ता भक्तहरू अनन्य हुञ्छन् । यस प्रकारका भक्तहरूले कण्ठ अवरोध रोमाञ्च, अश्रु आदिका साथ परस्पर भगवद्लाभ गर्दै आफ्नो कुल तथा पृथ्वीलाई पवित्र गर्दछन् । यस प्रकारका भक्तहरूले तिर्थको पनि तिर्थ गर्दछन् । वस्तुत तीर्थत्व प्रदान गर्दछन् । कर्मलाई सुकर्म बनाउँदछन् । शास्त्रलाई सत्य शास्त्र बनाउँदछन् । यस प्रकार सधँभरी भगवन्मय रहञ्छन् । यस प्रकारका भक्तहरूलाई देखेर पितृगण प्रसन्न हुन जाञ्छन् । देवता खुशी भएर नृत्य गर्न उठ्दछन् । यो पृथ्वी पनि यिनीहरूबाट सनाथ हुन जाञ्छ । पृथ्वीका मानिसहरूलाई यसैमा आश्रय मिल्दछ । यिनीहरूमा जाति, विधा, रूप, कुल, धर्म, क्रिया आदिको आधारमा कुनै भेद छैन किनकि यी सबै भगवानका हुन् । यस प्रकारका प्रेमीहरूको वादविवाद अवलम्बन गर्नुहुँदैन । त्याग गर्नुपर्दछ र त्यो समयमा भक्ति शास्त्रको मनन गर्नुपर्दछ । सुख इच्छालाभ आदिको त्याग हुने समय समयसम्म समयलाई व्यर्थ खेर जान दिनुहुँदैन । अहिँसा, सत्य, सौच, दान, आस्तिकता आदि सदाचारको परिपालन गर्नुपर्दछ । सर्वथा, सर्वदा एवं सर्वभावमा निश्चित भएर भगवान्को भजन गर्नुपर्दछ । यस प्रकारको किर्तनबाट भगवान् खुसी भएर भक्तलाई आफ्नो अनुभव दर्शन गराउँदछन् । यस प्रकारको भक्ति तिनै कालमा सत्य छ र श्रेष्ठ छ । यद्यपि यसको स्वरूप एकै छ । तथापि यसका एघार प्रकारहरू छन् । गुणमहात्म्याशक्ति, रूपा शक्ति, पूजा शक्ति, स्मरण शक्ति, दासयाशक्ति, सख्याशक्ति, वातसल्या शक्ति, कान्ता शक्ति, आत्मनिवेदना शक्ति, वनमया शक्ति, परमविरहाशक्ति, सामान्य जनको कल्पना नगर्ने, भक्तिको सम्बन्धमा एकमत कुमार, व्यास, शुक, शाण्डिल्य, गर्ग, विष्णु, कौडिय, शेष, उद्धवआरुवि, वली, हंनुमान, विभीषण आदि भक्तिका आचार्यहरूले भक्ति सम्बन्धमा यसै भञ्दछन् ।[१२३]

नारदको उपर्युक्त भक्ति सम्बन्धी विवरणलाई यहाँ किनपनि उल्लेख गरियो भने यसैका आधारमा हामीले सन्त अर्थात् वैष्णवहरूको विवेचना विश्लेषण गर्दछौ । नारदको नामको प्रसिद्ध भक्ति सम्बन्धी विचारलाई महत्त्व दिनुको

---

१२२ उही सूत्र ६६ ।

१२३ उही सूत्र ६७-८४ ।

सङ्केत गरिसकिएको छ । अगाडि पनि गरिनेछ । यो कुरा अंगाडि नै उल्लेख गरिसकिएको छ। सन्तकवीरको भक्ति सम्बन्धी धारणा रामानन्ददेखि रामानन्दको राघवानन्दसम्म र यसपछि राघवानन्दको रामानुजको परम्पराको सम्बन्धसम्म। यसर्थ कवीरको भक्ति सम्बन्धी विचारहरूलाई एउटा ऐतिहासिक परम्परामा राखेर हेर्नका लागि नारद पञ्चरात्र आदि मतका साथ रामानुज र उनका मतसँग सम्वद्ध विचारलाई पनि हेर्नुपर्दछ । दोस्रो कुरा अहिलेसम्म जति पनि व्याख्या विश्लेषणहरू गरिएका छन् त्यसमा भक्तिका धेरै पक्षहरको व्याख्या गरिएको छैन । यसमा कवीर तथा अन्य सन्तहरूको भक्तिको शास्त्रीय निरूपण हुन सक्तछ । रामानुजको भक्ति सम्बन्धी मत सर्वथा नौलो होइन यो प्राचीन मतको उल्था गरिएको पनि होइन । धेरै विद्वान् र विवेचकहरूका अनुसार रामानुज तथा उनको परम्पराका आचार्यहरूले आल्वारोको भक्तिधारको शास्त्रीय व्यवस्थापन गरे । तथापि यो कुरामा पनि ध्यान दिनुपर्दछ कि अल्वारो र रामानुजको भक्तिमतमा कैयौ विषमता फरकपना पनि रहेका छन् ।[१२४] **यो विवेचनाले के कुरा पुष्टि गर्दछ भने बौद्ध, मुसलमान, इसाई मतहरू जस्तै वैष्णव मतको उदय पछि भएको हो र यो वैदिक कालीन धर्म र धारा होइन** । वेद नै वैदिककालीन धारा हो । त्यसको केन्द्र हिमवत्खण्ड अन्तर्गतको नेपाल सहितको हिमालय क्षेत्र हो। यसैगरी उपर्युक्त विश्लेषण र अनुसन्धानबाट पुष्टि हुञ्छ भारत पुराण भूमि हो। दक्षिण भारतबाट नै पुराणको प्रारम्भ हुन गयो । अष्टादश रहस्यार्थ विवरणका अनुसार भगवान्सम्म पुग्ने प्रमुख साधन आत्मसमर्पण या प्रपती हो । प्रपती त्यो अवस्था हो जसमा चीत भगवान्प्रति प्रार्थनामय रहञ्छ । उसमा त्यो समय यस्तो विश्वास रहञ्छ केवल भगवान् नै रक्षाक हुन् र केवल उनको कृपा प्राप्त गर्ने एकमात्र मार्ग आत्मसमर्पण हो । भक्त केवल भगवान्प्रति सच्चा हुञ्छ र त्यसै अनुसार प्रार्थना पनि गर्दछ । उसको सबै प्रार्थनाहरू गम्भिर प्रकारको प्रेमबाट पूर्ण रहञ्छन् । यो अवस्थामा भक्तमा विश्वव्यापी करुणा सहानुभूति तथा आफ्नो ठूला दुश्मन, शत्रुहरूप्रति पनि मित्रको भावना रहञ्छ । यो अवस्थामा उसले आत्मा र परमात्मा एउटै प्रकृति हो भन्ने कुरा सम्भञ्छ । प्रत्येक अवस्थामा भक्त केवल परमात्मामा निर्भर हुन योग्य छ । भक्तको यो भावना शास्त्रविहिन सबै कर्ममाथि लक्ष्य प्राप्त गर्नमा सधैँभरी सहायक नहुन पनि सक्तछन् ।

---

१२४ दास गुप्त: ऊ हिस्ट्री आव इन्डियन फिलासफा वा. ३ पृ. ८५-९३ ।

यसलाई पारिभाषिक शब्दमा उपाय शून्यता भनिन्छ । यो यस्तो भावावस्था हो जसमा सबै अन्य उपायहरूको निरर्थकताको साक्षात्कार हुन्छ । भक्त जस्तोसुकै कठीनाइमा हाँसिरहेको हुन्छ । आफूलाई भगवानको दास सम्भन्छ । पार्षदद्वारा आरोपित आपत, विपतलाई सहिरहन्छ । यसलाई पारतन्त्र्य भनिन्छ । भक्तले यसलाई आत्माको चिततत्त्वको सार सम्भन्छ । जसको आफैमा कुनै स्वतन्त्रता रहेको हुँदैन । त्यो आत्मालाई उसले सबै किसिमले भगवानमा निर्भर मान्दछ । त्यसैका लागि उसको सतालाई पनि स्वीकार गर्दछ ।[१२५]

वैष्णवहरूले आफूलाई एकान्तिक भन्दछन् साथसाथै कहिलेकाहीँ एकेश्वरवादी पनि भन्दछन् । तथापि एकान्तिकको मुख्य गुण प्रपती हो जसको अर्थ अचञ्चल र दृढभावले भगवानमा टाँसिएर रहनु र उनीप्रति सच्चा मन र पूर्ण विश्वासका साथ भाव राख्नु हो । सुख, दुःख सबै प्रकारका परिस्थिति विरुद्ध भक्तको मन सधैँभरि भगवानको दिव्य उपस्थितिबाट प्रभावित भइरहन्छ । यस प्रकारका भक्तहरूका सबै इन्द्रिय, उसका प्रवृति संवेग भाव र अनुभवहरूलाई उज्जीवित गर्दछ । भक्त सम्पूर्ण आफ्नो क्रिया, कर्म, विचारमा रहेर सृष्टिमा जे छ ती सबैभन्दा उसले भगवानमा साक्षात्कार गर्दछ । यस प्रकारको साधनाबाट भक्त यस्तो लोकमा प्रवेश गर्दछ जहाँ लौकिक वासना, लोभ, ईर्ष्या, घृणा आदि असम्भव हुन जान्छ । त्यस परमतत्त्वको सृष्टिमा भएको उपस्थितिले सबै जीवहरूप्रति करुणा, मित्रता आदि भावनाले पूर्ण हुन जान्छ ।[१२६] भक्तले गुरूबाट उचित शिक्षा लिनु पर्दछ । उसँग जति पनि कुराहरू मनमा छन् मुक्तभावले भनिदिनुपर्दछ । यस प्रकार सहज रूपमा ऊ विष्णुको सेवक बन्न जान्छ । उसले भगवान्प्रति सृष्टि तथा आत्माको पूर्ण निर्भर भावनाको धारणा पनि राख्नुपर्दछ । यस प्रकारको धारणाले भक्तलाई सबै इन्द्रिय क्रियाहरूका साथ परमात्माको साक्षात्कार गर्नमा लीन गराइदिन्छ । यसबाट इन्द्रिय संयम सहज रूपमा हुन जान्छ । यस प्रकारको साक्षात्कारबाट भक्तले सदाचारी वीरहरूको जस्तो व्यवहार गर्दछ । जसमा वासनाको कुनैपनि प्रभाव पर्दैन । त्यसैलाई नित्य सुरत्व भनिन्छ । वेद, स्मृतिहरूमा जस्तो सामान्य धार्मिक कर्तव्य निहित रहेको छ । भक्तिलाई उचित तरिकाले भगवानका चरणमा सधैँभरि समर्पण गरिदिने

---

१२५ उही पृ. ८६-८७, पृ. ३ ऐ.हि.ई.फि. वा ३, पृ. ८६ ।

१२६ उही पृ. ८७ ।

मानिसका लागि सामान्य कर्म गर्न आवश्यक छैन । यस प्रकार पूर्ण रूपमा समर्पित भक्त भगवानको नैसर्गिक कृपाबाट मुक्त हुन जाञ्छ र बिना शास्त्रविहिन कर्महरूबाट पनि उसले फल भोग गर्दछ । ऊ सधैँभरि आफ्ना दोषहरूप्रति जागरुक रहञ्छ । तथा अन्य कसैको दोषप्रति कहिल्यै पनि ध्यान दिँदैन । उनीहरूप्रति उसले अन्धभक्त व्यवहार गर्दछ । उसले सधैँभरि यो अनुभव गर्दछ कि उसका सबै कर्म भगवानको पूर्ण शासन सत्तामा रहेका छन् । यस प्रकारको भक्तले आफ्ना लागि कुनैपनि वस्तुहरूको भोग गर्दैन । किनकि उसले सधैँभरि यो अनुभव गर्दछ कि भगवानले नै हाम्रा सबै इन्द्रियहरूको माध्यमबाट सधैँ भोग गर्दछन् ।[१२७]

रामानुज तथा उनका अनुयायीहरूको दृष्टिकोणमा कर्मयोग, ज्ञानयोग तथा भक्तियोगले चित्तलाई शुद्ध गर्न सहायता गर्दछ । यस प्रकारको चित्त शुद्धी भक्तियोगका लागि पूर्व प्रयत्न हो । गुरूभक्ति पनि प्रपतीको एक प्रकार हो । यस प्रकार भगवद्प्राप्तिका लागि दुई प्रकारका मार्गहरू रहेका छन् । भक्तियोग र प्रपती ।[१२८] प्रपतीलाई न्यास पनि भनिञ्छ । कतिपय मानिस विद्वान् र अन्वेषकहरूले प्रपतीमा पाँच तत्त्व रहेको मान्दछन् । (१) भगवानको एकमात्र रक्षक (२) उनी नै एकमात्र प्राप्य हुन् । (३) उनीनै हाम्रा प्रेम हुन् । इच्छाहरूको एकमात्र आलम्वन हो । (४) हामीले पूर्णतया आफूलाई उसप्रति समर्पित गर्दछौ र उसैमा आफूलाई छोडिदिञ्छौ । (५) पराकोटीको प्रार्थना ।[१२९] यस प्रकार प्रपन्नको व्याख्या गर्दै भनिएको छ, प्रपन्न त्यस प्रकारको साधना हो जसलाई अल्वार प्रवन्धले अध्ययन गरेका छन्, पढेका छन् । कतिपयले यस अतिरिक्त प्रपतीको अभ्यासलाई पनि आवश्यक मान्दछन् । कतिपयका अनुसार त्यस्तो व्यक्तिमात्र प्रपती मार्गको अधिकारी हुन जाञ्छ, जो कर्मयोग, ज्ञानयोग र भक्तियोगमा सक्षम छैन र यसको चिन्ता पनि धेरै गर्दैन । प्राचीन मतको मान्यता अनुसार प्रपन्न हुनु सबै शास्त्रोक्त कर्म तथा आश्रमविहिन कर्म त्याग गरिदिनु पर्दछ । गीतामा पनि भनिएको छ सबै छोडेर प्रपन्न हुनु पर्दछ । कतिपयले यी कर्महरूलाई आवश्यक मान्दछन् । एक भिन्न मतका अनुसार यी कर्महरू

१२७ उही पृ. ८७-८८, अष्यदश रहस्यार्थ विवरण, पृ. १५ ऊ हिस्ट्री आव इन्डियन फिलासफी वा. ३, पृ. ८७ ।

१२८ उही पृ. ८९ ।

१२९ उही पृ. ९०, ९१ ।

केवल लोक सङ्ग्रहका लागि हुन् । कतिपयका अनुसार यी कर्महरूलाई भगवद् आज्ञा मानेर भगवत्प्रीत कर्म गर्नुपर्दछ ।[१३०] प्रपतीका विभिन्न अङ्गहरूलाई यस प्रकार बताइएको छ (१) भगवानको अनुकुल रहने संकल्प (२) प्रतिकुलताको वर्जन (३) परा प्रतीति जसले भक्तको रक्षा गर्दछ (४) रक्षकका रूपमा उसको प्रार्थना (५) पूर्ण आत्मसमर्पण (६) पूर्ण दीन तथा असहाय हुने भावना । प्राचीनकालका मानिसहरू प्रपन्न हुनका लागि यी मध्येमा कुनै न कुनै कुरा पालना गर्नुपर्ने आवश्यक्ता ठान्दछन् । यस प्रकारको पालना आफ्नो परिस्थिति, मानसिक प्रकृति अनुसार मानिन्छ । अर्कोथरी मानिसहरूको यो पनि भनाई रहेको छ अङ्ग नै हुनु आवश्यक छ ।[१३१]

रामानुज र वेंकटका अनुसार परमतत्त्व अन्तर्यामी रूपमा हामी सबैमा रहेको छ । सबै आत्माहरूले ईश्वरमा बास गर्दछन् । आत्मा ईश्वरको शरीर हो । यद्यपि जीवात्मा आफ्नै शुद्ध रूपको चीत हो । तथापि अचितको सम्पर्कमा आएपछि यो अज्ञान र बासनाले ग्रस्त हुन जान्छ । अविद्याको अर्थ हो ज्ञानको अभाव, मिथ्या ज्ञान, विशेषताहरूको मिथ्या आरोप । जब चित, अचितको यो सम्बन्ध नष्ट हुन जान्छ तब जीवात्मा अविद्याबाट मुक्त हुन जान्छ । जसको परिणाम मुक्तिको उपलब्धी हो ।[१३२] रामानुजले वेदार्थ सङ्ग्रहमा भनेका छन्: ईश्वरले त्यस्ता व्यक्तिहरूलाई मुक्ति प्रदान गर्दछन् जब उसले सद्गुरूको उपदेश अनुसार शास्त्रबाट सत्य ज्ञान प्राप्त गरेपछि प्रत्येक दिन आत्म संयमता तप, सूचीतामा आफूलाई लगाइरहन्छ । क्षमा, निष्कपट, दान, अहिँसाको अभ्यास गर्दछ । लौकिक, वैदिक कर्मको सम्पादन गर्दछ । निषिद्ध कर्मबाट आफूलाई निवृत गर्दछ साथसाथै निरन्तर रूपमा भावबाट भगवानमा पूर्णतया आफूलाई समर्पित गर्दछ । गुणकिर्तन गर्दछ, सतत स्मरण गर्दछ, उपासना गर्दछ । भगवानको नाम जप गर्दछ, महात्म्यको श्रवण अर्थात् सुनेर कथन गर्दछ, उसको कृपाबाट जीव आत्माको अन्धकारलाई हटाईदिन्छ । उसले शास्त्रबाट सत्य ज्ञान प्राप्त गर्नुपर्दछ । त्यतिबेला मात्र भक्त, भक्ति, प्रपती या आत्मसमर्पणबाट मुक्ति प्राप्त गर्दछ । रामानुजको दृष्टिकोणमा भक्ति भगवानको सतत स्मरण हो । यो

---

[१३०] उही पृ. ९१-९२ ।

[१३१] उही पृ. ९२ ।

[१३२] उही पृ. १६० ।

बिना शुद्ध ज्ञान र मुक्ति प्राप्त हुन सक्तैन ।[१३३] भक्तिको विशेषता यो पनि हो यसमा मानिसलाई बाह्य साँसारिक वस्तुहरू प्रति अरुची उत्पन्न हुन जान्छ। यस प्रकार रामानुजका अनुसार भक्ति भाव होइन ज्ञान विशेष हो । यसले प्रियतमका लागि प्रत्येक वस्तु तथा कार्यका अतिरिक्त बाँकी रहेका सबैलाई नगण्य गराइदिन्छ ।[१३४]

वेंकटनाथका अनुसार कर्म सम्पादनबाट मानिस ज्ञानको अधिकारी बन्दछ। ज्ञान प्राप्तिबाट भक्तिको अधिकारी बन्न जान्छ । जब मानिस अधिकारी हुन्छ उसले कर्मलाई छोड्दिन सक्तछ। भक्ति वेंकटका अनुसार प्रिति आनन्दभाव हो। केवल ज्ञान विशेष होइन। मुक्तिको अर्थ सायुज्य गुणहरूको समता हो। ईश्वरका साथ सायुज्य नै यस भक्तिको फल हो । यस अवस्थामा जीवात्म, परमात्माको सर्वज्ञता आनन्दमयको भागी हुन्छ । तथापि आत्म परमात्माको पूर्णरूप भागी हुन सक्तैन। विश्व उत्पत्ति विश्वपालन, नियमन, मुक्तिप्रदान आदि गुण या शक्ति केवल ईश्वरगत हुन्। उनी केवल ज्ञान र आनन्दको भागी हुन सक्तछन्। जब मानिसले आफ्ना सबै अहङ्कारहरूलाई त्याग गर्दछ, आफ्नो सम्पूर्ण वैयक्तिता भगवानको सेवामा लिन गर्दछ । आफूलाई केवल यस्तो सेवक सम्झन्छ जसको एकमात्र कार्य सेवा गर्नु हो । त्यतिबेला वास्तविक आनन्दको अवस्था आउँछ ।[१३५] वेंकटका अनुसार ईश्वरलाई नै परमतत्त्व मानिन्छ तथा त्यसैमा अनन्त आनन्दको प्राप्ति हुन जान्छ। जबकि दोस्रो प्रकारको कैवल्यमा मानिसले आफैलाई ब्रह्म सम्झन्छ र कैवल्य प्राप्ति गर्दछ । त्यहाँ पनि अविद्याको संसर्ग रहन्छ, यथार्थ बाह्य साँसारिक भ्रम नाश हुन जान्छ । मानिसले एकात्मकता प्राप्त गर्दछ । तथापि यो इच्छित अवस्था होइन, किनकि यहाँ त्यस प्रकारको असिम आनन्द छैन जसको प्राप्ति कैवल्यबाट हुन्छ ।[१३६]

रामानुजका अनुसार भक्ति मानिसले त्यतिबेला मात्र प्राप्त गर्दछ जब ऊ अविद्याबाट अनावृत हुन जान्छ । तथा आत्मा परमात्माको सम्बन्धका प्रति साक्षात्कार गर्दछ । यो मुक्ति त्यो मुक्तिभन्दा भिन्न रहेको छ । जसमा ऊ

---

१३३ उही पृ. १६०।१६१ ।

१३४ उही पृ. १६१ ।

१३५ उही पृ. १६१ ।

१३६ उही पृ. १६१।६२ ।

कर्मावरणले मुक्त हुन जान्छ । आफूले आफैलाई साक्षात्कार गर्दछ । तथापि ईश्वरका गुणको साक्षात्कार पाउँदैन, वाधा सिर्जना हुन्छ । यस प्रकारको कैवल्य निश्चय नै अपेक्षा गरिएको भन्दा निम्न कोटीको हो । यसकारण स्पष्ट छ वेंकटनाथले भक्तिको परिभाषा गरेर त्यसलाई आनन्द भावनातर्फ तथा मुक्तिको परिभाषा गरेर ईश्वरको दासत्त्वतर्फ अभिमुख गरेका छन् ।[१३७] भक्ति ध्रुवानुस्मृति हो । यस प्रकारको भक्तितर्फ व्यक्ति दुःखको अनुभवका साथ अगाडि बढ्दछ । उसले यस्तो मुक्ति चाहन्छ जसमा ऊ अनन्त तथा दुःखहिन सुखलाई प्राप्त गर्न सक्षम होस् । यस प्रकारको मुक्ति भक्तिबाट प्राप्त हुन्छ । यहाँ स्नेहपूर्वकको अनुध्यान पनि भक्ति हो । यस प्रकारको भक्तिले ज्ञान उत्पन्न गराउँदछ । यस प्रकारको ज्ञान भक्तिमा नै अर्न्तनिर्विष्ट हुन्छ ।[१३८] शास्त्रोक्त कर्मको सम्पादन ज्ञान आर्जनमा सहायक हुन्छ । यो कर्म भक्तिका लागि नियोजित ज्ञान प्राप्तिमा बाधक र विरोधी कर्मको प्रभावलाई प्रतिरोध गर्दछ । यसर्थ यो शास्त्रोक्त कर्म मुक्तिको लागि मानिदैन । तथापि भक्तिको उत्पादनमा यसको उपयोगिता अवश्य पनि रहेको छ । यस यज्ञादिमा समन्वित कर्महरू भक्तिका लागि असङ्गत हुँदैनन् । किनकि त्यो एकमात्र उपास्यतर्फ नियोजित हुन्छ जो वैष्णवको पनि ईश्वर हो । भक्तले नित्य र नैसर्गिक कर्म छोड्नु हुँदैन । किनकि कर्मको त्याग निरर्थक हुन्छ । यस प्रकारको त्यागको वास्तविक अर्थ हो बिना कुनै फल या लाभ इच्छाको कार्य सम्पादन । अर्थात् फलको आश नगरी गरिने कर्म । सन्यासिले मात्र मुक्ति प्राप्त गर्दछन् भन्ने गरिन्छ । तर कुनैपनि वर्ग या आश्रमका मानिसहरू आफ्नो धर्मअनुकुल कर्म गर्दछ तथा सतत ध्रुवाभक्तिबाट अनुप्राणित छ भने उसले मुक्ति प्राप्त गर्दछ ।[१३९] वेंकट र रामानुजका अनुसार भगवत् कृपाले अधिकांश प्रारब्ध नष्ट हुन जान्छन् ।[१४०]

राघवानन्द रामानुजकै सम्प्रदायका थिए । भक्तमालका आधारमा रामानन्द पनि राघवानन्दका शिष्य थिए । यो कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । राघवानन्दको एकमात्र अव्यवस्थित एवं अधुरो रचना 'सिद्धानपंञ्चमात्र'मा प्रेम र योगको सम्बन्धमा कतिपय विचारहरू अवश्य पनि पाइन्छ । तर ती स्पष्ट

१३७ उही पृ. १६२ ।
१३८ उही पृ. २९२।२९३ ।
१३९ उही पृ. २९३ ।
१४० उही पृ. ३८० ।

रूपमा छैनन् । यसमा भक्ति र योगसँग समन्वित साधनाको परम्परातर्फ सङ्केत गर्दै भनिएको छ 'सनक सनन्दन सनतकुमारले योग चलाए । सनकआदि गुरु भाइहरूले प्रेम सुनेर डण्ड कमण्डल योग चलाए । यस विषयमा कुनैपनि निश्चित कुरा भन्न सकिँदैन । केवल यति मात्र भन्न सकिन्छ पञ्चमात्रामा सङ्केत साधनासँग ब्रह्म कुमारको कुनै सम्बन्ध थियो । यस रचनामा योग तत्त्वको नै प्रमुखता देखिन्छ । यसमा सत्‌गुरूको महत्त्वलाई स्वीकार गरिएको छ ।[९४१] रामानन्दको वैष्णवमताब्जभास्करका अनुसार परमतत्त्व एउटै हो तथापि उसका तीन रूपहरू छन्- चित, अचित र ईश्वर । चित् जीव हो अचित प्रकृति या माया हो तथा ईश्वर परब्रह्म हो । यी तीनै नित्य अनादि र अजन्मा छन् । जीव र प्रकृतिको ईश्वरमा निवास रहेको छ । यसर्थ जब आफूमा शुद्ध रूपमा ईश्वरमा निवास गर्दछ त्यतिबेला .... भन्दा भिन्न भएको अनुभव हुन्छ । चित, अल्पज्ञ, चेतन, सतत, परवश, सूक्ष्माति सूक्ष्म, कतृत्वभोक्तृत्वादि, अभिमान वाला हो । प्रकृति, अचित, अज्ञ, विश्वयोनि, नाना वर्णात्मिका, निर्व्यापारा, परार्था, महत्, अहङ्कार आदिलाई उत्पन्न गर्दछ । ईश्वर सम्पूर्ण सृष्टिको आधार, सर्वकारण, सर्वशक्ति सम्पन्न, सर्वकल्याण गुण निलय, जगतको कर्ता, धर्ता, हर्ता, कुटस्थ, सर्वज्ञ चेतन हो । त्यो अजर, अरम, अगोचर छ ।[९४२] राम ईश्वर हुन् । जीव या चितको वद्ध भुक्तादिमा कैयौ भेदहरू रहेका छन् । बद्धजीव दुई प्रकारका हुन्छन् । वुभुक्षु र मुमुक्षु । कर्म अनुसार देहाभिमानी जीव बद्ध हुन्छ । जीव जब भगवद् कृपाद्वारा अविद्याबाट विमुक्त भएपछि दुष्ट कर्मवासना छुट्न जान्छ त्यसलाई ममुक्षु भनिन्छ । जबसम्म साँसारिक भोगको इच्छा उसमा रहन्छ, तबसम्म उसलाई बुभुक्षु भनिन्छ । बुभुक्षु र मुमुक्षुमा यस प्रकारका कैयौ फरकपनाहरू रहेका छन् ।[९४३]

साधना दुइप्रकारका हुन्छन्: ध्यान र भक्ति । ध्येयको सतत चिन्तन नै ध्यान हो । यो ध्यान साधना, आत्मरत, प्राणजित, जितेन्द्रिय जीवद्वारा नियमित रूपमा गरिन्छ । यो ध्यान सितासहित सबै आयुधसँग सज्जित, परम सुन्दर, द्विभुज रामले रामको गरिन्छ । विस्तारमा उनको सौन्दर्य, आभुषण,

---

९४१ डा. पिताम्बरदत्त बड्थ्याल: योग प्रवाह पृ. ४-६, ८, १८ ।

९४२ वैष्णवमताब्जभास्कर, श्लोक ६-९ ।

९४३ उही श्लोक १२५-१२९ बाट अगाडि ।

आयुध आदिको व्याख्या गरिञ्छ ।[१४४] शर, चाप, उर्ध्वपुण्ड्र, श्रुतिश्रुतनाम, मन्त्रमाला आदिलाई मोक्षाको साधन भनिएको छ । यस साधनामा प्रवेश गर्नका लागि गुरूको महत्त्व, दिक्षा तथा त्यसका क्रियाहरू बताइएको छ ।[१४५] भक्ति उपाधिनिर्मुक्त परमात्म सेवा हो । यसमा अनन्य भावले मानस नियमन हुनुपर्दछ । भगवत्परत्व वा भगवानको पारतन्त्रयमा रहनु आवश्यक छ । यस प्रकारको भक्ति तैलधारावत अनष्ट संस्मृति स्वरूपा हो । यस्तो भक्तिमा विवेक आदिका सात भूमिका तथा यमादीका आठ अवयवहरू छन् । यस प्रकारको भक्तिलाई ९ प्रकारका मानिञ्छन् । (१) उदारकिर्तिको श्रवण (२) कीर्तन (३) हरिस्मरण (४) चरणकमलमा संश्रिति (५) समर्चन (६) बन्धन (७) दास्य (८) सख्य (९) आत्मसमर्पण ।[१४६] भक्तिलाई पुष्ट अर्थात् पूर्ण गर्नका लागि आचारमा व्रत, उपवास, तीर्थगमन, तीर्थनिवास आदिको विधान बनाइएको छ। व्रतहरूमा एकादशी, रामनवमी, जानकी नवमी, हनुमज्जन्म, नृसिंहजयन्ती, कृष्ण अष्टमी, वामन द्वादशी आदिको व्रत तथा उत्सवमा रथोत्सव आदिको नियम विधान बताइएको छ ।[१४७] यो मुक्तिको गौण साधना हो । मुक्तिको प्रधान साधनामा भगवानको निर्हेतुकी कृपाको गणना गरिञ्छ । भगवद् प्रपन्न भएपछि जीव चाहे निष्कर्म कर्मयोगको होस् चाहे ज्ञान योग या भक्तियोगको अनुष्ठान गरोस्, कुनैपनि एक कुराको अनुष्ठानले ऊ मुक्ति हुन जाञ्छ ।[१४८] भगवद्स्वरूपा श्रीपदले अभिहित हुने भगवती सिता जो दयालु भएर जुन जीवलाई भगवानको काखमा राखिदिञ्छिन् भगवानले त्यसलाई स्वीकार्दछन् । स्वजनको अपराधतर्फ नहेर्नु नै वात्सल्य हो । भगवानको यही वात्सल्य जीवको मोक्षाका लागि हो । कसैको पनि दुःखलाई सहन गर्न नसक्नुलाई नै दया भनिञ्छ । भगवानको यसै दयाबाट जीवको मोक्ष हुञ्छ ।[१४९] न्यास र प्रपती अभेद रहेका छन् । आफूलाई भगवत्परतन्त्र मैले नै स्वतन्त्र स्वकल्याण सम्पादन गर्न सक्तछु भन्ने कुरा नमान्नु नै न्यास हो । यो न्यास प्रपतीको शक्त या सबै अधिकारी मानिञ्छ । यसका लागि कुल, वल, काल र बाह्य पवित्रताको अपेक्षा हुँदैन । प्रपतीमा

१४४ उही श्लोक, ५४-५९ ।
१४५ उही श्लोक ६०-६४ ।
१४६ उही श्लोक ६५-६७ ।
१४७ उही श्लोक ६८-९२ ।
१४८ उही श्लोक ९३-९५ ।
१४९ उही श्लोक ९६।९९ ।

धर्म त्याग आवश्यक छ । धर्म त्यागको अर्थ हो प्रपतीद्वारा कुनैपनि कर्ममा आफ्नो स्वतन्त्रतालाई नसम्झनु, अर्थात् मेरो स्वतन्त्रता केही गर्न सक्तैन । यो कुरा मान्नुलाई नै धर्म त्याग भनिञ्छ । धर्म, ज्ञान, जप, तप, यम नियम आदि उपायान्तर प्रपतीका विरोधी हुन् । कुनै अन्य उपायहरूको अभिमानबाट पनि प्रपती निवृत हुन जाञ्छ । वेदविहिन कर्म गर्नेहरूका पनि दुई प्रकारका भावना अपेक्षित छन् । एउटा यो हो कि कर्महरूको अनुष्ठान भगवान्को आज्ञाको पालनाका लागि हो । दोस्रो यो हो कि अन्य मानिसहरूको कर्म त्यागलाई देखेर कर्म त्यागी बनोस् । यसकारण लोक सङ्ग्रहार्थ कर्तव्य हो । प्रपतीका छ अङ्गहरूमा कुनै प्रपन्नले यदि कुनै अङ्ग सम्पन्न भएको छैन भनेपनि प्रपतीमा हानी नोक्सानी हुँदैन । यस प्रकारको प्रपती भगवान्को प्रसन्नताका लागि हो। यद्यपि शास्त्रमा भिन्न भिन्न अपराध कर्मका लागि भिन्न भिन्न प्रायश्चित मार्ग बताइएको छ । तथापि भगवान्मार्गमा ती प्रायश्चितको आवश्यक्ता पर्दैन । भगवज्जनद्वारा भएको प्रपती या सर्वतोभावेन भगवदाश्रय स्वीकारको स्मरण नै प्रायश्चित हो । प्रपती स्मरणबाट सबै पापहरू आर्जन हुन जाञ्छन् । शास्त्रमा भगवत्सेवाको जुन विधि बताइएको छ त्यसको जुनप्रकारले अपेक्षाकृत अत्यन्त निकृष्टहरूले भगवद्पालना गर्दछन् र राम्रा सज्जनहरूले पनि पालना गर्नुपर्दछ।[१५०]

मोक्ष कैवल्यलाई मानिञ्छ । यो अवस्थामा चित या जीवले आफ्नो सूक्ष्म शरीरलाई त्याग गरिदिञ्छ । चन्द्रलोकभन्दा पर विरजा नदी छ र त्योभन्दा पर कैवल्य छ ।[१५१] सबै धर्ममा श्रेष्ठ धर्म अहिँसा हो । तान्त्रिक विधि अनुसार शक्तिपीठमा दिइने बलि पशुमुक्तिको लागि हो त्यो हिँसा होइन । अहिँसाको तुलना दान, जप, तपसँग हुन सक्तैन । यसप्रकार समस्त शुभकर्महरूको भगवद्दर्पण गर्ने भगवद्दर्पित प्रसादको सेवन गर्ने जीव साँसारिक भय त्रासबाट मुक्त हुन जाञ्छ ।[१५२] धर्ममा अर्चालाई पनि स्थान दिइएको छ । अर्चावतारका चार भेद- स्वयं व्यक्त, दैव, सैद्ध र मानुष बताइएको छ । त्यसको पूजाका लागि षोडशोपचारको विधान छः देशकालको उत्कृष्टता रहित आश्रिताभिमत अर्चकका समस्त अपराधहरूलाई क्षमा गर्ने दिव्य देहयुक्त, सहजनशील आफ्ना

---

१५० उही श्लोक १००-१०८ ।

१५१ उही श्लोक ११०-१११ ।

१५२ उही श्लोक ११३-११६ ।

सबै कर्महरूमा अर्चकको अधिनता स्वीकार गर्ने मुर्ति विशेषलाई अर्चावतार भनिन्छ ।[१५३] यस प्रकारका सम्पूर्ण साधनाहरूको लक्ष्य सीतासहित अनेक विशेषणले विशिष्ट राम हुन् । भगवानको स्वरूप ज्ञानका लागि सवाधारी सिद्ध गुरूसँग जानुपर्दछ । सत्संगको प्रभावले संसारबाट विरचित लाभ गरेर गुरूबाट श्रीरामको प्रपतीलाई स्वीकार गर्दै प्रारब्ध कर्महरूलाई नष्ट गरेर, प्रपतीद्वारा भगवानकृपाबाट आफ्नो अविद्यालाई नाश गर्नुपर्दछ । तत्पश्चात् सुषुम्णा जीव शरीरबाट निस्किएर अर्चीमार्ग फेरि त्यसबाट अहमार्ग त्यसपछि क्रमशः उत्तरायण, संवत्सर, सूर्य, चक्र, विद्युलोक प्राप्त हुन जान्छ । तत्पश्चात् त्यहाँ सबै देवताहरूबाट पूजीत भएर मानव शरीररहित सनातन साकेत लोक प्राप्त हुन्छ । तत्पश्चात् स्यायुज्य भक्ति लाभ गर्दै भगवद्नंद लाभ हुन्छ । यस प्रकार भगवधामलाई प्राप्त गरेर त्यहाँबाट कहिल्यै पनि फर्किँदैन ।[१५४] वैष्णवमताजभास्करका अनुसार रामानन्द परब्रह्मलाई श्रुतिबेध मानिन्छ । उनी राक्षस र दैत्यहरूका संहारक हुन् ।[१५५] श्री वैष्णवमतका अनुसार भगवानको शरणागति मुक्तिको उत्तम साधन हो । गौण र मुख्य भेद साधनका दुई प्रकार हुन् । गौण साधनाद्वारा मुख्य साधनाको प्राप्ति हुन्छ । पञ्च संस्कार, एकादश्यादि, व्रत आदि गौण साधन हुन् । यीद्वारा मुख्य साधनाको शरणागति योग्यता प्राप्त हुन्छ । गौण धर्मको अनुष्ठान सबै ठाउँमा हुन्छ । तथापि राम मन्त्रलाई सबै ठाउँमा ग्रहण गरिँदैन । द्वादशतिलक आदि सधैँभरि स्वीकार्य हुन्छन् । यसकारण मुख्य धर्म या प्रपती धर्म एकैपटक स्वीकार गरिन्छ । तथापि गौण धर्मको स्वीकृति अनेकौं पटक हुन जान्छ । श्री वैष्णवका मुख्य धर्म २ प्रकारका छन् । अहिँसा र भगवद्दर्शन ।[१५६] संकारतर्फ जाने हो भने साधक भक्तिको अधिकारी हुन्छ । यस प्रकारको भक्ति परानुरक्ति हो । जसमा निश्चलभाव, अनन्यता, भगवत्सेवा, विवेक, निष्कामवृत्ति, आलम्वनको पुनः पुनः चिन्तन । पञ्चमहायज्ञादिको नित्य अनुष्ठान भगवत्कैकर्यादिको नित्य अभ्यास सत्य, ऋजुता, दया, कल्याण साधन, अहिँसा आदिको सङ्ग्रह, दिनताको परित्याग सन्तोषभाव आदिको साधना आवश्यक छ । यसै प्रकारले यमादि अष्टाङ्ग

---

१५३ उही श्लो. ११७-१२० ।

१५४ उही श्लो. १६३-१७२ ।

१५५ उही श्लो. १-२ ।

१५६ श्री भगवदाचार्यः उही पृ. ८०।८६ ।

योग, तैलधारावत अविछिन्न स्मृति भगवत्प्रेम आदि भक्तिका आवश्यक तत्त्व हुन् । मुख्य उपायका रूपमा प्रपती या न्यासको नै व्याख्या गरिएको छ यो समर्पण नवध भक्तिको अन्तिम चरण हो ।[१५७] प्रपन्न पुरुषले वेदलाई मुख्य रूपमा सत्कर्म लोक सङ्ग्रहका लागि अवश्य गर्नुपर्दछ । शास्त्र प्रतिपादित भगवत्सेवा निकृष्ट, उत्कृष्ट सबै वर्गका लागि समान रूपमा आवश्यक छन्। सबै धर्ममा अहिँसालाई प्रमुख मानिएको छ । यिनै कर्महरूमा रामाचार्य छन्। जसको पूजनका लागि षोडशोपचार विधान छ । पछिल्लो गीताको सारलाई वैष्णवहरूले उच्चारण गर्दैनन् । यसकारण वैष्णव शास्त्रहरूको व्याख्यालाई बुझ्दा त्यही रूपमा बुझ्न पर्दछु । मुमुक्षुका लागि सबैभन्दा उत्तम साधन प्रपती या शरणागति हो । यसमा कुनैपनि प्रकारको जातिबन्धन रहेको छैन। मुमुक्षुहरूमा कतिपय यस्ता हुञ्छन् जो निष्काम भावले सतत् स्मरण रूप भक्तिमा तल्लिन रहेका हुञ्छन् । दोस्रो त्यस्ता हुञ्छन् जो मर्यादा अनुसार विहित कर्मलाई मोक्षोपाय मानेर उपासना गर्दछन् । कालक्षेपका लागि भक्तले भक्ति शास्त्रको अध्ययन र श्रवण गर्नुपर्दछ । यी ग्रन्थहरूमा अष्टावक्र गीता, रामगीता, गुरूगीता, कृष्ण अर्जुन संवाद गीता, शिवगीता, भक्तिभाष्य, रामायण, महाभारत आदिको गणना गरिएको छ । गीताहरूमा सर्वश्रेष्ठ गीता शिवगीता हो । यो अरु शास्त्रहरू छुटेछन् भनेपनि नछुटाई पढ्नुपर्ने ग्रन्थ हो । साथसाथै रामानाम किर्तन राममन्त्र जप, सत्संग तिर्थयात्रा आदिको पनि विधान बनाइएको छ । गुरूको आज्ञापालनलाई भगवत्प्राप्तिको एक उपाय मानिएको छ ।[१५८] भगवानको स्वरूप ज्ञानका लागि गुरूसँग जानुपर्दछ । तीर्थस्थानमा वैष्णवको निवास गर्नुपर्ने वैष्णव विधान छ । तथापि यो पनि भनिएको छ, जसलाई जहाँ सुविधा छ त्यहाँ वैष्णवको रीतिथिति अनुसार बस्नुपर्दछ । यो वैष्णवहरूको संकुचीत धारणा हो । वेद र वेदाङ्गी शैव र नाथहरूमा यस्तो धारणा छैन । सबै समान छन् । महाभागवतनै सर्व तिर्थस्वरूप हो । त्यसैले सत्संग गर्नुपर्दछ, सेवा गर्नुपर्दछ । कुनैपनि देवताहरूसँग द्वेष राख्नु हुँदैन । गुरूद्रोहीलाई यस मतको उपदेश दिनु हुँदैन । गुरूभक्तहरूलाई यस मतको दिन स्वीकार्य छ ।[१५९] यी उपदेश प्रसङ्ग अनुसार गृहस्थ र विरक्त दुवैलाई दिने गरिञ्छ ।

१५७ उही श्लोक ६५-६७-९३ क्रमशः अगाडि ।

१५८ उही श्लो. १२६, १३०-१३१, १५४-१५९ ।

१५९ उही श्लो. १६६, १७८, १५१, १८३, १८८-१८९ ।

भास्करमा मुक्तिको पूर्णतया व्याख्या गरिएको छैन । त्यहाँ कैवल्य र सायुज्य दुवैको परिचय पाइन्छ । भनिन्छ बिरजा नदीसँग कैवल्यधाम रहेको छ । प्रपन्न जीव क्रमश पक्ष, मास आदिमार्ग पार गर्दै सूर्य, चन्द्र, विद्युत आदि लोकमा देवतासँग पुजित भएर अमानद परमपद प्राप्त गरेर ब्रह्मपथबाट अधिश्वरको साथ प्राप्त गरेर आनन्दसँग रहन्छन् ।[९६०] यद्यपि विशिष्टाद्वैत ग्रन्थमा कैवल्य र सायुज्यमा कतिपय स्थानहरूमा फरकपना पाइन्छ । तथापि रामानन्दले यी दुवैलाई एक अर्कामा अर्न्तसम्बन्धित मानेका छन् ।[९६१] यस कुराको पुष्टि श्री सम्प्रदायका आचार्यहरूको मतबाट हुन जान्छ । भनिन्छ १४ औं ई.सं. का रामानुजी आचार्य वेंकटका अनुसार भक्ति प्रिती हो । केवल ज्ञान मात्र भक्ति होइन । ईश्वरको सायुज्यको रूपमा मुक्ति यस प्रकारको प्रितीको फल हो । सायुज्य सबै गुणहरूको अधिकारी हुँदैन । यस अवस्थामा जीवात्माले ईश्वरको ज्ञान तथा आयात गर्न पाउँदछ । त्यसपछि ऊ त्यसैबाट सर्वज्ञ र आनन्दमयी हुन जान्छ । मुक्तिको यस अवस्थामा पनि जीव ईश्वरको नित्य र आनन्दमय दासत्त्वमा रहन्छ । वेंकटले कैवल्य सायुज्यसम्मको भेद अर्थात् फरकपना बताएका छन् । भनिन्छ कि कैवल्यावस्थामा मानिसले आफूलाई स्वयं ईश्वर सम्भन्छ, तथापि त्यहाँ पनि अविद्या रहन्छ । यद्यपि त्यहाँ विश्व प्रपञ्चको नाश पनि रहन्छ तथापि मनुष्य केवलत्व या एकत्वको प्राप्ति गर्दछ । तथापि यो वैष्णवको प्रेम होइन । किनकि त्यहाँ यस अनन्त आनन्दको सता छैन । जसको अवस्था वैष्णव मुक्तिमा रहन्छ । यस प्रकार अंशभूत हुनु सायुज्य मुक्ति हो । यो एकप्रकारको विलय हो । तथापि यसको अर्थ भगवानसँग एकत्व प्राप्त गर्नु होइन । यो विलय त्यस प्रकारको विलय हो जसरी मृगको अरण्ड्यमा विचरण रहेको छ । यद्यपि मुक्त जीव ईश्वरभन्दा भिन्न हुन्छ । तथापि उसको सता उसै ईश्वरमा रहन्छ । यस प्रकारको मुक्त जीव ईश्वरभन्दा बाहिर विचरण गर्न सक्तछ । यस्तो पनि हुन सक्तछ कि यो अनिरुद्ध, प्रधुम्न, संकर्षण वासुदेव आदिको परम्परामा प्रवेश गर्दछ । यस प्रकारको मुक्त जीव सृष्टिको उत्पत्ति र संहारसँग सम्वद्ध हुँदैन । सबै विश्व परिवर्तनको हुन्छ र त्यसै रूपमा सतावान हुन्छ । उनीहरू महाभारतको नारायणीयोपाख्यानमा व्याख्या गरिएको मुक्त जीव समान हुन्छन् । फेरि पनि उनीहरू सधैँभरि ईश्वरको

९६० उही श्लो. ११०, १६९-१७० ।
९६१ उही पृ. १३८ ।

आज्ञामा रहन्छन् तथापि यस प्रकारको नियमनबाट उसलाई कुनै प्रकारको दु:ख हुँदैन ।[१६२] यद्यपि रामानन्दले भास्करमा सायुज्य र कैवल्य अवस्थाको व्याख्या गरेका छैनन् । उनका पूर्ववर्ती आचार्यहरूले जस्तै रामानन्दले यी दुवै शब्दका लागि जुन विशेषणको प्रयोग गरेका छन् । त्यसबाट जानकारी हुन्छ कि रामानन्दका अनुसार एकै दिशा व्यक्त गर्ने शब्द हो तथा सायुज्य स्थिति आनन्दमय स्थिति हो ।[१६३] रामानुजको पूर्ववर्ती साहित्यमा उपलब्ध विचारका साथ रामानन्दको 'भाष्कर'मा विवेचना गरिएको विचारको तुलना गर्ने हो भने धेरै कुरामा समानता पाइन्छ । श्वेताश्वर उपनिषदमा व्याख्या गरिएको परा भक्ति कर्म समर्पण या निष्काम कर्म योग, ध्यान योग, शरणागति, गुरूभक्ति सिद्धान्तलाई 'भाष्कर'मा समान रूपमा पाउन सकिन्छ । नारायणीयोपाख्यानको अहिँसा भक्ति तथा उसको कर्मकाण्ड तप आदिको श्रेष्ठता, एकान्तिकताको विशेषता श्रीभाष्करमा उपलब्ध छ । तथापि कर्मको निस्सारता बताइएको छैन। नत 'तप'को आवश्यक्ताका बारेमा स्पष्ट सङ्केत गरिएको छ । भाष्करमा कर्मको शास्त्रविहिन कर्मको सम्पादन लोक सङ्ग्रह र लोक रक्षणका लागि आवश्यक बताइएको छ । गीताको निष्काम कर्मयोग, शरणागति, एकान्तिक धर्म, भक्ति र उपासना नारी पुरुष सबैको अधिकार प्रदान यी सबै तत्त्वलाई भाष्करमा स्वीकारिएको छ । गीतामा ज्ञानको अपेक्षा सहित भक्तिलाई महत्त्व दिइएको छ। तर भाष्करमा यस प्रकारको तुलनात्मक विवेचना पाइँदैन । कतिपय सङ्केतहरूका आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि भाष्करमा भक्तिलाई कर्मभन्दा श्रेष्ठ भन्न खोजिएको छ । शङ्कराचार्यले पञ्चरात्र मतको पूजा उपासना पद्धतिमा जुन पाँच अङ्गहरू बताउनु भएको छ यी प्राय: सबै कुराहरू शब्दान्तरमा भाष्करमा पाइन्छन् । नारदपञ्चरात्रमा हरिपूजाका जुन ६ अङ्गहरू बताइएको छ । त्यो पनि भाष्करमा कुनै न कुनै रूपमा उल्लेख गरिएको पाइन्छ । पञ्चरात्र मतमा भक्ति र उपासनामा प्रवेश गर्ने अधिकार सबैलाई समान रूपमा दिइएको छ । भाष्करले प्रपती साधनामा कुनैपनि प्रकारको जातिगत या योनीगत बन्धन स्वीकार गर्दैन । सबैलाई समान रूपमा प्रवेशको अधिकार रहेको छ । 'अहिर्वुंध्न्य' सँहितामा जीवात्मालाई सर्वप्रकारेण परमात्मामा आश्रित मानिन्छ। त्यसैगरी भाष्करले पनि मान्दछ । भनिन्छ कि प्रपती मात्रले पनि सबै प्रकारका

१६२ ए हिस्ट्री आव इण्डिया फिलासफी दास गुप्त वा. ३ पृ. १६१-१६२ ।
१६३ वैष्णवमतावजभास्कर श्लोक ११०, १६९, १७० ।

सत्कर्मको फल प्राप्त हुन जान्छ। भाष्करमा पनि प्रपतीको यसैप्रकारको श्रेष्ठता निरुपित छ। भाष्करमा अहिर्वुध्न्य सरह नै सुषुम्नाको महत्त्व स्वीकृत छ।[९६४] जुन प्रकारले भाष्करमा प्रपतीलाई मुक्तिको मुख्य उपाय मानिएको छ, त्यसैगरी अहिर्वुधन्यमा पनि मानिएको छ। अहिर्वुधन्य सरह नै भाष्करमा पनि भक्तिका लागि यम, नियम आदिको आवश्यक्ता स्वीकृत छ यद्यपि दुवै स्थानमा गौण उपाय बताइएको छ।

भाष्कर अहिर्वुधन्यको निकटता नारद पञ्चरात्रसँग मिल्दछ। कतिपय अन्तरहरू पनि रहेका छन्। नारद पञ्चरात्रमा गुरूको जति महत्त्व र महिमा रहेको छ त्यति भाष्करमा छैन। भाष्करमा गुरूलाई संस्कार दिने तथा भगवत्स्वरूप ज्ञान दिने रूपमा स्मरण गरिएको छ। अवांतर रूपमा यो पनि भनिएको छ उनकै कृपाबाट भगवत्प्राप्ति पनि हुन सक्तछ। तथापि नारद पञ्चरात्रमा गुरूका आसन साथै उनको भक्ति सम्बन्धमा 'भाष्कर'मा छैन। यहाँसम्म कि पञ्चरात्र आगमको अनुसरण गर्ने रामानुजको मतमा पनि छैन। मुख्य रूपमा गुरूलाई नारद पञ्चरात्रमा हरिबाट अभिन्न भनिएको छ। तथापि भाष्करमा यस प्रकारको कुनैपनि उक्ति पाइँदैन। नारद पञ्चरात्रमा जति प्रकारका भक्ति बताइएको छ, त्यसमा अधिकांश भाष्करमा प्राप्त छन्। अहिँसाबाट परम धर्म हुने कुराको घोषणा, नारद र भाष्कर दुवैमा छ।[९६५] श्रीकृष्णको अहिँसा परमो धर्म, धर्महिँसा तथैवच हो। महाभारतको युद्ध धर्मरक्षार्थ थियो। वर्णशङ्कर भएपछि भगवान् कृष्णले आफ्नै कुलको सफाया गर्नुपर्ने बाध्यतालाई कसरी हेर्ने ? वैष्णवहरूले श्रीकृष्ण भगवान्को धर्महिँसा तथैवचलाई उच्चारण गर्दैनन्। यी पाखण्डीहरू यसकारण बाह्य रूपमा हातमा 'गीता' बोकेर स्वयं कृष्ण भगवान्का सच्चा अनुयायी नै होइनन्। रामको शिवभक्त शिवभक्तिबाटै आदिनाथ शिवले रामलाई दिनुभएको शिवगीताको उच्चारणनै गर्दैनन्। यी पाखण्डीहरूकै कारण भारत १ हजार वर्ष गुलाम बन्यो। पाखण्ड बोकेका यी वैष्णवहरू आजपनि त्यसको समिक्षा गर्न तयार छैनन्। गाना, बजाना, नाचगानलाई नै भक्ति भनेर संसारभरि आफ्नो पाखण्डीपना प्रदर्शन गरिरहेका छन्।

---

९६४ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १४८।

९६५ वैष्णवमताब्जभाष्कर श्लोक १५५-१६२।

भक्ति शास्त्रीय ग्रन्थको पाठ श्रवणलाई दुवैले स्वीकार गरेका छन् । पञ्चरात्रको कृपातत्त्व स्पष्टतया भाष्करमा पाइन्छ । अपेक्षा गरिएको धेरै कुराहरूमा नारद भक्तिसूत्र र भाष्करमा समानता रहेको छ। भक्तिलाई परानुरक्ति मान्नु, भक्तिको आनन्दमयता, मोक्षस्वरूपत्व, अनन्यता समर्पण आदि तत्त्वहरू स्पष्ट रूपमा दुवैतर्फ पाइन्छ । नारदका कैयौं सूत्रहरूमा एकसाथ विचार गर्दा यस्तो अनुभव हुन जान्छ कि शास्त्र रक्षाको आवश्यक्ता या शास्त्रोक्त कर्म र कर्तव्यको पालना त्यतिबेलासम्म आवश्यक छ जबसम्म भक्ति उत्पन्न हुँदैन जबसम्म पतनको आशङ्का रहन्छ त्यतिबेलासम्म त्यसको पालना आवश्यक हुने उल्लेख गरिएको छ । कतिपय विद्वान्हरूले नारदको शास्त्र रक्षणको भिन्न अर्थ लगाएका छन् । भक्ति विरोधी कर्मप्रति उदासिनताको भावको उपदेश नारदले दिए । तथापि भाष्करमा यस विषयमा केही पनि उल्लेख गरिएको छैन । 'भाष्कर'का अनुसार यस्तो अनुभव हुन्छ कि वैदिक कर्मको सम्पादन आवश्यक छ । ज्ञानलाई दुवैले आवश्यक मानेका छन् । नारदभक्तिसूत्रमा स्पष्ट रूपमा कर्म, ज्ञान र योगलाई नै भक्तिको उच्चतम रूप भनिएको छ। तथापि भाष्करमा श्रेष्ठता र नेष्ठताको विचार व्यक्त नगरिकन गुरूप्रदत ज्ञानलाई सहायक मानिएको छ । भक्ति साधनामा निर्वाध रूपमा भजन, श्रवण, कृतन, महत्कृपाको प्राप्ति महत्त्वसँग, कर्म सन्यास, वैदिक कर्मको सन्यास या समर्पण आदि समान रूपमा स्वीकार गरिएको पाइन्छ ।

नारद तथा भाष्करको कर्म सम्बन्धी मतको समिक्षा गर्दा स्पष्ट हुन जान्छ कि 'भाष्कर' नारदको अपेक्षा लौकिक, वैदिक कर्मको सम्पादनका लागि अत्यन्त चिन्तित रहेका छन् । यो पनि अनुभव हुन्छ कि भाष्कर नारद पञ्चरात्र र भक्तिसूत्रको अपेक्षा, सामाजिक मर्यादारक्षाण, लोकरक्षाण, लोक सङ्ग्रहलाई अधिक महत्त्व दिइएको छ । यस प्रकारको भक्तिको सामाजिक पक्षमा विशेष ध्यान राख्दा यो कुरा बुझ्न सकिन्छ । जसरी नारद भक्तिसूत्रमा व्यक्तिगत, हार्दिकतापूर्ण प्रेमलाई अत्यन्त महत्त्व दिइएको छ, त्यसैगरी भाष्करमा भक्तको भक्तिमा सामाजिक मर्यादा र व्यवस्थालाई पर्याप्त स्थान दिइएको पाइन्छ ।[९६६]

---

९६६ नागेन्द्रनाथ उपाध्याय नाथ और सन्त साहित्य, पृ. १४९ ।

भक्तिसूत्रमा भक्तको हृदयपक्षको व्याख्या गरिएको छ । त्यसैगरी भाष्करमा साम्प्रदायिक स्वर अधिक स्पष्ट छ । नारदले एकदशभेदाभक्तिको जो वर्णन गरेका छन् । त्यसका अधिकांश कुराहरू 'भाष्कर'सँग मिल्न जान्छ । भाष्करमा मुख्य रूपमा आर्यभतृत्व सम्बन्ध, सेवक, सेव्य सम्बन्ध विवृत छ । नारदको एकादशधाभक्तिमा दासाभक्ति तथा कान्ताशक्तिको भक्ति पनि रहेको छ । 'भाष्कर'मा जो नवधाभक्ति बताइएको छ त्यसमा स्मरण, सख्य, दास्य, आत्मानिवेदन आदि स्पष्टतया नारदमा पाइन्छ । दुवै भक्ति साधनाका लागि, रूपा कुल, धन, क्रिया आदिका कुनैपनि बन्धनलाई स्वीकार गर्दैन । अहिँसाको आचार तथा साथनै सत्य सौच आदिको आचार हो । दुवै भक्तिका लागि उपकारक मानिन्छन् । यस प्रकार यस विवेचनाबाट स्पष्ट हुन्छ कि भक्ति, भेद, आचार, प्रपती, पूजा आदिको जुन सम्बन्ध छ विभिन्न दृष्टिकोणबाट नारद पञ्चरात्र, नारद भक्तिसूत्र र भाष्करमा पर्याप्त मात्रामा समानता पाइन्छ । यदि नारदिय भक्तिको स्वरूपका कुनैपनि रूप रेखा नारायणीयोपाख्यान, नारदपञ्चरात्र र नारद भक्तिसूत्रको व्याख्यालाई ध्यानमा राख्न सकिन्छ । यसमा परम्पराविनिमुक्त, आनन्दमय प्रेममार्गको निरूपण नारदभक्तिसूत्रमा पाइन्छ । जुन भक्तिको बारेमा अहिलेसम्म व्याख्या गरेर बताइएको छ । जुन तत्त्वको परिचय दिइएको छ त्यसलाई कहिलेकाहीँ 'रस' पनि भनिन्छ । 'रस' शब्दको कैयौं अर्थ रहेका छन् ।[९६७] भक्तिको प्रसङ्गमा प्रायः जुन अर्थ ग्रहण गरिएको छ त्यो हो स्वाद प्रिति या प्रेम, आनन्द, सौन्दर्य । यसमा दोस्रो र तेस्रो अर्थ विशेष गरेर रूपमा ग्रहण गरिन्छ । साहित्यमा निष्पन्न आनन्दात्मक अनुभवका रूपमा यस शब्दको ग्रहण गरिएको छ । रसको अर्थ मदिरा, आसवलाई पनि लिइन्छ । कतिपय स्थाना रस शब्दको प्रयोग जसमा प्रिति या प्रेम, आनन्द र मदिराको मादकता साथ अजरत्व प्रदायक तत्त्वका अर्थमा समन्वय गरिएको छ । जहाँसम्म भक्ति रसको सम्बन्ध छ जस्मा भगवत् साक्षात्कार भएपछि कल्पनामा पूर्ण चिन्तन हुँदा भक्तको रसानुभूति हुन्छ । भक्तको अनुभूति त्यो हो जस्तो काव्यमा, कविता, साहित्यको रस प्रिति या कवि डुबेको हुन्छ । यस प्रितिको प्रक्रिया उही काव्यात्मक रस प्रितिको जस्तै हुन्छ । मानिसमा दुई प्रकारका अर्न्तवृत्तिहरू रहन्छन् । कल्पना या भावना र भाव या रागात्मिक वृत्ति । पहिलो विज्ञातको भित्र साक्षात्कार

---

९६७ उही पृ. १५० ।

हुञ्छ, दोस्रोबाट आनन्दको अनुभूति हुञ्छ । यी दुवैको सहायताले भक्ति रसको निष्पती हुन जाञ्छ । भक्ति मार्ग आफ्नो शुद्ध रूपमा धर्मभावनाको भावनात्मक या रसात्मक विकास हो । व्यक्तिमा यसको विकास ईश्वरप्रति उपास्य स्वरूपको प्रतिष्ठापछि हुने गर्दछ । स्वरूपको यो प्रतिष्ठा तत्त्व चिन्तन या ज्ञानको प्रकृत पद्धतिद्वारा हुञ्छ । यस मतमा यस प्रकारका स्पष्ट कुराहरू देखाइएको पाइञ्छ। पहिलो आलम्वनको स्वरूप सामाजिक धार्मिक प्रतिष्ठाको आधारमा तत्त्व चिन्तनको सहज प्रक्रियाद्वारा हुञ्छ । दोस्रो यो हो कि भक्ति रसानुभावको प्रक्रिया काव्यात्मक रस निष्पति प्रक्रिया जस्तै हुञ्छ ।[१६८] काव्य शास्त्रीय दृष्टिकोणबाट बाट्याचार्य भरतको मतको प्रतिष्ठालाई सुरक्षित राखिएको छ। रसहरू नौ नै किन छन् ? यसको विवेचना गर्दा पूर्वपक्षमा भक्तिरसको पूरा स्वरूप खडा छ । जब भगवद्‌भक्तहरू भागवत आदि पुराणहरू सुञ्दछन्, त्यो समयमा जुन भक्तिरसको अनुभव गर्दछन्, त्यसलाई कसैगरी पनि लुकाउन सकिँदैन । त्यस रसप्रति भगवानको आलम्वन रहेको छ । भांगवद् श्रवण आदि उद्धीपन हो । रोमाञ्च अश्रुपात आदि अनुभ हो र हर्ष आदि सञ्चारी भाव हो। यसको स्थायी भाव हो भगवान्सँग प्रेमरूप र भक्ति । यसको सान्त रसमा पनि अन्तर्भाव हुन सक्तैन । किनकि अनुराग प्रेम वैराग्यको विरुद्ध रहेको छ। शान्त रसको स्थायी भाव नै वैराग्य हो ।[१६९]

भक्तिरसका सम्बन्धमा दोस्रो मत प्राचीन भारतीय भक्ति शास्त्र एवं भक्तिधाराका आचार्यहरूको हो । यस प्रकारको भक्तिरसको व्याख्या भागवत् अल्बारोमा तथा गौडीय वैष्णवमा क्रमश पाइञ्छ । शाण्डिल्य भक्तिसूत्रमा भक्ति सम्बन्धी जिज्ञासाको समाधान गर्दै भक्तिको द्वैषको प्रतिपक्षी हुनु तथा रस शब्दको प्रतिपादक हुनुको कारणलाई राग भनिञ्छ ।[१७०] शाण्डिल्य भक्तिलाई स्पष्ट रूपमा रसात्मक मानिञ्छ । भागवत्मा रागद्वारा उपलब्ध भक्तिपरक मादकताको व्याख्या गरेको पाइञ्छ । तथापि भगवानमा श्रीकृष्णको जीवनसँग सम्बन्धित विभिन्न व्यक्तिहरूले आफ्नो अभिन्न अनुभव गरेर प्रेमभावको विकास गरेको प्रवृति पाइँदैन । कतिपय व्यक्तिले कुनै गोपीसँग आफूलाई अभिन्न मानेर विरह

---

१६८ पं.रामचन्द्र शुक्लः सुरदास पृ. ३३, ४१ ।

१६९ अनु. पुरुषोत्तम शर्मा चतुर्वेदीः हिन्दी रस गङ्गाधर १ ला भाग पृ. ११०-१११ ।

१७० शाण्डिल्य भक्तिसूत्र, अध्याय १ अह्निक १, सूत्र ६ 'द्वैष प्रतिक्षभावाद्रसशब्दाच्चराणः ।'

वेदनाहरू व्यक्त गरेको पाइँदैन । विष्णु भागवत्, हरिवंश आदि पुराणहरूमा यस प्रकारका कुनैपनि कुराहरू उल्लेख गरिएको छैन । अभिन्नानुभवको प्रक्रियाको प्रथम दर्शन अल्बारोमा हुञ्छ । यस प्रकारको अभिन्नता स्थापनको प्रक्रियाको चरम परिणति बङ्गालको गौडीय वैष्णव भक्तमा देखापर्दछ । जब यस प्रकारको प्रवृतिको गौडीय मतमा १० औं ई.सं. देखि १५ औं ई.सं. का बीचमा महत्त्व दिइएको छ । संस्कृत काव्य शास्त्रद्वारा विवेचित रतिभावलाई पनि स्वीकृत दिइयो । गौडीय वैष्णवमा यस प्रकारको प्रेमको विकासका विभिन्न उत्तरवर्ती भावपरक विश्लेषण स्वीकार गर्दै त्यसलाई भक्तिभावको विकासका विभिन्न अवस्था बताइएको छ । रूप गोस्वामीको 'उज्चलनीलमणि'मा यसको उदाहरणसहित व्याख्या गरेको पाइञ्छ । त्यसमा भनिएको छ गोपीनीहरू तथा राधाको जुन पौराणिक जीवनको चर्चा गरिञ्छ त्यसमा सामान्य भक्तिको चरम परिणति गम्भिर श्रृंगारपरक भक्तिमा रहेको छ । उनको मतअनुसार नाटकका अभिनयमा जुन प्रकारको सहानुभुतिपूर्ण रुची क्रियाशिल हुञ्छ, त्यसै प्रकारले समसहानुभूतिपूर्ण अनुकम्पा राख्नाले व्यक्तिलाई त्यसै प्रकारको प्रेमानन्दको अनुभूति हुन जाञ्छ । जस्तो राधा र गोपीनीहरूमा रहेको छ । काव्य शास्त्रको सैद्धान्तिक विचारधारा अनुसार नाट्याभिनयको प्रेक्षक हृदयको भाव, प्रेक्षणको समय यसरी उद्दीप्त हुन जाञ्छ कि व्यक्तिको व्यक्तित्वको निर्माण गर्ने काल साथसाथै देशको व्यक्तिगत सिमा तथा व्यक्तिगत अनुभवको इतिहास, सबै त्यो समयका लागि तिरोहित हुन जाञ्छन् । यस प्रकार व्यक्तित्वको एकै दिशामा भावको प्रवाह प्रेक्षाकलाई काल्पनिक ढङ्गले अभिनेताबाट छुट्याउन दिँदैन । तथापि अभिनित मुलपात्रसँग अभिन्न गराइदिञ्छ । जसको भावको अभिनय अभिनेता रङ्गमञ्चमा प्रस्तुत हुन जाञ्छ । यस प्रकार एउटा भक्त ध्यानमा अति लिन भएर आफ्नो आन्तरिक मादकताको माध्यमबाट आफैलाई यस्तो भावातिरोकावस्थामा उदय गराउँछ र क्षीणतम निर्देशन मात्रले पनि आफूलाई कुनै गोपीनी या राधाको काल्पनिक पदतर्फ प्रेषित गर्न सक्तछ । फेरि त्यसैगरी ऊ अनवरत रूपमा ती सबै गम्भिर र सच्चा प्रेमको अनुभव प्राप्त गर्दछ । जसमा कुनै अति उद्दीप्त संवेगात्मक प्रेम अनुभव गर्न सक्तछ । यस प्रकारको भागवत परिवर्तनतर्फ सर्वप्रथम अग्रसर हुने अल्वार नै थिए ।[१७] नारदले भक्तिलाई

१७ दास गुप्तः ऊ हिस्ट्री आव इण्डियन फिलासफी वा. ३ पृ. ८१-८२ ।

फलरूपा मानेका छन् । नारदको विवेचनाबाट स्पष्ट हुञ्छ कि भक्ति साधना रूपा र साध्य रूपा दुवै हो । यसलाई कर्म ज्ञान र योगभन्दा श्रेष्ठ मानिञ्छ। तर शैवमा ज्ञान योग र कर्मलाई श्रेष्ठ मानिञ्छ । वैष्णवको यही कर्म, ज्ञान, योगलाई प्रमुखता नमान्ने भक्ति मात्र गर्ने धाराकै कारण भारत १ हजार वर्ष गुलाम बनेको कुरा अगाडिनै उल्लेख गरिसकिएको छ । नारदका अनुसार भक्ति न स्वयं कर्मको फलस्वरूप न ज्ञानको फलस्वरूप योगको फलस्वरूप प्राप्त हुञ्छ । भक्तिका अन्य आचार्यहरूले साथमा रूपा, भक्ति, साध्यरूपा या फलरूपा या भावभक्तिको विवेचना गरिएको छ । बल्लभाचार्यले भक्तिस्वरूपाको विश्लेषण गर्दै भनिएको छ भक्तिमा दृढ एवं व्याकुलताले पूर्ण रागतो रहञ्छ नै साथै भगवानको महानताको ज्ञान पनि रहञ्छ । यसैबाट मात्र मुक्ति प्राप्त हुने मान्यता छ । यद्यपि उनको दृष्टिकोणमा भक्तिसाधना हो । साथै मोक्ष साध्य हो। तथापि यो साधना अवस्था नै सबैभन्दा उत्तम हो । ब्रह्मनन्दमा प्रवेश गर्ने भक्तले आफ्नो आत्मामा नै त्यस्तो आनन्दको अनुभव गर्दछ । तथापि जो भक्तको अवस्थामा प्रवेश गरेको छैन ऊ जीवनमुक्तिको अवस्थामा प्रवेश गर्न सक्तैन। केवल आफ्ना सबै इन्द्रियको अन्तस्करणबाट भागवत आनन्द प्राप्त गर्दछ ऊ जीवनमुक्तभन्दा श्रेष्ठ हो । जो सामान्य गृहस्थ पनि हुन सक्तछ ।[१७२] गौडीय वैष्णवमत कवीरको परवर्ती हो । गौडिय वैष्णवहरूको मत अपेक्षाकृत अधिक महत्त्वपूर्ण मानिनुको कारण उनीहरूको विचार नारदको परम प्रेमरूपा भक्तिको अधिक अनुकुल र निकट देखिञ्छ । गौडिय वैष्णव आचार्यहरूले उत्तम भक्तिका जुन ६ प्रकारका विशेषताहरू बताएका छन् त्यसमध्येको एउटा भक्त भक्तिमा उपलब्ध आनन्दबाट यति सन्तुष्ट हुन जाञ्छ कि उसका लागि मुक्तिमा कुनै आकर्षण रहँदैन । दोस्रो विशेषता यो हो कि मुक्तिमा प्राप्त हुने आनन्दको अपेक्षा भक्तिमा अनुभूत आनन्द अधिक श्रेष्ठ हुञ्छ । वस्तुतः ब्रह्मज्ञानबाट उपलब्ध भक्तिको आनन्द केवल भक्तिमा उपलब्ध आनन्दको तुलनामा आउन सक्तैन ।[१७३]

रूप गोस्वामीले ३ प्रकारका भक्तिको व्याख्या गरेका छन्, साधना, भाव र प्रेमा । साधना भक्ति त्यस्ता साधकहरूका लागि व्यवहारिक हुञ्छ, जसको प्रयोग मानस संवेग या भावको भावभक्ति, जसलाई साध्य भक्ति पनि भनिञ्छ

---

१७२ उही वा. ४, पृ. ३४७ ।

१७३ उही वा. ४, पृ. ३३ ।

त्यो रूपमा उदय हुन योग्य बताइएको छ । साधना भक्ति दुइप्रकारको हुन्छ: वैधी र रामानुगा । शास्त्रबाट निर्दिष्ट विधिबाट परिचालन भएको कारण प्रथम प्रकारको भक्तिलाई वैधि भनिञ्छ । यसका अनेक भेदहरू बताइएको छ । रागानुगा भक्तिको परिचालन या प्रेरणा भक्तको राग या संवेग भावबाट हुञ्छ । यसको मुलाधार भाव या राग हो । यसका विभिन्न अवस्थाहरूको परिभाषा गर्न कठिनाई छ । भक्त त्यतिबेलासम्म मात्र वैधि भक्तिको क्षेत्रमा रहञ्छ जबसम्म भगवानप्रति स्वभाविक या सहज प्रिति उसको हृदयमा प्रकाशित हुँदैन । शास्त्रीय विधिको पालना भक्तले त्यतिबेलासम्म गर्नुपर्दछ जबसम्म भक्तमा भगवानको नाम किर्तन महात्म्य श्रवण, महात्म्य कथनमा आनन्दपूर्वक ध्यान जादैन । जब यो अवस्थामा भक्त पुग्दछ यस्तो सम्झनुपर्दछ कि भक्त त्यस्तो भक्तिको मार्गमा अग्रसर भइरहेको छ जुन समयमा उसले भक्तिको विशिष्ट कर्तव्य पालना गर्नुपर्दछ । जसबाट उक्त भक्ति अनवरत भावले सहज एवं संवेग या भावमा विकसित हुन सकोस् । यहीबाट भावयुक्त साध्य भक्तिको आरम्भ हुन जाञ्छ । योभन्दा पूर्व साधना भक्तिको अवस्था हो जसलाई रागानुगा भनिञ्छ । जब भक्तले यो अवस्था उत्तीर्ण गर्दछ त्यतिबेला भक्तले साध्य भक्तिको अवस्था तथा त्यसको क्रमोतर विकासको अवस्थामा पुग्दछ । रागानुगा भक्तिलाई रागात्मिका भक्तिको अनुकरण भनिञ्छ । सहज प्रवृतिका रूपमा जो भक्ति हुञ्छ त्यसलाई रागात्मिका भक्ति भनिञ्छ । यस प्रकार साधना भक्तिको दोस्रो अवस्था रागानुगा भक्तिबाट क्रमश विकास गरेर भक्तभावभक्ति प्राप्त गर्दछ । यस प्रकारको भावभक्तिको पनि अपेक्षाकृत र अधिक सघन रूपमा विकास त्यतिबेला मात्र सम्भव हुञ्छ जब यसले महाभावको अवस्था प्राप्त गर्दछ । यो महाभाव वस्तुत पूर्ण शुद्ध तत्त्वको प्रकाशन हो । यद्यपि वैधी र समानुगामा पनि भाव रहञ्छ, तथापि अपेक्षा गरेको भन्दा निम्नकोटीको हुञ्छ । साधना भक्तिको आश्रय नलिइकन भाव भक्तिको उदय सामान्यतया भगवत्कृपाबाट हुन जाञ्छ ।[१७४] यस विवेचनाबाट निष्कर्षमा भन्न सकिञ्छ भक्ति साधना पनि हो र साध्य पनि हो । यो स्वयम्मा फल हो । भक्तको दृष्टिले भक्ति स्वयं फल हो । यसको अन्य कुनै फल छैन । भक्तले केवल भक्ति चाहञ्छ मुक्ति होइन । अन्य प्रश्न निर्गुण र सगुणको भनिएको छ । कतिपय इतिहासकारहरूले सन्तलाई

---

१७४ उही वा. ४, पृ. ४२४।४२५, ४३३-४३७ ।

निर्गुणवादी भन्दछन् साथसाथै उनीहरूले कवीरलाई ज्ञानमार्गी भन्ने गर्दछन्। नारदभक्तिसूत्रको प्रसङ्गमा भक्ति र ज्ञान, कर्मयोगको परस्पर उत्कर्षाकर्षको विचार विवेचना गरिसकेका छन् । अहिलेसम्म निर्गुण सगुण सम्बन्धको प्रश्न हामीहरूले विवेचना गरेका छैनौं । यस प्रकारको सगुण निर्गुण विचार अवतारवाद सम्बन्धी सिद्धान्तसँग सम्बन्धित रहेको छ । यसर्थ त्यसको संक्षिप्तमा विवेचना गरौं । ब्रह्मको व्यक्त रूपलाई सगुण भनिञ्छ । नारायण नर समष्टिको आश्रय ब्रह्मको सगुण रूप हो । ब्रह्मलाई सद्भावनात्मक विशेषण मार्फत् सगुण र व्यक्त भनिएको छ । उसको निषेधात्मक या अभावात्मक विशेषणले युक्ति निर्गुण र अव्यक्त भनिएको छ । जहाँसम्म ब्रह्म हामी मन र इन्द्रियको अनुभवमा आउन सक्तछन् त्यहाँसम्म हामीले उसलाई सगुण र व्यक्त भन्दछौं । त्यही नै उसको विश्राम होइन त्योभन्दा अगाडि उसको सता छ । जसका लागि हामीले कुनै शब्द नपाएर निर्गुण, अव्यक्त आदि निषेधात्मक शब्दको आश्रय लिएका छौं। पूर्ण ब्रह्म न केवल निर्गुण हो न सगुण । धर्म र भक्ति दुवैमा लोक मङ्गललाई प्रमुख स्थान दिइञ्छ । नारायण ब्रह्मको त्यही सगुण रूप हो । धर्म र भक्ति दुवैमा लोक मङ्गलको प्रमुख स्थान रहेको छ । नारायण ब्रह्मको सगुण रूप हो । जसको अभिव्यक्ति सृष्टिमा, जगतमा नर अर्थात् मानिसका रूपमा हुन गएको छ । यस अभिव्यक्तिमा ब्रह्मपालक अर्थात् रक्षाक प्रमुख रहेका छन्। यही नै ब्रह्मको सत्स्वरूप हो । ब्रह्मको यो सगुण रूप तथा निर्गुण प्रकारमा कुनै परमार्थिक वास्तविक भेद छैन । सगुण ब्रह्मलाई विभुती ऐश्वर्य आदिको अभिव्यक्ति मानिञ्छ । किनकि उपास्यमा यसको अभिव्यक्ति बिना मानिसको हृदय जम्न सक्तैन । यो सगुण ब्रह्मको उपासनाको मार्ग प्रवृति मार्ग हो । जसले लोक कल्याण तथा लोक मङ्गलको भावलाई लिएर अग्रसर हुञ्छ । महाभारतको आसपासमा भगवानको जुन उपास्य स्वरूप अगाडि रह्यो त्यो अत्यन्त व्यापक थियो । त्यो लोकरक्षा र लोकमङ्गलको प्रत्यक्ष साधना गर्ने धर्म भक्तिको स्वरूप थियो जसमा शक्ति, शिल, सौन्दर्य, ऐश्वर्य सबैको समन्वय रहेको थियो । उसको लोक धर्ममा आनन्द पूर्वक प्रवृत गराउने आकर्षण हो । गीतामा अवतारको उद्देश्य सृष्टिमा धर्म स्थापनार्थ बताइएको छ । यस प्रकारको मार्गको अनुसरण गर्ने तुलसी, सुर आदि भक्तहरू भारतीय परम्पराका भक्तहरू हुन्।

निर्गुण र अव्यक्तलाई लिएर कहिल्यै कुनैपनि भक्तिमार्ग भारतीय आर्य धर्मभित्र चलेन । ब्रह्माको उभयात्मक स्वरूपलाई लिएर चल्ने भारतीय भक्तिमार्गलाई सगुणमा भक्तिमार्ग भन्नुको उद्देश्य यो हो कि प्रेमको वास्तविक सच्चाई हृदयको सचमुच रमण, ब्रह्मलाई त्यतिकै स्वरूपमा भित्र मानिञ्छ जति व्यक्त सगुण रहेको छ । सगुण विशेषण जो उसका साथ लाग्न थाल्यो पछि कवीरद्वारा प्रवर्तित भक्तिमार्ग निर्गुण नामले प्रसिद्ध हुन गयो । यस प्रकारको कुनैपनि निर्गुण भक्तिमार्ग आर्य धर्मभित्र कहिल्यै पनि चलेन ।[१७५] यस विवेचनाबाट गुण शब्दको कुनै निश्चित अर्थ स्पष्ट हुँदैन । व्यक्त जगतमा ब्रह्मको सगुण रूप त्यो हो जसले नर अर्थात् मानिसको रूप धारण गर्दछ । यो शक्ति, शील, सौन्दर्य, ऐश्वर्य आदि विशेषणले विशिष्ट रहेको छ । सृष्टिमा धर्मस्थापना लोकरक्षाण र पालनका लागि अवतरण हुञ्छ । यो ब्रह्म जसको व्यक्त यो जगतमा मात्र छैन । यस अतिरिक्त पनि छ जो हाम्रो अन्तस्करण र इन्द्रियसँग प्रत्यक्ष हुँदैन । यसलाई उचित शब्दको अभावमा निशेधात्मक अभावात्मक शब्दमा निर्गुण आदि भनिञ्छ । यहाँ गुण शब्दको कसैले अर्थ ग्रहण गर्न सक्दछ त त्यो केवल उक्त गुण विशेषणमा भाव या वैशिष्ट्यको रूपमा जसको अभिव्यक्ति लौकि र भौतिक रूपमा प्रत्यक्षात जगतमा हुञ्छ ।

भक्तिका विभिन्न आचार्यहरूले निर्गुण सगुण शब्दको विवेचना गरेका छन् । संक्षेपमा भन्नुपर्दा आचार्य शङ्कर जस्ता अद्वैतवादीको विचार मत जसको कठोर खण्डन परवर्ती भक्तिका आचार्यहरूले गरे । आचार्य शङ्करको शैव धारा थियो । अगाडि नै उल्लेख गरिसकिएको छ जब भारतमा वैष्णवहरूको प्रभाव बढ्यो मुसलमान र ब्रिटिशहरूको गुलाम बन्न गयो । वैष्णवहरूले आचार्य शङ्करको अद्वैतवादमा खण्डन गर्दै ब्रह्मलाई निर्वचन गर्न सकिँदैन । 'नेति-नेति' बाट नै निर्वचन हुन सक्तछ । तथापि यसको अर्थ यो होइन कि ब्रह्म शून्य छ । प्रत्येक निषेधा वाचक शब्द निषेध व्यापारद्वारा उसको सद्भावलाई पुष्टि गर्दछ । यो सत्य हो कि ब्रह्म, निर्गुण र निर्विशेष छ । तथापि यसको अर्थ ब्रह्म निस्वरूप हो भन्ने कुरा होइन । उपनिषद्मा ब्रह्मको स्वरूपका विषयमा सत्, चित् र आनन्दको रूपमा व्याख्या गरिएको छ । त्यसलाई 'तत्त्वमसि' पदबाट सम्बोधन पनि गरिञ्छ । निर्गुण ब्रह्मको उपदेशका साथ, उपनिषदमा सगुण

१७५ सुरदासः भक्तिका विकास निबन्ध ।

ब्रह्मको पनि उपदेश दिइएको छ । जसअनुसार ब्रह्म विश्वाधार हो । त्यसैमा सबै जीवहरू सतावान हुञ्छन् । त्यसैमा निवास गर्दछन् र अन्त्यमा त्यसैमा प्रलयीभ्रत हुञ्छन् । यस प्रकार संसारमा आवद्ध, सम्वद्ध भएर ब्रह्मलाई ईश्वर पनि भनिञ्छ । चेतन प्राणी र अचेतन पदार्थको संसार ब्रह्मको गुण हो । ब्रह्म यो संसारको निमित र उपादान दुवै कारण हो ।[१७६]

जयाख्या सँहितामा परमतत्त्वलाई सर्वव्यापक, नित्य, आत्मासाक्षात्कृत, शुद्ध चित् भनिएको छ । यही परमतत्त्व हृदयवासी हो र निर्गुण हो यद्यपि यो गुण गुह्य छ तथा अनामक छ ।[१७७] मध्यवाचार्यले अनेक गुणहरूबाट युक्त ब्रह्मका विरुद्ध दिइएको तर्कको खण्डन गरेका छन् । उनका अनुसार विश्व कार्यरूप हो । यसर्थ उसको चेतन कारण पनि अवश्य रूपमा हुनुपर्दछ । यो कारण नै कर्ता हो र त्यो कर्ता नै ब्रह्म हो । यस विश्वकर्ताको आवश्यक रूप सर्वज्ञ र सर्वशक्तिमान अथवा अनन्त ज्ञान सम्पन्न र अनन्त भक्ति सम्पन्न हुनुपर्दछ । महवले सगुण ब्रह्मको पक्ष समर्थनको लागि भागवत पुराणको पक्ष प्रस्तुत गरेका छन् । महवका अनुसार शास्त्री ग्रन्थले नव निर्गुण तर्क सङ्केत गर्दछ, त्यसको अर्थ हुञ्छ ब्रह्म दुर्गुण रहित छन् । ब्रह्म निर्विशेष पनि हुन सक्तैन किनकि गुण निषेध स्वयं नै गुण विधान हो ।[१७८] गौडिय वैष्णव आचार्यहरूले ब्रह्मलाई निर्गुण माञ्दछन् । यसको साथसाथमा निर्गुण तथा गौण तथा सगुण भक्तिको कल्पना गर्दछन् । निर्गुण यसकारण मानिञ्छ ब्रह्म स्वयं निर्गुण या गुणबाट पर छन् ।[१७९] निर्गुण र सगुण सम्बन्धी यस विवेचनाबाट के कुरा स्पष्ट हुन जाञ्छ भने ब्रह्मको त्यो पक्ष जुन अति अनिर्वचनीय छ, केवल 'नेति-नेति' तर्फ सङ्केत गरिएको छ त्यसलाई निर्गुण भनिञ्छ । जुन विश्व सृष्टि संहार आदि क्रियाहरूसँग सम्बन्धित छैन । यसमा विश्व सृष्टि, पालन, संहार, सर्वज्ञत्व, सर्वकर्तृत्व, सर्वव्यापकत्व आदि सिद्ध हुँदैन । निर्वचनीय हुन सक्तैन । ब्रह्मको दोस्रो रूप निर्वचनीय हो । सत्, चित, आनन्द रूप हो । सृष्टिकर्ता, पालक, संहारक हो । विश्वसँग उसको सम्वन्ध रहेको छ । अद्वैत वेदान्तीहरूले यसलाई ईश्वर भञ्दछन्, वैष्णव आचार्यहरूले सर्वज्ञत्व, सर्वशक्तिमयत्व, सर्वकर्तृत्व, सर्वव्यापकत्व आदि या

१७६ टी.एम.पी. महादेवनः आउटलाईंस आव हिन्दूइज्म पृ. १४७-१४८, चेतन लिमिटेड वाम्वे, सन् १९५६।
१७७ दास गुप्तः ऊ हिस्ट्री आव इण्डियन फिलासफी ।
१७८ उही वा. ४, पृ. ७१-७२ ।
१७९ उही वा. ४, पृ. ४१८-४१९ ।

अनन्त ज्ञानमयत्व, अनन्त शक्तिमयत्व, अनन्त कतृत्व आदि । चैतन्यवादीहरूका अनुसार अनन्त शक्तिमान अर्थात् गुणयुक्त रहँदा रहँदै पनि गुणातीत यस ब्रह्मको भक्ति जसलाई निर्गुण भक्ति भनिञ्छ त्यो सम्भव छ । पं.रामचन्द्र शुक्लले नारायणको सगुणलाई ब्रह्म भनेका छन् । नारायणको नर रूप अर्थात् मानिसको रूप धारण गर्नेलाई सगुण ब्रह्म भनिञ्छ । लोकको रक्षा र मङ्गल विधानका लागि यसको उपासना वैष्णव परम्पराको उपासना या भक्तिमार्ग भनिञ्छ । यद्यपि यसमा ब्रह्मको अव्यक्त रूप पनि स्वीकार गरिएको छ । यसको अर्थ यो हो कि उपासनाका लागि अवतारको आलम्वनका रूपमा ग्रहण गर्नु पर्दछ । त्यो बिना मुक्ति हुन सक्तैन । जबसम्म ब्रह्म नर अर्थात् मानिसको आकार हुँदैन त्यतिबेलासम्म उसको उपासना असम्भव छ । यदि त्यो हो भने पनि न त्यो पूर्ण ब्रह्मको पूर्ण उपासना हो नत वैष्णव नै हो । सम्भवत उनको दृष्टिकोणमा सगुण ब्रह्मको उपासनाको अर्थ अवतार हो । तथापि सगुणको अर्थ प्राचीन शास्त्रहरूको विवेचनामा पाइँदैन । अहिर्णुहण्य सँहितामा यो पनि भनिएको छ केवल ब्रह्मको अंशबाट उत्पन्न सर्वातिरिक्त एवं अलौकिक साक्षात् अवतारको उपासना मुक्ति प्राप्तिका लागि गर्नुपर्दछ तथापि त्यहाँ अनावतरित ब्रह्मको भक्ति नहुने कुनैपनि सङ्केत पाइँदैन । अनेक अवतारहरूमा कसैको साक्षात अवतार, कसैको अंशावतार, कसैको आवेशावतार आदि भनिएको छ । भिन्न भिन्न ग्रन्थहरूमा भिन्न भिन्न रूपमा यस उपासनाको विधि निषेध पाइञ्छ ।[९०] सूक्ष्म एवं सूक्ष्म अभिव्यक्तिको दृष्टिकोणबाट विचार विवेचना गर्दा भक्तिको क्षेत्रमा सिमित रहने हो भने भन्न सकिञ्छ । भक्ति साधनामा पूर्णतया निर्गुण ब्रह्म पाइँदैन, छैन । उसको अनिवर्चनीय र निर्वचनीय पक्ष अवश्य छ । यी दुवै पक्षबाट युक्त भएपछि पूर्ण ब्रह्मको ग्रहण सम्भव छ र भक्तिमा उभयको समन्वित उपासना ग्राह्य छ । यसको अपेक्षा एउटा स्थूल रूप हो, नराकारमा रक्षक सगुण ब्रह्म जसलाई अवतार भनिञ्छ स्थूल रूपमा अवतरित सगुण ब्रह्म अर्थाव तार हो । यस दृष्टिकोणबाट विचार गर्दा मध्यम रूपको उपासनाका लागि लोकोपराक मानिञ्छ । रामानुजको अवतार कुनै विशेष अवतारको भक्तिको आग्रह गरेका छैनन् । **पश्चिमा लेखक ग्रियर्सनले अवतारवादका लागि सबैभन्दा पहिले भागवत्लाई ऋणि ठह्याएका छन् र निष्कर्षमा भागवत्लाई ईसाईहरूको ऋणि सिद्ध गरेका छन्** ।[९१] अगाडि नै उल्लेख

९० दास गुप्त: ऊ हिस्ट्री आव इण्डियन फिलासफी, वा. ३, पृ. ३८-३९ ।

९१ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १५८ ।

गरिएको छ जब भारतका राज्यहरूमा शैव प्रभाव कमजोर हुँदै जानु र वैष्णव प्रभाव बढ्दै गयो । विदेशीको गुलाम बन्यो । **आज कृष्णसँग क्राइष्ट जोड्ने वैष्णव हुन या स्कोन यो अघोषित रूपमा पश्चिमा ईसाई र अपराधी, रक्तपिपासु भ्याटीकनको पोपका अनुचरहरू नै हुन्**। यसर्थ भारतमा शङ्कराचार्य, विवेकानन्द र दयानन्द सरस्वती बाहेक प्रायः पश्चिमी ईसाई मेशिनरीको जालोमा नफसेकाहरू पाउन अत्यन्त कठिनाई छ । कतिपयले यसलाई ऐतिहासिक दृष्टिकोणबाट विवेचना गर्दै व्यक्ति पूजाको चिह्न देख्नेहरू पनि छन् । अवतारको सम्बन्धमा विश्लेषकहरूले भनेका छन् कुनै दिव्य या अलौकिक व्यक्ति नर, मानिस या पशुको आकार धारण गर्दछ । तथा त्यसै रूपमा अस्थायी रूपमा पृथ्वीमा बस्न थाल्दछ त्यतिबेला हामीले उसलाई अवतार भन्दछौ । अगाडि नै भनिएको छ अवतरण कुनै गन्धर्व, अप्सरा, ऋषि या अन्य कुनै अलौकिक व्यक्तिको पनि हुन सक्तछ ।[९८२] **वैदिक सनातन हिन्दू धर्मावलम्बीहरूले मानिसको जन्मलाई उच्च अमृतको रूपमा मान्दछन् । अपराधी ईसाईहरूले पापीको रूपमा मान्दछन्। संसारभरका क्रिश्चियनहरू तिनै पापी हुन्, अपराधी हुन्** । पश्चिमाहरूले यसको व्याख्या विस्तृत रूपमा गरेका छन् । यस प्रकारको ईसाई पश्चिमी विचारलाई पूर्वका विद्वान् विवेचकहरूले पहिले नै असिद्ध गरिसकेका छन्।

यस प्रकार यहाँ भक्तिको ऐतिहासिक विकास, भक्तिभावको विकास, विभिन्न स्रोतहरूका आधारमा नारदीय भक्तिको परिचय उल्लेख गरिएको छ। वैष्णव सन्त र नाथको भक्तिको विवेचना गर्नका लागि जुन स्रोतहरूको प्रयोग अहिलेसम्म गरिएको छ त्यसमा प्रमुख हुन्ः नारद, शाण्डिल्य, शङ्कराचार्य, रामानुज, रामानन्द, अहिर्वुहन्य सँहिता, नारद पञ्चरात्र आदि । यद्यपि रामानन्दको अभ्युदय नामदेवको अभ्युदयपछि भएको थियो । तथापि कवीर आदिको विवेचनाका लागि उनको मतलाई पनि उल्लेख गरिएको छ । यस विवेचनाका अनुसार नारद पञ्चरात्रमा हरिपूजाका ६ अङ्गहरू बताइएको छ । उपास्थस्मरण, नामगुणजप, कथन, प्रणति, भगवच्चरणोमा आश्रयग्रहण, भक्तिसहित हरिको उपासना, पूर्णतया आत्मसमर्पण । अहिर्वुहण्य सँहितामा परमात्मालाई सर्वोच्च मानेर उक्त जीवात्माको आश्रय स्वीकार गरिएको छ । यी दुवैको सम्बन्ध शेष र शेषिको जस्तो रहेको छ । यसमा प्रपतीका ५ सोपान छन् । ती यस प्रकार

९८२ इन्साइक्लोपेडिया आव रेलिजन एण्ड एथिक्स वा. ७ पृ. १८३, १९३, १९७ ।

रहेका छन्: नमन, कार्पण्य, महाविश्वास, प्रातिकुल्यविर्वजन, मन-वचन, कर्म आदिको पूर्ण समर्पण । भगवानका ६ गुणहरू मानिञ्छन् । नान, शक्ति, बल, ऐश्वर्य, वीर्य र तेजस । दुई उपायलाई स्वीकार गरिएको छ: ४ द्योग र योग । वैष्णवहरू पहिलोलाई प्रमुख माञ्दछन् भने नाथहरूले दोस्रोलाई मुख्य माञ्दछन् । नारद पञ्चरात्रमा गुरूको महत्त्वलाई अधिक जोड दिइएको छ । साधना र साधकको दृष्टिकोणबाट वैष्णवहरूले विष्णुलाई सर्वश्रेष्ठ माञ्दछन् भने अन्यले आदिनाथ शिव, मत्स्येन्द्रनाथ, गोरखनाथलाई माञ्दछन् । वैष्णवको दृष्टिकोणमा तन्त्र, मन्त्रको सार्थकता केवल भक्ति उत्पन्न गर्न हो भने नाथहरूको दृष्टिकोण कर्मयोग, ज्ञान सहित मुक्ति मोक्षको मार्गतर्फ उन्मुख हुनु हो । भक्ति सिद्धिका लागि ६ प्रकारका भजनहरू बताइएको छ - स्मरण; किर्तन, बन्दन, पादसेवन, पूजन, सतत भक्तिका साथ पराकोटीको स्वात्म निवेदन । भनिञ्छ गुरू रूपमा वैष्णवहरूमा हरि प्रत्यक्ष हुञ्छन् भने नाथहरूमा महायोगी गुरू गोरखनाथ । वैष्णवमा अची विधि अतिरिक्त ५ प्रकारका पूजा विधिहरू बताइएको छ: अभिगमन, उपादान, स्वाध्याय र इज्जा । आचरणमा विष्णुको स्मरण, किर्तन, मन्त्र जप तथा दानलाई मुख्य मानिञ्छ । भगवत कृपा र करुणाको महत्त्व बताइएको छ । शाण्डिल्यले कर्म, ज्ञान र योगको भक्तिलाई सर्वश्रेष्ठ भनेका छन् । नाथहरू शैवहरूसँग मिल्दछन् । उनले ईश्वरमा परानुरक्तिलाई भक्ति भञ्दछन् । उनको दृष्टिकोणमा समान, बहुमान, प्रिति, विरह, भगवद् भिन्न प्रति अरुची, महिमा वर्णन, भगवानका लागि गोनम धारणा, सर्वतद्भाव, अप्रातिकुल्य, स्मरण आदि भक्तिको सूचक चिह्न हो । यो स्मृति किर्तन कथा श्रवणको प्रायश्चित स्वरूप मानिञ्छ । पञ्चरात्र ग्रन्थ सरह नै सबैको भक्तिमा समान अधिकार रहेको छ । नारदले भक्तिसूत्रमा भक्तिको परमरूप प्रेमरूपा, अमृतरूपा, तृप्ति प्रदायिका, निष्कामता प्रदायिका भनेका छन् ।[९८३] भगवानमा लौकिक वैदिक कर्मको न्यास, अनन्यताका विरोधीहरूप्रति उदासिनता, भागवद् अनुकुल लौकिक, वैदिक आचारहरूको सम्पादन, भगवद्भावले निश्चयसम्म शास्त्र रक्षण, भगवानमा अखिल आचारको अर्पण, भगवानमा, विस्मरणमा परम व्याकुलताको अनुभव, भगवानको सुखमा सुखको अनुभवलाई अत्यावश्यक माञ्दछन् । यिनले पनि शाण्डिल्यले जस्तै भक्ति ज्ञान, कर्म, योगलाई

---

९८३ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य पृ. १६० ।

नै श्रेष्ठ मान्दछन् । विषय त्याग, दुस्सङ्गत त्याग, अखण्ड भजन, भगवद् श्रवण, कीर्तन गर्नुपर्दछ । महज्जनकृपा र मुख्यतया भगवत्कृपाको चेष्ठ गर्नुपर्दछ । विभिन्न दोषका कारण रूप, दुष्टहरूसँगको सङ्गत त्याग, महानुभाव सेवन, गुणविकारबाट मुक्ति, योगक्षेम त्याग, कर्मफल एवं कर्मको समर्पण, अविच्छिन्न अनुराग लाभले भक्ति पुष्ट हुन जान्छ । प्रेमलाई नारद अनिर्वचनीय मानिन्छ । यो अनुभव गम्य, स्वयं प्रमाण एवं परमानन्द रूप हो । समर्पण गरेर भक्तलाई लौकिक वैदिक कर्मको हानी क्षतिको चिन्ताबाट मुक्त हुन भनिएको छ । भगवद् भक्तिका शत्रुहरूको चरित्रको अश्रवण, अभिमान, दम्भ आदिको त्याग, अखिल आचारको समर्पण, नित्य दास्य एवं कान्ताभावले भजनात्मक प्रेम सर्वथा अनुकरणीय छ । कण्ठावरोध, रोमाञ्च, अश्रु आदिले युक्त प्रेममयी भक्ति हुनुपर्दछ । भक्तमा रूप, कुल, विद्या, धन, क्रिया आदिको कुनै भेद रहँदैन । वादको अनावलम्वन, भक्ति शास्त्रको मनन, भक्त्योंद्वोधक कर्मको सम्पादन, सत्य सौच तथा आस्तिक्य आदिको परिपालन भक्तका लागि आवश्यक छ ।[९८४] रामानुज आदि वैष्णव आचार्य एवं रामानन्द आदि परवर्ती आचार्यहरूले यस प्रकारको विवेचना गरेका छन् । रामानुजका अनुसार आत्मसमर्पण या प्रपती मुख्य साधना हो । भक्तका लागि गम्भिर प्रेम, विश्वव्यापक करुणा, सहानुभूति दुश्मनहरूप्रति पनि मित्रभाव, आत्मा, परमात्माको प्रकृतिको एकताको भावना, उपाय शून्यता, पारतन्त्रय, एकान्तिकता, भगवानप्रति सच्चाइ, नित्य शुरत्व, परदोषीप्रति उदासिन आदि आवश्यक छ । गुरूको उचित दिक्षा आवश्यक छ। साथसाथै गुरूभक्ति प्रपतीको एक प्रकार पनि छ । भगवत्प्राप्तिका दुई मार्गहरू छन्ः प्रपती र भक्तियोग । प्रपतीका पाँच तत्त्वहरू छन्ः भगवानको एकमात्र रक्षाक भएको भावना, एकमात्र प्राप्यको भावना, एकमात्र प्रेमको भावना, पूर्ण समर्पण तथा पूर्ण निर्भरता, पराकोटीको प्रार्थना प्रपतीका अङ्गहरू हुन्ः भगवान्को अनुकुल रहने संकल्प, प्रतिकुलताको वर्जन, रक्षणको परा प्रतिति, रक्षकको रूपमा उसको प्रार्थना पूर्णदीन तथा असहाय हुनुको भावना । सिद्ध सद्गुरूको उपदेश अनुसार शास्त्रको सत्य ज्ञानको प्राप्ति, आत्मसमर्पण, तप, सुचिता, क्षामा, निष्कपटता, दान, अहिँसा, पूर्ण समर्पण, गुणकिर्तन, सतत स्मरण, उपासना, नामजप, महात्म्य श्रवण, कथन, कृपा प्राप्तिको प्रयत्न आदिको

---

९८४ उही पृ. १६० ।

अभ्यास एवं आचरण भक्तका लागि विधि हो । अन्य आचार्यहरूले भनेका छन्: कर्म सम्पादनबाट ज्ञान प्राप्ति एवं ज्ञान प्राप्तिबाट भक्तिको अधिकार मिल्दछ । भक्ति आनन्दमयी नित्य सेवा हो । जसमा कर्म समर्पण आवश्यक छ। रामानन्दले ध्यान र भक्ति नामक दुई साधना बताएका छन् । ध्यानमा सबै कुराहरूले सज्जित माता सितासहित रामको ध्यान विहित छ । भगवद्भक्तिमा भगवद्परत्व र पारतंत्र्य आवश्यक छ । यस प्रकारको भक्ति तैलधारावत् अनष्ट स्मृति स्वरूपा हो । यसका नौ प्रकार छन्: श्रवण, किर्तन, हरिस्मरण, चरणकमलमा संश्रिति, समर्धा, वन्धन, दास्य, सख्य, आत्मसमर्पण । पोषक आचारमा व्रत, उपवास, तिर्थगमन, उत्सव आदि गौण साधना हुन् । मुख्य साधना भगवानको निर्हेतुकी कृपा हो । भगवान वत्सल एवं दयावान छन् । उनका अनुसार लोकसङ्ग्रहार्थ कार्य सम्पादन गर्नुपर्दछ । सांकेत लोकमा सायुज्य मुक्तिको लक्ष्य मानिञ्छ । उपर्युक्त गौण साधनाबाट मुख्य साधनाको प्राप्ति हुञ्छ । दुई मुख्य धर्म अहिँसा र भगवदर्शन हुन् । तथा मुख्योपाय प्रपती हो जो रामानुजले माञ्दछन् । महाभारतलाई सर्वतीर्थ स्वरूप भनिञ्छ । यस प्रकार भक्ति, प्रपती, गुरू र भगवान् यी चार तत्त्व भक्तिमार्गका प्रधान हुन् । यिनै तत्त्वहरूको विस्तार पाइञ्छ । यो सम्पूर्ण विकास हेर्दा यस्तो अनुभव हुञ्छ, भक्तको भाव साधनाका लागि, भक्ति, प्रपती, गुरु भगवत्वकृपा, महज्जनसँग आवश्यक छन् । यसैको साधना पोषणका लागि विस्तारसँग कायिक, मानसिक क्रियाको अभ्यास आचरणको नियम विधान बनाइएको छ । कतिपय आचार्यहरूको मत बाह्य कायिक क्रिया र पारम्परिक मर्यादालाई महत्त्व दिञ्छन् । कतिपय आचार्यहरूको मतले केवल मानस भाव साधनलाई सबैकुरा मानेर बाँकी रहेकोलाई मानस साधनामा अवलम्वित माञ्दछ । यसैबाट भक्तिमार्ग अन्तर्गत विभिन्न मतमतान्तरको विकास हुन गयो । तथापि भक्ति भने चाहञ्छन् । यसमा कुनै सन्देह छैन । कतिपय वैष्णव आचार्यहरूको मत केवल मानसभाव साधनालाई बाँकी रहेको मानस साधनालाई अवलम्वित माञ्दछन् । कतिपय स्वविषयानुकुल मतको परिचयमाथि दिइएको छ । त्यसमध्येमा नारदमत अत्याधिक महत्त्वपूर्ण छ ।[९८५] माथि बताइएको दोस्रो दृष्टिकोणमा भागवद् विकास प्रधान हो । भक्तिमाथि विवेचना गर्ने आधुनिक लेखकहरूले विशेष गरेर पश्चिमा दृष्टिकोणमा

---

९८५ उही पृ. १६१ ।

अधिकांश भक्तिलाई 'डिवोशन' शब्दले अभिहित गरेका छन् । यी दुवैलाई प्राय: अभेद मानिन्छ । कतिपयले भक्तिको पूर्ण अङ्ग्रेजी पर्याय 'डिवोशन' लाई मानेर डिवोशनल फेथ मान्दछन् । फेरि पनि भक्तिमा लिन हुने समयमा डिवोशन तथा उसको अर्थ परम्परा नै आउँदछ ।[१८६] पश्चिमाहरूको दृष्टिकोणमा भक्तिको धर्मसँग घनिष्ठ सम्बन्ध रहेको छ । कहिले काही भक्तिलाई धर्मको पर्याय मान्दछन् । कहिलेकाहीँ धर्मका लागि गरिने पूजा उपासनालाई पनि भक्तिको पर्याय मान्दछन् । तथापि भक्तिभावको सच्चा अभिव्यक्ति भक्तभावले नै गर्दछ। उसले कुनै अद्वितीय उद्देश्य या लक्ष्यलाई ध्यानमा राखेर त्यसको उपयोग गर्ने गर्दछ । साथसाथै उसले कुनै देवताको सेवामा समर्पण गर्दछ । पारिभाषिक रूपमा भनिन्छ कि भक्ति पूजा आन्तरिक घनिष्ठ र तात्विक पक्ष हो । यो परमात्माको पूजा गर्ने आत्माको एक प्रवृति हो । विस्तृत दृष्टिकोणबाट हेर्ने हो भने यसलाई हामीले कुनै देवताप्रति आत्मसमर्पण भन्न सक्तछौं या कुनै देवताको गुणको चिन्तनमा थोरै समयसम्म लिन हुन सक्तछौं । यसको उच्च भूमिका त्यतिबेला आउँछ जब मानिसको व्यक्तित्वको सम्पूर्ण शक्ति यसमा क्रियाशील हुन जान्छ। यस प्रकार भक्तिले मानिसको सम्पूर्ण क्रियाशीलताको कुनै उपास्यमा सुनियोजित गरिदिन्छन् । भक्तिले ईश्वरमा पूर्ण रूपमा समर्पित जीवनतर्फ सङ्केत गर्दछ। भक्तिमा भक्त न आफ्नो इच्छाका लागि जीवित रहन्छ न संसारको आधिभौतिकताका लागि । उसले केवल भगवानको इच्छामा राखेर जीवन धारण गर्दछ । संसारका प्रत्येक वस्तुमा ईश्वरको चिन्तन गर्दछ । प्रत्येक क्रियामा भगवानको सेवा गर्दछ । आफ्नो जीवनका प्रत्येक अंशमा भगवानको सेवा गर्दछ । आफ्नो जीवनको प्रत्येक अंशमा भगवानलाई सम्भन्छ । उसले सम्पूर्ण कुराहरू भगवानको नामबाट गर्ने गर्दछ । यस प्रकारको भक्तिलाई पश्चिमाहरूले डिवोशन भन्दछन् ।[१८७] जसमा निम्न लिखित तत्त्वहरूलाई मानिन्छ: प्रार्थना, स्तुति, पूजा, ध्यान, आध्यात्मिक अभ्यास या विचार, आध्यात्मिक आनन्द तथा सामाजिक अनुभव तथा ईश्वर सामिप्य । वैष्णव भक्तिको वैलक्षण्य यही हो। यही फलरूपा हो । साँसारिक कारक भावको सिमाबाट अतित भएर अहेतुकी अर्थात् भगवान्को अहेतुकी कृपामा अवलम्वित रहेको छ ।

---

१८६ उही पृ. १६२ ।
१८७ उही पृ. १६२ ।

नारदीय सन्त वैष्णव भक्ति र नाथ साहित्यमा भक्तिः

अगाडिनै उल्लेखित छ शैव नाथहरूको प्रमुख प्राथमिकता योग ज्ञान र कर्म हो भने भक्ति गौण हो । तर वैष्णव सन्तहरूको भक्ति प्रमुख हो भने ज्ञान योग र कर्म गौण हो । यही अर्थात् यो शीर्षकमा नारदीय भक्ति र रामानन्द एवं उनको पूर्व परम्परामा विकसित भक्ति विकासको प्रकाश नाथ र वैष्णव सन्तहरूको भक्ति सम्बन्धी विवेचना गरिने छ । योभन्दा अगाडि 'भाष्कर' विचारको तुलना रामानन्द नामको प्रसिद्ध रचनाको भक्ति सम्बन्धी विचार जसमा खासै भिन्नता रहेको पाइँदैन । गोरखवाणीका सम्पादक डा.पिताम्बरदत्त बड्थ्वालका अनुसार रामानन्दका संस्कृत, हिन्दी ग्रन्थहरूमा दार्शनिक सिद्धान्तको असमानता स्पष्ट रूपमा पाइन्छ । 'भाष्कर'का अनुसार ब्रह्मको त्रिक स्वरूप हो । जबकि कतिपय हिन्दी ग्रन्थहरूका अनुसार अद्वैत स्वरूप हो । 'भाष्कर' साम्प्रदायिक ग्रन्थ हो । जसको स्पष्ट निराकरण गरिएको छ । मोक्ष प्राप्तिका सम्पूर्ण बाहिरी उपायहरूलाई व्यर्थ बताइएको छ । भाष्करमा तिर्थयात्रा र तिर्थ स्नानलाई महत्त्वपूर्ण मानिएको छ ।[१८८] हिन्दी रचनाहरूमा तिर्थलाई पानी भनिएको छ । भाष्करमा अर्चावतारको पूजाको विधान नियम बनाइएको छ । मूर्तिलाई पत्थर भनिएको छ । भाष्करमा श्रुति स्मृतिद्वारा बताइएका कर्महरू गर्ने नियम, विधान उल्लेख गरिएको छ । त्यसैलाई भगवानलाई जान्ने साधनको रूपमा व्याख्या गरिएको छ । श्रुति स्मृतिको अनुसन्धान गरेर त्यसैमा छोडिदिने कुरा गरिएको छ । जुन स्थान श्रुतिलाई दिइएको छ त्यही स्थान भाष्करको स्मृतिलाई दिइएको छ । प्रेम तत्त्वलाई 'भाष्कर' रचनाहरूमा 'विशेष' महत्त्व दिइएको छ । यसमा श्रुति र स्मृति दुवैलाई प्रमुखता दिइएको पाइँदैन । संस्कृत ग्रन्थहरूमा लोक सङ्ग्रहका लागि त्यसै अनुकुल उपदेश दिइएको छ । यसमा उनको कुनै विशेष महत्त्व छैन ।[१८९] समता र विषमताको विवेचना गर्दा के देखिन्छ भने यो एकातर्फ साम्प्रदायिक आचार्यको रचना हो भने अर्कोतर्फ सन्तको रचना पनि हो । सन्त भएकै कारण साम्प्रदायिक र शास्त्रोक्त कर्म त्यति महत्त्वपूर्ण रहेन जति भक्ति महत्त्वपूर्ण रह्यो । फेरि पनि जहाँसम्म आचार्यत्वको प्रश्न छ रामानन्द, रामानुजकै सरहका आचार्य भएको देखिँदैन । उनका विचारहरूको अधिक समानता देखापर्दछ । यो कुरा अगाडि नै उल्लेख गरिसकिएको छ ।

१८८ नागेन्द्रनाथ उपाध्यायः नाथ और सन्त साहित्य, पृ. १६३ ।

१८९ डा. पिताम्बरदत्त बड्थ्वालः रामानन्दकि हिन्दी रचनाए । भूमिका पृ. २३/२४ ।

'भाष्कर'को तुलनामा रामानन्दका रचनाहरूमा मुक्तिको विषयमा त्यति स्पष्ट छैन जहाँ एक दुइवटा सङ्केतहरू यस्ता पाइञ्छन् । रामानन्द परमानन्दसँग मिलेर आनन्दसँग रहन चाहञ्छन् ।[११०] मिल्नु र रहनुले दुवै जीवको व्यक्तिगत सतातर्फ सङ्केत गर्दछ । दुवै एकसाथ रहनुबाट के स्पष्ट हुञ्छ भने उनीहरूले अद्वैत स्थिति प्राप्त गर्न सकेका छैनन् र जीवको व्यक्तिगत सताको कुनै परिचय पाइँदैन । पूर्ण आनन्द अनुभव गर्नका लागि यसरी मिलेर अभिन्न भावका साथ रहँदै जीवको वैयक्तिक सतातर्फ सङ्केत गरेको आभास पाइञ्छ । यसकारण पूर्ण द्वैतको कुरा यहाँ स्पष्ट छैन । यस प्रकार भाष्करकै सरह सायुज्य स्थितिको सङ्केत पाइञ्छ । जसमा जीवात्मा अभिन्न भावमा मिलेर परमात्माका साथ रहञ्छ र आनन्दानुभव गर्दछ । यो अवस्थालाई प्राप्त गर्नका लागि आवागमन चक्रबाट छुट्न जाञ्छ अर्थात् फेरि त्यहाँबाट फर्कन्छ ।[१११] अगाडि नै उल्लेख गरिसकिएको छ कतिपय हिन्दी रचनाहरूमा तीर्थ, व्रत, उपवास आदिको खण्डन गरिएको पाइञ्छ । यस सम्बन्धमा स्वयं 'भाष्कर'मा सङ्केत गरिएको छ । यस प्रकारको खण्डनको भावनाको विकास प्रर्याप्त मात्रामा मिल्न जाञ्छ । 'भाष्कर' लाई यी सबैको गौण साधना हुन भनिएको छ । यी सबैलाई प्रपती र भक्तिको उपकारक मानिञ्छ । प्रपतीमा गौण साधनाको महत्त्व प्रपतीमाथि छैन । यी धर्मभन्दा माथि अहिँसालाई धर्म मानिएको छ । यहाँ पनि भनिएको छ साधकको जहाँ इच्छा हुञ्छ त्यहाँ आफ्नो सुविधा अनुसार वैष्णव रीतिथितिको पालना गर्दै रहञ्छन् । श्रीरामको उपासना प्रमुख हो । तिर्थ निवास आदि प्रधान होइन । कतिपय अन्वेषकहरूले यो पनि भञ्दछन् रामानन्दले प्रर्याप्त मात्रामा भ्रमण गरेपछि ग्रन्थ लेखेका हुन् । त्यो समयसम्म उनमा प्रर्याप्त मात्राको उदारताको उदय भैसकेको थियो । विवेचकहरूको निष्कर्षका अनुसार उनका हिन्दी रचनाहरू 'भाष्कर' पछि लेखिएका हुन् । भाष्करमा भक्ति, प्रपती, भगवान, योग, आचार सम्बन्धी जति पनि विचार छ त्यो कुनै न कुनै रूपमा हिन्दी रचनामा पनि पाइञ्छ । रामानन्दको रामरक्षा नामक ग्रन्थमा रामको सबैको रक्षा गर्ने रूपको साक्षात्कार गर्नका लागि योग ज्ञानको आश्रय लिनुपर्ने उपदेश दिइएको छ । यसमा गुरूको सर्वोच्च महत्त्वलाई स्वीकार गरिएको छ । गुरू परमात्माको अभिन्न अनुभव हुञ्छ । प्रपतीमा भक्तलाई भगवानको एकमात्र रक्षकको रूपमा स्वीकार गरिएको

११० उही पृ. ८, ९, ११ ।
१११ नाथ और सन्त साहित्य, पृ. १६४ ।

छ। यो निर्भरत्व उसको आवश्यक तत्त्व हो। दैहिक, वैदिक, भौतिक, सबै प्रकारका तापहरूबाट भगवान रामबाट रक्षा हुन सक्दछ। सम्पूर्ण अवस्थामा जीवात्माको रक्षाको एकमात्र अवलम्वन यही हो।[११२] 'ज्ञानलीला'मा सतत रामभक्तिको उपदेश दिइएको छ। हरिस्मरण, हरि गुणगान श्रवण, सत्संग, हरिकथा श्रवण आदिलाई मुख्य भक्तिको उपकारक तत्त्व मानिञ्छ, जसको निर्वचन पाइञ्छ। हरिस्मरणको महत्त्व अगाडि नै उल्लेख गरिसकिएको छ जसलाई उद्धारको उपायका रूपमा पटक-पटक स्मरण गरिएको छ। कैयौं पटक भगवानको स्रष्टा र रक्षकका रूपमा स्मरण गरिएको छ।[११३] हरिभक्तिका लागि सतत् हरिस्मरण साधु, सन्तहरूको सङ्गत, निर्मल, सफाचित र चरणकमलाश्रय आवश्यक छ। विना हरिको जन्म धन, मान बढाई आदि सबै व्यर्थ छ। यस प्रकार गुणयुक्त ब्रह्म एवं मुक्तिको व्याख्या जसले विशिष्टाद्वैतवादी सिद्ध गर्दछ।

'भाष्कर'मा भनिएको छ सीता सहित रामको भक्ति गर्नुपर्दछ। यो राम परिच्छद र परिजनमा सेवित छ। परिजनमा हनुमान आदिको पनि गणना गरिएको छ। यसको गणना नित्य जीवनमा पनि छ। नित्य जीव एवं मुमुक्षुजनहरूमा सर्वश्रेष्ठ हुञ्छ। यसकारण भगवान् रामको सेवामा पुग्नका लागि यसको स्तुति या आरती प्रिय छ। रामानन्दको एक हिन्दी रचनामा जसमा हनुमानको स्तुती गरिएको छ।[११४] पदहरूमा रामानन्दको भावनामुलक भक्तिको अभिव्यक्ति रहेको छ। त्यसमा उल्लेख गरिएको छ, यदि कुनै आधार छ भने त्यो राम मात्र हो। भक्तको स्थिरता भगवानमै रहेको छ। सेवक स्वामीभावको भक्तिका विषयमा भनिएको छ, दुवै एक साथमा रहञ्छन् र त्यसको साथ सँगै भक्तको अमृत सुधानिधिको आनन्द पाइञ्छ। सेवक स्वामीका साथ अभिन्न भावमा रहञ्छ र आनन्द प्राप्ति गर्दछ।[११५] मुक्तिको दृष्टिकोणबाट विचार गर्दा रामानन्दको सायुज्य मुक्तिको कल्पना अनुभव हुन जाञ्छ। भगवान राम सबै ठाउँमा समान रूपमा व्याप्त छन्। वेद र स्मृति सबैलाई मिलाएर त्यसैलाई जोत्दछन् र बदल्दछन्, देख्दछन्। त्यसैमा आश्रित हुञ्छन्। ब्रह्मलाई बताउने गुरूले हो, जसअनुसार त्यो ब्रह्म आफैमा छ। त्यो ब्रह्म एकै हो, यद्यपि त्यो सर्वत्र समान रूपमा व्याप्त

११२ उही मूल पृ. ३-६, छं. १, २-५, २०, २२-२४।

११३ उही पृ. ६-७, छं. १-३, ५, ७-९, १२।

११४ उही पृ. ७।

११५ उही पृ. ८... 'सहजे सहजे... रस तव लगपीवैला ॥'

रहेको छ। यस प्रकारको गुरूप्रदत ज्ञानबाट विभिन्न स्थानमा गएर गरिने पूजा, दर्शनको कुरा बुझिन्छ।[९९६] भाष्करमा अर्चावतार र अर्चनको विधान रहेको छ। षोड्शोपचारको पनि उपदेश छ। मुख्य धर्म अहिँसार्थ जो सर्वश्रेष्ठ तथापि मुख्य धर्ममा दोस्रो स्थान अर्चनलाई दिइएको छ। तथापि हिन्दी रचनामा बाह्यलाई अस्वीकार गरेर मानसी उपासनाको उपदेश दिइएको छ। षोड्शोपचारका सामग्री र क्रियाको मानसिक रूपान्तरण या मानसिक षोडशोपचारको विधान हिन्दी ग्रन्थहरूमा पाइन्छ।[९९७] यस अतिरिक्त 'भाष्कर' सेवक पतिब्रतताको भाव व्यक्त भएको पाइन्छ त्यसैगरी रामानन्दका हिन्दी रचनाहरूमा पनि व्यक्त गरिएको छ। सेवक र पतिव्रताको समन्वित भाव र क्रियारूपको आदर्श भाव रामानन्दलाई पनि स्वीकार्य छ। समर्पण र अनन्यताको भाव पनि प्रस्फुटन भएको छ।[९९८] रामानन्द र कवीरको भक्ति सम्बन्धी विचारको तुलनात्मक अध्ययन गर्नु आवश्यक छ। किनभने विवेचीत विचारको प्रकाशमा कवीरको भक्ति सम्बन्धी विचार संक्षेपमा विवेचना गर्नु आवश्यक छ। किनकि परवर्ती सन्त तथा नाथ साहित्यमा उक्त दृष्टिकोणलाई तुलना गर्न सहज हुन्छ। कवीरको भक्ति सम्बन्धी विचारका दुई मार्गहरू छन्- पहिलो कवीर बाहेकका सन्तहरूद्वारा सङ्केत गरिएको विचार, दोस्रो कवीरका रचनाहरूमा विवेचित भक्तिवाद। यसैलाई हामीले बाह्य र आन्तरिक स्रोत भन्दछौं।

बाह्य स्रोतको रूपमा यहाँ नाभादासको भक्तमालालाई लिइन्छ। प्रमुख द्वादश भक्तमा नारद र शङ्करको गणना गर्दै नाभादासले आदर्श भक्तको सूची उल्लेख गरेका छन्। उनीहरूको परम्परामा कवीर तुलसी आदिको विचार उल्लेख गरिएको छ। टीकाकार प्रियादासले यी सबै भक्तको भक्तिमा उपलब्ध सामान्य तत्त्वलाई संक्षेपमा व्याख्या गरेका छन्। 'भक्ति स्वरूप वर्णन'मा भनिएको छः श्रद्धा, कथाश्रवण, निरभिमानता, मनन, दया, प्रण, हरिनाम, साधुसेवा, मानसी, उपासना, सत्संग आदि भक्तिको महत्त्वपूर्ण अङ्ग हो। अगाडि विवेचना गरिएको विचारहरूलाई हेर्दा यसमा कुनै नविनता देखिँदैन। शान्ति, दास्य, सख्य, वात्सल्य र श्रृंगार यी भक्तिका पाँच रसहरू हुन्।[९९९] नाभादासको

९९६ उही पृ. ८ पद ५।

९९७ उही पृ. ८, पद ५, पृ. ५३ भी।

९९८ उही पृ. ५३-५४।

९९९ भक्तमाल नाभादास, प्रियादासको टिकासहित, कविता, सं. ३-४।

दृष्टिकोणमा भक्तिका दुई अङ्ग छन्ः भगवान् र भक्त। भक्तमालमा भक्तको भक्ति छ। उनको यश ज्ञायन छ। नाभादासको यो प्रतिज्ञा भक्त, भक्ति, गुरू भगवानमा कुनै अन्तर छैन। यसको स्वरूप एक हो नामहरू विभिन्न प्रकारका छन् र अत्यन्त महत्त्वपूर्ण पनि छन्। यस दृष्टिकोणबाट भक्तोपासना भगवद्पासना हो। गुरूको उपासना पनि भगवद्पासना हो। गुरू सम्बन्धी यस प्रकारको दृष्टिकोण नारद पञ्चरात्रसँग धेरै कुराहरू मिल्दछन्। 'भाष्कर'मा यी कुराहरू पाइँदैन। 'भाष्कर'मा रामको आयुधको महात्म्य विस्तारसँग व्याख्या गरिएको छ। नाभादासमा भगवानको चरणकमलको सबै लक्षणहरूको निरूपण गरेर आफ्नो महत्कार्य आरम्भ गरिएको छ जसमा उपास्य रघुवीर हुन्। नाभादासले चौबीस अवतारको स्मरण लिलाकारी हरिका रूपमा गरेका छन्।[१०००] द्वादश भक्तमा नारदको महत्त्व नाभादासको दृष्टिकोणमा अत्याधिक रहेको छ। उनले उनको महान भक्तका रूपमा कैयौं पटक स्मरण गरेका छन्। यिनैको परम्परामा नामदेव, रामानन्द, रै दास, कवीर आदिको उदय हुन गयो।[१००१] प्राचीन पौराणिक भक्तमा नारदको यस प्रकार अति महत्त्वपूर्ण स्थान रहेको छ। रैदास रामाननदका शिष्य थिए। उनको भक्तिमा सदाचारको प्रधानता रहेको छ। उनको भक्ति श्रुति र शास्त्रको अविरुद्ध छ। वर्णाश्रमको अभिमान र त्यागलाई उनले भक्तका लागि आवश्यक मानेका छन्।[१००२] नाभादासले रैदासलाई यसै रूपमा हेरेको पाइन्छ। कवीरको भक्ति सम्बन्धमा नाभादासको उक्ति ध्यान दिन योग्य छ। कवीरले ती सबै धर्महरूलाई अधर्म भनेका छन् जो भक्तिका विरुद्ध छन्। यो कवीरमा परेको वैष्णवहरूको प्रभाव हो। अर्थात् 'कवीरको दृष्टिकोणमा भक्तिविरोधी धर्म आचरणीय होइन। भक्तिबिना योग साधना, व्रत, दान आदि सबै तुच्छ र निरर्थक मानिएको छ। उनको भक्ति वाक्यहरू वचनमा पक्षपात छैन। उनी एक प्रकारले यस्तो भक्तिपद्धतिका समर्थक थिए जो सबैको कल्याण गर्ने थिए। हिन्दू, तुर्क सबैका लागि यदि कुनै प्रमाण छ भने त्यो रमैनी, सवदी र सारिनयोमा छ। अर्थात् रामको गुणगान गर्ने रमैनिया गुरूको उपदेश गाउने सवादियो तथा प्रातिभज्ञान अतीन्द्रिय प्रत्यक्ष साक्षीकृत वचन उनको दृष्टिकोणमा प्रामाणिक

१००० उही, मूल दो. १, ३, घ. सं. ६, ५, ७ 'भक्ति भक्त ... बपु एक ।।' 'भजबे को दोइ सुधर कै हरिकै हरिदास ।।३।।'

१००१ उही, घ. सं. ७, १५, २५, २६ ।

१००२ उही घ.सं. ६० ।

हो । यसबाट के निष्कर्ष निस्कन्छ भने कवीरले शास्त्र र श्रुतिबिना अनुभवद्वारा प्रमाणित प्रमाणका आधारमा मात्र स्वीकार गरेका छैनन् । कवीरले वर्ण, आश्रम र षड्दर्शनको मर्यादा राखेका छैनन् अर्थात् उनको दृष्टिकोणमा वर्ण, आश्रम, षड्दर्शन आदि भक्तको उपकारका लागि सहायक हुँदैनन वाधक हुञ्छन् । त्यसकारण तिनीहरूको मर्यादा पालन गर्नुपर्ने आवश्यक्ता छैन ।[१००३] नाभादासको रैदास कवीर सम्बन्धी कथनबाट दुवैको भेदतत्त्व स्पष्ट हुन जाञ्छ । रैदासले श्रुति र शास्त्रलाई अविरुद्ध भनेका छन् । अर्थात् उनले आफ्नो भक्तिलाई यसको विरोधी बनाउन चाहँदैनन् । यस कथनले उनीप्रति रैदासको उदासिनताको भाव व्यक्त हुन जाञ्छ । नारदको भक्तिसूत्रमा उदासिनताको भाव पाइञ्छ । तथापि कवीरले यी सबैलाई प्रमाण नमानेर रैमनी, सवदी र सारवीलाई प्रमाण मानेका छन् । दोस्रो भेदक तत्त्व वर्णाश्रम सम्बन्धी हो । रैदासले वर्णाश्रम मर्यादा माञ्दछन् तथापि त्यसलाई स्वीकार गर्दै तत्सम्बन्धी अभिमानको त्यागलाई आवश्यक माञ्दछन् । कवीरको दृष्टिकोणमा वर्णाश्रमको मर्यादा रक्षणीय छैन र भक्तिको वाधक पनि छैन । यसबाट स्पष्ट हुञ्छ भक्तिको क्षेत्रमा वर्णाश्रम गौण स्थान हो । वर्णाश्रमको गौणता सम्बन्धी यो विचार नारदभक्तिसूत्र, नारद पञ्चरात्र तथा भाष्कर तिनैमा पाइञ्छ । नारदको महिमा भक्ति सम्बन्धी विचार र पद्धतिलाई कवीरले पनि स्वीकार गरेका छन् । कवीरले भक्तिको विवेचना गर्ने समयमा जुन आदर्श भक्तहरूको नाम लिञ्छन् त्यसमा आदिनाथ शिव, गोरखनाथ, सनकादिक, नारद, व्यास आदिलाई गणना गर्न सकिञ्छ । यी नामहरू नाभादासको भक्तमालामा पनि उल्लेख गरिएको छ । नारदले भक्तिको आश्रय लिएर श्रमनिशाको निवारण गरेका छन् । रामजपबाट रामप्रेम उत्पन्न हुञ्छ । यसको पुष्टि नारद, व्यास, सुकदेव आदि सबैले गरेका छन् । यस प्रकार कवीरले स्पष्ट रूपमा नारदीय भक्तिको आश्रय ग्रहण गर्न आग्रह गरेका छन् ।[१००४] उनले भनेका छन्ः हरिदास बन्नका लागि भेषलाई छोडेर नारदीय भक्तिको आश्रय लिनुपर्दछ । कवीरले यसको आश्रय लिएर आनन्दपूर्व भक्ति, चिन्तन गर्न भनेका छन् । यस भक्तिका लागि शुद्ध भक्तिद्वारा शुद्ध मन, बुद्धि, निष्कपट भाव अर्थात् हरिका प्रति सच्चाई आवश्यक छ ।[१००५] अगाडि नै उल्लेख

१००३ उही छ.सं. ६० ।

१००४ कवीर ग्रन्थावली, पृ. ९८-१००-१०१ ।

१००५ उही पृ. ४६, ६६, ६८ । पृ. १८२, १८३ ।

गरिसकिएको छ दक्षिण भारतमा उदय भएको वैष्णव भारतको दासत्वको कारण हो। सनातनदेखिनै सृष्टिकालिन दर्शन वेद हो। कवीर वैष्णवबाट पनि प्रभावित थिए। त्यसकारण त्यो प्रभाव उनका लेखनहरूमा झल्किञ्छ। जस्तो उनले केवल जीवका पति रामको भक्तिबाट मुक्ति मिल्न सक्तछ भन्ने कुरा उल्लेख गर्दै वेद, पुराणद्वारा निश्चित कर्मबाट मुक्तिको आशा गर्न सकिँदैन भनेका छन्। यस्तो आशा नै सबै कालग्रस्त भनेका छन्। तर वास्तविक मुक्ति योग, ज्ञान र कर्मद्वारा हुञ्छ जुन कुरा वेद, शैव र नाथहरूको मार्ग हो। कवीरले लेख्दछन्: नादानुसन्धान, वैदिक यज्ञयाज्ञ, शब्द ब्रह्मोपासन, मौन व्रत आदिले मृत्युबाट छुट्कारा पाइँदैन। यी सबैले तन, मनलाई क्षीण गर्दछन्। नारदीय भक्तिबाट मुक्ति सम्भव छ। कालको पासोबाट मुक्त हुनका लागि प्रेम भक्तिलाई हृदयमा स्थान दिनुपर्दछ।[१००६] यसबाट स्पष्ट रूपमा के बुझ्न सकिञ्छ भने कवीरले नारदीय भक्तिको आश्रय ग्रहणलाई स्वीकार गरेका छन्। उनले स्पष्ट रूपमा भनेका छन् यो भक्ति नै प्रेम भक्ति पनि हो।

नारद भक्तिसूत्रको जुन विवेचना उल्लेख गरिएको छ त्यसबाट स्पष्ट हुञ्छ नारदको दृष्टिकोणमा भक्ति परमप्रेमरूपी तथा अमृत स्वरूप हो। त्यो आनन्दमय मोक्ष स्वरूपा हो। कवीरले नारदीय भक्तिको आश्रय ग्रहण गरेर आनन्द अनुभव गर्दछन्। भाव मुक्तिलाभ गर्दछन्। यसैप्रकार उनले भक्ति, मुक्तिको प्राप्तिलाई स्वीकार गर्दछन्। प्रेम भक्ति गर्दा सुखमा अमृत वर्षा तथा आनन्द लाभ दुवै हुञ्छ।[१००७] कवीरले यस प्रकारको भक्तिको विस्तारसँग विवेचना गरेका छन्। यहाँ संक्षिप्तमा कवीरद्वारा उल्लेख गरिएको प्रेमभक्तिका लक्षणहरू उल्लेख गरिएको छ। अब हामीले नारदीय भक्तिका लक्षणहरूको तुलना गर्दछौं।

कवीरका अनुसार आत्मारामको आनन्द एकमात्र प्रेमभक्तिमा रहेको छ। त्यो प्रेमभक्ति हिँड्दा पनि झुलीरहेको हुञ्छ। उक्त भक्ति सबै सन्तहरूको विश्राम स्थल हो। रूपकको आश्रय लिएर कवीरले यसको योगपरक व्याख्या गरेका छन्।[१००८] कवीरले राम, हरि, गोविन्द आदि शब्दलाई उक्त परमतत्त्वको

१००६ सन्त कवीर, डा.वर्मा, रागु सोरठी पद ३ पृ. १३२।

१००७ कवीर ग्रन्थावली, पृ. ८९।

१००८ उही पृ. ९४।

बोध गराएका छन् । यसबाट स्पष्ट हुञ्छ यो तत्त्वप्रति प्रेमरूपा अमृतरूपा भक्ति गरिञ्छ । यो कवीरको काव्य हो । कवीरको यो भक्ति विरहको सुदीर्ध विस्तार हो । विरहका पनि स्पष्ट रूपमा २ प्रकार छन्: ज्ञानजन्य विरह र अज्ञानजन्य विरह । पहिलो प्रकारको विरह गुरूद्वारा चेतना दिएपछि, प्रत्यभिज्ञान गरेपछि हुन जाञ्छ । यसलाई पिछाँण पनि भनिञ्छ । यसको मिलन दर्शनको व्याकुलताबाट पूर्ण हुञ्छ । दोस्रो प्रकारको विरह परिचय पूर्वको हो । कवीरले यी दुवै प्रकारका वीरहको सविस्तार व्याख्या 'विरह'को अङ्गमा गरेका छन् । परिचय जन्य विरहमा दुई प्रकारको अवस्था देखापर्दछ । पहिलो अवस्था ज्ञानविरहको हो । जब गुरूले आफ्नो परमप्रिय चेलालाई ज्ञान दिञ्छन् तब त्यसलाई प्राप्त गर्न एवं दर्शन गर्ने प्रयत्न विरह अवस्था हो । जसलाई प्रथमास्थिति भनिञ्छ । यसमा पीडा हुञ्छ, वेदना हुञ्छ । विरह अग्निको अनुभव हुञ्छ साथसाथै उक्त अग्निको उपस्थितिको प्रमाण प्रपञ्च र वासनाको जल मिल्दछ । दोस्रो अवस्था शुद्ध परिचयको अवस्था हो । जसलाई साक्षात्कारको अवस्था पनि भनिञ्छ । यसमा साधकले कहिले काहीँ आफ्नो हृदयको ज्योतीको झलक आफ्नो हृदयभित्र नै पाउँदछ । जो क्षणिक विरह भएपछि व्याकुलताको पराकोटीमा पुग्दछ । यी सबै अवस्था सुमिरण, विरह, ज्ञान तथा परिचयको अङ्गमा सूक्ष्मताबाट मिश्रित रूपमा मिलेको हुञ्छ ।[१००९] यदि भक्तिको साधनाक्रमबाट भावना क्रममा विचार गर्ने हो भने गुरूको प्रेरणाले गोविन्दको ज्ञान प्राप्त हुन जाञ्छ । स्मरणबाट उक्त ज्ञानमा आद्रता र तीव्रता आउँदछ । सुषुप्तिबाट जागरण आउँछ । जागरण र स्मरणको वेगबाट प्रियको प्राप्तिको व्याकुलता स्मरण हुञ्छ । उसका लागि सबै प्रकारको महत्तम त्याग, महत्तम प्रयत्न र कर्म गर्नुपर्दछ । विलक्षण वेदनाको अनुभूति हुञ्छ । ज्ञान विरहमा प्रियतमको अन्तर आत्मामा ज्ञान हुञ्छ । प्रेम वेदना अरु बढ्दै जाञ्छ । गुरूप्रदत्त ज्ञानले प्रेमलाई पुष्ट गर्दछ । सुरक्षित गर्दछ र सहायक हुञ्छ । परिचयमा प्रियतमको झलक मिल्दछ, अनन्त ज्योतिको दर्शन हुञ्छ, बृहत मैदानमा प्रवेश गर्दछ । यसै समयमा एकान्त विलिनताको प्रवेश हुञ्छ । तत्पश्चात् रसरूप हरिको साक्षात्कार हुञ्छ । यस प्रकारको रसको व्याख्या कवीरले अति विलक्षण ढङ्गले गरेका छन् । अति आनन्द प्रदान गर्ने यस रसको व्याख्या गर्न कवीरको शब्दकोश चुकेको छ । उनले त्यसको व्याख्या

१००९ उही पृ. ४-१६ ।

अधिक शब्दले गर्न सक्तथे त्यो पनि अनन्त छ । यस रसको पान गरिसकेपछि सम्पूर्ण आध्यात्मिक यात्राको तृष्णा मेटिन जाञ्छ । उसको अस्तित्व रहँदैन । जबजब यस प्रकारको 'रस'को पान हुँदै जाञ्छ तब तब रसातलता बढ्दै जाञ्छ । यसको महत्त्व कहिल्यै पनि हराउँदैन र नसा अम्मल खाने इच्छा पनि रहँदैन । यस प्रकारको मततामा शरीरको सुधबुध रहँदैन । यस रसको तिल मात्रको प्रयोगले पनि शरीरलाई सूक्ष्म र स्थुल कञ्चन गराइदिञ्छ ।[१०१०]

यस प्रकारको सूक्ष्म अनुभूत्यात्मक प्रेम भक्तिको निरूपण नारद भक्तिसूत्रमा दुर्लभ रहेको छ । तथापि फेरि पनि नारदले प्रष्ट पार्ने प्रयत्न गरेका छन् । उनले भनेका छन्ः यस प्रेमवश तथा अमृत स्वरूपा भक्तिको फाइदा लिएर मानिसले सिद्ध, अमृत, तृप्त, अनाकांक्षी, निश्चिन्त, द्वैषरहित हुन जाञ्छ । उसले उसलाई जानेर मत स्तब्ध र आत्माराम हुन जाञ्छ ।[१०११] यस प्रेमतत्त्वको स्वरूपलाई नारदले मुकास्वादन समान अनिर्वचनीय माञ्दछन् । यसको प्रकाश अत्यन्त कम मात्र मानिसहरूमा पाइञ्छ । यो प्रेम कामना वर्जित, प्रतिक्षण, वर्धमान, अविछिन्न र सूक्ष्म हुञ्छ । कवीरले यी सबै विशेषताहरूलाई अत्यन्त विस्तारका साथ व्याख्या गरेका छन् । उनका अनुसार प्रेमरस नै रामरस हो । यस रसको पानले रस विस्मृत हुन जाञ्छ । यस रसको पानले मानिसहरू निर्मल हुन जाञ्छन् । यसमा उत्पन्न भएको खुमारी कहीँ पनि जाँदैन । यो सूक्ष्म भन्दा पनि अति सूक्ष्म छ । फेरि पनि प्रेमी भक्त त्यसैमा मस्त रहञ्छ । यसमा तिलमात्रको संचरणले शरीर कञ्चन हुन जाञ्छ । यसैमा सबै आशाहरू विजित हुन जाञ्छ ।[१०१२] यो प्रेम सतीको प्रेम हो जो अनन्य हुञ्छ । यस अनन्य प्रेममा नै सुख रहेको हुञ्छ । दुई वा अधिक विषयमा प्रेम भयो भने ताउना, पीडा, दुःख हुन जाञ्छ । केवल एकपटक मात्र प्रेमीभक्त प्रति विश्वास हुञ्छ । उसलाई एउटा प्रियतमको पनि आशा छ । पतिव्रता स्त्री, सर्वतोभावेन, अनन्य भावले आफ्नो पतिमा निर्भर रहञ्छिन् । यस प्रकारको सुख, दुःख, सम्पत्ति, विपती सबै अवस्थामा केवल त्यसैमा आश्रित रहञ्छिन् । यहाँसम्मकी पति व्रताले अरुलाई देख्न पनि चाहँदिनन् ।[१०१३] यस प्रकारको प्रेमका लागि पतिव्रताले सबै विपरित तत्त्वहरू चाहे त्यो जति

१०१० उही पृ. १६, १७, अङ्क ६ ।

१०११ नारद भक्तिसूत्र, सू. २-६ ।

१०१२ उही सू. ५१-५४ । कवीर ग्रन्थावली पृ. १११, ११९, १६-१७ ।

१०१३ कवीर ग्रन्थावली, पृ. १९, २०, ५९ ।

नै प्रिय होस् तिरस्कार गर्दछन् । कवीरले उदास भावलाई पनि अपनाएका छन् । अनन्यताको रक्षाका लागि यायात्मक प्रपञ्चमा रहँदै प्रेमी उनीबाट उदास रहञ्छ । उनका प्रति उसको राग कहिल्यै पनि क्रियाशील हुँदैन । उसले केवल हरिपदको चिन्तन गर्दछ । भक्ति गर्दछ । माया, काम, क्रोध, स्तुति, निन्दा आदि सबै अन्य तत्त्वहरूप्रति उदास रहञ्छ । विषयमा उदास रहेपछि मनलाई जितेर जगत विजय सम्भव छ ।[१०१४] यस प्रकारको प्रेमको रीति वेद, पुराण, कुरान, स्मृति आदिमा व्याख्या गरिएको भन्दा विलक्षण छ । यो कवीरको व्याख्या हो ।

लोक तथा कुलको मर्यादा यी सबै बन्धन हुन् । प्रेमको अनुकुल छैनन् । यस्कारण यसको ग्रहण उपयुक्त छैन । रामको प्राप्तिबिना सबै कुरा निरर्थक छन् ।[१०१५] आखिर रामले पनि रावणले सीताहरण गरिसकेपछि आदिनाथ शिवको स्तुती गरे र शिवले दिएको उपदेश शिवगीता हो । सनातनकालीन दर्शन वेद हो । यसर्थ वैष्णवदेखि कवीरसम्म मोहम्मददेखि क्राइष्टसम्म जतिसुकै खण्डन मण्डन गरेपनि शैवधारा योग ज्ञान र वेदको यात्राबिना कसैको पनि मुक्ति सम्भव छैन । पोथीलाई पढेर मानिसहरू पोथीका पण्डित हुन जाञ्छन् तथापि यी पोथीहरूको सार प्रियलाई अथवा प्रियका अक्षरलाई प्रेमसँग अध्ययनगर्ने हो भने पण्डित हुन जाञ्छन् । किनभने त्यो एकैतत्त्वको ज्ञान आवश्यक छ, जसको ज्ञानले सबैलाई ज्ञान हुन जाञ्छ ।[१०१६] यस प्रकारको प्रेमभक्तिको मुलतत्त्व समर्पण हो । जीवको सबैभन्दा प्रियवस्तु अहङ्कार हो । उक्त प्रिय वस्तुलाई भगवानको चरणकमलमा समर्पित गरिदिनाले भगवत्प्रेमको प्राप्ति सम्भव छ । अहङ्कार त्याग या यस प्रकारका अन्य महत्त्वपूर्ण कर्महरूको सम्पादन सहज र सरल छैन । जीवले जब आफ्नो सामर्थ्य शक्तिद्वारा प्रेम प्राप्त गर्न असमर्थ हुन जाञ्छ तब ऊ साँसारिक बाधा, दुःख, प्रपञ्चबाट हतास भएर भगवानको चरणमा आफूलाई समर्पित गर्दछ । यस्तो पूर्ण समर्पणको अवस्थामा भक्तले जे गर्दछ त्यो हरिले नै गर्दछन् ।

यस प्रकारको समर्पणको वृति, असमर्थताभिव्यक्ति र उसको अनुभूतिबाट साधकले भक्तपद प्राप्तगर्दछ । वास्तवमा कर्ता त कोही अरु नै रहेको छ ।

१०१४ उही पृ. १२०, १५९, १६८, १९० ।
१०१५ उही पृ. ३६, १२९, १५९ ।
१०१६ उही पृ. ३८, ३९, १९ ।

जीव त त्यही कर्तामा पूर्णतया निर्भर रहेको छ ।[1017] यो अवस्थामा पुरुष प्रियबाट थोरै पनि विचलित भएको अवस्थामा कुनै बाधा व्यवधान आयो भने चाहे त्यो क्षणिक नै किन नहोस् पतिव्रता प्रियसीमा व्याकुलता उत्पन्न हुन जाञ्छ । लय पूर्व अथवा ज्ञानपछि अनेकौं पटक यस्तो अवस्था उत्पन्न हुन जाञ्छ । बीच बीचमा यस्तो झझल्को आउने गर्दछ, विरह अवस्थामा गम्भिरता र व्याकुलता बढ्न जाञ्छ । यसकारण यस्तो विरह अवस्था विलक्षण हो । कवीरले विस्तारसँग यस प्रकारको विरह र व्याकुलताको व्याख्या गरेका छन् ।[1018] यो व्याकुलता कुनै अन्य अतीत वस्तुको प्राप्तिका लागि केवल मिलन सुख, साक्षात्कार, सेवा, दर्शनका लागि हो । यस प्रकारको व्याकुलता समर्पणमा निष्कामताको वृति प्रधान रहेको हुञ्छ । व्याकुलता पनि हरिका लागि हुञ्छ । यसकारण पतिव्रताले गरेका सबै कर्महरू उसैका लागि हुन् । सकाम भक्ति विगर्हणीय हुञ्छ । त्यसमा प्रियतमको साक्षात्कार सम्भव हुँदैन । यसबाट उसलाई प्रेम प्राप्त गर्न कठिन हुञ्छ । कवीरको निष्काम भक्तिनै प्रेम हो । पति प्रसन्न होस् यसकारण पतिव्रताले उसको सेवा गर्दछिन् । यही कवीरको आदर्श हो । प्रियतमलाई छोडेर स्वर्गको इच्छा पनि हुँदैन । जब भक्तले भगवानका चरणमा आफूलाई समर्पित गर्दछ तब उसको कर्म पनि भगवत्प्रेरित हुञ्छ । यस्तो कर्म निष्काम भावको हुञ्छ । भगवदिच्छा सम्झेर गरिञ्छ । जुन कुराहरू समर्पित गरिञ्छ ती आफ्नो केही पनि होइनन् सबै उसैका थिए ।[1019]

यस प्रकारको प्रेमभक्तिमा कर्म समान नै ज्ञान र योग पनि सहायक हुञ्छन् । यी दुवै एकअर्कामा अर्न्तसम्बन्धित छन् । आफ्नो स्वतन्त्र महत्त्व छैन । प्रतीकको माध्यमबाट व्यक्त गर्दै कवीरले भनेका छन्: गुरूको उपदेशको अग्निले साधकको ज्ञानको दीप प्रज्वलित हुञ्छ । स्नेह हृदयमा प्रवाहित हुन जाञ्छ । यी तिनैको संयोगबाट उता ज्योति निस्कञ्छ, जसबाट सबै कुसंस्कारहरू जल्न लाग्दछन् । विरह गुरूद्वारा प्रदत ज्ञानबाट तथा प्रेमबाट उद्धीप्त हुन जाञ्छ ।[1020] वस्तुत कवीरको प्रेमभक्तिमा ज्ञानको उपयोग उदासिनताको उत्पतीका लागि हो । कनक र कामिनी दुवैप्रति विरक्तिभाव उत्पन्न गर्नका लागि अनन्यता, निष्कामता,

१०१७ उही पृ. १६, ६१, ६२ ।
१०१८ उही पृ. ७-१२ ।
१०१९ उही पृ. १९/६१ ।
१०२० उही पृ. ११।१२ ।

र असमर्थताको भाव पुष्ट गर्नका लागि यस प्रकारको ज्ञानको आवश्यक्ता पर्दछ । कवीरका अनुसार ज्ञानको प्राप्तिबाट नै कनक र कामिनीको न्याय सम्भव छ । ज्ञान तत्त्व भक्तिको सहायक हो र रक्षक हो । खड्गवत साधन हो साध्य होइन । ज्ञानको आँधीले जब सम्पूर्ण भ्रमहरू ध्वस्त हुन जाञ्छ त्यतिबेला प्रेमको वर्षा हुन जाञ्छ । जबसम्म आँदिको प्रेमको उत्पादनमा राम रसायनको पान सहायक हुँदैन त्यतिबेलासम्म अनेक रोगहरू उत्पन्न गर्ने साँसारिक व्यवहार हुञ्छ । राम या रामभक्तिको लक्ष्य स्वीकार नगरिएको ज्ञान झुठो हो । प्रेममा चोट लाग्दा ज्ञान पनि विस्मृत हुन जाञ्छ । त्यतिबेला केवल प्रेम नै प्रेम रहन जाञ्छ । प्रेम भक्तिमा यही अवस्था योगको पनि छ । योग मुक्तिबाट विषय त्याग या त्यसमा नियन्त्रण सम्भव छ । योग बिना हरिभक्तिको निष्पति असम्भव छ । योग जो माया उत्पन्न गराउन सहायक छ स्वयंमा माया हो । राम रसायन या प्रेम रसको प्रेम योगसँग जोडिनु पर्दछ । अन्यथा विभिन्न रोगहरू उत्पन्न गर्ने हुञ्छ । उसलाई रामको ज्ञान गराउन सहायक गराउनु पर्दछ र रामलाई पनि ज्ञान दिने आदिनाथ शिव र शिवगीताको याद गराउनु पर्दछ । रामनाम भन्नाले र यसको भक्तिसँग शिवगीताको ज्ञानग्रहण गर्नाले संसारमा न केही भन्न बाँकी रहञ्छ न केही गर्न बाँकी रहञ्छ । प्रेम उत्पतीको लागि यी सबै साधक हुन् । त्यो प्राप्ति भएपछि यसको महत्त्व रहँदैन ।[१०२१] यही अवस्था जप, तप आदिको पनि हो ।

ज्ञान, योग, कर्म, भक्ति यी सबैको सम्पादन गर्दा प्रेमीको प्रेमसाधना गर्न पटक-पटक कृपाको आवश्यक्ता पर्दछ । साधनाको आरम्भ नै गुरूबाट हुञ्छ । तथापि गुरूको प्राप्तिबिना गोविन्दको कृपा सम्भव हुँदैन । गुरू कृपाबाट ज्ञान पाइञ्छ जसले मायाको रक्षा हुञ्छ । गुरूकै कृपाबाट हृदय कमल विकसित हुञ्छ । भ्रमनाश हुञ्छ । परिणाम स्वरूप परमज्योतिको प्रकश हुञ्छ । प्रपञ्च र मायाको भयले राममा मन लाग्दछ । भक्त रामको कृपाको याचना गर्दछ । जसबाट रामस्मरण या स्मरणशक्ति सदैव बनिरहञ्छ । भगवत्कृपाले नै गुरू ज्ञान प्रदान गर्दछ । परिणाम स्वरूप हरिको हृदयमा साक्षात्कार हुञ्छ ।[१०२२]

ब्रह्म र मायाको प्रपञ्चबाट उत्रनका लागि साथ सङ्गती दोस्रो उपाय हो । वैष्णव नै साधु हुन र त्यही वाम स्मरणका लागि प्रेरित गर्दछन् । साधुसङ्गत

१०२१ उही पृ. ११-१२, ६०, ७०, ९३, १३०, १७५, १९१ ।
१०२२ उही पृ. २, ३३, ८९, १६३, १९० ।

नै वैकुण्ठ हो ।[१०२३] यो वैष्णवहरूको व्याख्या हो । अभावात्मक साधनामा अहङ्कार र त्याग, दम्भ त्याग आवश्यक छ । किनभने त्यागबिना समर्पण र सरणागती सम्भव छैन । ब्रह्माको ज्ञान अग्नि उत्पन्न भएपछि पाषँड र अभिमान जलेर मर्दछ । यो अभिमान त्यागमा मानौं प्रियको मिलन हुञ्छ । अन्यथा हुँदैन ।[१०२४] अभिमान त्याग गरेर भगवानको सेवामा आफूलाई अर्पित गर्नु आवश्यक छ । भनिञ्छ कि यो समर्पण भाव 'निहकर्मी पतिव्रता'को भाव हो । सेवकमा निष्कामता साथ दीनभावना दुवैमा हुनु आवश्यक छ । जहाँ हरिको सेवा तथा साधुको पूजा हुँदैन उक्त स्थान श्मशान घाट जस्तै हो । साँसारिक जीवनका सबै आशाहरूलाई त्याग गरेर उपासक जीवनमृत हुन जाञ्छ । हरिको सेवा स्वयंमा हुन लाग्दछ । यस्तो सेवामा सेवक कहिल्यै पनि दुःखी हुँदैन । ऊ सधैँ सुखी रहञ्छ । सेवकले आफ्नो शरीरको थोरै पनि चिन्ता गर्दैन । उसको स्वार्थ केवल राम नै हुञ्छ । रामको भजन गर्ने सेवकको कहिले पनि अधोगति हुँदैन । स्वयं म राम नै आदिनाथ शिवका शेवक हुन् । शिवगीताका वाणी वचनहरूले त्यो कुरालाई पुष्टि गर्दछ । सेवकसँग यस्तो सेवाको भावना हुनुपर्दछ कि ऊ बिना रहनै नसकोस्, दुःख, सुखमा पनि समान रूपमा स्वीकार्य होस् । सेवा नै उसका लागि सबै कुरा हो, अरु सबै बेकार हो ।[१०२५] कान्ताभाव रहँदा पनि सेवक सेव्य भावमा जिवित रहञ्छ, निष्कामता बनीरहञ्छ । यी दुवै आदर्शको कल्पना कवीरले निहकर्मी पतिव्रताका रूपमा गरेका छन् । जसको व्याख्या र निरूपण उनले आफ्ना रचनाहरूमा गरेका छन् । यस प्रकारको प्रेमाप्लुता, पतिव्रता, निष्काम, अतिव सुन्दरी हो । त्यसमा सौन्दर्यको काख सौभाग्य हो । पतिको प्रेमबाट नै उनलाई कृपा र प्रसाद मिल्दछ । उनको सौन्दर्यबाट श्वास जल्दछ । यसरी पूरै पारिवारिक जीवनको व्याख्या कवीरले गरेका छन् । कवीरले सौभाग्य सुन्दरीको पनि कल्पना गरेका छन् ।[१०२६] आफ्नो प्रिय पति प्रतिको व्याकुलताबाट सर्म्पकित अनन्य प्रेम भावनालाई अत्यन्त गम्भिर रूपमा विवेचना गरेका छन् । जसलाई एकान्तिकता पनि भनिञ्छ । पतिव्रतमा एकान्तिकताको भाव रहेको छ । भनिञ्छ कि कवीरको बाहिरी

१०२३ उही पृ. १६५, १२८, ४९, ९६ ।

१०२४ उही पृ. १८३, १९५ ।

१०२५ उही पृ. ५३, ६४, ७१, १३५, १४१ ।

१०२६ उही पृ. ९, १६४-१६५-१६६, १३२-१३३, ८०-८१-१२५ ।

व्यवहार भक्तितर्फ उन्मुख थियो । कवीरको प्रेमभक्तिको मानस पक्ष यति प्रवल र तिव्र छ जसबाट बाह्य आचारको स्थान गौण हुन गएको छ । जुन आचार व्याख्यामा पनि छ । हृदयमा पनि सम्वद्ध छ । तिर्थयात्राको अपेक्षा उनले भक्तसँग जान अधिक श्रेयस्कर मानेका छन् । भक्त तीर्थभन्दा ठूलो हो । जबसम्म साधु सन्तहरूको सङ्गत र हरिभक्ति हुँदैन तबसम्म मथुरा, द्वारिका आदि तिर्थहरूको भ्रमण निर्धक छ ।[१०२७] आचारको तत्कालीन सामाजिक तथा शास्त्रीय मान्यता जाति, वर्ण, आश्रम, कुल आदिको भेदका आधारमा थियो । जबसम्म आध्यात्मिक दृष्टिकोण र विचार उच्च हुँदैन त्यतिबेलासम्म जतिसुकै उच्च कुलमा भएको भएपनि ऊ नीच नै हुञ्छ । भक्तिमा 'कुल'को होइन कर्मलाई महत्त्व दिइएको छ । कुल त त्यही राम्रो हो जसमा भक्त उत्पन्न भएको छ । कुल केवल पात्र हो । भक्तिको क्षेत्रमा प्रवेश गराउनका लागि यसलाई छिन्न भिन्न पार्नुपर्दछ ।[१०२८] प्रेमा भक्तिमा साधक वादविवादमा पर्नु हुँदैन । उसलाई यसमा पर्ने अवसर पनि मिल्दैन । यी सबै उसका लागि तुच्छ हुन् । भक्त हरिगुण कथन श्रवणमा नै सधैँ मस्त रहञ्छ ।[१०२९] कवीरले भक्तिशास्त्र अध्ययन गर्ने कुनै विधान नियम बनाएका छैनन् । यसको कारण के हो भने गुरूले नै उनलाई सबै कुरा दिञ्छन् र गुरू नै स्वयं शास्त्र हुन् । उनको 'सवद' वाणी नै प्रमाण हो । जीवनमा दया, सत्य, सौच, अहिँसा, सन्तोष आदिको अभ्यास भक्तिको उपकारक हो । कवीरले यसलाई स्वीकार गरेका छन् । कवीरले बाह्य रूपमा प्रकट हुने बोलीको होइन भित्री हृदयको सत्यतालाई महत्त्व दिञ्छन् । **मुसलमानहरूको हलाल गरेर गरिने पशुवध ईसाईहरूको महिलालाई पशुसमान मान्ने धारणा गौहत्या जस्ता हिँसालाई अधार्मिक माञ्दछन् । जुन भक्तिका विरुद्ध छ । यसर्थ कवीरले यी कुराहरूको कैयौ स्थानमा निन्दा आलोचना गरेका छन् ।** कवीरको प्रेमभक्ति सम्बन्धी विचार र भाव नारदको भक्तिसूत्रमा स्पष्ट रूपमा पाइञ्छ । उनले जसरी अगाडि भनेका छन्ः प्रेमभक्तिमा अनन्यता, उदासिनता, न्याय या समर्पण, क्षणिक विरहाग परम व्याकुलता, कर्मज्ञान, योगबाट भक्तिको श्रेष्ठता, भगवद्गुण, श्रवण किर्तन, भगवत्कृपा, सत्सङ्गमहिमा, भगवत्कृपाबाट महत्संगलाभ, विषय त्याग, कुसङ्गत गलत मानिसको साथ त्याग, अभिमान

१०२७ उही पृ. ९७, ४९, सन्त कवीर पृ. ४५, राग, गडडी, पद ४२ ।
१०२८ कवीर ग्रन्थावली, पृ. ४८, ५३, १२८, १२९ ।
१०२९ सन्त कवीर पृ. १५३, रागु विलावलु पद २ ।

घमण्डको त्याग, नित्यदासत्त्व, नित्यकाँताभाव, एकाँतिकता, भक्तबाट नै तीर्थको पवित्रता, भक्तिको क्षेत्रमा जाति, विद्या, रूप, कूल, धन आदिको निर्वधता, त्याग, अहिँसा, सत्य, शौच, दया, आस्तिक्य आदिको अभ्यास, काँताशक्ति आदि तत्त्वको विवेचना गरिएको छ ।[१०३०] जसरी नारदीय भक्तिको कामना रहन दिँदैन त्यसैगरी कवीरले प्रेम प्राप्त गरेपछि कुनै वस्तुको कामना रहन पाउँदैन भन्ने उल्लेख गरेका छन् । जसबाट पूर्ण रूपमा तृप्त एवं सन्तुष्ट हुन जाञ्छन् । लौकिक व्यापार पनि भगवानका लागि हुञ्छ र समर्पित हुञ्छ । वैदिक व्यापार नित्य, नैमितिक, काम्य, कर्म कवीरले गर्न चाहदैनन् । उनले भक्ति अनुकुल पनि स्वीकार गर्दैनन् । कवीरको तर्क के छ भने यसले भेद उत्पन्न गर्दछ । यसकारण वैदिक कर्मको समर्पणको कुनैपनि प्रश्न कवीरको सामु उठ्दैन । यसैप्रकार भगवानप्रति दृढ निश्चय भाव उत्पन्न नहुँदासम्म शास्त्र रक्षाको कुनै प्रश्न कवीरका सामु रहँदैन । यसका केही कारणहरू रहेका छन् । कवीरले गुरू र उनका शब्दहरूलाई सबैभन्दा ठूलो प्रमाण माञ्दछन् । प्रेमभावको निश्चित दृढतासम्म गुरू नै मुख्य सहायक हुञ्छन् । गुरूले सधैँभरी आफ्ना शिष्य चेलाहरूको कल्याण चाहञ्छन् । यसकारण पतन हुने आशङ्कामा शास्त्र रक्षा चिन्ता लिनु नपर्ने उपदेश उनले दिएका छन् । शास्त्रको महत्त्वको निर्वचन नारद भक्तिसूत्रमा यसकारण पाइञ्छ किनभने गुरूको कुनैपनि व्याख्या भक्तिसूत्रमा छैन । यस विपरित नारद पञ्चरात्रमा गुरूको महात्म्य व्याख्या गरिएको छ । यसमा शास्त्र रक्षाको महत्त्व व्याख्या गरेको पाइँदैन । नारद भक्तिसूत्रमा भक्तिका जुन दुई प्रमुख लक्षाणहरू बताइएको छ ती हुन्: भगवानमा अखिल आचरणको समर्पण तथा भगवानको विस्मरण, परम व्याकुलता । यी दुवै लक्षाण कवीरको भक्तिमा पर्याप्त रूपमा घटित हुञ्छन् । नारदले बज्रगोपीकाको उदाहरण दिएका छन् जो आफ्ना प्रियतम श्रीकृष्णको सुखबाट सुखी रहञ्छ । कवीर आफ्नो सुखमा होइन अनेक दु:ख, कष्टहरू सहेर पनि प्रियतमको सुखमा नै खुसी हुञ्छन् । कवीरले भक्तिमार्गलाई ज्ञानमार्ग कर्ममार्ग र योगमार्गभन्दा सर्वश्रेष्ठ मानेका छन् ।[१०३१] कवीरका लागि भक्ति फलरूप हो तथापि नारदको भन्दा केही फरकपना छ । नारदले जुन तिन प्रकारका मतहरूतर्फ सङ्केत गरेका

[१०३०] नारद भक्तिसूत्रका निम्न सूत्र द्रष्टव्य: ८-१२, १९, २५, २७, ३७, ३८, ४०, ३५, ३६, ४३, ४९, ६०, ७४, ७५, ७६, ७८, ८२ ।

[१०३१] नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १७९ ।

छन् कर्ममार्ग, लौकिक वैदिक, कर्ममार्गको भक्तिको सहायकत्व मतलाई उनले स्वीकार गर्दैनन् । कवीरले कर्म मार्गलाई तिरस्कार गरेका छन् । दोस्रो उनले ज्ञानलाई भक्तिको साधना मान्दछन् । कवीरले केवल त्यस्तो ज्ञानलाई मात्र भक्तिको सहायक मानेका छन् जो उनको अनुकुल रहेको छ । उनका लागि भक्ति नै सबै कुरा हो । ज्ञान त साधु, सन्त नबनेका व्यक्तिहरूमा पनि हुन्छ जो हृदयमा भित्र दुषित रहन्छन् । तथापि भक्तिका लागि हृदयको सच्चाई एवं पवित्रता आवश्यक छ । यदि हृदय शुद्ध र सफा छैन भने ज्ञान पनि व्यक्तिलाई लिएर डुब्दछ, त्यसको कुनै औचित्य रहँदैन । शाण्डिल्यले आफ्नो भक्तिसूत्र सं. ४ को **'ज्ञानमिति चेन्न द्विषतोऽपि ज्ञानस्य तदसंस्थिते:'**मा भनेका छन्: ज्ञान त दोषी, विषाक्त व्यक्तिहरूमा पनि हुन सक्तछ । तर भक्ति सद्भावमा द्वैष रहँदैन । यसर्थ शाण्डिल्यको दृष्टिकोणमा ज्ञानभक्तिको अंश हो र उसको सहायक हो । असाधको अङ्गमा यस तथ्यतर्फ कवीरले पनि सङ्केत गरेका छन्। यस दृष्टिकोणबाट साधुहरूको हृदयमा उत्पन्न हुने भक्तिको अनुकुल ज्ञानभक्ति भएको देखिन्छ । कवीरले ज्ञानको मात्र कुरा गर्दछन् त्यसको अर्थ शास्त्र ज्ञान, ग्रन्थ ज्ञान र पण्डित ज्ञान हुन्छ । भक्तिको प्रसङ्गमा जब उक्त ज्ञानको विवेचना गरिन्छ तब गुरूद्वारा बताइएको भक्ति स्वरूप या भागवत् स्वरूपको ज्ञानको अर्थलाई नै ग्रहण गर्दछन् । किनभने उनले शास्त्रको पटक-पटक खण्डन मण्डन गर्ने गरेका छन् ।

कवीरको भक्ति पद्धतिमा ज्ञानको दोस्रो अर्थ पनि छ । यहाँ तर्क प्रतिपादित, शास्त्राभ्यासोद्भूत ज्ञानलाई स्थान दिइएको छैन । तर्क र आधारलाई स्थान नदिनु धूर्त्याई हो । भक्तिधाराको यस प्रकारको छलकपट धुर्त्याई नै भारतको १ हजार वर्षको गुलामी हो । तर महायोगी गोरखनाथ, शङ्कराचार्य लगायत शैव र वैदिक धाराले तर्क र वहशलाई स्वीकार गर्दछ । कवीरको दृष्टिकोणमा ज्ञान भक्तिको अङ्ग हो । यसको तात्पर्य कवीरदासले भक्तिलाई साधना र साध्यको रूपमा मान्दछन् । नित्य दास्यभाव र नित्य कांत भावमा यी दुवै रहेका छन्। कतिपयले भुक्ति र मुक्तिका लागि भक्ति गर्दछन् । तथापि कवीरदासले भक्ति साधना गर्नुको कारण भगवानबाट भक्ति प्राप्त गर्नु हो । उनका लागि भुक्ति र मुक्ति दुवै आवश्यक छैन । यस प्रकार कवीरका अनुसार भक्ति साधनारूप र

साध्य रूप दुवै हो ।[१०३२] कवीरले भगवान् र भक्तलाई एकै मानेका छन् । उनको दृष्टिकोणमा राम र रामभक्तहरू समान छन् । यही साकार र प्रत्यक्ष देवताको दर्शन गर्नुछ भने सन्तको दर्शन गर्नुपर्दछ । भगवानको नीज रूप निराकार हो । मुसलमानहरूले पनि निराकारनै माञ्दछन् ।[१०३३] कवीरले भक्तिलाई रस मानेका छन् । तथापि उनले जुन भक्तिरस र प्रेमरसको लक्षण बताएका छन् त्यसबाट के जानकारी पाउन सकिञ्छ भने यस रसमा प्रिती, या प्रेम आनन्द र मदिरात हुञ्छ नै त्यसमा ज़ीवन प्रदायक, अजर अमरत्व प्रदायक गुण पनि समन्वित हुञ्छ ।

यस प्रकार कवीरको भक्तिको परिचय दिइएको छ जसमा विभिन्न तत्त्वहरूको विचार गर्दा पनि भक्तिमाध प्रपतीको लक्षण पाइञ्छ । श्री वैष्णवले र प्रपतीलाई भिन्न भिन्न माञ्दछन् । प्रपतीवादीहरूले कुनै चासो राख्दैनन् । भक्तिको उत्पादक पोषकतत्त्व एवं भावमा आफूलाई नदेखेपछि भगवानको चरणमा स्वयंलाई समर्पित गर्दछ । सबै कर्म कर्तव्यका लागि भगवानप्रति नै अवलम्वित रहञ्छ । श्री वैष्णवका अनुसार प्रपतीका जुन अङ्गहरू र तत्त्व अगाडि उल्लेख गरिएको छ त्यसमा मुख्यतया दुई प्रकारका भावहरू पाइञ्छ । ती हुन् अनन्यता र समर्पण । यद्यपि समर्पण पनि एकप्रकारको क्रिया हो, चेष्ट्य हो । तथापि भक्तिको श्रवण, किर्तन, नामस्मरण, रूपस्मरण, दया, दान, आस्तिक्य अहिँसा आदि आचार एवं कर्म कर्तव्यको तुलनामा उसलाई राख्न सकिँदैन । भक्तिका लागि अनन्यताको आवश्यक छ । निष्कामताको व्यवहारिकताका लागि समर्पण आवश्यक छ । त्यहाँ प्रमुख रूपमा कर्मको समर्पण छ । कवीर, दया, आस्तिक्य, अहिँसा, नाम जप श्रवण-किर्तन आदिलाई आवश्यक माञ्दछन् । यसर्थ उनको भक्ति पद्धतिमा प्रपतीमा समर्पण भक्तिको एक अङ्ग मात्र हो । प्रपती नै मुख्य साधन उपाय होइन । वस्तुतः कवीरको भक्ति पद्धतिमा भक्तको पक्षका साथ उसको सेवक सुर र पतिव्रतासँग सम्बन्धित कर्तव्य पक्ष पर्याप्त र प्रवल छ । शङ्कराचार्यले पञ्चरात्र पूजाको उपास्यकरण, नामगुण जपकथन, प्रणति, भगवच्चरणमा आश्रय ग्रहण, भक्ति सहित हरिको उपासना पूर्णतया आत्मसमर्पण सहितका ६ अङ्गहरू उल्लेख गर्नुभएको छ । यी सबै कुराहरू कवीर ग्रन्थावलमिा पनि पाइञ्छन् । यस आधारबाट निष्कर्षमा के भन्न सकिञ्छ

१०३२ कवीर वचनावली पृ. १२७ ।

१०३३ कवीर ग्रन्थावली, पृ. ५० 'राम सरिखे जन मिले' कवीर वचन पृ. १२३ ।

भने अर्हिवहन्य सँहितामा उल्लेख गरिएको प्रपतीका पाँच सोपानहरूमा नमन, दिनता, असहायताको भावना महाविश्वास, प्रतिकुल्यविर्वजन, मन, वचन, कर्म आदिको पूर्ण समर्पण सबै कुराहरू कवीरले उल्लेख गरेका छन् । अहिर्वुध्न्य सँहितामा जसरी हृद्योगलाई मुख्य उपाय र योग, यम नियमलाई गौण उपाय भनिएको छ कवीरको पनि ठीक यस्तै धारणा रहेको छ । कवीरदासले उक्त योगलाई प्रपञ्चकारक माञ्दछन् । जो भक्ति उत्पन्न गर्नमा सहायक हुञ्छ । यसको अर्थ योग कवीरका लागि यहाँ पनि गौण उपाय हो । नारद पञ्चरात्रमा जुन ६ प्रकारका भजनहरू उल्लेख गरिएको छ त्यस मध्येमा अधिकांश कवीरको भक्ति पद्धतिमा स्वीकार्य छ ।[१०३४] कवीरको भक्ति साधनाका लागि स्मरणको मानसिक साधना अत्यावश्यक मानिञ्छ । तथापि भजन किर्तन सामूहिक नाम उच्चारण जस्ता सामूहिक प्रचलनहरूलाई उनले स्वीकार गर्दैनन् ।

भजन किर्तन मध्येको एउटा वैयक्तिक रूप नाम जप हो । जसको साधना बाह्य उपकरणहरको सहायताले गरिञ्छ । कवीरदासले बाह्य रूपका मालाहरूलाई तिरस्कार गर्दथे । मनभित्रै घुम्ने उपदेश दिन्थे । यस विपरित महाराष्ट्रको हिन्दी सन्तहरूमा भजन किर्तन र भक्ति एकप्रकारले मुख्य अङ्ग बनेको थियो । जसको प्रचार प्रसारपछि अन्य सम्प्रदायमा पनि हुन गयो । यस प्रकारको भजन किर्तनको पद्धति प्रायः कुनै मूर्ति या प्रतिमाको बन्धनमा बाँधिएको थियो । यसकारण पनि कवीरले यसलाई अस्वीकार गरे । यस प्रकारको बन्दनलाई पनि कवीरले त्यही रूपमा स्वीकार गर्दछन् । तथापि उनको कुनै मूर्ति विशेषसँग सम्बन्ध थिएन । पाद सेवन पूजनको सम्बन्ध पनि यसै प्रकारको मूर्ति विशेषको पूजा अर्चनासँग जोडिएको छ । सतत भक्तिका साथ पराकोटी स्वात्म निवेदनको कवीरमा प्रशस्त मात्रामा पाइञ्छ । किनकि उनको सिधा सम्बन्ध मानससँग छ ।

नारद पञ्चरात्रमा अर्चाविधिका अतिरिक्त, अभिगमन, उपादान, योग, स्वाध्याय र इज्जा नामका ५ प्रकारका पूजा बताइएको छ । यही कवीरको अवतारवाद सम्बन्धी मान्यताको विवेचना हुञ्छ । शास्त्र तथा भक्ति सम्बन्धी ग्रन्थका आधारमा अवतारवादको व्याख्या अगाडि नै उल्लेख गरिसकिएको छ ।

१०३४ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १८१ ।

अवतरण क्रिया धर्मोद्धारका लागि, भक्तजनका परिमाणका लागि देशकाल, समय, परिस्थिति एवं उद्देश्य अनुरूप केही समयका लागि यस पृथ्वीमा हुन्छ। यस प्रकारको अवतार नर मानिसको रूपमा अथवा अन्य कुनै प्राणीका रूपमा हुन्छ। अवतारका अन्य रूप अर्चावतार अथवा मूर्ति रूपमा अवतार मानिन्छ। कवीरदासले ब्रह्मलाई नर मानिसको शरीरमा जन्म लिने कुरालाई स्वीकार गर्दैनन्।[१०३५] उनले कुनै देशकालको बन्धनमा राख्न चाहन्छन्। कवीरले दशरथी रामलाई ब्रह्मका रूपमा स्वीकार गर्दैनन्। उनको दृष्टिकोणमा राम सर्वव्यापक छन्, जो आदिनाथ शिवका भक्त थिए। भगवान् शिवबाट उनले ग्रहण गरेको ज्ञान शिवगीताका रूपमा प्रसिद्ध रहेको छ। यस प्रकारको रूपले अवतरण गर्दैन तथापि भक्त नै स्वयं उसको साकार रूप हो। **भक्त जब भक्तिको चरम अवस्थामा लिन हुन जान्छ भगवान र भक्तमा कुनैपनि भेद रहँदैन। यसकारण अर्चावतारबारे कवीरले कुनैपनि प्रश्न उठाएका छैनन्।** सर्वव्यापक भगवानको दर्शन सबै प्राणीहरूले वस्तुमा गर्दछन्, मूर्तिमा गर्दछन् तथापि त्यसैलाई भगवान मानेर पूजा गर्दैनन्। यसकारण नारद पञ्चरात्रमा उल्लेख गरिएको अर्चाविधि र पूजामा अभिगमन, उपादान आदिलाई कवीरले आफ्नो भक्ति पद्धतिमा स्थान दिएका छैनन्। सन्तहरूको सेवा नै भगवत पूजा हो। यसलाई बडो विस्तारसँग साधुको अङ्ग र असाधुको अङ्गका रूपमा व्याख्या गरेका छन्। स्वदेहको आत्म भावनाको योग बताएका छन्। कवीरले मानिसको शरीरको महत्त्वलाई स्वीकार गर्दछन् र यसलाई भगवानको मन्दिर मान्दछन्। कुनैपनि प्रकारको कृच्छ्राचारको विरोध गर्दछन्। कष्ट साधनालाई उनले सर्वथा अस्वीकार गर्दछन्। योगका बारेमा कवीरको बानी र रूपका विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ। स्वाध्यायमा मन्त्रार्थ साधनापूर्वक, जप, सूत्र स्तोतादिको पाठ, हरि किर्तन भजन, तत्त्वादिशास्त्राभ्यासको गणना गरिएको छ। यी विषयहरू कवीरको भक्ति पद्धतिमा पाइँदैन। यसमा बाह्य आचार, विधानहरू धेरै छन्। यसबाट मनको शुद्धि हुन सक्तैन। यसमा भक्तहरूप्रति भेद दृष्टिकोण छ। इज्यास्वदेव पूजन हो जसलाई कवीरले विभिन्न कारणहरूले स्वीकार गर्दैनन्। नारदले भक्तिसूत्रमा मूर्ति पूजा या अर्चाको कुनै व्याख्या गरेका छैनन्।

१०३५ उही पृ. १८२।

नारद पञ्चरात्रसँग कवीरका २ महत्त्वपूर्ण समानताहरू रहेका छन्: (१) भक्ति साधनामा गुरूको अलौकिक र असामान्य महत्त्व (२) भक्तिमा गोरखनाथ र शैव धाराबाट ल्याइएको चक्रनाडी समन्वित योगको प्रयोग, गुरू सम्बन्धी विचारहरूको संक्षिप्त विवेचना अगाडि नै उल्लेख गरिसकिएको छ । योग सम्बन्धमा मत्स्येन्द्रनाथ, गोरखनाथको अध्ययन र त्यस अनुसार सिद्ध गुरूमार्फत् प्रयोग नगरिकन पूर्ण हुन सक्तैन । योग साधना र गुरूको एकआपसमा अन्योन्याश्रित घनिष्ठ सम्बन्ध रहेको छ । यसर्थ गुरूतत्त्वको विषय बुझ्न मत्स्येन्द्रनाथ, गोरखनाथको दर्शन अध्ययन र ग्रहण गर्नुपर्दछ । नारद पञ्चरात्रमा षोडशोपचारको नियम, विधान छ । यो कवीरका कुनैपनि रचनाहरूमा पाइँदैन । कुनै कुनै स्थानमा यसका अङ्गहरूलाई ब्राह्य आचार भनेर विरोध गरेका छन् । यस अतिरिक्त षोडशोपचारको सूक्ष्म मानसी कल्पना पनि पाइञ्छ । तान्त्रिक दिव्याचारमा सूक्ष्म मानसिक तथा प्रतिकात्मक अर्थानिरूपण पाइञ्छ त्यस्तै गरी कवीर तथा अन्य सन्तहरूको विचारमा षोडशोपचारका विभिन्न सामग्रीका विषयहरू पाइञ्छन् । लोक सङ्ग्रह, शास्त्ररक्षाण, अर्चा पूजा आदिलाई छोडेर कवीरका ग्रन्थहरूमा अन्य कुराहरू समान रूपमा पाइञ्छन् । कवीरको प्रेम प्रधान भक्ति पद्धतिको विस्तृत धारणा प्राचीन भक्ति साहित्यमा उल्लेख गर्नुको प्रमुख कारण त्यसको स्थान निरूपण होस् भन्ने देखिञ्छ। दोस्रो यस प्रकारको विचारको महत्त्व यसकारण छ कि कवीर परवर्ती सन्त परम्पराका प्रेरणाका स्रोत थिए । यसैगरी अगाडि गुरू नानक, दादु, सुन्दरापलटू आदिको भक्ति पद्धतिको विचार यसै प्रेमप्रधान नारदीय भक्तिमा गरिएको छ । बौद्ध र वैष्णवको प्रभावपछिको भारतीय भक्तिधारा दासत्त्वको उदय हो । जब भारतमा शैव धारा कमजोर र वैष्णव भक्तिधारा प्रभावशाली हुन गयो भारत १ हजार वर्ष दास भयो, त्यसको प्रभाव सिङ्गो पूर्वीय जगतमा पऱ्यो । भारतमा अफिम खेती गरेर ब्रिटिश ईसाईहरूले चीनमा पनि अफिम युद्ध थोपरे जसको प्रभाव एक सय नौ वर्ष पऱ्यो । नेपालमा त्यही समयमा वि.सं. १९०३ मा देशभक्तहरूको हत्या गरेर जङ्गबहादुर राणाको उदय भयो । जसको प्रत्यक्ष शासन १०४ वर्ष रह्यो । राणा शासनको उदयपछि नेपालमा वैष्णवहरू प्रभावशाली बन्दै गएर आफ्नो प्रभाव विस्तार गरे । शैवहरू कमजोर र वैष्णवहरू हावि हुँदै जाँदा भारत हजार वर्ष गुलाम र दास भयो भयो त्यसका बाछिटाहरू एशियाभरि नै पऱ्यो ।

अहिलेको पाकिस्तान, अफगानिस्तान, बङ्गलादेश, भारतमा वैष्णव र बौद्धका कारण मुसलमानको ७ सय वर्षको शासनकालमा धर्मान्तरण गराइएका हिन्दूहरू हुन् । त्यसैगरी भारतका ईसाईहरू ३ सय वर्षको घोषित अघोषित शासनकालमा धर्मान्तरण गराइएका हुन् । यी सबैका पूर्खा हिन्दू थिए । यस प्रकारको घातक वैष्णवधारा अहिले स्कोन, राधेराधे, ब्रह्मकुमारी राजयोग, हरेराम हरेकृष्ण, कृष्ण प्रणामी, साई बाबाका नाम र आवरणमा पर्दाभित्रबाट आततायी जनहत्यारो ईसाई साम्राज्यवादीले सहयोग गरिरहेका छन् ।

अहिलेसम्म जतिपनि विवेचना गरिएको छ त्यसमा दर्शन नामको कुनैपनि विशेष तर्क प्रतिष्ठित मतवादलाई स्थान दिइएको छैन । वास्तवमा सन्तमा शिख गुरूहरूको वाणीमा जुन दार्शनिक विचारहरू मिल्दछन् त्यो आन्तरिक प्रेरणा र साक्षात्कारको परिणाम हो । यो तर्क प्रतिष्ठित दर्शन अथवा मतवाद होइन । उनीहरूले यस प्रकारको मतवादी विचारलाई महत्त्व दिएका छैनन् । र उनीहरूले सदाचारलाई श्रेष्ठ माञ्दछन् ।[१०३६] सिख गुरूहरूले भक्तिमार्गलाई सामान्य रूपमा मात्र लिए त्यसलाई पूर्ण रूपमा स्वीकारेनन् । यसकारण पञ्जाव शिखहरूमा लडाकु शक्ति रहिरह्यो । त्यहाँ वैष्णव भक्तिधाराको जब पूर्ण प्रभाव पऱ्यो उसको लडाकु शक्ति मटियाभेट हुन गयो । परिणाम विदेशी र विधर्मीहरूको प्रभाव बढ्दै गयो । शिख गुरूहरूले विभिन्न भक्तहरूद्वारा प्रतिपादित द्वैतवादलाई कहिल्यै पनि स्वीकार गरेनन् । उनीहरूले वैष्णवहरूको अवतारवादमा विश्वास गरेनन् र मूर्ति पूजालाई पनि महत्त्व दिएनन् । वैष्णवहरूको भक्तिधारासँग सामान्य सम्बन्ध रह्यो । वर्ण, आश्रम, ब्राह्मण र वेदको सम्बन्धमा भक्तिधाराको भन्दा शिख गुरूहरूको भिन्न विचार रह्यो यसमा कतिपय धारणाहरू कवीरसँग मिल्दछन् । ब्रह्माको अवतारलाई शिख गुरूहरूले स्वीकार गरेनन् र यसैगरी शिख गुरूहरूले वैष्णव कर्मकाण्ड र ब्रह्मचारको विरोध गरिरहे ।[१०३७] यस विपरित वैष्णव मताव्जभाष्करमा त्यसको सविस्तार व्याख्या गरिएको छ । गुरूको दृष्टिकोणमा यसमा पाषंड उत्पन्न हुन जान्छ र उपासनाको कुनै अर्थ रहँदैन । भारतमा शिख र मरठ्ठाहरूमा नेपालीहरूमा जस्तै जुझारूपन हुनु वैष्णव भक्तिधारालाई अस्वीकार गरेको कारण पनि हो । जहाँ वैष्णव प्रभाव

१०३६ उही पृ. १८३ ।

१०३७ उही पृ. १८३।८४ ।

छ त्यहाँ विदेशी, विधर्मीहरूको प्रभाव र शासन छ । कवीरको अहिँसामा वैष्णवको प्रभाव बढी मात्रामा रहेको छ । उनले मांसभक्षाणको पनि निषेध गरेका छन् । यो वृति 'भाष्कर' 'नारद पञ्चरात्र' तथा भक्तिसूत्र तिनैमा पाइञ्छ । शिख गुरूहरूले अहिँसाको अतिवादीरूपलाई स्वीकार गर्दैनन् तर बलीप्रथालाई उनीहरूले माञ्दछन् । मत्स्येन्द्रनाथ, गोरखनाथलाई माञ्दछन् ।

रामानुजले षोडश साधनामा अधिकांश विषयहरू शिख गुरूको साहित्य, दर्शनबाट लिएका छन् । जस्तोः नामगुण श्रवण, किर्तन, सतत उपासना, समर्पण, सख्य, प्रसाद ग्रहण, सन्त सेवा, दास्य तथा विनम्रता या दीनता आदि । शिख गुरूहरूमा वैष्णवको प्रभाव नपरेकै कारण पञ्जाव विदेशी र विधर्मीसँग लडिनै रह्यो । शिख गुरूहरूले शङ्ख, चक्र, उर्ध्वपुण्ड धारण, एकादशी व्रत, तुलसीदल अर्पण आदिलाई अस्वीकार गरे । कवीरले पनि यसलाई अस्वीकार गरे तर रामानुज तथा भाष्करले यसलाई आवश्यक माने ।[१०३८] गुरूहरूले केवल मौखिक क्रियाका रूपमा गरिने नाम, जपलाई अस्वीकार गरेर त्यसलाई निरर्थक माञ्दछन् । कतिपय मानिसहरूको भनाई अनुसार कवीरले गौतम बुद्धले जस्तै यो संसार र जीवनलाई दुःखमय मान्ने गर्दथे । फेरि कवीरकै भनाई अनुसार जबसम्म व्यक्तिले रामभक्ति गर्दैन, समर्पण गर्दैन तबसम्म संसार दुःखमय हुञ्छ । यसकारण कवीर लगायत गुरूहरूको मतमा यस कुरामा खासै अन्तर पाइँदैन ।[१०३९] अगाडि नै उल्लेख गरिसकिएको छ नारदको प्रेमभक्तिको आश्रय लिएर भक्त, आनन्दयुक्त, अमृत सेवन गर्दै मत हुन जाञ्छ । यो अवस्थामा जीवन र जगत दुःखमय हुने सम्भावना भक्तका लागि रहँदैन । कवीरको भक्तिमा न भावुकता छ नत निष्क्रियता नै रहेको छ । ज्ञानको पाषंण्ड र अहङ्कार उत्पन्न गर्ने रूप उनीहरूलाई अस्वीकार्य छ । गुरूको भक्ति न केवल कर्म मात्र हो, न ज्ञान मात्र हो, न केवल भक्ति हो । यी दुवै भक्तिका अङ्ग हुन् । उनको साधनामा भक्तितत्त्व अवश्य पनि छ तथापि त्यसमा निष्काम कर्मवाद र विवेक ज्ञान पनि छ । उनको साधनामा तिनको समन्वित रूप पाइञ्छ । कतिपय मानिसहरूका अनुसार गुरूको मार्ग नाम मार्ग हो । उनको यस मार्गमा

१०३८ डा. शेरसिंहः फिलासफी आव शिखइज्म पृ. २२३, ७५, ८८, ९१, ९७ गुरू ग्रन्थ साहिव पृ. ५५।५६ सिरी रागु महला वा उही पृ. ७४७, शिख रेजिलन वा. ६, पृ. १५८ ।

१०३९ डा. शेरसिंहः फिलासफी आव सिखिज्म, पृ. ९७ ।

विष्मय, सौन्दर्य र आनन्द यी तिनै भाव मिश्रित रहेको छ। यसैप्रकार साधनाका तिन तत्त्व छन्: सत्य, सच, सन्तोष र विचार या ज्ञान । गुरूको दर्शन र साधनामा जस्तो व्यवहारिकता एवं कर्मठता छ त्यसैगरी कर्मठता र गम्भीरता अन्य सन्तहरूको आदेशमा छ। यस कुराको पुष्टि उनको सती सूरको आदेशमा पाउन सकिञ्छ । वास्तवमा कवीरले मात्र होइन योभन्दा अगाडिका अन्य सन्तहरूले पनि मानव जीवनको दुर्लभता, बहुमूल्यता, गम्भीरता, सेवक, सूर र पवित्रताको कर्मठतालाई स्पष्ट रूपमा स्वीकार गरेका छन् । यदि व्याख्या वर्णनको दृष्टिकोणबाट हेर्ने हो भने शिख गुरूहरू कट्टर एकेश्वरीवादी थिए।[१०४०] उनीहरूले एक ईश्वरलाई एक ॐकार शब्दले सम्बोधन गर्दछन् । उनीहरूले भनेका छन्: यसको उपलब्धि गुरूवाणीबाट हुन सक्तछ । यसले प्रकृति, माया, मोह, गुण, देवता, असुर आदिको सृष्टि गरेको छ। यो ईश्वरबाट स्वतन्त्र छैन तथापि ईश्वर स्वतन्त्र छन् । सत् स्वयंमा अवस्थित छन् । जसको गुणविस्तार अनन्त र अनिर्वचनीय छ । यसले संसारको सृष्टि गर्दछ र आफैमा प्रकाशित हुञ्छ। यो अतुलनीय, सुन्दर, सर्वथा निर्मल, सर्वज्ञ, उदार, कृपालु र अत्यन्त सुन्दर, सर्वोत्तम सहायक, सर्वव्यापक छ । साथसाथै आफ्नो सृष्टिलाई देखेर खुसी हुञ्छ । शिख गुरूहरूले यसलाई एकमात्र सत्य मानेर 'अकाल' पुरुष भनेका छन् । यो सबै ठाउँमा छ र सर्वव्यापक पनि छ । यसको उपलब्धी नत तर्कबाट हुन सक्तछ, नत प्रत्यक्ष उसको इन्द्रियबाट नै हुन सक्तछ । यो अर्न्तयामी र बर्हियामी दुवै छ । सृष्टि उसको इच्छाद्वारा चलयमान रूपमा सञ्चालन हुञ्छ । तथापि यस प्रकारको सृष्टि सतत् परिवर्तनशील छ । फेरि पनि सत्य हो कि यसको सृष्टि गर्ने पुरुष सत्य छ। यसकारण उसले जे सृष्टि गरेको छ, त्यो पनि सत्य हो । यो संसार त्यही परम सत्य ईश्वरको निवास हो र मन्दिर पनि हो । शिख गुरूहरूको दृष्टिकोणमा मनुष्य ज्योतिको मूर्ति हो । भगवानको इच्छा र निर्देशनद्वारा नै चैतन्य सागरमा अनन्त रूपमा उठ्दछ। यही नै फरक फरक जीव हो।[१०४१] वस्तुत यही वियोग हों । वैष्णवहरूले जस्तो शिख गुरूहरूले ईश्वरीय अवतारवादलाई स्वीकार गर्दैनन् । शिख गुरूहरूका अनुसार भगवान स्वयंमा आउँदैनन् । सेवकलाई समय समयमा मानिसलाई सत्मार्गमा ल्याउनका लागि पठाउँदछन् । गुरू नानक त्यस्तै गरी अवतरण

१०४० नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १८५ ।

१०४१ उही पृ. १८५ ।

गर्नुभएको थियो । गुरूवादका सम्बन्धमा गुरूलाई मात्र मान्नु वस्तुत ईश्वरको देवत्वको अपहरण गर्नु हो । गुरू गोविन्द सिंहलाई ईश्वरको सेवक मानिन्छ । पूर्णतालाई प्राप्त गर्न सक्ने भगवान् तादातम्य प्राप्त गर्न सक्ने केही विशिष्ट गुण प्राप्त साधकलाई नै गुरू मानिन्छ । आध्यात्मिक जीवन पनि एक प्रकारको अनुभव हो । जसले व्यक्ति आफूले आफैलाई ईश्वरको हातमा समर्पित गरेपछि प्राप्त गर्दछ । यस प्रकारको समर्पण र आध्यात्मिकता जीवनको प्राप्ति वास्तवमा एक नयाँ जीवन प्राप्त गर्नु हो । तथापि यी सबैका लागि साँसारिक जीवनको त्याग र गृहत्यागको आवश्यक्ता पर्दैन । शिष्यको जीवन निष्काम सेवाको जीवन हो ।[१०४२] व्यक्तिको शरीरमा गुरू हुँदैनन् तथापि उनको वाणी शब्दमा गुरू हुञ्छन् । प्रत्येक गुरूद्धारमा संकिर्तन शिखहरूको दैनिक पूजाको एक अङ्ग मानिञ्छ । सत्संग, किर्तन, श्रवण, सेवा आदि त्यसैका अङ्ग हुन् । नामका २ प्रकारका अर्थ छन्ः १) उपाधि २) विश्वलाई स्थिर राख्ने सर्वव्यापक तत्त्वको वाचक प्रतीक । यस प्रकार सत्संगबाट प्राप्त सेवाको सहायताले शिष्य किर्तन र नाममा प्रवृत हुन जाञ्छ । तत्पश्चात् पूर्ण संयोगलाई प्राप्त गर्दछ । यस प्रकारको संयोगको आनन्द अनिर्वचनीय छ ।[१०४३]

उपर्युक्त विवेचनाबाट के कुरा स्पष्ट हुन जाञ्छ भने गुरूको रचनामा गुरूका शिष्यहरूलाई अधिक महत्त्व दिइएको छ । यसको अर्थ शिखहरूमा गुरूको वर्णमय विग्रह सेव्य छ, धातुमय विग्रहमा छैन । गुरू नानकको परवर्ती मतमा गुरू शब्दको महत्त्व बढ्दै गयो र अन्तत वर्णमय विग्रहको पूजा हुन लाग्यो ।. व्यक्तिका रूपमा गुरूको स्थान अपेक्षाकृत कम महत्त्वको हुन गयो । ज्ञान, कर्म, भक्तिमा गुरूका शब्द नै अधिक महत्त्वपूर्ण हुन गए । यसकारण जहाँ गुरूको व्याख्या गुरूका रचनाहरूमा उपलब्ध छ त्यहाँ यस अर्थलाई संयोगको रूपमा मान्नुपर्दछ । यसरी विवेचना गर्ने हो भने गुरूको शब्द नै सबैभन्दा उत्तम एवं अतुलनीय तीर्थ हो । यही गुरू शब्द नै सन्तोषको सरोवर हो । गुरूको शब्दजल सदैव निर्मल रहञ्छ तथापि फेरि पनि व्यक्ति उनको सम्पर्कमा आउँछ । मिल्दछ र उसको दुर्गती, दुर्गतीको हरण गर्दछ । यही पशुत्व अथवा प्रेतत्त्वले

१०४२ उही पृ. १८६ ।

१०४३ शेरसिंहः फिलासफी आव सिखिज्म पृ. ५१-५५ कवीर ग्रन्थावली पृ. ६८ । ७१ डा.राधाकृष्णनः हिस्ट्री आव फिलासफी इष्ट्रन एण्ड वेष्ट्र वा. १ पृ. ५१३।५२५ ।

देवत्व प्रदान गर्दछ । यसै शब्दतर्फ उन्मुख हुँदा आदिनाथ शिवगृहको प्राप्ति हुञ्छ । नाथहरूको जस्तै शिखहरूको पनि लक्ष्य शिवत्व मोक्ष प्राप्त गर्नु नै हो । यसबाट निज पदको प्राप्ति हुञ्छ । शिख धर्मको सम्पूर्ण साधनामा शिष्यका लागि गुरू नै सबै कुरा हो । यही कुरा दादुका रचनाहरूमा पनि पाइञ्छ । गुरू नानकको प्रिय स्वामी सर्वत्र व्याप्त छ । सोहागिनको कल्पना गुरू नानकमा पनि कवीरको जस्तै पाइञ्छ । जो प्रियतम सर्वकतृत्व शक्तिले पूर्ण छ र समर्थ छ । गुरू नानकको दृष्टिकोणमा अहङ्कारको नाश अति आवश्यक छ । नानकले तीर्थ आदिलाई महत्त्व दिनुभएको छैन, आत्मसत्यको साक्षात्कारका लागि प्रेरित गर्नुभएको छ । यो आत्मगत सत्य केवल अनुभवगम्य हो । समर्पणको भावना यति तिव्र र गम्भिर छ कि प्रार्थनाको समयमा केवल 'तु' प्रियतम देखापर्दछ । यसैगरी रहस्यानुभूतिको समयमा केवल 'वह' रहञ्छ । अहङ्कार, घमण्ड, 'म' 'हुँ' भन्ने कुरा अस्तित्व त्यो समयमा रहँदैन । सेवक सेव्य भावको उपासना गुरू नानकलाई पनि स्वीकार्य छ । भक्ति अनुकूलको आधारमा परधन, परस्त्री, मैहुँ भन्ने अहङ्कार, विषय विकार, दुष्टभाव, परनिन्दा, काम, क्रोध आदि सर्वथा त्याग गर्नु पर्दछ । दुःख, सुखप्रति समभाव, सत्सङ्गती, गुरूकृपा, हरिनाम प्राप्ति, हरिकृपा आदिको प्राप्तिका लागि प्रयत्नशील रहनु पर्दछ । नमस्मरण, सुरति, अकथकया विस्तार आदिले भक्तिलाई पुष्ट गर्ने क्रिया हुन् । यसको विराट रूपको आरती अलौकिक र दिव्य तत्त्वमा सधैँभरी भइरहञ्छ । गुरू नानक यस प्रकारको विराट सौन्दर्यको पूर्ण व्यक्तित्व आश्चर्य मिश्रित भावले लुब्ध छन् । कृपाजालको प्रार्थना गर्दछन् । प्रियको परिवारको कल्पनामा आफ्नो पतिव्रता पत्नीको रूपमा स्वीकार गर्दै अपरिमिति वेदना र व्याकुलताको अनुभव गर्दछन् । उनका रचनाहरूमा पुर्ण प्रपन्नको स्थितिको निर्देशन पाइञ्छ ।[१०४४]
नाम र रामको अभेद सिद्धान्त गुरूमा पाइञ्छ । उनका अनुसार नाम नै परब्रह्म हो । ईश्वरको सेवकत्वमा नियोजित गरिदिने ज्ञान नै गुरू नानकलाई स्वीकार्य छ । योग पनि वस्तुत त्यही हो जो एक दृष्टि उत्पन्न गर्न सहायक होस् र समत्व ज्ञान हुन सकोस् । योग युक्ति पनि त्यही हो जसमा अञ्जन रहँदा पनि व्यक्ति निरञ्जन हुन जाञ्छ । यसरी यी दुवै भक्तिभाव उदय गराउनमा सहायक छन् । कवीरले जस्तै गुरू नानकले पनि भक्तिलाई प्रेमको रस भनेका

१०४४ सन्त काव्य, पृ. २३९, २४०-२४२, २४६-२४८, २५०-२५२ ।

छन् ।[१०४५] गुरूको महत्त्व नारद पञ्चरात्रमा पनि उपलब्ध छ । त्योभन्दा भिन्न व्याख्या गुरू नानकको रहेको छ । तथापि मूर्ति पूजा तथा षोडशोपचारका सम्बन्धमा यी दुवैको विचार नारदपञ्चरात्रभन्दा भिन्न मात्र होइन त्यसको विरुद्ध छ । नानकको विचार नाथहरूसँग मिल्न जाञ्छ । शास्त्ररक्षण उनीहरूको दृष्टिकोणमा आवश्यक छैन ।

दादुको भक्ति साधना करिब करिब गुरू नानकको जस्तै हो । शुर ' निहकर्मी' पतिव्रता आदि आदेशहरूलाई स्वीकार गर्दै दादुले त्यसै अनुसार सम्पूर्ण साधनाको विस्तृत परिचय दिएका छन् । निष्कामता, सेवाभाव आदि आचरणहरूको अभ्यास योग्य विवेचना गरिएको छ । गुरूप्रति शरणागति रूपमा अधिक आस्था व्यक्त गरिएको छ ।[१०४६] परवर्ती विकासका क्रममा पलटूले कान्ताभावलाई सुरक्षित राखे तथापि भावावेगको तिव्रतामा परिवार कल्पनाको रूप रहेन । पलटूले प्रियतमलाई योगिनी र आफूलाई योगीको रूपमा कल्पना गरे । कुनै न कुनै रूपम पुराना सन्त कविहरूमा पनि यस प्रकारको कल्पना पाइञ्छ । पलटूमा पराकाया भावको स्वच्छन्द प्रेमको व्याकुलता सुगन्धित रहेको छ । साधनाका रूपमा एक मात्र भक्तिलाई स्वीकार गरिएको छ । बाँकी रहेका सबैलाई झुठो भनिएको छ । यो नितान्त वैष्णवहरूको प्रभाव मात्र हो । निष्कामता, क्षणिक विरहमा पनि पराकोटीको व्याकुलता महानतम तथा प्रियतम स्वार्थका प्रियका लागि त्याग, सतत स्मृति, प्रेमतत्त्व, प्रेमभक्ति आदि तत्त्वहरू स्पष्ट रूपमा पाइञ्छ ।[१०४७] यस अतिरिक्त सन्तको भक्तिका कतिपय शास्त्रीय विवेचना पनि गरिएको छ । नाभादासले भक्तभावमा भक्ति तत्त्वको पनि कुनै कुनै स्थानमा उल्लेख गरेका छन् । उनले 'दशधाभक्ति' 'दशधारस' ' दशधासम्पत्ति' 'नवधा दशधा प्रिती' आदि शब्दको प्रयोग गरेका छन् । नवधा प्रितिको श्रवण किर्तनलाई मानेका छन् । दशै प्रकारको प्रेमाभक्ति मानिएको छ । दशधासम्पत्तिमा प्रियादासद्वारा भक्ति स्वरूपका दश अङ्गहरूको गणना गर्न सकिञ्छ । दशधा भक्तिको विवेचना नाभादासले स्पष्ट रूपमा गरेका छैनन् ।[१०४८]

१०४५ फिलासफी आव सिखिज्म, पृ. २४२-२४१ गुरू ग्रन्थ साहित्य पृ. ९४६, सन्त काव्य पृ. २४४, २४६, २५१।
१०४६ स्वामी दयालकी वाणी पृ. २-३, ९-११, २३, ४२-४४ निहकर्मी पतिव्रताको अङ्ग पृ. १२७-१३७. सुरातनको अङ्ग पृ. २८७-२९७ ।
१०४७ सन्त काव्यः पृ. ५१८, ५२१, ५२३, ५२६, ५३०, ५३४, ५३५ ।
१०४८ नाभादासः 'भक्तमाला' घ. ७३, ११८, १३४-१३५, १५५ ।

सुन्दरदास घोटेले 'मनीन' मनको शुद्धीका तीन उपायहरू सुझाएका छन् । भक्तियोग, हठ्योग र सांख्ययोग । यसमा शुद्ध स्वरूपको प्राप्ति हुञ्छ । पहिलो भक्ति ९ प्रकारका उल्लेख गरिएको छ । दशौं प्रकारको भक्ति प्रेमाभक्ति हो । यी दुवैभन्दा पर अर्को तेश्रो पराभक्ति छ । जसमा सेवक र सेव्यमा कहिल्यै पनि विच्छेद हुँदैन । यसमध्येमा नवधा भक्तिलाई कनिष्ठ, दशौं प्रेमाभक्तिलाई मध्यम र पराभक्तिलाई उत्तम भक्ति भनिञ्छ । नवधा भक्तिमा श्रवण, किर्तन, स्मरण, पादसेवन, अर्चना बन्धन, दासभाव, सख्य, समर्पणको गणना गरिएको छ ।[१०४९] यसमा स्मरण, दास्य, संख्य, आत्मनिवेदनं समर्पणको भक्ति नारदभक्तिसूत्रमा पाइञ्छ । सेवन, अर्चना र वन्दनको नारदको पूजाभक्ति अन्तर्गत गर्न सकिञ्छ ।[१०५०] तथापि सुन्दर र नारदको विवेचनाको मूलमा फरकपना रहेको छ । सुन्दरदासले ब्रह्मका दुई स्वरूप बताएका छन्- निर्गुण र सगुण । निर्गुण ब्रह्माको निजरूप हो । सगुण सन्तको रूपमा ब्रह्माको अवतरित रूप हो । निर्गुणको भक्ति केवल मनबाट जान्नुपर्दछ । सत अर्थात् सगुण ब्रह्मको मन र तन दुवैबाट जान्नुपर्दछ । एकाग्रचीतद्वारा भक्तले हरिगुण सुनेर रसानन्द प्राप्त गर्दै सतको वाणी वचन सुन्नु पर्दछ । यसैलाई श्रवण भक्ति भनिञ्छ । हरिगुण नै किर्तन हो । स्मरण भक्ति २ प्रकारका हुञ्छन् । रसनाबाट नामउच्चारण तथा नाम हृदयमा स्थापना या नामको हृदय स्मरण । यसैलाई स्मरण भक्ति भनिञ्छ । चरण कमलमा मनको पुनरार्वतनै पादसेवन हो । अर्चाको अर्थ मूर्ति हो । सुन्दरदासका अनुसार मन्दिर, मूर्ति तथा अर्चनाको सामग्री सबै मानसिक हो । स्तुतीमा भगवानको दिव्य, कर्म, गुण आदिको गायन छ । यसै प्रकारले वंन्दन मानसिक क्रिया हो । दास्यमा भक्त नित्य रूपमा भयभीत भइरहञ्छ उसको आज्ञाको प्रतिक्षा गरिरहेको हुञ्छ । संख्यमा आत्मा सधैँ हरिसँग रहञ्छ । कहिल्यै पनि हरिको साथ छुट्दैन । त्यसमा सुमित्रको दृढ हितभाव रहञ्छ । आत्मनिवेदनद्वारा क्रमशः तन, मन, धनको समर्पण सम्झनुपर्दछ । यही आत्मा अर्पण हो ।[१०५१]

मध्यमा भक्तिलाई जीरो दशधा भक्ति पनि भनिञ्छ । जो प्रेम लक्षण हो । भगवानमा प्रेम लागेपछि तन, मन, धनद्वारा सबै विस्मरण हुन जाञ्छ ।

१०४९ हरिनारायण शर्मा सुन्दर ग्रन्थावली प्रथम खण्ड मूल पृ. १६-१८ ।

१०५० नारदभक्तिसूत्रः सूत्र ८२ ।

१०५१ सुन्दर ग्रन्थावली पृ. ९-२४ ।

भक्त उन्मत हुन जाञ्छ । रोमाञ्च अश्रुपात, दिर्घ विश्वासको लक्षण प्रकट हुन जाञ्छ । यस प्रकारको रसमततताको अवस्थामा नवधा भक्तिको सम्पादन हुन सक्तैन । लोकवेदको मर्यादाको पालन हुन सक्तैन । भक्तिको अतिरिक्त अन्य कुनैपनि कुराहरू मुखबाट निस्कदैन । आठै प्रहर हरिमै चित आशक्त रहञ्छ । त्यो सधैँभरि प्रेमको अधिनमा रहञ्छ । जसरी गोपिनीहरूको शरीर विस्मरण हुन जाञ्छ, त्यसै प्रकारको स्थिति रहञ्छ । केवल प्रियको मात्र चिन्ता रहञ्छ । यस प्रकारको प्रेमको क्षेत्रमा लौकिक, वैदिक नियम रहँदैन । त्यो समयमा निष्कलुकता रहञ्छ ।[१०५२] पराभक्तिमा कहिल्यै पनि हरिसँग विक्षेप रहँदैन । यो अभिन्न रहँदा रहँदै पनि भिन्न रहने अवस्था हो । जसरी आँखामा पुतली र आँखामा एकत्व छ फेरि पनि भिन्नता देखापर्दछ । यस प्रकार यसै अवस्थामा आत्मा परमात्मामा मिलिरहञ्छ । एकमा मिल्दा पनि सेवकको भाव छुट्दैन । हरिदास हरिमै खुसी हुञ्छन् । ऊ कहिल्यै पनि विछोड हुँदैन । ऊ पनि हरिकै समान रहञ्छ । केवल रसपानमा मात्र भिन्न भाव रहञ्छ । स्वामीकै समान सेवक पनि तेजोमय रहञ्छ यही पराभक्तिको अवस्था हो ।[१०५३] मध्यमा र उत्तम भक्तिको भेद् केवल भावनाको विकसित अवस्था हो । पराभक्ति एकत्वको अवस्था हो । यसैलाई विशिष्ट अद्वैतको अवस्था भनिञ्छ । भक्तले यसलाई आफ्नै जीवनमा प्राप्त गर्दछ । वैष्णव आचार्यहरूमा यस विषयमा मतभेदहरू रहेका छन् । यो अवस्था आफ्नै जीवनकालमा प्राप्त हुन सक्छ कि सक्दैन ? यसमा वैष्णवहरूले नहुन सक्ने सम्भावना पनि व्यक्त गर्दछन् । वेंकटले यसलाई आफ्नै जीवनमा प्राप्त गर्ने सङ्केत गरेका छन् । अल्वारले पनि यही कुरा माञ्दछन् । यहाँ प्रेमा भक्तिको उदाहरण स्वरूप वज्रगोपीकालाई उल्लेख गरिएको छ । नारदले आफ्नो भक्तिसूत्रमा अखिल आधारको अर्पण तथा प्रियको विस्मरणमा परम व्याकुलताको अनुभवको उदाहरण स्वरूप वज्रगोपिको उल्लेख गरिएको छ । सुन्दरदासको पराभक्ति नारदको तन्मयता शक्तिभन्दा भिन्न छ ।[१०५४] भनिञ्छ कि कवीरको भक्तिपद्धति सेवाभक्ति, दासभक्तिको विलक्षण समन्वय हो । सुन्दरदासको पराभक्तिको जुन विवेचना गरिएको छ त्यसमा कान्ता भक्तिको व्याकुलता छ । सेवकको समर्पण भावना सेवा र तन्मयता छ । सुन्दरनदास छोटेले 'सर्वाग योग

१०५२ उही पृ. २४-२७ ।

१०५३ उही पृ. २७-३० ।

१०५४ नारद भक्तिसूत्र- सूत्र १९, २१, ८२ ।

प्रदीपिका'मा भक्तियोगको विवेचना गर्दै भनेका छन् । यस प्रकारको योगका लागि सर्वप्रथम वैराग्यको आवश्यक्ता पर्दछ । यसमा विश्वासका साथ सबैकुरा भगवानमा त्याग गर्नुपर्दछ, यसमा जितेन्द्रिय त हुनै पर्दछ साथसाथै उदासिनता पनि आवश्यक छ । नारद भक्तिसूत्रमा उदासिनताको आवश्यक्ता बताइएको छ । यस प्रकारको उदासिनता वैराग्य आदिका लागि आवश्यक होइन, गृहवासी होस् या गृहत्याग सबैका लागि हो । कसैसँग पनि माया, मोहमा आशक्ति नराख त्यो नाशवान हो । यस प्रकारको भक्तले कामिनीसँग सङ्गत पनि गर्नुहुँदैन र आशा, तृष्णा पनि राख्नु हुँदैन । शील, सन्तोष, क्षमा, धैर्य, दया, दीनता, गरिबिको सधैँ परिपालना गर्दै यस जगतलाई तमासा सम्झेर निष्पक्ष भावले हेरिराख्नु । सम्पूर्ण जीवहरूमा समानताको भावना राख । महात्माहरूको आदर सत्कार, संसारलाई आत्मदृष्टिबाट दर्शन, सन्त को अधिकारको संरक्षण भक्तले गर्नुपर्दछ । कसैप्रति पनि वैरभाव नराख, सत्सगुरू शब्दलाई हृदयमा धारण गर । जसको वृति सारग्राहिणी हुनुपर्दछ । केवल एक निरञ्जन देवताको पूजा गर । सबै ठाउँ रमाएका रागलाई शिरमा धारण गर । आदिनाथ शिवले स्वयं रामलाई दिएको उपदेश 'शिवगीता' ग्रहण गर । त्यसैलाई ईष्ट सँम्झ । पूजाका सम्पूर्ण सामग्रीहरूको स्थापना आफैमागर । बाहिरी सबै बन्धनहरूलाई बेवास्ता गर त्याग गर । यसरी अनुपम सुन्दर मन्दिरमा रहनुपर्दछ । संयमको जलमार्फत स्वामीलाई नुहाइदेउ अर्थात् स्नान गराइदेउ । प्रेम, प्रितिको फूल अर्पण गर । यस प्रकारको पूजामा चित चन्दन छ, ध्यान धुप हो । भाव नै भोजन हो । सेवकले यस प्रकारको सेवा गर्दै मन वचनमा कुनैपनि वस्तुको याचना गर्नु हुँदैन आशा राख्नु हुँदैन । यस प्रकार निष्काम भावले ज्ञानदीपको आरती अनाहद शब्दको घण्ट बजाएर सेवा गर्नुपर्दछ । तत्पश्चात तन, मन सबै समर्पण गरेर सेवक चरणकमलमा पर्नुपर्दछ । भगवान्लाई खुसी बनाउन मग्न भएर भजन किर्तन गर्नुपर्दछ । जसबाट खुसी र रोमाञ्चित भइयोस् । सेवकको भावमा कुनै प्रकारको कमी नआउन दिन प्रतिदिन बृद्धि हुँदै आजोस् । जसरी पतिव्रता आफ्ना पतिसँग रहँदै सेवा गर्दछिन्, त्यसैगरी भक्त स्वामीसँग रहनुपर्दछ । यदि ऊ कुनै दिशामा अलमलिन गयो भने पतिव्रत सुरक्षित नरहन सक्तछ । यसका लागि थोरै समय लिएर कुनै अन्य दिशामा नगइकन पतिको आज्ञा पालन गर्नुपर्दछ । यस

प्रकारको अखण्ड सेवालाई अनन्य भक्ति भनिन्छ ।[१०५५] सुन्दरदासको भक्तियोग सम्बन्धी यी विचारहरू नारद भक्तिसूत्रसँग मिल्दछ । पूजा आदि उपकरणको जुन मानसिक व्याख्या गरिएको छ त्यो भक्तिसूत्रमा उपलब्ध छैन । सुन्दरदासले नारद, शुक्र, ध्रुव, प्रल्हाद जस्ता भक्तियोगको उपदेश दिने आचार्यहरूको कुरालाई अनुसरण गर्ने सन्देश दिएका छन् । यी मध्येमा नारदका विभिन्न विचारहरूको संक्षिप्त विवेचना अगाडि नै गरिसकिएको छ । सुन्दरदासले भक्तिका ४ महत्त्वपूर्ण अङ्गहरूको उल्लेख गरेका छन् । ती हुन् मन्त्रयोग, लय योग र चर्या योग । भक्ति योगको अगाडि नै विवेचना गरिसकिएको छ ।

सुन्दरदासले मन्त्रयोग अन्तर्गत विस्तारसँग मन्त्र ज्ञानको विवेचना गरेका छन् । जसलाई उनले 'राम' मन्त्र भन्ने गरेका छन् । लय योग अन्तर्गत व्याख्या गर्दै उनले भनेका छन्: जसरी चराले ध्यानसँग अण्डा पार्दछ । उसले दृष्टि त्यसैमा केन्द्रित गरेको हुन्छ हटाउँदैन । त्यसैगरी लयको ध्यानले जन्म, मृत्यु उसका लागि रहँदैन । यस प्रकारको ध्यान र लंयले सबै प्रकारले हरि भक्तिमै लिन हुन गइन्छ । जसबाट भक्त ब्रह्मसमान हुन जान्छ । भगवानको अलौकिकत्व, अनिर्वचनीयत्व, सवकर्तृत्व आदिको चर्चा योग अन्तर्गत उल्लेख गरिएको छ । यस प्रकारको ४ अङ्गबाट सम्पन्न भक्ति अन्तर्गत नवधा भक्ति आउँदछ । तथापि यी सबैको साधना घट अन्तर्गत गर्नुपर्दछ बाहिर गर्नु हुँदैन ।[१०५६] यस प्रकारका ४ अङ्गहरूको व्याख्या कुनै न कुनै रूपमा नारद भक्तिसूत्रमा पाइन्छ । भनिन्छ कि कवीर, नानक आदिले भक्ति साधनाको क्षेत्रमा वर्णाश्रम व्यवस्था जातिपातिको बन्धनलाई स्वीकार गर्दैनन् । त्यसैगरी उनीहरूले स्थूल पूजा विधान जस्तो षोडशोपचार मूर्तिपूजा आदिलाई पनि अस्वीकार गरे । वैदिक कर्मकाण्ड, यज्ञयज्ञादि जो वर्ण व्यवस्थामा आधारित थिए यसलाई पनि उनीहरूले स्वीकार गरेनन् । उनीहरूले शास्त्रपाठलाई नि हानिकारक भने किनकि यी सबै अहङ्कार अभिमान, पांषंड, आडम्बर उत्पन्न गर्ने शरणागति एवं भक्तिमा बाधंक थिए । निरञ्जनी सन्तहरूमा भन्दा यी सन्तहरूमा केही कुरामा भिन्नता थिए । यसकारण उनीहरू निर्गुणीको साधना पद्धति तथा विचारधाराभन्दा भिन्न भएकै कारण यिनीहरूको गणना स्वतन्त्र निरञ्जन मतको रूपमा गरियो । कतिपय

१०५५ सुन्दर ग्रन्थावली, प्रथम खण्ड, सर्वाग योग प्रदीपिका द्वि. उपदेश पृ. ९५-९६ ।

१०५६ उही प्रथम खण्ड, प्रथम एवं द्वितीय उपदेश पृ. ८७, ९६-१०१ ।

विद्वान्‌हरूले यिनीहरूलाई कवीरबाट प्रेरित सन्तसँग अभिन्न माने यसकारण उनीहरूले यिनीहरूलाई सन्तमत अन्तर्गत गणना गर्दछन् । विद्वान् विवेचकहरूका अनुसार निर्गुणीको सार साधना पद्धति निरञ्जनीहरूमा वर्तमानमा पनि रहेको छ । नामस्मरण, प्रेमतत्त्व, भाव विह्वलता, आत्माको पत्नीभाव, विरह, व्याकुलता आदि भक्ति तत्त्वमा पाइञ्छ । हरिदासका अनुसार प्रेम आध्यात्मिक साधनाको प्राण हो । तुलसीदास आदि निरञ्जनीहरूका अनुसार वर्णाश्रम आदिको सम्बन्ध शरीरसँग छ । यो शारीरिक धर्म हो । यो कायाकर्मको रूप हो । कर्म गर्दागर्दै हरिदास हुन जाञ्छ, परमकोटीको अनुपम साधक हुन जाञ्छ । कर्म अति उत्तम हुनुपर्दछ । जन्मका आधारमा उच र नीच हुँदैन, कर्मका आधारमा हुने गर्दछ । मानिसले कस्तो कर्म गर्दछ त्यही नै उसलाई हेर्ने दृष्टिकोण हो । निरञ्जनीहरूले वर्णाश्रम धर्मलाई शरीरको धर्म माञ्दछन् । आत्माको होइन । उनीहरूले संसार एउटै परिवारको रूपमा रहोस् भन्ने चाहना राख्दछन् । वर्णभेद जातिपाति नरहोस् भन्ने नै निरञ्जनीहरूको उद्देश्य हो ।[१०५७] निरञ्जनीले प्रेमतत्त्वलाई योग तत्त्व जतिकै महत्त्व दिएका छन् ।[१०५८] निरञ्जनी सन्तको सम्बन्धमा दोस्रो महत्त्वपूर्ण विषय भक्ति विवेचना सम्बन्धमा गरिएको छ । 'नाभादास' ले रामानन्दका बाह्र (१२) शिष्यहरूलाई दशवा भक्तिको अगाडि भनेका छन् । तथापि तुरसीदासले आफ्ना भनाईहरूमा स्पष्ट रूपमा यसको व्याख्या नगरेको भए दशौं भक्तिको अभिप्राय के थियो ? त्यो जानकारीमा आउने थिएन । गोरखवाणीका सम्पादक डा.पीताम्बरदत्त बड्थ्यालका अनुसार तुरसीलाई प्रसिद्ध महात्मा तुलसीदास भन्दा काञ्छा र समकालीन भनेका छन् ।[१०५९] सुन्दरदास छोटे पनि गोस्वामी तुलसीदासभन्दा काञ्छा थिए । तथापि उनी पनि तुलसीदासका समकालीन थिए । सुन्दरदासले दशवाभक्तिको व्याख्या गरेका छन् भन्ने कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । लगभग उनका समकालीन तुरसीले नाभादासको दशधाभक्तिको निर्गुण परक व्याख्या गरेका छन् । यस विषयमा संक्षेपमा उल्लेख गरिनेछ । जसबाट सन्तहरूको दशधा भक्तिको स्पष्ट रूप उल्लेख हुन सकोस् ।

१०५७ डा. पिताम्बरदत्त बड्थ्याल: योग प्रवाह, पृ. ४३-४५, पृ. ४७-४८ ।

१०५८ उही पृ. ४४ ।

१०५९ उही पृ. ५०-३९ ।

सन्त तुलसीदासका अनुसार 'सारमत श्रवण'नै भक्ति हो। कीर्तन र स्मरणको भेद र स्पष्टीकरण तुल्सीले गरेका छैनन् । तेजपुञ्जको चरण अस्थिचर्मको होइन । उनको निवास हृदयकमलमा छ । त्यसको सेवन नै पादसेवन हो। त्यसैगरी तिनै लोक स्वर्ग, मर्त्य, पातालमा व्याप्त ॐकार नै प्रतिमा हो। त्यो निर्गुण ब्रह्मको वाचक हो । यस प्रकार सम्पूर्ण ब्रह्माण्डमा 'ॐ'को प्रतीक रूप देख्नु नै अर्चन हो । गुरू गोविन्द र सन्तप्रति अभिन्न भाव उत्पन्न गर्नुपर्दछ। यस्ता गुरूहरूको वन्दना गर्नुपर्दछ। हरि गुरू र साधुको सतत सेवा नै दास्य हो। यस प्रकारको दास्यमा निष्कामता आवश्यक छ। यसका फलवासना हुनुहुँदैन। सख्यमा बराबरीको भाव हुनुहुँदैन । भित्रको गुण अवगुणको विचार गर्नुपर्दछ। रामलाई आफ्नो भित्र सम्झेर उनलाई धाममा समर्पण गर्नुपर्दछ । राममा तन, मन, आत्माको समर्पण आत्मानिवेदन हो । किनकि यो जसको हो उसैलाई दिएर ऋणमुक्त हुनुपर्दछ। यसमा सबै कुराको निष्काम त्याग हुनुपर्दछ। यस प्रकारको नवधाभक्ति २ प्रकारको हुञ्छ: पहिलो निवृतिपरक र दोस्रो प्रवृतिपरक। यसमा जो निवृतिपरक छ त्यो उत्तम हो । यस नवधाभक्तिको सिद्धि भएपछि तत्पश्चात सर्वश्रेष्ठ प्रेमा भक्तिको सिद्धि हुन जाञ्छ ।[१०६०] सुन्दरदासको विवेचनासँग तुलना गर्दा स्पष्ट हुञ्छ यसमा पराभक्ति नामको कुनै भक्ति रहेको छैन ।

नाभादासले यसमा गुरूलाई पनि समेटेर भक्तमालको भक्तिभक्त भगवत गुरूको उक्ति जस्तै गरी प्रमाणित गरेका छन् । गुरू पनि नवधा भक्तिमा जोडिन गएका छन् । यदि दुवै विवेचनालाई मिलाउने हो भने सर्वागपूर्ण, निर्गुणपरक दशधा भक्तिको रूपरेखा उपस्थित हुन सक्तछ। सन्तमतको एउटा पन्थको विशेष प्रवर्तक दरियादास पनि हुन् । दरियादासको भक्ति 'दास्य' भक्ति हो । जसमा भक्त विनम्र भएर आरध्यदेवको चरणमा समर्पण हुञ्छ । स्वामीले आफ्नो सेवकको गुण अवगुणहरूको खोज गर्दैनन् । सेवकलाई दृढ विश्वास छ कि स्वामीले कहिल्यै पनि आफ्नो सेवकलाई भुल्दैनन्। उनले उसलाई सर्वशक्तिमान माञ्दछन् । दरियादासले भक्तिको सच्चाईलाई आवश्यक माञ्दछन् । उनको दृष्टिकोणमा अवतारमा मृत्यु भएको मानिसलाई उद्धार गर्ने शक्ति हुँदैन किनभने ऊ स्वयं भवसागरमय दुःखबाट दुःखी भएको छ । उनले ज्ञानलाई 'अन्तश्चैतन्य तत्त्व ज्ञान' विशेष अर्थका रूपमा उल्लेख गरेका छन् । उनको दृष्टिमा पोथी

१०६० उही पृ. ५०-५२ ।

ज्ञान, तप, जप, पूजा पाठ, जातिपाति, देवीदेवता, भूतप्रेत, तन्त्र मन्त्र तीर्थव्रतको कामले परिणाम पाउन कठिन हुञ्छ । ज्ञानको ज्योतिले हृदयको शङ्का दुविधाको अंधकारलाई हटाईदिञ्छ । उनले साधनामा ज्ञानलाई उच्च महत्त्व दिएका छन् । उनका अनुसार ज्ञानवुद्धिको बाटो टढा र कठिन हुञ्छ । यसकारण प्रारम्भिक सुरुवात भक्तिबाट गर्नुपर्दछ । दरियादासका अनुसार पहिला भक्ति र पछि ज्ञान हुनुपर्दछ । दुवैमा कुनै द्वन्द्व छैन एकदोस्रोमा अन्तर्सम्बन्धित रहेको छ । भक्ति 'नारी' हो र ज्ञान पुरुष हो । जसरी पत्नीले पतिलाई आफ्नो मन र शरीर दुवै राखिदिञ्छिन् त्यसको मिलनमा एकता हुन जाञ्छ । त्यसैगरी भक्ति र ज्ञान पनि एक हुञ्छन् । दरियादासको ज्ञान अन्त:प्रेरणासँग मिल्दछ, जसमा बौद्धिकताको उच्चतम महत्त्व रहेको छ । तथापि भक्तिबिना प्रेम प्राप्त हुन सक्तैन ।[१०६१] यस प्रकारको प्रेमका लागि साहसको अधिक आवश्यक्ता हुञ्छ । उपासकलाई प्रेमीकाका रूपमा कल्पना पनि दरियादासको मतमा पाइञ्छ । तथापि यस प्रकारको केवल प्रेमिका मात्र होइन । त्यसको उज्वल रूप 'सुहागिन' र मलीन रूप 'दुहागिन'को कल्पना कवीरले जस्तै दरियाले पनि गरेका छन् । **'विधवा'को अर्थलाई जीवसँग जोडेर विवेचना गरिञ्छ । जसले परमात्मा विश्वास र भक्ति राख्दैन । सधवा त्यो हो जसले आफ्नो भक्तिभावपूर्ण हृदय एकमात्र भगवान्मा समर्पण गर्दछ** । यसैगरी दरियाले नैहर र ससुरालको कल्पना पनि गरेका छन् जो कवीरको धारणासँग मिल्दोजुल्दो रहेको छ । दरियाले प्रेमको आलम्वनका ३ रूपहरूलाई स्वीकार गरेका छन्: सत्पुरुष ईश्वर, सर्वसद्गुरू दरियादास, मन्त्रदाता, विशिष्ट सद्गुरू । श्वेताश्वरउपनिषद्, नारद पञ्चरात्र, कवीर, नाभादास, भक्तमाल, सुन्दरदास, निरञ्जनी सन्त आदिमा रहेको फरकपना भनेको दरियादासले प्रेमालम्वन 'सन्त' या साधुको स्थानमा सर्वसद्गुरू दरियालाई प्रमुखता दिइएका छन् । त्यसैगरी सदाचार र आत्माअनुशासन अन्तर्गत सत्यवादिता र निष्कपता, महाछिपरिहार, अहिँसा, इन्द्रियनिरोध, निरंहकारता र स्वयमारोपित निर्धनताको गणना गरिएको छ। स्वयमारोपित निर्धनताको व्याख्यामा भनिएको छ: यो स्वयं स्वीकृत निर्धनता हो । दरियाले मूर्ति पूजा, तीर्थयात्रा, जातपात, साम्प्रदायिकता, पुराण, कुरान, भेष, कर्मकाण्ड पाषंड माञ्दछन् । यद्यपि उनले सन्तलाई यस मर्त्यलोकको अत्यन्त श्रेष्ठ मानेका छन् । तथापि सन्तलाई निर्गुण निराकार र ब्रह्मलाई साकार

१०६१ नागेन्द्रनाथ उपाध्याय: नाथ और सन्त साहित्य, पृ. १९५।९६ ।

प्रत्यक्ष रूप मान्दैनन् । कवीर र सुन्दरदासले मानेका छन् । सदगुरू मन्त्रदातालाई सत्पुरुषको प्रत्यक्ष रूपमा मान्दछन् । यति हुँदाहुँदै पनि नारद पञ्चरात्रमा जस्तो गुरूको अतिमहिमा गुरूरूपमा व्याख्या गरेको पाइँदैन । कवीर र दरियाको भक्ति पद्धतिलाई तुलना गर्ने हो भने कवीरमा निर्गुण रामको विचित्र छ । राममा शिवगीताको ज्ञान छ । वैष्णवहरूको सगुण रामको प्रेम र भक्तिद्वारा आराध्य छ । तर वैष्णवहरू राममा भएको मुलतत्त्व 'शिवगीता'को कहीं पनि उल्लेख गर्दैनन् । शिवगीताको तत्त्व नबुझी रामलाई बुझ्न सकिँदैन । जसरी कृष्ण अर्जुन संवाद गीताको तत्त्व नबुझी महाभारत बुझ्न सकिँदैन । शिवगीता नपढीकन यसको तत्त्व नबुझी राम र रामायण बुझ्न सकिँदैन । वैष्णवहरूले जसरी कृष्ण अर्जुन गीताको 'अहिंसा परमो धर्मं' लाई उच्चारण गर्ने तर उक्त गीताको 'धर्म हिंसा तथैवच' शब्द उच्चारण गर्दैनन् त्यसैगरी रामभक्तिको चर्चा गर्दछन् । तर त्यसको मूल तत्त्व 'शीव गीता'को चर्चा गर्दैनन् । यसकारण वैष्णवहरू ढोंगी, पाखण्डी हुन् ।

वैष्णवको 'निर्गुण शब्द'मा निषेधात्मक भावनाको बोध, अंश, उपयोगिता अवतारवाद अर्थात् ईश्वरले शरीर धारण गर्ने विंचारधाराको प्रतिवादमा रहेको छ । यसमा धेरै विध्यात्मक भावना रहेका छन् । जसमा ईश्वर भक्तिद्वारा आराध्य र योगबाट प्राप्य बन्न सकिन्छ ।[१०६२] कवीरले दाम्पत्य प्रेमको भाषामा ईश्वरीय प्रेमको बारेमा अनेकौं व्याख्या विश्लेषण गरेका छन् । दरियाले पनि भक्तिपथमा प्रेम र विश्वासलाई महत्त्वपूर्ण मान्दछन् । उनले रहस्यपूर्ण आध्यात्मिक प्रेमको व्याख्या दाम्पत्य प्रेमको भाषामा गरेका छन् । कवीरको कवितामा जुन तीव्रता, उदारता, सरलता र मधुरता रहेको छ दरियादासका कविताहरूमा त्यस्तो पाइँदैन । दरियादासको पाखण्डपनलाई कवीरले खण्डन गरेका छन् । दरियादासको शिक्षाको उद्गम श्रोत कवीर साहित्यमा पाइन्छ । कवीरले आफैलाई अवतारं पनि मान्दछन् ।[१०६३] यति हुँदाहुँदै पनि भक्ति, प्रपती आदि मुख्य विचार धारामा खासै अन्तर पाइँदैन । भक्ति सम्बन्धमा अहिलेसम्म उल्लेख गरिएका विभिन्न सन्तहरूको उंल्लेखित धारणाबाट के स्पष्ट हुन्छ भने अधिकांश सन्तहरूले भक्तिलाई साधना र साध्य दुवै मान्दछन् ।

१०६२ उही पृ. १९६-९७ ।

१०६३ डा. धर्मेन्द्र ब्रह्मचारी: सन्त कवी दरिया: एवं अनुशीलन, दरिया ग्रन्थावली प्रथम ग्रन्थ, पृ. १२६-१२८, १२९, १३०, १३१, १३३, १३४, १४१, १४३, १४८, १५०, १५४, १७२-१७३ ।

यस प्रकारको भक्तिमा प्रेमतत्त्व प्रधान रहेको छ जुन नारदभक्तिसूत्रमा पाइन्छ। सेवा परायणता र निष्काम पतिव्रता जस्तो आदर्शहलाई अगाडि राखिएको छ । यस निष्कर्षमा पुग्नुभन्दा अगाडि नाथ साहित्यमा भक्ति तत्त्वको रूपको विवेचना गर्नुपर्दछ । अहिलेसम्म प्रकाशित नाथ साहित्य दर्शनका आधारमा हेर्दा नाथ साहित्य दर्श र साधनामा भक्तितत्त्व छैन । अगाडि नै उल्लेख गरिसकिएको छ, जब दक्षिण एशियामा त्यसमा पनि विशेष गरेर भारतमा शैवहरू कमजोर हुँदै गए वैष्णवको प्रभाव बढ्दै जाँदा उनीहरूले शैव धर्मको मूल तत्त्वलाई ग्रहण गर्न नसक्दा विदेशीहरूले आक्रमण गर्न थाले । जसको परिणाम भारत १ हजार वर्ष गुलाम बन्यो । वैष्णव र बौद्धहरूको विपरित मुसलमानहरूले शैवधर्मको लडाकुपना र महायोगी गुरू गोरखनाथको योग र सावर तन्त्र विद्यालाई ग्रहण गरे । यो कुरा उल्लेख गर्दा वैष्णवहरू नाक खुम्च्याउँछन् । यथार्थता स्वीकार्न हिचकिचाउँछन् । भक्तिको परिणाम अनुसार भक्ति ईश्वरमा परानुरक्ति हो । ईश्वर परानुरक्ति श्रवण किर्तन, स्मरण, पादसेवन, वंदन, अर्चना, दास्य, सख्य र आत्मनिवेदनको गणना गरिएको छ । दशवी भक्ति प्रेम भक्ति हो । जसमा कान्ता शक्तिलाई अभिन्न मानिन्छ । यस प्रकारको भक्ति नाथ साहित्य दर्शनहरूमा कहीँ न कहीँ पाइयो भने अनुमान गर्न सकिन्छ कि त्यहाँ पनि कहीँ न कहीँ भक्ति छ । यो अनुमानित विषय मात्र हो । नाथहरूले कर्ममा विश्वास गर्दछन् भक्तिमा होइन । दोस्रो प्रश्न यो हो कि भक्तिको स्थान ज्ञान तथा योगभन्दा श्रेष्ठ हो कि होइन । नाथमा ज्ञान. योग र कर्म प्रमुख हो भक्ति होइन । वैष्णवहरूले भक्तिलाई प्राथमिकता दिन्छन् । जहाँ भक्ति अर्थात् वैष्णवको प्रभाव बढ्छ त्यहाँ विधर्मीहरूलाई आक्रमण गर्न सहज हुन्छ । त्यसको उदाहरण १ हजार वर्षको भारतको दासत्त्व हो । पछिल्लो चरणमा साई बाबा, स्कोन, राधेराधे, ब्रह्मकुमारी राजयोग, कृष्ण प्रणामीको धारा पनि विदेशी विधर्मीहरूलाई सहज बनाइदिने मार्ग मात्र हो ।[१०६४] भक्तिका कतिपय तत्त्व शारीरिक एवं बाह्य छन् भने कतिपय मानसिक । मानसपक्ष प्रधान हो । शरीरपक्षले त्यसको अनुकरण गर्दछ सहायक हुन्छ । समर्पणको अतिरिक्त निष्कामता, पूर्ण तृप्ति, व्याकुलता आदि मानसिक पक्ष हो । नारद पञ्चरात्र समान नै कवीर, नानक, दादु तथा निरञ्जनी समाजमा गुरूको महत्त्व साधना क्षेत्रमा गोविन्दको भन्दा कम छैन ।

१०६४ नाथ और सन्त साहित्य, पृ. १९७ ।

भगवद्भक्ति र गुरूभक्ति एक अर्कामा अर्न्तसम्बन्धित रहेका छन् । कहीँ कहीँ गुरू र गुरूभक्ति साधकका लागि भगवान् र भगवद्भक्तिभन्दा अधिक महत्त्वपूर्ण बताइएको छ । यस दृष्टिकोणलाई ध्यानमा राखेर नाथ साहित्यमा भक्ति तत्त्वको परिक्षा लीन खोजिएको छ । तर नाथमा भक्तिको स्थान छैन ।

भक्तिको विकास सम्बन्धमा श्वेताश्वर उपनिषदको भक्ति सम्बन्धी विचार उल्लेख गरिएको छ । यस उपनिषदको निर्माण श्रीमद्भगवद्गीता पूर्व नै भएको थियो ।[१०६५] यस उपनिषदको प्रकृति धर्म दार्शनिक हो । यद्यपि तत्त्वंत औपनिषदिक विशेषता त्यसमा पाइञ्छ । तथापि यसको धर्म दार्शनिक विचारधारा परवर्ती भक्तिमतको नजिक रहेको छ । यसमा उपास्य भगवानको जुन व्याख्या गरिएको छ त्यसमा प्रेम र स्तुतीको भावना पाइञ्छ । उपनिषदको अन्त्यमा ईश्वरमा आत्मसमर्पणको अभिव्यक्ति छ । जो कुनै प्रज्ञामा प्रकाशित हुञ्छ । यस प्रकार श्वेताश्वर उपनिषद भक्तिको रुद्र शिवका लागि सुरक्षित राखिञ्छ । जबकी भक्तिधाराका अन्य विभिन्न ग्रन्थहरूमा वासुदेव कृष्णलाई भक्तिमा राखिएको पाइञ्छ । जुन समयमा श्वेताश्वर उपनिषदको रचना भयो त्यो समय केवल रुद्र, शिव, परम देवताका रूपमा थिए । त्यो समयमा भक्ति र प्रेमको भाव रुद्र र शिवतर्फ केन्द्रित थियो । तथापि वासुदेव कृष्णको जब भक्ति क्षेत्रमा प्रवेश भयो उनीमार्फत उपासकहरूको मतलाई अधिक आकर्षित गरियो । किनकि उनी मानिसको रूपमा लीला गर्ने देवता थिए । **रुद्र, शिवको मूल तत्त्व भक्ति होइन ज्ञान, योग, कर्म हो । नाथहरूको मार्ग पनि यही हो । यसकारण गुरू मत्स्येन्द्रनाथ र गोरखनाथलाई शिवकै अवतार मानिञ्छ ।** यस प्रकार भक्तिधाराको प्रवाह वासुदेव श्रीकृष्ण उन्मुख भयो । तर वैष्णवहरूले अहिँसा परमोधर्म भन्दै कृष्णको धर्महिँसा तथैवचलाई छोडेर अहिले पनि प्रचार प्रसार गरिरहेका छन् । यसकारण वासुदेव कृष्णको मूलतत्त्व भक्तिधारामा पाउन सकिँदैन ।[१०६६] अगाडि नै उल्लेख गरिसकिएको छ श्वेताश्वर उपनिषदमा देव र गुरूप्रति समान रूपमा भक्तिको लागि निर्देशन, आग्रह गरिएको छ । यो विषयमा शिवप्रति शैव, नाथहरूको गुरूप्रति भएको भक्तिभावसँग मेल खाञ्छ । यद्यपि कालप्रवाहका रूपमा यस प्रकारको भक्तिभाव प्रकट रूपमा रहन सकेन । फेरि

१०६५ उही पृ. १९८ ।

१०६६ कलेक्टेड वर्क्स आव आर.जी. भण्डारकर वा. ४, पृ. १५७-१५८ ।

अगाडि बढेर शैव दर्शनको जुन विकास भयो त्यसमा पशुपतिमा पाशविमोचनको शक्ति मानिञ्छ। जुन नेपालको काठमाडौंमा छ। यसर्थ वेद शैव, नाथको केन्द्र नेपाल नै हो। गुरूलाई शक्तिपातको करुणा मानिञ्छ, गुरूचरणमा शिष्यको पूर्ण समर्पण साधना पद्धति स्वीकार गरिएको छ।

माथिको वैष्णव मत सन्तको भक्तिको जुन विवेचनागरिएको छ, त्यसबाट के स्पष्ट हुञ्छ भने नारदभक्तिसूत्र र सन्त भक्तिसाधना र साध्य दुवै हुन्। भारतलाई १ हजार वर्ष मुसलमान ईसाईको दास बनाउने बौद्ध र यही भक्ति साधना पनि हो। अहिले स्कोन, राधेराधे, ब्रह्मकुमारी राजयोग, कृष्ण प्रणामी, साई बाबा, बहाइ यस्तै भक्ति साधना बोकेर हिँडेका छन् भने ईसाईहरूले यिनीहरूलाई सहयोग गरिरहेका छन्। ईसाईहरूको सहयोगको मुख्य उद्देश्य यिनीहरूलाई केवल भक्तिमा केन्द्रित गराएर आफ्नो कब्जामा लिने उद्देश्य हो। जसरी विगतमा भारतमा ३ सय वर्ष शासन सत्ता हातमा लिए। भगवद्दर्शन या साक्षात्कार साध्य हो। साध्यमा जब लिन हुने अवस्था आउँछ तब साधना पनि उसैमा लीन हुन जाञ्छ। फेरि पनि साधनाको पृथक सता छैन। यो अवस्थातर्फ कवीरका रचनाहरूमा पनि सङ्केत गरेको पाइञ्छ। महायोगी गुरू गोरखनाथ स्वयं शिवका अवतार हुनुहुञ्छ। यो परमा अवस्थामा भावभक्ति, पाप, पुण्य केही पनि हुँदैन।[१०६७] भक्ति र स्नेहले हृदयको आद्रताको अपेक्षा राख्दछ। जो चेतन छ त्यसैमा यसको आभिर्भाव सम्भव छ। यसकारण पत्थरका मन्दिर, पत्थरका देवता, पत्थरको पूजालाई निरर्थक भन्नुभएको छ। त्यो आत्मसन्तुष्टिका लागि मात्र हो। जो चेतन छैन त्यसलाई मन्दिर मूर्ति र पूजाको आवश्यक्ता पर्दछ। पूजा पद्धतिबाट स्नेहको प्रस्फुटन कसरी हुन सक्छ? **धेरै तिर्थयात्रा गर्नु र भ्रमण गर्नु मात्र साधना होइन। किनभने यसबाट शरीर क्षिण हुन जाञ्छ। आदिनाथ शिवको ध्यान टुट्यो भने समाधि पनि टुट्न जाञ्छ। यसकारण शरीरको रक्षा आदिनाथ शिवको स्नेहका लागि हो। यसको परिणाम समाधिमा हुञ्छ।** गोरखनाथका अनुसार ग्रन्थीहरू ३ प्रकारका हुञ्छन्। त्यसमध्येमा ब्रह्मग्रन्थीबाट मुक्ति प्राप्त गर्नको लागि गुरूको आरधना, ध्यान, प्रार्थनाको उपदेश दिइएको छ।[१०६८] नाथवाणीमा सुरतिको अधिक महत्त्व रहेको छ। प्रायः

१०६७ नाथ और सन्त सांहित्य, पृ. १९९।

१०६८ गोरखवाणी, पृ. १२९-१३०, ५५, पृ. १५०।

सुरतिलाई स्मृतिको व्युत्पन्न मानिञ्छ । तथापि नाथवाणीमा सुरति शब्द श्रुति र स्मृति दुवैबाट व्युत्पन्न भएको प्रतित हुञ्छ । जहाँ 'सुरति'को अर्थ श्रुति हो त्यहाँ स्थूलवेदको सट्टा कानबाट श्रवण गरिञ्छ । सूक्ष्मत यसको अर्थ केवल प्रतिभज्ञान मात्र हुञ्छ । परमतत्त्व केवल अनुभवगम्य हो । स्मृतिबाट उत्पन्न सुरतिमा स्पष्ट रूपमा स्मरणको विवेचना छ । जसलाई व्युत्पति बिनाको विचार सरलतापूर्वक 'सघन रतिया' प्रवृतिको अर्थमा लिन सकिञ्छ । भनिञ्छ कि सुरति उन्मुख रहनाले नै तुरीयावस्थाको उपलब्धी हुन जाञ्छ । गोरक्षच्छिन्द्रवोधमा 'सुरति निरति' लाई नै साधनात्मक जीवनको सबैकुरा भनिएको छ । त्यसै सुरतीमा जीवनको सम्पूर्ण जागतिक क्रिया, बस्नु, उठ्नु, बोल्नु, मिल्नु आदि उपदेश दिइएको छ ।[१०६९] सुरति र निरतिको अर्थ नै विवाद हो ।

बाहिरी प्रवृतिको निवृतिलाई निरति तथा अन्तर्मुखी 'वृति' लाई सुरति भनिञ्छ । निरति वस्तुत अभावात्मक हो भने सुरति भावात्मक । सुरतिको अर्थ प्रेम हो भने निरतिको अर्थ वैराग्य । जब बाह्यमुखी वृति अर्न्तमुखी वृतिमा लिन हुन जाञ्छ जीव र ब्रह्मको अभेदता अनुभव हुञ्छ । तर गोरखवाणीका सम्पादक डा.पिताम्बदत्त बड्थ्यालले फरक अर्थ लगाएका छन्: उनले सुरतिलाई तीन शब्दमा परिवर्तित रूप मानेका छन्- स्मृति, सुरत अर्थात् रति, क्रिडा, सुरति । उनले भनेका छन्: सन्तहरूले यसप्रकारको क्रियाको प्रयोग स्मृतिको अर्थमा गरेका छन् । जहाँसम्म स्मरण, आगमबाट आउने व्यक्तिको सृजन धाराको सम्बन्ध छ त्यो उल्टो आगममानै पलटछ । त्यहाँ सुरतिले उसलाई अर्न्तमुख बनाइदिञ्छ । यस स्मरणको चरम सीमा अजपाजप हो । जसमा साधक पनि आदिनाथ शिवको प्रेमबिना रहन सक्तैन । उसको सम्पूर्ण अस्तित्व आदिनाथ शिवको स्मृतिमा पूर्ण सुरतिमय हुन जाञ्छ । जिब्रोले रामनाथ भन्नदेखि लिएर अजपाजपसम्मको स्मरण सुरतिको उल्टो धार हो । निरतिलाई उनले निरतिशय 'रति' भनेका छन् । यसमा जीवात्मा र आदिनाथ शिवको सम्बन्ध स्मृति रूपबाट होइन तादात्मरपमा हुन जाञ्छ । यही अवस्थालाई निरति भनिञ्छ । यो अवस्थामा जीव कालबाट छुटेर स्वयं आदिनाथमा लिन हुन जाञ्छ । आध्यात्मिक आनन्दमा मग्न हुञ्छ । यो सुरतिको निरति दशा हो । यहाँ निरति शब्द नृत्यको परिवर्तित

१०६९ उही पृ. १९४, १९६ ।

रूप हो ब्रह्मानन्दको द्योतक हो ।[१०७०] स्पष्ट रूपमा यी दुवै मतमा अन्तर रहेको छ । पहिलो मत अनुसार निरति वैराग्य हो । दोस्रो मत अनुसार सुरतिको पूर्ण विकसित ब्रह्मानन्दको द्योतक अवस्था मानिञ्छ । नृत्य शब्दको परिवर्तित रूप मानिञ्छ । पहिलो अनुसार निरतिबाट सुरतिको उत्पत्ति तथा विकासमा सहायक हुञ्छ । दोस्रोका अनुसार निरति सुरतिको पूर्ण परिपक्व अवस्था हो । महायोगी गुरू गोरखनाथका प्रसिद्ध रचनाहरूमा 'निरति' लाई निरालम्व भनिञ्छ ।[१०७१] गोरखवाणीका अनुसार शब्द गुरूको हो भने सुरति चेलाको हो । अर्थात् गुरूको तत्त्व शब्द हो । शिष्य या साधकको मुख्य तत्त्व सुरति या स्मृति हो । सुरतिको आश्रयणले साधकत्व तथा शब्दको आश्रयणले सिद्धि प्राप्त हुञ्छ । सुरति तथा सिद्धि, माया र ऋद्धि यी दुवैको अस्तित्व निरतिमा पाइँदैन ।[१०७२] यसप्रकार सुरति साधना नाथहरूलाई मान्य छ । भक्तिमा स्मरणको महत्त्व छ । वैष्णव मताब्जभाष्कर, नारदभक्तिसूत्र, भक्तमाल, सुन्दरदास, निरञ्जनी सन्त सबैमा सुरति साधना प्रकट रूपमा पाइञ्छ । यो सुरति गोरखवाणीमा समाधिको सहायक हो । कवीरका अनुसार सुरतिले प्रेमरसको पान गर्दछ । सुरति २ प्रकारका हुञ्छन् । पहिलो साँसारिक स्मृति जल रूप हो । यसको निवारण गर्नुपर्दछ । दोस्रो स्मृति प्रेमको सहायक हो । यस स्मृतिमा मन लिन हुन जाञ्छ । आनन्द रूपले कालबाट मुक्त हुञ्छ । सुरति त्यही सुखमय अवस्थामा लीन हुञ्छ ।[१०७३]

सुरतिको प्रयोगका सम्बन्धमा कवीरले स्मृतिबाट उसको भिन्नता हुने कुरा पनि उल्लेख गरेका छन् । सुरति र स्मृति दुवै साधनाका सहायक हुन् ।[१०७४] यसकारण सुमिरण र सुरतिमा भिन्नता रहेको छ । हरिनाम स्मरण जप हो । तथापि सुरति ईश्वरप्रति समर्पण, सुष्ठु प्रवृति हो । सुरतिका साथमा जप पटक-पटक उच्चारण हुञ्छ । तथापि सन्तहरूलाई मुखबाट उच्चारण गरिने जप र बाह्य प्रदर्शन प्रिय छैन । भक्तको कुनै विशेष नामबाट सुरतिको गुण, क्रिया, रूप आदिको सम्बोधन हुन जाञ्छ । यस प्रकार जप स्मरणको माध्यम हो ।

१०७० हजारीप्रसाद द्विवेदी: कवीर पृ. २४३, २४४, डा.पिताम्वदत्त बड्थ्याल: योग प्रवाह, पृ. २८, २९, ३१-३३ ।

१०७१ उही पृ. ३२, गोरखवाणी पृ. १९६ ।

१०७२ गोरखवाणी पृ. १८७, २०० ।

१०७३ कवीर ग्रन्थावली पृ. १८, ३२, ५७, ९० ।

१०७४ उही पृ. १४६ ।

यद्यपि यो सूक्ष्म छ र मानसिक पनि छ । बाह्य जपमा सम्पूर्ण जगत बरालिएको छ । यसप्रकार गरिने जप माया हो । अजपाजप नै सबैभन्दा उत्तम जप हो । यो जप साधना हो । साध्यको निर्गुण अवस्थामा जप, तप केही पनि रहँदैन । यो जप पनि उसमा लिन हुन जाञ्छ ।[१०७५] जपमाला आदि बाह्य आडम्बर हो । यो लगाउँदैमा केही पनि हुँदैन । यस्तो पहिरनले, धारणले गोपालको मर्म जान सकिँदैन ।[१०७६] सुरतिका रूपमा सुष्ठ प्रवृति गोरखवाणीमा छ । यसप्रकार जपको सम्बन्ध बुझ्न सकिञ्छ । सन्तहरूमा जस्तै यहाँ पनि अजपाजप स्वीकार्य छ । यस्तो जपमाला मात्र जप्नुपर्दछ, जसबाट फल प्राप्त हुञ्छ । यस प्रकारको जप अगम हो । सबै सन्तहरूलाई जपमालाको प्रयोग प्रिय छ । प्रत्येक श्वास, पवन पुरुषमा जपमालाको प्रयोग हुनुपर्दछ । जप यस्तो हुनुपर्दछ जसमा 'सोहं सोहं' अजपा गीत हुन लागोस् । पशुवृति भएका मानिसहरूमा यसप्रकारको जप सम्भव छैन र उनीहरूलाई मुक्ति पनि प्राप्त हुँदैन । यस क्रियाको दृढ आसनले अहिर्नश ब्रह्मज्ञानको स्मरण गर्नुपर्दछ । यसमा मनोयोग आवश्यक छ ।[१०७७] यस प्रकारको अजपाजप कवीरमा पनि पाइञ्छ । यस विषयमा अगाडि नै उल्लेख गरिसकिएको छ । माथि उल्लेखित विषयवस्तुहरूबाट के कुरा स्पष्ट हुन जाञ्छ भने मानसिक लगाव र गोरखनाथको सुष्ठु प्रवृति दुवै स्वीकार्य छ । यसको आवश्यक्ता सुमिरणमा पर्दछ । महायोगी गुरू गोरखनाथले ब्रह्मज्ञानको स्मरण गर्नुभएको छ, जसको वाचक शब्द 'सोहं' हो । योगको सम्बन्धमा 'सोहं'को विस्तारसँग व्याख्या गरिएको छ । कवीरले 'सोहं' लाई भगवानप्रति समर्पण भनेका छन् । यसको ज्योतिरूप, अलौकिक गुण, क्रिया आदि प्रति हो । समग्रमा भन्नुपर्दा उपास्यमा यी सबै सघन प्रवृतिको कारण हुन जाञ्छन् । यसर्थ प्रत्येक श्वासमा नामको जपका साथ रूप, गुण, क्रिया आदि स्मरण हुन लाग्दछ । यस प्रकार सुरति स्मरण जपबाट सबैको सूत्रबद्ध प्रक्रिया स्पष्ट हुन जाञ्छ । 'सोहं'को जप कवीरलाई पनि मान्य छ । यो भावात्मक अद्वैतानुभूतिको रूपमा छ । फरक यो छ कि महायोगी गोरखनाथको सुमिरण, सुरति जप योगपरक छ । साथसाथै योग समाधिको उपकारक हो । यो भक्ति होइन तर कवीरले भक्तिको पोषकका रूपमा माञ्दछन् । यो वैष्णवहरूको प्रभाव हो ।

१०७५ उही पृ. ९९, १२६, १६२, १९५ ।
१०७६ उही पृ. १३१ ।
१०७७ गोरखवाणी पृ. ९५, १०१, १२४, १७७ ।

योगी गोरखनाथ र कवीर दुवैले 'परचा' लाई साधनाका रूपमा स्वीकार गर्नुभएको छ । कवीरका अनुसार 'परचा' साक्षात अवस्था हो । यो अवस्थामा अनन्त सूर्यश्रेणीको दिव्यदर्शन हुन जाञ्छ । यसको तेज सोभायमान हुञ्छ । यसको उदय या साक्षात्कार 'अंतरकँवल' मै हुन जाञ्छ । यो अवस्था हिउँ पानीमा परिणत भएर विलिन भएजस्तै एकान्त विलिनताको अनुभव हुञ्छ । यो नुन र पानीको विलिनता जस्तै हो । यस प्रकारको परचा या साक्षात्कारको अवस्थामा जुन विलिनताको अनुभूति अवस्था हो, त्यही नै उन्मनी अवस्था हो । यो मनको अचञ्चलताको अवस्था हो । यही नै मनको अलौकिकत्व या दिव्यत्वको अवस्था हो । यही पदमा स्थिति हो । यो अवस्थामा देवालय, पानी, पत्र, पूजक आदि अभेद रहञ्छ । सबैले यसै हृदयमा बास गर्दछन् । यो अवस्थामा अलौकिक ध्वनीको श्रवण, अलौकिक ज्योतिको दर्शन, अलौकिक कमलको प्रकाश आदिको विलक्षण अनुभव हुन जाञ्छ । अमृतवत्, रसानुभव यसपछिको अवस्था हो । जसमा केवल आनन्दै आनन्द रहञ्छ, अभेद्वता र अद्वैतता रहञ्छ केवल एकत्व रहञ्छ । यो 'परचा' बिनाको अवस्था कन्या या कुमारीजस्तै हो । यो 'परचा'नै आध्यात्मिक विवाह हो । सिद्ध गुरूसँग मिल्दा नै परचा हुञ्छ । सिद्ध गुरूले नैं यस प्रकारको आध्यात्मिक विवाह गराउँदछन् । यही अवस्थामा सघन समाधि लाग्दछ । आफ्नोपन आफैमा समायोजन हुन जाञ्छ । यसबाट मानव शरीर दिव्य हुन जाञ्छ । काँच जस्तै कञ्चन हुन जाञ्छ ।[१०७८] महायोगी गुरू गोरखनाथ विरचित गोरखवाणीमा सदाशिव, शिवतत्त्वलाई परचा परिचय साक्षातको माध्यमका रूपमा गुरूमुखलाई नै मानिञ्छ । सिद्ध गुरूको मुखबाट उक्त परचालाई प्राप्त गरेर त्यसको अनुभव पिण्डमा गर्नुपर्दछ । सिद्ध गुरूका शब्दहरूलाई आचरण अनुसार ग्रहण गर्नाले 'परचा' अर्थात् परमानन्द रस प्राप्त हुने कुरा उल्लेख गरिएको छ । यो सिद्ध गुरूको अभिज्ञानबाट प्राप्त हुने आत्मपरिचय हो । यसको अनुभव हृदयमा हुञ्छ । यो तत्त्व एउटै हो र अनन्त उसको विकास पनि हो । 'परचा'मा अनन्त एकमा समाहित हुन जाञ्छ । यस आत्मपरिचयबाट कायालाई अमरता प्राप्ति हुञ्छ । त्यो कहिल्यै पनि नष्ट हुँदैन ।[१०७९] कवीरको परिचय हरि या प्रियतमको साक्षात्कार हो । योगी गोरखनाथका अनुसार आत्मा साक्षात्कारनै 'परचा' हो । शुद्ध आत्मा

१०७८ कवीर ग्रन्थावली पृ. १२, १३, ४७, ८१, ९०, ९४ । सम्पूर्ण 'परचाको अङ्ग' द्रष्टव्य ।

१०७९ गोरखवाणी पृ. ६, ८, १५, ८७, १०३ ।

र आदिनाथ परमात्मामा दार्शनिक दृष्टिकोणबाट हेर्ने हो भने कुनै भेद छैन। एकान्त अवस्थामा जब पूजा, पाती र पूज्यमा कुनै अन्तर छैन अभेद हुन जाञ्छ, त्यतिबेला 'परमात्म परिचय'नै आत्मपरिचय हो। 'परचा' सँग मिल्दोजुल्दो शब्द 'पिछांण' नाथ र सन्त दुवैमा समान रूपमा पाइञ्छ। व्युत्पतिको दृष्टिकोणबाट हेर्ने हो भने 'प्रत्याभिज्ञान' लाई व्युत्पन्न मान्न सकिञ्छ। दर्शनको दृष्टिकोणबाट हेर्ने हो भने प्रत्यभिज्ञा पुनः अनुसन्धानद्वारा महेश्वरको स्वरूपतर्फ अभिमुख हुनु नै प्रत्यभिज्ञान हो।[१०८०] कवीरका अनुसार भ्रमनाश भएपछि 'पिछांण'को सम्भावना रहञ्छ। तीर्थ, पाठ, पूजा, जप, तप आदि भ्रम हो। यो साधना तत्त्व पनि होइन र यसबाट प्रियको दर्शन पनि सम्भव छैन। सबैतिरबाट निराश भइसकेपछि बाँकी रहेको ज्योतिको पहिचान दशमद्धारमा हुञ्छ। प्रियको परिचयपछि 'पहिचान' या 'पिछांण'को अवसर आउँछ।[१०८१] यस्तो अनुभव हुञ्छ कि परचा र रसानुभव या आनन्दानुभवको बीचको अवस्था 'पिछांण' हो। यो क्रिया आलम्वन भेददेखि २ प्रकारको छ- 'प्रिती पिछांणि' र हरि पिंछाणि। प्रथम प्रकारको 'पिछांणि' साधनाको प्रत्यभिज्ञान हो र दोस्रो प्रकारको 'पिछांणि' साध्यको प्रत्यभिज्ञान हो। पहिलो प्रत्यभिज्ञान स्वार्थमय प्रितिको भ्रम नाश भएपछि हुञ्छ। निस्वार्थमय प्रितिको प्रत्यभिज्ञान भएपछि प्रियको पहिचान हुन जाञ्छ। पहिचानका कतिपय क्रियाहरू तार्किक छन्। संसारमा, सृष्टिमा जति पनि भ्रमहरू छन् ती सबै क्रमिक रूपमा निराश भएपछि, उसको असन्नियत सिद्ध हुन पहिचानको क्रिया प्रारम्भ हुञ्छ। यस दृष्टिकोणबाट हेर्ने हो भने कवीरको भक्ति पद्धतिमा भ्रम विध्वंसको अधिक महत्त्व रहेको छ। पाषाणको मूर्तिमा विश्वकर्तृत्वको भावना राख्नु र त्यसमा भरोसा गर्नु भ्रम हो। जहाँ अन्धकारमा विभिन्न प्रकारका दुर्भावनाहरूले घेरिएको कोठरी छ त्यहाँ अज्ञान अन्धकारबाट प्रेरित भएको कर्मको चाङ लागेको छ। पृथ्वीका विभिन्न स्थानहरूमा पाषाण मूर्ति, भावना मूर्ति स्थापना गरिएको छ, जहाँ पण्डितहरूले बाटो बनाएका छन्। त्यो सबै भ्रम नै भ्रम हो। सनातनदेखि चलिआएको वेद र शिवगीता नै मुक्ति दिने ज्ञान हो। यसप्रकारको पाषाण पूजाबाट कुनै प्रकारको पनि फाइदा हुँदैन त्यो भ्रमै भ्रम हो। तथापि ज्ञानको आँखा नखुलेको अन्धा प्रेम खोज्ने, पहिचान गर्नेहरूले व्यर्थको आशा गरिरहञ्छन्। आशा गरिरहञ्छ कामना

१०८० सर्वदर्शन सङ्ग्रह, पृ. ७५।

१०८१ कवीर ग्रन्थावली, पृ. ४४, ४७।

गरिरहन्छ आफ्नो सम्पूर्ण जीवन जल या जीवनको मूलतत्त्व कान्ति प्रेमलाई नष्ट गर्दछ ।[१०८२] **हे मूर्खहरू हो जसले राम र कृष्णलाई देवता मान्दछौ राम पनि सीताको हरणपछि शिवको स्तुति गरेका थिए । राममा रहेको भ्रम नाश आदिनाथ शिवले कसरी गरिदिनु भयो शिवगीता पढ् र मनन गर । कृष्णले पनि तिनै आदिनाथ शिवको स्तुति गरे । पश्चिममा ईसाई फिरङ्गीको गाईको रगत मुछिएको डलरको प्रलोभनमा घृणा फैलाउने स्कोन, राधेराधे, कृष्ण प्रणामी, हरेराम हरेकृष्ण, साई बाबा नाममा देखिने पाखण्डीहरू तिमीहरू को हौ ? कहिल्यै मूल वेदको ज्ञान ग्रहण गरेका छौ, शिवगीता बुझेका छौं ? हे नकरतर्फ हिँडेका पाखण्डीहरू हो पाखण्ड बन्द गर । योग बिनाको ध्यान कुन ध्यान हो ? ब्रह्मकुमारी राजयोगका नाममा सेतो वस्त्र लगाएर भ्रम छरिरहेका नरपशुहरू ढोंगी चरित्र बन्द गर ।**

यी सबै भ्रमहरूको विनाश आदिनाथ शिव, मत्स्येन्द्रनाथ र गोरखनाथले गर्नुहुन्छ । यस दिशामा कवीरको विध्यात्मक पक्ष पनि छ । मन र विवेक मार्फत बाह्य मूर्तिहरूको पूजाबाट मुक्त गरेर उनले विचलित हुन दिँदैनन् । उनले प्रत्येक आत्मामा शालीग्रामको दर्शन सिद्ध साधुहरूमा प्रत्यक्ष देवताको भावनाको उपदेश दिन्छन् । शालिग्रामको पूजामा भ्रान्तित रहेको छ नै त्यसका साथसाथै असन्तोष, अतृप्तिको आगो दिन प्रतिदिन बढिरहन्छ । मायाबाट नै प्रेम हुन्छ अज्ञानलाई ढाकिदिन्छ । जप, तप, तीर्थ, व्रतको विश्वास गर्नेहरूले यो पनि बुझ्न जरुरी छ । पञ्चतत्त्वले बनेको शरीरभित्र सबै छ अन्तसाधना गर वेदले मानव जन्मलाई अमृत भनेको छ त्यसको सार बुझ । ईसाईहरूले मानिसको जन्मलाई पापी भनेका छन् । यसकारण संसारभरका क्रिश्चियनहरू पापी हुन्, पाखण्डी हुन् । कवीरको दृष्टिकोणमा मन नै मथुरा हो । दिल नै द्वारिका हो । काया नै काशी हो, दशमद्वारा नै देवालय हो । जसमा ज्योतिको प्रत्याभिज्ञान हुन्छ ।[१०८३] यसप्रकारको विध्वंशबाट यस्तो ज्ञान हुन्छ कि सम्पूर्ण संसार नै उसको मन्दिर हो । जसको निवास उसको हृदयमा हुन्छ । यही सत्य हो । डिब्बामा बाकसमा बन्द रहने देवता होइनन् । सम्पूर्ण ब्रह्माण्डमा एकरस रमण गर्ने तत्त्व नै मूल तत्त्व हो । तथापि ऊ ब्रह्माण्डमा घुम्छ । अलगै र अतीतम. रहन्छ । सम्पूर्ण ब्रह्माण्ड त्यसैमा अर्न्तभूत हुन्छ । यसको खोजी र

१०८२ नाथ और सन्त साहित्य, पृ. २०४ ।

१०८३ कवीर ग्रन्थावली पृ. ५२, पृ. ४३-४४ ।

पहिचान स्मृति मार्फत् हुञ्छ । यो आवृत भावमा जीवात्मामा रहञ्छ । तथापि विस्मृति र कुसंस्कारका कारण जीवात्माले त्यसको पहिचान गर्न सक्तैन । यस्तो तत्त्वको बारेमा प्रियतमलाई बताउने कार्य सिद्ध गुरूमार्फत् हुञ्छ । प्रियले पतिलाई बिर्सिसकेपछि पत्नीको प्रेमभावना साँसारिक तत्त्वमा व्यभिचरण गर्दछ । यसलाई पुनः पहिचान गर्ने र बताइदिने कार्य सिद्ध गुरूमार्फत हुञ्छ । जीवात्मा यसको लागि प्रयत्नशील रहञ्छ । गुरूद्वारा सबै भ्रमहरू निवारण हुञ्छन् । यसपछि विश्वउत्तिर्ण अर्थात् विश्वात्मक प्रियको पहिचान गराइञ्छ । यस प्रकारको प्रिय अभौतिक, अरूप, अनुप, पुष्प सुगन्धित भन्दा पनि सूक्ष्म छ । दादुले पनि प्रियको प्रत्यभिज्ञान कवीरकै अनुसरण गरेका छन् । गुरूकृपा तथा साधकको प्रयत्नपक्ष यति प्रवल छ कि परात्पर दिव्य नाथ तत्त्वको कृपाको अभिव्यक्तिको अवसर समेत नपाइन सक्छ । गोरखनाथका अनुसार अविनाशी पूर्णब्रह्म पुरुष हो । त्यही नै सम्पूर्ण मूर्ति हो । ऊ स्वयभुद्‌भूत हो । उनै जगतको स्वामी र रक्षाक हो । जसको ध्यान गर्नुपर्दछ । पवन नै उसको काया हो । मन नै प्राण हो । यस आत्मामा आदिनाथ शिवको निवास छ । त्यो ज्योति रूप हो । त्यो व्यापक तत्त्व हो । जीव पनि कायामा सर्वत्र व्याप्त रहञ्छ ।[१०८४] महायोगी गोरखनाथका अतिरिक्त अन्य नाथ सिद्धहरूले पनि सबै घटमा व्यापक मान्दछन् । उनको दृष्टिकोणमा यो तत्त्वं सर्वव्यापक हो ।[१०८५] यस अतिरिक्त नाथमा आफ्ना उपास्य नाथका लागि जुन विशेषण या बोधक शब्द प्रयोग गरिएको छ, त्यसमा निषेधात्मकता पनि छ । यो अगम, अगोचर, अरूप, अमुल, अतीत पुरुष, अक्षाय, अचिन्त्य, अविगत, अतित, अनादि, अनुपम, अलख, अविनाशी, अलेष पुरुष आदि शब्दद्वारा अभिहित गरिञ्छ । यसै विशेषताका कारण नाथ उपास्य साधुहरू प्रियतमबाट भिन्न छन् । सन्त प्रियतम, अनुपम, अनादि, अतित हुँदाहुँदै पनि आनन्दमय चेतन, सर्वशक्ति सम्पन्न, दयामय, सर्वज्ञ, सर्वसुन्दर, सर्वरक्षाक आदि हो । यसमा कतिपय विशेषणहरू जस्तो आनन्दमय, सर्वसुन्दर आदि नाथ दर्शन साहित्यमा कम पाइञ्छ । नाथका अनुसार सुन्दरता त मोक्ष हो । आदिनाथसँगको मिलन हो । वैष्णव, राधेराधे, स्कोन, साईबाबा, हरेराम हरेकृष्ण, ब्रह्मकुमारी राजयोगका नाममा गाना बजाना यी त बाह्य साँसारिक पाखण्ड मात्र हुन् । यसकारण नाथ उपासक साधनासँग

१०८४ उही पृ. ४४, १५४, १७०, १९२, १९९, १२४, १९० ।
१०८५ नाथ सिद्धो कि वाँनिया, पृ. ७३, ७४, ११२ ।

जोसँग योग ज्ञान छैन त्यसप्रकारका भक्तिमा रमाएकाहरूसँग त्यति सरल रूपमा सम्बन्ध छैन जति वैष्णव सन्तहरूसँग छ । भक्तिधारामा बाह्य पाखण्ड बढी मात्रामा छ, जहाँ अन्तरसाधना छैन उनीहरू नाच, गान, भजनमा आनन्द प्राप्त गर्दछन् । यसैले यही नै मुक्ति ठान्दछन् जुन सत्य होइन । यसर्थ नाथ ग्रन्थहरूमा बाहिरी पाखण्ड प्रदर्शन गर्ने कुराहरू कहीँ पनि पाइँदैनन् । नाथमा गुरूतत्त्वलाई प्रधानता मानिन्छ । सन्तहरूमा गुरू र गोविन्द दुवैको कृपाले दर्शन हुन्छ आनन्द हुन्छ भनिन्छ । नाथका अनुसार मुक्तिमा मोक्षबिना नाशवान भौतिक शरीरको आनन्द आफैमा भ्रम हो ।

साधनाको सुरुवातमै भक्तिधाराकाहरूले गुरू गोविन्दको कृपा भरोसामा साधक साधनामा अग्रसर हुन्छ । साधनाको आरम्भ गर्नका लागि भक्तिधाराका सन्तहरूले गोविन्द कृपा आवश्यक मान्दछन् । उनीहरूका अनुसार गोविन्दकै कृपाबाट गुरू प्राप्ति हुन्छ र साधनामा अग्रसर हुन्छन् । यस्ता बाह्य कुराहरू नाथ दर्शनमा पाइँदैनन् । नाथ त केवल मोक्षदाता हुन् । उनको अखण्ड कृपा यसकारण आवश्यक छ, साधकको साधना निर्वाध रूपमा चलिरहोस्, कहीँ पनि रोकावट नआओस् । नाथमा सिद्धनाथ गुरूकृपा तथा गुरू भक्ति, साधनाको सफलता, मोक्षको प्राप्ति, कार्यसिद्धि, दिव्य देहप्राप्ति, योग साधनाको निर्वाधताका लागि आवश्यक छ । भक्तिधारामा भगवद्दर्शन साक्षात्कार उसको रस रूपको प्राप्तिका लागि हो ।

भक्तिधारका सन्तहरूले भक्ति र प्रपतीलाई साधकले तत्त्वका साथ ग्रहण अभ्यास विस्तार गर्दछन् त्यहाँ उनीहरूको मतसँग पूर्व रूपमा सहमत नहुनेहरूलाई तिरस्कार गर्ने उपदेश पनि दिएका छन् । वैष्णव, राधेराधे, स्कोन, हरेराम हरेकृष्ण, साईबाबा, ब्रह्मकुमारी राजयोग इसाई नामकाहरूमा संयमका लागि सकामना, अहङ्कार, दम्भ, पाखण्ड, कपटभाव आदि मुख्य हतियार हुन्छ ।[१०८६] साँसारिक प्रवृतिसँग प्रभावित तर आफैमा अन्तरसाधना नभएको भक्तिधाराका सन्तहरूको प्रियतम, अनुपम, अनादि, अतित, अगति हुँदाहुँदै पनि आनन्दमय, चेतन, सर्वशक्ति सम्पन्न, दयामय, सर्वज्ञ, सर्वसुन्दर सर्वरक्षक आदि शब्द

१०८६ नाथ और सन्त साहित्य, पृ. २०९ ।

विशेषणहरू पाइन्छन् । नाशवान पञ्चतत्त्वले बनेको भौतिक शरीरका लागि आनन्दमय सर्वसुन्दर आदि विशेषणहरू नाथ उपासकलाई स्वीकार्य छैन । मूर्ति पूजा अवतारोपासनाको पनि प्रकाश पारिएको छ । भक्तिधाराले वहश र पञ्चमकार त्यागको कुरा गर्दछ तर मत्स्येन्द्रनाथ कौलाचारमा दुवै कुरा अनिवार्य कार्य छ । नाथमा शिव र शक्तिलाई एक अर्कामा अन्योन्याश्रित मानिन्छ । साधनाको प्रारम्भ कालमा नै काम, क्रोध, अहङ्कार, माया, विषय विकार आदिको त्यागको नियम बनाइएको छ ।[१०८७] नाथ उपासकहरू अनगढ हुन मूर्तिरूप होइनन् । जसले बाह्य रूपमा मूर्ति, मन्दिरमा पूजा गर्दछन् । उनीहरूलाई अनगद देवताको भेदको बारेमा जानकारी हुँदैन । पाषाण पूजाबाट स्नेह हुँदैन । दशौं अवतार पनि ब्रह्म होइनन् । उनको जो यहाँ मूर्ति छ त्यो केवल ज्योति रूप हो ।[१०८८] यो सम्पूर्ण विचारलाई भक्तिधाराका सन्तहरूले नाथहरूबाट लिएका छन् । **विशेषत वैष्णव र भक्तिधाराका सन्तहरूले पृथ्वीनाथका रचनाबाट धेरै कुराहरू उद्धरण गरेका छन् । पृथ्वीनाथले आफ्नो 'साधुपरीक्षा' ग्रन्थमा सन्तोषको बजीर विचारलाई मन्त्रका रूपमा उल्लेख गरेका छन् । साधनाका रूपमा उनले भनेका छन्ः 'योगवशिष्ठ'मा रामावतारको कथाको कथन छ जसको लक्ष्य संसार सतरण हो ।** कृष्णले कर्मतर्फ धकेल्नका लागि गीताको रचना गर्नुभयो । तर पाखण्डी वैष्णवहरूले कर्मलाई लत्याएर भक्तिधारामा लगेर दुरूपयोग गरेर अहिले पनि स्कोन, हरेराम हरेकृष्ण र वैष्णवहरूले गरिरहेका छन् । 'अहिँसा परमोधर्म, धर्म हिँसा तथैवच' कृष्णको वाणीलाई पाखण्डी क्रिश्चियनहरूका गुलाम वैष्णव, कृष्ण प्रणामी, स्कोन लगायतले 'धर्म हिँसा तथैवच' शब्द उल्लेख समेत गर्दैनन् । नारदको उपदेश ध्रुव ध्रुव हुन गएको छ । भक्तिद्वारा भगवानमा निवास गरेर सबै पुरुष पार हुन गएका छन् । यसमा भनिएको छ भक्तिबाट हीन भक्ति नगर्ने जसले रामलाई पाएका छैनन् उनीहरूको जन्म व्यर्थ छ । सीतालाई रावणले हरण गरेपछि व्याकुल भएका रामले आदिनाथ शिवको स्तुती गरेर शिवले उपदेश दिनुभयो जो शिवगीताका नाममा प्रचलित छ । यसकारण शिवसम्म नपुगी मुक्ति र मोक्ष सम्भव छैन भन्ने कुरा स्वयं रामले

१०८७ गोरखवाणी, पृ. १७०, ३९, १६९ ।

१०८८ उही पृ. १५४, २००, १३१ ।

आदिनाथ 'शिव'को स्तुती गरेकोबाट पनि पुष्टि हुञ्छ । जसले वेद, शिवगीताको तत्त्व बुझ्केको छैन, उसको जन्म व्यर्थ छ । मन र इच्छालाई एकत्रित गरेर जसले जप गर्दछ ध्यान, योग र ज्ञानमा केन्द्रित हुञ्छ ऊ आदिनाथ भन्दा टाढा रहँदैन । पृथ्वी काँडाले भरिएको छ । हृदयमा पनि घोचिरहेको छ । जोसँग ज्ञान, योग र ध्यान छैन कर्म छैन । त्यसको जीवन व्यर्थ छ । यस्ता अधर्मीहरू धर्तिको लागि बोझ हुन काँडा हुन् । यस्ता मानिसहरू साधु सन्तसँगबाट टाढा रहञ्छन् । साधु, सिद्धहरूको सङ्गतबाट मलिनता हट्न जाञ्छ । सिद्ध, साधुहरूमा कुनै जातिभेद हुँदैन । अश्वमेघ यज्ञ तथा कैयौं तीर्थहरूको भ्रमण स्थानबाट प्राप्त हुने फल सिद्ध, सत्पुरुष, साधकको दर्शनबाट पाइञ्छ ।[१०८९]

१०८९ नाथ सिद्धो कि वानियाँ, पृ. ६९-८४, छन्द सँख्या ४३७-४३८, ४४७-४५०, ४५३, ४५८, ४६७, ४६९, ४८७, ४९५, ५२० ।

ॐ

सत्य-धर्म

धर्म शब्द 'धृ' धातुबाट निक्लेको हो जसको अर्थ (धारण गर्नु) हो, यसै कारण जुन नियमको आधारमा सृष्टिको उत्पत्ति, स्थिति र बृद्धि धृत अर्थात् धारण गरिएको वा निर्भर छ, अथवा जुन नियमको आधारमा प्राणीको उन्नति वा स्थिति निर्भर छ, अथवा जुन नियम वा मार्गलाई प्राणीले आफ्नो वास्तविक उन्नति वा सुखका निमित्त धारण गरिएको छ, उसलाई धर्म भनिञ्छ। परन्तु नित्य व्यवहारमा धर्म-शब्दको प्रयोग प्रायः पारलौकिक सुखका मार्गको अर्थमा नै गरिञ्छ। जब कसैसित सोधिन्छ कि "तिम्रो धर्म के हो ?" तब हाम्रो सोधनाको उस सित यही अभिप्राय हुञ्छ कि तिमी आफ्नो पारलौकिक सुख वा कल्याणका निमित्त कुन मार्ग (वैदिक, बौद्ध, जैन, ईसाई, मुसाई, मुहम्मदी, पार्सी इत्यादि) बाट चल्दछौ ?। फेरि उसले उत्तर पनि हाम्रो प्रश्न अनुसार नै दिञ्छ। फेरि स्वर्गप्राप्तिको साधनभूत यज्ञयागादि वैदिक विषयको मीमांसा गर्ने बेलामा **"अथातो धर्मजिज्ञासा"** आदि धर्म सूत्रहरूमा जो धर्म शब्द आएको छ उसबाट तात्पर्य पनि यही हो कि जुन विधि वा मार्गमा चल्नाले स्वर्गको प्राप्ति हुन सक्छ उसको जिज्ञासा पूरा गर्नुपर्छ। यस्तै नै कैवल्य मुक्तिको प्राप्तिको साधनभूत जो ब्रह्मसाक्षात्कार रूप मार्ग छ उसको मीमांसा गर्दा **"अथातो ब्रह्मजिज्ञासा"** आदि वेदान्तसूत्रमा जो ब्रह्म शब्द आएको छ त्यसको तात्पर्य धर्म शब्द नै हो, अर्थात् त्यो (ब्रह्मसाक्षात्कार रूप) मार्ग जसमा कैवल्य मुक्ति नितान्त निर्भर छ उसको अब जिज्ञासा पूरा गर्नुपर्छ। परन्तु 'धर्म' शब्दको यत्तिकै संकुचित अर्थ होइन। यसको अतिरिक्त राज धर्म, प्रजा धर्म, देश धर्म, जाति धर्म, कुल धर्म, मित्रधर्म आदि साँसारिक नीति बन्धनलाई पनि धर्म भञ्छन्। धर्म शब्द उक्त दुई अर्थ (अभिप्राय) लाई पृथक् गरेर देखाउनु परेमा पारलौकिक अर्थात् मोक्षमार्गको धर्मलाई मोक्ष धर्म अथवा मोक्ष र व्यावहारिक (लौकिक) धर्म वा नीतिलाई

केवल धर्म भन्दछन् । जस्तो चतुर्विध पुरुषार्थको गणना गर्दा "धर्म, अर्थ, काम, मोक्ष" यस्तो कहिन्छ । यसको पहिलो शब्द धर्ममा नै यदि मोक्षको समावेश हुन गएको भए अन्तमा मोक्षलाई पृथक् पुरुषार्थ बताउने आवश्यक्ता रहने थिएन । यसैले भन्नुपर्छ कि धर्म शब्दबाट प्राय: स्वर्गीय वा लौकिक सुखको मार्ग अथवा व्यावहारिक अर्थात् साँसारिक नीति धर्म नै शास्त्रकारहरूको अभिप्रेत छ । यिनैलाई आजकल प्राय: कर्तव्य कर्म, नीति, नीतिधर्म अथवा सदाचार आदि नाम दिइन्छ । परन्तु प्राचीन संस्कृत ग्रन्थहरूमा **नीति शास्त्र** शब्दको उपयोग केवल **राजनीति**कै लागि गरिएको छ, यसै कारण उस समयमा कर्तव्य कर्म अथवा सदाचारको सामान्य विवेचनलाई नीति प्रवचन न भनेर **धर्मप्रवचन** भन्दथे । तर नीति र धर्म यी दुई शब्दको यो पारिभाषिक भेद सबै संस्कृत ग्रन्थहरूमा मानिएको छैन, यसैले **गीतामा नीति, कर्तव्य र धर्म शब्दको उपयोग** प्राय: यौटै अर्थमा गरिएको छ । फेरि जुन ठाउँमा तत्त्व **विवेक** वा **मोक्ष**को विचार गरिएको छ वहाँ गीतामा उक्त विचारको नाम **सांख्य** वा **अध्यात्मशास्त्र** वा **अध्यात्मविद्या** राखिएको छ । महाभारतमा धर्म शब्द अनेक स्थानमा आएको छ, फेरि जुन ठाउँमा भनिएको छ कि "कसैलाई कुनै कर्म गर्नु धर्म सङ्गत छ" उक्त ठाउँमा धर्म शब्दबाट कर्तव्यशास्त्र अथवा उस समयको समाज व्यवस्था शास्त्रको नै अर्थ पाइन्छ, फेरि जुन ठाउँमा पारलौकिक कल्याणको मार्ग बल्भाउने प्रसङ्ग आएको छ वहाँ (शान्ति पर्वको उत्तरार्धमा) "मोक्षधर्म" यस विशिष्ट शब्दको योजना गरिएको छ । यसैगरी मन्वादि स्मृतिग्रन्थमा चारवर्णका कर्मको वर्णन गर्ने बेलामा केवल धर्म शब्दको नै अनेक स्थानमा कैयौं पल्ट उपयोग गरिएको छ । भगवद्गीतामा पनि भगवान्‌ले जो दोस्रो अध्यायमा अर्जुनलाई आत्मज्ञान सुनाइ सकेपछि **(स्वधर्ममपि चावेक्ष्य)** भनेको छ, उक्त स्थानमा पनि धर्म शब्द यस लोकका चातुर्वण्य धर्मको अर्थमा नै प्रयुक्त भएको छ । फेरि गीता (४।१३) मा जो प्राचीनकालदेखि चातुर्वण्य संस्था श्री भगवान्‌बाट गुण-कर्मको विभाग अनुसार रचिएको कहिएको छ, उसबाट यही सिद्ध हुन्छ कि पुरातनकालदेखि यो संस्था यस निमित्त चलाइएको थियो कि समाजको सब व्यवहार सुगमता पूर्वक भइरहोस्, कुनै यौटा व्यक्ति या वर्गमा नै समाजको सारा भार पर्ने नपाओस् र चारैतर्फबाट समाजको रक्षा भइरहोस् । यद्यपि केही कालदेखि यो संस्था अज्ञानका क़ारण मानिसले विगारिदिएको छ । जसबाट चारै वर्णका मानिस

केवल जातिमात्रोपजीवी हुन गएका छन् अर्थात सच्चा स्वकर्मलाई भुलेर उनी केवल नामधारी ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र हुन गएका छन्, तथापि विचार दृष्टिबाट शास्त्रावलोकन गर्दा यही सम्भनामा बस्छ कि प्रारम्भमा यो व्यवस्था केवल समाज धारणार्थ रचिएको थियो । महाभारत (शान्ति १८८ अध्यायमा) यी चारवर्णका विषयमा मुनि भरद्वाजको प्रश्नमा भृगुऋषिले यसो भनेका छन् कि -

न विशेषोस्ति वर्णानां सर्व ब्राह्ममिदं जगत् ।
ब्रह्मणा पूर्वसृष्टं हि कर्मभिर्वर्णतां गतम् ।।१०।।
कामभोगप्रियास्तीक्ष्णाः क्रोधनाः प्रियसाहसाः ।
त्यक्तस्वधर्मा रक्ताङ्गास्ते द्विजा क्षत्रतां गताः ।।११।।
गो भ्यो दृत्तिं समास्थाय पीताः कृष्युपजीविनः ।
स्वधर्मान्नानुतिष्ठन्ति ते द्विजा वैश्यतां गताः ।।१२।।
हिँसानृतानिया लुब्धाः सर्वकर्मोपजीविनः ।
कृष्णाः शौचपरिभ्रष्यास्ते द्विजाः शूद्र तां गताः ।।१३।।

अर्थात् वर्णहरूमा कुनै भेद छन् किनकि यो सारा जगत् अगाडि ब्रह्माजीबाट ब्राह्मण जाति नै रचिएको थियो, पछि कर्महरूबाट वर्णतामा प्राप्त भएको छ। जुन ब्राह्मणलाई काम भोग प्यारो हुन गयो, जो उग्र स्वभाववाला, क्रोधी, विना विचार निर्भयताका साथ कर्म गर्ने तथा आफ्नो धर्म छोडेर रक्तवर्ण हुन गए ती ब्राह्मण क्षत्रिय वर्णमा प्राप्त भए । जो गौवृत्तिमा प्रवृत्त, पीतवर्ण, खेतीद्वारा निर्वाह गर्ने र आफ्नो धर्म त्यागने भए ती ब्राह्मण वैश्य वर्णमा प्राप्त भए। जो हिँसा र मिथ्याका अनुरागी, लोभी, सर्व कर्मबाट जीविका गर्ने, पवित्रताबाट भ्रष्ट अर्थात शौच रहित र कृष्णवर्ण हुन गए । ती ब्राह्मण शूद्र वर्णमा प्राप्त भए । फेरि अगाडि गएर १८६ अध्यायमा भरद्वाजले वर्णको पहिचानका निमित्त उनका भिन्न भिन्न धर्म सहित उनको लक्षण सोधेपछि भृगुजीले भने कि - जो पुरुष जातकर्मादि संस्कारद्वारा संस्कार गरिएको, पवित्र, वेदाध्ययन सम्पन्न, स्नान-सन्ध्या, जप-होम आदि आफ्ना कर्ममा सावधान, शौचाचारमा स्थित, सत्यपरायण छ त्यो ब्राह्मण कहलाउँछ । जस्तो कालेराई स्वामी प्रपन्नाचार्य ब्राह्मण हुन्, प्रचण्ड बाबुराम भट्टराई, मोहन वैद्य शुद्र हुन् । जसमा सत्य, दान, अद्रोह, अहिँसा, लज्जा, तप र दया देखिञ्छ त्यो ब्राह्मण कहलाउँछ । जो क्षत्र

धर्म जन्य कर्मलाई सेवन गर्दछ, जो वेदाध्ययनमा प्रवृत्त छ, जो दान दिन र राज्यको यथायोग्य कर लिनमा आनन्द मान्छ त्यो नै क्षत्रिय कहलाउँछ । जो वाणिज्य, पशुरक्षा, खेती र दानमा आनन्द मान्छ, पवित्र र वेदाध्ययन सम्पन्न छ त्यो वैश्य कहलाउँछ । जो सदैव सुख वस्तु खानामा तत्पर छ अर्थात् जुनसुकै कुरा पनि खान्छ, सारा कर्म गर्छ, जो अपचित्र वेदत्यागी, आचाररहित छ उही शूद्र कहलाउँछ । यदि ब्राह्मणको गुण या लक्षण शूद्रमा देखियो, ब्राह्मणमा पाइएन भने यस अवस्थामा शूद्र शूद्र होइन औ ब्राह्मण ब्राह्मण हुँदैन । **विष्णु पुराण** अनुसार वर्ण चलाउने सबभन्दा अगाडि **शौनक** भएका छन् जस्तो:- **"गृत्समदस्य शौनकश्चातुर्वर्ण्यप्रवर्तयि. साऽभूत्"** = गृत्समदका शौनक चारै वर्ण चलाउने भए । (वि.पु. ४।८।१०) । वर्ण-विभाग भइसकेपछि पनि गुण कर्म अनुसार वर्णको परिवर्तन भइरहेको देखिन्छ । जस्तो **पृषध्र आफ्ना गुरूको गाई** मार्नुका कारण शूद्र हुन गए, करुषबाट महाबली कारुष क्षत्रिय भए, नेदिष्ठका पुत्र नाभाग वैश्य हुनगए । (वि. ४।१।१३) । यस्तै ऋषभ देवका १०० पुत्रमा ८१ ब्राह्मण भए, १० राजा (क्षत्रिय) भए, ९ योगी भए । गाधिका पुत्र विश्वामित्र कर्मबाट ब्राह्मण भए इत्यादि । शान्ति पर्व १८८ अ. वनपर्व २११ अध्यायमा तल्लो वर्णबाट माथिर उक्लनु पनि स्पष्ट लेखिएको छ --

शूद्रयौनौ हि जातस्य सद्गुणानुपतिष्ठतः ।
वैश्यत्वं लभते ब्रह्मन् क्षत्रियत्वं तथैवच ॥
आर्जवे वर्तमानस्य ब्राह्मण्यमभिजायते ॥ (८-११)

अर्थात् हे ब्रह्मण ? शूद्रयोनिमा उत्पन्न भएर पनि सद्गुणहरूको अनुष्ठान गरिरहने पुरुष वैश्यत्वलाई र त्यस्तै क्षत्रियत्वलाई प्राप्त गर्दछ । फेरि सरलतामा वर्तमान पुरुषमा ब्राह्मणत्व उत्पन्न हुन आउँछ । फेरि ब्राह्मणादि व्यवहार मुख्य गुण कर्मबाट नै हुन सक्छ, जस्तो कि :-

यस्य यल्लक्षणं प्रोक्तं सो वर्णाभिज्यञ्जकम् ।
यदन्यत्रापि दृश्येत तत् तेनैव विनिर्दिशेत् ॥ (भा. ७।११।३५)

अर्थात् जुन वर्णको प्रकाशक जो लक्षण कहिएको छ । त्यो यदि अन्यत्र पनि देखिन गयो भने ता उसलाई उही वर्णबाट पुकार्नु पर्छ ।

यो अत्यन्त विचारणीय कुरा छ कि ब्राह्मण नीच स्वभाव ग्रहण गर्नाले अथवा निषिद्ध कर्म गर्नाले ब्राह्मणत्वबाट गिर्न जाञ्छ भने फेरि तल्लो स्तरको पुरुष उत्तम कर्म गर्नाले उत्तम किन हुन सक्तैन ? जहाँ गिर्नु छ, वहाँ चढ्नु पनि छ । यो कहीं पनि देखिएको छैन कि केवल गिर्नु नै गिर्नु होस्, चढ्नु न होस् या चढ्नु नै चढ्नु होस् गिर्ने नहोस् । जब ब्राह्मण आफ्नो आचार र धर्मबाट भ्रष्ट हुनाले क्षत्रिय, वैश्य वा शूद्र नीतिमा गनिन जाञ्छ भने वैश्य उत्तम आचार र ब्राह्मणको धर्म पालन गर्नाले किन ब्राह्मण गनिन जानु पर्दैन ? यदि यस्तो भनौं कि ब्राह्मण आफ्नो धर्मविरुद्ध चल्नाले ब्राह्मणै रहञ्छ, चाहे कस्तै नै भ्रष्ट आचार वा धर्म गरोस् उसको ब्राह्मणत्वमा फरक आउँदैन, तब ता क्षत्रिय पनि उत्तम कर्म गर्नाले ब्राह्मण, निषिद्ध कर्म गर्नाले वैश्य हुन सक्तैन । **यस अवस्थामा जो पनि ब्राह्मण आज ईसाई धर्म ग्रहण गरोस् या मुसल्मान हुन जाओस् उसलाई ब्राह्मण भन्नुपर्छ, परन्तु नवीन मत वा धर्म ग्रहण गर्ने उसका साथ आहार, व्यवहार, विवाह आदि गर्न पनि सारा ब्राह्मणहरू छोडिदिञ्छन्, त्यो नवीन मतानुयायीलाई शूद्रभन्दा पनि अधिक नीच वा अधम सम्झञ्छन्** । जब कुनै नवीन धर्म वा मतको अनुयायी तथा दुष्टाचारी ब्राह्मणका साथ उसको गुण कर्म अनुसार शूद्रवत् व्यवहार गरिञ्छ, तब हामीलाई कुनै कारण देखाइ पर्दैन कि ती क्षत्रिय वा वैश्यका साथ जो अत्यन्त श्रेष्ठ आचरण र धर्ममा उन्नति गरिरहेका छन्, उनको उत्तम गुण कर्म अनुसार ब्राह्मणवत् कार्य किन न गर्ने ? यत्तिको भेद ता अवश्य छ कि जो जन्म र कर्म दुवैबाट ब्राह्मण छ त्यो सबभन्दा श्रेष्ठ ब्राह्मण भन्नु पर्छ । जो कर्मबाट छ, जन्मबाट छैन उसलाई कर्म-श्रेष्ठ ब्राह्मण मान्नुपर्छ। फेरि जो जन्मबाट ब्राह्मण छ, कर्मबाट छैन, त्यो केवल नाम वा चाम, (छाला) को ब्राह्मण अर्थात् अत्यन्य निकृष्ट ब्राह्मण नै गनिनु पर्छ । फेरि जो जन्मबाट ब्राह्मण भएर पनि आफ्नो धर्म कर्मदेखि नितान्त गिरेको छ त्यो ता नामको ब्राह्मण पनि होइन किन्तु कोही अङ्क वर्णवाला भन्नु उचित छ । यस प्रकार **ब्राह्मणादि व्यवहार गुण कर्म विभागबाट नै मुख्य छ** । यद्यपि यो कुरा साँचो छ कि यूरोपमा यस्ता अनेक समाज छन् जसको अभ्युदय र पोषण चातुर्वर्ण्य व्यवस्था बिना नै भएको प्रतीत हुञ्छ, तथापि यो स्मरण रहोस् कि ती देशमा चातुर्वर्ण्य व्यवस्था चाहे न होस् परन्तु जातिरूपबाट होइन भने गुण विभाग रूपबाट उनमा पनि चारै वर्णका सबै धर्म अवश्य रहञ्छन् र पाइञ्छन् । सारांश यो हो कि जब

धर्म शब्दको उपयोग व्यावहारिक दृष्टिबाट गरिञ्छ तब यही देखिन जाञ्छ कि "सारा समाजको धारण र पोषण कसरी हुञ्छ।" ॐ शान्ति -पर्वको सत्यानृत - अध्याय (१०९।३) मा धर्म-अधर्मको विवेचन गर्दै भीष्म र उभन्दा अगाडि कर्ण पर्वमा भगवान् कृष्ण चन्द्र यसो भन्नु हुञ्छ:--

धारणाद्धर्ममित्याहुधर्मों धारयते प्रजा: ।

यत: स्याद्धारणं युक्त स धर्म इति निश्चय:।। (कर्ण ६९।५६)

अर्थात धर्म शब्द धृ (धारण गर्नु) धातुबाट निक्लेको भनिञ्छ। धर्मबाट नै सब प्रजा धारण गरिएका अर्थात् बाँधिएका (धृत) छन्। यो निश्चय गरिएको छ कि जसबाट (सारा प्रजाहरूको) धारण हुञ्छ उही धर्म हो। यदि यो धर्म छुट्न गयो भने ता सम्झिलिनु पर्छ कि प्रजाहरू अर्थात् समाजको रक्षा र स्थितिका सारा बन्धन टुट्न गए। यदि समाजका सब बन्धन (स्थितिको नियम) टुट्न गयो भने, जस्तो आकर्षण शक्ति विना आकाशमा सूर्यादि ग्रहको अवस्था अथवा समुद्रमा माझी बिना जस्तो नावको दशा हुन जाञ्छ उस्तै समाजको पनि अवस्था हुन जाला। यसै कारण मुनि व्यासजीले ठाउँ-- ठाउँमा भनेका छन् कि यदि अर्थ वा द्रव्य पाउनाको इच्छा छ भने धर्मद्वारा अर्थात् समाजको रचनालाई न बिगार्दै प्राप्त गर, यदि काम बासनालाई तृप्त गर्नु छ भने त्यो पनि धर्मबाट नै गर। महाभारतको अन्तमा पनि उनले यही भनेका छन् कि "हरे ! म हात उठाएर चिल्लाइ रहेको छु परन्तु कोही पनि मेरो कुरा सुन्दैन कि धर्मबाट नै अर्थ र कामको प्राप्ति हुञ्छ, यसै कारण तिमीहरू यस प्रकारका धर्मको आचरण किन गर्दैनौ ?।"

ऊर्ध्वबाहुर्विरोम्येष न च कश्चिच्छृणोति मे ।।

धर्मादर्थश्च कामश्च स धर्म: किं न सेव्यते ?।।

यसरी यो स्पष्ट भयो कि धर्म शब्दबाट अभिप्राय बहुधा ती उपाय वा नियम हुन् जसबाट प्रजाको धारण (स्थिति) पोषण रहित हुञ्छ, फेरि जसबाट समाजको धारण-पोषण र सव-भूत-हित हुँदैन ती सब अधर्म शब्दबाट अभिप्रेत छन्। तर उक्त निरूपणलाई पढेर प्रश्न स्वत: यो उठ्न जाञ्छ जुन उपाय वा नियमबाट आफ्नु अधोगति र अवनति होस् परन्तु उसबाट समाजको तत्काल पोषण र हित होस्, के त्यो उपाय या नियम पनि धर्म रूप कहलाउन योग्य हुञ्छ

वा अधर्मरूप ? अर्थात् जुन कर्म आधिभौतिक अथवा आधि दैविक दृष्टिबाट कल्याणकारी वा पोषण गर्ने होस्, तर आध्यात्मिक दृष्टिबाट हानिकारक र अधोगति वा अवनति गर्ने होस्, त्यो कर्म पुण्यरूप वा धर्मरूप हो, या पापरूप वा अधर्मरूप ? दृष्टान्त रूपबाट कोही पुरुष झूट बोलेर वा चोरी गरेर धन उपार्जन गर्दै आफ्ना कुटुम्ब वा समाजको पालन पोषण गर्दछ (ऊ आफ्नो हानि गर्दछ परन्तु समाजको सेवा गर्छ) भने उक्त पुरुषको यस्तो कर्म धर्मरूप वा पुण्यरूप अथवा शुभकर्म हो या यसको विपरीत ? यस प्रश्नको उत्तर फ्रेञ्च पण्डित कोम्टे र उनको मतानुसार चल्ने अर्थात् आधिभौतिक दृष्टि वा पद्धतिलाई नै सर्वोपरि श्रेष्ठ मान्ने पुरुष हुँ कि कुनै कर्म, चाहे उसले आफ्ना कर्ताको हानि नै गरोस् परन्तु यदि उसबाट समाजको पालन पोषण वा हित हुञ्छ भने त्यो अवश्य धर्मरूप वा पुण्यरूप अर्थात् शुभ कर्म नै हो, अधर्मरूप वा पापरूप अर्थात् अशुभ कर्म होइन । परन्तु हिन्दू धर्मानुयायी पुरुष (अर्थात् ती मानिस जसको परम उद्देश्य आत्मकल्याण वा मोक्ष छ र जो यसै कारण आध्यात्मिक दृष्टिलाई अन्य सब दृष्टिको अपेक्षा मुख्य सम्झञ्छन् ।) यसको उत्तर हुँ मा होइन होइनमा दिञ्छन्, अर्थात यी यो भञ्छन् कि यद्यपि सगाज-धारण नै धर्मको मुख्य बाह्य उपयोग हो तथापि जो हाम्रो परम उद्देश्य आत्मकल्याण वा मोक्ष छ त्यसमाथि पनि हाम्रो दृष्टि बनीरहञ्छ । समाज धारणलाई लेउ, चाहे सर्व भूत हितलाई नै लेउ, यदि यी (धर्मका बाह्योपयोगी) तत्त्व हाम्रो आत्मकल्याणका मार्गमा बाधा हाल्छन् भने हामीलाई यिनको आवश्यक छैन । यसैले जुन कर्म (चाहे उसबाट समाजको पालन पोषण वा हित नै हुनेछ परन्तु) हाम्रो आफ्नो हानि वा अधोगति गरिरहेको छ, त्यो कर्म हाम्रा निमित्त वास्तवमा अधर्मरूप वा पापरूप नै हो, धर्मरूप होइन । फेरि जुन कर्म हाम्रो आध्यात्मिक उन्नतिको अनुकूल होस (चाहें उसबाट समाजको पालन पोषण वा हित हुनेछैन) त्यो कर्म हाम्रो निमित्त वास्तवमा धर्मरूप वा पुण्य रूप हो, अधर्म रूप वा पापरूप होइन । मूल तत्त्व यो उक्त विचारबाट यो निकल्यो कि जुन कर्म आफ्ना कर्ताको आध्यात्मिक उन्नति तथा समाज धारणा वा सर्वभूतहित गरिरहेको छ त्यो पूर्ण धर्मरूप वा शुभकर्म हो । जुन कर्म आफ्ना कर्ताको नै आध्यात्मिक उन्नति गरिरहेको छ समाज धारण वा सर्वभूतहित चाहे नगरिरहेको होस्, त्यो पनि धर्मरूप वा शुभ कर्म हो, अधर्मरूप वा अशुभ कर्म होइन ।

फेरि जुन कर्म आफ्ना कर्ताको न आध्यात्मिक उन्नति गरिरहेकोछ न अवनति, केवल समाजको पालन वा हितनै गरिरहेकोछ त्यो पनि धर्मरूप वा शुभकर्म कहलाउन योग्यछ । परन्तु जसबाट केवल समाजको नै पालन पोषण वा हित होस्, कर्ताको आफ्नो आध्यात्मिक उन्नति होइन किन्तु अवनति होस् त्यो धर्मरूप वा शुभकर्म होइन पापरूप वा अशुभकर्म हो । फेरि जुन कर्मबाट न कर्ताको आफ्नो कल्याण र न समाजको पालन पोषण वा हित हुञ्छ त्यो कर्म घोर महापापरूप अधर्म नै हो । संक्षेपबाट तात्पर्य यो कि जुन कर्म आफ्ना कर्ताको मोक्ष वा आध्यात्मिक उन्नतिको अनुकूल होस् उही पुण्य धर्म र शुभकर्म हो, जो उसको प्रतिकूल छ उही पाप, अधर्म, अशुम कर्म हो ।

हिन्दूधर्मका शास्त्र अनुसार मनुष्यका परम र मुख्य उद्देश्य आत्माको कल्याण अर्थात् आध्यात्मिक पूर्णावस्था नै छ, फेरि अन्य हितको अपेक्षा यही आध्यात्मिक पूर्णावस्थालाई प्रधान जान्नु र तदनुसार आचरण गर्नु उसको परम र मुख्य कर्तव्य छ, यो कर्तव्य नै उसको परम धर्म हो । यसै उद्देश्य र कर्तव्यको दृष्टिबाट उसले कर्म-अकर्म, धर्म-अधर्म, कार्य अकार्य र पुण्य-पापको विचार गर्नुपर्छ । अध्यात्मविद्यालाई छोडेर कर्म-अकर्म इत्यादिको विचार गर्न ठीक छैन । **अर्जुनले आध्यात्मिक उन्नति अर्थात् आध्यात्मिक पूर्वावस्थाको उद्देश्यलाई परम र मुख्य नसम्झेर केवल गुरू र सम्बन्धीहरूको हितलाई नै मुख्य र परम संम्झे, जसबाट उनी निज धर्म र कर्तव्यबाट मूढचित्त भए कायर र दुःखी हुन गए । यसै कारण भगवान्‌ले दोस्रो अध्यायमा अर्जुनलाई पहिले आत्मज्ञानको उपदेश दिएर फेरि उनलाई निज धर्म पालन गर्ने उपदेश दिंनु भयो, वहाँ धर्मबाट अभिप्राय भगवान्‌ले अर्जुनको केवल निज कल्याण (अर्थात् आध्यात्मिक उन्नति वा आध्यात्मिक पूर्वावस्था) लाई दिने कर्म नै लिएको छ, गुरूहरू सम्बन्धी अर्थात् समाजको हितलाई होइन** । यसमा सन्देह छैन कि क्षत्रिय पुरुषको निज कल्याण आफ्नो क्षत्रि धर्म पालन गर्नाले नै हुञ्छ । क्षत्रि धर्म यही हो कि "जो प्राणी क्षत्रिय आफ्नो तथा समाजको सन्मार्ग" (अर्थात् उन्नति वा कल्याणको मार्गमा बाधा गर्छ उसलाई शस्त्रद्वारा तत्काल बध गरोस, उन्नतिका मार्गमा बाधा हाल्ने प्राणी चाहेँ उसको अत्यन्त पूजनीय र परमप्रिय होस् तैपनि उसलाई संहार गर्नु क्षत्रियको परम धर्म वा कर्तव्य हो यसकारण भगवान्‌ले गीताको दोस्रो

अध्यायको ३० श्लोकमा आत्मतत्त्व निरूपण गरेर फेरि अर्जुनलाई आफ्नो धमतर्फ दृष्टि दिनलाई भन्नुहुञ्छ र उनको दृष्टि निज धर्मतर्फ दिलाएर फेरि उनलाई स्पष्ट यस्तो उपदेश दिनुहुञ्छ कि - "आफ्नो कर्मलाई देखेर पनि तिमीले डाँवाडोल हुनु योग्य छैन किनकि क्षत्रियका निमित्त धर्मयुद्ध भन्दा बडी कुनै श्रेयस्कर छैन ।" सारांश यो भयो कि के गीता के महाभारत, ग्रन्थमा धर्म शब्दको प्रयोग प्रायः ती सब नीति नियमका विषयमा गरिएको छ कि जो आध्यात्मिक उन्नतिका दृष्टिबाट र उक्त दृष्टि अनुसार समाज धारणको उद्देश्यबाट शिष्टजनद्वारा बनाइएका छन् । यस प्रकार नीतिका ती नियम (अथवा शिष्टाचार) लाई जो समाज धारणको उद्देश्यबाट शिष्टजनद्वारा प्रचलित गरिए तथा सर्वमान्य भइसकेका छन, हामी धर्मको जग भन्न सक्दछौं, परन्तु स्पष्ट रूपबाट धर्मरूप वास्तवमा कर्म उही संझनुपर्छ कि जसबाट निज कल्याण (अर्थान आध्यात्मिक उन्नति वा मोक्ष) अवश्य होस् ।

धर्म शब्दको यौटा अर्को व्याख्या पनि प्राचीन ग्रन्थमा पाइञ्छ । यो व्याख्या प्रायः मीमांसकहरूको हो । जस्तो **"चोदना लक्षणोर्थो धर्मः । जै. सू. १११।२"** । कुनै योग्य पुरुषले अह्राउनु वा आज्ञा गर्नु फलानो काम गर, अथवा न गर अर्थात् प्रेरणा हो । यस प्रकारको लक्षाणवाला जो प्रबन्धको नियम छ, त्यो धर्म हो । यसको आशय यस्तो प्रतीत हुञ्छ कि पहिला पहिला संसारमा प्रबन्धको कारण धर्म निर्माण भयो । अर्थात् असभ्य तथा जङ्गली अवस्थामा प्रत्येक मनुष्य समय समयमा उत्पन्न हुने मनोवृत्तिको प्रबलता अनुसार नै आचरण गरिरहन्थ्यो, परन्तु विस्तार विस्तार केही समयपछि जब यस्तो कुनै योग्य अनुभवमा आयो **"यस प्रकारको मनमाने वर्ताव श्रेयस्कर छैन"** फेरि उसले इन्द्रियका स्वाभाविक व्यापारको मर्यादा बाँधेर त्यो अनुसार कल्याण देख्यो, तब अरू मनुष्य पनि यस्तै मर्यादा पालन गर्न लागे । यस प्रकारका मर्यादाको सँख्या बढ्यो अनि यौटा शास्त्र बन्न गयो । दृष्टान्त रूपबाट, पूर्व समयमा विवाह-व्यवस्थाको प्रचार थिएन, पहिले पहिले यसलाई **श्वेतकेतुले** चलाए । अगाडि **मदिरापानको पनि रिवाज थियो, शुक्राचार्यले यसलाई निषिद्ध** ठहराए इत्यादि । यस प्रकार अनुभवी वा योग्य पुरुषबाट समय-समयमा आवश्यक्ता र अनुभव अनुसार मर्यादा बाँधिइ सकेपछि धर्म शब्दको **"चोदनालक्षणोर्थो धर्मः।"**

व्याख्या बनाइको देखिन्छ । यस सूत्रको आशय चाहे कस्तैनै प्रतीत होओस् तथापि अनुभवी र योग्य पुरुषहरूले बाँधिएको मर्यादालाई धर्म भन्नु अनुचित र पाप होइन । केही अंशमा यो व्याख्या पनि धर्मशब्दको पूर्वोक्त अर्थमा सहायता दिन सक्दछ ।

परन्तु देखिन आएको छ कि अनेक आचारहरूमा पनि भेद छ, समय-समयमा मर्यादा पनि बदलिएर आएको छ, अर्थात् सबै समयका मर्यादाहरू र प्रचार पनि एक समान छैनन् यस्तै एक कर्मको अनेक परिणाम पनि समय अनुसार फेरबदल हुँदै आएका छन्, फेरि अनेक ऋषिहरूको आज्ञा पनि भिन्न भिन्न छन् । यी कारणहरूबाट धर्म विषयमा जब संशय उठछ अनि त्यस निर्णयका लागि कुनै सरल मार्ग बढी खोजी आवश्यक्ता हुन्छ । त्यस मार्ग विषयमाथि महाभारत वनपर्व ३१२ अध्यायमा धर्मराज युधिष्ठिरको यस्तो धारणा रहेको छ ।

तर्कोऽप्रतिष्ठः श्रुतयो विभिन्ना नैको मुनिर्यस्य वचः प्रमाणम् ।
धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः ।।११५)

अर्थात (धर्म विषयमा) यदि तर्कलाई हेऱ्यो भने शिर देखिन्न अर्थात् चञ्चल छ, किनकि जस्को बुद्धि जत्तिको तीव्र हुन्छ उस्तै नै अनेक प्रकारका अनेक अनुमान उसबाट तर्कद्वारा निक्लन्छन्, (यस विषयमा) यदि श्रुति अर्थात् वेदाज्ञा हेरियो भने त्यो पनि भिन्न भिन्न छ, फेरि यदि स्मृति शास्त्र हेऱ्यौं भने यस्ता यौटा पनि ऋषि देखिदैनन् कि जस्को वचन अन्य ऋषिहरूको अपेक्षा अधिक प्रमाणभूत संझियोस् । यदि यस धर्म मार्गको तत्त्व हेरियो भने त्यो तत्त्व अन्धकारमा (अथवा हृदयको गुफामा) छिपेको छ अर्थात धर्मको तत्त्व सर्वसाधारणको न चक्षुगोचर हुन सक्छ, न उनको सम्झनामा आउन सक्छ । यसैले महाजन जुन मार्गबाट गएका छन् उही धर्मको मार्ग संझनु पर्छ । यस उत्तरमा पुनः कठिनता यो हुन्छ कि महाजन कसलाई भनौं ! यद्यपि शब्दको पदबाट अर्थ "बडा बडा सदाचारी पुरुष" स्पष्ट हुन्छ, यही अर्थ उक्त श्लोकमा अभिप्रेत भएको पनि देखिन्छ तथापि सदाचारीहरू (महाजनहरू) को आचरणमा पनि एकता देखिदैन । यस प्रकार नाना भेदबाट भएका आचरणहरू देखेर भवभूतिले उत्तर रामचरित नाटकमा लवका मुखबाट यस्तो भनिएको छः- **"वृद्धास्ते न**

विचारणीयचरिता:" यी बूढाहरूका कर्मको बहुत विचार गर्नु हुँदैन । फेरि यस्तै नै तैत्तिरीयोपनिषद् (१।११।२) मा लेखिएको छ कि यी बडाहरूको जो दोष रहित कर्म वा प्रचार छ त्यस्को सदा अनुष्ठान गर, दोस्रो कर्म वा आचारको होइन। जस्तो **परशुराम समान पिताको आज्ञा पालन** गर । फेरि पनि यो प्रश्न उठ्छ कि "यिनमा असल आचरण कस्तो हो, खराब कस्तो हो कुन हो ? या खराब वा असल आचरण सम्भनाका निमित्त हामीसित साधन वा उपाय कुन छ ?" किनकि पिताको आज्ञा मान्नु न असल आचरण भए प्रल्हादले आफ्ना पिताको आज्ञा किन मानेनन्, नमानेकैमा उनको कल्याण देखियेको छ इत्यादि । सारांश यो हो कि **"महाजनो येन गतः स पन्था:"** यो उक्ति यद्यपि सामान्य पुरुषका लागि सरल छ तथापि सबै कुरामा निर्वाह हुन सक्तैन, अन्त्यमा महाजनका आचरणको सञ्चा तत्त्व चाहे जत्तिकै मूढ किन न होस् उसलाई विचारवान् पुरुषले आत्म ज्ञानमा घुसेर खोजी निकाल्नै पर्छ । यो जो भनिएको छ कि **"न देवचरितं चरेत्"** देवताको केवल बाहिरी चरित्र अनुसार आचरण गर्नु हुँदैन, यस उपदेशको रहस्य पनि यही हो कि बिना सोच समझ महाजनको प्रत्येक आचरण (मार्ग) लाई श्राफ्नो कर्तव्य वा धर्म बनाउनु हुँदैन । उनको जुन आचरणबाट मनुष्यलाई आफ्नो आध्यात्मिक उन्नति हुनेछ उसलाई आफ्नो कर्तव्य वा धर्म र जसबाट अवनति हुनेछ। उसलाई अकर्तव्य वा अधर्म सम्झनु पर्छ । यस प्रकार धर्माधर्मको निर्णयमा सुगम वा सरल मार्ग केवल आध्यात्मिकोन्नतिको दृष्टि नै छ, अन्य उपाय वा मार्ग यस्तो छैन। यसर्थ महायोगी गुरू गोरखनाथको मार्ग नै एकमात्र मुक्ति मोक्षको बाटो हो।

यदि धेरै विचार गऱ्यो भने अन्य रीतिबाट धर्म शब्दको अन्य व्याख्या पनि हुनसक्छ। त्यो यो हो कि धर्म शब्द धेरै ठाउँमा स्वभाव वा गुणको अर्थमा प्रयोग गरिएको छ । जस्तो आँखाको धर्म देख्नु, कानको धर्म सुन्नु इत्यादि। यस प्रकार प्रत्येक इन्द्रियको स्वभाव वा गुण उसको धर्म कहलाउँछ । यस भन्दा अगाडि बढेर प्रत्येक प्राणीको प्रकृति पनि उसको धर्म कहलाउँछ। अर्थात धर्मको अर्थ केवल धारण गर्ने, ग्रहण गर्नु, नीति, प्रजाको रक्षा इत्यादिको नियम, आत्मकल्याणको नियम, तथा अनुभवी पुरुषहरूबाट बाँधिएको मर्यादा मात्र होइन किन्तु पूर्व जन्म कृत प्रारब्ध कर्मबाट बनेकी प्रकृति अर्थात् स्वभाव वा गुण पनि हो । यसैलाई लिएर गीताको तृतीय अध्यायमा भगवान् कृष्ण अर्जुनलाई भन्नु हुञ्छ कि --

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।। ३५।।

अर्थात् मनुष्यको आफ्नो धर्म मनको धर्म भन्दा विलक्षण, मनको धर्म बुद्धिको धर्मभन्दा भिन्न र इन्द्रियको यी सब धर्मभन्दा विलक्षण धर्म छ। मनुष्यको निजधर्म, वास्तवमा अकर्ता, अमोक्तापन र साक्षित्व हो, मनको धर्म संकल्प विकल्प गर्नु हो, बुद्धिको धर्म सत् असत्को विवेचना गर्न हो। धर्म देख्नु, सुन्नु, सुंघ्नु, चाख्नु, छुनु, चुस्नु, पक्रनु, बोल्नु इत्यादि र यी विषयहरूमा राग-दोष गर्ने हो। यस प्रकार यौटाको धर्म अर्कोको धर्मभन्दा परस्पर विलक्षण वा भिन्न छ। यद्यपि यी इन्द्रिय आदिको आफ्नो-आफ्नो धर्म प्राणीको अन्तकाल सम्म पनि नाश हुँदैनन्। किन्तु ज्ञानवान पनि र मन आफ्नो आफ्नो धर्म अनुसार गरिरहञ्छन्। तथापि अज्ञानको कारण यिनीहरू आफ्ना आफ्ना धर्मलाई खराब र दोस्राको धर्मलाई सरल सम्झन लाग्छन्। जसबाट आफ्नो धर्म छोडेर दोस्राको अनुसार चल्नामा यत्न गर्न लाग्छन्, जसको परिणाम अत्यन्त हानिकारक र दुःखदायी हुञ्छ ! विशेषतः तन, मन र बुद्धि अज्ञानको कारण आफ्नो धर्म भुलेर इन्द्रियका धर्म (स्वभाव) ग्रहणगरि पछि लाग्छन् अनि उनीहरू जिन्दगी (जीवन) लाई अत्यन्तै निकृष्ट, दुःखपूर्ण र नरकगामी गरिदिञ्छन्। जस्तो कि अर्जुनका मन-बुद्धिको दशा थियो। किनकि अर्जुनले धर्म अधर्मको विवेकबाट (अथवा आफ्नो क्षात्रिय स्वभाव अनुसार) ता धर्मयुद्ध गर्न संकल्प गरेका थिए। विचार दृष्टिले यस धर्मयुद्धलाई आफ्नो मुख्य कर्तव्य वा निजधर्म पनि सम्झेका थिए। परन्तु जब उनी रणभूमिमा पुगेर आफ्ना सम्बन्धी वा गुरूहरूतर्फ उनको दृष्टिपऱ्यो अनि म आँखा यो राग-द्वेष उत्पन्न गर्न लाग्यो कि "आफ्ना सम्बन्धीहरूलाई मारेर रगतले लिप्त भोग भोग्नुपर्छ। यी पूजनीय गुरू र वृद्धहरूलाई मार्नु भन्दा भीख मागेर खानु अत्यन्त श्रेष्ठ छ, इत्यादि।" कान शङ्खका कर्णकटु वा भयङ्कर ध्वनिबाट भयभीत हुन गए। हातले पनि धोका दिए अर्थात् गाण्डीव हातबाट फुस्कन लाग्यो। मन यी बाह्य इन्द्रियहरूका राग-द्वेषरूपी धर्मको अनुचर हुनाले यत्तिको शोकमा डुब्नगयो कि चारौंतिर घुम्न लाग्यो, आफ्नो युद्धसंकल्पलाई भुल्न गयो, यस कारण अर्जुनलाई वेशर्म भएर स्पष्ट बोल्नु पऱ्यो कि **"म युद्ध गर्दिन"**। बुद्धिको विचार शक्ति दगुऱ्यो जसबाट धर्म युद्धभित्र आफ्ना सम्बन्धीहरूलाई मारनामा उनलाई कल्याण देखाइ

दिएन। यसरी इन्द्रियको अधीन र आफ्नो धर्मबाट विमुख या स्वधर्मलाई भुलेका अर्जुनलाई आफ्नो निज धर्ममा स्थिर गराउनाका लागि तथा अर्जुनको मन बुद्धि सब प्रकारबाट सावधान गराउनाका निमित भगवान्ले गीताको उपदेश गर्नुभयो। पहिले कैयौंपल्ट यसो भनि सकेपछि पनि यसभन्दा पूर्व श्लोकमा भगवान्ले यो पुनः स्पष्ट गर्नुभएको छ कि:- "इन्द्रियहरूको आफ्ना आफ्ना विषयमा राग-द्वेष नित्य रहञ्छ (किनकि यो उनको अटल स्वभाव वा धर्म हो)" यस राग-द्वेषको वशमा मनुष्य कदापि आउनु हुँदैन, किनभने यी दुई उसको उन्नति-मार्गमा विघ्न बाधा पार्ने अर्थात् लुटेरा हुन् ।" अब भगवान् यही निजधर्मानुसार चल्नाको नियम यसरी उपदेश गर्नु हुञ्छ कि- हे अर्जुन ? इन्द्रियहरूको राग-द्वेषादि धर्म (स्वभाव) चाहे जत्तिकै सरल र सुगमताका साथ अनुचरण गरिन योग्य किन नहोस् तथापि मन बुद्धिलाई वा स्वयं तिमीले आफ्नो धर्म (स्वभाव वा कर्तव्य) छोडेर यी इन्द्रियका धर्मको वशीभूत या अनुचर कहिल्यै पनि हुन हुँदैन, किनकि आफ्नो निकृष्ट र गुणरहित धर्म दोस्राको उत्तम र सुनिष्ठित धर्म भन्दा पनि श्रेष्ठ छ। के अबको रङ्ग महल देखेर आफ्नो बनीसकेको परालको छाप्रो तोडनु योग्य छ ? आफ्नी स्त्री यद्यपि कुरूप होस् तथापि जस्तो उसलाई भोग्नु असल छ उस्तै स्वधर्म चाहे जत्तिकै कठिन होस्, चाहे आचारणका लागि दुर्घटनै होस् तथापि अन्तमा उही लाभकारी हुञ्छ । फेरि **यो कुरा स्पष्ट छ कि जबसम्म नामरूप संसार विद्यमान छ, तबसम्म (असल-खराब, उत्तम-मध्यम इत्यादि) सापेक्षक धर्म अवश्य देखिइ रहञ्छन्** किनकि यौटै पदार्थ वा धर्म यौटाको अपेक्षाबाट उत्तम हुञ्छ फेरि उही अर्काको अपेक्षाबाट निकृष्ट, खराब वा मध्यम हुनजाञ्छ। यदि मनुष्य यस्तो गरिरहोस् कि आज ऊ आफ्नो निश्चित कर्तव्य आफ्नो प्रकृति वा वर्ण अनुकूल स्वभाव (धर्म) लाई कुनै दोस्रोको अपेक्षाबाट खराब सम्झेर छोडिदेओस्, फेरि कुनै दोस्रोको कर्तव्य वा प्रकृति वा वर्णानुकूल धर्मलाई असल सम्झेर उसलाई आफ्नो बनाउन लागोस् । भोली फेरि त्यो दोस्राको धर्म वा कर्तव्यलाई पनि कुनै फेरि अर्कै धर्म वा कर्तव्यको अपेक्षा खराब सम्झेर त्यो पहिलोलाई राम्ररि छोडिदेओस् र यो नवीन (दोस्रो) लाई ग्रहण गर्न लागोस् यस **रीतिबाट न ऊ यौटा धर्म वा कर्तव्यको पालन गर्नसक्नेछ, न आफ्नो कुनै धर्ममा दृढ रहनेछ, फेरि न आफ्नो प्रकृति सिद्ध धर्मलाई कहिल्यै नितान्त नाश नै गर्नसक्ने छ, किन्तु यी नवीन (धर्म) ता पूर्ण रीतिबाट आफ्ना हुने होइनन, फेरि आफ्नो**

निज धर्म छोड्नाले त्यो धर्म संपूर्ण रूपबाट नष्ट हुने होइन (अर्थात् पूर्ण छोडन सकिन्न) किन्तु बारम्बार भड्काएर या विवश गरेर त्यस धर्मले उसलाई आफूतिर खिच्ने छ, जसबाट उसको चित्त डावाडोल र दु:खि रहने छ, "न हाँसको चाल न कौवाको चाल" । यस कारण मनुष्यलाई अवश्य उचित छ कि उसले आफ्नो निश्चित कर्तव्य वा निज धर्मनै ग्रहण गरोस्, फेरि ऊ कुनै दोस्रो धर्ममा कदापि फस्न नपाओस् । आफ्ना धर्मको अनुष्ठान या पालन गर्दा गर्दै मरियोस् ता पनि उसलाई अत्युत्तम संभोस् (किनकि स्वधर्म निष्ठ पुरुषको मृत्यु यस लोकमा कीर्ति र परलोकमा स्वर्गादि प्राप्ति गराउँदछ, पर धर्ममा मृत्यु यस लोकमा अपकीर्ति परलोकमा नरकादि प्राप्ती गराउँदछ ।) परन्तु आफ्नो धर्म वा कर्तव्य छोडेर अर्काको धर्म वा कर्तव्यमा प्रवृत्ति सर्वदा हानिकारक र भयमा पार्ने हुञ्छ । (धर्म शब्दको अर्थ यहाँ ईसाई धर्म, इस्लाम धर्म अथवा हिन्दूधर्म इत्यादि होइन, न केवल वर्णाश्रम धर्म हो । यद्यपि बहुत भाष्यकारले धर्मको अर्थ यहाँ केवल अर्जुनको वर्णाश्रम धर्मनै लिएको छ, तथापि पूर्वापर सम्बन्धबाट केवल यत्तिकै अर्थ निक्लदैन । धर्म शब्द धृधातुबाट बनेको मानिञ्छ जस्को अर्थ धारण गर्नु वा ग्रहण गर्नु हो, यसैले मनको धारण, संकल्प, कर्तव्यलाई बहुधा धर्म कहिञ्छ । किन्तु यहाँ स्वधर्मबाट तात्पर्य पूर्वजन्म कृत प्रारब्ध कर्मबाट बनेको स्वभाव हो । अर्थात उस स्वभावलाई उल्लंघन गरेर जो रहञ्छ, ऊ ठिक गर्दैन । यसैले धर्मको अर्थ यहाँ न केवल वर्णाश्रम धर्म हो, किन्तु मन तथा इन्द्रियहरूको स्वभाव र निज कर्तव्य पनि हो ।)

यस प्रकार प्रारब्ध कर्मबाट बनेको आफ्नो आफ्नो प्रकृति अनुसार चल्नु धर्म र उसको बिरुद्ध चल्नु अधर्म कहलाउँछ । जस्तो प्रत्येक इन्द्रियको आफ्नो स्वभाव अनुसार चल्नु धर्म र स्वभाव-विरुद्ध चल्नु अधर्म कहलाउँछ उस्तै प्राणीको पनि आफ्नो प्रकृति अनुसार चल्नु धर्म र उसको विरुद्ध चल्नु अधर्म कहलाउँछ । फेरि जस्तो मनुष्यको आफ्नो आफ्नो प्रकृति अनुसार चल्नु धर्म र उसको विरुद्ध चल्नु अधर्म नाम पाउँछ, उस्तै नै मनुष्यको देहभित्र जो उसका प्रकृतिको मालिक उसको आफ्नो आफू (देही) छ, त्यो आफ्नो आफू (अर्थात् आत्मा) को पनि आफ्नो वास्तविक गुण वा स्वभाव (अकर्ता, अभोक्ता, साक्षी) अनुसार चल्नु धर्म र उसको बिरुद्ध चल्नु अधर्म कहलाउँछ । जब मनुष्यको आफ्नो आफू आफ्नो (अकर्ता, अभोक्ता र साक्षी) स्वभावको परवाह नगरि

इन्द्रिय वा मनको स्वभावमा आसक्त भएर उनको स्वभावलाई आफ्नो स्वभाव मानेर त्यस अनुसार विचरण गर्छ भने यसको नाम अधर्म हुन्छ, ऊ इन्द्रिय वा मनको स्वभावबाट निरासक्त भई केवल आफ्नो (अकर्ता, अभोक्ता, साक्षी) स्वभावमा नै विचरण गर्छ भने ता यसको नाम धर्म हुन्छ । यसै आशयलाई लिएर भगवान् गीताको तेस्रो अध्यायमा अर्जुनलाई यस्तो उपदेश दिनुहुन्छ कि "इन्द्रियको इन्द्रियका अर्थ (विषय) मा राग द्वेष रहन्छ (यो इन्द्रियको स्वभावै हो) पुरुषलाई चाहिन्छ कि ऊ आफ्नो आफूलाई यो रागद्वेष रूपी स्वभावको वशमा आउन नदेओस् किनकि यी दुई (रागद्वेष) मनुष्यका उन्नतिको मार्गमा लुटेरा (डाकू वा विघ्न पार्ने) हुन ।" फेरि धर्मको यही आशयलाई लिएर यसै श्लोकबाट भगवान् धर्म विषयमा अर्जुनलाई यसो भन्नु हुन्छः- "पराईको असल अनुष्ठान गरिएको धर्मभन्दा आफ्नो गुणरहित धर्मपनि श्रेष्ठ छ । निःसन्देह आफ्नो धर्ममा मृत्यु पनि श्रेष्ठ हुन्छ, परन्तु पराईधर्म भयकारक हुन्छ ।" (गीता ३३४-३५) । सनातनदेखि चलिआएको वैदिक धर्म नै आफ्नो धर्म हो ।

यस प्रकार इन्द्रियका स्वभावको वशमा न हुनु किन्तु हुन सक्छ भने इन्द्रियका स्वभावलाई नियममा ल्याएर आफ्नो वशमा राख्नु (अर्थात् मर्यादा बाध्नु) यो आशय पनि धर्म शब्दबाट स्पष्ट निक्लन्छ । फेरि महाभारत (शां. प. २९४ २९) मा पनि यसैलाई यस्तो स्पष्ट दर्शाएको छः-

आहार निद्रा भयमेथुनंच सामान्यमैतत्पशुभिर्नराणाम् ।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः ।।

अर्थात् आहार, निद्रा, भय, मैथुन यी सब पशुहरू र मनुष्यहरूका लागि यौटै समान स्वाभाविक छन् । मनुष्यहरूमा पशुहरूको भन्दा कुनै अधिक विशेष वस्तु छ भन्ने धर्म अर्थात् उक्त स्वाभाविक वृत्तिहरूलाई मर्यादित गर्ने छ । जुन मनुष्यमा (यी आहारादि स्वाभाविक वृत्तिलाई मर्यादा वा नियममा बाँध्नु रूप) धर्म छैन, यस्तो धर्म हीन मनुष्य ता पशु समान हो । यस प्रकार धर्मलाई चाहे धृ धातुबाट मान, चाहे आचार प्रभाव भन, चाहे चोदना लक्षण भन, चाहे धर्मको व्याख्या व्यवहारिक नीति बन्ध लेउ, चाहे अनुभवी पुरुषबाट बाँधिएको मर्यादा लेउ, चाहे निज प्रकृति वा इन्द्रियको स्वभावलाई नियममा लानु लेउ, तथापि जब धर्म-अधर्मको कुनै संशय उत्पन्न हुन्छ तब उक्त व्याख्याहरूको नै उपयोगले पूरा काम दिँदैन । अनि निर्णयका लागि हामीलाई अवश्य आध्यात्मिक उन्नतिको

उद्देश्यको व्याख्या नै ठीक काम दिन्छ । यसैले साररूपबाट धर्मको व्याख्या यही हो कि "जुन काम वा उपायबाट आध्यात्मिक उन्नति वास्तवमा हुन्छ, उही धर्म, उही कर्तव्य र उही पुण्यरूप हो । जसबाट आत्महानि वा अधोगति हुन्छ, उही अधर्म, उही अकर्तव्य र उही पापरूप हो ।

यद्यपि धर्म वास्तवमा त्यो कर्म वा विधिलाई भन्छन् कि जसबाट कर्ताको अध्यात्मिक उन्नति हुन जान्छ, अधर्म उसलाई भन्छन् जसबाट कि अवनति हुनेछ तथापि सर्वसाधारणका लागि प्रत्येक समय "फलानु कर्मबाट उन्नति हुनेछ, फलानु कर्मबाट अवनति यो जान्नु नितान्त कठिन छ, किनकि यो पहिचान विनास्थित बुद्धि र निरासक्त चित्तले ठीक हुन सक्तैन अस्थिर बुद्धि र आसक्त चित्त अथवा चञ्चल स्वभाववाला पुरुष ता धर्मलाई अधर्म र अधर्मलाई धर्म अर्थात् उल्टो नै बहुधा देख्न लाग्छ, जस्तो कि अर्जुनको अवस्था थियो । यसैले दोस्रो अध्यायमा आत्मा तथा निज धर्मको तत्त्व दर्शाएर फेरि त्यस तत्त्व अनुसार पालना गर्नाको गर्ने उपदेश दिदै भगवान् ५२ श्लोकदेखि अर्जुनलाई यस्तो स्पष्ट भन्नु हुन्छ कि:-

जबसम्म तिम्रो बुद्धि मोह (अज्ञान वा आसक्ति) को दलदललाई पार गर्दैन, तबसम्म सुनीं सुनाई कुराबाट तिम्रो चित्त उपगम हुन सक्ने छैन, अर्थात् मनलाई लोभ्याउने सुन्न योग्य तथा सुनिएका कुराबाट जहाँसम्म तिम्रो चित्त निरासक्त हुन सक्दैन, फेरि जबसम्म बुद्धि स्थिर र चित्त निरासक्त वा निर्मोह हुन जादैन तबसम्म धर्मको पहिचान हुनु तिम्रा निमित्त असम्भव छ, यसैले यी नाना प्रकारका सुनिएका कुराबाट घकडाएको जो तिम्रो बुद्धि छ, त्यो जब उक्त कुराबाट निरासक्त हुँदै निश्चल (स्थित) भएर ध्यानमा अचल स्थिर (अर्थात् पूर्ण युक्त) होला तब तिमी धर्मतत्त्वलाई पहिचानेर त्यो अनुसार कर्म वा विधिमा युक्त हुन लाग्नेछौ, यसभन्दा अगाडि होइन" । यस प्रकार धर्मतत्त्वलाई जान्ने, पहिचान्ने तथा त्यस अनुसार आचरण गर्ने मुख्य उपाय भगवान्‌ले स्थित बुद्धि र निरासक्त चित्त नै दर्शाउनु भएको छ । जो पुरुष आत्मतत्त्व तथा धर्मतत्त्वलाई पूर्ण रूपबाट जान्न चाहन्छ उसले सर्वप्रथम स्थिर बुद्धि र निरासक्त चित्त प्राप्त हुने प्रयत्न गर्नुपर्छ । स्थित बुद्धि र निरासक्त चित्त नभई धर्म तत्त्व अथवा आत्मतत्त्वको पहिचान हुनु असम्भव छ ।

॥ ॐ॥

तत्सत्

ॐ

धर्मशिक्षाको आवश्यक्ता

धर्मशिक्षा कस्तो हुनुपर्छ ? भन्ने यो विचार उठाउनु भन्दा पहिले यौटा कुरामा दृष्टिपात गर्न आवश्यक छ कि शिक्षा किन लिनु परेको हो ? जस्तो आज हाम्रो विचार यो छ कि "शिक्षाको आवश्यक्ता धनोपार्जनका निम्ति हो।" हामीले यही मूलमन्त्र मानीराखेका छौं। जुन शिक्षाबाट पैसा अधिक मिल्ने देखिन्छ उतैतिर हामी झर्दछौं। वस्तुतः यदि यही कुरो सत्य सम्झिएको भए- साँच्ची नै शिक्षा धन कमाउने मशीनमात्र भए तथा भोगविलासका निम्ति आवश्यक सामग्रीका रूपमा धन सङ्गठन गर्नलाई दासीरूप शिक्षा खरिदनु नै यदि यथार्थ भएता म ठूलो जोर सित स्पष्ट भन्नेछु कि संसारमा शिक्षा यत्तिको महत्त्व वस्तु कदापि मानिने थिएन ? जत्तिको सभ्य संसारमा यस्को आदर छ उस्को शतांश पनि यसलाई आदर पाउने अधिकार हुने थिएन। जुनदिन देखि धनका निमित्त शिक्षा गौण मानिन लाग्यो उसैदिन देखि यो देश अधोगतितर्फ लागेको छ।

"शिक्षाको प्रयोजन के हो ?" यो प्रश्न पनि शिक्षाबाटै हल हुनेछ। जस्तो नाटक नदेखी त्यस्को आनन्द जान्न सकिदैन, जस्तो चिनी नखाई चिनीको स्वाद थाह हुँदैन उस्तै शिक्षित नभई शिक्षाको आनन्द र प्रयोजन पनि जान्न सकिन्न। आज पनि देशमा अशिक्षित छन् जो केवल कागज बाँची लिनु नै शिक्षाको मुख्य लक्ष्य मान्छन्। शहरमा पनि कैयौं यस्ता मानिस छन् जो खाली तारसम्म बाँच्न सक्नेलाई अङ्ग्रेजीको परम विद्वान् मान्दछन् यसभन्दा माथी यिनको दृष्टिनै जादैन। उच्चो दृष्टि पनि शिक्षाद्वारा नै बन्दछ। के इञ्जीनियर बन्ने मानिस शिक्षित हुनुभन्दा पहिले सम्झन सक्छ किं मैले फलानु-फलानु नदीको पुल बनाउनु छ- यस्ता यस्ता नयाँ तरिका निकाल्नु छ ? यस्तै शिक्षित भई डाक्टर बन्नुभन्दा अगाडि के कुनै मानिसलाई यो सम्झनामा आउन सक्छ कि मैले यस्ता-यस्ता कठिन रोगको नयाँ चिकित्सा-प्रणाली निकाल्नु छ ? के जगदीश

चन्द्र वसु शिक्षाको पहिले यो सम्झन सक्थे कि म वृक्ष चैतन्यको आविष्कारबाट जगतलाई चकित गर्ने छु ? के लोकमान्य तिलको बुद्धिमा शिक्षा भन्दा अगाडि यो कुरा आउन सक्थ्यो कि म भरतलाई स्वराज्य प्राप्तिको मार्गमा चढाउने छु ? होइन ! कदापि होइन ? शिक्षाको प्रयोजन पनि शिक्षानै बताउँछ । यदि अगाडि नै शिक्षाको प्रयोजन सोचियो भने दृष्टि छोटै प्रयोजन तर्फ जानेछ, परन्तु शिक्षाले कहीं अधिक प्रयोजन सम्पादन गर्न सक्छ । यसैकारण यस आर्यावर्तमा शिक्षाको प्रयोजन पहिले खोजी गर्न रोक लगाएको थियो । **(स्वाध्यायोऽध्येतव्यः वेदशास्त्र पढ)** यो विधि वाक्यमा यस आज्ञामा विश्वास राखेर सबैले बिना प्रयोजन लाग्नुपऱ्यो । वेद-वेदाङ्ग पढ्नु निष्कारण धर्म मानिएको थियो, यस्को प्रयोजन खोज्नु पाप सम्झिन्थ्यो । त्यसैले यो देश शिक्षितको शिरोमणि र विश्वको गुरू थियो । यहाँ यस्तो शिक्षा-प्रसार थियो कि जो आज लाखौं आवश्यक शिक्षाको प्रस्ताव पास गराएर पनि हुन सक्तैन ।

अवश्यै आज शिक्षाको स्तर वैयक्तिक स्वार्थको 'कूपमण्डकता' भन्दा केही उँचो उठाइएको छ ? समाजोन्नति, देशोन्नति, मनुष्योन्नति आदिका तत्त्वलाई उसमा समावेश गरिएको छ, तर फेरि पनि भन्नै पर्छ कि आर्यावर्तीय-सँस्कृतिको अपेक्षा यस बखत यो स्तर धेरै खस्केको छ । आर्यावर्तीय सँस्कृतिको डिग्डिम घोष यो छ कि **"या लोकद्वयसाधनी हितकरी सा चातुरी चातुरी"** अर्थात् जसबाट लोक-परलोक दुवै सिद्ध हुञ्छ, जसबाट खाली प्रिय प्राप्ति मात्र होइन वास्तविक हित हुञ्छ त्यो चतुरमा मुख्य चतुराई हो । आध्यात्मिकवाद वा परलोकवाद आर्यावर्तीय-सँस्कृतिको मुख्य प्राण हो, यसतर्फ आजका संसारको दृष्टिनै छैन । चारैतिर घुमेर पनि आज संसारको चिरलक्ष्य खाली उदरपूर्ती मात्र देखिञ्छ जो आर्य जातिका दृष्टिकोणबाट तुच्छ वस्तु हो । आर्यवर्त त्यसलाई शिक्षाको लक्ष्य मानेर कहिल्यै सन्तुष्ट हुन सक्तैन ।

यदि शिक्षाको कुनै मुख्य प्रयोजन छ भने त्यो हो **मनुष्यत्वको लाभ** । यस्तो-उस्तो आफ्ना आफ्ना कामको शिक्षा ता पशुलाई पनि दिइञ्छ, जस्तो घोडा, हात्ती, गोरु आदिलाई हिँड्न सिकाइञ्छ, कुकुरलाई लालटेन आदि वस्तु उठाउन सिकाइञ्छ इत्यादि । यसैगरी पेट भर्नु मात्रका लागि शिक्षाको प्रयोजन हो भने पशुमा र हामीमा कुनै भिन्नता देखिँदैन । मानिसको सबभन्दा ठूला

हौं भन्ने दावी व्यर्थ हुनजान्छ । पेटका निम्ति धन कमाउने सुविधा ता नाम मात्रको शिक्षा पाएका कुनै कला-कौशल जान्ने कर्मीलाई र कनेशि चपाई खाली दुकानदारी या दलाली गर्नेहरूलाई पनि पढे लेखेका मानिसको अपेक्षा केही अधिक छ । यिनीहरू अनायासले धन कमाउँछन्, यिनैमा धेरैजसो धनी पनि देखिन्छन् । यत्तिकै प्रयोजनका लागि शिक्षा हो भने यसका निम्ति कलेजहरूमा बिसौं वर्ष टक्कर खानु यौटा ठूलो भ्रमको कुरा छ । शिक्षाको यत्तिकै प्रयोजन होइन यो शिक्षाको यौटा गौण प्रयोजन मात्र हो । शिक्षाको कैयौ प्रकार छ, तिनमा कला शिक्षाको प्रयोजन धन कमाउनु हुनसक्छ । त्यो पनि पर्याप्त होइन । कला शिक्षाका पनि देशोन्नति, नवीन आविष्कार, यश, प्राप्ति आदि यसभन्दा ठूला ठूला प्रयोजन हुन सक्छन, विद्या शिक्षाको प्रयोजन अर्थोपार्जनमात्र मान्नु त्यस शिक्षाको बेइज्जती गर्नु हो- आफूलाई यौटा भारी भूलमा धकेल्नु हो । विद्याशिक्षा मनुष्यतोका लाभको निम्ति नै हो । पशुको अपेक्षा मानिसमा जो विशेषता छ त्यो यस शिक्षाद्वारा नै सिद्ध हुन्छ । विद्या सिकेपछि मानिस जान्न सक्छ कि **ईश्वरको सृष्टिमा किन सबैभन्दा उत्तम छु ?** मनुष्यत्वको रक्षाका निम्ति मेरो के कर्तव्य छ ? कसरी म कुटुम्ब सम्बन्धी देशसम्बन्धी तथा ईश्वरसम्बन्धी नियमबाट बद्ध छु ? कसरी यिनको उन्नतिका साथ मेरो उन्नतिको सूत्र बाँधिएको छ ? कसरी म सब प्रकारको उन्नति गर्नसक्छु ? इत्यादि । यत्तिकै किन ? मानिसलाई सबभन्दा पहिले यो पनि जान्न आवश्यक छ कि म हुँ को ? आकाश-पाताल मिलाउन सिके तर आफूलाई चिन्न सकिन यसभन्दा ठूलो हाँस्यको कुरा के होला ? आफ्नो स्वरूप ज्ञानलाई नै आर्यावर्तमा अध्यात्मविद्या कहिन्छ, यसलाई प्राप्त गर्ने नै मनुष्य जीवनको सफलता मानिन्छ । शिक्षाले मनुष्यको मस्तिष्क र विचार शक्तिलाई उन्नत गर्छ, अनि ऊ सबै कुरा सोच्नमा समर्थ हुन्छ । मनुष्यका स्वाभाविक ज्ञान पिपासा शिक्षाबाट नै शान्त हुन्छ । यसबाट उसले आफ्नो र अर्काको, जगतको उत्पत्तिको, आफ्ना, स्वरूपको र ईश्वर सम्मको ज्ञान प्राप्त गर्न सक्छ । वस्तुतः शिक्षाको प्रयोजन वर्णनातीत छ, शिक्षाका प्रयोजनको सीमा, निश्चित गर्नु उसमा कलङ्क लगाउनु हो ।

अब सज्जनवर्ग विचार गरुन् पूर्वोक्त शिक्षाको प्रयोजन हेर्दा मानिस मात्रका निम्ति धर्म शिक्षाको कत्तिको आवश्यक्ता छ । धर्म र कर्तव्य यौटै वस्तु

हुन । धर्म शिक्षा नै कर्तव्य शिक्षा हो । जनशिक्षाबाट कर्तव्यको ज्ञान भएन भने त्यसलाइ शिक्षा भन्न बुद्धिमानहरू कहिल्यै तयार हुन सक्तैनन् । फोनोग्राफ सरह कुनै भाषाका खाली रहेका केही किताब आफ्ना चेलाको सामने पाठ गर्नु पनि कुनै शिक्षा हो ? कर्तव्य मार्गको परिष्कार नै शिक्षा हो । अतः हाम्रा पुर्खाले धर्मशिक्षालाई सबभन्दा पहिलो स्थान दिएका थिए । आठ वर्षको बालक उपनीत भएर पहिले धर्म शिक्षाद्वारा कर्तव्य-ज्ञान प्राप्त गर्‍यो पछि अरु कुरा सिक्थ्यो । **यो धर्म शिक्षा छोड्नाले नै आज यो देशले कस्तो दुर्गति भोगीरहेको छ ।** जुन आर्यावर्तीय प्रजाहरूका बारेमा यहाँका ठूला ठूला राजाहरू ठूलो गौरवको साथ भन्थे । कि:- **"नमेस्तेनो जनपदे न कदोन मद्यपः नानाहिताग्निर्ना ऽविद्वान् नस्वैरीस्वैरिणी कुतः" (द्वा ५-११)** अर्थात् मेरा राज्यमा चोर छैन, कृपण छैन, रक्सीबाज छैन, अग्निहोत्र नगर्ने कोही छैन, मूर्ख छैन, न कुनै व्यभिचारी छ, व्यभिचारीणीको ता कुरै कहाँबाट ? आज उही आर्यावर्तमा भ्रष्ट्याचारको कमी छैन । चोरबाजी र घूसखोरी दबाउन शासकवर्गले पसिनाकाडी रहेछ तर यिनको वृद्धि प्रतिदिन बढ्दै जाँदो छ । शान्ति टाढा टाढा भागिरहेको छ । मद्य आदि दुर्व्यसनको प्रचार सर्वत्र व्याप्त छ । शिक्षित नामधारीहरू पनि नाना उपायद्वारा आफ्नै भाइहरूलाई ठग्नु, झूठ बोल्नु, मद्य पिउनुलाई आफ्नो कर्तव्य सम्झिरहेका छन् । आज यो देश दुराचारबाट व्याप्त भइरहेको छ । कहलाउनेहरूको पनि भित्री अवस्था देखेर कुनै विचारशील पुरुष नरोई रहन सक्तैन । पहिले सभ्य संसारबाट अनुमोदित यो सिनेमा रोगलाई नै लिऊ - यसबाट आज कत्तिको नैतिक पतन समाज नवयुवकहरूको भईरहेछ । हाम्रा शासकवर्ग सारा व्यसन रोक्ने कुरा गर्दछन् तर यो माहाव्यसनलाई प्रोत्साहित गरिरहेका छन् । यो कसरी रोकिन्थ्यो ? यिनको दृष्टिकोणमा सभ्यताको अङ्ग नै ठहर्‍यो ! सत्य सम्झनु होस्, यी सबै कुरा धर्मशिक्षामाथि ध्यान नदिनुबाट नै भइरहेको छ । सारै अपशोचको कुरा छ यति हुँदा पनि हाम्रा र देशका नेताहरूका बुद्धिमा अझसम्म धर्म शिक्षाको आवश्यक्ता झल्केको छैन झल्कदैन । के यिनै उन्नतिका लक्षण हुन् ?

अगाडि पाश्चात्य शिक्षाशिक्षित माहानुभावहरूको यो उद्घोष थियो कि "सांप्रदायिक धर्मको आवश्यक्ता छैन, सत्य, अहिँसा, दया, परोपकार आदि नैतिक धर्मको प्रचार आवश्यक छ" किन्तु अब हामी सत्यको शपथ दिलाएर

ती सज्जनसित सोध्छौं कि उनीहरू आफ्नो आफ्नो हात छातीमा राखेर स्पष्ट भनुन्, आज उनीहरूको आफ्नो नैतिक धर्म संसारका कुन कुनामा छिपेका छन् ? आज कृषक चाहञ्छ 'खाली म जीवित रहुँ' व्यापारीको इच्छा छ 'मेरै पेट भरियोस-सबै भोकै मरुन् ।' यही स्थिति सबै वर्गको भइरहेको छ । आजको संसार सुख शान्तिमा छ, यो क्रोही भन्न सक्छ ? याद राख्नुहोस् यो सबै धर्मका उपेक्षाको नै फल स्वरूप हो । धर्म ज्ञान र धर्म प्रसार बिना भ्रष्टाचार बन्द हुन सक्तैन, चाहे जतिसुकै सरकारले कानून बनाओस् ।

आर्यावर्तको सँस्कृति बताउँछ कि नैतिक धर्मको रक्षाका कारण ३ छन्: १. परलोक भय, २. समाजभय, ३ राजभय, परलोक आजको संसार मान्दैन तर त्यो छ । समाजको शक्ति टुट्न गयो बाँकी बचाउन पनि असाम्प्रदायिकता आन्दोलनबाट अरू छिन्न भिन्न भइरहेको छ । राज भएदेखि चतुरो पुरुष आफ्नो चलाकीबाट बच्नाको पूर्ण आशा राख्छ- अधिकांश बच्छन् पनि । अनि नैतिक धर्म रहञ्छ कुन शक्तिमा ? धर्म शिक्षाले नै मनुष्य कर्तव्य सुलझाएर उसलाई स्थिर राख्न सक्छ, उसले संझाउन सक्छ कि "मनुष्यका कानूनबाट चालाकीद्वारा बच्न जाउला मानिसका आँखामा धुलो झोक्न सकौला तर ईश्वरलाई अन्धो कसरी बनाउन सकौला ? ईश्वरीय कानूनबाट कसरी बचौला ? इत्यादि । अनि मात्र भ्रष्टाचारको अन्त हुन जानेछ अन्य कुनै प्रकारबाट होइन । कानून बनाउ तर कानूनमा परिचारक मानिस होलान्, ती पनि आफ्नो दुर्बलताको शिकार बन्दै जानेछन्, अनि जगतलाई को बचाउला ! यही परिस्थिति जगत्मा करीब करीब पाइसकेको छ । धर्म नै यस आपत्तिबाट बचाउनेवाला हो, यसैकारण शास्त्रले यसलाई **"क्षत्रस्य क्षत्रम्"** शासकको पनि शासक भनेको छ । आज उनलाई उखेल्दिनु नै ठूलो पुरुषार्थ सम्झिइरहेको छ । खेद ?? ।

आजकल हाम्रो देशमा उच्च शिक्षितहरू र उनको देखा देखि अर्धशिक्षित या धेरैजसो अशिक्षित पनि विनातर्क-वितर्क कुनै कुरा मान्न तयार हुँदैनन् । उनीहरू धर्मका विषयमा भञ्छन् कि यसो किन गर्ने ? इत्यादि । हाम्रो सनातन धर्म पनि कल्यै तर्कदेखि डर्दैन, तर्कको सीमा हमेशा परीक्षालिन तयार छ । मनु भञ्छन्- **"ऋषिपोक्त धर्मोप, देशलाई जो वेदशास्त्र-अविरोधी तर्फबाट विचार गर्छ, उसैले धर्म जाञ्दछ, अरूले होइन"** यहाँ वेदशास्त्रको अविरोधी भन्नाको

यही तात्पर्य हो कि वेदशास्त्रका सारा कुरा प्रबल तर्कले लिप्त छन् । यदि हाम्रो सम्झनामा अनुकूल नआएर प्रतिकूलत आयो भने हामी वेदलाई अप्रमाण नै सम्झौ - फेरि अनुकूलतर्फ विचार गर्ने उद्योग गरौ । धर्ममा प्रयोग सर्वथा निन्दनीय छैन, तर संझनुपर्छ कि यो आज्ञा धर्म व्यवस्थापकका निम्ति हो । धर्म व्यवस्थापक जो धर्म विद्यामा पारङ्गत छ उसले तर्कपूर्वक धर्मको तत्त्व संझोस् विचार गरोस् । एक एक अंशलाई तौलोस् तर धर्मानुष्ठान गर्ने वालाहरू सबै यसो गर्न सक्तैनन । धर्मानुष्ठान सबलाई गर्नुछ तर सबैसित यत्तिको बुद्धि छैन कि धर्मको ठीक तत्त्व सम्झन सकुन् । शास्त्रको (व्यवस्थापकको) आज्ञा शिरोधार्य गरी जस्तो बताइन्छ उही गर्नुपर्छ । कानून बनाउने सभामा कानूनका उपर बहस हुञ्छ । सारा प्रमाण सोचिञ्छन् तर जस्का निमित्त कानून छ ती सर्वसाधारणलाई कानूनमाथि हो-होइन किनकि अधिकार छैन । अतः मनुले पनि धर्म व्यवस्था प्रकरणमा नै तर्कको आज्ञा दिए धर्मानुष्ठान-प्रकरणमा तर्कलाई सर्वथा निषेध गरिदिएका छन् ।

यो पनि स्मरण रहोस् कि धर्मको सम्बन्ध आत्मासित छ । अतः अध्यात्मविद्या रहित कुनै पुरुषलाई (चाहे ऊ अन्य विद्याको कल्पको कतिकै विद्वान होस्) धर्ममा तर्क गर्ने कोही अधिकार छैन । किनकि कानूनका विषयमा वकील नै तर्क गर्न सक्छ । त्यस्तै चिकित्साका विषयमा डाक्टर नै, जसले जुन विषयको शिक्षा नै पाएको छैन । उसले त्यस बिषयमा तर्क कसरी गर्नसक्ला ? शिक्षाद्वारा परिस्कृत बुद्धिले नै सच्चा मार्ग देखाउन सक्छ सबैको बुद्धि सारा कुरामा प्रमाणित मानियो भने कत्तिको अनर्थ विश्वमा फैलिन जाला । तर आजकल याहाँ कुरै अर्को छ । धर्मको प्रयोग गर्न सबै चाहञ्छन्, तर प्रयोग गर्न सामग्री भने, कसैसित छैन । जसले धर्मसम्बन्धी कुनै शिक्षा लिएकै छैन् । तथा धर्मतत्त्व जान्न कुनै उपाय गरेको छैन तब उसको बुद्धिले कहाँसम्म यस विषयमा सतर्क खोजी गर्नसक्छ । यसको परिणाम यही नै होला कि "पन्थ वही जाकहँ जो भावा" तुलसी दासजीको यस उक्ति अनुसार जसलाई जे मनलाग्छ उसले उस्तै मनोमानी बाटामा आफूलाई दौडाई रहला । याद रहोस् आर्य जातिको धर्म मामुली साँसारिक धर्म होइन जो खाली अड्कल गीताबाट सम्भिन सकियोस् । यो आध्यात्मिक दर्शन र विज्ञानको तत्त्वले पूर्ण तथा भरिएको जगत्का आदि

सभ्य जातिको धर्म हो । जहाँसम्म तपाईहरू आफ्नो धर्म शिक्षा तर्फ झुक्नु हुने छैन, बिना सोचविचार आफ्नो धर्मरूपी अमूल्य रत्न चुराउँदै जानुहोला वहाँसम्म संसारमा आफ्नो अस्तित्व सर्वथा समाप्त हुनेछ । अतः धर्म शिक्षाको प्रचारमा हामीले क्षणभर बिलम्ब गर्नु हुँदैन । आफ्नो जनतन्त्र सरकारलाई पनि आफ्नो वैध आन्दोलनद्वारा बाध्य गर्नुपर्छ कि उसले धर्म शिक्षाको प्रसार शीघ्राति-शीघ्र गरोस् जसबाट भ्रष्याचार हटी देशमा सुख-शान्ति सदा रहिरहन सकोस् । ॐ तत्सत ।।

---o---

ॐ

समाज र व्यक्तिसित धर्मको सम्बन्ध

समाज र व्यक्तिसित धर्मको सम्बन्ध थाह हुनुभन्दा पहिले यो जान्नु आवश्यक छ कि समाज किन छ र कसरी समाजको प्रयोजन समाजको रचनाबाट स्पष्ट हुञ्छ । समाजको रचना प्रकारबाट नै थाह हुनेछ कि समाज व्यक्तिको निमित्त वा व्यक्ति समाजको निमित्त छ अथवा ती दुवै यौटा चाहिँ अर्काको निमित्त छन् । यदि कुनैबेला समाजको प्रधानता हुञ्छ भने अरू कुन बेला व्यक्तिको पनि प्रधानता हुञ्छ । यसरी समाज र व्यक्तिको पारस्परिक सम्बन्ध जानेपछि सामाजिक र वैयक्तिक धर्मको निश्चय हुन जानेछ । यी धार्मिक सिद्धान्त ती सिद्धान्त हुनेछन् जस्को आधारमा समाज र व्यक्तिको परस्पर निर्वाह हुनसक्ला । समाज र व्यक्तिको परस्पर निर्वाह गर्ने धार्मिक सिद्धान्तहरूको देश-काल र सामर्थ्य अनुसार हुने परिवर्तन पनि स्वाभाविक धर्म अनुसार हुनेछ । यस प्रकार स्वाभाविक धर्मकासाथ समाज र व्यक्तिको सम्बन्ध बताउनाका लागि पहिले समाजको उन्नति र उस्को आवश्यक्ता विचार गरिञ्छ ।

समाज व्यक्तिहरू मिल्नाले बनेको छ । व्यक्तिहरू आवश्यक्ता पूरा गर्नाका निम्ति अर्थात् यौटाले अर्कोसित सहायता लिनाका लागि तथा दोस्राको आवश्यक्ता पूरा गराउनाका निमित्त आपसमा सङ्गठित हुञ्छन् । कुनै व्यक्ति पनि एक्लै आफ्नो शारीरिक या मानसिक आवश्यक्तालाई स्वयं आफैले मात्र पूरा गर्न सक्तैन- उसलाई अर्काको सहायताको आवश्यक्ता रहञ्छ । जस्तो यौटा मानिसलाई भोजनको आवश्यक्ता छ, यदि ऊ बिंना कुनै व्यक्तिका मद्दतले स्वयं आफ्ना निम्ति भोजन प्राप्त गरिलिञ्छु भनी चाहञ्छ भने उस्ले यस्तो कदापि गर्न सक्तैन । भोजनका निम्ति उसलाई अन्न तथा भाडा आदि नभै हुँदैन । अन्न जमीन साफ गरी हलो चलाई, खनी जोती केही बिऊ रोपी ज्यादा पैदा गर्नुपर्छ । मानिलिऊँ कि अलिकति बीज उसले जङ्गलबाट पाउँदछ, तर ती बीज

उसलाई सदाका निम्ति पुग्ने हुँदैन कुनै समय जङ्गलमा ती मिल्दैन पनि । त्यो अवस्थामा आफ्नो पेट भर्नाका लागि ऊ खेत बनाई अन्न रोपेर धेरै अनाज जम्मा गर्छ । परन्तु खेत साफ गर्नाका निम्ति र हलो चलाउनाका लागि उसलाई उचित सामानहरूको आवश्यक्ता हुञ्छ- जस्तो काठ काट्नाको निति बञ्चरो जसबाट काठको हलो बनाउन सकियोस् । बञ्चरो भाडा-वर्तन हलोका लागि फलाम र अन्य धातुको आवश्यक्ता पर्दछ । धातुहरू प्रारम्भिक अवस्थामा कुनै खानीबाट निस्कञ्छन्, यिनलाई वहाँबाट ल्याएर खारी, गलाई, ढालि आफ्नो लागि उपयोगि समान तयार गर्नुपर्छ । यस प्रकारका धेरै सामान र कामहरूको गन्ती गरी सोध्छन् भने यौटा मानिस कत्तिकै ज्यादा बुद्धिमान र परिश्रमी किन नहोस् । उसले एक्लै आफ्ना निम्ति सबै कुरा गर्छु भञ्छ भने एक गेडा अन्नसम्म पनि तयार गर्न सक्तैन । यौटा मानिसमा सब काम गर्ने सामर्थ्य र बुद्धि पनि हुँदैन । यसैले एक मनुष्यको जीवन निर्वाह हुनाका लागि जति सामानको आवश्यक्ता हुञ्छ तथा ती सामान उत्पन्न गर्नाका निमित्त जति उद्योग धन्दाहरू आवश्यक्ता हुञ्छन् उनमा कुनै यौटा उद्योग (काम) आफ्नो सामर्थ्य अनुसार मानिसले ग्रहण गर्दछ । भिन्न-भिन्न पेशा वालाहरू भिन्न भिन्न प्रकारका चीज तयार गर्दछन् । यी चीजहरू यौटा अर्कोको साथ सट्टा पट्टा हुन जाञ्छन् अथवा यी चीजलाई कसैबाट आफूमा बदल्नाका निमित्त कोही सिक्का (रूपैयाँ पैसा) निश्चित गरिञ्छ । यस प्रकार व्यक्तिले आफ्ना सारा आवश्यक्ता पूरा गर्नाका निम्ति अर्को व्यक्ति सित मिल्छ अथवा आफ्नो आवश्यक्ता पूरा गर्नेहरूको स्थिति बनाइ राख्नाका लागि दोस्रोको आवश्यक्ताहरू मध्ये कमसेकम कुनै यौटा आवश्यक्ता पूरा गरिदिनाका निम्ति दोस्रोको सहायक भएर समाज निर्माण गर्छ । भिन्न-भिन्न पेशा गर्न तत्पर भएका व्यक्तिहरूको सङ्गठनबाट समाज बञ्छ । व्यक्तिहरूको सङ्गठन उनको आफ्ना ती आवश्यक्ता पूर्तिमा अवलम्बित् छ, जसले गर्दा उसलाई दोस्रोसँग आश्रित हुनुपर्दछ ।

भिन्न-भिन्न प्रकारका चीज वस्तु सङ्ग्रह गर्न तत्पर भएको मानिस यो कुरो जान्दछ कि अर्कोले आवश्यक परि खोजेको चीज आफूसित छैन भने ग्राहकहरू मौकामा चीज दिन नसक्ने पानीको भरोसा छोडेर जसले समयमा चीज दिनसक्छ उसैको भरोसा गर्दछन् । यसैले प्रत्येक व्यवसायीले आफूसित

ती वस्तुको सङ्ग्रह गरिराख्नु पर्दछ कि ग्राहकले सर्वदा उस्को पसल आफ्नो लागि आवश्यक्ता सामानले भरीभराउ देखोस्, किनकि यसो गर्नाले नै त्यो व्यापारीले आफ्ना ग्राहकलाई चीज वस्तु बेचेर ती चीजहरू प्राप्त गर्न सक्छ जुन चीज अरू व्यापारीलाई दिएर उसले आफ्ना निम्ति आवश्यक सामान खरिद गरी आफ्नो आवश्यक्ता पूरा गर्न सकोस् । उद्योग व्यापारीले आफ्नो बेचीने माल-सामानलाई पूरा गर्नका निम्ति चाहिने चीज तयार गर्नेहरूलाई रूपैयाँ पैसा आदि दिएर प्रोत्साहन गरी बेचीने चीजको सङ्ग्रह गर्दछ जहाँसम्म ती वस्तु बेच बिखन सम्भव हुञ्छ-तिनको माग हुञ्छ

यस्तो प्रायः हुँदैन कि जो निर्माता (तयार गर्नेवाला) छ उही विक्रेता (बेच्नेवाला) होस् । भिन्न-भिन्न प्रकारका वस्तुहरू भिन्न-भिन्न ठाउँमा बञ्दछन् जहाँ ती वस्तु बन्नाका लागि सामग्री सुगमता पूर्वक पाउन सकिञ्छ । जहाँ जहाँ जुन जुन चीजहरू बञ्दछन् वहाँ वहाँ नै टाढा टाढाबाट कैयौ प्रकारका चीज खरिद गर्नेहरू आएर ती चीज खरीद गर्न सक्छन् । अतः भिन्न-भिन्न ठाउँमा बनेका सारा वस्तु कुनै यौटा ठाउँमा जम्मा हुन जाञ्छन् । स्थिर विक्रेताहरू (जस्तो काम माल विक्रेता गर्ने मात्र छ) आफ्नो स्थिर घर (पसल-दोकान) बनाएर वहाँ रहन लाग्छन् तथा अर्काका निम्ति पनि घर बनाई ती घरको आयस्ताबाट आफ्नो अरू सम्पत्ति बढाउँछन् । धेरै मानिस अनेकौ कामबाट सम्पत्ति बढाएर उसबाट जग्गा जमीन किनी जमीनमा भिन्न-भिन्न आवश्यक चीजबीज तयार गरी त्यस ठाउँमा ल्याएर बेच्छन् । यसैगरि जमीनका मालिक जमिन्दारहरू आफ्नो स्थिर घर बनाएर तिनी विक्रयस्थान (बजार) मा रहन लाग्छन् । अनेक यस्ता वस्तु जस्को निर्माण पनि तिनै ठाउमा सहजैसित हुनसक्छ, जहाँ बिक्री हुञ्छ उही व्यवसायीहरू साना-ठूला कल-कारखाना खडा गरी ती निर्माण गर्न लाग्दछन र फेरि उहीं आफ्नो घर पनि बनाएर रहन लाग्छन् । यी विक्रय स्थान (शहर) मा सबै किसीमका ग्राहकलाई आवश्यक परेका वस्तु प्रायः ताजा पाइन सक्छन् । फेरि शिक्षा सम्बन्धी कार्य-पाठशाला, स्कूल, कलेज आदि पनि शहरैमा या उसको आसपासमा बनाइञ्छन् ।

निर्माता (चीज बनाउनेवाला) मानिसहरू प्रायः शहर बाहिर रहञ्छन्, यो स्थानलाई गाऊँ भनिञ्छ । विक्रेता (चीज बेच्नेवाला) मानिसहरू प्रायः

शहरैमा बस्छन् । ग्रामीणहरू कच्चा माल तयार गरी शहरमा विक्रेताका हात बेचेर जाञ्छन् । विक्रेताहरू त्यसबाट पक्का माल तयार गरी ग्राहकका हातमा बेच्छन् । यसरी ग्राम र नगरको निर्माण तथा उनको परस्पर सम्बन्ध हुञ्छ । भिन्न-भिन्न भूमिमा भिन्न-भिन्न प्रकारका बीज पैदा गर्ने शक्ति हुञ्छ अत: सबै गाउँमा कच्चा माल एकै थरी हुँदैन । भिन्न-भिन्न कच्चा मालका भेदबाट शहरका प्राप्य वस्तुमा पनि भेद हुन जाञ्छ । कुनै चीज़ एक ठाउँमा पाइञ्छ-कुनै दोस्रो ठाउँमा । जो वस्तु पाइदैन, त्यो वस्तु अरु शहरबाट ल्याइञ्छ । चीज वस्तु अरू ठाउँमा लानु ल्याउनुका लागि अनेक सवारीका साधन तयार गरिञ्छन् । यौटा शहरको सम्बन्ध अर्को शहरका साथ हुनजाञ्छ । धेरै गाउँ शहर मिलेर यौटा प्रान्त र धेरै प्रान्त मिलेर यौटा देश बञ्दछ । जस्तो आपसमा शहरको सम्बन्ध हुञ्छ उस्तै देशको सम्बन्ध पनि देशसित आपसमा हुञ्छ ।

मनुष्यत्व भावबाट मात्र सबै मनुष्य यौटा वृत्तिका हुँदैनन् । कुनै क्रियाशील छन् ता कुनै सुस्त छन्, त्यस्तै कुनै अत्यन्त सुस्त छन्- न धेरै क्रियाशील छन् । यस प्रकार प्राय: एकै जसो आवश्यक्ता राखेर पनि मानिस आफ्नो वृत्ति अनुसार एकै किसीमको परिश्रम गर्न सक्तैन । यौटै व्यवस्था गर्ने व्यक्तिहरूको लाभ पनि उनको परिश्रम अनुसार या परिश्रमबाट पैदा हुने वस्तुको तारतम्य अनुसार भिन्ना-भिन्नै हुञ्छ । यदि मानिसलाई आफ्नो आवश्यक्ता पूर्ति गर्नाका निम्ति पर्याप्त धन मिलेन भने उसले अनुचित उपाय पनि ग्रहण गर्छ, यसैबाट संसारमा असत्यता, बेइमानी, जबरजस्ती, खून खराबी, चोरी डाँकाहरू चल्दछन् । समाजमा अव्यवस्था फैलाउने यी खराबीको मूलकारण मनुष्य प्रकृतिमा जातको त्यो तामसिक परिणाम हो जसले उद्यमशीलतालाई नष्ट गरेर आलस्य, प्रमाद र जुम्सेपन आदि भाव पैदा गर्दछ । यस अतिरिक्त अव्यवस्था उत्पन्न गर्ने प्रकृतिको रजोगुणको परिणाम पनि हो जसबाट मनुष्य-प्रकृतिमा कामवासना, तृष्णा, लोलुपता र क्रोधको प्रादुर्भाव हुञ्छ ।

समाजको राम्रो व्यवस्था बनाइराख्नाको निम्ति यो आवश्यक छ कि सात्त्विक मार्ग र धर्ममार्गको प्रचार गरिनुपर्छ । त्यस्तै यी खराब वृत्तिहरूको विरोध पनि गरिनु-गराइनुपर्छ । वृत्तिको विरोध सूक्ष्म रूपमा सरलतासँग र स्थूल रूपमा कठोरताका साथ हुञ्छ । वृत्तिको सूक्ष्मता र स्थूलताका अनुसार उसको

विरोधका निम्ति साधन पनि प्रयोगमा एकै जसो ल्याइन्न किन्तु पृथक्-पृथक् साधन नै काममा ल्याइञ्छ। समाजमा क्षत्रियको काम रक्षागर्न र सामाजिक कार्यको सफलताको मार्गमा उत्पन्न भएका बिघ्न स्वरूप वृत्तिलाई हटाउनु हो। उपदेश, सदाचार, शिक्षा, विद्यालयमा विद्या दान आदि पनि सामाजिक कार्यका विघ्न स्वरूप वृत्तिको विरोधका उपाय हुन्। यी उपायले वृत्तिलाई सूक्ष्म अवस्थामा रोक्छन्। एवं दण्ड प्रदान, कारावास, कठोर शारीरिक परिश्रम देश निष्कासन फाँसि आदि उपायहरू वृत्तिलाई स्थूल अवस्थामा रोक्नका निम्ति हुन्। अतः सामाजिक कार्यको विघ्नलाई हटाउनाका निम्ति दुई प्रकारका नियमको आवश्यक्ता छ पहिलो सक्षाम अवस्थामा वृत्तिहरूलाई रोक्नसक्ने र दोस्रो स्थूल अवस्थामा वृत्तिलाई रोक्नसक्ने। सूक्ष्म अवस्थामा वृत्तिलाई रोक्ने व्यक्तिको नाम ब्राह्मण र स्थूल अवस्थामा वृत्तिहरूलाई रोक्ने व्यक्तिको नाम क्षत्रिय रहेको छ।

यसप्रकार व्यक्तिहरूबाट समाजको सङ्गठन हुञ्छ। व्यवस्थापक ब्राह्मण हुञ्छन्, रक्षाक क्षत्रिय हुञ्छन्, व्यवसायी र व्यापारी वैश्य हुञ्छन, यिनैका सहायक श्रमजीवी शूद्र कहलाउँछन्। यदि यसप्रकारका व्यक्ति सङ्गठित भएन भने व्यक्तिहरूको आफ्नो स्वार्थ पुरा हुन सक्तैन। व्यक्तिको वैयक्तिक स्वार्थ पूरा हुनाका लागि नै संमाजको सङ्गठन भएको छ। एक एक अङ्ग प्रत्यङ्ग यथोचित मिलाएर यो मनुष्य देह बनेको छ, उसैगरी समाज र व्यक्तिको पनि सम्बन्ध छ। व्यक्ति आफ्नो स्वतन्त्र सत्ता राखीकन पनि दोस्रोको अपेक्षा राख्छ, कारण ऊ सामाजिक दृष्टिबाट दोस्रोको अधीन छ। सामाजिक सङ्गठनको रक्षाका निम्ति कुनै सामाजिक नियम हुनु आवश्यक छ। यसैगरि सामाजिक सङ्गठनमा यथास्थान आफ्नो भाग ग्रहण गर्नका निमित्त व्यक्तिहरू माथि कुनै वैयक्तिक नियम हुनु पनि आवश्यक छ। जुन नियमको आधारमा व्यक्तिले आफ्नो स्थिति समाजमा राख्छ त्यो नियम वैयक्तिक धर्म र जुन नियमको आधारमा सामाजिक सङ्गठनको स्थिति छ। त्यो नियम सामाजिक धर्म हो। यसरी व्यक्ति र समाजको धर्मसित सम्बन्ध छ। जस्तो शरीरमा हृदय (मुटू), कलेजो, फोक्सो, मस्तिष्क, आमशय, फीयो, आन्द्रा, मिर्गौला आदि कैयौं अङ्ग छन्, यिनले शरीरमा आफ्नो आफ्नो स्वतन्त्र काम गर्छन, तर आफ्नो कार्य गर्नाको निम्ति दोस्रोको अपेक्षा

पनि राख्छन् । आमाशय र आन्द्राले भोजनको रस बनाएर उसलाई नसाद्वारा कलेजामा सिञ्चित गर्दै हृदयमा पठाइदिन्छ । फोक्सोले त्यसलाई हृदयबाट लिएर रक्त बनाउँछ तथा कैयौं विष र कर्बनिकाम्ल गैसलाई बाहिर फेकिदिन्छ। शरीरका अरू अङ्गहरू रक्तबाट आफ्नो आफ्नो पोषक द्रव्य लिएर आफूलाई पुष्ट गर्छन् अनि ती आफ्नो काम गर्नामा समर्थ हुन्छन् । फीयोले रक्तकण बनाउँछ, मिर्गौलाले रक्तवाद विषलाई पृथक् गर्छ, मस्तिष्कले सारा अङ्गलाई शक्ति प्रदान गर्छ । यदि यी अङ्गमा यौटा कुनै अङ्गले आफ्नो कार्यमा शिथिलता या तेजीपन गरिदियो भने अन्य अङ्गहरूको काम पनि यथोचित चल्न सक्तैन, शरीर शिथिल हुनजान्छ । यसैगरी व्यक्तिहरूको शिथिलता या तीव्रतावाद समाज पनि शिथिल या तीव्र हुनजान्छ । यसप्रकार वैयक्तिक धर्मको प्रभाव समाजका माथि पर्दछ । किन भने मानिस आफ्नो जीवनोपयोगी सारा सामग्रीका निम्ति दोस्रोको अपेक्षा राख्छ । अतः उसलाई आफ्नो जीवन त्यहाँसम्म स्वतन्त्र अधिकार छ जहाँसम्म ऊ आफ्ना निमित्त दोस्रोको अपेक्षा राख्दैन । मनुष्यको वैयक्तिक जीवनमा समाजको पूरा अधिकार छ; अतः कुनै मनुष्य आत्महत्याका निम्ति प्रयत्न गर्दा पापी ठहर्छ । यसैगरि अर्कोको हत्या गर्नाका लागि गरिएको प्रयत्न पनि पाप हुन्छ । जुन कर्मले मानिसको वैयक्तिक, शारीरिक, मानसिक र नैतिक अवस्थालाई क्षीण गरेर समाजलाई निर्बल बनाउँछ त्यो कर्म पाप हो। कौलाचार विधि बाहेक यसैगरी मद्य, मांस आदिको सेवन पनि पाप हो किनकि यसबाट शरीर र मनक्षीण हुन्छ, प्रकाश र स्फूर्ति नाश भई शरीर मन-बुद्धि निस्तेज, निर्वीय, निष्क्रिय पराक्रम शून्य जड हुनजान्छन् र यिनले प्रत्येक मानिसलाई व्यक्तिरूपमा दोस्रोका निमित्त अनुपयुक्त गराउँदै सारा समाजलाई निर्बल गरीदिन्छन् । क्रोध गर्नु पाप हो, अक्रोध पुण्या हो । किनकि रिसाउनाले मानिसको पाचक रस विषाक्त हुनजान्छ र शरीरमा विष सञ्चार भई मानिस क्षीण हुनजान्छ । यसैगरी शोक र भयले पनि शरीरका अनेक उत्तम उपयोगी द्रवलाई विषयुक्त गराउँछ- मनलाई निर्बल गराउँछ । यसप्रकार व्यक्तिहरूको शरीर र मन समाजमा आफ्नो उचित कार्यमा भाग लिन अयोग्य हुनजान्छन्, अनि समाजको अद्यःपतन हुन्छ । यी वैयक्तिक धर्मका पालनले जहाँ समाजमा वैयक्तिक जीवनलाई उन्नत र आयुलाई दीर्घ गर्दछ वहाँ उसले सामाजिक जीवनलाई पनि पुष्ट गर्छ । वैयक्तिक धर्मको पालनबाट सामाजिक जीवनको

उन्नति र सामाजिक जीवनको उन्नतिबाट अधिकाधिक वैयक्तिक धर्मको पालन र जीवनको उन्नति हुञ्छ । जस्तो वैयक्तिक धर्मको पालन व्यक्ति र समाज दुवैको दृष्टिबाट आवश्यक छ उस्तै सामाजिक धर्मको पालन पनि समाज र व्यक्ति दुवैको दृष्टिबाट आवश्यक छ ।

आदि कालदेखि समाजको सङ्गठन कर्मका आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रबाट बनेको छ । अब मानिसलाई आफ्नो जीवन निर्वाहको समस्याले ढाक्छ, अनि उसले समाजमा गर्नुपर्ने आफ्नो नियम कर्तव्यलाई छाडेर जीवनोपयोगी सामग्री जम्मा गर्नाका लागि आफ्नो सारा शक्ति लगाईदिञ्छ, तब उसले वर्णको आफ्नो नियत कर्तव्य छोडिदिनाले समाज सङ्गठन टुट्न जाञ्छ । समाजको यौटा ठूलो भाग जो वैश्यबाट बनेको छ उसको काम यही हो कि उसले देशमा व्यवसाय र व्यपारका कार्यको उन्नति गरेर जीवनोपयोगी सामग्रीलाई सङ्ग्रह गरी दिनु । यो सङ्ग्रह त्यो वैश्यको वैयक्तिक उपभोगका निम्ति मात्र हुनुहुँदैन परन्तु अन्य तीन वर्णमा पनि बाँडिनुपर्छ । फेरि केही अंश सार्वजनिक कार्यका निम्ति राजकोषमा पनि जानुपर्छ । शिक्षा विभाग, सिँचाइ विभाग, सामाजिक स्वाथ्य रक्षा विभाग, सेना, सडक आदि सार्वजनिक कार्य हुन् । त्यो अंश राजकोषमा लिनाका निमित्त प्रजाले बनाइएको यौटा प्रतिनिधि (राज़ा) राष्ट्रपतिले प्रजाको संमतिबाट आयकर विधानलाई प्रयोग गर्दछ । शिक्षाद्वारा मानिसमा देशहित, जातिहित र धर्महितको भाव बालक अवस्था देखिनै हाल्नुपर्छ कि यसरी नै उनमा दानवृत्तिलाई स्थिर स्वाभाविक रूपमा विकसित गर्न सकिञ्छ । जुन देशका मानिसमा दान तृन्ति छैन वहाँ वर्ण धर्म टुट्न जानाले समाज सङ्गठन रहन सक्तैन । जसो गरि सामाजिक जीवनको उन्नतिका निम्नि कर्म अनुसार वर्ण विभाग र धर्मको पालन आवश्यक छ उसै गरि वैयक्तिक जीवनको उन्नतिका लागि आश्रम विभाग र आश्रम धर्मको पालन पनि आवश्यक छ । यस प्रकार वर्णाश्रम धर्मको पालनबाट व्यक्ति र समाज दुवै परस्पर सहायक हुञ्छन्, तथा व्यक्ति र समाजको धर्मका साथ जो सम्बन्ध छ उसलाई स्पष्ट गर्छन् ।

सामाजिक र वैयक्तिक धर्मको सम्बन्ध उपयोगितावादको दृष्टिबाट देखाइएको छ । यसलाई एक शब्दमा सदाचार भन्न सकिञ्छ । सदाचारधर्म

धर्मको स्त्रोत सम्म पुग्नाका लागि साधन मात्र हो । मानिस सदाचार धर्मको पालनबाट चित्तका राजस-तामस जन्य परिणामलाई वशमा गर्दछ । मानिसलाई जब अधिकाधिक शुद्ध र सात्विक परिणामको व्यवस्थामा रहने आदत बढेर जान्छ तब ऊ अधिकाधिक धर्मका स्रोतको नगिचै पुग्छ । यस प्रकार धर्मको स्रोतसम्म पुगेर निरतिशय आनन्द लाभ गर्नाका निम्ति मानिसले सदाचार पूर्वक धर्मको पुण्यरूप संचय गर्नुपर्छ । यसरी धर्माचरणको महत्त्व उपयोगितावादद्वारा पनि स्पष्ट हुनाको कारण उपयोगीतावादले धर्माचरणको महत्त्वलाई बढाउँछ घटाउँदैन । यदि उपयोगितावाद धर्माचरणको महत्त्वबाट शून्य हुन गयो भने त्यो निःसार र हानिकारक प्रतीत हुन जानेछ । यही उपयोगितावाद धार्मिक ज्योतिको प्रभावले युक्त, भएपछि सारयुक्त, लाभप्रद र महत्त्वपूर्ण प्रतीत हुन लाग्छ ।

परिवर्तनशील संसारमा देश, काल र अव्यवस्थाको भेदबाट मानिसको वैयक्तिक जीवन र सामाजिक जीवनमा स्पष्ट प्रभाव पर्दछ । वैयक्तिक जीवन र सामाजिक जीवन बदली रहनाले यीनका धर्ममा पनि परिवर्तन हुनु आवश्यक छ । यौटै कार्य कुनै विशेष देश, काल र अवस्थामा जीवनको आधार हुनाले धर्म हुनसक्छ । फेरि उही कार्य अन्य देश काल र अवस्थामा जीवनको आधार न हुनसक्नाले अधर्म पनि हुनसक्छ । जस्तो आफ्नो देशको रक्षाका निम्ति अक्रमणकारी शत्रुलाई मार्नु धर्म हो, अर्कोतिर कुनै सामाजिक या वैयक्तिक जीवन रक्षाको निमित्त कुनै मानिसलाई त्यसरी मार्नु अथवा आफ्नो स्वार्थ पूरा गर्नाका लागि अर्कोलाई मार्नु अधर्म हो, पाप हो । जस्तो ध्यूखानु आयुष्यका लागि हितकर हुनाले धर्म हो, तर ज्वराक्रान्त रोगीका निमित्त घृत सेवन अहितकर हुनाले अधर्म हो, पाप हो ।

देश, काल र अवस्थाको परिवर्तन कुनै मानिसका इच्छाको आधार र कुनै ईश्वरीय नियमको अधीन छ । ईश्वरीय नियमको अधीन जो देश, काल र अवस्थाको परिवर्तनचक्र चलीरहेको छ उसबाट पृथक रहनलाई मनुष्य शक्तिको बाहिर छ । सूर्यको चारैतर्फ घुम्नुबाट ऋतुको प्रादुर्भाव भइरहेको छ । सबै ऋतुको आफ्नो आफ्नो स्वभाव पृथक छ । भिन्न-भिन्न ऋतुमा पैदा भएका द्रव्यको स्वभाव पनि भिन्न-भिन्न छ । ऋतुका भेदको साथसाथै देशको भेद पनि द्रव्यका स्वभावमा हुने भेदको कारण छ । यसरी देश कालको भेदबाट भिन्न-भिन्न स्वभाववाला पदार्थ सेवन गर्ने प्राणीहरूका स्वभावमा पनि भेद हुनु

आवश्यक छ। प्राणीहरूका स्वभावमा भेद देश कालद्वारा र पदार्थको उपभोगद्वारा परम्पराबाट पनि हुञ्छ। यसप्रकार भिन्न-भिन्न देशका प्राणीहरूमा स्वभावको भेद उनको गुण र कर्मका भेदको कारण बन्न जाञ्छ। भिन्न-भिन्न गुण, कर्म, स्वभावका प्राणीले कुनै यौटै कार्यलाई यौटै समयमा उस्तै र उत्तिकै गर्न सक्तैनन्। यो कर्मको भेद उनको फलका भेदमा पनि स्वाभाविकै कारण बन्न जाञ्छ। यसरी वैयक्तिक र सामाजिक विषमताका आधारमा ईश्वरीय नियम सँभिन्छ, यो ईश्वरीय नियम टल्न सक्तैन। यस प्रकार ईश्वरीय नियमको आधारमा हुने देश कालंको विषमता (फरक) ले नै व्यक्तिहरूको आफ्नो स्थिति स्वेच्छाले बदलेर सामाजिक विषमतालाई सफलता पूर्वक कमभन्दा कम गरिरहनाको कारण हो। जुन ईश्वरीय नियमको आधारमा देश-कालको विषमता भइरहञ्छ, ती निमयको प्रकाश पनि ज्ञानमयी नित्यचेतन-सत्ताको जड सत्तामा परेको प्रकाश हो, त्यो अतिरिक्त अरु केही होइन। यसरी विचार गर्नाले स्पष्ट हुञ्छ कि पहिले जुन स्वाभाविक धर्मको स्वरूप देखाइयो त्यही धर्मको प्रकाश व्यक्ति र समाजका रहने हुनाले धर्मको व्यक्ति र समाजका साथं स्वाभाविक सम्बन्ध छ।

ॐ तत्सत्

सन्दर्भ सामग्री

योगी गोरखनाथ, सत्यधर्मः पं.दुर्गाप्रसाद भट्टराई, प्रकाशकः डा.अघोरी बाबा रामनाथ, वि.सं. २०११ ।

नाथ और सन्त साहित्यः नागेन्द्रनाथ उपाध्याय, प्रकाशकः काशी हिन्दू विश्वविद्यालय, वाराणसी, ई.सं. १९६५ ।

नाथ सम्प्रदायेर इतिहास, दर्शन ओ साधना प्रणाली; डा.कल्याणी मल्लिक, कलकत्ता विश्वविद्यालय, ई.सं. १९५० ।

राजगुरू योगीवंशः श्री सुरेशचन्द्र नाथ मजुमदार, प्रकाशकः श्री प्रमथनाथ नाथ, रावाघाट नदीया, आग्रहाण्य १९५१, (वंगाब्द) ।

बौद्ध गान ओ दोहाः सं. महामहोपाध्याय पं.हरप्रसाद शास्त्री, वंशीय साहित्य परिषद, कलकत्ता (वंगाब्द) ई १३५८ ।

सिद्धसिद्धान्तपद्धतिः लेखक/अनुवादक सिंहनाथ योगी (डा. कर्णबहादुर थापा) इन्डिगो इन्क प्रकाशक, काठमाडौं, वि.सं. २०७६ ।

हठयोग प्रदीपिकाः स्वात्माराम योगीन्द्र, विरचित, क्षेमराज श्रीकृष्णदास, वम्बइ (वि.सं. २००९) ।

षट्चक्रनिरूपणः तारानाथ विद्यारत्न, ई.सं. १९५१, सेक्रेटरी, आगमानु सन्धान समिति, ७- सञ्चालदावगानलेन, कलकत्ता ।

श्री नाथ शतकम्ः गोरक्षटिल्ला, गोग़ प्रचारिणी सभा, काशी ।

वैष्णव मजाब्जभास्करः रामानन्दाचार्य प्रणीत, प्रकाशकः महन्त श्री कृष्णदास, श्री रामानन्द साहित्य अट्टा, अलवर, राजपूताना, सं. २००२ ।

योग साहस्रीः प्रकाशकः योग प्रचारिणी सभा, गोरक्षटिल्ला, काशी, सं. २००९ ।

योगीजम्ः गोरक्ष विरचित, योग प्रचारिणी सभा, गोरक्षाटिल्ला, काशी ।

योग दर्शनः पतञ्जलिकृतः गीताप्रेस, गोरखपुर ।

महार्थमञ्जरीः गोरक्षटिल्ला वाराणसी, योग प्रचारिणी सभाद्वारा प्रकाशित

पातञ्जल योगदर्शनः गीताप्रेस, गोरखपुर ।

कौलज्ञान निर्णयः डा.प्रबोधचन्द्र बागची, कलकत्ता, १९३४ ।

अमरौधशासनम्ः पं.मुकुन्दरान शास्त्री, काश्मीर सिरीज अफ टेक्स्ट एण्ड स्टडीज नं. १९, २०, २१ वम्बइ १९१८ ।

सात्व तन्त्रम्ः पण्डित अनन्त शास्त्री फडके, चौखम्बा संस्कृत सिरीज, ग्रन्थ ७९, नं. ४२७, १९३४, वनारस ।

गोरखवाणीः सं. डा.पीताम्बरदत्त वड्थ्याल, हिन्दी साहित्य सम्मेलन प्रयाग वि.सं. २००३ ।

तन्त्रलोक, अभिनव गुप्तः प्रथम भाग, सं. मुकुन्दराम शास्त्री, काश्मीर सिरिज अफ टेक्स्ट्स एण्ड स्टडीज, श्रीनगर ई.सं. १९८१ ।

तान्त्रिक बौद्धसाधना और साहित्यः नागेन्द्रनाथ उपाध्याय, नागरी प्रचारिणी सभा, काशी, सन् १९५८ ।

दोहाकोषः सं. डा.प्रवोधचन्द्र बागची, कलकत्ता, सन् १९३८ ।

नाथ पन्थः डा.शान्तिप्रसाद चन्दोला, प्रकाशकः भगवती चन्दोल, नेपाली कोठी करुणापुल, वाराणसी, सन् १९७५ ।

योगी सम्प्रदाय विस्कृतिः चन्द्रनाथ योगी, अहमदावाद, सन् १९२४ ।

योग प्रवाहः डा.पीताम्बरदत्त बड्थ्याल, सं. सम्पूर्णानन्द, प्रकाशकः श्री काशी विद्यापीठ वनारस, ई.सं. २००३ ।

दयारत्नाकर, ज्योतिरश्वर कविशेखराचार्य प्रणीतः एडिटेड बाइ सुनीतिकुमार चटर्जी एन्ड बबुआ मिश्र, पब्लिश बाइ रोयल एशियाटिक सोसाइटी अफ बङ्गाल, कलकत्ता, सं. १९४६ ।

सिद्ध साहित्यः डा.धर्मवीर भारती, किताब महल, इलाहावाद, ई.सं. १९५५ ।

सबंदर्शन सङ्ग्रहः सम्पादक प्रो. उमाशङ्कर शर्मा, चौखम्बा विद्या भवन, वाराणसी, सन् १९६४ ।

शैवमतः डा.यदुवंशी, प्रकाशकः विहार राष्ट्रभाषा परिषद् पटना, १९५५ ।

श्वेताश्वरोषपनिषदः सटीक, सभाष्य, गीताप्रेस, गोरखपुर, ई.सं. २००९ ।

वैष्णविज्म, शैविज्म एण्ड माइनर रेलिजन सिस्टम्सः सर आर.जी. भँण्डारकर स्टेसवर्ग, सन् १९१३ ।

फिलोसोफी अफ हिन्दू साधनाः श्री नलिनीकान्त ब्रह्म ।

Hinduism and Buddhism (A Historical Sketch): Sir Charles, Eliet in Three volumes, vol. III Routledge & Keegan Paul Ltd. London, E.C.S. 1954.

Hindu Mysticism: Dr. S.N. Dasgupta, Chieago: London. The Open Count Publishing Co. 1927.

Introduction to Tantrasastra: Sir John Woodrofe, Ganesh & Co. Ltd. Madras 17, 1952.

Outlines of Hindusim: T.M.P. Mahadevan, Chetan Ltd. Bombay, 1956.

History of Philosophy. Eastern and Western Ed. by S. Radhakrishnan, Vol. II, London, George Allen & Unwin Ltd. Ruskin House, 40 Museum Street, W.C. 1948.

History of Dharmasastra Vol. I. Panduranga Vaman Kane, Bhandarkar Oriental Research Institutem Poona, 1930.

Kabir and His Followers: Rev. F.E. Keay, Association Press, 5 Russcl Street, Calcutta, 1931.

अनुक्रमणिका

अ

अ.

अंगिरस ३९१

अमापन्थी ३२८

अमरनाथ ३२८, ३३१

अनन्तानन्द ३५१, ३६९

अन्तरिक्षानारायण ३२९

अष्यदश सिद्ध २

अक्षयकुमार वनर्जी २१, ३३

अविहोत्र नारायण ३२९

अत्रि ३९१

अधिराजेन्द्र ३६१

अच्युतानन्द ३६१

अकबर बादशाह १८७

आ

आर्यनाथ ३२७, ३२८

आइपन्थ ३२७, ३२८

उ

उदयनाथ ९, ३२९

ऊ

उद्धोधनाथ ३३०

उद्धवआरुवि ४०१

ऋ

ऋद्धनाथ ३३१

ए

एफ.ई.की. १९३

एकमत कुमार ४०१

एकनाथ १८, २०५, ३२९, ३३४

औ

औरङ्गजेव १८१, १८५, १८६, १८७

क

कविर १८१, १९२, १९३, १९४, १९५, १९६, १९८, १९९, २०५, २८५

कल्याणी मल्लिक १२, ५, ५१०

कविनारायण ३२९

कपिल १४०, ३९१

कपिलमुनि ३२७

कपिलानी ३२७, ३२८

कृष्ण १९, २०, ८८, १८१, १९८, २०१, २०५, २२४, २४८, २८३, ३३४, ३४६, ३४७, ३५२, ३५७, ३६१, ३६५, ३६६, ३६७, ३९४, ४०९, ४१२, ४१५, ४२६, ४५१, ४६४, ४६५, ४६७, ४७३, ४७४, ४७५, ४७६, ४८३, ४८८

कृष्णदास पथहरी ३६८

कृष्णपाद ३४४

कण्ठरनाथ ३२७

कुम्भीदास ३२८

कुमारदेवी ३५५

कुमारिल भट्ट ३३७

कूर्मनाथ ३२९

करभाजन नारायण ३२९

कामभज ३२८

कान्हापाव २६७

काषाथ ३२८

कापालिक १६, १८१, ३२७, ३३८, ३३९, ३४०, ३४१, ३४२, ३४३, ३४४, ३६५, ३६८, ३७३

कानिपा १८, ३२६, ३२८, ३२९

कायिक नाथ ३२८

कालामुख ३४१, ३४५, ३५६, ३७३

कीनाराम ३७०

कील्ह ३६९

कुलेश्वर ३२९

कुलशेखर ३४७

कुतबन १९६

केशव ३३८, ३५७

केशरीनाथ ३३०

कंथडनाथ ३७१

ग

गरीवनाथ ३३१

गर्ग ४०१

गजराज मिश्र २००

गणेश ६६, ३१२, ३२७

गङ्गानाथ ३२८, ३३१

गाहिनीनाथ ३२६

गिरिजाप्रसाद कोइराला १८६

गुप्तनाथ ३३०

गैवीनाथ ३३०

गोरखनाथ १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, १२, १६, १७, १८, १९, २०, २१, २२, १, ३, ७, ९, १०, १२, १५, १६, २३, २४, ४८, ५६, ६६, ६७, ७१, ८५, ८७, ९०, १०५, ११६, ११८, १३४, १५८, १५९, १६४, १७०, १८०, १८३, १८४, १८५, १८८, १८९, १९०, १९३, १९४, १९५, १९७, २००, २०२, २०५, २०६, २०७, २१८, २१९, २२३, २२४, २२५, २२६, २२७, २२८, २३०, २३१, २३३, २३४, २३५, २३६, २३७, २३८, २३९, २४०, २४१, २४२, २४७, २४९, २५०, २५१, २५३, २५५, २५७, २६०, २६१, २६६, २६७, २६८, २६९, २७०, २७१, २७२, २७३, २७७, २८०, २८२, २८३, २८४, २८९, २९०, २९१, २९२, २९३, २९४, २९५, ३०३, ३०५, ३०९, ३१०, ३१२, ३२०, ३२६, ३२७, ३२८, ३२९, ३३०, ३३१, ३३४, ३३५, ३३८, ३३९, ३४०, ३४१, ३४२, ३४५, ३४८, ३५०, ३५२, ३५५, ३५६, ३६५, ३६६, ३६७, ३६९, ३७०, ३७१, ३९२, ३९९, ४००, ४२७, ४३६, ४४६, ४५०, ४६७, ४७१, ५१०

गोपीनाथ कविराज ६, ३९, १८३

गोविन्द २२, २०५, ३३४, ३५५, ३५७, ३६१, ४३७, ४५४, ४६२, ४७५

गौतम बुद्ध ४, १

च

चन्द्रशेखर उपाध्याय २००

चर्पटीनाथ १८, ३२६, ३३०

चतुरनाथ ३६९

चण्डकपालीक ३४१

चमसनारायण ३२९

चाँदनाथ ३२७

चोलीनाथ ३२७, ३२८

चामरीनाथ ३३०

चौणकनाथ १५०

चौरङ्गीनाथ ९, ३२७, ३२८, ३३०

ज

ज

जंभनाथ ३७०

जड्भरत २९२, ३२९, ३३०

जालन्धर नाथ ३२७

जालन्धरपाद ३४३, ३४४

जायसी ११६, ३६५

ट

टहलनाथ ३३१

ड

डोम्भीपा ३३०

त

ताओ २

तारानाथ ३६८, ३६९, ५१०

तारकनाथ ३२८

तुलसीदास ११, ४६१

तँतिपा ३३०

द

दरिया साहब ११६, ११८

दरियानाथ ३२८

दयानन्द सरस्वती ३१०, ४२६

दतात्रेय ३२९

दण्डनाथ ९, ३२९

दादु ११, ११६, ११७, १९१, ३५१, ३७०, ४५०, ४६५

दादू दयाल ११६

दादिपा ३३०

दीनदरखेश ३७०

दरिनाथ ३२१

द्रुमिल नारायण ३२९

देवदत्त ३२९, ३३०

देवाचार्य ३५२

ध

धर्मनाथ ३२८

धर्मवीर भारती ६६१, ५११

धजनाथ ३२८

धाजनाथ महाविर ३२७

धारीका १८, ११६

ध्रुव ४७६

धुनिया ११७, ११८

धौंद्यपा ३३०

न

नरपति २१२

नुरमहम्मद ११६

नारद ११, २९२, ३४६, ३४९, ३७४, ३८१, ३८४, ३८६,

३८९, ३९२, ३९३, ३९५, ३९६, ३९७, ३९८, ४००, ४०२, ४१५, ४१६, ४१७, ४२६, ४२७, ४२८, ४३४, ४३५, ४३६, ४३७, ४३९, ४४५, ४४८, ४४९, ४५०, ४५२, ४५६, ४५८, ४५९, ४६०, ४६३, ४६४, ४६५

नामदेव ४३५

नाभादास ३५१, ३५३, ३५४, ३६९, ४३४, ४६३

नागार्जुन ३२९, ३३०

नागेन्द्रनाथ उपाध्याय ४१६

नागनाथ १८, ३२६, ३२८, ३२९, ३३०

निरञ्जन १०, ४३, ५८, ५९, ६०, ६४, १११, १४९, १५०, १५१, १५७, १६०, १६१, २०५, २१९, २२६, २३३, २५४, २५७, २७१, २७८, ३१०, ३१२, ३२५, ३५७, ३७२, ४५५, ४५९, ४६०

निरञ्जननाथ ३२८

निर्वाक ३४९

निपट निरञ्जन ३७२

प

पतञ्जली ७, १२, ३४५

प्रबुद्धनारायण ३२९

प्रज्ज्वल शमशेर ज.ब.रा. ३६८

प्रलस्त्य ३९१

प्रल्हाद ४६०

पावनाथ ३२७

पार्वती ९, २१३, ३२६, ३३०, ३५६

पारिजात ३३०

पाइलटबाबा २००

पायल नाथ ३२८

पागलनाथ ३२७

पीरन शाह २००

पुष्पकमल दाहाल १८५

पलटु ३५९

पुलह ३९१

पृथ्वीनारायण शाह ४, १०, १८०, २००

पृथु शाह १९९

पिप्पलायन नारायण ३२९

पिताम्बर दत्त बड्थ्याल ३३३

फ

फर्कुहर ३३८

फाजिल शाह १९६

फीलनाथ ३२८

ब

बरंजोगी ३२८

बलरामदास ३६१

बलवीर सिंह थापा १८०

बहाइ १८१, २००, ३६०, ४६७ ब्रह्मा ४, ९, १२, ३१, ३३, ३४, ३५, ३७, ५७, ५९, १०५, १४७, १५६, १५७, २०५, २१२, २३०, २४६, २६८, २७२, २७५, २८०, २९५, ३३३, ३५६, ३५७, ३६२, ३९३, ४३७

बाबुराम भट्टराई १८५, ४८०

ब्रिग्स १९, २०५

बिमला ३२७

भ

भर्तृहरि १८३, २३८, ३२६, ३२७

भरर्थरी ६७

भवानन्द ३५१

भवनाथ ३३०

भोग १२, २, ४५, ४७, ७४, ८६, ८७, ८९, ९०, १०१, १२०, १२८, १४६, १५०, १६९, २३३, २४०, २४१, २५१, २५७, २६६, २७५, २८९, २९४, २९६, २९८, ३२४, ३८९, ४०४, ४८०, ४८९

भिष्मपितामह ३२७

भीमसेन ३३०

भीषण ३३०

भोजदेव ३३०

म

मत्स्येन्द्रनाथ ७, ८, ९, १०, १९, २१, १, २, ७१, ८२, ८७, ८८, १४५, १४६, १४७, १६८, १७०, १७१, १७३, १८१, १८९, १९०, १९३, २०२, २२१, २३१, २४०, २४७, २५५, २६१, २७४, २८८, २९४, २९८, ३००, ३०१, ३०५, ३२६, ३२७, ३२८, ३२९, ३३०, ३३१, ३३७, ३३९, ३४०, ३४३, ३४४, ३४५, ३५४, ३६५, ३९२, ३९५, ३९९, ४२७, ४५०, ४५२, ४६६, ४७३, ४७६

मलिकनाथ १८, ३२६

महादेवन ७६

महेन्द्र १९१, २७१

महेश्वर १, २६९, ३३०, ३८५, ३९४

मणिवाचक २

मणिकानाथ ३३०

मानिफनाथ ३२८

मार्कण्डेय २३, २९२

माधवाचार्य ३७६

मीन २१८, २३४, २३७, ३००, ३३०

मूलदेव ३३०
मुक्तावाई ३३०
मोहन वैद्य १८५, ४८०
मोहनविक्रम सिंह १८५
मैनावती ३२८, ३३०
मृगनाथ ३२८

य

युधिष्ठिर ३२७
योगनाथ १९१
योगी नरहरिनाथ ८, ९, २०, २१, २२, १८०, २०५, ३३१, ३९०

र

रञ्जनजी १९६
रत्नराज्य लक्ष्मी राणा ३६८
रणभञ्ज ३६१
रविशङ्कर २००
रतिदेव ३३०
रत्ननाथ २०, १८३, २३४, २५३
रघुनाथ ३७२
राधेराधे ९३
राघवानन्द ३५२, ३५३, ३५९, ३७४, ४०२, ४०७
रामानन्द १९, २०५, ३४९, ३५०, ३५१, ३५२, ३५३, ३५४, ३७३, ३८४, ३८५, ४०७, ४११, ४२६, ४२८, ४३१, ४३२, ४३४, ४३५, ५१०
रामानुज ३३८, ३४७, ३५०, ३५२, ३७४, ३७६, ३८४, ३८५, ३८६, ४०२, ४०४, ४०५, ४२६, ४२८, ४५२
रामपाल २००, ३२७
रामचन्द्र ८२, १०४, ३२७, ३२८, ३६५, ३६९, ३७७, ३८०, ३८२, ३८३, ४१८, ४२५
रामचन्द्र शुक्ल ३६९, ३७७
रावल २०६, २८६, ३२७, ३२८
रूप गोस्वामी १९
रै दास ४३५

ल

लकुलीश ३३८, ३४२, ३७३
लक्ष्मण ३२७
लक्ष्मणनाथ ३२८
लल्ला योगिनी ३६५
लालदेव ३६५
लाल दीदी ३६५
लालनाथ २३१
लुइपाद २

व

वशिष्ठ ३२१
वागीश २
वशन्तपाल ३५५
वेंकट ४०७
विघ्नेश्वर ३३०
विभीषण ४०१
विष्णु ९, ४, १७, ३१, ३७, ४०, ४१, १४७, २०५, २१२, २३०, २६८, २७२, २९१, २९५, ३३३, ३३४, ३३८, ३४०, ३४५, ३४६, ३४७, ३४८, ३४९, ३५६, ३६०, ३६१, ३६२, ३६३, ३६४, ३७५, ३७८, ३८३, ३९०, ३९४, ४०१, ४११, ४८१
विवेकानन्द ३९०, ४२६
विरूपा ३३०
विरूपाक्ष ३३०
विलेशयनाथ १८, ३२६
विहारी दरिया १९९
विशोवा खेचर ३६३

स

सवकरनाथ ३२८
सयानन्द ३३०
सनकासनन्दन ३९१
सन्तोष २४, ५०, ८२, ९७, १०१, १०२, १०४, १११, १२३, २८५, ३३०, ४४४, ४५३, ४५९
सन्तोषनाथ ९, ३२८, ३२९
सन्तनाथ ३२८
सनत्सुजाति ३९१
सनतकुमार २९१, ३९१
समरानन्द ३३०
साईबाबा २२, ८१, ९३, २००, २०१, २४८, ४७४, ४७५
साइमन पाण्डे ३९०
सायरी साहव १९६
सुन्दरदास ४५७, ४६१, ४६३, ४६९
सुन्दरदास छोटे ४६१
स्वामी प्रपन्नाचार्य १८०, ३९०, ४८०
स्वयंभुव ३९१

स्कोन २२, ८१, ८३, ९३, १८१, २००, २०१, २४८, ३५२, ३६०, ३६५, ३६६, ३९०, ४२६, ४५१, ४६५, ४६७, ४७३, ४७४, ४७५, ४७६

सतनाथ ३२८

सेतवेणी ३७०

सत्यामलनाथ ३३०

सत्यनाथ ९, ३२७, ३२९, ३३०, ३३१

सहस्रार्जुन ३२९, ३३०

श

शङ्कराचार्य ७६, ३४०, ३४२, ३७५, ३९९, ४२६, ४४६

शंवरीपा ३३०

शशिभुषण दास गुप्त १९०

शाण्डिल्य ३४९, ३८१, ३८४, ३८५, ३९६, ३९७, ४०१, ४१८, ४२६

श्यामाकान्त द्विवेदी २१३, २२७, ३२६

शुक्र २१, २६, २७, ८९, १२६, १३३, १४२, १४५, १६५, २२२, २४२, २५६, २५८, २६१, २६८, २७२, २७४, २८७, २९०, २९२, २९४, २९५, २९८, २९९, ३२०, ४६०

ह

हरेराम हरेकृष्ण २४८, ४५१, ४७३, ४७४, ४७५, ४७६

हनुमान ३२७, ४०१, ४३३

हजारीप्रसाद द्विवेदी ३५३

हरिदास ३७१, ३७२, ४३५, ४३६, ४५८, ४६१

हरिनारायण ३२९, ३७२, ४५७

हरियानन्द ३५२

हाडिपा २

हालिपा ३३०

हुताशन ३३०

हेठनाथ ३२७

क्ष

क्षिप्रानाथ ३३१

त्र

त्रिभुवन २०, ६५, १४७, १४८, २३६, २८१, २८४, २९२, २९५, ३६८

ज्ञ

ज्ञाननाथ ३२८, ३३०, ३३१

अर्जुन ज्ञवाली

लामो समय पत्रकारितामा आवद्ध अर्जुन ज्ञवाली, राष्ट्रिय-अन्तराष्ट्रिय पत्रपत्रिकाहरूमा राजनीतिक, धर्म-संस्कृति, राष्ट्रियता सम्बन्धमा कलम चलाइरहनुहुन्छ । उहाँले 'वैदिक साम्यवाद-योगीनरहरिनाथ, बाइबल र माओवाद, वर्णविन्यासघातीहरू कानूनको कठघरामा' लगायतका पुस्तकहरूमा सहलेखन गर्नु भएको छ । 'महायोगी गुरु गोरखनाथ अवतरण र नेपाल एकीकरण, नारायणहिटी हत्याकाण्ड सेना र माओवाद', मत्स्येन्द्रनाथः इतिहास, दर्शन र संस्कृति, महायोगी गुरु गोरखनाथ र नेपाल, खप्तड स्वामी पुस्तक प्रकाशित छन् ।

गोरखनाथबारे आचार्य रजनीश यानि ओशोले पुस्तकडाइ ओ योगी डाइ २०१०, पृ. १६ र १७ मा राखेका विचार महत्त्वपूर्ण छन् । उनले भनेका छन् पतञ्जली विना योग सम्भव थिएन, बुद्धविना ध्यान सम्भव थिएन, कृष्णविना स्नेह र प्रेम सम्भव थिएन भने गोरखनाथ विना साधना, आध्यात्मिक अभ्यास सम्भव थिएन । गोरख नै आन्तरिक सूक्ष्म दुनिया देखाउने पहिलो हुन् । पछि विद्वान्हरूले आफूखुशी गोरखनाथका विचारलाई व्याख्या गरेका कारण कतिपय उनका विचार रहस्यमय बन्दै गए ।

ग्रियर्सनले इन्साइक्लोपेडिया अफ् रिलिजन् एण्ड एथिक्समा (पृ. ३२८) "गोरखनाथ" शीर्षकको लेखमा र जर्ज वेस्टन ब्रिग्सले गोरखनाथ एण्ड कनफटा योगीज् (१९३८ पृ. २२८) पुस्तकमा । गोरखनाथ सत्ययुगमा पञ्जाव (पेशावर) मा, त्रेतामा गोरखपुरमा, द्वापरमा हुरभुज (गुजरात) मा र कलियुगमा हिमवत् खण्डमा गरी चारै युगमा प्रकट भएको उल्लेख गरेका छन् । यस आख्यानका आधारमा गोरखनाथ सर्वदेशीय र सर्वकालिक योगीराजका रूपमा देखा पर्छन् । योगी नरहरिनाथका अनुसार गोरखनाथको पछिल्लो अवतरण गोरखा नेपाल हो । पछिल्लो प्रत्यक्ष दर्शन पाउने पृथ्वीनारायण शाह हुन् ।

BROTHER
BOOKS
01-5328625

9 789937 938150

मूल्य रु ७७७।